महालेखापरीक्षकको छपन्नौँ वार्षिक प्रतिवेदन २०७५



महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

महालेखापरीक्षकको
छपन्नौँ वार्षिक प्रतिवेदन
२०७५



महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७५ पेश गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, 'दंगाल'
२०७५।१२।२९

नेपालका महालेखापरीक्षक

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या: २०७५।७६
च.नं. ६८

विषय: **छपन्नौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७५ साल चैत्र २९ गते, शुक्रबार

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २:	**लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति**	५
परिच्छेद ३:	**लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा**	९
	खण्ड - १: संघीय मन्त्रालय तथा निकाय	
	१. संघीय संसद सचिवालय	१३
	२. सर्वोच्च अदालत	१४
	३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१६
	४. महालेखापरीक्षकको कार्यालय	१७
	५. लोक सेवा आयोग	१९
	६. निर्वाचन आयोग	२०
	७. राष्ट्रिय मावन अधिकार आयोग	२७
	८. महान्यायाधिवक्ताको कार्यालय	२८
	९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२९
	१०. अर्थ मन्त्रालय	५२
	११. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१३४
	१२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	१४७
	१३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	१७१
	१४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१७२
	१५. खानेपानी मन्त्रालय	१९२
	१६. गृह मन्त्रालय	२०७
	१७. परराष्ट्र मन्त्रालय	२१५
	१८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	२२३
	१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	२३८
	२०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	२७६
	२१. युवा तथा खेलकुद मन्त्रालय	२८४
	२२. रक्षा मन्त्रालय	२९३
	२३. वन तथा वातावरण मन्त्रालय	३०१
	२४. शहरी विकास मन्त्रालय	३१६
	२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	३२६
	२६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	३५३
	२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	३५८
	२८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	३७६
	२९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	३८८
	३०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४०१
	३१. राष्ट्रिय योजना आयोग	४३५
	खण्ड - २: प्रदेश मन्त्रालय तथा निकाय	४३९
	खण्ड - ३: स्थानीय तह	४५०
परिच्छेद ४:	**लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति**	४७२
परिच्छेद ५:	**भविष्यमा गर्नुपर्ने सुधार**	४७४
अनुसूचीहरु		४९०

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा आर्थिक वर्ष २०७४।७५ र सोभन्दा अघिको पेस भए सम्मको लेखाको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको छपन्नौ वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस गरेको छु । यो प्रतिवेदन मेरो कार्यकालको दोस्रो प्रतिवेदन हो । यस प्रतिवेदनमा संघीय सरकार, प्रदेश तथा स्थानीय तहका सारभूत व्यहोराहरु खण्डगत रुपमा समावेश गरिएको छ । यसैगरी नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ । स्थानीय तह ७५३ मध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम प्रतिवेदन जारी गरिएको छ ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित ऐन, नियम, नीति, योजना, लेखापरीक्षण सम्बन्धी निर्देशिका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) द्वारा प्रतिपादित मानदण्ड तथा असल अभ्यासको समेत अनुसरण गर्दै लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । यस वर्ष लेखापरीक्षणको वार्षिक योजना र समयतालिका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीको उपस्थितिमा मुख्य सचिव र संघीय मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरुसँग प्रवेश बैठक गरी लेखापरीक्षण शुरुवात गरिएको थियो । वार्षिक लेखापरीक्षण योजना अनुरुप जोखिममा आधारित मन्त्रालयगत तथा ईकाइगत लेखापरीक्षण योजना तयार गरी संघ, प्रदेश र स्थानीय तहको तीन चरणमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण गर्न कार्यालयको विद्यमान संगठन संरचना र दरबन्दी व्यवस्थाबाट नपुग भएकोले चार्टर्ड एकाउन्टेन्ट तथा दर्तावाल लेखापरीक्षकलाई लेखापरीक्षण सहायकको रुपमा परिचालन गरी कार्य सम्पन्न गरिएको छ । लेखापरीक्षणको दौरानमा सात प्रदेश र पन्ध्र जिल्लामा म स्वयं उपस्थित भई संघीय सरकारका जिम्मेवार पदाधिकारीका अतिरिक्त प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीहरुसंग तथा संगठित संस्थाहरुका पदाधिकारीहरुसँग धेरै पटक लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने गराउने सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरेको छु । लेखापरीक्षकको आचारसंहिता पालना गराउन तथा लेखापरीक्षणमा गुणस्तर र एकरुपता कायम गर्न अनुगमन एवं सुपरिवेक्षणमा जोड दिइएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा लाभग्राही समूह र सरोकारवालालाई समेत सम्मिलित गराई लेखापरीक्षणलाई गुणस्तरीय बनाउने प्रयास गरिएको छ । यो वर्षको लेखापरीक्षणबाट देखिएका प्रमुख विषय देहायमा प्रस्तुत गरेको छु ।

लेखापरीक्षण अङ्क र बेरुजू

यस वर्ष संघीय, प्रदेश र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्था, जिल्ला समन्वय समिति समेतको रु.५१ खर्ब ६० अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सोमध्ये ४ हजार ८४१ संघीय सरकारी निकायतर्फ रु.२० खर्ब ८ अर्ब ८४ करोडको लेखापरीक्षणबाट रु.१ खर्ब ६ अर्ब ३४ करोड अर्थात् ५.२९ प्रतिशत बेरुजू देखिएको छ । यो वर्ष ७ प्रदेशको रु.२ अर्ब ६२ करोडको लेखापरीक्षणबाट रु.१९ करोड ५१ लाख अर्थात ७.२५ प्रतिशत बेरुजू कायम भएको र ७४७ स्थानीय

तहको रु.५ खर्ब ७१ अर्ब ५१ करोडको लेखापरीक्षणबाट रु.२४ अर्ब १४ करोड अर्थात ४.२२ प्रतिशत बेरुजू देखिएको छ । यस्तै सार्वजनिक संस्था, जिल्ला समन्वय समिति र अन्य समितिको रु.२५ खर्ब ७७ अर्ब ९५ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यस बाहेक ३० संगठित संस्थाको ४१ आर्थिक वर्षको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रु.७ खर्ब ३९ अर्ब ८० करोडको लेखापरीक्षणसमेत यस वर्ष रु.५९ खर्ब ७२ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू रु.२ खर्ब ९० अर्ब ५२ करोडमा समायोजन र फछ्यौंट गरिएको अङ्क घटाई यो वर्ष थप भएको रु.१ खर्ब ४१ अर्ब ५ करोड समेत रु.३ खर्ब ७७ अर्ब ४८ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.९ अर्ब ७० करोड असुल भएको छ । यो वर्ष रु ५४ अर्ब ६५ करोड बेरुजू फछ्यौंट तथा सम्परीक्षण भएको छ । अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रु.५ खर्ब ८ करोड रहेकोमा यस वर्ष रु.६ खर्ब ८३ अर्ब ६६ करोड पुगेको छ ।

सार्वजनिक वित्त व्यवस्थापन

सरकारबाट बजेट तथा खर्च नियन्त्रण प्रणाली, मन्त्रालगत बजेट सूचना व्यवस्थापन प्रणाली, नेपाल सार्वजनिक क्षेत्र लेखामान, सार्वजनिक खरिद कानुन, एकल कोष भुक्तानी प्रणाली एकीकृत व्यवस्थापन राजस्व प्रणालीलगायतका सुधारका कार्यक्रमहरु लागू गरी जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न प्रयास भएका छन् । यस वर्ष आन्तरिक स्रोत परिचालनमा वृद्धिसमेत भएको छ । तथापि प्रकोपको व्यवस्थापन, आवधिक योजना र दिगो विकासका लक्ष्यको कार्यान्वयन तथा वित्तीय संघीयताका लागि आवश्यक स्रोत साधनको ठूलो खाँचो छ । आयातमा आधारित राजस्वको प्रधानता कायमै हुँदा राजस्वको परिचालन दिगोपना सुनिश्चितता जरुरी छ । लक्षित आर्थिक वृद्धि दिगो रुपमा हासिल गर्न बाह्य स्रोतको परिचालन जरुरी रहेको छ । तर लगानीको प्रतिबद्धता अनुरुप विदेशी लगानी व्यवहारमा रुपान्तरण हुन सकेको छैन । यसका लागि संस्थागत, कानुनीलगायत लगानी मैत्री वातावरणमा सुधार गर्नु जरुरी छ ।

सार्वजनिक ऋण वाञ्छित सीमामा राखी यसको उपलब्धिमूलक तवरले परिचालन हुनु आवश्यक छ । आन्तरिक स्रोत परिचालनतर्फ कराधारको संरक्षण एवं करको दायरा विस्तार हुन नसकेको, विद्युतीय कारोबारलगायत सबै कर योग्य कारोबार गर्ने व्यक्ति वा संस्थालाई करको दायरामा समेट्न नसकेको, न्यून बीजकीकरण नियन्त्रण गर्न नसकिएको, कर चुहावटको जोखिमअनुसार कर परीक्षण हुन नसकेको, कानुनले तोकेभन्दा घटी राजस्व असुल गरेको, राजस्व बक्यौता बढ्दै गएको, मूल्य अभिवृद्धि करको क्रेडिट विवरण बुझाउनेको संख्या अत्यधिक रहेको, नपाउने मूल्य अभिवृद्धि कर दाबी गरेको तथा कर विवरण नबुझाउने करदाता उच्च संख्यामा रहेको अवस्था छ । सम्पूर्ण आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटन, आन्तरिक उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी आयात प्रतिस्थापनमा बढावा दिन, राजस्व चुहावट नियन्त्रणका माध्यमबाट राष्ट्रिय कराधारको संरक्षण गर्न, गैरकर राजस्वका दरलाई लागत प्रभावी बनाउन नीतिगत तथा कानुनी सुधारका साथै सूचना प्रविधिको प्रयोगलाई बढाबा दिनुपर्ने अवस्था छ । राजस्व प्रशासनलाई प्रभावकारी बनाउन यसको संस्थागत क्षमताको विकास र प्रणालीगत सुधार गर्नुपर्ने देखिएको छ ।

बजेट र आयोजना व्यवस्थापन

समयमै संघीय संसदमा बजेट प्रस्तुत भए पनि कार्यान्वयनगत संमस्याले पुँजीगत खर्च लक्ष्य अनुसार हुन सकेको छैन । सम्पूर्ण वैदेशिक सहायता बजेट प्रणालीमा समावेश हुन नसकेको, गैरसरकारी संस्थामार्फत वैदेशिक सहायता परिचालन भएको, गैरबजेटरी खर्च वृद्धि भएको, समयमा शोधभर्ना नलिएको, पूर्व तयारी बेगरका योजनामा बजेट विनियोजन भएको, रकमान्तर गरी वर्षान्तमा

अत्यधिक बजेट खर्च हुने गरेको जस्ता कारणले सार्वजनिक खर्च प्रभावकारी हुन सकेको छैन । राष्ट्रिय गौरवका आयोजनालगायत विकास निर्माणका अन्य आयोजना लक्षित समयमा सम्पन्न हुन नसकेको अवस्था छ । आयोजनाहरुमा निर्माण सामग्रीको समयमा उपलब्ध नभएको, मुआवजा र क्षतिपूर्ति लगायतका विवाद रहेको, अन्तर निकाय समन्वय नभएको जस्ता कारणले आयोजनाको लागत तथा समय वृद्धि भएको छ । यसबाट सर्वसाधारणले प्राप्त गर्ने सामाजिक लाभमा समेत ढिलाइ हुने अवस्था रहेको छ । विकास निर्माण र आयोजना व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउन संस्थागत तथा कानुनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

सार्वजनिक खरिदमा उल्लेख्य रकम खर्च हुने गर्दछ । यसमा अनियमितता हुन सक्ने, उपयुक्त क्षेत्रमा खर्च नहुने, पारदर्शी र प्रतिस्पर्धात्मक नहुने जस्ता जोखिमसमेत रहेका छन् सार्वजनिक खरिदलाई बढीभन्दा बढी योजनाबद्ध बनाई सरकारको नीति, कार्यक्रम र वार्षिक तथा आवधिक योजनासँग तादात्म्यता हुने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सरकारी निकाय, सार्वजनिक संस्थान र निजी क्षेत्रमा समेत सार्वजनिक खरिद ऐन र नियमहरु समयानुकूल परिमार्जन गर्नुपर्ने माग रहने गरेको छ । मालसामान, परामर्श सेवा तथा सार्वजनिक निर्माणको खरिदमा निकायको कार्यप्रकृति, आकार र क्षमतासमेत विचार गरी सरोकारवाला पक्षहरुको पृष्ठपोषण लिई सार्वजनिक खरिद कानुन र नियमलाई समय सापेक्ष परिमार्जन गरी सरल, सहज र पारदर्शी बनाउनुपर्ने देखिन्छ ।

सार्वजनिक जवाफदेहिता र आर्थिक अनुशासन

सार्वजनिक निकायका पदाधिकारीलाई बढीभन्दा बढी जवाफदेही बनाई आर्थिक अनुशासन अभिवृद्धि गर्न सकेमा मात्र संघीयता र लोकतन्त्रको मर्म जनस्तरमा महसुस गराउन सकिन्छ । सार्वजनिक स्रोत साधनको मितव्ययी, दक्ष र प्रभावकारी उपयोग गर्ने, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी बनाउने, अनियमित कारोबार गर्ने जिम्मेवार पदाधिकारी उपर समयमै कारवाही गर्ने, औंल्याएका बेरुजूहरु समयमा नै फछ्यौंट गर्ने र बेरुजू हुन नदिनेतर्फ सजग हुने, सम्बन्धित पदाधिकारीको कार्यसम्पादन मूल्याङ्न र संस्थागत कार्यप्रगतिबीच सम्बन्ध स्थापित गर्ने, क्षमता, योग्यता र सदाचारयुक्त व्यवहारको आधारमा कामको जिम्मेवारी तोक्ने र दण्ड पुरस्कारको नीति अवलम्बन गरेमा सार्वजनिक जवाफदेहितामा अभिवृद्धि भई आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्ने देखिन्छ ।

संस्थागत उद्देश्य प्राप्त गर्ने क्रममा आइपर्न सक्ने जोखिमको पहिचान एवं विश्लेषण गरी सेवा प्रवाह, कार्यक्रम सञ्चालन, आयोजना व्यवस्थापन र आर्थिक कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गर्न जरुरी देखिएको छ । संघ, प्रदेश र स्थानीय तहमा अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा नेपालको वर्तमान आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र र सक्षम बनाउने, मापदण्ड र निर्देशिकाको प्रभावकारी कार्यान्वयन एवं कर्मचारीको क्षमता विकास, लेखापरीक्षण कार्यको अनुगमन एवं निरीक्षण र उठाइएका विषयको समयमै सम्बोधन गर्ने व्यवस्था मिलाई आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय भरपर्दो र विश्वसनीय बनाउनुपर्ने देखिन्छ । आन्तरिक लेखापरीक्षणले नियमिततासँग सम्बन्धित विषयमा ध्यान दिँदै जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण व्यवस्थाको प्रभावकारिता र संगठनात्मक संरचनाको उपयुक्तताका विषयहरुमा समेत परीक्षण गरेमा अन्तिम लेखापरीक्षणले कार्यमूलकलगायतका नतिजामा आधारित परीक्षण मूल्याङ्न गर्न सहयोग पुग्ने देखिन्छ ।

सार्वजनिक सेवा प्रवाह

जनसम्पर्क अत्यधिक हुने कार्यालयहरुमा सेवा प्रवाहको लागि जनशक्ति तथा पूर्वाधारको अभाव हुनु, विद्युतीय प्रणाली प्रयोग गरी सेवा प्रवाह नहुनु, मध्यस्थमार्फत सेवा प्रवाह हुनु, सेवा गुणस्तरको अनुगमन कमजोर हुनु जस्ता समस्या देखिएका छन् । सेवा प्रवाहलाई विश्वसनीय, किफायती र

प्रभावकारी बनाउन सरकारी निकायमा सेवा प्रवाहमा चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र सहायता कक्ष प्रणाली कार्यान्वयनमा ल्याउने, वैदेशिक रोजगार, यातायात व्यवस्था, मालपोत, नापीलगायतका कार्यालयले प्रदान गर्ने सेवामा मध्यस्थकर्ताको भूमिका नियन्त्रण गर्न कार्यविधिमा सुधार गर्ने, सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने जस्ता सुधार आवश्यक देखिन्छ ।

संगठित संस्था

सरकारको स्वमित्वमा रहेका सार्वजनिक संस्थान र अन्य संगठित संस्थाहरुमा संघ, प्रदेश र स्थानीय तहका सरकारको कुल आय व्ययकै हाराहारीमा वार्षिक कारोबार हुने गरेको छ । तर यस्ता संस्थाहरुबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । अधिकाँश संगठित संस्थाहरुमा प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको, संस्थाहरुले समयमा लेखापरीक्षण नगराउने, लेखापरीक्षण प्रतिवेदनउपर प्रतिक्रियासमेत नदिने, लेखापरीक्षणबाट औँल्याइएका व्यहोरा उपर समयमै कारबाही नगर्ने, स्वीकृत नेपाल वित्तीय प्रतिवेदनमानको प्रयोग नगरेको र व्यावसायिक योजना तयार गरी सञ्चालन नभएको अवस्था छ । संस्थाका पदाधिकारीलाई जवाफदेही बनाउन कार्यसम्पादन सम्झौता गरी नियुक्ति एवं सोको अनुगमन एवं आवधिक मूल्याङ्कन गर्ने, संस्थाले उत्पादन गर्ने वस्तु र प्रवाह गर्ने सेवालाई गुणस्तरीय र भरपर्दो बनाई, प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउन आवश्यक छ । विद्यमान संस्थानको वर्गीकरण गरी सञ्चालन र व्यवस्थापनमा स्पष्ट नीति र व्यवस्थापकीय सुधारका कार्यक्रम लागू गर्न आवश्यक छ ।

लेखाङ्कन तथा प्रतिवेदन प्रणाली

नेपाल सरकारले हाल अपनाएको नगदमा आधारीत लेखा प्रणालीले सरकारको सम्पूर्ण आर्थिक व्यवहारको चित्रण गर्न सक्तैन । यहि प्रणालीमा विगतदेखि विभिन्न फारामहरु परिमार्जन र थप गर्दै प्रयोगमा ल्याएको छ । सरकारी लेखा प्रणालीको समय सापेक्षरुपमा सुधारको खाँचो छ । सार्वजनिक निकायको लेखा प्रणालीमा समय सापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न जरुरी छ । यस सन्दर्भमा नेपाल सार्वजनिक क्षेत्र लेखामानको कार्यान्वयन गर्ने, लेखा सम्बन्धी सफ्टवेयरको प्रयोगमा महालेखापरीक्षकको पूर्व स्वीकृति लिने, सूचना प्रविधिमा आधारित सरकारी लेखा प्रणाली कार्यान्वयनमा ल्याउने, प्रदेश र स्थानीय तहबाट संघमा प्रतिवेदन हुने व्यवस्था मिलाई मुलुकको समग्र वित्तीय अवस्थाको चित्रण गर्न संघ, प्रदेश र स्थानीयसमेत तीनै तहको एकीकृत वित्तीय विवरण तयार गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ । दरबन्दी अनुसार सबै तहमा लेखा जनशक्ति आपूर्ति एवं क्षमता विकास गरिनुपर्दछ । सार्वजनिक निकायमा खरिद भएका हस्तान्तरण एवं वैदेशिक वस्तुगत सहयोगबाट प्राप्त सबै जिन्सी सामान, भवन, जग्गा सवारीसाधन लगायत सम्पत्तिको एकीकृत अभिलेख नहुँदा सरकारको कुल सम्पत्ति यकिन नहुने अवस्था रहेकोले सम्पत्तिको एकीकृत अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्दछ ।

संघीय संरचना र दिगो विकास

नेपाल सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय बृहत्तम लक्ष्य लिएको छ । राजस्व परिचालन, आर्थिक अनुशासन तथा सार्वजनिक खर्च व्यवस्थापनमा सुधार गर्दै चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजी निर्माणमा वृद्धि गर्न समावेशी दिगो विकासका लागि नेपालले संयुक्त राष्ट्रसंघबाट घोषित दिगो विकास लक्ष्य २०१६-३० अंङ्गीकार गरी कार्यान्वयनमा ल्याई सकेको छ । दिगो विकासका १७ लक्ष्य र १६९ गन्तव्य प्राप्तिका लागि नेपाल सरकारले गरेको प्रतिबद्धताअनुरुप तीनै तहको सरकारको योजना, कार्यक्रम र कार्यान्वयनमा सामाञ्जस्यता ल्याउनु आवश्यक छ । यसैगरी सरकारले

२५ वर्षे दीर्घकालीन सोंच र पन्ध्रौ पञ्चवर्षीय योजनामार्फत प्रतिव्यक्ति आय, रोजगारी, आर्थिक वृद्धि लगायत आर्थिक, सामाजिक र मानव विकासका क्षेत्रमा व्यापक फड्को मार्ने लक्ष्य राखेको छ ।

सिंहदरबारको अधिकार गाउँ गाउँसम्मको उदघोषका साथ संघीयताको कार्यान्वयनमार्फत गाउँ गाउँमा अधिकार पुगेको छ । संघीयता कार्यान्वयनका लागि संघीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारलाई सेवा प्रवाह तथा विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्न वित्तीय समानीकरण लगायतका अनुदान उपलब्ध गराएको छ । शुरुवाती चरणकै विश्लेषणबाट पनि ती अनुदानसमेतको रकमबाट लक्ष्यअनुसार सेवा प्रवाह र पुँजी निर्माण हुन सकेको छैन । वित्तीय हस्तान्तरण भए तापनि उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी सेवा प्रवाह गर्न र विकास निर्माण गर्न प्रदेश र स्थानीय सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता अपेक्षाकृत कमजोर रहेको छ । प्रदेश र स्थानीय तहका निकायहरुमा आन्तरिक नियन्त्रणको प्रभावकारी व्यवस्था हुन नसक्दा आर्थिक अनुशासन जवाफदेहीपूर्ण बनाउन कठिनाइ रहेको छ । प्रदेश तथा स्थानीय तहमा हालसम्म पनि दरबन्दीअनुसार जनशक्ति खटाउन सकेको अवस्थाछैन । अतः सुशासन र वित्तीय जवाफदेहिताका लागि व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गर्नुका साथै आवश्यक नीति र कानुनको व्यवस्था र पालना गर्न गराउनु जरुरी रहेको छ ।

संघीयताका तीनै तहका सरकारबाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक खर्च हुने हुँदा खर्च व्यवस्थापनको लागि स्रोतको आवश्यकता अधिक रहेको छ । यस सन्दर्भमा सरकारी क्षेत्रबाट गर्नुपर्ने अत्यावश्यक क्रियाकलापमा मात्र सरकारी स्रोत साधन मितव्ययी र दक्षतापूर्वक परिचालन गरी अन्य सेवा तथा कार्यमा निजी क्षेत्रलगायतका वाह्य क्षेत्रको स्रोत परिचालन गर्नुपर्दछ । प्रदेश र स्थानीय तहको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न, वित्तीय जिम्मेवारी र जवाफदेहिता किटान गर्ने, सम्पत्तिको उपयोग र समुचित व्यवस्थापन गर्ने, खर्चलाई मितव्ययी र उपलब्धिमूलक बनाउन, कार्यक्रम कार्यान्वयनमा दक्षता एवं प्रभावकारिता ल्याउन, संघ, प्रदेश र स्थानीय तहको साझा सूचीअन्तर्गतका विषय, अधिकारको प्रयोग, राजस्व सङ्कलन र खर्च व्यवस्थापन सम्बन्धमा मापदण्ड बनाई व्यवस्थित बनाउन, निर्वाचित पदाधिकारी र कर्मचारीबीचको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गर्न आवश्यक संस्थागत, कानुनी र प्रणालीको विकास गर्नुपर्दछ ।

लेखापरीक्षणमा सुधार

लेखापरीक्षण ऐन, २०७५ ले चल अचल राष्ट्रिय सम्पत्तिको हानि नोक्सानी हुने अवस्थामा महालेखापरीक्षकले तत्काल प्रतिवेदन दिनसक्ने, नवीनतम प्रकृतिका लेखापरीक्षण गर्न सक्ने, आर्थिक अनुशासन पालना गराउने सन्दर्भमा ऐन नियमले तोकेको जिम्मेवारी पालना नगर्ने पदाधिकारीलाई कारबाहीका लागि लेखी पठाउन सक्ने, मापदण्ड तयार गरी उत्कृष्ट कर्मचारीलाई पुरस्कार दिन सक्ने जस्ता विषयहरु समावेश गरिएका छन् । यसलाई मैले सकारात्मक रुपमा लिएको छु । साथै यसका लागि नेपाल सरकार र संघीय संसदप्रति धन्यवाद ज्ञापन गर्दछु ।

लेखापरीक्षणको प्रभावकारिता बढाउन सार्वजनिक हितलाई सर्वोपरी स्थानमा राखी वित्तीय लेखापरीक्षणका अतिरिक्त राष्ट्रिय महत्व र जनसरोकारका विभिन्न विषयको कार्यमूलक लेखापरीक्षणको क्षेत्रलाई बढाई वातावरणीय, सूचना प्रविधि, दिगो विकास, विपद् व्यवस्थापन जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा विकास भएका विषयलाई समेटी तिनको प्रभावकारिता वृद्धि गर्न सरकारलाई रचनात्मक सुझाव दिन सक्ने गरी आगामी दिनमा नीतिगत र कार्यगत व्यवस्था गर्न आवश्यक छ । लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउन नियन्त्रक निकायलाई मूल लेखापरीक्षण गरिने इकाईको रुपमा लिई सो मातहतका इकाईलाई जोखिमको आधारमा केही इकाई मात्र लेखापरीक्षण गर्ने गरी लेखापरीक्षण विधिमा परिमार्जन गर्ने सोंच राखिएको छ । लेखापरीक्षण प्रक्रियामा सरोकारवाला पक्षलाई संलग्न गराउने कार्यलाई निरन्तरता दिईने छ । यसबाट लेखापरीक्षण कार्य अझ बढी प्रभावकारी र

नतिजामूलक भई मुलुकको आर्थिक अनुशासनमा सुधार हुने अपेक्षा लिएको छु । यसै सन्दर्भमा कार्यालयमा रहेको लेखापरीक्षण सल्लाहकार समितिलाई थप सक्रिय बनाइने छ । लेखापरीक्षणमा संलग्न जनशक्तिको पेसागत क्षमता अभिवृद्धिमा जोड दिदै बहुसीपयुक्त कर्मचारीको विकासको व्यवस्थापन गरिने छ ।

महालेखापरीक्षकको कार्यालय सन् २०१८ को सेप्टेम्बरमा भियतनाममा भएको एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको चौधौं सभाबाट आगामी ३ वर्षको लागि सञ्चालन बोर्डको सदस्यको रुपमा निर्वाचित भएको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन र त्यसका क्षेत्रीय संगठन तथा अन्य अन्तर्राष्ट्रिय संघ, संगठनले आयोजना गर्ने कार्यक्रमहरुमा विषयको गाम्भिर्यताको आधारमा उपयुक्त तहबाट सहभागिता जनाउने गरिएको छ । यसै क्रममा हालै मात्र इजरायलमा आयोजना गरिएको आपतकालीन अवस्था र नयाँ विकसित घटनाक्रमहरुको लेखापरीक्षण सम्बन्धी युरोप र एसिया क्षेत्रको संयुक्त कार्यक्रममा म स्वयं उपस्थित भएको थिएँ । गत वर्ष नेपालले सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको क्षमता अभिवृद्धिसम्बन्धी काम गर्ने संस्था आई.डी.आई. को भ्रष्टाचार विरुद्ध सर्वोच्च लेखापरीक्षण संस्थाहरुको कार्यमूलक लेखापरीक्षणसम्बन्धी एसिया प्रशान्त क्षेत्रीय कार्यशाला नेपालमा आयोजना गरेको थियो । यसप्रकार अन्तर्राष्ट्रिय उपस्थितिले आपसी अनुभव आदन प्रदान गरी दक्षता अभिवृद्धि हुनुको साथै अन्तर्राष्ट्रिय साखसमेत बढेको अवस्था छ ।

संसदीय समितिहरुसँगको सम्बन्ध

संघीय संसद र प्रदेश सभाअर्न्तगतका संसदीय समितिहरु संग निकटतम सम्बन्ध र समन्वय गरी कार्य गरिने छ । संसदीय समितिहरुका अध्ययन र विश्लेषणका विषयहरु लेखापरीक्षणका क्रममा आधारभूत सामग्रीका रुपमा लिइनेछ । लेखापरीक्षण नहुँदै गरिएका अध्ययन विश्लेषणका विषयहरु समन्वय गरी लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिने व्यवस्था मिलाइने छ । महालेखापरीक्षकको प्रतिवेदनउपर छलफल गरी निक्यौंल गर्ने थलोको रुपमा रहेका संघीय संसद, प्रदेश सभा र सो अर्न्तगतका सार्वजनिक लेखा समिति हरुमा छलफल तथा प्रतिवेदन कार्यान्वयनमा समन्वयात्मक ढङ्गले कार्य गरिनेछ । हाल विगतका प्रतिवेदनहरु सार्वजनिक लेखा समितिमा छलफल र कार्यान्वयनमा तीव्रता आएको छ । यसमा समन्वय र सहयोग गरी वार्षिक प्रतिवेदन छलफल तथा कार्यान्वयनमा जोड दिइने छ ।

कार्यालयको अपेक्षा

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्तावअनुसार सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन सरल र सहज रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था कार्यान्वयन सम्बन्धमा अझै प्रगति हुन सकेको छैन । तसर्थ महालेखापरीक्षकको कार्यालयलाई वित्तीय एवं कर्मचारी व्यवस्थापनसम्बन्धी स्वतन्त्रता प्रदान गर्न आवश्यक कानुनी व्यवस्था मिलाउन जरुरी छ ।

प्रदेश तथा स्थानीय तहको लेखापरीक्षणका लागि समेत केन्द्रबाट टोली खटाउनुपर्ने र निजीक्षेत्रका लेखापरीक्षकहरु परिचालन गर्नुपर्ने अवस्थाको निराकरणको लागि प्रदेशस्तरसम्म कार्यालयको उपस्थिति एवं स्वीकृत दरबन्दीअनुसारको कर्मचारी व्यवस्थापन गर्ने विषयमा नेपाल सरकारबाट सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । महालेखापरीक्षकले सुझाएका सुधारका विषयहरुमा सबै तहका सरकारका सम्बन्धित पक्षबाट समयमै आवश्यक सुधार हुने अपेक्षा लिएको छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको शासन प्रणाली लागू भएपछिको तीनै तहको सरकारको एकीकृत रुपको यो पहिलो प्रतिवेदन हो । यस प्रतिवेदनले संघीयता कार्यान्वयनको शुरुवाती

चरणको रुपरेखा प्रस्तुत गर्दछ । यस प्रतिवेदनले संघीयताका कार्यान्वयन पश्चात् तीनै तहका सरकारबाट भएका आर्थिक व्यवहारको तस्विर पनि चित्रण गर्दछ । यस प्रतिवेदनमा विकास निर्माण, सार्वजनिक सेवा, राजस्व र खर्च तथा सरकारी काम कारबाही कुन दिशातर्फ अगाडि बढिरहेको छ आँकलन गर्न समेत मद्दत पुग्नेछ । यस प्रतिवेदनमा जनताका आवश्यकता र प्राथमिकता तथा सरकारको कामकारबाहीबीचको तादात्म्यता र जनताका आवश्यकता, चाहाना र मागका बारेमा समेत प्रकाश पार्ने प्रयास गरेको छु । यस प्रतिवेदनको कार्यान्वयनबाट आर्थिक अनुशासन कायम गराउनका लागि मद्दत पुग्ने विश्वास लिएको छु ।

अन्तमा

संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त मार्गदर्शन, संघीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायत सबैबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई लेखापरीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

प.सं. २०७५/७६
च.नं. ... ६१.

मिति : २०७५/१२/२८

संघीय सञ्चितकोषको हिसाबको लेखापरीक्षण प्रतिवेदन

श्री अर्थ सचिव,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

१. **आर्थिक विवरण उपर प्रतिवेदन** - हामीले नेपाल सरकारको सञ्चितकोषको २०७५ असार ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरण उपर व्यवस्थापनको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ र प्रचलित कानून, नेपाल सार्वजनिक क्षेत्र लेखामान, अभ्यास र प्रचलन अनुरुप आर्थिक विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी, अन्तर्गत आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आँकडा रहित सारभूत रुपमा प्रस्तुतीकरण गर्ने, निकायको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षणको जिम्मेवारी** - हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन २०७५, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेका मार्गदर्शन अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूतरुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाको बारेमा पुष्ट्याइँ गर्ने, यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूत रुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुत हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षणको जोखिमको मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणको जोखिमको मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तता बारेमा परीक्षण गरिएको भएता पनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तता लगायत आर्थिक विवरणको समग्र स्थितीको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियत सहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३२८

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार** - कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

४.१ महालेखा नियन्त्रक कार्यालयले संघीय सञ्चितकोषको हिसाब तयार गर्ने लेखा ढाँचा प्रचलित कानून बमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.३२ अर्ब ३ करोड ५२ लाख असुल गर्नुपर्ने, रु.६ अर्ब ६७ करोड ३८ लाख अनियमित देखिएको, रु.२१ अर्ब ५२ करोड ५३ लाख प्रमाण कागजात पेश नभएको, रु.१ अर्ब ५ करोड ५१ लाख शोधभर्ना नलिएको, रु.४५ अर्ब ४ करोड ८६ लाख पेश्की बेरुजू समेत रु.१ खर्ब ६ अर्ब ३३ करोड ८० लाख बेरुजू देखिएको छ । यस अतिरिक्त राजस्व बक्यौता रु.२ खर्ब ५२ अर्ब १३ करोड १ लाख र शोधभर्ना हुन बाँकी वैदेशिक अनुदान र ऋण क्रमशः रु.२० अर्ब ७६ करोड २६ लाख र रु.२७ अर्ब ८३ करोड ६० लाख रहेकाले राजस्व असुलीमा असर पर्न गएको छ ।

४.३ प्रचलित ऐन कानूनको व्यवस्था अनुरुप सरकारी लेखा नगद आधारमा लेखाङ्कन गरिने व्यवस्था भएकोमा सञ्चितकोषको वार्षिक मौज्दात ऋणात्मक देखिएको छ । गत वर्षसम्म यस्तो मौज्दात रु.७१ अर्ब २६ करोड १७ लाख ऋणात्मक भएकोमा यो वर्ष रु.५१ अर्ब ८० करोड २८ लाख ऋणात्मक हुन गई रु.१ खर्ब २३ अर्ब ६ करोड ४५ लाख ऋणात्मक मौज्दात रहेको छ ।

नगदमा आधारित प्रणाली अवलम्बन गरी हिसाब राख्दा ऋणात्मक मौज्दात हुनुले प्राप्तिभन्दा भुक्तानी बढी देखिन्छ । नेपाल सरकारको नाममा नेपाल राष्ट्र बैङ्क र सरकारी कारोबार गर्ने वाणिज्य बैङ्कहरुमा रहेका केन्द्रीय अनुदान तथा ऋणखाता, आयोजनाको नाममा खोलिएका विशेष ऋण तथा अनुदान खाता, धरौटी खाता विभिन्न कोष अनुदान खाता, मूल्य अभिवृद्धि कर तथा भन्सार कोष खाता र स्थानीय तहका खातामा रहेको मौज्दातबाट व्यहोरिएको उल्लेख छ ।

४.४ संघीय सञ्चितकोषको आर्थिक विवरणले २०७५ आषाढ मसान्तमा अन्य प्राप्ति रु २८ अर्ब २८ करोड देखाएको छ । तर महालेखा नियन्त्रक कार्यालयलले पेश गरेको केन्द्रीय आर्थिक विवरणमा उक्त रकम प्राप्ति देखाएको छैन् । सो रकम २०७५/७/२६ मा मात्र सञ्चितकोष दाखिला भएको छ । जसले गर्दा ख्रेस्ता र सञ्चितकोषको हिसाब भिडेको देखिएन ।

४.५ संघीय सञ्चितकोषको आर्थिक विवरणमा बाह्य ऋण रु.८४ अर्ब २७ करोड ८४ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.७८ अर्ब ९६ करोड २७ लाख देखाएकोले वैदेशिक ऋण प्राप्तिमा रु.५ अर्ब ३१ करोड ५७ लाख फरक परेको सम्बन्धमा हिसाब मिलान गरेको छैन ।

४.६ संघीय सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक अनुदान नगद, शोधभर्ना र सोझै भुक्तानी समेत रु.४२ अर्ब ४३ करोड ५८ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.२८ अर्ब ४३ करोड १७ लाख अनुदान प्राप्त भएको देखाएको छ । यसरी सञ्चितकोष र नेपाल राष्ट्र बैङ्कको अनुदान प्राप्ति हिसाबको रु.१४ अर्ब ४१ लाख फरक परेको सम्बन्धमा हिसाब मिलान गरेको छैन ।

४.७ दातृ राष्ट्रले निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण (टर्न की बेसिसमा) गर्ने गरी काठमाडौं चक्रपथ विस्तार निर्माण गर्न ३१ करोड २० लाख युआन (ने.रु.५ अर्ब ९ करोड), वीर अस्पताल र परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको भवन निर्माण गर्न २ अर्ब १० करोड जापानी येन (ने.रु.२ अर्ब ४ करोड ३३ लाख) मा सम्झौता भई यस वर्ष पनि निर्माण एवं खर्च भइरहेको छ । उक्त परियोजनामा भएको खर्च सञ्चितकोषको हिसाबमा समावेश हुने गरेको देखिएन ।

४.८ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा भत्ता, कृषि विकास, पशु सेवा, शिक्षा आदि कार्यक्रमको लागि स्थानीय तहमा सशर्त अनुदान निकासा दिएको रकम आर्थिक वर्षभित्र खर्च हुन नसकी

रु.१ अर्ब ३९ करोड २४ लाख मौज्दात रहेको अवस्थामा पनि निकासा अनुरुप नै खर्च भएको आधारमा सञ्चितकोषको हिसाब तयार गरेको देखियो ।

४.९ बूढीगण्डकी जलविद्युत आयोजनाको लागि रु.१० अर्ब रकमान्तर गरी थप गरेकोमा उक्त रकम खर्च हुन नसकी रु.९ अर्ब ९१ करोड १६ लाख विविध खातामा दाखिला गरी खर्च देखाएको पाइयो । त्यस्तै अर्थ मन्त्रालयबाट आर्थिक वर्षको अन्तमा जलविद्युत लगानी कम्पनीलाई २०७५/३/२९ मा रु.५ अर्ब र राष्ट्रिय ग्रिड प्रणाली लिमिटेडलाई रु.१ अर्ब, साना किसान विकास बैङ्कलाई रु.५ अर्ब ऋण प्रवाह गरेको छ । तर उक्त रकम उपयोग नगरी बैंकमा रहेकोले यस प्रकारको खर्चबाट बजेट खर्चको आकार १.९३ प्रतिशत वृद्धि भएको छ ।

४.१० ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधन प्राप्ति र उपयोग, बजेट व्यवस्थापन वैदेशिक सहायता परिचालन, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, कोष परिचालन, पुन निर्माण तथा पुनर्स्थापना, प्राकृतिक सोत तथा सांस्कृतिक सम्पदाको संरक्षण, उपयोग, सेवा प्रवाह लगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षकको राय** - हामीलाई उपलब्ध गराइएको स्रेस्ता, अभिलेख, सूचना जानकारीको आधारमा हाम्रो रायमा अनुच्छेद-४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असर बाहेक नेपाल सरकारको सञ्चितकोषका आर्थिक विवरणले २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखा प्रणाली अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

उत्तरदायित्व स्पष्टोक्ति

नेपालको संविधान भाग १० आर्थिक कार्य प्रणाली, आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ को व्यवस्था बमोजिम नेपाल सरकारको ३२ असार २०७५ मा समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरणहरु-सञ्चितकोष र आय-व्यय विवरणहरुको आधार तथा लेखा टिप्पणी महालेखा नियन्त्रक कार्यालय द्वारा तयार पारिएको छ।

साथै हामी नगदमा आधारित लेखा प्रणाली बमोजिम अभिलेखित सूचनाहरुको आधारमा महालेखा नियन्त्रक कार्यालयद्वारा उक्त आर्थिक विवरणहरु तयार पारिएको व्यहोरा व्यक्त गर्दछौं। यसले नेपाल सरकारको ३२ असार २०७५ को आर्थिक स्थिति र सो मितिमा समाप्त भएको कारोबारलाई दर्शाउँछ। उक्त आर्थिक विवरणहरु नेपालको संविधानको भाग १० संघिय आर्थिक कार्य प्रणाली, आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ को प्रावधान सम्मत रहेको तथा यी आर्थिक विवरणहरु एवम् त्यसमा रहेका सूचना पुर्ण र विश्वसनीय छन्।

सूर्यप्रसाद गौतम
(महालेखा नियन्त्रक)
महालेखा नियन्त्रक कार्यालय

यी आर्थिक विवरणहरु र त्यसमा रहेका सूचनाहरु आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४, नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ र नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को प्रावधान सम्मत रहेका छन्।

राजन खनाल
(सचिव)
अर्थ मन्त्रालय

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२००९८४, ४२००३५८ (बजेट म.), ४२००९५५ (अ.आ.स.स.म.)

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा महालेखापरीक्षकको नियुक्ति हुने व्यवस्था छ । संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।

संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष तथा धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाही सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्ने संवैधानिक व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा प्रत्येक गाउँपालिका र नगरपालिकाको अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था रहेको छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ भने अन्य सहायक उद्देश्यहरु देहायअनुसारका विषयमा मूल्याङ्कन विश्लेषण गरी प्रतिवेदन गर्ने रहेका छन्:

- संघीय, प्रदेश र स्थानीय सञ्चित कोषको हिसाब यथार्थपरक रहेको,
- आर्थिक विवरण तोकिएको ढाँचामा तयार भई कारोबारको यथार्थ चित्रण गरेको,
- विनियोजन ऐन बमोजिम स्वीकृत सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली तथा दाखिला गरेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- उद्देश्य, नीति, कार्यक्रम कार्यान्वयन र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,

३. **क्षेत्र र विधि -** यो वर्ष संवैधानिक अङ्ग, संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालयसमेत कानुनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको संस्थाको आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार र पेस भएसम्म बक्यौता कारोबारलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ । यो वर्ष वित्तीय तथा नियमितता, कार्यमूलक, वातावरणीय, दिगो विकासलगायत सूचना प्रविधिमा आधारित एवं विशेष लेखापरीक्षण गर्दा प्रक्रियामूलक तथा नतिजामूलक

विधि अवलम्बन गरिएको छ । लेखापरीक्षणको क्रममा विकास निर्माण, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, राजस्व प्रशासन र सेवा प्रवाहको सम्बन्धमा वित्तीय जवाफदेहिता स्थिति मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरिएको छ ।

१. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, लेखापरीक्षणका आधारभूत सिद्धान्त, मान्यता, सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन र अन्तर्राष्ट्रिय असल अभ्यासको अनुशरण गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमनसमेत ४ चरणमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नमुना छनौट गरी नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ । साथै कार्यमूलक लेखापरीक्षणमा नागरिक समाज समेतको सहभागिता गराइएको छ ।

सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधामन्त्रीज्यू, सम्माननीय प्रधानन्यायधीशज्यू, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू लगायतका पदाधिकारीहरुसँग छलफल गरी प्राप्त सुझावलाई ध्यानमा राखी लेखापरीक्षणको योजना तर्जुमा र कार्यान्वयन गरिएको छ । त्यसैगरी लेखापरीक्षणका क्रममा ७ वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, प्रदेशसभाका माननीय सभामुख र उप-सभामुखज्यूहरु तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु लगायत संघ, प्रदेश र स्थानीय तहका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख तथा लेखा प्रमुख, सार्वजनिक संस्थानका पदाधिकारी समेतसँग छलफल गरिएको छ ।

लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकन समेत गर्ने गरिएको छ । यसै गरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

२. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेस गर्नुपर्ने नेपालको संविधानको धारा २९४ मा व्यवस्था भएबमोजिम यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा २४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरीएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणवाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ । साथै बार्षिक प्रतिवेदनका मुख्य विषय समावेश गरी सारांश समेत तयार गरिएको छ ।

परिच्छेद – १
लेखापरीक्षण गरिएका निकायको विवरण

• समष्टिगत लेखापरीक्षण

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	रकम (रु. करोडमा)
(क)	वित्तीय लेखापरीक्षण		
	१. संघीय मन्त्रालय तथा निकाय	४८४१	२००८८४
	२. प्रदेश मन्त्रालय तथा निकाय	६८	२६२
	३. स्थानीय तह	७४७	५७१५१
	४. जिल्ला समन्वय समिति	७६	१४४४५
	५. समिति र अन्य संस्था	७८५	१०९२७
	६. संगठित संस्था	९९	२३२४२३
(ख)	कार्यमूलक लेखापरीक्षण	२२	०
(ग)	सूचना प्रविधि लेखापरीक्षण	३	०
(घ)	वातावरणीय लेखापरीक्षण	१	०
(ङ)	विशेष लेखापरीक्षण	२	०
	जम्मा	**६६४४**	**५१६०९२**

यो वर्ष ४ हजार ८४१ संघीय मन्त्रालय तथा निकायको रु.२० खर्ब ८ अर्ब ८४ करोड, प्रदेश मन्त्रालय तथा निकाय ६८, जिल्ला समन्वय समिति ७६, स्थानीय तह ७५३ मध्ये ७४७, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानलगायत ८८४ निकायको रु.३१ खर्ब ५२ अर्ब ८ करोडसमेत रु.५१ खर्ब ६० अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त २२ विषयको कार्यमूलक, ३ विषयको सूचना प्रविधिमा आधारित, १ विषयको वातावरणीय तथा २ विषयको विशेष लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण अनुसूची १, १क, १ख, २, ४ र १४ मा उल्लेख छ।



१. **संघीय मन्त्रालय तथा निकाय** – यो वर्ष ४ हजार ८४१ संघीय सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ:

(रु.करोडमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		२०७४।७५ को रकम	बक्यौता	जम्मा
१.	विनियोजन निकासा	८७४६२	०	८७४६२
२.	राजस्व असुली	७२२९७	०	७२२९७
३.	धरौटी आम्दानी	४४८१	०	४४८१
४.	अन्य कारोबार	३६६४४	०	३६६४४
	जम्मा	**२००८८४**	**०**	**२००८८४**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ । गत वर्ष संघीय सरकारी कार्यालयतर्फ रु.३ अर्ब ३८ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनै कार्यालयले पनि लेखापरीक्षण गराएका छैनन् ।

२. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष सात प्रदेश अर्न्तगत ६८ निकायको रु.२ अर्ब ६२ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यस सम्बन्धी विवरण अनुसूची–१४ मा छ । प्रदेश तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ खण्ड २ मा समावेश छ ।

३. **स्थानीय तह –** यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४५४ समेत ७४७ स्थानीय तहको रु.५ खर्ब ७१ अर्ब ५१ करोडको लेखापरीक्षण गरिएको छ । यससम्बन्धी विवरण अनुसूची–१४ मा छ । स्थानीय तहको लेखापरीक्षणमा देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ खण्ड २ मा समावेश छ ।

४. **जिल्ला समन्वय समिति** – यो वर्ष जिल्ला समन्वय समिति ७६ को रु.१ खर्ब ४४ अर्ब ४५ करोडको लेखापरीक्षण गरिएको छ । यसको विस्तृत विवरण अनुसूची–१४ मा छ ।

५. **समिति र अन्य संस्था –** यो वर्ष ७८५ समिति र अन्य संस्थाको रु.१ खर्ब ९ अर्ब २७ करोडको लेखापरीक्षण गरिएको छ । समितिहरुको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

६. **संगठित संस्था –** यो वर्ष संगठित संस्थातर्फ ९९ इकाईको रु.२३ खर्ब २४ अर्ब २३ करोडको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची–१क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद– ३ को मन्त्रालय खण्डमा समावेश छ । सोको अतिरिक्त ३० संस्थाको लेखापरीक्षणको परामर्श मार्फत रु.७ खर्ब ३९ अर्ब ८० करोडको लेखापरीक्षण गराइएको छ ।

७. **कार्यमूलक लेखापरीक्षण** – यो वर्ष २२ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

८. **सूचना प्रविधि लेखापरीक्षण –** यो वर्ष ३ विषयमा सूचना प्रविधिमा आधारित लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

९. **वातावरणीय लेखापरीक्षण –** यो वर्ष १ विषयमा वातावरणीय लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

१०. **विशेष लेखापरीक्षण -** यो वष २ विषयमा विशेष लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ ।

११. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष संघीय सरकारी कार्यालय, समिति, प्रतिष्ठान, प्रदेश र स्थानीय तह तथा जिल्ला समन्वय समितिको लेखापरीक्षण गर्दा जोखिम विश्लेषण सहित साना कार्यालयको लागि तोकिएको परीक्षण सूची प्रयोग गरी लेखापरीक्षण टुंग्याइएको छ । जोखिमयुक्त कार्यालयको लागि विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षणका क्रममा नतिजामूलक पद्धति अवलमबन गरिएको छ भने स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूह लगायत सरोकारवालालाई समेत छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

• सरकारी बजेट र राजस्वको कार्यान्वयन स्थिति

१२. **सरकारी बजेट तथा खर्च –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७२।७३ र २०७३।७४ को यथार्थ खर्च तथा २०७४।७५ को संघीय सरकारको क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रु. लाखमा)

शीर्षक/क्षेत्र	२०७२।७३ को यथार्थ खर्च	२०७३।७४ को यथार्थ खर्च	२०७४।७५ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	३७१२९४९	५१८६१६२	८०३५३१५	६९६९१९६	८६.७३
पुँजीगत खर्च	१२३२५१४	२०८७४८३	३३५१७६०	२७०७१३७	८०.७७
वित्तीय व्यवस्था (साँवा ब्याज भुक्तानी)	१०६४६७०	१०९८८३३	१४०२८७४	११७०४८८	८३.४४
जम्मा	**६०१०१३३**	**८३७२४७८**	**१२७८९९४९**	**१०८४६८२१**	**८४.८१**
सामान्य सार्वजनिक सेवा	१७२४८१३	२०९६८५५	४९९१४८४	४०३६२८१	८०.८६
रक्षा	३५०९९४	४३११५५	४४९५५९	४८००६७	१०६.७९
सार्वजनिक शान्ति सुरक्षा	३४७९४७	५६९९१५	५०६२९०	५३९२१३	१०६.५०
आर्थिक मामिला	१७५३०२४	२८१२८८७	४५४६०३१	३८८९२९९	८५.५५
वातावरण संरक्षण	११७४३४	६३५२५	१५१३९०	१३५१२७	८९.२६
आवास तथा सामुदायिक सुविधा	२२८०८४	४१०३०५	६३०६२५	५०९१३८	८०.७४
स्वास्थ्य	३४००९०	४५३५७५	४१०८९९	३५९२११	८७.४२
संस्कृति र धर्म	३९६६६	६४८६६	५९७२०	५२६५१	८८.१६
शिक्षा	९०६८९५	१०८५९०१	६५१३५७	४५०१९०	६९.१२
सामाजिक सुरक्षा	२०११८६	३८३४९४	३९२५९४	३९५६४४	१००.७८
जम्मा	**६०१०१३३**	**८३७२४७८**	**१२७८९९४९**	**१०८४६८२१**	**८४.८१**

१३. **खर्चको स्थिति** – महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने संघीय सरकारका पाँच मन्त्रालय र अन्यको खर्चको विवरण निम्नानुसार छ:

(रु. लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय	रकम	कुल चालु खर्चको प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	कुल पूँजीगत खर्चको प्रतिशत
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	९६४२०६	१३.८४	१	भौतिक पूर्वाधार तथा यातायात	९६०१२१	३५.४७
२	गृह मन्त्रालय	५८८०२२	८.४४	२	उर्जा, जलस्रोत तथा सिंचाई	५३४६२०	१९.७५
३	शिक्षा मन्त्रालय	४५८४८०	६.५८	३	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२३८५१५	८.८१
४	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	४२८६४३	६.१५	४	शहरी विकास	२०८२८९	७.६९
५	रक्षा मन्त्रालय	४२३००६	६.०७	५	खानेपानी	१८६६२०	६.८९
६	अन्य	४१०६८३८	५८.९२	६	अन्य	५७८९७२	२१.३९
	जम्मा	**६९६९१९५**	**१००**		**जम्मा**	**२७०७१३७**	१००.००

चालु र पुँजीगत खर्च बाहेक वित्तीय खर्च रु.१ खर्ब १७ अर्ब ५ करोड रहेको छ ।

१४. **स्रोतगत खर्च –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०७२।७३ र २०७३।७४ को यथार्थ खर्च तथा २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु.लाखमा)

स्रोत	२०७२।७३ को यथार्थ खर्च	२०७३।७४ को यथार्थ खर्च	२०७४।७५ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	५२८२४३३	७३७४०६३	९९२७९१८	९५५७५९२	२९.६१
वैदेशिक अनुदान	३९५४१८	४०८१९३	७२१६७७	३९३१८७	-३.६८
वैदेशिक ऋण	३३२२८३	५९०२२२	२१४०३५४	८९६०४२	५१.८१
जम्मा	**६०१०१३४**	**८३७२४७८**	**१२७८९९४९**	**१०८४६८२१**	**२९.५५**

१४.१. यो वर्ष नेपाल सरकारको स्रोततर्फ रु.९ खर्ब ५५ अर्ब ७६ करोड खर्चमध्ये राजस्वबाट रु.७ खर्ब ८२ अर्ब ३९ करोड (८१.८६ प्रतिशत) व्यहोरेको छ ।

१४.२. यो वर्ष चालुतर्फ रु.६ खर्ब ९६ अर्ब ९२ करोड खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.१६ अर्ब ३७ करोड रहेको छ । यो रकममा बहुपक्षीय र द्विपक्षीय ऋणको ब्याज भुक्तानी रु.१६ अर्ब २४ करोड समेत समावेश छ ।

१४.३. यो वर्ष वैदेशिक अनुदानतर्फ २५ निकायअन्तर्गत रु.७२ अर्ब १७ करोड प्राप्त हुने अनुमान भएकोमा रु.३९ अर्ब ३२ करोड प्राप्त भएको र वैदेशिक ऋणतर्फ १७ निकायअन्तर्गत रु.२ खर्ब १४ अर्ब ४ करोड प्राप्त हुने अनुमान भएकोमा रु.८९ अर्ब ६० करोड प्राप्त भएको छ ।

१५. **राजस्व असुली –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७२।७३ र २०७३।७४ को यथार्थ असुली तथा २०७४।७५ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छ:

(रु. लाखमा)

विवरण	२०७२।७३ को यथार्थ असुली	२०७३।७४ को यथार्थ असुली	२०७४।७५ को		
			अनुमान	असुली	प्रतिशत
कुल राजस्व	**४९८९१६५**	**६१५४६८४**	**७४५०५५६**	**७८२३९१४**	**१०५.०१**
१. कर राजस्व	४२१०९६६	५५३८०१६	६६६२०४६	६५९४९१५	९८.९९
२. गैरकर राजस्व (गत वर्षको नगद मौज्दात तथा बेरुजूसमेत)	६४१२५९	५८७२६६	६३८५१०	६७२२६१	१०५.२९
३. सांवा फिर्ता	१३६९४०	२९४०२	१५००००	५५६७३८	३७१.१६

गतवर्षको तुलनामा यो वर्ष राजस्व असुली २७.१२ प्रतिशतले बढेको देखिन्छ । २०७४।७५ को असुलीमा गत वर्षको नगद मौज्दात तथा बेरुजूबाट दाखिला भएको रु.५ अर्ब ५२ करोड २४ लाख समावेश छ । यससम्बन्धी विवरण अनुसूची १३ मा उल्लेख छ । राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद–३ को मन्त्रालय खण्डमा समावेश छ ।

परिच्छेद – २
लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ ले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजू रु.१ खर्ब ४१ अर्ब ५ करोड रहेको छ । सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छ:

(रु. लाखमा)

वर्गीकरण	संघीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/अन्य संस्था र जिल्ला समन्वय समिति	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	**३२०३५२**	**२११**	**२७२१६**	**६९७९**	**३५४७५८**	**२५.१५**
२. नियमित गर्नुपर्ने	**२९२५४२**	**६६३**	**१४८१६०**	**७५५६८**	**५१६९३३**	**३६.६५**
• अनियमित भएको	६६७३८	२९६	६३२५४	२०४६४	१५०७५२	१०.६९
• प्रमाण कागजात पेस नभएको	२१५२५३	३६७	८४२४४	५४९९१	३५४८५५	२५.१६
• जिम्मेवारी नसारेको	०	०	४१७	५	४२२	०.०३
• शोधभर्ना नलिएको	१०५५१	०	२४५	१०८	१०९०४	०.७७
३. पेस्की	**४५०४८६**	**१०७७**	**६६०४०**	**२१२११**	**५३८८१४**	**३८.२०**
• कर्मचारी पेस्की	२६७०	२	२३१६४	२४९	२६०८५	१.८५
• मोबिलाइजेसन पेस्की	२६३६९९	०	०	०	२६३६९९	१८.७०
• प्रतीतपत्र पेस्की	८७४५१	०	०	०	८७४५१	६.२०
• अन्य पेस्की	९६६६६	१०७५	४२८७६	२०९६२	१६१५७९	११.४५
जम्मा बेरुजू	**१०६३३८०**	**१९५१**	**२४१४१६**	**१०३७५८**	**१४१०५०५**	**१००.००**

द्रष्टव्य: *संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

बेरुजू वर्गीकरणको विवरण अनुसूची–१५, १६ र २१ मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजू -** संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोड रहेको छ । गत वर्ष भन्दा बेरुजू २९.९३ प्रतिशतले बढेको छ ।

(रु.लाखमा)

क्र.सं.	विवरण	गतवर्षसम्म	यसवर्ष घट/थप	अद्यावधिक बेरुजू		
				पेस्की	अन्य	कुल बेरुजू
१	संघीय सरकारी कार्यालय	२१३६६७९	७२३३३३	१०३३३९२	१८२६६२०	२८६००१२
२	प्रदेश सरकारी कार्यालय	०	१९५१	१०७७	८७४	१९५१
३	स्थानीय तह	१४२४६०	२१७४६५	६६०४०	२९३८८५	३५९९२५
४	जिल्ला समन्वय समिति, अन्य संस्था र समिति	६२६१२८	-७३२५१	०	५५२८७७	५५२८७७
	जम्मा	**२९०५२६७**	**८६९४९८**	**११००५०९**	**२६७४२५६**	**३७७४७६५**

अद्यावधिक बेरुजूको विवरण अनुसूची– १७ र १८ मा उल्लेख छ ।

३. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम -** संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु ३ खर्ब ६ अर्ब १८ करोड रहेको छ । उक्त रकम गतवर्ष भन्दा ४६.११ प्रतिशत बढेको छ ।

(रु.लाखमा)

क्र.सं.	विवरण	गत वर्षसम्म	यस वर्ष थप । घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता	३३८०७	२१४	३४०२१
२	राजस्व बक्यौता	१६११६१५	९०९६८६	२५२१३०१
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२०५८१४	१८१२	२०७६२६
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२२३७८१	५४५७९	२७८३६०
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	**२०९५५१७**	**९६६२९१**	**३०६१८०८**

उक्त रकममा अद्यावधिक बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्ब ८३ अर्ब ६६ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रु.५ खर्ब ८ करोड रहेको थियो । गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम ३६.७१ प्रतिशतले बढेको छ ।

४. **बेरुजू विश्लेषण -** संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, संगठित संस्था, अन्य समितिको बेरुजूको अवस्था निम्नानुसार रहेको छ:

४.१. यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, संगठित संस्था, अन्य समिति तथा संस्थासमेतको रु.५१ खर्ब ६० अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न भएकोमध्ये संघीय सरकारी कार्यालयतर्फ रु.२० खर्ब ८ अर्ब ८४ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.१ खर्ब ११ अर्ब २३ करोड बेरुजू देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रु.४ अर्ब ८९ करोड (कुल बेरुजूको ४.३९ प्रतिशत) सम्परीक्षण गराएबाट बाँकी बेरुजूका सम्बन्धमा बेरुजू फछ्यौंटको कारबाही हुन आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ (३) को व्यवस्थाअनुसार सम्बन्धित लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइएको छ । सोही ऐनको उपर्युक्त दफाको व्यवस्थाअनुसार फछ्यौंट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री र निकाय प्रमुखलाई जानकारी गराउँदा पनि रु.१ खर्ब ६ अर्ब ३४ करोडको बेरुजू फछ्यौंट हुन बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६ र २१ मा समावेश छ ।



४.२. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजू फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी प्रचलित कानुनबमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको छ । सोही ऐनको दफा १९ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्यौंट गर्ने र फछ्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७४।७५ को बेरुजू फछ्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची २२ र २३ मा समावेश गरिएको छ ।

४.३. संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति तथा संस्थासमेतको यो वर्षको लेखापरीक्षणबाट रु.१ खर्ब ४१ अर्ब ५ करोड बेरुजू देखिएको छ । यो वर्षसम्म फछ्यौंट गर्न बाँकी कुल बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोडको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६, १७ र २१ मा छ ।

४.४. संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	अर्थ	१०४९२३२२	२५४५१०	५६४५१	४४२४	३१५३८५	२९.६६	३.०१
२.	भौतिक पूर्वाधार तथा यातायात	१३५२४८९	१०७९१	३००९६	१६५७९०	२०६६७६	१९.४४	१५.२८
३.	रक्षा	६८९०९६	१२८	७७६	१११४७३	११२३७७	१०.५७	१६.३१
४.	शिक्षा, विज्ञान तथा प्रविधि	४८३५४८	४१२	६९४२६	१५८९	७१४२७	६.७२	१४.७७
५.	खानेपानी	२६८१८२	२३८७४	१७८४८	१८७१८	६०४४०	५.६८	२२.५४
६.	ऊर्जा, जलस्रोत तथा सिँचाइ	८१०६६९	३८५९	२२००२	३३२११	५९०७२	५.५६	७.२९
७.	शहरी बिकास	३०५५९०	११८५	२९८६	५२२०१	५६३७२	५.३०	१८.४५
८.	सङ्घीय मामिला तथा सामान्य प्रशासन	६३१३९२	३६८५	२३८१७	१४०९७	४१५९९	३.९१	६.५९
९.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१५६५३०९	१३४४	१२५६८	२३४१४	३७३२६	३.५१	२.३८
१०.	भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण	४५७३४७	१८५८	२१२५१	१६३	२३२७२	२.१९	५.०९
११.	अन्य	३०३२४५७	१८७०७	३५३२१	२५४०५	७९४३३	७.४७	२.६२
	जम्मा	**२००८८४०३**	**३२०३५२**	**२९२५४२**	**४५०४८६**	**१०६३३८०**	**१००.००**	**५.२९**

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९२.५३ प्रतिशत रहेको छ।



४.५. यो वर्ष ४ हजार ८४१ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १ हजार ८५४ कार्यालय (३८.२९ प्रतिशत) मा लगती बेरुजू देखिएन।

४.६. यो वर्ष ३ हजार ८७८ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तह एवं जिल्ला समन्वय समितिको ९७ हजार ७५ दफा बेरुजू देखिएकोमा ५९ हजार ४६९ दफा सैद्धान्तिक र ३७ हजार ६०६ दफा लगती बेरुजू कायम भएको छ ।

४.७. संघीय सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.३३ अर्ब ८२ करोड ४१ लाखमध्ये २८ निकायअन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.५६ करोड ५६ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि २१ निकायअन्तर्गतका कार्यालयले रु.१ अर्व २२ करोड ३२ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा २३ निकाय मातहतका कार्यालयले रु.६ अर्ब ९५ करोड ५१ लाख समेत रु.८ अर्ब ७४ करोड ३९ लाख र अन्य निकायबाट असुल भएको रु.१० करोड ४४ लाख समेत कुल रु.८ अर्ब ८४ करोड ८३ लाख असुल भएको छ । यो वर्षको लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.३२ अर्ब ३ करोड ५२ लाखमध्ये १० मन्त्रालय/निकायको रु.३१ अर्ब ६४ करोड ४५ लाख (९८.७८ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.३९ करोड ७ लाख (१.२२ प्रतिशत) देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ९ मा छ ।

४.८. संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.८२ अर्ब ४ करोड २ लाख बाँकी रहेकोमध्ये रु.२३ अर्ब ७४ करोड ९६ लाख (२८.९५ प्रतिशत) फछ्यौंट भई रु.५८ अर्ब २९ करोड ६ लाख बाँकी रहेको र सोमा यो वर्ष थप भएको रु.४५ अर्ब ४ करोड ८६ लाखसमेत कुल पेस्की रु.१ खर्व ३ अर्ब ३३ करोड ९२ लाख बाँकी रहेको छ । सोमध्ये कर्मचारी रु.१ अर्ब ३६ करोड १ लाख (१.३२ प्रतिशत) मोबिलाइजेसन रु.५४ अर्ब १२ करोड ६० लाख (५२.३७ प्रतिशत), प्रतीतपत्र रु.१५ अर्ब ३ करोड ६९ लाख (१४.५५ प्रतिशत) र अन्य पेस्की रु.३२ अर्ब ८१ करोड ६२ लाख (३१.७६ प्रतिशत) रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण अनुसूची ८ मा छ । त्यस्तै समिति, अन्य संस्थातर्फ यो वर्षको रु.२ अर्ब १२ करोड ११ लाख पेस्की बाँकी देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ८ मा छ ।

परिच्छेद – ३
लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

१. **लेखापरीक्षण बक्यौता** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र लेखा र आर्थिक विवरण दाखिला गर्नुपर्ने, तदनुसार दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई जरिबाना र विभागीय कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । सरकारी कार्यालय, त्रिभुवन विश्वविद्यालय, संगठित संस्था, समिति तथा अन्य संस्थाले कानुनले तोकेको समयमा लेखा तथा आर्थिक विवरण दाखिला नगरेकोले लेखापरीक्षण बक्यौता रहेको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

१.१ संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ८९९ इकाईको रु.३ अर्ब ३८ करोड ७ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनैपनि निकायले लेखापरीक्षण गराएका छैनन् । यो वर्ष १ मन्त्रालयको रु.२ करोड १४ लाख थप भई रु.३ अर्ब ४० करोड २१ लाख बाँकी रहेको छ । सार्वजनिक लेखा समितिले बक्यौताको लेखा पेस गरी लेखापरीक्षण गराउन निर्देशन दिए पनि लेखापरीक्षण गराएको छैन । कानुनबमोजिम कारबाही गरी लेखापरीक्षण गराउनुपर्दछ । यससम्बन्धी विवरण अनुसूची ३ मा छ ।

१.२ गत वर्षसम्म ८ संगठित संस्थाको ४३ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ७ संस्थाको ३३ आर्थिक वर्षको बाँकी रहेको छ । लेखापरीक्षण गराउन संस्थाको कार्यकारी प्रमुखले चासो नराखेको कारण लेखापरीक्षण बक्यौता बढेको छ ।

१.३ यस वर्ष ६ स्थानीय तहले रु.१ अर्ब ६७ करोड ५० लाखको लेखापरीक्षण गराएका छैन ।

२. **राजस्व बक्यौता** - गत वर्षसम्म राजस्व बक्यौता रु.१ खर्ब ६१ अर्ब १६ करोड रहेकोमा यो वर्ष ५६.४५ प्रतिशत वृद्धि भई रु.२ खर्ब ५२ अर्ब १३ करोड पुगेको छ । बक्यौता रकममध्ये अर्थ मन्त्रालयको ९५.०२ प्रतिशत रहेको छ । यो वर्षको मूल्य अभिवृद्धि करतर्फ बक्यौताको लगत कायम गरी आर्थिक विवरणमा नदेखाएकोले राजस्व बक्यौता रकम यकिन हुन सकेन । प्रचलित कानुनअनुसार दाखिला गर्नुपर्ने राजस्व निश्चित समयभित्र दाखिला नगर्ने व्यक्तिको कारोबार एवं चल अचल सम्पत्ति रोक्का गरी असुल गर्न सकिने व्यवस्था भए तापनि कार्यालयहरुले कानुनबमोजिम कारबाही नगरेकोले राजस्व बक्यौतामा वृद्धि भएको छ । निकायगत राजस्व बक्यौताको विवरण अनुसूची १० मा छ ।

३. **भुक्तानीमा कर कट्टी** – आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार करयोग्य रकम भुक्तानी गर्दाकै अवस्थामा अग्रिम कर कट्टी गर्नुपर्नेमा २५ निकायअन्तर्गतका ४९३ कार्यालयले रु.१० करोड २३ लाख अग्रिम कर कट्टा नगरी भुक्तानी गरेका छन् । यसैगरी संगठित संस्था, समिति र अन्य संस्था १०१ ले रु.२ करोड ५५ लाख कट्टा नगरेको समेत रु.१२ करोड ७८ लाख छुट कर रकम ब्याजसहित असुल हुनुपर्दछ । यससम्बन्धी विवरण अनुसूची १२ मा छ ।

४. **प्राविधिक तथा अन्य सहायता** - बजेट वक्तव्यसाथ व्यवस्थापिका-संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा संघीय सरकारका २५ मन्त्रालय/निकाय अन्तर्गत १४१ सम्झौतामा यो वर्ष रु.२५ अर्ब २ करोड ३५ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४(२) अनुसार प्राविधिक सहायतासम्बन्धी विवरण केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आय-व्ययको चित्रण हुन सकेको छैन । सार्वजनिक लेखा समितिबाट प्राविधिक सहायताको लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि ती सहायताको आर्थिक विवरण एवं स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन । यो वर्ष अन्य सहायता रु.४ अर्ब ३३ करोड ७२ लाख प्राप्त भएकोमा सो रकम बजेटमा समावेश गरी लेखापरीक्षण गराएको छैन । यससम्बन्धी विवरण अनुसूची ११ मा छ ।

५. **कोष सञ्चालन -** संघीय सरकारी कार्यालयतर्फ २१ निकायअन्तर्गत सञ्चालनमा रहेका कोषहरुमा गत वर्षको जिम्मेवारी रु.१ खर्ब १३ अर्ब ३५ करोड र यो वर्षको आम्दानी रु.२ खर्ब ६० अर्ब ९० करोडसमेत रु.३ खर्ब ७४ अर्ब २५ करोड मध्ये रु.२ खर्ब ६४ अर्ब ८१ करोड खर्च भई रु.१ अर्ब ९ करोड ४५ लाख बाँकी

रहेको छ । यस सम्बन्धी विवरण अनुसार १९ मा छ । यस्ता कोषमा नेपाली सेना कल्याणकारी कोष, नेपाल प्रहरी कल्याणकारी कोष, सशस्त्र प्रहरी बल कल्याणकारी कोष, पत्रकार कल्याण कोष, वातावरण संरक्षण कोष, वन विकास तथा घाटगद्दी कोष, छात्र शिक्षा कोष, जिल्ला शिक्षा कोष, शान्ति कोष लगायत छन् ।

निश्चित उद्देश्य राखी कोष स्थापना गरी रकम जम्मा गरेतापनि कार्यविधि बनाई कार्यान्वयन नगर्नाले सांसद विकास कोष, शान्ति कोष, प्रविधि विकास कोष, नयाँ निर्माण कोष, छात्रा शिक्षा कोष र सूचना विभाग कार्य सञ्चालन कोषमा रु.५३ करोड २८ लाख विगत वर्षदेखि नै निष्क्रिय रहेको छ । अर्थ मन्त्रालयबाट २०६५।४।३० मा कुनै पनि निकायअर्न्तगत कार्य सञ्चालन कोष रहेको भए बन्द गरी विनियोजन ऐनबमोजिम खर्च गर्ने निर्णय भएपनि हालसम्म पनि यस्ता कोषहरु सञ्चालनमा नै रहेका छन् ।

६. **आयोजना हिसाब -** नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार यो वर्ष ६८ आयोजनाको आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन दिनुपर्नेमा पेस हुन आएका ५२ आयोजनाको आयोजना हिसाब प्रमाणित गरी लेखापरीक्षण प्रतिवेदनसहित उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये एसियाली विकास बैकतर्फ २१, विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ २२ र अन्य दातृराष्ट्र/निकायतर्फ ९ रहेको छ । आयोजना १६ ले आयोजना हिसाब प्रमाणीकरणका लागि पेस गरेका छैनन् । समयमै आयोजना हिसाब पेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७. **ठेक्का व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष शहरी विकास, संघीय मामिला तथा सामान्य प्रशासन, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात, गृह, खानेपानी र शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गत रु ५४ अर्ब ५७ करोड २० लाखको २ हजार ५८ ठेक्का बन्दोबस्त गरेकोमध्ये रु.५० अर्ब ६८ करोड ८२ लाखको १ हजार ७९५ ठेक्का दोस्रो र तेस्रो चौमासिकमा बन्दोबस्त गरेको पाइयो । तेस्रो चौमासिकमा गरेको ठेक्का बन्दोबस्तमध्ये रु.१९ अर्ब २८ करोड ३ लाखको १९३ ठेक्का आषाढ महिनाको रहेको छ ।

८. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद कार्य गर्न नहुने व्यवस्था छ । यो वर्ष शहरी विकास, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानी, भौतिक पूर्वाधार तथा यातायात, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गतका ११६ कार्यालयले संरचना निर्माण र मालसामान खरिद कार्यलाई विभिन्न टुक्रामा विभाजन गरी रु.२ अर्ब ५ करोड ४५ लाखको कार्य प्रतिस्पर्धाबेगर सोझै खरिद गरेको पाइयो । ऐन विपरीत प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गराउनु हुँदैन ।

९. **परामर्श सेवा -** कार्यालयको मौजुदा जनशक्तिबाट गर्न सकिने कार्यसमेत परामर्शदाताबाट गराएको छ । यो वर्ष भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानी र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मातहतका इकाईले रु.३ अर्ब ४१ लाख परामर्श सेवा लिई खर्च गरेका छन् । विभागीय जनशक्तिबाट गराउन सकिने काममा समेत परामर्शदाता राखी खर्च गरेकोले आयोजनाको लागत बढ्न गएको छ । अत्यावश्यक सेवाबाहेक विभागीय जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशतसम्म समावेश गर्न सकिने व्यवस्था छ । कन्टेन्जेन्सी खर्च गर्ने स्पष्ट नीति तय नभएको अवस्थामा भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानी, शहरी विकास र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलागयत ६ मन्त्रालय मातहतको निकायले यो वर्ष रु १ अर्ब ३२ करोड ४९ लाख खर्च लेखेका छन् । कन्टेन्जेन्सीबाट खर्च नियन्त्रण गर्नेतर्फ प्रभावकारी कदम चाल्नुपर्दछ ।

११. **म्याद थप -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । यो वर्ष शहरी विकास, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानीलगायतका ४ मन्त्रालय अन्तर्गतका निकायका म्याद थप भएका ७६७ ठेक्काको विश्लेषण गर्दा ३०५ ठेक्कामा शुरु सम्झौताको ५० प्रतिशतसम्म, २७५ ठेक्कामा शुरु सम्झौताको

५१ देखि १०० प्रतिशतसम्म र १८७ ठेक्कामा सुरु सम्झौताको शतप्रतिशतभन्दा बढी म्याद थप गरेको पाइयो । ठेक्काको म्याद थप गर्दा थपहुने व्ययभार र सेवाग्राहीले समयमा सेवा सुविधा नपाएको सम्बन्धमा पर्याप्त विश्लेषण गर्ने गरेको पाइएन ।

१२. **राष्ट्रिय गौरवका आयोजना** - मुलुकको भौतिक पूर्वाधारको विकास तथा जनतालाई सेवा सुविधा विस्तार गर्न उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिएका राष्ट्रिय गौरवका आयोजनाको २०७४।७५ सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छ:

(रु.करोडमा)

सि.न	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	मेलम्ची खानेपानी आयोजना	२०५८/५९	२०७४/७५	३५५४	२५२०	९६
२	माथिल्लो तामाकोशी आयोजना	२०६७/६८	२०७४/७५	४९२९	४४७४	९८.७
३	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४/६५	२०७७/७८	८०१४	२६८९	४५
४	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९/७०	२०८२/८३	२७८१९	३३९५	११
५	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७०/७१	२०७५/७६	३०४१	११९५	५०
६	रानीजमरा कुलरिया सिंचाई आयोजना	२०६६/६७	२०८०/८१	२७७०	१०४७	४०
७	सिक्टा सिंचाई आयोजना	२०५९/६०	२०७६/७७	२५०२	१४४७	५७
८	बबई सिंचाई आयोजना	२०४४/४५	२०७८/७९	१२६९	६३३	५९.५
९	भेरी बबई डाइभर्सन बहुउदेश्यीय आयोजना	२०६८/६९	२०७८/७९	३३६१	६९८	३५
१०	पश्चिम सेती जलविद्युत आयोजना	-	-	-	-	-
११	पशुपति क्षेत्र विकास कोष	२०५७/५८	२०७३/७४	२०३	प्राप्त नभएको	४०.२
१२	लुम्बिनी क्षेत्र विकास कोष	२०६६/६७	-	६१०	३७४	८०
१३	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७१/७२	२०७७/७८	२१६०	४३९	१५
१४	दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ	२०७१/७२	२०७८/७९	१२०००	३०	०.२५*
१५	काठमाडौं तराई मधेश फाष्ट ट्रयाक	२०६४/६५	२०७७/८९	२५०००	११७१	४.६८*
१६	रेल्वे तथा मेट्रो विकास आयोजना	२०६६/६७	नखुल्ने	७०९७	७८७	१३.७
१७	उत्तर दक्षिण लोकमार्ग, कर्णाली	२०६४/६५	२०७९/८०	४१०	१००	१२
१८	उत्तर दक्षिण लोकमार्ग, कोशी	२०६५/६६	२०७७/७८	१६२०	२४५	३५
१९	उत्तर दक्षिण लोकमार्ग, काली गण्डकी	२०६६/६७	२०७७/७८	२२१२	३९४	१०
२०	हुलाकी लोकमार्ग आयोजना	२०६३/६४	२०७७/७८	६५२०	२०५२	२५
२१	राष्ट्रपति चुरे-तराई संरक्षण विकास समिति	२०६७/६८	-	१९६	-	-
२२	गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक	-	२ वर्ष	९५०	१७२	१८.११

**** भौतिक प्रगति उपलब्ध नभएकोले वित्तीय प्रगति समावेश गरिएको छ ।***

उल्लिखित तालिकाअनुसार राष्ट्रिय गौरवका आयोजनाको भौतिक प्रगति मिश्रित देखिएको छ । पश्चिम सेती जलविद्युत आयोजनाको काम शुरु नभएको एवं दोस्रो अन्तराष्ट्रिय विमानस्थल निजगढ, काठमाडौं तराई मधेश फाष्ट ट्रयाक, बुढीगण्डकी जलविद्युत आयोजना, उत्तर दक्षिण लोकमार्ग काली गण्डकी र कर्णालीको समग्र भौतिक प्रगति १५ प्रतिशतभन्दा न्यून रहेको देखिन्छ ।

कार्यान्वयन क्षमताको अभाव, कमजोर ठेक्का व्यवस्थापन, जग्गा प्राप्ति र रुख कटानमा समस्या एवं ढिलाइ, अन्तर निकाय समन्वयको कमी, उपकरण ढुवानीमा कठिनाइ, कतिपय आयोजनाको कार्यान्वयन ढाँचा निर्धारण, विस्तृत सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार नभएको लगायतका कारण यी आयोजना निर्धारित समयमा सम्पन्न हुन नसकी समय र लागत दुवै वृद्धि हुने देखिन्छ ।

१३. **संगठित संस्थाको लेखापरीक्षण** - यो वर्ष ४३ संस्थाको बक्यौतासमेत ७८ आर्थिक वर्षको लेखापरीक्षण गर्नुपर्नेमा ३६ संस्थाको ५४ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भएको छ । सम्पन्न ३६ मध्ये ४५ आर्थिक वर्षको अन्तिम प्रतिवेदन जारी भई ७ संस्थाको ३३ आर्थिक वर्षको बाँकी रहेको छ । समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीहरुलाई जिम्मेवार बनाई आवश्यक कारबाही हुनुपर्दछ ।

१४. **संगठित संस्थाको सञ्चालन नतिजा -** लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायिक लेखा राखी वासलात तयार गर्ने ९१ संस्था, समिति र अन्य संस्थाको वित्तीय स्थिति यस प्रतिवेदनमा समावेश गरिएकोमा ६१ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन मुनाफा रु.९५ अर्ब

५५ करोड ६७ लाख र ३० संस्थाको कुल सञ्चालन नोक्सानी रु.७ अर्ब १ करोड ५७ लाख रहको छ । यससम्बन्धी विवरण अनुसूची ६ मा उल्लेख छ ।

यस्तै व्यावसायिक लेखा नराखी आय-व्यय हिसाब मात्रै तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था ५५ को सञ्चालन बचत रु.६ अर्ब ७५ करोड ९७ लाख र ३८ संस्थाको सञ्चालन नोक्सानी रु.२ अर्ब ७० करोड १० लाख रहेको छ । यससम्बन्धी विवरण अनुसूची ७ मा उल्लेख छ ।

१५. **लेखापरीक्षक नियुक्तिमा परामर्श -** लेखापरीक्षण ऐन, २०७५ को दफा ११(२) अनुसार संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनु पर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन । यो वर्ष ३० संस्थाले ४१ आर्थिक वर्षको मात्र लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गरेका छन् । समयमै परामर्श माग गरी लेखापरीक्षण अद्यावधिक नगराउने संस्थाका सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

खण्ड - १
संघीय मन्त्रालय तथा निकाय

संघीय संसद सचिवालय

नेपालको संविधानको भाग ८ धारा ८३ मा दुई सदन सहितको एक संघीय व्यवस्थापिका रहने जसलाई संघीय संसद भनिने उल्लेख छ । राज्य संचालनका क्रममा आवश्यकता अनुसार नेपाल सरकारले पेश गरेको विधेयकहरुउपर सदनमा छलफल गरी कानुन निर्माण गर्नु संघीय संसदको मुख्य कार्य हो । संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रतिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहने राष्ट्रिय सभा गठन सम्वन्धी व्यवस्था छ । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ अनुसार प्रतिनिधि सभामा १०, राष्ट्रिय सभामा ४ र दुवै सदनको संयुक्तरुपमा २ गरी १६ विषयगत समिति रहेका छन् । यो वर्ष प्रतिनिधि सभामा ४९ विधेयक दर्ता भएकोमध्ये २८ पारित भएका छन् भने राष्ट्रिय सभावाट ९ विधेयक पारित भएका छन् ।

संसदको काम कारवाही सुचारुरुपले सञ्चालन गर्न व्यवस्थापिका संसद सचिवालयसम्बन्धी ऐन, २०६४ अनुसार व्यवस्थापिका संसद सचिवालयको स्थापना भई हाल संघीय संसद सचिवालयमा रुपान्तरण भएको छ । सचिवालयमा विभिन्न दर्जाका गरी ४५१ जनाको दरबन्दी रहेको छ ।

सचिवालयको यो वर्ष विनियोजन रु.१ अर्व ७ करोड ६८ लाख २१ हजार, राजस्व रु.५२ लाख ४९ हजार, धरौटी रु.१ करोड ९ लाख ७५ हजार र अन्य कारोबार रु.५ करोड ६ लाख ४७ हजार समेत रु.१ अर्ब १४ करोड ३६ लाख ९२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

१. **प्रोत्साहन भत्ता -** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम १२३ मा कुनै पनि कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयले सचिवालयका कर्मचारीलाई २०७४।१०।७ सम्मको प्रोत्साहन भत्ता वितरण गर्न सहमति प्रदान गरेकोमा सचिवालयले अर्थ मन्त्रालयको सहमति बेगर २०७४।१०।८ देखि २०७५ आषाढ मसान्तसम्मको प्रोत्साहन भत्ता रु.३ करोड ६९ लाख १७ हजार उपलव्ध गराएको छ । यसरी नियम विपरित उपलव्ध गराएको प्रोत्साहन भत्ता सम्वन्धितबाट असुल गर्नुपर्दछ ।

२. **खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सचिवालयले यो वर्ष रु.२ करोड ९७ लाखको मालसामान खरिद तथा विभिन्न मर्मत कार्य बोलपत्र आह्वान नगरी सिधै खरिद गरेको देखियो । नियमावलीमा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** संघीय संसद सचिवालयको यो वर्ष रु.७ करोड ४० लाख ९० हजार बेरुजू देखिएकोमा फछ्यौंट हुन सक्ने प्रतिक्रिया तथा प्रमाण प्राप्त नभएकोले बाँकी रहेको छ । सोमध्ये रु.३७ लाख ३ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

सर्वोच्च अदालत

नेपालको संविधानको भाग ११ धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था भएको छ ।सर्वोच्च अदालतमा प्रधानन्यायाधीशका अतिरिक्त बढीमा २० जना अन्य न्यायाधीश रहने र संवैधानिक परिषद्को सिफारिसमा प्रधानन्यायाधीशको र न्याय परिषद्को सिफारिशमा अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिवाट हुने व्यवस्था छ । सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा वाहेक सवै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत मातहत रहने व्यवस्था छ । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतको हुने तथा सर्वोच्च अदालतले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत र न्यायिक निकायको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने एवं आफ्नो र मातहत अदालत वा न्यायिक निकायको अवहेलनामा कारवाही चलाई कानुनबमोजिम सजायसमेत गर्नसक्ने व्यवस्था छ । नेपालको संविधानमा ३ तहको अदालत हुने व्यवस्थाअनुरुप सर्वोच्च अदालत, उच्च अदालत, विशेष अदालत, जिल्ला अदालतसमेत १०७ निकाय रहेका छन् ।

सर्वोच्च अदालत र मातहत निकायको यो वर्ष विनियोजन रु. ५ अर्व ११ करोड ७६ लाख ७७ हजार, राजस्व रु.९८ करोड ८१ लाख ५२ हजार, धरौटी रु.६ अर्व ८८ करोड ५७ लाख ४७ हजारसमेत रु.१२ अर्ब ९९ करोड १५ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **दरबन्दी र पदपूर्ति -** सर्वोच्च अदालतसमेत ३ तहका अदालतमा देहायअनुसार न्यायाधीश तथा अन्य कर्मचारीसहित विभिन्न तहका ५ हजार ३५६ दरबन्दी रहेकोमा ३ हजार ८६८ पूर्ति भई १ हजार ४८८ पद रिक्त रहेको देखिन्छ ।

क्र.स.		विवरण	सर्वोच्च अदालत	उच्च अदालत	जिल्ला अदालत	जम्मा
१	न्यायाधीश	दरबन्दी	२१	१६०	२४०	४२१
२		पदपूर्ति	१६	१४६	२३५	३९७
३		रिक्त	५	१४	५	२४
४	अन्य कर्मचारी	दरबन्दी	४७२	९४१	३५२५	४९३८
५		पदपूर्ति	३२४	६७४	२४९८	३४९६
६		रिक्त	१४८	२६७	१०२७	१४४२

२. **मुद्दाको विवरण -** यो वर्ष सर्वोच्च अदालतमा गत वर्षको जिम्मेवारी समेत मुद्दा, रिट, प्रतिवेदनलगायत १२ किसिमका ३२ हजार ७१७ मुद्दामध्ये १२ हजार ४१९ फछ्यौंट भई २० हजार २९८ मुद्दा फछ्यौंट गर्न बाँकी रहेको छ ।

३. **सवारी सुविधा -** सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवा शर्त र सुविधासम्बन्धी ऐन, २०७४ को दफा ७(५)मा प्रधान न्यायाधीशलाई उपलब्ध गराएको सवारीसाधनको सुविधा निजको कार्यकाल समाप्त भएको ७ दिनसम्म मात्र पाउने व्यवस्था छ । सोही ऐनको दफा ७(६)) अनुसार अवकास प्राप्त न्यायाधीशले आफैले खरिद गरी लैजान चाहेमा सो सवारीसाधनको किताबी मूल्य लिई हस्तान्तरण गर्न सकिने उल्लेख छ । सर्वोच्च अदालतबाट २०७४।१२।१ मा अवकाश प्राप्त एक प्रधान न्यायाधीशले प्रयोग गरेको रु.१ करोड २९ लाख ६० हजार मूल्यको सवारीसाधन हालसम्म फिर्ता भएको देखिएन । सवारीसाधनको किताबी मूल्य लिई हस्तान्तरण समेत नभएकोले ऐनको व्यवस्था पालना हुनुपर्दछ । गत वर्षको प्रतिवेदनमा समेत पूर्व प्रधानन्यायाधीशले लगेको सवारीसाधन फिर्ता नभएको व्यहोरा उल्लेख गरेकोमा कार्यान्वयन भएको छैन ।

४. **खर्च शीर्षक -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५मा कार्यालयले स्वीकृत बजेटबाट खर्च गर्दा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न वांकी भएमा मात्र अधिकार प्राप्त अधिकारीले खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । अदालतले यस वर्ष १० पदाधिकारी र १७ कर्मचारीलाई तलब खर्च शीर्षकबाट वैदेशिक भ्रमणका लागि दिएको पेस्की रु.१ करोड ५ लाख १६ हजार लेखापरीक्षण अवधिसम्म पनि फछ्यौंट भएको देखिएन । रकमान्तर स्वीकृत नगराई शीर्षक फरक पारी गरेको खर्च नियम सम्मत देखिएन । नियमावलीको पालना गरी वजेट खर्च गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** सर्वोच्च अदालत र मातहत समेत ७२ निकायमा यो वर्ष रु.६ करोड ३ लाख १८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि १० निकायले रु.७२ लाख ६२ हजार फछ्यौंट गरेकोले रु.५ करोड ३० लाख ५६ हजार वांकी रहेको छ । सो मध्ये रु.१ करोड ६१ लाख ६३ हजार पेश्की वांकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नेपालको संविधानको भाग २१ धारा २३८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ । आयोगमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्त रहने र संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र आयुक्तहरुको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ । धारा २३९ मा भएको व्यवस्थाअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान, तहकिकात एवं अभियोजन गरी अदालतमा मुद्दा दायर गर्ने काम आयोगबाट हुँदै आएको छ । आयोगको केन्द्रीय र मातहतका १० कार्यालयमा विभिन्न सेवा, समूह र श्रेणीका ९१६ कर्मचारीको दरबन्दी रहेको छ ।

आयोग र मातहत कार्यालयको यो वर्ष विनियोजन रु.८५ करोड ६३ लाख ९ हजार, राजस्व रु.६८ लाख ५ हजार र धरौटी रु.६ करोड ६१ लाख ७९ हजार समेत रु. ९२ करोड ९२ लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **उजुरी दर्ता एवं फछ्यौंट -** आयोगले प्राप्त हुन आएका उजुरीहरु उपर छानबिन गरी फछ्यौंट गर्नुपर्दछ । आयोग र मातहत कार्यालयबाट गत वर्षको जिम्मेवारी र यस वर्ष दर्ता भएको समेत १९ हजार ४८८ उजुरीमध्ये यस वर्ष १२ हजार ४०० फछ्यौंट गरी ७ हजार ८८ आगामी वर्षलाई जिम्मेवारी सारेको छ ।

२. **भ्रष्टाचार नियन्त्रण -** आयोग स्थापना कालदेखि नै भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका कार्यहरुलाई निरन्तरता दिँदै सार्वजनिक सरोकारका अन्य वेथितिउपर छानविन गरी अनुसन्धानको दायरामा ल्याउने र स्वेच्छाचारी ढङ्गले अधिकारको दुरुपयोग गर्ने उपरको निगरानी, खबरदारी र कारबाहीलाई प्रभावकारी बनाउने कार्यमा सक्रिय रहँदै आएको छ । आयोगले संस्थागत रणनीति (सन् २०१४-२०१९) तयार गरी त्यसको मध्यावधि मूल्यांङ्कन पनि गराएको छ । आयोगले सक्रियताका साथ रंगेहात पक्राउ, उजुरीको प्रारम्भिक छानबिन र विस्तृत अनुसन्धान पश्चात् अदालतमा मुद्दा दायरलगायतका भ्रष्टाचार नियन्त्रणका विविध प्रकारका रणनीति अवलम्बन गरे तापनि अपेक्षित रुपमा भ्रष्टाचार नियन्त्रण हुनसकेको छैन । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले तयार गरेको प्रतिवेदन अनुसार भ्रष्टाचार नियन्त्रणमा नेपालको स्थान सन् २०१७ मा १२२ औं र २०१८ मा १२४ औं स्थानमा रहेको देखाएको छ । तसर्थ आयोगले ठोस रुपमा भ्रष्टाचार नियन्त्रणको प्रवर्द्धनात्मक, प्रतिरोधात्मक एवं दण्डनात्मक उपायहरु अवलम्बन गरी मुलुकमा भ्रष्टाचार न्युनिकरण गर्न थप प्रयत्नशिल रहनुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति-** आयोग र मातहत समेत ५ निकायमा यो वर्ष रु.३ करोड ३० लाख ६२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि एक निकायले रु.२४ लाख फछ्यौंट गरेकोले रु.३ करोड ६ लाख ६२ हजार पेश्की बेरुजू बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

महालेखापरीक्षकको कार्यालय

नेपालको संविधानको धारा २४० मा महालेखापरीक्षकको व्यवस्था भएको छ । महालेखापरीक्षकको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, लगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको दृष्टिकोणबाट लेखापरीक्षण गर्ने अधिकार दिएको छ । संविधान एंव लेखापरीक्षण ऐनको व्यवस्था कार्यान्वयन गर्न २०१६ सालमा महालेखापरीक्षकको कार्यालयको स्थापना भएको छ । महालेखापरीक्षकको कार्यालयले संवैधानिक र कानुनी व्यवस्थाअनुसार लेखापरीक्षण ऐन तथा प्रचलित अन्य ऐन कानून, लेखापरीक्षण सम्बन्धी प्रचलित मानदण्ड र निर्देशिकाहरु जारी गरी लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्दै आएको छ । मन्त्रिपरिषद्बाट २०७५।३।३२ मा राजपत्राङ्कित विशिष्ट श्रेणी ४, प्रथम श्रेणी १४, द्वितीय श्रेणी ८८, तृतीय श्रेणी २६०, राजपत्रअनङ्कित र श्रेणीविहीन समेत ६१४ कर्मचारीको दरबन्दी स्वीकृत भएको छ ।

कार्यालयको यो वर्ष विनियोजन रु.४० करोड ६१ लाख ६४ हजार, राजस्व रु. १४ लाख ५८ हजार, धरौटी रु.२७ लाख ९ हजार र अन्य कारोबार रु.३ लाख १५ हजार समेत रु. ४१ करोड ६ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **रणनीतिक तथा कार्यसञ्चालन योजना (सन् २०१६-२०२०) -** महालेखापरीक्षकको कार्यालयले रणनीतिक योजना (२०१६-२०२०) कार्यान्वयनको लागि कार्यसञ्चालन योजना (२०१६-२०२०) तयार गरी कार्यान्वयनमा ल्याएको छ । रणनीतिक योजनाका सोच, लक्ष्य र मूल्य मान्यता हासिल गर्न लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्ने तथा कार्यालयको स्वतन्त्रता र कार्यक्षेत्रको सवलीकरण, संगठनात्मक क्षमता विकास, पेशागत सम्बन्ध विस्तार र आन्तरिक सुशासनमा सुधार गर्ने विषय पहिचान गरी सुधारका रणनीति र कार्यक्रम सञ्चालन भएको छ ।

२. **महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना (वि.सं.२०७४-२०८०)** - लेखापरीक्षणको तरिका, क्षेत्र र गुणस्तरमा सुधार गरी पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै सुशासन कायम गराउन आवश्यक देखिएका क्रियाकलापहरुलाई समावेश गरी महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना तयार गरिएको छ । कार्ययोजनामा संगठनको पुनर्संरचना, भौतिक पूर्वाधार विकास, कर्मचारीको क्षमता विकास, कानुनी सुधार, कार्य प्रक्रिया र पद्धतिमा सुधारसम्बन्धी क्रियाकलापहरु समावेश गरिएका छन ।

३. **लेखापरीक्षण नीति मानदण्ड -** कार्यालयले संविधान, लेखापरीक्षण ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही रणनीतिक तथा सञ्चालन योजना र महालेखापरीक्षकको कार्य योजना लगायत सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयहरुको नियन्त्रण परीक्षण एवं विश्लेषण गरी पर्याप्त र सान्दर्भिक प्रमाणको आधारमा लेखापरीक्षण सम्पन्न गर्दै आएको छ । लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्न सरकारी लेखापरीक्षण नीति, मानदण्ड, आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन, वित्तीय लेखापरीक्षण निर्देशिका, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, स्थानीय तहको लेखापरीक्षण मार्गदर्शनलगायत आवश्यकताअनुसार लेखापरीक्षणसम्बन्धी निर्देशन तथा परिपत्रहरु जारी गरिएको छ । यसका साथै नवविकसित घटनाक्रमहरु जस्तो आपतकालीन अवस्थाहरुको तयारी तथा व्यवस्थापनलगायतका घटनाक्रमलाई लेखापरीक्षणमा समावेश गर्ने र ती विषयहरुको लेखापरीक्षण गर्न आवश्यक निर्देशक दस्तावेज तयार गरी कार्यान्वयनमा ल्याइएको छ । विकसित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशबमोजिम लेखापरीक्षण नीति, मानदण्ड तथा अन्य निर्देशक दस्तावेजहरुलाई अद्यावधिक बनाउने र कर्मचारीहरुलाई थप तालिम दिनुपर्दछ ।

४. **गुणस्तर आश्वस्तता -** संविधान र लेखापरीक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानूनको अधिनमा रही सार्वजनिक क्षेत्रको लेखापरीक्षण सेवा प्रदान गर्दै आएको छ । लेखापरीक्षणको गुणस्तर कायम राख्न महालेखापरीक्षकबाटसमेत स्थलगत सुपरिवेक्षण कार्य हुदै आएको छ । लेखापरीक्षणको प्रत्येक चरणमा उच्च पदाधिकारीबाट सुपरिवेक्षण गर्ने, आचारसंहिताको परिपालना र आन्तरिक नियन्त्रणका गतिविधिको अनुगमन गर्ने गरिएको छ । लेखापरीक्षण सम्पन्न भएपछि गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम सबै निर्देशनालय, लेखापरीक्षण टोलीलाई समेट्ने गरी लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकन गरिएको छ । गुणस्तरलाई अझै वृद्धि गर्न गुणस्तर आश्वस्तताको संगठनात्मक क्षमता र दायरालाई बढाउनुपर्ने देखिन्छ ।

५. **कर्मचारी क्षमता अभिवृद्धि -** लेखापरीक्षणमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि गर्न कर्मचारीहरुलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया कार्यक्रममा संलग्न गराइएको छ । सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय स्तर अनुरुप बनाउन तथा कार्यालयले गरेका कामहरु अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने नीति कार्यालयले अबलम्बन गरेको छ । यस्ता कार्यहरुलाई आगामी दिनमा बढाउदै लैजानुपर्ने अवस्था छ ।

६. **सरोकारवालाको सहभागिता -** कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागिता गराउने र समाजका विभिन्न विधाका ख्याती प्राप्त व्यक्तित्व सम्मिलित लेखापरीक्षण सल्लाहकार समितिको गठन गरी सरोकारवालाको संलग्नता गराइएको छ । लेखापरीक्षणलाई पारदर्शी र नागरिकमूखी बनाउन योजना तर्जुमा, विषयको छनौट र सञ्चार गर्ने, लेखापरीक्षण कैफियतहरुको समयमै सुधार गर्न नागरिक तहबाट दवाव सिर्जना गर्ने जस्ता कार्यहरुमा नागरिक समाज र सरोकारवालाको संलग्नतालाई लेखापरीक्षणको सबै प्रक्रियामा अभ्यास गर्दै विस्तार गर्नुपर्ने देखिन्छ । साथै वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित विषयगत क्षेत्रका संस्थाहरु र सरोकारवालाहरुसँग नियमित अन्तर्क्रिया गर्ने, सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

७. **प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण -** संघीय संरचना अनुरुप हाल ७ प्रदेश र ७५३ स्थानीय तहको लेखापरीक्षण गर्न केन्द्रबाट लेखापरीक्षण टोली खटाउदै आएको छ । प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण र वित्तीय व्यवस्थापनमा प्रभावकारिता ल्याउन केन्द्रमा मात्र रहेकोकार्यालयको संरचनालाई तत्कालै प्रदेश तहसम्म विस्तार गर्नुपर्ने देखिएको छ ।

- **बेरुजू स्थिति -** कार्यालयको यो वर्षको लेखापरीक्षणबाट आयको गणना, कर निर्धारण र राजस्वको अभिलेख लगायतको सैद्धान्तिक व्यहोराहरु देखिएका छन् ।

लोक सेवा आयोग

नेपालको संविधानको धारा २४२ मा लोक सेवा आयोगको व्यवस्था छ । आयोगमा अध्यक्ष र अन्य ४ सदस्यहरु रहने र अध्यक्ष तथा सदस्यहरुको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । धारा २४३ अनुसार निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेद्वार छनोट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने व्यवस्था छ । निजामती सेवाको पदबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्दछ । नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदको नियुक्ति, कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने र सो को कार्यान्वयन गर्नुपर्ने प्रावधान छ । आयोग र मातहतका १५ निकायमा विभिन्न तहका ३९९ कर्मचारीको दरबन्दी रहेको छ ।

आयोग र मातहत निकायको यो वर्ष विनियोजन रु. ८५ करोड ६६ लाख ५४ हजार, राजस्व रु. १४ करोड ५५ हजार र धरौटी रु.९४ लाख ६९ हजार समेत रु. १ अर्व ६१ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्यप्रगति -** आयोगले यो वर्ष विभिन्न तहका निजामतीतर्फ ५ हजार ९७० विभिन्न पदका लागि विज्ञापन गरी पदपूर्ति गरेको छ । त्यसैगरी संगठित संस्थातर्फ आयोगले ४७ संस्थाको विभिन्न तहका १ हजार ६७१ विज्ञापनबाट १६ हजार ५० पदका लागि लिखित परीक्षा सञ्चालन गरेको छ ।

२. **परामर्श -** संविधानको धारा २४३ मा संघीय निजामति सेवाको शर्त सम्वन्धी कानून, निजामति सेवाको पदमा नियुक्ति, सरुवा, बढुवा वा विभागीय कारबाही गर्दा लोक सेवा आयोगको परामर्श लिनुपर्ने र सम्वन्धित निकायले सो को कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम समय समयमा आयोगले परार्मश दिदै आएको छ ।

३. **सुझाव कार्यान्वयन -** आयोगले निजामति सेवाको खुल्ला र बढुवा प्रयोजनका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता, बढुवा प्रयोजनका लागि भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अंक गणना, कुनै सेवा समूह वा उपसमूह खारेज भई उक्त सेवा, समूह वा उपसमूहको कुनै पद नचाहिने भई खारेज भएको अवस्थामा सेवा समूह वा उपसमूह परिर्वतन गर्नुपर्ने लगायतका विविध विषयमा सुझाव दिएको छ । आयोगबाट उपलब्ध गराइएका सुझावको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

- **बेरुजू स्थिति -** आयोग र मातहत ६ निकायमा यो वर्ष रु.६७ लाख ८६ हजार बेरुजू देखिएकोमा फछ्यौंट हुन सक्ने प्रतिक्रिया, प्रमाण प्राप्त नभएकाले बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.६५ लाख ११ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

निर्वाचन आयोग

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ । आयोगमा प्रमुख आयुक्त र अन्य ४ जना आयुक्त रहनेछन् । प्रमुख आयुक्त र आयुक्तहरुको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । धारा २४६ मा आयोगलाई संविधान र संघीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन, नियन्त्रण तथा मतदाताहरुको नामावली संकलन एवं अद्यावधिक गर्ने, निर्वाचनको लागि कानुनको मस्यौदा गर्ने, निर्वाचन प्रयोजनका लागि राजनैतिक दल दर्ता गर्ने, नियमावली तथा निर्देशिका तयार गर्ने, राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने आदि काम कर्तव्य र अधिकार तोकिएको छ । आयोगको तर्फबाट जिल्लातहमा प्रदान गर्ने सेवा र अन्य काम कारबाही सम्पादन गर्न केन्द्रमा निर्वाचन आयोगको र प्रत्येक जिल्लामा जिल्ला निर्वाचन कार्यालय स्थापना भएको छ । आयोग र मातहतका ७७ जिल्ला निर्वाचन कार्यालयमा विभिन्न दर्जाका ६७१ जनाको दरबन्दी रहेको छ ।

आयोग र मातहत जिल्ला/क्षेत्रीय निर्वाचन कार्यालय ७७, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय ३०९, जिल्ला समन्वय समिति ७७, जिल्ला/क्षेत्रीय प्रशासन कार्यालय ८२ समेत ५४६ निकायका लागि यो वर्ष विनियोजन रु.८ अर्व ९७ करोड ५४ लाख ९४ हजार, राजस्व रु.१३ करोड ६४ लाख ५७ हजार, धरौटी रु.३२ करोड २५ लाख ८८ हजार र अन्य कारोवार रु.१ करोड ११ लाख ६६ हजार समेत रु. ९ अर्व ४४ करोड ५७ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणवाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वैदेशिक सहायता -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । आयोगवाट प्राप्त विवरण अनुसार तालिम सञ्चालन, तालिम सामग्री उत्पादन लगायतका कार्यमा संयुक्त राष्ट्र संघिय विकास कार्यक्रमको सहयोगमा निर्वाचन सहयोग कार्यक्रम मार्फत यस वर्ष रु.४ करोड ३१ लाख १६ हजार खर्च भएकोमा उक्त रकम वित्तीय विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन । वैदेशिक सहायताको सबै रकम बजेटमा समावेश गरी खर्च गर्नुपर्दछ ।

२. **निर्वाचन खर्चको स्थिति -** नेपाल सरकारको २०७३।११।१६ र सो पछिका निर्णयबमोजिम स्थानीय तहतर्फ २०७४।१।३१ मा पहिलो र २०७४।३।१४ मा दोस्रो चरणको निर्वाचन सम्पन्न भएको देखिन्छ । यस वर्ष तेश्रो चरणको निर्वाचन २०७४।६।२ मा र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७४।८।१० र २१ गते २ चरणमा सम्पन्न भएको छ । निर्वाचन मिति घोषणा भएको छोटो अवधिमा आयोगले आवश्यक सामग्री र जनशक्ति व्यवस्थापन गरी यो आर्थिक वर्षमा ३ चरणको निर्वाचन सफलता पूर्वक सम्पन्न गरेको छ । त्यस अतिरिक्त राष्ट्रपति तथा उपराष्ट्रपति र राष्ट्रिय सभा सदस्य निर्वाचनसमेत सम्पन्न भएको छ । आयोगलाई यसवर्ष निर्वाचन प्रयोजनको लागि स्वीकृत भएको वजेट र खर्चको स्थिति निम्नानुसार छ:

(रु हजारमा)

सि.नं.	विवरण	वजेट	खर्च
१	तेश्रो चरणको स्थानीय तह निर्वाचन (प्रदेश नं. २)	९५,००,००	९४,७७,५२
२	प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन	७,८८,७५,५५	७,७५,९५,४१
३	राष्ट्रिय सभा सदस्य निर्वाचन	५,३०,६३	३,६५,६१
४	राष्ट्रपति तथा उप-राष्ट्रपति निर्वाचन	९३,८२	५७,२५
५	आयोगको सञ्चालन खर्च	८,२९,२१	७,७९,०८
६	हिसाब मिलान	-	१,७६
	जम्मा	**८,९८,२९,२१**	**८,८२,७६,६३**

उल्लिखित खर्चमध्ये निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय एवं जिल्ला प्रशासन कार्यालयबाट भएको खर्च रु.६ अर्ब १६ करोड ६६ लाख ६९ हजार र आयोगले गरेको खर्च रु.२ अर्ब ६६ करोड ९ लाख ९४ हजार रहेको छ । आयोगले गरेको खर्चको विस्तृत विवरण निम्नानुसार रहेको छः

(रु हजारमा)

सि.नं.	कार्यक्रम	खर्चको विवरण	खर्च रकम
१	स्थानीय तह निर्वाचन (तेस्रो चरण) प्रदेश नं.२	(क) प्रोत्साहन भत्ता, दैनिक भ्रमण भत्ता, खाजा खाना खर्च	४,६२,१०
		(ख) मतदाता परिचय पत्र छपाइ, जनशक्ति बीमा, कार्यालय सञ्चालन खर्च	६,७९,५४
		(ग) कानुन तर्जुमा, दल व्यवस्थापन तथा आचार संहिता	९९,१५
		(घ) निर्वाचन तालिम, पर्यवेक्षण, अनुगमन	१,७०,७७
		(ङ) मतदाता शिक्षा	३,२३,३२
		(च) सूचना प्रविधि व्यवस्था, वैदेशिक सम्बन्ध, समन्वय,विविध	२६,५२
			१७,६१,४०
२	प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन	(क) मतदाता नामावली,मतदाता परिचयपत्र, मतपत्र छपाइ, फर्निचर फर्निसिंङ, कम्प्युटर तथा कम्प्युटरका सामानहरु	४४,९१,८०
		(ख) मतदान केन्द्रमा प्रयोग हुने सामग्रीहरु र कर्मचारीहरुको बीमा	४२,६०,३२
		(ग) निर्वाचन सम्बन्धि कानुन निर्माण, उम्मेदवारको वन्द सूची व्यवस्थापन, आचार संहिता तर्जुमा एवं अनुगमन, निर्वाचन चिन्ह निर्धारण, वितरण तथा व्यवस्थापन	७,८२,१२
		घ) निर्वाचन पर्यवेक्षण तथा अनुगमन	४,६८,५१
		(ङ) सूचना प्रविधि व्यवस्थापन	९०,०५
		(च) निर्वाचन शिक्षा सूचना तथा तालिम	२,३०,८७
		(छ) मतदाता शिक्षा सम्बन्धि छपाइ सामग्री, भिडियो सामग्री, अडियो सामग्री उत्पादन, टेलिभिजन प्रशारण, रेडियो प्रशारण, पत्रपत्रिकामा सूचना विज्ञापन, आम पहूंच कार्यक्रम, घरदैलो कार्यक्रम	१,२१,०४,०७
		(ज) आयोगको प्रशासनिक खर्च, वैठक भत्ता खाजा खाना भत्ता, प्रोत्साहन भत्ता, विद्युत संचार आदि ।	१४,२०,४४
			२,३८,४८,१८
३	राष्ट्रिय सभा सदस्य निर्वाचन	सामग्री व्यवस्थापन, कानुन निर्माण, निर्वाचन सञ्चालन, अनुगमन, निर्वाचन शिक्षा सूचना तालिम एवं प्रशासनिक खर्च	**१,७३,२०**
४	राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन	सामग्री व्यवस्थापन, कानुन निर्माण, निर्वाचन सञ्चालन अनुगमन एवं प्रशासनिक खर्च	**४६,३२**
५	आयोगको सञ्चालन खर्च	तलब, भत्ता, कार्यालय सञ्चालन आदि	**७,७९,०८**
६	हिसाब मिलान		**१,७६**
		जम्मा	**२,६६,०९,९४**

३. **सुविधा** - निर्वाचन आयोग ऐन, २०७३ को दफा ३५ बमोजिम आयोगले पदाधिकारी, दरबन्दी, काज तथा करारमा कार्यरत कर्मचारी र निश्चित सुरक्षाकर्मीहरुलाई निर्वाचन भत्ता, खाजा खाना खर्च, अतिरिक्त समय भत्ता, संचार सुविधा, निर्वाचन अनुगमन विशेष भत्ता, प्रोत्साहन भत्ता एवं वैठक भत्ता जस्ता थप सुविधा दिने निर्णय गरी रु.२३ करोड ७० लाख ४० हजार भुक्तानी दिएको छ ।

संविधानको धारा २४५ (७) मा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पारिश्रमिक र सेवाका शर्त संघीय कानुन बमोजिम हुने छन् भन्ने व्यवस्था छ । त्यस्तै संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा ३ (२) मा नेपाल सरकारले संवैधानिक निकायका पदाधिकारीको मासिक पारिश्रमिक तथा अन्य सुविधामा थप गर्न सक्ने र यसरी थप गर्दा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन नगरी पदाधिकारीहरुलाई निर्वाचन भत्ता रु.२२ लाख ८६ हजार, खाजा खाना खर्च रु.९ लाख ९४ हजार, सञ्चार खर्च रु.२ लाख ३४ हजार, बैठक भत्ता रु.६५ लाख ४ हजार र प्रोत्साहन भत्ता रु.२ लाख ७६ हजार समेत रु.१ करोड २ लाख ९४ हजार भुक्तानी गरेको देखिन्छ । नेपाल राजपत्रमा सूचना प्रकाशन गराएरमात्र यस किसिमको सुविधा प्रदान गर्नुपर्दछ ।

४. **बीमा -** निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ मा निर्वाचनको प्रयोजनको लागि आयोगले वस्तु वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने, बोलपत्रबाट खरिद गर्न नसकिने भएमा दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने र दरभाउपत्र लिन नसकिने अवस्था भए त्यसको कारण खुलाई सिधै खरिद गर्न सकिने व्यवस्था छ । आयोगले स्थानीय तह निर्वाचन अन्तर्गत तेस्रो चरणमा प्रदेश नं.२ को ८ जिल्लाको निर्वाचनमा संलग्न ४० हजार ७५४ कर्मचारीको प्रतिस्पर्धा वेगर एक बीमा कम्पनीबाट सिधै बीमा गराई रु.२ करोड ७ लाख ८५ हजार भुक्तानी गरेको देखियो । यसरी सिधै बीमा गर्दा सरदर प्रति व्यक्ति बीमा शुल्क रु.५१०।०१ पर्न गएको देखिन्छ । आयोगले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा संलग्न २ लाख ४८ हजार १६३ कर्मचारीको बीमा गर्दा बीमा कम्पनीहरुबीच प्रतिस्पर्धा गराई बीमा शुल्क रु.४ करोड ८८ लाख ४७ हजार लागेकोले प्रतिव्यक्ति सरदर रु.१९६।८३ पर्न गएको छ । तसर्थ प्रतिस्पर्धा नगराउँदा प्रतिव्यक्ति बीमा शुल्क रु.३१३।१८ बढी पर्न गएकोले रु.१ करोड २७ लाख ६३ हजार नेपाल सरकारलाई थप व्ययभार परेको देखियो । प्रतिस्पर्धाबाट खरिद कार्य गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५. **मतदाता परिचयपत्र छपाइ -** मतदाता नामावली ऐन, २०७३ को दफा २७ मा मतदातालाई परिचयपत्र उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तेस्रो चरणमा सम्पन्न प्रदेश नं.२ का ८ जिल्लामा स्थानीय तहको संख्या थप भई पुनः मतदाता परिचय पत्र छपाइ गर्नु परेकोले आयोगको २०७४।५।१२ को निर्णयअनुसार स्थानीय तहको प्रथम चरण र दोस्रो चरणको निर्वाचनमा मतदाता परिचय पत्र छपाइको काम गर्ने एक निजी कम्पनीलाई साविकको दररेट प्रति थान रु.९।९९ मा छपाइ गर्न कार्यादेश दिएको देखियो । उक्त कम्पनीले कार्ड बनाउन आवश्यक पर्ने कच्चा पदार्थको मूल्य वृद्धि भएको, छपाइ गर्नुपर्ने कार्ड संख्या घटेको, मजदुरहरुको पारिश्रमिक बढेको कारण उल्लेख गरी प्रति थान पहिले बोलपत्रमा पेस गरेको दर रु.१४।- कायम गरी दिन २०७४।५।१४ मा निवेदन दिएअनुसार आयोगको २०७४।५।२५ को निर्णयबाट प्रति थान दररेट रु.१३।५० कायम गरेको देखियो । त्यसैगरी प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि मतदाता संख्या २१ लाख ७० हजार ९८५ को मतदाता परिचय पत्र छपाइ गर्न आयोगको २०७४।७।५ को निर्णयअनुसार सोही कम्पनीलाई प्रति थान रु.१३।५० मा छपाइ गर्न दिएको पाइयो ।

६. **मतदाता शिक्षा कार्यक्रम -** निर्वाचनमा बदर मतको प्रतिशत न्यून गर्न मतदातालाई शिक्षित गराउनुपर्दछ । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि आवश्यक मतदाता शिक्षा सामग्री छपाइ गर्दा स्थानीय तहको निर्वाचनमा छपाइ भएकै दररेटमै कार्य गराएको छ भने टेलिभिजन तथा रेडियो प्रसारण, पत्रपत्रिका प्रकाशनमा स्थानीय तहको निर्वाचनमा निर्धारित दररेटमा १० प्रतिशत थप गरी दररेट तय गरेको देखियो । त्यसैगरी मतदाता शिक्षा प्रदान गर्ने ब्याग, टोपी र टिसर्टमा स्थानीय तहको निर्वाचनमा निर्धारित दर प्रतिगोटा क्रमशः रु.१०७०।-, १९२।- र ५००।- मा वृद्धि गरी क्रमशः रु.१२५०।००, २२५।०० र ६२५।०० कायम गरेको छ । तर मूल्य वृद्धि भएको कारण र प्रमाण लिएको छैन ।

७. **हेलिकोप्टर चार्टर खर्च -** निर्वाचन आयोग ऐन, २०७३ एवं आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार आयोगले निर्वाचनको सन्दर्भमा हुने खर्चहरुको समुचित व्यवस्थापन एवं मितव्ययितामा समेत ध्यान पुऱ्याउनुपर्दछ । आयोगले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा दुर्गम स्थान तथा सुरक्षासँग संवेदनशील देखिएका स्थानको मतपत्र र मतपेटिका ढुवानी, कर्मचारी ओसारपसार तथा संखुवासभा जिल्लाको मतगणनामा मुद्दा परी स्रेस्ता कागजात सर्वोच्च अदालतमा ल्याउन र आयोगका पदाधिकारी निर्वाचनसम्बन्धी काममा अनुगमन निरीक्षणको लागि नेपाली सेनाको हेलिकोप्टर चार्टर गरी रु.४ करोड १४ लाख १३ हजार खर्च लेखेको छ । यसप्रकारको खर्चमा मितव्ययिता अपनाउनुपर्दछ ।

८. **मतदाता शिक्षा सामग्री छपाइ -** मतपत्रको ढाँचा यकिन भएपछि सो अनुसार मतदातालाई प्रशिक्षित हुने गरी मतदाता शिक्षा सामग्रीको ढाँचा यकिन गरी छपाइ गर्नुपर्दछ । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा प्रयोग हुने मतपत्र एउटै नभई अलग अलग हुनुपर्ने विषयमा सर्वोच्च अदालतमा मुद्दा परी अदालतबाट २०७४।७१ र २०७४।७८ मा प्रतिनिधि सभा र प्रदेश सभाको अलग अलग ऐन रहेकोले अलग अलग मतपत्र छाप्न आयोगलाई ध्यानाकृष्ट गराएको देखियो । उक्त आदेशपछि एउटै मतपत्रबाट मतदान गर्ने मतदाता शिक्षा सामग्रीको छपाइ कार्य तत्काल रोक्नुपर्नेमा सो नगरी छपाइ कार्य जारी राखेको र २०७४।७१२ मा मात्र प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचनमा प्रयोग हुने मतपत्र छुट्टाछुट्टै छपाइ गर्ने निर्णय गरेको पाइयो । अदालतबाट आयोगलाई ध्यानाकृष्ट गराएको मिति (२०७४।७८) देखि आयोगले निर्णय गरेको मिति (२०७४।७१२) बीचको अवधिमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको मतपत्र एउटै हुने मान्यताअनुरुप मतदाता शिक्षासम्बन्धी सामग्रीहरु पोष्टर, फ्लिपचार्ट, ब्रोसर, वरावर सोधिने प्रश्नहरु र नमुना मतपत्र आदि छपाइ गरी रु.११ करोड ७२ लाख खर्च लेखेको छ । उपर्युक्त सामग्रीहरु प्रयोगविहीन अवस्थामा रहेको देखिन्छ ।

उक्त सामग्री काम नलाग्ने भएकोले पहिलो चरण र दोस्रो चरणको निर्वाचनको लागि आवश्यक पोष्टर, फ्लिपचार्ट, ब्रोसर गरी ३ प्रकारका मतदाता शिक्षा सामग्री पुन. छपाइ गरी रु.७ करोड ५४ लाख ४९ हजार खर्च गरेको छ । पुनः छपाएका मतदाता शिक्षा सामग्रीहरु समय अवधि कम भएको कारण दर्शाउदै पहिलो चरण (मंसिर १० गते) मा निर्वाचन हुने ३२ जिल्लामा पुऱ्याउन सकेको देखिएन । मतदाता शिक्षा सामग्री समयमै सम्बन्धित जिल्लामा पुऱ्याउन नसकेको कारण प्रयोगविहीन अवस्थामा रहेको देखिन्छ ।

९. **निर्वाचन सामग्री खरिद एवम् मौज्दात -** आयोगले मितव्ययी तवरले निर्वाचन सामग्री खरिद गर्नुपर्दछ । मतदान केन्द्रमा आवश्यक पर्ने १० प्रकारका निर्वाचन सामग्रीको खरिद एवं मौज्दात परीक्षण गर्दा गत विगतको सामग्री मौज्दात भए तापनि यस वर्ष आवश्यक परिमाणमा ३० प्रतिशत थप गरी खरिद गरेको छ । यस वर्ष खरिद भएका निर्वाचन सामग्रीमध्ये लाहा बाहेक स्वस्तिक छाप लगायत ९ प्रकारका रु.९६ लाख ६९ हजार मूल्यका सामान मौज्दातमा रहेको देखिँदा खरिद कार्य मितव्ययी देखिएन । यस वर्षको खरिद परिमाणको तुलनामा गत विगतको मौज्दातसमेत ३४.८२ देखि ३९.६७ प्रतिशतसम्म मौज्दात रहेकोले स्वीकृत खरिद परिमाण यथार्थ र भरपर्दो देखिन आएन । यस सम्बन्धमा विगतका निर्वाचनमा खरिद भै मौज्दात रहेका कतिपय सामानहरु प्रयोगमा आउन नसक्ने किसिमका भएकोले त्यस्ता सामग्रीहरु लिलाम गर्ने कार्य अगाडी बढाइने जवाफ आयोगबाट प्राप्त भएको छ ।

१०. **मतदाता शिक्षा सामग्री खरिद -** आयोगले मतदाता शिक्षाको लागि आवश्यक पर्ने संख्यामा ३० प्रतिशत थप सहितको लागत अनुमान तयार गरी २०७४।६।१९ मा खरिद परिमाण स्वीकृत गरेको देखियो । स्वीकृत खरिद परिमाणको सीमाभित्र रही सामग्री खरिद गर्नुपर्नेमा मतदाता शिक्षा पुस्तिका, निर्वाचन आचार संहिता ब्रोसर लगायतका ५ प्रकारका सामग्रीहरु स्वीकृत परिमाणभन्दा ४९ लाख ९६ हजार थान बढी खरिद गरी रु.५ करोड ९ लाख १७ हजार खर्च लेखेको छ ।

११. **प्रिन्टर मेसिन खरिद -** निर्वाचन आयोग ऐन, २०७३ अनुसार आयोगलाई प्राप्त बजेट निर्वाचनसम्बन्धी कामको उद्देश्य परिपूर्ति हुने गरी प्रभावकारी तवरले खर्च गर्नुपर्दछ । आयोगले प्रदेश नं.२ को ८ जिल्लाको स्थानीय तहको निर्वाचन एवं २०७४।८।१० र २१ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा प्रयोग हुने रंगिन र सादा मतदाता नामावली प्रिन्ट गर्न आयोगमा रहेका १३ थान प्रिन्टर मर्मत गरी सञ्चालन गर्न बाधा परेको कारण देखाई बढी क्षमताको रंगिन प्रिन्टर १ थान, श्याम स्वेत प्रिन्टर २ थान प्रतिस्पर्धा बेगर सिधै खरिद गरी रु.२४ करोड ५३ लाख ९ हजार खर्च गरेको देखियो । उल्लेखित खर्च सम्बन्धमा देखिएका थप व्यहोरा देहायअनुसार छन्:

११.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको मालसामानको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको कामका लागि आवश्यक पर्ने जिन्सी मालसामान खरिद गर्दा बोलपत्र तथा दरभाउपत्रबाट खरिद गर्न सम्भव नभएमा सोझै बजारबाट

खरिद गर्न सक्ने व्यवस्था छ । आयोगले प्रिन्टर मेसिन खरिद गर्दा प्रतिस्पर्धाका विधितर्फ प्रयास नगरी सिधै खरिद गरेको छ ।

११.२ आयोगले २०७४।१।३१ र ०७४।३।१४ मा सम्पन्न स्थानीय तह निर्वाचनलाई समेत समेट्ने गरी तीव्र गति क्षमताको छपाइ मेसिन खरिद गर्ने योजना बनाउनुपर्नेमा निर्वाचन सामग्री छपाइसम्बन्धी अधिकांश काम समाप्त भएपछि निर्वाचनको उत्तरार्धमा उक्त मेसिन खरिद गरेको छ । उक्त मेसिनको पार्टस, टोनर खरिद र जडान गर्ने कार्य बिलम्ब गरी प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन तर्फको मतपत्र छपाइ कार्य जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट गराएको छ ।

१२. **सवारीसाधन खरिद -** आयोगले २०७३।७४ मा ५ थान सवारीसाधन खरिद गर्न बजेट प्रस्ताव गरेअनुसार अर्थ मन्त्रालयबाट २०७४।३।२८ मा प्रचलित कानुन र स्वीकृत मापदण्डबमोजिम सवारीसाधन खरिद गर्न सहमति प्राप्त भएको देखियो । आयोगले यस वर्ष बोलपत्रको माध्यमबाट एक निजी कम्पनीमार्फत २९८२ सि.सि.को प्राडो जीप ५ थान प्रति थान रु.२ करोड ३२ लाखले खरिद गरी रु.११ करोड ६० लाख खर्च गरेको छ । आयोगले नयाँ खरिद गरेको १ थान र मौज्दात रहेकामध्ये ३९ थान समेत ४० थान सवारीसाधन निर्वाचन सम्पन्न भएपछि विभिन्न निकायलाई वितरण गरेको छ । आवश्यकताको पहिचान गरी मात्र खरिद गर्नुपर्दछ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयहरु

१३. **निर्देशिकाको पालना -** आयोगले निर्वाचन गर्ने कामका लागि स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ मा खर्चको मापदण्ड तोकेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयबाट खर्चको मापदण्ड पालना नगरेका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्:

१३.१ स्थानीय तह निर्वाचन निर्देशिकामा कागज, खाम, फाराम, अन्य कार्यालय सामान, हुलाक खर्च, फोटोकपी तथा छपाइ, पत्रपत्रिका र फर्निसिङ्गसमेत कार्यालयसम्बन्धी काम र विविध खर्चको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई क्रमशः रु.४५ हजार ५००।-र रु.१२ हजार एवं निर्वाचन अधिकृतको कार्यालयलाई क्रमशः रु.३६ हजार ५००।- र रु ८ हजारको सीमा तोकेको छ । त्यस्तै प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचन निर्देशिका अनुसार उक्त खर्च बापत मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई रु १ लाख ६० हजार र रु.३० हजार एवं निर्वाचन अधिकृतको कार्यालयलाई रु.१ लाख ५० हजार र रु. २५ हजार खर्चको सीमा तोकेको छ । खर्चको उक्त सीमा नघाई स्थानीय तह निर्वाचन तेस्रो चरणतर्फ ११२ कार्यालयले रु.८८ लाख ९६ हजार र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन तर्फ ११३ कार्यालयले रु. ३ करोड ३४ लाख ६७ हजार बढी खर्च गरेका छन् । सीमा नघाई भएको खर्च नियमसम्मत छैन ।

१३.२ निर्देशिका, २०७३ मा निर्वाचन अधिकृतको कार्यालयमा नियुक्त भई तलबको १२१ प्रतिशत थप प्रोत्साहन भत्ता एवं खाजा खाना भत्ता पाउने कर्मचारी बाहेक मतगणनामा अन्यत्र कार्यालयबाट आएका कर्मचारीहरुलाई मात्र दैनिक भत्ता रकम दिनुपर्ने व्यवस्था छ । यो वर्ष २३ कार्यालयले निर्वाचन अधिकृतको कार्यालयमा नियुक्त भई १२१ प्रतिशत प्रोत्साहन भत्ता र खाजा खाना भत्ता पाएका कर्मचारीलाई समेत मतगणना अवधिको दैनिक भत्तामा रु.१० लाख १५ हजार खर्च लेखेको देखियो । त्यसैगरी निर्देशिका, २०७४ मा मतगणनामा संलग्न कर्मचारीलाई दैनिक भत्ता दिने व्यवस्था नभएकोमा एक कार्यालयले रु.४ लाख २१ हजार दैनिक भत्ता खर्च लेखेको छ । दोहोरो सुविधा दिएको रु.१४ लाख ३६ हजार असुल गर्नुपर्दछ ।

१३.३ निर्देशिका, २०७३ को बुँदा नं.१९ मा मतगणना टोलीले एक सिफ्टमा १८ वा २२ लहरको मतपत्र भएमा ८००, २८ वा ३६ लहरको मतपत्र भए ७००, २४ लहरको मतपत्र भए ६०० र ६८ लहरको मतपत्र भए ५०० थान मतपत्र गणना गर्नुपर्ने र सो बापत प्रतिसिफ्ट भत्ता रु.५ हजार १०० सम्म र प्रत्येक टोलीलाई चिया तथा खाना खर्चका लागि एकमुष्ठ रु.५ हजार विविध खर्च दिने उल्लेख छ । त्यसैगरी निर्देशिका २०७४ को बुँदा नं. २६ (२) मा प्रत्यक्ष र समानुपातिकतर्फ क्रमशः प्रति सिफ्ट ३ हजार र १ हजार ५०० मतपत्र गणना गर्नुपर्ने र सो बापत अधिकतम रु.१२ हजार १ सय मतगणना भत्ता पाउने व्यवस्था छ । निर्देशिकाले तोकेको नर्म्स अनुसार हुन आउने सिफ्ट संख्याभन्दा बढी सिफ्ट संख्या देखाई स्थानीय तह निर्वाचन (तेस्रो चरण) मा ४३

कार्यालयले रु.२१ लाख ४४ हजार र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनतर्फ २२ कार्यालयले रु.४७ लाख ८२ हजारसमेत रु.६९ लाख २६ हजार बढी खर्च लेखेका छन् । विशिष्ट परिस्थिति उत्पन्न भएको आधार र प्रमाणवेगर बढी खर्च लेखेको रकम नियमसम्मत देखिएन ।

१३.४ उक्त दुबै निर्देशिकामा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीले एकै अवधिमा दैनिक भ्रमण भत्ता र खाजा खाना खर्च दुबै सुविधा नपाउने उल्लेख छ । स्थानीय तह निर्वाचन (तेस्रो चरण) मा ३० कार्यालयले र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा ३२ कार्यालयले विभिन्न कर्मचारीलाई एकै अवधिको दैनिक भ्रमण भत्ता र खाजा खाना खर्चसमेत दुबै सुविधा भुक्तानी गरेका छन् । दोहोरो सुविधा नपाउने हुँदा खाजा खाना बापतको कर कट्टी पछिको रकम स्थानीय तह निर्वाचन (तेस्रो चरण) तर्फ रु.९ लाख ६९ हजार र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन तर्फ रु.८ लाख ९४ हजार समेत रु.१८ लाख ६३ हजार असुल गर्नुपर्दछ ।

१३.५ निर्देशिका, २०७४मा निर्वाचन अधिकृतको कार्यालयका कर्मचारीहरुले समानुपातिकतर्फको मतगणना सम्पन्न भएको मितिले बढीमा १५ दिन सम्मको मात्र निर्वाचन भत्ता एवं खाजा/खाना भत्ता भुक्तानी पाउने व्यवस्था छ । सो अनुसार भत्ता रकम भुक्तानी दिनुपर्नेमा ३१ कार्यालयले कर्मचारीहरुलाई समानुपातिक तर्फको मतगणना सम्पन्न भएको १५ दिन भन्दा पछि थप ५ दिनको नपाउने भत्ता भुक्तानी दिएको देखियो । यसरी नपाउने रकम रु.६ लाख ३२ हजार सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

१३.६ निर्देशिका, २०७४ मा एकै समयमा एक भन्दा बढी सिफ्टमा मतगणना भएमा प्रमुख मतगणना अधिकारीलाई आफु संलग्न भएको सिफ्टको रु.२ हजार ५०० र बाँकी अन्य सिफ्टको रु.५०० का दरले मतगणना भत्ता पाउने व्यवस्था छ । प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयहरुले २०७४।८।२२ देखि मतगणना शुरु गरी बढीमा ७/८ दिन भित्रमा सम्पन्न गरेका छन् । संलग्न कागजात परीक्षण गर्दा प्रमुख मतगणना अधिकारी आफैं प्रत्यक्ष र अप्रत्यक्ष रुपमा संलग्न भएको सिफ्ट स्पष्ट खुलाएको छैन । सबै सिफ्टमा मतगणना अधिकारीले पूरा समय दिन सक्ने अवस्था देखिँदैन । यो वर्ष ४९ कार्यालयले प्रमुख मतगणना अधिकारीलाई आफै प्रत्यक्ष संलग्न भएमा पाउने दररेट प्रति सिफ्ट रु २ हजार ५०० का दरले रु.१ करोड ५ लाख ९८ हजार मतगणना भत्ता खर्च लेखेकोले निर्देशिकाले गरेको व्यवस्थाको पालना भएको देखिएन । यस सम्बन्धमा प्रमुख मतगणना अधिकारी अप्रत्यक्ष रुपमा मात्र मतगणनामा सहभागी भएको सिफ्टको बढी भुक्तानी हुन गएको रकम आयोगले यकिन गरी कारबाही तथा असुल गर्नुपर्दछ ।

१३.७ निर्देशिका, २०७४ मा निर्वाचन अधिकृतको कार्यालयमा नियुक्त कर्मचारीहरुलाई निर्वाचनको काममा खटिए बापत निजहरुले मासिक खाईपाई आएको तलवको १२१ प्रतिशतले निर्वाचन भत्ता र तोकिए बमोजिमको दरले दैनिक खाजा/खाना भत्ता पाउने र सो बाहेक अन्य सुविधा पाउने व्यवस्था नभएकोमा ५ कार्यालयले उक्त सुविधाको अतिरिक्त मतदान केन्द्रमा कर्मचारी खटन पटन तथा मतपत्र रुजू प्याकिङ आदि कार्य गरे बापत अतिरिक्त कामको दैनिक भत्ता रु.२० लाख ४३ हजार खर्च लेखेको देखियो । कर्मचारीहरुलाई भुक्तानी दिन नमिल्ने उक्त रकम खर्च लेखेको सम्बन्धमा सम्बन्धित निर्वाचन अधिकृत र लेखा प्रमुखलाई जिम्मेवार बनाई सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

१४. **कर कट्टी** - आयकर ऐन, २०५८ अनुसार कार्यालयले गरेको भत्ता भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिमकर कट्टी गर्नुपर्दछ । कार्यालयले मतगणना भत्ता भुक्तानी गर्दा श्रोतमा कर कट्टी गरेको देखिएन । स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा ६० कार्यालयले र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा एक कार्यालयले मतगणना भत्ता भुक्तानीमा कर कट्टी नगरेकोले क्रमशः रु.१३ लाख ९२ हजार र रु.१ लाख ६६ हजार समेत रु.१५ लाख ५८ हजार जिम्मेवार पदाधिकारीबाट असुल गर्नुपर्दछ ।

१५. **बढी खर्च -** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा संलग्न बिल भरपाईअनुसारको रकम मात्र खर्च लेख्नुपर्दछ । स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा १९ कार्यालयले रु. १२ लाख ४८ हजार र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा ३१ कार्यालयले रु.२२ लाख ५१ हजार समेत रु.३४ लाख ९९ हजार स्रेस्तामा संलग्न बिल भरपाई भन्दा बढी खर्च लेखेका छन् । बिल भरपाई भन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा नेपाल सरकारबाट निर्णय नगराई पदाधिकारी सुविधा खर्च लेखेको, प्राविधिक सहायता खर्चको लेखापरीक्षण नगराएको, निर्देशिकाको पालना नभएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार गरेको देखिएन ।
- आयोग र मातहतका समेत ४९० निकायमा यो वर्ष रु.१६ करोड ८४ लाख ७० हजार वेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.१ लाख ५ हजार फछ्यौंट गरेकोले रु.१६ करोड ८३ लाख ६५ हजार वाँकी रहेको छ । सोमध्ये रु.१२ लाख ६१ हजार पेश्की वाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

राष्ट्रिय मानव अधिकार आयोग

नेपालको संविधानको धारा २४८ मा राष्ट्रिय मानवअधिकार आयोगको व्यवस्था छ । आयोगमा अध्यक्ष सहित अन्य ४ सदस्य रहने र अध्यक्ष तथा सदस्यहरुको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । संविधानको धारा २४९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुने उल्लेख छ । मानव अधिकारको सम्मान संरक्षण, सम्वर्द्धन एवं सोको प्रभावकारी कार्यान्वयन गर्न प्राप्त उजुरी एवं सूचनाको सङ्कलन, अध्ययन, अनुसन्धान, जाँचबुझ तथा निरीक्षण गरी प्रतिवेदन साथ यकिन गर्ने जस्ता कार्य आयोगबाट सम्पादन हुँदै आएको छ । आयोग र मातहतका क्षेत्रीय एवं उपक्षेत्रीय समेत ९ कार्यालयमा विभिन्न तहका ३०९ कर्मचारीको दरबन्दी रहेको छ ।

आयोग र मातहत निकायको यो वर्ष विनियोजन रु.१८ करोड ६१ लाख २३ हजार, राजस्व रु.३३ लाख ६९ हजार र धरौटी रु.१० लाख ३० हजार समेत रु.१९ करोड ५ लाख २२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणवाट देखिएका उल्लेख्य व्यहोरा निम्न अनुसार छन् :

१. **उजुरी दर्ता र फछ्यौंट** - राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १५ मा मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको सम्बन्धमा प्राप्त उजुरी वा जानकारी वा आफै स्वविवेकमा कारवाही चलाएको सम्बन्धमा ६ महिनाभित्र मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन भए नभएको आयोगले निर्णय गर्नुपर्ने व्यवस्था छ । आयोगमा गत वर्षको जिम्मेवारी समेत ४ हजार २१३ उजुरीमध्ये यस वर्ष ३३५ फछ्यौंट भई ३ हजार ८७८ फछ्यौंट गर्न बाँकी रहेको छ ।

२. **सिफारिस -** मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई आयोगले सुनिश्चित गर्नुपर्दछ । आयोगले मानव अधिकार उल्लङ्घन, हनन एंव दुरुत्साहन भएको भनी परेका उजुरीको अध्ययन, अनुसन्धान गरी प्राप्त तथ्यका आधारमा सरकार वा सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि सिफारिस उपलब्ध गराउँदै आएको छ । मानव अधिकार संरक्षण र संवर्द्धन सम्बन्धमा आयोगको सिफारिस कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

- **बेरुजू स्थिति** - आयोग र मातहतसमेत ३ निकायमा यो वर्ष रु.१ लाख ९३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियासाथ प्रमाण पुष्ट्याइँ प्राप्त नभएकोले फछ्यौंट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । संविधानमा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्धा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारको तर्फबाट चलाइने मुद्धाहरुको सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष अभियोगपत्र वा फिरादपत्र दर्ता गर्ने, मुद्धाको बहस पैरवी प्रतिरक्षा गर्ने एवं नेपाल सरकार वा नेपाल सरकारले तोकेका अधिकारीलाई कानूनी राय प्रदान गर्ने लगायतका काम, कर्तव्य महान्यायाधिवक्तामा निहित रहेको र संघीय संसद वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने व्यवस्था छ । महान्याधिवक्ताले आफुले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने गरेको छ ।

महान्यायाधिवक्ताको कार्यालयमा ४ नायव महान्यायाधिवक्ताको नेतृत्वमा कार्यालय तथा जनशक्ति विकास विभाग, योजना अनुसन्धान तथा अनुगमन विभाग, मानव अधिकार संरक्षण, कानूनी राय तथा सुशासन विभाग, मुद्धा व्यवस्थापन विभागसमेत ४ विभाग रहेका छन् । महान्यायाधिवक्तालाई निहित अधिकारहरु मातहतको सरकारी वकिल कार्यालयहरुमा प्रत्यायोजन हुन सक्ने संवैधानिक व्यवस्थाअनुसार उच्च अदालत रहेका स्थानमा उच्च सरकारी वकिल कार्यालय, काठमाडौमा विशेष सरकारी वकील कार्यालय र जिल्ला तहमा जिल्ला सरकारी वकील कार्यालय स्थापना भई कार्यसम्पादन हुदै आएको छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा सरकारी वकील सम्बन्धी नियमावली, (संशोधन सहित) २०५५ ले सरकारी वकीलको अन्य काम कर्तव्य र अधिकारलाई व्यवस्थित गरेको छ ।

कार्यालय र मातहत निकायको यो वर्ष विनियोजन रु.९९ करोड ४१ लाख ९७ हजार, राजस्व रु.५२ लाख ९३ हजार र धरौटी रु.३ करोड ८८ लाख १९ हजार समेत रु.१ अर्व ३ करोड ८३ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख व्यहोरा निम्नानुसार छन्:

१. **संगठन संरचना र दरबन्दी -** कार्यालयको स्वीकृत संगठन संरचना र दरबन्दीअनुसार महान्याधिवक्ताको कार्यालय १, उच्च सरकारी वकिलको कार्यालय १८, विशेष सरकारी वकिलको कार्यालय १, जिल्ला सरकारी वकिलको कार्यालय ७७ समेत ९७ कार्यालय रहेका छन् । सो संगठनको लागि अधिकृतस्तरका ४११ र सहायक स्तरका ५०५ समेत ९१६ कर्मचारीको दरबन्दी रहेको छ ।

२. **रणनीतिक योजना -** नेपाल सरकारको २०७४।०७५ को नीति तथा कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयको दोस्रो रणनीतिक योजना (२०७३।७४-२०७७।७८) तीव्रताका साथ कार्यान्वयन गरिने उल्लेख छ । कार्यालयबाट सरकारवादी अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने, सरकारवादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने, सरकारी वकिलको पेशालाई व्यवसायिक बनाउने, महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिल कार्यालयहरुको संस्थागत सुदृढीकरण गर्ने ४ रणनीतिक योजनाको लक्ष्य कार्यान्वयनको लागि रु.३ अर्व ८१ करोड ९० लाख ४५ हजार बजेट अनुमान गरिएकोमा रु.७२ करोड ६२ लाख ९१ हजार (१९.१ प्रतिशत) मात्र खर्च भएको छ । रणनीतिक योजनालाई तीव्रताकासाथ कार्यान्वयन गर्नुपर्दछ ।

३. **मुद्दाको लगत -** कार्यालयको लगतअनुसार गत वर्षको जिम्मेवारी र यस वर्ष दर्तासमेत कुल ७४ हजार ८५१ मुद्दामध्ये यस वर्ष ४१ हजार ७९२ फछ्यौंट गरी ३३ हजार ५९ फछ्यौंट गर्न बाँकी देखिन्छ ।

- **बेरुजू स्थिति -** कार्यालय र मातहतका समेत ३२ निकायमा यो वर्ष रु.२ करोड ९१ लाख ७७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.८० हजार फछ्यौंट गरेकोले रु.२ करोड ९० लाख ९७ हजार बाँकी रहेको छ । सोमध्ये रु. २ करोड ९ लाख १६ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यालयको कार्य क्षेत्रमा कार्य विभाजन र मन्त्रालयहरुको गठन, विघटन तथा सँगठन संरचना हेरफेर, नेपाल सरकारको कार्यसम्पादन नियमावली, विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन, विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति, व्यवस्थापिका-संसदको अधिवेशन आव्हान र अन्त्य, सुशासन तथा संघीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी, निर्देशनलगायतका कार्य रहेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत १९० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

कार्यालय र अन्तर्गत निकायको यो वर्ष विनियोजन रु.१ खर्ब २० अर्ब ५३ करोड ९ लाख ९१ हजार, राजस्व रु.२० करोड ९२ लाख १६ हजार, धरौटी रु.२ अर्ब २ करोड ५९ लाख ३ हजार र अन्य कारोबार रु.३३ अर्ब ७६ करोड ४७ लाख ७० हजार समेत रु.१ खर्ब ५६ अर्ब ५३ करोड ८ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । कार्यालय मातहतका अन्य संस्था १२ को रु.२ अर्ब ६९ करोड २७ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **खर्चमा मितव्ययिता -** कार्यालयबाट २०७४ कार्तिक देखि पौषसम्म ३ महिनाको अवधिमा विना विभागीय मन्त्रीहरुको सुविधा तथा निजी सचिवालयका कर्मचारीहरुको तलब तथा अन्य सुविधामा रु.१ करोड १८ लाख ६० हजार खर्च भएको छ । बहालमा रहेका विभागीय मन्त्रीहरुलाई विना विभागीयमा परिणत गरी सोही कामको लागि मन्त्रीहरु नियुक्त गरी सेवा सुविधा उपलब्ध गराउँदा राज्यकोषमा थप व्ययभार पर्न गएको छ । सरकारी खर्च मितव्ययी र औचित्यपूर्ण हुनुपर्दछ ।

सूचना प्रविधि विकास आयोजना

नेपालमा सूचना प्रविधिको विकासका लागि एसियाली विकास बैङ्कसँग सन् २००८ मा भएको सम्झौता अनुसार यो आयोजना सन् २००८ जुलाईमा शुरु भई २०१४ डिसेम्वरमा सम्पन्न हुने लक्ष्य रहेकोमा सन् २०१८ डिसेम्वरसम्म म्याद थप भएको छ । सूचना प्रविधिलाई समय अनुकूल बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने गरी लोक सेवा आयोग, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र, यातायात व्यवस्था विभाग, भूमिसुधार तथा व्यवस्थापन विभाग, सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय सूचना केन्द्रलगायत ८ निकायमा आयोजनाको कार्यक्रम सञ्चालित छ ।

२. **सम्झौताको कार्यान्वयन** - यातायात व्यवस्था विभाग अन्तर्गत सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रक्रियालाई कम्प्युटराइज्ड पद्धतिमा परिणत गर्न १७ जुलाई २०१३ मा पन्ध्र महिनाको कार्य अवधि राखी एक निजी कम्पनीसँग अमेरीकी डलर १४ लाख ९९ हजार ७६० मा खरिद सम्झौता भएकोमा छैटौँ पटक २०१८ डिसेम्बर ३१ (शुरु सम्झौताको २३३ प्रतिशत) सम्म म्याद थप गरी सोझै भुक्तानीमार्फत अमेरिकी डलर १ लाख ९७ हजार ३११ र विनियोजनबाट अमेरिकी डलर १० लाख ९९ हजार ६१६ समेत अमेरिकी डलर १२ लाख ९६ हजार ९२७ भुक्तानी भइसके पनि सम्झौताबमोजिम कार्य सम्पन्न भएको छैन । सम्झौताअनुसार समयमा काम सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १० बमोजिम कार्यालयले कारोबारको लेखा राखी दफा १६ बमोजिम सबै प्रकारका आय व्ययको तोकिएबमोजिमको लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यातायात व्यवस्था विभागले एक आपूर्तकबाट मेसिनरी औजार तथा उपकरण खरिद गरी रु.२ करोड ५ लाख ५१ हजार र भूमिसुधार तथा व्यवस्थापन विभागअन्तर्गत १४ मालपोत कार्यालयहरुमा अनलाइन भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली लागू गर्न रु.३ करोड ४३ लाख १७ हजार दातृ निकायबाट सोझै भुक्तानी गरी खर्च गरेकोमा सोको लेखा स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन । ऐनमा भएको व्यवस्था अनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

राष्ट्रिय सतर्कता केन्द्र

४. **प्राविधिक परीक्षण** - केन्द्रले यस वर्ष राष्ट्रिय गौरवका आयोजना १८, सडक आयोजना ३५, भवन ६, पुल २०, सिँचाइ १२ र अन्य ८ गरी ९९ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरी देखिएका त्रुटिहरु जस्तै आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्ने कार्ययोजना तयार नगरेको, कार्यबोझ र सम्झौता रकमको आधारमा ठेक्का म्याद निर्धारण गर्ने नगरेको, जग्गा अधिग्रहण नहुँदै आयोजना कार्यान्वयनमा ल्याएको, माइलस्टोन निर्धारण नगरी म्याद थप गर्ने गरेको जस्ता व्यहोराहरु सच्याउन सम्बन्धित केन्द्रीय निकायलाई लेखी पठाएकोमा सोको अनुगमन नहुंदा पहिचान भएका कमी कमजोरीमा सुधार भए नभएको स्पष्ट हुन सकेन । प्राविधिक परीक्षणबाट दिइएका सुझाव कार्यान्वयनको अनुगमन गर्नुपर्दछ ।

राजस्व अनुसन्धान विभाग

राजस्व चुहावट रोकथाम र नियन्त्रण गर्ने कार्यलाई अलग्गै विभाग स्थापना गरी प्रभावकारी ढंगले सम्पादन गर्न २०५० सालमा यस विभागको स्थापना भएको हो । जनताको आर्थिक हित अभिवृद्धि गर्ने, बढी भन्दा बढी राजस्व असुल गर्ने, राजस्व चुहावट रोकथाम र आर्थिक अपराध नियन्त्रण गर्ने, राजस्व संकलनमा वृद्धि गर्ने र विदेशी विनिमयसम्बन्धी अपराध नियन्त्रण गर्ने उद्देश्य रहेको यस विभागअन्तर्गत ४ कार्यालय रहेका छन् ।

५. **भेहिकल ट्र्याकिङ्ग सिस्टम** - राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा १३ग (३) मा नेपालभित्र दर्ता भएको वा नयाँ दर्ता हुने ढुवानीको साधनधनीले विभागले तोकेको मापदण्डअनुसारको भू-अवस्थिति देखाउने चालु हालतको यन्त्र (जीपीएस डिभाईस) को सिलसिलेवार नम्बर विभागमा दर्ता गरी अनिवार्य रुपमा आफ्नो ढुवानीको साधनमा जडान गरी राख्नुपर्ने व्यहोरा उल्लेख छ । गत विगतको बजेट वक्तव्यमा नै भेहिकल ट्र्याकिङ्ग सिष्टम लागू गर्ने विषयलाई प्राथमिकतामा राखे तापनि यो प्रणाली हालसम्म लागू गरेको छैन । कानुनी व्यवस्थालाई सरकारको नीतिगत प्राथमिकतामा राखेकोमा समेत कार्यान्वयन नभएको पक्षमा विभागको ध्यानाकर्षण हुनुपर्दछ ।

६. **अनुसन्धान -** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार राजस्व चुहावटसम्बन्धी उजुरी एवं सूचनाहरुको अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्ने वा सम्बन्धित निकायलाई लेखी पठाई कारबाही टुङ्गो लगाउने कर्तव्य विभागको रहेको छ । साविकमा भन्सार ऐन, मूल्य अभिवृद्धि कर ऐन, अन्तःशुल्क ऐनअनुसारको अधिकार यस विभागलाई प्रत्यायोजन भएबमोजिम छापा मारी अनुसन्धानको क्रममा रहेका २२५ मुद्दाको टुङ्गो नलाग्दै प्रत्यायोजित अधिकार २०७४।११।३० मा फिर्ता भएकोले राजस्व चुहावट नियन्त्रण प्रभावकारी हुन सकेको छैन । ती मुद्दाको सम्बन्धमा उपयुक्त निर्णय लिई यथाशीघ्र कारबाही टुङ्गो लगाउनुपर्दछ । साथै नेपालको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा वृद्धि भइरहेको सन्दर्भमा अध्ययन, अनुसन्धान गरी त्यस्ता क्षेत्रलाई राजस्वको दायरामा ल्याउन तथा चुहावट भइरहेको राजस्व असुली र कारबाहीमा ध्यान जानुपर्दछ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी विश्वव्यापी समस्याको रुपमा फैलिएकोले यो आपराधिक कार्यबाट आर्जन गरेको सम्पत्तिलाई निरुत्साहित गर्ने उद्देश्यले सम्पत्ति शुद्धीकरण निवारण ऐन,२०६४ अनुसार २०६८।३।१ मा विभागको स्थापना भएको हो ।

७. **रणनीति तथा कार्य योजना -** अन्तर्राष्ट्रिय रुपमा सन् १९८९ मा गठन भएको वित्तीय कारबाही कार्यदलले आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई कानुनको दायरामा ल्याउने उद्देश्यले ४० वटा सुझाउहरु जारी गरेको छ । नेपालले उक्त सुझाउहरु कार्यान्वयन गर्नका लागि पाँचवर्षे रणनीति (२०६८-२०७३) तयार गरेको देखियो । उक्त रणनीतिमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी र सोसँग सम्बद्ध कसूरबाट वित्तीय प्रणालीलाई जोगाउने, कसूरदारलाई सजाय गर्दै कसूरसँग सम्बन्धित सम्पत्ति जफत गर्ने तथा अपराधविहीन समाज सुनिश्चित गर्ने लगायत १० रणनीति उल्लेख भएअनुसार ती रणनीति

कार्यान्वयन गर्न कार्यतालिकासहितको कार्ययोजना तयार गरेको देखिन्छ । उक्त रणनीति तथा कार्ययोजनाको प्रत्येक वर्ष अनुगमन तथा मूल्याङ्कन गरी मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र प्रत्येक २ वर्षमा पुरावलोकन गर्नुपर्नेमा सोअनुसार अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक नगरेको एवं प्रत्येक २ वर्षमा पुनरावलोकन भए गरेको पनि देखिन आएन । पहिलो पंञ्चवर्षीय रणनीति तथा कार्ययोजनाको पुनरावलोकन गरी दोस्रो रणनीति तथा कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा पहिलो कार्ययोजना समाप्त भएको १८ महिना व्यतीत भैसक्दा पनि दोस्रो योजना तयार गरेको देखिएन ।

वित्तीय कारबाही कार्यदलको सुझाउको कार्यान्वयन अवस्थाको अन्तराष्ट्रिय रुपमा सन् २०१९।२० मा पारस्परिक मूल्याङ्कन हुने निश्चित भएको छ । उक्त मूल्याङ्कनमा नेपाल सरकारले सन्तोषजनक नतिजा प्राप्त गर्न नसकेमा वित्तीय कारबाही कार्यदलले मुलुकलाई कालोसूचीमा समावेश गर्ने र यसबाट मुलुकले पाउने द्विपक्षीय तथा बहुअपक्षीय वैदेशिक सहायता कटौती हुने जोखिम कम गर्न सम्बद्ध पक्षको ध्यान जानु जरुरी छ । सम्पत्ति शुद्धीकरण हुने क्रियाकलापको सूक्ष्म निगरानी गरी त्यस्ता कार्य निरुत्साहित गर्ने तथा अनुसन्धानमा आएका मुद्दाहरुको शीघ्र टुङ्गो लगाउनुपर्दछ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणका लागि आवश्यक नीति तर्जुमा गर्ने, बजेट तथा कार्यक्रम स्वीकृत एवं कार्यान्वयन गर्ने उद्देश्यका साथ २०७२ पौषमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना भएको हो । भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ गरी ३१ जिल्लामा यसको कार्यक्षेत्र रहेको छ । पुनर्निर्माण कार्यका लागि ४ दातृ राष्ट्र र ८ दातृ संस्थासँग अनुदानतर्फ ६३ करोड ४२ लाख ७१ हजार र ऋणतर्फ १ अर्ब ८१ करोड ४१ लाख ३० हजार गरी २ अर्ब ४४ करोड ८४ लाख १ हजार अमेरिकी डलरको सम्झौता भएको छ । कार्यक्रमको लागि गत वर्ष सम्म रु.७२ अर्ब १६ करोड र यस वर्षको रु.१ खर्ब १४ अर्ब ७६ करोड ५९ लाख २३ हजार गरी जम्मा रु.१ खर्ब ८६ अर्ब ९२ करोड ५९ लाख २३ हजार खर्च भएको छ ।

८. **पुनर्निर्माण -** प्राधिकरणले तयार गरेको क्षेत्रगत योजना र वित्तीय प्रक्षेपण अनुसार दुई वर्ष भित्रमा निजी आवास, तीन वर्ष भित्रमा शैक्षिक तथा स्वास्थ्य संस्था र पाँच वर्षभित्र पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको निर्माण सम्पन्न गर्ने गरी लक्ष्य राखेको छ । भूकम्प गएको करिव चार वर्ष र प्राधिकरण स्थापना भएको ३ वर्ष अर्थात ६० प्रतिशत समय समाप्त भएकोमा रणनीतिक सडकतर्फ १४० र जिल्ला स्तरीय सडक १ हजार ६० किलो मिटर निर्माण कार्य सुरु भएको छैन । दुई वर्ष भित्रमा निजी आवासको निर्माण कार्य सम्पन्न गर्नु पर्नेमा तोकिएको अवधि समाप्त भइसक्दा निजी आवास ८ लाख २२ हजार ९०९ मा २ लाख ६८ हजार ५८५ (३२.६३ प्रतिशत), निजी आवास प्रबलीकरण ५२ हजार ५४ मा ७ हजार ४४८ (१४.३० प्रतिशत), तीन वर्ष भित्रमा शैक्षिक तथा स्वास्थ्य संस्थाको कार्य सम्पन्न गर्नु पर्नेमा स्वास्थ्य संस्थाका भवनहरु (प्रिफ्याबसमेत) १ हजार १९७ मा ६४३ (५३.७१ प्रतिशत), सामुदायिक विद्यालयहरु ७ हजार ५५३ मध्ये ३ हजार ८१६ (५०.५२ प्रतिशत), विश्वविद्यालयअन्तर्गतका भवनहरु १६ मध्ये २ (१२.५० प्रतिशत), सार्वजनिक भवनहरु ४१५ मध्ये २४८ (५९.७५ प्रतिशत), सुरक्षा निकायका भवनहरु ६८६ मा २१४ (३१.१९ प्रतिशत), पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरु ७५३ मा १८५ (२४.५६ प्रतिशत) र खानेपानी तथा सरसफाई आयोजनाहरु ३ हजारमध्ये १ हजार ७०५ (५६.८३ प्रतिशत) मात्र सम्पन्न भएको छ । प्राधिकरणले विनाशकारी भूकम्पको पुनर्निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निकायहरुलाई थप जिम्मेवार र जवाफदेही तुल्याउँदै सरोकारवाला पक्षको सहभागिता बढाई कार्यविधिमा सरलीकरण, कार्यान्वयन क्षमतामा अभिवृद्धि एवं निकायगत समन्वयमा वृद्धि गरी काम सम्पन्न गर्नुपर्दछ ।

९. **अनुदान वितरण -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को दफा ५(ग) मा अनुदान प्राप्त गर्न लाभग्राहीमा नाम समावेश गरी सम्झौता भएपछि पहिलो किस्ता रु.५० हजार, प्लिन्थ तहसम्म निर्माण कार्य सम्पन्न गरी प्राविधिकबाट प्रमाणीकरण भएपछि दोस्रो किस्ता रु.१ लाख ५० हजार र छाना छाउनु अघिसम्मको निर्माण कार्य सम्पन्न गरी प्राविधिकबाट प्रमाणीकरण भएपछि तेस्रो किस्ता रु १ लाख पाउने व्यवस्था छ । कुल ८ लाख २२ हजार ९०९ घर निर्माण गर्न पहिलो किस्ता ७ लाख ३३ हजार ९०५जनालाई रु.५० हजारका दरले रु.३६ अर्ब ६९ करोड ५२ लाख ५० हजार, दोस्रो किस्ता ५ लाख

२३ हजार ३६७ जनालाई रु.१ लाख ५० हजारका दरले रु.७८ अर्ब ५० करोड ५० लाख ५० हजार र तेस्रो किस्ता ३ लाख ३५ हजार ४७१ जनालाई रु.१ लाखका दरले रु.३३ अर्ब ५४ करोड ७१ लाखसमेत रु.१ खर्ब रु.४८ अर्ब ७४ करोड ७४ लाख भुक्तानी भइसकेको छ । पहिलो किस्ता लिने मध्ये ३ लाख ३५ हजार ४७१ (४५.७१ प्रतिशत) जनाले मात्र तेस्रो किस्ताको भुक्तानी लिएका छन् । भूकम्प पश्चात पुनर्निर्माण गर्नुपर्ने घरहरुका लागि तीन वर्षको अवधि पूरा हुँदा पनि ३ लाख ३७ हजार ३११ (४०.९९ प्रतिशत) घर मात्र निर्माण भएको छ । अनुदान प्राप्त गर्ने प्रक्रिया जटिल भएको कारण पहिलो किस्ता लिने सबै लाभग्राहीले दोस्रो र तेस्रो किस्ता लिएका छैनन् । अनुदान प्राप्त गर्ने प्रक्रिया सरल र सहज बनाई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१०. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिद सम्झौताअनुसार बिल बीजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भूकम्पीय आवास पुनर्निर्माण आयोजनाले डकर्मी तालिम सञ्चालन गर्न एक पोलिटेक्निक संस्थासँग गरेको सम्झौताबमोजिम रु.१९ लाख ९६ हजार भुक्तानी गर्नुपर्नेमा रु.६१ लाख ३१ हजार भुक्तानी गरेकोले वढी भुक्तानी रु.४१ लाख ३५ हजार लेखापरीक्षणबाट औँल्याएपछि रु.११ लाख असुल भएकोले बाँकी रु.३० लाख ३५ हजार असुल गरी सम्बन्धित कर्मचारीलाई जिम्मेवारसमेत बनाउनुपर्दछ ।

११. **वैदेशिक सहायताको लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ (२) मा कार्यालयले सबै प्रकारका आय-व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । यो वर्ष प्राधिकरण र अन्तर्गतका निकायमा नेपाल सरकारको बार्षिक कार्यक्रम तथा बजेटमा समावेश नगरी साझेदार संस्थाहरुले सोझै भुक्तानीबाट रु.७० अर्ब ८० करोड ९१ लाख २ हजार खर्च गरेका छन् । सहायता रकम नेपाल सरकारको केन्द्रिय लेखा प्रणालीमा समावेश नगरेको तथा सोको आर्थिक विवरणसमेत पेस नगरेकोले लेखापरीक्षण भएको छैन । ऐन तथा नियमावलीले व्यवस्था गरेबमोजिम लेखा र आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

१२. **विद्यालयहरुको पुनर्निर्माण -** भूकम्पबाट अति प्रभावित जिल्लाका ७० विद्यालयको पुनर्निर्माण कार्य भारत सरकारको सहायताबाट निर्माण गर्ने उल्लेख भएकोमा भारत सरकारबाट आयोजना व्यवस्थापन परार्मशदाता नियुक्त नभएकाले काम शुरु भएको छैन । चीन सरकारले निर्माण गर्ने उल्लेख भएका ७ विद्यालयमध्ये दरबार हाइस्कूलको पुनर्निर्माण कार्य शुरु भएको र अन्य ६ विद्यालयको दुई वर्ष अघि नै संभाव्यता अध्ययन सम्पन्न भए तापनि विस्तृत डिजाइन नभएकाले काम शुरु हुन सकेको छैन । सम्झौता अनुसार पुनर्निर्माणको कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३. **अधुरा कार्य -** सार्वजनिक खरिद नियमावली,२०६४ मा खरिद सम्झौताबमोजिमको निर्माण कार्य सम्झौतामा तोकिएको अवधिभित्रै सम्पन्न गर्नुपर्ने व्यवस्था छ । जिल्ला आयोजना कार्यान्वयन इकाई, ललितपुरले भूकम्पबाट क्षतिग्रस्त ४ सरकारी कार्यालयको भवन निर्माण गर्न ४ निर्माण व्यवसायीसँग रु.३७ करोड ४१ लाख ५६ हजारको सम्झौता गरेकोमा ५० देखि १०० प्रतिशत अवधि समाप्त हुदा पनि ३ ठेक्काको निर्माण कार्य सुरु नै नगरेको र १ ठेक्काको निर्माण कार्य सुरु गरेतापनि सम्पन्न भएको छैन । मोबिलाइजेसन पेस्कीबापत २ निर्माण व्यवसायीलाई रु.२ करोड ६२ लाख २५ हजार भुक्तानी दिएको छ । निर्माण कार्य प्रारम्भ नहुनुमा समन्वयको अभाव, निर्माण कार्य स्थलको छनौट हुन नसक्नु, निर्माण स्थलमा बाटो विवाद आदि रहेकोले विवाद समाधान गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

गरिबी निवारण कोष

समाजका गरीब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा गरिबी निवारण सम्बन्धमा विभिन्न कार्यक्रम सञ्चालन गराउने र गरिबी निवारण कार्यमा संलग्न निकायहरुलाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराई मुलुकबाट गरिबी निवारण गर्ने उद्देश्यले गरिबी निवारण कोषको स्थापना भएको हो । कोषले गरीब, महिला, दलित र जनजातिलाई अधिकतम मात्रामा परिचालन गर्दै मागमा आधारित कार्यक्रममा प्रत्यक्ष लगानी गर्ने गर्दछ । कोषले २०६१।६२ देखि २०७४।७५ सम्म चरणवद्ध रुपमा ६२ जिल्लामा विभिन्न कार्यक्रम सञ्चालन गरेको देखिन्छ । कोषले

कार्यक्रम सञ्चालन गरी यो वर्ष रु.१ अर्ब ११ करोड ३३ लाखसमेत हालसम्म रु.२६ अर्ब २१ करोड १६ लाख खर्च गरेको छ । खर्च भएको रकमबाट गरिबी निवारणमा परेको प्रभाव तेस्रो पक्षबाट मूल्याङ्कन गरिनुपर्दछ ।

१४. **घुम्ती कोषको अनुगमन -** कोषको कार्यक्रम सञ्चालन निर्देशिका, २०६७ मा कोषबाट आय आर्जन क्रियाकलापको लागि निकासा गएको रकम घुम्ती कोषको रुपमा परिचालन गर्नुपर्ने र कार्य योजना अनुरुप घुम्ती कोष सञ्चालन गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित लाभग्राही संस्थाको हुने उल्लेख छ । कोषले २०६१ देखि हालसम्म घुम्ती कोषको रुपमा ३२ हजार २७६ सामुदायिक संस्थालाई रु.१४ अर्ब निर्शत अनुदान उपलब्ध गराएको छ । कोषले उपलब्ध गराएको अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन र चौमासिक प्रतिवेदन तयार नगरेकोले अनुदान रकमको उपयोग सम्बन्धमा यकिन गर्न सकिएन । कोषले समयमा नै अनुगमनमा ध्यान दिनुपर्दछ ।

१५. **आयोजना सञ्चालन -** कोषले आयोजना सञ्चालनसम्बन्धी कार्ययोजना बनाई सोअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यस वर्ष कोषले साना पूर्वाधार निर्माणअन्तर्गत मोटरबाटो, खानेपानी, भवन, सिँचाइ, कल्भर्ट, माइक्रो हाइड्रोपावर, पोखरी निर्माण समेत ३९८ आयोजनाको लागि रु.५२ करोड ३३ लाख ४४ हजारमा लाभग्राही संस्थासँग सम्झौता गरेकोमा प्रथम र दोस्रो किस्तासमेत हालसम्म रु.३९ करोड ३४ लाख ४७ हजार भुक्तानी भएको छ । सञ्चालित सबै आयोजना सम्पन्न नभै अधुरो रहेको देखियो । कार्ययोजना एवं सम्झौताअनुसार कार्यक्रम सञ्चालन नभएका कारण आयोजनाहरु अधुरो रहेको देखिन्छ । यस सम्बन्धमा सम्बन्धित सरोकार वालालाई जिम्मेवार बनाई अधुरा आयोजना सम्पन्न गर्नुपर्दछ ।

१६. **शोधभर्ना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ मा नेपाल सरकारको स्रोतबाट खर्च गरी दातृ पक्षबाट शोधभर्ना लिनुपर्ने रकमको खर्चका फाँटवारीहरु संलग्न गरी दातृपक्षसमक्ष बढीमा पैंतालीस दिनभित्र शोधभर्ना माग गर्नुपर्ने व्यवस्था छ । यो वर्षसम्म कोषले रु.४४ करोड २५ लाख ३६ हजार शोधभर्ना लिन बाँकी देखिएकोले उक्त रकम शोधभर्ना लिनुपर्दछ ।

१७. **हवाई भाडा -** जापान सामाजिक विकास कोषबाट खर्च व्यहोर्ने गरी भारतको आगरातलामा रहेको त्रिपुरा ब्याम्बो मिसनमा सन् २०१८ जनवरी १५ देखि २२ सम्म कोषका ३४ कर्मचारी भ्रमण गर्न आतेजाते हवाई टिकटबापत एक ट्राभल एजेन्सीलाई रु.११ लाख ८७ हजार भुक्तानी गरेपछि भ्रमण स्थगित भएको देखियो । टिकटको रकम फिर्ता नहुने (नन्रिफण्डेबल) टिकट लिएकोले उक्त रकम फिर्ता भएको देखिएन । कार्यक्रम स्थगित पश्चात् सरकारलाई अनावश्यक व्ययभार पर्न गएको छ ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

गरिबी निवारण कार्यक्रम कार्यान्वयन

नेपालमा हाल चौधौं योजना कार्यान्वयनमा रहेको र पन्ध्रौं योजना तयारीको चरणमा रहेको छ । सबै योजनामा गरिबी निवारणलाई उच्च प्राथमिकतामा राखेको देखिन्छ । निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्यालाई घटाई गरिबी निवारणमा योगदान पुऱ्याउन सरकारबाट विभिन्न कार्यक्रम तथा संरचनात्मक व्यवस्था भएको साथै निजी तथा गैरसरकारी संस्थाहरुसमेत संलग्न रहेका छन् । दातृनिकायहरुले समेत गरिबी निवारणलाई उच्च प्राथमिकतामा राखी सहायता प्रदान गरिरहेका छन् । यद्यपि २०७४।७५ को अन्त्यमा १८.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अवस्था छ । नेपालमा संचालित गरिबी निवारण कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायबमोजिम छन्:

१८. **गरिबीको परिभाषा** – विश्व बैङ्कले प्रतिदिन प्रतिव्यक्ति अमेरिकी डलर १.९ भन्दा कम आम्दानी हुनेलाई, संयुक्त राष्ट्रसंघले न्यूनतम जीवनस्तर कायम राख्न आवश्यक साधनको अभावले गर्दा आर्थिक, सामाजिक, मनोवैज्ञानिक रुपले वञ्चित हुने स्थितिलाई तथा भारत र चीनले दैनिक आम्दानीलाई आधार मानी गरिबीलाई परिभाषित गरेका छन् । गरिबी निवारणको रणनीतिपत्रको रुपमा प्रस्तुत गरिएको दशौं योजनाले गरिबीलाई परिभाषित नगरी सोका आयामको मात्र व्याख्या गरेको छ । नेपाल जीवनस्तर मापन सर्भेक्षण,

२०१०।११ ले प्रतिव्यक्ति प्रतिदिन सरदर २२२० क्यालोरी उपभोग र वार्षिक आय रु.१९ हजार २६१ हुनुपर्ने उल्लेख गरेकोले सोभन्दा कम आय हुनेलाई गरीब मान्न सकिने अवस्था छ । गरिबी निवारण ऐन, २०६३ मा गरीब भन्नाले नेपाल सरकारले समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेका, शिक्षा स्वास्थ्यजस्ता मानव विकासका सूचकहरुका आधारमा पिछडिएका र राष्ट्रिय विकास प्रक्रियामा समावेश हुन नसकेको व्यक्ति वा समूहलाई सम्झनुपर्ने उल्लेख छ । तर गरिबी निवारणसँग सम्बन्धित अन्य कार्यक्रमहरुमा गरिबीको स्पष्ट परिभाषा गरिएको छैन । गरिबीको परिभाषा नै स्पष्ट नहुँदा कार्यक्रम संचालनमा आ-आफ्नै व्याख्या गरेको देखिन्छ । परिभाषामा रहेको द्विविधा हटाउन गरिबीको स्पष्ट परिभाषा हुनुपर्दछ ।

१९. **गरिबी मापन तथा पहिचान** – विश्वका अधिकांश राष्ट्रले गरिबी मापन गर्न बहुआयामिक सूचक विधि अपनाएको र भारतलगायतका कतिपय राष्ट्रले क्रयशक्ति समता विधिद्वारा गरिबी मापन गर्ने गरेका छन् । नेपालमा केन्द्रीय तथ्याङ्क विभागले सन् २०१८ मा बहुआयामिक सूचक विधिबाट गरिबी मापन गरेकोमा २८.६ प्रतिशत गरिबी रहेको उल्लेख छ । राष्ट्रिय योजना आयोगबाट पन्ध्रौं योजनाको आधार पत्र तयार गर्ने क्रममा चौधौं योजनाको समीक्षा गर्दा २०७४।७५ को अन्त्यमा गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशत रहेको उल्लेख छ । गरिबी निवारण कोषले गरिबीको मापन तथा पहिचान खाद्य सुरक्षाको आधारमा मात्र गरेको छ । अन्य कार्यक्रमहरुले भिन्ना भिन्नै रुपमा गरिबीको मापन र पहिचान गरेका छन् । गरिबीको वास्तविक पहिचान गर्न स्थापना गरिएको गरीब घरपरिवार सहयोग समन्वय बोर्डले २०७२ सालमा २६ जिल्लाका ३ लाख ९१ हजार ८ सय ३१ घरपरिवार गरीब भएको पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्यक्रमको सुरुवात गरेतापनि तथ्यांक यथार्थ नभएको कारण सम्पन्न हुनसकेको छैन । यसर्थ सरकारले वस्तुनिष्ठ आधार र सूचक तयार गरी गरीबको पहिचान र मापन गर्नुपर्दछ ।

२०. **आवधिक योजना र गरिबी निवारण**– विशेषत: नवौं र दशौं योजनामा गरिबी निवारणलाई उच्च प्राथमिकता दिएको देखिन्छ । दशौं योजनाले गरिबी निवारणको लागि उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि, सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, लक्षित कार्यक्रम र सुशासन कायम गर्नेगरी रणनीति निश्चित गरेको छ । त्यसपछिका योजनाहरुमा समेत गरिबी निवारण गर्दै आर्थिक सामाजिक रुपान्तरण गर्ने उद्देश्य राखी सोही अनुरुपका कार्यक्रमको व्यवस्था भएको देखिन्छ । सरकार र दातृ निकायले गरिबी निवारणलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेतापनि लक्ष्य अनुरुप प्रगति नहुँदा प्रक्षेपित उपलब्धि हासिल भएको छैन । देशमा आर्थिक वृद्धिदर न्यून रहेको, सबै जनतामा विद्युत, खानेपानीको सुविधा नपुगेको, अझैपनि कतिपय बालवालिका शिक्षाबाट वञ्चित हुनुपरेको, माग अनुसारको विद्युत उपलब्ध नहुँदा औद्योगिक उत्पादनमा वृद्धि हुन नसकेको तथा इन्धन आयातमा अर्बौं रकम खर्च भईरहेको अवस्था छ । लक्ष्य हासिल नहुनुमा सबै जसो योजनामा राजनीतिक सङ्क्रमण, सुशासनको अभाव, कृषि उत्पादनमा वृद्धि नभएको, ऊर्जा संकट, सकारात्मक र सुमधुर श्रम सम्बन्धको अभाव, औद्योगिक उत्पादनमा ह्रासलगायतका कारण उल्लेख गरेको पाइन्छ । त्यसपछिका योजनामा पहिचान भएका समस्या समाधानका लागि आवश्यक रणनीति तथा कार्यक्रम ल्याई लक्ष्यअनुरुप प्रगति हासिल गर्न प्रयत्न गरेको पाइएन । अत: आवधिक योजनाहरुमा प्रभावकारी रणनीति तथा कार्यक्रमको व्यवस्था गरी सोको कार्यान्वयन हुनुपर्दछ ।

२१. **गरिबी घटाउने लक्ष्य** – नवौं योजनाको शुरुमा गरिबीको रेखामुनिको जनसंख्या ४२ प्रतिशत रहेकोमा तेह्रौं योजनाको अन्त्यमा पुग्दा २१.६ प्रतिशत पुगेको छ । यद्यपि कुनैपनि योजनाहरुमा लिइएको लक्ष्य अनुरुप प्रगति भएको पाइएन । उदाहरणको लागि नवौं योजनाको अवधिमा १० प्रतिशत गरिबी घटाउने लक्ष्य रहेकोमा ४ प्रतिशतमात्र र तेह्रौं योजना अवधिमा ५.८ प्रतिशत गरिबी घटाउने लक्ष्य लिएकोमा २.२ प्रतिशतमात्र गरिबी घटेको छ । त्यसैगरी प्रत्येक योजनामा एकै प्रकृतिको कार्यक्रम सञ्चालन गर्नाले गरिबी निवारणमा अपेक्षित नतिजा प्राप्त भएको देखिँदैन । योजनाका लक्ष्य प्राप्त गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२२. **मानव विकास सूचकाङ्क** – मानव विकासको अवस्था र सोसँग सम्बन्धित सूचकले जनताको जीवनस्तरको मापन गर्दछ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सन् २०१८ मा प्रकाशन गरेको सूचक अनुसार विश्वको औसत सूचकाङ्कभन्दा नेपालको स्थिति अझै पनि न्यून छ:

सूचकाङ्कको तुलना	विश्वको औसत अवस्था (२०१७)	नेपालको अवस्था (२०१७)
हयुमन डेभलेपमेन्ट इन्डेक्स भ्यालु	०.७२८	०.५७४
इन्इक्वालिटी एड्जस्टेड हयुमन डेभलेपमेन्ट इन्डेक्स भ्यालु	०.५८२	०.४२७
जेन्डर डेभलेपमेन्ट इन्डेक्स भ्यालु	०.९४१	०.९२५
जेन्डर इन्इक्वालिटी इन्डेक्स भ्यालु	०.४४१	०.४८०
गिनी कोफिसेन्ट		३२.८
बहुआयामिक गरिबी मापन सूचकांक		२८.६

उक्त सूचकाङ्कमा नेपाल १८६ राष्ट्रमध्ये १४९ औं स्थानमा रहेको छ । आयको असमानता दर्शाउने गिनी कोफिसेन्टपनि ३२.८ रहेकोले धनी र गरिबीबिचको दूरी उच्च रहेको छ । यसर्थ सरकारले गरिबी निवारण गर्न गरेका लगानी र प्रयास उपलब्धिमूलक देखिएन ।

२३. **कार्यक्रमबीच समन्वय** – गरिबी निवारणसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न अलग अलग संस्था तथा कार्यक्रम सञ्चालनमा रहेका छन् । मन्त्रालयहरुमा सञ्चालित गरिब लक्षित कार्यक्रमको अध्ययन गर्दा मन्त्रालयले हाल ५० भन्दा बढी गरीब लक्षित कार्यक्रम सञ्चालन गरेको पाईयो । त्यसका अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र, वित्तीय क्षेत्रसमेतले गरिबी निवारणको उद्देश्यमा सहयोग गर्न विभिन्न कार्यक्रम सञ्चालन गरेका छन् । केही प्रमुख कार्यक्रमको विवरण निम्नानुसार छ:

क्र.सं.	निकाय/कार्यक्रम	शुरु वर्ष	कार्यक्रम अवधि	लक्षित समूह	कार्यक्षेत्र
१	गरिबी निवारण कोष	२०६०	२०७५ सम्म	गरीबीको रेखामुनि रहेको जनसंख्या	६२ जिल्ला, ५५४ स्थानीय तह
२	लघु उद्यम विकास कार्यक्रम	१९९८	निरन्तर	गरिबीको रेखामुनि रहेका नागरिकका परिवारका सदस्यहरु	७७ जिल्लाका, ७५३ स्थानीय तह
३	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	२००८	निरन्तर	सामाजिक तथा आर्थिक रुपमा पछि परेका सीमान्तकृत नागरिक	७७ जिल्ला, ७५३ स्थानीय तह
४	गरीबसँग विश्वेश्वर कार्यक्रम	२०५६	निरन्तर	निर्धारित सूचकका आधारमा छनौट भएको अति विपन्न परिवार	७६ जिल्ला (धादिङ बाहेक), ३३१ स्थानीय तह
५	युवा तथा साना व्यवसायी स्वरोजगार कोष	२०६५	निरन्तर	परम्परागत सीप भएका तर पूँजीको अभावमा जिविकोपार्जनमा समस्या भोगिरहेका वा सीप सिकेर स्वरोजगार कार्यक्रम सञ्चालन गर्न चाहने १८ देखि ५० वर्ष उमेर समूहका बेरोजगार युवाहरु	७७ जिल्ला

अधिकांश कार्यक्रमहरुले लक्षित समूह गठन तथा सामुदायिक संस्था निर्माण गरी कार्य सञ्चालन गरेकोमा यस्ता कार्यक्रमले लक्षित समूह छनौट गरी समूहमा आवद्ध गराउने, सामूहिक रुपमा कार्यक्रम सञ्चालन गर्ने, समूहमा नै पूँजी लगानी तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने गरेका छन् । एउटै समुदायमा समान प्रकृतिका एकभन्दा बढी कार्यक्रम सञ्चालनमा रहेकोमा त्यस्ता कार्यक्रमबीच पर्याप्त समन्वय नहुँदा कार्यक्रमगत फरक फरक समूह गठन हुने तथा एउटै व्यक्ति एकभन्दा बढी कार्यक्रमको लाभग्राही रहने देखिएको छ । त्यसैगरी गरिबी निवारणसम्बन्धी कार्यक्रम एकीकृत रुपमा सञ्चालन हुनसकेको देखिँदैन । अत: सबै कार्यक्रमहरुलाई एउटै निकायबाट सञ्चालन गर्ने विकल्पमा समेत ध्यान दिनुपर्दछ ।

२४. **कार्यक्रमका लाभग्राहीमा दोहोरोपना** - गरीब लक्षित कार्यक्रमबीच समन्वय नहुँदा विभिन्न कार्यक्रमबाट एउटै समुदाय, परिवार वा सदस्य लाभान्वित हुने अवस्था छ । गरिबी निवारणका लागि सञ्चालित निम्नानुसारका कार्यक्रमको समूह संख्या, सदस्य संख्या, जिल्लाको जनसंख्या र सदस्य संख्या अनुपात प्रतिशत निम्नानुसार छ:

जिल्ला	गरिबी निवारण कोष		लघु उद्यम विकास कार्यक्रम		महिला विकास कार्यक्रम		गरीबसँग विश्वश्वर		स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम		कुल		जनसंख्या	सदस्यर जनसंख्या अनुपात प्रतिशत
	समूहसंख्या	सदस्यसंख्या	समूहसंख्या	सदस्यसंख्या	समूहसंख्या	सदस्यसंख्या	समूहसंख्या	सदस्यसंख्या	समूहसंख्या	सदस्यसंख्या	समूहसंख्या	सदस्यसंख्या		
मुगु	२७९	२०७९१	१७	१६४	१७६२	१०८९४	६९	७९६	४८	१३६२	२१७५	३४००७	५५२८६	६१.५१
रसुवा	३०१	९३१९	२०३	२६०५	९८२	५४५३	१९	५३३	३९	९४६	१५४४	१८८५६	४३३००	४३.५५
डोल्पा	२०८	६२८७	६	८०	९६५	५४४३	६६	७८६	४६	१२४८	१२९१	१३८४४	३६७००	३७.७२
जुम्ला	४९४	१९२१७	४३६	२५८८	२०४५	११७५९	४०	४७७	५८	१६७९	३०७३	३५७२०	१०८९२१	३२.७९
मनाङ	-	-	८	८१	१८२	१००१	९	३३८	२६	५४४	२२५	१९६४	६५३८	३०.०४

स्रोत: अध्ययन प्रतिवेदन, २०७५ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

नेपाल जीवनस्तर सर्वेक्षण, २०१०/११ अनुसार मुगु र रसुवामा गरिबीको रेखामुनिको जनसंख्या क्रमश: २५ हजार ७८४ र १३ हजार ३२६ रहेकोमा उल्लिखित पाँच कार्यक्रममा आवद्ध जनसंख्या क्रमश: ३४

हजार ७ र १८ हजार ८५६ रहेकोले गरीब जनसंख्याभन्दा बढी सदस्य समूहमा रहेको देखिन्छ । यसका अतिरिक्त उक्त जिल्लामा अन्य कार्यक्रमहरु पनि सञ्चालनमा रहेको हुँदा सम्पूर्ण कार्यक्रमहरुको एकीकृत तथ्याङ्क लिने हो भने यो संख्या अझैबढ्ने निश्चित छ । यसर्थ यसबाट कार्यक्रमहरुबीच दोहोरोपना रहेको र कार्यक्रमहरुबाट गरीब जनतामात्र लाभान्वित नभई गैर गरीब समेत लाभान्वित रहेको देखिन्छ । अतः कार्यक्रमहरुको अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउनु पर्दछ ।

२५. **एउटै समुदायमा कार्यक्रम सञ्चालन** –गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरु निश्चित लक्ष्य र उद्देश्यसहित निश्चित अवधिको लागि सञ्चालन गर्नुपर्नेमा धेरै अगाडिको सूचकका आधारमा छनौट भएका कार्यक्रमहरु पुनः सोही सूचकहरुको आधारमा निरन्तर सञ्चालन भई रहनु उपयुक्त देखिदैन । गरिबी निवारण कोषको स्थापना पछि २०६१।६२ मा नमुना छनौटमा परेका जिल्लामा सामुदायिक संस्थाहरु स्थापना भई कार्यक्रम सञ्चालन भएकोमा त्यस्ता संस्था हालसम्म ३२ हजार २७६ पुगेको छ । त्यस्ता सामुदायिक संस्थालाई निश्चित अवधिसम्म रकम उपलब्ध गराई समुदायको जीवनस्तर उकास्नुपर्नेमा लामो समयसम्म एउटै संस्थालाई रकम उपलब्ध गराएकोले कार्यक्रमको प्रभावकारितामा विश्वस्त हुने अवस्था देखिएन । कार्यक्रमहरुबाट निश्चित समय पश्चात नतिजा प्राप्त हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२६. **लक्ष्य केन्द्रित कार्यक्रम** – गरीब लक्षित कार्यक्रमहरु सञ्चालन गर्दा वास्तविक गरीबको पहिचान गरी गरीब समूह वा व्यक्तिमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जिल्ला वा क्षेत्रलाई बढी महत्व दिएको पाइयो । जिल्लामा वा क्षेत्रमा रहेका गरीबलाई आधार लिई धेरै गरीब भएका जिल्ला वा क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दा गरीबको संख्या कम भएका जिल्ला वा क्षेत्रका गरीबहरु कार्यक्रमबाट वञ्चित हुने गरेको देखिन्छ । चीनले नोभेम्बर २०१३ मा शुरु गरेको प्रिसिसन प्रोभर्टी एलिभेसन रणनीतिअनुसार गरिबी निवारण कार्यक्रम स्थान विशेष वा समूह विशेषमा नगरी गरीब व्यक्ति विशेषलाई दृष्टिगत गरी सञ्चालन गरेकोले गरिबीको रेखामुनिको जनसंख्या उल्लेख्य रुपमा घटेको देखिन्छ । अतः गरिबी निवारणसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा जिल्ला वा स्थानीय तह वा गाउँ वा समूह केन्द्रित नगरी गरीब व्यक्तिको पहिचान गरी व्यक्ति सुहाउँदो सीपमूलक तथा व्यवसायजन्य कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२७. **अनुदान प्रणाली** – गरिबी निवारणको प्रमुख औजारको रुपमा हाल विश्वमा नै सशर्त नगद अनुदान प्रणालीलाई लिएको पाइन्छ । मानवीय क्षमता विकास गरी गरिबी निवारण गर्न मेक्सिको, ब्राजिल, निकारागुवा, होण्डुरस, जमैका, बंगलादेश, चिली लगायतका देशले यस्तो औजारको प्रयोग गरी सकारात्मक नतिजा प्राप्त गरेको देखिन्छ । गरिबी निवारण कोषबाट प्राप्त अभिलेखअनुसार २०६१।६२ देखि हालसम्म घुम्तीकोषको रुपमा ३२ हजार २७६ सामुदायिक संस्थामा करिब रु.१४ अर्ब निशर्त अनुदान उपलब्ध गराएको र सो कोषको परिचालनबाट ती संस्थाले करिब रु.५ अर्ब आम्दानी गरेको जनाए तापनि सो कार्यक्रमबाट उल्लेख्य रुपमा गरिबी घटेको देखिँदैन । निशर्त रुपमा प्रदान गरिएको यस प्रकारको अनुदान प्रणाली प्रभावकारी रहेको पाइएन ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषले २०६५ देखि २०७५ आषाढ मसान्तसम्म रु.७ अर्ब २७ करोड ११ लाख २५ हजार ऋण लगानी गरेकोमध्ये २०७४ आषाढ मसान्तसम्म भाखा नाघेको ऋण रु.३२ करोड ५७ लाख रहेको छ । उक्त ऋण फिर्ता गर्न सम्बन्धित ऋणीलाई पटक पटक पत्राचार गरेपनि ऋण असुल नभएको कोषले जनाएको छ । वास्तविक कार्य गर्ने व्यक्तिले अनुदान प्राप्त नगर्ने र काम नै नगर्नेले अनुदान ऋण लिई समयावधि भित्र नतिर्दा खराब कर्जा बढेको देखिन्छ । सशर्त रुपमा ऋण प्रदान गरी कार्य गराउँदा समेत अपेक्षित उपलब्धि हासिल नगरेको पाइयो । अतः अनुदान प्रणालीको सम्बन्धमा अध्ययन गरी प्रभावकारी प्रणाली अवलम्बन गर्नुपर्दछ ।

२८. **बहिर्गमन रणनीति** – गरिबी निवारणसँग सम्बन्धित अधिकांश कार्यक्रम सञ्चालन अवधि र मोडलसम्बन्धमा स्पष्टता भएको पाइएन । गरिबी निवारण कोषबाट दुई चरणमा सञ्चालित कार्यक्रम डिसेम्बर २०१८ बाट सम्पन्न भएको छ । कार्यक्रम सञ्चालनबाट सिर्जना भएका सम्पत्ति र सामुदायिक संस्थाको घुम्तीकोषमा रहेको करिब रु.१९ अर्ब रुपैयाँ परिचालन सम्बन्धमा अन्यौलता रहेको छ । त्यसैगरी कोषबाट पूर्वाधार निर्माण

गर्न २०७४।७५ सम्म ३९८ निर्माण आयोजनासँग रु.५२ करोड ३३ लाखमा खरिद सम्झौता भएकोमारु.३९ करोड ३४ लाख भुक्तानी भएको छ । ती निर्माण कार्य सम्पन्न नहुँदै गरिबी निवारण कोषका कार्यक्रमको अवधि सम्पन्न भएको हुँदा त्यस्ता आयोजना अधुरो रहेको छ । अतः स्पष्ट बहिर्गमन रणनीति तथा कार्ययोजना सहित कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

२९. **वैदेशिक रोजगारी र गरिबी** – रेमिटेन्सको प्रभाव स्वरुप केही दशक यता जनताको जीवनस्तरमा सुधार भएको, आयात वृद्धि भएको, क्रयशक्तिमा वृद्धि भएको आदि कारणले गरिबी न्यूनीकरणमा केही उपलब्धि भएको देखिन्छ । वैदेशिक रोजगार विभागका अनुसार वैदेशिक रोजगारीमा जानको लागि २०७१।७२ मा ४ लाख ९९ हजारले, २०७२।७३ मा ४ लाख ३ हजारले र २०७३।७४ मा ३ लाख ८३ हजारले श्रम स्वीकृति लिएको देखिन्छ । साथै नेपाल राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार २०७१।७२ मा रु.५ खर्ब ४० अर्ब ५ करोड, २०७२।७३ मा रु.५ खर्ब ९४ अर्ब ५९ करोड र २०७३।७४ मा रु.६ खर्ब २ अर्ब ५० करोड रेमिट्यान्स नेपाल भित्रिएको देखिन्छ । वैदेशिक रोजगारीमा जाने संख्या केही हदसम्म कम भएको देखिएतापनि उक्त कमी आउनुमा गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमको प्रभाव रहे नरहेको मूल्याङ्कन भएको छैन । अतः वैदेशिक रोजगारीमा जाने जनशक्तिलाई देशभित्र नै रोजगारीको सिर्जना गर्ने कार्यमा गरिबी निवारण कार्यक्रमहरु केन्द्रित हुनु आवश्यक छ ।

निष्कर्ष – गरिबी निवारण कार्यमा अपेक्षा अनुरुप प्रगति हुनसकेको छैन । आवधिक योजनाहरुले लिएका लक्ष्यहरु तोकिएबमोजिम हासिल हुनसकेको छैन । धनी र गरीबबीचको दूरी अझै बढ्दै गईरहेको छ । धेरै निकायबाट गरिबी निवारणका कार्यक्रमहरु सञ्चालन भएकोमा कार्यक्रम तथा संस्थाबीच समन्वयको अभाव छ । धेरै कार्यक्रम एउटै समूहमा लागू हुँदा त्यस्ता कार्यक्रममा भएको खर्चको प्रभावकारिता देखिएको छैन । गरीब लक्षित कार्यक्रमहरुको नियमित अनुगमन र मूल्याङ्कन हुनसकेको छैन । गरिबी निवारणको लागि नीति, कार्यनीति, रणनीति तयार गर्ने, कार्यक्रम तथा उपयोग गर्ने एकद्वार संगठनको अभाव रहेको छ । प्रत्येक आवधिक योजनामा गरिबी घटाउने उद्देश्य लिए तापनि लक्ष्य पुरा नहुनाको प्रमुख कारणहरु पहिचान गरी सो सुधार गर्ने प्रतिबद्धता बेगर पुनः सोही उद्देश्य दोहोऱ्याउने गरेको स्थिति छ । गरिबी न्यूनीकरण अन्तरसम्बन्धित विषय भएकाले यसका लागि सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र तथा विकास साझेदारको एकीकृत र समन्वयात्मक भूमिकामार्फत गरिबी निवारणको प्रयत्न गरेमा 'संमृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच सफल हुने देखिन्छ ।

उपभोक्ता समितिमार्फत सार्वजनिक निर्माण

सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास निर्माणका काममा उपभोक्ता समितिको संलग्नता रहने गरेको छ । उपभोक्ता समितिलाई राज्यकोषको रकम दिई विकास निर्माण कार्यको जिम्मा दिने प्रवृत्ति बढ्दै जानुले यसलाई विकास निर्माणको एक मोडलको रुपमा अपनाउन खोजेको देखिन्छ । उपभोक्ता समितिमार्फत सम्पादित कार्यको प्रभावकारिता मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

३०. **उपभोक्ता समितिको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट भएको निर्माण कार्यको अभिलेख राख्नुपर्ने व्यवस्था छ । जलस्रोत, निर्माण, शिक्षा, स्वास्थ्य, स्थानीय विकास जस्ता निकायहरुले उपभोक्ता समितिमार्फत गराएको कार्यको केन्द्रीय अभिलेख राखेको देखिएन । उपभोक्ता समितिमार्फत निर्माण कार्य गराई लागत अनुमानकै हाराहारीमा रकम भुक्तानी गर्दा मूल्यमा प्रतिस्पर्धा हुने गरेको छैन । निकायगत नीति, कानुन, नियमावली र कार्यविधिमा उपभोक्ता समिति दर्ता र नवीकरणको व्यवस्थामा विविधता छ । क्षेत्रगत रुपमा जल उपभोक्ता, खानेपानी उपभोक्ता, वन उपभोक्ता, मध्यवर्ती क्षेत्र उपभोक्ता लगायतका समितिहरु तत् तत् क्षेत्रमा दर्ता र नवीकरण हुने भए तापनि स्थानीय तह लगायत अन्य सरकारी निकायसँग सम्बद्ध उपभोक्ता समिति दर्ता तथा नवीकरणबेगर सञ्चालनमा आउने गरेका छन् ।

प्राप्त तथ्याङ्कअनुसार खानेपानी क्षेत्रमा ४१ हजार, सिँचाइ क्षेत्रमा ३० हजार, वन क्षेत्रमा ३० हजार, मध्यवर्ती क्षेत्रमा करिब २ सय, कृषि र पशुतर्फ करिब १ हजार, स्थानीय तह ७५३ मा २ लाख २५ हजार ९०० समेत ३ लाख २८ हजार १ सय उपभोक्ता समिति कार्यरत छन् । उपभोक्ता समितिहरुमध्ये १ लाखको हाराहारीमा स्थायी प्रकृतिका उपभोक्ता समिति रहे तापनि अधिकांश उपभोक्ता समितिहरु आवश्यकतानुसार पटके रुपमा गठन गरी सञ्चालनमा रहेका छन् भने सरकारी निकायहरुले उपभोक्ता समितिसँग कार्य गराउँदा गर्ने सम्झौता एवं शर्तमा एकरुपता रहेको छैन । उपभोक्ता समितिसम्बन्धी एकीकृत अभिलेख तयार गरी नियमन गर्नुपर्दछ ।

३१. **लागत साझेदारी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) बमोजिम उपभोक्ता वा लाभग्राहीमार्फत कार्य गराउँदा जनसहभागिताको अंश समावेश गर्नुपर्ने व्यवस्था छ । विगतमा स्थानीय निकायतर्फ स्रोत परिचालन कार्यविधि, २०६९ मा न्यूनतम १० प्रतिशतले नघट्ने गरी जनसहभागिताको अंश किटान गरेकोमा हाल स्थानीय तह आफैले निर्माण गरेका कार्यविधिमा शून्य प्रतिशतदेखि ५० प्रतिशत, झोलुङ्गे पुल निर्देशिकाले २ प्रतिशत, सिँचाइ नीति र कार्यविधिले ३ प्रतिशत, साना शहरी खानेपानी आयोजनातर्फ कम्तीमा १ प्रतिशत जनसहभागिता रहने व्यवस्था गरेका छन् । उपभोक्ता समितिसँग लागत साझेदारी गर्ने गरी सम्झौता भए तापनि सम्झौतामा उल्लिखित प्रतिशतले हुने रकम कट्टा नगरेकोले जिल्ला वन कार्यालय, बागलुङले २ योजनामा रु.३ लाख १३ हजार, सिँचाइ विकास डिभिजन कार्यालय, बाग्लुङले ७ योजनामा रु.१२ लाख ४७ हजार र सिँचाइ विकास डिभिजन, सप्तरीले १ योजनामा रु.२ लाख २९ हजार बढी भुक्तानी दिएको छ । यस्तो अवस्थामा सुधार गरी जनसहभागिताको दर, प्रकृति, क्षेत्र र विधिमा एकरुपता ल्याई अनुपातिक कट्टी व्यवस्थाको सुनिश्चितता गरिनुपर्दछ ।

३२. **निर्माण व्यवसायीको संलग्नता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको काम आफैँ गर्नुपर्ने र सो नगरी निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो काम गर्न नदिने व्यवस्था छ । भूमिगत जल सिँचाइ विकास डिभिजन, रुपन्देहीका ३ उपभोक्ता समितिले २ निर्माण व्यावसायीबाट डिप ट्युबवेल जडान गर्ने कार्य गराई रु.३३ लाख ४४ हजार भुक्तानी गरेको छ । त्यसैगरी जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन, धनुषाले उपभोक्ता समितिसँग संझौता गरेको नदी नियन्त्रणको एक काम निर्माण व्यवसायीमार्फत गराई रु.१० लाख ५७ हजार भुक्तानी दिएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, काठमाडौँअन्तर्गत एक टोल विकास समितिले सम्झौताबमोजिमको काम एक निर्माण व्यवसायीबाट गराई रु.४२ लाख ३८ हजार भुक्तानी गरेको छ भने सोलार एण्ड वाटर ट्रिटमेन्टसम्बन्धी सम्पूर्ण कार्य निर्माण व्यवसायीमार्फत गराएको छ । त्यस्तै खानेपानी सरसफाई डिभिजन कार्यालय, तनहुँअन्तर्गत एक उपभोक्ता समितिले विद्युतीय सामान खरिद जडानसम्बन्धी कार्य एक निर्माण व्यवसायीलाई जिम्मा दिई रु.४३ लाख ७६ हजार भुक्तानी गरेको छ । यसरी आफूले लिएको काम निर्माण व्यवसायीबाट गराउने उपभोक्ता समितिहरुलाई नियमको व्यवस्थाअनुसार कारबाही गरेको छैन । अतः उपभोक्ता समितिसँग सम्झौता गरेको निर्माण कार्य निर्माण व्यवसायीमार्फत गराउने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

३३. **हेभी मेसिनको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, बिटुमिन ब्वाइलरजस्ता भारी उपकरण प्रयोग गर्न नहुने उल्लेख छ । नियमको उक्त व्यवस्था विपरीत विभिन्न ७७ स्थानीय तहले गरेका निर्माण कार्यमा भारी उपकरण प्रयोग गरी रु.५९ करोड ५७ लाख ७८ हजार खर्च गरेका छन् । भूमिगत जल सिँचाइ विकास डिभिजन, लमहीले यस वर्ष उपभोक्ता समितिहरुमार्फत ४१ डिप ट्युबवेल जडान गरी रु.७ करोड ८२ लाख ६९ हजार भुक्तानी दिएको छ । डिप ट्युबवेल जडान गर्ने कार्य हेभी (रिग) मेसिन चाहिने जटिल प्रकृतिको हुने र उपभोक्ता समितिसँग उक्त मेसिनको साथै प्राविधिक ज्ञानसमेत नभएको अवस्थामा उक्त कार्य उपभोक्ता समितिमार्फत गराएको छ ।

अतः उपभोक्ता समितिमार्फत गराउने कार्यमा भारी उपकरणको प्रयोग सम्बन्धमा थप स्पष्टता गर्नुपर्ने देखिन्छ ।

३४. **योजना हस्तान्तरण र मर्मत सम्भार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायहरुले उपभोक्ता समितिमार्फत गरेका कार्य सम्पन्न भैसकेपछि स्वतः हस्तान्तरण हुने तथा मर्मत सम्भारको जिम्मेवारीसमेत उपभोक्ताको नै हुने हुँदा सम्झौतामा राख्ने गरेका छन् । स्थायी प्रकृतिका उपभोक्ता समितिहरु खानेपानी, वन, सिँचाइ र मध्यवर्ती क्षेत्रका उपभोक्ता समितिबाट तुलनात्मक रुपमा मर्मत सम्भारका कार्य सम्पादन हुने गरेको देखिए तापनि पटके रुपमा गठित उपभोक्ता समितिहरुमार्फत सम्पन्न आयोजना हस्तान्तरण हुने गरेका छैन । लेखापरीक्षणको क्रममा ३३ इकाईबाट प्राप्त लेखापरीक्षण प्रश्नावलीको जवाफमा ६ इकाईले मात्र हस्तान्तरण गरेको, ५ इकाईले हस्तान्तरणको व्यवस्था नै नगरेको, १४ इकाइले सम्झौता गर्दा नै हस्तान्तरणसम्बन्धी बुँदा उल्लेख गर्ने गरेको र ६ इकाईले कार्य सम्पन्न भैसकेपछि हस्तान्तरण कार्य नहुने जनाएका छन् । सम्पन्न योजना हस्तान्तरण पश्चात् मर्मत सम्भार भए नभएको अनुगमन हुने गरेको पनि छैन । उपभोक्ता समितिमार्फत निर्मित संरचनाको दिगो व्यवस्थापनका लागि बीमा, न्यूनत्तम अवधिसम्म मर्मत सम्भारको जिम्मेवारी, मर्मत सम्भारको कार्य योजना तथा सेवा शुल्क लिने संरचना र सोको विधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनुपर्दछ ।

३५. **स्वामित्व -** उपभोक्ता समितिमार्फत सम्पन्न गरेको निर्माण कार्य सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी उपभोक्ताले स्वामित्व ग्रहण गर्नुपर्नेमा सिन्धुली जिल्लाको एक जल उपभोक्ता समितिले रोशी खोलामा ८७ मिटर चेकड्याम निर्माण कार्य गरेबापत उपभोक्ता समितिलाई रु.३७ लाख १४ हजार भुक्तानी दिएकोमा १५ मिटर ढलान कार्य गुणस्तरयुक्त नभएको, ढलान पर्खालको संरक्षणका लागि चेकड्याम नबनाएकोले पर्खाल जोखिममा रहेको, ३८८ वर्गमिटरमा वृक्षारोपण नगरेको, ३४४ वर्गमिटरमा स्लोप मिलाई मल्चिङ गरेकोमा बिरुवा नै नरहेको देखिएकोले उपभोक्ता समितिले स्वामित्व ग्रहण गरेको देखिएन । त्यस्तै खाडो नदी नियन्त्रण गर्न गठित एक उपभोक्ता समिति, राजविराज १० लाई डेउरी, भरुवा, बिरोलमा प्रोकुपाइन निर्माण र जडान कार्यबापत रु.८५ लाख ९४ हजार भुक्तानी दिएको सम्बन्धमा स्थलगत अवलोकन गर्दा बाँसहरु गाउँलेले लगिसकेको, प्रोकुपाइनहरु भाँचिएका, टुटफुट भएको, नटबोल्ट झिकिएको देखिएकोले उपभोक्ता समिति जिम्मेवार भएको देखिएन । अतः उपभोक्ता समितिमार्फत भएको निर्माण कार्यको स्वामित्व हस्तान्तरण गरी सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ ।

३६. **सम्पादित कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकाय र उपभोक्ता समितिबीच सम्झौता गर्दा उपभोक्ता समितिमार्फत सम्पादन गरिने कार्यको सुपरिवेक्षण एवं गुणस्तर नियन्त्रण गर्ने उल्लेख छ । उपभोक्ता समितिले गरेका कालोपत्रे, तारजाली निर्माण, भवन निर्माण लगायतका कार्यमा ल्याब परीक्षण गर्ने गरेको देखिए तापनि अन्य विकास निर्माणको काममा गुणस्तर परीक्षण सम्बन्धमा पर्याप्त ध्यान दिइएको छैन । सार्वजनिक निकायले उपभोक्ता समितिसँग गर्ने सम्झौतामा नै सम्पन्न गर्नुपर्ने कामको गुणस्तर, मितव्ययिता र दिगोपना सम्बन्धमा उल्लेख गरी सोबमोजिम भए नभएको चेकजाँच र मूल्याङ्कन गर्नुपर्नेमा गरेको पाइएन ।

जल उत्पन्न प्रकोप व्यवस्थापन विभागले अधिकांश कार्य उपभोक्ता समितिमार्फत गराएको छ । तार जाली खरिद गरी बुन्ने प्रकृतिको कार्यमा उपभोक्ता समिति संलग्न भएको तर तारजालीको गुणस्तरका सम्बन्धमा प्राविधिक पुष्ट्याइँ र प्रमाणित हुने गरेको छैन भने स्थानीय तहबाट उपभोक्तामार्फत हुने काममा गुणस्तर परीक्षण गर्ने गराउने गरेको छैन । उपभोक्ता समितिबाट गर्ने काममा समेत गुणस्तर परीक्षणको व्यवस्था गर्नुपर्दछ ।

३७. **तुलनात्मक विश्लेषण -** विद्यमान ऐन, नियमावली र कार्यविधिबमोजिम उपभोक्ता समिति र निर्माण व्यवसायीमार्फत कार्य गराउने विभिन्न व्यवस्था रहेका छन् । लेखापरीक्षणको क्रममा निर्माण व्यवसायी र उपभोक्ता समितिमार्फत गरिएका कार्यको तुलना गर्न प्रयास गरिए तापनि कार्य गराउने क्षेत्र, कार्यको प्रकृति, दर रेटमा ओभरहेड एवं मूल्य अभिवृद्धि करको फरक, प्रतिस्पर्धाको स्तर, स्थानीय स्तरमा उपभोक्ता समितिको चेतना स्तर, स्थानीय तहमा नेतृत्वको प्राथमिकता आदिका कारणले समान प्रकृतिका योजना पहिल्याउन कठिन भएका कारण तुलनात्मक विश्लेषण गर्न सकिएन । तथापि लेखापरीक्षण प्रश्नावलीको विश्लेषण गर्दा

३३ इकाईमध्ये ११ ले तुलनात्मक विश्लेषण हुने नगरेको, १० ले योजनाको प्रकृति र समयमा भर पर्ने तथा ७ इकाईले उपभोक्ता समितिबाट भएको कार्यलाई प्रभावकारी भएको उल्लेख गरेका छन् । सरोकारवालासँगको छलफलको क्रममा निर्माण व्यवसायीमार्फत कार्य गराउन सार्वजनिक निकायहरु इच्छुक देखिए तापनि स्थानीय तहमा जनप्रनिधिहरु उपभोक्ता समितिमार्फत कार्य गराउन जोड दिने गरेका कारण आ-आफ्नो अनुकूलतामा प्राथमिकता दिने गरेका छन् । भारी उपकरण र जटिल प्रकृतिको कार्य समावेश भएका कार्यमा उपभोक्ता समितिलाई समावेश गर्नुभन्दा स्थानीय श्रम र सीपको प्रयोग हुने क्षेत्रमा मात्र उपभोक्ता समितिलाई सहभागी गराउन जोड दिनुपर्ने देखिएको छ । अधिक संख्यामा उपभोक्तामार्फत निर्माण कार्य गर्दा उपभोक्ता समितिसँग सम्बन्धित कार्यको व्यवस्थापन दिनानुदिन जटिल बन्दै गएको अवस्थामा लागतमा प्रतिस्पर्धा गराई कम संख्यामा रणनीतिक महत्वका योजना सञ्चालन गर्ने र सोको निगरानीमा मात्र उपभोक्ता समितिलाई सहभागी गराउने पद्धतिको विकास गर्नुपर्दछ ।

३८. **खर्च सार्वजनिकीकरण एवं सामाजिक परीक्षण -** सावर्जनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नु पर्ने, प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्नुपर्ने र तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिबाट सञ्चालित योजनाको फरफारक गर्दा प्राविधिक नापजाँच गरेको मिति तथा कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न भएको मिति उल्लेख गर्ने नगरेको, उपभोक्ता समितिबाट भएको कामको खर्च सार्वजनिक गरेको कागजात स्रेस्तासाथ संलग्न नरहेको र तोकिएबमोजिम सामाजिक परीक्षण नगराएकाले नियममा भएको व्यवस्थाबमोजिम खर्च र प्रक्रिया सम्बन्धमा पारदर्शिता कायम गर्नुपर्दछ ।

निष्कर्ष - सार्वजनिक निकायहरुमा फरक फरक ढङ्गले उपभोक्ता समिति गठन र उपयोग गरिनु, उपभोक्ता समितिबाट र प्रतिस्पर्धाबाट गराएको कार्यको वित्तीय, भौतिक र गुणस्तर विश्लेषण नगरिनु, उपभोक्ता समितिमार्फत कार्य गराउने सम्झौता गरी घुमाउरो रुपमा निर्माण व्यवसायीमार्फत कार्य गराउनु, सम्पन्न योजनाको मर्मत सम्भार र दिगोपनामा ध्यान नपुऱ्याउनु जस्ता कारणहरुले उपभोक्ता समितिमार्फत कार्य गराए तापनि अपेक्षाअनुरुप गुणस्तरयुक्त र दिगो प्रतिफल हासिल हुन सकेको देखिँदैन । अतः सानातिना श्रमप्रधान कार्य बाहेक अन्य निर्माण कार्य निर्माण व्यवसायीमार्फत गराई उपभोक्ता समितिले सो कामको निगरानी गर्ने, कार्य सम्पन्न भएपश्चात् उपभोक्ता समितिमा हस्तान्तरण गर्ने, स्वामित्व ग्रहण गर्ने र मर्मत सम्भार गरी दिगोपना कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ । गठन भएका उपभोक्ता समितिहरुको निरन्तर नियमनको व्यवस्था गर्नुपर्दछ ।

सरकारी सवारीसाधन व्यवस्थापन

नेपाल सरकारले अति विशिष्ट, विशिष्ट र राजपत्राङ्कित प्रथम श्रेणीसम्मका पदाधिकारी एवं कर्मचारी र सरकारी कामका लागि अन्य कर्मचारीले आवश्यकताअनुसार सरकारी सवारीसाधन प्रयोग गर्ने नीति अवलम्बन गर्दै आएको छ । यसका अतिरिक्त एकीकृत सवारी सेवा, निरीक्षण तथा अनुगमन, सुरक्षा व्यवस्था तथा कर्मचारी दरबन्दीअनुसार सवारी पुलमा सरकारी सवारीसाधन प्रयोग हुँदै आएको छ । सरकारी सवारीसाधन व्यवस्थापनमा मितव्ययिता तथा कार्यदक्षता ल्याउने उद्देश्यले सवारी व्यवस्थापनको समग्र पक्ष मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षण गरिएको छ । कार्यमूलक लेखापरीक्षणवाट देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

३९. **एकीकृत अभिलेख -** नेपाल सरकारका मन्त्रालय तथा अन्तर्गतका निकायले आफ्नो स्वामित्वमा रहेका सवारीसाधनको अवस्था र मूल्य खुल्ने एकीकृत अभिलेख राखेको देखिँदैन । यातायात व्यवस्था विभागले उपलब्ध गराएको तथ्याङ्कबमोजिम सरकारी नम्बरमा दुई पांग्रे सवारीसाधन ३५ हजार २८० र चार पांग्रे सवारीसाधन २१ हजार ९५ वटा दर्ता भएको देखिएको छ । लेखापरीक्षणका लागि ६० निकायबाट विवरण माग गर्दा नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी २ निकायमा मात्र एकीकृत अभिलेख रहेको र अन्य निकायले आफ्नो कार्यालयको मात्र अभिलेख राखेको जवाफ दिएका छन् । महालेखा नियन्त्रक कार्यालयले २०७०

सालमा सवारीसाधनको केन्द्रीय लगत राखेकोमा त्यसलाई निरन्तरता दिई अद्यावधिक गरेको छैन । सवारीसाधनको अभिलेखाङ्कन कार्य व्यवस्थित बनाउनुपर्दछ ।

४०. **सवारीसाधन मर्मत एवं उपयोग -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ जारी गरी खर्चमा मितव्ययिता ल्याउन नेपाल सरकारले निर्देशन जारी गरेको छ । सवारीसाधनको हस्तान्तरण, लिलाम, इन्धन, मर्मत आदि सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्:

४०.१ सिंहदरबारस्थित २२ मन्त्रालयमा १ हजार ११५ मोटरसाइकल र ८ सय सवारीसाधन रहेकोमा ९०९ मोटरसाइकल र ६२२ सवारीसाधन मात्र चालु हालतमा रहेको देखिएको छ । त्यसैगरी ९३ मोटरसाइकल र ८४ सवारीसाधन मर्मत सम्भार गरी सञ्चालन गर्न सकिनेमा मर्मत सम्भार गरेको देखिएन । मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने अवस्थामा ९२ मोटरसाइकल र ६८ सवारीसाधनमध्ये प्रधानमन्त्रीको निर्देशन पश्चात ११ मोटरसाइकल (१.९६ प्रतिशत) र ९ सवारीसाधन (१३.२४ प्रतिशत) मात्र लिलाम गरेको देखिन्छ । लिलाम गर्न बाँकीमध्ये परराष्ट्र मन्त्रालयमा १४ सवारीसाधन र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा २१ मोटरसाइकल रहेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट लेखापरीक्षण अवधि २०७५।१२।११ सम्म प्राप्त तथ्याङ्कबमोजिम ७१ मोटरसाइकल र २०६ सवारीसाधन विभिन्न प्रदेश कार्यालय तथा स्थानीय तहमा हस्तान्तरण गरेको देखिन्छ । बेवारिसे अवस्थामा रहेका २१ मोटरसाइकल र २६ सवारीसाधनको खरिद, भण्डारण र प्रयोगसम्बन्धी कागजात र अभिलेख व्यवस्थित छैन ।

आर्थिक वर्ष २०७४।७५ मा मात्र रु.६ अर्ब ६१ करोड ४५ लाख ३७ हजारका ६ हजार ९०९ मोटरसाइकल तथा १ हजार २४ कार, जिप, पिकअपलगायतका सवारीसाधन खरिद गरेको देखियो । मौजुदा सवारीसाधनहरु सदुपयोग नगरी वर्षेनी नयाँ खरिद गर्ने प्रवृत्तिले खर्चमा मितव्ययिता ल्याउनेतर्फ प्रयास भएको देखिएन । सरकारी सवारीसाधन खरिद तथा व्यवस्थापनमा मितव्ययिता ल्याउन जरुरी देखिन्छ ।

४०.२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त तथ्याङ्कबमोजिम २२ मन्त्रालयमा सवारीसाधन दर्ता कागजात नभएका समेत १ हजार ५७७ चालु अवस्थाका रहेकोमा अधिकृतस्तरका कर्मचारी संख्या १ हजार ३२३ रहेको देखिन्छ । यसबाट सवारीसाधन र अधिकृतस्तरका कर्मचारीबीचको अनुपात १:१.१९ देखिएको छ । सवैभन्दा बढी गृह मन्त्रालयमा ९० अधिकृतस्तरका कर्मचारीलाई १७४ सवारीसाधन उपलब्ध भै अनुपात १:१.९३ रहेको छ । त्यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ९४ अधिकृतस्तर कर्मचारीलाई १५१ सवारीसाधन उपलब्ध भई सोको अनुपात १:१.६१ देखिएको, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा ७१ अधिकृतस्तरका कर्मचारीलाई ४६ सवारीसाधन उपलब्ध भई सोको अनुपातमा १:०.६५ र महालेखापरीक्षकको कार्यालयमा २६७ अधिकृतस्तर कर्मचारीलाई ३७ सवारीसाधन उपलब्ध भई सोको अनुपात १:०.१४ देखिएको छ । कर्मचारी र सवारीसाधनको उपयोगमा असमानताको अन्त्य गरी जनशक्ति र कामको आवश्यकताको आधारमा सवारीसाधन बढी भएको निकायबाट अन्य आवश्यक निकायमा हस्तान्तरणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४१. **आयोजनाका सवारीसाधन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५७(४) मा जिन्सी मालसामान हस्तान्तरण गर्नुपर्ने र मालसामान बुझिलिने कार्यालयले हस्तान्तरण भई आएको मालसामान जिन्सी खातामा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । नेपाल विद्युत प्राधिकरणको चमेलिया जलविद्युत आयोजनाले आयोजनाको प्रयोजनका लागि खरिद गरेका ८ थान प्राडो सवारीसाधन ३ पूर्व प्रधानमन्त्री, १ पूर्व गृहमन्त्री, १ प्रधानमन्त्रीको सचिवालय र ३ गृह मन्त्रालयले विगतदेखि प्रयोग गर्दै आएकोमा नेपाल सरकारको २०६६।१२।१७ र विभिन्न मितिको निर्णयबाट नेपाल विद्युत प्राधिकरणलाई रु.६ करोड १७ लाख ८ हजार भुक्तानी गरी नेपाल सरकारको नाममा लैजाने निर्णय गरेको भए तापनि ९ वर्ष बितिसक्दासमेत नेपाल सरकारको नाममा प्राप्त भएको देखिएन । नेपाल विद्युत प्राधिकरणले उक्त सवारीसाधनहरुको लागत मूल्य प्राप्त गरिसके पश्चात् २०६७।६।६ देखि २०७५।९।२ सम्मका विभिन्न मितिमा सवारीसाधनको नामसारी गर्न यातायात व्यवस्था कार्यालय, एकान्तकुना, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा गृह मन्त्रालयलाई पत्राचार गरे तापनि नेपाल सरकारको नाममा ल्याउन सम्बन्धित निकायले पहल गरेको देखिएन । बा.६ च १०२५ नम्बरको प्राडो जिपको स्थिति सम्बन्धमा जानकारीसम्म पनि नभएको गृह मन्त्रालयले जनाएको छ ।

ठूला आयोजनाको बोलपत्रसम्बन्धी कागजातमा नै महँगा सवारीसाधन राखी खरिद गर्ने र कानुनबेगर यस्ता सवारीसाधन उच्च पदस्थ व्यक्तिले प्रयोग गर्ने सम्बन्धमा पुनरावलोकन गरी उक्त ८ सवारीसाधन नेपाल सरकारको नाममा दर्ता गरी सम्पत्तिको संरक्षण र नियन्त्रण गर्नुपर्दछ ।

४२. **सार्वजनिक संस्थानका सवारीसाधन -** नेपाल सरकारले जारी गरेको सवारीसाधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२ मा सवारीसाधनको सुविधा प्राप्त गरेको पदाधिकारीलाई नेपाल सरकारले तोकिएबमोजिम सवारीसाधन उपलब्ध गराउने उल्लेख छ । नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेका संस्थान तथा विकास समितिहरुमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक समितिका पदाधिकारीहरुले उक्त संस्थान तथा समितिबाट समेत सञ्चालकको हैसियतमा दोहोरो सवारीसाधन सुविधा लिएको देखिएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले नेपाल विद्युत प्राधिकरणबाट बा. १३ च ५७९३ लगायतका ४ सवारीसाधन प्रयोग गरेको देखिएको छ । त्यसैगरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका बा.६ च ८८३६ लगायतका २ जिप सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा र एक जिप प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रयोग गरेको देखिएको छ । नेपाल आयल निगम लिमिटेडका बा.१.ञ २१३७ लगायत ४ जिप तथा कार समेत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रयोग गरेको छ ।

मेलम्ची खानेपानी विकास समितिले आयोजनाको कामको लागि खरिद गरेका सवारीसाधनहरुमध्ये ९ सवारीसाधन अन्य निकायलाई उपलब्ध गराएको छ । ती सवारीसाधन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शहरी विकास र खानेपानी मन्त्रालय, क्षेत्रीय प्रशासन कार्यालय हेटौँडा, काठमाडौँ उपत्यका विकास पैाधिकरण र काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डले एकदेखि तीन वटासम्म प्रयोग गरेको देखिन्छ । ती निकायमा प्रयोग भएका सवारीसाधनमध्ये टोयोटा प्राडो जिप ८ र कोरोला कार १ रहेको छ । आयोजनाको कामको लागि खरिद भएका सवारीसाधन अन्य निकायमा उपलब्ध गराएको औचित्यपूर्ण देखिएन । अतः ती सवारीसाधन उक्त समितिमा फिर्ता हुनुपर्दछ ।

४३. **बुलेटप्रुफ कार -** नारायणहिटी दरबार संग्रहालय, काठमाडौंबाट प्राप्त सवारीसाधनको अभिलेखअनुसार पूर्व राजपरिवारका सदस्यले प्रयोग गरेका ११ भी.भी.आई.पी. बुलेट प्रुफ कारसहित २६ सवारीसाधन रहेका छन् । सोमध्ये १ भी.भी.आई.पी. बुलेटप्रुफ कार २०७५।६।७ मा उपराष्ट्रपतिको कार्यालयमा हस्तान्तरण गरेको देखियो । अन्य १० कार सामान्य सर्भिसिङ, ब्याट्री परिवर्तन, इन्जिन मर्मत गरी सञ्चालन हुन सक्ने तर चालु अवस्थामा नरहेको ४ कार २०७५।६।७ मा नेपाली सेनालाई हस्तान्तरण गरेको र ६ कार नारायणहिटी दरबार संग्रहालयमा नै प्रयोगविहीन अवस्थामा रहेको देखियो । सग्रहालयमा रहेका उक्त बुलेटप्रुफ कार मर्मत सम्भार गरी सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ । नेपालमा विभिन्न समयमा हुने सार्क शिखर सम्मेलन, विमस्टेक शिखर सम्मेलनलगायतका विदेशी राष्ट्र प्रमुख तथा सरकार प्रमुख सम्मिलित हुने बैठकहरुमा भी.भी.आई.पी.लाई आवश्यक पर्ने बुलेटप्रुफ कारको अभाव भई अन्य देशबाट भाडामा ल्याई सवारी चलाउनु परेको देखिन्छ । अगष्ट ३० र ३१, २०१८ मा सम्पन्न बिमस्टेकको चौथो शिखर सम्मेलनका लागि ४ बुलेटप्रुफ कार भाडामा र भारत सरकारको सहयोगमा ५ कार उपयोग गर्नु परेको अवस्था छ । उक्त कार तथा अन्य १० थान कार र ३१ थान माइक्रोबस भाडामा लिई सवारी भाडाबापत रु.३६ लाख ८४ हजार भुक्तानी गरेको छ । उपलब्ध साधनको उपयोग हुने व्यवस्था गर्नुपर्ने देखिएको छ ।

४४. **रातो प्लेटका सवारीसाधन -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९(२) मा सरकारी सवारीको पहिचानको लागि सो सवारीसाधनको अगाडि पछाडि सेतो प्लेटमा रातो अक्षर र अङ्कसहितको नम्बर प्लेट हुनुपर्ने व्यवस्था छ । कुनै कारणले सेतो नम्बर प्लेटका सवारीसाधन रातो नम्बर प्लेटको बनाउनु परेमा गृह मन्त्रालयले बढीमा एक वर्षका लागि स्वीकृति दिने गरेकोमा २०७५।७६ मा गृह मन्त्रालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका १२३ र अन्य निकायका ९ समेत १३२ सवारीसाधनलाई निजी नम्बर प्लेट (रातो) बनाउन स्वीकृति दिएकोमा सर्वोच्च अदालत र मातहत अदालतले १००, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ९ र परराष्ट्र मन्त्रालयले एक सरकारी सवारीसाधन रातो प्लेट बनाई प्रयोग गरेको पाइयो । गृह मन्त्रालयले स्वीकृति दिएको बाहेकका सरकारी सवारीसाधन अनधिकृत रुपमा रातो प्लेट बनाई प्रयोग गरेकोले उक्त सवारीसाधनको दुरुपयोग हुन सक्ने देखिन्छ । उक्त सवारीसाधनहरुको रातो नम्बर प्लेटलाई सरकारी नम्बर प्लेटमा रुपान्तरण गर्नुपर्ने र यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको छ ।

४५. **सवारीसाधनको मापदण्ड -** नेपाल सरकारले जारी गरेको सवारीसाधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका,२०७२ को २(ग) मा सवारीसाधनको सुविधा पाएका पदाधिकारी भन्नाले केन्द्रीय निकायका नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी र राजपत्राङ्कित प्रथम श्रेणीका पदाधिकारीलाई सम्झनुपर्ने उल्लेख छ । निर्देशिकाको बुँदा ३ मा विशिष्ट श्रेणीका पदाधिकारीलाई कार भए कम्तीमा १ हजार ३०० सी.सी. र जिप भए कम्तीमा २ हजार सी.सी. को सवारीसाधन उपलब्ध गराउने व्यवस्था छ । उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७४ को दफा ७ मा भएको व्यवस्थाअनुसार उच्च अदालतका मुख्य न्यायाधीश, उच्च अदालतका न्यायाधीश तथा जिल्ला अदालतका न्यायाधीशलाई ड्राइभरसहितको सवारीसाधन एक र क्रमशः मासिक १८०, र ७२ लिटर पेट्रोल तथा त्रैमासिक ५ लिटर मोबिल दिने व्यवस्था छ । देशमा विगत ३ वर्षमा रु.१५ अर्ब ४४ करोड ७५ लाखका १७ हजार ९१७ सवारीसाधन खरिद गरेकोमा सवारीसाधन प्रयोग गर्ने पदाधिकारीको श्रेणी, सवारीसाधन प्रयोग अवधिलगायतका विषय खुल्ने गरी अभिलेख तयार गरेको छैन । सवारीसाधनको खरिद, वितरण तथा सञ्चालनलाई प्रभावकारी बनाउन सबै निकाय र तहमा एकै किसिमको मापदण्ड निर्धारण गर्नुपर्ने र सवारीसाधन खरिदमा केन्द्रीय नियन्त्रण हुनुपर्ने देखिन्छ ।

४६. **स्थानीय तहमा सवारीसाधन खरि**द - यो वर्ष विभिन्न स्थानीय तहले १ हजार ८७८ सवारीसाधन तथा मोटरसाइकल खरिदमा रु.१ अर्ब १८ करोड ५५ लाख ६९ हजार खर्च गरेका छन् । सवारीसाधन खरिद स्थानीय तह प्रमुख र उप-प्रमुखको लागि चारपांग्रे सवारीसाधन र वडा अध्यक्ष र कर्मचारीको लागि मोटरसाइकल खरिद भएको देखिन्छ । सवारीसाधन खरिद नगरेका स्थानीय तहले सवारीसाधन भाडामा लिएको अवस्था छ । अधिकांश सवारीसाधनको खरिद वित्तीय समानीकरण अनुदानबाट भएकोले अनुदानमा थप व्ययभार पर्न गएको स्थिति छ ।

४७. **विद्युतीय सवारी -** हाल विश्वभर कार्बन उत्सर्जन नगर्ने सवारीसाधनको आवश्यकता र माग बढिरहेको छ । विकसित राष्ट्रहरु र छिमेकी राष्ट्रले समेत सन् २०३० पछि पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको उत्पादन बन्द गर्ने र सन् २०५० पछि प्रयोग नै नगर्ने घोषणा गरिसकेका छन् । नेपालले समेत विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागी भन्सार छुटलगायत केही सरकारी निकायले विद्युतीय सवारीको प्रयोगलाई प्रवर्द्धन र नमुनाका रुपमा अगाडि ल्याएका छन् । देशमा पेट्रोलियम पदार्थ अभावको कारण भुक्तानी सन्तुलनमा असर परिरहेको, रेमिटेन्सबाट भित्रिएको वैदेशिक मुद्रा पेट्रोलियम पदार्थको आयातमा खर्च भैरहेको, वर्षेनी ठूलो संख्यामा सवारीसाधन आयात भैरहेको तथा विभिन्न विद्युत गृहको निर्माण पश्चात भविष्यमा विद्युतीय ऊर्जा बचत हुने अवस्था देखिएकाले नेपाल सरकारका सम्पूर्ण निकायले आगामी दिनमा विद्युतीय सवारीसाधनको खरिदमा ध्यान दिनुपर्ने, निश्चित अवधि तोकी विद्यमान सवारीसाधनलाई हटाई स्वच्छ सवारीसाधनको प्रयोगमा जोड दिनुपर्ने तथा विद्युतीय सवारीसाधन सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माणमा नेपाल सरकारले तत्काल क्रियाशीलता देखाउनुपर्दछ ।

४८. **सवारी हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५७(४) मा जिन्सी मालसामान हस्तान्तरण सम्बन्धी व्यवस्था छ । गृह मन्त्रालयले ३३ जिप, कार हस्तान्तरण नगरी अन्य कार्यालयमा पठाएको छ । सडक विभागले पिकअप-४ जिप-२ समेत ६ सवारीसाधन अन्य कार्यालय आयोजनाबाट ल्याई प्रयोग गरेको भए तापनि हस्तान्तरण गरी आम्दानी जनाएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिप १ र कार २ शहरी विकास तथा भवन निर्माण विभागबाट प्राप्त गरेकोमा विधिवत हस्तान्तरण लिई आम्दानी बाँधेको छैन । जलस्रोत तथा सिँचाइ मन्त्रालयले महाकाली सिँचाइ आयोजनाको १ जिप, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाबाट ४ जिप र सिँचाइ विभागबाट २ जिप समेत ७ जिप हस्तान्तरणबेगर प्रयोग गरेको र ४ जिप तथा कार हस्तान्तरण फारामबेगर अन्य निकायमा पठाएको छ । नियमावलीको व्यवस्था पालना गरी सवारीसाधनको उपयोग र व्यवस्थापन गरिनुपर्दछ ।

४९. **पूर्व पदाधिकारीको सवारी सुविधा -** सर्वोच्च अदालत, संवैधानिक निकाय, नेपाल सरकारले नियुक्त गरेका पदाधिकारी तथा सांसदलाई सरकारी निर्णयबाट सवारी सुविधा उपलब्ध गराउने गरेको छ । पूर्व राष्ट्रपति १, पूर्व प्रधान न्यायाधीश १३, पूर्व प्रधानमन्त्री ४, भुटानी मानव अधिकारकर्मी १, पूर्व मन्त्री १ र पूर्व सांसद १

समेत २१ जनालाई मन्त्रिपरिषद्को निर्णयबाट सवारीसाधन उपलब्ध गराएको छ । सवारी सुविधा प्राप्त गर्ने पदाधिकारीको निकायगत केन्द्रीय अभिलेख रहेको छैन । पूर्व पदाधिकारीलाई दिइने सुविधा र उपलब्ध सवारीसाधनको स्तरमा विविधता रहेको, इन्धन खर्च भुक्तानीमा मापदण्ड र तरिका फरक फरक रहेको अवस्थामा सुधार ल्याउन सरकारी सवारीसाधनको सुविधा प्राप्त गर्ने तह, श्रेणी र पदाधिकारीको स्पष्ट व्याख्या सहित मापदण्ड बनाउनुपर्दछ ।

५०. **निर्देशिका कार्यान्वयन -** नेपाल सरकारले आफैं सवारीसाधन चलाउन चाहने राजपत्राङ्कित विशिष्ट तथा प्रथम श्रेणीका पदाधिकारीलाई सवारीसाधनसहित इन्धन, मर्मत र सवारीचालक खर्च एकमुष्ट उपलब्ध गराई सरकारी सवारीसाधन सञ्चालनमा मितव्ययिता ल्याउने उद्देश्यले सवारीसाधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२ कार्यान्वयनमा ल्याएको छ । प्राप्त विवरणअनुसार तीन निकायका राजपत्राङ्कित विशिष्ट र प्रथम श्रेणीका १० कर्मचारीले मात्र निर्देशिकाबमोजिम सवारीसाधन चलाएको पाइन्छ । उल्लिखित व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइएन ।

निष्कर्ष - सवारीसाधनको लागि बजेट विनियोजनमा वस्तुपरक आधारहरु अवलम्बन नगरिनु, आवश्यकताभन्दा पनि बजेटको आधारमा सवारीसाधन खरिद गरिनु, मर्मत र इन्धन खर्च यथार्थपरक नहुनु, लिलाम बिक्री समयमा नगरिनु, मन्त्रालयका पदाधिकारी तथा कर्मचारीले आफ्नो मन्त्रालयबाट प्राप्त गर्ने सवारीसाधनको अलावा मातहतका संस्थान एवं आयोजनाबाट समेत दोहोरो सवारीसाधन सुविधा लिनु, सवारीसाधनको उपयोग र वितरणमा निकायगत विभेद रहनु, कानुनबेगर पूर्व पदाधिकारीलाई सवारीसाधन उपलब्ध गराउनु, अत्यावश्यक पदाधिकारी र निकाय बाहेकका कर्मचारीले प्रयोग गर्ने सरकारी सवारीसाधनलाई पनि रातो नम्बर प्लेटमा रुपान्तरण गरिनुलगायतका कारणहरुले सरकारी सवारीसाधन व्यवस्थापनमा मितव्ययिता तथा कार्यदक्षता कायम भएको छैन । अतः सवारीसाधन सुविधा उपलब्ध गराउने सम्बन्धमा कानुन तर्जुमा गरी खरिद र उपयोगलाई व्यवस्थित गरिनु आवश्यक छ ।

सरकारी भवनहरुको पुनर्निर्माण

२०७२ सालको भूकम्पबाट प्रत्यक्ष प्रभावित ३१ जिल्लामा ८ हजार ८९१ मानवीय क्षति र ८ लाख भवन, विद्यालय तथा पुरातात्विक संरचनाहरू क्षतिग्रस्त भएको छ । क्षतिग्रस्त संरचनाको निर्माण कार्य सम्पन्न गर्न तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गर्न अधिकार सम्पन्न निकायको रुपमा ५ वर्षे कार्यअवधि सहित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना भएको हो । भूकम्पबाट क्षतिग्रस्त सरकारी भवनहरुको पुनर्निर्माण स्थितिको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायबमोजिम रहेका छन्:

५१. **पुनर्निर्माण कार्ययोजना** - राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको क्षेत्रगत योजना र वित्तीय प्रक्षेपणमा ३ वर्षमा शैक्षिक तथा स्वास्थ्य संस्था र ५ वर्षमा पुरातत्विक, सांस्कृतिक सम्पदा तथा सार्वजनिक भवनहरुको निर्माण सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेको छ । हालसम्मको पुनर्निर्माण तथा पुनस्थापना स्थिति देहायअनुसार छ:

क्र.सं.	पुनर्निर्मांण क्षेत्र	लक्ष्य संख्या	अनुमानित लागत अनुमान (रकम रु. लाखमा)	मिति २०७५।९।५प्राप्त प्रगति (संख्या)		
				पुनर्निर्माण सम्पन्न	पुनर्निर्माण बाँकी	प्रगति प्रतिशत
१	विश्वविद्यालय अन्तर्गतका भवनहरु	१६	-	-	१६	-
२	पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरु	७५३	३३८०००	१८५	५६८	१०.४९
३	सुरक्षा निकायका भवनहरु	६८६	१६३३५५०	१००	५८६	१४.५८
४	स्वास्थ्य संस्थाका भवनहरु (प्रिफ्याबसमेत)	११९७	१७४९३०	६४३	५५४	५३.७१
५	सामुदायिक विद्यालयहरु	७५५३	१०८६२८०	४१७२	३३८१	५५.२५
६	सरकारी भवनहरु	४१५	२९७७८०	२४८	१६७	५९.७५

प्राधिकरण स्थापना भएको ३ वर्ष (६० प्रतिशत अवधि) व्यतीत भइसक्दा पनि भौतिक प्रगति शून्यदेखि ५९.७५ प्रतिशतमात्र भएकोले अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । हालसम्म स्वास्थ्य संस्थाका भवन ५३.७१, सामुदायिक विद्यालय ५५.२५, पुरातात्विक तथा सांस्कृतिक सम्पदा १०.४९, सुरक्षा निकायका भवन १४.५८ र सरकारी भवन ५९.७५ प्रतिशतमात्र पुनर्निर्माण भएका छन् । विश्वविद्यालयका भवनको निर्माण शून्य रहेको छ । समयमा निर्माण कार्य सम्पन्न नहुँदा लागत बढ्ने तथा समयमा प्रतिफल प्राप्त नहुने भएकोले पुनर्निर्माणको कार्यलाई तीव्रता दिई लक्षित उपलब्धि हासिल गर्नुपर्दछ ।

५२. **सरकारी भवनको पुनर्निर्माण -** भूकम्पबाट क्षति भएका सरकारी भवनको पुननिमार्ण कार्य ५ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेकामा प्रभावित जिल्लामा पूर्ण क्षति १६२ र आंशिक क्षति २५३ समेत ४१५ सरकारी भवन क्षतिग्रस्त भएकोमा हालसम्म पूर्ण क्षति १६ (१० प्रतिशत) र आंशिक २३२ (९२ प्रतिशत) समेत २४८ (६० प्रतिशत)को पुनर्निर्माण सम्पन्न भएको छ । पूर्ण क्षति सरकारी भवनमध्ये १२६ को पुनर्निर्माण कार्य जारी रहेको छ भने २० सरकारी भवनको पुनर्निर्माण कार्य शुरुसम्म भएको छैन । हालसम्म सार्वजनिक भवन पुनर्निर्माण कार्यमा रु.१ अर्ब ५२ करोड खर्च भएको छ । लक्षित समयको ७५ प्रतिशत समय व्यतीत हुँदासम्म पूर्ण क्षति भएका सरकारी भवनमध्ये १० प्रतिशतमात्र सरकारी भवन पुनर्निर्माण सम्पन्न भएकोले सार्वजनिक सेवा प्रवाहमा असर परेको देखिन्छ ।

काठमाडौं उपत्यका भित्रका राष्ट्रपति/उपराष्ट्रपति कार्यालय, महालेखापरीक्षकको कार्यालय बबरमहल, प्रशासनिक प्रशिक्षण केन्द्र भवन जावलाखेल, धेरै कार्यालय रहेको हरिहरभवन लगायतका ९ प्रमुख प्रशासनिक भवनको निर्माण कार्य गर्न रु.७ अर्ब ६५ करोड को लागत अनुमान भएकोमा निर्माण कार्य नै शुरु भएको छैन । क्षतिग्रस्त भवनको डिजाइन र लागत अनुमान तयारी, स्रोत व्यवस्थापन तथा समयमा निर्माण नहुँदा प्रशासनिक कार्य सञ्चालनमा जटिलता भएको, सेवा प्रवाहमा समस्या आएको र सरकारी कार्यालय भाडामा लिनुपर्दा बहाल तिर्नुपर्ने अवस्था सिर्जना भएको छ । अतः क्षतिग्रस्त सरकारी भवन पुनःनिर्माणमा तदारुकता ल्याउनुपर्ने देखिन्छ ।

५३. **सिंहदरबार पुनर्निर्माण** - प्राधिकरणको कार्यकारी समितिको २०७३।१०।२५ को बैठकबाट सिंहदरबारको पश्चिम मोहडा रेट्रोफिटिङका लागि वर्तमान अवस्थाको एजबिल्ट नक्सा तयार गर्न परामर्श सेवा खरिद गर्ने निर्णय भएको छ । उक्त कार्य ३ चरणमा सम्पन्न गर्न परामर्शदातासँग २०७५।२।१० मा रु.१ करोड ९२ लाख २८ हजारको सम्झौता भएकोमा सम्झौताको म्याद समाप्त हुँदा प्रारम्भिक प्रतिवेदनमात्र प्राप्त भएको छ ।

मुख्य भवनको पश्चिम मोहडा बाहेकको रेट्रोफिटिङ कार्यको लागत अनुमान रु.२८ करोड ९३ लाख ७२ हजार रहेकोमा २०७५।२।२० मा एक संयुक्त उपक्रमसँग रु.२१ करोड ४९ लाख ६८ हजारमा सम्झौता भई यो वर्षरु.२ करोड १४ लाख मोबिलाइजेसन पेस्की दिएको छ । सिंहदरबार पूर्वी मोहडा ज्याकेटिङ गर्न आवश्यक डण्डीहरु जमिनमुनि निर्धारित विन्दुमा राख्न नसकी यस्ता विन्दुहरु परिवर्तन गर्नु परेकोले लागत बढ्न गई भेरिएसन गर्नुपर्ने अवस्था सिर्जना भएको प्राधिकरण आयोजना कार्यान्वयन इकाईले जनाएको छ । वि.सं २०३२ सालपछि पुनःनिर्माण भएको सिंहदरबारको तत्कालीन ड्रइङ डिजाइन तथा एजबिल्ट नक्सा अध्ययन नगरी ड्रइङ डिजाइन लागत अनुमान तयार गर्ने तथा स्वीकृत गर्ने जिम्मेवार व्यक्ति उपर छानबिन गरी कारबाही गर्नुपर्ने देखिन्छ ।

५४. **स्वास्थ्य संस्थाको पुनर्निर्माण** – क्षतिग्रस्त स्वास्थ्य संस्था १ हजार १९७ रहेको मध्ये हालसम्म ६४३ (५४ प्रतिशत) पुनर्निर्माण सम्पन्न भएको, १४५ पुनर्निर्माण भइरहेको र बाँकी ४०९ को पुनर्निर्माण कार्य शुरु भएको छैन । स्वास्थ्य संस्थाको पुनर्निर्माण कार्य ३ वर्षमा समाप्त गर्ने लक्ष्य निर्धारण भएकोमा सो अवधिमा ५४ प्रतिशतमात्र कार्य सम्पन्न भएकोले प्रभावित क्षेत्रका नागरिकले सहज स्वास्थ्य सेवा पाउन नसक्ने तथा पुनर्निर्माण कार्यको लागतमा वृद्धि हुने देखिएको छ । अतः लक्ष्यअनुसार स्वास्थ्य संस्थाको पुनर्निर्माण गर्नुपर्दछ ।

५५. **शिक्षण संस्थाको पुनर्निर्माण** – भूकम्पबाट क्षति भएका शिक्षण संस्थाहरुको पुनर्निमार्ण कार्य ३ वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा भूकम्प प्रभावित जिल्लाका ७ हजार ५५३ विद्यालय भवनका ४९ हजार ६८१ कक्षा कोठा पुनर्निर्माण गर्न रु.१ खर्ब ८ अर्ब ६२ करोड ८० लाख लागत अनुमान भएकोमा हालसम्म ४१७२ (५५ प्रतिशत) विद्यालय भवनका १७ हजार ५७८ (३६ प्रतिशत) कक्षाकोठाको पुनर्निर्माण सम्पन्न भएको र १ हजार ९२१ विद्यालयका १५ हजार १४० कक्षाकोठाको पुनर्निर्माण कार्य जारी रहेको छ । विद्यालय पुनर्निर्माण कार्यमा हालसम्म रु.१३ अर्ब २६ करोड ६ लाख खर्च भएको छ । १ हजार ४६० विद्यालयका १६ हजार ९६३ कक्षाकोठाको पुनर्निर्माण कार्य शुरु भएको छैन । । लक्षित समयको शतप्रतिशत समय व्यतीत हुँदा समेत ५५ प्रतिशत विद्यालय भवन तथा ३६ प्रतिशत कक्षाकोठा निर्माण हुनुले प्रभावित क्षेत्रका बालबालिकाका लागि उचित शैक्षिक वातावरण सिर्जना गर्ने कार्यमा असर परेको छ । अतः शिक्षण संस्था पुनर्निर्माण कार्यमा विशेष ध्यान दिनु आवश्यक छ ।

५६. **साझेदार संस्था** – भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण तथा पुनस्थापना कार्यक्रम (दोस्रो संशोधन) कार्यविधि, २०७२ को दफा ५ मा साझेदार संस्थाले कुनै एक वा एकभन्दा बढी क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । प्राधिकरणबाट भूकम्प प्रभावित जिल्लामा निजी आवास, विद्यालय भवन, स्वास्थ्य संस्थाको भवन निर्माण एवं जिविकोपार्जन र निर्माण जनशक्ति विकास तालिमका लागि २२१ गैरसरकारी संस्थाले रु.४८ अर्ब ४३ करोड ८२ लाखको परियोजना प्रस्तावको स्वीकृति लिएका छन् । साझेदार संस्थाहरुलाई १ हजार ५८ सामुदायिक विद्यालय भवन र ८७ स्वास्थ्य संस्थाको भवन निर्माणका लागि स्वीकृति दिएकोमा हालसम्म ३५८ विद्यालय र ३७ स्वास्थ्य संस्थाको भवनमात्र पुनर्निर्माण सम्पन्न भएको छ । साझेदार संस्था परिचालनमार्फत गरिएको पुनर्निर्माण कार्यमा सम्झौताबमोजिम कार्य गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन गरी पुनर्निर्माण कार्य अगाडि बढाउनुपर्दछ ।

निष्कर्ष – राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पाँच वर्षे अवधिमा तीन वर्ष व्यतीत भै दुई वर्षमात्र बाँकी रहेको अवस्थामा सरकारी भवनको पुनर्निर्माणमा अपेक्षित प्रगति हुनसकेको छैन । अपेक्षित प्रगति हुन नसक्नुमा स्रोत साधन व्यवस्थापनमा समस्या हुनु, अन्तरनिकाय समन्वय एवं सहकार्य प्रभावकारी हुन नसक्नु, पुनर्निर्माण प्रक्रियामा अन्यौलता रहनु जस्ता समस्या रहेका छन् । अतः स्रोत साधनको उचित व्यवस्थापन गर्ने र सरकारी एवं गैरसरकारी संस्थासँगको समन्वय प्रभावकारी बनाई पुनर्निर्माण कार्यमा तीव्रता दिनु आवश्यक छ ।

नेपालमा भ्रष्टाचार विरुद्धको संस्थागत व्यवस्था र कार्यान्वयन स्थिति

संयुक्त राष्ट्रसंघले सन् २००५ मा भ्रष्टाचार विरुद्धको महासन्धि पारित गरेको छ । नेपालले सन् २०११ मा सो महासन्धि अनुमोदन गरी सोको कार्यान्वयनको राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लागू गर्नुका साथै सुशासन कायम गर्न राष्ट्रियस्तरमा विभिन्न नीतिगत, कानुनी, संस्थागत एवं कार्यगत व्यवस्थाहरु गरेको छ । भ्रष्टाचार विरुद्धका संस्थागत व्यवस्थाको मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको यस लेखापरीक्षण रणनीति तथा कार्ययोजना, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, आन्तरिक एवं अन्तिम लेखापरीक्षण, प्राविधिक परीक्षणसमेतलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्:

५७. **निरोधात्मक र प्रवर्द्धनात्मक व्यवस्था -** भ्रष्टाचार विरुद्धको निरोधात्मक व्यवस्थाअन्तर्गत मन्त्रालय तथा निकायहरुमा अनलाइन प्रणालीबाट गुनासो सुनुवाई, खर्च र राजस्व लेखामा सफ्टवेयर प्रणालीको अवलम्बन, खरिद कार्यमा विद्युतीय प्रणाली लागू, मन्त्रालय एवं निकायबाट सम्पादित कार्यहरु वेबसाइटमार्फत जानकारी दिने, सूचना अधिकारी र नागरिक बडापत्रको व्यवस्था, भ्रष्टाचार विरुद्ध उजुरी दिनको लागि हटलाइन टेलिफोन, फ्याक्स, इन्टरनेट, इमेल, हेलो सरकार, हुलाकलगायतका माध्यमबाट लिखित, मौखिक वा बेनामी उजुरी दिन सकिने व्यवस्था निजामती कर्मचारी तथा लेखापरीक्षकको लागि आचारसंहिता लागू गरेको देखिन्छ । प्रवर्द्धनात्मक कार्यअन्तर्गत रेडियो र सूचनामार्फत प्रचार-प्रसार, सूचना सम्प्रेषणका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था एवं प्रेस विज्ञप्ति, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वेभसाइट, फेसबुक पेज, बुलेटिन, रेडियो तथा अन्य कार्यक्रमहरुको माध्यमबाट सर्वसाधारणलाई जानकारी दिने व्यवस्था गरेको देखिन्छ ।

यसप्रकारका व्यवस्था गरे तापनि गुनासो सुनुवाई समयमै नहुने, लेखामा प्रयोग हुने सफ्टवेयर सम्बन्धित निकायबाट स्वीकृत नगराउने, वेभसाइटहरु समयमै अद्यावधिक नहुने एवं अपेक्षित सूचना र जानकारी समावेश नहुने, नागरिक बडापत्र, आचारसंहिताको कार्यान्वयन र पालनाको सरोकारवालाबाट मूल्याङ्कन हुने नगरेको, सार्वजनिक निर्माणमा संलग्न कर्मचारीको लागि सार्वजनिक निर्माण आचारसंहिताको तर्जुमा नभएको, सार्वजनिक खरिदलाई पूर्णरुपमा विद्युतीय प्रणालीमा आधारित बनाउन नसकेको एवं सार्वजनिक पदाधिकारीका लागि राष्ट्रिय निष्ठा तथा सदाचार नीति नबनेको अवलम्बन गरिएका उपायहरु पर्याप्त र प्रभावकारी हुन नसकी भ्रष्टाचार अनुभूति सूचक (सीपीआई) औसतभन्दा कम रही भ्रष्टाचार नियन्त्रणको अवस्थामा सुधार हुन नसकेको देखिन्छ । तसर्थ भ्रष्टाचार रोकथामको लागि भएका व्यवस्थाको कार्यान्वयन प्रभावकारी बनाउन थप प्रयास गर्नुपर्दछ ।

५८. **सम्पत्ति विवरण** - भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ बमोजिम सार्वजनिक पदमा बहाल रहेका पदाधिकारी एवं कर्मचारीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण प्रत्येक वर्ष तोकेको निकायमा पेस गर्ने एवं न्याय परिषद् ऐन, २०७३ मा न्यायाधीशले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण नियमित रुपमा न्याय परिषद्मा बुझाउनुपर्ने व्यवस्था रहेको छ । सम्पत्ति विवरण छानबिनको अवस्थामा बाहेक गोप्य हुने व्यवस्था रहेको छ । उक्त व्यवस्थाअनुसार प्रधानमन्त्री र अन्य मन्त्रीहरुले पदमा बहाल भएपछि सम्पत्ति विवरण सार्वजनिक गर्ने गरेको एवं न्यायाधीश एवं अन्य सार्वजनिक पदाधिकारी र कर्मचारीले समेत प्रत्येक वर्ष सम्पत्ति विवरण बुझाउने गरेको देखिन्छ । सार्वजनिक पद धारण गरेका पदाधिकारीले पारदर्शिता प्रवर्द्धन गरी सुशासन कायम गर्न सहयोग पुऱ्याउनुपर्ने हुनाले न्यायाधीशलगायत सम्पूर्ण सार्वजनिक पदमा बहाल रहेका पदाधिकारी एवं कर्मचारीको सम्पत्ति विवरण सार्वजनिक गर्ने एवं मन्त्रिपरिषद्का सदस्यहरु पदमुक्त हुँदाको अवस्थामा समेत सम्पत्ति विवरण सार्वजनिक गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

५९. **कानुन निर्माण र संशोधन** - भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ मा सबै सार, रुप र रङ्गको भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक नयाँ कानुन निर्माण एवं भ्रष्टाचार निवारण ऐन, २०५९ लगायत विभिन्न ऐनमा संशोधन गर्नुपर्ने उल्लेख छ । सो बमोजिम सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई छुट्टै स्वतन्त्र निकायहरूको रूपमा विकास गर्ने एवं प्रधानमन्त्री तथा अन्य मन्त्रीको निजी सचिवालयमा रहने सल्लाहकार तथा अन्य कर्मचारीको नियुक्ति तथा सेवा शर्तसम्बन्धी विषयलाई ऐनद्वारा नियमित गर्ने सम्बन्धी कानुनको निर्माण भएको छैन । यस्तै भ्रष्टाचार निवारण ऐन, २०५९ मा विदेशी सार्वजनिक अधिकारी र सार्वजनिक अन्तर्राष्ट्रिय संगठनका अधिकारीले रिसवत लिएमा सो कार्यलाई फौज्दारी कसूर कायम गर्ने, स्वार्थको द्वन्द्व, सुराकी संरक्षण लगायत २३ विषय संशोधन तथा थप गर्ने र उक्त संशोधनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पहल हुनुपर्नेमा सोबमोजिमको कानुन निर्माण र संशोधन भएको देखिएन ।

६०. **नागरिक समाजको सहभागिता** - भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिमा भ्रष्टाचार नियन्त्रणमा समाजको सहभागिता अभिवृद्धि गर्न निर्णय प्रक्रियामा पारदर्शिता र सर्वसाधारणको सहभागिता अभिवृद्धि गर्ने कार्यलाई बढावा दिने, विश्वविद्यालय एवं विद्यालयस्तरीय पाठ्यक्रम लगायतका सार्वजनिक शिक्षा कार्यक्रममा भ्रष्टाचार प्रति असहिष्णुता पैदा गर्ने, सार्वजनिक सूचना प्रणाली अवलम्बन गर्ने एवं भ्रष्टाचारसँग सम्बन्धित सूचनाहरू खोजी गर्ने, प्राप्त गर्ने, प्रकाशित गर्ने र प्रवाहित गर्ने स्वतन्त्रताको सम्मान, प्रवर्द्धन र संरक्षण गर्ने लगायतका उपायहरु अवलम्वन गर्नुपर्ने उल्लेख छ । त्यस्ता उपायहरुको विकास एवं अवलम्वन हुन नसकेको कारण परोक्ष रुपमा भ्रष्टाचारजन्य क्रियाकलापले प्रश्रय पाएको देखिन्छ । तसर्थ भ्रष्टाचार विरुद्ध लड्न सक्नेगरी समाजका सबै तहलाई सहभागिता र सबलीकरणको व्यवस्था गर्नुपर्दछ ।

६१. **अनुसन्धान दायरा -** संविधानको धारा २३९(२) बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्नसक्ने व्यवस्था भए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा राखिएको छैन ।

नेपाल सरकारले महासन्धि कार्यान्वयनका लागि जारी गरेको राष्ट्रिय रणनीति र कार्ययोजना, २०६९ मा निजी क्षेत्रसँग सम्बन्धित भ्रष्टाचार नियन्त्रण गर्ने उदेश्यले ११ प्रकारका क्रियाकलाप लागू गर्ने उल्लेख गरेकोमा सोसम्बन्धी कानुनी व्यवस्था नभएको कारण निजीक्षेत्रमा हुने गलत क्रियाकलापहरु भ्रष्टाचारको कसूर अन्तर्गत समावेश नभई यस्ता क्रियाकलाप नियन्त्रण नहुने र यसबाट सार्वजनिक क्षेत्रबाट हुने भ्रष्टाचार नियन्त्रणमा समेत असर पर्ने स्थिति रहेको देखिन्छ । निजी क्षेत्रबाट हुने गलत क्रियाकलापलाई समेत भ्रष्टाचारको कसूरमा समावेश गरी छानबिन र कारबाही हुने व्यवस्था गर्नुपर्दछ । साथै निजी क्षेत्रको गलत लेखा प्रमाणित गर्ने लेखापरीक्षकलाई समेत कसूरको दायरामा ल्याउने गरी कानुनी व्यवस्था गर्नुपर्दछ ।

६२. **उजुरी फछ्यौंट** - भ्रष्टाचारसम्बन्धी मुद्दा हेर्न विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालत गठन भएको छ । आयोगले २०७१।७२ देखि २०७३।७४ को अवधिमा ६०१ मुद्दा विशेष अदालतमा दायर गरेकोमा

५५३ फैसला भएको र फैसलामध्ये ३४१ (६१.८९ प्रतिशत) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पक्षमा रहेको देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा परेका उजुरीको समयमै छानबिन गरी टुङ्गो लगाउनुपर्दछ । आयोगले २०७१।७२ देखि २०७३।७४ को अवधिमा जिम्मेवारी सरेका समेत ७५ हजार ४८४ उजुरीको कारबाही टुङ्गो लगाउनुपर्नेमा ५० हजार २०३ (६६ प्रतिशत) प्रारम्भिक छानबिनबाट फछ्यौंट गरी २५ हजार २८१ आगामी वर्षको लागि जिम्मेवारी सारेको देखिन्छ । प्रारम्भिक छानबिनबाट फछ्यौंटमध्ये २९ हजार ७५५ (५९ प्रतिशत) तामेलीमा राखेको देखिन्छ । राष्ट्रिय सतर्कता केन्द्रतर्फ सोही अवधिमा ४ हजार ४६२ उजुरी फछ्यौंट गर्नुपर्ने मध्ये २ हजार ७८१ उजुरीमा कारबाही टुङ्गो लगाएको देखिन्छ । कारबाहीबाट टुङ्गो लगाएको उजुरीमध्ये २ हजार ११४ (७६ प्रतिशत) तामेलीमा राखेको देखिन्छ । यसरी परेको उजुरीमध्ये ठूलो संख्यामा तामेलीमा राखेको कारण उजुरी व्यवस्थापन कार्य अपेक्षित रुपमा प्रभावकारी देखिएन ।

६३. **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन** - विद्यमान कानुनी व्यवस्थाबमोजिम सबै सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्दै आएको छ । सार्वजनिक लेखा समितिद्वारा गठित उपसमितिले २०६७।११।१३ मा दिएको प्रतिवेदनमा आन्तरिक लेखापरीक्षणलाई कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अलग गरी महालेखा नियन्त्रक कार्यालय मातहत छुट्टै इकाईबाट सम्पादन गराउने, लेखापरीक्षकको वृत्ति विकास गर्ने, लेखापरीक्षणमानको विकास गर्ने लगायतका सुझाव उल्लेख भएकोमा कार्यान्वयनमा आएको छैन । यसैगरी सन् २०१५ को सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता मूल्याङ्कन गर्ने क्रममा आन्तरिक लेखापरीक्षण संरचना, अधिकार र व्यावसायिकताको मूल्याङ्कन गर्दा आन्तरिक लेखापरीक्षण प्रणाली औसतभन्दा कमजोर भएको उल्लेख छ । यसबाट आन्तरिक लेखापरीक्षण अपेक्षित रुपमा प्रभावकारी हुन नसकेकोले आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

संविधान तथा कानुनबमोजिम अन्तिम लेखापरीक्षणको प्रमुख दायित्व र जिम्मेवारी भ्रष्टाचारजन्य कार्य पत्ता लगाउने नभए तापनि वित्तीय, कार्यमूलक एवं अन्य प्रकारका लेखापरीक्षणबाट आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवं आर्थिक कारोबारमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा वृद्धि भई भ्रष्टाचारजन्य क्रियाकलापको रोकथामको लागि परोक्ष रुपमा सहयोग पुगेको देखिन्छ । भ्रष्टाचारजन्य कारोबारको उजागर गर्न महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको माध्यमबाट योगदान पुऱ्याउँदै आएको छ । विधि विज्ञान लेखापरीक्षण र जालसाजी (फ्रड) लेखापरीक्षण जस्ता विधिहरु अपनाई भ्रष्टाचारजन्य क्रियाकलाप उजार गर्न सकिने देखिन्छ ।

आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाई अन्तिम लेखापरीक्षणलाई कार्यमूलक लगायतका नवीनतम लेखापरीक्षणमा केन्द्रित गर्ने र महालेखापरीक्षकको प्रतिवेदनमा समावेश गम्भीर विषयमा अनुसन्धानमूलक छानबिन हुनुपर्दछ ।

६४. **प्राविधिक परीक्षण** - राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ बमोजिम केन्द्रले प्राविधिक परीक्षण गर्दै आएको देखिन्छ । केन्द्रबाट प्राप्त विवरणअनुसार केन्द्रले २०७१।७२ देखि २०७३।७४ को अवधिमा २०० निर्माण कार्यको प्राविधिक परीक्षण गरी सुधार गर्नुपर्ने ६३३ विषयसहितको प्रतिवेदन जारी भएको देखिन्छ ।

विभिन्न निकायबाट सञ्चालित निर्माण आयोजनाको तुलनामा प्राविधिक परीक्षण भएको संख्या ज्यादै न्यून रहेको, प्राविधिक परीक्षण प्रतिवेदनमा प्राविधिक रुपमा सबल र दुर्बल पक्षको उल्लेख नगरी व्यवस्थापकीय कमजारीहरु उल्लेख हुने गरेको, प्राविधिक परीक्षण निर्माण चरणमा मात्र गरेको एवं प्राविधिक परीक्षणबाट देखिएका व्यहोरामा सुधारको स्थिति यकिन गर्न अनुगमनको व्यवस्था नगरेको लगायतका अवस्थाले प्राविधिक परीक्षणबाट निर्माण कार्यमा हुनसक्ने भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्न अपेक्षित सहयोग पुगेको देखिएन । प्राविधिक परीक्षण प्रतिवेदनमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

निष्कर्ष - भ्रष्टाचार रोकथामको लागि भएका व्यवस्थाको कार्यान्वयन, आवश्यक कानुन संशोधन र निर्माण, नागरिक समाजको सहभागिता र सबलीकरण, लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धिमार्फत नीतिगत, संरचनागत र प्रणालीगत भ्रष्टाचार नियन्त्रण गर्नुपर्दछ ।

सूचना प्रविधि लेखापरीक्षण

विद्युतीय सरकारी खरिद प्रणाली (ई-जीपी)

सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने उद्देश्यले सिंगल पोर्टलमा आधारित विद्युतीय सरकारी खरिद प्रणाली (ई-जीपी) को विकास गरी सार्वजनिक खरिद गर्ने सबै निकायहरुलाई विद्युतीय सरकारी खरिद प्रणालीमा आबद्ध गरिएको छ । सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (PPMIS) मा आबद्ध यो प्रणालीमा व्यवस्थित, वैज्ञानिक र तथ्याङ्कीय सुरक्षासहित विद्युतीय बोलपत्र सूचना प्रकाशन, अनलाईन दर्ता र मूल्याङ्कन, ठेक्का स्वीकृति, ठेक्का सम्झौता, ठेक्का व्यवस्थापन, विद्युतीय भुक्तानी लगायत विद्युतीय बोलपत्रसम्बन्धी सम्पूर्ण काम गर्ने व्यवस्था छ । विद्युतीय सरकारी खरिद प्रणाली (ई-जिपी) सञ्चालनको पूर्वाधार व्यवस्था, सुरक्षा र नियन्त्रण पद्धति तथा प्रणाली सञ्चालन सम्बन्धमा गरिएको सूचना प्रविधि लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

६५. **प्रणाली सुधार -** कार्यालयले विश्व बैङ्कको सहयोगमा नियुक्त एक विदेशी कम्पनी (तेस्रो पक्ष) बाट ई-जिपी प्रणालीको आश्वस्तता परीक्षण गराई सुझावसहितकको प्रतिवेदन दिएकोमा प्रविधि प्रणाली सुधार, सूचना प्रविधि नीति तयार, अभिलेख व्यवस्थित, नेटवर्क व्यवस्थापन तथा टुल्स अपग्रेड गर्नुपर्ने लगायत ३८ सुझाउ दिएकोमा कार्यान्वयन गरेको छैन । लामो समय प्रयोगमा नरहेको उपयोगकर्तालाई १२ महिनापछि स्वतः निष्क्रिय गर्नुपर्ने, प्रणाली सन्चालनमा अधिकार र जिम्मेवारीसहित कार्यविवरण बनाउने लगायत ५ सुझाउ आंशिकमात्र कार्यान्वयन गरेको छ । अतः प्रणाली सञ्चालनको दिगोपनाका लागि रणनैतिक योजनासहित देखिएका समस्या तत्काल समाधान गर्ने संयन्त्र बनाउनुपर्ने देखिन्छ ।

६६. **जनशक्ति व्यवस्थापन -** सूचना प्रविधि व्यवस्थापन गर्न कार्य विवरण तथा कार्यबोझअनुसार योग्य र अनुभवी कर्मचारी व्यवस्था गरिनुपर्ने र बाह्यस्रोतबाट पूर्ति गर्नुपरेमा मुख्य काम र सहायक काम छुट्याई मुख्य काममा आन्तरिक स्रोत र सहायक काममा बाह्यस्रोतका कर्मचारीलाई काममा खटाइनुपर्नेमा ई-जीपी सन्चालन तथा मर्मत सहायतामा एक विदेशी कम्पनी र नेपाली कम्पनीको ज्वाइन्टभेन्चरमा ३ राष्ट्रिय र २ अन्तर्राष्ट्रिय परामर्शदाता तथा सफ्टवेयर सञ्चालन सहयोगी कक्षमा अर्को एक निजी संस्थालाई नियुक्त गरी मुख्य काममा संलग्न गराएको पाईयो । सूचना प्रविधि शाखामा ई-जीपी सहयोगी कक्ष र सूचना प्रविधिका डाटावेश, प्रणाली प्रयोग, मर्मतसम्भार तथा प्रणाली विकासका कार्यहरुसमेत कोर एरिया र नन्कोर एरिया नछुट्याई सबै कार्यमा बाह्यस्रोतबाट काम गराएको छ । कार्य प्रकृतिअनुसार कार्य विवरण तयार गरी जनशक्तिको व्यवस्थापन गरिनुपर्दछ ।

६७. **प्रणाली सुरक्षा -** प्रणाली सञ्चालक, उपयोगकर्ता तथा कर्मचारीहरुलाई अक्षर, अङ्क तथा संकेतसहित मजबुत पासवर्ड, प्रयोगकर्ता परिचय (User ID) उपलब्ध गराउन पासवर्ड नीति तयार गर्नुपर्ने तथा राउटर, फायरवाल, वायरलेस आदि हार्डवेयर तथा सफ्टवेयरको नियन्त्रण व्यवस्था मिलाउनुपर्दछ । सुरक्षा पासवर्ड निश्चित समयमा परिवर्तन गर्नुपर्ने बाध्यकारी व्यवस्था छैन । बोलपत्रदाता तथा लाभग्राहीलाई पहिलो पटक पासवर्ड ईमेल वा एसएमएस (SMS) बाट पठाउने गरेकोमा अनिवार्य पासवर्ड परिवर्तन गर्नुपर्ने वा स्वचालित रुपमा पासवर्ड समाप्त हुने व्यवस्था रहेको छैन । राउटर फायरवाल वायरलेसको सुरक्षा नियन्त्रण प्रणाली अवलम्बन गरेको छैन । सफ्टवेयर सञ्चालन हुन छोडेको निश्चित समयावधि पश्चात स्वतः एप्लिकेसन बन्द हुने, गलत लग ईन वा लग आउट पासवर्ड प्रयोग गरेमा निश्चित प्रयासपछि स्वतः निश्क्रिय हुने व्यवस्थासहितको लग ईन, लग आउट नीति तयार गरेको छैन । ई-जिपी प्रणालीको सफ्टवेयरको प्रयोगकर्ताको अडिट लग राख्ने गरेको छैन । कार्यालयले नियन्त्रण वातावरणकोलागि प्रणाली नक्साङ्कन (System map) पनि बनाएको छैन । अतः पासवर्ड नीति तथा सुरक्षा नियन्त्रण पद्धतिसहित सफ्टवेयर सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६८. **व्यावसायिक योजना -** प्रणली सञ्चालन सुरक्षा र दिगोपनाका लागि व्यावसायिक योजना तयार गरी कार्यान्व्यन गर्नुपर्दछ । कार्यालयले स्वचालित कार्य सञ्चालनमा अनधिकृत फाइल, तथ्याङ्क वा गल्तीहरुलाई विश्लेषण गरी त्यस्ता तथ्याङ्कहरु हटाउन तथा रोक्नका लागि नियमित अनुगमन गरी ई-जीपी सफ्वेयरका विशेष जोखिमहरु मूल्याङ्कन गर्ने गरेको छैन । कार्यालयले सूचना प्रविधिको प्रयोगमा आइपरेका सबै किसिमका सुरक्षा चुनौतिको अभिलेख राख्ने र उच्च व्यवस्थापनबाट विश्लेषण गरी समाधानका लागि सेक्युरिटी लग अनुगमन गरेको छैन । कार्यालयले कागज, चुम्बकीय, श्रव्यदृश्य, युएसबी स्टोरेज, पुराना कम्प्युटर, ल्यापटप आदिमा रहेका सूचना तथा तथ्याङ्कहरु धुल्याउने गरेको छैन र सोसम्बन्धी कार्यविधि तयार गरेको पनि छैन । व्यवसाय निरन्तरता योजना (Business Continuity Plan) तथा प्रकोप पुनःस्थापना योजना तयार गरेको छैन । अतः सफ्टवेयर तथा हार्डवेयर सुरक्षा व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

६९. **सफ्टवेयर अभिलेख -** कार्यालयमा प्रयोग भएका वित्त व्यवस्थापन सूचना प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली, ई-हाजिरी तथा सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली आदि सूचना प्रविधि विभागमा अभिलेखीकरण गरेको छैन । कार्यालयले विकास तथा परिमार्जन गरेको सफ्टवेयर प्रणालीलाई प्रयोगमा लैजानुभन्दा पहिला लाभग्राहीहरुलाई उपयोगमा सहज हुने वा समस्या नआउने सम्बन्धमा ई-जिपी प्रणालीको प्रथम चरण र दोस्रो चरणको सफ्टवेयरको उपयोगकर्ता स्वीकृति परीक्षण (User Acceptance Test) गराएको देखिएन । ई-जीपी सफ्टवेयर प्रणालीको समय समयमा सफ्टवेयरको पुनरावलोकन गर्ने व्यवस्था गरेको छैन । सफ्टवेयरको अभिलेखीकरण तथा आवश्यकताअनुसार पुनरावलोकन गरिनुपर्दछ ।

७०. **प्रणाली सञ्चालन -** ई-जीपी खरिद निर्देशिकाको दफा १३ अनुसार बोलपत्र सूचना प्रकाशन तथा दफा १६ अनुसार बोलपत्रदाताहरुले आफ्नो बोलपत्र प्रस्ताव अनलाइनमार्फत दर्ता गर्नुपर्नेमा कार्यालयहरुले प्रकाशन गरेको बोलपत्र सूचनाअनुसार अधिकांश बोलपत्रदाताहरुले बोलपत्र प्रस्ताव पेस गर्दा अपलोड मोडल र अनलाइन दुबै माध्यममार्फत प्रस्ताव पेस गर्ने गरेको र अधिकांशले एक्सेल फरम्याट अपलोड गर्ने गरेका छन् । बोलपत्रदाताहरुले कार्यको मूल्य परिमाण (BOQ) को बं(रद्धणेलपत्र विवरण नभरी छुट्टै ढाँचामा एक्सेल शीट तयार गरी पेश गरेको बोलपत्र प्रस्तावलाई ई-जिपी प्रणालीले स्वीकार गरेकोले खरिद प्रणालीको निर्धारित प्रक्रिया अवलम्बन नहुने तथा प्रणाली नियन्त्रण कमजोर देखिएको छ । कार्यालयहरुले बोलपत्रदाताहरुलाई अग्रिम पेस्की, रनिङ बिल, अन्तिम बिल र प्रोत्साहन भुक्तानीको कार्य विद्युतीय खरिद प्रणालीमार्फत गरेको देखिएन । सरकारी विद्युतीय खरिद प्रणालीको सफ्टवेयर सूचना प्रविधि प्रणालीमा बोलपत्र जमानत तथा कार्यसम्पादन बैङ्क जमानतलाई प्रमाणित तथा अनुगमन गर्ने व्यवस्था छैन । अतः खरिद ऐन, नियम तथा निर्देशिकामा उल्लिखित बोलपत्रसम्बन्धी कार्यको अभिलेख रहने गरी सफ्टवेयरमा प्रणाली सञ्चालनसम्बन्धी व्यवस्था गरिनुपर्दछ ।

अन्य संस्था

नेपाल ट्रष्टको कार्यालय

७१. **सम्पत्तिको उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्रिय हित, शैक्षिक, प्राज्ञिक र स्वास्थ्य सम्बन्धी कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ । कोषको सम्पत्तीको विवरणअनुसार ट्रष्टको स्वामित्वमा रहेको १२ जिल्लाका २१६ कित्तामा २१ हजार ५६२ रोपनी ४आना २ पैसा १ दाम जग्गा, ३ संस्थाको ४ लाख ७२ हजार ८८६ कित्ता सेयर, रु.५९ करोड ५० लाख मुद्दती खाताको मौज्दात, ४ बैङ्कमा चल्ती तथा बचत खातामा रु.१ करोड ६ लाख ६३ हजार, रु.३४ लाख ३६ हजार धरौटी बाँकी, वैदेशिक मुद्रातर्फ स्टर्लिङ पाउण्ड ४९ हजार २८६ र अमेरिकी डलर १ लाख ४१ हजार मौज्दात रहेको देखिन्छ ।

ट्रष्टको चल अचल सम्पत्ति अधिकतम आय आर्जन हुने कार्यमा लगानी हुनुपर्नेमा लगानी हुन नसकी मौज्दातमा नै रहेकोले ऐन अनुसार आय आर्जन हुने क्षेत्र पहिचान गरी लगानी एंव उपयोग गर्नुपर्दछ । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औल्याइएकोमा स्थिति यथावत् रहेको छ ।

७२. **विनियमावली -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा २५(१) मा ऐनको उद्देश्य पुरा गर्न सञ्चालक समितिले यो ऐन तथा नियमको अधिनमा रहि आफ्नो आन्तरिक कार्य सञ्चालन, अचल सम्पत्ति मर्मत सम्भार एवं संरक्षण तथा आर्थिक प्रशासनका सम्बन्धमा आवश्यक विनियमहरु बनाउन सक्ने उल्लेख छ । हालसम्म विनियम

तयार नगरेकोले ऐनको उद्देश्यअनुरुप विनियमावली तयार गरी कार्य सञ्चालन कार्यविधि, सम्पत्ति संरक्षण र उपयोगमा प्रभावकारिता ल्याई आर्थिक कारोबारको लेखाङ्कन विधिसमेत स्पष्ट गर्नुपर्दछ ।

७३. **लिज/भाडा -** यो वर्ष भाडा बापत रु.६ करोड ७३ लाख १८ हजार आम्दानी भएको छ । नेपाल ट्रष्टको पोखरा महानगरपालिका वडा नं.७ स्थित रत्नचोकको कित्ता नं. ३० को १ रोपनी १२ आना १ पैसा जग्गा २०७३।४।१ देखि २०७८।३।३१ सम्म पाँच वर्षको लागि वार्षिक रु.४ लाख ९२ हजार भाडा बुझाउने गरी एक निजी होटलसँग र चितवनको भरतपुर महानगरपालिकाको वडा नं. १ स्थित दियालो बंगला परिसरको पूर्वतर्फको ६ बिगाहा ११ धुर जग्गा वार्षिक रु.२७ लाख ५० हजार भाडा बुझाउने गरी २०७३ भाद्रदेखि पाँच वर्षको लागि एक रिर्सोटसँग सम्झौता भएको छ । उक्त दुबै सम्झौतामा बुझाउनुपर्ने भाडाको किस्ता तोकिएको समयमा नबुझाएमा शतप्रतिशत जरिबानासमेत असुल गर्नुपर्ने उल्लेख छ । सम्झौताबमोजिम पोखराको होटलले २०७४।४।१ देखि २०७५।३।३२ सम्म र चितवनको कम्पनीले २०७४।५।१ देखि २०७५।४।३१ सम्मको भाडा नबुझाएकोले शतप्रतिशत जरिबानासमेत रु.६४ लाख ८४ हजार असुल गर्नुपर्दछ ।

७४. **सुरक्षा पर्खाल निर्माण -** काठमाडौँको गोकर्णेश्वर नगरपालिकामा रहेको गोकर्णेश्वर निकुञ्जको पश्चिम तर्फको माकलबारीमा जंगली जनावरको सुरक्षा र जंगली जनावरबाट मानववस्तीको सुरक्षाको लागि ४५० मिटर सुरक्षा पर्खाल बनाउन एक निर्माण व्यवसायीसँग रु.५६ लाख १ हजारमा ६ महिनामा कार्य सम्पन्न गर्ने गरी २०७४।९।३ मा सम्झौता भएको छ । पर्खाल निर्माणस्थलमा बाटो विस्तार गर्नुपर्ने भएकोले ट्रष्टले नगरपालिकासँग समन्वय गर्नुपर्ने भनी नगरपालिका कार्यालयले दिएको निवेदनअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट नगरपालिकासँग समन्वय गरी निर्माण कार्य गर्ने स्वीकृति दिएकोमा रु.१६ लाख ४५ हजार भुक्तानी गरेपछि नगरपालिकाले निर्माण कार्य रोक्न अनुरोध गरेको आधारमा २०७५।३।५ मा ठेक्का रद्द गरेको देखियो । यसबाट उक्त निर्माण कार्य अधुरो रहेको र खर्चसमेत उपलब्धिविहीन भएको छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा सूचना प्रविधि विकास आयोजनामा लक्ष्यअनुसार प्रगति नभएको, राष्ट्रिय सतर्कता केन्द्रले गरेको प्राविधिक परीक्षण प्रतिवेदनले औँल्याएका त्रुटिहरुको अनुगमन नभएको, नेपाल ट्रष्टको सम्पत्तिको उपयोग नभएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - मन्त्रालय र मातहतका समेत १०८ निकायमा यो वर्ष रु.३ अर्ब ७४ करोड २७ लाख ९१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रु.१ करोड १ लाख ७९ हजार फछ्यौंट गरेकोले रु.३ अर्ब ७३ करोड २६ लाख १२ हजार बाँकी रहेको छ । सोमध्ये रु.२ अर्ब ३४ करोड १४ लाख १७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

  - अन्य संस्था १ तर्फ यस वर्ष रु.१ करोड १६ लाख २० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियासाथ प्रमाण पुष्ट्याई प्राप्त नभएकोले फछ्यौंट हुन बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१६ मा छ ।

अर्थ मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा आर्थिक नीतिको तर्जुमा गरी राजस्व प्रक्षेपण एवं सङ्कलन गर्दै योजना तथा कार्यक्रममा साधनको प्रभावकारी व्यवस्थापन, उच्च, दिगो, भरपर्दो र गरिबी निवारणोन्मुख आर्थिक वृद्धि हासिल गर्ने, पारदर्शिता र वित्तीय जवाफदेहिता वृद्धि गर्ने, वार्षिक कार्यक्रम र बजेटको माध्यमबाट सार्वजनिक खर्च व्यवस्थापन गरी आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने लगायतका कार्य रहेको छ । मन्त्रालयलगायत १७३ निकायबाट सेवाप्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१ खर्ब ८० अर्ब ३० लाख, राजस्व रु.६ खर्ब ४१ अर्ब ३६ करोड ३२ लाख, धरौटी रु. ५ अर्ब ३२ करोड ८२ लाख र अन्य कारोबार रु. २ खर्ब २२ अर्ब ५३ करोड ७८ लाखसमेत रु.१० खर्ब ४९ अर्ब २३ करोड २२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका सार्वजनिक संस्थान, अन्य संस्था र समितिको रु.१४ खर्ब ८५ अर्ब १९ करोड १० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

• समष्टिगत आर्थिक स्थिति

१. **समग्र आर्थिक अवस्था -** मुलुकको विद्यमान आर्थिक परिसूचकअन्तर्गत आर्थिक वृद्धिदर, रोजगारीको अवस्था, उपभोग, लगानी र बचत, निजी क्षेत्रको पुँजी तथा सरकारी खर्चको अवस्था, वैदेशिक सहायता परिचालन, मुद्रा स्फीति, आयात निर्यात र शोधनान्तर स्थितिलगायत कुल गार्हस्थ्य उत्पादनमा भएको परिवर्तन जस्ता पक्षहरुको विश्लेषणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:

विषय	लक्ष्य (चौधौं योजनाअनुसार)	उपलब्धि		
		२०७२।७३	२०७३।७४	२०७४।७५
आर्थिक वृद्धिदर	७.२०	०.७७	६.९४	६.३०
मुद्रास्फीति	७.५०	९.९०	५.१०	४.२०
कुल राजस्व/गार्हस्थ्य उत्पादन	१९.५७	२०.५०	२२.३०	२४.६८
कुल सरकारी खर्च/गार्हस्थ्य उत्पादन	३२.१२	३१.२०	३१.५९	३६.०१
चालु खर्च/गार्हस्थ्य उत्पादन	२२.००	१९.३०	२३.६७	२४.५७
पुँजीगत खर्च/गार्हस्थ्य उत्पादन	१०.१२	७.१०	७.९२	७.८०
वैदेशिक अनुदान/गार्हस्थ्य उत्पादन	३.७६	३.००	१.५२	१.४१
वैदेशिक ऋण/गार्हस्थ्य उत्पादन	६.८५	२.६०	१.४८	२.८०
आन्तरिक ऋण/गार्हस्थ्य उत्पादन	२.२८	३.९०	३.३६	४.७२
व्यापार घाटा/गार्हस्थ्य उत्पादन	-३२	-३१.८	-३४.४०	-३६.९६
कुल उपभोग/गार्हस्थ्य उत्पादन	९३	९४.७०	८९.७०	८४.९९
निर्यात/गार्हस्थ्य उत्पादन	३.५०	३.३०	३.००	२.७०
आयात/गार्हस्थ्य उत्पादन	३५.५१	३५.१०	३७.४०	४१.३३
बजेट घाटा/गार्हस्थ्य उत्पादन	७	७.६०	६.५	८.९४

स्रोत: चौधौं योजना, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्क ।

उपर्युक्त तथ्याङ्कको विश्लेषण गर्दा मुद्रास्फीति दर तथा राजस्व वृद्धि लक्ष्यअनुसार भए तापनि चौधौं योजनाअनुसार आर्थिक वृद्धिदर ७.२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा यस वर्ष ६.३० प्रतिशतमात्र रहेको छ । चालु खर्च र पुँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको २२ र १०.१२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा चालु खर्च नियन्त्रण र पुँजीगत खर्च वृद्धि हुन नसकेका कारण क्रमश: २४.५७ र ७.८० प्रतिशत रहेको छ । वैदेशिक अनुदान र ऋण अपेक्षा अनुरुप परिचालन हुन नसकेको कारण कुल गार्हस्थ्य उत्पादनको ३.७६ र ६.८५ प्रतिशत रहनुपर्नेमा क्रमश: १.४१ र २.८० प्रतिशत मात्र रहेको देखिन्छ । समग्रमा बजेट घाटालाई कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशतभित्र राख्ने लक्ष्य भए पनि ८.९४ प्रतिशत रहेको छ ।

समग्रतामा अर्थतन्त्रका केही सूचकहरु सकारात्मक नदेखिएको अवस्थालाई मध्यनजर राख्दै आयात नियन्त्रण, निर्यात प्रवर्द्धन, सरकारी खर्च व्यवस्थापन, उपभोग बचत लगानी विस्तार गर्न सरकारी तथा निजी क्षेत्रसमेतबाट समन्वयात्मक रुपमा प्रयास हुनु जरुरी छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः समग्र आर्थिक अवस्थाको स्थिति सन्तोषजनक नरहेको, मौद्रिक नीतिको पूर्णरुपमा कार्यान्वयन नभएको, राजस्व नीति तथा बजेट वक्तव्य आंशिक रुपमा कार्यान्वयन भएको, औचित्यबेगर राजस्व तथा साफ्टा छुट दिएको, राजस्व बक्यौता असुली नभएको, स्रोतको यथार्थ नभएको, बजेट सूचना प्रणाली कार्यान्वयन नभएको, बजेटभन्दा बढी खर्च गरेको, बजेटबेगर खर्च गरेको, अर्थ बजेटबाट वर्षान्तमा रकमान्तर गरी खर्च गरेको, स्रोत विपरीत निकासा दिएको, कार्यक्रमबेगर खर्च गरेको, विकास सहायता परिचालन अपेक्षा अनुरुप नभएको, सेयर लगानीको प्रतिफल प्राप्त नभएको, भाडा असुली नगरेको, अनुदानको अनुगमन नगरेको, कार्यसञ्चालन कोषको मौज्दात फरक परेको, शोधभर्ना लिनुपर्ने आंशिक रुपमा प्राप्त भएको देखिएको छ ।

२. **मौद्रिक नीतिको कार्यान्वयन -** मुलुकको अर्थतन्त्रमा अस्थिरता र अनिश्चितता सिर्जना हुन नदिन तरलता तथा ब्याजदर व्यवस्थापन पनि एक महत्वपूर्ण औजार हो । जसले बचत र कर्जा प्रवाहलाई प्रभावित पारी रोजगारी र आर्थिक वृद्धिमा समेत असर पार्दछ । अधिक तरलताले निक्षेपको ब्याजदर न्यून हुँदा वस्तु तथा सेवाको माग बढ्न गई मूल्य वृद्धि, पुँजी पलायन र शोधनान्तरमा समेत चाप पर्दछ । अर्थतन्त्रमा तरलताको अभाव हुँदा मूल्य वृद्धि हुने, लगानी तथा उपभोग घट्न गई अर्थतन्त्रमा संकुचन आउने हुँदा मूल्य वृद्धि नियन्त्रण, कर्जा लगानी लगायतका लागि तरलताको व्यवस्थापन उचित ढङ्गले गर्नुपर्दछ । यो वर्षको मौद्रिक नीति कार्यन्वयनमा तरलता व्यवस्थापन सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

२.१ वित्तीय प्रणालीको स्थायित्वको लागि मौद्रिक नीतिको प्रभावकारी कार्यन्वयन नेपाल राष्ट्र बैङ्कको एक महत्वपूर्ण लक्ष्य हो । बैंकिङ्ग प्रणालीमा निक्षेप आपूर्तिको अवस्था र अर्थतन्त्रमा कर्जाको मागबीच असन्तुलन हुदा वित्तीय बजारमा तरलताको समस्या उत्पन्न हुनजान्छ । बजारमा तरलताको अधिक वा न्यून अवस्थाले ब्याजदरलाई अस्थिर बनाउँछ । कर्जाको मागको तुलनामा बैङ्क निक्षेप न्यून दरले बढ्दा बैङ्कहरुले माग बमोजिम कर्जा उपलब्ध गराउन सक्दैनन् । यसले गर्दा बढ्दो मात्रामा निक्षेप आकर्षण गर्न निक्षेपकर्तालाई दिने ब्याजदर बढाउनुपर्ने हुन्छ । उच्च दरमा निक्षेपको ब्याजदर बढेपछि कर्जामा लिने ब्याजदर पनि बढाउनुपर्ने हुन्छ, जसले गर्दा उत्पादन वा व्यवसायको लागत बढ्न गई अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन पुग्छ । नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कअनुसार कर्जाको वार्षिक वृद्धिदर देहायबमोजिम रहेको छ:

बैंकिङ्ग प्रणालीको निक्षेप तथा कर्जा	वार्षिक वृद्धिदर (प्रतिशतमा)	
	२०७३/७४	२०७४/७५
कुल निक्षेप	१२.६	१९.४
कुल कर्जा	१८.१	२२.०
• कृषि	१४.३	५०.८
• उत्पादन कर्जा	११.४	२०.६
• यातयात, सञ्चार र सार्वजनिक सेवा	२५.२	२६.७
• थोक तथा खुद्रा व्यापार	१६.१	२२.४
• सेवा उद्योग	२३.३	२६.४

माथिको तालिकाअनुसार २०७२।७३ को तुलनामा २०७३।७४ मा कुल निक्षेप १२.६ प्रतिशतले बढेकोमा कुल कर्जा १८.१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७४।७५ मा पनि कुल निक्षेप १९.४ प्रतिशतले बढ्दा कुल कर्जा २२.० प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०७४।७५ मा क्षेत्रगत कर्जा बिस्तार हेर्दा कृषि कर्जा ५०.८ प्रतिशतले बढेको छ । यो वृद्धिदर गत वर्षको १४.३ प्रतिशतको तुलनामा साढे तीन गुणा भन्दा बढी हो । अन्य अधिकांश क्षेत्रका कर्जा बिस्तार दर पनि निक्षेपको वृद्धिदरभन्दा धेरै माथि छन् । निक्षेपको आपूर्तिको तुलनामा कर्जाको माग उच्च दरले बढ्दा ब्याजदर पनि स्वाभाविक रुपले बढ्न जान्छ ।

२.२ विगतका वर्षहरुदेखि नै नेपाल राष्ट्र बैङ्कको नेतृत्वमा सञ्चालन हुने खुलाबजार कारोबार वित्तीय स्थायित्व प्राप्तितर्फ लक्षित मुख्य औजार रहदै आएको छ । अधिक र न्यून तरलताको जोखिमबाट मुलुकको वित्तीय

प्रणाली लाई जोगाउन खुला बजार कारोबारले गहन भूमिका खेल्दै आएको छ । प्रणालीमा तरलता न्यून रहेमा आवश्यक मात्रामा तरलता प्रवाह गर्नु र अधिक तरलता रहेमा त्यसलाई प्रशोचन गर्नु खुला बजार कारोबारको मुख्य ध्येय रहेको हुन्छ । खुला बजार कारोबार अन्तर्गत सरकारी ट्रेजरी बिलको स्वामित्व नेपाल राष्ट्र बैङ्क र बैङ्क तथा वित्तीय संस्थाबीच हेरफेर गरेर र बैङ्क तथा वित्तीय संस्थाहरुको स्वामित्वमा रहेको निक्षेपको अंश अल्पकालमा नेपाल राष्ट्र बैङ्क वा यी संस्थाबीच सारेर गर्ने गरिएको छ । नेपाल राष्ट्र बैङ्कको स्वामित्वमा नेपाल सरकारले जारी गरेको अल्पकालीन अवधिका ट्रेजरी बिलको केही अंश बैङ्क तथा वित्तीय संस्थाहरुलाई सोझै बेचेर (स्वामित्व नै हस्तान्तरण गरेर) र रिभर्स रिपो बोलकबोल मार्फत अल्पकालको लागि बैङ्क तथा वित्तीय संस्थालाई हस्तान्तरण गरेर प्रणालीमा रहेको नगद नेपाल राष्ट्र बैङ्कले खिचेर बजारबाट तरलता प्रशोचन गर्दछ । बैङ्क तथा वित्तीय संस्थाहरुको संरक्षणमा रहेको नागरिकको निक्षेप बोलकबोलको माध्ययमबाट अल्पकालको लागि नेपाल राष्ट्र बैङ्कले खरीद गरेर पनि तरलता प्रशोचन गर्ने गरिन्छ ।

यसैगरी बैङ्क तथा वित्तीय संस्थाको स्वामित्वमा रहेको सरकारी ऋणपत्र सोझै खरीद गरेर वा अल्पकालको रिपो बोलकबोलमार्फत आफ्नो स्वामित्वमा सारेर नेपाल राष्ट्र बैङ्कले वित्तीय प्रणालीमा नगद/तरलता प्रवाह गर्दछ । नेपाल राष्ट्र बैङ्कबाट खुलाबजार कारोबारमार्फत बैंकिङ्ग प्रणालीमा तरलता प्रशोचन र प्रवाहको अवस्था निम्नबमोजिम रहेको छ:

(रु. करोडमा)

विवरण	२०७२/७३	२०७३/७४	२०७४/७५
(क) प्रशोचन	**२,४५,०५**	**१,८५,४४**	**३,०२,३४**
१) सोझै बिक्री बोलकबोल	९,१०	-	८,४०
२) रिभर्स रिपो बोलकबोल	२,३५,९५	६४,२५	८४,७५
३) निक्षेप बोलकबोल (१४ देखि ९० दिन सम्मको)	-	६०,२०	१,०१,८५
(ख) प्रवाह (सोझै खरीद, रिपा र ब्याजदर करिडोर)	**-**	**६०,९०**	**१,०७,३४**
खुला बजारबाट खुद प्रशोचन	**२,४५,०५**	**१,२४,५४**	**१,९५,००**
नेपाल राष्ट्र बैङ्कबाट बैंकिङ्ग प्रणालीमा अन्य साधनद्वारा तरलता प्रवाह			
१) स्थायी तरलता सुविधा	१४,०३	६२,३९	३८,३३
२) विदेशी मुद्रा खरीद	४,७१,३५	४,३५,८६	४,२२,३४
३) पुनर्कर्जा	८,९६	१५,४०	१७,५७
जम्मा	**४,९४,३४**	**५,१३,६५**	**४,७८,२४**
खुद प्रवाह	२,४९,२९	३,८९,११	२,८३,२४
नेपाल राष्ट्र बैङ्कबाट बैंकिङ्ग प्रणालीमा खुद तरलता प्रवाह	२,४९,२९	३,८९,११	२,८३,२४

खुला बजार कारोबारबाट नेपाल राष्ट्र बैङ्कले खुद प्रशोचन गरेपनि तरलता प्रवाहका अन्य साधनको माध्यमबाट नेपाल राष्ट्र बैङ्कले बैंकिङ्ग प्रणालीमा ठूलो मात्रामा नगद प्रवाह गरेको प्रष्टै देखिन्छ । यस्तो प्रवाह २०७२/७३ मा रु २ खर्ब ४९ अर्ब र २०७३/७४ मा रु ३ खर्ब ८९ अर्ब पुगेको थियो । आर्थिक वर्ष २०७४/७५ यस्तो प्रवाह रु १ खर्ब भन्दा बढिले घटेर रु २ खर्ब ८३ अर्बमा रहेको छ । यसबाट नेपालको तरलता व्यवस्थापन, वित्तीय अवस्था र अन्ततोगत्वा मौद्रिक स्थितिमा विदेशी मुद्राले निर्णायक प्रभाव पार्ने देखिएकोले यी तथ्यमा ध्यान दिई तरलता प्रशोचन एवं प्रवाहसम्बन्धी नीति निर्धारण गर्नुपर्दछ ।

२.३ नेपाल राष्ट्र बैङ्कबाट प्रवाहित पुनर्कर्जाको विवरणअनुसार विगत ३ वर्षमा गरेको पुनर्कर्जामध्ये साधारण कर्जामा ४ प्रतिशत, निर्यातमा १ प्रतिशत र भूकम्पपीडितको लागि शून्य प्रतिशतमा कर्जा प्रवाह गरेको छ । बैङ्कहरुले पुनर्कर्जा दरमा २-३ प्रतिशत थप ब्याजदरमा व्यवसायीलाई कर्जा उपलब्ध गराउँदछन् । कुल पुर्नकर्जा रकम २०७२।७३ को रु.८ अर्ब ९६ करोडबाट ९६.०९ प्रतिशतले बढेर २०७४।७५ मा रु.१७ अर्ब ५७ करोड पुगेको छ । कुल पुनर्कर्जामध्ये साधारण पुनर्कर्जाको अंश २०७४।०७५ मा ८४.५२ प्रतिशत, निर्यात पुनर्कर्जाको अंश ७.५६ प्रतिशतले र भूकम्प पीडितलाई प्रदान गरिएको पुनर्कर्जाको अंश ७.९२ प्रतिशत रहेको छ । नेपाली अर्थतन्त्रको आकार र बैङ्क एवं वित्तीय संस्थाहरुले आपूर्ति गरेको कुल कर्जाको तुलनामा सो रकम न्यून हो । निर्यात पुनर्कर्जा २०७३।७४ मा ३६.२९ प्रतिशतले घटेको थियो । निर्यात पुनर्कर्जा २०७२।७३ को तुलनामा २०७४।०७५ मा रु.२ करोड ८० लाख मात्र बढी छ ।

नेपाल राष्ट्रबैङ्कबाट प्राप्त गरेको तथ्याङ्कअनुसार प्रत्येक वर्ष मागको तुलनामा पुनर्कर्जाको आपूर्ति क्रमश: घट्दै गएको छ । बैङ्कले २०७२।७३ मा कुल मागको ९६.९ प्रतिशत आपूर्ति गरेकोमा पुनर्कर्जा

आपूर्तिको यस्तो अंश क्रमशः घटेर २०७३।७४ मा ७६.५ प्रतिशत र २०७४।७५ मा ३४.३ प्रतिशत मात्र रहेको छ । उत्पादनशील क्षेत्रलाई उकास्न, निर्यात प्रवर्द्धन गर्न, भूकम्पपीडितलाई राहत प्रदान गर्न र हरेकवर्ष झन् झन् कसिलो हुँदै गएको तरलता न्यूनताको समस्या समाधान गर्न नेपाल राष्ट्र बैङ्कले पुनर्कर्जा प्रवाह व्यापकरुपले विस्तार गर्न आवश्यक छ ।

२.४ नेपाल राष्ट्र बैङ्कले २०७३।७४ देखि कार्यान्वयनमा ल्याएको ब्याजदर करिडोर प्रणालीले २०७४।०७५मा आएर अधिकतम र न्यूनतम रिपो दर बीचको दर साँघुरिँदै गएको छ । मौद्रिक नीति २०७५।७६ ले अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपात घटाएपनि वाणिज्य बैङ्कहरुको कर्जा र निक्षेपबीचको भारित औसत ब्याजदर फरकमा अपेक्षित सुधार देखिँदैन । यस्तो फरक २०७५ आसार मसान्तको ५.९८ प्रतिशतबाट ०.२८ प्रतिशत बिन्दुले घटेर २०७५ मंसिरमा ५.७० प्रतिशत कायम छ । तथापि बैङ्कहरुले आफ्ना निक्षेपकर्ताहरुलाई दिने ब्याजदरभन्दा व्यवसायीलाई दिएको ब्याजदर भारित औसत ५.७० प्रतिशत बढी हुनु न्यायोचित होइन । उपर्युक्तबमोजिमका अवस्था निराकरण गर्न वित्तीय संस्थाको प्रभावकारी अनुगमनमा नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालयले समन्वयकारी भूमिकाबाट कार्य अगाडि बढाउनुपर्दछ ।

• राजस्व नीति तथा मार्गदर्शन

३. **स्रोतको प्रक्षेपण -** "सम्बृद्ध नेपाल र सुखी नेपाली" भन्ने अभियानको सफलताका लागि लगानी मैत्री कर प्रणाली तथा दिगो एवं अनुमान योग्य राजस्व परिचालन पद्धति आवश्यक पर्दछ । संघीय वित्त परिचालनको लागि लगानी मैत्री वातावरण, राष्ट्रिय उत्पादनमा वृद्धि तथा रोजगारीको सिर्जनाबाट दिगो आर्थिक विकासलाई टेवा पुग्ने गरी स्रोतको प्रक्षेपण गर्नु जरुरी छ । यस सम्बन्धमा नेपालको अवस्था देहायअनुसार रहेको छः

३.१ अन्तर निकाय र अन्तरदेशीय सूचना आदान-प्रदान, दोहोरो कर मुक्तिको सम्झौता, बहुराष्ट्रिय कम्पनीहरुको विस्तारसँगै विद्युतीय व्यापार, मूल्य हस्तान्तरण, आयको खण्डीकरण, कराधार क्षेत्रलगायतका विषयले अन्तर्राष्ट्रिय कर र करारोपणमा जटिलता देखिएको छ ।

३.२ मूल्य अभिवृद्धि करमा कर अन्तर अत्याधिक रहेकोमा चालु वर्षको बजेटले कर नीति अन्तरलाई घटाउन कर छुटको दायरा घटाई केही सम्बोधन गरेको छ । तर पनि दायरा विस्तार र कर परिपालनामा उल्लेख्य सुधार नहुँदा कर सहभागिताको अन्तर उपर अझै सुधार हुन सकेको छैन ।

३.३ राजस्व प्रक्षेपणको आधार कुल गार्हस्थ्य उत्पादनसँग प्रत्यक्ष स्थापित गर्ने गरिएको छ । विश्वका विकसित देशले कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशतको हाराहारीमा राजस्व सङ्कलन गर्दा आन्तरिक स्रोतको आधार मजवुत बनाएका छन् । नेपालको परिवेशमा राजस्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको २४ प्रतिशतको हाराहारीमा रहेको छ । कुल गार्हस्थ्य उत्पादनको आधार वर्ष समसामयिक बनाउन नसकी सन् २००० को तथ्याङ्कलाई आधार लिनु परेकोले नवीनतम व्यावसायिक एवं उपभोग्य कार्यहरु कुल गार्हस्थ्य उत्पादनको दायरामा नआएकोले यसबाट राष्ट्रिय लेखाका सबै चरणहरु समेट्न सकेको छैन । तसर्थ यसरी गणना भएको कुल गार्हस्थ्य उत्पादनसँग राजस्व प्रक्षेपण र असुलीको आँकडा तुलना गर्दा भएका निष्कर्षहरुले मुलुकको यथार्थ अवस्था चित्रण हुन अझै बाँकी रहेको अवस्था छ ।

३.४ माल वस्तुको भन्सार महसुल असुली यथार्थ कारोबारमा आधारित बनाउन र बजारमा बिक्री वितरण हुने सामग्रीको यथार्थ बीजक जारी गरी व्यवसाय गर्न निजी क्षेत्रलाई उत्प्रेरित हुने वातावरण तयार गरेर राजस्व प्रशासनले जोखिममा आधारित अनुगमन प्रणाली पूर्ण रुपले कार्यान्वयन गर्न सकेको छैन । कर परिपालना अभिवृद्धि गरी राजस्व सङ्कलनका सबै क्षेत्रमा स्वयं कर प्रणाली लागू गरी तथ्याङ्कमा आधारित राजस्व प्रक्षेपण प्रणालीबाट राजस्व असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

३.५ मुलुक संघीय शासन प्रणालीमा रुपान्तरण भएपछि प्रदेश तथा स्थानीय तहबाट नागरिकलाई पुऱ्याउनुपर्ने सेवा प्रवाहको स्तर बढाउन ठुलो स्रोत खर्च गर्नु परेको परिवेशमा गैरकर राजस्वमा पुनरावलोकन गरी राजस्व प्रक्षेपण र असुली प्रभावकारी हुन नसकेको अवस्था विद्यमान छ ।

तसर्थ राजस्व प्रक्षेपण गर्दा विगतका राजस्व असुलीको आधारमा निश्चित बढोत्तरी गर्ने प्रक्रियामा सुधार गरी समष्टिगत आर्थिक परिसूचकहरु कुल गार्हस्थ्य उत्पादन, उपयोग, राष्ट्रिय आय, अर्थतन्त्रका नवीन

क्षेत्रहरु, मुद्रा स्फीति र सरकारको कर नीतिलाई समेत आधार लिनुपर्दछ । संघको अतिरिक्त प्रदेश र स्थानीय तहबाट गरिने राजस्व प्रक्षेपणलाई समेत यथार्थतामा आधारित बनाउन निश्चित आधार तय हुने गरी राजस्व नीति र राजस्व प्रशासनको दक्षतामा सुधार गर्नुपर्दछ ।

४. **राजस्व नीति -** बजेटले लगानी मैत्री करनीतिको माध्यमबाट आर्थिक समृद्धिको जग बसाल्ने, आर्थिक क्रियाकलाप मैत्री कर प्रणाली कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाउने, राष्ट्रिय उत्पादन वृद्धि गरी परनिर्भरता घटाउँदै निर्यात प्रवर्द्धन गर्ने, व्यापार सहजीकरण, क्षमता अभिवृद्धि र प्रक्रियागत सुधार गरी स्वैच्छिक कर परिपालना वृद्धि गर्ने, संघीय वित्त सबलीकरणको लागि कराधारको संरक्षण र आर्थिक पारदर्शितामा जोड दिने, राजस्व परिचालनमा गैरकर राजस्वको योगदान बढाउने उल्लेख गरेको छ ।

संघीय संरचना अनुरुप संघ र प्रदेश, आर्थिक तथा योजना मन्त्रालयसम्म राजस्व प्रशासनका कर्मचारीको उपस्थिति रहने संरचना तयार भए पनि तीनै तहको राजस्व परिचालनमा प्रभावकारिता ल्याउने गरी नीतिगत व्यवस्था हुन अझै बाँकी रहेको छ । अन्य नीतिगत व्यवस्थाको कार्यान्वयन अवस्था निम्नानुसार छ:

४.१ कार्यसम्पादनमा सहजता र एकरुपता ल्याई राजस्व तथ्याङ्क संरक्षण गर्ने उद्देश्यले राजस्वसँग सम्बद्ध विद्युतीय सूचना प्रणालीलाई आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागलगायत अन्य सरोकारवाला निकायबीच आबद्धता गर्ने कार्य पूर्ण रुपमा हुनसकेको छैन । कम्पनी रजिष्ट्रार कार्यालय, सहकारी विभाग, गैरसकारी संस्था दर्ता निकाय र अन्य उद्योग, पेशा, व्यवसाय दर्ता गर्ने निकायहरुसँग समन्वय गरी मुलुकमा हुने समग्र व्यापार, पेशा, व्यवसायको अभिलेख तयार गरेको छैन ।

४.२ मूल्य अभिवृद्धि करलाई आन्तरिक स्रोतको मेरुदण्डको रुपमा लिने नीति भए पनि कार्यान्वयन अवस्था विश्लेषण गर्दा दुई तिहाई अंश आयातमा आधारित छ । आन्तरिक रुपमा सङ्कलन गर्ने मूल्य अभिवृद्धि करको हिस्सा र यसको प्रभाव देखिने गरी राजस्व प्रक्षेपण एवं असुली हुन सकेको छैन ।

४.३ विश्वमा विकसित उदारीकरण तथा व्यापार सहजीकरण नीतिले वैदेशिक व्यापारमा आधारित कर घटाउँदै गए पनि हाम्रो मुलुकका लागि यसको योगदान घटाउन सकिएको छैन । विश्व भन्सार संगठनले तर्जुमा गरेको हार्मोनाइज्ड कोड, सो कोडअनुसार लिने महसुल दरमा विभिन्न द्रष्टव्य र पटके निर्णय गरी कर छुट दिने परिपाटीमा अझै सुधार हुन बाँकी छ । यसको असर राजस्व प्रक्षेपण र असुली दुबैमा परेको छ ।

४.४ न्यून बीजकीकरण भएका वस्तुहरु खरिद गर्ने कार्यको लागि बजेट व्यवस्था गरिए तापनि खरिदको कार्य हुनसकेको छैन । त्यस्तै आन्तरिक राजस्व विभागतर्फ सो सम्बन्धी कार्यविधि तयार भए तापनि स्वीकृत हुन सकेको छैन । यस वर्ष न्यून बीजकीकरणका वस्तु खरिद गर्न रु.१ करोड बजेट व्यवस्था भए पनि न्यून बीजकीकरण भएका कुनै सामान खरिद भएको छैन । यसबाट न्यून बीजकीकरण रोक्ने नीतिगत प्रतिबद्धताको पालना भएको देखिएन ।

५. **राजस्व असुली -** विगत २ वर्षको राजस्व लक्ष्य र असुली भएको राजस्वको स्थिति देहायअनुसार रहेको देखिन्छ:

(रु. लाखमा)

विवरण	२०७३।०७४		२०७४।७५		
	लक्ष्य	असुली	लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	१,४१,६०,३४	१,४८,२३,६०	१,६७,१९,७५	१,५९,८७,८६	९५.६२
मूल्य अभिवृद्धि कर	१,६४,७२,०४	१,६०,३१,६५	२,१५,९६,८७	२,०६,८०,०९	९५.७५
अन्त:शुल्क	८०,९४,२६	८४,६७,८३	१,०२,८८,१३	१,०२,५७,९०	९९.७०
भन्सार महसुल	९७,३७,८८	१,१३,१८,४०	१,३७,३२,७१	१,३७,७८,४७	१००.३३
अन्य	१,८८,१४,७७	१,०२,७६,५१	१,०६,६८,०९	१,२५,१७,६३	११७.३३
जम्मा	**६,७२,७९,२९**	**६,०९,१७,९९**	**७,३०,०५,५५**	**७,३२,२१,९५**	**१००.२९**

आर्थिक आधारको मेरुदण्डको रुपमा रहेको आयकर र मूल्य अभिवृद्धि कर लक्ष्यको तुलनामा करिब ९५ प्रतिशतमात्र असुली भएको छ । राजस्व लेखाप्रणाली नगदमा आधारित भएकोले करदाताले अग्रिम रुपमा दाखिला गरेको आयकरलाई सो वर्षको राजस्व मान्ने गरिन्छ । साथै करदाताले मूल्य अभिवृद्धि करतर्फ वस्तु

तथा सेवा वास्तविक रुपमा उपभोग नहुँदासम्म उद्योग व्यवसाय गर्ने करदाताले बुझाएको मूल्य अभिवृद्धि कर सरकारसँग लिनुपर्ने (क्रेडिट) को रुपमा उल्लेख गर्ने भए पनि त्यस्तो रकमलाई राजस्वमा नै देखाउने गरिन्छ । मूल्य अभिवृद्धि कर क्रेडिट २०७४।७५ को अन्त्यमा रु.३५ अर्ब ७१ करोड रहेको छ । जुन यथार्थमा आर्जन भइसकेको राजस्व नभै दायित्व मात्र हो । सरकारले अग्रिम रुपमा प्राप्त भएका यस्ता रकमलाई दायित्वमा देखाउने गरेको छैन । जसले गर्दा राज्यको यथार्थ हिसाब देखिँदैन । अग्रिम प्राप्त राजस्वलाई दायित्वमा लेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

६. **राजस्व छुट -** अर्थ मन्त्रालयको कार्यसञ्चालन कार्यविधि, २०६५ को खण्ड २ मा राजस्व छुटसम्बन्धी विभिन्न नीतिगत व्यवस्था रहेको छ । आर्थिक ऐन, २०७४ को दफा १९ ले समेत विभिन्न मालवस्तु उद्योग व्यवसायी, संस्था, आयोजनालाई राजस्व छुट दिने व्यवस्था गरेको छ । राजस्व छुटको विषयमा प्रतिवेदनमार्फत व्यहोराहरु औँल्याउँदै आएकोमा यो वर्षको आर्थिक ऐनबाट मूल्य अभिवृद्धि कर फिर्तालगायतका व्यवस्थालाई पुनरावलोकन गरी सुधारको शुरुवात भएको छ । वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरसम्बन्धी द्रष्टव्य अनुसूची, पटके रुपमा गरिने निर्णयका आधारमा हुने छुट पूर्णरुपमा हटाउन बाँकी छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन्:

६.१ विशेष ऐन नियम वा सूचित आदेशअन्तर्गतको राजस्व छुट, द्विपक्षीय वा वहुपक्षिय ऋण/अनुदान, सहायता सम्झौता अन्तर्गतको राजस्व छुट तथा सामाजिक सेवा क्षेत्रलगायतलाई राजस्व छुट दिइने व्यवस्था गरेको छ । तोकिएको छुट सुविधा तोकिएको शर्तअनुसार सदुपयोग भएको सुनिश्चित हुने आधार नरहेकोले यस क्षेत्रमा प्रभावकारी अनुगमन गर्न संयन्त्रको व्यवस्था गरिनुपर्दछ ।

६.२ आर्थिक ऐन, २०७४ को अनुसूची १ को दफा १४(१) मा भन्सार महसुल पूर्ण छुट हुने, दफा १४(२) मा भन्सार महसुल १ प्रतिशत लाग्ने र दफा १४(३) मा भन्सार महसुल आंशिक छुट हुने व्यवस्था छ । सोही ऐनको दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा (१) भन्सार महसुल पूर्ण छुट हुने (२) भन्सार महसुल १ प्रतिशत लाग्ने (३) भन्सार महसुल आंशिक छुट हुने मालवस्तु उल्लेख गरेको छ । त्यसैगरी सोही ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिमका सामानमा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ । सरकारले आय-व्यय विवरणको अभिन्न अङ्गको रुपमा राजस्व छुटको विवरण बजेट वक्तव्यसँगै पेस गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास रहेको छ । राजस्व छुटको उक्त विवरणमा भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएको कारण, सो छुटले राजस्वमा हुन गएको कमीको रकमगत अभिलेख तयार गर्नुपर्नेमा मन्त्रालयले छुटको अभिलेखका लागि सफ्टवयेर तयार गरेको भए पनि छुटको रकमगत विवरण उपलब्ध हुन सकेको छैन । लेखापरीक्षणको क्रममा भन्सार विभागको आसिकुडा, आन्तरिक राजस्व विभागको तथ्याङ्कलगायतबाट सङ्कलित सूचनाअनुसार यो वर्ष रु.४१ अर्ब २४ करोड राजस्व छुट दिएको देखिएको छ । यस्तो विवरण बजेटसँगै व्यवस्थापिका-संसदमा पेस गर्नुपर्दछ ।

६.३ कुल गार्हस्थ्य उत्पादनको एक तिहाई अंश कृषि क्षेत्रले ओगटेकोले कृषि उत्पादनलाई टेवा पुऱ्याउन कृषि विकास मन्त्रालयमार्फत यो वर्ष रु.८ अर्ब ७६ करोड र रासायनिक मलमा रु.४ अर्ब ५९ करोडसमेत कृषकलाई रु.१३ अर्ब ३५ करोड अनुदान उपलब्ध गराएको छ । कृषिजन्य पदार्थमा आत्मनिर्भर बनाउन यसप्रकारको अनुदान दिइरहेको अवस्थामा आयातमा पनि कृषि तथा पशुजन्य उत्पादन लगायतमा रु.२ अर्ब ४३ करोड भन्सार महसुल छुट दिएको देखियो । आन्तरिक उत्पादन वृद्धिमा प्रोत्साहन पुऱ्याउन अनुदान दिए पनि कृषि तथा पशुजन्य सामग्रीको आयातमा समेत राजस्व छुट दिएको, छुट रकमलाई लागतमा समावेश नगरेकोले सामग्रीको मूल्य निर्धारण र स्वदेशी उत्पादनमा पर्ने प्रभावबारे अध्ययन गर्नुपर्दछ ।

६.४ वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्यका लागि सम्झौतामा व्यवस्था भएबमोजिम आयात गर्ने निर्माण सामग्रीमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर, शुल्क छुट दिने व्यवस्था अनुसार यो वर्ष रु.६७ करोड ७८ लाख छुट दिएको छ । यस्ता सुविधामा आयात हुने सामग्रीमा लाग्ने राजस्व छुट रकमको अभिलेख र राजस्व छुट दिएको रकम आयोजनाको लगानी र उत्पादित वस्तुको लागतमा पनि समावेश गर्ने गरेको छैन । छुटमा आयातीत सामान सम्बन्धित आयोजनामा नै उपयोग भएको अनुगमन हुनुपर्दछ ।

६.५ वैदेशिक सहायतामा सञ्चालित आयोजनाले सम्झौतामा व्यवस्था भएबमोजिम भन्सारमा लगत राखी सवारीसाधन उपकरणहरु पैठारी गर्ने व्यवस्था छ । यो वर्ष लगतमा रु.१५ करोड ५६ लाख राजस्व छुट दिई

पैठारी भएको छ । यस्ता सवारीसाधन तथा उपकरण प्रयोजन समाप्त भएपछि फिर्ता लैजानुपर्ने वा भन्सार महसुल तिर्नुपर्नेमा भन्सार विभाग, सम्बन्धित कार्यालय वा आयोजनाले लगत नराखेको अवस्था छ । जसबाट राजस्व छुटका मालवस्तु तोकिएको अवधि पश्चात् पनि प्रयोग भैरहने स्थिति छ ।

राजस्व छुटको विषयमा भएको सुधारलाई निरन्तरता दिँदै आर्थिक ऐनको द्रष्टव्य र पटके निर्णयबाट दिइने छुटलाई क्रमशः घटाउँदै लैजानुको अतिरिक्त छुटको अभिलेख व्यवस्थित गरेर पारदर्शिता प्रवर्द्धनसमेत गराउनुपर्दछ ।

७. **चिनी आयात एवं राजस्व छुट -** नेपालमा हाल १२ चिनी उद्योग सञ्चालनमा रहेकोमा सबै जसो उद्योग घाटामा रहेका छन् । सरकारले उखुको मूल्य निर्धारण गर्ने, किसानलाई उखु बिक्रीको आधारमा अनुदान दिने र चिनीको बिक्री मूल्य निर्धारण गर्ने र सो मूल्यमा उद्योगहरुले चिनी बिक्री गर्ने व्यवस्था रहेको छ । चिनी आयात, मूल्य निर्धारण र राजस्व छुट सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७.१ अन्तर्राष्ट्रिय बजारमा २०७४।७५ मा चिनीको भाउ घटेको अवस्थामा चिनीको आयात बढ्दै गएको र देशभित्रका चिनी उद्योगको संरक्षण गर्न चिनीको पैठारी महसुल बढाउन २०७४।९।११ मा उद्योग व्यवसायी र अर्थ मन्त्रालयबीच सहमति भएको देखिन्छ । सहमति भएको विषयमा तत्काल औपचारिक निर्णय नगरी २०७५।१।४ मा मात्र चिनीको भन्सार महसुल १५ प्रतिशतबाट ३० प्रतिशत वृद्धि गरेको देखियो । सो अवधिमा चिनीको पैठारी अत्यधिकरुपमा वृद्धि भएको देखिन्छ । उपलब्ध आसिकुडा प्रणालीको तथ्याङ्कअनुसार २०७४।७५ मा २ लाख ३४ हजार मेट्रिक टन चिनी आयात भएको देखिन्छ । जुन गत वर्षको परिमाण ७१ हजार मेट्रिक टनभन्दा ३.३ गुणा बढी रहेको छ । वार्षिक करिब २ लाख ३० हजार मेट्रिक टन चिनीको खपत रहेकोमा करिब १ लाख ७५ हजार मेट्रिक टन चिनी स्वदेशमा उत्पादन हुने गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको अध्ययन प्रतिवेदनमा उल्लेख छ । उक्त तथ्याङ्कबाट मुलुकको यथार्थ आवश्यकताभन्दा बढी चिनी आयात गरी मौज्दात राखेको अवस्था छ । सरकारले उद्योगी व्यवसायीसँग सहमति गरेअनुरुप तत्काल भन्सार महसुल निर्धारण नगरी ४ महिना ढिलाइ गरेको कारण सो समयमामात्र रु.३ अर्ब ५७ करोड ८० लाख मूल्यको ७९ हजार ४४ मेट्रिक टन चिनी आयात हुँदा वृद्धि गरिएको महसुल दर ३० प्रतिशतलाई आधार लिँदासमेत रु.५३ करोड ६६ लाख ९५ हजार भन्सार राजस्वमा प्रभाव परेको देखिन्छ । नीतिगत सहमति वा निर्णय गरेको विषय तत्काल कार्यान्वयनमा नल्याउँदा यस्तो प्रभाव परेकोले यसतर्फ यथोचित ध्यान पुऱ्याउनुपर्दछ ।

७.२ अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्य सस्तो हुँदै गैरहेकोले पैठारीकर्ताले गत वर्ष प्रति किलोग्राम रु.४० देखि रु.५१ सम्ममा चिनी पैठारी गरेको देखिन्छ । भन्सार महसुल र मूल्य अभिवृद्धि कर समावेश गर्दा समेत आयातीत चिनीको लागत प्रति के.जी. रु.५२ देखि रु.५६ सम्म पर्ने देखियो । सरकारले चिनीको खुद्रा मूल्य प्रति के.जी. रु.६५ देखि रु.७० सम्म निर्धारण गरेको परिप्रेक्ष्यमा आयातित चिनीको बिक्री बढी नाफायुक्त देखिन्छ । तर तोकिएको मूल्यमा चिनी बिक्री गर्दा उद्योगलाई नोक्सान पर्ने जनाई मूल्य बढाउन उद्योगहरुले पहल गरेको अवस्था छ । स्वदेशी उद्योगलाई संरक्षण गर्न सरकारले २०७५।५।३१ देखि चिनी आयातमा परिमाणात्मक बन्देज लगाएको छ । तर पहिले नै आयात गरी मौज्दातमा रहेको चिनी बजारमा बिक्री भैरहेको छ । अन्तर्राष्ट्रिय बजारमा चिनीको उत्पादन लागत र मूल्य घटेको अवस्थामा समेत सोको फाइदा नेपाली उपभोक्ताले पाउन सक्ने देखिएन । नेपालका चिनी उद्योगहरुले अर्थतन्त्रमा गरेको योगदान र उत्पादन लागत घट्न नसक्नुको कारणबारे अध्ययन भएको समेत देखिएन । तसर्थ यस सम्बन्धमा अध्ययनको जरुरी देखिन्छ ।

७.३ सरकारले चिनीको मूल्यमा स्थिरता कायम गर्न साल्ट ट्रेडिङ लिमिटेडलाई चिनी आयात गर्न भन्सार महसुल छुट दिएको छ । सोबमोजिम यो वर्ष सो संस्थाले ३७ हजार ५०८ मेट्रिक टन चिनी रु.२ अर्ब २८ करोड ६९ लाखमा आयात गर्दा मूल्य अभिवृद्धि करसमेत रु.३८ करोड ७६ लाख राजस्व छुट दिएको छ । आसिकुडा प्रणालीबाट प्राप्त तथ्याङ्क अध्ययन गर्दा अन्य पैठारीकर्ताले प्रति के.जी. रु.४० देखि रु.५१ सम्ममा चिनी पैठारी गरेकोमा सो संस्थाले प्रति के.जी. रु.६० मा पैठारी गरेको देखिन्छ । अन्य पैठारीकर्ताले ३० प्रतिशत भन्सार महसुल तिरेर पैठारी गर्दा भन्दा साल्ट ट्रेडिङ लिमिटेडले १ प्रतिशत भन्सार महसुल तिरेर पैठारी गरेको चिनी महंगो हुने देखियो । भन्सार र मू.अ.करसमेत सो संस्थाले पैठारी गरेको चिनी प्रति के.जी. रु.६९ पर्ने देखिन्छ । जब कि सरकारले निर्धारण गरेको बिक्री मूल्य सोभन्दा कम देखिन्छ । अन्य पैठारीकर्ताको बिक्री मूल्यमा नाफासमेत समावेश रहन्छ । यसरी बजार मूल्यलाई स्थिर गर्ने उद्देश्यले दिएको छुटमा खरिद हुँदाको

लागतभन्दा खुला बजारमा पैठारीकर्ताले आयात गरेको चिनी सस्तो हुने अवस्थाले उक्त राजस्व छुट रु.३८ करोड ७६ लाख औचित्यपूर्ण देखिएन ।

८. **साफ्टा छुट -** आर्थिक ऐन, २०७४ को परिच्छेद २१ (६) मा सार्क मुलुकबाट उत्पादित सामानहरु प्रतीतपत्र खोली दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) अन्तर्गत प्रमाणपत्र संलग्न गरेर पैठारी भएमा २०६२।९।१७ मा कायम रहेको भन्सार महसुल दरमा निश्चित प्रतिशतले भन्सार महसुल छुट दिने व्यवस्था गरेको र यो व्यवस्था लागू भएको १३ वर्ष व्यतीत भैसकेको छ । साफ्टाको सुविधा उपयोग गरी २०७४।७५ मा विभिन्न व्यवसायीहरुले सुगन्धित वस्तु बनाउने, जीवजन्तुजन्य वा वनस्पती तेल, ग्लुकोज र तरल ग्लुकोज, हर्लिक्स, फलाम वा अमिश्रित स्पातका एङ्गल, प्राथमिक रुपका पोलिएसिटल्स, अन्य पोलिइथर्स र एपोसाइड रेग्जिन्स, प्राथमिक रुपमा पोली कार्बोनेट्सलगायतका सामान पैठारी गर्दा रु.२ अर्ब ८० करोड ५७ लाख भन्सार महसुल, सोको अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर रु.३५ करोड ८१ लाखसमेत रु.३ अर्ब १७ करोड २१ लाख राजस्व छुट भएको छ ।

साफ्टा छुट लिएर सरकारले हालसम्म कुनै पनि मालवस्तु निकासी गरी फाइदा लिन सकेको छैन । फलस्वरुप अन्तर्राष्ट्रिय एवं क्षेत्रीय समूहसँग मुलुकले गरेको सहमति एवं सम्झौताबाट आयात निर्यातमा लिने महसुल दरहरुमा अझै कम हुनसक्ने र सोबाट राजस्व असुलीमा कमी हुने अवस्था छ । साफ्टा छुटबाट फाइदा लिन उपयुक्त रणनीति तयार गर्नुपर्दछ । विकास निर्माण तथा सेवा प्रवाहको लागि प्रत्येक वर्ष राजस्व वृद्धि हुनुपर्ने विषयमा सामञ्जस्यता ल्याउन नीतिगत रुपमा सुधार एवं पुनरावलोकन हुनुपर्दछ ।

९. **राजस्व बक्यौता असुली -** मन्त्रालयले राजस्व बक्यौताको असुलीको अनुगमन, निर्देशन र अभिलेखाङ्कनको कार्यमा थप क्रियाशीलता देखाउन नसकेकोले बक्यौताको अङ्कमा वृद्धि र असुलीको प्रतिशतमा न्यूनता आएको तथ्याङ्कबाट देखिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९.१ महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड र स्थानीय निकायमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रु.४५ अर्ब ७१ करोड १९ लाख र ब्याज रु.४७ अर्ब ६५ करोड ८२ लाखसमेत रु.९३ अर्ब ३७ करोड १ लाख राजस्व बक्यौता रहेको छ । सोमध्ये वीरगन्ज चिनी कारखानाको रु.५९ करोड, हरिसिद्धि इँटा तथा टायल कारखानाको रु.२६ करोड, हिमाल सिमेन्टको रु.४८ करोड, ओरियन्ट म्याग्नेसाइटको रु.१ अर्ब ४६ करोड, हेटौंडा कपडाको रु.७९ करोड, बुटवल धागो कारखानाको रु.१ अर्ब २८ करोड, गोरखकाली रबर उद्योगको रु.१ अर्ब ४० करोड, जनकपुर चुरोट कारखानाको रु.२ अर्ब १९ करोड, जुट विकास संस्थानको रु.११ करोड, घरेलु शिल्पकलाको रु.२६ करोड, ६ धान चामल कम्पनीको रु.८५ करोड, यातायात संस्थानको रु.१ अर्ब २४ करोड र साझा यातायातको रु.२ अर्ब १२ करोडसमेत रु.१३ अर्ब ३ करोड रहेको छ ।

९.२ स्थानीय तह एवं अन्य सार्वजनिक संघ/संस्थामध्ये काठमाडौँ महानगरपालिकासँग रु.८९ करोड, पोखरा महानगरपालिकासँग रु.३७ करोड, भरतपुर महानगरपालिकासँग रु.२८ करोड, हेटौंडा उप-महानगरपालिकासँग रु.१४ करोड, उदयपुर सिमेन्ट कारखानासँग रु.३ अर्ब १६ करोड, नेपाल नागरिक उड्डयन प्राधिकरणसँग रु.४ अर्ब ५९ करोड, नेपाल दूरसञ्चार प्राधिकरणसँग रु.२ अर्ब ९ करोड, नेपाल विद्युत प्राधिकरणसँग रु.४९ अर्ब ९५ करोड, खानेपानी संस्थानसँग रु.५ अर्ब ५० करोड, काठमाडौँ खानेपानी व्यवस्था बोर्डसँग रु.३ अर्ब ४८ करोड, साना किसान विकास बैङ्कसँग रु.१ अर्ब ३४ करोडसमेत रु.७१ अर्ब ७९ करोड भाखा नाघेको साँवा ब्याज रहेको छ । कतिपय संस्थाहरुले नाफा आर्जन गरिरहेको अवस्थामा पनि भाखा नाघेको ऋणको साँवा ब्याज तिरेका छैनन् ।

यसप्रकार सञ्चालनमा नरहेका, रहेर पनि घाटामा रहेका सार्वजनिक संस्थान, समिति, स्थानीय तहलगायतसँग लिन बाँकी रहेको अर्बौं रकम असुलीका लागि सरकारले अभियानकै रुपमा कदम चालेर हिसाब राफसाफ गर्नुपर्दछ ।

९.३ आन्तरिक राजस्व विभागको राजस्व बक्यौता प्रणालीअनुसार २०७४।७५ सम्म कर बक्यौता रकममध्ये आयकर रु.१ खर्ब २२ अर्ब ४४ करोड, मूल्य अभिवृद्धि कर रु.२३ अर्ब ७७ करोडसमेत रु.१ खर्ब ४६ अर्ब २१ करोड रहेको छ । उक्त बक्यौतामध्ये रु.४७ अर्ब ३३ करोड (३२.४० प्रतिशत) का सम्बन्धमा पुनरावेदनमा गएकोले पुनरावेदन (अपिल) प्रविष्टि भएको छ । तर एक करदाता ग्रुपको रु.६० अर्ब ७१ करोड र अर्का एक करदाताको रु.११ अर्ब ८७ करोडसमेत रु.७२ अर्ब ५८ करोड सर्वोच्च अदालतमा मुद्दा परेकोसमेत समावेश

गर्दा अपिलमा गएको रकम रु.१ खर्ब १९ अर्ब ९१ करोड (८२.०७ प्रतिशत) पुग्ने देखिन्छ । निर्धारित कर रकम राजस्वको रुपमा सङ्कलन हुनुपर्नेमा सो नभई बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको छ ।

उपर्युक्त आधारमा विश्लेषण गर्दा राज्यले राजस्व बक्यौता देखाएको रकममध्ये सार्वजनिक संस्थान सञ्चालनमा नरहेको, करदाता पलायन भएको, कारोबार सञ्चालन गर्ने करदाता पनि मुद्दा मामिलामा गएको कारण समयमा बक्यौता उठ्न सक्ने अवस्था देखिँदैन । राज्यले सङ्कलन गर्नुपर्ने राजस्व नैं बक्यौता रहेको परिप्रेक्ष्यमा नीतिगत एवं कानुनी व्यवस्था मिलाई अभियानकै रुपमा असुली प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

१०. **संगठन संरचना -** मन्त्रालय मातहतको कार्यसम्पादनको लागि उपयुक्त संगठन संरचना र दरबन्दी व्यवस्थापन गर्नुपर्दछ । भन्सार विभाग मातहत ३७ कार्यालयमा १ हजार २६९ दरबन्दी र आन्तरिक राजस्व विभाग मातहत ५१ कार्यालयका ९८९ कर्मचारीबाट कार्यसम्पादन हुँदै आएकोमा संघीय संरचनाअन्तर्गत संगठन तथा कर्मचारी समायोजन हुँदा भन्सार विभागमा १ हजार १३० र आन्तरिक राजस्वतर्फ १ हजार ४२९ समेत जम्मा २ हजार ५५९ कर्मचारी व्यवस्था गरिएको छ । ३ छोटी भन्सारलाई मूल भन्सार र करदाता सेवा कार्यालय १९ लाई आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नति गरिएको, उपत्यका बाहिर १४ सेवा कार्यालय थप भएको, उपत्यकाका ३ आन्तरिक राजस्व कार्यालय खारेजी गरिएको, मध्यमस्तरीय करदाता एकसमेत ६९ कार्यालय स्थापना भई १ हजार ४२९ जनशक्ति व्यवस्थापन गरिएको छ । आर्थिक तथा व्यापारिक क्रियाकलाप विस्तार भएका क्षेत्रमा करदाता सेवा प्रवाह एवं थप राजस्व परिचालनका लागि कर प्रशासनको उपस्थिति हुने संगठनात्मक संरचना तर्जुमा गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ ।

११. **कराधार -** आयकर ऐन, २०५८ को दफा ६७(६) को (ज) अनुसार रेडियो अप्टिकल्स फाइबर्स वा भू-उपग्रह जस्ता सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने व्यवसाय सञ्चालन गर्ने व्यक्तिले नेपालमा स्थापित संयन्त्रबाट खबर वा सूचना सम्प्रेषण गरी प्राप्त गरेको भुक्तानी नेपालमा स्रोत भएको मानिने व्यवस्था छ । सोही ऐनको दफा ६७(६)ढ (२) मा नेपालमा सञ्चालित क्रियाकलापको स्रोत नेपालमा हुने व्यवस्था छ । इन्टरनेट सेवामार्फत इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने भाइबर, फेस बूक मेसेन्जर, स्काइप, ह्वाटस् एप, वीच्याट, इमो जस्ता एप्लिकेसनहरु नेपालमा निर्बाध रुपमा सञ्चालन भैरहेका छन् । ती एप्लिकेसनहरु आयकर ऐनको दफा ६७ बमोजिम नेपालको कराधार क्षेत्रभित्र पर्ने भएकोले सेवा प्रदान गर्नुपूर्व दर्ता हुनुपर्नेमा कुनै पनि सेवाप्रदायक संस्था दर्ता भएको पाइएन । ती एप्लिकेसनले ओभर दि टप अफ सर्भिसेजको माध्यमले सेवा दिएकोले टेलिफोन सेवाको महत्वपूर्ण हिस्सा इन्टरनेटको प्रयोग गरी एप्लिकेसनमार्फत सञ्चालन भैरहेको छ । टेलिफोन सेवा प्रदायकको टेलिफोन सेवाबापत प्राप्त हुने आयमा ती एप्लिकेसन प्रयोगको कारण ह्रास आएको तर ती एप्लिकेसनमार्फत सेवा प्रदान गर्ने निकाय दर्ता नभएका कारण सम्भाव्य राजस्व गुमेको अवस्था छ । तसर्थ कानुनी तथा नीतिगत सुधार गरी यी सेवा प्रदायकलाई दर्ता गराई राजस्व असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।

१२. **गैरकर राजस्वको दर -** इन्टरनेट सेवा प्रदायक र टेलिफोन सेवा प्रदायकलाई बेग्लाबेग्लै प्रकृतिको व्यवसायको रुपमा लाइसेन्स प्रदान, दर्ता, नवीकरण र सोबापतको शुल्क निर्धारण गर्ने व्यवस्था गरेको देखिन्छ । सोअनुसार इन्टरनेट सेवा प्रदायक दर्ता हुँदा रु.३ लाख र प्रत्येक वर्ष नवीकरणबापत रु.२ लाख ७० हजार शुल्क बुझाउनुपर्ने व्यवस्था छ । यसै गरी टेलिफोन र मोबाइल सेवा प्रदायकले दर्ता हुँदा रु.२१ करोड र एकीकृत लाइसेन्स लिनेले रु.३५ करोड ७५ लाख बुझाउनुपर्ने व्यवस्था छ भने ती सेवा प्रदायकले नवीकरण गर्दा ५ वर्षको रु.२० अर्ब अग्रिम बुझाउनुपर्ने प्रावधान छ ।

विगतमा इन्टरनेट सेवा प्रदायकले डेटा सम्प्रेषण गर्ने र टेलिफोन सेवा प्रदायकले भ्वाइस सम्प्रेषण गर्ने भएकाले व्यावसायिक प्रकृति बेग्लाबेग्लै रहेको थियो । तर प्रविधिमा आएको परिवर्तनसँगै टेलिफोन सेवा प्रदायकबाट हुने भ्वाइस सम्प्रेषण इन्टरनेट सेवा प्रदायकले प्रदान गर्ने इन्टरनेटबाट समेत हुन थालेको छ । इन्टरनेटमार्फत भ्वाइसको अतिरिक्त भिडियोसमेत डाटाको रुपमा सम्प्रेषण हुने प्रविधि विकास भएको कारण यी दुई प्रकृतिका व्यवसायमा खासै भिन्नता रहेको देखिएन । तथापि गैरकर राजस्वबापत यी दुई सेवा प्रदायकको दर्ता र नवीकरणबापत सरकारले सङ्कलन गर्ने राजस्वमा अस्वाभाविक अन्तर रहेको देखियो । तत्कालीन अवस्थामा इन्टरनेट प्रविधिको भ्वाइस र भिडियो सम्प्रेषण नहुने अवस्थालाई मध्यनजर राखी निर्धारण गरिएको दर्ता अनुमति र नवीकरण शुल्क हाल टेलिफोन सेवा प्रदायकले प्रदान गर्ने प्रकृतिका

सेवासमेत इन्टरनेट सेवा प्रदायकबाट प्रदान गरिरहेको परिप्रेक्ष्यमा इन्टरनेट सेवा प्रदायकले तिर्नुपर्ने लाइसेन्स दस्तुर र नवीकरण दस्तुरमा पुनरावलोकन गरी यसप्रकारको अत्यधिक अन्तर न्यून गर्नुपर्ने देखिन्छ ।

• बजेट तर्जुमा तथा कार्यान्वयन

१३. **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्य २०७४।७५ मा उल्लिखित अर्थ मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमहरुमध्ये विभिन्न कार्यहरु सम्पादन भए पनि युवा स्वरोजगार कोष, ग्रामीण स्वावलम्बन कोष, आर्थिक पुनरुद्धार कोष जस्ता समान प्रकृतिका कोषहरुलाई एकापसमा गाभी एउटा सशक्त र प्रभावकारी संस्था स्थापना, सबै नेपालीको बैङ्क खाता खोल्ने, सूचना प्रविधिको अधिकतम प्रयोग गरी शाखारहित बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग तथा मोबाइल वालेट जस्ता नवीनतम वित्तीय सेवा उपलब्ध गराउन बैङ्कहरुलाई प्रोत्साहन गर्ने, प्रत्येक गाउँपालिका र नगरपालिकामा कम्तीमा एउटा वाणिज्य बैङ्कको शाखा स्थापना गर्ने, बीमा कम्पनीहरुको सेवा मुलुकभर विस्तार, जनचेतना अभिवृद्धि गर्न उत्प्रेरित गरिने, उत्पादनमूलक कम्पनीहरुलाई पुँजी बजारमा प्रवेश गर्न प्रोत्साहन गरिने उल्लेख छ ।

अन्तर्राष्ट्रिय व्यापारको भुक्तानी इ-पेमेन्टको माध्यमबाट गर्ने, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले सरकारले तोकेको क्षेत्र र स्थानमा पारदर्शी रुपमा काम गर्नुपर्ने व्यवस्थामा कडाइ गरिने, सरकारले सञ्चालन गर्नु नपर्ने देखिएका सार्वजनिक संस्थानहरुलाई उपयुक्त प्रक्रियाबाट व्यवस्थापन गरिने, त्यसैगरी इलेक्ट्रोनिक व्यापारलाई नियमन तथा सहजीकरण गर्न आवश्यक कार्यविधि तर्जुमा, राजस्व छुटलाई राजस्व खर्च प्रणालीबाट व्यवस्थित गर्दै लगिने, लगानी एवं प्रविधि निर्यात गर्ने सम्भावना भएका देशहरुसँग दोहोरो कर मुक्ति सम्झौता गर्ने, न्यून बीजकीकरण, चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिने जस्ता विषयहरुको कार्यान्वयन अवस्था प्रभावकारी रुपमा हुन नसकेको अवस्था विद्यमान छ ।

मन्त्रालयबाट नै घोषणा भई सरकारको नीति तथा कार्यक्रम एवं बजेटमा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन हुन नसकेका उपर्युक्त क्रियाकलापहरु अन्य सम्बद्ध निकायहरुसँग समन्वय गरी कार्यान्वयनमा तदारुकता ल्याउनुपर्दछ ।

१४. **स्रोतको यथार्थता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९(३) अनुसार आवधिक योजनाको लक्ष्य, नीति र राष्ट्रिय योजना आयोगको मार्गदर्शनलाई ध्यानमा राखी नेपाल सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोतसमेतलाई दृष्टिगत गरी बजेट बनाउनुपर्ने व्यवस्था छ । अर्थमन्त्रीले संसदमा पेस गरेको बजेट वक्तव्य २०७४।७५ को अनुसूची १ मा यो वर्षको अनुमानित खर्च रु.११ खर्ब ३८ अर्ब ७० करोड भएकोमा राजस्वलगायत अन्य स्रोतबाट रु.१० खर्ब ३५ अर्ब ९७ करोड प्राप्त गरी बाँकी रकम रु.१ खर्ब २ अर्ब ७३ करोड न्यून हुन जाने गरी प्रस्ताव गरिएको छ । स्रोत नै सुनिशिचत नगरी बनाएको बजेटलाई पुनः संशोधन गरेर खर्चको आकार रु.९ खर्ब ३८ अर्ब २४ करोड कायम गरी रु.६२ अर्ब ७ करोड बचत हुने भनी २०७५।७६ को बजेट मा संशोधित अनुमान पेस गरेको छ । तर महालेखा नियन्त्रक कार्यालयले पेस गरेको वर्षान्तको सञ्चितकोषको हिसाब रु.१ खर्ब २३ अर्ब ६ करोड ऋणात्मक रहेको अवस्थामा बचत हुने गरी बनाएको संशोधित बजेट पनि यथार्थतामा आधारित देखिएन ।

१५. **बजेटभन्दा बढी खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेटभित्र पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न र खर्च गर्न निकासा दिनुपर्ने उल्लेख छ । नियमावलीको व्यवस्था विपरीत चालु खर्चतर्फ ५५५ उपशीर्षकमा रु.१३ अर्ब ३५ करोड ६९ लाख र पुँजीगत खर्चतर्फ ४ बजेट उपशीर्षकमा रु.१ करोड ५० लाख स्वीकृत बजेटभन्दा बढी खर्च हुने गरी निकासा तथा खर्च लेखेको पाइयो ।

सोही नियमावलीको नियम ३८ मा बजेटमा रकम भए पनि निकासा भएको रकम अपर्याप्त भएमा सम्बन्धित सचिवको सिफारिसमा अर्थ मन्त्रालयले रकमान्तर वा खर्च समर्थनबाट निकासा दिई त्यस्तो खर्च भएको रकम नियमित गरिदिन सक्ने उल्लेख भए पनि सो बढी खर्चको नियमितसमेत भएको छैन । त्यस्तै एकल खाता कोष प्रणाली लागू भएको अवस्थामा स्वीकृत बजेटभन्दा बढी निकासा दिन नमिल्नेमा बजेटभन्दा बढी निकासा हुन गएको देखियो । यसबाट एकल खाता कोष प्रणालीको विश्वसनीयतामा असर पर्ने देखियो ।

विनियोजन बजेटभन्दा बढी हुने गरी निकासा दिनु र खर्च लेख्नु विनियोजन ऐन विपरीत देखिन्छ । यस्ता कार्यबाट आर्थिक अनुशासन कायम नहुने हुँदा नियन्त्रण हुनुपर्ने देखियो ।

१६. **बहुवर्षीय ठेक्का -** बहुवर्षीय ठेक्काको अभिलेख र सोको दायित्वको लागि बजेटको अवस्थाबारे प्रतिनिधिसभाको अर्थ समितिबाट सोधनी हुँदा मन्त्रालयको २०७५।७।३० को पत्रबाट शहरी विकास मन्त्रालयमा रु.९३ अर्ब ४३ करोड, खानेपानी मन्त्रालयमा रु.१५ अर्ब १६ करोडलगायत रु.१ खर्ब १५ अर्ब ३५ करोड अर्थ मन्त्रालयको सहमति बेगर नै बहुवर्षीय ठेक्का लगाएको उल्लेख गरेको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९ अनुसार प्रत्येक कार्यालयले राष्ट्रिय योजना आयोगको सिफारिसमा बहुवर्षीय आयोजना तोकी बजेट विनियोजन गर्दा सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयलाई मार्गदर्शन उपलब्ध गराई आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम सम्बन्धमा प्राथमिकता तथा नीतिगत लक्ष्य निर्धारण गर्नुपर्नेमा सो समेत नगरी बहुवर्षीय ठेक्का लगाएको देखियो । आयोजना सञ्चालनको पूर्व तयारी नपुगेका आयोजना सञ्चालनमा गैरबजेटरी भार पर्ने अवस्था देखिएको छ । तसर्थ यस्तो प्रक्रियाबाट हुने खर्चमा मन्त्रालयले कडाइका साथ पकड र नियन्त्रण कायम गर्नुपर्दछ ।

१७. **खर्च व्यवस्थापन -** सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति सरकारले लिएकोमा विगत ३ वर्षको अवस्था देहायअनुसार छ:

(रु. लाखमा)

विवरण	२०७२।७३		२०७३।७४		२०७४।७५	
	खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत
चालु खर्च	३,७१,२९,४९	६१.७८	५,१८,६१,६१	६१.९४	६,९६,९१,९६	६४.२५
पुँजीगत खर्च	१,२३,२५,१४	२०.५१	२,०८,७४,८३	२४.९३	२,७०,७१,३७	२४.९६
वित्तीय व्यवस्था	१,०६,४६,७०	१७.७१	१,०९,८८,३३	१३.१३	१,१७,०४,८८	१०.७९

खर्च व्यवस्थापन सम्बन्धमा अध्ययन गर्दा २०७२।७३ को तुलनामा यो वर्ष चालु खर्च ८८ प्रतिशत पुँजीगत खर्च ११९.६४ प्रतिशत वृद्धि भएको छ भने वित्तीय खर्चमा १० प्रतिशतमात्र वृद्धि भएको देखिन्छ । यो वर्ष रु.२ खर्ब ७० अर्ब ७१ करोड ३७ लाख अर्थात् ८१ प्रतिशतमात्र पुँजीगत खर्च भएकोले अपेक्षित रुपमा बजेट परिचालन हुन सकेको छैन । पुँजीगत प्रकृतिको कार्यका लागि समेत चालुतर्फबाट अनुदान दिने अवस्थाले अन्तर्राष्ट्रिय मुद्रा कोषले जारी गरेको सरकारी वित्तीय तथ्याङ्कको व्यवस्थामा राष्ट्रिय आवश्यकतानुसार वर्गीकरण हुन सकेको छैन । तसर्थ यथार्थ प्रतिवेदनको अतिरिक्त विकास निर्माण एवं सेवाप्रवाहमा ध्यान दिई पुँजीगत खर्चको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

१८. **अर्थ बजेटबाट निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र निकासा दिनुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा बजेट उपशीर्षक ६०२ (अर्थमन्त्रालय विविध) मा एकमुष्ट रु.६९ अर्ब ३० करोड ८४ लाख विनियोजन गरेकोमा उक्त शीर्षकमा रु.५ अर्ब ५३ करोड २५ लाख थप गरेको देखिन्छ । अर्थ मन्त्रालयबाट पटके निर्णयका आधारमा रु.६५ अर्ब ९७ करोड १५ लाख विभिन्न संवैधानिक निकाय, आयोग वा मन्त्रालय मातहतका कार्यालयको लागि रकम थप गरेको छ । उक्त रकम यस वर्ष कुल विनियोजित बजेट रु.१२ खर्ब ७८ अर्ब ९९ करोड ४९ लाखको ५.१५ प्रतिशत रहेको छ ।

उक्त रकमान्तर र निकासामध्ये नेपाली सेनाको हेलिकोप्टर तथा हवाइजहाज खरिद, निर्वाचनमा खटिएकालाई भत्ता वितरणसमेतमा रु.४ अर्ब ६५ करोड, गृह मन्त्रालयमार्फत निर्वाचन भत्तासमेतको लागि रु.१० अर्ब ३२ करोड, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई मुआवजा वितरण तथा सडक निर्माण गर्नको लागि रु.३ अर्ब १२ करोड, निर्वाचन आयोगका लागि निर्वाचन कार्यमा थप रु.११ अर्ब ५० करोड, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निजी आवास अनुदान तथा बाढीपीडित राहत वितरणको लागि रु.१८ अर्ब ८९ करोड, द्वन्दपीडित परिवार राहतको लागि रु.१ अर्ब ७२ करोड, ऊर्जा, सिँचाइ मन्त्रालयलाई बाढी ग्रस्त संरचना पुन: निर्माण, भेरी-बबई आयोजनासमेतलाई रु.४ अर्ब ६९ करोड, प्रदेश भौतिक पूर्वाधारको लागि शहरी विकास मन्त्रालयलाई रु.२ अर्ब ४ करोड र सामाजिक सुरक्षा थप अनुदान बापत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई रु.४ अर्ब उल्लेखनीय रहेका छन् ।

उपर्युक्तबमोजिमका कार्यहरु अपर्भ्फट सिर्जना भएको नभई विगतदेखि नै सञ्चालनमा आएका र अनुमान गर्न सकिने कार्यक्रम रहेको देखिन्छ । यसरी अनुमान गर्न सकिने विगतदेखि नैं सञ्चालनमा रहेका कार्यक्रम एवं निर्वाचन हुने निश्चितता रहेको अवस्थामा पर्याप्त बजेट व्यवस्था गर्नुपर्नेमा अर्थमन्त्रालय विविध शीर्षकमा रु.६९ अर्ब ३० करोड ८४ लाख बजेट विनियोजन गरी पटके निर्णयको आधारमा निकासा दिने तथा सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नै नगर्ने वा कम विनियोजन गरी अर्थ बजेटबाट वर्षान्तमा निकासा तथा रकमान्तर गरी रकम थप गर्ने परिपाटी बजेट सिद्धान्त विपरीत छ । यस्तो स्थितिमा बजेट उपर व्यवस्थापिकालाई जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने, अनुगमनमा कठिनाइ हुने, पारदर्शिता नहुने, अभिलेखनमा समस्या पर्ने देखिएकाले यसप्रकारको प्रचलनमा सुधार गरिनुपर्दछ ।

१९. **वर्षान्तको खर्च/भुक्तानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्ष समाप्त हुनु अगावै आषाढ २५ गते खाता बन्दी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.१२ खर्ब ७८ अर्ब ९९ करोड विनियोजन भई रु.१० खर्ब ८४ अर्ब ३१ करोड खर्च भएकोमा आषाढ महिनामा रु.२ खर्ब २२ अर्ब ८३ करोड (२०.५५ प्रतिशत) खर्च भएको छ । खर्चमध्ये आषाढ २५ देखि ३१ गतेसम्म रु.१ खर्ब १७ अर्ब ९२ करोड (कुल खर्चको १०.८७ प्रतिशत) खर्च भएको छ । नियमावलीको व्यवस्था पालना गरी आषाढ २५ पछाडि खर्च/भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२०. **रकमान्तर -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ मा तोकिएको कुनै एक वा एकभन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२०.१ कुल बजेट रु.१२ खर्ब ७८ अर्ब ९९ करोडमध्ये आषाढ महिनामा रु.७५ अर्ब ५५ करोड १५ लाख र आषाढ २५ पछि रु.१८ अर्ब ४२ करोड ३७ लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थप गरेको छ । यसरी कुल बजेटको १.४४ प्रतिशत आषाढको अन्तिम हप्तामा रकमान्तर गरेको छ । वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ

२०.२ विनियोजन ऐन, २०७४ अनुसार कुनै पनि शीर्षकमा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने उल्लेख छ । तर मन्त्रालयले सो व्यवस्था विपरीत निम्नानुसार १९ गुणासम्म रकमान्तर गरी विनियोजन ऐनको प्रावधानको पालना गरेको देखिएन ।

(रु. हजारमा)

सि.नं	मन्त्रालय/विभागको नाम	चालु/पुँजी	शुरु बजेट	रकमान्तरबाट थप	थप प्रतिशत
१	निर्वाचन आयोग	चालु खर्चतर्फ	५९,४६,५५	११,५२,१०,४३	१९३७
२	प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं.१	चालु खर्चतर्फ	४,५४,१६	९,७६,६०	२१५
३	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	चालु खर्चतर्फ	२,५५,१६	२,२९,५०	९०
४	मन्त्रिपरिषद्को कार्यालय	चालु खर्चतर्फ	७७,२७,९३,१९	६१,५१,४०,४४	८०
५	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	पुँजीगत खर्चतर्फ	१,००,००	७,३९,००	७३९
६	युवा तथा खेलकुद मन्त्रालय	पुँजीगत खर्चतर्फ	२८,२६	१,२३,३९	४३७
७	निर्वाचन आयोग	पुँजीगत खर्चतर्फ	११,४४,५८	४१,६०,००	३६३
८	राष्ट्रिय मानव अधिकार आयोग	पुँजीगत खर्चतर्फ	३८,२५	१,३४,२०	३५१
९	प्रदेश प्रमुखको कार्यालय, प्रदेश नं १	पुँजीगत खर्चतर्फ	३,५०,००	८,१८,५०	२३४
१०	व्यवस्थापिका-संसद	पुँजीगत खर्चतर्फ	५,००,८०	९,२७,७१	१८५
११	महान्याधिवक्ताको कार्यालय	पुँजीगत खर्चतर्फ	२५,०२,४७	४०,००,०२	१६०
१२	रक्षा मन्त्रालय	पुँजीगत खर्चतर्फ	५,१६,४३,६६	४,६३,५४,१३	९०
१३	ऊर्जा मन्त्रालय	पुँजीगत खर्चतर्फ	१२,८५,३९,३९	१०,०५,०७,६०	७८
१४	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	पुँजीगत खर्चतर्फ	८९,५०,६६,८७	५९,२९,३२,८६	६६

२०.३ कार्यक्रम सञ्चालन गर्न पुँजीगततर्फ नलसिंहगाड जलविद्युत विकास समिति, काठमाडौं बाहिरी चक्रपथ, जिल्ला समन्वय समितिको कार्यालय, एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना र भवन खरिद निर्माण सुधार कार्यक्रममा रु.१ अर्ब ८१ करोड २१ लाख र चालु खर्चतर्फ नलसिंहगाड जलविद्युत विकास समिति र भैपरी आउने विकास कार्यक्रममा रु.१ अर्ब २ करोड ५५ लाख बजेट व्यवस्था भएकोमा सम्पूर्ण रकम रकमान्तर गरी शून्य बजेट कायम गरेको देखियो । उक्त कार्यक्रम सञ्चालन हुन नसक्नाको कारण स्पष्ट छैन ।

२१. **बजेट बेगर खर्च -** वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट व्यवस्था भएकोमा निकासा लिई खर्च गर्नुपर्दछ । विभिन्न अस्पतालहरु, एक नगरपालिका र विभिन्न ९ गाँउपालिकाको लागि बजेट व्यवस्थानै नभएको अवस्थामा पनि चालु खर्चतर्फ कार्यक्रममा बजेटबेगर रु.१ अर्ब ८८ करोड ३९ लाख निकासा दिई खर्च गरेको देखिन्छ । यसरी बजेटबेगर निकासा दिने तथा खर्च गर्ने प्रवृत्तिले आर्थिक अनुशासन कायम नहुने तथा बजेट सिद्धान्त विपरीत हुने हुँदा यस्तो निकासा दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२२. **स्रोत विपरीत निकासा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेट भित्र र सम्बन्धित शीर्षकमा पर्छ भने मात्र निकासा दिनुपर्दछ । यो वर्ष ७५३ स्थानीय निकायलाई अनुदानतर्फ रकम उपलब्ध गराउँदा रु.४ खर्ब ३७ अर्ब ३४ करोड ४५ लाख नेपाल सरकारको स्रोतमा विनियोजन भएकोमा रकमान्तरसमेत नगरी रु.४ खर्ब ५० अर्ब ९१ करोड ७० लाख निकासा गरी रु.१३ अर्ब ५७ करोड २५ लाख बजेटभन्दा बढी निकासा गरेर बजेट उपशीर्षकलाई ऋणात्मक देखाएको छ । यसप्रकार विनियोजन बजेटभन्दा बढी निकासा एवं खर्च गर्न दिएकाले आर्थिक अनुशासन पालना भएको छैन । यससम्बन्धी थप व्यहोरा निम्नानुसार छन्:

२२.१ स्थानीय निकायको लागि वैदेशिक स्रोततर्फ शोधभर्ना हुने ऋण रु.२ अर्ब ३३ करोड ९९ लाख शोधभर्ना हुने अनुदान रु.१ अर्ब ७३ करोड २० लाख र नगद अनुदान रु.३४ करोड ९३ लाखसमेत रु.४ अर्ब ४२ करोड १२ लाख विनियोजन भएको रकम वैदेशिक सहायताको रकम उपलब्ध गराउँदा नेपाल सरकारको स्रोत उल्लेख गरेको छ । नेपाल सरकारको स्रोततर्फ उक्त रकमको स्रोत परिवर्तन गरेको समेत देखिएन । यसरी वैदेशिक स्रोतमा विनियोजित रकम नेपाल सरकारको स्रोतबाट खर्च हुनु बजेट सिद्धान्त विपरीत छ ।

२२.२ विकास साझेदारसँग भएको सम्झौताअनुसार साझेदारले अनुदान एवं ऋण रकम शोधभर्ना दिँदा नेपाल सरकारको स्रोतबाट खर्च गरेर शोधभर्ना माग गरी सरकारी कोष व्यवस्थापन गर्नुपर्नेमा निकासा दिँदा वैदेशिक स्रोतबाट निकासा दिएको अवस्थामा साझेदारको कोषबाट प्राप्त हुनुपर्ने रकम नेपाल सरकारले प्राप्त गर्न सक्ने अवस्था छैन । साझेदारको कोष उल्लेख नगरी नेपाल सरकारको स्रोत उल्लेख गरेर निकासा दिँदा एकातर्फ साझेदारको कोषबाट खर्च हुने रकम खर्च भएको छैन भने नेपाल सरकारले गरेको खर्च शोधभर्ना माग गर्ने व्यवस्था नगरिँदा सरकारको स्रोतको रु.४ अर्ब ४२ करोड १२ लाख अतिरिक्त व्ययभार परेको छ । यस्तो बजेटरी व्यवस्थापनको त्रुटि सच्याई स्रोत यकिन गरेर निकासा दिने एवं खर्चको विवरण लिएर दातासँग शोधभर्ना माग गर्ने व्यवस्था गर्नुपर्दछ ।

२३. **खर्चको आकार वृद्धि** - मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७३ को ५.३.१ मा रकमान्तरसम्बन्धी कार्य साधारणतया जेठ महिनापछि गर्न नहुने उल्लेख छ । रकमान्तर गर्दा खर्च हुन सक्ने शीर्षकमा गर्नुपर्नेमा खर्च हुन नसक्ने गरी समेत रकमान्तर गरेको देखियो । मुआवजा वितरण गर्न २०७५।३।२२ मा बूढीगण्डकी जलविद्युत आयोजनाको लागि रु.१० अर्ब रकमान्तर गरी थप गरेकोमा उक्त रकम खर्च हुन नसकी रु.९ अर्ब ९१ करोड १६ लाख विविध खातामा दाखिला गरी खर्च देखाएको पाइयो । खर्च हुन नसक्ने स्थितिमा समेत रकमान्तर गरी कोषमा ट्रान्सफर गरी पुँजीगत खर्चको आकार वृद्धि गरेकोले संघीय सञ्चितकोषको खर्च हिसाब यथार्थपरक देखिएन ।

त्यसैगरी बजेट तथा कार्यक्रममा नराखी जलविद्युत लगानी कम्पनीलाई २०७५।३।२९ मा रु.५ अर्ब र राष्ट्रिय ग्रिड प्रणाली लिमिटेडलाई रु.१ अर्ब सेयर लगानीबापत खर्च जनाएको छ । ती कम्पनीहरुले सो रकम उपयोग नगरी बैङ्कमा निष्क्रिय राखेका छन् ।

यसबाट आर्थिक वर्षको अन्तमा अनावश्यक तवरले बजेट खर्च लेखी अन्य खातामा ट्रान्सफर गरेर मौज्दात राखेबाट खर्चको आकार रु.१६ अर्बले वृद्धि भएको छ । यसप्रकार खर्चको आकार वृद्धि गर्ने उद्देश्यले वर्षान्तमा रकम ट्रान्सफर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२४. **बजेट कार्यक्रम बेगर खर्च -** विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमअनुसार निकासा दिएको रकम समयमा खर्च गरी अपेक्षित प्रतिफल प्राप्त भएको सुनिश्चित गरिनुपर्दछ । बजेट तथा कार्यक्रमबेगर खर्च भएको व्यहोराहरु निम्नानुसार छन्:

२४.१ नेपाल टेलिभिजनलाई बक्यौता प्रसारण शुल्क बुझाउने प्रयोजनको लागि सेयर लगानीमा २०७५।३।४ मा रु.३ करोड २६ लाख ६० हजार खर्च लेखेको छ । प्रशारण शुल्क टेलिभिजनको नियमित आम्दानीबाट भुक्तानी गरिनुपर्दछ ।

२४.२ काठमाडौँ उपत्यकामा ढल व्यवस्थापनको लागि एसियाली विकास बैङ्कको ऋण सोझै भुक्तानीतर्फ रु.५ अर्ब बजेट व्यवस्था गरेकोमा समयमा कार्यसञ्चालन गरी दातासँग शोधभर्ना लिनुपर्नेमा ढल व्यवस्थापनको कार्य शुरुवात नै भएको देखिएन । उक्त सोझै भुक्तानीको रकमलाई एडीबी ऋणबाट आईफाड ऋणमा स्रोत परिवर्तन गरी काठमाडौँ उपत्यका ढल व्यवस्थापनमा खर्च हुन नसकेको रकम कार्यक्रम नभएको साना किसान विकास बैङ्कलाई उन्नत बीउ बिजन प्रयोजन उल्लेख गरी रु.५ अर्ब ऋण प्रवाह गरेको देखियो । साना किसान विकास बैङ्कले उक्त रकम यो वर्ष परिचालन गरेको समेत देखिएन । यसबाट समेत खर्चको आकार बढेको पाइयो ।

२४.३ विद्युत प्रसारण लाइन विस्तारको लागि स्वीकृत बजेट कार्यक्रमभन्दा बाहिर गई आर्थिक वर्षको अन्तमा अर्थात् २०७५।३।१ र २०७५।३।२५ मा नेपाल विद्युत प्राधिकरणलाई सेयर लगानी देखाई क्रमशः रु.१४ करोड २ लाख र रु.२६ करोड ९८ लाख खर्च लेखेको छ । उक्त रकम नेपाल विद्युत प्राधिकरणले खर्च नगरी मौज्दात राखेको देखियो ।

२४.४ भारतीय आयात निर्यात बैङ्कको सोझै भुक्तानीतर्फको ऋणबाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई विनियोजन भएको बजेट सम्बन्धित कार्यमा खर्च नगरी नेपाल सरकारको स्रोततर्फ रकमान्तर गरेर बजेट व्यवस्था तथा कार्यक्रम नै नभएको अवस्थामा कर्जा सुरक्षण कोषमा २०७५।२।२९ मा रु.१ अर्ब ६९ करोड ९९ लाख सेयर लगानी देखाई खर्च गरेको छ ।

यसप्रकार विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम नै नभएको अवस्थामा पटके निर्णय गरी अस्वाभाविक रुपमा खर्च गर्ने प्रवृत्तिमा यो वर्ष पनि नियन्त्रण भएको छैन ।

• विकास सहायता परिचालन

२५. **वैदेशिक सहायता -** नेपालको विकासलाई टेवा पुऱ्याउने विकास सहायताको तथ्याङ्क परीक्षण गर्दा २०७४।७५ मा सरकारी बजेटको २२ प्रतिशत हिस्सा वैदेशिक सहायताले ओगटेको छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु निम्नानुसार छन्:

२५.१ मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार विकास सहायताको अवस्था विश्लेषण गर्दा २०७३।७४ मा अमेरिकी डलर १ हजार ३९४ मिलियन प्राप्त भएकोमा २०७४।७५ मा अमेरिकी डलर १ हजार ६२३ मिलियन अर्थात् १६ प्रतिशत वृद्धि भएको छ । प्राप्त रकममध्ये अमेरिकी डलर ८१९ मिलियन ऋण, ५७० मिलियन अनुदान र २३४ मिलियन प्राविधिक सहायता रहेको छ । प्राप्त भएको वैदेशिक सहायतामध्ये ३५९ मिलियन अमेरिकी डलर अझै बजेटरी प्रणालीभन्दा बाहिर रहेको छ । सोको अतिरिक्त अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खर्च भएको अमेरिकी डलर ११० मिलियनसमेत बजेटरी प्रणालीभन्दा बाहिर रहेको अवस्था छ ।

२५.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७.२ अनुसार वैदेशिक सहायताको रकमलाई कार्यक्रम तथा बजेटमा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था छ । वैदेशिक सहायताको रकमलाई राष्ट्रिय मूलधारमा ल्याई पारदर्शिता र जवाफदेहिता प्रवर्धन गराउन दाता समूहको पेरिस बैठकबाट समेत सहमति जनाएको अवस्थामा बजेटरी प्रणालीमा ल्याउने प्रक्रियामा गत वर्षको तुलनामा सुधार भई ७८ प्रतिशतमा पुगेको छ । तथापि २२ प्रतिशत विकास सहायता (अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कारोबार बाहेक) बजेट बाहिर रहेको मन्त्रालयबाट प्रकाशित प्रतिवेदनमा रहेको छ । यससम्बन्धी केही उदाहरण देहायमा उल्लेख गरिएको छ:

(अमेरिकी डलर हजारमा)

दाता	बजेटमा समावेश	बजेट बाहिर	जम्मा
अष्ट्रेलिया	-	२,०८,८४	२,०८,८४
जिफाम	-	१,११,६७	१,११,६७
कोरिया	-	६८,७४	६८,७४
बेलायत	७,४३,४२	४,९५,२७	१२,३८,७०
यु.यस.ए.आई.डी.	८७,९६	१०,९०,३४	११,७८,३१
एसियाली विकास बैङ्क	२७,७२,१२	१,४४,८१	२९,१६,९३
वर्ल्ड बैङ्क	५२,१८,१९	१,१६,९५	५३,३५,१४
जर्मनी	९७,००	१,९२,०२	२,८९,०२
जापान	९,६३,८३	९८,२३	१०,६२,०६
नर्वे	१,६०,१२	७९,७१	२,३९,८३
यू.एन.कन्ट्री टिम	२,६९,४५	३,८६,७७	६,५६,५२
अन्य	२३,२३,१६	५,९९,२०	२९,२२,०४
जम्मा	**१,२६,३५,२५**	**३५,९२,५५**	**१,६२,२७,८०**

यसरी अफ बजेट र अफ ट्रेजरी खर्च गर्ने कार्यमा सुधार हुनुपर्ने भनी दिइएको सुझावको प्रभावकारी कार्यान्वयन भएको छैन । कानुनी व्यवस्था, वैदेशिक सहायता नीति र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरुप वैदेशिक सहायतालाई राष्ट्रिय बजेट तथा लेखा प्रणालीमा ल्याउने प्रयास गरिनुपर्दछ ।

२६. **अनुदान परिचालन -** विकास सहायता नीति, २०७१ को बुँदा २.९.१० मा दातृ निकाय (विकास साझेदार) बाट नेपाललाई उपलब्ध गराउने वैदेशिक सहायता रकममध्येबाट अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले खर्च गर्ने गरी परियोजना प्रस्ताव पेस गर्न नसक्ने व्यवस्था छ । मन्त्रालयको एड मेनेजमेन्ट प्लेट फर्मको तथ्याङ्क विश्लेषण गर्दा यसप्रकार नीतिभन्दा बाहिर गई नेपाललाई विकास साझेदारबाट प्राप्त हुने अनुदानमध्येबाट अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले परियोजना प्रस्ताव पेस गरेर अमेरिकी डलर १३ करोड ४३ लाख ३२ हजार निकासा गरी खर्च गरेको केही उदाहरण निम्नानुसार छन्:

दाता	खर्च गर्ने	क्षेत्र	रकम डलर
अष्ट्रेलिया	दि एसिया फाउन्डेसन	कन्फ्लिट मेनेजमेन्ट	२७,५५,२०५
अष्ट्रेलिया	आई एनजीओ को-अपरेसन	नखुलेको	५२,६४,६७७
अष्ट्रलिया	एनजीओ सपोर्ट	दिगो विकास	१०,२४,६३०
नर्वे	इसीमोड	इसीमोड सर्पोट	२०,७८,७३६
यू.एस.ए.आई.डी.	केयर नेपाल	सुहारा नामक संस्थाबाट खर्च	१०,६५,१३०
यू.एस.ए.आई.डी.	चेमोर निक्स इन्टरनेसनल	हेल्थ सप्लाइ चेन	५५,१८,२८०
यू.एस.ए.आई.डी.	सिमिट	सिड फर्टिलाइजर	४२,००,०००
यू.एस.ए.आई.डी.	डेट्रोएट कन्सल्टेन्सी	हाइड्रोपावर डेभलपमेन्ट	२५,७५,०००
यू.एस.ए.आई.डी.	डेट्राएट कन्सल्टेन्सी	स्वास्थ्य	१०,६५,१३०
यू.एस.ए.आई.डी.	फेमिली हेल्थ इन्टरनेसनल	सिभिल सोसाइटी	४०,९७,६९५
यू.एस.ए.आई.डी.	हेलेन किलर इन्टरनेसनल	सुहारा नामक संस्थाबाट खर्च	५८,५८,२१५
यू.एस.ए.आई.डी.	मेरिस्टोमस	प्रोमोटिङ एग्रिकल्चर हेल्थ	८४,७६,४५७
यू.एस.ए.आई.डी.	नेसनल डे इन्टरनेसनल फाउन्डेसन	घर-घरमा स्वास्थ्य	२२,३३,७७४
यू.एस.ए.आई.डी.	सेभ द चिल्ड्रेन	फुड एण्ड न्युट्रिसन	४०,००,०००
यू.एस.ए.आई.डी.	ए.बी.एस.सी.	सफा पानी	११,३२,१८८
यू.एस.ए.आई.डी.	सस्टेनवल नेटर्वक	नखुलेको	१६,७७,३८४
यू.एस.ए.आई.डी.	आई एनजीओ को-अपरेसन	मनिटरिङ एण्ड इभ्यालुएसन	३५,६२,७६७
यू.एस.ए.आई.डी.	वल्ड वाटर फाउन्डेसन	हरियो वन	८५,८७,३४६
डिफिड	एक्सन कन्टायरले फर्म	भूकम्पपीडितलाई सहयोग	१३,६१,३३५
डिफिड	अक्स्फाम	भूकम्प पुनर्निर्माण	६०,२८,८५९
डिफिड	पिपुल इन निड	भूकम्प पुनर्निर्माण	३१,११,६६९

दाता	खर्च गर्ने	क्षेत्र	रकम डलर
डिफिड	केयर नेपाल	भूकम्प पुनर्निर्माण	३६,९५,१०७
युरोपियन युनियन	वेभ	वाटर इनर्जी	७०,७६,२४१
युरोपियन युनियन	एनजीओ को-अपरेसन	भ्यालु चेन	११,०८,१६३
युरोपियन युनियन	सेभ द चिल्ड्रेन	डिजास्टर रिकोभरी	७५,४८,८००
एस.डी.सी.	हेल्वेटास	इम्पोइमेन्ट फण्ड	१२,८५,७१८
एस.डी.सी.	इन्टरनेसनल कमिसन फर जुरिम	गभरनेन्स	१५,७३,१७५
युनिसेफ	विभिन्न अन्तर्राष्ट्रिय गैसस	स्कूल सेक्टर प्लान	२२,९२,५४०
विश्व खाद्य कार्यक्रम	गुड नेभरहुड	रेसिलेन्स विल्डिङ्ग	६९,४१,२०३
विश्व खाद्य संगठन	सेभ द चिल्ड्रेन	फुड एण्ड न्युटेसन	५२,२९,८३२
जी.आई.जेड.	इसीमोड	रिड सपोर्ट	११,५०,४८९
जिफाम	सेभ द चिल्ड्रेन	एम.डी.जी. उपलब्धि	६३,०९,६१६

विकास साझेदारहरुले गैरबजेट र गैरनिकासा प्रणालीबाट अनुदान दिएको रकम अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई उपलब्ध गराउँदा सबै रकम परियोजनाको काममा मात्र खर्च नभई ती संस्थाको स्वदेशी/विदेशी कर्मचारी, परामर्श विकास साझेदारहरुको तलब, भत्ता, सुविधा र त्यस्ता संस्थाको प्रशासनिक तथा अन्य शिरोभारमा खर्च भएको छ ।

यसप्रकार वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा ल्याई परिचालन गर्ने विषयलाई पेरिस घोषणापत्रबाट दाताले पनि स्वीकार गरेको अवस्थामा विकास सहायता नीतिभन्दा बाहिर गई अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले विकास साझेदारसँग प्रस्ताव माग गर्ने, यस्ता प्रस्ताव छनौट गरी दाताले रकम उपलब्ध गराउने, नेपालको नाममा विकास साझेदारबाट प्राप्त सहयोगको परिचालनको अवस्थाबारे पारदर्शिताको विषयमा मन्त्रालयको ध्यान जानु जरुरी छ । तसर्थ विकास सहायता नीतिभन्दा बाहिर गई सहायता परिचालन गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

२७. **अनुदान सम्झौता -** नेपाल सरकार र राष्ट्रसंघीय विकास कार्यक्रमको संयुक्त लगानीमा सञ्चालित आयोजनाहरुमा सरकारको योगदान र राष्ट्रसंघीय विकास कार्यक्रमले व्यहोर्ने रकम डलर खातामा एकमुष्ट जम्मा हुने र सो रकमबाट उक्त संस्थाले कमिसन र व्यवस्थापन खर्चबापत ८ देखि १२ प्रतिशत कट्टा गर्ने तथा उक्त कार्यक्रमले नै परामर्शदाता नियुक्त गरेको खण्डमा सो परामर्शदाताको पारिश्रमिक समेत कट्टा गरेर बाँकी रकम मात्र उपलब्ध गराउने व्यवस्था रहेको पाइयो । नेपाल सरकारले २०१७ मा राष्ट्रसंघीय विकास कार्यक्रबाट सञ्चालित २४ आयोजनाको लागि अमेरिकी डलर २ करोड १७ लाख ३१ हजार खर्च भएको छ । दाताले प्रतिबद्धता जनाएको अनुदान नै कटौती हुने गरी सम्झौता गर्नुभन्दा पहिला पर्याप्त लेखाजोखा गरेर प्राप्त अनुदान कटौती नहुने गरी सम्झौता गर्ने विषयमा पुनरावलोकन हुनु जरुरी देखिन्छ ।

२८. **वैदेशिक सहायता उपयोग** - यो वर्ष वैदेशिक अनुदान रु.७२ अर्ब १७ करोड र वैदेशिक ऋण रु.२ खर्ब १४ अर्ब ३ करोडसमेत रु.२ खर्ब ८६ अर्ब २० करोड प्राप्त गरिने अनुमान रहेकोमा वैदेशिक अनुदानतर्फ रु.३९ अर्ब ३२करोड र वैदेशिक ऋणतर्फ रु.८९ अर्ब ६०करोडसमेत रु.१ खर्व २८ अर्ब ९२ करोड खर्च भएको देखियो । बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदानतर्फ ५४.४८ प्रतिशत र वैदेशिक ऋणतर्फ ४१.८६ प्रतिशत घटी खर्च भई समग्रमा ४५.०४ प्रतिशत वैदेशिक सहायता उपयोग भएको देखिन्छ । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

२८.१ विकास साझेदारगत रुपमा विश्लेषण गर्दा ३७ विकास साझेदारबाट अनुदानतर्फ रु.७२ अर्ब १७ करोड र ऋणतर्फ १६ दातावाट रु.२ खर्व १४ अर्ब ३ करोड सहायता प्राप्त हुने अनुमान गरेकोमा ३३ दातावाट अनुदान र १४ दातावाट ऋण प्राप्त भएको देखिन्छ । ऋण तथा अनुदानको विकास साझेदारगत प्राप्ति स्थितिका केही उदाहरण देहायबमोजिम छन्:

(रु. लाखमा)

अनुदानतर्फ				ऋणतर्फ			
दाता	शुरु बजेट	निकासा	प्राप्ति प्रतिशत	दाता	शुरु बजेट	निकासा	प्राप्ति प्रतिशत
चीन	१,१३,००	१,८४	१.६३	युरोपियन इन्भेष्टमेन्ट	१,४५,५५	-	-
डेनमार्क	१,९३,७७	२,७६	१.४२	भारत	४४,०१,३६	२,१८,१३	४.९६
एडीबी	१०,७१,९३	५,५१,७९	५१.४७	जापान	४,४१,९५	१८,०४	४.०८
युनिसेफ	१,३३,००	३६,९७	२७.८०	चीन	५,१३,३५	११,०५	२.१५
डब्लुएचओ	१७,००	२,८६	१६.८२	साउदी कोष	४६,६४	३,६५	७.८३
बेलायत	१,९९,५४	३०,९८	१५.५३	वर्ल्ड बैङ्क	६,४५,१०	५,३९	०.८४
गाभी	१,६९,३३	४०,६०	२३.९८				

दातासँग समन्वय गरी सम्झौता भएको अनुदान प्राप्तिमा ध्यान दिनु जरुरी छ ।

२८.२ मन्त्रालय एवं निकायगत विश्लेषण गर्दा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणबाट २०७४।७५ मा ५० प्रतिशतभन्दा न्यून अनुदान तथा ऋण उपयोग गर्ने केही निकायको अवस्था निम्नानुसार रहेको छन्:

(रु.लाखमा)

सांविकमन्त्रालय/निकाय	अनुदान			ऋण			जम्मा		प्रतिशत
	शुरु बजेट	प्राप्ति	प्रतिशत	शुरुबजेट	प्राप्ति	प्रतिशत	शुरु बजेट	प्राप्ति	
स्थानीयतह	२,०८,१२	०	०	२,३३,९८	०	०	४,४२,१०	०	०
गृह मन्त्रालय	३,२४,३६	११,४४	३.५३	०	०	०	३,२४,३६	११,४४	३.५३
उद्योगमन्त्रालय	६८,६४	५,६१	८.१७	३६,४३	३,८०	१०.४३	१,०५,०७	९,४१	८.९५
जनसंख्या तथा वातावरण मन्त्रालय	२,४४,०२	४०,४८	१६.५९	१,०३,१५	४३,०२	४१.७०	३,४७,१७	८३,५०	२४.०५
उर्जा मन्त्रालय	२५,१३	५,१२	२०.३७	२,३३,३६	२,०५,९४	८८.२५	२,५८,४९	२,११,०६	८१.६५
वाणिज्य मन्त्रालय	६९,३८	१४,९१	२१.४९	४७,७५	२०,०९	४२.०७	१,१७,१३	३५,००	२९.८८
अर्थ मन्त्रालय	१,९१,४६	६८,९८	३६.०३	१,००,००	१०,०१	१०.०१	२,९१,४६	७८,९९	२७.१०
अर्थ मन्त्रालय (वित्तीय व्यवस्था)	४,७६,३१	१,७८,३४	३७.४४	४८,३४,५९	९,९३,९०	२०.५५	५३,१०,९०	११,७२,२४	२२.०७

उल्लिखित तथ्याङ्कको अतिरिक्त ऋणतर्फ ५० प्रतिशतभन्दा घटी उपयोग गर्नेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ४०.९० प्रतिशत, खानेपानी तथा सरसफाई मन्त्रालय ३५.६६ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ४४.६९ प्रतिशत रहेको छ । वैदेशिक सहयोगको उपयोग क्षमतामा आएको ह्रासको प्रत्यक्ष असर विकास निर्माण र सेवाप्रवाहमा परेको छ । अतः समयमा विकास साझेदारसँग समन्वय गरी स्रोत र साधनको अधिकतम परिचालन गर्नुपर्दछ ।

२९. **समष्टिगत ऋण** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त ऋण हिसाब विवरणमा २०७४।७५ सम्म नेपाल सरकारको कुल ऋण दायित्व रु.९ खर्ब १५ अर्ब ३१ करोड रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.३ खर्ब ९१ अर्ब १६ करोड र वैदेशिक ऋण रु.५ खर्ब २४ अर्ब १५ करोड रहेको देखिन्छ । ऋण दायित्व गत वर्षको तुलनामा ३१.१९ प्रतिशतले अर्थात् रु.२ खर्ब १७ अर्ब ६२ करोड वृद्धि भएको देखिन्छ । उक्त ऋण कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.३० खर्ब ७ अर्ब २४ करोडको ३०.४४ प्रतिशत रहेको छ । कुल ऋणमध्ये आन्तरिक ऋण ४२.७३ प्रतिशत र वैदेशिक ऋण ५७.२७ प्रतिशत रहेको छ । २०६८ को जनगणनाअनुसार कुल जनसंख्या २ करोड ८८ लाख २९ हजारलाई आधार मान्दा यो वर्षसम्म प्रतिव्यक्ति कुल ऋण दायित्व रु.३१ हजार ७५० रहेको छ । प्रतिव्यक्ति ऋण दायित्व गत वर्षभन्दा रु.७ हजार ४३ ले बढ्न गएको छ ।

३०. **सेयर लगानी प्रतिफल -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले गत वर्षसम्म विभिन्न १०८ संस्थामा रु १ खर्ब ८१ अर्ब ९१ करोड सेयर लगानी गरेकोमा यो वर्ष थप लगानी रु.४४ अर्ब ६२ करोड, बोनस सेयर प्राप्त र समायोजनबाट रु.२५ करोड थप भई यो वर्षसम्म रु.२ खर्ब २६ अर्ब ७८ करोड सेयर लगानी भएको देखिन्छ ।

सेयर लगानीबाट यो वर्ष नागरिक लगानी कोषबाट रु.१ करोड ५७ लाखको बोनस सेयर र नेपाल टेलिकम, नेपाल राष्ट्र बैङ्क, नेपाल नागरिक उड्डयन प्राधिकरणलगायत १३ संस्थाबाट रु.१७ अर्ब ४२ करोड ९० लाख प्रतिफल प्राप्त भएको देखिन्छ । ती बाहेक ९७ संस्थामा गरेको लगानी रु.१ खर्ब ५१ अर्ब ८६

करोडबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको नदेखिँदा संस्था सञ्चालन व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ ।

३१. **ऋण लगानी -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विभिन्न ६४ संस्थामा नेपाल सरकारको स्रोतबाट गत वर्षसम्म रु ९१ अर्ब ४९ करोड ५८ लाख लगानी भएकोमा यो वर्ष लगानी फिर्ता र समायोजन भएको रु.२ अर्ब १४ करोड ५२ लाख र यो वर्ष लगानी भएको रु.६ अर्ब ५५ करोड १९ लाखसमेत यो वर्षसम्म रु.९५ अर्ब ९० करोड २५ लाख र वैदेशिक स्रोतबाट गत वर्षसम्म विभिन्न ४१ निकायमा रु.१ खर्ब ५ अर्ब २४ करोड ३१ लाख लगानी भएकोमा यो वर्ष लगानी फिर्ता र समायोजन भएको रु.९७ करोड ९१ लाख र यो वर्ष थप लगानी भएको रु.१० अर्ब १९ करोड ६० लाखसमेत रु.१ खर्ब १४ अर्ब ४६ करोडसमेत २०७४।७५ सम्म कुल रु.२ खर्ब १० अर्ब ३६ करोड २५ लाख ऋण लगानी भएको देखिन्छ ।

नेपाल सरकारबाट लगानी भएको रकमको प्राप्त हुनुपर्ने ब्याज २०७३।७४ सम्मको रु.४३ अर्ब ३० करोड ५३ लाखमध्ये रु.३ अर्ब ५३ करोड २३ लाख अर्थात् ८.१५ प्रतिशत मात्र प्राप्त भई रु.३९ अर्ब ९७ करोड ३० लाख बाँकी रहेकोमा यो वर्षको थपसमेत रु.४८ अर्ब १८ करोड ६० लाख पुगी बुझाउनुपर्ने ब्याजमा गत वर्षको तुलनामा यो वर्ष ११.२७ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

३२. **सार्वजनिक संस्थानको अवस्था** - नेपालमा सञ्चालित ७१ सार्वजनिक संस्थानमध्ये विभिन्न वर्षमा विनिवेश र बन्द भएका संस्था ३३ तथा सञ्चालनमा रहेका ३८ संस्थामा नेपाल सरकारको लगानी प्रवाह भएको छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

३२.१ निजीकरण गर्दा सञ्चालन गरी रोजगारी तथा उत्पादनमा टेवा पुऱ्याउने शर्तमा निजीकरण भएका १८ संस्थानमध्ये हाल १२ संस्थामात्र सञ्चालनमा रहेका छन् । भृकुटी कागज कारखाना, हरिसिद्धि इँटाटायल कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, काँचो छाला सङ्कलन तथा बिक्री कम्पनी, बालाजु कपडा उद्योग, विराटनगर जुट मिल्स सञ्चालनमा नरहेको र हरिसिद्धि इँटाटायल कारखानाको जग्गा जमिनसमेत प्लटिङ गरी बिक्री गरेको अवस्था छ । उद्योगहरु सम्झौता तथा प्रस्तावनाअनुसार सञ्चालन नभएकोमा सम्बन्धित निकाय र मन्त्रालयबाट थप कारबाही भएको देखिएन ।

सञ्चालित १२ संस्थामध्ये नेपाल बिटुमिन तथा ब्यारेल उद्योग, नेपाल बैङ्क लिमिटेड, नेपाल चिया विकास निगम, बुटवल पावर कम्पनी, नेपाल दूरसञ्चार कम्पनी, नाफामा सञ्चालन भएको र बाँकीमध्ये चलचित्र विकास कम्पनी पुनः बिक्री भएको, रघुपति जुट मिल्समा जग्गा विवाद रहेको र नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड घाटामा सञ्चालनमा रहेको छ ।

३२.२ निजीकरण ऐन, २०५० तर्जुमा भएपछि निजिकरणले गति लिएपनि पछिल्ला वर्षहरुमा यो कार्य प्रभावकारी नभएको, निजीकृत संस्थापनि सञ्चालन गर्ने घोषणा गरे पनि पुनः बन्द गरेका जस्ता विषयले नीतिगत निरन्तरता नहुने अवस्था सिर्जना भएको छ । सञ्चालनमा नरहेका संस्थाको लिक्यूडेशन कार्य समयमा सम्पन्न गरी त्यस्ता संस्थामा रहेको उपकरण तथा अन्य मूल्यवान सम्पतिको यथोथित व्यवस्थापन गर्नुपर्नेमा नगरेका कारण उपकरणहरु प्रयोगविहीन भैसकेका, स्रोत साधनको सदुपयोग नभएको, जग्गा तथा अन्य सम्पत्तिको अतिक्रमण भएको जस्ता अवस्था रहेको छ । खारेज भई सञ्चालनमा नरहेका संस्थामा मात्र यो वर्ष रु.२० करोड ५९ लाख तलब भत्तालगायतका प्रयोजनमा ऋण लगानी भएको देखिन्छ ।

तसर्थ निजीकृत तथा निजीकरण हुन बाँकी रहेका सार्वजनिक संस्थाको पुनः वर्गिकरण गरी सञ्चालन हुने र नहुने, कार्यदक्षता भएका र नभएका छुट्याई एक आपसमा गाभ्ने, खारेजी वा सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट नीति तय गर्नुपर्दछ ।

३२.३ निजीकृत नभएका संस्थानहरुको पनि बोझिलो संगठन, बढ्दो तलब भत्तालगायत सञ्चालन खर्च, असीमित दायित्व, कार्य सञ्चालन खर्चमा वृद्धि, साँवा ब्याज भुक्तानीको बोझ, पुरानो प्रविधिको प्रयोगबाट उत्पादन तथा सेवामा लागत वृद्धि, क्षमताको न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ । अल्पकालीन कर्मचारी सुविधा बढाई भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको व्यवस्था नगरिँदा

सार्वजनिक संस्थानहरुले दीर्घकालमा भुक्तानी गर्नुपर्ने दायित्व २०७३।७४ सम्म रु.३८ अर्ब ५६ करोड ७७ लाख रहेकोले अन्ततः यसको भार नेपाल सरकारलाई नै पर्न जाने अवस्था छ ।

खर्चमा मितव्ययिता, उत्पादन क्षमताको अधिकतम उपयोग, आम्दानी र कार्य सम्पादन सूचकको आधारमा सुविधा एवं पारदर्शिता एवं जवाफदेहिता अभिवृद्धि गरी संस्थागत सुधारमा सबै सार्वजनिक संस्थानको सक्रियता जरुरी रहेको व्यहोरा औँल्याइएकोमा स्थिति यथावत् छ ।

३२.४ यस वर्ष लेखापरीक्षक नियुक्ति गरिएका संगठित संस्था ४० मध्ये ११ ले लेखापरीक्षण सम्पन्न गराएका छैनन् । नेपाल खानेपानी संस्थानले २०६९।७०, २०७०।७१ र २०७२।७३ देखि २०७४।७५ सम्म, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले २०७२।७३ देखि २०७४।७५ सम्म, गुठी संस्थान, गोरखापत्र संस्थान र उदयपुर सिमेन्ट उद्योग लिमिटेडले २०७३।७४ देखि २०७४।७५ सम्मको लेखापरीक्षण गराएका छैनन् । त्यस्तै औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय सहकारी विकास बोर्ड, तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, अपर अरुण हाइड्रो पावर कम्पनी लिमिटेड र उत्तरगङ्गा पावर कम्पनी लिमिटेडले २०७४।७५ को लेखापरीक्षण गराएका छैनन् ।

लेखापरीक्षकको नियुक्तिको लागि परामर्श दिइएका संगठित संस्था ३० मध्ये अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, रेमिट हाइड्रो पावर कम्पनी लिमिटेड र रसुवागढी हाइड्रो पावर कम्पनी लिमिटेडले २०७४।७५ को लेखापरीक्षण गराएका छैनन् । गत विगत वर्षमा लेखापरीक्षक नियुक्तिको लागि परामर्श दिइए तापनि राष्ट्रिय बीमा संस्थानले २०६९।७० देखि २०७३।७४ सम्मको लेखापरीक्षण गराएको छैन । यो वर्षको लेखापरीक्षण गर्न परामर्श माग गरेको समेत छैन ।

लेखापरीक्षण नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवस्यक कारबाही गर्न सम्वन्धित मन्त्रालयका सचिवलाई लेखी पठाइएको छ । समयमा लेखापरीक्षण नगराउनेलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

३३. **भाडा असुली** - नेपाल चिया विकास निगम २०५७।३।१४ मा बिक्री गरी निजीकरणमा लैजान सम्झौता भएकोमा सम्झौता मितिदेखि २०६२।६३ सम्मको बगान भाडा रु.१० करोड ७३ लाख ४२ हजार असुल हुनुपर्ने थियो । सम्झौताबमोजिमको रकम असुल नगरी मन्त्रिपरिषद्को २०६४।६।२० को निर्णय अनुसार २०६२।७३ सम्मको तिर्न बाँकी रु.१० करोड ७३ लाख ४२ हजार भाडा रकम १० वर्षभित्रमा भुक्तानी गर्न दिने गरी २०६४।११।२२ मा पूरक सम्झौता गरेको देखिन्छ । पूरक सम्झौता भएको २०७४।११।२२ मा १० वर्ष नाघिसकेको भए तापनि हालसम्म उक्त रकम असुल नभएकोले उक्त रकम नियमानुसार असुल हुनुपर्दछ ।

३४. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार विशेष प्रकारका पटके कार्यक्रम आयोजना सञ्चालनार्थ कुनै संस्थालाई अनुदान दिँदा भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिइएको हो सो काममा खर्च गरेको र लेखापरीक्षण गराएको अनुगमन एवं मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । यस वर्ष मन्त्रालयबाट विभिन्न ६ कार्यक्रमको लागि कृषि विकास बैङ्क, साना किसान विकास बैङ्क, निक्षेप तथा कर्जा सुरक्षण निगम, नेपाल राष्ट्र बैङ्क र नगर विकास कोषमा रु.१ अर्ब २० करोड ५९ लाख अनुदान उपलब्ध गराएकोमा मन्त्रालयले खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार नगरेको र लेखापरीक्षण प्रतिवेदन पनि पेस नहुँदा खर्च एवं अनुदानको उपयोग सुनिश्चित गर्न सकिएन । प्रचलित कानुनबमोजिम लेखापरीक्षण गराई खर्चको अनुगमन एवं मूल्याङ्कन गरेर अनुदान उपयोग एवं खर्चको सुनिश्चितता गर्नुपर्दछ ।

३५. **कृषि कर्जामा ब्याज अनुदान -** कृषि तथा पशुपंछी कर्जा ब्याज अनुदान कार्यविधि, २०७३ मा व्यवसायीहरुलाई तोकिएका क्षेत्रहरुमा आकर्षित गर्न प्रवाहित कृषि कर्जामा नेपाल सरकारले ५ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने उल्लेख छ । नेपाल राष्ट्र बैङ्कको "कृषि कर्जा ब्याज अनुदान शोधभर्ना" खातामा मन्त्रालयले २०७१।७२ मा रु.५० करोड कृषिकर्जा ब्याज अनुदान उपलब्ध गराएकोमा सोको अनुगमन नगरी यस वर्ष थप रु.५० करोड ब्याज अनुदान उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३५.१ कृषि कर्जाको ब्याज अनुदान अनुगमन गरी सोको प्रतिवेदन र कर्जा प्रवाह गर्ने वित्तीय संस्थालाई ब्याजको शोधभर्ना उपलब्ध गराएको त्रैमासिक विवरण अर्थ मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेमा

नेपाल राष्ट्र बैङ्कले उद्देश्य अनुरुप ब्याज अनुदान उपयोग भए नभएको सम्बन्धमा निरीक्षण एवं अनुगमन प्रतिवेदन समेत पेस गरेको छैन ।

३५.२ यो वर्ष अनुदान उपशीर्षकमा बजेट राखेर मुनाफाको उद्देश्य राखेर स्थापित निजी प्रकृतिका ४ शीतघर तथा खाद्यान्न भण्डारलाई आर्थिक वर्षको अन्तमा रकमान्तर गरी रु.४ करोड ३७ लाख २८ हजार ब्याज अनुदान दिएको देखियो । शीतघर तथा खाद्यान्न भण्डार घर स्थापनाको लागि लिइएको ऋणको ब्याज अनुदान नेपाल राष्ट्र बैङ्कमार्फत उपलब्ध गराउने व्यवस्था भएकोमा उक्त रकम सोझै मन्त्रालयबाट भुक्तानी दिएको छ । नेपाल राष्ट्र बैङ्कको कृषि कर्जा ब्याज अनुदानबाट समेत यस्तो अनुदान प्रवाह हुने स्थिति भएकाले अर्थ मन्त्रालयमार्फत सिधै ब्याज अनुदान भुक्तानी हुँदा दोहोरो नपरेको सम्बन्धमा सुनिश्चित हुन सकिएन । मन्त्रालयले मापदण्डले तोकेको प्रक्रियाअनुसार नै भुक्तानी दिने व्यवस्था मिलाउनुपर्दछ ।

३५.३ कृषि उत्पादन र कृषि क्षेत्रमा कृषकको निजी लगानी प्रोत्साहन गर्न नेपाल सरकारले केही वर्ष देखि बैङ्कहरु मार्फत प्रवाह हुने कृषि ऋणमा ५ प्रतिशतसम्म ब्याज अनुदान उपलब्ध गराउँदै आएको छ । नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्क अनुसार ब्याजदर अनुदानका लाभग्राहीको संख्या २०७२।०७३ को २ हजार ५४२ बाट २०७३।०७४ मा ५ हजार ९२७ हुँदै २०७४।७५ मा ८ हजार ९३० पुगेको छ । यस अवधिमा लाभग्राहीको संख्या साँढे तीन गुणाले बढेको छ । नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कमार्फत उपलब्ध गराएको ब्याज अनुदान २०७२।०७३ को रु.४ करोड १० लाखबाट सात गुणाले बढेर रु.२८ करोड ७९ लाख पुगेको छ । प्रति कृषक लाभग्राही ब्याज अनुदान २०७२।७३ को रु.१६ हजार १२९ बाट बढेर रु.३२ हजार २४० पुगेको छ । दुई तिहाई जनसंख्या कृषिमा आश्रित रहेको सन्दर्भमा जम्मा ८ हजार ९३० कृषक मात्र सुविधाको दायरामा रहेकोले कार्यक्रमको प्रभाव खासै परेको छैन । लाभग्राही कृषकको भौगोलिक वितरणको अवस्था, एउटै वा सीमित संख्याका लाभग्राही मात्र प्रत्येक वर्ष लाभान्वित भई ब्याज अनुदान घरायसी/व्याक्तिगत उपयोगतर्फ गई उत्पादन र उत्पादकत्व वृद्धि हुन नसकेको पक्षमा सरकारले अनुगमन तथा मूल्याङ्कन गरेको छैन । तसर्थ कृषिसँग सम्बन्धित मन्त्रालयले हालसम्मको ब्याज अनुदानको उपादेयता एवं प्रभावकारिताको अनुगमन/मूल्याङ्कन हुनु आवश्यक छ ।

महालेखा नियन्त्रक कार्यालय

३६. **सञ्चितकोष** - कार्यालयले पेस गरेको सञ्चित कोषको विवरणअनुसार प्राप्ति र भुक्तानीको अवस्था निम्नानुसार छ:

(रु.लाखमा)

विवरण	आ.व. २०७४।७५		आ.व. २०७३।७४		घट/बढ प्रतिशत
प्राप्ति					
१. राजस्व तथा अनुदान		**७,७४,६७,७२**		**६,५२,७९,७१**	**१८.६७**
क. राजस्व	७,३२,२४,१४		६,१२,५३,१५		१९.५४
ख. अनुदान	४२,४३,५८		४०,२६,५६		५.३९
२. वित्तीय व्यवस्था		**२,२९,५५,०५**		**१,२९,६२,४१**	**७७.०९**
क. ऋण लगानी फिर्ता	३,२३,५३		२,९४,०२		१०.०४
ख. वैदेशिक ऋण प्राप्ति	८४,२७,८४		३९,१५,४५		११५.२५
ग. आन्तरिक ऋण प्राप्ति	१,४२,०३,६८		८७,५२,९३		६२.२७
३. अन्य प्राप्ति		**२८,२८,८०**		**-२२**	**-**
जम्मा		**१०,३२,५१,५७**		**७,८२,४१,९०**	**३१.९६**
भुक्तानी					
१. चालु वर्षको भुक्तानी		**९,६७,६३,३२**		**७,२७,३६,४१**	**३३.०३**
क. सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च	१६,३७,५३		१०,१५,२३		६१.३०
ख. विनियोजन ऐनबाट भएको खर्च	९,५१,२५,७९		७,१७,२१,१८		३२.६३
२. वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानी		**१,१७,०४,८८**		**१,०३,७९,२३**	**१२.७७**
क. सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च	५५,६७,३८		६१,२६,४६		-९.१३
ख. विनियोजन ऐन द्वारा भएको खर्च	६१,३७,५०		४२,५२,७७		४४.३२
३. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट		-३६,३५		-१२,७५	१८५.१०

विवरण	आ.व. २०७४।७५		आ.व. २०७३।७४		घट/बढ प्रतिशत
खर्च भएको तर बैङ्कबाट भुक्तानी नभएको खर्च समायोजन					
जम्मा		**१०,८४,३१,८५**		**८,३१,०२,८९**	**३०.४८**
४. गत वर्षको छुट भुक्तानी		२			०
नगदमा परिवर्तन		-५१,८०,२८		-४८,६१,००	६.५७
आ.व. को शुरुको मौज्दात		-७१,२६,१७		-२२,६५,१७	**२१४.६०**
आ.व. को अन्तिम मौज्दात		**-१,२३,०६,४५**		**-७१,२६,१७**	७२.६९

३६.१ सरकारी लेखा नगद आधारमा लेखाङ्कन गरिने व्यवस्था भएकोमा सञ्चितकोषको वार्षिक मौज्दात ऋणात्मक देखाएको छ । गत वर्षसम्म सरकारको मौज्दात रु.७१ अर्ब २६ करोड १७ लाख ऋणात्मक भएकोमा यो वर्ष रु.५१ अर्ब ८० करोड २८ लाख घाटा हुन गई रु.१ खर्ब २३ अर्ब ६ करोड ४५ लाख ऋणात्मक मौज्दात रहेको छ । कार्यालयले २०७५ आषाढ मसान्तमा अन्य प्राप्तिमा देखाएको रु.२८ अर्ब २८ करोड ८० लाखलाई २०७५।७।२६ मा मात्र पुनः निर्माण कोष खाताबाट सञ्चितकोष मिलान खातामा ट्रान्सफर गरेको छ । उक्त रकमलाई समावेश गर्दा २०७५ आषाढ मसान्तको सञ्चितकोषको हिसाब रु.१ खर्ब ५१ अर्ब ३५ करोड २५ लाख ऋणात्मक देखिन्छ । नगदमा आधारित प्रणाली अवलम्बन गरी हिसाब राख्दा ऋणात्मक मौज्दात हुनुले प्राप्तिभन्दा भुक्तानी बढी देखिन्छ । प्राप्तिका स्रोतहरुबाट अनुमानअनुसार प्राप्ति हुन नसकेको तर खर्च प्राप्तिभन्दा बढी हुन गई न्यून हुन गएको नगद रकम नेपाल सरकारको नाममा नेपाल राष्ट्र बैङ्क र सरकारी कारोबार गर्ने वाणिज्य बैङ्कहरुमा रहेका केन्द्रीय अनुदान तथा ऋणखाताहरु, आयोजनाको नाममा खोलिएका विशेष ऋण तथा अनुदान खाताहरु, धरौटी खाताहरु, विभिन्न कोषहरु, अनुदान खाताहरु, मूल्य अभिवृद्धि कर तथा भन्सार कोषखाताहरु र स्थानीय तहका खाताहरुमा रहेको मौज्दातबाट व्यहोरिएको उल्लेख छ । खाताअनुसार रकम व्यहोरिएको हिसाब मिलान विवरण प्रस्तुत हुन आएन । अर्थ मन्त्रालयसँग समन्वय गरी ऋणात्मक मौज्दातलाई न्यून गराउनेतर्फ पहल हुनुपर्दछ ।

३६.२ सञ्चितकोषको आर्थिक विवरणमा बाह्य ऋणअन्तर्गत नगद प्राप्त रु.२१ अर्ब ९३ करोड २ लाख, शोधभर्ना प्राप्त रु.५१ अर्ब १३ करोड ५६ लाख र सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु.११ अर्ब २१ करोड २६ लाखसमेत रु.८४ अर्ब २७ करोड ८४ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.७८ अर्ब ९६ करोड २७ लाख देखाएकोले कार्यालयले प्रस्तुत गरेको सञ्चितकोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.५ अर्ब ३१ करोड ५७ लाख फरक पर्नाको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्दछ । राष्ट्र बैङ्कसँग समन्वय गरी हिसाब मिलान गरेको उल्लेख गरे तापनि सो हिसाब मिलानको विवरण प्रस्तुत भएको छैन ।

३६.३ सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक अनुदानअन्तर्गत नगद प्राप्त रु.१० अर्ब ८४ करोड २५ लाख, शोधभर्ना प्राप्त रु.२४ अर्ब ६६ करोड ४२ लाख, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.५ अर्ब ९५ करोड ६ लाख र वस्तुगत सहायता रु.९७ करोड ८५ लाखसमेत रु.४२ अर्ब ४३ करोड ५८ लाख आम्दानी देखाएको छ । यस्तै नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.२८ अर्ब ४३ करोड १७ लाख अनुदान प्राप्त भएको देखाएको छ । यसरी सञ्चितकोष र नेपाल राष्ट्र बैङ्कको अनुदान प्राप्ति हिसाबको रु.१४ अर्ब ४१ लाख फरक देखिएकोले हिसाब मिलान हुनुपर्दछ ।

३६.४ आर्थिक वर्षभित्र प्राप्त भएका सम्पूर्ण वस्तुगत सहायतासमेत समावेश गरी सञ्चितकोषको हिसाब तयार हुनुपर्दछ । दातृ राष्ट्रले निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण (टर्न की बेसिस) गर्ने गरी चक्रपथ विस्तार आयोजना निर्माण ३१ करोड २० लाख आरएमबी (ने.रु.५ अर्ब ९ करोड) र वीर अस्पताल र परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको भवन निर्माण २ अर्ब १० करोड जापानी येनमा सम्पन्न हुने गरी सम्झौता भएकोमा उक्त कार्यमा भएको खर्च सञ्चित कोषको हिसाबमा समावेश गरेको देखिएन । यो वर्ष चक्रपथ विस्तार आयोजनामा रु.१ अर्ब २९ करोड विनियोजन भएको मध्ये रु.१ अर्ब १० करोड चीन सरकारको सोझै भुक्तानी उल्लेख गरेको छ । उक्त रकम रकमान्तर गरी सम्भावित रणनीतिक सडकहरु र सगरमाथा राजमार्ग कार्यालयमा रकमान्तर थप गरेको देखियो । उक्त योजनामा कार्य सुचारु भई खर्च भैसकेको अवस्थामा विवरण प्राप्त गरी सञ्चितकोषको हिसाबमा नदेखाएबाट हिसाब यथार्थपरक देखिँदैन ।

३६.५ आर्थिक वर्षभित्रमा खर्च भएको रकमको आधारमा सञ्चितकोषको हिसाब तयार गरिनुपर्दछ । कोष तथा लेखानियन्त्रक कार्यालयवाट सामाजिक सुरक्षा भत्ता, कृषि, पशु, शिक्षा आदि कार्यक्रमको लागि स्थानीय निकायमा सशर्त अनुदान निकासा दिएको रकम आर्थिक वर्षभित्र खर्च हुन नसकी उक्त निकायमा मौज्दात रहेको अवस्थामा पनि निकासा अनुरुप नै खर्च भएको आधारमा सञ्चितकोषको हिसाब तयार गरेको देखियो । यस्ता निकायमा रहेको मौज्दात रु.७१ करोड १८ लाखलाई सञ्चितकोषको टिप्पणीमा खुलासा गर्ने व्यवस्था हुनुपर्दछ ।

३७. **कार्य सञ्चालन कोष -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको २०७४।७५ को कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.१५ अर्ब १८ करोड ३५ लाख र यो वर्षको आय रु.५५ अर्ब १८ करोडसमेत रु.७० अर्ब ३६ करोड ३५ लाखमा रु.४० अर्ब २४ करोड ५१ लाख खर्च भई बाँकी मौज्दात रु.३० अर्ब ११ करोड ८४ लाख देखिन्छ । कार्यसञ्चालन कोष सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३७.१ कार्यसञ्चालन कोष २०७३।७४ को केन्द्रीय आर्थिक विवरणअनुसार सो वर्षको स्रेस्ताअनुसार अन्तिम मौज्दात रु.१६ अर्ब ७ करोड ६९ लाख रहेकोमा २०७४।७५ मा रु.१५ अर्ब १८ करोड ३५ लाखमात्र जिम्मेवारी सारेको छ । यो वर्ष रु.८९ करोड ३४ लाख घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान हुनुपर्दछ ।

३७.२ कार्यसञ्चालन कोषको आय व्यय विवरणमा कोषको स्रेस्ताअनुसार बाँकी मौज्दात रु.३० अर्ब ११ करोड ८४ लाख देखिएकोमा बैङ्क मौज्दात रु.२६ अर्ब ४० करोड २४ लाख उल्लेख गरेकोले रु.३ अर्ब ७१ करोड ६० लाख घटी बैङ्क मौज्दात देखिन्छ । बैङ्कमा मौज्दात घटी देखाएको सम्बन्धमा कार्यालयले आवश्यक छानबिन गरी यथार्थ हिसाब पेस गर्नुपर्दछ ।

३८. **मौज्दात फरक -** कार्यालयले यो वर्ष कार्यसञ्चालन कोष को केन्द्रीय आर्थिक विवरण पेस गरेकोमा विभिन्न ३६ कार्यालयको रु.१ अर्ब ९७ करोड ५० लाख स्रेस्तामा मौज्दात रहे तापनि शून्य बैङ्क मौज्दात रहेको विवरण पेस गरेको छ । कार्यालयबाट वार्षिक कारोबारको आर्थिक विवरण लिई महालेखा नियन्त्रक कार्यालयले विभिन्न कोषको आर्थिक विवरण तयार गर्नुपर्नेमा आर्थिक विवरण नै नलिई गत वर्षको तथ्याङ्कको आधारमा केन्द्रीय आर्थिक विवरण पेस गरेकोले आर्थिक विवरणले यथार्थ र सहि हिसाब देखाएको छैन । बैङ्क मौज्दात शून्य रहेको सम्बन्धमा कार्यालयले यथार्थ रुपमा आर्थिक स्थिति देखिने गरी हिसाब पेस गर्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९३ अनुसार कार्यालयमा प्राप्त भएको राजस्व रकम सात दिनभित्र बैङ्क दाखिला गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयको फाराम नं. १ अनुसार २०७४ आसाढ मसान्तमा बाँकी रहेको मौज्दात सोही दिन राजस्व दाखिला नगरी २०७४ श्रावणमा जिम्मेवारी सारेको छ । जिम्मेवारी सार्दा रु.२ करोड १८ लाख ९२ हजार घटी जिम्मेवारी सारेको कारणले न्यून भएको राजस्व सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्ने देखिएको छ ।

३९. **शोधभर्ना हुन बाँकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ को उपनियम (३) र (४) मा विभिन्न दातृपक्षसँग भएको सम्झौताको आधारमा शोधभर्ना हुने गरी भएको निकासा खर्च सम्बन्धित कार्यालय आयोजनाबाट शोधभर्ना माग भएको, दातृपक्षबाट शोधभर्ना प्राप्त भएको र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी समयमै शोधभर्ना माग गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३९.१ गत वर्षसम्म रु.२० अर्ब ५८ करोड १४ लाख अनुदानतर्फ शोधभर्ना लिन बाँकी रहेकोमा यस वर्ष शोधभर्ना प्राप्त गर्ने गरी खर्च भएको रु.२३ अर्ब ७३ करोड २९ लाखसमेत रु.४४ अर्ब ३१ करोड ४३ लाखमध्ये यो वर्ष रु.२२ अर्ब २१ करोड ७१ प्राप्त भएको र रु.१ अर्ब ३३ करोड ४६ लाख हिसाब मिलान भई वर्षान्तमा रु.२० अर्ब ७६ करोड २६ लाख शोधभर्ना लिन बाँकी रहेको छ ।

अनुदानतर्फ शोधभर्ना हुन बाँकी रकम बढी रहेका मन्त्रालयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.९ अर्ब ७९ करोड ४४ लाख, शिक्षा मन्त्रालयको रु.४ अर्ब ९७ करोड २८ लाख, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रु.१ अर्ब ५४ करोड ९८ लाख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको रु.१ अर्ब ३० करोड ६६ लाख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रु.१ अर्ब ७ करोड २५ लाख र जनसंख्या तथा वातावरण मन्त्रालयको रु.४८ करोड २३ लाखसमेत ६ मन्त्रालयको रु.१९ अर्ब १७

करोड ८७ लाख देखिन्छ । उक्त रकम शोधभर्ना लिन बाँकी अनुदान रकमको ९२.३७ प्रतिशत रहेको छ । वैदेशिक ऋण तथा अनुदान परिचालन गर्ने मन्त्रालयसँग समन्वय गरी शोधभर्ना लिने कार्यमा तदारुकता ल्याउनुपर्दछ ।

३९.२ गत वर्ष वैदेशिक ऋण शोधभर्ना हुने गरी खर्च भएको रु.२२ अर्ब ३७ करोड ८१ लाख शोधभर्ना बाँकी रहेकोमा यो वर्षको खर्च रु.५७ अर्ब ६२ करोड ९६ लाखसमेत शोधभर्ना हुनुपर्ने रु.८० अर्ब ७७ लाखमध्ये रु.५० अर्ब ११ करोड ३५ लाख प्राप्त भएको तथा रु.२ अर्ब ५ करोड ८२ लाख हिसाब मिलान गरी वर्षान्तमा रु.२७ अर्ब ८३ करोड ६० लाख बाँकी देखिएको छ । ऋण शोधभर्ना बाँकी रकम गत वर्षभन्दा २४.३८ प्रतिशतले बढेको छ । वैदेशिक ऋणशोधभर्ना हुन बाँकी रकम बढी रहेका मन्त्रालयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.१० अर्ब ९६ करोड ५१ लाख, अर्थ मन्त्रालय सार्वजनिक संस्थान लगानीको रु.१० अर्ब ६५ करोड ६२ लाख, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रु.३ अर्ब १२ करोड ३५ लाख, शहरी विकास मन्त्रालयको रु.२ अर्ब ५७ करोड ३६ लाख, सिँचाइ मन्त्रालयको रु.१ अर्ब ८९ करोड ७७ लाख र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रु.१ अर्ब ४४ करोड ४१ लाखसहित ६ मन्त्रालयको रु.३० अर्ब ६६ करोड २ लाख देखिन्छ । वन तथा भू-संरक्षण मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको शोधभर्ना हुनुपर्ने रकम ऋणात्मक भएकाले शोधभर्ना लिनुपर्ने कुल रकमभन्दा ६ मन्त्रालयको रकम बढी रहेको छ ।

३९.३ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार अनुदानतर्फ २१ आयोजनामा रु.४ अर्ब ९३ करोड ३८ लाख र वैदेशिक ऋणतर्फ २५ आयोजनामा रु.८ अर्ब ६६ करोड १९ लाखसमेत रु.१३ अर्ब ५९ करोड ५७ लाख ऋणात्मक देखाएकोमा कारण खुलाएको छैन ।

३९.४ महालेखा नियन्त्रकको कार्यालयबाट पेस भएको बन्द भइसकेका आयोजनामा शोधभर्ना हुन बाँकीको विवरणमा गत वर्षसम्म अनुदानतर्फ रु.५८ करोड २६ लाख बाँकी रहेकोमा यो वर्ष रु.३५ करोड ९० लाख प्राप्त भई रु.२२ करोड ३६ लाख बाँकी रहेको र वैदेशिक ऋणतर्फ गत वर्षसम्म रु.३३ करोड २८ लाख बाँकी रहेकोमा यो वर्ष रु.१ करोड ७४ लाख हिसाब मिलान गरी विभिन्न मन्त्रालयमा रु.३५ करोड २ लाखसमेत रु ५७ करोड ३८ लाख बाँकी रहेको छ ।

शोधभर्ना लिनुपर्ने रकम समयमा शोधभर्ना नलिँदा नेपाल सरकारको स्रोततर्फ भार पर्ने भएकाले कानुनले तोकेको म्यादभित्रै खर्च गर्ने मन्त्रालयसँग समन्वय गरेर ऋण अनुदान शोधभर्ना लिने कार्यमा प्रभावकारिता आएको छैन । सम्बन्धित मन्त्रालयले माग नगरेको कारण शोधभर्ना नभएको देखिँदा यस सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई जिम्मेवार बनाउने व्यवस्था हुनुपर्दछ ।

४०. **लेखापालन तथा प्रतिवेदन -** लेखापालनको लागि प्रयोग गरिएका फारामहरुको समसामयिक संशोधन एवं सुधार नभएको, अधिकांश फारामहरु स्वीकृत गरिए तापनि प्रयोगमा नल्याएको, सरकारी निकायहरुले विभिन्न किसिमका सफ्टवेयर प्रयोग गरेकोमा स्वीकृति नलिएको अवस्था देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले नेपाल पब्लिक सेक्टर एकाउण्टिङ स्टाण्डर्ड स्वीकृत गरी लागू गरेको ९ वर्ष भए पनि सबै निकायमा लागू गरी नसकेको, नगदमा आधारित लेखा प्रणालीलाई प्रोदभावी लेखा प्रणालीको चरणमा लैजान गर्नुपर्ने सुधारका कामहरु बाँकी रहेको छ । तसर्थ संघ, प्रदेश र स्थानीय तहले प्रयोग गर्ने लेखा ढाँचालाई सरल एवं प्रयोग गर्न सकिने गरी व्यवस्थापन गर्नु जरुरी छ ।

४०.१ लेखापालन तथा वित्तीय प्रणालीलाई सहज बनाउन प्रदेश तथा स्थानीय तहमा लेखा समूहको कर्मचारी व्यवस्थापन गरेकोमा लेखा समूहका पदहरु रिक्त रहेका छन् । केन्द्रीय निकायले मातहतका कार्यालयको निरीक्षण एवं अनुगमन गरी निर्देशन दिने, प्राप्त विवरणको आधारमा केन्द्रीय लेखा र अभिलेख राख्ने व्यवस्थामा प्रभावकारिता नआउँदा केन्द्रीय आर्थिक विवरणलगायतका विषयमा लेखाउत्तरदायी अधिकृतलाई समेत सो सूचना प्राप्त भएको छैन । मातहतका निकायउपर निगरानी नराख्दा वित्तीय तथ्याङ्क एकल कोष भुक्तानीको तथ्याङ्कमा भरपर्नु परेकोले मातहतका कार्यालयको अनुगमन गरी लेखापालन एवं समयमा विवरण पेस गर्ने व्यवस्थामा सुधार गर्नुपर्दछ । लेखा समूहका कर्मचारी पदपूर्ति गरी लेखापालन र प्रतिवेदनमा प्रभावकारिता ल्याई लेखापरीक्षणमा सहजता ल्याउनुपर्दछ ।

४०.२ राज्यको पुनर्संरचना भएपछि संघ, प्रदेश र स्थानीय तह गठन भई तीनै तहबाट आर्थिक कारोबार एवं लेखापालन हुँदै आएको छ । तीनै तहले शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतका विभिन्न क्षेत्रमा गरेको खर्चको

एकीकृत अभिलेख एवं उपलब्धि मापन गर्ने संयन्त्र तयार गरिएको छैन । मुलुकको समग्र एवं क्षेत्रगत आर्थिक कारोबारको नतिजा र प्राप्त उपलब्धि देखिने गरी एकीकृत प्रतिवेदन तयारी र उपलब्धि मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४१. **आन्तरिक लेखापरीक्षणको प्रभावकारिता** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(त) र आर्थिक कार्यविधि नियमावलीको नियम ९६ अनुसार सरकारी कार्यालयहरुको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय र मातहतबाट हुने गरेको छ । सार्वजनिक वित्तीय व्यवस्थापनमा प्रभावकारिता ल्याउन तथा व्यवस्थितरुपमा सञ्चालन गर्न आन्तरिक लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहे पनि लेखापरीक्षण कार्य चौमासिक रुपमा हुने नगरेको, आन्तरिक लेखापरीक्षणको लागि छुट्टै स्वतन्त्र निकाय र कर्मचारीको व्यवस्थापन गर्ने कार्य नभएको, कर्मचारीहरुको पहिलो पदस्थापना कोष तथा लेखानियन्त्रक कार्यालयमा भई पर्याप्त तालिमको बेगर लेखापरीक्षणमा खटाउँदा आन्तरिक लेखापरीक्षण कार्य प्रभावकारी नभएको, दरबन्दी अनुसार पदपूर्ति नभई एकै कर्मचारीबाट विभिन्न कार्यालयको लेखा राख्ने र आन्तरिक लेखापरीक्षक भूमिका निर्वाह गरेको निकायमा सरुवा भै जाने र आउने अवस्था छ ।

४१.१ आन्तरिक लेखापरीक्षणको कार्य प्रभावकारी नहुँदा अन्तिम लेखापरीक्षणले प्रमाण कागजात पेश नभएको २०.२४ प्रतिशत, अनियमित भएको ६.२७ प्रतिशत बेरुजू औंल्याएको स्थिति छ । यसको अतिरिक्त आर्थिक कारोबारमा भएको वृद्धिको अनुपातमा मौजुदा जनशक्ति न्यून देखिएको, अनुगमन र निगरानी पर्याप्त नभएको, लेखापालनमा संलग्न केही कर्मचारीनै आर्थिक अनियमितितामा संलग्न रहेको कारणले निष्ठामा प्रश्न उठेकोले सीप, दक्षता र इमान्दारिताबाट कार्यसम्पादनमा सुधार ल्याउनु जरुरी छ ।

व्यवस्थापनबाट भएका गल्ती कमजोरी समयमा सुधार गरी आर्थिक कारोबार एवं वित्तीय विवरण यथार्थपरक बनाउने कार्यमा आन्तरिक लेखापरीक्षकद्वारा टिप्पणी एवं सुधार नहुँदा कारोबारको शुद्धता र नियमितता जस्ता विषयसमेत अन्तिम लेखापरीक्षणबाट यकिन गर्नु परेको छ । तसर्थ समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी कारोबारको शुद्धता र नियमितता सम्बन्धी गल्ती कमजोरीमा अन्तिम लेखापरीक्षण हुनु पूर्व नै सुधार गर्ने व्यवस्था गर्नुपर्दछ ।

आन्तरिक राजस्व विभाग

४२. **आन्तरिक राजस्व संरचना** – आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७४।७५ मा रु.२ खर्ब ९९ अर्ब ९१ करोड राजस्व असुल गर्ने लक्ष्य रहेकोमा रु.२ खर्ब ९८ अर्ब ६५ करोड (९९.५८ प्रतिशत) राजस्व असुली गरेको छ । कुल राजस्व सङ्कलनमा आयकर ४७.०१ प्रतिशत, मूल्य अभिवृद्धि कर २५.५२ प्रतिशत, अन्तःशुल्क २०.२५ प्रतिशत, ब्याज कर ५.०१ प्रतिशत, बहाल कर १.५२ प्रतिशत, स्वास्थ्य सेवा शुल्क ०.३८ प्रतिशत र शिक्षा सेवा शुल्क ०.३१ प्रतिशत रहेको छ । गत वर्ष कुल राजस्व सङ्कलनमा आयकर ५२.५१, मूल्य अभिवृद्धि कर २३.६७, र अन्तःशुल्क १८.३१ प्रतिशत रहेको थियो । यस वर्षको राजस्व असुलीको संरचना वृत्तचित्रमा देखाइएको छ । राजस्वको लक्ष्य प्रक्षेपण गर्दा २०७२।७३ को असुलीभन्दा २०७३।७४ मा १४.५८ प्रतिशत र २०७३।७४ को असुली भन्दा २०७४।७५ मा १६.१९ प्रतिशतले बढी प्रक्षेपण गरेको देखिन्छ ।



४३. **रणनीतिक योजना कार्यान्वयन** – कर प्रशासनमा आवद्ध जनशक्तिको क्षमता तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिई विभागले पञ्चवर्षीय रणनीतिक योजना (२०७०-२०७४) एवं त्रिवर्षीय सुधार योजना (२०७३-२०७५) कार्यान्वयनमा ल्याएकोमा सो योजनाले तोकेका परिमाणात्मक लक्ष्य र २०७४।७५ सम्मको प्रगति अवस्था निम्नानुसार रहेको छ ।

सूचङ्क	इकाई	रणनैतिक योजनाको लक्ष्य	२०७४।७५ प्रगति
कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको योगदान	प्रतिशत	१८.००	२१.९१
आयकरको योगदान	प्रतिशत	५.४६	५.३२
मूल्य अभिवृद्धि करको योगदान	प्रतिशत	५.६४	६.८८
अन्तःशुल्कको योगदान	प्रतिशत	३.१७	३.४१
मू.अ.कर नन्फाइलर	प्रतिशत	१०.००	३४.२
आयकर नन्फाइलर	प्रतिशत	४०.००	४६.००
कर परीक्षणका लागि करदाता छनौट	प्रतिशत	२.००	०.४९

रणनैतिक योजनाको अन्तिम वर्ष २०७३।७४ सम्म नन्फाइलर (विवरण पेश नगर्ने) संख्या आयकरतर्फ ४० प्रतिशत र मूल्य अभिवृद्धि करतर्फ १० प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा २०७४।७५ सम्म पनि आयकरतर्फ ४६ प्रतिशत र मूल्य अभिवृद्धि करतर्फ ३४.२ प्रतिशत नन्फाइलर रहेको छ । कर परीक्षण २ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यो वर्ष ०.४९ प्रतिशत करदाताको मात्र कर परीक्षण भएको छ । रणनीतिक योजना अवधिमा करको योगदान लक्ष्य अनुरुप भएपनि नन्फाइलर बढेको, कर परीक्षणको संख्या लक्ष्य अनुसार नभएको तथ्यांकले आन्तरिक राजस्व प्रशासनमा सुधार गरी कर परिपालनामा प्रभावकारिता ल्याउन क्षमता अभिवृद्धि गराउनुपर्दछ ।

४४. **करको दायरा** – आयकर ऐनको परिच्छेद १७ अर्न्तगत कर कट्टी गर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु अघि कारोबार दर्ता हुनुपर्ने व्यवस्था छ । अन्तःशुल्क ऐन, २०५८ को दफा ८ मा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनुपर्ने व्यवस्था रहेको छ । करको दायरा सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

४४.१ करको दायरा विस्तारको लागि स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने नीति रहेको छ । दोश्रो रणनैतिक योजना अनुसार तीन वर्षमा स्थायी लेखा नम्बर वितरणको अवस्था निम्नबमोजिम रहेको छ ।

(संख्यामा)

विवरण	२०७२।७३	२०७३।७४	२०७४।७५ मा थप	२०७४।७५ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	८४००१८	९३४६५८	१०३६०८	१०३८२६६
व्यक्तिगत स्थायी लेखा नम्बर	६०२८००	६८८४२०	७८२६६	७६६६४६
जम्मा	**१४४२८१८**	**१६२३०७८**	**१८१८३४**	**१८०४९१२**
मूल्य अभिवृद्धि करमा दर्ता	१५७६३५	१७४८९४	१९६५३	१९४५४७
अन्तः शुल्क इजाजतपत्र	४२४९५	५४६५७	१०८५४	६५५११

करदाता संख्या २०७२।७३ को तुलनामा २०७३।७४ मा १२.४९ प्रतिशतले वृद्धि भएकोमा यो वर्ष ११.२ प्रतिशतले बढेको छ । कुल करदातामध्ये ७ लाख ६६ हजार (४२ प्रतिशत) लाई व्यक्तिगत स्थायी लेखा नम्बर जारी गरेको छ ।

४४.२ करको दायरा विस्तार गर्ने उद्देश्य अन्तर्गत यो वर्ष १ लाख ३ हजार ६०८ लाई व्यावसायिक स्थायी लेखा नम्बर, ७८ हजार २६६ लाई व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरेको छ भने १९ हजार ६५३ करदाता मूल्य अभिवृद्धि करमा र १० हजार ८५४ करदाता अन्तःशुल्कमा थप भएको देखिन्छ । व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिएका समेत १८ लाख ४ हजार ९१२ करदाता करको दायरामा आएका छन् । यो संख्या नेपालको जनसंख्या २ करोड ८६ लाखको ६.३१ प्रतिशत हुन्छ । यो प्रतिशतमा व्यक्तिगत स्थायी लेखा नम्बर लिएको संख्या घटाउँदा व्यावसायिक स्थायी लेखा नम्बर लिने करिब ३.६३ प्रतिशत मात्र देखिएकोले सबै व्यवसायी दायरामा आएको सुनिश्चित हुने स्थिति छैन । कानून बमोजिम करयोग्य आय भएका सबै व्यवसायी करको दायरामा ल्याइनुपर्दछ ।

४४.३ अनौपचारिक अर्थतन्त्रका कारण ठूलो कर अन्तर रहेको विभिन्न अध्ययनहरुले देखाएको छ । सो सन्दर्भलाई मध्यनजर राखी विभागको वार्षिक कार्यक्रममा कर अन्तरसम्बन्धी अध्ययन गर्ने कार्यक्रम समावेश भएकोमा सो अध्ययन हुन सकेको छैन । सबै क्षेत्रका सूचना सञ्जाल स्थापना गरी राजस्वको अभिन्न अङ्ग मानी तद्अनुरुप समन्वयात्मक रुपमा कार्य गरेमा प्राप्त राजस्वभन्दा बढी राजस्व परिचालन हुन सक्ने देखिन्छ । अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा परिणत गर्नेतर्फ थप पहल कदमी लिनुपर्ने देखिन्छ ।

रणनैतिक योजनाको कार्यान्वयन, करको दायरा विस्तार, आन्तरिक नियन्त्रण प्रणाली, बीजक तथा बजार अनुगमन, कर परीक्षणको छनौट विधि, कर परीक्षणको गुणस्तर, प्रशासकीय पुनरावलोकन, बक्यौता असुली, अन्तर्राष्ट्रिय संघ संस्थाको कर्मचारीको कर, विद्युतीय व्यापारमा लाग्ने कर, शिक्षा सेवा शुल्क असुली, म्युच्युयल फण्डको कर दायित्व, सूचना प्रविधिको प्रयोग, सञ्चालकबाट प्राप्त ऋण सापटीको स्रोत, चिकित्सकको पारिश्रमिक कर, अवकाश भुक्तानीमा कर कट्टी, हवाई सेवा सञ्चालनमा कर, कार्गोमा कर, घरजग्गा निसर्गमा कर लगायतका विषयमा राजस्व प्रशासनबाट सुधार गर्नुपर्दछ ।

४४.४ यस वर्ष चिकित्सक ४४, इन्जिनियर ४७, वकिल १११, सल्लाहकार १०२, कलाकार १६८, खेलाडी १८२, शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्ति १ हजार ३०७ ले स्थायी लेखा नम्बर लिएको देखिन्छ । पेसाविद्हरुले आफ्नो पेसालाई निरन्तरता दिन प्रत्येक वर्ष पेसागत प्रमाणपत्रलाई नियमनकारी निकायमा नवीकरण गर्दा त्यस्ता नियामक निकायले कर चुक्ता प्रमाणपत्र माग गर्ने गरेको छैन । संस्थागत भुक्तानीमा अनिवार्य रुपमा स्थायी लेखा नम्बर उल्लेख गर्ने व्यवस्था लागू गर्नुको अतिरिक्त उल्लिखित पेसाविद्हरुलाई नियमनकारी निकायमा सदस्यता नवीकरण गर्दा कर चुक्ताको प्रमाणपत्र देखाउनुपर्ने, रकम भुक्तानी गर्दा अनिवार्य स्थायी लेखा नम्बर लिई भुक्तानी गर्ने व्यवस्था लागू गर्नुपर्दछ ।

४४.५ आयकर ऐन, २०५८ को दफा ११(१) मा कृषिजन्य व्यवसायबाट प्राप्त आयमा कर छुट हुने उल्लेख छ । हाल कृषिजन्य वस्तु आयात तथा स्थानीय खरिद गरी उपभोक्तासम्म पुऱ्याउन मध्यस्तकर्ताको रुपमा धेरै व्यक्ति संलग्न रहेको, मूल्यवान जडीबुटी तथा रुद्राक्ष लगायतका कृषिजन्य वस्तुहरुमा मूल्य वृद्धि गरी व्यापारिक आम्दानी गरेको अवस्था छ । आर्थिक सर्वेक्षण २०७४।७५ मा कृषिजन्य चामल, चिनी, दलहन, खसी बोका, फलफूल लगायत ३० आइटमका रु.१ खर्ब ५४ अर्ब २२ करोडभन्दा बढीको आयात भएको देखिन्छ । कृषिजन्य वस्तु वा कृषकले उत्पादन गरेको कृषिजन्य वस्तुहरु उपभोगपछि बचत भएको परिमाण स्थानीय बजारमा बिक्री गर्दा प्राप्त आम्दानीमा कर छुट छ । तर स्थानीय कृषकसँग खरिद गरी वा आयात गरी उपभोक्तासम्म पुऱ्याउने व्यापारीहरुले समेत छुट लिएको सम्बन्धमा अनुगमन गरी करको दायरामा ल्याउनुपर्दछ ।

४४.६ जग्गा, घरजग्गा तथा मोटर खरिद गर्दा आयस्रोत खुलाउनुपर्ने निर्देशिका, २०६५ मा रु.२० लाखभन्दा बढीको मोटर र रु.५० लाखभन्दा बढीको घरजग्गा खरिद गर्दा रकमको स्रोत खुलाउनुपर्ने व्यवस्था रहेको थियो । हाल उक्त व्यवस्था संशोधन भई रु.१ करोडभन्दा बढीको घरजग्गा वा मोटर खरिद गर्दा स्रोत खुलाउनपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय कलंकी लगायतका कार्यालयका ६ करदातासँग १६३ खरिदकर्ताले रु.३ अर्ब १८ करोड ९८ लाखको सवारी साधन तथा घर जग्गा खरिद गर्दा करको दायरामा नआई कारोबार गरेकोले सो सम्बन्धमा छानबिन गरी दायरामा ल्याउनुपर्ने देखिन्छ ।

४४.७ मूल्य अभिवृद्धि करमा निश्चित सीमा सम्मको छुट र शून्य दरको व्यवस्था कार्यान्वयनमा रहेको छ । राष्ट्रिय उपभोग, लगानीको आधारमा आउने रकममा कर छुटको वस्तु र सीमा घटाएपछि आउने अङ्कमा प्रचलित दरअनुसार मूल्य अभिवृद्धि कर असुल नभएको र मूल्य अभिवृद्धि कर अन्तर २०७३।७४ मा करिब रु.१ खर्ब ३२ अर्ब २३ करोड रहेकोले यस्तो अन्तरको वास्तविक अवस्थाका विषयमा विभागले अध्ययन गरी मूल्य अभिवृद्धि कर अन्तर न्यून गरेर राजस्व असुलीमा प्रभावकारिता ल्याउनुपर्ने विषयमा गत वर्षको प्रतिवेदनमा सुझाव दिइएको थियो । उक्त कर अन्तर अध्ययन एवं प्रभावको कार्यान्वयनका लागि विभागबाट यो वर्ष कुनै कार्य भएको देखिएन ।

४५. **आन्तरिक नियन्त्रण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरुको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । यस प्रयोजनका लागि आन्तरिक राजस्व विभागले करसम्बन्धी कानुनी व्यवस्थाको

अतिरिक्त निर्देशिका तथा आवश्यकताअनुसार परिपत्र, पूर्वादेश जारी गर्ने गरेको छ । विभाग र अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका कमजोरी र त्यसबाट पर्ने असर देहायमा उल्लेख गरिएको छ:

क्र.सं.	कमजोरी	असर
१	करदाताले आय विवरणका साथ पेस गरेको खरिद-बिक्री, साहु-आसामीको विवरण (अनुसूची १३) पूर्णरुपमा भर्ने नगरेको, आय विवरणको अङ्कको रुपमा नलिएको,	करदाताहरुबीचको कारोबार मिसम्याच हुँदा सोलाई आधार लिई कर निर्धारण गर्न समस्या पर्ने तथा सोही सूचनाको आधारमा करदाता छनौट हुने हुँदा छनौट प्रक्रिया समेत प्रभावित हुने अवस्था रहेको,
२	कर निर्धारण गर्दा पेस गर्ने सूचना र सम्बद्ध पक्षसँगको कारोबार भिडान गरी कर लेखापरीक्षकलाई जिम्मेवार बनाउने व्यवस्था नभएको,	गलत सूचना सम्प्रेषण भई राजस्व चुहावट हुने अवस्था रहेको, यथार्थ आर्थिक कारोबार प्रस्तुत नहुने,
३	राजस्व लेखा प्रणालीले आर्थिक विवरण स्वचालित रुपमा सिर्जना हुने नगरेको,	आर्थिक विवरणहरु समयमा तयार नहुने, भिडानमा समस्या, मूल्य अभिवृद्धि करको बक्यौता आर्थिक विवरणले नदेखाउने,
४	वार्षिक रुपमा करदाताको तिर्नुपर्ने आयकर र विभिन्न अवधिमा तिरेको आयकर स्वचालित रुपमा भिडान हुने व्यवस्था नरहेको	करदाताले तिर्नुपर्ने कर तिरे, नतिरेको यकिन गर्न कठिनाइ हुने,
५	अनलाइन टीडीएस प्रणालीको पूर्ण कार्यान्वयन नभएको, विभिन्न करदाताको भुक्तानीमा कर कट्टी एउटै भौचरबाट दाखिला हुने गरेको,	आय विवरणमा उल्लिखित तिर्नुपर्ने कर दाखिला भएको यकिन नहुने, भौचरमा उल्लिखित रकमभन्दा बढी कर मिलान हुने अवस्था रहेको,
६	कम्प्युटरबाट बीजक जारी गर्ने कार्यविधिको कार्यान्वयन र अनुगमन हुन नसकेको,	कम्प्युटरबाट बीजक जारी गर्ने प्रणाली प्रभावकारी नहुनाले करदाताको सूचना एकीकृत गरी सँग्रहण र अनुगमन गर्न नसकिएको,
७	एकीकृत कर प्रणालीबाट बक्यौता राजस्व र आर्थिक विवरणको बक्यौता भिडान नहुने	बक्यौताको यथार्थ स्थिति यकिन गर्न नसकिएको,
८	कर लेखापरीक्षण प्रतिवेदन, संशोधित कर निर्धारण आदेश र सूचना प्रणालीको पोर्टलमा अपलोड हुने नगरेको,	विवरणको पूर्ण अभिलेखन नहुँदा अनुगमनमा समस्या परेको,
९	करपरीक्षण गरिएका कुल फाइलको १ प्रतिशत मात्र आन्तरिक पुनरावलोकन गर्ने गरिएको,	करपरीक्षणको गुणस्तर नियन्त्रण नहुने, सुधारको अवसर न्यून हुने,
१०	कर परीक्षण फाइलमा राख्नुपर्ने कागजात र ऐनको दफा ८३ बमोजिम मागिएका सूचनाहरु समावेश नहुने ।	अनुगमनमा कठिनाइ हुने तथा करदाताले कागजात परिवर्तन गर्न सक्ने ।

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन उल्लिखित विषयका अतिरिक्त अन्य सान्दर्भिक विषयमा सुधार हुनुपर्दछ ।

४६. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र विवरण बुझाउनुपर्ने व्यवस्था छ । विभागले पेस गरेको वार्षिक प्रतिवेदनअनुसार २०७५ असार मसान्तको मूल्य अभिवृद्धि कर कार्यान्वयनको अवस्था निम्नानुसार देखिएको छ:

विवरण	२०७२/७३	२०७३/७४	२०७४/७५
क्रेडिट रकम (रु.अर्बमा)	२६.५	२७.५२	३५.७१
क्रेडिट विवरण (सरकारले दिनुपर्ने) प्रतिशत	५१.११	५१.१४	५१.९७
डेबिट रकम (रु.अर्बमा)	६.३३	८.७१	९.९६
डेबिट विवरण (सरकारलाई तिर्नुपर्ने) प्रतिशत	१३.३०	१३.२५	१४.०६
शून्य विवरण प्रतिशतमा	३५.५८	३५.६१	३३.९७
डेबिट र क्रेडिट रकम तुलना	१ :४.१९	१ :३.१६	१ :३.५९
मूल्य अभिवृद्धि कर फिर्ता (रु.अर्बमा)	४.२३	४.७६	४.५९
विवरण पेस नगर्ने प्रतिशत	३०	३०	२४

४६.१ मूल्य अभिवृद्धि करमा दर्ता भएका कुल करदाता १ लाख ९४ हजार ५४७ मध्ये आषाढ मसान्तमा १ लाख ४७ हजार ८५५ करदाताले विवरण बुझाएको, ४६ हजार ६९२ (२४ प्रतिशत) करदाताले विवरण नै

नबुझाएको अवस्था छ । विवरण बुझाउनेमध्ये २० हजार ७८८ (१४.०६ प्रतिशत) ले डेबिट विवरण पेस गरेका छन् भने ७६ हजार ८४० (५१.९७ प्रतिशत) ले क्रेडिट विवरण पेस गरेका छन् । त्यस्तै ५० हजार २२६ (३३.९७ प्रतिशत) ले शून्य विवरण बुझाएका छन् । माथिको तथ्यांकमा विभागको वार्षिक प्रतिवेदनले विवरण पेश नगर्ने २४ प्रतिशत उल्लेख गरेपनि २०७५ आषाढ मसान्तमा आन्तरिक राजस्व विभागको सफ्टवेयर प्रणालीमा ३४.०२ प्रतिशत देखिएको छ ।

४६.२ गत वर्ष क्रेडिट रकम डेबिट रकमको ३.१६ गुणा रहेकोमा यो वर्ष ३.५९ गुणा रहेको पाइयो । कुल कर विवरण पेस गरेका करदातामध्ये ५१.९७ प्रतिशतले क्रेडिट विवरण पेस गरेको तथा ३४.०२ प्रतिशत करदाता नन्फाइलर रहेको, क्रेडिट विवरण र रकम बढेकोले मूल्य अभिवृद्धि कर कार्यान्वयनमा सुधार गर्नुपर्ने अवस्था छ । दर्ता भएका करदातामध्ये ३३.९७ प्रतिशतले कारोबार नै नगरेको भनी विवरण पेस गरेको अवस्थामा विभागबाट अनुगमन गरी सोको यथार्थता सम्बन्धमा विश्वस्त हुनुपर्दछ । विवरण पेस नगर्ने मध्ये पनि शुरुदेखि नै नन्फाइलर एवं केही समय विवरण बुझाई नन्फाइलर भएको यकिन गरिनुपर्दछ । त्यस्तै क्रेडिट विवरण, डेबिट विवरणलगायतका विषयमा समेत वार्षिक प्रतिवेदन र सूचना प्रणालीमार्फत प्राप्त तथ्याङ्क फरक परेको छ । तथ्याङ्कको यथार्थता यकिन गरिनुपर्दछ ।

४७. **बीजक तथा बजार अनुगमन -** राजस्व प्रशासनले नीतिगत सुधार गरेर सैद्धान्तिक रुपमा कर सङ्कलनमा सहजता र तिव्रता देखाए तापनि व्यावहारिकरुपमा दर्ता बेगर कारोबार गर्ने, दर्ता हुनेले पनि बीजक जारी नगर्ने, न्यून बीजकीकरण गर्ने, समयमा विवरण नबुझाउने, बुझाउनेले पनि बढी मौज्दात, सम्पत्ति खरिद, न्यून मूल्य वृद्धि देखाई क्रेडिट विवरण जारी गर्ने, डेबिट विवरण पेस गर्नेले पनि लाग्ने कर नतिरेको बजार अनुगमन, बिलिङ इन्फोर्समेन्ट कार्यमा तदारुकता नआएको अवस्था विद्यमान छ । बिलिङ इन्फोर्समेन्ट तथा बजार अनुगमन कार्यलाई निरन्तर एवं प्रभावकारी बनाउनु जरुरी छ ।

४८. **कर परीक्षणको लागि छनौट** – आन्तरिक राजस्व विभागले जोखिम सूचकको आधारमा करदाता छनौट गर्दा अपनाउने विधिले सबै करदातालाई एउटै जोखिम इन्जिनको दायरामा राखेको छ । क्षेत्रगत करदातालाई उपयुक्त हुने विधि प्रयोग नहुँदा कुनै करदाता प्रत्येक वर्ष छनौटमा पर्ने र कुनै करदातालाई उक्त विधिले छनौट बाहिर राख्ने स्थिति छ । जोखिमको मूल्याङ्कन गर्न आन्तरिक राजस्व विभागको सफ्टवेयरमा प्रविष्ट गरेको तथ्याङ्कलाई आधार लिए पनि करदाताले सही तथ्याङ्क प्रविष्ट नगर्ने, कतिपयले तथ्याङ्क नै नभर्ने कारणले कहिल्यै छनौट नहुने अवस्था छ । त्यसैगरी ४ वर्षको सीमान्त अवधिमा कर निर्धारण भएको र केही करदाताको ४ वर्षे अवधि नाघेको कारणले कर निर्धारणको लागि म्याद समाप्त हुने अवस्था आउने गरेको छ । अतः उक्त विधि तथा सूचकहरुमा समयसापेक्ष रुपमा पुनरावलोकन हुनुपर्दछ ।

४८.१ उद्योग व्यवसाय सञ्चालन गर्दा एउटै व्यवसायिक समूहले विभिन्न आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर लिई कारोबार गरेको देखिएको छ । सम्बन्धित पक्षबीच कारोबार भई थप दायित्व यकिन गर्ने प्रयोजनको लागि विभागले प्रयोगमा ल्याएको जोखिम इन्जिनमा छनौट अङ्कको भार दिएको छैन । तसर्थ सोमा सुधार गरी सम्बद्ध कम्पनीको कारोबार गर्ने व्यवसायीक समूहको छनौट गरी लिङ्क अडिट गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४८.२ आयकर ऐन, २०५८ को दफा १०१(३) अनुसार करदाताहरुले पेस गरेको आय विवरण उपर ४ वर्ष भित्र कर परीक्षण गरी सक्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयलबाट २०७४।७५ मा कर परीक्षण भएका ९७२ करदातामध्ये २०९ करदाता को २०७०।७१ को परीक्षण भएको छ । यी करदाताहरुको कारोबारको लेखापरीक्षण २०७५ श्रावणमा शुरु गर्दा ४ वर्ष नाघिसकेको अवस्थाले लेखापरीक्षणको दायरामा नै संकुचन आएको छ । तसर्थ छनौटमा परेका करदाताको कर परीक्षण सोही वर्ष गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४९. **करपरीक्षण गुणस्तर** – पूर्णकर परीक्षणतर्फ ४ हजार ३८० फाइल परीक्षणबाट रु.६ अर्ब ९० करोड आयकर र रु.१ अर्ब ५६ करोड मूल्य अभिवृद्धि कर निर्धारण गर्ने लक्ष्य रहेकोमा ५ हजार १०५ सम्पन्न भई रु.१९ अर्ब ८० करोड आयकर र रु.२ अर्ब ३४ करोड मूल्य अभिवृद्धि कर निर्धारण भएको प्रगति प्रतिवेदन प्राप्त भएको छ । यो वर्ष रु.२ खर्ब ९८ अर्ब राजस्व असुल गर्न रु.९९ करोड खर्च हुँदा राजस्व सङ्कलन लागत प्रति हजार रु.३.३२ रहेको छ ।

आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भएको तथ्याङ्कबाट लक्ष्य पूरा भए पनि विगत वर्षदेखि ५ हजार ६१६ करदाता पुनरावेदनमा गएकोले रु. ४७ अर्ब ३३ करोड ४५ लाख बक्यौता रहेको छ । यसैगरी २

करदाताको रु.७२ अर्ब ५८ करोडको कर सम्बन्धमा सोझै सर्वोच्च अदालतमा पुनरावेदन गरेको अवस्था छ । ६ करदाताको रु.२ अर्ब ४ करोड १६ लाख कर निर्धारण भएकोमा तत्पश्चात् करदाता पलायन भएको अवस्था छ । निर्धारण भएको कर स्वीकार नगरी पुनरावेदनमा जाने वा व्यवसाय नै छाडेर पलायन हुने अवस्थाले करपरीक्षणको गुणस्तर सुधार गर्नुपर्ने स्थितिलाई संकेत गर्दछ । यी समग्र तथ्याङ्कले करपरीक्षणमा सुधार गर्न जरुरी देखिएको छ ।

५०. **प्रशासकीय पुनरावलोकन** – आयकर ऐन, २०५८ को दफा ११४ र ११५ मा मातहतबाट भएको कर निर्धारणमा करदाताले चित्त नबुझ्काई पेस गरेको निवेदन उपर महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकन गर्नसक्ने र त्यस्ता निवेदनउपर ६० दिन भित्र निर्णय गर्नुपर्ने व्यवस्था छ । प्रशासकीय पुनरावलोकनका लागि दर्ता भएका मध्ये गत वर्षसम्म १ हजार ४७ निवेदन कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ४०६ निवेदन थप भएको छ । १७४ निवेदनको लगत कट्टा भै १ हजार २७९ बाँकी रहेको देखिन्छ ।

प्रशासकीय पुनरावलोकनबाट विवादित विषय टुङ्गो लगाएकोमा विवादलाई सदर वा बदर गरेको विषय र रकमसहितको अभिलेख अद्यावधिक गरेको देखिएन । प्रशासकीय पुनरावलोकनबाट यो वर्ष टुङ्गो लागेका १७४ विषयमध्ये लेखापरीक्षणको क्रममा प्राप्त विवरण अध्ययन गर्दा ५४ विषयमा करदाता राजस्व न्यायाधीकरण गएकोले लगत कट्टा गरेको छ । त्यस्तै १३ विषयमा पुनः छानबिन गरी कर निर्धारण गर्ने निर्णय भएको, १४ विषयमा करपरीक्षणको व्यहोरालाई आंशिक सदर गरेको, ७७ विषयमा पूर्ण सदर गरेको र ७ विषयमा पुनरावेदकको मागअनुसार कार्यालयको करपरीक्षण व्यहोरा बदर गरेको देखिएको छ । बाँकी रहेका १ हजार २७९ करदाताको निवेदन उपर समयमै किनारा लगाउनुपर्दछ ।

वैदेशिक रोजगार व्यवसायीको आय लेखाङ्कन, व्यवसायको स्किम प्रवर्द्धन खर्च, सम्बद्ध कम्पनीलाई भुक्तानी भएको व्यवस्थापन शुल्क, प्रोभिजन गरिएका खर्च, ब्याज खर्च, नोक्सानी कट्टी, स्वामित्व परिवर्तनमा कानुनको पालना, निकाय बिक्रीको लाभ गणना, अस्वाभाविक खर्च, सम्बद्ध पक्षको कारोबार, सेयरको पुँजीगत लाभकर, संस्थापक सेयरको मूल्याङ्कन, संरचना निर्माणमा कर, प्याकेज टुर्समा मूल्य अभिवृद्धि, समानुपातिक कर कट्टी, दर्ता स्थगन गर्दा क्रेडिट समायोजन, नपाउने क्रेडिट, मूल्य अभिवृद्धि कर कोषको मौज्दात, गैरसरकारी संस्थालाई मूल्य अभिवृद्धि कर फिर्ता, कपडा उद्योगलाई दोहोरो कर फिर्ता, छड र सिमेन्ट उद्योगको उत्पादनशीलता, उत्पादन परिमाण क्षति दाबी, पैठारीको अन्तःशुल्क क्रेडिट, प्याकिङ सामग्रीमा क्रेडिट, स्वास्थ्य सेवा कर लगायतका विषयबाट कर असुलीमा कमी आएकोले छानबिन गरी छुट कर तथा शुल्क असुल गर्नुपर्दछ ।

५१. **बक्यौता असुली** -आयकर ऐन, २०५८ को दफा १०९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १०(८) मा कर बक्यौता असुल गर्ने सम्बन्धि व्यवस्था छ । आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन अनुसार १ लाख १६ हजार ९७० करदाताको कुल बक्यौता (आयकर, मूल्य अभिवृद्धि तथा अन्य) रु.१ खर्ब ४६ अर्ब २१ करोड ३२ लाख २६ हजार रहेकोमा विभागबाट २०७५।१०।२१ मा प्राप्त आर्थिक विवरणमा रु.९४ अर्ब ६४ करोड ४९ लाख मात्र लगत बाँकी देखिएकोले राजस्व बक्यौताको हिसाब यथार्थपरक देखिएन । तसर्थ बक्यौताको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिएको छ । बक्यौता सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

५१.१ आयकरतर्फको पुनरावेदन नगएका करदाताको रु.१५ अर्ब १६ करोड ६२ लाख र मूल्य अभिवृद्धि करतर्फ रु.११ अर्ब १२ करोड ९४ लाख ४० हजारसमेत रु.२६ अर्ब २९ करोड ५६ लाख विवादरहित कर बक्यौता रहेकोले सो रकम असुलीमा तदरुकता ल्याउनुपर्दछ ।

५१.२ ठूला करदाता कार्यालयको बक्यौता लगत रु.८४ अर्ब ९१ करोड ९५ लाख रहेकोमा यस वर्ष रु.२ अर्ब ८१ करोड १४ लाख (३.३१ प्रतिशत) मात्र असुल गर्ने लक्ष्य राखी रु.१ अर्ब ८१ करोड ८० लाख (६५ प्रतिशत) प्रगति देखाएको छ । कार्यालयको बक्यौता असुलीको लक्ष्य निर्धारण गर्दा कायमी लगतभन्दा न्यून लक्ष्य राखेको छ । सबै बक्यौता असुली गर्ने गरी लक्ष्य निर्धारण गर्नुपर्दछ ।

५१.३ बढी बक्यौता राख्नेमध्ये ७ करदाताले नियमित कारोबार गरिरहे तापनि निजहरुसँग उठाउनुपर्ने बक्यौता रु.९० करोड ७० लाख असुल हुन सकेको छैन । त्यस्तै आन्तरिक राजस्व कार्यालय, कालीमाटी अन्तर्गतको एक विदेशी नागरिकको नाउँमा रहेको एक रिक्रिएसन सेन्टरसँग रु.४४ करोड ६६ लाख ५९ हजार र आन्तरिक राजस्व कार्यालय, टङ्गाल अर्न्तगतको मित्रराष्ट्र चीनको एक इन्जिनियरिङ ग्रुपसँग आयकर रु.९

करोड ३९ लाख ५० हजार तथा मूल्य अभिवृद्धि कर रु.१३ करोड ६३ लाख ६४ हजार समेत रु.२३ करोड ३ लाख १४ हजार उठाउन बाँकी देखिएको छ । करदाताले कारोबार नगरी पलायन भएको अवस्थामा कार्यालयले कर निर्धारण गरे तापनि ठूलो रकम उठाउन नसकी बक्यौता रहँदा करपरीक्षण गुणस्तरीय र वस्तुनिष्ठ देखिएन ।

५१.४ विभिन्न कार्यालयबाट १२ करदाताको कर निर्धारण गरी रु.२ अर्ब ४ करोड १६ लाख बक्यौता कायम गरेकोमा करदाताले आय विवरण पेस नगरी पलायन भएको अवस्थामा बक्यौता असुली सम्बन्धी कुनै कारबाही नभएबाट सो रकम उठ्न सकेको छैन ।

५१.५ मध्यमस्तरीय करदाता कार्यालयको एक रिचार्ज कार्ड बिक्रेताको मिसम्याच रिर्पोटबाट रु. ७१ करोड १७ लाख कर निर्धारण गरी लगत कायम गरेको छ । नन्फाइलर रहेको उक्त करदाताबाट उल्लेखित बक्यौता सामान्य प्रक्रियाबाट असुल हुने अवस्था छैन ।

५१.६ निर्धारित कर रकम असुली नभई ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको छ । प्रचलित कानूनमा कर अधिकृतले बक्यौता रहेको व्यक्तिको चल अचल सम्पत्ति कब्जामा लिई लिलाम गरी बक्यौता रकम असुल गर्न सक्ने, बक्यौता रहेको व्यक्तिको बैङ्क तथा वित्तीय संस्थामा रहेको रकममाथि दाबी गर्न सक्ने, बक्यौता राख्ने व्यक्ति विरुद्ध अदालतमा मुद्दा दायर गर्न सक्नेसम्मका अधिकार रहेका छन् । बक्यौता असुलीको लागि पर्याप्त कानुनी व्यवस्था रहेकोमा समेत असुल हुन सकेको छैन । विवादरहित बक्यौता असुलीको लागि आयकर, मूल्य अभिवृद्धि कर कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि करदातालाई ताकेता, पत्राचार, खोजबिन, सम्पत्ति तथा बैङ्क खाता रोक्का, राहदानी रोक्का, सम्पत्तिको लिलाम बिक्रीलगायतका कार्यमा अपेक्षित सक्रियताको कमी देखिएको छ । मातहतका कार्यालयसंग कार्ययोजना र कार्यान्वयन अवस्थाको जानकारी लिई यथोचित निर्देशन दिने कार्यमा विभागले समेत थप क्रियाशीलता देखाउन जरुरी छ ।

५२. **अन्तर्राष्ट्रिय संघसंस्थाका कर्मचारीको कर -** आयकर ऐन, २०५८ को दफा १० (क) मा नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघसंस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भएबमोजिम कर छुटको सुविधा पाउनेलाई मात्र कर छुट हुने देखिन्छ । संयुक्त राष्ट्रसंघको २३ फेब्रुअरी १९४६ को साधारण सभाबाट पनि संयुक्त राष्ट्रसंघका कूटनैतिक कर्मचारीबाहेक अन्य कर्मचारी तथा परामर्शदातालाई कर छुट हुने देखिँदैन । अन्तर्राष्ट्रिय संघसंस्थाका त्यस्ता कर्मचारी तथा परामर्शदातालाई लाग्ने कर दाखिला गर्न मन्त्रालयले १० अक्टुबर २०१७ मा राष्ट्रसंघको नेपालस्थित प्रतिनिधिलाई पत्राचार गरेको देखिन्छ । नेपालमा रहेका यस्ता अन्तर्राष्ट्रिय संघसंस्थाले कूटनैतिक सुविधा प्राप्त गरे बाहेकको भुक्तानी र सोको कर दाखिलाको विवरण आन्तरिक राजस्व विभागसँग २०७५।६।२८ मा माग गरेकोमा प्राप्त भएन । मन्त्रालयबाट भएको परिपत्र तथा पत्राचार उपर विभागले प्रभावकारी कदम नचाल्दा अन्तर्राष्ट्रिय संघसंस्थामा कार्यरत कूटनैतिक सुविधा नपाउने व्यक्तिलाई भुक्तानी भएको रकममा लाग्ने कर प्राप्त हुन सकेको छैन । तसर्थ तथ्याङ्क सङ्कलन गरी सोबाट छुट भएको राजस्व असुलीमा तदारुकता ल्याउनुपर्दछ ।

५३. **विद्युतीय व्यापारमा कर -** हाल विश्वमा भौतिक उपस्थिति बेगर ई-कमर्श र डिजिटलाइजेसनको माध्यमबाट हुने व्यवसाय बढ्दै गएको छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

५३.१ विश्वका हरेक मुलुकमा अर्बौं डलरमा विद्युतीय व्यापार व्यवसाय भैरहेको देखिन्छ । नेपालमा समेत दराज, मुन्छा, सस्तो डिल, ठूलो डट कम, मेरो किराना, भाटभटेनी अनलाइन, फुडमान्डु, मेट्रो तरकारीलगायत साइटहरुले यस्ता व्यवसाय सञ्चालन गर्दै आएका छन् । यसैगरी नेपालबाट सिधै अलिबाबा, अमेजनलगायतका अन्तर्राष्ट्रिय इ-कमर्श साइटहरुमा प्रवेश गरी स्वदेश वा विदेशबाट कारोबार गरी वस्तु तथा सेवा प्राप्त गर्न सकिन्छ । स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ छ भने विदेशी साइटहरु प्रयोग गरी स्वदेश/विदेशबाट कारोबार गर्दा ती संस्था नेपालमा दर्ता नभएको कारणले सो व्यावसायिक कारोबार करको दायरामा आएको देखिएन ।

५३.२ फेसबुक, मेसेन्जर, भाइबर, इमो, ह्वाट्स एपलगायतका सामाजिक सञ्जालमार्फत गरिने विज्ञापनको माध्यमबाट पनि राज्यको ठूलो धनराशि विदेशिएको अवस्था छ । यस्ता सामाजिक सञ्जाल नेपालमा दर्ता नभएको र नेपालबाट वैधानिकरुपमा ती साइट सञ्चालकलाई भुक्तानी गर्ने पेमेन्ट गेटवे समेत नभएकोले

स्वदेश तथा विदेशमा रहेका व्यक्ति वा व्यवसायीले पेटिएम, पेपाल, क्रेडिट कार्डलगायतका अन्तर्राष्ट्रिय विद्युतीय भुक्तानी माध्यम प्रयोग गरी सम्बन्धित साइटका सञ्चालकलाई रकम भुक्तानी गरेपछि विज्ञापन अपलोड हुने गरेको छ । यसरी अपलोड हुने विज्ञापन शुल्क विज्ञापन हेरेको आधारमा सम्बन्धित सोसियल साइट सञ्चालकले विज्ञापन शुल्क असुल गर्दछन् । उक्त विज्ञापन सेवा नेपालमा प्रदान गरेकोले करको स्रोत सिद्धान्तको आधारमा विदेशमा कारोबार भएपनि नेपालमा कर तिर्नुपर्ने हुन्छ । यसप्रकारको कारोबार पहिचान हुन नसकेको र त्यस्ता सोसियल साइट नेपालमा दर्ता नभएकोले यस कारोबारबाट राज्यलाई कर प्राप्त हुन सकेको छैन । त्यस्ता साइटलाई करको दायरामा ल्याउने व्यवस्था मिलाउनुपर्दछ ।

५३.३ डिजिटल व्यवसायलाई कर लगाउने सम्बन्धमा आर्थिक सहयोग तथा विकास संगठन, युरोपियन युनियनलगायतबाट पर्याप्त अध्ययन भएको देखिन्छ । युरोपियन युनियनले सन् २०१५ देखि टेलिकम्युनिकेसन सप्लायर्स, सूचना सम्प्रेषण र इलेक्ट्रोनिक सेवा उपलब्ध गराउने गैरबासिन्दालाई समेत मूल्य अभिवृद्धि कर लगाउने व्यवस्था गरेको छ । सर्भिया, ताइवान र चीनले मूल्य अभिवृद्धि करको दायरालाई डिजिटल सप्लायर्ससम्म विस्तार गरेको छ । चीन, मलेसिया र थाइल्याण्डले डिजिटल आयमा समेत कर लगाउने गरी कानुन तर्जुमा गरेका छन् । नेपालमा इ-कमर्शको कर निर्धारणसम्बन्धी संरचना, नीति नियम र कानुनी व्यवस्थाको अभावमा यस्तो कारोबार भए तापनि कर प्रशासनको दायरामा ल्याई व्यवसायीले कर तिर्ने गरेको पाइँदैन । यस्तो कारोबारबाट प्राप्त हुन सक्ने कर रकम सम्बन्धमा सम्बन्धित निकायबाट अध्ययनसमेत भएको देखिँदैन ।

ई कमर्शबाट हुने व्यापारलाई करको दायरामा ल्याउन, ऐन, नियम, संरचना र पूर्वाधार तयार गर्ने र तत्सम्बन्धी ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । अन्तर्राष्ट्रियरुपमा ई-कमर्श सञ्चालन गर्ने व्यवसायीलाई नेपालमा दर्ता गर्नुपर्ने कानुनी व्यवस्था मिलाउने वा स्थायी संस्थापनको परिभाषालाई परिमार्जन गरी निकाय जसले भौतिक उपस्थिति बेगर नै अन्य देशहरुबाट व्यवसाय गरेको अवस्थामा समेत स्थायी संस्थापन मान्न सकिने व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यस्ता कम्पनीको आम्दानी र कराधारलाई व्यावसायिक क्रियाकलाप सम्पादन भएको स्थानको आधारमा बाँडफाँड गर्ने वा स्थानगत आम्दानी प्राप्तिको आधारमा बाँडफाँड गर्ने विकल्प प्रयोग गरी कानुन संशोधन हुनुपर्दछ । यस सम्बन्धमा ओइसिडीले तयार गरेको कराधार क्षयीकरण तथा नाफा हस्तान्तरणको कार्ययोजना कार्यान्वयन गर्नुपर्दछ । सो आधारमा राजस्व सङ्कलन व्यवस्था मिलाउन अन्तर्राष्ट्रिय स्तरमा पहल गर्नुपर्ने देखिन्छ ।

५४. **वैदेशिक अध्ययनमा शिक्षा सेवा शुल्क -** आर्थिक ऐन, २०७४ को दफा ८ को उपदफा १८ मा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्कबापत विदेशी मुद्राको सटही सुविधा दिँदा यस्तो सटही रकममा १ प्रतिशत शिक्षा सेवा शुल्क लगाई असुल गर्ने व्यवस्था रहेकोमा आर्थिक ऐन, २०७५ ले २ प्रतिशत पुऱ्याएको छ । मित्रराष्ट्र भारतमा अध्ययन गर्ने विद्यार्थीबाट यस्तो शिक्षा सेवा शुल्क असुल भएको छैन । त्रिभुवन विश्वविद्यालयको अभिलेखअनुसार विभिन्न संकायमा ५ हजार ९३१ विद्यार्थीले भारतमा गई स्नातक तहको अध्ययन गरेपछि यो वर्ष समकक्षता प्रमाणपत्र लिएको देखिन्छ । यसैगरी पाठ्यक्रम विकास केन्द्रबाट प्राप्त विवरणमा भारतमा अध्ययन गरी यो वर्ष १० कक्षा र १२ कक्षा उत्तीर्ण गर्ने ८ हजार ४९३ विद्यार्थीले यो वर्ष समकक्षता प्रमाणपत्र लिएको देखिन्छ ।

उक्त विवरण अनुसार १ वर्षको अवधिमा ती विद्यार्थीले भारतका विद्यालय र विश्वविद्यालयमा तिरेको औसत शिक्षण शुल्कको आधारमा न्यूनतम रु.६ अर्ब २७ करोड ५२ लाख ७५ हजार शिक्षण शुल्क खर्च हुने देखिन्छ । उक्त रकमको १ प्रतिशतले गणना गर्दा पनि रु.६ करोड २७ लाख ५२ हजार राजस्व असुल नभएको अवस्था छ । तसर्थ भारतमा अध्ययन गर्ने विद्यार्थी, निजहरुले भुक्तानी गरेको शिक्षण शुल्कको अभिलेख राख्ने संयन्त्रको विकास गरी राजस्व असुलीको दायरा बढाउनुपर्दछ ।

५५. **म्युचुयल फण्डको कर दायित्व -** आयकर ऐन २०५८ को अनुसूची १(२) अनुसार वित्तीय संस्था वा यस्ता निकायको कर योग्य आयमा ३० प्रतिशत कर लाग्ने व्यवस्था छ । ऐनको दफा ८८(४) (ङ) ले सामूहिक लगानी कोषमा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यवस्था गरेतापनि यस्ता निकायलाई कर छुट हुने देखिँदैन । धितोपत्र व्यवसायीले यी निकायमा रहेको हित निसर्ग गर्दा अग्रिमकर कट्टी नगरेको र आर्जित नाफा सम्बन्धित कोषका धनीबीच बाँडफाँड गर्दा समेत कर कट्टा नगरेको अवस्था छ । मित्रराष्ट्र भारतमा यस्ता म्युचुयल फण्डलाई आयकर नलागे पनि सोको प्रतिस्थापनको रुपमा कारोबारमा आधारित कर लगाएको छ । तर नेपालमा यस्ता म्युचुयल फण्डले आफ्नो आर्जनमा ३० प्रतिशत कर तिर्नुपर्नेमा ७ म्युचुयल फण्डहरु

आयकरमा दर्ता नभएका र लाग्ने कर पनि दाखिला नगरेकोले विभागले कारोबारकर्ताको कारोबार क्षेत्र पहिचान गरी ती निकायको २०७१।७२, २०७२।७३ र २०७३।७४ को नाफा रु.२ अर्ब ३७ करोड ७३ लाखमा लाग्ने कर रु.७१ करोड १३ लाख ८४ हजार सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

५६. **डे ४ विवरण -** आयकर ऐन, २०५८ दफा ९७ (२) बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा ४० लाख रुपैंयाभन्दा बढी आय भएमा सोही ऐनको दफा ९६ बमोजिम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आर्थिक वर्ष बितेको तीन महिनाभित्र आय विवरण बुझाउनुपर्दछ । त्यसका लागि आन्तरिक राजस्व विभागले डे ४ फारामको व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५६.१ आन्तरिक राजस्व विभागले लागू गरेको रु.४० लाखभन्दा बढी आम्दानी हुने प्राकृतिक व्यक्तिले पेस गर्ने डे ४ को विवरणमा कुल आयमा घटाउन पाउने कुल आय घटाई कायम हुने खुद आयमा कर गणना गर्ने छुट्टै अनुसूचीसमेत समावेश छैन । खुद आय निर्धारण गर्दा घटाउन पाउने आयको प्रकृतिअनुसारको विवरणको व्यवस्था गरेको छैन । करदाताले राजस्व लेखा प्रणालीमा अग्रिम करबाट दाखिला गरेको कर तथा स्थायी लेखा नम्बरगत रुपमा दाखिला भएको करबाट समेत माथि उल्लेख भएअनुसार करदाताले घोषणा गरेको आय र सोमा लाग्ने कर एवं कर दाखिलाको स्थिति भिडान हुने अवस्था छैन ।

५६.२ आन्तरिक राजस्व कार्यालय ललितपुर १ मा डे ४ विवरण पेस गरेका १३९ मध्ये ९७ करदाताले २०७३।७४ मा खुद आय रु.९७ करोड ८२ लाख देखाएका छन् । ती मध्ये ३५ करदाताले रु.११ करोड १९ लाख कर दाखिला गर्नुपर्नेमा अग्रिम कर र स्थायी लेखा नम्बरगत प्रतिवेदन बमोजिम रु.६ करोड ७५ लाख मात्र दाखिला गरेको देखिएकोले रु.४ करोड ४३ लाख घटी कर दाखिला गरेको देखिन आएको छ ।

तसर्थ राजस्व प्रशासनले अवलम्बन गरेको यो पद्धतिमा पुनरावलोकन गरी घोषणा अनुसारको रकममा लाग्ने कर दाखिला भए नभएको यकिन गरी बाँकी करदाताको स्थितिसमेत यकिन गरी असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

५७. **सूचना प्रविधि** - कर प्रणालीलाई प्रविधि मैत्री बनाउने उद्देश्यले सुदृढ सूचना प्रविधिको प्रयोग गर्ने नीति रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५७.१ करदातालाई क्षेत्रगत रुपमा विभाजन गरी एकै प्रकृतिका करदाताको कुल नाफा प्रशासनिक खर्चको प्रकृति एवं बजार विकास तथा मार्केटिङ खर्चलगायतका विषयहरु तुलनात्मक अध्ययन गर्न सकिने गरी सूचना प्रविधिमा आधारित तथ्याङ्क प्रणाली विकास भएको पाइएन । त्यस्तै करदाताले मूल्य अभिवृद्धि करमा निरन्तर क्रेडिट विवरण दिँदा, शून्य विवरण दिँदा, आयकरमा कारोबारको तुलनामा न्यून नाफा वा नोक्सानी देखाउँदा करदाता र कर प्रशासनलाई एकीकृत कर प्रणालीले अनुगमन नगर्दा सम्म रातो संकेत दिने व्यवस्थाको तर्जुमा गर्न जरुरी छ ।

५७.२ करदाताले पेस गरेको विवरण रुजु भैसकेपछि सम्बन्धित करदाता तथा कर कार्यालयले समेत संशोधन गर्न नसक्ने हुन्छ । आन्तरिक राजस्व कार्यालय कास्कीका ४ करदाताको वित्तीय तथा खरिद बिक्रीको विवरणमा उल्लेख भएका साहु तथा आसामी र लेखापरीक्षणको क्रममा उक्त विवरण प्रिन्ट गर्दा साहुको आसामी र आसामीको साहु भई फरक परेको छ । ती करदाताको फाइल करपरीक्षण भएकोमा तथ्याङ्क फरक परेको विषयमा कुनै व्यहोरा उल्लेख नगरी करदाताको करदायित्वमा परेको असर सम्बन्धमा प्रतिवेदनमा खुलासा गरेको छैन ।

५७.३ आन्तरिक राजस्व कार्यालय, ठमेलअन्तर्गतका एक फार्मेसीले २०७२।७३ को आय विवरण २०७३।९।२८ मा पेस गरेको र सोही मितिमा कार्यालयले रुजु गरेको छ । लेखापरीक्षणमा पेस भएको वित्तीय तथा खरिद बिक्रीको विवरणमा १३ आसामीबाट रु.५६ लाख १ हजार लिन बाँकी रहेको र १२ साहुलाई रु.२७ लाख ५ हजार तिर्न बाँकी रहेको देखाएको छ । तर लेखापरीक्षणको क्रममा २०७५।५।२७ मा वित्तीय तथा खरिद बिक्रीको विवरण प्रिन्ट गर्दा १२ आसामीबाट रु.२७ लाख लिन बाँकी रहेको र १५ साहुलाई रु.६० लाख ९५ हजार तिर्न बाँकी देखाएको छ ।

करदाताले पेस गरेको वित्तीय तथा खरिद बिक्रीको विवरण फरक परेको सम्बन्धमा छानबिन गरी कर दायित्वमा परेको असर यकिन गरिनुपर्दछ ।

५८. **सञ्चालकबाट ऋण** - आयकर ऐन, २०५८ को दफा ११ख. मा राष्ट्रिय महत्वका आयोजना लगायत ३०० भन्दा बढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशतभन्दा बढी स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योगबाहेक अन्यत्र लगानी गरेकोमा लगानीको स्रोत चाहिने व्यहोरा उल्लेख छ । आन्तरिक राजस्व विभागको २०६९।९।२९ को परिपत्रबाट समेत सञ्चालकबाट प्राप्त सापटीको रकम बैङ्कमार्फत प्राप्त हुनुपर्ने, सापटीको स्रोत यकिन गरी सापटी लगानीको रकममा कानुनअनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नुपर्ने उल्लेख गरेको छ । निरन्तर घाटामा रहेको ठूला करदाता कार्यालयका एक करदाताले रु.४९ करोड ३१ लाख सम्म सञ्चालकबाट सापटी लिएको सम्बन्धमा ऐनको दफा ९७(२) अनुसार आय विवरण दाखिला गरी लाग्ने कर तिरेपछिको आर्जनबाट लगानी गरे नगरेको छानबिन गरेको देखिएन । तसर्थ यसप्रकार भएको सापटी कारोबारबाट कर दायित्वमा परेको असर छानबिन गर्नुपर्दछ ।

५९. **सामाजिक सुरक्षा कर -** सामाजिक सुरक्षा कोष(व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ मा सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र प्रदान गर्ने व्यवस्था छ । उद्योग, व्यवसाय र सेवाको कारोबार गर्ने करदाताहरुले रोजगारदाताबाट तलब भत्ता लगायतका विभिन्न सुविधा भुक्तानी गर्दा सामाजिक सुरक्षा कोषको परिचयपत्रबेगर सामाजिक सुरक्षाकर कट्टा गरी पारिश्रमिक भुक्तानी गरेको देखिन्छ । यस वर्ष सामाजिक सुरक्षा कर रु.५ अर्ब ९ करोड ७७ लाख सङ्कलन भएको छ । मासिक रुपमा भुक्तानी हुने पारिश्रमिकमा कर एवं सामाजिक सुरक्षा कर कट्टी नगर्ने र कट्टी गरेतापनि आंशिक गर्ने, कट्टी गरेको कर ढिला दाखिला गर्ने, अधिकांश कर रकम वर्षान्तमा वा आय विवरण पेस गर्दा जम्मा गर्ने, वर्षको अन्तमा कर्मचारी तथा कामदारको संख्या बढाउने गरेको देखिएको छ । कानुनको व्यवस्थाअनुसार स्थायी लेखा नम्बर, सामाजिक सुरक्षा कोष परिचयपत्र, कर्मचारी कामदारको विवरण एवं पारिश्रमिक रकम बैङ्कमार्फत भुक्तानी दिलाउने विषयमा नियन्त्रणमूलक पद्धतिको व्यवस्था अपनाउनुपर्दछ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

५९.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतका एक क्राफ्ट उद्योगले २०७३।७४ मा ९४ कर्मचारीको तलब रु.१ करोड ७१ लाख ४५ हजार खर्च लेखेपछि ज्याला बापत नाम नामेसी नखुलाई रु.२१ करोड ३९ लाख ५५ हजार खर्च लेखेको छ । यस्ता कर्मचारीहरुलाई १२ महिना नै काममा लगाई दशै खर्चसमेत भुक्तानी दिए तापनि नियुक्ति, स्थायी लेखा नंम्बर लिएको विवरण पेस नगरेको र सबैको रु.४ लाखभन्दा न्यून आय देखाई सामाजिक सुरक्षा कर रकम २०७४।६।१ मा दाखिला गरेकोले थप छानबिन गरी ज्याला खर्चको वास्तविकता यकिन गर्नुपर्दछ ।

५९.२ आन्तरिक राजस्व कार्यालय,चाबहिलको क्षेत्राधिकारका ४ करदाताले २०७३।७४ मा रु.७३ करोड ८८ लाख बिक्री गर्दा रु.४३ करोड ३४ लाख ८८ हजार ज्याला खर्च लेखेका छन् । कारोबारको तुलनामा बढी कर्मचारी, कामदार देखाई ज्याला तथा तलब खर्च लेखी सोमा लाग्ने १ प्रतिशत सामाजिक सुरक्षा करको ३३.५५ प्रतिशत आय विवरण बुझाउँदा मात्र दाखिला गरी खर्च दाबी गरेको देखियो । यसप्रकार करदाताको वास्तविक खर्च सम्बन्धमा छानबिन गरी कर दायित्वमा परेको असर समेत यकिन हुनुपर्दछ ।

६०. **मिसम्याच** - करदाताहरुले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेस गर्दा अनुसूची १३ साथ रु.५ लाखभन्दा बढीको खरिद/बिक्री/आसामी/साहुको विवरण अनिवार्य रुपमा पेस गर्नुपर्दछ । एक करदाताले देखाएको र सम्बन्धित अर्को करदाताले देखाएको लिनु दिनुपर्ने रकम एक आपसमा भिडान हुनुपर्दछ र भिडान नभएमा कर परीक्षण गर्दा करदाताको यथार्थ कर दायित्व पहिचान गर्नुपर्दछ । यसरी भिडान नभएको कारण राजस्व असुलीमा असर परेको केही उदाहरण निम्नानुसार छन्:

६०.१ आन्तरिक राजस्व कार्यालय, पोखराका एक करदाताले २०७३।७४ मा अर्को एक करदातासँग रु.१ करोड ४६ लाख २२ हजारको सामग्री खरिद गरेको देखाई, मूल्य अभिवृद्धि कर फिर्ता लिएकोमा प्रस्तुत करदाताले एक रेष्टुरेण्टको सट्टा अर्को ट्रेडर्सको नामबाट वार्षिक रु.४७ लाखको बिक्री देखाई कारोबारको आय लेखाङ्कन नगरेकोले दुवै करदाताको कारोबार छानबिन गरी लाग्ने कर रु.५५ लाख ५५ हजार र शुल्क समेत निर्धारण गरी असुल गर्नुपर्दछ ।

६०.२ आन्तरिक राजस्व कार्यालय, कलंकीका एक करदाताले २०७३।७४ मा रु.३ करोड ९१ लाख बिक्री आय देखाएकोमा एकै करदाताले रु.५ करोड ४० लाखको खरिद गरेकोले अन्य करदातालाई देखाएको बिक्री समेतमा छानबिन गरी छुट भएको रु.१ करोड ४९ लाखमा आयकर र मूल्य अभिवृद्धि कर समेत रु.५६ लाख ६१ हजारमा शुल्क समेत असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

६०.३ आन्तरिक राजस्व कार्यालय, वीरगन्जका एक करदाताले २०७२।७३ मा रु.१ करोड १५ लाखको बिक्री कारोबारबाट रु.५७ लाख ५० हजार आय देखाएको छ । तर यो करदातासँग अर्को एक ग्लास उद्योगले रु.३ करोड ९१ लाखको खरिद देखाएको छ । एउटै करदातालाई गरेको बिक्री मात्र पनि आय विवरणमा समावेश नगरेकोले थप छानबिन गरी लाग्ने कर रु.४८ लाख ७५ हजारमा शुल्क समेत असुल हुनुपर्दछ ।

६०.४ आन्तरिक राजस्व कार्यालय, बालाजुका एक करदाताले नेपाल विद्युत प्राधिकरणको २०७३।७४ को खरिद विवरणबाट यस करदातासँग रु.४ करोडको खरिद देखाएकोमा करदाताले रु.२ करोड ४२ लाखमात्र बिक्री देखाएकोले फरक रु.१ करोड ५८ लाखलाई कर योग्य आयमा समावेश गरी लाग्ने कर रु.३९ लाख ५० हजारमा शुल्क समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

६०.५ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकका एक करदाताले अर्को एक सिपिङ एण्ड एयर लजिस्टिक कम्पनीलाई २०७३।७४ मा रु.५ करोड ४० लाखको बिक्री र सोही रकम लिनुपर्ने गरी आय विवरण पेस गरेकोमा यो करदाताले कुनै खरिद एंव बिक्रीको कारोबार नगरेको विवरण पेस गरेको देखियो । एकै करदातासंग मात्र करोडौको कारोबार गर्ने करदाताले खरिद बिक्री कारोबार नदेखाएकोले छानबिन गरी लाग्ने कर रु.१ करोड ३५ लाख असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

६१. **कारोबारमा आधारित (डे१) विवरण** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा विगत १२ महिनामा वस्तुको हकमा रु. ५० लाख र वस्तु तथा सेवा मिश्रित कारोबार गर्नेले रु.२० लाखभन्दा बढीको कारोबार मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । करदाताहरुले पेस गरेको अनुसूची १३ एवं मिसम्याच रिपोर्टको आधारमा धरान, विराटनगर, सिमरा, हेटौँडा, भैरहवालगायतका ९ आन्तरिक राजस्व कार्यालयका १२ करदाताले आय वर्ष २०७२।७३ र २०७३।७४ मा विभिन्न करदातासँग रु.२० लाखदेखि रु.१ करोड ७७ लाखसम्म खरिद बिक्री गरी कुल रु.६ करोड ६० लाख कारोबार गरेको देखिन्छ । उक्त खरिद गर्ने करदाता मूल्य अभिवृद्धि करमा दर्ता नभई डे १ को विवरण पेस गरेको देखियो । मूल्य अभिवृद्धि कर लाग्ने सीमाभन्दा बढी रकममा लाग्ने मूल्य अभिवृद्धि कर रु.५४ लाख र आयकर रु.१ करोड ६५ लाखसमेत रु.२ करोड १९ लाखमा ब्याज, थप दस्तुर तथा जरिबाना समेत छानबिन गरी असुल गर्नुपर्दछ । यस्तो फरक आय देखाउने अन्य करदाताको कारोबारलाई समेत छानबिन गरी लाग्ने कर यकिन गर्नुपर्दछ ।

६२. **विवरण नबुझाउने (नन्फाइलर) करदाता -** आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिनाभित्र दफा ९७, ९८ र १०० को अधिनमा रही आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६२.१ मूल्य अभिवृद्धि कर विवरणमा देखाएको बिक्रीबाट मात्र ११ आन्तरिक राजस्व कार्यालयअन्तर्गत रहेका ९७ करदाताको आय वर्ष २०६९।७० देखि २०७३।७४ सम्मको कारोबार रु.५ अर्ब ५१ करोड ६९ लाख देखिएको छ । ती करदाताको कारोबारमा निगरानी राखी कर निर्धारण गर्नेतर्फ आन्तरिक राजस्व कार्यालयबाट प्रभावकारी कदम चालेको देखिएको छैन । आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १७ अनुसार कारोबारमा आधारित कर ०.७५ प्रतिशतलाई आधार लिँदा समेत न्यूनतम लाग्ने कर रु.४ करोड १३ लाख सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

६२.२ आयकर ऐन, २०५८ को दफा ७ अनुसार व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभ सो व्यक्तिको सो वर्षको आय हुने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, हेटौँडाका एक करदाताको २०७२।७३ मा अन्तिम मौज्दातमा रु.१ करोड १९ लाख ५८ हजार रहेकोमा तत्पश्चात् करदाताले कारोबार छाडी पलायन भएको अवस्थामा उक्त मौज्दातमा मूल्य अभिवृद्धि ८.२५ प्रतिशत थप गर्दा हुने रु.१ करोड २९ लाख ४५ हजार बिक्री आय कायम गरी लाग्ने कर रु.२९ लाख ८९ हजार, शुल्क तथा ब्याज सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

६२.३ आन्तरिक राजस्व कार्यालय, विराटनगरअन्तर्गतका ३ ट्रेडर्स र सप्लायर्सले २०७३।७४ मा रु.१ अर्ब ९ करोड १४ लाखको अलैँची लगायतका सामान निर्यात गरेको भन्सार तथ्याङ्कबाट देखिए तापनि ती करदाताहरुले आय विवरण भरी लाग्ने कर दाखिला गरेका छैनन् । अन्तर निकाय समन्वय गरी छुट भएको कर असुलीको कार्य पनि हुन सकेको छैन । आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १७ अनुसार कारोबारमा आधारित

कर ०.७५ प्रतिशत अनुसारको न्यूनतम लाग्ने कर रु.८१ लाख ८५ हजार सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

६२.४ मध्यमस्तरीय करदाता कार्यालयका वायुसेवासँग सम्बन्धित एक करदातासँग २०७३।७४ मा ४ व्यक्तिले रु.४ करोड ३६ लाखको हवाई टिकट खरिद गर्दा समेत स्थायी लेखा नम्बर लिएको छैन । तिनीहरुको अन्य आय समेत छानबिन गरेर दायराभन्दा बाहिरको कारोबारमा रु.१ करोड ९ लाख लाग्ने कर निर्धारण गर्नुपर्दछ ।

६३. **चिकित्सकको पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८(२) ले रोजगारदाताबाट कुनै आय वर्षमा ज्याला, तलब, अतिरिक्त समय काम गरेबापतको शुल्क, कमिसन र अन्य सुविधाबापतको रकमलाई पारिश्रमिकमा गणना गर्नुपर्ने व्यवस्था छ । ठूला निजी अस्पतालहरुले चिकित्सक तथा अन्य पदाधिकारीलाई अस्पतालमा काम गरेबापतको पारिश्रमिकलाई परामर्श सेवाको रुपमा खर्च लेखी १५ प्रतिशत अग्रिम कर कट्टा गरेको छ । अस्पतालबाट प्राप्त रकमलाई आयमा देखाई आय विवरण दाखिला गर्ने परामर्शदाता चिकित्सकले अस्पतालमा सेवा दिँदा अन्य स्रोत साधन र सहयोगी कर्मचारीको सेवा सुविधाको रकम अस्पतालले नै व्यहोर्ने अवस्थामा पुनः परामर्श प्रदान गर्ने चिकित्सकले आफूले छुट्टै कर्मचारी राखेको उल्लेख गरी खर्च दाबी गरेको देखिन्छ ।

सम्बन्धित अस्पतालको सामग्री, भौतिक पूर्वाधार र सहयोगी जनशक्ति प्रयोग गरी रोजगारीको हैसियतबाट पारिश्रमिक प्राप्त गरेको अवस्थामा अन्य खर्च दाबी गर्न मिल्ने देखिँदैन । तसर्थ सो सम्बन्धमा थप छानबिन गरी अस्पतालबाट प्राप्त आय मात्र देखाई आय विवरण पेस गर्ने आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर, कास्की, चावहिल, ललितपुर लगायत ६ कार्यालयका ६५ करदाताले २०७३।७४ मा दाबी गरेको सहयोगी डाक्टर, उपकरणलगायतका अन्य खर्च रु.२६ करोड १२ लाख अमान्य गरी प्राप्त रकममा ऐनको अनुसूची १(१) अनुसार लाग्ने कर रु.५ करोड २२ लाखमा शुल्क र ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ ।

६४. **करको दर -** आयकर ऐन, २०५८ को अनुसूची १ मा कारोबारको प्रकृतिअनुसार लाग्ने करको दर तोकिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६४.१ आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम मदिरा, बियर तथा यस्तै प्रकारका वस्तु उत्पादन तथा बिक्री गर्ने निकायलाई ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । ठूला करदाता कार्यालयका एक करदाताले २०७०।७१ मा मदिरासँग सम्बन्धित कच्चा पदार्थ (मदिरा फ्लेवर) बिक्री गरेको देखिन्छ । उक्त फ्लेवर उत्पादन तथा बिक्री गर्ने निकायको हकमा ३० प्रतिशतले कर असुल गर्नुपर्नेमा २५ प्रतिशतको दरले असुल गरेबाट नपुग ५ प्रतिशतले हुने रु.२ करोड ७५ लाख ५१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

६४.२ आन्तरिक राजस्व कार्यलय, चाबहिलअन्तर्गतका एक सहकारी संस्थाले संस्थाको उद्देश्यभन्दा बाहिर गई २०७२।७३ मा जग्गा खरिद एवं बिक्री गरेकोले सो कारोबार व्यावसायिक कारोबार भएको देखिन्छ । करदाताले कुल नाफा रु. ७ करोड ६७ लाखमा २५ प्रतिशत कर तिर्नुपर्नेमा २० प्रतिशतमात्र तिरेकोले नपुग ५ प्रतिशतले हुने रु.३८ लाख ३६ हजार असुल गर्नुपर्दछ ।

६५. **अवकाश भुक्तानी -** आयकर ऐन २०५८ को दफा ६५ (२) को प्रतिबन्धात्मक वाक्यांशमा हिताधिकारीको योगदान नहुने कोषबाट भएको भुक्तानीलाई स्वीकृत नलिएको अवकास कोषमा रहेको हितबापतको लाभ नमानिने व्यवस्था छ । यो विषयलाई आयकर निर्देशिका, २०६८ को उदाहरण १२.४.४ ले स्पष्ट गरी यस्तो कोषबाट भएको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार १५ प्रतिशतका दरले अग्रिम कट्टा गरिने र यस्तो कर अन्तिम रुपमा कर कट्टी हुने उल्लेख छ । नागरिक लगानी कोषले सञ्चालन गरेको नन्कन्ट्रिव्युटरी फण्डबाट २०७४।७५ मा भुक्तानी गर्दा उपर्युक्त कानुनी व्यवस्थाअनुसार भुक्तानीमा १५ प्रतिशतले कर कट्टी गर्नुपर्नेमा ५ प्रतिशतमात्र कट्टा गरेकोले ४३ कम्पनीका २१६ व्यक्तिबाट रु.१० करोड ९२ लाख ७६ हजारमा शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

६६. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा कै समयमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

६६.१ करदाताहरुले विभिन्न व्यक्ति तथा आपूर्तकबाट खरिद गरेको अलैंची, चिया, टिमुर, सुठोलगायतका सामानहरुको विवरणको खुलासा नगरेको र खरिद गर्दा अनुसूची १३ मा खरिदकर्ताको विवरण भरेको देखिएन ।

त्यस्ता आपूर्तकबाट रु.२० लाखभन्दा कमको टुक्राटुक्रामा खरिद गरेको अवस्थामा ती आपूर्तक करको दायरामा नआएको विषयमा कर प्रशासनबाट छानबिन भएको छैन । करको दायरामा नरहेका यस्ता व्यक्तिसँग खरिद कारोबार गर्दा ठेक्का वा करारको भुक्तानीमा कट्टी गर्नुपर्ने अग्रिम कर समेत कट्टी नगरेकोले यस्तो व्यावसायिक कारोबारमा कर छुटेको छ । आन्तरिक राजस्व कार्यालय भद्रपुर, धरान, ठमेलललगायत ५ कार्यालयका २४ करदातासँग २०७०।७१ देखि २०७४।७५ सम्म चिया, अलैँची, सुठो, छुर्पी खरिद रु.३ अर्ब ६८ करोड ५४ लाखमा १.५ प्रतिशतले भुक्तानीमा कट्टी गर्नुपर्ने अग्रिम कर रु.५ करोड ५३ लाख असुल गरी यस्ता करदातालाई करको दायरामा ल्याउनुपर्दछ ।

६६.२ आन्तरिक राजस्व कार्यालय महाराजगन्ज, त्रिपुरेश्वर, पुतलीसडक, ठमेल र मध्यमस्तरीय करदाता कार्यालयका २३ हेली चार्टर्ड तथा रेस्कयु गर्ने करदाताले २०७३।७४ मा समस्यामा परेका पर्यटकलाई उद्धार गर्न लिएको हेलिकोप्टर भाडामा रु. ६६ करोड २२ लाख ६६ हजार भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको देखिएन । तसर्थ यस सम्बन्धमा थप छानबिन गरी भुक्तानी भएको रकममा १.५ प्रतिशतका दरले लाग्ने कर रु.९९ लाख ३४ हजार असुल गर्नुपर्दछ ।

६६.३ आन्तरिक राजस्व कार्यालय, महाराजगन्जअन्तर्गत एक करदाताले घर बहालबापत २०७३।७४ र २०७४।७५ मा रु.६ करोड ३४ लाख ९० हजार खर्च लेखेकोमा बहाल कर कट्टी गरेको नदेखिँदा १० प्रतिशतले हुने रु.६३ लाख ४९ हजार र आन्तरिक राजस्व कार्यालय ललितपुर-१ को एक करदाताले २०७१।७२ मा भुक्तानी गर्न बाँकी बहाल भनी रु.२ करोड ७१ लाख ८ हजार देखाएकोमा २०७२।७३ मा नाफा नोक्सानबाट रु.३० लाख १२ हजार खर्च कट्टी लिई तिर्न बाँकी बहाल रु.३ करोड १ लाख देखाएको छ । भाडाबापतको रकममा खर्च कट्टी लिँदै जाने र खर्च रकम भुक्तानी बाँकीमा देखाई कर कट्टी नगर्ने गरेको मनासिव देखिएन । तसर्थ भुक्तानी बाँकीमा १० प्रतिशतले हुने कर रु.३० लाख १२ हजारसमेत कुल रु.९३ लाख ६१ हजारमा शुल्क र ब्याज समेत असुल हुनुपर्दछ । .

६६.४ आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीअर्न्तगतका एक करदाताले २०७३।७४ मा सेवा शुल्क बापत रु.११ करोड ६७ लाख र आई.सी. कर्पोरेसन खर्च रु.१२ करोड ५ लाख समेत देखाएको छ । सो रकमको भुक्तानीलाई अनुसूची १३ मा अपलोड पनि गरेको छैन । उक्त खर्चमा कट्टा गर्नुपर्ने १५ प्रतिशत अग्रिमकर रु.३ करोड ५६ लाख र आई.सी. कर्पोरेसनलाई गरेको भुक्तानी गैर बासिन्दाको भुक्तानी भएकोले मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा ८(२) अनुसार लाग्ने बेदर्तावाल मूल्य अभिवृद्धिकर रु १ करोड ५६ लाख ६६ हजारसमेत रु.५ करोड १२ लाख ६६ हजार राजस्व दाखिला गर्नुपर्नेमा रु.४६ लाख ३९ हजार मात्र दाखिला गरेको देखिँदा छुट भएको कर रु.४ करोड ६६ लाख २७ हजारको सम्बन्धमा थप छानबिन गरी शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ ।

६६.५ आयकर ऐन, २०५८ को दफा ८८(७) मा बासिन्दा व्यक्तिले भू-उपग्रह ब्यान्डविथ अप्टिकल फाइबर्स प्रयोग गरेबापत १० प्रतिशतले कर लाग्ने व्यवस्था छ । मध्यमस्तरीय करदाता कार्यालयका एक कम्युनिकेसन कम्पनीले २०७३।७४ मा लोकल ब्यान्डविथ रु.६ करोड ३३ लाख भुक्तानी गरेपछि आई.पी. ट्रान्जिट ब्यान्डविथबापत रु.४३ करोड ३९ लाख ११ हजारको १० प्रतिशतले रु.४ करोड ३३ लाख ९१ हजार कर कट्टा गर्नुपर्नेमा बेदर्तावाल मूल्य अभिवृद्धि कर रु.९५ हजारमात्र दाखिला गरेको छ । करदाताले अनुसूची १३ पनि नभरेकोले छुट भएको कर रु.४ करोड ३२ लाख ९६ हजारमा लाग्ने शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

६६.६ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका एक करदाताले २०७३।७४ को प्रत्यक्ष खर्चमा गत वर्ष रु.२ करोड ३ लाख ७० हजार र यो वर्ष रु.२ करोड ३ लाख ७० हजार व्यवस्थापन शुल्क खर्च लेखेको छ । सेवा शुल्कमा श्रोतमा कर कट्टी गर्नुपर्नेमा कट्टी गरेको नदेखिँदा रु.४ करोड ७ लाख ४० हजारमा १५ प्रतिशतले हुने अग्रिम कर रु.६१ लाख ११ हजार असुल गर्नुपर्ने देखिन्छ ।

६६.७ आन्तरिक राजस्व कार्यालय, तनहुँअन्तर्गतका कर छुट लिएका ३ गैरसरकारी संस्थाले २०७३।७४ मा विभिन्न संरचना निर्माण, तालिम लगायतका कार्य तेस्रो पक्षबाट गराई रु.७५ करोड ९५ लाख ८७ हजार भुक्तानी दिँदा स्रोतमा कर कट्टी नगरेकोले १.५ प्रतिशतले हुने रु.१ करोड १३ लाख ९३ हजारमा शुल्क एवं ब्याजसहित असुल गर्नुपर्दछ ।.

६७. **सम्बद्ध कम्पनीबाट आय -** आयकर ऐन, २०५८ को दफा ८ अनुसार कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय बत्तीसपुतलीको एक करदाताले एक फर्मलाई परामर्श सेवा बिक्रीबापत ४ आय वर्षमा रु.५ करोड ४७ लाख ५० हजार आम्दानी प्राप्त गरेको छ । सेवा प्राप्त गर्ने फर्मको ८९ प्रतिशत सेयर एकै व्यक्तिको रहेको र करदाताले मूल्य अभिवृद्धि कर विवरणमा देखाएको आय आफ्नै अधिकांश स्वामित्व रहेको प्रा.लि.बाट मात्र प्राप्त भएको छ । साथै यो करदाता मूल्य अभिवृद्धि करमा दर्ता भएकोमा २०७१।७२ देखि मूल्य अभिवृद्धि कर विवरण बुझाए तापनि आय विवरण बुझाएको पाइएन । उक्त करदाताको व्यक्तिगत फर्मले आफ्नै स्वामित्वको कम्पनीबाट मात्र आम्दानी देखाएको र करदाताको २०७०।७१ को वित्तीय विवरण अनुसार करदाताको फर्ममा कुनै पनि परामर्श दिने जनशक्ति रहेको नदेखिएकोले निज करदाताले आय वर्षमा आफ्नो स्वामित्वको फर्मबाट पारिश्रमिक लिएको पुष्टि हुन्छ । करदाताले विवरण पेस नगरेको तर आय देखिएकोले सो आयमा लाग्ने पारिश्रमिक कर रु.१ करोड ६९ लाख ६५ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज असुल हुनुपर्दछ । साथै निज तथा यस्तो प्रकृतिको अन्य आम्दानी सम्बन्धमा समेत छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

६८. **हवाई सेवा सञ्चालनमा कर** – आयकर ऐन, २०५८ को दफा ७० अनुसार नेपालबाट प्रस्थान हुने यात्रुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । जसअनुसार नेपालमा उडान भर्ने एअरलाइन्सको टिकट जुनसुकै देशबाट जारी भएपनि नेपालबाट प्रस्थान हुने यात्रुको आधारमा हवाई सेवा कर लाग्ने देखिन्छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

६८.१ आन्तरिक राजस्व कार्यालय, टङ्गालअन्तर्गत एक हवाई सेवाको जनरल सेल्स एजेन्टको कारोबार गर्ने एक करदाताले २०७१।७२ मा ९४ हजार १२८ यात्रु उडान गरेको विवरण पेस गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त तथ्याङ्कबाट उक्त अवधिमा १ लाख १४ हजार १९० यात्रु उडान गरेको देखाएकोले फरक यात्रु संख्या २० हजार २८२ को करदाताले देखाएको मासिक औसत भाडा दरअनुसारको मूल्य रु.२३ करोड ६५ लाख १५ हजारमा ५ प्रतिशतले लाग्ने कर रु.१ करोड १८ लाख २५ हजार सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

६८.२ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकको कार्यक्षेत्रका ५ हवाई कम्पनीले २०७३।७४ मा र टङ्गालको १ विदेशी हवाई कम्पनीले २०७२।७३ मा नेपालबाट उडान भर्दा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त तथ्याङ्कको आधारमा दाखिला गर्नुपर्ने कर घटी दाखिला गरेको रु.३७ करोड ७८ लाख ८२ हजार छानबिन गरी कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

(रु.हजारमा)

उडान भर्ने स्थान र हवाइ कम्पनी	उडान भरेको यात्रु संख्या	औसत भाडा रुपैयाँ	५ प्रतिशत रकम	दाखिला	घटी दाखिला
अबुधाबी उडान गर्ने एक एयरवेज कम्पनी	७४२०२	४४९५०	१६,६७,६८	४,९६,२४	११,७१,४४
ढाका उडान गर्ने एक विमान कम्पनी	३६६९६२	१४२३६	२,६१,१७	१३७७४	१,२३४३
मलेसिया उडान गर्ने एक विमान कम्पनी	५६१२२	२६९३०	१,५१,१३,६५	–	७,५५,६८
यु ए ई उडान गर्ने एक एयरवेज कम्पनी	१७१७७२	१६०००	१३,७४,१७	५,३७,०७	८,३७,१०
दुबई उडान गर्ने एक एयरवेज कम्पनी	१९४१८१	१८१५०	१७,६२,१९	९,८८,४६	७,७३,७२
भुटान उडान गर्ने एक एयरवेज कम्पनी	१९३४३	१६२५२	१,५७,१८	३९,७२	१,१७,४५
जम्मा					**३७,७८,८२**

माथिको तथ्याङ्कमा तिर्नुपर्ने कर पहिलो गन्तव्यसम्मको मात्र गणना गरिएको छ । नेपालबाट उडान भएकोमा कनेक्टिङ फ्लाइटबाट दोस्रो गन्तव्यको भाडा र कार्गोको रकम थप गर्दा माथि उल्लिखित रकम अझै बढी आउने देखिएकोले सो समेत छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । उपर्युक्त बाहेक अन्य हवाई कम्पनीको समेत छानबिन हुनुपर्दछ ।

६९. **कार्गोमा कर -** आयकर ऐन, २०५८ को दफा ७०.१ख. मा नेपालबाट चलान गरिएका मालसामानको ओसार पसार गर्दा हुने अन्तर चलानमा गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६९.१ आन्तरिक राजस्व कार्यालय, महाराजगन्ज, नयाँ बानेश्वरलगायत ४ कार्यालयका १० करदाताले विभिन्न हवाई कम्पनीमार्फत कार्गो ढुवानी गरेको देखाएको, कार्गोमा लाग्ने कर दाखिला नगरेको अवस्थामा कार्गो कम्पनीले गरेको भुक्तानीलाई आधार बनाई छानबिन गरी छुट भएको कर रु.११ करोड २१ लाख ६० हजारमा शुल्क समेत असुल गर्नुपर्दछ।

(रु हजारमा)

आन्तरिक राजस्व कार्यालय	करदाता	आय वर्ष	हवाइ ढुवानी खर्च	५ प्रतिशतले हुने कर
महाराजगन्ज	एक एक्सपोर्ट कम्पनी	२०७३/७४	२,७७,९१	१३,९०
		२०७२/७३	३,३९,८४	१६,९९
महाराजगन्ज	एक कार्गो कम्पनी	२०७३/७४	५,६४,७६	२८,२४
		२०७२/७३	७,३६,०८	३६,८०
महाराजगन्ज	एक हिमालयन कम्पनी	२०७३/७४	३,८१,७५	१९,०९
		२०७२/७३	३,७९,२६	१८,९६
महाराजगन्ज	एक कार्गो कम्पनी	२०७३/७४	२६,६४,८५	१,३३,२४
		२०७२/७३	१७,०९,८१	८५,४९
नयाँ बानेश्वर	एक सिपींग कम्पनी	२०७२/७३	२५,७६,८१	१,२८,८४
		२०७३/७४	२८,३५,८३	१,४१,७९
नयाँ सडक	एक लजिस्टीक कम्पनी	२०७२/७३	२३,५१,४८	१,१७,५७
		२०७३/७४	२७,४३,४२	१,३७,१७
नयाँ बानेश्वर	एक वल्ड कम्पनी	२०७३/७४	१,१०,८५	५,५४
नयाँ बानेश्वर	एक नेट कम्पनी	२०७३/७४	५,१२,४३	२५,६२
		२०७२/७३	४,२२,४७	२१,१२
त्रिपुरेश्वर	एक फ्रेट. कम्पनी	२०७३/७४	१०,०४,०६	५०,२०
		२०७२/७३	११,३८,४८	५६,९२
महाराजगन्ज	एक एक्सपोर्ट कम्पनी	२०७३/७४	७,९७,४१	३९,८७
		२०७२/७३	८,८४,५०	४४,२३
		जम्मा	**२,२४,३२,००**	**११,२१,६०**

६९.२ मध्यमस्तरीय करदाता कार्यालयका एक करदाताले दुबई पुग्ने गरी सामान पठाउन २०७३।७४ मा रु.२३ करोड २६ लाख ४१ हजार र २०७२।७३ मा रु.१४ करोड ९५ लाख ८४ हजार समेत रु.३८ करोड २२ लाख २५ हजार विभिन्न एयरलाइन्सलाई भुक्तानी दिई खर्च लेखेकोले उपर्युक्त कानुनी व्यवस्था अनुसार ५ प्रतिशतले हुने रु.१ करोड ९१ लाख ११ हजारमा ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ।

६९.३ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरको एक करदाताले २०७३।७४ मा हवाईजहाजबाट सामान ढुवानी खर्च जनाई रु.१२ करोड ३६ लाख ७७ हजार र गत वर्ष रु.१२ करोड २४ लाख ७ हजार एअरलाइन्स कम्पनीलाई भुक्तानी दिई खर्च लेखेको छ। सो रकम भुक्तानी दिएको पार्टीगत विवरण अनुसूची १३ मा उल्लेख नगरेकोले छानबिन गरी सो रकममा लाग्ने ५ प्रतिशत कर रु.१ करोड २३ लाख ४ हजार असुल गर्नुपर्दछ।

७०. **घरजग्गा निसर्ग -** आयकर ऐन, २०५८ को दफा ९५क. अनुसार प्राकृतिक व्यक्तिको घर जग्गा निसर्ग हुँदा पुँजीगत लाभकर अग्रिम रुपमा असुल गर्ने र निकायको हकमा आय विवरणमा राखी खर्च कट्टी गरी बाँकी रकममा कर असुल गर्नुपर्दछ। मालपोत कार्यालयहरुबाट प्राप्त अभिलेख अनुसार घर जग्गा निसर्ग गरेका निकायहरुले पुँजीगत लाभकर नतिरेको अवस्थामा कर छुट भएको छ। आन्तरिक राजस्व कार्यालय १३ का २९ करदाताले सम्पत्ति निसर्ग गरेकोमा आय विवरणमा समावेश नगरेको, गर्नेले पनि पुरै आय नदेखाएकोले रु.२ अर्ब ५ करोड ३३ लाखको कारोबारमा लाग्ने कर रु.३२ करोड ९९ लाखमा शुल्क र ब्याज समेत हिसाब गरी असुल गर्नुपर्दछ। यस सम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

७०.१ आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीका एक एजुकेसन फाउन्डेसनले २०७२।७३ मा मालपोत कार्यालय डिल्लीबजारको अभिलेख अनुसार रु.७ करोड ७४ लाखको घर जग्गा निसर्ग गरेको देखिन्छ । सो बिक्रीलाई कम्पनीको कारोबार उल्लेख गरी पुँजीगत लाभकर तिरेको छैन । सो सम्पत्ति बिक्रीको आयलाई आय विवरणमा नदेखाएकोले थप छानबिन गरी कर निर्धारण गरी छुट भएको राजस्व रु.१ करोड ९३ लाख असुल गर्नुपर्दछ ।

त्यस्तै गरी आन्तरिक राजस्व कार्यालय, कालीमाटीका एक बस्ती विकास कम्पनीले २०७२।७३ मा मालपोत कार्यालय डिल्लीबजारको अभिलेखअनुसार रु.५ करोड ५४ लाखको घरजग्गा निसर्ग गरेको देखिन्छ । तर करदाताले रु.२८ लाख मात्र आय लेखाङ्कन गरेको देखिँदा घटी लेखाङ्कन गरेको रु.५ करोड २६ लाखलाई करयोग्य आयमा समावेश गरी २५ प्रतिशतले लाग्ने कर रु.१ करोड ३१ लाख असुल गर्न छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

७०.२ आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ का ४ करदाताले मालापोत कार्यालय, ललितपुर र काभ्रेको विवरण अनुसार २०७०।७१ र २०७२।७३ मा रु.११ करोड ७२ लाखको घरजग्गा निसर्ग गरेको छ । सो बिक्रीलाई कम्पनीको कारोबार उल्लेख गरी पुँजीगत लाभकर तिरेको छैन । सो सम्पत्ति बिक्रीलाई आय विवरणमा नदेखाएकोले थप छानबिन गरी कर रु.२ करोड ९३ लाखमा शुल्कसमेत हिसाब गरी कर निर्धारण गरेर छुट भएको राजस्व असुल गर्नुपर्दछ ।

त्यसैगरी आन्तरिक राजस्व कार्यालय, ललितपुर-१ का एक करदाताले रु.७ करोड ६८ लाखको सम्पत्ति निसर्ग गर्दा पुँजीगत लाभकर पनि नतिरेको साथै सो रकमलाई आय विववरणमा लेखाङ्कन गरेको छैन । अन्य २ करदाताले रु.७ करोड ८५ लाखको बिक्री गरेकोमा आय विवरणमा रु.२ करोड २० लाखमात्र आय लेखाङ्कन गरेकोले छुट रु.५ करोड ६५ लाखका सम्बन्धमा छानबिन गरी ३ करदाताको लाग्ने कर रु.३ करोड ३३ लाख र सोमा लाग्ने शुल्क असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

७०.३ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गतका एक हाउजिंग कम्पनीले २०७१।७२ मा रु. ४ करोड २९ लाख ७० हजार र २०७२।७३ मा रु.४४ करोड ४९ लाख ९० हजार समेत रु. ४८ करोड ७९ लाख ६० हजारको घरजग्गा निसर्ग गरेको मालपोत कार्यालय, ललितपुरको अभिलेखबाट देखिन्छ । सो बिक्रीमा कम्पनीले पूँजीगत लाभकर तिरेको छैन । तर करदाताले २०७१।७२ मा रु.२ करोड ३८ लाख १७ हजार र २०७२।७३ मा रु. ६ करोड ८९ लाख ८ हजारको मात्र बिक्री खुलासा गरी आय विवरण पेश गरेबाट घटी कारोबार देखाएको रु.३९ करोड ५२ लाख ३५ हजारमा करदाताको कुल नाफा ३३.२६ प्रतिशतले हुने रु.१३ करोड १४ लाख ५५ हजारमा २५ प्रतिशतले लाग्ने कर रु.३ करोड २८ लाख ६३ हजार र शुल्क समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

७०.४ आन्तरिक राजस्व कार्यालय, बानेश्वरका एक ट्राभल्स कम्पनीले मालपोत कार्यालय डिल्लीबजारबाट २०७४।४।३२ मा घर तथा जग्गा रु.४० करोडमा निसर्ग गरी भएको लाभ रु.२७ करोड ३९ लाख ८८ हजारमा १० प्रतिशतले हुने रु.२ करोड ८३ लाख ९९ हजार पुँजीगत लाभकर तिरेको छ । करदाता २०७२।७३ देखि ननफाइलर रही आय विवरण पेस गरेको छैन । तसर्थ आय विवरण पेस गर्न लगाई विगतको कारोबारको समेत छानबिन गरी आयकर ऐन, २०५८ को दफा ७.(२) अनुसार आयमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसूची १ अनुसार छुट १५ प्रतिशत कर रु.४ करोड १० लाख ९८ हजार र सोमा लाग्ने शुल्क ब्याज सहित असुल हुनुपर्दछ ।

७०.५ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरका एक रियल स्टेट कम्पनीले २०७२।७३ मा रु.६ करोड १० लाख ८९ हजार, अर्को एक कार्पेट इण्डष्ट्रिजले २०७१।७२ मा रु.१३ करोड ८८ लाख ६५ हजार र २०७२।७३ मा रु.२ करोड ७१ लाख ७ हजारसमेत रु.२२ करोड ७० लाख ६१ हजारको घर जग्गा निसर्ग गरेको मालपोत कार्यालय, चाबहिलको अभिलेखबाट देखिन्छ । कम्पनीको हैसियतले सोमा पुँजीगत लाभकर तिरेका छैनन् । तर करदाताहरुले उक्त कारोबारलाई नदेखाई आय विवरण पेस गरेबाट उल्लिखित कारोबारबाट भएको लाभको यकिन गरी २५ प्रतिशतले लाग्ने कर रु.५ करोड ६७ लाख ६५ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

७०.६ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकका ५ करदाताले २०७१।७२ र २०७२।७३ मा मालपोत कार्यालयहरुबाट रु.२८ करोड ६८ लाखको घर जग्गा निसर्ग गरेको छ । सो बिक्रीलाई कम्पनीको आय विवरणमा नदेखाएको

एवं पुँजीगत लाभकर तिरेको छैन । सो सम्पत्ति बिक्रीको आयलाई आय विवरणमा नदेखाएकोले थप छानबिन गरी रु.७ करोड १७ लाख कर निर्धारण गरेर छुट भएको राजस्व असुल गर्नुपर्दछ ।

त्यस्तै सोही कार्यालयका एक रियल स्टेट कम्पनीले २०७१।७२ मा रु.४ करोड ८ लाख लागत भएको ललितपुरको जग्गालाई रु.२ करोड ६९ लाखमा बिक्री गरेको देखियो । जग्गाको मूल्यवृद्धि भइरहेको अवस्थामा यसप्रकार अस्वाभाविक नोक्सानी देखाएको कारोबार सम्बन्धमा थप छानबिन गरी न्यूनतम लागतभन्दा बढी रकम रु.१ करोड ३९ लाखमा कर निर्धारण गर्नुपर्दछ ।

७१. **चिनी बिक्रीको नाफा -** आयकर ऐन २०५८ को दफा ७ अनुसार सेवा शुल्कलाई आयमा समावेश गर्नुपर्दछ । विभिन्न करदाताहरुले २०७४।७५ मा विदेशबाट पैठारी गरेको चिनीको मूल्य र बिक्री मूल्यको फरक अनुसार गणना हुने कुल नाफा अनुपातमा करदातागत विवरणमा उल्लेख्य फरक परेको देखियो । नेपाल सरकारले चिनीको बिक्री (मूल्य अभिवृद्धि करबाहेक) रु.६२ मूल्य तोकेको र स्वदेशी तथा विदेशी चिनीमा उपभोक्ताले सोही मूल्य तिरेको अवस्थामा व्यवसायीको खुद नाफामा फरक परे पनि कुल नाफामा अस्वाभाविक फरक परेको देखिएको छ ।

अध्ययन गरिएका ६ आन्तरिक राजस्व कार्यालयका ११ व्यवसायीले चिनीको बिक्री मूल्य र भन्सार तथ्याङ्क अनुसार हुने औसत खरिद मूल्यका आधारमा कुल मुनाफा ९.०६ देखि ३०.०६ प्रतिशतसम्म रहेकोमा करदाताहरुले खुद मुनाफा ०.४५ देखि १६.५० प्रतिशतसम्म देखाएको पाइयो । यस्तो अवस्थामा करदाताले बिक्री आय घटी लेखाङ्कन गरेको हुँदा फरक कुल नाफा रु.३१ करोड ११ लाख ४० हजार न्यून भएकोले २५ प्रतिशत आयकर रु.७ करोड ७७ लाख ८५ हजार र मूल्य अभिवृद्धि कर रु.४ करोड ४ लाख ४८ हजारसमेत रु.११ करोड ८२ लाख ३३ हजारमा शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

७२. **प्रतिफलको लेखाङ्कन** - आयकर ऐन, २०५८ को दफा ७ अनुसार कुनै व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभहरु सो व्यवसायको आय हुने उल्लेख छ । ठूला करदाता कार्यालयका विभिन्न १८ करदाताले उपदानको लागि व्यवस्था गरेको रकम गत विगतमा एकमुष्ट नागरिक लगानी कोषमा जम्मा गरेका छन् । उक्त रकममा नागरिक लगानी कोषले २०७३।७४ मा अतिरिक्त प्रतिफल बापत ५ प्रतिशतका दरले हुने रकम थप गरिदिएको छ । यसरी थप भएको रु. ३० करोड ६६ लाख ७ हजारलाई आय लेखाङ्कन गरेको देखिएन । यसप्रकार प्रतिफल प्राप्त भएको रकम छानबिन गरी सम्बन्धितको आयमा समावेश गरी लाग्ने कर रु.७ करोड ९८ लाख ९० हजार र शुल्क समेत हिसाब गरी निर्धारण गर्नुपर्दछ ।

७३. **बिक्री नदेखाएको -** आयकर ऐन २०५८ को दफा ७ अनुसार व्यावसायिक कारोबारको आय लेखाङ्कन गर्नुपर्दछ । करदाताले बिक्री नदेखाएको कारण कर असुलीमा असर परेको व्यहोरा देहायमा उल्लेख गरिएको छ ।

७३.१ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकको एक करदाताले भन्सार तथ्याङ्कअनुसार २०७३।७४ मा रु.४ करोड ४४ लाख ४ हजारको हर्वल टि निर्यात गरेको देखिन्छ । तर वित्तीय विवरणमा रु.३५ लाख २७ हजारको मात्र बिक्री देखाएकोले फरक रु.४ करोड ८ लाख ७७ हजारको निकासीमा १५ प्रतिशतले आयकर रु.६१ लाख ३२ हजार असुल गर्नुपर्दछ ।

७३.२ जिल्ला भूसंरक्षण कार्यालय, डोटीबाट प्राप्त अग्रिम आयकरको विवरण अनुसार आन्तरिक राजस्व कार्यालय,धनगढीका एक करदाताले २०७३।७४ मा विभिन्न भौचरबाट रु ३ करोड ९६ लाख ८८ हजारको भुक्तानी प्राप्त गरेको छ । सो करदाताले मूल्य अभिवृद्धि कर तर्फ २०७३।७४ मा शून्य विवरण दिएको छ । करदाताले आय विवरणमा रु. ६६ लाख ७० हजार मात्र आय देखाएकोले आय नदेखाएको रु.३ करोड ३० लाख १८ हजारको २५ प्रतिशतले हुने कर रु ८२ लाख ५४ हजार र मूल्य अभिवृद्धि कर रु.५१ लाख ५९ हजारसमेत रु.१ करोड ३४ लाख १३ हजारमा छानबिन गरी शुल्कसमेत असुल गर्नुपर्दछ ।

७३.३ आन्तरिक राजस्व कार्यालय, ठमेलका एक करदाताले दुग्धजन्य पदार्थमा उठाएको मूल्य अभिवृद्धि करको ५० प्रतिशत फिर्ता पाउने व्यवस्थाअनुसार फिर्ता प्राप्त गरेको रकम आयमा लेखाङ्कन गर्नुपर्नेमा २०७१।७२ देखि २०७३।७४ सम्म रु.२ करोड ७५ लाख ५४ हजार प्राप्त गरेकोमा रु.८५ लाख ३० हजार मात्र लेखाङ्कन गरेकोले फरक रु.१ करोड ९० लाख २४ हजारको २० प्रतिशतले हुने कर रु.३८ लाख ५ हजारमा शुल्कसमेत हिसाब गरी असुल गर्नुपर्दछ ।

७३.४ आन्तरिक राजस्व कार्यालय, महाराजगंजको एक करदाताले २०७३।७४ मा रु.२० करोड ७२ लाख ३६ हजारको सामान निर्यात गरेको भन्सार अभिलेखबाट देखिएकोमा आय विवरणमा रु.४९ लाख ४५ हजार मात्र देखाएको छ । आय विवरणमा नदेखाएको रु.२० करोड २२ लाख ९१ हजारको २५ प्रतिशतले हुने कर रु.५ करोड ५ लाख ७३ हजारमा शुल्क र ब्याज हिसाब गरी असुल गर्नुपर्दछ ।

७३.५ आन्तरिक राजस्व कार्यालय, बालाजुको एक करदाताले २०७३।७४ मा विभिन्न सामग्री निकासी गरेको भन्सार तथ्याङ्कबाट रु.१४ करोड ८९ लाख ८४ हजार देखिएकोमा वित्तीय विवरणमा रु.२ करोड १५ लाख ९८ हजार मात्र देखाएकोले फरक रु.१२ करोड ७३ लाख ८६ हजारको २५ प्रतिशतले लाग्ने कर रु.३ करोड १८ लाख ४६ हजारमा शुल्क समेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

७३.६ आन्तरिक राजस्व कार्यालय, टङ्गालको एक करदातालाई २०७३।७४ मा २२ सब-डिष्ट्रिव्यूटर्सले तालिम सञ्चालन बापत रु.३ करोड १९ लाख ९७ हजार भुक्तानी गरेको देखिन्छ । सो रकमलाई करदाताले आय लेखाङ्कन नगरेकोले थप छानबिन गरी छुट भएको रकमलाई कर योग्य आयमा समावेश गरी सोमा २५ प्रतिशत कर रु.८० लाखमा शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ । साथै करदाताले तालिम सञ्चालन गरी मूल्य अभिवृद्धि कर रु.४१ लाख ६० हजार असुल नगरेकोले सो समेत रु.१ करोड २१ लाख ६० हजारमा शुल्कसमेत हिसाब गरी असुल गर्नुपर्दछ ।

७३.७ आन्तरिक राजस्व कार्यालय, वीरगन्जको एक करदाताले भन्सार तथ्याङ्कअनुसार २०७३।७४ मा रु.१८ करोड ७७ लाखको सामग्री निकासी गरेको देखिन्छ । तर वित्तीय विवरणमा रु.८ लाखको कारोबार देखाई डे १ को आय विवरण पेस गरेको छ । तसर्थ करदाताको कारोबारमा थप छानबिन गरी करदाताले देखाएको कुल आयमा ९.२० प्रतिशतले हुने रु.१ करोड ७२ लाख ६९ हजारमा २० प्रतिशत कर रु.३४ लाख ५४ हजारमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

७३.८ आन्तरिक राजस्व कार्यालय, वीरगन्जको एक करदाताले नेपाल विद्युत प्राधिकरणलाई २०७३।७४ मा रु.४ करोड ७३ लाख ४५ हजारको सामान बिक्री गरेकोमा करदाताले मूल्य अभिवृद्धि करमा रु.४१ लाख ३ हजारको बिक्री मात्र देखाएकोले फरक रु.४ करोड ३२ लाख ४२ हजारको मूल्य अभिवृद्धि कर रु.५६ लाख २१ हजारमा शुल्क र ब्याजसमेत हिसाब गरी असुल गर्नुपर्ने साथै करदाता आयकरमा नन्फाइलर रहेको सम्बन्धमा समेत छानबिन गर्नुपर्दछ ।

७३.९ आन्तरिक राजस्व कार्यालय, विराटनगरको एक करदाताले एक स्पिनिङ मिल्ससँग विगत ४ वर्षमा रु.१२ करोड १ लाखको खरिद गरेकोमा ४ वर्षकै अबधिमा आयकर तथा मूल्य अभिवृद्धि करमा शून्य बिक्री देखाएको, सामान मौज्दात समेत नदेखाएकोले छानबिन गरी छुट भएको मूल्य अभिवृद्धि कर रु.१ करोड ५६ लाख ११ हजार र आयकर रु.३ करोड समेत रु.४ करोड ५६ लाख ११ हजार असुल गर्नुपर्दछ ।

७३.१० आन्तरिक राजस्व कार्यालय, ललितपुरका एक करदाताले पेस गरेको २०७३/७४ को आय विवरणको अनुसूची १३ मा एक दूरसञ्चार कम्पनीलाई रु.४ करोड ९७ लाख ४६ हजार र अर्को एक कम्पनीलाई रु.२१ लाख २० हजारको बिक्री देखाएको छ । तर आय विवरणमा रु.१ करोड ८४ लाख ११ हजार मात्र बिक्री देखाएकोले घटी बिक्री देखाएको रु.३ करोड ३४ लाख ५५ हजारमा २५ प्रतिशतले हुने कर रु.८३ लाख ६४ हजारमा शुल्क र ब्याज समेत हिसाब गरी असुल गर्नुपर्दछ ।

७३.११ ठूला करदाता कार्यालयका एक करदातासँग २०७३।७४ मा नेपाल विद्युत प्राधिकरणले रु.११ करोड १० लाख २७ हजारको सामान खरिद गरेको देखाएकोमा उक्त करदाताले रु.६ करोड १८ लाख ९ हजारको मात्र बिक्री देखाएको छ । अतः फरक रु.४ करोड ९२ लाख १८ हजारलाई कर योग्य आयमा समावेश गरी २५ प्रतिशतले हुने कर रु.१ करोड २३ लाख ४ हजारमा शुल्क र ब्याज हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

७३.१२ पर्यटन मन्त्रालयले पर्यटक उद्धारसम्बन्धमा छानबिन गर्न गठन गरेको समितिको प्रतिवेदनमा एक करदाताले १ हजार १३० बिरामी पर्यटकको उद्धार गरी सन् २०१५ जनवरी देखि २०१८ मे ३० सम्म रु ११ करोड ३२ लाख ४० हजार भुक्तानी प्राप्त गरेको उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, बालाजु अर्न्तगतको सो करदाताले वित्तीय विवरणमा गत विगतमा कुनै कारोबार नगरेको तर २०७३।७४ मा अस्पताल बिक्री आय रु.४ करोड ७ लाख र २०७४।७५ को मे ३० सम्ममा रु.३ करोड ३१ लाखसमेत रु.७ करोड ३८ लाखको बिक्री गरेको देखिन्छ ।

करदाताको बिक्री कारोबार रु.३ करोड ९४ लाख ४० हजार न्यून लेखाङ्कन भएकोले सो सम्बन्धमा छानबिन गरी सोमा २५ प्रतिशतले हुने कर रु.९८ लाख ६० हजारमा शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

७४. **वैदेशिक रोजगार व्यवसायीको आय -** आयकर ऐन, २०५८ को दफा ७ अनुसार सेवा शुल्कलाई आयमा समावेश गर्नुपर्दछ । ठूला करदाता कार्यालय अर्न्तगतका हवाई टिकट बिक्रीको कारोबार गर्ने करदाताको बिक्री विवरण परीक्षण गर्दा आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वर, टंगाललगायतका ८ कार्यालय अर्न्तगतका वैदेशिक रोजगार व्यवसायीले खरिद गरेको टिकटको रकम आय विवरणमा लेखाङ्कन गरेको छैन । खरिद खर्चलाई आय विवरणमा लेखाङ्कन नगरेको अवस्थामा सोबाट हुने आम्दानी समेत आयमा लेखाङ्कन नहुने हुँदा थप छानबिन गरी सो खरिद कारोबार रु.५३ करोड ६ लाखमा २५ प्रतिशतले लाग्ने कर रु.१३ करोड २७ लाखमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

(रु हजारमा)

आन्तरिक राजस्व कार्यालय	करदाता संख्या	आय वर्ष	टिकट खरिद रकम	देखाएको आय	फरक	२५ प्रतिशत कर
त्रिपुरेश्वर	१	४	१६,०८,०१	४,५८,१३	११,४९,८७	२,८७,४६
टङ्गाल	३	७	६,७२,४४	२,५०,१९	४,२२,२५	१,०५,५६
कोटेश्वर	१	४	१,५५,७४	८३,०२	७२,७२	१८,१८
कालीमाटी	१	१	९१,१४	२५,५०	६५,६४	१६,४१
बत्तीसपुतली	४	१२	२९,०७,४२	१३,०९,११	१५,९८,३०	३,९९,५७
महाराजगन्ज	१	४	४,९८,५९	१,७४,३२	३,२४,२७	८१,०६
बालाजु	३	९	२६,७१,११	१२,५४,९७	१४,१६,१३	३,५४,०३
नयाँ बानेश्वर	२	५	४,०४,५१	१,४७,२७	२,५७,२४	६४,३१
		जम्मा	**९०,०८,९६**	**३७,०२,५१**	**५३,०६,४२**	**१३,२६,५८**

त्यस्तै, आयकर ऐन २०५८ को दफा ९६अनुसार आय वर्ष समाप्त भएको ३ महिना भित्र आय विवरण पेश गरी लाग्ने कर दाखिला गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व प्रशासनले प्रयोगमा ल्याएको सफ्टवेयरबाट ३ वैदेशिक रोजगार व्यवसायीले ठूला करदाता कार्यालयका एक टिकट बिक्रेतासँग मात्र रु.८ करोड १ लाखको हवाई टिकट खरिद गरेको देखिन्छ । काठमाडौँको तीनकुने र बत्तीसपुतलीबाट कारोबार गर्ने ती व्यवसायीले स्थायी लेखा नम्बर लिई आय विवरण पेस नगरेको सम्बन्धमा छानबिन गरेको छैन । तसर्थ यी वैदेशिक रोजगार व्यवसायीहरुको कारोबार छानबिन गरी करको दायरामा ल्याउनुको अतिरिक्त छुट भएको कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

७५. **प्रवर्द्धन खर्च -** आयकर ऐन, २०५८ को दफा १३ ले व्यवसायको आय आर्जनको सिलसिलामा भएको खर्च कट्टी पाउने व्यवस्था छ । बिक्रेताले व्यवसाय प्रवर्द्धन,छुट, प्रोत्साहन, बिक्री प्रवर्द्धन आदि शीर्षकमा उल्लेख्य खर्च लेख्ने, उत्पादकसँग सोधभर्ना प्राप्त नहुने, केही डिलरमार्फत ठूलो परिमाणमा बिक्री गर्ने, उत्पादक एवं डिष्ट्रिब्युटर्स दुवैले व्यवसाय प्रर्बद्धन खर्च दाबी गर्ने अवस्था देखिएको छ । ठूला करदाता कार्यालयका ५ करदाताले रु.५ अर्ब १३ करोड ९ लाखको बिक्री कारोबारमा रु.४९ करोड ७४ लाख बिक्री प्रवर्द्धन खर्च दाबी गरेका छन् । उक्त सम्पूर्ण खर्च व्यवसायको आय आर्जनसँग सम्बन्धित भए नभएको सम्बन्धमा छानबिन भएको छैन । यस्ता खर्चको प्रतिशत देहाय बमोजिम देखिएको छ:

(रु हजारमा)

करदाता	आय वर्ष	व्यहोरा	बिक्री रकम	प्रर्बद्धानात्मक खर्च	
				रकम	प्रतिशत
एक ट्रेड लिंक्स	२०७३/७४	प्राइस प्रोटेक्सन, सेल्स प्रमोशन, विज्ञापन खर्च लेखेकोमा उत्पादकबाट प्राप्त गर्नुपर्ने यस्ता रकम आय नदेखाएको	१६,४४,७७	५,९१,०९	३५.९४
एक इम्पेक्स प्रा.लि.	२०७२/७३	विज्ञापन, सर्भिस, वारेन्टी सेल्स प्रमोशन खर्चमा विदेशी ब्रान्डको मोबाइलमा सर्भिस वारेन्टी लगायत खर्च सोधभर्ना नलिएको	२५,९१,०७	५,८३,४४	२२.५२
एक ट्रेडर्स	२०७२/७३	सर्भिस चार्ज, स्कीम, इन्सेन्टिभ खर्च लेखेकोमा विदेशी ब्रान्डको गाडी बिक्रेताले उत्पादकबाट सोधभर्ना प्राप्त नगरेको	१,५२,९९,२४	१७,८८,४१	११.६९
एक इम्पेक्स प्रा.लि.	२०७३/७४	व्यापार प्रर्बद्धन, बिक्री पछिको सेवा, विज्ञापन आदि क्रेताले दाबी गरेकोमा विदेशी उत्पादकबाट सोधभर्ना प्राप्त नगरेको	२९४१५५०	१८,६५,९६	६.३४
एक ब्लेन्डर्स प्रा.लि	२०७१/७२	सबै बिक्री ३ डिलरलाई गरेकोमा अपकन्ट्री खर्च बिक्रेता मार्फत नगरी स्वयं गरेको	२३,५९,३६	१,४५,७२	६.१८
		जम्मा	५,१३,०९,९४	४९,७४,६२	

तसर्थ यस्तो खर्च गर्ने व्यवस्था र नियमनको लागि नीतिगत रुपमा सम्बोधन हुनु जरुरी छ ।

७६. **व्यवस्थापन शुल्क -** आयकर ऐन, २०५८ को दफा १३ अनुसार आय आर्जनको सिलसिलामा भएको खर्च कट्टी पाउने व्यवस्था छ । करदाताहरुले व्यवस्थापन शुल्क, प्राविधिक शुल्क, रोयल्टी आदि उल्लेख गरी लगानीकर्ता तथा सम्बद्ध कम्पनीलाई भुक्तानी दिएको देखिन्छ । लगानीकर्ताले व्यवस्थापन शुल्कसमेत लिने, यस्तो रकम भुक्तानी गर्दा सम्पादन गरेको कार्य उल्लेख नगरेको, यस्तो शुल्क भुक्तानीका कारण करदाताका अन्य खर्चमा कमी नआएको अवस्था देखिएको छ । प्रिन्सिपल कम्पनीलाई यस्तो रकम भुक्तानी हुँदा सामान्य बजार व्यवहार अनुसार भए नभएको कर परीक्षण प्रतिवेदनमा उल्लेख छैन । ठूला करदाता कार्यालयका ५ करदाताले २०७०।७१ देखि २०७३।७४ सम्म सम्बद्ध कम्पनीलाई भुक्तानी दिएको व्यवस्थापन शुल्कबापतको खर्च रु.६ करोड ९९ लाख सम्बन्धमा छानबिन गरी सम्बद्ध कम्पनीलाई व्यवस्थापन शुल्क भुक्तानी गरेको कारण मुनाफा बढी भएको सुनिश्चित हुनुपर्दछ । यस सम्बन्धमा नीतिगत सुधार हुनुपर्दछ ।

७७. **खर्च व्यवस्था -** आयकर ऐन, २०५८ को दफा २४ अनुसार यो वर्ष भएका खर्च बाहेक प्रोभिजन गरेका खर्च दाबी गर्न मिल्दैन । विदेशी उत्पादकका सवारी साधनका ४ आधिकारीक बिक्रेताले २०७२।७३ मा प्रोभिजन फर एक्सपेन्सेस भनी रु.६ करोड ६० लाख खर्च लेखेको छ । सो रकमलाई आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नदिई दफा ७ बमोजिम आयमा समावेश गर्दा लाग्ने कर रु.१ करोड ६५ लाखमा छानबिन गरी शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

७८. **कारोबारको यथार्थता -** आयकर ऐन, २०५८ को दफा ७ बमोजिम सबै सेवा शुल्कलाई आयमा समावेश गर्नुपर्ने तथा दफा १३ अनुसार आय आर्जनसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

७८.१ आन्तरिक राजस्व कार्यालय,बत्तिसपुतलीको एक करदाताले नेपाल नागरिक उड्डयन प्राधिकरणसँग गरेको सम्झौताअनुसार करदाताले क्याफे सञ्चालन गर्न मासिक रु.२१ लाख ५९ हजार घरबहाल भुक्तानी गर्नुपर्ने उल्लेख छ । सम्झौता अनुसार बहाल रकम २०७३।७४ को भाद्रदेखि ११ महिनाको रु.२ करोड ३७ लाख ४९ हजार र २०७४।७५ को रु.२ करोड ५९ लाख ८ हजारसमेत २ वर्षको रु.४ करोड ९६ लाख ५७ हजार हुनेमा आय विवरणमा रु.२ करोड ६६ लाख ४३ हजार लेखाङ्कन गरेकोले रु.२ करोड ३० लाख १४ हजार घटी खर्च लेखाङ्कन गरेको छ । घटी खर्च लेखाङ्कन गरेको अवस्थामा आय समेत यथार्थ लेखाङ्कन नहुने सम्बन्धमा थप छानबिन गरी सो रकममा २५ प्रतिशत कर रु.५७ लाख ५२ हजार र मूल्य अभिवृद्धि कर रु.२९ लाख ९१ हजारसमेत रु.८७ लाख ४३ हजारमा शुल्क र ब्याजसमेत निर्धारण गरी असुल गर्नुपर्दछ ।

७८.२ आन्तरिक राजस्व कार्यालय, नयाँसडकको एक करदाताले काठमाडौं, महेन्द्रनगर, विराटनगर र वीरगन्जमा क्यासिनो सञ्चालन गरेपनि वित्तीय विवरणमा रोयल्टी नवीकरण बापत २०७४।७५ को रु. ३ करोड ७५ लाख २७ हजार, २०७३।७४ को रु.३ करोड ५२ लाख ८५ हजार र २०७२।७३ को रु.३ करोड ३ लाख ९ हजार खर्च लेखेको छ । तर नवीकरण बापत नेपाल सरकारलाई प्रत्येक वर्ष रु ५० लाखका दरले रु १ करोड ५० लाख मात्र दाखिला गरेको पर्यटन विभागको अभिलेखबाट देखिएको छ । खर्च लेखेको रकम भुक्तानी बाँकीको विवरणमा समेत नदेखाएकोले थप छानबिन गरी बढी खर्च देखाएको रु.८ करोड ८१ लाख २१ हजारलाई करयोग्य आयमा समावेश गरी २५ प्रतिशत कर रु.२ करोड २० लाख ३० हजारमा शुल्क र ब्याज समेत असुल गर्नुपर्दछ ।

७९. **ब्याज खर्च** – आयकर ऐन, २०५८ को दफा १४ मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋणको ब्याज खर्च कट्टी पाउने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्नानुसार छन्:

७९.१ आन्तरिक राजस्व कार्यालय,चाबहिलको एक करदाताको यस वर्षको अन्त्यमा रु.५ करोड ८८ लाख ९७ हजार- ऋण बाँकी रहेको र रु.१ करोड ३ लाख १० हजार ब्याज खर्च दाबी गरको छ । व्यवसायमा लगानीको लागि लिएको ऋणमध्ये रु.५ करोड ७५ लाख सम्बद्ध कम्पनीमा गत वर्षदेखि नै लगानी गरेको देखिन्छ । व्यवसायमा पुँजीको अभाव देखाई लिएको ऋणको ब्याज खर्च दाबी गर्ने गरेको अवस्थामा लगानी गरेको रकमबाट कुनै आय नदेखाएको देखिँदा बैङ्कलाई २०७१।७२ मा तिरेको सरदर ब्याजदर १६.९० प्रतिशतले हुने रु.९७ लाख १७ हजार ब्याज खर्च अमान्य गरी २५ प्रतिशत कर रु.२४ लाख २९ हजार असुल गर्नुपर्दछ । त्यस्तै अर्को एक निर्माण व्यवसायीले २०७३।७४ मा रु.९ करोड ५० लाख ऋण लिई रु.१ करोड २२ लाख ८२ हजार ब्याज खर्च लेखेको छ । गतवर्ष रु.३ करोड १६ लाख ८७ हजारको बिक्री गरेकोमा भगिनी संस्थासँगरु.१० करोड ११

लाख ३१ हजार लिन बाँकी देखाएको छ । यस सम्बन्धमा छानबिन गरी अनुपातिक ब्याज खर्च करयोग्य आयमा समावेश गरी लाग्ने कर रु.३० लाख ७० हजारसमेत रु.५४ लाख ९९ हजारमा शुल्क र ब्याजसमेत हिसाब गरी असुल गर्नुपर्दछ ।

७९.२ ठूला करदाता कार्यालयका एक करदाताले २०७३।७४ मा आफूले लगानी गरेको सम्बद्ध हाइड्रो पावर कम्पनीसँग समेत रु.४४ करोड ७४ लाख ७१ हजार लिन बाँकी देखाएको छ । करदाताले आँफै लगानी कर्ता रहेको अर्को हाइड्रो पावर लाई रु.४ करोड ६८ लाख २१ हजार र अन्य सव कन्ट्राक्टरहरुलाई रु.२२ करोड २३ लाख ४३ हजार सापटी दिएको छ । व्यवसायमा रकम अभाव देखाई रु.३१ करोड ६० लाख ७६ हजार ऋण लिई रु.२ करोड ३८ लाख ६९ हजार ब्याज खर्च दाबी गरेको छ । लगानी तथा सापटीको प्रतिफल व्यवसायमा नदेखाएकोले अनुपातिक ब्याज खर्च कर प्रयोजनको लागि छुट नदिई निजको नोक्सानी रु.७९ लाख ६५ हजार घटाउँदा आउने नाफा रु.१ करोड ५९ लाख ४ हजारमा २५ प्रतिशत कर रु ३९ लाख ७६ हजारमा शुल्कसहित छानबिन गरी असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

७९.३ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरका एक करदाताको उद्देश्य सूचना प्रवाह र पत्रिका प्रकाशन भएकोमा बैङ्कबाट ऋण लिई २०७२।७३ मा जग्गा खरिद गरेको छ । निजले २०७२।७३ मा रु.३१ करोड ५४ लाख ५३ हजार ऋण लिई रु.२ करोड ७८ लाख ७६ हजार ब्याज खर्च दाबी गरेको छ । उक्त ऋणबाट रु.१३ करोड ६ लाख ८० हजारको जग्गा खरिद गरेको र उक्त जग्गा २०७३।७४ मा बिक्री गर्दा रु.३२ लाख २२ हजार नोक्सानी भएको उल्लेख छ । बैङ्कबाट लिएको ऋणको आनुपातिक ब्याज खर्च २०७२।७३ को ८.८३ प्रतिशतले हुने रु.१ करोड १५ लाख ३९ हजार र २०७३।७४ को ९.८० प्रतिशतका दरले रु.१ करोड २८ लाख ब्याज र नोक्सानीसमेत हिसाब गर्दा आउने रु.२ करोड ७५ लाख ६७ हजार अमान्य गरी नोक्सानी समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

७९.४ मध्यमस्तरीय करदाता कार्यालयका एक करदाताले २०७३।७४ मा रु.१ अर्ब ५२ करोड ८४ लाख ६४ हजार ऋणको रु.९ करोड ५४ लाख ८६ हजार ब्याज खर्च दाबी गरेको छ । करदाताले दीर्घकालीन लगानीमा सम्बद्ध एक इन्भेष्टमेन्ट कम्पनीलाई गत वर्षदेखि नै रु.१८ करोड अर्को, एक मल्टी डेभलपमेन्ट कम्पनीलाई रु.२ करोड ५० लाख गरी रु.२० करोड ५० लाख लगानी गरेकोमा सो लगानीबाट प्राप्त भएको आय वित्तीय विवरणमा समावेश नगरेकोले बैङ्कलाई तिरेको ब्याज दर ६.२५ प्रतिशतले हुने रु.१ करोड २८ लाख १२ हजार ब्याज खर्च अमान्य गरी नोक्सानी समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

७९.५ ठूला करदाता कार्यालयका एक करदाताले २०७३।७४ मा रु.१ अर्ब ५५ करोड १९ लाख ऋण लिई रु.८ करोड २० लाख ७६ हजार ब्याज खर्च लेखेको छ । सो ऋणमध्ये रु.१ अर्ब १८ करोड ७८ लाख (७६.५४ प्रतिशत) भगिनी संस्थालाई दिएको सापटीबाट आय प्राप्त गरेको छैन । ऋण अन्यत्र परिचालन गरेको सम्बन्धमा थप छानबिन गरी आनुपातिक ब्याज खर्च रु.६ करोड २८ लाख १९ हजारलाई कर योग्य आयमा समावेश गरी सो मा २५ प्रतिशतले रु.१ करोड ५७ लाख ५ हजारमा शुल्कसहित कर निर्धारण गर्नुपर्दछ ।

८०. **ह्रास खर्च -** आयकर ऐन, २०५८ को दफा १९ र अनुसूची २ बमोजिम निर्धारित ह्रास कट्टीको दरअनुसार ह्रास खर्च कट्टी गर्नुपर्ने र आन्तरिक राजस्व विभागको २०६४।११।१३ को परिपत्र अनुसार करदाताको आय आर्जनका लागि आवश्यक पर्ने आधारभूत सम्पत्तिलाई (घ) वर्गमा वर्गीकरण गरी १५ प्रतिशतका दरले ह्रास कट्टी गर्न मिल्नेमा ठूला करदाता कार्यालय लगायत ४ कार्यालयअन्तर्गतका ५ करदाताले २०७१।७२ र २०७३।७४मा बढी ह्रास खर्च कट्टी गरेको रकमलाई अमान्य गरी लाग्ने कर रु.९२ लाखमा छानबिन गरी शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

८१. **पुँजीगत खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १५ मा व्यापार मौज्दातको लागत गणना गर्दा लेखाको सर्वमान्य सिद्धान्तअर्न्तगत प्रत्यक्ष सामग्री, श्रम, कारखाना शिरोभार लागत बराबर हुने गरी व्यापार मौज्दातको लागत गणना गर्नुपर्ने व्यवस्था छ । शिरोभार लागतमा मर्मत सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश नहुने उपदफा ८(ग) मा उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, दमकको एक करदाताले पेस गरेको २०७२।७३ को वित्तीय विवरण अनुसार यस वर्ष मेसिनरी अर्न्तगत रु.५ करोड ४४ लाख ७० हजार मूल्यको सिलिण्डर पुँजीकृत गरेको छ । साथै उक्त पुँजीकृत सम्पत्तिलाई प्रत्यक्ष खर्च तर्फ लागतमा समावेश गरी खर्च कट्टी लिएको छ । तसर्थ उक्त खर्चलाई अमान्य गरी संशोधित कर निर्धारण आदेश पछि कायम भएको नोक्सानी रु.२ करोड २२ लाख ३२ हजार समायोजन गरी हुने नाफा रु.३ करोड २२ लाख ३८

हजारलाई करदाताको आयमा समावेश गर्दा लाग्ने २५ प्रतिशत कर रु.८० लाख ५९ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल गर्नुपर्दछ ।

८२. **ग्राहकको प्रयोगमा रहेको सम्पत्ति -** आयकर ऐन, २०५८ को दफा ७ अनुसार सेवा शुल्कलाई आयमा समावेश गर्नुपर्दछ । आन्तरिक राजस्व कार्यालय ललितपुर १ का सञ्चार सम्बन्धी कारोबार गर्ने एक करदाताले २०७२।७३ मा रु.१३ करोड ११ लाख ८५ हजार आम्दानी र रु.३१ करोड ९५ लाख २० हजार खर्च देखाएको छ भने २०७३।७४ मा रु.१५ करोड ५४ लाख ५८ हजार आम्दानी र रु.२८ करोड ९० लाख ९८ हजार खर्च देखाई हालसम्मको सञ्चित नोक्सानी रु.५९ करोड ४७ लाख ४ हजार पुगेको छ । करदाताले उक्त रकममध्ये रु.३८ करोड १ लाख ४३ हजारको सेट अप बक्स तथा कार्डलाई ग्राहकले प्रयोग गरेको र रु.२६ करोड ४ लाख २० हजार सम्पत्ति विवरणमा राखेको छ । ग्राहकले प्रयोग गरेको सेट अप बक्स करदाताको सम्पत्ति नभए पनि ह्रास खर्च रु.९ करोड ८५ लाख २९ हजार दाबी गरेको छ । उपभोक्ताले पुरै रकम भुक्तानी गरी उपयोग गरेको सामग्री करदाताको सम्पत्ति नभएको सम्बन्धमा थप छानबिन गरी पुँजीकृत सम्पत्ति रु.३८ करोड १ लाख ४३ हजारलाई निसर्ग गरेर निजको नोक्सानी रु.२१ करोड ४५ लाख ६१ हजार कायम गराउन कर निर्धारण गर्नुपर्दछ ।

८३. **नोक्सानी कट्टी** - आयकर ऐन, २०५८ को दफा २०(ख) अनुसार व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसायबाट व्यहोर्नु परेको विगत ७ आय वर्षको कट्टी हुन नपाएको नोक्सानी मात्र समायोजन गर्न पाउने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८३.१ आन्तरिक राजस्व कार्यालय, सिमराका एक करदाताले यस वर्ष विगत वर्षको नोक्सानी भनी रु.७ करोड ४८ लाख ८० हजार नोक्सानी कट्टी लिएकोमा विगत ७ वर्ष सम्मको नोक्सानी रु.३ करोड १५ लाख ९४ हजारमात्र रहेको देखिन्छ । अत: २०७३।७४ मा बढी नोक्सानी दाबी गरेको रु.४ करोड ३२ लाख ८६ हजार अमान्य गरी २५ प्रतिशतले लाग्ने कर रु.१ करोड ८ लाख २१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

८३.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका एक करदाताले २०६५।६६ को नोक्सानी रु.३ करोड ५ लाख ३७ हजारलाई २०७२।७३ मा कट्टा गरी २०७३।७४ सम्मको नोक्सानी रु.४ करोड ८४ लाख ४ हजारमा उक्त रकम घटाई रु १ करोड ७८ लाख ६७ हजार नोक्सान कायम गर्नुपर्नेमा उक्त रकम घटाएको छैन । करदाताको २०७३।७४ मा स्वामित्व परिवर्तन हुँदा गत वर्षको नोक्सानी रु.१ करोड ७८ लाख ६७ हजार मात्र जिम्मेवारी ल्याउनुपर्नेमा रु ५ करोड ७९ हजार सारी ल्याएको कारणले फरक रु.३ करोड २२ लाख ११ हजार नाफा न्यून हुन गएको छ । तसर्थ स्वामित्व परिवर्तनको हिसाब गणना गर्दा उल्लिखित कानुनी व्यवस्थाअनुसार ७ वर्ष पुरानो नोक्सानी समायोजन नगरेको कारणले राजस्व घटी असुल हुन गएको रु ८० लाख ५३ हजारमा शुल्क र ब्याजसमेत हिसाब गरी कर निर्धारण गरेर असुल गर्नुपर्दछ ।

८३.३ ठूला करदाता कार्यालयका एक करदाताले गत वर्ष र यो वर्षको औसत ऋण रु.५९ करोड १८ लाख १५ हजार रहेकोमा रु.३ करोड ९८ लाख १८ हजार ब्याज खर्च लेखेको छ । सो ऋणमध्ये २०७३।७४ मा भगिनी संस्थालाई रु.२८ करोड ३५ लाख ९६ हजार सापटी दिएको छ । उक्त सापटीबाट आय प्राप्त गरेको छैन । करदाता विगत ७ वर्षदेखि निरन्तर नोक्सानीमा रहेकोमा ७ वर्ष पछाडिको नोक्सानी र ऋण अन्यत्र परिचालन गरेको सम्बन्धमा थप छानबिन गरी अनुपातिक ब्याज खर्च रु.१ करोड ९० लाख ८१ हजार अमान्य गरी नोक्सानी समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

८४. **ऋणको प्रयोग-** आयकर ऐन, २०५८ को दफा १४ अनुसार आय आर्जनको सिलसिलामा लिएको ऋणको ब्याज खर्च कट्टी गर्न पाइने व्यवस्था छ । त्यस्तै बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैङ्क वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरुपयोग गर्नु वा गराउन नहुने व्यवस्था छ । यस्तो कसुर गरेमा एक करोडभन्दा बढी बिगो भएको अवस्थामा तीन वर्षदेखि पाँच वर्षसम्म कैद हुन सक्ने प्रावधान रहेको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

८४.१ करदाताले व्यवसाय प्रयोजनका लागि बैङ्कबाट ऋण लिई सम्बद्ध पक्षलाई दिई अन्य प्रयोजनमा प्रयोग गर्ने गरेको पाइयो । ठूला करदाता कार्यालयअर्न्तगत यससम्बन्धी केही उदाहरण निम्नानुसार छन:

(रु हजारमा)

करदाता	आर्थिक वर्ष	लिएको ऋण	ऋणमध्ये अन्यत्र प्रयोग
एक डिष्ट्रिब्युटर्स	२०७२।७३	१३४५७७	१४९८७८
एक डिष्टिलरी .	२०७३।७४	३१८१९६	२१०७३०
एक एयरलाइन्स कम्पनी	२०७२।७३	१०९५९००	२०८९००
एक हार्डवेयर कम्पनी	२०७३।७४	३१२७७७७	१६००४८

यसप्रकार एक प्रयोजनका लागि लिएको ऋण प्रयोजन विपरीत उपयोग गरेकोमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अनुसार छानबिन समेत गर्नुपर्दछ ।

८४.२ आन्तरिक राजस्व कार्यालय, ठमेलका एक करदाताले २०७३।७४ मा रु.१ अर्ब ७४ करोड ३० लाख ऋण लिई रु. २० करोड ९९ लाख ५० हजार ब्याज खर्च दाबी गरेको छ । प्राप्त ऋणमध्ये रु.१ अर्ब २१ करोड ७६ लाख भगिनी संस्थामा लगानी गरेको देखिएकोमा ती संस्थाबाट प्रतिफल प्राप्त गरेको छैन । सम्बद्ध कंपनीमा लगानीको हकमा लगानीको आय व्यय छुट्टै निर्धारण गर्नुपर्नेमा सो समेत गरेको देखिएन । अन्यत्र लगानी गरेको रु.१ अर्ब २१ करोड ७६ लाखको औसत ब्याजदर १२.०५ प्रतिशतको हुने ब्याज खर्च रु.१४ करोड ६७ लाख २१ हजार खर्चलाई अमान्य गरी २५ प्रतिशतले हुने कर रु.३ करोड ६६ लाख ८० हजारमा कर र शुल्कसमेत हिसाब गरी असुल गर्न छानबिन हुनुपर्दछ ।

८४.३ ठूला करदाता कार्यालयका एक करदाताले २०७३।७४मा रु. ३९ करोड ४४ लाख ५६ हजार ऋण लिई रु.३ करोड ८४ लाख २६ हजार ब्याज खर्च लेखेकोले सरदर ब्याजदर ९.७५ प्रतिशत रहेको छ । व्यवसायको लागि लिएको ऋणमध्ये रु.१४ करोड ४८ लाख ५४ हजार विभिन्न कम्पनीमा लगानी गरेको र रु.३ करोड ९८ लाख ८८ हजार अन्यत्र सापटी दिएकोमा सो लगानीबाट व्यवसायमा प्रतिफल प्राप्त गरेको छैन । तसर्थ अनुपातिक ब्याज खर्च रु १ करोड ८० लाख १२ हजारलाई कर योग्य आयमा समावेश गरी ३० प्रतिशत कर रु ५४ लाख ३ हजारमा शुल्कसमेत हिसाब गरी असुल गर्नुपर्दछ ।

८५. **नियन्त्रणमा परिवर्तन -** आयकर ऐन,२०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निसर्ग गरेको मानिने, त्यस्तो निसर्गलाई दफा ४१ मा थमौती सहितको निसर्ग मानिने, दफा ५७(२) अनुसार स्वामित्व परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० अनुसार कट्टी गर्न नपाउने र निसर्ग हुँदा सम्पत्तिको हकमा बजार मूल्यअनुसार मूल्यांकन भएको र दायित्वको हकमा बजार मूल्यअनुसारको निसर्ग भएको मानिने व्यवस्था छ । यससम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन्:

(रु हजारमा)

क्र.सं	आन्तरिक राजस्व कार्यालय	करदाता	नोक्सानी समायोजन गर्नुपर्ने	नोक्सानी कट्टी पश्चात्को लाभमा हुने कर	कायम गर्नुपर्ने बजार मूल्य	थमौती सहितको निसर्गमा लाभ गणना	दफा ९५ क(२) ख अनुसारको लाभ
१	भद्रपुर	१	७७८	-	६२५७८	-	-
२	दमक	१	२६८५	-	८८९१	-	-
३	धरान	१	-	-	५६६	-	३४१
४	विराटनगर	१	-	-	१२३४०	-	४७६
५	त्रिपुरेश्वर	१	-	-	१२६००	-	११९
६	सिमरा	२	११६०३	-	७३४११	-	२११
७	वीरगन्ज	२	१०३१५०	-	१५३३४	-	०
८	भुक्तपुर	१	१९०५	१३५६	-	२६००	३३७९
९	ठूला करदाता	७	४९५९५१	४१९४	२५६६६१	-	१५०२२
१०	टङ्गाल	१	९६८१	-	३६२९२	-	-
११	ललितपुर १	२	७९९	-	५४३२	-	४३
	जम्मा	**२०**	**६२६५५२**	**५५५०**	**४८४१०५**	**२६००**	**१९५९१**

उपर्युक्त तालिकाबमोजिम ११ कार्यालयअन्तर्गतमा २० करदाताको नियन्त्रणमा परिवर्तन भएकोमा ऐनको दफा ५७(२) बमोजिम नोक्सानी समायोजन गर्नुपर्ने रु.६२ करोड ६५ लाख ५२ हजार, दफा २० अनुसार नपाउने नोक्सानी कट्टी पश्चात् कायम हुने लाभमा हुने कर रु.५५ लाख ५० हजार, सम्पत्तिको बजार मूल्य कायम गर्नुपर्ने

रु.४८ करोड ४१ लाख ५ हजारको बजार मूल्य कायम गरी सोमा हुने लाभ यकिन गर्नुपर्ने, दफा ४० र ४१ को थमौतीसहितको निसर्गमा हुने लाभबाट प्राप्त हुने कर रु.२६ लाख र दफा ९५क(२)ख अनुसारको लाभमा सिर्जित कर रु.१ करोड ९५ लाख ९१ हजार असुल गर्न छानबिन गरिनुपर्दछ ।

८६. **शुल्क -** आयकर ऐन, २०५८ को दफा ५७ (३) अनुसार कुनै निकायको स्वामित्वमा कुनै आय वर्षमा दफा ५७(१) मा उल्लिखित किसिमले परिवर्तन भएमा सो आय वर्षको स्वामित्व परिवर्तन अघि र पछिको भागहरुलाई छुट्टाछुट्टै आय वर्षहरुको रुपमा मानिने उल्लेख छ । आयकर ऐनको दफा ९६ अनुसार आय विवरण पेस नगर्नेको हकमा दफा ११७(ग) अनुसार प्रति वर्ष ०.१ प्रतिशतका दरले शुल्क लाग्ने व्यवस्था भएकोमा ८ कार्यालयका १७ करदाताले स्वामित्व परिवर्तन अघिको आय विवरण हालसम्म पनि पेस नगरेकोले २०७०।७१ देखि २०७३।७४ सम्मको कारोबार रु.५ अर्ब २१ करोड ८३ लाखमा विभिन्न आर्थिक वर्ष अनुसार लाग्ने शुल्क रु.१ करोड ५० लाख र सोमा लाग्ने ब्याज समेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

८७. **नेटवर्थ चारित्रीकरण -** आयकर ऐन, २०५८ को दफा ४५ (१) को (क) अनुसार सम्पत्तिको निसर्ग हुनु तत्काल अघि सो सम्पत्तिको बजार मूल्य वा सोको खुद खर्चमध्ये जुन बढी हुन्छ सो रकम प्राप्त भएको मानिने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय विराटनगर, धरानलगायत ८ कार्यालयका १२ करदाताको २०७३।७४ र २०७४।७५ को सञ्चित मुनाफा रहेको अवस्थामा स्वामित्व परिवर्तन गर्दा उक्त मुनाफा रकमलाई मौजुदा सेयर संख्याको हिसाबले प्रिमियम गणना गरी ऐनको दफा ४५ बमोजिम कुनै प्रतिफल नलिई हस्तान्तरण गर्दा सम्पत्ति तथा दायित्वको चारित्रीकरण गर्नुपर्ने व्यवस्था अनुरुप मूल्यांकन गरेको पाइएन । करदाता नेपाल धितोपत्र बोर्डमा सूचीकृत नभएको हुँदा सेयर मूल्याङ्कनका विभिन्न विधिमध्ये कम्पनीको किताबी मूल्यको नेट वर्थको आधारमा सेयरको मूल्य कायम गर्दा ऐनको दफा ३७ बमोजिम बिक्री भएको सेयर रु.३ अर्ब २२ करोड ८६ लाखमा हुने लाभ रु.१५ करोड ५४ लाख ९५ हजारमा १० प्रतिशतका दरले कर रु.१ करोड ५५ लाख ५० हजार र सोमा लाग्ने शुल्क र ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

८८. **बिक्रीको लाभ गणना -** आयकर ऐन, २०५८ को दफा ५७ अनुसार कुनै निकायको विगत ३ वर्ष अघि सम्मको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति तथा दायित्व निसर्ग गरेको मानिने उल्लेख छ । त्यसै गरी दफा ४० को उपदफा (ङ) अनुसार कुनै निकायको सम्बन्धमा दफा ५७ बमोजिमको अवस्थामा सम्पत्ति तथा दायित्व निसर्ग गरेको मानिने उल्लेख छ । सोही ऐनको दफा ४१ अनुसार सम्पत्तिको हकमा निसर्गको समयमा सो सम्पत्तिको बजार मूल्य बराबरको मूल्य प्राप्त भएको मानिने र निसर्ग भएको बखतसम्म सो सम्पत्ति बापत गरिएका खुद खर्चहरु (नेट आउटगोईंग्स) मानिने व्यवस्था छ । दायित्वको हकमा निसर्ग भएको बखत दायित्वको बजार मूल्य सो बापत खर्च गरेको मानिने र दायित्व बापत गरिएका खुद आम्दानीहरु खर्च बराबर मानिने व्यवस्था छ ।

ठूला करदाता कार्यालयअर्न्तगतको दूरसञ्चार सेवाको कारोबार गर्ने एक करदाताको २०७२।७३ मा ८० प्रतिशत नियन्त्रण र प्रभावकारी व्यवस्थापन गर्ने मलेसियन कम्पनीले प्रकाशन गरेको वार्षिक प्रतिवेदन २०१७ अनुसार करदाताको हित नियन्त्रण गर्ने अर्को एक कम्पनीलाई प्राप्ति गर्ने कार्य सम्पन्न गरेको उल्लेख छ । वित्तीय प्रतिवेदनको नोट ४५ मा गरेको खुलासाअनुसार करदाताको कुल सम्पत्ति रु.२ खर्ब २ अर्ब ४६ करोड (मलेसियन रिंगेट ७ अर्ब ४४ करोड ९१ लाख) र तिर्नुपर्ने दायित्वमा रु ७० अर्ब ४४ करोड (मलेशियन रिंगेट २ अर्ब ५९ करोड १६ लाख) उल्लेख गरेको छ । जसबाट करदाताको खुद सम्पत्ति रु.१ खर्ब ३२ अर्ब २ करोड हुने स्पष्ट देखिन्छ । उक्त कम्पनीको वित्तीय प्रतिवेदन र खरिद बिक्री हुँदाको बखत सो करदाताको वासलात अनुसार निम्नानुसारको सम्पत्ति तथा दायित्वको अवस्था देखिन्छ ।

(रु. हजारमा)

विवरण	मलेशियन रिंगेट	नेपाली रुपैयाँ (विनिमय दर रु.२७.१८)	करदाताको वित्तीय विवरण अनुसारको किताबी मूल्य
खरिद बिक्री सम्झौता अनुसार	५३२७४६९	१४४८००६०७	
कुल सम्पत्ति	७४४९१०९	२०२४६६७८३	११७५१५३४०
कुल दायित्व	२५९१६२९	७०४४०४७६	५९६३५४९९
नेटवर्थ	४८५७४८३	१३२०२६३८८	५७८७९८४१
नन् कन्ट्रोलिंग इन्ट्रेस्ट	(९०९६४३)	(२४७२४०९६)	
ख्याति	१८४३८२४	५०११५१३६	

करदाताले पेस गरेको आय विवरण अनुसार खुद सम्पत्तिको किताबी मूल्य रु.५७ अर्ब ८७ करोड ९८ लाख छ । करदाताले दफा ५७ अनुसार स्वामित्व परिवर्तन हुनु अघि र पछिको अवधिलाई अलग अलग आय वर्ष मानी खुद लाभ रु.२४ करोड ८३ लाख देखाई आय विवरण पेस गरेको छ । करदाताले सेयर खरिद बिक्री हुँदाको सम्झौता लगायतका विवरणहरु उपलब्ध गराएको छैन । यस सम्बन्धमा विगत वर्षको प्रतिवेदनमा उल्लेख गरेपनि हालसम्म आयकर ऐन, २०५८ को दफा ५७ बमोजिम लाग्ने कर यकिन गरेको छैन । उक्त विवरणको आधारमा करदाताको सम्पत्तिको खुद मूल्य रु.१ खर्ब ३२ अर्ब २ करोडलाई खुद प्राप्ति र सो अवधिको वासलातको किताबी मूल्य रु.५७ अर्ब ८७ करोड बिचको फरकलाई दफा ५७ को प्रयोजनको लागि खुद लाभ रु.७४ अर्ब १४ करोडमा करदाताले २०७३।६।२१ मा पेस गरेको आय विवरणमा घोषणा गरेको लाभ रु.२४ करोड ८३ लाख घटाई बाँकी हुने रु.७३ अर्ब ८९ करोडमा आयकर ऐन, २०५८ अनुसार २५ प्रतिशतले रु.१८ अर्ब ४७ करोड कर निर्धारण एवं असुल भएको छैन । सो रकममा ख्यातीबापत मलेसियन कम्पनीले कायम गरेको मूल्य १ अर्ब ८४ करोड ३८ लाख रिङ्गिटको हुने रु.५० अर्ब ११ करोड ५१ लाखसमेत समावेश गर्दा उक्त रकम अझै बढ्ने देखिन्छ । तसर्थ आयकर ऐनबमोजिम लाग्ने कर शुल्क, ब्याजसमेत छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

८९. **ब्याजको पुँजीकरण -** आयकर ऐन, २०५८ को दफा १४ मा व्यवसायको आय आर्जनको लागि लिएको ऋणको ब्याज खर्च कट्टी गर्न पाउने र उपदफा १(क) अनुसार आय वर्षमा प्रयोग गरिएको सम्पत्ति खरिद गर्न प्रयोग गरिएको ऋणमा लागेको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । नेपाल लेखामान २३ ले सम्पत्ति प्रयोग योग्य नभएसम्मको ब्याज पुँजीकरण गर्ने व्यवस्था गरेको छ । ठूला करदाता कार्यालयसहित ३ कार्यालय अन्तर्गत ५ करदाताले प्रयोगमा नआइसकेको भवन निर्माण तथा जग्गामा प्रयोग भएको ऋणको ब्याज रु.११ करोड २१ लाख सम्बन्धित सम्पत्तिमा पुँजीकरण नगरी खर्च कट्टी लिएकोले २ करदाताको रु.५ करोड १२ लाख ५९ हजार नोक्सानी समायोजन गरी बाँकी ३ करदाताको रु.६ करोड ८ लाख ५४ हजार खर्च कट्टी अमान्य गर्दा हुने आयको कर रु.१ करोड ५२ लाख १३ हजार ब्याज तथा शुल्कसमेत कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

९०. **अस्वाभाविक खर्च -** आयकर ऐन, २०५८ को दफा १३ अनुसार आय आर्जनको सिलसिलामा भएको खर्च कट्टी पाउने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको २०६८।१।१९ को कर परीक्षणसम्बन्धी निर्देशनको बुँदा ५ मा पेट्रोल पम्पहरुले पेट्रोलियम पदार्थ बिक्री गर्दा बीजक नमाग्ने क्रेतालाई दिनभर बिक्री गरेको परिमाणको एकमुष्ट बीजक जारी गर्दा टि आकारमा बिक्री देखाएको बीजक जाँच गर्ने उल्लेख छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

९०.१ आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीका एक करदाताले मुगु विमानस्थल, राराको निर्माण कार्य गरे बापत विमानस्थल कार्यालयबाट रिटेनिङ वाल, खन्ने र ढुंगा माटो बिछ्याउने कार्यको लागि रु.५ करोड २ लाख ७९ हजार भुक्तानी प्राप्त गरेको छ । निजले पेश गरेको वासलातमा निमार्ण सामग्री मौज्दात बाहेक अन्य सामान मौज्दात देखिँदैन । मुगुको रारामा काम गर्ने करदाताले हेटौँडाको एक पेट्रोल पम्पबाट रु १ करोड १ लाख ५९ हजारसमेत रु.१ करोड ३९ लाख १५ हजारको ईन्धन खर्च देखाएको छ भने ढुवानी खर्च दाबी गरेको छैन । उक्त खर्च यो आयोजनाको निर्माण कार्यमा प्रयोग भएको पुष्टि हुने आधार देखिँदैन । करदाताले अन्यत्र काम गरेको समेत नदेखिएको र २०७१।७२ को आय विवरण २०७४।१२।३० मा पेश गरेकोले थप छानबिन गरी सो खर्च रु.१ करोड १ लाख ५९ हजारलाई कर प्रयोजनका लागि छुट नदिई कर योग्य आयमा समावेश गरी लाग्ने कर रु.२५ लाख ४० हजार र सो रकमको क्रेडिट मूल्य अभिवृद्धि कर रु.१३ लाख २१ हजार समेत रु ३८ लाख ६० हजारमा शुल्क र ब्याजसमेत निर्धारण गरेर असुल गर्नुपर्दछ ।

९०.२ आन्तरिक राजस्व कार्यालय, लहानअन्तर्गत पेट्रोलियम पदार्थको कारोबार गर्ने एक करदाताले २०७३।७४ मा नेपाल आयल निगमसँग रु.९ करोड ४० लाख ९० हजारको ईन्धन खरिद गरेकोमा रु.९ करोड २९ लाख ७ हजार (९८.७५ प्रतिशत) इन्धन ३५ निर्माण तथा अन्य व्यवसायीलाई बिक्री देखाएको छ । सार्वजनिक निजी तथा भाडाको सवारी साधनलाई इन्धन बिक्री गर्ने प्रयोजनले दर्ता भई राजमार्गमा संचालित पेट्रोल पम्पले अस्वाभाविक रुपमा इन्धनको मूल्य अभिवृद्धि कर क्रेडिट लिने व्यवसायीलाई मात्र बिक्री गरेको देखाएकोले उक्त कारोबार यथार्थपरक रहेको मान्न सकिएन । तसर्थ यो करदाताको कारोबार र करदाताले अनुसूची १३ मा बिक्री देखाएका ३५ करदाताले बैङ्कमार्फत भुक्तानी गरेको स्टेटमेन्ट समेत थप छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

९०.३ आन्तरिक राजस्व कार्यालय, कलंकीका एक करदाताले २०७३।७४ मा रु.१२ करोड ८ लाख ३८ हजारको इन्धन बिक्री गर्दा रु. १० करोड ११ लाख ४८ हजार (८४ प्रतिशत) निर्माण व्यवसायी तथा अन्यलाई बिक्री गरेको देखाएको छ । सार्वजनिक, निजी भाडाका सवारी साधनलाई इन्धन बिक्री गर्ने उद्देश्यले दर्ता भई राजमार्गमा संचालित पेट्रोल पम्पले ८४ प्रतिशत इन्धन व्यवसायीलाई मात्र बिक्री गरेको विषयमा निजको बैंङ्क खाता, निर्माण व्यवसायीले बैकिङ्ग माध्यमबाट भुक्तानी दिएको प्रमाण सम्बन्धमा छानबिन गरी कर दायित्वमा परेको असर यकिन गर्नुपर्दछ ।

९०.४ आन्तरिक राजस्व कार्यालय, ठमेलका एक करदाताले २०७३।७४ मा रु. ४ करोड ६१ लाख १५ हजारको बिक्रीमध्ये भगिनी संस्थालाई रु.४ करोड ३४ लाख ८७ हजारको बिक्री गरेको र सोही संस्थाबाट रु.१ करोड १९ लाख ७५ हजारको खरिद गरेको छ । करदाताले सबै सामान आफ्नो भगिनी संस्थालाई बिक्री गरेको अवस्थामा प्रशासनिक कार्यको लागि रु.१६ लाख ४७ हजार र बिक्री वितरणमा रु.४ करोड ३६ लाख ४६ हजार (बिक्रीको ९.४.६५ प्रतिशत) खर्च लेखेको रकम स्वभाविक नदेखिएकोले सो रकमलाई करयोग्य आयमा समावेश गरी निजको नोक्सानी समायोजन गर्दा आउने नाफा रु.३ करोड ३४ लाख ३६ हजारमा २५ प्रतिशत कर रु.८३ लाख ५९ हजारमा शुल्क र ब्याज समेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

९१. **घटी मौज्दात** – आयकर ऐन २०५८ को दफा १५ अनुसार आय आर्जनको सिलसिलामा भएको लागत खर्च कट्टा गर्न पाइने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

९१.१ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरका एक करदाताले २०७३।७४ को भन्सार तथ्याङ्क अनुसार रु.१३ करोड १४ लाख ८६ हजारको सामग्री पैठारी गरी रु.१ करोड ७१ लाख ८१ हजार मूल्य अभिवृद्धि कर दाखिला गरेको देखिन्छ । तर मूल्य अभिवृद्धि कर विवरणमा रु.८ करोड ८२ लाख १० हजारमात्र पैठारी देखाएकोले रु.४ करोड ३२ लाख ७६ हजार घटी खरिद लेखाङ्कन गरेको सम्बन्धमा थप छानबिन गरी सो रकमलाई करयोग्य आयमा समावेश गरेर लाग्ने कर रु.१ करोड ८ लाख १९ हजारमा शुल्क र मूल्य अभिवृद्धि करसमेत असुल गर्नुपर्दछ ।

९१.२ आन्तरिक राजस्व कार्यालय ललितपुर १ का एक करदाताले स्वास्थ्य परीक्षणसँग सम्बन्धित सामग्रीको अन्तिम मौज्दात २०७३।७४ मा रु.३ करोड ४७ लाख देखाएकोमा २०७४।७५ तथा २०७५ माघसम्म कुनै बिक्री नदेखाएको अवस्था छ । सामग्रीको प्रकृतिअनुसार वर्ष भर नै बिक्री नभएको सम्बन्धमा थप छानबिन गरी सो लाई मौज्दात घटेको सरह कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

९२. **सम्बद्ध पक्षको कारोबार -** आयकर ऐन, २०५८ को दफा ३३ बमोजिम सम्बद्ध पक्षको कारोबारबाट कर दायित्व न्यून गर्ने प्रयास भएकोमा छानबिन गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९२.१ ठूला करदाता कार्यालयका सुर्तीजन्य पदार्थको कारोबार गर्ने एक करदाताले २०७०।७१ मा होल्डिङ कम्पनीबाट रु.२ अर्ब ४६ करोड ४५ लाख ऋण लिई रु.१९ करोड ८ लाख १६ हजार ब्याज खर्च भुक्तानी गरेको छ । तर होल्डिङ कम्पनीलाई दिएको सापटी गत वर्ष रु.१ अर्ब ७० करोड ५८ लाख २३ हजार र यस वर्ष रु.१ अर्ब ९२ करोड ७७ लाख ९७ हजार रहेको छ । उक्त सापटीबाट ब्याज आम्दानी गरेको देखिएन । ऋण लिएको रकममध्ये ७८.२२ प्रतिशत सोही कम्पनीलाई पेस्की दिएको छ । करदाताले ऋणको ब्याज खर्च दाबी गरेको रु.१९ करोड ८ लाख १७ हजारमध्ये सापटीको अनुपातमा आउने रु.१४ करोड ९२ लाख ५७ हजार अमान्य गरी सोमा ३० प्रतिशतले हुने कर रु.४ करोड ४७ लाख ७७ हजारमा शुल्क एवं ब्याजसहित असुलीको लागि कर निर्धारण हुनुपर्दछ ।

९२.२ आन्तरिक राजस्व कार्यालय, भक्तपुरअन्तर्गतको एक इन्जिनीयरिङ कलेजले २०७४।७५ मा पाँच सञ्चालकलाई गत वर्षदेखि नै रु.१३ करोड ४ लाख ३७ हजार सापटी देखाएको छ । उक्त रकमको परिचालनबाट कुनै आय लेखाङ्कन गरेको छैन । वर्षभरि नै बोर्ड सदस्यलाई निर्व्याजी सापटी उपलब्ध गराएको सम्बन्धमा थप छानबिन गरी उक्त रकममा आयकर ऐन २०५८ बमोजिम सामान्य ब्याजदर १० प्रतिशतले हुने रु १ करोड ३० लाख ४४ हजारमा २५ प्रतिशत कर रु.३२ लाख ६१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल गर्न छानबिन गर्नुपर्दछ ।

९२.३ आयकर ऐन, २०५८ को दफा ४५(१) अनुसार कुनै व्यक्तिले कुनै सम्पत्ति सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरेमा सो सम्पत्ति निसर्ग हुनुभन्दा तत्काल अघिको सम्पत्तिको बजार मूल्य वा सो सम्पत्तिबापत भएको खुद खर्चमध्ये जुन बढी हुन्छ सो प्राप्त गरेको मानिने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय टङ्गालका एक करदाताले २०७२।७३ मा आफ्नो भगिनी संस्थालाई रु.५ करोड ४८ लाख ७४ हजारको स्थिर सम्पत्ति रु.२ करोडमा बिक्री गरेको उल्लेख गरी यो वर्ष कर प्रयोजनमा रु.१ करोड ६५ लाख ३३ हजार नोक्सानी सारेको देखियो । सम्बद्ध पक्षबीचको उक्त कारोबारको बजार मूल्य यकिन गरेको छैन । तसर्थ सम्पत्तिको खुद खर्चलाई आधार लिँदा ह्रासपछिको न्यूनतम मूल्य रु.५ करोड ४८ लाख ७४ हजार हुनेमा फरक गरी देखाएको बिक्रीमा ऐनको उल्लिखित दफा अनुसार फरक रु.१ करोड ८३ लाख ४० हजारमा २५ प्रतिशत कर रु.४५ लाख ८५ हजारमा शुल्क र ब्याज समेत हिसाब गरी असुल गर्नुपर्दछ ।

९३. **सेयरको पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५क (२) मा नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको निकायको हितको निसर्गबाट प्राप्त लाभमा ५ प्रतिशत कर लाग्ने व्यवस्था छ । लाभ गणना गर्ने प्रयोजनका लागि बुक क्लोज गर्दाको अन्तिम मूल्यलाई बोनस तथा हकप्रद सेयरको अनुपातले समायोजन गरी औसत गणना गर्दा आउने अङ्कमा पुनः ३ पटकको बजार मूल्यको औसत लिई कायम भएको आधार मूल्यलाई खर्च छुट दिने अर्थ मन्त्रीस्तरबाट २०६५।८।२२ मा निर्णय भएको छ । यो व्यवस्था पुँजीगत लाभ कर निर्धारण गर्ने अर्को व्यवस्था नभएसम्मका लागि लागू भएको थियो । सेयरको वास्तविक तिरेको लागतलाई आधार नलिई बजार मूल्यको आधारमा समायोजन गर्दा लागत खर्च बढी दाबी हुने गरेको छ । यसरी अङ्कित मूल्यभन्दा बोनस तथा हकप्रद सेयरको वास्तविक लागत बढी समायोजन भई पुँजीगत लाभकर घटी दाखिला भएको छ ।

यस वर्ष रु.१४ अर्ब ८० करोड २१ लाखको हकप्रद र बोनस सेयर बिक्री गरेकोमा यथार्थ लागत रु.२ अर्ब ३० करोड ४४ लाख कट्टा गरी रु.१२ अर्ब ४९ करोड ७६ लाखमा आयकर ऐन, २०५८ को अनुसूची १(४)ख३ बमोजिम ५ प्रतिशतले हुने कर रु.६२ करोड ४८ लाख ८१ हजार असुल हुनुपर्नेमा रु.४ करोड ९० लाख १० हजार मात्र असुल भएकोले रु.५७ करोड ५८ लाख ७१ हजार छुट भएको देखिन्छ । यससम्बन्धी व्यहोरा गत वर्ष औंल्याए पनि स्थिति यथावत् छ । यसबाट परेको असर यकिन गरी राजस्व असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

९४. **संस्थापक सेयरको न्यून मूल्याङ्कन -** आयकर ऐन, २०५८ को दफा ३७(१) मा कुनै सम्पत्ति वा दायित्वको निसर्ग गर्दा प्राप्त आम्दानीको भन्दा सो सम्पत्ति वा दायित्व बापतको खर्च (आउट गोइंग्स) घटी भएकोमा फरक रकम आय मानी गणना गर्ने व्यवस्था छ । संस्थापन सेयरको खरिद बिक्री कारोबार हुँदा पुँजीगत लाभकर गणनाका लागि मन्त्रालयको २०६४।१२।५ को मन्त्रीस्तरीय निर्णयमा खुद सम्पत्ति सकारात्मक भएको कम्पनीको हकमा गत वर्षको किताबी मूल्यको ५ गुणा वा साधारण सेयरको बजार मूल्यको ५० प्रतिशत मध्ये जुन कम हुन्छ सो मूल्य वा सोभन्दा बढी मूल्यमा कारोबार मूल्य कायम गर्न सकिने र खुद सम्पत्ति ऋणात्मक भएको कम्पनीको हकमा १८० दिनको औसत बजार मूल्यको ५० प्रतिशत वा कारोबार भएको दिनको बजार मूल्यको ५० प्रतिशतमध्ये जुन कम हुन्छ सोभन्दा बढी मूल्यमा गणना गर्ने उल्लेख छ । साधारण सेयरको ५० प्रतिशत हुने गरी संस्थापक सेयरको मूल्य कायम गर्ने आधार देखिँदैन ।

विभिन्न ७२ कम्पनीले २०७४।७५ मा २ करोड ५५ लाख २० हजार ३२२ कित्ता संस्थापक सेयर रु.१० अर्ब ६४ करोड १४ लाखमा बिक्री गरेको देखिन्छ । उक्त सेयर कारोबार भएको दिनको साधारण सेयरको न्यूनतम मूल्यमा बिक्री गर्दा पनि रु.१५ अर्ब ६६ करोड ८७ लाख हुने देखिन्छ । तसर्थ बिक्रीमा फरक परेको रु.५ अर्ब २ करोड ७२ लाखमा समेत पुँजीगत लाभकर गणना एवं असुल गर्नुपर्नेमा उक्त निर्णय अनुसार लाभकरको गणना गरेको कारण ५ प्रतिशतका दरले पुँजीगत लाभकर रु.२५ करोड १३ लाख घटी असुल भएकोले सो निर्णयमा पुनरावलोकन हुनुपर्दछ ।

९५. **सेयर निष्काशन खर्च -** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित खर्चहरु कट्टी गर्न पाउने व्यवस्था छ । विभिन्न २३ बैङ्क तथा वित्तीय संस्था, बीमा कम्पनीले २०७२।७३ र २०७३।७४ मा पुँजी बढाउन साधारण सेयर, हकप्रद सेयर, अतिरिक्त सेयर आदि जारी गर्दा भएको खर्च रु.३९ करोड ५९ लाख सम्बन्धित शीर्षकको जगेडाबाट खर्च लेख्नुपर्नेमा नाफा नोक्सान हिसाबबाट खर्च लेखी खर्च

दाबी गरेको सम्बन्धमा थप छानबिन गरी ३० प्रतिशतले हुने कर रु ११ करोड ८७ लाख शुल्क एवं ब्याजसहित असुली हुनुपर्दछ ।

९६. **दीर्घकालीन करार** - आयकर ऐनको दफा २६ तथा नियमावली, २०५९ को नियम १२ मा कुनै व्यक्तिलाई कुनै आय वर्षमा व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको दीर्घकालीन करार अन्तर्गत करारको सम्पन्न प्रतिशतअनुसार क्रमबद्ध वृद्धिको योगअनुसार समावेश हुने र क्रमबद्ध वृद्धिको योगअनुसार कट्टी गरिने अनुमानित रकम, प्राप्त गरिएको वा खर्च गरिएको मानिने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९६.१ ठूला करदाता कार्यालय अर्न्तगतका एक निर्माण व्यवसायीले अपर मादी आयोजनासँग २०७२।७३मा रु.३ अर्ब ९७ करोड २४ लाखको सम्झौता गरेकोमा अनुमानित लागत रु.५ अर्ब १२ करोड ३१ लाख रहेकाले निर्माण व्यवसायीले ठेक्का लिँदा नै रु.१ अर्ब १५ करोड ७ लाख नोक्सानीमा निर्माण कार्य सम्पन्न गर्ने उल्लेख गरी पेश गरेको दीर्घकालीन करारको विवरण यथार्थपरक देखिएन । सार्वजनिक खरिद कानुनमा निर्माण व्यवसायको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड समावेश गर्ने व्यवस्था अनुसार ओभरहेड बापतको रु.५१ करोड ८१ लाख घटाउँदा अनुमानित ठेक्का लागत रु.३ अर्ब ४५ करोड ४२ लाख हुन आउँछ । यो वर्षसम्म निर्माण व्यवसायीले ९१.२८ प्रतिशत काम गरेकोले सो हिसाबबाट आयोजना लागत अधिकतम रु.३ अर्ब १५ करोड ३० लाख हुने देखिएको छ । करदाताले रु.३ अर्ब ९७ करोड ७४ लाख देखाएकोले फरक रु.८२ करोड ४४ लाख बढी खर्च दाबी गरेको सम्बन्धमा थप छानबिन गरी निजको नोक्सानी रु.२१ करोड ६९ लाख घटाई फरक रु.६० करोड ७५ लाखलाई करयोग्य आयमा समावेश गरी २५ प्रतिशत कर रु.१५ करोड १८ लाखमा शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

९६.२ आयकर ऐन, २०५८ को दफा २६ मा दीर्घकालीन करार अन्तर्गत समावेश र कट्टी हुने रकमहरुमा औसत निकाल्ने तरिका उल्लेख छ । मध्यमस्तरीय करदाता कार्यालयका एक निर्माण व्यवसायीको ठेक्का आय रु.४९ करोड ७४ लाख ९१ हजार रहेकोमा अनुमानित लागत रु.५८ करोड ३६ लाख ८४ हजार देखाई रु.८ करोड ६१ लाख ९३ हजार बढी लागत खर्च दाबी गरेको छ । ठेक्काको लागत अनुमानमा १५ प्रतिशत ओभरहेड रहने हुँदा सोको अनुमानित लागत रु.४९ करोड ७४ लाख ९१ हजार हुनेमा लागत रु.८ करोड ६१ लाख ९३ हजार बढाई पेस गरेको सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

९६.३ मध्यमस्तरीय करदाता कार्यालयका एक निर्माण व्यवसायीले आय वर्ष २०७०।७१ देखि २०७२।७३ को दीर्घकालीन करारको आधारमा आय विवरण पेस गर्दा भेरिएसनबापत थप भएको रु.२४ करोड ५३ लाख ९० हजारलाई ठेक्का आयमा समावेश गरेको छैन । भेरियसन बापतको रकम समावेश नगरी आय गणना गर्दा २०७२।७३ सम्ममा रु.६ करोड ४६ लाख ४४ हजार कम लेखाङ्कन भएकोले छानबिन गरी नोक्सानी समायोजन हुनुपर्दछ ।

९६.४ ठूला करदाता कार्यालयअन्तर्गतको एक कम्पनीको कुल ठेक्का सम्झौता रु.८ अर्ब ५३ करोड ३९ लाख ९९ हजार र अनुमानित लागत रु.८ अर्ब ४५ करोड ७५ लाख ७८ हजार रहेकोमा २०७०।७१ देखि २०७२।७३ सम्मको ३ वर्षमा रु.५३ करोड ७९ लाख २ हजार खर्च गरेको छ । दीर्घकालीन करारको सम्पन्न प्रतिशत ६.३६ प्रतिशत हुने र सोको आधारमा कर प्रयोजनको लागि आय रु.५४ करोड २७ लाख ६२ हजार आय लेखाङ्कन गर्नुपर्नेमा रु.५१ करोड ६३ लाख २७ हजार मात्र लेखाङ्कन गरेकोले घटी लेखाङ्कन गरेको रु.२ करोड ६४ लाख ३५ हजारको २५ प्रतिशत कर रु.६६ लाख ८ हजारमा शुल्क र ब्याजसमेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

९६.५ ठूला करदाता कार्यालयअन्तर्गतका एक निर्माण व्यवसायीले २०७३।७४ मा ठेक्का अङ्कको ११५ प्रतिशतसम्म बीमा गराएकोमा संरचना बाढीले नष्ट गराएको लेखा टिप्पणीमा उल्लेख गरी रु ८ करोड ४४ लाख ३८ हजार खर्च गरेको छ । तर बीमा दाबी रकम आयमा लेखाङ्कन गरेको छैन । बीमा दाबीबाट गर्नुपर्ने खर्च करदाताले निमार्ण लागतमा समावेश गरी खर्च दाबी गरेको रकमलाई कर योग्य आयमा समावेश गरी २५ प्रतिशत कर रु.२ करोड ११ लाख ९ हजारमा शुल्कसमेत हिसाब गरी असुल गर्नुपर्दछ ।

९७. **गैरबासिन्दाको कर -** आयकर ऐन, २०५८ को दफा ८९(३) मा बासिन्दा व्यक्तिले ठेक्का वा करार अर्न्तगत गैर बासिन्दा व्यक्तिलाई दिने अन्य ठेक्काको भुक्तानीमा ५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

९७.१ ठूला करदाता कार्यालय अन्तर्गतका एक सिमेन्ट उद्योगले २०७२।७३ मा परामर्श सेवा प्राप्त गर्न एक विदेशी सेवा प्रदायकसँग रु.१ अर्ब २५ करोड ८० लाखमा सम्झौता गरी रु.२६ करोड ६७ लाख अग्रिम भुक्तानी गरेको उल्लेख छ । उक्त सेवा प्रदायक सो उद्योगको उपकरण खरिद, जडान र सुपरभिजनमा संलग्न हुने स्थिति देखिन्छ । निज सेवा प्रदायकले स्थायी संस्थापन दर्ता भई कारोबार गर्नुपर्नेमा गरेको छैन । तसर्थ थप छानबिन गरी सो भुक्तानी रकममा ऐनको दफा ८९ अनुसार ५ प्रतिशत अग्रिम कर रु.१ करोड ३३ लाख ३५ हजारमा शुल्क र ब्याज सहित दाखिला गर्न कर निर्धारण गर्नुपर्दछ ।

९७.२ ठूला करदाता कार्यालय अर्न्तगतका एक करदाताले २०७२।७३ मा पुँजीकरण गरेको स्थिर सम्पत्ति रु.३ अर्ब ७५ करोड ६ लाख १२ हजारमा मेसिन खरिद, उपकरण जडानसमेत रहेको छ । उक्त कारोबार सम्बन्धमा अनुसूची १३ र लेखा टिप्पणीमा खुलासा गरेको छैन । उपकरण खरिद तथा जडान कार्यमा अन्तर्राष्ट्रिय विज्ञको समेत संलग्नता हुन सक्ने सम्बन्धमा खुलासा गरेको छैन । कर लेखापरीक्षणबाट पनि यस सम्बन्धमा टिप्पणी नगरेकोले थप छानबिन गरी आयकर ऐन, २०५८ अनुसार स्थायी संस्थापनबाट गराएकोमा लाग्ने कर शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

९८. **विदेशी स्थायी संस्थापन** – आयकर ऐन, २०५८ को दफा २(कङ) मा नेपालमा १८३ दिन वा सो भन्दा बढी नेपालमा रहेको व्यक्ति बासिन्दा हुने उल्लेख छ । बासिन्दा व्यक्तिले करको दायरामा आई लाग्ने कर दाखिला गर्नुपर्दछ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९८.१ आयकर ऐन, २०५८ को अनूसूची १ अनुसार रु.२५ लाखभन्दा बढी पारिश्रमिकमा ३५ प्रतिशत कर लाग्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका एक इन्जिनियरिङ कर्पोरेसनले २०७३।७४ मा परामर्शदातालाई गत वर्ष रु.३ करोड ३ लाख ५३ हजार, यो वर्ष रु.२ करोड १७ लाख २१ हजारसमेत रु.५ करोड २० लाख ७४ हजार र अन्य सुविधा रु.५९ लाख ७८ हजार खर्च लेखेकोमा ती परामर्शदाताले स्थायी लेखा नम्बर लिई करमा दर्ता भएको समेत नदेखिँदा ३५ प्रतिशतले रु.२ करोड ३ लाख १८ हजार कर दाखिला गर्नुपर्नेमा रु.८७ लाख ६४ हजारमात्र दाखिला गरेको देखिएकोले थप छानबिन गरी छुट रु.१ करोड १५ लाख ५४ हजारमा शुल्क समेत दाखिला हुनुपर्दछ ।

९८.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरको एक करदाताले २०७३।७४ मा परामर्श सेवा बापत विदेशी कर्मचारीलाई पारिश्रमिक रु.४ करोड ८५ लाख ६० हजार भुक्तानी दिई खर्च लेखेको छ । त्यस्तै बाह्य श्रोत उल्लेख गरी रु.२ करोड ९४ लाख १९ हजारसमेत रु.७ करोड ७९ लाख ७९ हजार खर्च देखाएकोमा भुक्तानी पाउनेले करमा दर्ता भई कारोबार गरेको समेत देखिँदैन । उक्त भुक्तानीमा रु.१ करोड ६९ लाख ६८ हजारमा कर कट्टी गर्नुपर्नेमा रु.१४ लाख ३८ हजार मात्र कर दाखिला गरेकोले थप छानबिन गरी छुट भएको कर रु.१ करोड ५४ लाख ३० हजारमा शुल्क समेत हिसाब गरी असुल गर्नुपर्दछ ।

९८.३ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ का एक परामर्शदाताले स्थानीय परामर्श सेवा बाहेक अन्य परामर्श सेवा भनी २०७२।७३ मा रु.२ करोड ४८ लाख ५२ हजार र २०७३।७४ मा रु.१ करोड ७६ लाख ७९ हजार समेत रु.४ करोड २५ लाख ३१ हजार खर्च लेखेको छ । सो रकम भुक्तानी लिने विदेशी परामर्शदाता आयकरको दायरामा आएको विषयमा छानबिन गरेको नदेखिँदा आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशत अग्रिम कर र १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत रु.५५ लाख २९ हजार दाखिला गर्नुपर्नेमा राजस्व लेखा विवरणबाट रु.१३ लाख ४ हजारमात्र दाखिला गरेकोले छुट रु.४२ लाख २५ हजार असुल गर्नुपर्दछ । त्यस्तै अर्को एक करदाताले २०७३।७४ मा रु.१० करोड ४२ लाख ३६ हजार आय आर्जन गरेकोमा रु.८ करोड ६ लाख ६७ हजार सब कन्ट्रयाक्टरलाई भुक्तानी गरेको छ । पुनः प्रत्यक्ष खर्चमा टोली प्रमुख र अन्य भनी रु.१ करोड २९ लाख १६ हजार खर्च लेखेकोले सो खर्चका सम्बन्धमा थप छानबिन गरी टोली प्रमुखलाई गरेको भुक्तानीमा ३५ प्रतिशत कर रु.४५ लाख २१ हजार दाखिला गर्नुपर्नेमा रु.२० लाख २ हजारमात्र दाखिला भएकोले फरक रु.२५ लाख १९ हजारसमेत रु.६७ लाख ४४ हजार र सोमा लाग्ने शुल्कसमेत निर्धारण गरी असुल गर्नुपर्दछ ।

९९. **व्यावसायिक कारोबार -** आप्रवासन सम्बन्धी कार्य गर्ने एक अन्तर्राष्ट्रिय संस्थाको वेबसाइट एवं वार्षिक विवरणमा त्यस संस्थाले विभिन्न देशको भिसा निवेदन दिने व्यक्तिको प्रति व्यक्ति अमेरिकी डलर १२३ सम्मका दरले शुल्क लिई स्वास्थ्य परीक्षण लगायतको कार्य गर्दै आएको देखिन्छ । उक्त संस्थाले प्रदान गरेको स्वास्थ्य परीक्षणलगायतको सेवा करयोग्य कारोबार भए पनि करदाताले स्वास्थ्य सेवा शुल्क र मूल्य अभिवृद्धि कर दुवै सङ्कलन गरेको छैन । सो करदाताले खरिदमा तिरेको मूल्य अभिवृद्धि कर रु.१ करोड ७६ लाख ८७

हजार फिर्ता दिएको देखिन्छ । उक्त संस्थासँग व्यावसायिक एवं करयोग्य कारोबारमा कर सङ्कलन गरेको नदेखिँदा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

१००. **सुन खरिद -** सुन तथा चाँदीको आयात गर्ने स्वीकृति बैङ्क तथा वित्तीय संस्थालाई मात्र दिइएको छ । ठूला करदाता कार्यालयअन्तर्गतका देहायअनुसारका करदाताहरुले बैंकिङ माध्यमबाट खरिदभन्दा पनि ठूलो परिमाणमा निजी व्यक्ति र व्यवसायीबाट खरिद गरेको देखियो ।

(रु हजारमा)

करदाता	खरिद रकम	बैङ्कबाट खरिद	बैङ्कबाट खरिद प्रतिशत	व्यक्तिबाट खरिद प्रतिशत
एक ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.(२०७२।७३)	५४७०७७	८७९३४	१६.०७	८३.९३
एक ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.(२०७३।७४)	८६५२८६	९०१८०	१०.४२	८९.५८
एक ज्वेलर्स (२०७२।७३)	६५०५८२	०	०	१००
एक ज्वेलर्स (२०७२।७३)	१२०१९५६	६८६४४	५.७१	९४.२९
एक गोल्ड प्यालेस (२०७३।७४)	१०१५२६९	१७१२९४	१६.८७	८३.१३
एक ज्वेलर्स (२०७२।७३)	८९२८९५	४२९३५	४.८१	९५.१९

उक्त तथ्याङ्कबाट ५ करदाताले ६ आय वर्षमा रु.५ अर्ब १७ करोड ३० लाखको सुन खरिद गर्दा रु.४६ करोड ९ लाख (९ प्रतिशत) को मात्र बैंकिङ प्रणालीबाट खरिद भई ९१ प्रतिशत बाह्य निकाय एवं व्यक्तिबाट खरिद भएको छ । सुन तथा चाँदीको नियमन गर्ने जिम्मेवारी कुनै निकायलाई तोकेको छैन । यसरी खरिद भएको सम्बन्धमा कर परीक्षणमा उल्लेख नभएकोले राजस्वमा परेको असर सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

१०१. **सुन चाँदीको जर्ती -** ठूला करदाता कार्यालयका एक ज्वेलर्सले २०७२।७३ मा सुनको कारोबार गर्दा ज्याला खर्च देखाए तापनि सोबाट भएको बिक्रीको आम्दानी नदेखाएको कारण कर दायित्वमा असर परेको असर सम्बन्धमा कर परीक्षण गर्दा खुलासा गरेको देखिँदैन । ज्याला खर्च दाबी गरेको तर आम्दानी नदेखाएको कारण आयकर ऐन, २०५८ को दफा १३ अनुसार छानबिन गरी खर्च रु.२ करोड २५ लाख ५९ हजार अमान्य गरी ३५ प्रतिशतले हुने रु.७८ लाख ९६ हजार कर निर्धारण गर्नुपर्दछ । त्यस्तै आन्तरिक राजस्व कार्यालय, नयाँसडकका ३ करदाताले ज्याला जर्ती खर्च देखाएकोमा आय नदेखाएकोले यस्तो खर्च रु.५ करोड ७१ लाख ३२ हजार अमान्य गरी सोमा लाग्ने कर असुलीको लागि छानबिन हुनुपर्दछ ।

१०२. **दर्ता -** मूल्य अभिवृद्धि कर ऐनको दफा ७(३) अनुसार करयोग्य कारोबार गर्ने व्यक्तिले दर्ता भई रीतपूर्वक कर बीजक जारी गरी कर सङ्कलन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०२.१ मूल्य अभिवृद्धि कर निर्देशिका, २०७३ मा थ्रेसहोल्डभन्दा बढीको छुर्पी, चीजलगायत प्रशोधित डेरी प्रोडक्ट, व्यवस्थापन सेवा, फ्रोजन मिटलगायत कारोबारमा मूल्य अभिवृद्धि कर समेत समावेश हुने भनी व्याख्या गरेको छ । आन्तरिक राजस्व कार्यालय, विराटनगर, धरान, भद्रपुर, कलंकी लगायत ८ कार्यालयअन्तर्गतका १७ करदाताले २०७१।७२ देखि २०७३।७४ सम्म कारोबार गरेको भएतापनि ती कारोबारमा मूल्य अभिवृद्धि कर सङ्कलन गरेको देखिएन । कर योग्य कारोबार रु.६७ करोड ९१ लाख ९२ हजारमा मूल्य अभिवृद्धि कर सङ्कलन नगरेकोले थ्रेस होल्डभन्दा माथिको रकममा छुट भएको मूल्य अभिवृद्धि कर रु.७ करोड ८१ लाख ३७ हजारमा शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

१०२.२ आन्तरिक राजस्व कार्यालय, वीरगन्जअन्तर्गतका ६ करदाताले २०७२।७३ र २०७३।७४ मा मूल्य अभिवृद्धि करयोग्य कारोबार रु.१६ करोड ५४ लाख ३९ हजार गरेकोमा मूल्य अभिवृद्धि कर सङ्कलन गरेको नदेखिँदा छानबिन गरी छुट भएको मूल्य अभिवृद्धि कर रु.२ करोड १५ लाख ७ हजारमा शुल्क र ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ ।

१०३. **संरचना निर्माणमा कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन, अपार्टमेन्ट, शपिङ्ग कम्प्लेक्स वा अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएपनि दर्ता भएको व्यक्तिबाट गरे सरह मानी यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिबाट कर निर्धारण गरी असुल गरिने व्यवस्था छ । ठूला संरचना निर्माण गर्ने करदाताहरुले यस्तो प्रकारको निर्माण कार्य आंशिक रुपमा मात्र मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गरेको पाइयो । करदाताले पेश गरेको आय विवरण वा अनुसूची र खरिद तथा बिक्री विवरण (अनुसूची १३)

मा आधारित परीक्षण गरी मूल्य अभिवृद्धि करमा दर्ता भएकासँगको खरिद कारोबार कट्टा गर्दा समेत दर्ता नभएकासँग कारोबार गरेकोले मूल्य अभिवृद्धि कर सङ्कलन हुन नसकेको स्थिति छ । निम्न २० कार्यालय अन्तर्गतका ९० करदाताले रु.५ अर्ब ११ करोड ३९ लाखको संरचना निर्माण गरेकोमा दर्ता नभएको व्यक्तिबाट गराएकोले यसबाट मूल्य अभिवृद्धि कर रु.६६ करोड ४८ लाख सङ्कलन हुन सकेको देखिएन ।

(रु.लाखमा)

क्र.सं.	आन्तरिक राजस्व कार्यालय	करदाता सख्या	निर्माण लागत	१३ प्रतिशतले हुने मू.अ. कर
१	भद्रपुर	१०	८३९१	१०९१
२	दमक	३	९३७	१२२
३	धरान	५	१९७३	२५६
४	विराटनगर	५	४७६५	६१९
५	त्रिपरेश्वर	६	७५१३	९७७
६	हेटौंडा	५	१४९२	१९४
७	वीरगन्ज	६	४३११	५६०
८	भक्तपुर	६	१७८७	२३२
९	कृष्णनगर	१	१४५	१९
१०	नेपालगन्ज	३	६९५	९०
११	टङ्गाल	२	१६०७	२०९
१२	बुटवल	५	१०३१	१३४
१३	कोटेश्वर	१	६७	९
१४	भरतपुर	८	२६४८	३४४
१५	भैरहवा	५	६१२	८०
१६	कास्की	५	१०५३	१३७
१७	ललितपुर-२	३	१७६६	२३०
१८	बालाजु	४	१३०६	१७०
१९	ललितपुर-१	२	७०५०	९१७
२०	ठूला करदाता कार्यालय	५	१९९०	२५९
	जम्मा	९०	५,११,३९	६६४८

यस सम्बन्धमा आन्तरिक राजस्व विभागले ३ पटक परिपत्र गरी यस्तो रकम असुल गर्न निर्देशन दिएपनि कार्यान्वयन भएको छैन । यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर छुट भएको अन्य करदाताको कारोबारसमेत छानबिन गरी मूल्य अभिवृद्धि कर, थप दस्तुर, ब्याज र जरिबानासमेत असुल गर्नुपर्ने देखिन्छ ।

१०४. **दर्ता नभएकासँगको कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने व्यक्तिले यो ऐनबमोजिम लाग्ने मूल्यमा भुक्तानीका बखत कर निर्धारण र असुल गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

१०४.१ आन्तरिक राजस्व कार्यालय चाबहिलका एक करदाताले २०७३।७४मा फिल्म रिल खरिद मध्ये केडियम चार्ज र मूभि सेयर ऐक्स्पेन्सेस रु.८ करोड ७८ लाख ६७ हजारको प्रत्यक्ष खरिद गर्दा बेदर्तावाल मूल्य अभिवृद्धि कर र भुक्तानीमा कर कट्टी गरेको नदेखिँदा सो रकममा १५ प्रतिशत अग्रिम कर रु.१ करोड ३१ लाख ८० हजार र मूल्य अभिवृद्धि कर ऐनअनुसार लाग्ने बेदर्तावाल शुल्क रु.१ करोड १४ लाख २२ हजार समेत रु.२ करोड ४६ लाख २ हजारमा शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गरेर असुल गर्नुपर्दछ ।.

१०४.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका एक करदाताको २०७२।७३ को वित्तीय विवरणमा वेदर्तावाल मूल्य अभिवृद्धि कर भुक्तानी गर्न बाँकी रु.४ करोड ८ लाख ७६ हजार देखाएकोमा सो रकम दाखिला नगरेको, बक्यौतामा समावेश पनि नगरेकोले शुल्कसहित असुल गर्नुपर्दछ ।

१०५. **पुराना ट्याक्सीमा कर सङ्कलन -** सवारीसाधन आयात तथा बिक्री कारोबार गर्ने ठूला करदाता कार्यालयका २ करदाताले १ हजार ७९ पुराना ट्याक्सी खरिदबापत २०७२।७३ मा रु.१६ करोड ८ लाख प्रत्यक्ष लागत खर्च दाबी गरेका छन् । उक्त पुराना ट्याक्सीको लागत घटाई बीजक जारी गर्दा पुराना ट्याक्सीको लागत

बराबरको रकममा मूल्य अभिवृद्धि कर छुट भएकोले रु.२ करोड ९ लाख र सोमा लाग्ने शुल्क, ब्याज र दस्तुरसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

१०६. **प्याकेज टुर्स** - आन्तरिक राजस्व विभागले ट्राभल्स तथा टुर्स व्यवसायीले प्याकेज ट्रेकिंङमा मूल्य अभिवृद्धि कर सङ्कलन गर्नुपर्ने गरी २०५४।१०।६ मा परिपत्र गरेको देखिन्छ । यस्ता व्यवसायीले प्याकेज टुर्स र ट्रेकिंगमा कर छुट बिक्री भनी मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको अवस्था छ । ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर, पुतलीसडक लगायत ८ कार्यालयका २८ करदाताको यस्तो कारोबार रकम रु.९६ करोड ६३ लाख ८४ हजारमा मूल्य अभिवृद्धि कर निर्देशिका २०७३ को उदाहरण १०.१ अनुसार थ्रेसहोल्डभन्दा बढीको हकमा मूल्य अभिवृद्धि कर रु.११ करोड ११ लाख ७७ हजार, शुल्क, ब्याज र जरिवानासमेत छानबिन गरी कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

साथै अन्य करदाताको यस्तो कारोबार पर्यटन विभागमा रहेको पर्यटक व्यवस्थापन सूचना प्रणालीबाट विवरण लिई छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

ठूला करदाता कार्यालयका एक करदाताको २०७३।७४ को कुल आय रु.९९ करोड ३१ लाख ५१ हजारमध्ये टुर आय रु.३१ करोड ४ लाखमध्ये रु.४ करोड ३९ लाखमा मात्र मूल्य अभिवृद्धि कर सङ्कलन गरेकोमा बाँकी रु.२६ करोड ६५ लाखको सम्बन्धमा थप छानबिन गरी १३ प्रतिशत कर रु.३ करोड ४६ लाख कर निर्धारण गर्नुपर्दछ ।

१०७. **सङ्कलित कर नबुझाएको -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ अनुसार सङ्कलन गरेको करबाट कर लाग्ने वस्तुमा तिरेको कर कट्टा गरी दाखिला गर्नुपर्दछ । संयुक्त उपक्रमको रुपमा दर्ता भई ठेक्का व्यवसाय गरेका करदाताले डेबिट विवरण पेस गरी रकम दाखिला गर्न बाँकी देखाएको, केहीले निरन्तर रुपमा शून्य विवरण बुझाई कर नतिरेको अवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० को (ख) (४) मा राजस्व प्रशासनले संयुक्त उपक्रमका व्यवसायीले दाखिला नगरेको कर यस्ता करदाताको साझेदारबाट संयुक्त वा बेग्ला बेग्लै असुल गर्नुपर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता, व्यवसायी र सरकारी निकायबाट उठाएको मूल्य अभिवृद्धि कर दाखिला नगरी आन्तरिक राजस्व कार्यालय भद्रपुर, धरान, त्रिपुरेश्वर, वीरगन्ज लगायत १६ कार्यालयका ३०५ करदाताले विगतमा डेबिट विवरण बुझाई दाखिला गर्न बाँकी देखाएको मूल्य अभिवृद्धि कर रु.३४ करोड १४ लाख २२ हजार असुल हुनुपर्दछ ।

१०८. **समानुपातिक कट्टी** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(४) मा कर लाग्ने र कर छुट हुने कारोबार गर्नेको हकमा वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले बिक्री भएको मूल्यमध्ये कर लाग्ने कारोबारको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न सक्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम देहायका ४ आन्तरिक राजस्व कार्यालयका करदाताको नमुना परीक्षण गर्दा कर लाग्ने र नलाग्ने दुवै खरिद बिक्रीको विवरणअनुसार समानुपातिक रुपमा घटी कर समायोजन गरेको रु.२ करोड ८५ लाख ६६ हजार डेबिट समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

(रु. हजारमा)

आन्तरिक राजस्व कार्यालय	करदाता	कुल बिक्री	कर छुटको बिक्री	कर छुटको बिक्री प्रतिशत	खरिदमा तिरेको कर	कट्टी नपाउने कर	डेबिट समायोजन	कर
भद्रपुर	एक डिपार्टमेन्ट स्टोर २०७४।७५	१०११३२	८०६४	७.९७	१३२५२	१०५६	०	१०५६
विराटनगर	एक पेपर मिल्स प्रा लि २०७३।७४	२७६५४२	१९७११	७.१२	२०७८२	१४७९	४१८	१०६०
विराटनगर	वर्ल्ड ट्रेड चेनल्स २०७४।७५	२४४४८७	१४०५६८	५७.४९	१६७४६	९६२७	०	९६२७
विराटनगर	एक ट्रेड कन्सर्न २०७४।७५	२०९६०१	१६१४५८	७७.०३	६२९१	४८४६	२७८	४५६७
विराटनगर	एक सप्लायर्स २०७४।७५	३९३९७०	३३६६४२	८५.४४	७३३४	६२६६	०	६२६६
कलंकी	एक जनरल स्टोर्स २०७३।७४	१२९८४०	३७४१७	२८.८१	११७५७	३३८७	००	३३८७
कलंकी	एक इनर्जी प्रालि २०७३।७४	३९३७२३	३७५५१८	९५.३७	१६४९	१५७३	१०९	१४६३
टङ्गाल	एक कन्सर्न प्रा.लि.२०७३।७४	४९२६४	३६३३६	७३.८४	१५४४	११४०	०	११४०
							जम्मा	२८५६६

१०८.१ आन्तरिक राजस्व कार्यालय, कलंकीअन्तर्गतका एक करदाताको २०६९।७० देखि २०७२।७३ सम्मको कारोबार रु.४९ करोड ४४ लाख ८५ हजार रहेकोमा कर छुटको बिक्री रु.४२ करोड ४२ लाख ८८ हजार (८५.८० प्रतिशत) रहेको छ । करदाताले यो अवधिमा कर योग्य खरिद रु.१६ करोड ८४ लाख ५९ हजार गरी रु.२ करोड १८ लाख ९९ हजार कर क्रेडिट लिएको देखियो । कुल खरिदको ८५.८० प्रतिशतले हुने रु.१ करोड ८६ लाख १४ हजार डेबिट समायोजन गर्नुपर्नेमा रु.१० लाख २१ हजारमात्र समायोजन गरेको छ । फरक

रु.१ करोड ७५ लाख ९३ हजार कर निर्धारण गर्नुपर्नेमा निजको सो अवधिको क्रेडिट रु.१ करोड २ लाख ५१ हजार रहेकोले बाँकी रु.४९ लाख ४१ हजारमा शुल्क र ब्याज समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

१०८.२ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरका एक करदाताको २०७२।७३ मा रु.६ करोड १ लाख र २०७३।७४ मा रु.७ करोड १ लाख बिक्रीमध्ये कर योग्य बिक्रीको अनुपात ४४.५३ र ६७.९८ प्रतिशतले हुने रु.४७ लाख ५९ हजार र रु.३८ लाख ११ हजार रहेकोमा सोहीअनुसार कर क्रेडिट माग गर्नुपर्नेमा नगरेकोले बढी दाबी गरेको कर रु.३८ लाख ६० हजारमा शुल्क र ब्याज समेत छानबिन गरी असुल गर्नुपर्दछ ।

सोही करदाताले संरचना निर्माण गर्दा २०६३।६४ मा रु.१ करोड १३ लाख ३८ हजार कर क्रेडिट दाबी भएकोमा रु.८७ लाख १ हजार फिर्ता लिएको थियो । करदाताको कारोबार बस पार्किङ्ग आयमा मूल्य अभिवृद्धि कर नलाग्ने हुँदा क्रमशः बिक्री आयको अनुपातमा साविकमा कट्टी लिएको कर डेबिट गर्दै जानुपर्नेमा नगरेकोले मूल्य अभिवृद्धि कर निर्देशिकाको व्यवस्थाअनुसार छानबिन गर्नुपर्दछ ।

१०८.३ मध्यमस्तरीय करदाता कार्यालयको एक करदाताको २०७३।७४ को बिक्री रु.४९ करोड २३ लाख ४४ हजारमध्ये कर योग्य बिक्री रु.४३ करोड २३ लाख ९७ हजार रहेकोले सोको अनुपातमा ८७.८४ प्रतिशतले खरिदको कर कट्टी मिलान गर्नुपर्नेमा रु.३ करोड ५७ लाख ४७ हजार नै समायोजन गरेकोले बढी रु.४३ लाख ५४ हजारमा शुल्क र ब्याज समेत हिसाब गरी असुल गनुपर्दछ ।

१०९. **दर्ता स्थगनको कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ (४) अनुसार कर कट्टी सुविधा प्रदान गरिएका वस्तुको तोकिएको उपयोगिता अवधि समाप्त हुनु अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिए बमोजिमको वस्तु तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर निर्धारण गरिने व्यवस्था छ भने नियमावली २०५३ को नियम ४० मा कर लाग्ने र कर छुट दुवै प्रयोजनमा प्रयोग हुने सामग्रीमा कट्टी लिएको कर छुट्याउन नसकिने भएमा समानुपातिक हिसाबले कट्टी गर्नुपर्ने व्यहोरा उल्लेख छ । समानुपातिक कर कट्टी गर्ने प्रयोजनको लागि मूल्य अभिवृद्धि कर निर्देशिका २०७३ को बुँदा ७.३ मा विगतमा लिएको कर कट्टीको समेत समानुपातिक हिसाब गरी कर कट्टी पाउने र नपाउने हिसाब गर्नुपर्ने उल्लेख छ । आन्तरिक राजस्व विभागले समेत मौज्दातमा रहेको करयोग्य वस्तुको तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल गर्ने गरी २०७५।९।१५ मा परिपत्र गरेको छ । काठमाडौंका ठूला अस्पतालहरुले स्थापनाको समयमा भवन र उपकरण थप गर्दा कर कट्टी लिएकोमा आर्थिक ऐन, २०७५ मा स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरेको छ । देहायका अस्पतालले दर्ता खारेज गरेका र केहीले सामान्य सर्जिकल सामग्रीको बिक्री मात्र कर योग्य देखाई अस्पताल सेवाको आयलाई कर छुटमा देखाउने गरेको छ ।

(रु.हजारमा)

करदाता	२०७५ श्रावणको करयोग्य सम्पत्तिको अल्या मूल्य	क्रेडिट लिएको कर	आफै समायोजन गरेको	कर निर्धारण गरी समायोजन गर्नुपर्ने
एक इन्टरनेसनल अस्पताल	९९५७१४	१२९४४२	१०३६१	११९०८१
एक मेडिकल कलेज एण्ड हस्पिटल	३९८१७२८	५१७६२४	२२९५	५१५३२९
एक सिटी क्लिनिक	४०१०१८	५२१३२	०	५२१३२
एक हस्पिटल	१९९०९१	२५८८१	२२	२५८५९
एक एडभान्स स्टडिज	१४७५६५३	१९१८३४	१५००	१९०३३३
एक मेडिकल कलेज	९४११५३	१२२३४	२६२९	११९७२०
एक हस्पिटल	७१६६००	२१५७६	२९८	२१२७८
जम्मा	**८७१०९५७**	**९५०७२३**	**१७१०५**	**१०४३७३२**

मूल्य अभिवृद्धि कर कट्टी लिएको रकम करदाताले डेबिट समायोजन गरी राजस्व दाखिला गरेको नदेखिँदा २०७५ श्रावणमा ह्रास खर्च कट्टा गरेपछिको सम्पत्तिको मूल्यलाई नै बजार मूल्य कायम गरी सोही आधारमा आउने रकममा कर रु.१ अर्ब ४ करोड ३७ लाख ३२ हजार र शुल्क समेत हिसाब गरी छानबिन गरेर असुल गर्नुपर्दछ ।

आन्तरिक राजस्व कार्यालय टङ्गालका एक करदाताले साविकमा मूल्य अभिवृद्धि कर तिरेको सामग्री २०७३।७४ मा बिक्री गरेपछि मूल्य अभिवृद्धि कर असुल गर्ने स्थिति नरही सबै सम्पत्ति बिक्री गर्दा मूल्य अभिवृद्धि कर सङ्कलन नगरेकोले रु.७१ लाख ३३ हजारमा शुल्क र ब्याजसहित असुल गर्नुपर्दछ ।

११०. **नपाउने क्रेडिट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम नपाउने क्रेडिट लिएको सम्बन्धमा देहाय बमोजिम कर निर्धारण गर्नुपर्ने देखिन्छ:

११०.१ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ११ (ङ) मा लगातार बाह्र महिनाभन्दा बढी शून्य विवरण पेस गरेमा दर्ता खारेजी गर्ने व्यवस्था रहेको छ । करदाताको रिटर्न डिटेल्सअनुसार देहायबमोजिम लगातार ३६ महिनाभन्दा बढी शून्य विवरण पेस गर्ने करदाताले समेत विगतदेखि नै निरन्तर मूल्य अभिवृद्धि कर क्रेडिट देखाँउदै आएका छन् । तसर्थ उक्त क्रेडिट सम्बन्धमा छानबिन गरी रु.६ करोड ६३ लाख ४५ हजार कर निर्धारण गर्नुपर्दछ ।

आन्तरिक राजस्व कार्यालय	करदाता संख्या	क्रेडिट रकम रु हजारमा	कैफियत
भद्रपुर	४	५९८४	२०६८।६९ देखि शून्य विवरण पेस गरेको
धरान	३	४०८४	विगत वर्ष देखि नै शून्य विवरण पेस गरेको
विराटनगर	४	५४१५	विगत वर्ष देखि नै शून्य विवरण पेस गरेको
त्रिपुरेश्वर	१	२६०९	विगत २४ महिना देखि शून्य विवरण पेस गरेको
सिमरा	६	१३०६७	२०७०।७१ देखि शून्य विवरण पेस गरेको
ललितपुर २	२	३०७३	विगत २४ महिना देखि शून्य विवरण पेस गरेको
पुतलीसडक	२	२४९३५	विगत १०४ महिनादेखि शुन्य विवरण पेश गरेको
ललितपुर १	३	७१७८	२०७०।७१ देखि शून्य विवरण पेस गरेको
	जम्मा	**६६३४५**	

११०.२ मूल्य अभिवृद्धि कर नियमावली २०५३ को दफा ३९ (२) अनुसार साविकमा मूल्य अभिवृद्धि कर तिरी सो सम्पत्ति नोक्सानी भई बीमाबाट क्षतिपूर्ति लिँदा साविकमा क्रेडिट लिएको मूल्य अभिवृद्धि कर निर्धारण गरी असुल गर्नुपर्नेमा आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरका एक करदाताको २०७२।७३ को लेखा टिप्पणीमा रु.२ करोड ७४ लाख भवनको बीमा दाबी प्राप्त भएको उल्लेख छ । सोमा क्रेडिट लिएको मूल्य अभिवृद्धि कर समायोजन गरेको नदेखिँदा छानबिन गरी रु ३५ लाख ६२ हजारमा शुल्कसहित कर निर्धारण गरेर असुल गर्नुपर्दछ ।

११०.३ आन्तरिक राजस्व कार्यालय, ललितपुर २ का एक करदाताले आयकरतर्फ दायित्व रु.९ करोड ६६ लाख ४१ हजार राफसाफ गरी स्वयंले घटाएको छ । तर मूल्य अभिवृद्धि करतर्फ कुनै रकम डेबिट समायोजन गरेको छैन । करदाताको २०७२।७३ र २०७३।७४ को कर योग्य आम्दानी रु.७ करोड ७१ लाख ७६ हजार र कर योग्य खरिद रु.२४ करोड ४७ लाख ८५ हजार रहेको र मौज्दात समेत नरहेको अवस्था छ । यसरी खरिद बिक्री कारोबार स्वभाविक देखिएन । खरिदभन्दा बिक्री न्यून देखाई क्रेडिट लिएको रकम व्यवसायसँग सम्बन्धित नरहेको सम्बन्धमा छानबिन गरी फरक रु.१६ करोड ७६ लाख ९ हजारमा क्रेडिट लिएको मूल्य अभिवृद्धि कर रु.२ करोड १७ लाख ८९ हजारमा निजको क्रेडिट घटाई बाँकीमा कर निर्धारण गर्नुपर्दछ ।

११०.४ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० अनुसार बिक्रीमा मूल्य अभिवृद्धि कर सङ्कलन नगर्ने अवस्थामा खरिदमा तिरेको क्रेडिट कट्टी नपाइने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय भक्तपुरका २ गैरसरकारी संस्थाले रु.५२ लाख ८२ हजार समायोजन नगरी क्रेडिट देखाएका छन् । ती संस्थाले बिक्रीमा कर सङ्कलन नगर्ने हुँदा कर निर्धारण गरी क्रेडिट अमान्य गर्नुपर्दछ ।

११०.५ आन्तरिक राजस्व कार्यालय, भैरहवाको एक करदाताको रु.८४ लाख ८३ हजार बक्यौता रहेकोमा कार्यालयले मूल्य अभिवृद्धि कर रु. ३२ लाख ७३ हजार फिर्ता दिँदा बक्यौता नघटाई भुक्तानी गरेको छ । सो सम्बन्धमा छानबिन गरी असुलीतर्फ कारबाही गर्नुपर्दछ ।

१११. **बिक्री फरकमा कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ अनुसार करयोग्य कारोबार गर्ने व्यक्तिले दर्ता भई रीतपूर्वक कर बीजक जारी गरी कर सङ्कलन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१११.१ आन्तरिक राजस्व कार्यालय, वीरगन्जका एक करदाताले २०७४।९।३ मा मूल्य अभिवृद्धि करतर्फ दर्ता भएकोमा हालसम्म मूल्य अभिवृद्धि कर विवरण बुझाएको छैन । आय विवरणतर्फ २०७३।७४ मा रु.५१ करोड १५ लाख

८६ हजार कारोबार गरेको उल्लेख छ । करदाताको खरिद बिक्री विवरण (अनुसूची १३) अनुसार एक अटो ट्रेडिंगलाई रु.८ करोड १३ लाख र अर्को अटो ट्रेडलाई रु.१ करोड ८२ लाख बिक्री देखाएको छ । अटो मोबाइलसँग सम्बन्धित कारोबार मूल्य अभिवृद्धि करयोग्य कारोबार देखिएकोले छानबिन गरी उल्लिखित बिक्रीमा छुट भएको मूल्य अभिवृद्धि कर रु.१ करोड २९ लाख ३५ हजारमा शुल्क र ब्याजसहित असुल गर्नुपर्दछ ।

१११.२ आन्तरिक राजस्व कार्यालय बालाजुका एक करदाताले भन्सार तथ्याङ्कअनुसार रु.७ करोड २६ लाख ५६ हजार निर्यात गरेकोमा मूल्यअभिवृद्धि करमा रु.३ करोड ४२ लाख ९१ हजारमात्र निकासी देखाएको छ । निकासीमा फरक देखिएको रु.३ करोड ६५लाख ६४ हजार बिक्रीमा नदेखाएकोले छानबिन गरी सोको १५ प्रतिशत आयकर रु.५४ लाख ७० हजार छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

१११.३ आन्तरिक राजस्व कार्यालय ललितपुर-१ का एक निर्माण व्यवसायीले आयकर विवरणमा २०६९।७० र २०७०।७१ समेत २ वर्षमा रु.३ करोड ४० लाख ९० हजार बिक्री देखाएतापनि मूल्य अभिवृद्धि करमा रु.४१ लाख ८५ हजारमात्र बिक्री देखाएकोले न्यून बिक्री देखाएको रु.३ करोड ९१ लाख ६ हजारमा छुट भएको मूल्य अभिवृद्धि कर रु.३९ लाख १३ हजार रकममा शुल्कसहित असुल गर्नुपर्दछ ।

१११.४ आन्तरिक राजस्व कार्यालय, चावहिलका एक निर्माण व्यवसायीले २०७३।७४ मा दीर्घकालीन करारअर्न्तगत आय विवरण पेस गरेको छैन । आय विवरणमा रु.१२ करोड ३८ लाख १९ हजारको बिक्री देखाएकोमा मूल्य अभिवृद्धि करमा खरिद बिक्री शून्य देखाएकोले बिक्री रकमको मूल्य अभिवृद्धि कर रु.१ करोड ६० लाख ९७ हजारमा शुल्कसमेतल छानबिन गरी असुल गर्नुपर्दछ ।

११२. **मूल्य अभिवृद्धिकर कोष** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा आर्थिक कारोबार बन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावीधक गरी बाँकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । विभागले मूल्य अभिवृद्धि कर फिर्ता गर्न आन्तरिक राजस्व कार्यालयलाई पठाएको रु.५ अर्ब ९५ करोड ५२ लाख ७५ हजारमध्ये रु.५ अर्ब ५५ करोड ५० लाख खर्च भएको र रु.२६ करोड ६२ लाख २४ हजार राजस्व दाखिला गरी बाँकी रु.१३ करोड ४० लाख ५१ हजार आन्तरिक राजस्व कार्यालय पोखरा, पुतलीसडक र विभागमा मौज्दात देखिएकोले उक्त रकम राजस्व दाखिला हुनुपर्दछ ।

११३. **कपडा उद्योगलाई दोहोरो कर फिर्ता -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को दफा १८ अनुसार स्वदेशी कपडा उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई बिक्री गरी उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत क्रेडिट समायोजन दिने व्यवस्था छ । ठूला करदाता कार्यालयका देहायका कपडा उद्योगले आफूले खरिदमा तिरेको कर क्रेडिट लिएपछि पुनः बिक्रीमा उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत क्रेडिट समायोजन गरेको र ती उद्योगसँग खरिद गरी बिक्री गर्ने अन्य उद्योगले पनि पुनः खरिदमा तिरेको सम्पूर्ण कर केडिट लिएका छन् । खरिदमा तिरेको शत प्रतिशत र बिक्रीमा सङ्कलन गरेको ७० प्रतिशत क्रेडिट दिँदा राज्यकोषमा जम्मा भएको भन्दा ७० प्रतिशत बढी फिर्ता भएको अवस्था छ । यसरी दोहोरो क्रेडिट दाबी गरेकोमा थप छानबिन गरी क्रेडिट समायोजन भएको कारण राजस्व घटी असुल भएको रु १६ करोड २० लाख २१ हजारका सम्बन्धमा थप छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

(रु. हजारमा)

बिक्री गर्ने धागो उद्योग	बिक्रीकर्ताको क्रेडिट समायोजन	खरिदकर्ता	खरिदकर्ताले बिक्री गर्दा गरेको क्रेडिट समायोजन (७०%)
एक स्पीनिङ्ग मिल (२०७२।७३)	१०२४०१	२६ कपडा व्यवसायी	४८८६८
एक स्पीनिङ्ग मिल (२०७३।७४)	५९२९७	२५ कपडा व्यवसायी	५६२९७
एक स्पीनिङ्ग मिल्स (२०७३।७४)	३३६५६	१२ कपडा व्यवसायी	२४३७७
एक स्पीनिङ्ग मिल्स (२०७३।७४)	४१११७	१६ कपडा व्यवसायी	२२९६१
एक सिन्थेटिक उद्योग (२०७२।७३)	१३४३२	३ कपडा व्यवसायी	९५१८
		जम्मा	**१६२०२१**

११४. **बढी कर फिर्ता -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २५ (ग) मा अनुसूची १ अनुसार कर फिर्ता सुविधा लिएको कुनै वस्तु निर्यात वा पुनः निर्यात गर्दा कर फिर्ता सुविधा नपाउने उल्लेख छ । मूल्य अभिवृद्धि कर निर्देशिकामा पहिला फिर्ता लिएको रकम कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । देहायका ३ कार्यालयका ४

करदाताले चिया, कपडा, गार्मेन्टलगायतका सामग्री बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि कर फिर्ता लिएका छन् । निजहरुसँग खरिद गर्ने करदाताले निर्यात गर्दा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर पहिलो करदाताले फिर्ता लिएको रकम नघटाई शत प्रतिशत फिर्ता दिएको सम्बन्धमा छानविन गरी बढी भुक्तानी भएको रकम रु.१ करोड ९१ लाख ३० हजार असुल गर्नुपर्दछ ।

रु हजारमा

आन्तरिक राजस्व कार्यालय	करदाता	मू.अ.कर फिर्ता लिएको सँगको खरिद	फिर्ता लिएको मू.अ.कर	नपाउने फिर्ता
भद्रपुर	एक टि प्रोड्युसर	४९२४२	६४०१	३२००
चाबहिल	एक गार्मेन्ट	४८३६७	४९९८	४९९८
चाबहिल	एक एक्सपोर्ट हाउस	१५३४७१	९९७५	९९७५
बालाजु	एक टेक्सटाइल	१४७२९	९९७५	९५७
			जम्मा	१९१३०

११५. **छडको उत्पादनशीलता -** आन्तरिक राजस्व कार्यालय, सिमराका एक उद्योगलाई उद्योग विभागले ९४.३४ प्रतिशत उत्पादनशीलताको स्वीकृति दिएको छ । करदाताले कच्चा पदार्थ ३ लाख ३१ हजार ४५९ मेट्रिक टन बाट ३ लाख ९ हजार ९२ मेट्रिक टन रड उत्पादन गरेकोले प्रतिलब्धि दर ९२.२५ प्रतिशत रहेको देखिन्छ । घटी उत्पादन देखाएको ३ हजार ६०६ मेट्रिक टनमा अन्त:शुल्क ऐन, २०५८ को अनुसूची १ अनुसार लाग्ने प्रति के.जी. रु.१।५० का दरले हुने अन्त:शुल्क रु.५४ लाख ९ हजार जरिवाना, ब्याज एवं शुल्क र सोको मूल्य अभिवृद्धि कर र आयकरमा पर्ने प्रभावसमेत छानविन गरी असुल हुनुपर्दछ ।

११६. **फलाम तथा डण्डी उद्योगको कर** - फलाम तथा डण्डी उद्योगहरुले पेश गरेको आय विवरण र भुक्तानी गरेको आयकर व्यवस्थाको विश्लेषण गर्ने प्रयोजनका लागि ठूला करदाता कार्यालयको ११ उद्योगहरुको कारोबार अध्ययन गर्दा देखिएका व्यहोरा निम्न छन्:

११६.१ विश्व स्टिल संगठनले फलामको कच्चा पदार्थबाट उत्पादन हुने छडको प्रतिलब्धि दर ९८ प्रतिशत हुने उल्लेख गरेको छ । नेपालमा उद्योग विभागले यस्ता उत्पादनमा उत्पादनशीलता १०६ के.जी. बाट १०० के.जी. अर्थात् ९४.३४ प्रतिशत हुने नर्म्स् स्वीकृत गरेकोले विश्व स्टिल संगठनको मापदण्डभन्दा ३.६६ प्रतिशत घटी हुने गरी नर्म्स स्वीकृत गरेको देखियो । कच्चा पदार्थ एवं प्रविधिको विश्लेषण गरी उक्त नर्म्समा पुनरावलोकन हुनुपर्दछ ।

११६.२ फलाम तथा डण्डी उद्योगहरुको बिक्री कारोबार २०७२/७३ मा रु ३८.८२ अर्ब रहेको मा २०७३/७४ मा ५९.३५ अर्ब अर्थात ५३ प्रतिशत वृद्धि भएको छ । त्यस्तै २०७४/७५ मा रु. ७८.५६ अर्ब पुगी गतवर्ष भन्दा ३३ प्रतिशत बढेको छ । यो तथ्यांकले देशमा औद्योगीकरणको विकास, निर्माण कार्यको बढोत्तरी र पुन:निर्माणको कार्यमा व्यापकता आई उद्योगहरुको कारोबार वृद्धि भइरहेको देखिन्छ । अध्ययन गरिएका उद्योगको तथ्याँङ्कबाट २०७४/७५ मा कुल मुनाफा १०.७४ देखि १५.७३ प्रतिशत सम्म रहेको छ । गत वर्ष यस्तो नाफा १०.३२ देखि २३.२० प्रतिशत सम्म रहेको थियो । यस प्रकार कूल नाफामा असामान्य फरक हुँदा पनि राजस्व प्रशासनबाट न्यून कुल नाफाको करदाताको कारोबार छानविन भएको छैन । समग्र पक्ष विश्लेषण गर्दा कूल नाफा २०७२।७३ मा २३.०१ प्रतिशत रहेकोमा २०७३/७४ मा १६.९८ र २०७४/७५ मा १३.०१ प्रतिशतमा झरेको छ । कारोबारमा वृद्धि भएपछि उत्पादन लागत घट्दै जानुपर्नेमा बढ्न गएको पक्ष विचारणीय छ ।

११६.३ फलाम तथा डण्डी उद्योगको कारोबारमा वृद्धि हुँदै गएकोमा खुद नाफामा क्रमश: कमी आएको देखिन्छ । करदाताहरुको ब्याज, ह्रास खर्च र कर अगाडिको आय मार्जिन २०७२।७३ मा ३.७१ देखि १५.३९ प्रतिशत रहेकोमा २०७४।७५ मा ४.८८ देखि १४.५७ प्रतिशत भई औसतमा १०.५९ प्रतिशत रहेको छ । त्यस्तै खुद नाफाको अंक २०७२।७३ मा रु. ५.७३२ अर्ब रहेकोमा २०७३।७४ मा रु.५.३४९ अर्ब र २०७४।७५ मा ४.७९८ भई क्रमश: घटेको छ । व्यवसायको कुल नाफामा सामान्य फरक आउने विषय स्वाभाविक भए पनि असामान्य रुपमा न्यून नाफा/एवं नोक्सानी देखाएको करदाताको कारोबार सम्बन्धमा क्षेत्रगत करदाताको सूक्ष्म अध्ययन एवं विश्लेषण गर्नुपर्ने देखिन्छ ।

११६.४ उद्योगको ऋण र पुँजीको अनुपात तोकिएको छैन । समग्रमा ऋण पुँजीको अनुपात ४ गुणा देखिए तापनि २०७२/७३ मा एक उद्योगको २०.८७ गुणा, २०७३/७४ मा अर्को उद्योगको ९.५२ गुणा सम्म रहेको छ । यसप्रकार करदाताले लगानी गर्ने पुँजीको सम्बन्धमा स्पष्ट व्यवस्था नगरिँदा करदाताले ठूलो ऋण लिएर उद्योगमा ब्याज खर्चको भार बढाउँदा कर प्रयोजनको लागि नाफामा न्यूनता आएको छ । करदाताहरुले शेयरको रकम नबढाई गत विगत वर्षदेखि सेयर एप्लिकेसनबापत रु.२१.७० करोडसम्म वासलातमा देखाएका छन् । यस्तो एप्लिकेसनको रकम कहिलेसम्म दायित्वमा देखाउने नीति बनेको छैन । यसप्रकार प्राप्त हुने रकमको स्रोतसमेत यकिन भएको छैन । ऋण र पुँजीको अनुपात, सञ्चालक सापटीलगायतका विषयमा छानबिन एवं कम्पनीमा कारोबार गर्ने सञ्चालकले अनिवार्य स्थायी लेखा नम्बर लिई आय व्यय घोषणा गर्नुपर्दछ ।

११७. **सिमेन्ट उद्योगको उत्पादनशीलता** – सिमेन्टको कच्चा पदार्थ क्लिङ्कर उत्पादनका क्रममा प्रयोग हुने कच्चा पदार्थमा निहित म्वाइस्चरलगायतका सम्पूर्ण ग्याँसको उत्सर्जन भई व्यास २५ एम.एम.सम्मको ढुङ्गा सरह कडा पदार्थको रुपमा क्लिङ्कर बन्छ । क्लिङ्करलाई ग्राइन्डिङ्ग मिलमा पिँध्दा सोको तौलमा अदृश्य ह्रास हुने स्थिति नरहने हुँदा प्रयोग भएको पदार्थको परिमाणको शतप्रतिशत नै उत्पादन हुने देखिन्छ । अन्य सहायक पदार्थको वजनमा नगण्य मात्रामा ह्रास भए पनि उत्पादनका क्रममा क्लिङ्कर र सहायक पदार्थको मिश्रणलाई पिँध्दा ग्राइन्डिङ्ग मिलमा फलामको मेडिया बल पिँध्ने क्रममा खिइने र यसरी खिएको बलको फलामको धूलो पनि सिमेन्टमा नै मिश्रण हुने हुनाले कच्चा पदार्थको खपत परिमाणअनुसार नै उत्पादन हुनुपर्दछ । कर परीक्षण गरिएका फाइलको अध्ययन गर्दा सरकारको स्वामित्वमा रहेका दुई सिमेन्ट उद्योगले क्लिङ्करको खपतबाट शतप्रतिशत परिमाणमा सिमेन्टको उत्पादन गरेका र निजी क्षेत्रबाट सञ्चालित २ उद्योगले पनि २०७२।७३ मा शत प्रतिशत नै उत्पादन गरेको पाइयो ।

ठूला करदाता कार्यालयको क्षेत्राधिकारका ४ करदाताले ३ हजार ३३० मेट्रिक टन सिमेन्टको उत्पादन घटी देखाई बिक्री गरेकोले सोमा लाग्ने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर रु.५२ लाख ८६ हजार असुल गर्नुपर्ने र करदाताको करयोग्य आयमा समावेश नभएको बिक्री रु.४ करोड १ लाख नोक्सानी समायोजन गर्न छानबिन गर्नुपर्दछ ।

११८. **बियरमा जर्ती –** अन्तःशुल्क नियमावली, २०५९ को नियम २३(क) मा बियर उत्पादन गर्ने उद्योगलाई तयारी बोतलबन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाणभन्दा बोतलबन्दीपछि बोतल गणनाबाट देखाएको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशतसम्म र पाश्चाराइजेसन, प्याकेजिङ तथा गोदाम भण्डारण गर्दा टुटफुट बियरको भौतिक परीक्षण गर्दा बढीमा २ प्रतिशतसम्म मिनाहा दिन सक्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, भरतपुर अन्तर्गतको एक बियर उद्योगले फ्लोमिटर बिग्रिएको अवस्थामा समेत पाश्चाराइजेसन र प्याकिङ्गतर्फ २ प्रतिशतभन्दा १२ लाख ५८ हजार लिटर बढी जर्ती दाबी गरी प्रतिलिटर रु.११५।- ले हुने अन्तःशुल्क मिनाहा लिएको रु.१४ करोड ४७ लाख कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

११९. **अन्तःशुल्क स्टिकर** - स्टिकर व्यवस्थापनको लागि सफ्टवेयरको प्रयोग गरी पारदर्शी बनाउने नीति रहेको छ । अन्तःशुल्क स्टिकर सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

११९.१ अन्तःशुल्क लाग्ने वस्तुहरु (मदिरा, चुरोट तथा सुर्तीजन्य) को उत्पादन तथा आयातमा प्रयोग गर्ने विभिन्न शक्ति र साइजका अन्तःशुल्क स्टिकर ४ अर्ब ९७ करोड २६ लाख थान २०७५ श्रावणसम्ममा आपूर्ति गर्ने गरी इन्डोनेसियाको एक कम्पनीसँग २०७३।४।२७ मा अमेरिकी डलर ६५ लाख ८१ हजारको सम्झौता भएकोमा ४ अर्ब ३८ करोड ३६ लाख स्टिकर आपूर्ति भई ५८ करोड ८९ लाख आपूर्ति हुन बाँकी रहेको छ ।

११९.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति लिने व्यवस्था रहेकोमा खरिद सम्झौता अनुसार खरिद आदेशमा उल्लेखित अवधिमा सामान सप्लाई नभए खरिद आदेशको रकममा मात्र पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी सम्झौता गरेको छ । सम्झौता अनुसार ३ खरिद आदेशबाट प्राप्त हुनुपर्ने सामान ढिला प्राप्त भएकोले रु.४४ लाख १४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने देखिएको छ । उक्त रकम असुल हुनपर्दछ ।

११९.३ आन्तरिक राजस्व विभागले साविकमा भारतको एक छपाई कम्पनीमार्फत छपाई गरेको स्टिकरमध्ये आवश्यक परेमा वैकल्पिक रुपमा प्रयोग गर्न सकिने उल्लेख गरी भरतपुर, हेटौँडा र सिमराको गोदाममा ९ करोड ५५

लाख ८० हजार स्टिकर मौज्दात देखाएको छ । साथै सो भन्दा अगाडि लिथुवानिया र इन्डोनेसियाबाट खरिद गरिएका हाल प्रयोगमा नरहेका स्टिकरहरु थापाथलीको गोदाममा रहेका छन् । उक्त स्टिकरहरुको उचित व्यवस्थापन हुनुपर्दछ ।

११९.४ विभागको प्रतिवेदनअनुसार अन्तःशुल्क स्टिकर नै टाँस नभएका, नक्कली अन्तःशुल्क स्टिकरको प्रयोग गरेका, तोकिएभन्दा फरक शक्तिको अन्तःशुल्क स्टिकर प्रयोग गरेका ११ मदिरा उत्पादक प्रतिष्ठानलाई कारबाही गरेको उल्लेख छ । त्यस्तै अन्य निकायबाट स्टिकरको आधिकारिकता परीक्षण गर्न विभागलाई प्राप्त भएका नमुनाको परीक्षण गर्दा केही नमुना नक्कली देखिएको अवस्था छ । तसर्थ नक्कली स्टिकरको प्रयोग नियन्त्रण गर्न एवं उपयोग भएको स्टिकरबाट प्राप्त राजस्व रकमको यथार्थताप्रति विश्वस्त हुन स्टिकरको अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२०. **पैठारीको अन्तःशुल्क क्रेडिट -** आर्थिक ऐन, २०७४ अनुसार अन्तःशुल्क ऐन, २०५८ को दफा ३ क (५) मा भन्सार महसुल माफी भएका कच्चा पदार्थ र पार्टपुर्जा पैठारी गर्दा तिरेको अन्तःशुल्क कट्टी गर्न नपाइने व्यवस्था छ । टेलिभिजन एसेम्बल उद्योगहरुले टेलिभिजन जडान गर्नका लागि आवश्यक पार्टपुर्जा पैठारी गर्दा २० प्रतिशत भन्सार महसुल लिई जाँचपास गर्नुपर्ने गरी भन्सार दरबन्दी कायम गरपनि सो दरबन्दी प्रयोग नगरी सबै एसेम्बल टेलिभिजन उद्योगले एसेम्बल सामग्रीलाई पार्टसको बेग्लै भन्सार दरबन्दी प्रयोग गरी १० प्रतिशत अन्तःशुल्क तिरी विगतमा जाँचपास गरेको देखिन्छ । टेलिभिजन बिक्रीमा ५ प्रतिशत मात्र अन्तःशुल्क सङ्कलन गर्दा क्रेडिट रहेको अन्तःशुल्कलाई ती उत्पादकले जिम्मेवारी सार्दै आएको छ । यसरी भन्सार महसुल लगाई जाँचपास गर्नुपर्नेमा अन्तःशुल्क लगाएको कारण क्रेडिट रहेको अन्तःशुल्क रकम शून्य गर्न सार्वजनिक लेखा समितिले २०७४।३।३१ मा निर्देशन दिएकोमा सो निर्देशनको पालना भएको छैन ।

आर्थिक ऐन, २०७४ को व्यवस्थाअनुसार टेलिभिजन पार्टसमा भन्सार महसुल माफी रहेकोले सो शीर्षकबाट जाँचपास गरेका कच्चा पदार्थमा लागेको अन्तःशुल्क क्रेडिट दिन नमिल्नेमा ११ करदाताले २०७४।२।१५ अगाडि फरक दरबन्दी प्रयोग गरी भन्सार महसुल माफी भएको अन्तःशुल्क क्रेडिट जिम्मेवारी सारेको रु.२२ करोड ३६ लाख ६६ हजार र २०७४।२।१५ पछि २०७५ आषाढसम्म २० करदाताले पैठारी गरेको भन्सार महसुल माफी रहेको अन्तःशुल्क क्रेडिट रु.९ करोड ८१ लाख ८१ हजारसमेत रु.३२ करोड १८ लाख ४७ हजार क्रेडिट समायोजन गरेकोले नपाउने समायोजन गरेको अन्तःशुल्कमा शुल्क र ब्याजसमेत हिसाब गरी असुल गर्नुपर्दछ ।

१२१. **अन्तःशुल्क असुली -** अन्तःशुल्क ऐन २०५८ को दफा ४ को उपदफा १ख. अनुसार स्वयं निष्काशन प्रणालीमा बीजक जारी गर्दाका बखत अन्तःशुल्क असुल गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय वीरगन्ज र ललितपुर-१ का २ करदाताले भन्सार विन्दुबाट टेलिभिजन प्यानल लगायतका पार्टस पैठारी गरी ल्याएको र कम्पनीले जडान गरी टेलिभिजन बनाई बिक्री गर्ने गरेकोले उद्योगले पाउने आयकर छुट सुविधा लिएको देखिन्छ । एक करदाताले २०७२ श्रावणदेखि र अर्को करदाताले २०७३ भाद्रदेखि २०७५ असार मसान्तसम्म गरेको कुल बिक्री रु.५८ करोड २५ लाख ९७ हजारमध्ये औद्योगिक बिक्री रु.५७ करोड ९९ लाख ३२ हजार रहेको छ । सो औद्योगिक बिक्रीमा अन्तःशुल्क कर सङ्कलन गरी दाखिला गरेको नदेखिदा थप छानबिन गरी सोमा १० प्रतिशत अन्तःशुल्क रु.५ करोड ७९ लाख ३२ हजार, मूल्य अभिवृद्धि कर रु.७५ लाख ३१ हजारसमेत रु.६ करोड ५४ लाख ६३ हजारमा शुल्क ब्याज र जरिवानासमेत असुल गर्नुपर्दछ ।

१२२. **बढी क्रेडिट** - अन्तःशुल्क ऐन, २०५८ को दफा १० मा अधुरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेस गरेमा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्नसक्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, भद्रपुरका एक करदाताले पेस गरेको २०७१।७२ को मासिक अन्तःशुल्क विवरणमा गत वर्षको मौज्दात सरेको रु.४ करोड ९० लाख १५ हजारमा यस वर्ष खरिदमा तिरेको रु.१२ लाख १ हजार तथा यो वर्ष बिक्रीमा सङ्कलन गरेको रु.२७ लाख ५५ हजार मिलान गर्दा रु.४ करोड ७४ लाख ६१ हजार क्रेडिट देखाउनुपर्नेमा रु.५ करोड २६ लाख ४६ हजार देखाएकोले बढी अन्तःशुल्क क्रेडिट दाबी गरेको रु.५१ लाख ८५ हजार अमान्य गर्न कर निर्धारण गर्नुपर्दछ ।

१२३. **प्याकिङ सामग्रीमा क्रेडिट** - आर्थिक ऐन, २०७२ ले अन्तःशुल्क ऐन, २०५८ को दफा ३(क) संशोधन गरी अन्तःशुल्क लाग्ने वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको खरिदमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने

तर सहायक कच्चापदार्थ प्याकिङ सामाग्रीको रुपमा प्रयोग हुने खरिदमा तिरेको अन्तःशुल्क कट्टी गर्न नपाइने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, कोटेश्वरको एक करदाताले २०७४।७५ मा प्याकिङ सामग्रीमा तिरेको अन्तःशुल्क रु.२ करोड ४४ लाख समेत क्रेडिट दाबी गरेकोले सो रकममा ब्याज, जरिबाना तथा शुल्कसमेत गणना गरी अन्तःशुल्क निर्धारण गर्नुपर्दछ ।

१२४. **स्वास्थ्य सेवा कर -** आर्थिक ऐन, २०७३ को दफा ७ मा सरकारी र सामुदायिक अस्पताल बाहेकका निकायले प्रदान गर्ने स्वास्थ्य सेवामा ५ प्रतिशतका दरले स्वास्थ्य सेवाकर असुल गर्ने व्यवस्था छ । स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० अनुसार सामुदायिक अस्पताल भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भई समुदायकै लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफारहित उद्देश्यले सञ्चालन गर्न अनुमति प्राप्त अस्पताललाई जनाउने उल्लेख छ । गैरसरकारी संस्थाबाट सञ्चालित त्यस्ता अस्पतालले सेवाग्राहीबाट नर्सिङ होम सरह शुल्क असुल गर्ने गरेको देखिन्छ । यस्ता अस्पतालले स्वास्थ्य सेवा कर असुल नगरेकोले आन्तरिक राजस्व कार्यालय, पुतलीसडकको एक करदाताले आय वर्ष २०७३।७४ मा तिर्नुपर्ने ५ प्रतिशत स्वास्थ्य सेवा शुल्क रु.१ करोड २८ लाख २९ हजार असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

भन्सार विभाग

भन्सार विभागअन्तर्गत ३४ मुख्य भन्सार कार्यालय र सोअन्तर्गत १४० छोटी भन्सार कार्यालय रहेका छन् । भन्सार प्रशासनले यस वर्ष रु.३ खर्ब २५ अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा रु.३ खर्ब २४ अर्ब १७ करोड सङ्कलन गरेको देखाए तापनि भन्सार मूल्य अभिवृद्धि कर र अन्तःशुल्क राजस्व रु.३ खर्ब १६ अर्ब ६५ करोड लक्ष्यको तुलनामा ९७.२ प्रतिशत र गत वर्षको तुलनामा २४ प्रतिशत बढी असुली भएको छ । उक्त सङ्कलित राजस्व कुल राजस्वको करिब ४३ प्रतिशत हुन्छ । यस वर्षको सङ्कलित राजस्वमध्ये भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको हिस्सा क्रमशः ४४, ४३ र १३ प्रतिशत रहेको छ ।

१२५. **राजस्वको लक्ष्य प्रगति** - बजेट वक्तव्य, अर्थ मन्त्रालयले तयार गरेको प्रतिवेदनलगायतका अभिलेखअनुसार २०७२।७३ देखि २०७४।७५ सम्मको भन्सार विभागको राजस्व असुली तथ्याङ्क निम्नानुसार रहेको छः

(रु. करोडमा)

विवरण	२०७२।७३	२०७३।७४	२०७४।७५	वृद्धि प्रतिशत (२०७३।७४ को तुलनामा)
लक्ष्य	**२,०५,८६**	**२,४६,०५**	**३,२५,७०**	**३२.३७**
भन्सार राजस्व	८३,२९	१,०४,७४	१,३७,३०	३१.०८
पैठारी मू.अ.कर	९२,७१	१,०५,३९	१,४२,१०	३४.८३
पैठारी अन्तःशुल्क	२९,८६	३५,९२	४६,३०	२८.८९
असुली	**१,०५,०८**	**२,५४,५५**	**३,१६,६५**	**२४.४०**
भन्सार राजस्व	८३,८९	१,११,८५	१,३८,१३	२३.४९
पैठारी मूअकर	७७,९३	१,०५,३५	१,३६,४४	२९.५१
पैठारी अन्तःशुल्क	३३,२६	३७,३५	४२,०८	१२.६६

यो वर्ष पैठारीमा लाग्ने भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर राजस्वको लक्ष्य रु.३ खर्ब २५ अर्ब ७० करोड रहेकोमा असुलीको अवस्था विश्लेषण गर्दा रु.३ खर्ब १६ अर्ब ६५ करोड अर्थात् ९७.२२ प्रतिशत असुली भएको छ । गत वर्ष आयातीत सामग्रीको मूल्य रु.९ खर्ब ८४ अर्ब ३० करोडबाट यो वर्ष रु.१२ खर्ब ४४ अर्ब ८१ करोड पुगेको अर्थात् गत वर्षको तुलनामा २६.४६ प्रतिशत बढेकोमा राजस्व असुली २४.४० प्रतिशत बढेको छ । प्रक्षेपित राजस्वको लक्ष्य पूरा गर्न जोखिममा आधारित मालवस्तुको जाँचपास प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१२६. **महसुल छुट -** आर्थिक ऐन, २०७४ को भन्सार दरबन्दी अनुसूची १ को दफा १६ मा भारत र जनवादी गणतन्त्र चीनको स्वसाशित क्षेत्र तिब्बतबाट पैठारी हुने कृषिजन्य वस्तुहरुमा ५ प्रतिशत कृषि सुधार शुल्क र सो वाहेकमा १० प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था छ । यो वर्ष रसुवा भन्सार कार्यालयबाट ७१ पैठारीकर्ताले रु.४ अर्ब ३७ करोड ७० लाख मूल्यको स्याउ पैठारी गर्दा ५ प्रतिशतले कृषि सुधार शुल्क मात्र असुल गरेको पाइयो । ती स्याउहरु चीनको स्वशासित क्षेत्र तिब्बतमा उत्पादन नभई अन्य प्रान्तबाट खरिद गरेर तिब्बत हुँदै पैठारी भएको बिलहरुबाट देखिन्छ । चीनमा उत्पादन भएका स्याउ भारतको कोलकाता

बन्दरगाह हुँदै आयात गर्दा १० प्रतिशत भन्सार महशुल लिइएको छ । यसरी १० प्रतिशत भन्सार महसुलको सट्टा ५ प्रतिशत कृषि सुधार शुल्क लिएको कारणले राजस्व असुलीमा रु.२१ करोड ८९ लाख ८ हजार फरक पर्न गएको छ । आर्थिक ऐन, २०७४ को उल्लिखित व्यवस्था तिब्बतमा नै उत्पादन भई सोही स्थानबाट पैठारी हुने मालवस्तुमा लागू हुने हो वा चीनको जुनसुकै स्थानमा उत्पादन भई स्वशासित क्षेत्र तिब्बत हुँदै पैठारी हुँदाको अवस्थामा लागू हुने भन्ने सम्बन्धमा स्पष्ट नभएकोले मन्त्रालयबाट व्याख्या गरी टुङ्गो लगाउनुपर्ने उल्लेख गरिएकोमा हालसम्म कुनै व्याख्या भएको देखिँदैन । तसर्थ फरक महसुल दर लगाएको सम्बन्धमा टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

भन्सारतर्फ महसुल छुट भएको, छुट सम्बन्धमा मन्त्रालयबाट व्याख्या गरी टुङ्गो नलगाएको, राजस्व रकम बैङ्कले ढिलो प्रविष्टि गरेको, माल वस्तुको स्पष्ट घोषणा नगरेको, न्यून बीजकीकरण भएको, फरक भन्सार संकेत नम्बर लगाएको, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर घटी असुल गरेको, बैङ्क ग्यारेन्टीमा ल्याएका सामान समयमा निकासी नगरेको लगायतका विषयमा सुधार हुनुपर्दछ ।

१२७. **छुट्टै बैङ्क खाता** - कार्यालयमा नगद वा बैङ्क भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी गर्नुपर्ने व्यवस्था छ । कञ्चनपुर भन्सार कार्यालयले राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय कञ्चनपुरमा भन्सार कोष खाताको अतिरिक्त छुट्टै खातामा रु.१ करोड ३७ लाख ३९ हजार मौज्दात रहेको देखिन्छ । सो खाताको मौज्दातलाई वर्षान्तमा शून्य गर्नुपर्नेमा २०७५।४।३० मा पनि मौज्दात राखेको रकम सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

१२८. **ढिला बैङ्क प्रविष्टि -** कार्यालयबाट दाखिला गर्न पठाएको रकम बैङ्कले तत्कालै राजस्व खातामा दाखिला गर्नुपर्नेमा विराटनगर भन्सार कार्यालयले २०७४।५।४ देखि २०७४।६।१७ सम्म दाखिला गर्न पठाएको रु.३७ करोड ३५ लाख ५१ हजारलाई राष्ट्रिय वाणिज्य बैङ्कले २०७४।७।८ मा मात्र दाखिला गरेको देखियो । सरकारी राजस्व रकमलाई २ महिनाभन्दा बढी बैङ्कले होल्ड गरी राखेको सम्बन्धमा थप छानबिन गरी नेपाल राष्ट्र बैङ्कको २०७४ आषाढ मसान्तको वाणिज्य बैङ्कको आधार दर ९.८० प्रतिशतले २ महिनाको ब्याज रु.६१ लाख २ हजार असुल गर्नुपर्दछ ।

१२९. **स्पष्ट घोषणा -** आर्थिक ऐन, २०७४ अनुसूची १(१८) मा पैठारी भएको मालवस्तुको हकमा प्रोफर्मा इन्भ्वाइस तथा तिनका बीजकमा मालवस्तुको किटानी विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रति इकाई मूल्य र परिमाण खुलाउनुपर्ने उल्लेख छ । मालवस्तुको जाँचपास गर्दा आर्थिक ऐनमा भएको व्यवस्थाअनुसार पूर्ण रुपमा उल्लेख नगरी सामान जाँचपास गरेको तथा कम दरको भन्सार महसुल असुल गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम छन्:

१२९.१ आर्थिक ऐन, २०७४ अनुसार कोटेड डुप्लेक्स बोर्डलाई भन्सार उपशीर्षक ४८१०९९ बाट १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ । विराटनगर भन्सार कार्यालयमा विभिन्न १९ पैठारीकर्ताले ११० प्रज्ञापनपत्रबाट रु.१० करोड ७ लाख ७८ हजार मूल्य बराबरको डुप्लेक्स बोर्डमा भन्सार उपशीर्षक ४८०५९२ (कोटेड नभएको शीर्षकबाट) साफ्टा छुट दिएर ७.२५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । प्रज्ञापनपत्रमा उक्त सामान अनकोटेड भएको घोषणा नगरी ७.२५ प्रतिशत महसुल लगाई जाँचपास गर्दा भन्सार तथा अन्य महसुल रु.९१ लाख १० हजार घटी राजस्व प्राप्त भएको छ ।

१२९.२ आर्थिक ऐन, २०७४ मा भन्सार उपशीर्षक ८४७१७० मा कम्प्युटरका हार्ड डिस्क आन्तरिक (इन्टर्नल) को लागि भन्सार महसुल नलाग्ने र भन्सार उपशीर्षक ८४७१७० मा कम्प्युटरका हार्ड डिस्क स्थानान्तरण गर्न सक्ने (पोर्टेबल) वा बाह्य (एक्सटर्नल) को लागि ५ प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा यो आर्थिक वर्षमा भन्सार लाग्ने हार्ड डिस्क १९ हजार ८५ थानको रु.८ करोड ५६ लाख ११ हजार पैठारीमा महसुल असुल गरेको छ भने १ लाख १७ हजार ३६२ थानको रु.३७ करोड ३९ लाख ५ हजार पैठारीमा भन्सार नलाग्ने उल्लेख गरी भन्सार उपशीर्षक नं. ८४७१७० बाट जाँचपास गरेको छ । प्रज्ञापनपत्र साथ रहेका बिलहरुको नमुना परीक्षण गर्दा उक्त हार्ड डिस्क आन्तरिक वा बाह्य उल्लेख नै नगरी आन्तरिक हार्ड डिस्कबाट जाँचपास गर्दा रु.४३ लाख ९५ हजार राजस्व छुट भएको देखिन्छ ।

१२९.३ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले भन्सार उपशीर्षक ८४७२९० बाट जाँचपास गरेका एटीएम मेसिनमा १५ प्रतिशतका दरले अन्त:शुल्क असुल गरेको छ । विभिन्न प्रज्ञापनपत्रबाट पैठारी भएको पीओएस मेसिन पनि सोही प्रकृतिकै भए पनि अन्त:शुल्क नलाग्ने व्यवस्थाअनुसार छुटै भन्सार उपशीर्षक ८४७०५० क्यास रजिष्टरबाट जाँच पास गरेको छ । एकै प्रकृतिको सामानमा अन्त:शुल्क नलगाउँदा रु.१ करोड ५१ लाख ३६ हजार कम राजस्व प्राप्त भएको छ ।

अत: मालसामानको यथार्थ विवरण प्रज्ञापनपत्रमा उल्लेख गरी सोही आधारमा महसुल निर्धारण हुनुपर्दछ ।

१३०. **न्यून बीजकीकरण -** भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१५) को खण्ड (ख) मा पैठारीकर्ताले घोषणा गरेको मूल्य भन्सार अधिकृतले निर्धारण गरेको मूल्यभन्दा घटी भएमा भन्सार अधिकृतले महानिर्देशकको पूर्वस्वीकृति लिई, त्यसरी घोषित मूल्यमा पाँच प्रतिशत रकम थप गर्दा हुन आउने रकममा मालवस्तु खरिद गर्ने गराउने व्यवस्था रहेको छ । विभिन्न भन्सार कार्यालयबाट जाँचपास भएका प्रज्ञापनपत्रको नमुना छनौट गर्दा मोबाइललगायत इलेक्ट्रोनिक्स सामानमा न्यून मूल्याङ्कन हुने तथा पाइन्टहरु सानो साइज देखाई न्यून बीजकीकरण गरेको सम्बन्धमा छानबिन गरी सो वस्तु खरिदसम्मका कारबाही नगर्दा प्रदर्शन प्रभाव पर्न पनि सकेको छैन । न्यून बीजकीकरणलाई न्यूनीकरण गर्ने कार्यमा प्रभावकारिता ल्याउन असामान्य रुपमा न्यून घोषणा भएका सामानको सम्बन्धमा छानबिन गरेर खरिद गरी यथार्थ घोषणा पद्धतिमा उत्प्रेरित गराउने र प्रदर्शन प्रभाव नीतिलाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१३१. **घटी मूल्याङ्कन -** भन्सार नियमावली, २०६४ को नियम ९ मा जफत भई वा भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएको सुन, चाँदी, हिरा, जवाहरत, अमूल्य खनिज पदार्थ वा यसबाट बनेका गहना तथा अन्य वस्तुहरु नेपाल राष्ट्र बैङ्कले खरिद गर्ने भएमा सो बैङ्कमा दाखिला गर्न पठाई प्रचलित मूल्यबमोजिम बिक्री गर्नुपर्ने व्यवस्था छ । त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयबाट जफत भएको सुन, चाँदी नेपाल राष्ट्र बैङ्कमा पठाई नेपाल राष्ट्र बैङ्कले गलान गरिएको सुन, चाँदीको गलान र आस्से परीक्षण पश्चात् कायम भएको तौल तथा गुणस्तर र सोको आधारमा भुक्तानी दिनुपर्ने रकममा नेपाल राष्ट्र बैङ्क खरिद विनियमावली, २०७१ को विनियम १३४ बमोजिम गलान भएको दिनको अन्तर्राष्ट्रिय दरमा ५ प्रतिशत थप गर्दा हुन आउने रकम पठाउने गरेको देखियो । भन्सार नियमावलीमा उल्लेख भएअनुसार प्रचलित मूल्यबमोजिम (चलन चल्तीको तेजावी मूल्य) खरिद गर्नुपर्ने व्यवस्था अनुरुप बिक्री नगर्दा रु.१ करोड ५३ लाख ६५ हजार घटी रकम प्राप्त भएको छ । यस सम्बन्धमा नीतिगत रुपमा निर्णय गरी छुट भएको रकम असुल गर्नुपर्दछ ।

१३२. **फरक दरबन्दी** - भन्सार कार्यालयहरुले पैठारी भएका मालसामानको जाँचपास गर्दा आर्थिक ऐन, २०७४ को अनुसूची १ र भन्सार दरबन्दी पुस्तिकामा उल्लिखित संकेत नम्बरअनुसार मालवस्तुको यथार्थ संकेत यकिन गरी जाँचपास गर्नुपर्नेमा लेखापरीक्षणबाट नमुना छनौट गरिएका प्रज्ञापनपत्रबाट मात्र परीक्षण गर्दा फरक संकेत नम्बर तथा दरबन्दी लगाई रु.४८ करोड ६६ लाख ३५ हजार घटी राजस्व असुल भएको छ । यससम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

१३२.१ विराटनगर भन्सार कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेका सामान ६० किलो लिटरका भर्टिकल ट्यांकलाई मेसिनको रुपमा जाँचपास गरेको छ । उक्त सामान स्टोरेज गर्ने क्षमताका भएकोले उपशीर्षक ७३११९० (फलाम वा इस्पातको संपीडित वा तरलीकृत ग्याँस हाल्ने आधानपात्रहरु) बाट जाँचपास गर्नुपर्ने देखिन्छ । उक्त दरबन्दीबाट जाँचपास गरी भन्सार महसुल १५ प्रतिशत र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा उपशीर्षक ८४१९६० बाट ४ प्रतिशतमात्र भन्सार महसुल असुल भएकोले छुट भएको महसुल रु.७६ लाख ५१ हजार असुल हुनुपर्दछ ।

१३२.२ विराटनगर भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताद्वारा पैठारी गरिएको प्रिक्युर्ड रबर ट्रेडलाई भन्सार उपशीर्षक ४०१२९० बाट २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा उपशीर्षक ४००८२१ (नन् सेल्युलर रबरको पाता चादर, स्ट्रीप) बाट जाँचपास गरी एक पैठारीकर्ताबाट १० प्रतिशत भन्सार महसुल, अन्य पैठारीकर्ताहरुबाट साफ्टा सुविधामा ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेको छ । यसरी तोकिएको भन्दा फरक उपशीर्षकबाट कम दर लगाई जाँचपास गर्दा छुट भएको महसुल रु.४७ लाख ८९ हजार असुल हुनुपर्दछ ।

१३२.३ विराटनगर भन्सार कार्यालयले एक पैठारी कर्ताबाट पैठारी भएको प्राइम कोटेड कोरुगेटेड स्टिल सिटलाई भन्सार उपशीर्षक ७२१०४१ (जिंकलेपित कर्कटीकृत वा गरागरा पारिएको वा कोरुगेटेड) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गरेको छ । उक्त सामान जिंककोटेड नभएकोले उपशीर्षक ७२१०७० (रंगलेपित, रोगन लगाएको वा प्लाष्टिकको लेपन गरिएको) बाट वर्गीकरण गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने देखिन्छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्नाले छुट हुन गएको रु.२ करोड ४८ लाख ५५ हजार असुल हुनुपर्दछ ।

१३२.४ विराटनगर भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताद्वारा पैठारी गरेको चिलर मेसिनलाई भन्सार उपशीर्षक ८४१८६९ (एअर कण्डिसिङ बाहेक ताप पम्प को अन्य) बाट वर्गीकरण गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा महसुल दर माफी जनिएको उपशीर्षक ८४१९८९ (अन्य) बाट जाँचपास गरेको पाइयो । फरक उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसहित रु.२२ लाख ९३ हजार असुल गर्नुपर्ने र अर्को एक पैठारी कर्ताले ट्रकमा प्रयोग हुने टायरलाई भन्सार उपशीर्षक ४०११२०(वस र लहरीमा प्रयोग हुने टायर) बाट वर्गीकरण गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ४०११८० (निर्माण कार्य, खानी वा उद्योग सञ्चालनका निमित्तको गाडी र यन्त्रहरुमा प्रयोग हुने खालका) बाट १५ प्रतिशतमात्र भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेकोले छुट हुन गएको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर रु.३४ लाख २६ हजारसमेत रु.५७ लाख १९ हजार असुल हुनुपर्दछ ।

१३२.५ विभिन्न पैठारी कर्ताबाट पैठारी भएको माउन्टेड पिसिबि बोर्डलाई भन्सार उपशीर्षक ८५२८७१ (दृश्य प्रदर्शन वा स्क्रीन समावेश गर्ने गरी डिजाइन नगरिएको) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विराटनगर भन्सार कार्यालयले भन्सार उपशीर्षक ८५२९९० (अन्य रेडियो रिसिभरका पार्टपुर्जा समेत) बाट जाँचपास गरेकोले छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्ध करसमेत रु.६५ लाख ५४ हजार असुल हुनुपर्दछ ।

१३२.६ विराटनगर भन्सार कार्यालयले एक पैठारीकर्ताबाट पैठारी गरेको मिक्स्ड बोन मिललाई उपशीर्षक २३०९९० (जीवजन्तुका आहारको रुपमा प्रयोग हुने तयारी अन्य वस्तु) बाट दाना तथा पशुपंछी उद्योगले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने फिड सप्लिमेन्ट पैठारी गर्दा दिइने छुट सुविधामा १ प्रतिशतमात्र भन्सार महसुल असुल गरी जाँचपास गरेको छ । आर्थिक ऐनले पाल्तु जनावरको आहारालाई नभई कुखुराको दानालाई मात्र छुट दिएको छ । पैठारीकर्ताले कुखुराको नभई अन्य पाल्तु जनावरको दाना उत्पादन गर्ने सामग्री पैठारी गरेकोले सो छुट दिन मिल्ने देखिएन । तसर्थ उक्त सामानलाई भन्सार उपशीर्षक ०५०६९०० (अन्य) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत असुल गर्नुपर्नेमा १ प्रतिशत भन्सार महसुल मात्र असुल भएकोले छुट भएको महसुल रु.९२ लाख ४६ हजार असुल हुनुपर्दछ ।

१३२.७ विभिन्न पैठारीकर्ताले पैठारी गरेका रु.२ करोड ५९ लाख ५२ हजारको काठको काम गर्ने मेसिन भन्सार उपशीर्षक ८४६५९१ (आरा चिर्ने वा करौतीले काट्ने), ८४६५९५ (ड्रिलिङ वा मोटाइसिङ) आदिबाट वर्गीकरण गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत असुल गर्नुपर्नेमा मेची भन्सार कार्यालयबाट काठको काम गर्ने फरक फरक प्रकृतिका मेसिनलाई भन्सार दरबन्दीको एउटै उपशीर्षक ८४६५९२ (रण्डा गर्ने वा समतल गर्ने मिलिङ वा मोल्डिङ मेसिन) बाट ४ प्रतिशत भन्सार महसुलमात्र असुल गरी जाँचपास भएको छ । यसरी फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा मेची भन्सार कार्यालयमा छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.३८ लाख २ हजार र विराटनगर भन्सार कार्यालयमा सोही अनुसार छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.१५ लाख ६२ हजारसमेत रु.५३ लाख ६४ हजार असुल हुनुपर्दछ ।

१३२.८ मोबाइल्सको कभर सिसा टेम्पर ग्लासलाई भन्सार उपशीर्षक ७००५२९ (अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह को अन्य) बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ । कतिपय पैठारी कर्ताबाट पैठारी भएको सामान सोही शीर्षकबाट जाँचपास गरे तापनि फरक दरबन्दी लगाउँदा विभिन्न प्रज्ञापनपत्रबाट रसुवा भन्सार कार्यालयबाट छुट हुन गएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रु.२५लाख ९० हजार र सोही सामग्रीमा वीरगन्ज भन्सार कार्यालयबाट छुट हुन गएको रु.२९ लाख ९९ हजारसमेत रु.५५ लाख ८९ हजार असुल हुनुपर्दछ ।

१३२.९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताले पैठारी गरी ल्याएको फ्रोजन बोनलेस चिकेन भन्सार उपशीर्षक ०२०७१४ (हिमीकृत टुक्रा र अवशेष) बाट जाँचपास गरी भन्सार महसुल १० प्रतिशत मात्र असुल गरेको देखियो । उक्त चिकेन प्रशोधित भई भ्याकुम प्याकमा पैठारी हुने र २ वर्ष उपभोग अवधि हुने भएकाले भन्सार उपशीर्षक १६०२३९ (तयारी वा सुरक्षित मासुबाट) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाएर जाँचपास गर्नुपर्नेमा अन्य भन्सार उपशीर्षकबाट जाँचपास गरेकोले छुट हुन गएको रु.१ करोड ७३ लाख ७० हजार असुल हुनुपर्दछ ।

१३२.१० सटक्रिट मेसिन (कंक्रिट पम्पहरु) लाई भन्सार उपशीर्षक ८४१३४० बाट वर्गीकरण गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धिकर असुल गर्नुपर्नेमा रसुवा भन्सार कार्यालयले भन्सार उपशीर्षक ८४७४३१ (कंक्रिट वा मोटार मिक्सरहरु) र अन्य उपशीर्षकबाट जाँचपास गर्दा रु.४८ लाख ६८ हजार भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट हुन गएको रकम असुल हुनुपर्दछ ।

१३२.११ वीरगन्ज भन्सार कार्यालयले ट्रक माउन्टेन क्रेनलाई भन्सार उपशीर्षक ८४३१४९ (अन्य) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गरेको छ । उक्त सामानहरु ट्रक माउन्टेड क्रेनका पार्ट्स भएकोले ८७०८९९ (अन्य) बाट १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षकबाट जाँचपास हुँदा छुट हुन गएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रु.२९ लाख १२ हजार असुल हुनुपर्दछ ।

१३२.१२ विभिन्न फ्लेभरका इनोलाई भन्सार उपशीर्षक २१०६९० (अन्यत्र नपरेका खाद्य पदार्थको अन्य) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा वीरगन्ज भन्सार कार्यालयले ३००४९० (अन्य) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेकोले छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.२९ लाख ७७ हजार र लिड एसिड ब्याट्रीलाई भन्सार उपशीर्षक ८५०७१० (पिष्टन इन्जिन जगाउन प्रयोग हुने प्रकारको सिसा अम्ल-लीड एसिड) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा उपशीर्षक ८५०४४० (स्टयाटिक कन्भटर) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको हुँदा फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि कर रु.२६ लाख ९४ हजारसमेत रु.५६ लाख ७१ हजार असुल गर्नुपर्दछ ।

१३२.१३ टनेल जेटलाई भन्सार उपशीर्षक ८७०५१० (क्रेन लहरीहरु) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा वीरगन्ज भन्सार कार्यालयले भन्सार उपशीर्षक ८४२४२० (पिचका स्प्रेगन्स) बाट मेसिनको रुपमा जाँचपास गरी भन्सार महसुल दर ५ र मूल्य अभिवृद्धि कर असुल गरेको हुँदा छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.५५ लाख ८८ हजार असुल हुनुपर्दछ ।

१३२.१४ आर्थिक ऐन, २०७४ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानहरु स्पेयर्स पार्ट फर कंक्रिट स्प्रेइङ जम्बो, रिपेयरपार्टस अफ एक्स्पो ग्राइडिङ्ग इक्विपमेन्टलगायतमा भन्सार उपशीर्षक ८४७४९० बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४२४९० बाट वर्गीकरण गरी भन्सार महसुल माफी शीर्षकबाट जाँचपास गर्दा रसुवा भन्सार कार्यालयले रु.८ करोड ९४ लाख मूल्यका सामानमा छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.५० लाख ५६ हजार असुल हुनुपर्दछ ।

१३२.१५ आर्थिक ऐन, २०७४ को भन्सार महसुल अनुसूची १ दफा १४(३)झ मा नेपालमा केबुलकार सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक ७३१२१० मा पर्ने केबुल (लट्टा) र उपशीर्षक ८४३१३९ मा पर्ने तयारी क्याव वा क्याव निर्माण गर्न आवश्यक पर्ने उपशीर्षक ७२१०९० मा पर्ने स्टिल पाता पैठारी गर्दा चार प्रतिशतमात्र भन्सार महसुल लाग्ने व्यवस्था छ । यसबमोजिम टावर निर्माणका लागि आवश्यक फलामलाई मेसिनरीबाट वर्गीकरण गर्न मिल्दैन । आर्थिक ऐनले केवलकार निर्माणको लागि आवश्यक मालवस्तु सम्बन्धित भन्सार दरबन्दीबाट नै जाँचपास गर्नुपर्ने र ऐनले तोकेका भन्सार दरबन्दीमा मात्र राजस्व छुट हुने व्यवस्था छ । तर एक केबुलकार कम्पनीले सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट पैठारी गरेका केबलकारका सबै सामग्री उपशीर्षक ८४२८६० (मेसिनरी) बाट ४ प्रतिशत भन्सार महसुलमात्र असुल गरी जाँचपास गरेको छ । जुन विश्व भन्सार संगठनले निर्धारण गरेको भन्सार वर्गीकरण र व्याख्याको सिद्धान्तसँग मिल्दैन । ती सामग्रीहरु भन्सार उपशीर्षक ७३०८, ७३१२, ८४२८, ८४३१ र ८५२८ बाट

वर्गीकरण गर्दा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.३ करोड ५६ लाख ३० हजार छुटेको रकम असुल गर्नुपर्दछ ।

त्यस्तै वीरगन्ज भन्सार कार्यालयबाट एक व्यवसायीले पैठारी गरेको टावर लठ्ठालगायतका सामानलाई उपशीर्षक ८४३१३९ बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेकोले तोकिएको दरअनुसार छुट भएको भन्सार महसुल, अन्त:शुल्क र मूल्य अभिवृद्धि करसमेत रु.३४ लाख ७२ हजार घटी असुल भएकोले छानबिन गरी असुल गर्नुपर्दछ ।

१३२.१६ सुपरकन्ट्रोल युनिट बोर्ड, मल्टी सर्भिस पोर्ट आदिलाई भन्सार उपशीर्षक नं ८५३८१० (बोर्ड प्यानल कन्सोल डेस्क) बाट जाँचपास गरी १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने उल्लेख छ । विभिन्न मितिमा पैठारी भएका सामान सोही भन्सार उपशीर्षकबाट वर्गीकरण गरी जाँचपास गरे तापनि वीरगन्ज भन्सार कार्यालयले एक पैठारी कर्ताले रु.७ करोड १७ लाख १७ हजारको उक्त सामान पैठारी गर्दा उक्त उपशीर्षकबाट जाँचपास नगरी भन्सार उपशीर्षक नं. ८५१७६२ (सूचना सम्प्रेषण मेसिन) बाट जाँचपास गरी ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर मात्र असुल गरेको हुँदा फरक दरबन्दी लगाई जाँचपास गर्दा छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.४० लाख ५२ हजार असुल हुनुपर्दछ ।

१३२.१७ भन्सार विभागले २०५६।१।१९ मा गरेको वस्तु वर्गीकरण र व्याख्यालाई आधार मानी वीरगन्ज भन्सार कार्यालयले पैठारी भएका एस्पेटिक प्याकेजिङ मेटेरियललाई भन्सार उपशीर्षक ७६०७२० बाट १५ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । गत वर्षहरुमा उक्त सामानहरु भन्सार उपशीर्षक ४८११५९ बाट जाँचपास भएको, अन्तर्राष्ट्रिय तथ्याङ्कबाट पनि सो वस्तु ४८११५९ बाट जाँचपास भएको, पैठारीकर्ताले पेस गरेको बीजकमा पनि भन्सार वर्गीकरण ४८११५९ नै रहेको र सामग्रीको विशेषता मूल्याङ्कन गर्दा ७० प्रतिशत कागज, २४ प्रतिशत प्लाष्टिक्स, बाँकी ६ प्रतिशतमात्र आल्मुनियम भएको अवस्थामा आल्मुनियम शीर्षकमा वर्गीकरण गरेको मिल्ने देखिएन । विश्व व्यापार संगठनको २०१२ को ७६.०७ को यस शीर्षकमा नपर्ने (ख) मा कागज र कागजात (पेपर बोर्ड) को सारभूत लक्षण कायमै रहेको, दूध, फलको रस वा अन्य खाद्य उत्पादनहरुको खोल वा बट्टा बनाउनको लागि आल्मुनियमको फ्वाइल (पन्नी) को अस्तर हालिएको शीर्षक ४८११ मा पर्ने उल्लेख भएको देखिन्छ । तसर्थ उक्त मालवस्तु ४८११५९० (एडहेसिभ बाहेकका प्लाष्टिक कोटेड कागज) बाट जाँचपास गर्नुपर्नेमा फरक दरबन्दी लगाई जाँचपास गरेकोले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.९७ लाख ६१ हजार असुल गर्नुपर्दछ ।

सोही प्रकृतिको मालवस्तु लेमिनेटेड फर कार्टुन (पेकेजिङ पेपर) लाई भन्सार उपशीर्षक ४८११५९ (लेपित संसिक्तको अन्य) बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृदि कर असुल गर्नुपर्नेमा वीरगन्ज भन्सार कार्यालयबाट एक पैठारीकर्ताले उक्त सामानलाई भन्सार उपशीर्षक ७६०७२० बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरेको देखियो । यसरी फरक दरबन्दी लगाउँदा छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.६ करोड ८१ लाख ८ हजार असुल हुनुपर्दछ ।

१३२.१८ कूलिङ्ग टावरहरुको जाँचपास प्रयोजनको लागि विश्वका विभिन्न मुलुकले ८४१९८९ र ८४१९९० जस्ता नयाँ भन्सार दरबन्दी सिर्जना गरेको देखिन्छ । एकीकृत भन्सार दरबन्दीअनुसार भन्सार दरबन्दी ८४१९ का सबै उपशीर्षकमा भन्सार महसुल लाग्छ तर भन्सार दरबन्दी ८४१९८९ (अन्य) मा सबै महसुल माफी रहेको देखिन्छ । भैरहवा भन्सार कार्यालयबाट एक उद्योगले सो मालवस्तु पैठारी गर्दा कुनै महसुल नलाग्ने भन्सार दरबन्दी ८४१९८९ (अन्य) बाट जाँचपास गरेको छ । भन्सार दरबन्दी ८४१६३० (यान्त्रिक क्षार बिषर्जन-मेकानिकल यास डिसचार्जर) र ८४१९९५ (हिट एक्सचेन्ज युनिट्स) रहेको छ । कूलिङ्ग टावरको प्रकृतिअनुसार मिल्दो जुल्दो ती भन्सार दरबन्दी हुँदाहुँदै अन्यमा वर्गीकरण गर्न मिल्ने देखिँदैन । तसर्थ ती भन्सार दरबन्दीबाट ५ प्रतिशत भन्सार महसुल लगाई जाँचपास गर्नुपर्नेमा दरबन्दी फरक पारी जाँचपास हुँदा रु.५१ करोड ७० लाख ७४ हजार मूल्यको सामग्रीमा छुट हुन गएकोले भन्सार महसुल ५ प्रतिशतका दरले हुन आउने रु. २ करोड ५८ लाख ५३ हजार असुल हुनुपर्दछ ।

१३२.१९ आर्थिक ऐन, २०७४ को अनुसूची १ को दफा १४ को (३ग)मा भाग ८४ अन्तर्गत ५ प्रतिशत भन्सार महसुल लाग्ने सामग्रीको पहिचान योग्य वस्तुमा ४ प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था छ । तर भाग ७३ मा पर्ने फलाम वा इस्पातका पाइपहरुमा यो सुविधा नदिई दरबन्दीअनुसारकै भन्सार महसुल लाग्ने व्यवस्था छ ।

यस्तो फलाम वा इस्पात (फेब्रिकेटेड स्टिल) मा २० प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था रहेको छ । भैरहवा भन्सार कार्यालयले एक पैठारीकर्ताले पैठारी गरेको स्टिल फेब्रिकेटेडमा भन्सार दरबन्दी ७३०८९० बाट २० प्रतिशत नै भन्सार महसुल लिएकोमा सोही आपूर्तकले पैठारी गरेका ८ प्रज्ञापनको मूल्य रु.३९ करोड ६१ लाख १२ हजारमा ४ प्रतिशत मात्र भन्सार महसुल लिएकोले भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रु.१२ करोड ५१ लाख ७१ हजार छुट भएको छ । उक्त सिमेन्ट उद्योगमा फेब्रीकेटेड स्टिल ठूलो मात्रामा प्रयोग हुने र केही अंश मात्र मेसिनरीको पहिचानयोग्य वस्तुको रुपमा छुट पाउने हुँदा बाँकीमा दरबन्दीअनुसारको महसुल लिनुपर्नेमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

१३२.२० भन्सार दरबन्दीसम्बन्धी व्याख्या अनुसार मुख्यतः व्यक्ति वा मालवस्तुको यातायातका लागि बनाइएका बाहेकका खास उद्देश्यका मोटर गाडीहरु जस्तै अवरोध गर्ने गरी लरी, क्रेन लरीहरु, दमकलहरु, कंक्रिट मिश्रण लरी, सडक बढार्ने कामका लरीहरु, स्प्रे गर्ने लरीहरु आदि दरबन्दी ८७०५ बाट जाँचपास गर्नुपर्ने, उचाल्ने ढाँचाका लरीहरुमात्र दरबन्दी ८४२६ अन्तर्गत पर्ने र इन्जिन जडित क्रेन लरीलाई भन्सार दरबन्दी ८७०५१० बाट जाँचपास गर्नुपर्ने व्यवस्था छ । भैरहवा भन्सार कार्यालयले विभिन्न ३५ प्रज्ञापनपत्रबाट इन्जिन जडित क्रेन लरीहरुलाई ८७०५१० बाट जाँचपास गर्नुपर्नेमा अन्यत्रबाट जाँचपास गरेको कारणबाट छुट भएको १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.४ करोड ८४ लाख ९२ हजार र कंक्रिट मिक्चर लरीहरुलाई भन्सार दरबन्दी ८७०५४० बाट १० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार दरबन्दी ८४७४३१ बाट ४ प्रतिशत भन्सार महसुलमात्र लगाई जाँचपास गरेकोले छुट भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.१ करोड १४ लाख ७३ हजारसमेत रु.५ करोड ९९ लाख ६५ हजार छुट भएको रकम असुल गर्नुपर्दछ ।

१३२.२१ आर्थिक ऐन, २०७४ को व्यवस्थाअनुसार डुप्लेक्स बोर्ड शीटलाई भन्सार दरबन्दी संकेत नं.४८१०९२ बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गरी जाँचपास गर्नुपर्नेमा भैरहवा भन्सार कार्यालयले २१९ प्रज्ञापनपत्र साफ्टा छुट दिई ७.२५ प्रतिशत भन्सार महसुल लिई जाँचपास गरेको देखियो । उक्त सामानमा साफ्टा छुटको सुविधा पाउने नदेखिँदा साफ्टा सुविधा दिएको कारण घटी असुल भएको ७.७५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ४३ लाख ७० हजार असुल गर्नुपर्दछ ।

१३२.२२ भन्सार दरबन्दी ३९२०९९ (मुद्रण गरिएको) बाट प्रिन्टेड प्याकेजिङ भन्सार महसुल २० प्रतिशत, अन्तःशुल्क ५ प्रतिशत र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भैरहवा भन्सार कार्यालयले भन्सार दरबन्दी ३९२०६९ बाट भन्सार महसुल १५ र १४.२५ प्रतिशत, अन्तःशुल्क ५ प्रतिशत र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेकोले छुट हुन गएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रु.५४ लाख ६६ हजार असुल हुनुपर्दछ ।

१३२.२३ भन्सार उपशीर्षक ८५३७७२ मा स्वीचिङ्ग उपकरण बाहेकका १ हजार भोल्टभन्दा बढीका भोल्टेज स्वीच गियर पर्दछन् । सोमा १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । भैरहवा भन्सार कार्यालयबाट एक सिमेन्ट उद्योगले रु.२३ करोड ९८ लाख ९० हजारको एलसीएमबी फ्रिक्वेन्सी स्वीच, मिडियम भोल्जेट स्वीच गियर, एमभी फ्रिक्वेन्सी कन्भर्टर आदि पैठारी गर्दा भन्सार उपशीर्षक ८५१७६१ वेश स्टेसनबाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको हुँदा छुट हुन गएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ३५ लाख ५४ हजार असुल गर्नुपर्दछ ।

१३२.२४ आर्थिक ऐन, २०७४ को अनुसूची १ को दफा ५ मा नेपालभित्र पैठारी भएका मालवस्तुमा अन्तःशुल्क ऐन २०५८ बमोजिम अन्तःशुल्क र दफा ६ मा मूल्य अभिवृद्धिकर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धिकर लगाई असुल गर्नुपर्ने उल्लेख छ । सुख्खा बन्दरगाहा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताहरुबाट पैठारी गरिएका अन्तःशुल्क लाग्ने वस्तुहरु सवारीसाधनको क्षमताअनुसार अन्तःशुल्क नलगाई फरक उपशीर्षकबाट जाँचपास भएको कारणले घटी भएको अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रु.१७ लाख ५५ हजार र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेको एससी भल्वमा भन्सार दरबन्दी ८४८११०० बाट भन्सार महसुल ७.२५ प्रतिशत, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार दरबन्दी ८४८१८०१ बाट जाँचपास गरेको कारण ५ प्रतिशत अन्तःशुल्क र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत रु.१९ लाख ७८ हजारसमेत कुल रु.३७ लाख ३३ हजार छुट भएको रकम असुल हुनुपर्दछ ।

१३२.२५ भन्सार दरबन्दी ८७०१२० मा सेमी ट्रेलरको लागि सडकमा गुड्ने ट्रयाक्टर (१८०० सी.सी.भन्दा माथि) मा भन्सार महसुल ५ प्रतिशत र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । धनगढी भन्सार कार्यलयबाट एक पैठारीकर्ताले सोबमोजिम ट्रयाक्टर पैठारी गर्दा उक्त भन्सार दरबन्दी ८७०११०९० बाट भन्सार महशुल ५ प्रतिशतमात्र लगाई जाँचपास गरेको पाइयो । फरक दरबन्दी प्रयोग गरी कारोबार मूल्य रु.१ करोड ६६ लाखमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.२२ लाख ६२ हजार छुट भएको र नेपालगन्ज भन्सार कार्यलयले एलिभेटर, ट्रयाक्टरलगायतमा छूट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.४६ लाख ६६ हजारसमेत रु ४९ लाख २८ हजार असुल गर्नुपर्दछ ।

१३३. **आयोजनाको भन्सार छुट** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रयोग हुने मेसिन, उपकरण तथा निर्माण सामग्रीको जिल्ला दररेट अनुसार अनुसूची १ को ढाँचामा कन्टिन्जेन्सी र मूल्य अभिवृद्धि करसमेत थप गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । नेपाल सरकारको आफ्नै लगानीमा अथवा दातृ राष्ट्र वा निकायको सहयोगमा सञ्चालित आयोजनाहरुमा प्रयोग हुने निर्माण सामग्री, उपकरण आयात गर्दा पटके निर्णय गरी १ प्रतिशत भन्सार महसुल लिई जाँचपास गरेको देखिन्छ । यस्ता आयोजनाहरुमा निर्माणको लागत अनुमानको दर विश्लेषण गर्दा जिल्ला दररेटलाई आधार बनाई तयार गरेको देखियो । लागत अनुमानबाट बोलपत्र आह्वान गरी खरिद सम्झौता तथा भुक्तानी गर्दा समेत छुट सुविधा रकम कटाएको देखिँदैन ।

यो वर्ष विभिन्न भन्सार कार्यालयबाट त्यस्ता आयोजनाको लागि जाँचपास गरिएका सामानको नमुना छनौट गर्दा नेपालगन्ज भन्सार कार्यलयबाट जाँचपास हुँदा २ ठेक्कामा रु.१ करोड २५ लाख र वीरगन्ज भन्सार कार्यलयबाट जाँचपास हुँदा ३ ठेक्कामा रु.२ करोड ६३ लाख भन्सार महसुल छुट भई राजस्व कम असुल भएको देखिन्छ । जिल्ला दररेटलाई आधार मानी लागत अनुमान र ठेक्का बन्दोबस्त हुने गरेकोमा निर्माण चरणमा आयात गरिएका सामग्रीमा भन्सार छुट दिँदा निर्माण व्यवसायीलाई सहुलियत पुगी राजस्व असुलीमा कमी आएको हुँदा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी स्पष्ट नीतिगत व्यवस्था गर्न जरुरी देखिएको छ ।

१३४. **बैङ्क ग्यारेन्टी** - भन्सार नियमावली, २०६४ को नियम १६ मा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थबाट तयारी वस्तु म्याद थपसमेत १७ महिनाभित्र निकासी नगरेमा लाग्ने महसुल र २५ प्रतिशत थप जरिबाना असुल गरिने व्यवस्था छ । मेची, विराटनगर, सुख्खा बन्दरगाह, वीरगन्ज, रसुवा र भैरहवा भन्सार कार्यालयबाट २७ पैठारीकर्ताले म्याद थपसहित १७ महिनाभित्र तयारी वस्तु निकासी गरेको नदेखिएकोले उक्त कच्चापदार्थमा लाग्ने भन्सार महसुल र सोको २५ प्रतिशत थप महसुलसमेत रु.८ करोड ८८ लाख असुल गर्नुपर्दछ ।

निवृत्तभरण व्यवस्थापन कार्यालय

१३५. **निवृत्तभरण सेवा शुल्क** – निवृत्तभरण व्यवस्थापन कार्यालयले सेवा निवृत्त निजामती, प्रहरी, नेपाली सेनातर्फका कर्मचारीहरुलाई निवृत्तभरणको रकम उपलब्ध गराएबापत निवृत्तभरणको ह्याण्डलिङ चार्जलाई २०५२।२।२८ को निर्णयअनुसार प्रति सैकडा ६० पैसाबाट वृद्धि गरी रु.१।- कायम गरेको देखियो । हालसम्म निवृत्तभरण रकमको १ प्रतिशतले हुने रकम ह्याण्डलिङ चार्जबापत बैङ्कलाई उपलब्ध गराउँदै आएको छ । विगत ३ वर्षको निवृत्तभरण ह्याण्डलिङ चार्ज खर्च परीक्षण गर्दा २०७२।७३ मा रु.२६ करोड ५८ लाख, २०७३।७४ मा रु.३६ करोड ७२ लाख र २०७४।७५ मा रु.३९ करोड ७८ लाख भै प्रतिवर्ष बढिरहेको अवस्था छ । विगतमा सूचना प्रविधिको प्रयोग नहुँदा निर्धारण गरिएको सेवा शुल्क हाल विद्युतीय माध्यमबाट रकम ट्रान्सफर हुने, विवरण तयार गर्ने, सूचना आदान-प्रदान गर्न सहज हुँदा लागत घट्न जाने अवस्थामा साविकको निर्णयमा पुनरावलोकन भएको छैन । निवृत्तभरण ह्याण्डलिङ दरमा समसामयिक पुनरावलोकन गरी सरकारी खर्चमा मितव्ययिता ल्याउनेतर्फ ध्यान पुऱ्याउनु जरुरी छ ।

सूचना प्रविधि लेखापरीक्षण

एकल खाता कोष प्रणाली (टी.एस.ए)

महालेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको आय र व्ययको लेखा राख्ने र सोको केन्द्रीय वार्षिक विवरण तयार गर्ने सन्दर्भमा विनियोजन, राजस्व, धरौटी तथा अन्य विविध कारोबारको लागि जिल्लास्थित सरकारी कारोवार गर्ने बैङ्कमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेका खातामार्फत एकल खाता कोष प्रणाली सञ्चालन गर्दै आएको छ । एकल कोष खाता प्रणाली ७७ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयहरु र काठमाडौँका थप ४ भुक्तानी केन्द्रसमेत ८१ कार्यालयमा कार्यान्वयनमा रहेको छ । यो प्रणालीले नेपाल सरकारको वित्तीय एवं खर्च व्यवस्थापन र नगद व्यवस्थापनको कार्य सरल, मितव्ययी, प्रभावकारी र पारदर्शी बनाउने, सञ्चित कोषको सञ्चालन व्यवस्थित र वैज्ञानिक तरिकाबाट गर्ने, सम्पूर्ण जिल्लाबाट विनियोजन, धरौटी, राजस्व र ख-६ समूहका विविध खाताहरुको कारोबार सञ्चालन, कोषको अवस्था आदि विषय समेटेको छ । एकल खाता कोष प्रणाली (टी.एस.ए.) सञ्चालनको पूर्वाधार व्यवस्था, नियन्त्रण वातावरण तथा प्रणाली सञ्चालन सम्बन्धमा गरिएको सूचना प्रविधि लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

१३६. **योजना तथा नीति -** सूचना प्रविधि सम्बन्धमा देखिएका समस्या तथा चुनौती उपर निर्णय लिनको लागि कार्यालयमा सूचना प्रविधि निर्देशक समिति गठन गरे तापनि समितिले हालसम्म कुनै काम गरेको छैन । कार्यालयले सूचना प्रविधिका सम्बन्धमा रणनैतिक योजना तथा वार्षिक योजना तयार गरेको देखिएन । सुरक्षा नीति, प्रकोप पुनर्स्थापना, तेस्रो पक्ष उपयोग, हार्डवेयर, सफ्टवेयर, तथ्याङ्कको विश्वसनीयता, व्याक अप, व्यवसाय निरन्तरता योजनालगायतका नीतिहरु तयार गरेको छैन । सफ्टवेयर सञ्चालनको दीर्घकालीन नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३७. **प्रणाली सुधार -** कार्यालयले प्रयोग गरेको एकल खाता कोष प्रणालीको एक संयुक्त उपक्रममार्फत सूचना प्रविधि प्रणालीको आश्वस्तता परीक्षण गराई सुझाउसहित प्रतिवेदन दिएकोमा आकस्मिक व्यवस्थापन, परिवर्तन व्यवस्थापन विधि, उपयोगकर्ता सुरक्षा व्यवस्थापन जस्ता विभिन्न ३० सुझाउको कार्यान्वयन भएको देखिएन । सफ्टवेयर सञ्चालनको प्रभावकारिता बढाउन नियमित रुपमा प्रणाली परीक्षण गराई सुधार तथा सुझाउ कार्यान्वयन व्यवस्था गर्नुपर्दछ ।

१३८. **जनशक्ति व्यवस्थापन -** सफ्टवेयर सञ्चालन तथा व्यवस्थापनको लागि सूचना प्रविधि शाखामा एक निर्देशक र २ कम्प्युटर ईन्जिनियर तथा प्रणाली विकास तथा समन्वयमा कम्प्युटर इन्जिनियरसमेत ५ दरबन्दी रहेकोमा कम्प्युटर इन्जिनियरहरुको पदपूर्ति भएको छैन । कार्यालयले सफ्टवेयरलाई निरन्तर सञ्चालन गर्नको लागि आवश्यक इन्टरनेट सेवा प्रदायक, प्रणाली सञ्चालन, डेटावेश सञ्चालन तथा नेटवर्क सञ्चालन जस्ता मुख्य कामहरुलगायत सम्पूर्ण कार्यहरु बाह्य स्रोतको एक कम्पनीमार्फत गराएकोले बाह्य स्रोत प्रति कार्यालय निर्भर रहने तथा गोप्य सूचनाहरु सुरक्षित राख्न कठिन हुने देखिन्छ । आवश्यक जनशक्तिको व्यवस्थापन गरी सुरक्षित र विश्वसनीय रुपमा प्रणाली सञ्चालन गर्नुपर्दछ ।

१३९. **नियमितता परीक्षण -** कार्यालयले प्रयोग गरिएको सूचना प्रविधि प्रणाली सिस्टम इन्जिनियरबाट परीक्षण, सफ्टवेयर प्याकेजबाट परीक्षण, पेनेट्रेसन परीक्षण, सुरक्षा तथा सञ्चालन नियमितताको परीक्षण गर्ने गरेको छैन । उपयोगकर्ताहरुलाई सूचना प्रविधि वातावरणमा परेका समस्याहरु तत्काल सुल्झाउन प्रणालीमा हेल्पडेस्क सेवाको व्यवस्था रहेको छैन । अतः सफ्टवेयरको नियमित परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१४०. **प्रणाली सुरक्षा -** एकल खाता कोष प्रणालीको सञ्चालन युजर म्यानुअलअनुसार सञ्चालन भए नभएको र संवेदनशील तथ्याङ्क तथा सूचनाहरुको लजिकल एसेस सेक्युरिटी, गोप्यता र निष्ठाको खुलासा हुने सम्बन्धमा पुनरावलोकन तथा मूल्याङ्कन गर्ने गरेको छैन । प्रणाली सञ्चालक, उपयोगकर्ता तथा कर्मचारीहरुलाई सुरक्षित प्रयोगकर्ता परिचय (User ID) तथा निश्चित समयपछि पासवर्डलाई अनिवार्य रुपमा पासवर्ड परिवर्तन गर्नुपर्ने नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने र प्रणाली सञ्चालनका लागि प्रयोगकर्ता तथा प्रयोगकर्ताहरुको कामको कार्य अभिलेख (Log) देखिने गरी प्रणाली सुरक्षा अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१४१. **प्रणाली नियन्त्रण -** प्रणालीमा सम्पादित कामहरुको नियमित अनुगमन र अनधिकृत क्रियाकलाप नियन्त्रण तथा सुरक्षाको लागि अडिट लगको व्यवस्था गरे तापनि अडिट लगको अनुगमन तथा मूल्याङ्कन गरेको छैन ।

प्रणाली सञ्चालकको युजर लक फ्ल्याग, स्रोत फ्ल्याग, एन्फिनिटी एक्सेस फ्ल्याग आदि सुपर युजर राइटहरु आन्तरिक स्रोतका कर्मचारीहरुबाट नगराई बाह्य स्रोतका परामर्शदातामार्फत गरेको तथ्यांङ्क सुरक्षामा जोखिम रहेको छ । डाटा ब्याक अप प्रणाली र प्रकोप पुनः स्थापना नीति नभएकोले मुख्य क्रियाकलापमा संवेदनशील तथ्याङ्क तथा सूचनाहरु चोरिने, हराउने जोखिम रहेको छ । प्रणाली सञ्चालनमा बाहिरबाट आउने पहुँचलाई स्वीकार गर्ने वा नगर्ने जाँच गरी शंकास्पद गतिविधि आएमा सूचित गरी भाइरसबाट आबद्ध सहयोगी तथा अन्य नेटवर्क सुरक्षित, व्यवस्थित तथा नियन्त्रित गर्ने फायरवाल नीतिसहित प्रणाली नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

१४२. **स्वचालित हिसाब मिलान -** एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिकको बुँदा ४ अनुसार कार्यालयले गरेको कारोबारअनुसारको प्राप्ति तथा भुक्तानीको समायोजनका लागि नेपाल राष्ट्र बैङ्कलाई हरेक दिन समायोजन आदेश पठाउनुपर्ने र कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले सरकारी कारोबार गर्ने बैङ्कसँग दैनिक रुपमा हिसाबमिलान गरे तापनि एकल खाता कोष प्रणालीमा स्वचालित एवं नियमित रुपमा हिसाब मिलान हुने व्यवस्था रहेको छैन । अतः महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क र कोष तथा लेखा नियन्त्रक कार्यालयबीच हिसाब समायोजन हुने व्यवस्था मिलाइनुपर्ने देखिन्छ ।

१४३. **प्रणाली सञ्चालन -** एकल खाता कोष प्रणाली सञ्चालन निर्देशिकाको बुँदा १०.१.१९ अनुसार खर्च गर्ने कार्यालयले आफ्ना कर्मचारीहरुलाई भुक्तानी गरिने तलब भत्ता रकम सम्बन्धित कर्मचारीको बैङ्क खातामा सिधै जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यान्वयन नभएको र बुँदा १०.१.१८ अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयलबाट जारी हुने चेक रेखाङ्कित हुनुपर्ने भए तापनि स-साना भुक्तानीको कारण देखाएर बाहक चेकसमेत जारी गर्ने गरेको देखियो । यसैगरी बुँदा १०.१.२१ अनुसार प्रत्येक महिनाको ५ गतेभित्र सरकारी कारोवार गर्ने बैङ्कसँग हिसाब मिलान गरी अभिलेख अद्यावधिक गरी प्रमाणित गर्ने नगरेको र बुँदा १०.१.२३ अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले नेपाल राष्ट्र बैङ्कलाई रकम जम्मा गर्न दिएको आदेशको एकप्रति दैनिक रुपमा महालेखा नियन्त्रक कार्यालय कोष प्रशासन शाखामा पठाउनुपर्ने व्यवस्था भए तापनि कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयमा पठाउने गरेका छैनन् । अतः निर्देशिकाको व्यवस्था कार्यान्वयन हुने गरी सफ्टवेयरमा व्यवस्था मिलाउनु पर्दछ ।

१४४. **केन्द्रीय हिसाब -** संघीयता कार्यान्वयन पश्चात प्रदेश तह र स्थानीय तहले एकल खाताकोष प्रणाली (Treasury Single Account – TSA) कार्यान्वयन नगरेकोले तीनै तहको सरकारको वित्तीय सूचना एकीकृत गरी केन्द्रीय हिसाब तयार हुन सकेको छैन । संघीयता कार्यान्वयन संगै तीनै तहको सरकारको वित्तीय सूचना एकीकृत गरी केन्द्रीय हिसाब बनाउन एकल खाता कोष प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

१४५. **अभिलेख/प्रतिवेदन -** एकल खाता कोष प्रणाली कार्यान्वयन पश्चात प्रणालीबाट नै लेखा अभिलेख राख्ने तथा प्रतिवेदन तयार हुनुपर्नेमा सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालयहरुले लेखा अभिलेख राख्न र प्रतिवेदन तयारीमा प्रणाली प्रयोग गरेको देखिएन । अतः सम्बन्धित मन्त्रालय, विभाग र कार्यालयहरुलाई जिम्मेवार बनाउने गरी कोष सूचना प्रणाली विकसित गरिनु पर्दछ ।

स्वचालित भन्सार जाँचपास प्रणाली (आसिकुडा)

भन्सार विभाग र अर्न्तगतका भन्सार कार्यालयहरुमा प्रयोग भएको स्वचालित भन्सार जाँचपास प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउने उद्देश्यले सन् १९९६ देखि आसिकुडा प्रणाली प्रयोगमा रहेको छ । भन्सार जाँचपास प्रणाली पूर्णरुपमा सञ्चालनमा आउन नसकेकोले सन् २०१६ देखि आसिकुडाको नयाँ भर्सन आसिकुडा वर्ल्ड कार्यान्वयनमा ल्याएको छ । यो प्रणालीले भन्सार जाँचपासलाई सरल, सहज र अन्तर्राष्ट्रिय स्तरको बनाउन भन्सार परिसरमा मालबाहक सवारीको प्रवेश, दर्ता, मूल्याङ्कन, कर तथा महसुल भुक्तानी र अभिलेख लगायतका कार्यहरु समेटेको छ । प्रणाली सञ्चालनको पूर्वाधार व्यवस्था, सुरक्षा प्रणाली र सञ्चालन प्रक्रिया सम्बन्धमा गरिएको सूचना प्रविधि लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

१४६. **नीति तथा योजना -** भन्सार विभागले सूचना प्रविधिसम्बन्धी नवीन अवधारणा तथा आन्तरिक रुपमा देखिएका समस्या तथा चुनौती उपर निर्णय लिनको लागि सूचना प्रविधि निर्देशक समिति २०७१।७२८ मा गठन गरे तापनि हालसम्म कुनै पनि बैठक नबसेकाले वार्षिक तथा रणनैतिक योजना तयार भएको छैन । विभागमा प्रयोग भएको सफ्टवेयर सुरक्षा तथा आश्वस्तताका सम्बन्धमा सूचना प्रविधि, सुरक्षा, व्यवसाय निरन्तरता, डिजास्टर रिकोभरी (Disaster Recovery), हार्डवेयर, सफ्टवेयर, तथ्याङ्कहरुको गोपनीयता,

व्याकअप, Remote Access, परिवर्तन व्यवस्थापन, सूचना प्रविधि तालिम व्यवस्थापन, तेस्रो पक्ष उपयोग (Third Party Usage) लगायतका नीतिहरु तयार गरेको छैन । अतः प्रणाली सञ्चालनसम्बन्धी आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

१४७. **प्रणाली परीक्षण -** कार्यालयमा प्रयोग भएको सफ्टवेयर सञ्चालन तथा व्यवस्थापनको लागि सूचना प्रविधि शाखामा १३ कर्मचारीहरुको दरबन्दी रहेकोमा ७ कर्मचारीको पदपूर्ति भएको छैन । सूचना प्रविधि सफ्टवेयरको सञ्चालनमा प्रयोगकर्ताहरुलाई कुनै समस्या परेमा सोको जानकारी सञ्चालन गर्ने केन्द्रलाई सफ्टवेयर मार्फत पठाउने गरेको छैन । अतः कार्यालयमा प्रयोग गरिएको सूचना प्रविधि प्रणालीको सुरक्षा तथा प्रभावकारी उपयोगका लागि सुरक्षा मापदण्ड तथा हार्डवेयर र सफ्टवेयर उपयुक्त ढङ्गवाट कार्यान्वयन भएको सुनिश्चत गर्नका लागि अपरेटिङ प्रणालीहरु, अनुभवी सिस्टम इन्जिनियर, उपयुक्त सफ्टवेयर प्याकेजबाट परीक्षण, पेनेट्रेसन टेष्ट (Vulnerablity Assement Penetration Test - VAPT), सुरक्षा मापदण्ड र सञ्चालन मापदण्ड तयार गरी नियमितताको जाँच गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१४८. **प्रणाली सुरक्षा -** सफ्टवेयर प्रयोगकर्ता पासवर्ड अक्षर, नम्बर र संकेतको न्यूनतम र अधिकतम संख्याको व्यवस्था तथा पासवर्ड दर्ता, परिवर्तन तथा सुरक्षा सम्बन्धी पासवर्ड नीति बनाएको छैन । सफ्टवेयर सुरक्षाको लागि प्रणालीमा अडिट लगको व्यवस्था तथा त्यसको उचित अनुगमन गर्नुपर्नेमा अडिट लगको अनुगमन गरेको छैन । अतः सफ्टवेयर सञ्चालनमा सफ्टवेयरको नियन्त्रणको लागि सिस्टम म्याप तयार गनुपर्ने, आसिकुडा सफ्टवेयर प्रणालीमा अपलोड हुने अभिलेख तथा फाईलहरु अनिवार्यरुपमा स्वतः स्क्यान हुने एन्टिभाइरस सफ्टवेयर जडान गर्नुपर्ने, आसिकुडा प्रणालीमा रहेका तथ्याङ्कहरुको सुरक्षाको निम्ति डाटावेशको सुरक्षा व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१४९. **हार्डवेयर तथा सफ्टवेयर सुरक्षा -** कार्यालयले प्रयोग गरेका सफ्टवेयर, हार्डवेयरको नियमित मर्मत तथा सम्भारका लागि आन्तरिक कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक देखिएको छ । सफ्टवेयरको सुरक्षाको निम्ति सेक्युरिटी लग्सको सुपरिवेक्षण गर्ने नगरिएको, सूचना प्रविधिसँग सम्बन्धित हार्डवेयर तथा सफ्टवेयरहरुको वर्गीकरण तथो ट्रयाकिङ्ग अभिलेख तयार गरेको छैन । आसिकुडा प्रणालीमा तथ्याङ्क धुल्याउने व्यवस्था नगरिएकोले र हालसम्म प्रणालीबाट कुनै तथ्याङ्क धुल्याएको छैन । अतः हार्डवेयर तथा सफ्टवेयर सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१५०. **प्रणाली सुधार -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ अनुसार भन्सार विभागबाट उपयोगमा ल्याइएको आसिकुडा समेतका सफ्टवेयरहरु सूचना प्रविधि विभागमा अभिलेखीकरण गराएको छैन । विभागले विकास तथा परिमार्जन गरेको सफ्टवेयर प्रणाली प्रयोगमा ल्याउनु अघि लाभग्राही उपयोगमा सहज हुने वा समस्या नआउने सम्बन्धमा युजर एसेप्टेन्स टेष्ट (User Acceptance Test - UAT) गराएको छैन । एसियाली विकास बैङ्कले दिएको आसिकुडाको कार्यान्वयन पश्चातको पुनरावलोकन प्रतिवेदनमा उल्लिखित कार्यगत र प्राविधिक कार्यान्वयन सम्बन्धमा समय सीमासहित दिएको सुझावहरुको कार्यान्वयन गरेको छैन । अतः सफ्टवेयर सुधार सम्बन्धमा नियमित पुनरावलोकन गनुपर्दछ ।

१५१. **प्रणाली सञ्चालन -** वीरगन्जस्थित सुख्खा बन्दरगाह भन्सारका एक एजेन्टले सहुलियत प्राप्त गर्ने उद्देश्यले कमर्सियल इन्भ्वाईसलाई नै सहुलियत प्रमाणको रुपमा अपलोड गरी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिएको देखियो । केही नमुनाको परीक्षण गर्दा उक्त भन्सारका एक एजेन्टले कागजात प्रविष्टि गर्दा गलत प्रमाण अपलोड गरेको र सोही कागजात भन्सार अधिकृतले स्वीकृत गरी भन्सार जाँचपास गरेको देखियो । त्यस्तो गल्ती र जालसाजीपूर्ण सूचना प्रविष्टि गरेको खण्डमा सोको चेकजाँच र नियन्त्रण गर्ने व्यवस्था प्रणालीमा रहेको छैन । सफ्टवेयरले सूचना प्रविधि प्रणालीमा अपलोड गरेको बैङ्क जमानतलाई प्रमाणित तथा अनुगमन गर्ने कुनै व्यवस्था रहेको छैन । अतः प्रचलित कानुन र प्रक्रियाबमोजिम प्रणाली सञ्चालन हुने गरी सफ्टवेयरमा सुधार गर्नुपर्दछ ।

१५२. **समन्वय -** भन्सारले प्रयोग गरेको विद्युतीय सूचना प्रणाली वस्तु आयात, निर्यात र भन्सार राजस्व असुली स्थिति पहिचान गर्ने प्रारम्भिक माध्यम हो । यस प्रणालीबाट प्राप्त तथ्याङ्कको आधारमा व्यवसायीहरुको आयात निर्यात कारोबार लगायत अन्य र विभिन्न राष्ट्रिय तथ्याङ्कहरु विश्लेषण गरिन्छ । यस प्रणालीलाई

आन्तरिक राजस्व, व्यवसाय दर्तालगायतका प्रणालीसंग आवद्ध गरी, सूचना आदान प्रदानमा विभिन्न निकायबीच समन्वय स्थापित गरी अधिकतम उपयोग गर्नु पर्दछ ।

संगठित संस्था र समिति

नेपाल राष्ट्र बैङ्क, २०७४।७५

नेपालको केन्द्रीय बैङ्कको रुपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत विक्रम संम्वत २०१३ सालमा यस बैङ्कको स्थापना भएको हो । हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कको केन्द्रीय कार्यालय काठमाडौँमा रहेको छ । उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढीमा सात शाखा कार्यालयहरु सञ्चालनमा छन् ।

बैङ्कले नोट तथा सिक्का निष्काशन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, बाणिज्य बैङ्क तथा वित्तीय संस्थाको आवश्यक नियमन, निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्दै आएको छ । साथै नेपाल सरकारको बैंकिङ सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा समेत वैंकले कार्य गर्दै आएको छ ।

१५३. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** केन्द्रीय बैङ्कको पुँजी तथा दायित्व रु ५ अर्व, जगेडा तथा संचित मुनाफा रु. १ खर्व ९९ अर्व २९ करोड ९२ लाख भै इक्वीटी रु २ खर्व ४ अर्व २९ करोड ९२ लाख तथा दायित्व रु ९ खर्व ५० अर्व ७९ करोड ६४ लाख समेत रु ११ खर्व ५५ अर्व ९ करोड ५६ लाख रहेको छ । विभिन्न किसिमको सम्पत्ति रु ११ खर्व ५५ अर्व ९ करोड ५६ लाख रहेको देखिन्छ । वितरणयोग्य आम्दानी गत वर्ष रु १९ अर्व ६८ करोड ८५ लाख रहेकोमा यो वर्ष रु. २७ अर्व ८९ करोड २ लाख रहेको छ ।

१५४. **वित्तीय प्रतिवेदनमान -** कम्पनी ऐन, २०६३ को दफा १०८(२) मा कम्पनीहरुले प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायले लागू गरेको लेखामान पालना गर्नु पर्ने व्यवस्था रहेको छ । वाणिज्य बैङ्कहरुमा विगतमा प्रयोग भैरहेको नेपाल लेखामानको सट्टा हाल नेपाल वित्तीय प्रतिवेदनमान लागू भएको छ । सञ्चालनमा रहेका २८ वाणिज्य बैङ्क मध्ये २४ ले सो अनुसार वित्तीय विवरण तयार नगरेको कारण लेखापरीक्षकले परिमार्जित राय दिएको पाइयो । उपरोक्त स्थितिमा समेत नेपाल राष्ट्र बैङ्कले वाणिज्य बैङ्कहरुलाई लाभांश प्रदान गर्न अनुमति प्रदान गरेको उचित देखिएन । प्रचलित कानूनको पालना गरी लाभाँश प्रदान गरे नगरेको सम्बन्धमा बैङ्कबाट जाँच तथा परीक्षण भएको पाइएन । कानूनको पालना गराउन अनुगमन प्रभावकारी गराउनु पर्दछ ।

१५५. **सुपरिवेक्षण र नियमन -** लेखापरीक्षण प्रतिवेदनमा औल्याएका व्यहोराहरु सुधार गरी बैङ्क तथा वित्तीय संस्थाले वार्षिक वित्तीय विवरण सुधार तथा प्रकाशन गर्नुपर्नेमा सो अनुसार नभएको, वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बाहेक अन्य प्रचलित कानून समेत पालना गरेर मात्र लाभांस वितरण गर्नु पर्ने, कम्पनी ऐन, २०६३ को दफा १०८ मा आधिकारिक लेखामान अनुसार लेखा राख्नुपर्ने र दफा १६० मा अभिलेख, हिसाव किताव लगायतका विषय पालना नगरेमा जरिवाना तथा कैद गरिने प्रावधान रहेकोमा सो को पालना नगरेको जस्ता व्यहोराहरु सुपरीवेक्षण प्रतिवेदनमा उल्लेख गरेको देखिँदैन । निरीक्षण तथा सुपरीवेक्षण नियमावली, २०७० अनुसार तथ्याँक जाँच तथा प्रमाणीकरणको लागि सुपरीवेक्षण एवं निरीक्षण गर्दा अपनाएको प्रकृयाको अभिलेख व्यवस्थित हुनुपर्ने लगायतका प्रावधानको पालना गरेको देखिएन । सुपरीवेक्षण तथा निरीक्षणको लागि इमान्दारिता, लगनशीलता, स्वतन्त्रता जस्ता मापदण्ड तयार गरी नियमन व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

१५६. **अनौपचारिक क्षेत्र -** नेपाल राष्ट्र बैङ्कले औपचारिक क्षेत्र अन्तर्गत बैङ्क, वित्तीय एवं अन्य संस्थाहरुबाट अर्थतन्त्रसंग सम्बन्धित विभिन्न वित्तीय तथ्यांकहरु सङ्कलन गरी वित्तीय सूचकांकहरु मूल्यांकन विश्लेषण गरेता पनि वित्तीय बजारमा अनौपचारिक क्षेत्रको अवस्था र भूमिका सम्बन्धमा अध्ययन, अनुसन्धान गरेको देखिएन । राष्ट्रको समष्टिगत वित्तीय बजारको अवस्था यकिन गर्न अनौपचारिक क्षेत्र समेतको अध्ययन गर्ने गराउने र सो तथ्यांकलाई समेत आधार मानी राष्ट्रिय अर्थतन्त्रको वास्तविक अवस्था चित्रण हुने सूचकांकहरु अद्यावधिक गर्न आवश्यक देखिएको छ ।

१५७. **सटही दर परिवर्तन -** नेपाल राष्ट्र बैङ्कको सम्पत्तिको रुपमा रहेको वैदेशिक मुद्राको सटही दरमा हुने सामान्य घटबढले समेत बैङ्कको वित्तीय स्थितिमा ठूलो असर पर्ने देखिन्छ । २०७३।७४ मा अमेरिकी डलरमा ३.६३ प्रतिशत गिरावट आउँदा रु. २३ अर्ब ७५ करोड घाटा र २०७४।७५ मा अमेरिकी डलरमा ६.४८ प्रतिशत वृद्धि हुँदा रु. ३८ अर्ब २७ करोड नाफा भएको देखिन्छ । विनिमय दर परिवर्तनबाट हुने जोखिम न्यूनीकरण गर्न हेजिङ लगायतका उपयुक्त उपकरणको व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१५८. **सुन चाँदीको गुणस्तर -** भौतिक परीक्षण प्रतिवेदन अनुसार २०७२।७३ मा २ हजार ६१५ किलोग्राम सुन र १ लाख २६ हजार १९० किलो ग्राम चांदी मौज्दात रहेको थियो । शुद्धताको मात्रा अनुसार टच नम्बरसहित अभिलेख राख्नुपर्नेमा मौज्दातको तौल र रकमको विवरणमात्र राखेको छ । सुन र चाँदीको परिमाण र गुणस्तर यकिन नगरेको हुँदा यकिन गर्नुपर्ने व्यहोरा गतवर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत छ ।

१५९. **कर्मचारी सुविधा -** नेपाल सरकारले यस वर्ष सरकारी खर्चमा मितव्ययिता सम्वन्धी निर्देशिका जारी गरी सबै सरकारी निकायमा विगतमा प्रदान गर्दै आएको स्थानीय भत्ता, लुगा भत्ता र महंगी भत्ता बाहेक अन्य सबै प्रकारका भत्ताहरु खारेज गरेको छ । निर्देशिकाको उक्त प्रावधान सार्वजनिक संस्थानमा समेत लागु हुने उल्लेख छ । नेपाल राष्ट्र बैङ्कका कर्मचारीलाई कर्मचारी सञ्चयकोष, औषधि उपचार कोष, उपदान कोष र कर्मचारी सुरक्षा कोषका अलावा सबै कर्मचारीलाई ८ किसिमका र विशेष समूहका कर्मचारीलाई १९ किसिमका भत्ता उपलब्ध गराएको देखियो । यो वर्ष तलब बाहेक रु.१ अर्ब ३२ करोड अन्य भत्ताहरुमा खर्च लेखेको छ । उक्त खर्च तलब खर्चको तुलनामा २२० प्रतिशत बढी हुने देखिन्छ । निर्देशिकाको उक्त प्रावधान पालना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६०. **आयकर -** नेपाल राष्ट्र बैङ्कले कर्मचारीलाई विभिन्न प्रकारका सहुलियत ऋण प्रदान गरेकोमा आयकर ऐन, २०५८ बमोजिम प्रचलित व्याजदर भन्दा सहुलियत व्याजदर कम भएमा कम भए जतिको दरले हुन आउने रकमलाई कर्मचारीको आयमा समावेश गरी रोजगारीको आय गणना गर्नुपर्नेमा सो अनुसार गणना गरी आयमा समावेश गरेको छैन । यसबाट शुल्क र व्याज बाहेक रु. ५ करोड ९८ लाख पारिश्रमिकमा कर असुल गर्नुपर्ने देखिन्छ । गतवर्ष यस्तो रकम रु.५ करोड ५० लाख असूल गर्नुपर्ने भनि प्रतिवेदनमा उल्लेख गरेको भएतापनि स्थिति यथावत छ ।

कर्मचारी सञ्चय कोष, २०७४।७५

सेवा निवृत्त सेनाको सञ्चयकोष रकम व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले विक्रम सम्वत् १९९१ मा सैनिक द्रव्यकोष स्थापना भएको थियो । हाल निजामती, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार कोषको स्थापना भएको छ । कोषले हाल सार्वजनिक र निजी क्षेत्रका कर्मचारीहरुलाई पनि आफ्नो दायरामा समेटेको र २०७५ आषाढ मसान्तसम्म करिब ६ लाख सञ्चयकर्ताको संचित कोष रकम व्यवस्थापन गर्दै आएको छ ।

१६१. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - कोषको २०७५ आषाढ मसान्तसम्म कर्मचारी सुविधालगायत जम्मा दायित्व रु.३ अर्ब ४४ करोड ७६ लाख रहेको छ । सञ्चयकोष रु.२ खर्ब ७८ अर्ब ७५ करोड ३० लाख र जगेडा तथा बचत रु.२९ अर्ब ८० करोड ४९ लाखसमेत कोष तथा जगेडा रु.३ खर्ब ८ अर्ब ५५ करोड ७९ लाख रहेको देखिन्छ । बैङ्क तथा वित्तीय संस्थामा मौज्दात रु.५४ अर्ब ९७ करोड ७२ लाख, सञ्चयकर्तालाई कर्जा तथा सापटी रु.१ खर्ब ६८ अर्ब २३ करोड १४ लाख, परियोजना तथा संगठित संस्थालाई कर्जा रु.४५ अर्ब ८९ करोड ६० लाख, धितोपत्रहरुमा लगानी रु.३८ अर्ब ९२ करोड ६५ लाख र अन्य सम्पत्ति रु.३ अर्ब ९७ करोड ४४ लाख समेत जम्मा सम्पत्ति रु.३ खर्ब १२ अर्ब ५५ लाख रहेको देखिन्छ । खुद मुनाफा गत वर्ष रु.१ अर्ब ९३ करोड ९० लाख रहेकोमा यस वर्ष रु.३ अर्ब ९४ करोड ७ लाख रहेको देखिन्छ ।

१६२. **कार्यसम्पादन स्थिति -** सञ्चयकर्तालाई गत विगत वर्षमा सञ्चालक समितिको निर्णयवाट ३.५ देखि ११ प्रतिशतसम्म ब्याज प्रदान गरेकोमा २०७५।४।१ देखि यो दर ८.२५ प्रतिशत निर्धारण भएको छ । कोषले विभिन्न वाणिज्य बैङ्कसँगको सहकार्यमा कन्सोर्टियम ऋण, नेपाल सरकारको जमानतमा विभिन्न संगठित संस्थालाई परियोजना ऋण, सञ्चयकर्ताहरुको लागि विशेष ऋण, घर निर्माण तथा मर्मत ऋण, शैक्षिक ऋण आदि ऋणहरु प्रदान गर्दै आएको छ । सञ्चयकर्ताको लागि दुर्घटना बीमा, औषधि उपचार खर्च र क्रिया खर्चको सुविधा पनि दिएको छ ।

१६३. **कर्मचारी हित तथा सुरक्षा -** कर्मचारी संचय कोष ऐन, २०१९ को दफा १९ मा आवास परियोजना अन्तर्गत घर घडेरी बिक्री र कर्मचारी हितको कामसमेत यस कोषको क्षेत्राधिकारभित्र पर्ने देखिन्छ । यसर्थ कर्मचारी हित तथा सुरक्षा र सुविधाको लागि विभिन्न किसिमका आर्थिक, सांस्कृतिक र सामाजिकलगायत सञ्चयकर्ताको हितसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

१६४. **विमान खरिद कर्जा –** नेपाल वायुसेवा निगमसंग २०७४।२।२८ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रु.१२ अर्ब ऋण प्रवाह गरेको छ । निगमले २०७५ को पौष मसान्तसम्म किस्ता रकम चुक्ता गरेको देखिएन । ठूला र दीर्घकालिन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरु र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयहरुमा अध्ययन, विश्लेषण र मूल्याँकन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्दछ ।

१६५. **जलविद्युत क्षेत्रको कर्जा -** माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेड, मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड र सान्जेन जलविद्युत कम्पनी लिमिटेडमा कोषले रु.२१ अर्ब ६३ करोड १० लाख कर्जा लगानी गरेको छ । ती कम्पनीसँग ऋण सम्झौता गर्दा आयोजना निर्माण अवधि कर्जाको पहिलो किस्ता प्रवाह भएको मितिले ५ वर्षको हुने, सोपछि ऋण भुक्तानी शुरु हुने र अर्को १० वर्षमा सम्पूर्ण ऋण भुक्तानी भइसक्ने उल्लेख छ । ती आयोजनाको निर्माण अवधि बढ्न गई ८ वर्ष पुग्ने तथा लागत समेत बढ्ने अवस्था छ । तर ऋण भुक्तानी तालिकामा पर्ने प्रभाव, संशोधित लागत अनुमान र संशोधित लागतले ऋण पूँजी अनुपातमा पर्ने प्रभाव बारे अध्ययन गरेको पाइएन ।

मध्यभोटेकोशी जलविद्युत कम्पनी लिमिटेडमा कूल संचयकर्तामध्ये अन्य कार्यालयका कर्मचारीलाई भन्दा कोषका कर्मचारीलाई बढी सेयर लगानी गर्न सक्ने गरी अग्राधिकार सुनिश्चित गरेको छ । कर्मचारी सञ्चय कोषका कर्मचारी र अन्य सञ्चयकर्ताबीच विभेद गर्नु उचित देखिएन ।

१६६. **मुद्दती निक्षेप -** कोषको कुल कर्जा तथा लगानी रु.२ खर्ब ५४ अर्ब ८५ करोडमध्ये रु.५४ अर्ब ६९ करोड (२१ प्रतिशत) विभिन्न बैङ्कको मुद्दती निक्षेपमा लगानी गरेको छ । निक्षेपमा लगानी गर्दा प्रतिस्पर्धात्मक ब्याजदर र लगानीका विभिन्न सूचकाङ्क जस्तै खराब कर्जाको अंश, पुँजी पर्याप्तता अनुपात, कर्जा एवं पुँजी निक्षेप अनुपात, खुद तरलता अनुपात आदिको विश्लेषण गरी लगानी गर्नुपर्नेमा केही बैङ्कबाट मात्र प्रस्ताव लिई लगानी गरेको पारदर्शी देखिएन । सालबसाली रुपमा सञ्चयकर्तालाई आवश्यक पर्ने रकम छुट्याई बाँकी रकम प्रतिस्पर्धात्मक रुपमा सञ्चयकर्ताको हित तथा सुरक्षासम्बन्धी कार्यक्रममा लगानी गर्नुपर्दछ ।

१६७. **भाडा असुली -** कोषको स्वामित्वमा काठमाडौँ, सुन्धारामा रहेको घर भाडामा लगाउने सम्बन्धी सम्झौतामा भाडामा लिनेले २०७३।१०।६ देखि प्रथम तीन महिनाको अग्रिम भाडा रु.८ करोड १३ लाख र २०७५ ज्येष्ठमा रु.२ करोड ७१ लाखसमेत रु.१० करोड ८४ लाख ४५ हजारमात्र कोषलाई बुझाएको पाइयो । भाडा रकम नियमित रुपमा प्राप्त नभएकोले कोषले २०७५।१।५ मा रु.३२ करोड ५३ लाखको बैङ्क जमानत जफत गरी बक्यौता रकम चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गरेको छ । कोषले जमानत जफत गरेको रकम कटाई २०७५ आषाढसम्ममा रु.१० करोड ५८ लाख उठाउन बाँकी रहेको छ । सोही भवनको अर्को एक भाडावालाको सम्झौता २०७२ आश्विनमा रद्द गरेकोमा रु.१० करोड ८३ लाख भाडा उठाउन बाँकी रहेको छ । लिन बाँकी भाडा रकमको ब्याज तथा जरिबानासमेत असुल गर्नुपर्दछ ।

१६८. **साँवा ब्याज असुली -** कोषले कर्जा प्रवाह गरेको रकममध्ये एक सुगर मिलसँग साँवा र ब्याज रु.६ करोड ६९ लाख, पोखरास्थित एक कम्पनीसँग साँवा र ब्याज रु.२६ करोडसमेत रु.३२ करोड ६९ लाख असुल गर्न बाँकी छ । त्यसै गरी एक निजी कम्पनीको २०६३।६४ मा सम्पत्ति लिलाम गर्दा समेत असुल नभएको साँवा र ब्याज रु.३ करोड ७४ लाख यो वर्ष पनि असुल गरेको छैन । सम्पत्ति लिलाम गरी धितो संरक्षणमा रहेका दुई व्यक्तिको जमानीउपर दाबी गर्नुपर्नेमा सो समेत गरेको छैन । गत वर्षको प्रतिवेदनमा सो व्यहोरा औँल्याए तापनि स्थिति यथावत् छ । साँवा, ब्याज तथा जरिवाना असुली नगर्ने कार्य उचित देखिएन ।

१६९. **बैङ्क हिसाब भिडान -** कोषको सेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । बैङ्क मौज्दात भिडान नभएको रकम २०७२।७३ सम्म रु.१ अर्ब ५६ करोड ३३ लाख, २०७३।७४ सम्म रु.१ अर्ब ९० करोड ८८ लाख र २०७४।७५ सम्म रु.१ अर्ब ९७ करोड १६ लाख पुगेको छ ।

बैङ्क हिसाब भिडान नहुँदा रकम हिनामिना भएमा समयमै पत्ता नलाग्ने अवस्था रहन्छ । बैङ्क हिसाब भिडान नभएको रकम प्रत्येक वर्ष वृद्धि भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई हिसाब भिडान गर्नुपर्दछ ।

१७०. **जगेडा कोष -** कोषको वित्तीय विवरणमा साधारण जगेडा कोषमा २०७५ आषाढ मसान्तमा रु.१ अर्ब ३३ करोड २४ लाख मौज्दात रहेको देखिन्छ । जगेडा कोषको २०६६।६७ मा रकम सञ्चयकर्तालाई वितरण गरेको देखिन्छ । हाल ठूलो रकम जगेडा कोषमा रहेको र उक्त कोषमा रकम राख्नुको औचित्य स्पष्ट नभएकोले संचयकर्तालाई वितरण गर्नुपर्दछ ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, २०७४।७५

सर्वसाधारणलाई बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्धेश्यले २०२२ सालमा स्थापना भई वाणिज्य बैङ्क ऐन, २०३१ अनुसार सञ्चालनमा रहेकोमा कम्पनी ऐन अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा २०६३ सालमा पुनः दर्ता भई 'क' बर्गको बैङ्कको रुपमा सञ्चालन हुंदै आएको छ । केन्द्रीय कार्यालयको अलावा बैङ्कको २१७ शाखा रहेका छन् । हाल बैङ्कमा नेपाल सरकारको ९९.९६६ प्रतिशत र सर्वसाधारणको ०.०३४ प्रतिशत सेयर स्वामित्व रहेको देखिन्छ ।

बैङ्कले निक्षेप सङ्कलन, प्रतीतपत्र, बैङ्क जमानत, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, एटीएम, भिसा क्रेडिट कार्ड, रकम ट्रान्सफर, आस्वा, सेफ डिपोजिट भल्ट, ब्रान्चलेस बैंकिङ्ग र वैदेशिक मुद्रा खरिद बिक्री आदि कार्य सञ्चालन गर्दै आएको छ । बचत निक्षेपमा २.५ देखि ४.५ प्रतिशत तथा मुद्दतिमा ५.५ देखि ९.२५ प्रतिशतसम्म ब्याज दिने गरेको र कर्जामा ८.६० देखि १२.२७ प्रतिशतसम्म ब्याज लिने गरेको देखिन्छ । बैङ्कमा २०७५ आषाढ सम्म कुल निक्षेप रु.१ खर्ब ६४ अर्ब २१ करोड र कुल कर्जा रु.१ खर्ब २१ अर्ब ४६ करोड रहेको छ ।

१७१. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०७५ आषाढ मसान्तसम्म सेयर पुँजी रु.९ अर्ब ४७ लाख, जगेडा तथा अन्य कोष रु.१० अर्ब २८ करोड ७० लाख, कुल दायित्व तथा व्यवस्था रु.१ खर्ब ७८ अर्ब १० करोड ९६ लाख रहेको छ । कुल सम्पत्ति रु.१ खर्ब ९७ अर्ब ४० करोड १३ लाख रहेको छ । गत वर्ष रु.३ अर्ब ४ करोड १३ लाख नाफा भएकोमा यस वर्ष नाफा रु.३ अर्ब ८१ करोड ७५ लाख रहेको छ । बैंङ्कको प्रमुख वित्तीय परिसूचकको अनुपात देहायअनुसार रहेको छः

क्रम	विवरण	सूचकाङ्क	२०७२/७३	२०७३/७४	२०७४/७५
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	२४.६०	३३.९५	२५.९७
२	प्रति सेयर आम्दानी	रुपैयाँ	२७.४२	३२.३२	३०.२६
३	निक्षेप र ऋण प्राप्तीको अनुपातमा व्याज खर्च	प्रतिशत	१.२७	१.२४	१.७६
४	ऋण लगानीको अनुपातमा प्राप्त व्याज	प्रतिशत	८.३२	७.७८	९.२०
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	५२.८८	४६.९६	४१.४८
६	कूल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.४२	१.६०	१.४२

कुल आम्दानी र सम्पत्तिको अनुपातमा खुद मुनाफा गत वर्ष भन्दा घटेको छ । त्यसै गरी प्रतिसेयर आम्दानीमा पनि गिरावट आएको देखिन्छ । ऋण लगानीको अनुपातमा व्याज आम्दानी र निक्षेप तथा ऋण प्राप्तिको अनुपातमा व्याज खर्च बढेको छ । कुल सञ्चालन खर्च अनुपातमा कर्मचारी खर्च घटेको देखिन्छ ।

१७२. **शाखा हिसाब मिलान -** अन्तर शाखा हिसाब मिलान हुन बाँकी रकम गत वर्षसम्म रु. ४ अर्ब १६ करोड ३७ लाख रहेकोमा यो वर्षको अन्तमा रु. १ अर्ब ६८ करोड ४८ लाख देखिएको छ । वर्षौं देखि हिसाब मिलान हुन नसकी बाँकी रहेको रकमको आयुगत विवरण तथा चारित्रीकरण गरेको छैन । तसर्थ अन्तर शाखा हिसाब मिलानको अवस्था कमजोर रहेको छ । यसबाट बैङ्कको सम्पत्ति, दायित्व, आय तथा व्ययमा पर्नसक्ने असर यकिन गर्न सक्ने अवस्था छैन ।

१७३. **ब्याज असुली -** बैङ्कले प्रदान गरेको ऋण असुली गर्दा ब्याज बाँकी हुने तर साँवा सबै असुली हुने अवस्था रहनु हुँदैन । बैङ्कको विगत वर्षदेखि नै केही कर्जाको साँवा शून्य भइसक्दा पनि उक्त कर्जाको ब्याज रु.१ अर्ब १३ करोड ९८ लाख असुल गर्न बाँकी देखिन्छ । यसरी ब्याज बाँकी राखेर साँवामात्र असुल गरी बैङ्कलाई हानि नोक्सानी पुऱ्याउने पदाधिकारी लाई जिम्मेवार बनाई उक्त रकम असुल हुनुपर्दछ ।

१७४. **वासलात बाहिरका कारोबार -** वासलात बाहिरका कारोबारहरुलाई कतिपय शाखाले स्रेस्तामा र सफ्टवेयरमा राखेतापनि अद्यावधिक गरी लेखाङ्कन गरेको छैन । यस्ता कारोबारको लेखाङ्कन अद्यावधिक नहुँदा बैङ्कलाई उच्च जोखिम रहने देखिन्छ । अपरिवर्त्य कर्जा प्रतिबद्धताको अनुमान गर्ने संयन्त्र नभएको स्थितिमा अपरिवर्त्य कर्जा प्रतिबद्धताअन्तर्गत संम्भावित दायित्व देखाएको रु.५ अर्ब ४५ करोड ५७ लाखको यथार्थता यकिन गर्न नसकिने अवस्था छ । कारोवारसँग सम्वन्धित अभिलेख अद्यावधिक गरिनुपर्दछ ।

नेपाल औद्योगिक विकास निगम विकास बैङ्क लिमिटेड, २०७४।७५

१७५. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०७५।१।१८ सम्म पुँजी तथा दायित्व र जम्मा सम्पत्ति रु.४ अर्ब ८८ करोड ५८ लाख रहेको छ । गत वर्ष रु.२० करोड ८९ लाख नाफा भएकोमा यस वर्ष रु.७ करोड १३ लाख नोक्सान भएको छ । नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कको स्वीकृतिबाट २०७५।१।१९ देखि यो बैङ्क राष्ट्रिय वाणिज्य बैङ्कमा गाभिएको छ ।

१७६. **नेपाल सरकारलाई तिर्नुपर्ने ब्याज -** अन्य दायित्व हिसाबअर्न्तगत बैङ्कले नेपाल सरकारलाई भुक्तानी दिन बाँकी ऋणको ब्याज रु.१५ करोड २५ लाख ३६ हजार विगत वर्षदेखि जिम्मेवारी सार्दै आएको छ । महालेखा नियन्त्रक कार्यालयको २०७५।१।१० को पत्रानुसार बैङ्कले रु.३३ करोड ४८ लाख ९६ हजार भुक्तानी गर्न बाँकी रहेको देखिन्छ । सो रकम यकिन गरी अविलम्ब भुक्तानी गर्नुपर्दछ ।

१७७. **कर्मचारीलाई बढी भुक्तानी -** यस बैङ्कबाट स्वेच्छिक अवकाश योजनामा सहभागी हुने कर्मचारीलाई अर्थ मन्त्रालयको सहमती भन्दा रु.९० लाख ३३ हजार वढी भुक्तानी गरेको देखिन्छ । बढी भक्तानी गरेको रकम सम्बन्धित पदाधिकारीबाट सरकारी बाँकी सरह असुल गर्नुपर्दछ ।

१७८. **कर्जा अपलेखन -** बैङ्कले २०७५।१।१८ सम्म अपलेखन गरेको कर्जा तथा ब्याजसमेत ९ ऋणीबाट रु.१ अर्ब ८१ करोड १४ लाख असुल गर्न बाँकी रहेको देखिन्छ । सो रकम असुल गर्नुपर्दछ ।

नेपाल बैङ्क लिमिटेड, २०७४।७५

नेपालकै पहिलो बैङ्कको रुपमा विक्रम सम्वत १९९४ मा नेपाल सरकार र सर्वसाधारणको संयुक्त लगानीमा स्थापना भएको यस बैङ्कको १६० शाखा कार्यालय रहेका छन् । बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ र कम्पनी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस बैङ्कमा नेपाल सरकारको ५१ र सर्वसाधारणको ४९ प्रतिशत सेयर रहेको छ ।

बैङ्कले निक्षेप सङ्कलन, रेमिटेन्स, प्रतीतपत्र, बैङ्क जमानत, मोबाइल बैकिङ्ग, इन्टरनेट बैंकिङ्ग, एटीएम, भिसा क्रेडिट कार्ड, रकम ट्रान्सफर, आस्वा, एसएमएस बैकिङ्ग, सेफ डिपोजिट भल्ट, वैदेशिक मुद्रा खरिद बिक्री लगायतका कार्य गर्दै आएको छ । बचत निक्षेपमा ३.२५ देखि ५.२५ प्रतिशत तथा मुद्दतीमा ७ देखि ९ प्रतिशत सम्म ब्याज दिने र संस्थागत कर्जामा ६.१६ देखि १४.१४ प्रतिशतसम्म ब्याज लिने गरेको छ । बैङ्कको २०७५ आषाढसम्म कुल निक्षेप रु.९९ अर्ब ५४ करोड र कुल कर्जा रु.९१ अर्ब ७८ करोड रहेको छ ।

१७९. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको चुक्ता पुँजी रु ८ अर्ब ४ करोड २७ लाख, सेयर प्रिमियम, सञ्चित मुनाफा र रिजर्भ रु.१४ अर्ब ९२ करोड ९३ लाखसमेत इक्विटी होल्डर फण्ड रु.२२ अर्ब ९७ करोड २० लाख रहेको छ । जम्मा दायित्व रु.१ खर्ब १० अर्ब ४९ करोड ५२ लाख र कुल सम्पत्ति रु.१ खर्ब ३३ अर्ब ४६ करोड ७२ लाख देखिन्छ । गत आर्थिक वर्ष रु.१ अर्ब ७४ करोड ७१ लाख नाफा रहेकोमा यो वर्ष रु.३ अर्ब २१ करोड ५६ लाख नाफा गरेको छ ।

क्रम	विवरण	सूचकाङ्क	२०७२/७३	२०७३/७४	२०७४/७५
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	३०.५४	३०.८१	३०.३२
२	प्रति सेयर आम्दानी	रुपैयाँ	४४.५९	३८.७७	३९.९८
३	प्रति सेयर औसत बजार मूल्य	रुपैयाँ	४७०.००	३६४.००	२८१.००
४	मूल्य आम्दानी अनुपात	पटक	१०.५४	९.३९	७.०३
५	ऋण लगानीको अनुपातमा प्राप्त व्याज	प्रतिशत	९.८६	९.७३	१२.२२
६	कुल सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	४९.०९	४९.७७	३७.८६
७	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	२.७९	२.७८	२.४१

बैङ्कले यो वर्ष बोनस सेयर र नगद लाभांस वितरण गरेको छैन । जम्मा आम्दानी र कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा गतवर्ष भन्दा घटेको छ । प्रतिसेयर आम्दानी गतवर्ष भन्दा बढे तापनि सेयरको बजार मूल्यमा गिरावट आएको देखिन्छ ।

१८०. **अन्तर कार्यालय हिसाब -** बैङ्कको एक शाखा तथा विभागले अर्को शाखा तथा विभागबाट शोधभर्ना लिने गरी भुक्तानी गरेकोमा सो को विवरण सम्बन्धित शाखा तथा विभागमा नपठाएकाले अन्तर कार्यालय हिसाबमा ठूलो रकम फरक परेको देखिन्छ । आर्थिक वर्ष २०६०।६१ देखि नै यस्तो हिसाब मिलान नभएको अवस्था छ । यस वर्षको अन्त्यसम्म रु.२ अर्ब ८४ करोड १० लाख क्रेडिट रकम हिसाब भिडान गर्न बाँकी देखाई सन्तुलन परीक्षण तयार गरेको छ । तर बैङ्कको वित्तीय विवरणमा यस्तो अन्तर हिसाब भिडान गर्न डेबिटमा रु.६३ करोड ९१ लाख बाँकी देखिएको छ । यसरी शाखाले तयार पारेको विवरणमा रु.२ अर्ब २० करोड १९ लाख फरक परेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

१८१. **कानुनको पालना -** बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १८ अनुसार बैङ्कका सबै सञ्चालकले करचुक्ता प्रमाणपत्र लिनुपर्नेमा लिएको छैन । नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशिका, २०७४ को बुंदा नम्बर ६ अनुसार कर्मचारी एवं सञ्चालकको लागि तालिम, सीप र शिक्षासम्बन्धी मार्गदर्शन तयार गरी लागू गर्नुपर्नेमा गरेको देखिएन । नेपाल राष्ट्र बैङ्कको निर्देशनअनुसार नाफामूलक संस्थाको बचत खाता बन्द गर्नुपर्नेमा गरेको छैन । कम्पनी ऐन, २०६३ अनुसार वितरण गर्न नसकेको लाभांश लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने र महिला लगानीकर्ता भएको संस्थामा एक महिला निर्देशक हुनुपर्नेमा भएको देखिएन । ऐन, नियममा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१८२. **धितो एवं मौज्दात व्यवस्थापन -** धितो मूल्याङ्कनसम्बन्धी नियमावलीअनुसार पाँच वर्षभन्दा पुराना धितो सम्पत्तिको पुनःमूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुरुप पुनःमूल्याङ्कन गरको देखिएन । यसैगरी एकीकृत निर्देशिका, २०७४ अनुसार धितोमा रहेको मौज्दातको त्रैमासिक अनुगमन गर्नुपर्नेमा नगरेको, बैङ्कले कर्जा प्रवाह गर्नु पूर्व जमानी बस्नेको नेट वर्थ गणना नगरेको, ब्याजको ब्याज गणना गर्न निषेध गरेकोमा गणना गरेको, धितोमा रहेको सम्पत्तिको पूर्ण रुपले बीमा नगरेको जस्ता स्थिति देखिएका छन् । धितो एवं मौज्दात व्यवस्थापनमा देखिएका कमजोरीहरु सुधार गर्नुपर्दछ ।

कृषि विकास बैङ्क, २०७४।७५

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले संस्थागत ऋण उपलब्ध गराउन कृषि विकास बैङ्क ऐन, २०२४ अन्तर्गत २०२५ सालमा कृषि विकास बैङ्कको स्थापना भएको हो । ऐनमा भएको संशोधनअनुसार २०३० पश्चात् वाणिज्य बैंकिङ्गसम्बन्धी समेत कार्य गर्दै आएको छ । बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ अन्तर्गत "क" वर्गको वित्तीय संस्थाको उक्त बैङ्कमा नेपाल सरकारको ५१ प्रतिशत तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ ।

बैङ्कले केन्द्र र २४५ शाखा कार्यालय मार्फत रेमिटेन्स, प्रतितपत्र, बैङ्क जमानत, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, एटीएम, भिसा क्रेडिट कार्ड, रकम ट्रान्सफर, आस्वा, एसएमएस अलर्ट र वैदेशिक मुद्रा खरिद बिक्री लगायतका कार्य गर्दै आएको छ । बचत तथा मुद्दती निक्षेपमा ३ देखि ९.५ प्रतिशतसम्म ब्याज दिने र कर्जामा ११ देखि १५ प्रतिशतसम्म ब्याज लिने गरेको देखिन्छ ।

१८३. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०७५ असार मसान्तमा चुक्ता पुँजी रु.१३ अर्ब ९३ करोड ७९ लाख, सेयर प्रिमियम रु.२ अर्ब ५९ करोड ८६ लाख, सञ्चित मुनाफा रु.९ अर्ब ९२ करोड १७ लाख, दायित्व रु.१ खर्ब ८ अर्ब ९६ करोड १३ लाखसमेत पुँजी तथा दायित्व रु.१ खर्ब ३५ अर्ब ४१ करोड ९५ लाख र सोही रकम बराबर सम्पत्ति रहेको देखिन्छ । बैङ्कको कुल निक्षेप तथा लगानी क्रमशः रु.१ खर्ब ४ अर्ब २१ करोड ६४ लाख र रु.१ खर्ब ३ करोड १ लाख रहेको छ जुन २०७३।७४ को तुलनामा क्रमशः ७ प्रतिशत र ५ प्रतिशतले बढी देखिन्छ । बैङ्कको प्रमुख वित्तीय अनुपात देहायबमोजिम रहेको छः

क्रम	अनुपात	आधार	२०७३/७४	२०७४/७५
१	खुद नाफा अनुपात	प्रतिशत	१८.०८	२२.९१
२	प्रति सेयर आम्दानी	रुपैयाँ	३१.५९	३६.६४
३	प्रति सेयर औसत बजार मूल्य	रुपैयाँ	४३५.००	३१४.००
४	मूल्य आम्दानी अनुपात	अनुपात	१३.७७	८.५७
५	लिक्विडिटी	अनुपात	३१.१८	२९.१५
६	कुल सञ्चालन खर्चमा कर्मचारी खर्च	प्रतिशत	३९.५३	२८.१४
७	जम्मा सम्पत्तिमा खुद नाफा	प्रतिशत	२.१५	२.५४
८	निष्क्रिय ऋण	प्रतिशत	४.६०	३.४१
९	निक्षेप तथा ऋणमा व्याज	प्रतिशत	४.४३	६.६३

गत वर्षको तुलनामा खुद नाफा अनुपात, प्रति सेयर अम्दानी, निक्षेप तथा ऋणमा दिने व्याज बढेको र निष्क्रिय ऋण प्रतिशत घटेको देखिन्छ । सेयर बजारको मूल्य घटेका कारण मूल्य आम्दानी अनुपातमा गिरावट आएको छ ।

१८४. **अन्तर शाखा हिसाब -** अन्तर शाखा हिसाब मिलान कार्य विगत लामो अवधिदेखि बाँकी रहेको छ । बर्षान्तमा अन्तर शाखा हिसाब मिलान गर्न बाँकी रु.२ अर्ब ३२ करोड ७६ लाखको रहेको छ । अन्तर शाखा हिसाब मिलान कार्य टुङ्गो लगाउनुपर्दछ ।

१८५. **बोनस वितरण -** बोनस नियमावली, २०३९ को नियम ६(३) मा नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले बोनस वितरण गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ । नियम ६(६) मा नियम विपरीत बोनस वितरण गरेमा बोनस वितरण गर्न निर्णय गर्ने अधिकारीबाट बोनस रकम सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको स्वीकृति नलिई बैङ्कले आर्थिक वर्ष २०६५।६६ र २०६६।६७ को बोनस रु.२६ करोड २०६८।६९ मा कर्मचारीलाई पेस्की स्वरुप वितरण गरेकोमा हालसम्म पेस्की नै रहेकोले नियम विपरीत देखिएको उक्त रकम असुल गर्नुपर्दछ ।

नागरिक लगानी कोष, २०७४।७५

सर्वसाधारणलाई बचतको लागि प्रोत्साहन गर्न लगानीका अवसरहरु वृद्धि गर्दै पुँजी बजारको विकासवाट देशको आर्थिक विकासमा योगदान दिन नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत कोषको स्थापना भएको हो । कोषको केन्द्रीय कार्यालय काठमाडौँ तथा शाखा कार्यालयहरु पोखरा र विराटनगरमा रहेका छन् । कोषमा नेपाल सरकारको १०, नेपाल राष्ट्र बैङ्कको १३, नेपाल स्टक एक्सचेन्जको १०, राष्ट्रिय बीमा संस्थानको २७, बैङ्क तथा वित्तीय सँस्थाहरुको २० र सर्वसाधारणको २० प्रतिशत शेयर स्वामित्व रहेको छ ।

निजामती कर्मचारी, शिक्षक, सैनिक, प्रहरी र अन्य संस्थाका कर्मचारीको लागि निवृत्तभरण कोष, उपदान कोष, कर्मचारी वचत वृद्धि कोष, र बीमा कोषजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ । कोषले सञ्चालन गरेका ११ कार्यक्रममा ४ हजार ८०० कार्यालयका ६ लाख ३२ हजार सेवाग्राही आबद्ध रहेको देखियो । सोको अतिरिक्त कोषले म्युचुअल फण्डको समेत व्यवस्थापन गर्दै आएको छ ।

१८६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कोषको २०७५ आषाढ मसान्तमा शेयरपुँजी रु. ९० करोड ३१ लाख, जगेडा तथा सञ्चिति मुनाफा रु ८८ करोड २१ लाख रहेको छ । स्थिर सम्पत्ति रु ८१ करोड ३२ लाख, लगानी रु ११ करोड ८४ लाख, खुद चालु सम्पत्ति रु ८५ करोड ३६ लाख रहेको छ । यसरी जम्मा सम्पत्ति रु १ अर्ब ७८ करोड ५२ लाख रहेको छ । व्याज, सेवा शुल्क र लाभांश लगायतको आम्दानी गत वर्ष रु ५९ करोड ५१ लाख रहेकोमा यो वर्ष रु ७० करोड २७ लाख देखिन्छ । खुद नाफा गतबर्ष रु. २९ करोड २४ लाख भएकोमा यो वर्ष रु. ३५ करोड ९२ लाख पुगेको छ ।

१८७. **प्रतिवेदन -** नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४७ बमोजिम कोषले आर्थिक वर्ष समाप्त भएको नौ महिना भित्र लेखापरिक्षण प्रतिवेदन र कोषको काम तथा कारोबारसँग सम्बन्धित विवरण नेपाल सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेकोमा सोअनुसार पेस गरेको देखिँदैन । त्यस्तै ऐनको दफा १९(१) मा लगानीकर्तालाई प्रत्येक आर्थिक वर्षमा दिने प्रतिफल दर नेपाल सरकारले समय समयमा सूचना प्रकाशित

गरी तोके बमोजिम हुने व्यवस्था रहेता पनि नेपाल सरकारले हालसम्म तोकेको देखिएन । नेपाल सरकारको सहमति बेगर कोषले प्रतिफल निर्धारण गरेको उचित देखिएन । ऐनको व्यवस्था अनुसार प्रतिवेदन दिने र प्रतिफल दर निर्धारण गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१८८. **अन्तर स्किम हिसाब -** कोषको अन्तर स्किम कारोबार भिडान नहुँदा क्रेडिट तर्फ रु. ७८ करोड ९८ लाख फरक तथा डेबिट तर्फ रु.१ अर्ब २८ करोड ११ लाख फरक भई खुद रु.४९ करोड १३ लाख डेविट फरक रहेको छ । हिसाब भिडान नगरी तयार गरेको वित्तीय विवरणले कोषको आर्थिक कारोबारको यथार्थ चित्रण गर्दैन । उक्त फरक सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्दछ ।

१८९. **चुक्ता पुँजी -** नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५ मा सञ्चालक समितिले नेपाल सरकार अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई कोषको शेयर पूँजी र सो को संरचनामा आवश्यकता अनुसार थपघट गर्न सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७३।७४ सम्म कोषको कूल जारी पूँजी रु.१ अर्ब मात्र रहेकोमा २०७३।७४ मा बोनस शेयर वितरण गरे पश्चात चुक्ता पूँजी रु. १ अर्ब १० करोड २३ लाख पुगेको देखिन्छ । चुक्ता पूंजी वृद्धि गर्न ऐन बमोजिम अर्थमन्त्रालयबाट स्वीकृत लिनुपर्ने देखिन्छ ।

१९०. **बैङ्क हिसाब मिलान -** कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ को नियम ८ बमोजिम कोषको स्रेस्ताले देखाएको बाँकी रकम र बैङ्कले देखाएको बाँकी रकम भिडाई हिसाब अद्यावधिक गर्नुपर्दछ । केन्द्रीय कोषतर्फ २०७५ आषाढ मसान्तमा विभिन्न १४ बैङ्का ४१ खाताहरुमा रु. ८६ करोड १४ लाख बैङ्क मौज्दात देखिए तापनि बैङ्क विवरणसँग भिडान गरी हिसाब अद्यावधिक गरेको पाइएन ।

केन्द्रीय कोष र विभिन्न स्किमहरुको ४२८ बैङ्कखातामा रु. २ अर्ब ९३ करोड ४२ लाख मौज्दात रहेको देखिए तापनि ५४ बैङ्कखातामा रु.११ अर्ब ३१ करोड ९४ लाख ऋणात्मक मौज्दात रहेको छ । समयमै बैङ्क हिसाव मिलान विवरण तयार नगर्ने र हिसाव भिडान नगर्ने प्रवृत्तिका कारण स्रेस्ता तथा बैङ्कको मौज्दात रकम फरक पर्ने, मौज्दात ऋणात्मक देखिने र रकम हिनामिना भएमा पत्ता नलाग्ने स्थिति देखिन्छ । समयमै हिसाब मिलान गर्न गत वर्ष औंल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

१९१. **आवधिक वित्तीय विवरण –** कोषको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६८ को विनियम २१ बमोजिम जिम्मेवार व्यक्तिले आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक र बार्षिक लेखाको विवरण वुझाउनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै विनियम २३ बमोजिम कोषको वार्षिक नाफा नोक्सान सहितको वासालात तयार गरी आर्थिक वर्ष समाप्त भएको पैतालीस दिन भित्र कार्यकारी निर्देशक समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर कोषले उल्लेख भए बमोजिमको विवरणहरु.समयमा तयार नगरेकोले कानुनको पालना भएको छैन । तोकिएको समयभित्र वित्तीय विवरण तयार गर्नु पर्दछ ।

१९२. **कोष परिचालन -** आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम ४ अनुसार कोषमा प्राप्त हुने रकमहरु सञ्चालक समितिले तोकेको वाणिज्य बैङ्कहरुमा कार्यक्रमगत रुपमा नन्अप्रेटिभ खाता खोली जम्मा गर्नुपर्ने र भुक्तानी प्रयोजनको लागि कार्यक्रमगत कार्य सञ्चालन खाता राख्नुपर्ने व्यवस्था छ । नन्अप्रेटिभ खातामा जम्मा भएको रकम भुक्तानी खातामा ट्रान्सफर गरी खर्च गर्नु पर्ने उल्लेख भएकोमा कोषले नन् अपरेटिभ खाता सञ्चालन नगरी प्राप्त भएका सबै आम्दानी कार्यसञ्चालन खातामा जम्मा गरी खर्च गरेको छ । यसबाट विनियमावलीमा उल्लेख भएको व्यवस्था पालना भएको छैन । उक्त ब्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा यस वर्ष पनि अवस्था यथावत छ ।

१९३. **कर्मचारी बोनस -** बोनस ऐन, २०३० अन्तर्गत वितरण गरिने बोनस आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र वितरण गर्नुपर्ने र यसरी वितरण गर्न नसक्ने भएमा सोको कारण उल्लेख गरी श्रम कार्यालय समक्ष निवेदन गरि श्रम कार्यालयले बढीमा तीन महिना म्याद थप गर्नसक्ने वा अर्को आर्थिक वर्षमा एकै साथ दुई वर्षको बोनस बांड्न स्वीकृति दिन सक्ने व्यवस्था छ । कोषले २०७२।७३ को कर्मचारी बोनस व्यवस्था वापतको रु. ७५ लाख ९३ हजार रकम दुई बर्ष पछि २०७५ जेष्ठ महिनामा स्विकृती बेगर बितरण गरेको देखियो । ऐन विपरित बोनस वितरण गरेको रकम असुल गर्नु पर्दछ ।

१९४. **तिर्नुपर्ने लाभांश रकम -** चिलिमे जलविद्युत कम्पनी लिमिटेडको शेयर रजिष्ट्रारको कार्यभार सम्हाल्दै आएको यो कोषले उक्त कम्पनीको विगतदेखिकै तिर्नुपर्ने रकम रु.१ करोड ६४ लाख जिम्मेवारी सार्दे आएको देखिन्छ । कम्पनी ऐन, २०६३ को दफा १८२ को व्यवस्था अनुसार ५ वर्षभन्दा अघिका भुक्तानी दिन बाकी लाभांश

वापतको रकम राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशित गरी कुनै शेयर धनीहरुले दावी नगरेमा सो रकम लगानीकर्ता सुरक्षण कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ । कम्पनी ऐनको व्यवस्था अनुसार तिर्नुपर्ने बाँकी रकम लगानीकर्ता सुरक्षण कोषमा जम्मा गर्नु पर्ने देखिन्छ ।

१९५. **लगानी -** लगानी नीति तथा आधार तयार नगरी सञ्चालक समितिको बैठकको पटके निर्णयको आधारमा लगानी गर्ने गरेको छ । कोषको केन्द्रीय हिसाब र विभिन्न ११ योजनाहरू समेत १२ योजनाको वित्तीय विवरण अनुसार २०७४।७५ सम्म कुल रू. ७३ अर्ब ४ करोड ७३ लाख लगानी रहेकोमा लगानी विभागको अभिलेख अनुसार रू. ७१ अर्ब ३९ करोड देखिएकोले रू.१ अर्ब ६५ करोड ७३ लाख फरक परेको छ । समस्याग्रस्त घोषित भएका ११ वित्तीय संस्थामा रु १ अर्ब १२ करोड मुद्दती निक्षेप रहेको देखिन्छ । उक्त रकममध्ये अवधि समाप्त भएको मुद्धती निक्षेप रु. ३ करोड छ । कोषको लगानी अभिलेखमा २ करोड ६० लाख ३२ हजार ९९७ कित्ता शेयर रहेको तथा अभौतिकिकरण (डीम्याट) अभिलेखमा १ करोड ७७ लाख ४४ हजार ३८४ कित्ता शेयर भएकाले ८२ लाख ८८ हजार ६१३ कित्ता शेयर घटी देखिएको छ । लगानी नीति तयार गर्नुपर्ने, फरक परेको हिसाव मिलान गनुपर्ने, मुद्दती निक्षेपको रकम सुरक्षित गर्नुपर्ने र शेयर लगत अद्यावधिक गर्नुपर्दछ ।

यसैगरी कोषले ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनिमा रु.२ अर्ब कर्जा र रु.२१ करोड १८ लाख शेयर लगानी गरेको छ । परियोजनाको शुरु लागत रु.३५ अर्ब रहेकोमा २०७५ आषाढ सम्म रु. ४९ अर्ब ३० करोड पुगेको छ । कोषले १५ वर्षको लागि गरेको ऋण सम्झौताको अवधि मध्ये ८ वर्ष परियोजना निर्माण कार्यमा व्यतीत भैसकेको छ । ऋण लगानीका शर्तअनुसार बाँकी ७ वर्षभित्र कोषको ऋण चुक्ता हुने अवस्था रहेको छैन ।

१९६. **विमान खरिद कर्जा -** नेपाल वायुसेवा निगमसंग २०७४।२।२९ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रु.१२ अर्ब ऋण प्रवाह गरेको छ । निगमले २०७५ पौष मसान्तसम्म किस्ता रकम चुक्ता गरेको देखिएन । ठूला र दीर्घकालीन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरु र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयहरुमा अध्ययन, विश्लेषण र मूल्याङ्कन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्दछ ।

१९७. **सूचना प्रणाली** - सूचना प्रणालीको प्रयोग भरपर्दो र विश्वसनीय हुनुपर्दछ । कोषले प्रयोग गरेको सूचना प्रणालीको सफ्टवेयरमा प्रयोगकर्ताले आफूखुसी तथ्यांङ्क परिवर्तन गर्न सक्ने, सवै शाखासँग प्रणाली नजोडिएको र सूचना प्रविधि परीक्षणसमेत गरेको छैन । जसले गर्दा लाभग्राहीको रकम समयमा प्रविष्ट नहुने, अन्तरशाखा हिसाब फरक पर्ने देखिन्छ । सूचना प्रविधिको उचित व्यवस्थापन गरी कार्य सञ्चालन गर्नु पर्दछ ।

निक्षेप तथा कर्जा सुरक्षण कोष, २०७४।७५

१९८. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कोषको पुँजी २०७३।७४ मा रु.३ अर्ब रहेकोमा यो वर्ष रु.५ अर्ब थप भई रु.८ अर्ब पुगेको छ । साधारण जगेडा रु.३ करोड ६१ लाख, अन्य कोष रु.९९ करोड २० लाख, दायित्व एवं व्यवस्था रु.४१ करोड १४ लाख रहेको छ । कुल सम्पत्ति रु.९ अर्ब ८१ करोड ३१ लाख रहेको छ । सञ्चित नाफा गतवर्ष रु.८ लाख रहेकोमा यो वर्ष रु.३७ करोड ३६ लाख पुगेको छ ।

१९९. **शेयर पुँजी** - निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा (४) उपदफा (१) अनुसार निक्षेप सुरक्षण जोखिम कोषमा रहेको रकम सुरक्षित निक्षेपको दावी भुक्तानी वा शोधभर्ना गर्न बाहेक अन्य प्रयोजनका लागि खर्च गर्न नसकिने उल्लेख छ । कोषले सेयर पुँजी रु.३ अर्बबाट बढाई रु.८ अर्ब पुऱ्याएको मध्ये निक्षेप सुरक्षण जोखिम कोषबाट रु.२ अर्ब ५४ करोड ७७ लाखको सेयरलाई पुँजीमा रकमान्तर गरेको छ । उक्त रकमान्तर ऐनको प्रावधान विपरित देखिन्छ ।

नेपाल धितोपत्र बोर्ड

२००. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बोर्डको २०७४।७५ को अन्तमा कोष तथा जगेडा रु.९६ करोड ८८ लाख, चालु दायित्व तथा व्यवस्था रु.९ करोड ७९ लाख न्यून स्थिर सम्पत्ति रु.२ करोड ५ लाख, लगानी

रु.५६ करोड ६७ लाख र चालु सम्पत्ति रु.४७ करोड ९५ लाख रहेको छ । सञ्चालन नाफा गत वर्ष रु.३५ करोड ३४ लाख रहेकोमा यो वर्ष रु. २९ करोड ६२ लाख रहेको छ ।

२०१. **नियमको पालना -** नेपाल धितोपत्र बोर्डसम्बन्धी ऐन, २०६३ मा नेपाल धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण र स्तर कायम गर्न धितोपत्र व्यवसायीहरुको वर्गीकरण र स्तर निर्धारणको लागि तथा धितोपत्र व्यवसायीले बोर्डले तोकिदिएबमोजिम आफूले गर्ने व्यवसायको बीमा गराउनु पर्ने व्यवस्था रहेकोमा उक्त कार्यको कार्यान्वयनको लागि कार्यविधि तर्जुमा गरी लागू गरेको देखिएन ।

लगानीकर्ताहरुको हित र बजारको स्वच्छता कायम राख्न धितोपत्र दलाल व्यवसायीले पालना गर्नुपर्ने व्यावसायिक मर्यादासम्बन्धी निर्देशिका, २०५८ लाई समय सापेक्ष बनाउनुका साथै धितोपत्र दलालबाहेक अन्य व्यवसायीहरुलाई पनि समेट्ने गरी निर्देशिका पुनरावलोकन भएको देखिएन । धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमावली, २०६९ को विनियम ४६ मा सीडीएससीले राफसाफ तथा फछ्यौंट कार्य प्रभावकारी रुपमा व्यवस्थित गर्न फछ्यौंट ग्यारेन्टी कोष स्थापना गर्न सक्ने र कोषको सञ्चालन गर्नका लागि आवश्यक कार्यविधि तयार गरी बोर्डबाट स्वीकृत गराई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यविधि तयार गरेको पाइएन ।

वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ लाई २०७४।८।९ देखि लागू गरेको छ । वस्तु विनिमय बजारको लागि पाँच निवेदन बोर्डसमक्ष पेस भए तापनि बोर्डबाट कुनै निर्णय भएको पाइएन । ऐन नियमले निर्दिष्ट गरेबमोजिम वस्तु विनिमयको कारोबारलाई नियमित गर्नेतर्फ ध्यान जानु जरुरी देखिन्छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - अर्थतन्त्रका समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक नरहेको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, समयमा ऋण तथा अनुदान शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, सञ्चितकोषको ढाँचा तयार नगरेको, सञ्चितकोषको फरक रकमको हिसाब मिलान नगरेकोले यथार्थ हिसाब नदेखाएको, भन्सारतर्फ दरबन्दी फरक पारी घटी असुली गरेको, भन्सार विन्दुमा असुल गर्नुपर्ने अन्तःशुल्क असुल नगरेको जस्ता व्यहोराबाट राजस्व असुलीमा कमी भएको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानुनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, ठूलो कारोबार गरे पनि करदाता पलायन हुँदा अनुगमन गर्न नसकेको, नपाउने क्रेडिट लिएको, समानुपातिक कट्टी नगरेकोकारण मूल्य अभिवृद्धि कर क्रेडिट बढेको, डेबिटको तुलनामा क्रेडिट विवरण पेस गर्ने विवरण नै पेस नगरेको, कर छुटको प्रमाणपत्र लिई कर लाग्ने कारोबार गरेको आदि कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रुपमा बढ्न नसकेको व्यहोरा प्रतिवेदनमा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ १०४ निकायमा यो वर्ष रु.३४ अर्ब ११ करोड ५२ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ५७ करोड ६७ लाख २२ हजार फछ्यौंट गरेकोले रु.३१ अर्ब ५३ करोड ८५ लाख २२ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रु.४४ करोड २४ लाख ४५ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था, अन्य संस्था र समितितर्फ १ निकायमा रु.७८ करोड ३ लाख ११ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७७ करोड ९२ लाख ६० हजार फछ्यौंट भएकोले रु.१० लाख ५१ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा औद्योगिक नीति, व्यापार सहजीकरण एवं अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति कार्यको नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन अनुगमन र मूल्याङ्कन एवं नियमन गर्नेलगायतका कार्य रहेका छन् । मन्त्रालय समेत १०९ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष बिनियोजन रु.४ अर्ब २१ करोड ९३ लाख ५६ हजार, राजस्व रु.२ अर्ब ९६ करोड ६५ लाख ८३ हजार, धरौटी रु.३७ करोड ७९ लाख ८७ हजार र अन्य कारोबार रु.४३ करोड ३७ लाख २२ हजारसमेत रु.७ अर्ब ९९ करोड ७६ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था अन्य संस्था र समितिसमेतको रु.५३ अर्ब ८५ करोड रु.६ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

उद्योगतर्फ

१. **चौधौं योजना -** चौधौं योजना (२०७३।७४-२०७५।७६) मा उद्योगहरुको स्थापना तथा विस्तार, बजार सम्बन्धको विस्तार, गुणस्तरीय वस्तुहरुको उत्पादनद्वारा निर्यात बढाई आयात प्रतिस्थापन गरी व्यापार घाटा कम गर्ने लक्ष्य राखेकोमा यो वर्ष आयात रु.१२ खर्ब ४५ अर्ब १९ करोड र निर्यात रु.८१ अर्ब ३३ करोड रहेकोले निर्यातको तुलनामा आयात १५ गुणा बढी रहेको छ । व्यापार घाटा २०७२।७३ को तुलनामा ६३ प्रतिशतले वृद्धि भएको छ । सिमरा विशेष आर्थिक क्षेत्रभित्र गार्मेन्ट प्रोसेसिङ्ग जोन स्थापना भई ४० हजार उद्यमी तथा श्रमिकलाई तालिम दिने लक्ष्य रहेकोमा प्रोसेसिङ्ग जोन सञ्चालन हुन बाँकी रहेको, भैरहवा विशेष आर्थिक क्षेत्रमा उद्योगहरु स्थापना हुने उल्लेख भएकोमा उद्योगहरु स्थापना गर्न उद्यमीलाई जग्गा उपलब्ध गराउने कार्य भएको तर उद्यमीले उद्योग स्थापना गरी सञ्चालन गर्ने कार्य भएको छैन । यसै गरी थप ३ मुलुकसँग द्विपक्षीय लगानी संरक्षण र प्रवर्धन सम्झौता, थप ५७ हजार लघु उद्यमीको स्तरोन्नति, थप ३७१ वटा साझा सुविधा केन्द्र स्थापना गरी २७५ ठूला, २७५ मझौला र ६० हजार घरेलु तथा साना उद्योग क्षेत्रमा ५ लाख २३ हजार थप रोजगारी सिर्जना हुने अपेक्षा गरेको भए पनि सोअनुसार लक्ष्य पूरा भएको यकिन हुने आधार प्रस्तुत भएको छैन । आवधिक योजनाले किटान गरेको लक्ष्य पूरा गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन** - आर्थिक वर्ष २०७४।७५ को बजेट बक्तव्यमा वैदेशिक लगानीका लागि प्रशासनिक प्रक्रियाहरु स्पष्ट र सरलीकृत पार्दै अन्तर्निकाय समन्वय बढाइने व्यहोरा उल्लेख भएकोमा सोको महत्वपूर्ण पक्ष अनलाइन इन्टिग्रेसन गर्ने कार्यको लागि बिभिन्न निकायमा हाल सञ्चालनमा रहेका सफ्टवेयर एकीकृत गर्ने कार्य भएको पाइएन । गैरआवासीय नेपाली समुदायलाई नेपालमा लगानीको लागि प्रोत्साहन गर्ने व्यहोरा उल्लेख भएकोमा सोसम्बन्धी कार्य भएको समेत देखिएन । बजेट वक्तव्यमार्फत निर्धारित लक्ष्य कार्यान्वयन गर्नुपर्दछ ।

३. **निष्क्रिय रकम -** प्रविधि विकास कोषले गत वर्षको जिम्मेवारी रु.१ करोड यो वर्ष पनि खर्च गरेको पाइएन । यसै गरी साविकको घरेलु तथा साना उद्योग विभागअन्तर्गत कर्जा प्रवाह मूलकोषमा रु.१० करोड ५० लाख ८३ हजार विगतदेखि खर्च नभई मौज्दात रहेको छ । उद्देश्यबमोजिम खर्च गर्ने वा बाँकी रहेको रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

४. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १६(२) मा सबै किसिमका वैदेशिक सहायता बजेटमा समावेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयअन्तर्गत लघु उद्यम विकास कार्यक्रमको लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सोझै भुक्तानी अनुदान रु.४५ करोड बजेट विनियोजन भएको तथा लघु उद्यम विकास कार्यक्रम (मेडेप) चौथौं चरणको कार्यक्रममा लघु उद्यम परियोजना स्थापनार्थ अमेरिकी डलर ७८ लाख १३ हजार विश्व बैङ्कबाट प्राप्त हुने उल्लेख भएकोमा आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराएको छैन । सबै सहायता रकमको आर्थिक विवरण उपलब्ध गराई लेखापरीक्षण गराउनुपर्दछ ।

उद्योग विभाग

मझौला एवं ठूला उद्योगहरुको अनुमति, दर्ता, नवीकरण तथा अनुगमन गर्ने, विदेशी लगानीमा दर्ता हुने उद्योगहरुलाई अनुमति प्रदान गर्नेलगायतका कार्यका लागि उद्योग विभागको स्थापना भएको हो । राज्य पुनर्संरचनाबमोजिम घरेलु तथा साना उद्योग विभागसमेत यसै विभागमा गाभिएको छ ।

५. **नगद प्रोत्साहन अनुदान -** तेस्रो मुलुक निर्यात गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्न नगद प्रोत्साहन कार्यविधि, २०७० को दफा ४ को उपदफा (२) मा अर्थ मन्त्रालयले आवश्यक रकम समय समयमा अग्रिम रुपमा नेपाल राष्ट्र बैङ्कको खातामा जम्मा गर्ने व्यवस्था छ । उक्त कार्यको लागि यो वर्ष विनियोजन भएको रु.२२ करोड २३ लाख ५६ हजार नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराएको छैन । गत विगतदेखि नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात रु.३३ करोड ४९ लाख १५ हजारबाट यो वर्ष २२४ उद्योगलाई रु.२१ करोड १३ लाख ८२ हजार निर्यातमा नगद प्रोत्साहन दिएको छ । साथै आर्थिक वर्षको अन्तमा वितरण गरी बाँकी रहेको रु.१२ करोड ३५ लाख ३३ हजार फिर्ता प्राप्त गरी राजस्व दाखिला गर्नुपर्नेमा फिर्ता गरेको छैन । गत वर्षको प्रतिवेदनमा उक्त व्यहोरा औंल्याए तापनि राजस्व दाखिला नगरी खर्च गर्ने प्रक्रिया जारी राखेको छ । प्रत्येक वर्षको विनियोजन बजेटबाट खर्च गरी बचत रकम फिर्ता गर्नुपर्दछ ।

निर्यात प्रोत्साहन अनुदानको प्रभाव निर्यात वृद्धिमा सकारात्मक देखिनुपर्नेमा विगत ४ वर्षको नगद प्रोत्साहन अनुदान र निर्यातको स्थिति तुलना गर्दा २०७१।७२, २०७२।७३, २०७३।७४ र २०७४।७५ मा नगद प्रोत्साहन अनुदान क्रमशः रु.२४ करोड ८१ लाख, रु.१९ करोड ८८ लाख, रु.२९ करोड ३ लाख र रु.२१ करोड १३ लाख रहेकोमा निर्यात क्रमशः रु.८६ अर्ब ६४ करोड, रु.७१ अर्ब १३ करोड, रु.७४ अर्ब १२ करोड र रु.८१ अर्ब ३३ करोड रहेको छ । आर्थिक वर्ष २०७१।७२ को तुलनामा पछिल्लो वर्षहरुमा निर्यात घटेकोले नगद प्रोत्साहन अनुदानको निर्यातमा सकारात्मक सम्बन्ध रहेको देखिएन । यस सम्बन्धमा प्रभाव अध्ययन गरी नीतिको पुनरावलोकन गर्न सुझाव दिएकोमा प्रभाव अध्ययन नगराई अनुदान रकम २ प्रतिशतबाट बढाएर ५ प्रतिशत पुऱ्याएको छ । निर्यात प्रोत्साहन अनुदानको प्रभाव मूल्याङ्कन गरिनुपर्दछ ।

घरेलु तथा साना उद्योग विभागतर्फ

६. **महिला कर्जा कोष** - महिला उद्यमशीलता विकास कोष (सञ्चालन) कार्यविधि २०६९ को बुँदा नं. ६ मा महिलालाई उद्यमी बन्न प्रोत्साहन गर्न महिलाको नाममा उद्योग स्थापना, सञ्चालन, प्रवर्द्धन र प्रविधि विकाससम्बन्धी कार्यमा सरल र सुलभ तरिकाबाट विना धितो कर्जा प्रवाह गर्न कोषको प्रयोग गर्ने, राष्ट्रिय वाणिज्य बैङ्कमार्फत विना धितो सरल र सुलभ तरिकाले कर्जा प्रवाह गर्ने र उक्त कर्जा ३ वर्षभित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस कोषले २०७१।७२ मा ११९ जनालाई रु.१ करोड ४३ लाख, २०७२।७३ मा २२९ जनालाई २ करोड ७० लाख, २०७३।७४ मा ७६५ जनालाई रु.१६ करोड ५९ लाख र २०७४।७५ मा ३७४ जनालाई ६ करोड १० लाखसमेत हालसम्म १ हजार ४८७ जनालाई रु.२६ करोड ८२ लाख ऋण लगानी गर्न रकम उपलब्ध गराएको छ । विभागले बैङ्कबाट उक्त ऋण लगानी, चुक्ता र बाँकीको अभिलेख प्राप्त गरी अनुगमन गरेको देखिँदैन । महिला कर्जा कोषको लगानीको हिसाब व्यवस्थित गरी अनुगमन गर्नुपर्दछ ।

खानी तथा भूगर्भ विभाग

७. **रोयल्टी –** विभागबाट १५७ संस्था तथा व्यक्तिलाई खानी उत्खनन्को अनुमति प्रदान गरेकोमा ११५ ले मात्र खानी उत्खनन् गरेको र सोबाट विभागले यो वर्ष रु.१ अर्ब १३ करोड ६२ लाख रोयल्टी प्राप्त गरेको छ । सिमेन्ट तथा मिनरल्स उद्योगले लिएको अनुमतिपत्रमा उल्लिखित माइनिङ्ग गर्न पाउने परिमाणभन्दा बढी वा घटी परिमाणमा उत्खनन् गरेको पाइएको छ । अध्ययन गरिएका २० उद्योगले ४६ लाख ५४ हजार मेट्रिक टन उत्खनन् गर्न अनुमति लिएकोमा यो वर्ष १६ लाख ३४ हजार मेट्रिक टनमात्र उत्खनन् गरेको देखिन्छ । यसरी न्यून परिमाणमा उत्खनन् गर्दा खानी अनावश्यक रुपमा होल्ड गरेको र अनुमति लिई ३० लाख २० हजार मेट्रिक टन घटी उत्खनन् गरेको कारण औसत दर प्रति मेट्रिक टन रु.५९।७४ ले सरकारलाई प्राप्त हुनुपर्ने राजस्व रु.१८ करोड ४ लाख प्राप्त हुन सकेको छैन । खानी उत्खनन्, परिमाण एवं राजस्व दाखिला प्रक्रियाको नियन्त्रण तथा अनुगमन प्रणाली प्रभावकारी बनाउनुपर्दछ ।

८. **अनुमति र हस्तान्तरण –** अनुमतिपत्र लिएर सम्झौताको शर्तबमोजिम खानी सञ्चालन नगरेका ४२ संस्थाको अनुमतिपत्र रद्द गरेको पाइएन । अनुमति प्राप्त गरेको संस्था तथा व्यक्तिले खानी उत्खनन् नगर्दा खानी अनावश्यक रुपमा होल्ड भई सरकारले अन्य व्यक्ति तथा संस्थालाई उपलब्ध गराउन नमिल्ने र सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टीसमेत गुम्ने भएकोले खानी सञ्चालन गर्नुपर्ने निश्चित अवधि तोकी सो अवधिभित्र सञ्चालनमा नआएका खानीको अनुमतिपत्र रद्द गरी अन्य इच्छुक व्यक्ति तथा संस्थालाई प्रतिस्पर्धाको लागि खुल्ला गर्नुपर्दछ ।

विभागले एक व्यक्ति वा संस्थालाई उत्खनन् वा खोज तलासको लागि दिएको अनुमतिपत्र अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गरेको समेत देखियो । यो वर्ष खोज तलासका लागि दिएका १९ अनुमतिपत्र हस्तान्तरण भएका छन् । एक व्यक्ति वा संस्थाले लिएको अनुमतिपत्र अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण हुने प्रक्रियाले खानी उत्खनन् गर्न चाहने अन्य व्यक्ति वा संस्थाले प्रतिस्पर्धा गर्ने अवसर नपाउने भई प्राप्त हुनुपर्ने रोयल्टीमा समेत असर पर्न सक्ने र अनुचित लाभ लिई बिक्रीसमेत गर्न सक्ने देखिएकोले नियन्त्रणात्मक उपाय अपनाउनुपर्ने देखिएको छ ।

९. **खनिज उत्खनन् -** विभागले अनुमतिपत्र प्रदान गरेको खानिजन्य पदार्थको विश्लेषण गर्दा कुल खानी उत्खनन् रोयल्टी रु.१ अर्ब १३ करोड ६२ लाखमध्ये चुनढुङ्गा रु.१ अर्ब ११ करोड ८६ लाख, कोइला रु.४४ लाख, फलाम रु.११ लाख, खरिढुङ्गा रु.५१ लाख र क्वारजाइट रु.४२ लाख रहेको छ । सोबाहेक अन्य धातुहरु म्याग्नेसाइट, मार्बल, निर्वाणमुखी, टुर्नामाइट, डोलमाइट, जिंकलगायतको उत्खनन् रोयल्टी रु.२८ लाखमात्र रहेको छ । कुल राजस्वमा चुनढुङ्गाको हिस्सा ९८.४५ प्रतिशत रहेको छ । राज्यले प्राकृतिक स्रोतहरुको उत्खनन् गरी राजस्व आय प्राप्त गर्न सक्ने गरी स्रोत परिचालन गर्नुपर्दछ ।

१०. **निर्माणमुखी खनिज -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को परिच्छेद ७ मा साधारण निर्माणमुखी खनिज पदार्थको उत्खनन् गर्न खानी तथा भूगर्भ विभागको सहमतिमा सम्बन्धित निकायबाट अनुमति प्रदान गर्ने र वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ मा साधारण निर्माणमुखी ढुङ्गा, बालुवा ग्राभेल, औद्योगिक माटो उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण र प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १०० खानीको निरीक्षण र वातावरणीय अनुगमनका लागि रु.४६ लाख ५० हजार र तराईका ५ जिल्लाको नदीजन्य निर्माण सामग्री मूल्याङ्कन गर्न रु.२३ लाख २५ हजार खर्च गरे तापनि विस्तृत अध्ययन प्रतिवेदन तयार गरेको छैन । निर्माणमुखी खनिज पदार्थको उत्खनन् र बिक्री वितरणमा विभिन्न निर्माण व्यवसायी तथा क्रसर उद्योगको संलग्नता रहेको छ तापनि उत्खनन् परिमाण नियन्त्रण संयन्त्र प्रभावकारी नभएका कारण नदी खानी तथा चुरे लगायत क्षेत्रमा अत्यधिक परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा आदिको दोहन भैरहेको देखिन्छ । निर्माण सामग्रीको घाटगट्टी गर्दै परिमाण यकिन गरी बिक्री वितरण गर्नुपर्ने तथा अनुगमन प्रणाली प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

नेपाल गुणस्तर तथा नापतौल विभाग

११. **अनुगमन -** विभागले यस वर्ष उजुरी परेका उद्योग अनुगमन तथा निरीक्षण गरेको छ । जसमध्ये ८ घ्यू तथा तेल उद्योगको निरीक्षण गर्दा मेल्टिङ्ग रेन्ज तोकिएबमोजिम नभएको, एसिडको मान तोकिएभन्दा बढी भएको, १५ सिमेन्ट उद्योगको अनुगमन गरेकोमा कम्प्रेसिभ स्ट्रेन्थ पदार्थ, सल्फर लस अफ इग्निसन म्याग्नेसियमको मात्रा नेपाल गुणस्तर मानअनुरुप नभएको, एसिडिटीको मात्रा तोकिएको भन्दा बढी भएको, ७ डण्डी उद्योगको निरीक्षण गरेकोमा स्ट्रेन्थ नेपाल गुणस्तर मानअनुरुप नभएको, डण्डीको साइज तोकिएबमोजिमको नभएको र ४ खाद्य उद्योगको निरीक्षण गरेकोमा मोइस्चर र अल्कोहलिक एसिडिटीको मान एवं बोकन राइसको मान तोकिएअनुरुप नभएको जस्ता कैफियत देखिएका छन् । कैफियत देखिएका उद्योगको सम्बन्धित ब्याचको उत्पादन बजारबाट फिर्ता लिन निर्देशन दिएको र सचेत गराएको जस्ता कारबाही गरेको उल्लेख छ ।

नापतौल यन्त्रतर्फ ११ हजार ९४६ लाई नयाँ अनुमति लिएको र २४ हजार ३६५ को नवीकरण गरेको देखिन्छ । यस वर्षसम्म १० हजार ६४५ ट्याक्सी दर्ता भएकोमा ३ हजार ३२६ ले मात्र नवीकरण गराएका छन् । दर्तामध्ये २ हजार १९१ ले बिलिङ प्रिन्टर राखेका छैनन् । समग्र नापतौल र ट्याक्सीको मिटर अनुगमन तथा कारबाही प्रक्रिया कमजोर देखिन्छ । अनुगमन तथा निरीक्षणको दायरा बढाई अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२. **कार्यक्रम स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा तालुक निकायबाट कार्यक्रम स्वीकृत गराएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । विभागले तालुक निकायबाट कार्यक्रम स्वीकृत नगरी राष्ट्रिय ओजोन इकाईतर्फ तलब, भ्रमण खर्च, बैठक भत्ता, तालिम गोष्ठी, अध्ययन अनुसन्धान, कार्यलय सञ्चालनलगायतमा रु.५८ लाख ८९ हजार खर्च गरेको देखियो । यस सम्बन्धमा प्रस्तुत बजेट राष्ट्रसंघीय ओजोन कार्यक्रमको भएकोले उक्त संस्थाबाट कार्यक्रम स्वीकृत गराई खर्च गरेको भन्ने विभागको भनाइ रहेको छ । विदेशी राष्ट्र वा संस्थाबाट अनुदान प्राप्त गर्दा तालुक निकायबाट कार्यक्रम स्वीकृत गराएरमात्र खर्च गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याएकोमा सुधार भएको देखिएन । तालुक निकायबाट कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्छ ।

कम्पनी रजिष्ट्रारको कार्यालय

१३. **अभिलेख अद्यावधिक -** कम्पनीहरुले कम्पनी ऐन, २०६३ मा प्रबन्धपत्र वा नियमावलीमा भएको संशोधन, शेयरको अभिलेख, कम्पनीको स्थिति विवरण, पब्लिक लिमिटेड र मुनाफा वितरण नगर्ने जानकारी, आर्थिक प्रतिवेदन, लेखापरीक्षक नियुक्ति, सञ्चालक र कम्पनी सचिवको विवरण, नाम तथा ठेगाना परिवर्तनसम्बन्धी जानकारी आदि व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम हालसम्म दर्ता भएका १ लाख ९२ हजार कम्पनीमध्ये १ लाख १८ हजार (६१.४५ प्रतिशत) कम्पनीले आफ्नो विवरण अद्यावधिक गरेका छैनन् । विवरण नपठाएमा प्रत्येक वर्ष न्यूनतम रु.५ हजारदेखि रु.२० हजारसम्म जरिबाना लाग्ने व्यवस्था भएकोले सो आधारमा त्यस्ता विवरण नबुझाउने कम्पनीबाट उक्त दररेटको आधारमा न्यूनतम रु.५९ करोडदेखि अधिकतम रु.२ अर्ब ३६ करोडसम्म जरिबाना असुल गर्नुपर्ने अवस्था रहेको छ । विवरण पेश नगर्ने र सञ्चालनमा नरहेका कम्पनी खारेज गर्न प्रक्रिया शुरु नगर्ने कम्पनीलाई कारबाही हुनुपर्दछ । यस सम्बन्धमा अनुगमन गर्न जनशक्ति कम भएको कार्यालयको भनाइ रहे पनि जनशक्तिको व्यवस्था गरी अनुगमन कार्य प्रभावकारी बनाउनुपर्दछ ।

१४. **सेवा प्रवाह -** कार्यालयको दरबन्दी ५७ भएकोमा ५४ कार्यरत रहेको देखिन्छ । कार्यालयले कम्पनी दर्ता, परिवर्तन तथा खारेजीसम्बन्धी कार्यतर्फ यो वर्ष पब्लिक लिमिटेड कम्पनी दर्ता ७२, प्राइभेट लिमिटेड दर्ता २१ हजार ७११, मुनाफा वितरण नगर्ने कम्पनी दर्ता ४४२, विदेशी कम्पनी दर्ता ४९, कम्पनी खारेजी ५३१, कम्पनी गाभ्ने कार्य ३८, नाम परिवर्तन १ हजार २७०, ठेगाना परिवर्तन ३ हजार ४१३, शेयर खरिद बिक्री ९ हजार ६३३, एकलबाट बहुल गर्ने ६९२, पुँजी संरचना परिवर्तन २ हजार ७७३, उद्देश्य परिवर्तन १ हजार ५८७ र प्रबन्धपत्र वा नियमावलीको दफा संशोधन ३ हजार १ समेतको कार्यसम्पादन गरेको देखिन्छ । यसबाहेक हालसम्म दर्ता रहेका १ लाख ९२ हजार कम्पनीको विवरण अद्यावधिक गर्ने लगायतका कार्यहरु यसै कार्यालयले गरे तापनि कार्यप्रक्रिया सरलीकरण, अनलाइनमार्फत कारोबार गर्ने, सूचना प्रविधिमार्फत सूचना अभिलेखीकरण गर्ने, सेवा प्रवाहलाई विकेन्द्रीकरण गर्ने, एउटै प्रकृतिका विवरणहरु स्थानीय तह र आन्तरिक राजस्व विभागलगायतमा पेस गर्ने व्यवस्थालाई अन्तरआबद्धता गर्ने कार्य हुन नसक्दा सेवा प्रवाहमा समस्या देखिएको छ । सेवाग्राहीको काम समयमा नभै हैरानी व्यहोर्नुपर्ने स्थिति रहेकोले कार्यालयको कार्यसम्पादनमा सुधार गर्नुपर्ने देखिन्छ ।

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना

१५. **आयोजना सञ्चालन -** पूर्वी तथा मध्यतराई र केही पहाडीसमेत १६ जिल्लामा गरिबीको रेखामुनि रहेका मानिसहरु र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको परिवार तथा विदेशबाट फर्केकाहरुलाई कृषि तथा गैरकृषि क्षेत्रमा संलग्न गराउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि विकास कोषको सहयोगमा आयोजना २०७२।७३ देखि सञ्चालन हुँदै आएको छ । आयोजनाको कुल लागत रु.६ अर्ब ८१ करोड ५० लाख रहेकोमा यो वर्षसम्म रु.१५ करोड ६१ लाख खर्च भएको छ । यो वर्ष आयोजनालाई रु.७० करोड ९९ लाख बजेट विनियोजन भएकोमा रु.११ करोड १८ लाख (१५.३२ प्रतिशत) मात्र भएको देखियो । आयोजनाअन्तर्गत हालसम्म बेसलाइन सर्भे, कोरिडोर पोटेन्सियल म्यापिङ्गलगायतका कार्य गर्न स्थानीय परामर्शदाता नियुक्त भए तापनि कार्यक्रम सञ्चालन भएको छैन । लघु तथा साना उद्योग प्रवर्द्धन र लगानीसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न रु.२६ करोड ९० लाख विनियोजन भए पनि सञ्चालन हुन सकेको देखिएन ।

सात वर्षभित्र सम्पन्न गर्ने आयोजनाको तेस्रो वर्षसम्म पनि डिजाइन र मोडालिटी नै तयार नहुँदा आयोजना कार्यान्वयनमा समस्या हुने देखिन्छ ।

१६. **स्थानीय परामर्शदाता -** स्थानीय प्राविधिक सहयोगीको रुपमा १४ जना कर्मचारी राखी यो वर्ष रु.२ करोड १ लाख ३१ हजार खर्च गरेको छ । उक्त प्राविधिक कर्मचारीको छनौट गर्दा आयोजना अवधिभरको लागि मासिक पारिश्रमिक दिने गरी नियुक्त गरेको देखिन्छ । कर्मचारी छनौट गर्दा सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया अवलम्बन नगरी व्यक्तिको छनौट गर्ने प्रक्रिया अवलम्बन गरेको पाइयो । ती प्राविधिक जनशक्तिलाई आयोजना अवधिसम्म प्रत्येक वर्ष मासिक रु.१ लाख २० हजारदेखि रु.१ लाख ४५ हजारसम्म भुक्तानी गर्नु मितव्ययी देखिएन । यस प्रकारको बेसलाइन सर्भे, माईग्रेसन म्यापिङ्ग, कोरिडोर पोटेन्सियल म्यापिङ्ग आदिको कार्य गर्ने जनशक्ति सरकारी क्षेत्रमा नभएको भन्न सकिने अवस्था रहेन । आयोजनाले खर्च प्रक्रियामा मितव्ययिता ल्याउनुपर्दछ ।

पेट्रोलियम अन्वेषण आयोजना

१७. **अन्वेषण कार्य -** नेपालमा पेट्रोलियम तथा प्राकृतिक ग्याँस उत्पादनसम्बन्धी आवश्यक कार्य गर्ने उद्देश्यले २०४२ मा यो आयोजना स्थापना भएको देखिन्छ । गत विगत वर्षमा भएका अध्ययन एवं अनुसन्धानका आधारमा नेपालको चुरे र तराई क्षेत्रमा पर्ने स्थललाई समेटी पूर्वदेखि पश्चिमसम्म १० पेट्रोलियम अन्वेषण खण्ड तोकिएको छ । विगतमा पेट्रोलियम अन्वेषण गर्न विभिन्न अन्तर्राष्ट्रिय कम्पनीहरुसँग सम्झौता भएकोमा शान्ति सुरक्षाको कारण देखाई कार्यान्वयन नगरेकाले सम्झौता रद्द गरेकोमा हाल पेट्रोलियम अन्वेषण गर्न थप कुनै कम्पनीसँग सम्झौता भएको छैन । यो वर्ष पेट्रोलियम अन्वेषण कार्यलाई अगाडि बढाउन विस्तृत भौगर्भिक सेक्सन मेजरमेन्टको कार्य दाङमा र नक्सा अपडेटको कार्य मोरङ, सुनसरी, धनकुटा, प्युठान र दाङमा गरेको पाइयो । आयोजना स्थापना भएको ३ दशकभन्दा बढी हुँदा पनि योजनाबद्ध तवरले विस्तृत अध्ययन अनुसन्धान कार्य गरी पेट्रोलियम उत्पादनसम्बन्धी कार्य हुन सकेको देखिँदैन । पेट्रोलियम पदार्थ अन्वेषण, अनुसन्धान र उत्पादन गर्ने कार्यलाई प्राथमिकता दिनुपर्दछ ।

विशेष आर्थिक क्षेत्र प्राधिकरण

१८. **समग्र अवस्था -** प्राधिकरणअन्तर्गत १८ विशेष आर्थिक क्षेत्र निर्माण गर्न सम्भाव्यता अध्ययन भएकोमा हालसम्म १० ठाउँको विस्तृत सम्भाव्यता अध्ययन गरिएको छ । विस्तृत सम्भाव्यता अध्ययन भएका मध्ये जुम्ला, विराटनगर, धनगढी, गोरखा, नुवाकोट र नेपालगन्जमा जग्गा उपलब्ध नभएको कारण अन्य कार्य अगाडि बढ्न सकेको छैन । सिरहामा विस्तृत सम्भाव्यता अध्ययन हुँदै गरेको छ । निर्माणाधीन अवस्थामा रहेका मध्ये भैरहवामा निर्माण कार्य सम्पन्न भई उद्योग स्थापनाको लागि प्रस्ताव माग गरेकोमा यस वर्ष २६ उद्योग स्थापनाको लागि जग्गा उपलब्ध गराउने कार्य भए तापनि संरचना निर्माण एवं उत्पादन कार्य शुरु गरेको छैन । सिमरा विशेष आर्थिक क्षेत्र स्थापना कार्य प्रशासनिक भवन, आन्तरिक सडक लगायतका भौतिक संरचना निर्माणाधीन अवस्थामा रहेकोले सम्पन्न भएको छैन । काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालमा विशेष आर्थिक क्षेत्र निर्माणको कार्य प्रारम्भ गर्न प्रशासनिक भवनको लागि ठेक्का व्यवस्था भएकोमा १ हजार रोपनी क्षेत्रफलमध्ये वन तथा वातावरण मन्त्रालयले १ हेक्टर क्षेत्रफलमा मात्र रुख काट्न अनुमति दिएका कारण निर्माण कार्य शुरु हुन सकेको देखिएन । आर्थिक वर्ष २०५८।५९ देखि विशेष आर्थिक क्षेत्र स्थापना गर्ने कार्य शुरु भए तापनि कार्य प्रगति सन्तोषजनक नदेखिँदा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१९. **राजस्व दाखिला** - भैरहवा विशेष आर्थिक क्षेत्रको कार्य सम्पन्न भै उद्योग स्थापनाको लागि प्रस्ताव माग गरेकोमा यस वर्ष २६ उद्योग स्थापनाको लागि प्रस्ताव प्राप्त भई स्वीकृति प्रदान गरेको र सो प्राधिकरणले अनुमति दस्तुरबापत रु.२५ हजार का दरले रु.६ लाख ५० हजार र ३ उद्योगको भू-बहालबापत प्रतिवर्गमिटर रु.२० का दरले रु.२२ लाख ६७ हजारसमेत जम्मा रु.२९ लाख ६८ हजार धरौटी खातामा जम्मा गरेको छ । विकास समिति ऐनअन्तर्गत स्थापित समितिको आर्थिक कारोबार नेपाल सरकारको एकल कोष खातामार्फत सञ्चालन भएकोले उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२०. **सेवा प्रवाह** - विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा ३३ मा विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग वा लगानीकर्तालाई एकै स्थानबाट सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन एकद्वार इकाईको स्थापना गर्ने

व्यवस्था छ । प्रचलित कानुनबमोजिम उपलब्ध हुने छुट, सुविधा वा सहुलियत, पूर्वाधारसम्बन्धी सेवा, उद्योग एवं कम्पनी दर्ता र नवीकरण, भिसासम्बन्धी कार्यलगायत नेपाल सरकारको निर्णयअनुसार उपलब्ध गराउने सेवा सुविधाहरु एकद्वार इकाईबाट उपलब्ध गराउने व्यवस्था भए पनि हालसम्म एकद्वार इकाई स्थापना नहुँदा लगानी कर्ता विभिन्न निकायमा धाउनु परेकोले सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको छ । एकद्वार इकाई गठन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

२१. **सवारी भाडा -** सार्वजनिक लेखासमितिको २०६९।९।२ को निर्णयअनुसार निर्माण कार्यको ठेक्कामा सवारीसाधन खरिद एवं भाडा समावेश गर्न नहुने निर्देशन भएकोमा प्राधिकरणले एक ठेक्कामा १८ महिनाको गाडी भाडा रु.४३ लाख ९० हजार र अर्को ठेक्कामा १८ महिनाको ठाडी भाडा रु.४२ लाख ७३ हजारको लागत अनुमान तयार गरी बोलपत्र गरेकोमा एक व्यवसायीसँग क्रमशः रु.५४ लाख र रु.३६ लाखसमेत रु.९० लाख (मूल्य अभिवृद्धि कर बाहेक) मा सम्झौता गरी सोबमोजिम नै भुक्तानी गरेको छ । नयाँ सवारीसाधन खरिद गर्न सकिने मूल्यमा सो सवारीसाधन निर्माण व्यवसायीलाई नै फिर्ता गर्ने गरी भाडा खर्च गरेको मितव्ययी देखिएन । यसरी सार्वजनिक लेखासमितिको निर्णय विपरीत भाडामा खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

वाणिज्यतर्फ

२२. **नीति कार्यान्वयन -** वाणिज्य नीति, २०७२ र नेपाल एकीकृत व्यापार रणनीति,२०७३ को कार्यान्वयन कार्ययोजनाअनुरुप नेपालबाट निर्यात हुने प्रमुख वस्तुहरुमध्ये अलैंची, कफी, चिया, हाते कागज, गलैंचा, पश्मिना र हस्तकला निर्यात रणनीति तयार एवं कार्यान्वयन गर्ने उल्लेख भएकोमा सो रणनीति तयार गरी कार्यान्वयन भएको देखिएन । विश्वविद्यालयहरूका पाठ्यक्रममा विश्व व्यापार संगठनका प्रमुख सम्झौता तथा कार्यप्रणाली, नेपालको व्यापारसम्बद्ध सन्धि सम्झौताहरू, तिनका मुख्य प्रावधान र निर्यात प्रवर्द्धनलगायतका विषयहरू समावेश गर्न सम्बन्धित निकायसँग समन्वय गरिने उल्लेख गरिए पनि तत्सम्बन्धी कार्य हुन सकेको देखिएन । व्यापार प्रवर्द्धन प्रतिष्ठानलाई प्रभावकारी सञ्चालन गर्ने र प्रतिष्ठानमार्फत कृषिजन्य वस्तु र अन्य वस्तुहरुको निःशुल्क र विश्वसनीय रुपमा उत्पतिको प्रमाणपत्र जारी गरिने व्यवस्था मिलाउने तथा आर्थिक अनुदान दिने उल्लेख भएकोमा उक्त प्रतिष्ठान स्थापना भएको देखिएन । नीतिमा उल्लिखित व्यहोरा कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

२३. **लक्ष्य प्राप्ति -** चौधौँ योजना (२०७३।७४–२०७५।७६) को उपलब्धि हासिल गर्न यस वर्ष रु.१ खर्ब १२ अर्ब निकासी गर्ने लक्ष्य रहेकोमा रु ८१ अर्ब ३३ करोडमात्र निकासी भएको, कुल गार्हस्थ्य उत्पादनमा निकासी ३.८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २.७ प्रतिशत भएको र निर्यात आयात अनुपात १:९.३ मा सीमित राख्ने लक्ष्य रहेकोमा सोको अनुपात १:१५.३ रहेको, कुल गार्हस्थ्य उत्पादनमा व्यापार घाटा ३१.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य रहेकोमा ३८.७७ प्रतिशत रहेकोले लक्ष्यअनुसार प्रगति भएको देखिएन । लक्ष्यअनुसार प्रगति हासिल गर्न समन्वयात्मक ढङ्गले कार्य अगाडि बढाउनुपर्दछ ।

२४. **आयात निर्यात स्थिति -** केन्द्रले उपलब्ध गराएको विवरण अनुसार नेपालको विगत ३ वर्षको आयात निर्यातको अवस्था देहायबमोजिम छ:

(रु.अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	कुल व्यापार	व्यापार घाटा	अनुपात
२०७२/०७३	७१.१४	७८१.१५	८५२.२९	७१०.०१	१:११
२०७३/०७४	७४.१२	९८५.९५	१०५९.०७	९१३.०५	१:१३.५
२०७४/०७५	८१.३३	१२४५.१९	१३२६.५२	११६३.८६	१:१५.३

उल्लिखित तालिकाअनुसार अघिल्लो वर्षको तुलनामा २०७३।७४ को निर्यात २.२९ प्रतिशत वृद्धि भएकोमा २०७४।७५ मा ११.२३ प्रतिशत रहेको छ । त्यस्तै आयात २०७३।७४ मा २६.२२ प्रतिशत वृद्धि भएकोमा २०७४।७५ मा २६.३० प्रतिशत रहेको छ । त्यस्तै आयात निर्यात अनुपात पछिल्लो ३ आर्थिक वर्षमा क्रमशः १:११, १:१३.५ र १:१५.३ रहेकोले आयातको हिस्सा बढिरहेको छ । आर्थिक वर्ष २०७४।७५ मा निर्यात ११.२३ प्रतिशतले वृद्धि भए पनि कुल व्यापारमा निर्यातको हिस्सा अत्यन्त न्यून रहेकोले निर्यात वृद्धिको प्रभाव देखिँदैन । त्यस्तै २०७२।७३ मा व्यापार घाटा रु.७ खर्ब १० अर्ब १ करोड भएकोमा २०७४।७५ मा यो वृद्धि

भई रु.११ खर्ब ६३ अर्ब ८६ करोड पुगेको छ । गत दुई आर्थिक वर्षको व्यापार घाटा वृद्धि प्रतिशत ६३.९२ रहेको छ ।

निर्यातमा मुख्य भूमिका रहेको ऊनी गलैँचाको निर्यात गत वर्षको तुलनामा २.९० प्रतिशतले घटेको छ । तयारी पोशाकको निर्यात गत वर्षको तुलनामा १२ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष अदुवाको निकासीमा सबैभन्दा बढी २१७ प्रतिशतले वृद्धि भएको छ तर चाउचाउ, रोजिन, कपडा, पश्मिना सल, नेपाली कागज, सुतीका झोलाको निर्यात १.५ प्रतिशतदेखि १३.५ प्रतिशतसम्म घटेको छ । पोलिस्टर तथा सुतीको धागो, पोशाक, जडीबुटी, जुटका झोलालगायत केही वस्तुको निर्यातमा वृद्धि भए तापनि उल्लिखित सामानको कुल व्यापारमा नगण्य हिस्सा रहेकोले व्यापार सन्तुलनमा प्रभाव पर्न सकेको देखिदैन । ठूलो परिमाणमा निर्यात हुन सक्ने वस्तुको पहिचान गरी सोको उत्पादन तथा निकासी गरिएमा मात्र व्यापार सन्तुलन कायम हुन सक्ने स्थितितर्फ मन्त्रालयले ध्यान दिनुपर्ने देखिएको छ ।

वाणिज्य विभाग

२५. **फर्म दर्ता तथा नवीकरण -** प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली, २०३४ को नियम ३ मा वाणिज्य सम्बन्धी कारोबार गर्न तोकिएको दस्तुर तिरी प्राइभेट फर्म दर्ता गर्नुपर्ने व्यवस्था छ । यस विभाग तथा अर्न्तगतका कार्यालयमा दर्ता भएका फर्मको विवरण देहायबमोजिम छः

आर्थिक वर्ष	गत वर्ष सम्मको दर्ता	यस आ.व.मा दर्ता	नवीकरण
२०७४/७५	१४०९४२	१५२८७	११७१२
२०७३/७४	१३४०१५	६९२३	७४८३
२०७२/७३	१२८०७४	५९४१	२७७३
२०७१/७२	१२२९५३	५१२१	४५५४
२०७०/७१	११७३१२	५६४१	११२८
२०६९/७०	११०१२३	७१८९	३२४५

उक्त नियमावलीअनुसार दर्ता भएको फर्मको अवधि ५ वर्षको हुने र उक्त अवधि समाप्त भए पछि फर्म सञ्चालनलाई निरन्तरता दिन नवीकरण गराउनुपर्ने उल्लेख छ । नियमावलीको व्यवस्था अनुसार २०६९।७० वा सोभन्दा अगाडि दर्ता भएका सबै फर्म २०७४।७५ सम्म नवीकरण भै सक्नु पर्दछ । विभागले हालसम्म खारेज भएका फर्मको अभिलेख नराखेकोले मौजुदा फर्मको संख्या यकिन हुन सक्ने अवस्था छैन । उल्लिखित विवरणअनुसार आर्थिक वर्ष २०६९।७० देखि २०७४।७५ सम्म जम्मा २७ हजार ६५० फर्म नवीकरण भएको छ । जुन कुल नवीकरण गर्नुपर्ने फर्म संख्याको २५ प्रतिशत मात्र हो । विभागले दर्ता खारेज भएका र नवीकरण नभएका फर्मको संख्या यकिन गरी नवीकरण बेगर कारोबार सञ्चालन गर्ने फर्मलाई नियमानुसार कारवाही गर्नुपर्दछ ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

२६. **कार्यक्रम कार्यान्वयन -** नेपाल एकीकृत व्यापार रणनीतिअन्तर्गत यस वर्ष २०० किसानलाई २० हजार रुद्राक्षको बिरुवा वितरण, एक लाख कफीको बिरुवा वितरण, डोल्पा, मुस्ताङ् र मनाङमा च्याङ्ग्राको भुवा प्रशोधन मेसिन, छाला जुत्ता बनाउने मेसिन, अदुवाको बीउ, ड्रायर मेसिन वितरण, १२० थान सेलार तथा अलैंची भट्टी निर्माण गर्ने कार्यक्रम रहेको देखियो । उक्त कार्यक्रमको लागि रु.३ करोड ५० लाख विनियोजन भएकोमा कुनै पनि कार्य भएको देखिँदैन । अलैँची भट्टी, सेलार निर्माण र अदुवाको बीउ वितरण गर्न विनियोजन भएको बजेटमध्ये कृषि उद्यम केन्द्रलाई प्रथम किस्ताबापतको रु.१ करोड ५० लाख उपलब्ध गराएकोमा उक्त संस्थाले तोकिएबमोजिमको काम गरेको नदेखिएकोले उक्त रकम फिर्ता गर्नुपर्ने देखिएको छ ।

२७. **उत्पत्ति प्रमाणपत्र -** केन्द्रले उत्पत्तिको प्रमाणपत्र जारी गरेबापत सङ्कलन हुने शुल्क प्राप्त गर्दैआएकोमा २०६६।८।९ को मन्त्रीस्तरीय निर्णयअनुसार भारत तथा तेस्रो मुलुकसमेतमा उत्पत्तिको प्रमाणपत्र जारी गर्दा निर्यात गरिने मालवस्तुको मूल्यमा प्रति रु.१०० को १२ पैसाका दरले शुल्क असुल गर्ने र असुल भएको रकममध्ये उत्पतिको प्रमाणपत्र जारी गर्ने सम्बन्धित जिल्ला तथा जिल्ला नगर उद्योग वाणिज्य संघले ५.५

पैसा, नेपाल उद्योग वाणिज्य महासंघले २.५ पैसा, सम्बन्धित वस्तुगत संघले १.५ पैसा, सम्बन्धित राष्ट्रिय संघले ०.२ पैसा, संस्थागत विकासमा ०.५ पैसा, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले ०.५ पैसा तथा नेपाल उद्योग परिसंघले १.३ पैसा प्राप्त गर्ने उल्लेख छ । उत्पतिको प्रमाणपत्र जारी गर्न जिम्मेवारी पाएका नेपाल उद्योग वाणिज्य संघ र नेपाल उद्योग परिषद्बाट उल्लिखित बाँडफाँडअनुसारको रकम प्राप्त गर्नुपर्दछ ।

उत्पत्तिको प्रमाणपत्रको शुल्क सम्बन्धमा मन्त्रालयबाट छानबिन समिति गठन भई प्रतिवेदन पेस गरेको छ । प्रतिवेदनमा उल्लेख भएअनुसार २०६७।६८ देखि २०७४।७५ वैशाखसम्म रु.५३ करोड ९० लाख ७ हजार सङ्कलन भएको र उक्त रकमको ४.१७ प्रतिशतले हुने रु.२ करोड ७६ लाख २४ हजार केन्द्रले प्राप्त गर्नुपर्नेमा हालसम्म प्राप्त भएको छैन । केन्द्रले प्राप्त गर्नुपर्ने रकम उठाउन ताकेता नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई रकम असुल हुनुपर्दछ ।

२८. **बैङ्क मौज्दात -** साविकको स्टावेक्स परियोजना, छालासम्बन्धी चक्रकोष, ऊन तथा गलैंचा विकास समितिलगायतका निकाय समाहित गरी केन्द्र स्थापना भएको देखिन्छ । केन्द्रमा गाभिएका संस्थाको तल्कालको चल अचल सम्पत्ति, बैङ्क खाता तथा सोको मौज्दातसमेत हस्तान्तरण गरी एकीकृत आय व्यय विवरण तयार गर्नुपर्नेमा सो गरेको देखिएन । केन्द्रले केही बैङ्क खाताको २०७२।७३ को बैङ्क मौज्दातको विवरण पेस गरेअनुसार १३ बैङ्क खातामा रु.८ करोड ८४ लाख ६० हजार मौज्दात निष्क्रिय रहेको छ । नियमित रुपमा सञ्चालनमा नरहेका खाताको बैङ्क विवरण प्राप्त गर्न ग्राहक पहिचान फाराम भर्नुपर्नेमा नभरेको कारण केही खाताको बैङ्क विवरणसमेत नलिएकोले केन्द्रको वास्तविक बैङ्क मौज्दात यकिन भएको छैन । केन्द्रको प्रारम्भदेखि सञ्चालनमा रहेका बैङ्क खाताको कारोबार अवस्था, बन्द गरिएका वा चालु रहेका खाताको आय व्यय अवस्था सम्बन्धमा छानबिन गरी केन्द्रको वास्तविक आय व्यय यकिन गर्नुपर्दछ ।

नेपाल-भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना

२९. **प्रगति** - नेपाल-भारत व्यापार सूचना प्रणालीको सुदृढीकरण, आयात निर्यात कोडको विकास, भन्सार विभागसँगको समन्वयमा नेसनल सिंगल विण्डोको विकास, ट्रान्सिपमेन्ट प्रणालीको विकास एवंम् उपयोग गरी व्यापार सहजीकरण गर्दै समग्र व्यापार तथा पारवहन लागतमा कमी ल्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यअनुरुप सिंगल विण्डो निर्माणको लागि नेपाल-भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनाको स्थापना भएको हो । उक्त आयोजनाअन्तर्गत अमेरिकी डलर ९९ मिलियन सहयोग प्राप्त हुने र सन् २०१३ जुलाई ११ मा शुरु भई २०१९ डिसेम्बर ३१ मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको सहयोगमा भन्सार विभागअर्न्तगत उपर्युक्त कामको लागि रु.१ अर्ब २९ करोड ४७ लाख बजेट व्यवस्था भएकोमा हालसम्म रु.१४ करोड १६ लाख ४५ हजार (१०.९४ प्रतिशत) को मात्र कार्य भएको देखिन्छ । त्यस्तै नेपाल व्यापार सूचना प्रणालीको सुदृढीकरणको लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रअन्तर्गत व्यापार पोर्टल निर्माण गर्न ठेक्का व्यवस्था भएकोमा सम्पन्न भएको देखिँदैन । निकासीजन्य वस्तुहरुको गुणस्तर प्रमाणीकरण गर्न सुविधा सम्पन्न प्रयोगशाला निर्माण गर्न बाली संरक्षण निर्देशनालयअर्न्तगत रु.२० करोड ४० लाख ३१ हजार बजेट व्यवस्था भएकोमा हालसम्म रु.२ करोड ६ लाख ५३ हजार (१०.१२ प्रतिशत) को मात्र कार्यसम्पन्न भएको देखिएकोले कार्यक्रम कार्यान्वयनमा अन्तर्रनिकाय समन्वय गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

आपूर्तितर्फ

३०. **वार्षिक नीति/कार्यक्रम -** यस वर्ष राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५ हजार मेट्रिक टन खाद्यान्न भण्डारण गर्ने लक्ष्य रहेकोमा क्रमशः १४.८५ मेट्रिक टन खाद्य भण्डारण रहेको छ । नब्बे दिनको माग धान्न सक्ने गरी सातै प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारण गृह निर्माण गर्ने कार्यक्रममध्ये यस वर्ष ३ प्रदेशमा भण्डारण गृह निर्माण गर्ने लक्ष्य रहेकोमा सम्पन्न भएको देखिएन । बजार अनुगमनतर्फ ६ हजार ५०० पटक सघन, द्रूत एवं नियमित बजार अनुगमन गर्ने लक्ष्य रहेकोमा ४ हजार ९१५ पटक मात्र अनुगमन गरेको छ । वार्षिक नीति तथा कार्यक्रममा तोकिएका कार्यहरु सम्पादन गर्नुपर्दछ ।

३१. **खाद्यान्न वितरण प्रणाली -** दुर्गम क्षेत्रमा चामल तथा नून सहुलियत दरमा उपलब्ध गराउन सरकारले निश्चित जिल्ला तथा क्षेत्र तोकी चामलतर्फ जिल्लागत आधारमा नेपाल खाद्य संस्थानमार्फत र नूनतर्फ

प्रतिव्यक्ति प्रतिवर्ष ६ किलोग्रामका दरले कोटा तोकी नेपाल साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत ढुवानी गर्ने गरेको छ । सहुलियत दरमा नून तथा चामल उपलब्ध हुने जिल्ला तथा क्षेत्रको विश्लेषण गर्दा समान प्रकृतिका सार्वजनिक यातायातको सुविधा भएका सदरमुकाम र यातायातको पहुँच नभएका दुर्गम जिल्ला तथा क्षेत्रमध्ये केहीमा सहुलियत दरमा चामल तथा नूनको आपूर्ति गर्ने व्यवस्था भएको र केहीमा सो व्यवस्था नभएको स्थिति देखियो । एउटै जिल्लाभित्र पनि तुलनात्मक रुपमा यातायातको सुविधा भएका स्थानमा खाद्यान्न वितरण गर्ने व्यवस्था भएको देखिन्छ भने सोभन्दा दुर्गम स्थानमा सो व्यवस्था भएको देखिँदैन ।

साविकमा दुर्गमक्षेत्रको रुपमा वर्गीकरण गरिएका अधिकांश जिल्ला तथा जिल्लाका विभिन्न स्थानमा सार्वजनिक यातायतको पहुँच पुगेकोले निजी क्षेत्रबाट समेत नून तथा चामलको बिक्री वितरण भैरहेको छ । अतः सहुलियत दरमा नून तथा चामल वितरणको लागि हाल कायम भएका जिल्लाको यातायातको पहुँच, स्थानीय उत्पादनमा भएको वृद्धि, जनसंख्याको चाप, जीवनस्तर सूचकाङ्क आदिको आधारमा पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

३२. **जनसंख्या, कोटा र खपत -** सहुलियत दरमा नून ढुवानी गरी वितरण गर्न तोकिएका जिल्लामा नून ढुवानी आपूर्ति गर्दा समग्र जिल्लाको जनसंख्या उल्लेख गरेको भए पनि वितरण गर्ने डिपोले समेट्ने क्षेत्र र सोको जनसंख्या उल्लेख गरेको देखिएन । सम्बन्धित डिपोले समेट्ने क्षेत्र र जनसंख्या उल्लेख नगरी नुन वितरण गरेको कारण सम्बन्धित क्षेत्रको जनसंख्या अनुसार हुने कोटाभन्दा बढी वितरण भएको स्थिति छ । सम्बन्धित डिपोले समेट्ने जनसंख्या नखुलेका कारण समग्र जिल्लाको जनसंख्याको आधारमा गणना गर्दा समेत देहायका जिल्लामा कोटाभन्दा बढी नून वितरण भएको अवस्था देखियोः

(परिमाण क्विन्टलमा)

सि.नं.	जिल्ला	जनसंख्या	निर्धारित कोटा	ढुवानी गरिएको परिमाण	कोटाभन्दा बढी ढुवानी
१	संखुवासभा	३४१५५	२०५०	५१४१.५०	३०९१.५०
२	सोलुखुम्बु	१०६७७२	६४०७	७८३६.९०	१४२९.९०
३	डोल्पा	३६७०१	२२०३	६५३५.००	४३३२.००
४	मुगु	५५३११	३३१९	३९५८.८५	६३९.८५
५	हुम्ला	५१००८	३०६०	५५१९.६०	२४५९.६०
६	अछाम	६९०९७	४१४६	७७८०.००	३६३४.००
७	बाजुरा	१३५५०६	८१३१	९७५०.००	१६१९.००

यो वर्षको औसत ढुवानी दरको आधारमा गणना गर्दा उपर्युक्त तालिकाबमोजिम कोटाभन्दा बढी परिमाण ढुवानी तथा बिक्री देखाएकोले रु.३ करोड १७ लाख ४५ हजार बढी खर्च भएको छ । यसमा मन्त्रालयले सम्बन्धित डिपोको जनसंख्याअनुसारको कोटा, ढुवानी लागत, बढी बिक्री परिमाण सम्बन्धमा छानबिन गरी बढी खर्च भएको रकम फिर्ता गर्नुपर्दछ ।

आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग

३३. **बजार अनुगमन** - उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ८ बमोजिम उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्ने कार्यका लागि यस विभागले उपत्यकाभित्र तथा उपत्यका बाहिर दुई किसिमले बजार अनुगमन गर्ने गरेको देखियो । यो वर्ष ४ हजार ९१५ व्यापारिक संस्थाको अनुगमन गरेमध्ये मूल्यसूची राख्न तथा अद्यावधिक गर्न निर्देशन दिएको ९१४, साइन बोर्ड राख्न निर्देशन दिएको ४९३, नाप तौलको प्रमाणपत्र पेस गर्न तथा नाप तौलको उपकरण राख्न निर्देशन दिएको १ हजार ३०२, खाद्य अनुज्ञापत्र पेस गर्न निर्देशन दिएको ३६, सरसफाईमा सुधार गर्न निर्देशन दिएको संख्या ४६३ तथा मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र लिन र बिल बीजक लिन दिन निर्देशन दिएको संख्या ७४९ रहेको छ । अनुगमन गरी दिएको निर्देशनअनुसार सुधार भए नभएको सम्बन्धमा बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३४. **दूरसञ्चार सेवाको मूल्य नियमन -** उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४(२)(घ) बमोजिम वस्तु वा सेवाका उत्पादन बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य निर्धारण वा वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था मन्त्रालयले गर्ने उल्लेख छ । सोही एनेको दफा २(द) मा सेवा भन्नाले

विद्युत, खानेपानी, टेलिफोन, सूचनाप्रविधि समेतलाई जनाउने उल्लेख छ । तसर्थ टेलिफोन सेवाको मूल्य निर्धारणको अनुगमन मन्त्रालयले गर्नुपर्ने देखिन्छ ।

नेपालमा २ टेलिफोन सेवा प्रदायकले देशभर मोबाइल तथा टेलिफोन सेवा उपलब्ध गराउँदै आएका छन् भने ३ टेलिफोन सेवाले निश्चित क्षेत्रमा मात्र सेवा उपलब्ध गराउँदै आएका छन् । कुनै पनि वस्तु तथा सेवाको मूल्य निर्धारण गर्दा सो सेवा सञ्चालन गर्दा हुने खर्च, पूर्वाधार विकासमा गर्नुपर्ने लगानी एवं सोको लागत र निश्चित नाफा समावेश गरी निर्धारण गरिनुपर्दछ । नाफाको रकम निर्धारण गर्दा सोही प्रकृतिका संस्थाले अन्तर्राष्ट्रियस्तरमा आर्जन गर्ने नाफासमेतका आधारमा मूल्य निर्धारण गनुपर्दछ । नेपालमा दूरसञ्चार सेवाको मूल्यनिर्धारण गर्ने प्रयोजनको लागि नेपाल दूरसञ्चार प्राधिकरणले खुलाबजारमा प्रतिस्पर्धाको आधारमा हुने गरी शुल्कको अधिकतम सीमा निर्धारण गरेको छ तथापि उक्त सेवा प्रदायकले निर्धारण गरेको दूरसञ्चार सेवाको मूल्यमा नाफाको हिस्सा र विश्वका विभिन्न मुलुकका दूरसञ्चार सेवा प्रदायकले आर्जन गरेको सञ्चालन नाफा (ब्याज, कर, ह्रास कट्टी र एमोर्टाइजेसनभन्दा अघिको नाफा) को तुलनात्मक स्थिति देहायबमोजिम रहेको छ:

सि.नं.	सेवा प्रदायक	देश	सञ्चालन नाफा (प्रतिशत	कैफियत
१	एक टेलिफोन सेवा प्रदायक	अमेरिका	३०.०६	सेप्टेम्बर २०१८
२	एक कम्युनिकेसन कम्पनी	अमेरिका	३४.१७	सेप्टेम्बर २०१८
३	एक टेलिफोन सेवा	बेलायत	३१.६०	मार्च २०१८
४	एक टेलिफोन ग्रुप	युरोप	३१.९०	२०१७
५	एक टेलिकम कम्पनी	जर्मनी	२४.००	२०१७
६	एक टेलिफोन सेवा प्रदायक	युरोप	३३.३३	मार्च २०१७
७	एक टेलिकम कम्पनी	जापान	३०.९०	मे २०१८
८	एक टेलिकम कम्पनी	जापान	३१.७०	मार्च २०१८
९	एक टेलिकम कम्पनी	चीन	३१.५०	जून २०१८
१०	एक ग्रुप कम्पनी	मलेसिया	३७.८०	२०१७ होल्डिङ कं. एनसेल
११	एक टेलिफोन सेवा प्रदायक	भारत	३६.४०	जून २०१८
१२	एक टेलिकम कम्पनी	नेपाल	५८.००	२०७४।७५ को वित्तीय विवरण
१३	एक निजी टेलिफोन सेवा प्रदायक	नेपाल	६२.४०	वित्तीय विवरण अनुसार

उपर्युक्त आधारमा विश्लेषण गर्दा विश्वका विभिन्न मुलुकहरुका दूरसञ्चार सेवा प्रदायकको सञ्चालन नाफा २४ देखि ३७.८ प्रतिशतसम्म रहेकोमा नेपालका सेवाप्रदायकको सञ्चालन नाफा ५८ देखि ६२ प्रतिशतसम्म रहेकोले ती सेवा प्रदायकले प्रदान गर्ने सेवाको मूल्य निर्धारणमा नाफाको अंश अधिक रहेको छ । यसरी सञ्चालन नाफामा अत्याधिक अन्तर हुनुको औचित्यता सम्बन्धमा नियमनकारी निकायले विश्लेषण गरेका छैनन् । सर्वसाधारणले महंगो मूल्यमा सेवा लिनु पर्दा उपभोक्ताको हित संरक्षण हुन सकेको छैन । यस्ता सेवा प्रदायकको मूल्य निर्धारणको आधारबारे सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा नेपाल दूरसञ्चार प्राधिकरणको समन्वयमा निरन्तर अनुगमन गरी गुणस्तर र मूल्य नियमन गर्नुपर्ने देखिन्छ ।

संगठित संस्था, समिति

बुटवल धागो कारखाना लिमिटेड, २०७४।७५

३५. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** यो कारखाना २०६४ सालदेखि बन्द रहेको छ । कारखानाको २०७४।७५ सम्म शेयर पुँजी रु.३७ करोड ३१ लाख, सञ्चित नोक्सानी रु.१ अर्ब ८० करोड ७० लाख र जम्मा दायित्व तथा व्यवस्था रु.१ अर्ब ५३ करोड ७५ लाख रहेको छ । स्थिर सम्पत्ति रु.८ करोड २४ लाख र चालु सम्पत्ति रु. २ करोड १२ लाखसमेत जम्मा सम्पत्ति रु.१० करोड ३६ लाख रहेको छ । गत वर्ष रु.३ करोड ५७ लाख नोक्सान रहेकोमा यस वर्ष रु.३ करोड ४७ लाख नोक्सान भएको छ । कारखानाको २०७३।७४ मा ऋणात्मक नेटवर्थ रु.१ अर्ब ३९ करोड ३१ लाख रहेकोमा यस वर्ष रु.१ अर्ब ४३ करोड ३९ लाख पुगेको छ । कारखानाको सञ्चालन सम्बन्धमा वैकल्पिक निर्णय लिनु उपयुक्त देखिन्छ ।

नेपाल आयल निगम लिमिटेड, २०७४।७५

देशभर पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले २०२७ सालमा निगमको स्थापना भएको हो । निगममा सरकारको ९८.३६ प्रतिशत, नेशनल ट्रेडिङ लिमिटेडको ०.७८ प्रतिशत, राष्ट्रिय बीमा संस्थानको ०.४७ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.२३ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्कको ०.१६ प्रतिशत सेयर स्वामित्व रहको छ । निगमअन्तर्गत पाँच क्षेत्रीय र तीन शाखा कार्यालय, पाँच हवाई इन्धन डिपो, तीन हवाई इन्धन रिफिलिङ स्टेसन रहेका छन् । निगमसँग ६८ हजार ३८४ किलोलिटर पेट्रोलियम पदार्थको भण्डारण क्षमता रहेको छ । निगमको २०७४।७५ मा पेट्रोलियम पदार्थ आयात, खपत र मौज्दातको स्थिति तथा औसत खरिद एवं बिक्री दर देहायबमोजिम छ :

पेट्रोलियम पदार्थ	इकाई	आयात परिमाण	खपत परिमाण	मौज्दात परिमाण	खरिद दर रु	बिक्री दर रु.
हवाई इन्धन	लिटर	१९,७४,००,०००	१९,४५,८०,२९२	९५,६४,४१७	५४	८९
पेट्रोल	लिटर	४८,८१,६८,०००	४८,५९,८९,५२०	७८,०३,८९७	५४	८७
डिजेल	लिटर	१,५८,६५,०६,०००	१,६०,१४,२८,४४२	२,९८,०४,२८६	५७	६९
मट्टीतेल	लिटर	२,२३,००,०००	२,२३,४३,०३५	१५,८४,०५१	५५	७८
एल पी जी	मेट्रिक टन	३,७६,५१२	३,७५,१४०	१,३७२	६७,९३०	६४,७७०

३६. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** निगमको पुँजी रु.२९ करोड २४ लाख, जगेडा कोष तथा सञ्चित नाफा रु.१४ अर्ब ४७ करोड ४९ लाख, मूल्य स्थिरीकरण कोष रु.६ अर्ब ३४ करोड ५९ लाख, चालु दायित्व रु.१७ अर्ब ७ करोड ४३ लाख, चालु सम्पति रु.३१ अर्ब ८८ करोड ६ लाख तथा स्थिर सम्पत्ति रु.६ अर्ब २२ करोड ९९ लाख, निर्माण कार्य प्रगति रु.५ करोड ९२ लाख, लगानी रु.१ करोड ७८ लाख रहेको छ । त्यस्तै २०७४।७५ मा निगमको कुल बिक्री रु.१ खर्ब ९५ अर्ब ९४ करोड २४ लाख, बिक्री लागत रु.१ खर्ब ८७ अर्ब ३७ करोड ६४ लाख, प्रशासनिक र अन्य खर्च रु.४ अर्ब २६ करोड ८४ लाख, बोनस व्यवस्था रु.४ करोड ८० लाख रही कर अघिको नाफा रु.४ अर्ब ७९ करोड ६४ लाख र कर व्यवस्था पछिको नाफा रु.३ अर्ब ५८ करोड ७४ लाख रहेको छ ।

३७. **अनुपात विश्लेषण -** निगमको यो वर्षको वित्तीय अवस्था र सञ्चालन नतिजालाई विगत वर्षको वित्तीय अवस्था र सञ्चालन नतिजासँग तुलना गरी अनुपात विश्लेषण गरिएको छ । जसअनुसार प्रमुख अनुपातहरुमा सम्पत्ति र आम्दानी अनुपात गत वर्ष ४०.९१ प्रतिशत रहेकोमा यो वर्ष उल्लेख्य कमी आई २०.३६ प्रतिशत रहेको पाइयो । पुँजी लगानीमा सञ्चालन नाफाको अवस्था गत वर्ष ८०.०५ प्रतिशत रहेकोमा यो वर्ष कमी आई २०.१३ प्रतिशत पुगेको छ । त्यस्तै चालु सम्पत्ति र चालु दायित्वको अवस्था गत वर्ष १.५८ रहेकोमा यो वर्ष केही वृद्धि भई १.८७ पुगेको छ । चालु दायित्वमा नगद र बिक्री योग्य धितोपत्रको अवस्था हेर्ने नगद अनुपात गत वर्ष ०.८७ गुणा रहेकोमा यो वर्ष ०.९९ रहेको छ । चालु सम्पत्तिबाट चालु दायित्व घटाउँदा खुद चालु पुँजीको फरक गत वर्ष रु.९ अर्ब १५ करोड रहेकोमा यो वर्ष उल्लेख्य वृद्धि भई रु.१४ अर्ब ८१ करोड पुगेको देखियो । कूल नाफा अनुपात गत वर्ष ११.०७ प्रतिशत रहेकोमा यो वर्ष उल्लेख्य कमी आई ४.३७ प्रतिशत पुगेको देखिन्छ ।

३८. **अनुदान -** चीन सरकारले अनुदानमा दिएको पेट्रोलियम पदार्थको मूल्य रसुवागढी भन्सार कार्यालयले रु.६ करोड २७ लाख मूल्याङ्कन गरेको देखिन्छ । उक्त रकम हालसम्म नेपाल सरकारलाई भुक्तानी गरेको छैन । उक्त रकम नेपाल सरकारलाई फिर्ता गरी हिसाब राफसाफ गर्नुपर्दछ ।

३९. **कर्मचारी कल्याणकारी कोष -** बोनस ऐन, २०३० को दफा १३ मा बोनस बाँडफाँडपछि बाँकी रहेको बोनसको ७० प्रतिशत श्रम ऐन, २०४८ को दफा ३७ अनुसार स्थापना भएको राष्ट्रिय कर्मचारी कल्याणकारी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । निगमले २०६२।६३ देखि राष्ट्रिय कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रु. ११ करोड ५१ लाख जम्मा नगरी व्यापरिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको छ । दायित्वमा देखाएको उक्त रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।

४०. **पेट्रेलियम पदार्थ नोक्सानी -** सञ्चालक समितिले विराटनगर, थानकोट र सिनामंगलको पेट्रोलियम पदार्थको भण्डारण नोक्सानी निर्धारण गरेको छ । समितिले सिनामंगल डिपोमा हवाई इन्धनको नोक्सानी ०.६२ प्रतिशत तोकेकोमा कार्यकारी निर्देशकले समितिको स्वीकृति बेगर ०.८५ प्रतिशत तोकेको पाइयो । यस वर्ष

थानकोट, सिनामंगल र भैरहवामा समितिले तोकेको भण्डारण भन्दा बढी नोक्सानी देखाएको औसत बिक्री मूल्यअनुसार हुने रु.३ करोड ६५ लाख असुल गर्नुपर्दछ ।

४१. **मूल्य स्थिरीकरण कोष -** पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष नियमावली, २०७१ को नियम ३ को उपनियम २ को खण्ड (ग) मा २०७४।२।२९ मा भएको संशोधनअनुसार सबै प्रकारका पेट्रोलियम पदार्थको बिक्री मूल्यको १ प्रतिशत बराबर हुन आउने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सरकारले निर्धारण गरेको अधिकतम खुद्रा बिक्री मूल्य भन्दा पेट्रोलियम पदार्थको लागत मूल्य घटी वा बढी जे भए पनि १ प्रतिशत थप गरी उपभोक्ताबाट असुल गरी कोषमा जम्मा गर्ने गरेको छ । कोषमा वर्षान्तमा रु.६ अर्ब ३४ करोड ५९ लाख मौज्दात रहेको छ । लागतभन्दा बिक्री मूल्य बढी भएको अवस्थामा कोषमा रकम जम्मा गर्ने र बिक्री मूल्यभन्दा लागत बढी भएको अवस्थामा उक्त कोषबाट शोधभर्ना लिने गरी व्यवस्था मिलाउनुपर्दछ । साथै नाफाको रकमबाट कोष खडा गर्नुपर्नेमा बिक्री मूल्यमा थप गरी प्राप्त रकमबाट कोष खडा गर्न उपयुक्त होइन ।

४२. **बोनस व्यवस्था -** बोनस नियमावली, २०३९ को नियम ६ मा नेपाल सरकारले तोकिदिएको क्षेत्रमा एकाधिकार पाई व्यापार गर्न खडा भएको प्रतिष्ठानले सरकारले तोकिदिएको प्रतिशतले हुने रकम बोनस बापत छुट्याउनुपर्ने व्यवस्था छ । बोनस ऐन, २०३० को दफा ९(२) मा आर्थिक वर्ष समाप्त भएको आठ महिना भित्र बोनस वितरण गर्नुपर्ने र दफा ९(३) मा उपदफा (२) बमोजिमको अवधि भित्र बोनस वितरण गर्न नसक्ने कारण सहित निवेदन गरेमा बढीमा तीन महिनाको म्याद बढाई दिने वा अर्को आर्थिक वर्षमा एकै साथ दुई वर्षको बोनस बाँड्ने गरी स्वीकृति दिन सक्ने व्यवस्था छ । निगमले यो वर्ष खुद नाफाको १ प्रतिशतले हुनआउने रु.४ करोड ८० लाख बोनस व्यवस्था गरेको छ भने विगत २०६५।६६ देखिको व्यवस्था रु. ३ अर्ब १३ करोड ४३ लाख अर्थ मन्त्रलायबाट २०७०।८।२४ र २०७३।३।३१ मा जारी गरेको निर्देशन पालना नभई वितरण गर्न नसकी दायित्वमा राखेको छ । बोनस ऐनअनुसार उक्त रकम हाल वितरण गर्न मिल्ने नदेखिएकोले पुनः निगमको आयमा लेखाङ्कन गर्नुपर्दछ ।

इन्टरमोडल यातायात विकास समिति

देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणका लागि सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन, निर्माण, तथा सञ्चालन गर्ने गराउने उद्देश्यले विकास समिति ऐन, २०१३ अर्न्तगत इन्टरमोडल यातायात विकास समिति स्थापना भई सञ्चालनमा रहेको छ ।

४३. **कार्यसम्पादन स्थिति -** देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणको लागि सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन, निर्माण तथा सञ्चालन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५४ सालमा समितिको स्थापना भएको हो । चीन सरकारबाट टर्न की प्रोजेक्टअन्तर्गत निर्माण हुने रसुवागढी सुख्खा बन्दरगाहको डिजाइन कार्य समाप्त भै ठेक्का प्रक्रियामा रहेको र तातोपानी सुख्खा बन्दरगाह निर्माण अन्तिम चरणमा पुगेको छ । समितिअन्तर्गत सुख्खा बन्दरगाहको सुधार एवं विस्तारतर्फ वीरगन्जमा कार्यालय भवन र गोदामघर विस्तार कार्य, भैरहवामा कार्यालय भवन निर्माण तथा काठमाडौँ चोभारमा सुख्खा बन्दरगाह, कार्यालय एवं आवास भवन निर्माण कार्य समेत गर्न यो वर्ष रु.३८ करोड ८० लाख खर्च भएको छ । यो वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको मल्टी मोडल ऐन निर्माण, ई.डी.आई. भवन निर्माण नभएको, वीरगन्ज सुख्खा बन्दरगाहको रेलवे निर्माण गर्ने कार्यको कम्पनी छनौट हुन नसकेको, काकडभिट्टा टर्मिनल मेनेजमेन्ट निर्माणमा २५ प्रतिशतमात्र प्रगति भएको, कोरोला नाकामा सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययनको प्रस्ताव मूल्याङ्कन भैरहेको छ । काठमाडौँको चोभारमा सुख्खा बन्दरगाह निर्माण कार्य ठेक्का भएको ८ महिना व्यतीत भई काम सम्पन्न गर्न १० महिना बाँकी रहँदा भरखर शिलान्यास गर्ने कार्य भएको छ । लक्ष्यअनुसार कार्यसम्पादन गर्नुपर्दछ ।

४४. **निष्क्रिय मौज्दात -** नेपाल सरकारबाट ठूला संरचनाको निर्माण कार्य सम्पन्न गरी सञ्चालनका लागि यस समितिलाई हस्तान्तरण गर्ने र समितिले भौतिक संरचना भाडामा लगाई आय आर्जन गर्ने गरेको छ । भौतिक संरचनाको भाडाबाट प्राप्त रकममध्ये १३ प्रतिशतसम्म मात्र खर्च भई यो वर्षको अन्त्यसम्म समितिको खातामा रु.१ अर्ब २६ करोड ७२ लाख बचत रहेको छ । नेपाल सरकारले ऋण लिई निर्माण गरेका भौतिक संरचनाको बहालबाट प्राप्त आय समितिको खातामा निष्क्रिय रुपमा रहेको छ । समितिको आयबाट थप

भौतिक संरचना निर्माण गर्ने वा प्राप्त आय नेपाल सरकारको राजस्व खातामा दाखिला गर्ने सम्बन्धमा स्पष्ट नीति बनाउनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याएकोमा सुधार भएको छैन ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** उद्योग विभाग र घरेलु तथा साना उद्योगमा दर्ता भएका उद्योगहरुमध्ये सञ्चालनमा रहेका र नरहेका उद्योगको अद्यावधिक अवस्था खुलाउनुपर्ने, तेस्रो मुलुक निर्यातकर्ता व्यापारिकलाई नगद प्रोत्साहन वितरण गर्न नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराएको बाँकी रकम वर्षान्तमा राजस्व दाखिला गर्नुपर्नेमा नगरी अर्को वर्ष खर्च गरेको, महिला उद्यमशीलता कर्जा कोषको ऋण लगानी र असुलीको स्थिति खुलाउनुपर्नेमा नखुलाएको लगायतका व्यहोरा गत वर्ष औँल्याएकोमा सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ ६७ निकायमा रु.४१ करोड ८२ लाख १७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ करोड २२ लाख ५९ हजार फछ्यौंट गरेकोले रु.२३ करोड ५९ लाख ५८ हजार बाँकी रहेको छ । सोमध्ये रु.११ करोड ४ लाख ७९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - समितितर्फ ४ निकायमा रु.१३ करोड ४६ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ लाख २१ हजार फछ्यौंट गरेकोले रु.१३ करोड ३३ लाख ४७ हजार बाँकी रहेको छ । सोमध्ये रु.११ करोड ६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा सिँचाइ र जल उत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानुन तर्जुमा, गुरुयोजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय गर्ने तथा जलस्रोत र ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्ने लगायतका कार्य रहेको छ । मन्त्रालय समेत १९८ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहतका निकायको यो वर्ष विनियोजन रु.६० अर्ब २७ करोड ७५ लाख, राजश्व रु.३ अर्ब ४७ करोड १० लाख र धरौटी रु.६ अर्ब ७३ करोड १६ लाख तथा अन्य कारोबार रु.१० अर्ब ५८ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहत संगठित संस्था तथा समितिसमेतको रु.५ अर्ब ८६ करोड ४९ लाखसमेत रु.८१ अर्ब ६ करोड ६९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन -** जलस्रोत रणनीति, २००२ मा उल्लेख भएअनुसार सिँचाइ तथा कृषिको एकीकरण तथा समन्वय हुन नसकेको, जनसहभागिता कम रहेको, सिँचाइ शुल्क न्यून उठेको, आयोजना मर्मत हुन नसक्दा सिँचाइ क्षमता घटेको, पूर्वाधार निर्माणमा गुणस्तर कायम हुन नसकेकोले नीति कार्यान्वयन कमजोर देखिएको छ । जग्गा एकीकरण कार्यलाई प्रोत्साहन दिने, भूमिगत पानीको विकास गर्ने, एकीकृत जलस्रोत नीति जारी गर्ने, भूमिगत जलस्रोतको नियमन गर्ने, जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य अपेक्षाअनुरुप हुन नसकेको, सिँचाइ ऐनको अभावमा सिँचित क्षेत्र घोषणा गर्न नसकेको र उपभोक्ता संस्थाहरुको प्रभावकारिता न्यून रहेको देखिएको छ । त्यस्तै जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ अनुसार २७ नदीको गुरुयोजना तयार गरे पनि कार्यान्वयन नगरेको, जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा निजी क्षेत्र र सहकारीलाई सहभागी गराउने र जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रको अनुसन्धान तथा विकासलाई प्राथमिकता दिने नीतिहरु कार्यान्वयनमा आएका छैनन् । कार्ययोजना बनाई नीति कार्यान्वयन गर्नुपर्दछ ।

२. **चौधौँ योजना -** चौधौँ त्रि-वर्षीय योजनाअनुसार २०७४।७५ को वार्षिक विकास कार्यक्रममा उल्लेख गरिएका कार्यक्रममध्ये सतह सिँचाइ आयोजनाबाट ८ हजार ६ सय १० हेक्टर सिँचाइ गर्ने लक्ष्य रहेकोमा ४२ प्रतिशत, नयाँ प्रविधिमा आधारित सिँचाइ कार्यक्रमबाट ४ हजार २५० हेक्टर सिँचाइ गर्ने लक्ष्य रहेकोमा ३० प्रतिशत मात्र प्रगति भएको छ । जल उत्पन्न प्रकोप व्यवस्थापनतर्फ ३९ लाख ३३ हजार दिन रोजगारी सिर्जना गर्नुपर्नेमा प्रगति नै नभएको, कन्काइ उच्च बाँध आयोजना तथा कार्यक्रम सञ्चालन नगरेको, कालीगण्डकी तिनाउ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन नभएको, जल तथा मौसम विज्ञानअन्तर्गत गुणस्तरीय मापन प्रणाली र मौसम पूर्वानुमान भरपर्दो र विश्वाशिलो भएको पाइएन । योजनाको लक्ष्यअनुरुप आयोजना कार्यान्वयन गर्नुपर्दछ ।

३. **बजेट वक्तव्यको कार्यान्वयन** - आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार ३ सिँचाइ मर्मत सम्भार आयोजना प्रदेशमा हस्तान्तरण गरेको छैन । स्वचालित जलसतह मापन केन्द्र ७० स्थानमा जडान गर्ने लक्ष्य रहेकोमा ३८ स्थानमा मात्र जडान गरेको छ । बजेट वक्तव्यमा उल्लेख गरिएका विषयहरु प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्दछ ।

४. **संगठन संरचना** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार संघीय स्वरुपमा संगठन पुनर्संरचना गर्दा मन्त्रालय मातहतका १२२ निकाय खारेजी तथा अन्य कार्यालयमा गाभिएपछि मन्त्रालय मातहत एक आयोग, ३ विभाग, १ केन्द्र, राष्ट्रिय गौरवका ४ समेत ६० आयोजना तथा कार्यालय रहेका छन् । मन्त्रिपरिषद्ले मन्त्रालय मातहत रहने र प्रदेशमा हस्तान्तरण गर्ने कार्यालयहरु निर्धारण गरी कार्यान्वयन भइसकेको अवस्थामा २०७५ श्रावण पछि संघीय सरकारअन्तर्गत पुनः ५ आयोजना तथा कार्यालय स्थापना गरेको छ । संघ मातहतका कार्यालय हस्तान्तरणपछि पुनः संघीय कार्यालय स्थापना गरिनुले संगठन पुनर्संरचना यथार्थतामा आधारित रहेको पाइएन । खारेजीमा परेका निकायहरुको सम्पत्ति प्रदेश सरकार वा तोकिएका अन्य निकायहरुलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।

५. **योजनाबेगर काम -** नदी नियन्त्रण कार्यक्रमको लागि शुरु बजेट रु.५ अर्ब ५४ करोड विनियोजन गरेकोमा सोको ८८ प्रतिशत अर्थात् रु.४ अर्ब ८५ करोड रकमान्तरबाट थप गरेको देखिन्छ । सम्भाव्यता अध्ययन,

ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार गरी सम्बन्धित निकायहरुको मागको आधारमा अर्थ मन्त्रालयले बजेट निकासा दिनुपर्नेमा बजेट सुनिश्चितता नगरिएका, सम्बन्धित कार्यालयले माग नगरेका नयाँ र स-साना कामको लागि २०७५।३।१ देखि २१ गतेसम्म ६ कार्यालयलाई कमला, खाँडो र झिमरुक नदी तथा मोरङ र मकवानपुरका खोलाहरुको आपतकालीन नदी नियन्त्रण गर्न एउटै कार्यालयलाई रु.२० करोडसमेत रु.५७ करोड २५ लाख थप निकासा दिएको छ । उक्त काम सो अवधिमा ठेक्का एवं उपभोक्ता समितिबाट समेत गराउन सम्भव देखिँदैन । प्रत्येक वर्ष आषाढ महिनामा नदी नियन्त्रण कार्यमा ठूलो रकम खर्च गर्दै आएको छ भने केही नदीहरुमा हरेक वर्ष नदी नियन्त्रण कार्यमा खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा निकासा माग गर्ने, निकासा दिने र खर्च गर्ने अधिकारीहरुलाई जिम्मेवार बनाई बढी जोखिमयुक्त क्षेत्रलाई प्राथमिकता दिई आर्थिक वर्षको शुरुदेखि योजनाबद्ध र व्यवस्थित रुपले काम गर्नुपर्दछ । मन्त्रालयले नदी नियन्त्रण तथा नदीको कारण जोखिममा रहेका बस्ती स्थानान्तरणसम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः सिँचाइ र जलउत्पन्न प्रयोग व्यवस्थापन नीति, जलस्रोत रणनीति र बजेट कार्यान्वयन आंशिक भएको, पानीको उपलब्धता कम भएको, योजनाबेगर आर्थिक वर्षको अन्त्यमा खर्च गरेको, गुणस्तर व्यवस्थापन कमजोर रहेको, अधुरा ठेक्काहरु रहेको, सोझै खरिद गरेको, विद्युत रोयल्टी कम असुल भएको, अनुमतिपत्रको अनुगमन प्रभावकारी नभएको, मूल्य समायोजन भुक्तानी बढी दिएको, पूर्वनिर्धारित क्षतिपूर्ति नलगाएको, नहर सञ्चालन नभएको, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट निर्माण कार्य गराएको, आपतकालीन नदी नियन्त्रण कार्य व्यवस्थित नभएको, नर्म्स स्वीकृत र प्रयोग नियमविपरीत गरेको, कन्टिन्जेन्सी खर्च अनियमित रुपले गरेको, बढी खर्च भुक्तानी दिएको, खरिद सम्झौता संशोधन औचित्यपूर्ण नदेखिएको, सिक्टाको पुल नहरमा क्षति भएको, बाली सघनता स्थिति कमजोर रहेको, निर्माण कार्यको तयारी प्रभावकारी नभएको, जनसहभागिता कम भएको, विस्तृत सम्भाव्यता अध्ययन सोझै गराएको, योजना छनौट तथा स्वीकृति रीतपूर्वक नभएको, योजना हस्तान्तरण नगरेको लगायत व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

६. **पानीको उपलब्धता -** कोशी र गण्डक योजनाहरुबाट तोकिएको परिमाणमा पानी प्राप्त गर्ने गरी भारत सरकारसँग सम्झौता भएको छ । सम्झौताअनुसार कोशी पश्चिम नहरबाट ७२० क्युसेक पानी प्राप्त हुनुपर्नेमा कम प्राप्त भएको, गण्डक पश्चिम नहरबाट ३०० क्युसेक पानी प्राप्त हुनुपर्नेमा असार महिनामा लिएको नापअनुसार ९२ देखि २१३ क्युसेक मात्र प्राप्त भएको देखिन्छ । हिउँदमा प्राप्त हुने पानी त्यसभन्दा पनि कम रहेको छ । मूल नहरबाट पानी आउने रेगुलेटरका तीन ढोकामध्ये १ ढोका शुरुदेखि नै बन्द रहेकोले पनि नेपालतर्फ तोकिएअनुसार पानी प्राप्त भएको छैन । यस योजनाको कमाण्ड क्षेत्र ४० हजार एकड रहे तापनि १५ हजार एकडमा कमाण्ड क्षेत्र विकास गरेको छैन । त्यसैगरी गण्डक पूर्वी नहरबाट नारायणी सिँचाइ योजनाको लागि ८५० क्युसेक पानी प्राप्त हुनुपर्नेमा सिँचाइ व्यवस्थापन डिभिजनबाट प्राप्त २०७४ असार र श्रावणको पानीको विवरण अनुसार अधिकांश समय ७०० क्युसेकभन्दा कम पानी प्राप्त भएको छ । यस योजनाले कमाण्ड क्षेत्रको रौतहट जिल्लामा सिँचाइ सुविधा प्रदान गर्न सकेको छैन । तोकिएअनुसारको पानी प्राप्त गरी सिँचाइ सुविधामा वृद्धि गर्नुपर्दछ ।

७. **गुणस्तर व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार खरिद सम्झौता कार्यान्वयन गर्दा निर्माण कार्यको गुणस्तर परीक्षण तथा निरीक्षण गरी भुक्तानी दिनुपर्दछ । त्यसैगरी निर्माण व्यवसायीसँग गरिएका सम्झौताहरुको स्पेसिफिकेसनमा सिमेन्ट, गिटी, बालुवा, डण्डी, ढुङ्गा र अन्य सामग्रीहरुको गुणस्तर परीक्षण गर्नुपर्ने उल्लेख छ । गुणस्तर परीक्षण सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहायबमोजिम छन्:

७.१. मातहत कार्यालयहरुबाट सम्पादन हुने निर्माण कार्यको गुणस्तर नियन्त्रणको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी नतोकेको, गुणस्तर परीक्षण गर्ने ल्याब, जनशक्ति तथा उपकरणहरु पर्याप्त नभएको र केही आयोजनाहरुमा स्थापना गरिएका ल्याबमा गुणस्तर परीक्षणको आंशिक सुविधामात्र रहेकोले स्पेसिफिकेसनमा उल्लेख गरिएको प्रकार र संख्यामा गुणस्तर परीक्षण गरेको देखिँदैन । गुणस्तर नियन्त्रणको लागि आवश्यक पर्ने स्टान्डर्ड स्पेसिफिकेसन तयार गर्नुपर्नेमा गरेको छैन ।

७.२. सिँचाइ विकास डिभिजन मुस्ताङले स्पेसिफिकेसनअनुसार कंक्रिट क्युव तथा टेन्साइल परीक्षणबेगर ४ निर्माण व्यवसायीलाई रु.९१ लाख ५१ हजार भुक्तानी दिएको छ । प्रगन्ना तथा वड्कापथ सिँचाइ आयोजना, लमही र सिँचाइ विकास डिभिजन, दाङले ११८ उपभोक्ता समितिबाट सिँचाइ योजनाको निर्माण कार्य गराई रु.५१ करोड १ लाख ७८ हजार भुक्तानी दिएकोमा सम्झौतामा गुणस्तर परीक्षण गर्ने व्यवस्था नै गरेको छैन भने

३१ निर्माण व्यवसायीद्वारा गराइएको ठेक्काको कार्यमा रु.२८ करोड ५२ लाख ८ हजार भुक्तानी गरेकोमा जी.आई. तारको मात्र परीक्षण गरी अन्य सामग्रीको गुणस्तर परीक्षण नै गरेको छैन । त्यस्तै सिँचाइ विकास डिभिजन, ताप्लेजुङले सम्झौता तथा स्पेसिफिकेसनअनुसार क्यानल लाइनिङ कार्यको कंक्रिट क्युब तथा फलामे डण्डीको टेन्साइल टेष्ट गरेको छैन ।

७.३. सुनसरी मोरङ सिँचाइ आयोजनाले स्पेसिफिकेसनअनुसार ढुङ्गाको गुणस्तर परीक्षण बेगर ४ ठेक्काबाट निर्मित ग्याबियन वालको रु.६ करोड ५८ लाख ३३ हजार भुक्तानी दिएको छ भने सिँचाइ विकास डिभिजन, झापाले गुणस्तर योजना नै पेस गर्न लगाएको छैन । वाग्मती सिँचाइ आयोजना, सर्लाहीले जालीमा मेस साइजको तुलनामा दोव्वर साइजको ढुङ्गा प्रयोग गर्ने उल्लेख गरेकोमा मेस साइजभन्दा साना ढुङ्गा प्रयोग गरी दुई ठेक्काबाट रु.१ करोड ८८ लाख भुक्तानी गरेको छ ।

७.४. नदी नियन्त्रणतर्फ जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय दाङ र झापाका निर्माण व्यवसायीहरुले स्पेसिफिकेसनअनुसार गुणस्तर आश्वस्तता योजना पेस नगरेको, स्पेसिफिकेसनअनुसार हेभी जिंक कोटेड तारको जाली प्रयोग गर्नुपर्नेमा मिडियम जिंक कोटेड जाली प्रयोग गरेको, कार्यालयले जी.आई तारको गुणस्तर आफै परीक्षण गराउनुपर्नेमा उत्पादकको परीक्षणमा भर परेको, ढुङ्गाहरुको साइज स्पेसिफिकेसनमा तोक्नुपर्नेमा नतोकेको, सतह मिलेका ढुङ्गाहरु प्रयोग गर्नुपर्ने उल्लेख भए पनि सतह नमिलेका र सानो आकारका ढुङ्गाहरुसमेत प्रयोग गरेको, तटबन्धको स्लोप १:२ हुनुपर्नेमा कम भएको, ग्याबियन जालीहरु तोकिएअनुसार नभरेको र निर्मित तटबन्धको कम्प्याक्सनको परीक्षण नगरेको अवस्था छ ।

७.५. कर्णाली नदी व्यवस्थापन आयोजना र बबई भादा औरही नदी व्यवस्थापन आयोजनाले नदी नियन्त्रण कार्यको केही ठेक्का सम्झौताहरुको स्पेसिफिकेसनअनुसार टुक्रा पारिएको कोणिक आकारका र सतह मिलेका ढुङ्गा प्रयोग गरी ग्याबियन वक्स भर्नुपर्नेमा नभरेको, मेस साइजभन्दा साना ढुङ्गाहरु प्रयोग गरेको, जी.आई. तारको टेन्साइल स्ट्रेन्थ परीक्षण नगरेको, १० गेजको तारको गोलाइ ३.२५ एम.एम. हुनेमा स्पेसिफिकेसनमा ३ एम.एम. उल्लेख गरे पनि नमुना परीक्षण गर्दा तारको गोलाई २.९६ र २.९७ एम.एम. मात्र देखाएको छ ।

अतः डिजाइन तथा स्पेसिफिकेसनअनुसार गुणस्तरीय काम भएको सुनिश्चित हुने गरी कार्य गर्नुपर्दछ ।

८. **अधुरा ठेक्काहरु -** निर्माण व्यवसायीहरुले ठेक्का सम्झौतामा तोकिएको वा सम्झौताअनुसार थप भएको अवधिमा ठेक्काको कार्य सम्पन्न गर्नुपर्दछ । मन्त्रालय मातहत ४५ कार्यालयका रु.९ अर्ब ७८ करोड ५८ लाखका १४८ ठेक्काहरु शुरु म्याद तथा थप अवधिमा समेत सम्पन्न भएका छैनन् । ती ठेक्काहरुमा २०७५ असारसम्म रु.४ अर्ब १४ लाखमात्र भुक्तानी भएको छ । त्यसैगरी सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाको कम्पोनेन्ट ए अन्तर्गत रु.११ करोड ५५ लाख ३४ हजार खर्च गरी ४ हजार ७५ हेक्टर सिँचाइ गर्ने ९ ठेक्का २०६६ देखि शुरु गरी २०७४।७५ सम्म सम्पन्न गर्नुपर्नेमा रु.६ करोड ८४ लाख ९२ हजार भुक्तानी गरेपछि निर्माण व्यवसायीहरुले ठेक्काको काम छाडेको र उपभोक्ता समितिहरु पनि निष्क्रिय भई जनसहभागिता परिचालन नभएको कारण देखाई ती उपआयोजनाहरु अधुरो छोडेको देखियो ।

निर्माण व्यवसायीहरुको कारणबाट अधुरो रहेका ठेक्काहरु सम्झौता, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार हर्जाना लगाउने, कार्य सम्पादन र पेस्की जमानत जफत गर्ने तथा कालोसूचीमा राख्ने जस्ता कारबाही गरी काम सम्पन्न गराउनुपर्ने देखिन्छ ।

९. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) अनुसार रु.२० लाखसम्मको निर्माण कार्य सिलबन्दी दरभाउपत्रबाट गर्नुपर्ने र सोभन्दा माथिको कार्य नियम ३१(१) अनुसार बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सुनसरी मोरङ सिँचाइ आयोजना, जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन बैतडी र मोरङ, सिँचाइ विकास डिभिजन पर्सालगायत ३३ कार्यालयले सिलबन्दी दरभाउपत्र एवं बोलपत्रबाट कार्य गर्नुपर्नेमा रु.५ लाखसम्मका लागत अनुमान बनाई प्रतिस्पर्धा बेगर रु.२३ करोड ९१ लाख ८० हजारको निर्माण कार्य सोझै गराएका छन् । अतः प्रतिस्पर्धाको माध्यमबाट खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१०. **नर्म्स -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सम्भाव्यता अध्ययनको नर्म्स मन्त्रिपरिषद्बाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । सिँचाइ विभाग, मझौला सिँचाइ आयोजना, समृद्ध तराई मधेस सिँचाइ विकास विशेष कार्यक्रमसमेत ९ कार्यालयले सिँचाइ योजनाहरुको सम्भाव्यता अध्ययन कार्य महानिर्देशक बाट स्वीकृत नर्म्सको आधारमा परामर्शदाताबाट प्रतिस्पर्धा बेगर सोझै गराई रु.२१ करोड ६५

लाख ९९ हजार भुक्तानी दिएका छन् । यसरी काम गराउदा एकभन्दा बढी आयोजनाहरुको प्याकेजिङ बनाई बोलपत्रको माध्यमबाट गराउनेतर्फ ध्यान दिएको देखिएन । अतः नियममा भएको व्यवस्थाअनुसार नर्म्स स्वीकृत गराई प्रतिस्पर्धाको माध्यमबाट कार्य गराउनुपर्दछ ।

११. **परामर्शदाता खर्च** - जल तथा मौसम विज्ञान विभागको संस्थागत विकास तथा क्षमता अभिवृद्धि, पूर्वानुमान प्रणालीमा आधुनिकीकरण र सेवास्तर वृद्धि गर्ने उद्देश्यले २०७० वैशाखमा विश्व बैङ्कसँग रु.२ अर्ब ५० करोडको ऋण तथा अनुदान सम्झौता गरी जलवायु प्रकोप समुत्थान आयोजना कार्यान्वयन भइरहेको र आयोजना अवधि २०७५ मंसिरसम्म रहेकोमा २०७५ असारसम्म ४२.४१ प्रतिशत मात्र खर्च गरेको छ । समयमा आयोजना सम्पन्न नहुँदा परामर्शदाताको खर्चमा वृद्धि भइरहने अवस्था सिर्जना भएको छ । अर्थ मन्त्रालयको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनअनुसार बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्दछ ।

१२. **मूल्य अभिवृद्धि कर समायोजन -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले कर विवरण महिना समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष पेस गर्नुपर्ने उल्लेख छ । यो वर्ष जनताको तटबन्ध फिल्ड कार्यालय दाङ, सिँचाइ विकास डिभिजन दाङलगायत २४ कार्यालयले विभिन्न निर्माण व्यवसायीलाई रु.७९ करोड ३५ लाख ५४ हजार भुक्तानी दिएकोमा उक्त रकमको कर विवरण दाखिला नगरी ननफाइलर रहेको पाइयो । अतः सो रकम भुक्तानी गर्दा दिएको मूल्य अभिवृद्धि कर रु.१० करोड ३१ लाख ६२ हजारको कर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ ।

१३. **प्रगति** - कुलेखानी तेस्रो जलविद्युत आयोजनालाई रु.१४ करोड निकासा दिएकोमा सिभिल कार्यको ठेक्कामा विवाद भएको र इलेक्ट्रोमेकानिकल कार्य सम्पादन सन्तोषजनक नभएकोले कम प्रगति भएको छ । त्यसैगरी ४ जलाशययुक्त जल विद्युत आयोजनाहरुको अध्ययन गर्न रु.१४ करोड ३८ लाख ५० हजार विनियोजन भएकोमा आँधीखोला जलाशययुक्त जलविद्युत आयोजनाको अध्ययन भएको देखिएन । पञ्चेश्वर प्राधिकरणलाई प्रचार प्रसार तथा सामग्री उत्पादन गर्न रु.१० करोड विनियोजन भएकोमा उक्त रकम आयोजनामा नपठाई फ्रिज भएको छ । राष्ट्रिय ऊर्जा संकट निवारण कार्यक्रम सञ्चालन गर्न रु.५ करोड ६३ लाख ७४ हजार बजेट विनियोजन गरेकोमा १२ प्रतिशतमात्र प्रगति भएको देखियो ।

१४. **पोष्टेड दर अनुदान -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमाम हुनुभन्दा कम्तीमा सात दिन अगाडि आर्थिक कारोबार बन्द गर्नुपर्ने उल्लेख छ । तोकिएको समयमा विद्युत उत्पादन गर्ने आयोजनाहरुलाई प्रति मेगावाट रु.५० लाखका दरले अनुदान दिन विनियोजित रु.५० करोड उक्त कार्यक्रम नभएको कारण देखाई आर्थिक वर्षको अन्तिम दिन कार्यक्रम संशोधन गरी निजी क्षेत्रका ८ विद्युत उत्पादक कम्पनीलाई पोष्टेड दर अनुदान दिन नेपाल विद्युत प्राधिकरणलाई निकासा दिएको देखियो । सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभएको उक्त रकम फ्रिज गर्नुपर्नेमा नगरी २०७५।७६ मा रु.४४ करोड १० लाख ६९ हजार वितरण गरेको देखिन्छ । आर्थिक वर्षभित्रै वितरण गरेको पोष्टेड दर अनुदान रु.१५ करोडसमेत रु.५९ करोड १० लाख ६९ हजारमा विद्युत ऐन, २०४९ को दफा ११(१) अनुसार प्रति किलोवाट घण्टा सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले रोयल्टी असुल गर्नुपर्नेमा नगरेकोले रु.१ करोड १८ लाख २१ हजार असुल गर्नुपर्दछ ।

सिँचाइ विभाग

१५. **योजना कार्यान्वयन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ र २३ अनुसार अध्ययनबाट सम्भाव्य देखिएका योजनाहरु वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा सिँचाइ विभागले २०७२।७३ र २०७३।७४ तथा मझौला सिँचाइ आयोजनाले २०७३।७४ मा रु.८ करोड २१ हजारमा सम्भाव्यता अध्ययन गरेका १८९ योजनामध्ये रु.३ करोड ५१ लाखका ८९ योजना (४७ प्रतिशत) कार्यान्वयन नगरेकोले सो रकमको सदुपयोग भएको छैन तर मझौला सिँचाइ आयोजनाबाट प्राप्त विवरण अनुसार सम्भाव्यता अध्ययन नगरिएका २६ योजनाहरु वार्षिक कार्यक्रममा समावेश गरी रु.३ करोड १४ लाखमा सम्भाव्यता अध्ययन गराई कार्यान्वयन गरेको छ । सम्भाव्यता अध्ययन भई सकेका योजनाहरु पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्नेमा अध्ययन नै नभएका योजनाहरु प्राथमिकतामा राखी कार्यान्वयन गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१६. **नर्म्स** - अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७३ मा उल्लिखित नर्म्सअनुसार तालिम कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेमा सिँचाइ व्यवस्थापन महाशाखाले सिँचाइ योजनाको सम्भाव्यता अध्ययनको नर्म्स प्रयोग गरी ३ र ५ दिने तालिमहरु परामर्शदातामार्फत सञ्चालन गरी रु.५८ लाख ८२ हजार भुक्तानी गरेको छ । यसरी तालिम सञ्चालन गर्दा टिम लिडर र अन्य विशेषज्ञहरुलाई एक तालिमको लागि मासिक रु.१ लाख ३२ हजारसम्मको दरले भुक्तानी गरेको छ । सिँचाइ विभागको सो नर्म्समा तालिम सञ्चालन गर्न चाहिने नर्म्सहरु नै उल्लेख गरिएको छैन । साथै विभागीय जनशक्तिबाटै सञ्चालन गर्दा प्रभावकारी हुने तालिमहरु समेत परामर्शदाताबाट सञ्चालन गर्नु उचित देखिँदैन ।

१७. **नियमावली निर्माण -** सिँचाइ विभागको कार्यक्षेत्रमा सिँचाइ नीति संशोधन, सिँचाइ नियमावली तर्जुमा एवं नियमन गर्ने कार्यहरु पर्दछन् । तर सिँचाइ व्यवस्थापन महाशाखाले उक्त काम एक परामर्शदाताबाट गराई रु.१७ लाख ७४ हजार भुक्तानी गरेको छ । सिँचाइ योजनाको सम्भाव्यता अध्ययनको लागि तयार पारेको नर्म्स प्रयोग गरी सो कामको लागत अनुमान तयार गरी काम गराएको छ । यसरी आफैले गर्नुपर्ने कार्य फरक प्रयोजनको नर्म्स प्रयोग गरी परामर्शदाताबाट गराउनु नियमित देखिएन ।

१८. **जनसहभागिता** - सिँचाइ नीति, २०७० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सिँचाइ योजनाहरु सञ्चालन गर्दा नियमानुसार जनसहभागिता गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१८.१. मझौला सिँचाइ आयोजनाले काठमाडौ बाहिरका जिल्लाहरुमा ५ लिफ्ट सिँचाइ योजनाहरु निर्माण गर्दा रु.३४ लाख ९३ हजार जनसहभागिता हुनुपर्नेमा रु.१२ लाख ५४ हजार कम जनसहभागिता भएको र रु.५१ लाख ९५ हजारको काम उपभोक्ता समितिसँग सम्झौता नगरेको कारण रु.४ करोड १८ लाख ८२ हजार खर्च भई सकेका योजनाहरुबाट सिँचाइ सुविधा प्राप्त भएको छैन । हाल सो आयोजना खारेज भई सकेकोले सिँचाइ विभागमार्फत ती योजनाहरु सम्पन्न गर्नुपर्दछ ।

१८.२. सिँचाइ योजनाको विस्तृत आयोजना प्रतिवेदनमा निर्माण व्यवसायी, उपभोक्ता समिति तथा जनसहभागिताद्वारा गराउनुपर्ने काम तथा रकम तोकेअनुसार निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरेपछि जनसहभागिता र उपभोक्ता समितिलाई भुक्तानी दिने कामको समेत सम्झौता गर्नुपर्नेमा सिँचाइ विकास डिभिजन, झापाको तल्लो किस्ने २ सिँचाइ योजनाको सम्झौता रु.३ करोड ५३ लाखमध्ये निर्माण व्यवसायीले रु.१ करोड ८० लाखको काम गरि सकेकोमा जनसहभागिता र उपभोक्ता समितिलाई भुक्तानी दिने कार्यको हालसम्म सम्झौता गरेको छैन । साथै ६ उपभोक्ता समितिमार्फत गराएको काममा रु.४९ लाख ९४ हजार घटी जनसहभागिता भएको देखिन्छ । ती योजनाहरु चालु रहे पनि ठेक्काको कामको अनुपातमा जनसहभागिताको काम पनि हुनुपर्दछ ।

१८.३. सिँचाइ विकास डिभिजन ओखलढुङ्गा, बाग्लुङ, गुल्मी लगायत १० कार्यालयले ३६ उपभोक्ता समितिमार्फत गराएको कामको सम्झौताअनुसार भुक्तानी दिँदा रु.७७ लाख ८६ हजार घटी जनसहभागिता भएको देखिन्छ । सम्झौताअनुसार जनसहभागिताबाट गर्नुपर्ने काम गराई योजनाहरु सम्पन्न गर्नुपर्दछ ।

१९. **कन्टिन्जेन्सी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को अनुसूची १ मा लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीबाट वर्क चार्ज स्टाफ खर्च र अन्य सानातिना खर्चमा ५ प्रतिशत र फिजिकल कन्टिन्जेन्सीबाट १० प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन्:

१९.१. सिँचाइ विकास डिभिजन, दाङले यो वर्ष कार्य सम्पन्न भएका ८ मझौला सिँचाइ योजनाको लागत अनुमान तयार गर्दा राखेको फिजिकल कन्टिन्जेन्सीबाट भेरिएसन स्वीकृतिबेगर लागत अनुमानमा नपरेको थप काम गराइ रु.१ करोड ७२ लाख ८१ हजार खर्च गरेको छ । उद्देश्य विपरीत कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने देखिँदैन ।

१९.२. जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, मोरङले कन्टिन्जेन्सी रकमबाट जल उत्पन्न प्रकोप व्यवस्थापन विभागका गाडीहरु मर्मत गरी रु.रु.९ लाख ६ हजार भुक्तानी दिएको छ । छुट्टै बजेट भएका अन्य कार्यालयहरुको लागि कन्टिन्जेन्सीबाट खर्च गर्न मिल्ने नदेखिदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१९.३. अर्थ मन्त्रालयको २०७०।१।२४ को पत्रअनुसार ५ प्रतिशत कन्टिन्जेन्सी रकममध्ये ४० प्रतिशत रकम अनिवार्य रुपमा पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख गरेकोमा रानी जमरा कुलरिया सिँचाइ आयोजना

लगायत ४ कार्यालयले रु.१ करोड ८५ लाख ५४ हजार पुँजीगत प्रकृतिको कार्यमा खर्च नगरी चालु प्रकृतिको कार्यमा मात्र खर्च गरेको छ ।

अत: नियमावलीमा उल्लिखित व्यवस्थाअनुसार कन्टिन्जेन्सी खर्च गरी अभिलेख राख्नुपर्दछ ।

२०. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन दिन सकिने आधार उल्लेख छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२०.१. ठेक्का सम्झौताअनुसार निर्माण व्यवसायीको कारणबाट काममा ढिलाई भएमा मूल्य समायोजन भुक्तानी दिन मिल्दैन । महाकाली सिँचाइ योजनाका ४ निर्माण व्यवसायीहरुले तोकिएको अवधिमा काम सम्पन्न नगरी थपिएको अवधिको रु.७४ लाख ६७ हजार मूल्य समायोजन भुक्तानी दिएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

२०.२. सम्झौताअनुसार थप आर्थिक भार नपर्ने गरी म्याद थप भएको अवस्थामा मूल्य समायोजन भुक्तानी दिँदा म्याद थप गर्नुभन्दा अघि वा पछिको मध्ये कम भार पर्ने सूचकाङ्क प्रयोग गर्नुपर्ने व्यवस्था छ । रानी जमरा कुलरिया सिँचाइ आयोजनाले २८ नोभेम्बर २०१४ मा कार्यसम्पन्न गर्नुपर्ने एक अन्तर्राट्रिय ठेक्काको थप व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा १७ देखि २२ औ रनिङ बिलको ठेक्का अवधि पछाडिको सूचकाङ्क प्रयोग गरी भुक्तानी दिएको मूल्य समायोजन रु.१ करोड ७४ लाख ५० हजारमध्ये बढी भुक्तानी गरेको रु.८८ लाख १४ हजार असुल गर्नुपर्दछ ।

२०.३. भुक्तानी गरिने मुद्राभन्दा मूल्यवृद्धि गणना गर्न बेग्लै मुद्राको सूचकाङ्क प्रयोग गरेको अवस्थामा करेक्सन फ्याक्टर प्रयोग गर्ने व्यवस्था सम्झौतामा उल्लेख छ । रानीजमरा, कुलरिया सिँचाइ आयोजनाले गरेका दुई खरिद सम्झौतामा एक अन्तर्राष्ट्रिय निर्माण व्यवसायीलाई दुबै ठेक्कामा रनिङ बिलको २० प्रतिशत भुक्तानी अमेरिकी डलरमा दिने र सोर्स अफ इन्डेक्समा रिजर्भ बैङ्क अफ इन्डियाको मूल्यसूची राखेको कारण भुक्तानी हुने मुद्रा र मूल्यसूचीको मुद्रा फरक परेकोले विदेशी मुद्रातर्फको मूल्यवृद्धि गणना गर्दा माथि उल्लिखित सम्झौताको व्यवस्थाअनुसार दुई मुद्राको आधार दर र चालु दरको समयको भारतीय मुद्रा र अमेरिकी डलरको करेक्सन फ्याक्टर निकाली सम्झौताअनुसारको सूत्रबाट मूल्यवृद्धि गणना गरी भुक्तानी गर्नुपर्नेमा करेक्सन फ्याक्टर बेगर सिधै रिजर्भ बैङ्क अफ इन्डियाको मूल्यसूची प्रयोग गरी मूल्यवृद्धि गणना गर्दा ठेक्का नं. १ को २२ औं रनिङ बिलसम्म र ठेक्का नं. २ को ३० औं रनिङ बिलसम्म अमेरिकी डलर ११ लाख ८७ हजारको २०७५ आषाढ मसान्तको विनिमय दर रु.१०९।७७ ले हुने रु.१३ करोड २ लाख ९५ हजार बढी भुक्तानी गरेको असुल गर्नुपर्दछ ।

२०.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(३) मा मूल्य समायोजनको अधिकतम रकम शुरु सम्झौताको २५ प्रतिशतभन्दा बढी नहुने उल्लेख छ । सिक्टा सिँचाइ आयोजना, बाँकेले १७.७ देखि ३५ कि.मि. सम्म मूल नहर निर्माण कार्यको रु.२ अर्ब ११ करोड ७५ लाखको एक अन्तर्राष्ट्रिय ठेक्का १०९५ दिनमा सम्पन्न गर्ने गरी २०६८ पौषमा ठेक्का सम्झौता भएको देखिन्छ । उक्त सम्झौतामा मूल्य समायोजनको अधिकतम सीमा नतोकी माथि उल्लिखित २५ प्रतिशतभन्दा बढी हुने गरी १८ औ रनिङ बिलसम्मको रु.५९ करोड २९ लाख मूल्य समायोजन भुक्तानी दिएकोले रु.६ करोड ३५ लाख २५ हजार बढी भुक्तानी दिएको छ । नियम विपरीत सम्झौता गरी त्यस्तो रकम भुक्तानी दिनु हुँदैन ।

२१. **नहर सञ्चालन नभएको -** प्रगन्ना वड्कापथ सिँचाइ व्यवस्थापन डिभिजनबाट सञ्चालित २०६३ सालमा निर्माण सम्पन्न प्रगन्ना सिँचाइ आयोजनाको कमाण्ड क्षेत्र ५ हजार ८०० हेक्टरमध्ये ६७२ हेक्टर कमाण्ड क्षेत्र भएको १४ कि.मि. लामो नारायणपुर शाखा नहरको लागिसमेत इन्टेक, मूल नहर र संरचनाहरु उक्त समयमै निर्माण गरिए पनि शुरुदेखि नै सो नहरबाट सिँचाइ भएको छैन । यस वर्ष सो कामको लागि सिँचाइ विकास डिभिजन, तुलसीपुरमा रु.२ करोड ५० लाख बजेट विनियोजन गरेकोमा कार्यक्रम संशोधन गरी बजेट फिर्ता गरेको देखियो । सम्भाव्यता अध्ययन गरी आवश्यकता अनुरुप निर्माण र मर्मत सम्भार गरी उक्त नहर सञ्चालन गर्नुपर्दछ ।

२२. **उपभोक्ता समितिबाट निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा गराउदा ध्यान दिनुपर्ने व्यहोरा उल्लेख छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२२.१. उपभोक्ता समितिबाट हेभी मेसिनहरु प्रयोग गरी जटिल काम गराउन नसकिने व्यवस्था छ । उपभोक्ता समितिसँग उपलब्ध पुँजी, प्राविधिक क्षमता र जनशक्तिको विश्लेषण गरी त्यस्ता समितिमार्फत काम गराउनुपर्नेमा सिँचाइ विभागले साना र मझौला सिँचाइ योजनाअन्तर्गतका सिँचाइ योजना स्वीकृत गर्दा उपभोक्ता समितिमार्फत काम गराउने व्यवस्था समावेश गरेकोले उपभोक्ता समितिको सहभागिता अनिवार्य हुन गएको छ । तर उपभोक्ता समितिहरु जटिल निर्माण कार्य गर्न भौतिक, प्राविधिक र अन्य कारणले सक्षम नभएकोले उपभोक्ता समितिबाट कार्य गराउने नीतिमा आवश्यक परिमार्जन गरी जनसहभागिताको काम मात्र उपभोक्ता समितिबाट गराउनुपर्दछ ।

२२.२. उपभोक्ता समितिको क्षमताको आधारमा निर्माण कार्य गराउनुपर्नेमा सुनसरी मोरङ सिँचाइ आयोजनाले नहरको सर्भिस रोडको ग्राभेल, संरचना मर्मत र नहरको माटो झिक्ने काम एक उपभोक्ता समितिबाट २९ पटक गराई रु.६ करोड १५ लाख ९१ हजार भुक्तानी गरेको समेत यस वर्ष १० उपभोक्ता समितिमार्फत १७४ पटक काम गराई रु.३० करोड २८ लाख २८ हजार भुक्तानी गरेको छ । उपभोक्ताले मेसिनको प्रयोग विना गर्न नसकिने ती कामहरु गर्न चाहिने हेभी मेसिनहरु प्रयोग गर्ने सहमति लिएको छैन । उपभोक्ता समितिको क्षमता वाहिरको काम निर्माण व्यवसायी मार्फत गराउनुपर्दछ ।

२२.३. उपभोक्ता समितिबाट मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत रु.१ करोड सम्म लागत अनुमानको काम गराउन सकिने व्यवस्था छ । यस वर्ष मझौला सिँचाइ योजनासमेत ४ कार्यालयहरुले रु.१ करोडभन्दा बढी हुने रु.६ करोड ५८ लाख २५ हजार लागत अनुमानका ६ योजनाहरुको काम बोलपत्र छलेर उपभोक्ता समितिहरुमार्फत गराई रु.५ करोड ७१ लाख ९६ हजार भुक्तानी दिएका छन् । नियम विपरीत काम गराउने अधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

२२.४. उपभोक्ता समितिले आफूले पाएको काम निर्माण व्यवसायीबाट गराउन नहुने र गराएमा उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गर्न सक्ने व्यवस्था भएकोमा भूमिगत जलसिँचाइ विकास डिभिजन, रुपन्देहीका ३ उपभोक्ता समितिले २ निर्माण व्यवसायीबाट डिप ट्युबवेल जडान गर्ने कार्य गराई रु.३३ लाख ४४ हजार भुक्तानी गरेको छ । त्यसैगरी जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन, धनुषाले उपभोक्ता समितिसँग सम्झौता गरेको नदी नियन्त्रणको एक काम निर्माण व्यवसायीमार्फत गराई रु.१० लाख ५७ हजार भुक्तानी दिएकोमा नियमावलीको व्यवस्थाअनुरुप कुनै कारबाही नगरेकोले भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

२२.५. सोही नियमामा उपभोक्ता समितिबाट गराइने कामको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने अवस्थामा कार्यालयको सहमति लिनुपर्ने उल्लेख छ । भूमिगत जलसिँचाइ विकास डिभिजन, लमहीले यस वर्ष उपभोक्ता समितिहरुमार्फत ४१ डिप ट्युबवेल जडान गरी रु.७ करोड ८२ लाख ६९ हजार भुक्तानी दिएकोमा डिप ट्युबवेल जडान गर्न प्रयोग गरिने रिग मेसिनको उपरोक्त व्यवस्थाअनुसार सहमति लिएको छैन । उपभोक्ता समितिसँग यस्तो जटिल कार्य गर्न मेसिन, पुँजी, जनशक्ति र प्राविधिक ज्ञानसमेत नहुने हुँदा उक्त कार्य नियमावलीको व्यवस्था विपरीत देखिन्छ । यस्ता कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्दछ ।

२२.६. सिँचाइ नीति, २०७० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्पन्न सिँचाइ योजनाहरुको दिगो व्यवस्थापन गर्न उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत, सम्भार र सञ्चालन गराउनुपर्ने व्यवस्था छ । सिँचाइ विभाग मातहतका सिँचाइ विकास डिभिजन दाङ, झापासमेत ६ कार्यालय तथा आयोजनाहरुबाट रु.७३ करोड ८७ लाख ३२ हजारमा निर्मित १८२ सिँचाइ आयोजना हस्तान्तरण गरेको छैन । अन्य कार्यालयहरुको पनि यही अवस्था छ । सोही कारणले प्रत्येक वर्ष उपभोक्ता समितिको दायित्वभित्र पर्ने मर्मत सम्भारको काम पनि सिँचाइ कार्यालयहरुले गरिरहेको र यस वर्ष त्यस्तो मर्मत सम्भारमा मात्र रु.१ अर्ब २४ करोड ११ लाख खर्च भएको छ । सिँचाइ प्रणालीहरु निर्माण भए पश्चात उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरी मर्मत सम्भारको खर्च घटाउनुपर्दछ ।

२२.७. डिप ट्युबवेल सिँचाइ योजना कार्यान्वयन निर्देशिका, २०७२ अनुसार डिप ट्युबवेल निर्माण कार्यको लागि पम्प खरिद तथा जडान, विद्युतीकरण र पानी वितरण प्रणाली निर्माणसम्बन्धी कार्यहरु ठेक्काद्वारा गर्नुपर्ने उल्लेख भएकोमा भूमिगत जलसिँचाइ विकास डिभिजन लमहीले रु.९ करोड १ लाख १९ हजारका उपरोक्त कार्यहरु ४५ उपभोक्ता समितिमार्फत गराई खर्च गरेको छ । विभागीय निर्देशिकाको पालना गर्नुपर्दछ ।

२२.८. डिप ट्युबवेल सिँचाइ योजना कार्यान्वयन निर्देशिका, २०७२ अनुसार सूचना प्रवाह, माग सङ्कलन, योजना पहिचान र विस्तृत सम्भाव्यता अध्ययन गरी विभिन्न क्षेत्रका प्रतिनिधि रहेको समितिको सिफारिसमा डिप ट्युबवेल सिँचाइ योजनाहरु छनौट तथा स्वीकृत गर्ने उल्लेख छ । तर भूमिगत जल सिँचाइ विकास डिभिजन, लमहीले ८६ उपभोक्ता समितिमार्फत रु.१४ करोड ९० लाखको डिप ट्युबवेल विकास सम्बन्धी काम जनताको माग तथा उक्त समितिको सिफारिस बेगर छनौट गरेकोले निर्देशिका विपरीत कार्य भएको छ ।

२३. **बढी खर्च -** भूमिगत जल सिँचाइ विकास डिभिजन लमहीले डिप ट्युबवेल सिँचाइ कार्यक्रम तथा समृद्ध तराई मधेस सिँचाइ विकास कार्यक्रमबाट ३ डिप ट्युबवेल सिँचाइ प्रणालीहरुको ट्युवेल जडान तथा पम्प टेष्ट गर्न रु.५५ लाख ५० हजार लागत अनुमानको काम अमानतबाट गराई रु.७७ लाख ५९ हजार खर्च गरेकोले लागत अनुमानभन्दा रु.२२ लाख ९ हजार बढी खर्च गरेको कानुनसम्मत देखिँदैन ।

२४. **ढुङ्गा ढुवानी -** निर्माणस्थलको नजिकमा उपलब्ध निर्माण सामग्रीहरु प्रयोग गर्ने गरी दर विश्लेषण गर्नुपर्नेमा सिंचाइ विकास डिभिजन, तुलसीपुरले प्रगन्ना सिँचाइ योजनाको हेडवर्क्समा निर्माण गरिने ग्याबियन वालको लागि सोही खोलामा रहेका ढुङ्गाहरुको सट्टा १८ कि.मि. टाढाबाट ढुङ्गा ल्याउने गरी दर विश्लेषण गर्दा ढुङ्गा सङ्कलन र लोड अनलोड वाहेक ढुवानीमा मात्र रु.१५ लाख ७२ हजार खर्च गरेको छ । स्थलगत निरीक्षण गर्दा ग्याबियन वाल लगाउन प्रयोग गरेका ढुङ्गा र हेडवर्क्स निर्माण स्थलमा रहेका ढुङ्गा समान प्रकृतिका देखियो । स्थानीय वासिन्दासँग छलफल गर्दा सोही खोलाका ढुङ्गा प्रयोग गरेको समेत जानकारी भएकोले उक्त रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

२५. **आयकर थप** - कर तिर्ने दायित्व भएको करदातासँग सम्झौता गर्दा तिर्नुपर्ने कर थप गरी सम्झौता गर्न मिल्दैन । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, ललितपुरले कम्पोनेन्ट बी को सिँचाइ व्यवस्थापन हस्तान्तरण कार्यको लागि एक परामर्शदातासँग वैदेशिक मुद्राबाट हुने भुक्तानीतर्फ आयकर तिर्न १५ प्रतिशतले हुने अमेरिकी डलर ४५ हजार ४५० समेत थप गरी अमेरिकी डलर ३ लाख ९७ हजार ७८४ मा सम्झौता गरेर मूल्य समायोजन थपसमेत अमेरिकी डलर ४५ हजार ९०१.८० आयकर थप गरी भुक्तानी गरेकोले २०७५ असार मसान्तको विनिमय दर रु.१०९.७७ ले हुन आउने रु. ५० लाख ३९ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

२६. **निर्माणमा ढिलाई** - प्रगन्ना तथा वडकापथ सिँचाइ आयोजना, लमहीले मूल नहर निर्माण गर्न २०७३।२।२३ मा रु.२७ करोड ४३ लाखमा एक निर्माण व्यवसायीसँग सम्झौता गरेको थियो । सम्झौताअनुसार २०७५।२।२२ मा उक्त कार्य सम्पन्न गर्नुपर्नेमा सो अवधिमा रु.१६ करोड २८ लाख ८० हजार भुक्तानी भएको छ । नहरको एलाइनमेन्ट परिवर्तन गर्नु परेको र नहरमा पर्ने घर जग्गाको मुआवजा नदिएको कारण सो नहरको निर्माण कार्य ढिलाई हुन गएकोले सो समस्या समाधान गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२७. **बोलपत्र कागजात र सम्झौता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौताबमोजिमको काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख भए तापनि सम्झौतामा सो विपरीत प्रावधान राखेका कारण सिँचाइ विकास डिभिजन, झापाले ६ सिँचाइ योजनाका निर्माण व्यवसायीलाई रु.१ करोड ९ लाख मूल्य समायोजन भुक्तानी दिएको छ । त्यसैगरी नियम १२४(२) मा त्रुटि सच्याउने अवधि समाप्त भएपछि आधा र आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेपछि आधा धरौटी फिर्ता गर्ने व्यवस्था भएकोमा सम्झौतामा जमानतको आधारमा त्रुटि सच्याउने अवधि अघि नै पूरै धरौटी फिर्ता दिने व्यवस्था गरेको कारण सोही कार्यालयले दुई निर्माण व्यवसायीलाई रु.८५ लाख ७३ हजार धरौटी फिर्ता गरेको छ । ऐन नियमअनुसार खरिद सम्झौता कार्यान्वयन गर्नुपर्दछ ।

२८. **संयुक्त उपक्रम दर्ता -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० (ख) मा दुई वा सोभन्दा बढी व्यक्तिले कुनै निश्चित अवधिका लागि तोकिएको कार्य गर्न खडा गरेको संयुक्त उपक्रम मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने र सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गर्नुपर्ने व्यवस्था छ । सुनसरी मोरङ सिँचाइ योजना, जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय दाङ तथा जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन दाङका ९ संयुक्त उपक्रमहरु तोकिएको अवधिपछि दर्ता खारेज नगरी पुनः सोही फर्मबाट २५ कार्य गराई रु.६५ करोड ६० लाख ६१ हजारको मूल्य अभिवृद्धि कर रु.७ करोड ५४ लाख ७६ हजार भुक्तानी दिएकोले कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ ।

२९. **सामान खरिद** - वार्षिक कार्यक्रमअनुसार सिँचाइ प्रणालीहरुको निर्माण गर्न विनियोजित बजेटबाट ठेक्का व्यवस्था गरी योजनाहरुको निर्माण कार्य गर्नुपर्नेमा ५ सिँचाइ विकास डिभिजनले सिँचाइ आयोजना निर्माण गर्ने बजेटबाट लिफ्ट सिँचाइमा प्रयोग हुने रु.२ करोड ७१ लाख २५ हजारका एच.डी.पी. पाइपलगायतका सामानहरु खरिद गरी मौज्दात राखेका छन् । आर्थिक वर्षभित्र प्रयोग नहुने गरी सामान खरिद गर्न मिल्ने देखिँदैन ।

३०. **डिप ट्युबवेल सञ्चालन** - निर्माण सम्पन्न भएका डिप ट्युबवेलहरु नियमित रुपले सञ्चालन गरी सिँचाइ सुविधा पुऱ्याउनुपर्नेमा भैरहवा लुम्बिनी भूमिगत जलसिँचाइ व्यवस्थापन डिभिजन रुपन्देहीले जल उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरेका १६९ डिप ट्युबवेलमध्ये ४७ डिप ट्युबवेल विद्युत आपूर्ति नभएको, उपभोक्ता समितिहरु निष्क्रिय रहेको, ट्रान्सफर्मर तथा पम्प घर बिग्रिएको कारणले सञ्चालन भएका छैनन् । डिप ट्युबवेल सञ्चालन नहुँदा सिँचाइमा असर पर्ने हुँदा उक्त डिप ट्युबवेल मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्दछ ।

३१. **कार्यसम्पादन जमानत** - सिँचाइ विकास सवडिभिजन, कालिकोटले रु.१ करोड ९१ लाख ६५ हजारको भिग्मा सिँचाइ योजना निर्माण गर्न सम्झौता गरेको काममध्ये रु.५१ लाख १७ हजारको काम नगरेकोले कार्यसम्पादन जमानत रु.२३ लाख ३ हजार रोक्का राख्न पत्राचार गरेकोमा नेपाल बैङ्क लिमिटेड प्युठानले कार्यसम्पादन जमानत नरहेको जवाफ दिएको छ । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

३२. **गैरसरकारी संस्थाबाट कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना, अभिमुखीकरण, सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य मितव्ययी, छिटो, छरितो तथा प्रभावकारी हुने भएमा गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था रहेकोमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, ललितपुरले सो व्यवस्था विपरीत कृषि सहयोग सेवा तथा साना सिँचाइसम्बन्धी प्रविधि स्थापना कार्य ३ गैरसरकारी संस्थाबाट गराई यस वर्ष रु.४ करोड २३ लाख ५७ हजारसमेत रु.७ करोड ७४ लाख ५३ हजारको भुक्तानी दिएको छ । त्यसैगरी जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन, रुपन्देहीले २ गैरसरकारी संस्थाबाट १८ प्याकेजमा नदी नियन्त्रणको कार्य गराई रु.८२ लाख ९४ हजार भक्तानी दिएको अनियमित देखिन्छ ।

३३. **निर्माण क्षति** - सार्वजनिक निर्माणमा संलग्न निकायहरुबीच समन्वय गरी निर्माण कार्य गराउनुपर्नेमा हिल्सा सिमीकोट सडक निर्माण गर्दा २०७४ पौषमा रु.७४ लाखमा कार्य सम्पन्न भएको धारापानी सिँचाइ योजना पुर्ण रुपले क्षति भएको प्रहरी मुचुल्कासमेतबाट देखियो । सिँचाइ योजनामा क्षति पुग्ने गरी सडक निर्माण गरेकोले निर्माण व्यवसायी र सिँचाइ विकास डिभिजनलाई जिम्मेवार बनाउनुपर्दछ ।

३४. **विनियोजन र आवश्यकताभन्दा बढी खर्च** - सिँचाइ प्रणालीहरुको हेडवर्क्स, मूल नहर र शाखा नहरहरुका रेगुलेटिङ गेटहरु मानिसद्वारा खोल्ने र बन्द गरी सिँचाइ प्रणालीहरु सञ्चालन गर्न कमला हर्दिनाथ सिँचाइ व्यवस्थापन डिभिजनको वार्षिक कार्यक्रममा मासिक ज्यालादारी कर्मचारीहरुको पारिश्रमिक भुक्तानी गर्न रु.१ करोड ८० लाख विनियोजन भएकोमा रु.२ करोड ३७ लाख ३५ हजार खर्च गरेको छ । विनियोजित बजेटभन्दा रु.५७ लाख ३५ हजार बढी खर्च गरेको देखियो । एउटा सिँचाइ प्रणालीका गेट सञ्चालन गर्न उक्त संरचनाभन्दा बढी कामदार आवश्यक पर्ने देखिँदैन । कामदारको संख्यात्मक आवश्यकता निर्धारण नगरी उक्त रकम खर्च गरेको छ । पारिश्रमिक वितरण बैङ्कमार्फत गर्नुपर्नेमा सम्बन्धित साइटका प्राविधिकलाई नगदबाट भुक्तानी दिई वितरण गरेकोले यस सम्बन्धमा सुधार गर्नुपर्दछ ।

३५. **पूर्वनिर्धारित क्षतिपूर्ति** - ठेक्का सम्झौताहरुमा भेरियसन आदेश जारी भएमा र उपयुक्त कारण भएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गर्न सकिने तर निर्माण व्यवसायीको कारणले ढिलाई भई कार्यतालिकाअनुसार काम नगरेको कारण ठेक्काको काम तोकिएको अवधिभित्र सम्पन्न नभएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा सम्झौता रकमको १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाई असुल गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन्:

३५.१. सिँचाइ विकास डिभिजन कार्यालय, धनुषा र जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, धनुषाले ११ ठेक्काको रु.३८ करोड ४० लाख १४ हजारको काम निर्माण व्यवसायीहरुले सम्झौताअनुसारको अवधिमा सम्पन्न नगरी ५ पटकसम्म पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको र थपिएको अवधिमा पनि कार्य सम्पन्न नगरेकोले रु.३ करोड ८३ लाख ७३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

३५.२. सिक्टा सिँचाइ आयोजनाले डुण्डुवा खोला नहरको कमाण्ड क्षेत्र संरक्षण गर्न एक निर्माण व्यवसायीसँग रु.६ करोड ७५ लाख ९० हजारमा सम्झौता गरेको देखिन्छ । २०७२ असारसम्म कार्य सम्पन्न गर्नुपर्नेमा २०७४ असारसम्म ३ पटक म्याद थप गरिए पनि ठेक्का सम्पन्न नगरेको र आयोजनाले पेस्की जमानतसमेत जफत गरेको अवस्थामा ठेक्का अङ्कको १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु.६७ लाख ५० हजार असुल गर्नुपर्दछ ।

३५.३. सिँचाइ विकास डिभिजन, रौतहटको भकुवा सिँचाइ आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.६ करोड ९९ लाखमा सम्झौता भएकोमा २०७५ असारसम्म कार्य सम्पन्न गर्नुपर्नेमा २०७५ पौषसम्म पनि कार्य सम्पन्न नगरेको र तत्पश्चात निर्माण व्यवसायी सम्पर्कमा नआएकोले सम्झौताअनुसार रु.४१ लाख ९६ हजार पूर्व निर्धारित क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग

३६. **परामर्श खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) अनुसार कार्यालयको जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । विभागमा ५० जना प्राविधिक जनशक्तिको दरबन्दी रही ३५ दरबन्दी पदपुर्ति भएको अवस्थामा विभागीय जनशक्तिबाट गर्न सकिने नसकिने यकिन नगरी ५४ परामर्शदाताबाट बोलपत्र र सोझै खरिद प्रक्रियाबाट पहिरो र नदी नियन्त्रणको सर्वेक्षण तथा अध्ययनको काम गराई रु.२८ करोड २६ लाख २० हजार भुक्तानी गरेको छ । विगत वर्षहरुमा समेत अध्ययन गराई तयार गरेका प्रतिवेदनहरुको कार्यान्वयन स्थितिको अभिलेख राखेको छैन । विभागबाट प्राप्त विवरणअनुसार पहिरो नियन्त्रण अध्ययनसम्बन्धी १९ प्रतिवेदनमध्ये ८ कार्यान्वयनमा ल्याई ११ प्रतिवेदन मातहत कार्यालयहरुमा पठाएकोमा कार्यान्वयन भए नभएको यकिन छैन । त्यसैगरी जलाधार संरक्षणसम्बन्धी ५ अध्ययन प्रतिवेदनमध्ये १ मात्र कार्यान्वयनमा ल्याएको छ । आवश्यकता पहिचान गरी परामर्शदाता नियुक्ति गर्नुपर्नेमा सोअनुसार गरेको छैन ।

३७. **कार्यक्रम संशोधन** - जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय लमहीले बाढी पहिरो पुनर्निर्माणअन्तर्गत यस वर्ष कार्य सम्पन्न भएका ४ समेत बजेट सुनिश्चित नभएका १८ ठेक्काको लागि रु.१६ करोड ५० लाख ३४ हजार बजेट विनियोजन गरिएकोमा बजेट सुनिश्चितता भएका जनसहभागितामा आधारित नदी नियन्त्रण कार्यक्रमको बजेटबाट समेत रु.३१ करोड ४९ लाख १८ हजार खर्च गरी बजेटभन्दा रु.१४ करोड ९८ लाख ८४ हजार बढी खर्च गरेको छ । यसरी खर्च गर्दा कार्यक्रम संशोधन गरेको छैन । एउटा उद्देश्यले विनियोजित रकम अर्को उद्देश्यमा खर्च गरेको नियम विपरीत देखिन्छ ।

३८. **बढी भुक्तानी -** जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय, झापाले तटबन्ध निर्माणको लागत अनुमान तयार गर्दा जिल्ला दररेटअनुसार प्रति घनमिटर रु.७०।५६ को दरले ढुङ्गाको रोयल्टी समावेश गर्नुपर्नेमा प्रति घनमिटर रु.१४२।८६ को दरले समावेश गरी भुक्तानी दिँदा ३७ उपभोक्ता समितिलाई रु.२० लाख १६ हजार बढी भुक्तानी गरेको तथा जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन झापाले १३ उपभोक्ता समितिलाई रु.३ लाख १३ हजार सोहीअनुरुप बढी भुक्तानी दिएको समेत रु.२३ लाख २९ हजार असुल गर्नुपर्दछ ।

३९. **बढी दरमा खरिद** - मालसामान खरिद गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दरमा खरिद गर्नुपर्नेमा जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, धनुषाले ओभरहेड जोडी प्लाष्टिक बोरा र नाइलन क्रेट सोझै खरिद गरी रु.२४ लाख ९६ हजार बढी भुक्तानी दिएको छ । खरिदमा ओभरहेड समावेश गर्न र जिल्ला दररेटभन्दा बढी दरमा सम्झौता गरी खरिद गर्न नमिल्ने भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

४०. **आपतकालीन नदी नियन्त्रण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिनु पूर्व रीत पुगे नपुगेको चेक जाँच गर्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

४०.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा विकास योजनाको डिजाइन, लागत अनुमान र कार्यक्रम स्वीकृत गराई निकासा आदेश प्राप्त भएपछि मात्र खर्च गर्न सकिने उल्लेख छ । साथै आपतकालीन नदी नियन्त्रण कार्यमा बजेट निकासा दिँदा आपतकालीन परिस्थिति उत्पन्न भएको पुष्ट्याईसमेत गर्नुपर्दछ । जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, लमहीले २०७५ आषाढ १० गते रु.५ लाखदेखि ९० लाखसम्मका ५३ टुक्रा गराई आपतकालीन नदी नियन्त्रण कार्य गर्नको लागि रु.७ करोड ४० लाख निकासा

लिई रु.६ करोड ९० लाख खर्च गरेकोछ । बजेट निकासा हुनु अघि नै लागत अनुमान स्वीकृति र उपभोक्ता समितिसँग सम्झौता गरी करिब ५० प्रतिशत काम गराएको बजेट सिद्धान्तअनुरुप देखिँदैन ।

४०.२. जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन झापाले आपतकालीन नदी नियन्त्रण कार्यको लागि २०७५।३।२६ मा निकासा भएको रु.२ करोड ४७ लाख विस्तृत सम्भाव्यता अध्ययन बेगर स्थानीय मागअनुसारको स्थानमा काम गराई खर्च गरेको देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ अनुसार कार्यक्रम तथा बजेट स्वीकृति र निकासा पश्चात काम गराउनुपर्नेमा उक्त रकमको काम बजेट निकासा र कार्यक्रम स्वीकृति हुनु अघि गराइ बजेट निकासा भएपछि भुक्तानी दिएको छ । त्यसैगरी भद्रपुर १० स्थित देवनीया खोलामा आपतकालीन अवस्था बेगर रु.३० लाख निकासा तथा खर्च गरेको छ । उक्त खर्च चियाबारीको संरक्षणको लागि मात्र भएको देखिँदा जोखिमयुक्त क्षेत्रको प्राथमिकीकरण गरी नदी नियन्त्रण कार्य गर्नुपर्दछ

४०.३. दमक नगरपालिकाको शिखरटोलस्थित दिपेनी कल्भर्टको पूर्वबाट उत्तर दक्षिण नदी नियन्त्रण गर्न दुई स्थानमा २.१० मिटर अग्लो काउण्टरफोर्ट आरसिसि रिटेनिङ वाल र ग्याबियन वाल निर्माण गरी रु.६४ लाख खर्च गरेको छ । वर्षाको पानी निकास हुने उक्त खोलामा ग्याबियन वाल नै पर्याप्त भएकोमा आरसीसी वाल निर्माण गरेकोले आवश्यकता पुष्टि हुनसक्ने देखिएन ।

४१. **उद्देश्य विपरीत खर्च** -जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजनहरु बाढी पहिरो नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले स्थापना गरिएका छन् । जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन दोलखाले उक्त उद्देश्य विपरीत अगेरी पाखो खेल मैदान बनाउने र पोखरी निर्माण गर्ने कार्यमा रु.६ करोड २९ लाख १ हजार खर्च गरेको नियमित देखिएन ।

४२. **कार्यक्रम संशोधन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ अनुसार तालुक मन्त्रालयको स्वीकृति लिई कार्यक्रम संशोधन गर्नुपर्नेमा जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय झापाले मन्त्रालयको स्वीकृति बेगर खर्च गरेपछि जल उत्पन्न प्रकोप व्यवस्थापन विभागबाट समर्थन प्राप्त गरी रतुवा मावा नदी नियन्त्रण कार्यक्रममा रु.१ करोड ८८ लाख ९५ हजार खर्च गरेको छ । अधिकार बेगर खर्च समर्थन गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४३. **विस्तृत परियोजना** - ड्रइङ, डिजाइन र लागत अनुमानसहितको विस्तृत परियोजना तयार गरी तटबन्ध निर्माण तथा नदी नियन्त्रणको कार्य गर्नुपर्नेमा सो तयार नगरी जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय झापा, जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कैलालीलगायत ४ कार्यालयले रु.२ अर्ब ९० करोड ४३ लाख खर्च गरेको नियमित देखिएन ।

४४. **नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा नेपाल सरकारबाट स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सोअनुरुप २०४६ सालमा संशोधित सिँचाइसम्बन्धी नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा महाकाली नदी नियन्त्रण आयोजनाले सडक विभागका महानिर्देशकबाट २०६५ सालमा स्वीकृत भएको नर्म्सअनुसार लागत अनुमान तयार गरेको छ । यो नर्म्स तयार गर्दा सिँचाइको नर्म्सको तुलनामा ढुङ्गाको गारो लगाउने, फलामे डण्डी काट्ने मोढ्ने र कंक्रिटको काममा रु.२ करोड १२ लाख ९५ हजार बढीको लागत अनुमान तयार गरी ठेक्का कार्यान्वयन गरेको छ । सिँचाइ कार्यक्रममा सडकको नर्म्स प्रयोग गर्दा पर्न गएको थप व्ययभार यकिन गर्नुपर्दछ ।

४५. **पर्खाल पुनः निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधिसम्म निर्माण कार्यको बीमा गर्नुपर्ने व्यवस्था छ । जल उत्पन्न प्रकोप सवडिभिजन कार्यालय, बाग्लुङले बेनी बजार संरक्षणको लागि रु.५ करोड ८ लाख ३२ हजारमा ३८० मिटर आरसीसी क्यान्टी लिभर टेवा पर्खाल निर्माण गर्न एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा सम्पन्न भएको रु.२ करोड २३ लाख १६ हजारको टेवा पर्खालमध्ये ९७.४ मिटर पर्खाल २०७५ भाद्रमा कालीगण्डकी नदीमा आएको बाढीबाट क्षति ग्रस्त भएको र विभागीय मूल्याङ्कनमा रु.१ करोड १४ लाख ८३ हजारको क्षति भएको देखिएको छ । निर्माण कार्यको बीमा प्रिमियम रु.१ लाख ५५ हजार भुक्तानी दिएको छ । निर्माण व्यवसायीले बीमा कम्पनीबाट क्षतिपूर्ति लिई पर्खाल पुनः निर्माण गरेको छैन । कार्यालयले निर्माण व्यवसायीलाई पत्राचार र पत्रिकामा सूचना प्रकाशन गर्ने बाहेक अन्य कारबाही गरेको छैन । बीमा अवधि २०७६।३।२४ सम्म बाँकी रहेकोले निर्माण व्यवसायीलाई कारबाही गरी पुनः निर्माण नगराउने कार्यालय प्रमुखलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

त्रुटि सच्याउने अवधि २०७५।७।३० सम्म भएको सोही स्थानको रु.७० लाख २३ हजारमा निर्मित अर्को एक ६४.४ मिटर रिटेनिङ पर्खाल पनि सोही बाढीबाट क्षति भएकोमा पुनः निर्माण गराएको देखिएन । यस्तो अवस्थामा सम्झौताअनुसार राखेको धरौटी र कार्य सम्पादन जमानत रु.१३ लाख २९ हजार जफत गर्न सकिनेमा गरेको छैन । नियमानुसार सम्बन्धित निर्माण व्यवसायीबाट पर्खाल पुनः निर्माण गराउनुपर्दछ ।

४६. **लागत अनुमान स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा जिल्ला दररेटअनुसार निर्माण सामग्री, उपकरण, कामदारलगायतको दरअनुसार निर्धारण गर्नुपर्ने उल्लेख छ । जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन, मोरङले जिल्ला दररेटअनुसार लागत अनुमान तयार गरेपछि कारण उल्लेख नगरी पुनः मानिसबाट २० मिटरदेखि ४५ मिटरसम्म ढुवानी लागत थप गरी १२ ठेक्काको लागत अनुमान तयार गर्दा रु.२ करोड ८२ लाख ९२ हजार बढीको लागत अनुमान स्वीकृत गरेको छ ।

विद्युत विकास विभाग

४७. **न्यून प्रगति -** विभागअन्तर्गत यो वर्ष जलविद्युत आयोजनाको अध्ययन, मापदण्ड निर्धारण, रोयल्टी व्यवस्थापन, विद्युत महसुल निर्धारण, विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धनलगायतका कार्य गर्नको लागि रु.१ अर्ब ८३ करोड ९९ लाख विनियोजन भएकोमा २३.७९ प्रतिशतमात्र खर्च गरेको छ । त्यसमध्ये जलविद्युत आयोजना अध्ययन गर्नको लागि विनियोजित रु.८३ करोड १४ लाखमध्ये ३०.९७ प्रतिशत खर्च गरेको देखियो । लक्ष्यअनुसार खर्च गरी प्रगति हासिल गर्नुपर्दछ ।

४८. **रोयल्टी -** विद्युत ऐन, २०४९ को दफा ११(१) मा अनुमति प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको पन्ध्र वर्षसम्म जडित प्रति किलोवाट वार्षिक एक सय रुपैयाँ र प्रति किलोवाट घण्टा सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने उल्लेख छ । नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदनअनुसार ३० मेगावाटको चमेलिया जलविद्युत केन्द्रबाट २०७४ माघदेखि २०७५ आषाढसम्म उत्पादित विद्युतको सरदर बिक्री मूल्य रु.५।४१ ले हुने रु.२८ करोड ३८ लाख ६ हजारको २ प्रतिशतले हुने रु.५६ लाख ७६ हजार र ३० मेगावाटको जडित क्षमताको रोयल्टी रु.३० लाखसमेत रु.८६ लाख ७६ हजार रोयल्टी असुल गरेको छैन । समयमै रोयल्टी असुल गर्नुपर्दछ ।

४९. **बक्यौता रोयल्टी -** रोयल्टी उठाउने सम्बन्धी कार्यविधिमा जडित क्षमता अनुसारको रोयल्टी प्रत्येक वर्षको भाद्र १ गते र ऊर्जा रोयल्टी वर्षको ३ पटक बुझाउनुपर्ने उल्लेख छ । विभागबाट प्राप्त रोयल्टी विवरणमा यो वर्ष उठ्नुपर्ने रु.२ अर्ब ८१ करोड ६५ लाख रोयल्टीमध्ये प्रारम्भिक प्रतिवेदन जारी भएपश्चात् रु.२ अर्ब ७६ करोड ८६ लाख असुल भई रु.४ करोड ७९ लाख रोयल्टी असुल हुन बाँकी देखिन्छ । कार्यविधिले निर्धारण गरेको समय तालिकाअनुसार रोयल्टी असुल गर्नुपर्दछ ।

५०. **अनुमतिपत्रको अनुगमन -** विद्युत नियमावली, २०५० को नियम २१(१) मा अनुमति प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लिखित कार्य अनुमति प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा ३ महिनाभित्र र उत्पादन, प्रसारण वा वितरणको हकमा १ वर्षभित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी विभागलाई दिनुपर्ने र उप नियम २ मा कार्य शुरु भएपछि सो कार्य सम्पन्न नभएसम्म प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण विभागलाई दिनुपर्ने उल्लेख छ । विभागले २०७५ असारसम्म २८ हजार २३७ मेगावाट क्षमताका ६९० जलविद्युत प्रवर्द्धकलाई सर्वेक्षण, उत्पादन र सञ्चालन अनुमतिपत्र प्रदान गरेकोमा सोको कार्यान्वयनको अनुगमन गर्ने र अभिलेख राख्ने कार्य नगरेकाले प्रगति मूल्याङ्कन हुनसक्ने देखिएन ।

जल तथा मौसम विज्ञान विभाग

५१. **परामर्श खर्च** - जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाको कुल खर्च रु.१ अर्ब ६ करोड ५३ लाख रहेकोमा प्रणाली डिजाइन अनुगमन गर्ने परामर्शदातालाई यो वर्षको रु.९ करोड १२ लाख ६५ हजारसमेत हालसम्म रु.२३ करोड ५३ लाख ५७ हजार भुक्तानी दिएको छ । आयोजना अवधि २०७५ मंसिरसम्म रहेकोमा २०७५ आषाढसम्म ५६ प्रतिशतमात्र प्रगति भएकोमा परामर्शदातालाई कुल खर्चको २२ प्रतिशत भुक्तानी भएको छ । सन्तोषजनक काम नभएको अवस्थामा परामर्श सेवामा खर्च बढ्ने देखिएकोले सम्बन्धित निकायले यसमा ध्यान दिई यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

५२. **सामानको भुक्तानी -** सरफेस मेटेरोलोजिकल नेटवर्क उपकरण खरिद गरी जडान गर्ने कार्यको सम्झौताको पहिलो किस्तामा ७० प्रतिशत र जडानपछि ३० प्रतिशत भुक्तानी गर्ने उल्लेख छ । विभिन्न ८८ स्थानका मौसम मापन केन्द्रमा उपकरण खरिद तथा जडान गर्न पहिलो किस्ता रु.२३ करोड ९५ लाख ९५ हजार भुक्तानी गरेको छ । भिजिबिलिटी एण्ड प्रिसेन्ट वेदर सामान २६ खरिद भएकोमा २५ मात्र प्राप्त भएकोले नपुग १ को रु.११ लाख २५ हजार र २८ लोकल डिस्प्लेको सट्टा सफ्टवेयर प्राप्त भएकोले सम्झौता अनुसारको सामान जडान गर्न लगाई सम्झौता विपरीत प्राप्त सामानको भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

५३. **खरिद सम्झौतामा संशोधन -** आयोजनाको विस्तृत प्रारुप तयारी तथा आधुनिकीकरणको लागि एक परामर्शदातासँग २०७१ आषाढमा रु.२३ करोड ७९ लाख ९२ हजारमा सम्झौता भएको थियो । सम्झौता अनुसार वेदर राडर स्थापना गर्ने उपकरण खरिदको सम्झौता भएपछि परामर्शदातालाई दोस्रो किस्ताको २० प्रतिशत रकम भुक्तानी दिनुपर्नेमा त्यस अघि नै रु.४ करोड १३ लाख २१ हजार भुक्तानी दिएको व्यहोरा गत वर्ष औँल्याइएकोमा यस वर्ष भुक्तानी कार्यतालिका परिवर्तन र ५ महिना अवधि थप गरी सम्झौता संशोधन गरी उक्त अनियमित भुक्तानीलाई वैधानिकता दिएको छ । सम्झौता संशोधनपछि मात्र लागू गर्नुपर्नेमा त्यस विपरीत काम गर्ने पदाधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

सिक्टा सिँचाइ आयोजना

बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले रु.७ अर्ब ४४ करोडको लागत अनुमानमा २०५९।६० मा आयोजना स्थापना भएकोमा हाल संसोधित लागत अनुमान रु.२५ अर्ब २ करोड र सम्पन्न हुने अवधि २०७६।७७ कायम गरेको छ । २०७४।७५ सम्म रु.१४ अर्ब ४७ करोड खर्च भई ५७ प्रतिशत भौतिक प्रगति भएको छ । बाँकी रहेको २ वर्षमा ४३ प्रतिशत प्रगति गरी आयोजना सम्पन्न गर्न सक्ने देखिँदैन । डुण्डुवा शाखा नहर निर्माणको हालसम्मको प्रगति ६ प्रतिशत र बायाँ ५३.५० कि.मि. मूल नहरको हालसम्मको प्रगति ५ प्रतिशत भएको देखिन्छ । बायाँ १४५ कि.मि. शाखा नहर निर्माणको काम शुरु भएको छैन ।

५४. **मूल नहरमा क्षति** - पश्चिमतर्फको मुल नहर भत्किएर भएको क्षति छानबिन गर्न मन्त्रालयबाट गठित समितिले पेस गरेको प्रतिवेदनमा नहरको १७ देखि ३५ किलोमिटर खण्डमा केही स्थानमा तटबन्ध भत्केको, निर्मित सवैजसो एक्विडक्टहरुका विङ्ग वालहरुको लम्वाइ र उचाई कम भई पानी लिकेज भएको, नहरको वेड फुटेको, सर्भिस रोड भत्किनुका साथै खाल्डाखुल्डी परेको, नहरको स्लोप फुटेको र नहर लाइनिङ गर्न प्रयोग गरिएका स्ल्यावहरुमा क्षति भएको देखियो । ठेक्का सम्झौताको भाग २ को स्पेसिफिकेसनको दफा ३.२.६ र परामर्शदाता सँग भएको सम्झौताअनुसार नहर निर्माण गर्दा प्रयोग गरिएको माटोको गुणस्तर परीक्षण गर्ने कर्तव्य परामर्शदाता, निर्माण व्यवसायी र आयोजना प्रमुखको भए पनि सम्झौताअनुसार माटोको लिक्विड लिमिट, प्लाष्टिक लिमिट र ग्रेन साइजको परीक्षण गरेको देखिएन ।

नहरको सो खण्डको हस्तान्तरण पश्चात निर्माण व्यवसायीले त्रुटि सच्चाउने अवधिमा गर्नुपर्ने ६६ प्रकारका कामहरु गरेको छैन । शुरुको त्रुटि सच्याउने अवधि १ वर्षभित्र निर्माण व्यवसायीले त्रुटि नसच्याएको र त्रुटि सच्याउने अवधिसमेत थप गरेको देखिएन । एजविल्ट नक्साअनुसार काम भए नभएको परीक्षण गर्न गठित तीन समितिले काम नगरेको, आयोजना प्रमुखहरुको पटक पटक सरुवा भई योजना कार्यान्वयनमा प्रभावकारिता नआएको र पुराना ठेक्काहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुको सट्टा थप नयाँ ठेक्काहरु लगाएको देखियो । सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायी, आयोजना प्रमुख र परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

५५. **अधुरो ठेक्का -** डुण्डुवा नहरको हेड वर्क्स मुख्य र शाखा नहर सुधार गर्न एक निर्माण व्यवसायीसँग रु.९८ करोड ८१ लाखमा २०७५।७१ सम्म सम्पन्न गर्ने गरी २०७३।३।६ मा सम्झौता भएकोमा २०७४ आषाढसम्म मूल्य समायोजनसहित रु.१ करोड ४० लाख (६.९ प्रतिशत) भुक्तानी भएको छ । सम्झौताअनुसार गर्नुपर्ने बाँकी काम नगरी ठेक्काको म्याद सकिएकोमा रु.८ करोड ३२ लाख ७४ हजार पेस्की फछ्यौंट गर्नुपर्नेमा गरेको देखिएन । उक्त ठेक्का २०७५ कार्तिकमा तोडी कालोसूचीमा राख्न सिफारिस गरेपछि कार्य सम्पादन जमानतबापतको रु.९ करोड ९० लाख आयोजनाको खातामा जम्मा गरी दिन प्राइम कमर्सियल बैङ्क नयाँ सडक काठमाडौंलाई पत्राचार गरेकोमा लेखापरीक्षण अवधि २०७५।८।३० सम्म पनि जम्मा गरेको छैन ।

जमानतको शर्त अनुसार रकम फिर्ता नगर्ने बैङ्कलाई कारबाही गरी जमानत फिर्ता गराउनुपर्ने देखिनुका साथै सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीलाई समेत कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

५६. **त्रुटि सच्याउने कार्यको लागि ठेक्का** - मूलनहरको शुरुदेखि ३५ कि.मि.सम्म नहर तथा संरचना मर्मत सुधार गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ७८ लाख ६ हजारमा २०७५ जेठ ४ सम्म कार्य सम्पन्न गर्ने गरी २०७३।३।६ मा ठेक्का सम्झौता भएको देखिन्छ । उक्त नहरको १७.७ देखि ३५ कि.मि. भित्र पर्ने अर्को एक निर्माण व्यवसायीको त्रुटि सच्याउने अवधिको जिम्मेवारीभित्र पर्ने कामसमेत यस ठेक्काबाट गराएको छ । यसको छानबिन गरी दोहोरो काम गराउने जिम्मेवार व्यक्तिलाई कारबाही गर्नुपर्दछ ।

रानी जमरा कुलरीया सिँचाइ आयोजना

कैलाली जिल्लाको ३८ हजार ३०० हेक्टर जग्गामा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले इन्टेक निर्माण, मुल नहर व्यवस्थापन र कमाण्ड क्षेत्र विकास गर्न २०६६ मा आयोजनाको स्थापना भएको हो । आयोजनाको शुरु लागत रु.१२ अर्ब ३७ करोड ७५ लाख रहेकोमा संशोधित लागत अनुमान रु.२७ अर्ब ७० करोड २४ लाख पुगेको छ । २०७४।७५ सम्म रु.१० अर्ब ४७ करोड खर्च भइ ६५ प्रतिशत समय व्यतीत हुँदासम्म समग्र प्रगति ४० प्रतिशत भएको छ । यो वर्ष इन्टेक र संरचना निर्माण गर्न रु.९ करोड ५० लाख बजेट विनियोजन गरेकोमा निर्माण व्यवसायी छनोट भए पनि निर्माण कार्य शुरु गरेको छैन । त्यसैगरी लम्की शाखा नहर विस्तार गर्न रु.८ करोड ७ लाख बजेट विनियोजन गरेकोमा रुख कटान गर्ने कार्यमा ढिलाइ भई नहर बनाउने काम यो वर्ष शुरु भएको छैन । भवन निर्माण, जलविद्युत गृह निर्माण, पथरैयादेखि कान्द्रा खोलासम्म शाखा नहर निर्माण, सिँचित क्षेत्र संरक्षण, फिडर नहर लाइनिङका कामहरुको पनि लक्ष्यअनुसार प्रगति गरेको छैन ।

५७. **अधुरा ठेक्का** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (१) (ख) अनुसार निर्माण व्यवसायीले थपिएको म्यादभित्र कार्यतालिकाबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ । ड्रेन इनलेट संरचना तथा नदी नियन्त्रण सम्बन्धी काम १५ महिनाभित्र गर्न रु.१४ करोड ९ लाखमा एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा १२ महिना म्याद थप गर्दा पनि ४० प्रतिशतमात्र प्रगति गरेको छ । त्यस्तै कमान्ड एरिया संरक्षण कार्यको रु.३ करोड ५५ लाखको एक ठेक्काको म्याद २०७४।२।३० सम्म थप भए पनि ३९ प्रतिशत प्रगति भएको छ । निर्माण व्यवसायीको कारणबाट ढिलाई भएकोले सम्झौताअनुसार पुर्व निर्धारित क्षतिपूर्ति लगाउने, बैङ्क जमानत जफत गर्ने जस्ता कारबाही गरी निर्माण कार्य पूरा गराउनुपर्दछ ।

५८. **पूर्व तयारी बेगर ठेक्का -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ अनुसार मुआवजा वितरण लगायत पूर्व तयारीका कार्यहरु सम्पन्न भएपछि निर्माण कार्यको ठेक्का लगाउनुपर्नेमा ती कार्यहरु नगरी आयोजनाले लम्की शाखा नहर निर्माण गर्न रु.१ अर्ब ७१ करोड ७९ लाखमा २०७३।४।२३ मा २३ महिनाभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेकोमा २०७५ आषाढसम्म १८ प्रतिशत मात्र प्रगति भएको र तत्पश्चात म्याद थप भएको छैन । पूर्व तयारीका काम सम्पन्न गरेपछि मात्र ठेक्का व्यवस्था गर्नुपर्दछ ।

५९. **सवारीसाधन भाडा -** सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयअनुसार निर्माण कार्यको ठेक्कामा गाडी भाडा राखी भुक्तानी गर्न नमिल्नेमा यस आयोजनाले २ निर्माण व्यवसायीको ठेक्कामा गाडी भाडा राखी रु.९३ लाख ९९ हजार भुक्तानी गरेको अनियमित देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६०. **डिजाइन परिवर्तन -** सार्वजनिक निर्माण कार्यको शुरु वा परिवर्तित डिजाइन स्वीकृति पश्चात् निर्माण कार्य गराउनुपर्दछ । यस आयोजनाको लम्की शाखा नहर निर्माण कार्य रु.१ अर्ब ७१ करोड ७९ लाखको ठेक्का अन्तर्गत महेन्द्र राजमार्गमा पर्ने दुई लेनको चौडा क्रसिङको सट्टा ४ लेनको क्रसिङ निर्माण भइरहेको स्थलगत निरीक्षणबाट देखिएकोमा डिजाइन परिवर्तन बेगर निर्माण कार्य गराएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

भेरी नदीमा बाँध बनाई १२ कि.मि. लामो सुरुङमार्फत आउने पानीबाट ४८ मेगावाट विद्युत उत्पादन गर्ने र भेरी नदीको पानी बबई नदीमा मिसाई बाँके र बर्दियाको ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा प्रदान गर्ने उद्देश्यले रु.१६ अर्ब ४३ करोडको लागतमा २०६८।६९ मा आयोजना शुरु भएको हो । बाँध र विद्युतगृह निर्माणसमेत रु.३३ अर्ब ६१ करोड ११ लाख संशोधित लागत अनुमान तयार गरी २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनामा २०७४।७५ सम्म रु.६ अर्ब ९८ करोड ७ लाख खर्च भएको छ ।

६१. **समग्र प्रगति** - हालसम्म १२ कि.मि.लामो सुरुङ खन्ने काम सम्पन्न भएको छ । हेडवर्क्स र हाइड्रोपावरको डिजाइन तथा लागत अनुमान स्वीकृति गर्ने कार्य भएको छैन । सबै काम समन्वयात्मक रुपले एकैसाथ अघि नबढाएकोले लक्ष्यअनुसारको उपलब्धि तोकिएको समयमा सम्पन्न हुने अवस्था देखिँदैन ।

६२. **प्रतिफल विश्लेषण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय र प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेत विचार गरी आयोजना स्वीकृत गर्नुपर्दछ । आयोजनाले सुरुङमार्फत भेरी नदीको पानी बबई नदीमा खसाली ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेको छ । त्यसमध्ये बबई सिँचाइ प्रणालीबाट हालको लक्ष्यअनुसार ३६ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य छ । थप हुने १५ हजार हेक्टरको लागि सिँचाइ प्रणाली निर्माण गर्न विस्तृत सम्भाव्यता अध्ययन गरेको छैन । यस आयोजना बबई र सिक्टा सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी डिजाइन भएकोमा आयोजनाबाट प्राप्त हुने प्रतिफलको दोहोरो गणना भए नभएको सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

६३. **विस्तृत सर्वेक्षण प्रतिवेदन -** आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम २२(१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा आर्थिक, प्राविधिक तथा वातवरणीय आधारमा सम्भाव्यता अध्ययन गरी बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ । आयोजनाको प्रभावित क्षेत्र भेरी कोरिडोरको सम्भाव्यता अध्ययनलगायत विस्तृत सर्वेक्षण प्रतिवेदन तयार गर्न २०७४।३।५ मा सम्झौता भएकोमा दोस्रो पटक २०७५।५।५ सम्म म्याद थप हुँदा समेत अन्तिम प्रतिवेदन तयार भएको छैन । उक्त प्रतिवेदन तयार नहुँदै भेरी कोरिडोरतर्फ भेरी नदी आसपासको क्षेत्रमा सिँचाइ पूर्वाधार विकास, सोलार तथा विद्युतीय लिफ्ट सिँचाइ र कुलो निमार्णमा रु.१९ करोड ६३ लाख खर्च भएको छ । कानुनी व्यवस्था पालना नगरी निमार्ण कार्यमा खर्च गर्नु उपयुक्त देखिएन ।

६४. **इन्जिनियरिङ सुविधा** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटमहरुमात्र समावेश गर्नुपर्ने र २०६९।९।२ पछि ठेक्का सम्झौता गर्दा निर्माण कार्यसँग असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न सार्वजनिक लेखा समितिले निर्देश गरेको छ । सुरुङ निर्माणको बिलअफ क्वान्टिटीमा वेश स्टेशन निर्माण, पिकअप र मोटरसाइकल खरिद, कम्प्युटर, ल्यापटप खरिद, अफिस क्वार्टर निमार्णलगायत रु.१३ करोड ६३ लाख ३६ हजारको काम समावेश गरी २०७४।७५ सम्म रु.४ करोड २ लाख ९४ हजार भुक्तानी गरेको छ । सार्वजनिक लेखा समितिको निर्णय र नियमको व्यवस्था पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

६५. **बीमा भुक्तानी** - सुरुङ निर्माण कार्यको ठेक्का सम्झौतामा निर्माण व्यवसायीले निर्माण सामग्री, मेसिन औजार र तेस्रो पक्ष कामदारको बीमा गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अन्तर्गत सम्झौताको बिल अफ क्वान्टिटीको प्रोभिजनल सममा उपकरण, काम र दुर्घटनाको बीमा गर्न रु.३ करोड ५ लाख छुट्याएकोमा रु.५ करोड ६ लाख खर्च गरी रु.२ करोड १ लाख बढी खर्च गरेको छ । यस सम्बन्धमा सिँचाइ विभागका उपमहानिर्देशकको संयोजकत्वमा गठित समितिले पनि बढी बीमा रकम भुक्तानी दिन नमिल्ने उल्लेख गरे तापनि उक्त रकम भुक्तानी दिएको छ । यस सम्बन्धमा खर्च गर्ने अधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

बबई सिँचाइ आयोजना

वर्दिया जिल्लाको ३६ हजार हेक्टर जग्गामा सिँचाइ गर्ने लक्ष्य रहेको यस योजनाको अध्ययन २०२४ सालमा शुरु भई २०४५।४६ देखि प्रथम चरणको निर्माण कार्य शुरु भएको देखिन्छ । चौथो संशोधित लागत अनुमान रु.१२ अर्ब ५६ करोड ३३ लाख र सम्पन्न गर्नुपर्ने समय २०७८।७९ रहेको छ । योजनाले २०७५ आषाढसम्म रु.६ अर्ब ३३ करोड २१ लाख खर्च गरी ५९.५१ प्रतिशत भौतिक प्रगति देखाएको छ । यस योजनाको मूल नहरको अतिरिक्त धेरै संख्यामा शाखा र प्रशाखा नहरहरु निर्माण गर्ने कार्य बाँकी रहेको र कमाण्ड एरियाको विस्तृत सर्वेक्षण पनि नभएको स्थिति देखिन्छ । भेरी बबई बहुउद्देश्यीय डाइभर्सन सिँचाइ आयोजनाको ४० क्यु.मेक पानी प्राप्त गरी सिँचाइ गर्ने यो आयोजना र उक्त आयोजनाको प्रगतिबीच तालमेलसमेत देखिएन । सिँचाइ विभागले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।

६६. **बाली सघनता -** सिँचित जग्गामा एक वर्षमा ३ खेती गरिने आधारमा आन्तरिक प्रतिफल दर गणना गरी योजना स्वीकृत गरेको देखिन्छ । विश्व बैङ्कले २०३७ मा तयार गरेको एक प्रतिवेदनमा आयोजनाको निर्माण कार्य शुरु हुनु अगाडि कमाण्ड क्षेत्रको बाली सघनताको स्थिति ३०० प्रतिशतमध्ये १२९ प्रतिशत रहेकोमा योजना कार्यान्वयन

क्रममा २०७५ मा गरेको अर्को अध्ययनमा बाली सघनता औसत १४९.०८ प्रतिशत रहेको देखियो । २०५० मा ५.५ कि.मि. पूर्वी नहरको निर्माण सम्पन्न भई सिँचाई सुविधा उपलब्ध भएको अवस्थाको तुलनामा २५ वर्षको अवधिमा पनि बाली सघनताको स्थितिमा उल्लेख्य सुधार भएको देखिएन । बाली सघनताको वृद्धिबेगर सिँचाइ क्षेत्रमा गरेको लगानीको खास अर्थ नरहने हुँदा सिँचाइ प्रणालीहरुको विकासको साथै बाली सघनतामा वृद्धि गरी कृषि उत्पादन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

६७. **निर्माण स्थलको तयारी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । यस आयोजनाले पश्चिम मूल नहरको एक खण्ड र एक शाखा नहरको एक खण्डमा जग्गाको मुआवजा वितरण नगरी २०७४।३।१५ भित्र सम्पन्न गर्ने गरी २०७२ असारमा रु.५२ करोड ३३ लाख ९४ हजारमा एक ठेक्का सम्झौता गरेको कारण हालसम्म ३८ प्रतिशतमात्र वित्तीय प्रगति भएको देखिन्छ । उल्लिखित नियम र विकास प्रक्रियाका चरणहरुको पालना गरी आयोजना व्यवस्थापन गर्नुपर्दछ ।

सुनसरी मोरङ सिँचाइ आयोजना

आयोजनाको क्षमता विस्तार गरी सुनसरी र मोरङको ६८ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने आयोजनाको काम २०५३।५४ मा सम्पन्न भई हाल यो आयोजना मर्मत, सम्भार र सञ्चालनमा रहेको छ । उक्त कमाण्ड क्षेत्रमध्ये सुखसेना शाखा, सुन्दरगुन्दर उपशाखा र हुरहरिया, बरियाती नयाँपटी, आमझोडा, रञ्जनी, चिसाङ र झमनपुर क्षेत्रको २७ हजार २६५ हेक्टर र अन्य शाखाको अन्तिम भागमा पर्ने १ हजार ६८५ हेक्टर समेत २८ हजार ९५० हेक्टर जग्गामा आंशिक रुपमा मात्र सिँचाइ सुविधा पुगेकोले आयोजनाले लक्ष्यअनुसार सिँचाइ सुविधा उपलब्ध गराउन सकेको छैन ।

६८. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दा पुर्वानुमान गर्न नसकिने कामको लागि प्राविधिक पुष्ट्याईसहित डिजाइन परिवर्तनसमेत गरी भेरिएसन गर्न सकिने व्यवस्था छ । आयोजनाले चतरा मूल नहरको १४.६३० कि.मि. सर्भिस सडक बाटरवण्ड मेकाडम प्रविधिबाट मर्मत तथा विस्तार गर्न रु.७ करोड २५ लाख ५५ हजारमा ठेक्का सम्झौता गरेकोमा काम शुरु नगर्दै बाटरवण्ड मेकाडमको सट्टा १ मिटर चौडा किनारा र २ मिटर ग्राभेल सडक थप गरी ग्राभेल सडक निर्माण गर्न भेरिएसन स्वीकृत गरी सम्झौतामा वाटरवण्ड मेकाडमको लागि बिल अफ क्वान्टिटिमा छुट्याइएको रु.२ करोड ८८ लाख ६१ हजारबाट ग्राभेलको काम गरी २०७४।७५ सम्म रु.२ करोड ८० लाख ८१ हजार भुक्तानी भएको छ । सडकको प्रकृति नै परिवर्तन गर्नुपर्ने र सडकको केही खण्डमात्र थप चौडा बनाउनुपर्ने प्राविधिक पुष्ट्याइ बेगर भेरिएसन गरेको छ । भेरिएसन गर्नुपर्नाको आवश्यकता र पर्याप्त प्राविधिक पुष्ट्याइँ गर्नुपर्दछ ।

बुढीगण्डकी जलविद्युत आयोजना

वर्षादको पानी भण्डारण गरी १ हजार २०० मेगावाट विद्युत उत्पादन गरी देशको आर्थिक तथा सामाजिक विकासमा सकारात्मक योगदान पुऱ्याउने उद्देश्यले २०६९।७० मा यस आयोजनाको स्थापना भएको हो । आयोजनाको काम २०८२।८३ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा मुआवजा वितरण बाहेक अन्य काम भएको छैन । आयोजनाको कुल लागत रु.२ खर्व ६० अर्ब रहेकोमा २०७४।७५ सम्म रु.२६ अर्ब ४१ करोड ३७ लाख खर्च भई भौतिक प्रगति ९.९५ प्रतिशत र वित्तीय प्रगति १० प्रतिशत भएको देखिन्छ ।

६९. **खरिद प्रक्रिया** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा सम्भव भएसम्म खुल्ला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा विना भेदभाव सहभागी हुने अवसर प्रदान गर्नुपर्ने उल्लेख छ । कम्पनी मोडेलमार्फत यो आयोजना विकास तथा निर्माण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७४।१।७ मा निर्णय भएको देखिन्छ । पुनः २०७४।२।२१ मा चीनको एक कम्पनीसँग इन्जिनियरिङ, प्रोक्योरमेन्ट, कन्स्ट्रक्सन एण्ड फाइनान्सिङ मोडेलमा आयोजना निर्माण गर्न गरेको समझदारीपत्र नेपाल सरकारको २०७४।८।८ को निर्णयले खारेज गरेकोमा सोही कम्पनीले सोही मोडेलमा आयोजना विकास गर्न २०७५।३।३१ मा पुनः इच्छा व्यक्त गरेअनुरुप नेपाल सरकारबाट २०७५।६।५ मा विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम उक्त मोडेलमा आयोजना विकास तथा निर्माण गर्ने निर्णय गरेको देखिन्छ । उपर्युक्त प्रक्रिया अवलम्बन गरी आयोजनाको निर्माण कार्य अगाडि बढाउनुपर्दछ ।

७०. **रकम फ्रिज -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्यसम्म काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले अन्य खातामा जम्मा गर्न नहुने व्यवस्था छ । आयोजनाले जग्गा खरिदमा विनियोजित बजेटमध्ये रु.९ अर्ब ९१ करोड १७ लाख २०७५।३।३१ मा विविध खातामा जम्मा गरेको छ । सोमध्ये रु.२० करोड ६४ लाख मुआवजा वितरण गरी रु.९ अर्ब ७० करोड ५३ लाख मौज्दात रहेकोले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

बुढीगङ्गा जलविद्युत आयोजना

अछाम जिल्लाको साविकको बाबला र कुसकोट गाउँ विकास समितिको बीचमा पर्ने बुढीगङ्गा नदीमा बाँध निर्माण गरी हात्तीकोटमा रु.६ अर्बको लागतमा २० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले २०७० मा यो आयोजना स्थापना भएको हो । आयोजनामा २०७४।७५ सम्म रु.५० करोड २० लाख खर्च भएको छ ।

७१. **न्यून प्रगति -** जग्गा खरिद, विस्तृत इन्जिनियरिङ अध्ययन, पुल तथा पहुँच मार्ग निर्माण, सवस्टेशन विस्तार, प्रसारण लाइन विस्तार लगायतका कार्य गर्न यो वर्ष रु.४६ करोड ८१ लाख विनियोजन भएकोमा रु.८ करोड ९ लाख खर्च भई न्यून प्रगति भएकोले आयोजना निर्धारित समयमा सम्पन्न हुने देखिँदैन । समयमा आयोजना सम्पन्न गर्न व्यवस्थापनले ध्यान दिनुपर्दछ ।

७२. **निर्माणस्थलको व्यवस्था -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार वातावरणीय अध्ययन, मुआवजा वितरण जस्ता पूर्व तयारीका कार्यहरु सम्पन्न भएपछि निर्माण कार्यको ठेक्का लगाउनुपर्नेमा मुआवजा वितरण नगरी पुल तथा पहुँच मार्ग निर्माण गर्न रु.१४ करोड १६ लाखको ठेक्का गरेकोमा हालसम्म सो काम भएको छैन ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

वैकल्पिक र नवीकरणीय ऊर्जाको प्रवर्द्धन तथा विकास गरी ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउने, वातावरण संरक्षण तथा वैकल्पिक ऊर्जासम्बन्धी उद्योगधन्दाको विकास गर्न विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ मा यो केन्द्र स्थापना भएको हो । केन्द्रको कार्य क्षेत्रमा साना तथा लघु जलविद्युत, वायोग्याँस, सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, सुधारिएको चुल्हो तथा अन्य वैकल्पिक ऊर्जालगायतका कार्य पर्दछन् । यो वर्ष केन्द्रको लागि रु.४ अर्ब ७३ करोड २८ लाख विनियोजन भएकोमा रु.३ अर्ब ३२ करोड ५४ लाख (७०.२६ प्रतिशत) खर्च भएको छ । साथै् केन्द्रीय नवीकरणीय ऊर्जा कोषमार्फत १ लाख ३९ हजार ९८७ प्रणालीको लागि रु.१ अर्ब १३ करोड २६ लाख अनुदान भुक्तानी गरेको छ ।

७३. **कानुनी व्यवस्था -** विकास समिति ऐन, २०१३ अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र विकास समिति स्थापना भई सञ्चालनमा रहेको छ । वैकल्पिक ऊर्जाको क्षेत्रमा केन्द्रीय निकायको रुपमा सञ्चालन गर्ने सरकारी नीति र यस क्षेत्रमा प्राप्त सहयोगको व्यवस्थित परिचालनको लागि आवश्यक कानुन तर्जुमा गरी केन्द्रलाई स्थायित्व प्रदान गर्नुपर्दछ । अन्य सरोकारवाला निकायहरुसँग राय परामर्श माग गर्ने कार्य भइरहेको केन्द्रले जनाएको छ ।

७४. **प्रगति स्थिति -** केन्द्रले विभिन्न आर्थिक वर्षमा सञ्चालन गरेका विभिन्न परियोजना तथा कार्यक्रममार्फत लघु तथा साना जलविद्युत र सौर्य विद्युतको माध्यमबाट देशका १८ प्रतिशत जनतामा विद्युतको पहुँच पुगेको, विभिन्न नवीकरणीय ऊर्जा प्रविधिको प्रयोगबाट ३६ लाखभन्दा बढी व्यक्ति लाभान्वित भएको उल्लेख छ । विभिन्न कार्यक्रममा हालसम्मको प्रगति निम्नानुसार रहेको छ:

यो वर्षको स्वीकृत कार्यक्रममा केन्द्रतर्फ ९४ प्रतिशत र राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमतर्फ ५७ प्रतिशत प्रगति हासिल गरेको छ । यो वर्षको कार्यक्रममध्ये घरायसी बायोग्याँस प्लाण्ट जडान गर्ने लक्ष्य २४ हजार रहेकोमा १५ हजार ६२८, ठूला बायोग्याँस प्लाण्ट जडान गर्ने लक्ष्य ५० रहेकोमा २३, सुधारिएको पानीघट्टको लक्ष्य ३०० रहेकोमा २०३, संस्थागत सौर्य विद्युत प्रणाली जडान गर्ने लक्ष्य २५० रहेकोमा ४ र सौर्य खानेपानी तथा सिँचाइ पम्प जडान गर्ने लक्ष्य १०० रहेकोमा ५१ कार्य सम्पन्न भएको देखिन्छ । स्वीकृत कार्यक्रममा तोकिएको लक्ष्य पूरा गर्नेतर्फ केन्द्रको ध्यान जानुपर्दछ ।

७५. **वैदेशिक सहायता -** सम्झौताअनुसार कार्यक्रम सञ्चालन गरी सहायता रकम उपयोग गर्नुपर्दछ । केन्द्रलाई राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन गर्न यो वर्ष विभिन्न दातृ संस्थाबाट प्राप्त

सहयोग न्यून रुपमा उपयोग भएको छ । उपलब्ध वैदेशिक सहायताको उपयोग न्यून हुँदा दातृ पक्षसँग भएको सम्झौताअनुसार सञ्चालन गरिने कार्यक्रमको उद्देश्य पूरा नहुने, आयोजनाले लक्ष्यअनुसार सेवा प्रवाह गर्न नसक्ने देखिँदा वैदेशिक सहायताको अधिकतम तथा प्रभावकारी उपयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।

वैदेशिक सहायतातर्फ यो वर्ष विनियोजित रु.१ अर्ब ६६ करोड ४७ लाख ३१ हजारमध्ये रु.३० करोड ८७ लाख ७१ हजार (१८.५५ प्रतिशत) मात्र खर्च भएको छ । वैदेशिक सहायता रकम समयमा खर्च गर्न नसकी सन् २०१२ देखि २०१७ सम्म राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन गर्न प्राप्त अनुदान रकममध्ये रु.१ अर्ब ९७ करोड ७७ लाख ८५ हजार डेनमार्क र नर्वे सरकारलाई फिर्ता गरेको देखिन्छ ।

७६. **अनुदान -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा फ्रिज नहुने बजेट उपशीर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोक्ने व्यवस्था छ । त्यसरी फ्रिज नहुने भनी तोकेको उपशीर्षकहरुमा बाँकी रहेको बाहेक अन्य शीर्षकमा बाँकी रहेको सशर्त रकम फ्रिज गर्नुपर्दछ । केन्द्रलाई पुराना लघु जलविद्युत आयोजनाहरु सम्पन्न गर्न अनुदान उपलब्ध भएकोमा केन्द्रले यो वर्ष विभिन्न ३८ लघु जलविद्युत आयोजनालाई प्रथम तथा दोस्रो किस्ताबापत रु.८ करोड २७ लाख अनुदान उपलब्ध गराई बाँकी रहेको रु.५ करोड २५ लाख फ्रिज गर्नुपर्नेमा केन्द्रको बैङ्क खातामा ट्रान्स्फर गरेको छ । यस्तो रकम फ्रिज गर्नुपर्दछ ।

७७. **कार्बन फण्ड -** नेपाल सरकारलाई सन् २००७ देखि धुवाँलगायत कार्वन उत्सर्जन न्यूनीकरण बिक्रीबापत विभिन्न अन्तर्राष्ट्रिय संस्थाबाट गत वर्षसम्म रु.६६ करोड ७५ लाख ३३ हजार र यो वर्ष रु.३७ करोड ६५ लाख ६४ हजार प्राप्त भएको छ । प्राप्त रकममध्ये यो वर्ष परामर्श सेवामा १७ लाख ४२ हजार खर्च गरेको र रु.१ अर्ब ४ करोड २३ लाख ५४ हजार मौज्दात रहेको छ । कोषको उक्त रकम परिचालनको लागि कार्यविधि स्वीकृत गर्नुपर्दछ ।

७८. **अनुगमन तथा हर्जाना -** नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० मा विभिन्न कम्पनीमार्फत जडान गरेका सौर्य विद्युत प्रणालीमध्ये कम्तीमा १० प्रतिशत जडान कार्यको नमूना छनौट गरी स्वतन्त्र परामर्शदातामार्फत अनुगमन गर्दा सम्झौताबमोजिम कार्य नगरेमा निर्देशिकाबमोजिम अनुदान रकमको ५० प्रतिशतसम्म हर्जाना लगाउने र कम्पनीसँगको सम्झौता खारेज गर्ने कारबाही हुने व्यवस्था छ । केन्द्रले २०७२।७३ मा जडान भएका सौर्य प्रणालीहरु मध्ये ३ हजार ७९ प्रणालीको तेस्रो पक्षीय अनुगमन कार्य ७ समूहमा सम्पन्न गर्दा देखिएका कैफियतमा लाग्ने जरिबाना हालसम्म गणना गरेको देखिएन । सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कैफियतअनुसार लाग्ने हर्जानाको गणना गरी असुल गर्नुपर्ने देखिन्छ ।

७९. **मौज्दात व्यवस्थापन** – केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं. ४(घ) अनुसार यो कोष अर्धसावधिक कोषको रुपमा सञ्चालित हुने र बाँकी हुन आएको कोषको रकमलाई सुरक्षित वा कम जोखिम भएका क्षेत्रहरुमा लगानी तथा त्यसबाट आय आर्जन गर्न सक्ने गरी सञ्चालन गरिने उल्लेख छ । गत वर्ष सम्म लागत नव्यहोर्ने र ४ प्रतिशत ब्याज आर्जन गर्ने गरी साविकको प्रबन्धक बैङ्कले २०७४।९।३० सम्म कोषको रकम व्यवस्थापन गर्दै आएकोमा हाल प्रतिस्पर्धाको आधारमा छनौट भएको अर्को एक प्रबन्धक बैङ्कले सेवा शुल्क नलिने र मौज्दातमा रहेको रकममा ८.५ प्रतिशत ब्याज उपलब्ध गराउने गरी व्यवस्थापन गर्दै आएको छ । यसको अतिरिक्त तरलता व्यवस्थापनको लागि १२ वाणिज्य बैङ्कमा ११ प्रतिशत ब्याज प्राप्त हुने गरी मुद्दतीमा राखेको छ । २०७५ आषाढ मसान्तसम्म प्रबन्धक बैङ्कमा रु.३ अर्ब ५ करोड ५२ लाख र अन्य बैङ्कहरुमा रु.१ अर्ब ९९ करोड ९६ लाख गरी रु.५ अर्ब ५ करोड ४८ लाख मौज्दात रहेको छ । कोष सञ्चालन निर्देशिकाअनुसार उक्त रकम थप आय आर्जन हुने गरी परिचालन गर्नु पर्दछ ।

कार्यमूलक लेखापरीक्षण

कमाण्ड क्षेत्रमा सिँचाइ व्यवस्थापन

राज्यले ठूलो धनराशि लगानी गरी तयार गरेका सिँचाइ योजनाको कमाण्ड क्षेत्रअन्तर्गतका सिँचाइ सुविधा उपलब्ध भएका जग्गाको खण्डीकरण, शहरीकरण र औद्योगीकरणजस्ता कारणबाट सिँचित क्षेत्र घट्दै गएको अवस्था छ । सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रमा सिँचित जग्गाको उपयोग स्थिति मूल्याङ्कन गरी सुधारका लागि सुझाउ गर्ने उद्देश्यले कन्काई, सुनसरी मोरङ, कमला र वाग्मती सिँचाइ योजनाको कमाण्ड क्षेत्र समावेश गरी कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायबमोजिम छन्:

८०. **गैरकृषि कार्यमा प्रयोग -** भू-उपयोग नीति, २०७२ मा सिँचाइ योजनाको प्रभावक्षेत्रभित्रका जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गरी सोबमोजिम उपयोग गर्ने उल्लेख छ । तर आयोजनाको कमाण्ड क्षेत्रमा उद्योग स्थापना, बस्ती विकास, जग्गा प्लटिङको कारणले कमाण्ड क्षेत्रको जग्गा घट्दै गएको पाइयो । सुनसरी मोरङ सिँचाई आयोजना र कन्काई सिँचाइ आयोजनाबाट प्राप्त विवरणअनुसार उक्त आयोजनाको कमाण्ड क्षेत्रमध्ये गैरकृषि कार्यमा प्रयोग भएको जग्गाको क्षेत्रफल निम्नानुसार छः

(क्षेत्रफल हेक्टरमा)

आयोजना	कमाण्ड क्षेत्र	औद्योगिक क्षेत्रले ओगटेको क्षेत्रफल	प्लटिङ गरिएको क्षेत्रफल	बस्ती विकासले ओगटेको क्षेत्रफल	अन्य प्रयोजनमा प्रयोग क्षेत्रफल	गैर कृषि कार्यमा प्रयोग जम्मा क्षेत्रफल
सुनसरी मोरङ	६८०००	९९७.९६	८४४.१७	७१६.८०२	१३.५५ रेलवे ट्र्याक	२५७२.४८
कन्काई	८०००	एउटा ईंटा भट्टा रहेको	७	७००	३००	१०७०

वाग्मती सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रको जग्गा कृषि कार्यमा प्रयोग भएको विवरण प्राप्त भएको छ भने कमला सिँचाइ आयोजनाबाट सोसम्बन्धी विवरण प्राप्त भएन । सुनसरी मोरङ सिँचाइ आयोजनाको कुल कमाण्ड क्षेत्रमध्ये ३.७८ प्रतिशत र कन्काई सिँचाइ आयोजनाको कुल कमाण्ड क्षेत्रमध्ये १३.३८ प्रतिशत हेक्टर क्षेत्र गैरकृषि कार्यमा प्रयोग भएको पाइयो । जसले गर्दा सिँचाइमा गरिएको लगानीको उचित प्रतिफल प्राप्त नहुने स्थिति छ । यसमा सम्बन्धित निकायले ध्यान दिई सिँचित कृषि योग्य जमिनको संरक्षण गरिनुपर्दछ ।

८१. **सिँचाई प्रणाली व्यवस्थापन -** सिँचाई प्रणाली प्रभावकारी एवं नियमित सञ्चालनका लागि संरचनाहरुको नियमित मर्मत सम्भार र आवश्यकताअनुसार शाखा, प्रशाखा, आउटलेटलगायतको व्यवस्था गर्नुपर्दछ । सिँचाई प्रणालीको व्यवस्थापन सम्बन्धमा निम्न व्यहोरा देखिएको छः

८१.१. सुनसरी मोरङ सिँचाइ आयोजनाको ६८ हजार हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा ५८ हजार १४६ हेक्टरमा सिँचाई सुविधा पुगेको छ । मूल नहर ५३ कि.मि. र १९ शाखा उपशाखा रहेको छ । आयोजनाका केही खण्डमा संरचना निर्माण हुन बाँकी रहेकोले नहरको अन्तिम खण्डका कृषकहरुले सिँचाइ सुविधा पाउन सकेका छैनन् ।

सर्लाही जिल्लाको १४ हजार हेक्टर र रौतहटको २३ हजार हेक्टरसमेत ३७ हजार हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याउने उद्देश्यले निर्माण शुरु भएको वाग्मती सिँचाई आयोजनाको पहिलो र दोस्रो चरण गरी कुल कमाण्ड एरिया १ लाख २२ हजार रहेको छ । उक्त आयोजनाको पूर्वी मूल नहर २४.२५ कि.मि. र पश्चिमी मूल नहर २८ कि.मि. बाट कमाण्ड क्षेत्रका ४५ हजार ६०० हेक्टरमा सिँचाई सुविधा पुगेको छ । त्यस्तै झापा जिल्लाको ८ हजार हेक्टर कमाण्ड क्षेत्रको कन्काई सिँचाई आयोजनाबाट ७ हजार ७०० हेक्टरमा सिँचाई सुविधा पुगेको विवरण प्राप्त भएको छ । धनुषा जिल्लाको १२ हजार ५०० हेक्टर र सिरहा जिल्लाको १२ हजार ५०० हेक्टर समेत २५ हजार हेक्टर कमाण्ड एरिया भएको कमला सिँचाई आयोजनाबाट वर्षेबालीको लागि पूरै क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको भए तापनि हिउँदेबालीको लागि १० हजार हेक्टरमा मात्र सिँचाई सुविधा पुगेको छ । नहरको नियमित मर्मत सम्भार गरी उपलब्ध कमाण्ड क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउनुपर्दछ ।

८१.२. आयोजनाको डिस्चार्ज क्षमताअनुसार कमाण्ड क्षेत्रभित्र वर्षैभरि सिँचाई सुविधा उपलब्ध हुनुपर्छ । सुनसरी मोरङ सिँचाई आयोजनाको इन्टेकको डिस्चार्ज क्षमता ६० क्यूमेक्स भएकोमा वर्षायाममा ३७.०२ देखि ४९.४४ क्युमेक्स, वैशाख, जेठ, आषाढमा ३० क्युमेक्स र माघ, फागुन र चैत्रमा २५.६२ क्यूमेक्स मात्र पानी डिस्चार्ज भएको पाइयो । कन्काई सिँचाइ आयोजनाको पानी डिस्चार्ज क्षमता १०.१५ क्यूमेक्स भएकोमा कार्तिकमा शून्य, पौषमा ०.८७ देखि श्रावणमा ८.५३ क्यूमेक्ससम्म पानी डिस्चार्ज भएको पाइयो । त्यस्तै वाग्मती सिँचाइ आयोजनाको पूर्वी नहरको पानी डिस्चार्ज क्षमता ६४.४० क्युमेक्स रहेकोमा सुख्खायाममा औसतमा ७ क्युमेक्स र पश्चिमी नहरको क्षमता ४८.४० क्युमेक्स भएकोमा औसतमा ३ क्युमेक्स पानी डिस्चार्ज भएको पाइयो । यसरी नहरको पानी डिस्चार्ज क्षमताअनुसार कमाण्ड क्षेत्रमा वर्षैभरि सिँचाई हुन सकेको छैन ।

लक्ष्यअनुरुप सिँचाइ सुविधा विस्तार गर्न नसक्दा कृषि बाली उत्पादन र उत्पादकत्व वृद्धिको लक्ष्य हासिल नहुने, मर्मत सम्भार खर्चको लागत बढ्ने र जनताको जीवनस्तर माथि नउठ्ने जस्ता समस्या यथावत रहने देखिन्छ । अतः आयोजनाको लक्ष्यअनुरुप सिँचाइ सुविधा पुऱ्याउन जीर्ण अवस्थामा रहेको

संरचनाको नियमित मर्मत सम्भारको साथै आवश्यकतानुसार शाखा प्रशाखा नहर, कूलो निमार्ण गरी वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउनुपर्छ ।

८२. **नहरको अतिक्रमण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३२ मा यस ऐनबमोजिम प्राप्त जग्गाको स्वामित्व नेपाल सरकारमा सरेपछि नेपाल सरकारको स्वीकृति बेगर कुनै प्रकारका घर, टहरा, पर्खाल बनाउन वा त्यस्तो जग्गा आवाद गर्न नहुने उल्लेख छ । सुनसरी मोरङ सिँचाई आयोजनाको रामगंज शाखा नहर प्रणालीमा साविक दुहवी गा.वि.स.३ मा एक स्टिल उद्योगले नहर अतिक्रमण गरी उद्योग स्थापना गरेको, एक पोल्ट्री फर्मले नयाँपट्टी शाखा नहरको बेतौना उपशाखा नहरमा अतिक्रमण गरी कम्पाउण्ड वाल बनाएको देखिएको छ । सो अतिक्रमण हटाउन आयोजनाले पटक पटक सम्बन्धित निकायलाई पत्राचार गरे तापनि अतिक्रमण नहटाएको आयोजनाले जनाएको छ । त्यस्तै कन्काई सिँचाइ आयोजनाले मूल नहरमा २०० मिटर र शाखा नहरको २०० मिटरमा अतिक्रमण भएको उल्लेख गरेको छ । यसरी अतिक्रमण नहटाएको कारणले नहर पुरिनुका साथै अतिक्रमण बढ्दै गई केही वर्षपश्चात नहर सञ्चालन गर्न नसक्ने स्थिति रहन्छ । अतः अधिग्रहण गरिएको जग्गाको उचित तवरले संरक्षण हुनुपर्दछ ।

८३. **समन्वय -** कमाण्ड क्षेत्रको जग्गामा सिँचाइ कार्यक्रम सञ्चालन गर्दा दोहोरो नहुने गरी सञ्चालन गर्नुपर्दछ । भूमिगत सिँचाइ व्यवस्थापन डिभिजन, मोरङले सुनसरी मोरङ सिँचाइ आयोजनाको कमाण्ड क्षेत्रभित्र पर्ने जहदा-७, कटहरीको ४० हेक्टर र देवानगंज गाउँपालिकास्थित कप्तानगंजको ४० हेक्टर जग्गामा डिप ट्युबवेल सिँचाइ प्रणाली वितरण गरेको छ । त्यस्तै सिँचाइ विकास डिभिजन, सुनसरीले आयोजनाको कमाण्ड क्षेत्र देवानगन्ज गाउँपालिका वडा नं. ७ मा १०० हेक्टरमा कठले सिँचाइ योजना सञ्चालन गर्न विस्तृत सर्वेक्षण तथा सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरेको पाइयो । सिँचाइ सुविधा नपुगेको ठाउँमा कृषकको मागअनुसार सिँचाइ कार्यक्रम सञ्चालन गर्ने उल्लेख भए तापनि सुनसरी मोरङ सिँचाई आयोजनाको कमाण्ड क्षेत्रमा आयोजनासंग समन्वय बेगर कार्यक्रम सञ्चालन गर्नु उपयुक्त होइन ।

८४. **अनुगमन -** सिँचाइ नीति, २०७० मा आयोजनाको अनुगमन गर्न स्थानीय उपभोक्ता संस्थाको प्रतिनिधि तथा स्थानीय तहलाई सहभागी गराई अनुगमन समिति गठन गर्ने उल्लेखबमोजिम अनुगमन समिति गठन भएको पाइएन । सुनसरी मोरङ र कन्काई सिँचाइ आयोजनाको नहर तथा कमाण्ड क्षेत्रमा अतिक्रमण भैरहेकोमा त्यसको रोकथाम समयमै गरेको पाइएन । अनुगमनबाट नहरमा चौपाया छाड्ने कार्यमा रोक लगाएको, कमाण्ड क्षेत्रमा शहरीकरण तथा औद्योगिकरणबाट जोगाउन स्थानीय तहका प्रतिनिधिसँग छलफल गरी संरक्षण कार्य शुरु गरिएको कन्काई सिँचाइ आयोजनाले जनाए तापनि कमाण्ड क्षेत्रको जग्गा गैरकृषि कार्यमा प्रयोग भएकोमा अतिक्रमण हटाउन सकेको छैन । सुनसरी मोरङ सिँचाई आयोजनाको नहर अधीनस्थ जग्गाको नहर निर्माण हुनुअघि नै लगत कट्टा भई आयोजनाको नाममा आउनुपर्नेमा कतिपय मूल नहर शाखा, प्रशाखाको जग्गाको लगत हालसम्म कट्टा भएको छैन । लगत कट्टा नभएको कारणबाट नहरको डिलसम्मको जग्गा सम्बन्धित जग्गाधनीले भोग गरिरहेको पाइयो । आयोजनाले अधिग्रहण गर्नुपर्ने २००० बिघामध्ये १४०६ बिघा ७ कट्टा ११ धुर जग्गाको मात्र जग्गाधनी पुर्जा प्राप्त भएको बाँकी जग्गाको लगत कट्टा नभएको अवस्था छ । अतः नहर अधीनस्थ जग्गाको अतिक्रमण हुनबाट रोकी जग्गाधनी पुर्जा प्राप्त हुन बाँकी जग्गाको समेत आयोजनाको नाउँमा जग्गाधनी पुर्जा प्राप्त गर्नुपर्दछ ।

निष्कर्ष - आयोजनाको शुरुमा बनेका संरचनाहरुको क्षमता विस्तार नहुनु र संरचना पुरानो हुनु, उपभोक्ता संस्थामा पानी वितरण तथा व्यवस्थापनसम्बन्धी चेतनाको कमी, कृषिलाई आधुनिकीकरण गर्न नसक्नु साथै कृषि श्रमिकको अभावसमेतले गर्दा कृषि प्रतिको आकर्षण घट्नु, जग्गाको खण्डीककरण, प्लटिङ, औद्योगिकीकरण र शहरीकरणको कारणबाट कृषि योग्य भूमि घट्दै जानु र भएको बाटर कोर्ष तथा नहरसमेत अतिक्रमणका कारणले लक्ष्यबमोजिमको कमाण्ड क्षेत्रमा सिँचाई सुविधा उपलब्ध हुन सकेको छैन । कृषि योग्य जमिन र सिँचित क्षेत्र घोषणा भएका क्षेत्रमा शहरीकरण, औद्योगिकीकरण रोक्न नियमन निकायको सक्रियता तथा कानुनी व्यवस्था हुनुपर्छ । सिँचित क्षेत्रको कमाण्ड एरियाको रेखाङ्कन, नहर तथा कुलो संरचनाको संरक्षण एवं मर्मत सुधार गरी पानी उपलब्धताको सुनिश्चितता गर्नुपर्छ । सञ्चालनमा रहेको आयोजनाहरुलाई उच्च क्षमतामा चलाउने गरी आवश्यक मर्मत सम्भार तथा सञ्चालनमा विशेष प्राथमिकता दिनुपर्छ ।

संगठित संस्था तथा अन्य संस्था

नेपाल विद्युत प्राधिकरण, २०७४।७५

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२ भाद्र १ मा प्राधिकरणको स्थापना भएको हो । यस प्राधिकरण जलविद्युत उत्पादन, प्रसारण र वितरण गर्ने नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हो । प्राधिकरणको काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि संचालक समिति जिम्मेवार रहने गर्दछ । प्राधिकरणबाट २०७५ आषाढ मसान्तसम्म उत्पादित विद्युत २ हजार ३०८ मेगावाट घण्टा (एमडब्लुएच) र अन्य उत्पादकबाट उत्पादित २ हजार १८६ एमडब्लुएच रहेको छ । यसैगरी आयात २ हजार ५८२ एमडब्लुएच रहेको र ग्राहक संख्या ३५ लाख ५१ हजार २२६ रहेको देखिन्छ ।

८५. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** प्राधिकरणको शेयर पूँजी रु. १ खर्ब २ अर्ब ४४ करोड, जगेडा तथा सञ्चित कोष रु.२३ अर्ब ५९ करोड ७९ लाख ऋणात्मक, दीर्घकालीन दायित्व रु.१ खर्ब २० अर्ब ९५ करोड ४३ लाख र चालु दायित्व रु. ८४ अर्ब ७७ करोड ८० लाख समेत कुल पुँजी तथा दायित्व रु.२ खर्ब ८४ अर्ब ५७ करोड २१ लाख रहेको छ । अचल सम्पत्तितर्फ स्थिर सम्पत्ति रु. १ खर्ब १२ अर्ब ९८ करोड, निर्माणाधीन सम्पत्ति रु. ७७ अर्ब ६१ करोड तथा लगानी रु. २९ अर्ब ९४ करोड समेत रु.२ खर्ब २० अर्ब ५३ करोड ३० लाख र चालु सम्पत्ति रु. ६४ अर्ब ३ करोड ८९ लाख रहेको छ । गत वर्ष रु. १ अर्ब ४६ करोड ७३ लाख रहेकोमा यस वर्ष रु. २ अर्ब ८४ करोड ८१ लाख रहेको छ ।

८६. **अनुपात विश्लेषण -** प्रमुख अनुपातहरु निम्न बमोजिम रहेको छ :

अनुपातको नाम	२०७४/७५	२०७३/७४
कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा)	२८.९१ प्रतिशत	२९.७५ प्रतिशत
खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)	५.१६ प्रतिशत	३.१५ प्रतिशत
कुल सम्पत्तीमा खुद आम्दानीको अनुपात	२१.२८ प्रतिशत	२१.०२ प्रतिशत
चालु सम्पत्ति दायित्व अनुपात	०.७६:१	०.६३:१
दीर्घकालीन ऋण तथा ईक्वीटिको अनुपात	१.५३	१.९७
स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात	६७ प्रतिशत	७० प्रतिशत
कुल खर्चमा कर्मचारी खर्चको अनुपात	१३.११ प्रतिशत	१३.८१ प्रतिशत

गत वर्षको तुलनामा बिक्रीमा खुद नाफा र चालु सम्पत्तिमा दायित्व अनुपात बढेको तथा ऋणको अनुपात, कुल खर्चमा कर्मचारी खर्च अनुपात र वितरण नोक्सान घटेको छ । गत विगतको तुलनामा वित्तीय अवस्था सुधारोन्मुख देखिएको छ ।

८७. **सौर्य उर्जा -** सौर्य ऊर्जाबाट त्रिशूली, देवीघाट र कुलेखानीमा विद्युत उत्पादन गरी ग्रिड प्रणालीमा जोड्ने कार्यको लागत अनुमान रु.४ अर्ब ८० करोड ५० लाख रहेकोमा प्लानिङ, इन्जिनियरिङ, खरिद, निर्माण, टेष्टिङ र ५ वर्षसम्म अपरेसन तथा मर्मत गर्ने गरी चीनको एक कम्पनीसँग १७ मे २०१७ मा अमेरिकी डलर ३ करोड ७९ लाख ८४ हजार ४१० र रु.१ करोड ३५ लाख ६० हजारसमेत रु.४ अर्ब ४ करोड ४८ लाख ४५ हजारको ठेक्का सम्झौता भएको देखिन्छ । सार्वजनिक लेखा समितिले उक्त ठेक्का सम्झौता बदर गर्न निर्देशन दिएता पनि उच्च अदालत, ललितपुरको फैसला अनुसार १४ फेब्रुअरी २०१८ (२०७४।११।२) मा सो ठेक्काको कार्य शुरु भएको छ । सोलार मोडुलको मूल्यमा विगत २ वर्षमा गिरावट आएका कारण १६.९ प्रतिशत मूल्य घटाई अमेरिकी डलर ३ करोड ४१ लाख ८ हजार २२० मा सम्झौता गर्ने सहमतिको लागि प्राधिकरणले विश्व बैङ्क समक्ष पेस गरेकोमा बैङ्कले उक्त रकममा मूल्य अभिवृद्धि कर १३ प्रतिशत र भन्सार महसुल १ प्रतिशत थप गरी सहमति दिएकोले अमेरिकी डलर ३ करोड ७९ लाख ८४ हजार ४१० र रु.१ करोड ३५ लाख ६० हजारमा सम्झौता भएको छ । मुल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार सौर्य ऊर्जाका सामग्रीमा मूल्य अभिवृद्धि कर नलाग्ने हुँदा भुक्तानी दिन नमिल्नेतर्फ सजगता अपनाउनुपर्दछ ।

८८. **सम्पत्तिमा नोक्सानी व्यवस्था -** सम्पत्तिको मूल्यमा आएको तथा आउन सक्ने ह्रास तथा नोक्सानीको पहिचान गरी पर्याप्त व्यवस्था गरेको छैन् । प्राधिकरणले स्थिर सम्पति, पाउनुपर्ने हिसाब, पेश्की, नगद तथा बैंक मौज्दात, लगानी, जिन्सी सामग्री र निमार्णाधीन सम्पत्तिमा हानि, चोरी तथा अन्य सम्भावित नोक्सानी बापत गत विगत वर्ष रु.१ अर्ब ७९ करोडको व्यवस्था गरेतापनि ती व्यवस्थाहरु पुन:मूल्याँकन गरी पर्याप्त रहे नरहेको यकिन गरेको छैन । २०७२ को भूकम्पले पुऱ्याएको क्षतिको समेत मूल्याङ्कन गरी सोको लागि कुनै रकम व्यवस्था गरेको छैन् । प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार १ हजार ८८१ रोपनी १५ आना २

पैसा २ दाम जग्गाको लालपुर्जा नभएको र १ हजार ४७४ रोपनी ३ आना १ दाम जग्गा अतिक्रमण भएको देखिएको छ । व्यवस्था रकममा थप घट गर्नुपर्ने रकम यकिन नभएकोले प्राधिकरणको सञ्चालन नतिजामा पर्न सक्ने असर विश्लेषण गर्न सकिएन ।

८९. **अन्तर कार्यालय हिसाब** - अन्तर कार्यालय हिसाब गत वर्ष डेबिट मौज्दात रु.७३ करोड ९४ लाख रहेकोमा यो वर्ष रु.७९ करोड ११ लाख पुगेको छ । उक्त रकमलाई वासलातको विविध साहु तथा अन्य भुक्तानी दिनुपर्ने शीर्षकमा ऋणात्मक देखाएको छ । हिसाब फरफारक हुँदा उक्त हिसाव समायोजन हुने शीर्षक यकिन नभएकोले प्राधिकरणको वित्तीय स्थितिमा पर्ने असर सम्बन्धमा यकिन गर्न सकिने अवस्था छैन । उक्त हिसाब राफसाफ गरी वित्तीय विवरण अद्यावद्यिक गर्नुपर्दछ ।

९०. **सहायक ऋण सम्झौता -** प्राधिकरणले नेपाल सरकारसँग सहायक ऋण सम्झौता गरी दातृ निकाय, विदेशी बैङ्क तथा वित्तीय संस्थासँग लिएको ऋण २०७५ आषाढ मसान्तमा रु.१ खर्व २० अर्ब २६ करोड रहेकोमा विगतदेखि नै नेपाल सरकारको हिसाबसँग मिलान गरी मौज्दात यकिन गरेको छैन । ऋण तथा ब्याज रकम भुक्तानी तालिका अनुसार भुक्तानी हुन सकेको छैन । भाखा ननाघेको र भाखा नाघेको साँवा तथा ब्याज रकम देखिने गरी आयुगत विवरण समेत तयार गरेको छैन । ब्याज रकम भुक्तानी नगरी दायित्वमा देखाउदै आएकोले बर्षेनि वृद्धि भइरहेको छ । ऋण तथा ब्याज हिसाब अद्यावधिक गरी भुक्तानी गर्नुपर्दछ ।

९१. **अवकाश दायित्व** . कर्मचारीको उपदान तथा पेन्सन कोषमा वास्तविक दायित्व गणना नगरी यो वर्ष रु.२ अर्ब ५० करोड छुट्टयाएकाले उक्त रकम पर्याप्त भए नभएको यकिन गर्न सकिने अवस्था छैन ।

९२. **आय लेखाङ्कन -** आम्दानीको लागि शाखामा प्रयोग भएको आय लेखाङ्कन सफ्टवेयरले देखाएको र वित्तीय विवरणमा उल्लेख भएको आसामी रकम बीचको भिन्नताको विगत वर्षदेखि नै हिसाब मिलान गरेको छैन । आय लेखाङ्कन सफ्टवेयरले देखाउने विवरण पछिल्ला क्रियाकलापबाट पहिले लेखाङ्कन गरेको विवरण नै परिष्कृत गर्ने र २०७५ आषाढ मसान्तको विवरण सबै कार्यालयले अभिलेख नगरेकोले वास्तविक भिन्नता रकम यकिन गर्न सकिने अवस्था छैन । ग्राहकको घर, कलकारखाना तथा कार्यालयमा जडान भएको मिटर रिडिङको शुद्धता सम्बन्धमा नियमित रुपमा प्रयोग भइरहेको ऊर्जा भारसँग तुलनात्मक विश्लेषण गर्ने, तेस्रो पक्ष परीक्षण गर्ने तथा ग्राहकसँग मौज्दात समर्थन गरी हिसाब भिडान गर्ने प्रभावकारी व्यवस्था नभएको कारण विद्युत बिक्री बापतको आम्दानी रकम यकिन गर्न सकिने अवस्था छैन ।

९३. **विगत वर्षको खर्च -** विगत वर्षसँग सम्बन्धित तलब तथा ज्याला, प्रशासनिक खर्च, ब्याज, मर्मत सम्भार, जिन्सी र अन्य खर्च रु.५७ करोड ३ लाख र लेखाङ्कन गर्न छुट आम्दानी रु.६ करोड ६४ लाख तथा विगत वर्षको अधिक खर्च पुन हिसाब मिलान रु. २३ करोड ७३ लाखसमेत रु.२६ करोड ६६ लाख बजेट अभाव तथा प्रशासनिक ढिलाइका कारण गत वर्ष लेखाङ्कन गर्न नसकी समायोजन हिसाबअन्तर्गत कोष तथा सञ्चित नाफा शीर्षकबाट यस वर्ष खर्च लेखाङ्कन गरेको छ । गत वर्षको आयसँग सम्बन्धित खर्च रु. ५७ करोड ३ लाख यस वर्ष आयकर प्रयोजनको लागि खर्च दाबी गर्न नपाउने हुँदा प्राधिकरणलाई २५ प्रतिशतले हुने रु १४ करोड २६ लाख अनावश्यक रुपमा करको भार पर्न गएको देखिन्छ । समयमै खर्च लेखांकन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

९४. **लेखापरीक्षण समिति -** प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को नियम २७ (४) को (ट) बमोजिम आन्तरिक नियन्त्रण प्रणालीमा महत्वपूर्ण भूमिका रहेको लेखापरीक्षण समितिले संचालक समितिमा वर्षमा कम्तीमा दुई पटक कार्य सम्पादन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएता पनि यो वर्ष कुनैपनि प्रतिवेदन पेश गरेको पाइएन । सबै कार्यालयको आन्तरिक लेखापरीक्षण हुने नगरेको, लेखापरीक्षणको प्रतिवेदन ढाँचा निश्चित नभएको र यी कार्यमा लेखापरीक्षण समितिबाट अनुगमनसमेत नगरेकोले लेखापरीक्षण समिति प्रभावकारी देखिएन ।

९५. **सम्पत्ति कर -** प्राधिकरणले २०६६।६७ सम्म व्यवस्था गरेको सम्पत्ति कर दायित्व रु. ६ करोड २४ लाख ७३ हजार भुक्तानी गरेको छैन भने तत्पश्चात् २०७३।७४ सम्म दायित्व व्यवस्था गरेको छैन । यस वर्ष व्यवस्था गरेको रु. ९ लाख ६६ हजारमध्ये रु.१ लाख १० हजार भुक्तानी गरेको छ । प्राधिकरणले २०७५ आषाढ मसान्त सम्म तिर्नुपर्ने सम्पत्ति कर यकिन गरेको छैन ।

९६. **आयकर र मूल्य अभिवृद्धि कर -** प्राधिकरणले हरेक वर्ष वित्तीय विवरण तयार गर्न ढिलो गरेकोले आयकर ऐन, २०५८ बमोजिम प्रत्येक आर्थिक वर्षको आयकर आश्विन मसान्तभित्र बुझाउन सकेको छैन । यो वर्षको

आय विवरण ढिला बुझाएबापत चैत्र मसान्तसम्मको जरिबाना रु.३ करोड ११ लाख पुगेकोमा सोको लेखाङ्कन भएको छैन र विगत वर्षको आयकर रु.७ करोड ९४ लाख खर्च लेखाङ्कन गरेको छ । प्राधिकरण मूल्य अभिवृद्धि कर ऐन, २०५२ अन्तर्गत दर्ता नभएकोले मुल्य अभिबृद्धि कर लाग्ने पोल भाडा, मिटर बिक्री आदिमा मूल्य अभिवृद्धि कर असुल गरेको छैन ।

९७. **निर्माणाधीन सम्पत्ति -** प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को नियम ३६(६) बमोजिम व्यवस्थापनले निर्माणाधीन सम्पतिको भौतिक परीक्षण नगरेको, गत विगत वर्षदेखि निर्माणाधीन सम्पत्ति रु.१ अर्ब ६२ करोड ३१ लाख ३० हजार रहेकोमा थप भएको देखिएन । यो वर्षसम्म कार्य सम्पन्न भइसकेका विभिन्न आयोजनका रु.९७ करोड ५७ लाख ३० हजार बराबरको सम्पत्ति पुँजीकरण नगरी वर्षान्तमा रु.२ करोड ७८ लाख ७० हजार ऋणात्मक मौज्दात देखाएको छ । वित्तीय विवरणमा निर्माणाधीन सम्पत्तिको शुरु मौज्दात, थपघट भएको र अन्तिम मौज्दात मात्र उल्लेख छ । निर्माणाधीन सम्पत्तिको इकाईगत विवरण खुलासा गरेको छैन । सम्पत्तिको यथार्थ हिसाब लेखांकन हुनुपर्दछ ।

९८. **महसुल बक्यौता -** विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष १४.४४ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ५४ करोड ६९ लाख ८७ हजार पुगेको छ । यसबाहेक लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको रु.५६ करोड ७० लाखलाई यो वर्ष जिम्मेवारी मात्र सारेको पाइयो । बक्यौता रकम उठाउन पर्याप्त पहल गरेको पाइएन । महसुल बक्यौतामध्ये सडक बत्तीको मात्र रु.४ अर्ब ४५ करोड २० लाख रहेको छ । ग्राहक वितरण केन्द्रहरुले कालो सूचीमा राखेका ग्राहकको बाँकी बक्यौता रकम छुट्टै खुलाई लेखाङ्कन गरेको पाइएन ।

९९. **नगद तथा बैङ्क -** प्राधिकरणको आर्थिक विनियमावली, २०६८ अनुरुप सबै बैङ्क हिसाबको मासिक रुपमा हिसाब मिलान विवरण तयार गरेको पाइएन । प्राधिकरणले विगत वर्ष देखि नै नगद मौज्दात रु.१ करोड ९५ लाख देखाएकोमा यो वर्ष सम्म रु.३ करोड ५३ लाख ९० हजार पुगेको छ । नगदमा प्राप्त आय दाखिला नगरेको सम्बन्धमा छानविन गरी हिनामिना रकम असूल गरी कारवाही गर्नुपर्दछ ।

१००. **विद्युत उत्पादन, प्रशारण तथा वितरण चरणको नोक्सानी -** प्राधिकरणवाट प्राप्त विवरणअनुसार २०७३।७४ र २०७४।७५ को विद्युत उत्पादन, प्रशारण तथा वितरणको नोक्सानी निम्नानुसार छ:

नोक्सानी	२०७४/७५	२०७३/७४
उत्पादन, प्रशारण तथा वितरणको कुल नोक्सान	२०.४५ प्रतिशत	२२.९० प्रतिशत
प्रशारण नोक्सान	५.६३ प्रतिशत	५.०० प्रतिशत
वितरण नोक्सान	१४.८२ प्रतिशत	१६.८२ प्रतिशत

उक्त तालिकाअनुसार उत्पादन, प्रसारण तथा वितरण चरणमा विद्युत चुहावट गत वर्षको तुलनामा २.४५ प्रतिशतले घटेको छ । यस्तै प्रसारण नोक्सान गर्त वर्षको तुलनामा ०.६३ प्रतिशतले बढेको छ भने वितरण नोक्सान गत वर्षको तुलनामा २ प्रतिशतले घटेको देखिन्छ ।

१०१. **नि:शुल्क प्राप्त विद्युतको रकम -** नेपाल र भारत सरकारबीच भएको महाकाली सन्धिमा नेपाल सरकारले विद्युत अंग्रेजी क्यालेन्डर अनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत नि:शुल्क पाउने तथा सोभन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ । प्राधिकरणले भारतबाट २०७३।७४ र २०७४।७५ मा ४० करोड २० लाख ३२ हजार १०० युनिट विद्युत आयात गरेको मध्ये २० करोड १० लाख ८० हजार २३३ युनिट नि:शुल्क पाएको देखिन्छ । यसरी नि:शुल्क प्राप्त विद्युतको मूल्य प्राधिकरणले नेपाल सरकारलाई प्रति युनिट रु.४।७५ का दरले तिर्नुपर्ने देखिन्छ । प्राधिकरणले उक्त दुई वर्षको १४ करोड युनिटको प्रतियुनिट रु.४।७५ का दरले नेपाल सरकारलाई तिर्नुपर्ने रकम लेखाङ्कन गरे तापनि नि:शुल्क वापत बढी पाएको ६ करोड १० लाख ८० हजार २३३ युनिटको रु.२९ करोड १ लाख ३१ हजार लेखांकन गरेको छैन । उक्त रकम लेखांकन गरी नेपाल सरकारलाई तिर्नुपर्दछ ।

१०२. **कम्पनी ऐनको पालना -** कम्पनी ऐन, २०६३ को दफा ३ अनुसार पब्लिक कम्पनी स्थापना गर्न कम्तीमा ७ जना संस्थापक हुनुपर्नेमा प्राधिकरणका एकल स्वामित्वमा १० कम्पनी र ७ जनाभन्दा कम संस्थापक हुने गरी अधिकांश स्वामित्वमा ३ कम्पनी स्थापना भएका छन् । यसर्थ ऐनको पालना हुने गरी कम्पनी स्थापना गर्नुपर्ने देखिन्छ ।

तनहुँ हाइड्रो पावर लिमिटेड, २०७४।७५

१०३. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - लिमिटेडको सेयर पुँजी रु.१ अर्ब ७१ करोड र दीर्घकालीन ऋण रु.१ अर्ब ४४ करोड १४ लाख रहेको छ । स्थिर सम्पत्ति रु.१ अर्ब १४ करोड ९५ लाख, निर्माणाधीन सम्पत्ति रु.१ अर्ब ७१ करोड ५६ लाख र लगानी रु.२ करोड ९ लाख देखिन्छ । चालु सम्पत्ति रु.२० करोड ५१ लाख र चालु दायित्व तथा व्यवस्था रु.२७ करोड ५४ लाख भएकाले खुद चालु सम्पत्ति रु.७ करोड ३ लाख ऋणात्मक छ । यसरी जम्मा खुद सम्पत्ति रु.२ अर्ब ८१ करोड ५६ लाख रहेको देखिन्छ । सञ्चित नोक्सानी गत वर्षसम्म रु.२४ करोड ५८ लाख रहेकोमा यो वर्ष रु.३३ करोड ५८ लाख पुगेको छ ।

१०४. **जलविद्युत सर्वेक्षण -** कम्पनीले निर्माण गरिरहेको जल विद्युत आयोजनाको लागि ऋण लिई ब्याज तिरिरहेको अवस्थामा तल्लो भेक (डाउन स्ट्रीम) मा अर्को जलविद्युत आयोजना विकासको सर्वेक्षणसम्बन्धी कार्यको लागि यस वर्ष रु.२ करोड ८ लाख ५६ हजार खर्च गरेको औचित्यपूर्ण देखिएन ।

पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड,२०७४।७५

उच्च भोल्टेजको क्रस बोर्डर प्रसारण लाइन निर्माण गर्ने उद्देश्यले २०६४ मा कम्पनीको स्थापना भएको हो । कम्पनीमा नेपाल विद्युत प्राधिकरण र जल विद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको ६४ प्रतिशत र पावर ग्रीड कर्पोरेशन अफ इन्डिया लिमिटेड तथा इन्फ्रास्ट्रक्चर लिजिङ्ग एण्ड फाईनान्सियल सर्भिसेज इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड इन्डियाको ३६ प्रतिशत स्वामित्व रहेको छ ।

१०५. **कार्य सम्पादन स्थिति -** कम्पनीले धनुषा जिल्लाको ढल्केबरदेखि महोत्तरी जिल्लाको भिट्टामोड सम्म ४२.१ किलोमिटर ४०० के.भी. प्रसारण लाइन निर्माण गरेको छ । सन् २०१६ को फेब्रुवरी देखि १३२ के.भी. को प्रसारण लाइन प्रयोगमा ल्याएको र २२० के भी प्रसारण लाईनको लागि कार्य भै रहेको छ ।

१०६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कम्पनीको शेयर पूँजी रु. ६० करोड ८० लाख, दायित्व रु १ अर्ब १९ करोड ५० लाख रहेको छ । अचल सम्पत्ति रु. १ अर्ब २९ करोड ६३ लाख र चालु सम्पत्ति रु. ५० करोड ६७ लाख समेत कुल सम्पत्ति रु १ अर्ब ८० करोड ३० लाख रहेको छ । गतवर्ष कम्पनीको नाफा रु. १३ करोड ८ लाख रहेकोमा यो वर्षको नाफा रु.१२ करोड ६३ लाख रहेको छ ।

१०७. **लाभांश वितरण -** कम्पनी ऐन, २०६३ को दफा १८२ मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिई लाभांश वितरण गर्न सक्ने र लाभांश वितरण सम्बन्धमा नेपाल सरकारले निर्देशन दिन सक्ने व्यवस्था छ । नेपाल सरकारको स्वीकृति वेगर कम्पनीको साधारण सभाले निर्णय गरी यस वर्ष रु ५ करोड बराबर बोनस शेयर र रु ९ करोड नगद लाभांश समेत रु.१४ करोड लाभांश वितरण गरेको देखिन्छ । ऐनको व्यवस्था पालना गरी लाभांस वितरण गर्नुपर्ने देखिएको छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा सोझै खरिद गरेको, हर्जाना नलिएको, आयोजना हस्तान्तरण नगरेको, गुणस्तर परीक्षण कमजोर रहेको, पटक पटक म्याद थप गरेको आदि व्यहोराहरु औँल्याइएकोमा सुधार भएको देखिएन । सार्वजनिक लेखा समितिको २०७३ सालमा प्रकाशित पछिल्लो प्रतिवेदनमा सिँचाइ मन्त्रालय र मातहतका निकायहरुको बेरुजू तथा हर्जाना असुल गर्ने, सम्परीक्षण गराउने, अतिक्रमण हटाउने, विवरण पेस गर्ने, नर्म्स बनाउने आदि निर्णयहरु गरेकोमा कार्यान्वयन गर्न संस्थागत व्यवस्था नगर्नुका साथै जिम्मेवारीसमेत तोकेको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत १९८ निकायमा यो वर्ष रु.६ अर्ब ९५ करोड ३० लाख ६९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ४ करोड ५९ लाख ९ हजार फछ्यौंट गरेकोले रु.५ अर्ब ९० करोड ७१ लाख ६० हजार बाँकी रहेको छ । सोमध्ये रु.३ अर्ब ३२ करोड १० लाख ९४ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्र अर्न्तगत संघीय विधेयक, अध्यादेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति, कानुनी राय, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ती, अन्तर्राष्ट्रिय कानुनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणहरुमा परामर्श दिने, संघीय कानुनको प्रकाशन तथा वितरण, नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण तथा प्रकाशन लगायत २३ जिम्मेवारी रहेका छन् । मन्त्रालयबाट मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन, कानुनी शासनको प्रत्याभूती दिने, जनतामा कानुनी शासन र कानुनी सहायताको प्रभावकारीता अभिवृद्धि गर्ने, संघीय कानुन तर्जुमा गर्दा सैद्धान्तिक सहमति प्रदान गर्ने, कानुनको एकीकरण तथा संहिताकरण, संविधान अनुकुल हुने गरी मौजुदा कानुनमा संशोधन, परिमार्जन, पुनरावलोकन गरी कानुन र न्याय प्रणालीको अध्ययन अनुसन्धान हुदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१५ करोड ५७ लाख १६ हजार, राजस्व रु.१४ हजार, धरौटी रु.२ लाख २५ हजार र अन्य कारोबार ३० लाख १७ हजार समेत रु. १५ करोड ८९ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **संगठन संरचना** - मन्त्रालय मातहत ११ कार्यालय रहेका छन् । मन्त्रालयबाट सम्पादन हुने काम कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न मन्त्रालयमा ५ महाशाखा मार्फत सेवा प्रवाह हुँदै आएको छ । हाल मन्त्रालयले संघीय निजामती सेवा मार्फत, संघीय संसद, विभिन्न मन्त्रालय, संवैधानिक आयोग/निकाय प्रदेश मन्त्रालय, प्रदेश सभा लगायतका निकायमा कानून समुहका कर्मचारी मार्फत सेवा प्रवाह गर्दै आएको छ ।

२. **कार्य प्रगति** - कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयले कानुनको संशोधन, खारेज, तर्जुमा र मस्यौदा उपर सहमति दिनुपर्ने व्यवस्था बमोजिम नेपालको संविधान जारी भए पश्चात् मन्त्रालयको सहमति मार्फत प्रचलित २४२ कानुनको संशोधन तथा १३ ऐन र ४७ नियमावली खारेज भई १२७ वटा नयाँ ऐन जारी भएका छन । वर्तमान सरकार गठन पश्चात् ३७ ऐन र ८ अध्यादेश जारी भएका छन । मन्त्रालयको वार्षिक कार्यक्रमअनुसार यस वर्ष नयाँ सैद्धान्तिक सहमति, नयाँ विधेयक मस्यौदा तर्जुमा सहमति, संशोधन विधेयक मस्यौदा तर्जुमा सहमति र नयाँ नियम तर्जुमा सहमतिसमेत १०५ कार्यक्रम स्वीकृत भएकोमा ६५ कार्यक्रम सम्पन्न भएको छ ।

- **बेरुजू स्थिति** - मन्त्रालय र मातहतसमेत ७ निकायमा यो वर्ष रु २७ लाख ९४ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची - १५ मा छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा कृषि र पशु विकास सम्बन्धी नीति योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदेबाली, औद्योगिकबाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन गर्ने, कृषि अनुसन्धान र प्रविधि विस्तार गर्ने, कृषि इन्जिनियरिङ्ग र उन्नत कृषि औजारको अनुसन्धान विकास तथा विस्तार, पशुपालन तथा विकास, व्यवस्थापन, पशुपन्छीका जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन, पशुपन्छी सँग सम्बन्धित विषयमा अध्ययन सर्वेक्षण गर्ने लगायतका कार्यहरु पर्दछन् । मन्त्रालय र अन्तर्गतका ४०२ कार्यालयबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२४ अर्ब ३८ करोड ७३ लाख, राजस्व रु.४५ करोड ९६ लाख, धरौटी रु. ५१ करोड ६३ लाख र अन्य कारोबार रु.५१ करोड ८५ लाखसमेत रु.२५ अर्ब ८८ करोड १७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सँगठित संस्था समिति र अन्य संस्थासमेत १४ निकायको रु.१५ अर्ब ६० करोड ९६ लाखको लेखापरीक्षण गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **योजनाको कार्यान्वयन -** चौधौं योजना (२०७३।७४-७५।७६) ले कृषि क्षेत्रमा वृद्धि दर ४.७ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३०.४ प्रतिशत हुने लक्ष्य तोकेकोमा मन्त्रालयबाट प्राप्त विवरण अनुसार क्रमशः २.७ र २७.६ प्रतिशत भई ५७.४५ र ९०.७९ प्रतिशत प्रगति भएको छ । गहुँ, दलहन, फलफूल, चिया र माछा उत्पादनमा लक्ष्यअनुसार प्रगति भएको छैन । पशुपालनमा युवालाई आकर्षित गर्ने कार्यक्रम लागू गर्न नसकेको, अनुदान रकमको उपलब्धि मूल्याङ्कन हुन नसकेको, पशुपालन कार्यको व्यवसायीकरण हुन नसकेको अवस्था रहेकोले चौधौं योजनाको अपेक्षित लक्ष्य हासिल हुनसक्ने देखिँदैन ।

२. **बजेट कार्यान्वयन -** आर्थिक वर्ष २०७४।७५ को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयनको स्थिति देहायबमोजिम छन् :

२.१. कृषि प्रणालीलाई वैज्ञानिक, व्यावसायिक र वातावरण तथा जलवायु अनुकूलित बनाई दिगो विकासको आधार तयारीमा कृषकको क्षमता विकास, स्रोत बीउ उत्पादन, बाली रोग व्यवस्थापन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत कृषक वर्गीकरण, मापदण्ड पुनरावलोकन तथा कृषक परिचयपत्र वितरणसम्बन्धी कार्य गर्ने उल्लेख भएकोमा सो व्यवस्थापन गर्न कार्यविधि तयार गरेको छैन । अनुदान वितरणबाट प्राप्त प्रतिफलको समेत मूल्याङ्कन गर्ने गरेको छैन ।

२.२. मध्य पहाडी लोकमार्ग र उत्तर दक्षिण लोकमार्गको नजिक कृषि बजारको पूर्वाधार निर्माण गरी कृषकको बजार पहुँच वृद्धि कार्यक्रमअन्तर्गत सुर्खेतमा क्षेत्रीय कृषि उपज थोक बजारको पूर्वाधार निर्माण भए तापनि अन्य स्थानमा सो कार्य भएको छैन । नेपाली कृषि उत्पादन निर्यात गर्न ब्राण्डिङ गरिने कार्यक्रम रहेकोमा सो कार्य भएको छैन । सामूहिक खेती गर्ने कृषकलाई एकीकृत रुपमा प्राविधिक सहयोग उपलब्ध गराउन १५७ विद्यार्थीलाई सम्बन्धित ब्लक, जोन र सुपरजोनमा ६ महिनाको लागि खटाएकोमा सो कार्यक्रमको प्रभावकारिता विश्लेषण गरेको छैन ।

२.३. देशभर कृषि बीमा विस्तार गर्ने कार्यक्रमअर्न्तगत बीमा प्रिमियमको ७५ प्रतिशत अनुदान दिने कार्यलाई निरन्तरता दिए तापनि सबै किसानलाई समेट्न सकेको छैन । रासायानिक मल र उन्नत बीउमा दिँदै आएको अनुदानलाई निरन्तरता दिए तापनि मागअनुसार मल बीउ वितरण हुन नसकेको, कृषि र पशुपालनलाई व्यवसायीकरण गरी युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने, दुग्ध पदार्थमा आत्मनिर्भर हुन दुग्ध उद्योग स्थापना गरी युवालाई रोजगारी प्रदान गर्ने कार्यमा लक्ष्यअनुसार प्रगति भएको छैन ।

२.४. गाईको नश्ल सुधार गरी उत्पादन वृद्धि गर्न सम्भाव्य स्थलमा उन्नत प्रजनन केन्द्र स्थापना गर्ने कार्यक्रम अर्न्तगत ६ लाख ५० हजार डोज विर्य वितरण गर्ने लक्ष्य रहेकोमा ४६ हजार ६७८ वितरण गरेको, १ लाख ५० हजार लिटर तरल नाइट्रोजन वितरण गर्ने लक्ष्य रहेकोमा २० हजार १९ लिटर वितरण गरेको र ६० जनालाई कृत्रिम गर्भाधान तालिम दिने लक्ष्य रहेकोमा २१ जनालाई तालिम प्रदान गरेको छ ।

२.५. कृषि तथा पशुपन्छी कर्जाको ब्याजमा ५ प्रतिशत अनुदानको व्यवस्थालाई निरन्तरता दिने कार्यक्रम रहेकोमा गरिब किसानलाई सर्वसुलभ रुपमा कर्जा प्राप्त गर्न कठिन रहेको देखिएकोले बैङ्कबाट प्रवाह गरेको कर्जाको अनुगमन गरेको देखिएन ।

अतः बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

३. **संगठन संरचना -** मन्त्रालय र ३ विभागसहित ११८ कार्यालयमार्फत कार्यक्रम सञ्चालन हुने गरी संगठन संरचना तयार भएको छ । साविकको जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशुसेवा कार्यालयको काम स्थानीय तहमा हस्तान्तरण गरेकोमा हाल प्रदेशअन्तर्गत कृषिका अलग अलग कार्यालयको स्थापना भएका छन् । यद्यपि स्थानीय, प्रदेश र संघीय तहवीच समन्वय गर्ने संयन्त्र तयार गरेको छैन । यसबाट ३ वटै तहबाट सम्पादित कार्यको समग्र मूल्याङ्कनमा कठिनाइ हुने देखिन्छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः योजना तथा बजेटको आंशिक कार्यान्वयन भएको, संघ, प्रदेश र स्थानीय तहबीच समन्वय हुने गरी संगठन संरचना नभएको, अनुदान वितरण र उपयोग प्रभावकारी नरहेको, उपलब्ध जनशक्तिको उपयोग गरी परामर्श खर्च कम गर्ने प्रयास नभएको, फरक फरक दरमा खरिद गरी व्ययभार बढाएको, उपकरण उपयोग नगरी मौज्दात राखेको, निर्देशिका विपरीत बैठक भत्ता खर्च गरेको, ऐनअनुसार विषादी व्यवस्थापन गर्न नसकेको, घुम्ती कोषको प्रभावकारी उपयोग हुन नसकेको, पशुपन्छी उपचार सेवा प्रभावकारी नरहेको, बेवारिस पशुको उचित व्यवस्थापन हुन नसकेको, गोदाम तथा कोल्ड स्टोरेज निर्माण अधुरो रहेको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

४. **अनुदान -** मन्त्रालयले यो वर्ष पुष्प व्यवसाय प्रवर्द्धन, रासायनिक मल खरिद, फलफूल बीउ बिजन, मत्स्य विकास, बाली संरक्षण, बाली विकास, कृषि प्रसार, कृषि तथा खाद्य सुरक्षा, तरकारी खेती, पोखरी निर्माण, एक जिल्ला एक उत्पादन, कृषि औजारलगायतका कृषिसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न ३२ आयोजनाअन्तर्गत अनुदान वितरण गर्न रु.११ अर्ब ४७ करोड ८७ लाख विनियोजन भएकोमा रासायनिक र अन्य मल खरिदको लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रु.३ अर्ब १९ करोड ५५ लाख र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रु.१ अर्ब ३९ करोड ८९ लाख उपलब्ध गराएको समेत रु.८ अर्ब ७७ करोड ४६ लाख खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

४.१. मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षको कृषि क्षेत्रको उत्पादन वृद्धिको अनुदान र उत्पादनको अवस्था निम्नानुसार रहेको छ:

आर्थिक वर्ष	अनुदान (रु.करोडमा)	खाद्यान्न उत्पादन (मे.टन हजारमा)		तरकारी उत्पादन (मे.टन हजारमा)		फलफूल उत्पादन (मे.टन हजारमा)	
		उत्पादन	प्रगति प्रतिशत	उत्पादन	प्रगति प्रतिशत	उत्पादन	प्रगति प्रतिशत
२०७०/७१	८९९	९५६३	९५.९४	३५८९	१०३.३६	९७९	१०४.१४
२०७१/७२	१०७१	९२६६	९०.७५	३६२९	१००.८	९९२	८४.०६
२०७२/७३	१००४	८६१४	७९.१६	३६४३	९९.६४	१०९७	८७.०६
२०७३/७४	१०७८	९३४५	१००.०२	४१२५	१११.४८	९७५	८०.५१
२०७४/७५	८७७	९६५७	९८.६२	४०९९	१०७.८६	१०१०	७५.४२

अनुदान र उत्पादनको तुलना गर्दा २०७१।७२ मा अनुदान खर्चमा १९.१३ प्रतिशत वृद्धि भएकोमा खाद्यान्न उत्पादन ३.१० प्रतिशतले घटी तथा २०७३।७४ मा अनुदान खर्च ७.३७ प्रतिशत वृद्धि भएकोमा फलफूल उत्पादन ११.१२ प्रतिशत घटी भएको छ । विगत ५ वर्षमा समग्रमा तरकारी उत्पादनतर्फ लक्ष्य अनुसार उत्पादन भए तापनि खाद्यान्न र फलफूल उत्पादनतर्फ लक्ष्यअनुसार उत्पादन भएको छैन । अनुदानको सदुपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्दछ ।

४.२. प्रत्येक वर्ष नयाँ कार्यक्रम प्रस्ताव गर्ने, कार्यविधि र निर्देशिकामा पटक पटक संशोधन हुने, एकै प्रकृतिका क्रियाकलापमा फरक फरक कार्यविधि तयार हुने, कार्यक्रम सञ्चालन निर्देशिका सरल र स्पष्ट नहुने वास्तविक कृषकको पहिचान नगर्ने जस्ता कारणबाट अनुदानको उपयोग प्रभावकारी हुन सकेको छैन ।

४.३. मकैको उन्नत बीउ, मसिना तथा वासनादार धानको उन्नत बीउ र स्रोत बीउमा ७५ प्रतिशत अनुदान दिने गरेको, मकैको स्रोत बीउ, मेसिनरी, पावर टिलरलगायत अन्य प्रशोधन उपकरण, मसिना धानको स्रोत बीउ, हिंउदे कोशेबाली बीउ, यन्त्र उपकरण र भण्डार घरमा ५० प्रतिशत अनुदान दिने गरेको छ । ढुवानी र क्षमता विकास, प्याकेजिङ तथा ब्राण्डीङ, हरियो मलको उन्नत बीउ र बीउ परीक्षण आदिमा सत प्रतिशत अनुदान दिने गरी निर्देशिका तयार गरिएका छन् । यसरी अनुदान दर फरक गर्नुको औचित्य खुलाएको छैन । अनुदानमा एकरुपता ल्याउन कार्यविधि र निर्देशिकाको पुनरावलोकन हुनुपर्ने देखिएको छ ।

४.४. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा स्वीकृत बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रमअनुसार रासायानिक मल खरिदको लागि अनुदान दिने व्यवस्थाअनुसार कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई परिमाणको आधारमा सञ्चालन खर्च रु.५२ करोड ८८ लाख ६९ हजार थप अनुदान दिएको छ । स्वीकृत कार्यक्रममा मल खरिदमा अनुदान दिने व्यवस्था भएकोमा अन्य प्रशासनिक कार्यमा अनुदान खर्च गर्न मिल्ने देखिँदैन । यसमा नियन्त्रण हुनुपर्दछ ।

४.५. अनुदान उपलब्ध गराउने कार्यविधि अनुसार अनुदानग्राही संस्थाले घटीमा ५ वर्षसम्म काम गर्नुपर्ने, योजनाअनुसार काम नगरेमा वा ५ वर्ष अगावै तरकारी खेती कार्य बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित दरअनुसार ब्याज सहित फिर्ता गर्नुपर्ने व्यवस्था छ । तरकारी विकास निर्देशनालयले प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधिबाट तरकारी खेती गर्ने कार्यक्रमअन्तर्गत काठमाडौँ, ललितपुर, नुवाकोट, मकवानपरु, काभ्रे, सिन्धुपाल्चोक, चितवन, कैलाली र लमजुङका ९४ संस्थालाई जी.आई.पाइप टनेल, नेचुरल भेन्टिलेटेड ग्रिनहाउस र एग्रिनेट हाउस निर्माणको लागि रु.९ करोड ४१ लाख ८९ हजार अनुदान दिएको छ । निर्देशनालयले अनुदानग्राहीको अभिलेख राखी अनुगमन गरेको देखिएन । सम्झौता अनुसार काम भए नभएको अनुगमन हुनुपर्दछ ।

४.६. एक जिल्ला एक उत्पादन कार्यक्रमअन्तर्गत जिल्ला कृषि विकास कार्यालय, सुनसरीले एक कृषि फर्ममा माछाको दाना उत्पादन गर्ने मेसिन जडान नहुँदै रु.९१ लाख ९७ हजार अनुदान भुक्तानी गरेको नियमसम्मत देखिएन ।

४.७. अनुदान रकमको उद्देश्यमूलक उपयोग सम्बन्धमा अनुगमन गरी सदुपयोग नगर्नेबाट रकम फिर्ता लिने, उद्यमी, कृषक र सहकारी संस्थालाई अनुदान दिँदा उत्पादन र उत्पादकत्व बढाउने, प्रविधि वा उपकरण/सामग्री, क्षेत्रफल/संख्या विस्तार गर्न सहयोग पुग्ने, उत्पादन लागत घटाउने र प्रतिस्पर्धात्मक क्षमता बढाउने प्रविधि/साधनहरु, गरिबी निवारण तथा रोजगारी सिर्जनामा सहयोग गर्ने क्षेत्रमा अनुदान उपलब्ध गराउने नीति अवलम्बन गर्नुपर्दछ । त्यस्तै प्रविधि/साधनहरु, उत्पादन सामग्रीहरु, रासायानिक मल, प्राङ्गारिक मल, उन्नत बीउ बिजन, सिँचाइ, मेसिनरी औजार, जैविक तथा रासायानिक विषादी तथा बीमा प्रिमियम जस्ता क्षेत्रमा बाली वस्तुको किसिम, भौगोलिक क्षेत्र, सम्भावित जोखिम र लागत सहभागिताको आधारमा समान पहुंच हुने गरी प्रदान गरी अनुदान रकमको प्रभावकारिता बढाउनुपर्ने देखिन्छ ।

५. **वैदेशिक सहायता -** दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ९ आयोजनामा रु.३३ अर्ब ३९ करोड ७७ लाख खर्च गर्ने सम्झौता भएकोमा हालसम्म रु.१९ अर्ब १९ करोड ९१ लाख खर्च भएको छ:

(रकम रु.लाखमा)

सि.नं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालन भएका जिल्ला	आयोजना शुरु वर्ष	आयोजना सम्पन्न वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	व्यवसायिक कृषि तथा व्यापार आयोजना	विश्व बैङ्क	७५ जिल्ला	२०६६/६७	२०७४/७५	५५८००	५०१२६	८९.८३
२.	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	विश्व बैङ्क	झापादेखि कैलाली सम्म २५ जिल्ला	२०७०/७१	२०७४/७५	५१५४	६०७३	११७.८३
३.	कृषि तथा खाद्य सुरक्षा आयोजना	विश्व बैङ्क	मध्यपश्चिम र सुदूर पश्चिमका १९ जिल्ला	२०६९/७०	२०७४/७५	६३२९२	५१७४३	८१.७५
४.	एकीकृत जलस्रोत व्यवस्थापन आयोजना	विश्व बैङ्क	मध्यपश्चिम र सुदूर पश्चिमका ४४ जिल्ला	२०७१/७२	२०७४/७५	६५१६	५५५७	८५.२८
५.	साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना	ए.डि.बी.	मध्यपश्चिम र सुदूर पश्चिमका १० जिल्ला	२०६७/६८	२०७५/७६	२५९२०	११८३४	४५.६५

६.	उच्च मूल्य कृषि वस्तु विकास आयोजना	आईफाड	मध्यपश्चिमका ७ जिल्ला	२०६८/६९	२०७५/७६	१४७२०	१४८७८	१०१.००
७.	किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम	आईफाड	पश्चिम र मध्यपश्चिमका ६ जिल्ला	२०६९/७०	२०७५/७६	४७७६०	२४८०४	५१.९३
८.	उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना	एसियाली विकास बैङ्क	उच्च पहाडी १० जिल्ला	२०६८/६९	२०७४/७५	२६९४३	२६२३४	९७.३६
९.	नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजना	विश्व बैङ्क	२८ जिल्ला	२०७४/७५	२०८०/८१	८७८७२	७४२	०.८५
					जम्मा	**३३३९७७**	**१९१९९१**	**५७.४८**

साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाको ८८.८९ प्रतिशत अवधि समाप्त हुँदा ४५.६५ प्रतिशत र किसानका लागि उन्नत बीउ बिजन कार्यक्रमको ८५.७१ प्रतिशत अवधि समाप्त हुँदा ५१.९३ प्रतिशत वित्तिय प्रगति रहेकोले बाँकी अवधिमा तोकिएअनुसार कार्यप्रगति हुने अवस्था देखिँदैन ।

६. **परामर्शसेवा खर्च -** देहायका ९ आयोजनाको कुल लागत रु.३३ अर्ब ४१ करोड ३५ लाख भएकोमा यो वर्ष रु.३ अर्ब ३६ करोड ६२ लाखसमेत हालसम्म रु.१९ अर्ब १९ करोड ५६ लाख खर्च गरेका छन् । उक्त खर्चमध्ये परामर्शसेवामा रु.२ अर्ब ७१ करोड ३५ लाख (१४ प्रतिशत) खर्च गरेको देखिन्छ । परामर्शसेवामा १.९५ देखि २३.६९ प्रतिशतसम्म खर्च गरेको देखिन्छ ।

(रकम रु.लाखमा)

सि.नं.	आयोजनाको नाम	कुल लागत	यो वर्षको खर्च	हाल सम्मको खर्च	परामर्श सेवाको खर्च	खर्च मध्ये परामर्श सेवाको खर्च प्रतिशत
१.	व्यवसायिक कृषि तथा व्यापार आयोजना, काठमाडौं	५५८००	१२६३७	५०१२६	८०९४	१६.१४
२.	साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, नेपालगन्ज	२५९२०	२२६९	११८३४	२३९०	२०.१९
३.	कृषि तथा खाद्य सुरक्षा आयोजना, काठमाडौं	६३२९२	३२०८	५१७४३	९७९८	१८.९४
४.	किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम, बुटवल	४७७६०	६६६६	२४८०४	१०२७	४.१४
५.	उच्च मूल्य कृषि वस्तु विकास आयोजना, सुर्खेत	१४८७८	२४४८	१४८४३	३५१६	२३.६९
६.	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना, काठमाडौं	५१५४	१७७२	६०७३	१३९७	२३
७.	एकीकृत जलस्रोत व्यवस्थापन आयोजना, ललितपुर	६५१६	१०८३	५५५७	३३७	६.०६
८.	उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना	२६९४३	२९९९	२६२३४	५११	१.९५
९.	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	८७८७२	५८०	७४२	६५	८.७६
	जम्मा रु.	**३३४१३५**	**३३६६२**	**१९१९५६**	**२७१३५**	**१४.१३**

दातृ निकायसँगको सम्झौतामा वैदेशिक सहायताबाट कृषकलाई अनुदान वितरण गर्न परामर्शसेवाको अनिवार्यताले गर्दा सरकारी निकायमा कार्यरत जनशक्तिको उपयोग अवस्था न्यून रहेको छ । अतः आयोजना सञ्चालन गर्दा सरकारी निकायमा उपलब्ध जनशक्तिको उपयोग गरी परामर्शदाता खर्चमा कमी ल्याउनुपर्दछ ।

७. **रासायनिक मल -** राष्ट्रिय मल नीति, २०५८ मा रासायानिक मलको सम्भाव्य खपतको करिब २० प्रतिशत परिमाण जगेडा रहनुपर्ने व्यवस्था छ । कृषकको माग विश्लेषण नगरी वार्षिक ३ लाख ३८ हजार मेट्रिक टन रासायानिक मल खरिद गर्न अनुदान दिएकोले मागअनुसार आपूर्ति हुन सकेको छैन । मन्त्रालयबाट रासायानिक मल आवश्यकताको विश्लेषण गरी खरिद तथा वितरण कार्ययोजना तयार नगरेकोले मल आपूर्तिमा समस्या देखिएको छ । आवश्यकता विश्लेषण गरी माग र आपूर्तिबीच सन्तुलन मिलाउनुपर्ने देखिन्छ ।

८. **फरक दरमा खरिद** - साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले बहराइनबाट प्रति मेट्रिक टन रु.३२ हजार ६६८ का दरले २७ हजार १९१ मेट्रिक टन युरिया मल खरिद गरेको छ भने चीनबाट प्रति मेट्रिक टन रु.४१ हजार ३७ का दरले ५७ हजार ७४६ मेट्रिक टन खरिद गरेको देखियो । चीनबाट खरिद गर्दा प्रति मेट्रिक टन रु.८ हजार ३६९ का दरले रु.४८ करोड ३२ लाख ७६ हजार बढी लागत पर्न गएको छ । यसैगरी साल्ट ट्रेडिङ कर्पोरेसनले चीनबाट आयात गरी एक कम्पनीबाट औसतमा प्रति मेट्रिक टन रु.४६ हजार ६९ का दरले २२ हजार १५९ मेट्रिक टन डिएपी मल खरिद गरेको छ भने सोही देशको अर्को एक कम्पनीबाट प्रति मेट्रिक टन रु.५३ हजार ९६२ ले १९ हजार ५४१.३० मेट्रिक टन खरिद गरेकोले प्रति मेट्रिक टन रु.७ हजार ८९३ ले हुने रु.१५ करोड ६१ लाख ९४ हजार बढी लागत परेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घटबट भैरहने प्रवृत्ति रहेको हुँदा समयमा खरिद योजना बनाई खरिद गर्न नसक्दा रु.६३ करोड ९४ लाख ७० हजार बढी लागत परेको छ । खरिद लागत कम पर्ने गरी खरिद योजना र खरिद प्रक्रियाको अवलम्बन गर्नुपर्दछ ।

९. **विद्युत महसुल -** कृषि उपज भण्डारण गरिने शीत भण्डार तथा दुग्ध चिस्यान केन्द्र सञ्चालनमा लाग्ने विद्युत महसुलमा ५० प्रतिशत छुट दिने नीतिअनुरुप २०७०।७१ देखि २०७३।७४ सम्म ३८ शीतभण्डारको बक्यौता विद्युत महसुल रु.१६ करोड ६० लाख ९८ हजारमध्ये जरिबाना बाहेकको रु.९ करोड ९६ लाख ५९ हजार नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी दिएको छ । सचिवस्तरको २०७४।७।२८ को निर्णयमा कृषि शीत भण्डार र दुग्ध चिस्यान केन्द्रको अवस्था अनुगमन गर्ने उल्लेख भएकोमा विद्युत महसुल बक्यौताको सम्बन्धमा अनुगमन/मूल्याङ्कन नगरी विद्युत बिल बेगर भुक्तानी दिएको छ ।

१०. **कृषि उद्यम केन्द्रलाई अनुदान -** राष्ट्रियस्तरमा सवल, सशक्त, दिगो र निजी क्षेत्र निर्देशित उच्च आर्थिक विकासमा योगदान पुऱ्याउन निर्यात योग्य उच्च मूल्यका कृषिजन्य वस्तुको उद्योग, व्यवसायको पहिचान, प्याकेजिङ तालिम, उद्यमशील तालिम, भण्डारण क्षमता विस्तारलगायतका कार्य गर्न ६ आयोजनाअर्न्तगतका कार्यको लागि नेपाल उद्योग वाणिज्य महासंघअर्न्तगतको कृषि उद्यम केन्द्रलाई २०७०।७१ देखि २०७४।७५ सम्म उच्च मूल्य कृषि वस्तु कार्यक्रममा रु.८ करोड ४५ लाख २५ हजार, उच्च पहाडी कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार कार्यक्रममा रु.१३ करोड ९२ लाख ६८ हजार, साना तथा मझौला कृषक आयस्तर वृद्धि कार्यक्रममा रु.५ करोड ५३ लाख ९७ हजार, किसानका लागि उन्नत बीउ बिजन कार्यक्रममा रु.१८ करोड ४७ लाख ६८ हजार, एक गाउँ एक उत्पादन कार्यक्रममा रु.१९ करोड २४ लाख ४१ हजार, एक जिल्ला एक उत्पादन कार्यक्रममा रु.२८ करोड १ लाख ४९ हजारसमेत रु.९३ करोड ६५ लाख ४८ हजार अनुदान उपलब्ध गराएको छ । उच्च मूल्य कृषि वस्तु, जीविकोपार्जन सुधार, आयस्तर वृद्धि, उन्नत बीउ बिजन लगायतका कार्यक्रम मन्त्रालय मातहतका आयोजनाबाट समेत सञ्चालन भएको अवस्थामा केन्द्रलाई दिएको अनुदानबाट सञ्चालन हुने कार्यक्रममा उपलब्धि सुनिश्चितता गरेको छैन । अतः अनुदान उपयोग र उपलब्धि सम्बन्धमा मन्त्रालयले अनुगमन तथा मूल्याङ्कन गरी अनुदानको निरन्तरतामा पुनरावलोकन गर्नुपर्दछ ।

११. **उपकरण खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले पशुपालन सर्वेक्षणको लागि १८० थान ट्याबउपकरण खरिद गरी रु.४६ लाख २४ हजार र पशुस्वास्थ्य निर्देशनालय, त्रिपुरेश्वरले १०० थान ट्याबउपकरण खरिद गरी रु.२२ लाख ६० हजार समेत रु.६८ लाख ८४ हजार भुक्तानी गरेकोमा उक्त सामान मौज्दात मै रहेको देखियो । उपकरण खरिद गरी मौज्दात राखेकोले उक्त सामान नासिने र गुणस्तरमा ह्रास आउने हुँदा आवश्यकता पहिचान नगरी खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सामान उपयोगमा ल्याउनुपर्दछ ।

१२. **बीमा प्रिमियम -** यो वर्षको बजेट वक्तव्यमा बाली तथा पशुपन्छी बीमाबापत तिरेको प्रिमियमको ७५ प्रतिशत अनुदान कृषकलाई उपलब्ध गराउने व्यवस्था उल्लेख छ । उक्त बीमाको प्रिमियम अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० बमोजिम बीमा समितिको माग अनुसार यो वर्ष रु.३० करोड ४६ लाख ५१ हजार बाली तथा पशुधन बीमा कोष समितिमा निकासा दिएको छ । वास्तविक बीमित संख्या, बीमा प्रिमियम रकमसहितको अभिलेख पेस नभएकोले बीमा कार्यक्रमको प्रभावकारिता विश्लेषण गर्न सकिएन । मन्त्रालयले अध्ययन विश्लेषण गरी प्रभावकारिता हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१३. **वैदेशिक भ्रमण -** यो वर्ष कृषि मन्त्रालय र अन्तर्गतका ८२३ जना नेपाल सरकारको स्रोतबाट व्यहोरिने गरी विभिन्न मुलुकमा वैदेशिक भ्रमण गर्दा रु.१४ करोड ७६ लाख ४१ हजार खर्च गरेको देखियो । किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम अन्तर्गत जुन १५ देखि २२, २०१८ सम्म २३ कर्मचारी भारतको उत्तर प्रदेशमा पर्ने आग्रा, हरियाणाको कर्नाल भ्रमण गरेकोमा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भत्ताको ५० प्रतिशत भुक्तानी गर्नुपर्नेमा पूरै भुक्तानी गरेको र नयाँ दिल्ली स्थित विभिन्न स्थानको अवलोकन भ्रमण गरेको मध्ये दुइ दिन उत्तर प्रदेशको मथुरा, तीन दिन हरियानाको कर्नाल र काठमाडौं फर्केको दिनको पुरै दैनिक भत्ता भुक्तानी भएकोले उल्लिखित प्रावधान अनुसार बढी भुक्तानी भएको रु.९ लाख ४४ हजार तथा भियतनाम, लाओस र कम्बोडियामा भ्रमण गरेका ३८ कर्मचारीलाई काठमाडौं फर्केको दिनको पुरै दैनिक भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१ लाख ४७ हजार समेत रु.१० लाख ९१ हजार असुल गर्नुपर्दछ ।

कृषि विभाग

१४. **भुरा माछा -** स्वीकृत नर्म्सअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जिल्ला कृषि विकास कार्यालय, धनुषाले राहत कार्यक्रमअन्तर्गत २१ कृषकलाई माछा भुरा प्रति कृषक १ हजार देखि १० हजारका दरले ५९ हजार ५५० गोटा वितरण गरेको देखियो । मत्स्य विकास तालिम केन्द्र, जनकपुरको स्टान्डर्ड फिंगर लिङ्ग ३ देखि ४.५ ग्रामका भुरा प्रति गोटा रु.१।५० र कृषि बिभागको स्टान्डर्ड फिंगर लिङ्ग ४.५ ग्राम तौल सम्मका भुराको प्रति गोटा दर रु.१।७५ रहेकोमा कार्यालयले विभाग तथा केन्द्रसँग समन्वय नगरी १०० ग्राम सम्मका ८० हजार ७५० गोटा भुरा प्रति गोटा रु.५९।५० देखि रु.८९।५० सम्ममा खरिद गरेको छ । स्वीकृत कार्यक्रममा ४.५ ग्राम सम्म तौलका माछा भुरा वितरण गर्ने व्यवस्था रहेकोमा १०० ग्रामका भुरा माछा वितरण गरी रु.६५ लाख ८५ हजार थप व्ययभार पारेको छ । यसमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

१५. **होमस्टे सञ्चालन -** तरकारी विकास निर्देशनालयले अर्गानिक कृषि पर्यटन, अर्गानिक भिलेज, मोर्डन ग्रिन टुर भिलेज जस्ता कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम अर्न्तगत ५० प्रतिशत अनुदानमा कैलाली, सुनसरी, सोलुखुम्बु र उदयपुरमा होमस्टे स्थापना र सञ्चालनको कार्य सम्पन्न प्रतिवेदन तथा खर्चको विवरण बेगर ४ संस्थालाई रु.९७ लाख ५० हजार भुक्तानी भएको छ । बुङआलु र स्थानीय कृषि उपज बिक्रीको लागि होमस्टे सञ्चालन गर्न सोलुको एक होमस्टेसँग रु.५५ लाख ३७ हजारको सम्झौता गरी रु.५३ लाख ४१ हजारको कार्य सम्पन्न भएको भनि रु.२४ लाख ३७ हजार अनुदान उपलब्ध गराएको छ । कृषि उपज उत्पादनको लागि आवश्यक मल, बीउ र खेती संरक्षणमा अनुदान वितरण नगरी होमस्टे निर्माण तथा सञ्चालनमा कार्यक्रम तय गरी खर्च गरेकोले अनुदानको उद्देश्य मूलक उपयोग भएको देखिएन ।

१६. **विषादी व्यवस्थापन -** जीवननाशक विषादी ऐन, २०४८ र नियमावली, २०५० ले तोकेको परिधिभित्र रही विषादीको आयात, उत्पादन, किनबेच तथा प्रयोगको समुचित अनुगमन, नियन्त्रण र विषादी व्यवस्थापन गर्नुपर्ने व्यवस्थाअनुसार प्लान्ट क्वारेन्टाइन एवं विषादी व्यवस्थापन केन्द्रले फलफूल तथा तरकारी बालीमा विषादीको अवशेष विधिबाट मापनगर्ने कार्य ७ प्रयोगशालाबाट ४ हजार ७८२ नमुना परीक्षण गर्दा ४ हजार ६४६ ग्रीन, १०३ पँहेलो र ३३ मा रातो स्तरको विषादी अवशेष भेटिएको छ । विषादी अवशेष द्रुत विश्लेषण इकाई, कालिमाटीले यो वर्ष १ हजार ८५० वटा नमुना परीक्षण गरेकोमा १ पहेँलो र ३ रातो र १ हजार ८४६ नमुना हरियो देखाएको छ । हरियो स्तरको वस्तु उपभोग योग्य मानिएको छ । विषादी अवशेष देखिएका वस्तुको उपभोग तथा प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर परिरहेकोले विषादी आयात, उत्पादन, बिक्री वितरणका चरणमा ऐन, नियमबमोजिम कडाइका साथ विषादी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१७. **खरिद प्रक्रिया** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र ११ मा निर्माण कार्य तथा मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने, नियम ३१ मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पुष्प विकास केन्द्रले फ्लोरिकल्चर एसोसियसनलाई दिएको रु.३ करोड ३२ लाख २७ हजार अनुदानमध्ये एसोसियसनले ग्रिन हाउस निर्माणलगायतका कार्यको लागि ७ निर्माण व्यवसायीलाई प्रतिस्पर्धाबाट निर्माण कार्य गराएको प्रमाण बेगर रु.२ करोड ६५ लाख २ हजार भुक्तानी गरेको छ । नियमको पालना हुनुपर्दछ ।

१८. **बीउको गुणस्तर परीक्षण -** जिल्ला कृषि विकास कार्यालय, बैतडीले ५० प्रतिशत अनुदानमा उन्नत गहुँ, मकै भटमासको मूल बीउ वितरण तथा बीज वृद्धि कार्यक्रम सञ्चालन गर्न ६ संस्थाबाट त्यस्ता बीउ खरिद गरी रु.२९ लाख ७४ हजार भुक्तानी गरेको छ । कृषकबाट गरेको खर्चको अभिलेख नराखेको तथा सबै बीउको उमारशक्ति परीक्षण नगरी बीउ वितरण गरेकोले गुणस्तर परीक्षण गरी वितरण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१९. **भवन निर्माण -** कृषि सूचना तथा सञ्चार केन्द्र, ललितपुरले कार्यालय भवन, टेलिभिजन स्टुडियो तथा एफ. एम. टावर निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु १ करोड ९९ लाखको संझौता गरी गतवर्षसम्म रु १ करोड २ लाख १७ हजार भुक्तानी भएको छ । सम्झौताअनुसार २०७५।१।१३ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा ६० प्रतिशतमात्र निर्माण सम्पन्न गरेको र सो पश्चात् म्याद थपसमेत नभएकोले बाँकी कार्य सम्पन्न गर्न सम्झौता अनुसार आवश्यक निर्णय गर्नुपर्दछ ।

पशुसेवा विभाग

२०. **मासु पसलको अनुगमन -** पशु वधशाला र मासु जाँच ऐन,२०५५ मा इजाजतपत्र नलिई मासु पसल सञ्चालन गरेमा दण्ड सजायको व्यवस्था छ । त्यस्तै संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ मा मासु पसलको अनुगमन गर्ने व्यवस्था छ । विभाग र मातहत निकायले यस वर्ष देशभरको मासु पसलमध्ये ४८४ को अनुगमन गर्दा २८८ (६४ प्रतिशत) दर्ता नभई सञ्चालनमा रहेको र ३०८ (६० प्रतिशत) मापदण्ड पूरा नगरी सञ्चालनमा रहेको देखिएको छ । दर्ता नभएका र मापदण्ड पूरा नगरेका मासु पसलमाथि कानुनबमोजिम कारबाही हुनुपर्दछ ।

२१. **पशुजन्य उत्पादन -** पशुजन्य उत्पादनतर्फ गत आर्थिक वर्षमा प्रतिव्यक्ति प्रति वर्ष ४८ का दरले पुग्ने गरी अण्डा उत्पादन गर्ने लक्ष्य राखेकोमा ५० गोटा पुगेको, मासु तर्फ प्रतिव्यक्ति प्रति वर्ष १४ किलोग्रामका दरले उत्पादन गर्ने लक्ष्य रहेकोमा १२.४ किलोग्राम पुगेको, भारतबाट आयात हुने खसी बोकाको आयातमा कमि आएको, दूधमा प्रति व्यक्ति प्रति वर्ष ९१ लि.का दरले उत्पादन गर्ने लक्ष्य राखेकोमा ७१.७ लि. उत्पादन भएको छ । देशभरमा दूध, मासु र अण्डाको माग र उत्पादन अवस्था देहायअनुसार रहेको छ:

क्र.सं	विवरण	इकाई	आवश्यकता	उत्पादन अवस्था
१.	दूध	मे.टन (हजारमा)	२५९४	२०८५
२.	मासु	मे.टन (हजारमा)	३७९	३४७
३.	अण्डा	गोटा (करोडमा)	१३५	१४७

दुग्ध उत्पादनमा वृद्धि भएसँगै स्टोरेज क्षमतामा वृद्धि नभएको र दुग्ध पदार्थको खपतमा जोड नदिँदा किसानले उत्पादन गरेको दूध बिक्री नहुने अवस्था सिर्जना भएकोले पाउडर दूध उत्पादन तथा अन्य वस्तुको उत्पादन गर्नेतर्फ समेत ध्यान दिनुपर्ने देखिएको छ ।

२२. **सामानको उपयोग -** स्थानीय तहमा करारमा खटिने १ हजार ५ सय प्राविधिक कर्मचारीलाई पशुसम्बन्धी सर्जिकल उपकरण, माइक्रोस्कोप, सेन्ट्रिफ्यूज र कुलबक्स जस्ता सामान वितरण गर्न ३ आपूर्तकबाट रु.५ करोड ३५ लाख ५९ हजारमा खरिद गरेको छ । खरिद भएका सामान क्षेत्रीय पशु सेवा प्रयोगशालाहरुमा मौज्दात रहेको छ । खरिद भएका सामानको समुचित उपयोग हुनुपर्दछ ।

२३. **घुम्ती कोष -** पशु स्वास्थ्य निर्देशनालयले २०७४।७५ को एकीकृत आर्थिक विवरण तयार गरेको छैन । गत वर्षको आर्थिक विवरणमा घुम्ती कोषमा रु.२४ करोड २४ लाख आम्दानीमध्ये रु.१ करोड ९२ लाख लगानी गरी रु.२२ करोड ३२ लाख मौज्दात रहेको उल्लेख छ । घुम्ती कोषको प्रभावकारी उपयोग भए नभएको यकिन गरी एकीकृत आर्थिक विवरण तयार गरी मौज्दात रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२४. **खोप खरिद -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा कार्यालयको आवश्यकता भन्दा बढी सामान खरिद गर्न नहुने उल्लेख छ । पशुस्वास्थ्य निर्देशनालयले राष्ट्रिय खोरेतरोग नियन्त्रण कार्यक्रमअन्तर्गत १८ लाख डोज खोप र राष्ट्रिय पशुरोग नियन्त्रण कार्यक्रमअन्तर्गत डिस्पोजल सिरिन्ज/निडल ३२ लाख थान खरिद गरी रु.३ करोड ४ लाख खर्च गरेको छ । खरिद भएका खोप तथा सिरिन्ज र निडलमध्ये रु.१ करोड ४५ लाख मूल्यका सामान मौज्दातमा रहेको छ । आवश्यकताको आधारमा मात्र त्यस्ता खोप सामग्री खरिद गरी समयमै उपयोग हुने व्यवस्था गर्नुपर्दछ ।

२५. **पशुपन्छी उपचार सेवा :** पशुपन्छी उपचार सेवा, पशुस्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन पशुजन्य रोगको रोकथाम, उपचार र खोप कार्यअर्न्तगत गाई, भैंसी, बाख्रा, कुकुर, बिरालो, कुखुरा हाँस, बंगुर खरायोलगायत १३ हजार २६७ पशुपन्छीको उपचार, ६२० गाई भैसीमा कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार, २ हजार ९९० नमुना सङ्कलन तथा ५ हजार ५६५ पशुपन्छीको रोग निदान गरी उपचार, २६१ एक्सरेबाट रोग निदान, साझेदारीमा कुकुर बन्ध्याकरण र रेबीजरोग नियन्त्रण कार्यक्रमबाट १ हजार ५७ पोथी कुकुरको बन्ध्याकरण तथा रेबीजखोप, १ हजार कुकुरलाई निशुल्क रेबीजखोप, ३ हजार ९४६ पशु तथा १८ हजार ४७ पशुपन्छीको रोग निदानको कार्य गरेकोछ । केन्द्रिय रिफरल पशु चिकित्सालयले पशु सेवा उपलब्ध गराएबापत यो वर्ष रु ३ लाख ८२ हजार आम्दानी गरेको छ । उपर्युक्त तथ्याङ्कअनुसार पशु उपचार सेवा न्यून रहेकोले चिकित्सालयले प्रदान गर्ने पशु उपचार सेवा सुधार गरी सेवा विस्तार गर्न आवश्यक देखिएको छ ।

२६. **अनुदान भुक्तानी -** पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ को बुँदा नं. ४ (ग) मा पूँजीगत साझेदारीमा कार्यालयले कुनै निश्चित कार्यक्रम सञ्चालन गर्नको लागि प्रदान गर्ने अनुदान रकमलाई कुल लागतको ७० प्रतिशत मानी बाँकी ३० प्रतिशत रकम सम्बन्धित साझेदारले आफ्नो आन्तरिक स्रोतबाट लगानी गरी कार्यक्रम सम्पन्न गर्नुपर्ने उल्लेख छ । पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालयले युवा लक्षित पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम अर्न्तगत ग्रामीण ह्याचरी स्थापना गर्न ७० प्रतिशत रकममा ५ प्रतिशत कन्टिजेन्सी कट्टा गरी अनुदान खर्च लेख्नुपर्नेमा कार्यविधिमा उल्लेख गरिएको अनुपातमा नगरी अनुदान रकमलाई १०० प्रतिशत मानी सोको ३० प्रतिशत साझेदार संस्थाले व्यहोर्ने गरी सम्झौता गरिएको कारण साझेदार संस्थालाई रु.३८ लाख ३२ हजार थप भुक्तानी भएको छ । सम्झौता विपरीत थप खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

२७. **राजस्व -** बाखा विकास फार्म, बुढीतोलाले प्रजनन् योग्य खरी जात र बोयर जातको बाखा तथा खरी जातको बोका बिक्री गर्दा जिल्ला दररेटभन्दा बाखा १०० र बोका २०० प्रतिशत घटी दरमा बिक्री गरेकोले जिल्ला दरअनुसार असुल गर्नुपर्ने रु.१ लाख ७४ हजार र कृषि फार्म केन्द्रहरुको दोहोरो मार्ग व्यवस्थापन प्रणाली तथा अतिरिक्त कार्यक्रम सञ्चालन कोषसम्बन्धी कार्यविधि, २०६० अनुसार खुद मुनाफामध्ये १५ प्रतिशत रकम नेपाल सरकारको सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्थाअनुसार पशु विकास फार्म, कास्की अर्न्तगत पोखरा मोडल डेरी र दाना उद्योगको रु.५ लाख ७५ हजारसमेत रु.७ लाख ४९ हजार असुल गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

२८. **बोयर बोका -** कृषि तथा खाद्य सुरक्षा आयोजनाअन्तर्गत जिल्ला पशुसेवा कार्यालय, दार्चुलाले यो वर्ष १०० बोयर बोका खरिद तथा वितरण गरेको भनी रु.३० लाख खर्च लेखेको छ । कार्यालयले तयार गरेको अभिलेख पुस्तिकामा ५७ बोकामात्र वितरण गरेको उल्लेख भएकोले कम वितरण देखिएको ४३ बोयर बोकाको मूल्य रु.१२ लाख ९० हजारको सम्बन्धमा छानबिन गरी वास्तविकता यकिन गर्नुपर्दछ ।

यसैगरी सोही कार्यक्रमअन्तर्गत जिल्ला पशुसेवा कार्यालय, डोल्पाले यो वर्ष बाखा खरिदमा रु.९ लाख खर्च लेखेकोमा एक महिला समूहलाई बाखा खरिद गर्न दिएको बाखाको फोटो नै संलग्न गरी तामाखानी कुखुरापालन समूहलाई बाखा खरिदमा रु.३ लाख अनुदान दिएकोले एउटै कार्यमा दोहोरो अनुदान दिएको देखिएको छ । आवश्यक छानबिन गरी वास्तविकता यकिन हुनुपर्दछ ।

२९. **बेवारिसे गाई बाच्छाबाच्छी व्यवस्थापन -** आर्थिक सर्भेक्षणअनुसार नेपालमा हाल गाई/गोरु करिब ७४ लाख रहेको देखिन्छ । पशुको उचित व्यवस्था गर्न नेपाल सरकारले पशु कल्याण निर्देशिका, २०७३ लागू गरेको छ । पशुसेवा विभागको तथ्याङ्कअनुसार कैलाली र कञ्चनपुरमा मात्र ३ हजार ४५० छाडा पशु रहेको देखिन्छ । पशु उत्पादन निर्देशनालयले बेवारिसे गाई बाच्छाबाच्छी व्यवस्थापनको लागि ८ पशु कल्याण प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने संस्थालाई रु.३८ लाख ६८ हजार अनुदान दिएकोमा कार्यक्रमको प्रगति तथा संरचना निर्माण कार्यको अनुगमन गरी प्रगति लिएको देखिएन । देशभर रहेका छाडा बाच्छाबाच्छीको उचित व्यवस्थापन गर्न विभागले ध्यान दिनुपर्दछ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

३०. **अनुगमन तथा कारबाही -** विभाग र अर्न्तगत कार्यालयबाट १ हजार १९८ उद्योगको अनुगमन, ५५७ खाद्य उद्योग दर्ता, १ हजार ५९८ को नविकरण, खाद्य आयात, निर्यात, अनुगमनअर्न्तगत ४५ हजार ६७ नमुना परीक्षण, राजमार्गका ४६३ रेष्टुरेन्ट अनुगमन, तुरुन्त सम्बोधन हुने टोलीमार्फत ६१४ पटक अनुगमनसमेत गरेको छ ।

यसैगरी विभागबाट ५६० खानेपानी नमुना परीक्षण गर्दा १४० नमुनामा कैफियत देखिएको मध्ये ५४ नमुना कारबाहीको लागि मुद्दा दायर गरेको छ । मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने गरी दूषित पानी उत्पादन र बिक्री वितरण गर्ने उद्योगलाई कारबाही भएको देखिँदैन । खाद्य ऐन, २०२३ अनुसार आवश्यक कारबाही गरिनुपर्दछ ।

३१. **खाद्य नमुना सङ्कलन एवं परीक्षण -** खाद्य ऐन, २०२३ मा सर्वसाधारणले उपयोग गर्ने खाद्य पदार्थबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन न्यूनतम गुणस्तर निर्धारण गरेको छ । यस वर्ष विभाग र मातहत कार्यालय समेतबाट विभिन्न खाद्य वस्तुको २ हजार ८१३ नमुना सङ्कलन गरी परीक्षण गरेकोमा ३५४ (१३

प्रतिशत) वस्तु स्वीकृत स्तरअनुसार नभएको उल्लेख छ । परीक्षण गरिएको संख्या अत्यन्त न्यून देखिएको छ भने परीक्षण गरिएका केही खाद्य वस्तुको गुणस्तर स्वीकृत स्तरभन्दा कम स्तरको रहनुले मानव स्वास्थ्यमा असर पर्ने जोखिम रहेको छ । कम गुणस्तरीय सामग्री, उत्पादन, बिक्री र मिसावट गर्नेलाई कारबाही गर्नुपर्दछ ।

३२. **मुद्दा फैसला** - खाद्य ऐन, २०२३ अनुसार यो वर्ष विभिन्न खाद्य वस्तुको २ हजार ८१३ नमुना परीक्षण गर्दा ३५४ नमुना प्रतिकूल देखिएको मध्ये विभागबाट ५४, क्षेत्रीय कार्यालय विराटनगरबाट १३, हेटौँडाबाट ११९, भैरहवाबाट १२, नेपालगन्जबाट १२ र धनगढीबाट १४ गरी २२४ नमुना संख्या कारबाहीको लागि जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर भएको छ । विगत ५ वर्षमा यस्तो मुद्दा दायर संख्या १ हजार १९६ रहेकोले अनुगमन प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

व्यावसायिक कृषि तथा व्यापार आयोजना

विश्व बैङ्कको सहयोगमा सञ्चालित यो आयोजना २०६६ मा शुरु भई २०७५।३।१६ सम्म सञ्चालनमा रहेको देखिन्छ । कुल लागत रु.६ अर्ब ८८ करोड ७० लाखमध्ये यो वर्षसम्म रु.५ अर्ब १ करोड २६ लाख खर्च भएकोमा विश्व बैङ्क स्रोततर्फको रु.४ अर्ब ६२ करोड ७ लाख रहेको छ । व्यावसायिक दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि उपजहरुको मूल्य श्रृङ्खलामा आबद्ध साना किसान, कृषि सहकारी, व्यवसायी तथा उद्यमीहरुको प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्ने उद्देश्यले यो आयोजना सञ्चालन भएको देखिन्छ ।

३३. **समग्र प्रगति -** आयोजनाको कुल अवधिमा चोभारमा निर्माणाधीन थोक बजार सुविधा भवन निर्माणमा ३१.४१ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ । यसैगरी पहिलोदेखि छैठौ चरणका कार्यक्रमअन्तर्गत व्यवसायिक कृषि प्रवर्द्धनको लागि १ हजार ४०८ उपआयोजनाको सम्झौता भएमध्ये १ हजार २१६ उपआयोजनालाई अनुदान वितरण गरेकोमा १ हजार १५७ उपआयोजना मात्र सञ्चालनमा रहेको देखियो । आयोजनाले तोकिएका वस्तुको उत्पादकत्व २५ प्रतिशत, उत्पादित कृषि वस्तुको बजारीकरणमा ३० प्रतिशत तथा बिक्रीमा २५ प्रतिशतले वृद्धि गरे तापनि डेरी (दूध) उत्पादन र प्रत्यक्ष लाभान्वित संख्यातर्फ क्रमशः १.६ र ३२.६ प्रतिशत मात्र प्रगति गरेको देखियो ।

३४. **उप-आयोजना सञ्चालन -** आयोजनाले १ हजार २१६ उपआयोजनालाई रु.२ अर्ब १८ करोड ३० लाख अनुदान दिएको मध्ये सम्पन्न उपआयोजनाहरु सञ्चालनमा रहे/नरहेको सम्बन्धमा परामर्शदातामार्फत ११५ (९.४५ प्रतिशत) उपआयोजनाको अध्ययन गरेकोमा २२ (१९.१३ प्रतिशत) उपआयोजना सञ्चालनमा नरहेको उल्लेख छ । सो आधारमा २३२ उपआयोजना सञ्चालनमा नरहेका ती उपआयोजनालाई उपलब्ध गराएको अनुदान रु.४१ करोड ७६ लाख उपलब्धिविहीन हुने देखिएको छ ।

आयोजना कार्यान्वयन सहयोग समूहको कार्यालय, पोखराले २५६ उपआयोजनाको रु.१ अर्ब ३० करोड ९२ लाखको कार्य सम्पन्न भएको जनाई रु.५७ करोड ५४ लाख अनुदान भुक्तानी गरेको छ । कार्यसम्पन्न भएका उपआयोजनामध्ये तरकारी, अदुवा, दूध प्रशोधनका १५ उपआयोजना सञ्चालनमा नरहेको व्यहोरा जनाएको छ । उपआयोजना सञ्चालन नगर्ने अनुदानग्राही उपर उपआयोजना सञ्चालन निर्देशिका, २०७० तथा सम्झौताअनुसार आवश्यक कारबाही गरी कार्यक्रम सञ्चालनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३५. **अनुदान फिर्ता -** पहिलो र दोस्रो चरणका उपआयोजनामध्ये २६ उपआयोजना सञ्चालन नभएको कारण अनुदान दिएको रु.१ करोड ३२ लाख ३६ हजार फिर्ता लिनुपर्ने देखिएको मध्ये रु.५६ लाख ७६ हजार फिर्ता प्राप्त गरेकाले १५ संस्थाबाट रु.७५ लाख ६० हजार असुल गर्नुपर्दछ ।

आयोजना कार्यान्वयन सहयोग समूहको कार्यालय, ललितपुरबाट एक सहकारी संस्थासँग डेरी उद्योग उपआयोजना सञ्चालन गर्न रु.७० लाख ७३ हजारको सम्झौता भएकोमा कार्य सम्पन्न नगरेकोले पहिलो किस्ताबापतको रु.९ लाख ८२ हजार फिर्ता गर्नुपर्ने देखिएको छ ।

३६. **सञ्चालन -** मन्त्रालयअर्न्तगत सबै जिल्लामा जिल्ला कृषि विकास र पशुसेवा कार्यालय रहेको अवस्थामा उक्त निकायहरुमार्फत उपआयोजनाको स्थापना, अनुदान वितरण तथा अनुगमन हुनसक्ने पर्याप्त अवस्था रहेको स्थितिमा छुट्टै आयोजना कार्यालय स्थापना गरी सञ्चालन खर्च, सामग्री तथा सवारीसाधन, वैदेशिक भ्रमण तथा परामर्शमा रु.१ अर्ब ९८ करोड ६४ लाख (कूल खर्चको ४० प्रतिशत) खर्च गरेको छ । आयोजना

स्थापना हुँदा आफ्नो संगठन संरचनाबाट हुनसक्ने कार्यसमेत छुट्टै आयोजना स्थापना गरी थप खर्च भएकोले खर्चमा मितव्ययिता रहेको पाइएन ।

३७. **दिगोपना -** कृषि व्यवसायीहरुको मागमा आधारित बृहत् व्यवसाय परामर्शसेवा, गहन व्यवसाय विकास सेवा, व्यवस्थापकीय तथा प्राविधिक परामर्श सेवा, बजारीकरण तथा बजारमा पहुँच, लगानी तथा वित्तमा पहुँच सम्बन्धी सेवा, प्रविधिमा पहुँच एवं प्रविधि हस्तान्तरण जस्ता सेवाहरु शुल्क लिई प्रदान गर्न नेपाल कृषि व्यवसाय नवप्रवर्तन केन्द्र (नेविक) स्थापनाका लागि परामर्शदातालाई रु.७ करोड ८० लाख भुक्तानी गरेको छ । उक्त केन्द्र कम्पनी ऐन, २०६३ अन्तर्गत मुनाफा वितरण नगर्ने कम्पनीका रुपमा स्थापना भएको छ । आयोजनाको अवधि समाप्त भइसकेको तथा नेपाल सरकारले कुनै वित्तिय जिम्मेवारी नलिएको अवस्थामा केन्द्रको दिगोपनाका लागि आवश्यक वित्तिय स्रोतको सम्बन्धमा स्पष्ट मार्गचित्र तथा योजना तय नभएकाले उक्त खर्चको औचित्य स्थापित हुने देखिदैन ।

३८. **अनुदानको उपयोग -** आयोजना कार्यान्वयन सहयोग समूहको कार्यालय, विराटनगरले एक बाखा फार्म खोटाङलाई पाठा खरिद, बाखा खोर निर्माण, साइलेस पिट निर्माण गर्न रु.७३ लाख ८३ हजार र दाना ढुवानीका लागि सवारी साधन खरिद गर्न रु.२२ लाख ५० हजार समेत रु.९६ लाख ३३ हजार अनुदान दिएकोमा उक्त फार्ममा तोकिएको संख्यामा बाखा नरहेको, संरचना भत्केको र गाडी उपयोग नभएको देखियो । त्यस्तै मासु प्रशोधन केन्द्र, खोटाङलाई व्यवस्थित मासु पसल सञ्चालन गर्न रु.३४ लाख ५९ हजार भुक्तानी गरे मध्ये भवन निर्माणको लागि रु.८ लाख ७२ हजार खर्च गरेको छ । भवनको १ कोठामा २ फ्रिज र विद्युतीय जोख्ने मेसिन उपयोगविहीन अवस्थामा रहेको पाइयो । टहरा निर्माणमा रु.१५ लाख ६३ हजार अनुदान दिएकोमा २ खसी मात्र रहेको देखियो । निर्मित भवन र टहरा पूर्ण क्षमतामा सञ्चालन नभएकोले अनुदानको प्रभावकारी उपयोग भएको देखिएन ।

३९. **अनुदान खर्च -** आयोजना कार्यान्वयन सहयोग समूहको कार्यालय, ललितपुरले २४६ उप आयोजनालाई अनुदान उपलब्ध गराएको मध्ये २० अनुदानग्राहीले सम्झौताबमोजिमको कार्य सम्पन्न नगरी फरफारक गरेको देखियो । सम्झौताअनुसार पाँच वर्ष नपुगेका ४२ उपआयोजनाको लगत राखी उपआयोजना निरन्तरता भए/नभएको बारेमा अनुगमन गरेको छैन । यसैगरी लाभग्राही संस्था ७ ले उपआयोजना सञ्चालनको लागि रु.१ करोड २६ लाख १५ हजार अनुदान लिएकोमा उपआयोजनाको प्राविधिक मूल्याङ्कनअनुसार रु.९९ लाख ७६ हजारको मात्र कार्य गरेकोले बढी भुक्तानी भएको रु.२६ लाख ४० हजार असुल गर्नुपर्दछ ।

उच्च मूल्य कृषि वस्तु विकास आयोजना

गरीब, महिला तथा सीमान्तकृत जनतालाई उच्च मूल्य कृषि वस्तु र गैरकाष्ठ वन पैदावार तथा जडिबुटीजन्य वस्तुको मूल्य श्रृङ्खलामा आबद्ध गराउँदै बजारीकरण क्षमतामा सुधार ल्याई आय आर्जन र रोजगारीका अवसर सिर्जना गर्न सुर्खेत, जाजरकोट, कालीकोट, सल्यान, अछाम, जुम्ला र दैलेख जिल्लामा २०६७ मा यो आयोजना स्थापना भएको हो । आयोजनाको कुल लागत रु.१ अर्ब ४७ करोड २० लाख रहेको मध्ये नेपाल सरकारको रु.१३ करोड ४५ लाख र बाँकी आइफाड र नेदरल्यान्ड विकास नियोग एवं जनसहभागिता रहेको छ । यो वर्षसम्म आयोजनामा सोभै भुक्तानी रु.२६ करोड ३४ लाख ७ हजार समेत रु.१ अर्ब ७५ करोड ११ लाख ९७ हजार खर्च भएको छ ।

४०. **आयोजनाको उपलब्धि -** आयोजनाबाट प्राप्त विवरणअनुसार आयोजनाको कार्यक्षेत्रमा स्याउ, अदुवा, खसी/बोका, बेमौसमी तरकारी, टिमुर र बेसार खेतिको व्यवसायिक क्षेत्रफलमा १४९ प्रतिशतले वृद्धि भएको देखिन्छ । खेती गरेको क्षेत्रफल वृद्धि भए तापनि लाभान्वित परिवार संख्या ८३ प्रतिशत, कृषि वस्तुको उत्पादनमा ८९ प्रतिशत, कृषि वस्तु बिक्री वृद्धिमा ८० प्रतिशत, समूह तथा सहकारीको क्षमता वृद्धिमा ८० प्रतिशत र निजी सेवा प्रदायकको सेवा विस्तारको निरन्तरतामा ८२ प्रतिशत र सबै घरपरिवारको सम्पत्ति वृद्धि लक्ष्यको तुलनामा ४२ प्रतिशत मात्र भएकोले लक्ष्यअनुसार प्रगति भएको छैन ।

४१. **अनुदान प्रवाह -** उपआयोजना सञ्चालन गर्न सम्झौता भएका सबै अनुदानग्राही संस्थाले सम्झौताअनुसार लगानी गर्नुपर्दछ । अनुदानग्राहीले लगानी गर्न कबोल गरेको रकमको ७२ प्रतिशतमात्रै लगानी गरेको देखिएको छ । आयोजनाले अनुदान सम्झौता रु.६५ करोड ९० लाखको सोही अनुपातमा रु.४७ करोड ४५ लाख अनुदान दिनुपर्नेमा रु.५५ करोड ७९ लाख उपलब्ध गराएकोले रु.८ करोड ३४ लाख बढी भुक्तानी

दिएको छ । उपआयोजना सञ्चालनमा अनुदानग्राहीसँग भएको सम्झौताको पालना नहुँदा आयोजनालाई बढी आर्थिक व्ययभार परेको देखियो । सम्झौताको शर्त बमोजिम अनुदान उपलब्ध गराउनुपर्दछ ।

४२. **अनुदान उपयोग** - अनुदान उपलब्ध गराउँदा प्रगतिको आधारमा छैठौँ किस्तासम्ममा रकम दिने नीति रहेको छ । अनुदान लिने कृषकमध्ये ६१ कृषकलाई पहिलो किस्ताको अनुदान रु.१ करोड २८ लाख उपलब्ध गराएपछि प्रगति विवरण पेस नगरेको तथा दोस्रो किस्ता लिन नआएकाले कार्यसम्पादन नगरेको देखिँदा अनुदान फिर्ता गर्नु गराउनुपर्दछ । अनुदानग्राही कृषकले आयोजनासँग गरेको सम्झौताअनुसार आयोजनाबाट रु.८ करोड ९९ लाख १७ हजार र अनुदानग्राहीले रु.५ करोड ७३ लाख १५ हजारसमेत कुल रु.१४ करोड ७२ लाख ३२ हजारको लगानी हुने उल्लेख भएकोमा दोस्रो किस्तासम्म रु.७ करोड १५ लाख ३५ हजार अनुदान दिएकोमा तेस्रो किस्ताको रकम लिन नआएको तथा प्रगति विवरण पनि पेस गरेको देखिएन । तोकिए बमोजिमको कार्यसम्पन्न नभएको अवस्थामा २०३ उपआयोजनामध्ये १६५ उपआयोजना फरफारक गरेको छ । सम्झौताबमोजिम उपयोग नभएको अनुदान फिर्ता गर्नुपर्दछ ।

४३. **कोल्ड स्टोरेज निर्माण -** सुर्खेतमा कोल्ड स्टोरेज भवन निर्माण कार्यको लागत अनुमान रु.११ करोड ५ लाख २२ हजारमध्ये आयोजनाबाट रु.५ करोड व्यहोर्ने गरी २०७४।१।२५ मा सम्झौता भएअनुसार एक संस्थालाई रु.६९ लाख ९० हजार भुक्तानी भएको छ । सम्झौताअनुसार उक्त कार्य सम्पन्न नगरेकोले २०७५।६।१५ सम्म म्याद थप भए तापनि भवनको जगहाल्ने कार्य मात्र गरेको छ । आयोजनाको अवधि समाप्त भएको तथा उक्त संस्थाले निर्माण कार्य सम्पन्न नगरेकोले अनुदान उपलब्धिविहीन देखिएको छ ।

४४. **आयोजना क्षेत्र बाहिर खर्च -** सुर्खेत, दैलेख, सल्यान र जुम्ला जिल्लामा बीउ उत्पादक कृषकको आय वृद्धि गर्ने, उच्च गुणस्तरयुक्त बीउको उत्पादन र बजारीकरणका लागि प्राविधिक सहयोग उपलब्ध गराउने, उत्पादित बीउको बजारसम्म दिगो पहुँच सिर्जना गर्ने, बीउ प्रशोधन क्षमता बढाउने कार्य गर्न एक बीउको कारोबार गर्ने एक निजी कम्पनीसँग रु.१ करोड ८४ लाख ७४ हजारको सम्झौता भएकोमा रु.९१ लाख २३ हजार भुक्तानी दिएको छ । आयोजनाको कार्यक्षेत्र नरहेको थानकोट, काठमाडौंमा उक्त कम्पनीको बीउ प्रशोधन भवन निर्माणबापत रु.२९ लाख ९ हजार भुक्तानी गरेको छ । सम्झौता विपरीत बीउ प्रशोधन भवन निर्माणको लागि दिएको अनुदान रकम फिर्ता हुनुपर्दछ ।

४५. **अधुरो कार्य -** बेसारको व्यावसायिक उत्पादन, प्रवर्द्धन, सङ्कलन, प्रशोधन तथा बजारीकरणका लागि एक प्रा.लि. सँग रु.२ करोड ७० लाख ९८ हजारको सम्झौता भएकोमा आयोजनाले रु.८५ लाख ९७ हजार उपलब्ध गराउने उल्लेख छ । सो कार्य २०७५।३।३१ मा सम्पन्न भएको उल्लेख गरी रु.३२ लाख ४८ हजार अनुदान दिएको छ । बेसार प्रशोधन इकाई तथा गोदाम निर्माणाधीन अवस्थामा रहेको र करिब ६० प्रतिशत मात्र कार्य सम्पन्न भएको स्थलगत अवलोकनबाट देखियो । सम्झौतामा आयोजनाले ५० प्रतिशत व्यहोर्ने उल्लेख भएका ड्रायर, स्टिम बोइलर, जेनेरेटरलगायत १० किसिमका मेसिनहरु जडान नगरेकोले खर्चको औचित्य पुष्टि हुने देखिएन । वास्तविकता यकिन गरी खर्च नभएको रकम असुल गर्नुपर्दछ ।

४६. **बढी भुक्तानी** - सुर्खेतमा एक कृषि उपज बजार पूर्वाधार निर्माण कार्यको लागत अनुमान रु.४ करोड २१ लाख ९४ हजारमध्ये आयोजनाले व्यहोर्ने रु.३ करोड ७० लाख ५२ हजार भुक्तानी भएको छ । भुक्तानीमध्ये पूर्वाधार निर्माणअन्तर्गत भवन, शौचालय, पानी ट्यांकीलगायतका ७ निर्माण कार्य रु.२ करोड ६५ लाख ५० हजारमा परामर्शदातामार्फत गर्ने गरी सम्झौता भए तापनि रु.२ करोड ३९ लाख ४९ हजारको कार्यमात्र सम्पन्न गरेकोले बढी भुक्तानी भएको रु.२६ लाख १ हजार असुल गर्नुपर्दछ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरुको निर्माण गर्ने, निर्यातयोग्य कृषि वस्तुहरुको मुल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्य रहेको यो परियोजना २०८२ मा सम्पन्न गर्ने गरी २०७३ देखि सञ्चालनमा रहेको छ । कुल लागत अनुमान रु.१ खर्ब ३० अर्ब ७४ करोड रहेकोमा गत वर्षसम्म रु.३ अर्ब ३६ करोड र यस वर्ष परियोजना व्यवस्थापन इकाईले रु.१५ करोड ९३ लाख, कृषि परियोजना कार्यान्वयन इकाईहरुले रु.१ अर्ब ८ करोड, मन्त्रालय मातहतबाट रु.७८ करोड ७८ लाख, सिँचाइ मन्त्रालय मातहतले रु.१५ करोड ९९ लाख, उद्योग मन्त्रालय मातहतले

रु.१८ लाख र वन तथा वातावरण मन्त्रालय मातहतले रु.५ करोड १८ लाख गरी रु.२ अर्ब २४ करोडसमेत हालसम्म रु.५ अर्ब ६० करोड खर्च भएको छ ।

४७. **प्रतिफल मूल्याङ्कन -** परियोजनाले १४१ कस्टम हायरिङ सेन्टर, १५४ पोष्ट हार्भेष्ट सेन्टर, ११७ व्यवसायिक सीप विकास तथा तालिम केन्द्र, ६९ हाइटेक नर्सरी एवं ग्रिन हाउस, १९० साना सिँचाइ , १२ प्राङ्गारिक मल र जैविक विषादी उत्पादन कारखाना स्थापना, ६ मिनिल्याब स्थापना, ५ मत्स्य ह्याचरी र १ हजार १७५ हेक्टरमा मत्स्य पोखरी निर्माण कार्यमा रु.१ अर्ब १९ करोड ८८ लाख खर्च गरेको छ । उक्त साधन तथा संरचनाबाट भएको प्रतिफल मापन गर्ने सूचक तयार गरेको छैन । सञ्चालित कार्यक्रमको प्रतिफल मापन सूचक तयार गरी मूल्याङ्कन गर्नुपर्दछ ।

४८. **कार्यक्रमको प्रभावकारिता -** परियोजनाबाट हालसम्म ३ हजार ३७८ पकेट र २८१ ब्लक स्थानीय तहबाट सञ्चालन गर्ने बजेट तथा कार्यक्रम हस्तान्तरण भएको, विभिन्न बालीका ३९ जोन तथा १० सुपरजोनमा कार्यक्रम सञ्चालन भएकोमा प्रथम वर्षमा छानिएका १८ बाली/वस्तु ४२ हजार ३०० हेक्टरमा खेती गरी करिब ४ लाख ७७ हजार मे.टन उत्पादन हुने, करिब ८ लाख ७० हजार आंशिक र ४३ हजार ५०० स्थायी रोजगारी सिर्जना हुने अनुमान गरेकोमा यो वर्षसम्म भएको उत्पादन र रोजगारी सिर्जनाको अभिलेख राखी प्रभाव मूल्याङ्कन नगरेकोले कार्यक्रमको लगानी र उपलब्धि विश्लेषण गर्न सकिएन ।

परियोजनाले प्रमुख खाद्यान्न बाली धान, गहुँ, मकैमा ३ वर्षभित्र, तरकारी बाली र माछामा आगामी २ वर्ष भित्र र प्रमुख फलफूल बालीमा ७ वर्ष भित्र आत्मनिर्भर हुने, अन्तिम वर्षमा करिब ५ लाख १० हजार आंशिक र २५ हजार ५०० स्थायी रोजगारीको सिर्जना हुने र कुल लगानी करिब रु.१ खर्व ३० अर्बबाट मूल्य अभिवृद्धिसहित करिब रु.२० खर्व ९५ अर्ब ७५ करोड कुल गार्हस्थ्य उत्पादनमा योगदान पुग्ने अपेक्षा गरेकोमा अपेक्षित प्रतिफल प्राप्त गर्ने गरी दोश्रो वर्षको स्पष्ट मार्गचित्र र उपलब्धिको विश्लेषण गरेको छैन ।

४९. **संरचनाको औचित्य -** आयोजनाका कार्यक्रम कार्यान्वयन गर्न २०७४।७५ मा एक परियोजना कार्यान्वयन इकाई, १० सुपरजोन र ३९ जोन कार्यालय स्थापना गरी रु.२ अर्ब २४ करोड ६ लाख खर्च भएको मध्ये प्रशासनिक कार्यमा रु.२८ करोड ३९ लाख र फर्निचर, मेसिनरी औजार, सवारीसाधनमा रु.३२ करोड ३४ लाखसमेत रु.६० करोड ७३ लाख खर्च भएको छ । केन्द्रिय स्तरका कार्यक्रम सञ्चालन मन्त्रालय/विभाग तथा एक परियोजना इकाई र जिल्ला स्तरका कार्यक्रम स्थानीय तहबाट सञ्चालन हुने देखिएकोले कार्यालय स्थापना गर्नुको औचित्य देखिएको छैन । यस सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ । ।

५०. **कार्यक्रम सुधार -** परियोजना पारदर्शी र प्रभावकारी रुपमा सन्चालन गर्ने सम्बन्धमा सुझाव पेस गर्न २०७५।३।२२ मा गठित कार्यदलको प्रतिवेदनमा बाली वस्तुअनुसार कृषि भूमिको चक्लाबन्दीको सीमा, कष्टम हाइरिङ सेन्टर स्थापना, कृषि यान्त्रिकरणको लागि फरक फरक मापदण्ड तयार गर्नुपर्ने, निर्माण भएका सिँचाइ संरचनाको कमाण्ड क्षेत्रमा व्यवसायिक उत्पादनका कार्यक्रम सञ्चालन गर्नुपर्ने, निजीक्षेत्र आकर्षित हुने किसिमले सहजीकरण गर्नुपर्ने, अनुदानमा केन्द्रित नभई ठूला उद्योगको मागअनुसार निश्चित समयावधि पछि फिर्ता गर्ने गरी बीउपुँजी उपलब्ध गराउने, स्पष्ट अनुगमन सूचकका आधारमा अनुगमन गर्नुपर्ने लगायतका सुझाउहरु उल्लेख छ । कतिपय स्थानमा सुपरजोन, जोन स्थापना गर्न क्षेत्रफल पुग्ने सम्भावना नरहेको, सम्भाव्यता अध्ययन बेगर जोन, सुपरजोन छनौट भएको, प्रतिफल मूल्याङ्कन गर्न वैज्ञानिक पद्धतिको अभाव, प्रतिफलमा आधारित अनुदान प्रभावकारी नभएको जस्ता समस्याको निराकरण गरी स्पष्ट मार्ग चित्र तयार गरी आयोजना सञ्चालन हुनुपर्दछ ।

५१. **प्रोत्साहन अनुदान -** व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ मा आयोजनाले उत्पादकत्वको लक्ष्य निर्धारण गरी औषत उत्पादन भन्दा १० प्रतिशत बढी उत्पादन गर्ने किसानलाई प्रोत्साहन अनुदान दिने व्यवस्था छ । सुपरजोन कार्यालय झापाको संचालक समितिको निर्णय अनुसार वोरो तथा चैते धान लगाउने कृषकलाई उत्पादकत्व वृद्धि भएको यकिन नगरी प्रोत्साहन अनुदान (धान सुपरजोन) रु.३२ लाख ८२ हजार अनुदान दिएको छ । अतः यस सम्बन्धमा छानबिन गरी प्रोत्साहन अनुदान यकिन गर्नुपर्दछ ।

५२. **खर्च -** सुपरयोजनहरुमा उत्पादित कृषि उपज प्रोसेसिङ, प्याकेजिङ र औद्योगिकीकरणको लागि उद्योग मन्त्रालयलाई विनियोजत भएको रु.७ करोड ६२ लाख २१ हजारमध्ये रु.१८ लाख खर्च भएको छ । प्राथमिकता प्राप्त आयोजनामा विनियोजन गरिएको बजेट खर्च गरी उपलब्धि हासिल हुनुपर्दछ ।

५३. **अनुदान -** परियोजनाले नुवाकोटमा ५ हजार मेट्रिक टन क्षमताको शीत भण्डार निर्माण गर्न एक व्यवसायीसँग रु.१० करोड ५० लाखमा सम्झौता गरी रु.२ करोड १० लाख पेस्की दिएकोमा अनुदानबाट निर्माण हुने संरचनाको स्वामित्व निश्चित गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

५४. **मेसिनको उपयोग -** सुपरजोन कार्यालय, (धान), झापाले सामुदायिक नर्सरी स्थापना गर्न ३ सहकारी संस्थालाई २ पावर टिलर र २ मिनि टिलर समेत बीउ हार्भेष्टसम्बन्धी मेसिन खरिद गर्न रु.२४ लाख अनुदान दिएकोमा मेसिन उपयोग गर्न ४ फेजको विद्युत लाईन उपलब्ध नभएकोले खरिद मेसिनको उपयोग भएको छैन । यसैगरी साना सिँचाइअन्तर्गत १४४ कृषकलाई २ भोल्टको पानी तान्ने पम्प खरिद गर्न रु.५४ लाख ५७ हजार अनुदान उपलब्ध गराएकोमा जोन क्षेत्रको खेतीयोग्य भूमिमा विद्युतलाईन नभएको तथा भएकोमा पनि भोल्टेज नपुगेको भनी ती पम्प सञ्चालनमा ल्याएको देखिएन । आवश्यक पूर्वाधार नभएको अवस्थामा अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५५. **उपकरण जडान -** पुष्प विकास केन्द्र, गोदावरीले फूल भण्डार गर्ने पोर्टेवल कोल्ड रुम निर्माण तथा जडानको लागि एक फर्मलाई सम्झौताबमोजिम सप्लाई भएको उपकरणहरु जडान कार्य सम्पन्न नगरी रु.१२ लाख ६० हजार भुक्तानी भएकोले उक्त उपकरणहरु जडान भएको प्रमाण पेस हुनुपर्दछ ।

५६. **पोष्ट हार्भेष्ट सेन्टर स्थापना -** सुपरजोन कार्यालय, कैलालीले पोष्ट हार्भेष्ट सेन्टर स्थापना गर्न भवन निर्माण, मेसिनरी र ढुवानी साधन (मिनि ट्रक) को लागि एक एग्रो फार्मलाई रु.१ करोड ८२ लाख १७ हजार भुक्तानी गरेकोमा मेसिन जडान र भवन निर्माणको कार्य मध्ये फिनिसिङको कार्य नभएको तथा मेसिन जडान गरेको स्थानमा घाँस उम्रेको र प्याकेजिङ मेसिन जडान नगरिएकोले उल्लिखित उपकरणहरु प्रभावकारी रुपमा उपयोग भएको छैन । अतः उद्देश्यअनुरुप पोष्ट हार्भेष्ट सेन्टर स्थापना गरी खरिद उपकरणको उपयोग हुनुपर्दछ ।

कृषि तथा खाद्य सुरक्षा आयोजना

नेपालको पश्चिम पहाडी जिल्लामा खाद्य तथा पोषण स्थितिमा सुधार तथा सुरक्षा र जीवनस्तर सुधार सम्बन्धी कार्यक्रम सञ्चालन एवं समन्वय गर्ने उद्देश्यले विश्व बैङ्कको अनुदान सहायता रु.५ अर्ब ६ करोड ६९ लाख तथा नेपाल सरकारको रु.१ अर्ब २५ करोड ३१ लाखसमेत रु.६ अर्ब ३२ करोडको लागतमा २०६९।७० देखि सञ्चालित यो आयोजनामा हालसम्म रु.५ अर्ब १७ करोड खर्च भएको छ ।

५७. **सामान वितरण र खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ । पोषण प्रयोगशालाका लागि उपकरण तथा मेसिनरी औजार, प्रयोगशाला उपकरण, माटो परीक्षण मोवाइल भ्यान, कम्प्यूटर, फोटोकपी मेसिन लगायतका सामान खरिद गरी रु.५ करोड ४८ लाख २५ हजार खर्च लेखेको छ । ति सामान मन्त्रालय, विभाग, निर्देशनालय लगायत ६८ निकायलाई उपलब्ध गराएको छ । सामग्री खरिद गरी आयोजनाको कार्यक्षेत्र बाहिरका निकायमा उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

जलवायु प्रकोप समुत्थान निर्माण आयोजना

जलवायु प्रकोपबाट कृषि क्षेत्रमा हुन सक्ने जोखिम र क्षतिलाई न्युनिकरण गर्ने सम्बन्धमा कृषक समुदायमा सतर्कता अपनाउन सहयोग गर्ने उद्देश्यले नेपाल सरकार र विश्व बैङ्कको सहयोगमा ५ वर्ष अवधि रहेको यो आयोजना २०७० बाट सञ्चालनमा रहेको छ । कुल लागत रु.५१ करोड ५४ लाख रहेको यो आयोजना संखुवासभा, दोलखा, मुस्ताङ, जुम्ला र दार्चुला समेत २५ जिल्लामा सञ्चालित छ ।

५८. **उपकरण र मोबाइल फोन -** यो वर्ष कृषि सूचना आदान प्रदान गर्न किसानलाई वितरण गर्ने गरी रु.१४ लाख ८५ हजारमा १०० थान मोबाइल फोन खरिद गरेकोमा ५१ थान वितरण भएको छैन । आयोजना सम्पन्न भएकोले उपयोग नहुने गरी मोबाईल खरिद गर्नु मनासिव देखिएन । जिल्ला कृषि विकास कार्यालय, रुकुम मार्फत २६ थान मोवाइल कृषकलाई वितरण गरेको मध्ये ४ कृषकले सूचना प्राप्त नभएको र २ कृषकले सिम नखुलेको बताएका छन् । पशुसेवा कार्यालय, रुकुम मार्फत वितरण गर्नुपर्ने १७ थान मध्ये ७ थान कार्यालयमा मौज्दात रहेकोले खरिद मोवाइलको उपयोग भएको छैन ।

एक फर्मबाट मौसम सम्बन्धी उपकरण खरिद र जडान कार्य बापत रु. १ करोड ७७ लाख ७ हजार भुक्तानी गरेकोमा राष्ट्रिय सूचना प्रविधि केन्द्र हेटौँडामा मौसम सूचनासम्बन्धी सफ्टवेयर जडान नगरेकोले ती उपकरणहरु प्रयोग आएको छैन । उक्त सामान यथासमयमा जडान गरी प्रयोगमा ल्याउनुपर्दछ ।

किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम

नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषको सहयोगमा किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, सल्यान र रुकुम जिल्लामा २०७५ मा सम्पन्न गर्ने गरी २०६९ बाट यो कार्यक्रम सञ्चालन भएको छ ।

५९. **कार्य सम्पन्न -** अनुदानग्राही संस्थासँग भएको सम्झौतामा सबै काम सम्पन्न भएपछि कामको मूल्याङ्कन गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको आधारमा अनुदानको अन्तिम किस्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । धान, गहुँ, मकै, तरकारीको बीउ र खसीबोकाको मासु, भैंसीको दूध उत्पादनको लागि ५६१ कृषक समूह/संस्थालाई यो वर्ष सम्म रु.४५ करोड ४८ लाख अनुदान दिएकोमा २२० उप आयोजनामा कुल लागतको ९० प्रतिशत भन्दा घटी कार्य भएको अवस्थामा समेत कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.७ करोड ९ लाख ७० हजार अनुदान दिएको छ । तोकिए अनुसार कार्यसम्पन्न नभएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ता भुक्तानी गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

६०. **अनुदान खर्च -** उपआयोजना सञ्चालन गर्न तोकिएका सबै आयोजनामा अनुदानग्राहीसँग भएको सम्झौता अनुसार लगानी गर्नुपर्ने उल्लेख छ । कार्यसम्पन्न भई फरफारक भएका १५६ उप आयोजनामा अनुदानग्राहीले कवोल गरेको रकमको ५४ प्रतिशत मात्रै लगानी गरेकोमा आयोजनाले अनुदान सम्झौता रु.१८ करोड ६५ लाखको सोही अनुपातमा रु.१० करोड ७ लाखमात्र अनुदान दिनुपर्नेमा रु.१३ करोड ४१ लाख उपलब्ध गराएकोले समानुपातिक हिसावले रु.३ करोड ३४ लाख बढी भुक्तानी गरेको छ । उपआयोजना सञ्चालनमा अनुदानग्राहीसँग भएको सम्झौताको पालना नहुँदा आयोजनालाई बढी आर्थिक व्ययभार परेको देखियो ।

६१. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले आय व्ययको लेखा तथा आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । आयोजनाले कृषि विकासका लागि अर्न्तराष्ट्रिय कोष (आईफाड) मार्फत एक संस्थालाई रु.४ करोड ७ लाख ३७ हजार अनुदान सोझै उपलब्ध गराएकोमा सो खर्चको स्रेस्ता लेखापरीक्षणमा पेस भएन । ऐनको व्यवस्था बमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

उच्च पहाड कृषि व्यवसाय तथा जिवीकोपार्जन सुधार आयोजना

एसियाली विकास बैङ्कको वित्तीय सहयोगमा २०७५ मा सम्पन्न गर्ने गरी २०६८ मा स्थापना भएको यस आयोजनाले यो वर्षसम्म रु.२ अर्ब ६२ करोड ३४ लाख खर्च भएको छ । नाफामूलक कृषि व्यवसाय सञ्चालन गर्ने यो आयोजना संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु र हुम्ला गरी १० उच्च पहाडी जिल्लाहरुमा लागू भएको छ ।

६२. **आयोजना खारेजी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३(२) अनुसार कुनै कार्यालय खारेज भएमा जिन्सी मालसामानको परिमाण र मूल्यसमेत खुलाई त्यस्तो कार्यालय खारेज भएको वा गाभिएको मितिले ३५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । आयोजनामा रु ९ करोड ६६ लाख ९२ हजार मूल्यका सामान रहेकोमा रु.७ करोड ९९ लाख ४६ हजार मुल्यका सामान मन्त्रालयमा हस्तान्तरण भएकोमा ती सामान जिन्सी आम्दानी गरेको प्रमाण पेस भएको छैन भने बाँकी रहेको रु.१ करोड ६७ लाख ४६ हजार मूल्यका मालसामान मन्त्रालयमा हस्तान्तरण हुनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

कृषि अनुसन्धान कार्यक्रम

कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.६ प्रतिशत रहेको र ६०.४ प्रतिशत जनसंख्या कृषिमा आबद्ध रहेको छ । कृषि क्षेत्रका समस्याहरुको अध्ययन तथा अनुसन्धान गरी समस्या समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले कृषि क्षेत्रको अनुसन्धान प्रभावकारी बनाउन स्वायत्त निकायको रुपमा नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना २०४८ सालमा भएको हो । हाल परिषद्, प्रतिष्ठान, क्षेत्रीय अनुसन्धान केन्द्र, अनुसन्धान केन्द्र र विषयगत अनुसन्धान कार्यक्रमसमेत ६२ इकाईबाट अनुसन्धान कार्य हुँदै आएको छ । कृषि अनुसन्धान, उत्पादकत्व वृद्धि, स्रोत उपयोग र उपलब्धिको मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायबमोजिम छन्:

६३. **स्रोत उपयोग** – परिषद्को विगत ५ वर्षको कुल खर्च रु.९ अर्ब ८० करोड १३ लाखमध्ये तलब, भत्तालगायत अन्य उपभोग खर्चमा करिब ६५.३० प्रतिशत र पुँजीगत तथा अनुसन्धान कार्यक्रमतर्फ ३४.७० प्रतिशतमात्र खर्च गरेको छ । परिषद्को केन्द्र र मातहतसमेत ११० कार्यालय भवन, २८२ आवास भवन, ६४ गोठ, ३० प्रयोगशाला र २९९ विभिन्न संरचना निर्माण भएका छन् । परिषद्को कुल जग्गामध्ये करिब ९५० हेक्टर (करिब ५७ प्रतिशत) जग्गा मात्र अनुसन्धानमा प्रयोग भएको देखियो । परिषद्को स्थापना पश्चात धानका ४८, मकैका २५, गहुँका २४ र दलहनलगायत अन्य बालीका १०७ समेत २०४ जातको विकास एवं उन्मोचन गरिएकोमा मकै, कोदो, फापरको उत्पादन दर परिषद्को सिफारिस मापदण्डभन्दा कम देखिएको, परिषद्को उपलब्ध जग्गा अनुसन्धानमा उपयोग नभएको, प्राविधिक कर्मचारी पदपूर्ति हुन नसकेको, अनुसन्धानभन्दा प्रशासनिक खर्च बढी भएको, हालसम्मको ननअपरेटिभ आय मौज्दात रु.१ अर्ब ३० करोड उत्पादनशील क्षेत्रमा प्रयोग हुननसकेको आदि कारणबाट कृषि अनुसन्धान परिषद्को प्रभावकारिता न्यून देखियो ।

६४. **बीउ उत्पादन र अनुसन्धान खर्च** – नेपाल कृषि अनुसन्धान परिषद्ले २०७०।७१ मा रु.७१ करोड खर्च गरी १००३ मेट्रिक टन, २०७१।७२ मा रु.१ अर्ब ८४ करोड खर्च गरी ९७५ मेट्रिक टन, २०७२।७३ मा रु.२ अर्ब १५ करोड खर्च गरी ९७१ मेट्रिक टन, २०७३।७४ मा रु.२ अर्ब ४१ करोड खर्च गरी १०१२ मेट्रिक टन र २०७३।७४ मा रु.२ अर्ब ६९ करोड खर्च गरी ९०७ मेट्रिक टन उत्पादन गरेको छ । परिषद्ले गरेको खर्च क्रमशः वृद्धि भए तापनि बीउ उत्पादन सोहीअनुसार वृद्धि भएको छैन । अनुसन्धान गरी सिफारिस गरिएको प्रजनन बीउ र मूल बीउको उत्पादन क्षमता क्रमशः घट्दै गएको र आन्तरिक उत्पादनबाट मात्र माग पूरा गर्न नसकेका कारण २०७१।७२ देखि २०७४।७५ सम्ममा क्रमशः २ हजार ७४५, २ हजार ७२०, ३ हजार २६७ र २ हजार ९५६ मेट्रिक टन बीउ आयातमा रु.८ अर्ब ७७ करोड ३६ लाख ८४ हजार खर्च भएको छ । एकातिर अनुसन्धानमा खर्च बढ्दै गएको छ भने अर्कोतिर बीउ आयात परिमाणसमेत बढ्दै गएको स्थितिबाट अनुसन्धानमा प्रभावकारिता देखिएको छैन । अतः परिषद्ले प्रजनन बीउ र मूल बीउको उत्पादन बढाई बीउ आयात प्रतिस्थापन गर्नुपर्दछ ।

६५. **बीउ माग, आपूर्ति र प्रतिस्थापन दर** – बीउ विजन ऐन, २०४५ मा बीउविजन गुणस्तर नियन्त्रण केन्द्रमा सूचीकृत जातका बीउविजन मात्र कारोबार गर्न पाउने व्यवस्था छ । उन्मोचन विधिबाट २४१ जात र दर्ता विधिबाट ३८१ जात समेत राष्ट्रिय बीउविजन समितिद्वारा ६२२ जात सूचीकृत गरिएको छ । विगत ३ वर्षमा नेपालमा ५ लाख ७० हजार मेट्रिक टन बीउ आवश्यकता भएकोमा ७७ हजार मेट्रिक टन (कुल मागको १३.६० प्रतिशत) मात्र आपूर्ति भएको देखिएकोले कृषि क्षेत्रमा ८६.४ प्रतिशत बीउको हिस्सा अनौपचारिक माध्यमबाट परिपूर्ति भएको पाइयो । परिषद्ले आवश्यक उन्नत बीउको लागि तथ्यगत अभिलेख बिना नै उत्पादन लक्ष्य तोकी बीउ उत्पादन गर्दै आएको छ । परिषद्बाट विगत ५ वर्षको प्रजनन बीउ र मूल बीउको उत्पादन ४ हजार ८६८ मेट्रिक टन मात्र भएकोले मागको तुलनामा उत्पादन न्यून देखिन्छ । गुणस्तरीय बीउविजनको प्रयोगले २० देखि ३० प्रतिशतसम्म उत्पादकत्व वृद्धि हुने र यसका लागि प्रत्येक वर्ष २५ प्रतिशत बीउको प्रतिस्थापन आवश्यक हुनेमा धान, मकै, गहुँमा बीउ प्रतिस्थापनको दर क्रमश १४.५,१५.३, र १५.१ प्रतिशत रहेकाले प्रत्येक बालीको ४।४ वर्षमा नयाँ बीउ प्रतिस्थापन भएको देखिएन । उपलब्ध साधन स्रोतलाई माग अनुसारको बीउ उत्पादनको लागि परिचालन गरी मापदण्डअनुसार बीउ प्रतिस्थापन गरिनुपर्दछ ।

६६. **उत्पादकत्व** – कृषि अनुसन्धान परिषद् (कार्य सञ्चालन) विनियम, २०४९ को विनियम ४(३) मा वातावरण अनुकुल दिगो रुपमा कृषिको उत्पादकत्व बढाउने खालको अनुसन्धान गर्नुपर्ने व्यवस्था छ । नेपालको प्रमुख कृषिजन्य बालीहरुको क्षेत्रफल तथा उत्पादनको अवस्था विश्लेषण गर्दा २०६९।७० देखि २०७३।७४ सम्म धान क्रमशः ३.१७, ३.३९, ३.३६, ३.१५, ३.३७ मेट्रिक टन, मकै क्रमशः २.३५, २.४६, २.४३,२.५, २.५३, गहुँ क्रमशः २.४८, २.५०, २.५९,२.४०, र २.५१ मेट्रिक टन प्रतिहेक्टर उत्पादन भएको देखिएकोले बालीको उत्पादकत्वमा उल्लेख्य सुधार नआएको अवस्था छ । मुख्य बालीको उत्पादकत्व अभिवृद्धिका लागि नवीन कृषि प्रविधिको अनुसन्धान गरिनुपर्दछ ।

६७. **कृषि प्रविधि** – नेपाल कृषि अनुसन्धान परिषद् ऐनले कृषि उत्पादन वा गुणस्तर बढाउनका लागि आवश्यक प्रविधि ज्ञान तथा सीपहरुको खोजपूर्ण अध्ययन गर्ने उल्लेख गरेको छ । परिषद्अन्तर्गत रहेको कृषि ईन्जिनियरिङ महाशाखाबाट प्राप्त विवरणअनुसार सो महाशाखाबाट विकास गरेका १५ प्रकारका यन्त्र उपकरण प्रयोग अवस्थाको विश्लेषण गर्दा धान गहुँ चुट्ने मेसिन १५०, कोदो चुट्ने मेसिन १३००, मकै छोडाउने मेसिन ४०००, मकै रोप्ने मेसिन ३००, अदुवा धुने मेसिन २५, तरकारी गोड्ने मेसिन ३००, बीउ सफा गर्ने मेसिन १५०, धान गोड्ने मेसिन ४५० किसानले प्रयोग गरेको छ । त्यस्तै कफी पल्पर ४००, सुधारिएको चुल्हो १००, प्लाष्टिक पोखरी ४५००, ब्लक बनाउने मेसिन ८००, सोलार टनेल ४०, भुसे चुल्हो ३५००, प्लाष्टिक घर २५० मात्र प्रयोग भएको देखिएकोले कृषि पेसामा आबद्ध जनसंख्याअनुसार यन्त्र उपकरणको प्रयोग न्यून रहेको देखिन्छ । भौगोलिक धरातल अनुसारका खनजोत गर्ने, बाली रोप्ने तथा स्याहार्ने कृषकमैत्री उपकरणको विकास हुनसकेको देखिएन । परिषद्ले आवश्यकतानुसार कृषकमैत्री उपकरण र प्रविधिको विस्तार र प्रयोगमा जोड दिनुपर्दछ ।

६८. **पारिस्थितिकीय परिवर्तनमा अनुसन्धान** – कृषि अनुसन्धान परिषद् (कार्य सञ्चालन) विनियम, २०४९ ले नेपालको हावापानी अनुकूल हुने उपयुक्त कृषि प्रविधि विकासको लागि उद्देश्यमूलक अनुसन्धानमा जोड दिनुपर्ने व्यवस्था गरेको छ । पारिस्थितिकीय परिवर्तनबाट कृषि क्षेत्रमा पर्ने प्रभाव कम गर्न पारिस्थितिकीय अनुसन्धानको महत्वपूर्ण भूमिका हुन्छ । परिषद्अन्तर्गत जुम्लामा उच्च पर्वतीय कृषि अनुसन्धान प्रतिष्ठान स्थापना गरिए तापनि क्षेत्र सुहाउँदो उल्लेखनीय अनुसन्धान कार्य नभएको, उच्च पहाडतर्फ बढ्दो तापक्रमले खेती योग्य जग्गाको क्षेत्रफल बढिरहेको, ग्रामिण क्षेत्रमा जनशक्ति बाहिरिएको, मौसमको तालिकामा फेरबदल हुने गरेकोमा सोलाई सम्बोधन हुने गरी अनुसन्धान भएको पाइएन । विकसित परिवेशसँगै शून्य खनजोत प्रविधि, युवा आकर्षक बाली र प्रविधि जस्ता नवीन अनुसन्धानबाट कृषि उत्पादन वृद्धि गर्नुपर्दछ ।

६९. **उन्मोचित जातहरु** – राष्ट्रिय बीउविजन नीति, २०५६ अनुसार कृषि अनुसन्धानबाट विकसित नयाँ जातहरु उन्मोचन गरिनुपर्ने व्यवस्था छ । साथै बीउ बिजन ऐन, २०४५ ले उन्मोचित जातहरु मात्र प्रयोग गर्न पाउने व्यवस्था गरेको छ । नेपालमा कृषि अनुसन्धानबाट सिफारिस भई उन्मोचन भएको जात र प्रविधि रोग वा कीराको समस्याको कारण किसानले आत्मसात गर्न नसकेको अवस्थामा उक्त जात सूचीबाट हटाउने गरिएको छ । हालसम्म धानको १२, मकैको ८, गँहुको १३, दलहन बालीको २, तेलहन बालीको १ र आलुको ११ जात सूचीबाट हटाइएकोले अनुसन्धानमा भएको खर्च अनुत्पादक भएको छ । किसानले आत्मसात गर्नसक्ने जात र प्रविधिको अनुसन्धानलाई प्रभावकारी बनाउनुपर्दछ ।

७०. **प्रसार** – कृषि अनुसन्धान परिषद् (कार्य सञ्चालन) विनियम, २०४९ को विनियम ४(३) अनुसार वातावरण अनुकूल दिगो रुपमा कृषिको उत्पादकत्व बढाउने खालको अनुसन्धान गरी प्रसार गर्नुपर्ने व्यवस्था छ । कृषि अनुसन्धान परिषद्बाट अनुसन्धान भई सिफारिस भएका तरहरा १, रामपुर हाइब्रिड २, सुन्तला र जुनारमा कीरा नियन्त्रण प्रविधि, आँपको काण्ड सुकाउने गोबारो व्यवस्थापन र शून्य खनजोत प्रविधि आदि प्रसारमा ल्याई उत्पादन बढाउन सकेको अवस्था नदेखिएकोले अनुसन्धानसँगै जात तथा प्रविधिको प्रसारमा जोड दिनुपर्दछ ।

७१. **जनशक्ति व्यवस्थापन** – नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ ले परिषद्का कार्यकारी निर्देशकको कार्यकाल ४ वर्षको हुने र निजको पुनः नियुक्तिसमेत हुनसक्ने व्यवस्था गरेको छ । परिषद्को २७ वर्षे कार्यकालमा ३१ कार्यकारी निर्देशकले नेतृत्व गरेको मध्ये २ देखि तीन वर्ष नेतृत्व गर्ने कार्यकारी निर्देशकको संख्या ३ मात्र रहेको देखियो । परिषद्मा वैज्ञानिक, प्राविधिक र प्रशासनिकसमेत १ हजार ८२३ दरबन्दीमध्ये १ हजार २४१ पदपूर्ति देखिन्छ । सोमध्ये अनुसन्धानमा प्रत्यक्ष संलग्न प्राविधिक कर्मचारीको दरबन्दी १ हजार

४२८ रहेकोमा ९२६ (६४ प्रतिशत) मात्र पदपूर्ति भएकोले अनुसन्धानमा संलग्न जनशक्ति न्यून देखिन्छ । त्यसैगरी परिषद्बाट मनोनीत भई अध्ययन बिदामा विदेशमा अध्ययन गर्न गएका २५६ कर्मचारीमध्ये १६ कर्मचारी सेवामा फर्केका छैनन् । परिषद्मा दरबन्दीबमोजिम कर्मचारी नभएको अवस्थामा ४१ प्राविधिक कर्मचारी अध्ययन बिदामा रहेका छन् । अनुसन्धान गर्ने संस्थामा नेतृत्व छिटो छिटो परिवर्तन हुनु र अध्ययन बिदामा गई सेवामा नफर्कने प्रवृतिले अनुसन्धान कार्यमा प्रत्यक्ष असर पारेको पाइयो । पटक पटक संस्थाको नेतृत्व परिवर्तन गर्ने र वैज्ञानिकहरु अध्ययन बिदाबाट कार्यालयमा नफर्कने प्रवृत्ति अन्त्य गरिनुपर्दछ ।

निष्कर्ष – कृषि अनुसन्धानका लागि उपलब्ध जग्गा पूर्णरुपमा उपयोग गर्न नसकेको, अनुसन्धानमा आवश्यक जनशक्तिको पदपूर्ति हुन नसकेको, अध्ययन बिदामा जाने कतिपय प्राविधिक सेवामा नफर्केको, अनुसन्धान खर्च वृद्धिको तुलनामा बीउ उत्पादन वृद्धि नभएको, मापदण्डअनुसार बीउ प्रतिस्थापन गर्न नसकेको, पारिस्थितिकीय परिवर्तन अनुरुप प्रभावकारी अनुसन्धान हुन नसकेको, कतिपय बीउ किसानले आत्मसात नगरेको एवं लोकप्रिय बीउहरु पनि पर्याप्त प्रसार हुन नसक्दा कृषि अनुसन्धान प्रभावकारी हुन सकेको छैन । फलस्वरुप प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्वमा उल्लेख्य सुधार हुनसकेको छैन । कृषि बाली र प्रविधिको अनुसन्धानलाई प्रभावकारी बनाई हाल वैदेशिक रोजगारीमा जाने गरे युवा जनशक्तिलाई कृषि पेसामा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्व बढाई कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउनुपर्छ ।

संगठित संस्था, अन्य संस्था र समिति

नेपाल कृषि अनुसन्धान परिषद्

राष्ट्रिय कृषि नीतिको अधीनमा रही कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक नीतिनिर्माण गर्ने, कृषि सम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता तोक्ने, नेपालमा भएका कृषि अनुसन्धान सम्बन्धी कार्यहरुको समीक्षा गर्ने र कृषि सम्बन्धी समस्याहरुको पहिचान गरी राष्ट्रिय कृषि नीति तर्जुमा गर्ने उद्देश्यले नेपाल कृषि अनुसन्धान परिषद ऐन २०४८ अनुसार परिषद्को स्थापना भएको हो ।

७२. **अध्ययन बिदा** - परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०४९ को विनियम ३७, ३८,र ३९(क) मा स्वदेश तथा विदेशमा अध्ययन तथा तालिममा छनोट भई जाने कर्मचारीले तोकिएको अध्ययन अवधिपछि कार्यालयमा अनिवार्य सेवा गर्नुपर्ने र परिषद्मा गर्नुपर्ने सेवा अवधि पूरा नगरेमा अध्ययन अवधिभर भुक्तानी भएको तलब, भत्तालगायतका सबै किसिमका रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । परिषद्ले तलब तथा अन्य सुविधासहित अध्ययन बिदा दिएका १० वैज्ञानिक तथा उच्च प्राविधिक तोकिएको अध्ययन बिदा समाप्त गरी कार्यालयमा हाजिर नभएकोले विनियमअनुसार ५ कर्मचारीलाई उपलब्ध गराएको रु.६३ लाख तथा अन्य सुविधा यकिन गरी असुल गर्नुपर्दछ ।

७३. **उत्पादन मौज्दात -** परिषद्को वासलातअनुसार यो वर्ष अनुसन्धानबाट उत्पादन गरेको बालीको बीउ तथा खाद्यान्नसमेत ३१ फार्ममा रु २ करोड ९१ लाख ३८ हजार मूल्यका उत्पादन मौज्दात रहेको छ । उत्पादित बीउको मौज्दात समयमा प्रयोग नगर्दा उमारशक्ति नष्ट हुने, गुणस्तरमा ह्रास आउने हुनाले सरोकारवाला निकाय तथा कृषकसँग समन्वय गरी उपयोग गर्नुपर्दछ ।

७४. **नन्अपरेटिभ खाता -** परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आफ्नो स्रोतबाट प्राप्त आम्दानीसमेतलाई परिषद्को बजेटमा समावेश गरी सोहीअनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्नेमा बजेटमा समावेश नगरी यस्ता आयलाई मुद्दती खातामा लगानी गरेको छ । नन अपरेटिभ खातामा गतवर्षको बचतसमेत रु.१ अर्ब ३० करोड ६३ लाख मौज्दात रहेको छ । परिषदको कार्यसञ्चालन तथा पुंजिगत खर्च नेपाल सरकारको वार्षिक बजेटमा समावेश भई सोहीबमोजिम अनुसन्धान तथा विकास कार्य सञ्चालन हुंदै आएकोले उक्त खातामा रहेको मौज्दात परिषद्को दीर्घकालीन दायित्व बाहेक अन्य रकम सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

७५. **अनुदान -** यो वर्ष प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित कृषि क्षेत्रको समग्र विकासका लागि सरकारी, निजी र गैरसरकारी निकाय, शैक्षिक संस्था एवं नागरिक समाजबाट कृषि अनुसन्धान तथा विकास सम्बन्धी प्रस्ताव माग गरी छनौट भएको ७८ संस्थालाई रु.८ करोड ४८ लाख ६५ हजार अनुदान दिएकोमा ६ संस्थाले कार्य सम्पन्न नगरी बीचमै छोडेकोमा कारबाही भएको छैन । सम्झौताअनुसार कार्य नगर्नेलाई दिएको अनुदान फिर्ता गर्नुपर्दछ ।

दुग्ध विकास संस्थान २०७४।७५

ग्रामीण क्षेत्रका कृषकबाट उत्पादित दूधको सुरक्षित बजारका साथै शहरी क्षेत्रका दुग्ध उपभोक्तालाई उच्च गुणस्तरयुक्त दूध तथा दुग्ध पदार्थहरुको आपूर्ति गर्ने उद्देश्यले स्थापित तत्कालीन दुग्ध विकास बोर्डलाई संस्थान ऐन, २०२१ अन्तर्गत २०२६ मा दुग्ध विकास संस्थानमा परिणत गरेको देखिन्छ । संस्थानले दूध प्रशोधन, बिक्री वितरण, चिज उत्पादनका साथै दूध तथा दुग्धजन्य पदार्थ बिक्री वितरण गर्दै आएको छ । संस्थानमा ८१० कर्मचारी कार्यरत छन् । संस्थानले यस वर्ष ५ करोड ४१ लाख २५ हजार लिटर दूध सङ्कलन, ४ करोड ४३ लाख ९३ हजार लिटर दही तथा ७ लाख ७४ हजार किलोग्राम बटर उत्पादन गरेको देखिन्छ ।

७६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** संस्थानको पुँजीकोष रु. ७३ करोड १ लाखबाट सञ्चित नोक्सानी रु.५० करोड ४५ लाख घटाउँदा जम्मा पुँजी रु.२२ करोड ५६ लाख रहेको देखिन्छ । स्थिर सम्पत्ति रु.४८ करोड ८२ लाख, निर्माणधीन सम्पत्ति रु.४४ लाख, सेयर लगानी रु.३ करोड ४८ लाख, चालु सम्पत्ति रु.१ अर्ब ३९ करोड ७७ लाख १७ हजार छ । चालु दायित्व तथा व्यवस्था रु.१ अर्ब ६९ करोड ९५ लाख रहेकोले खुद चालु सम्पत्ति रु.३० करोड १८ लाख ऋणात्मक देखिन्छ । यसरी जम्मा खुद सम्पत्ति रु.२२ करोड ५६ लाख रहेको देखिन्छ । बिक्री गत वर्ष रु.४ अर्ब ११ करोड ४५ लाख रहेकोमा यस वर्ष रु.३ अर्ब ९८ करोड ३९ लाख रहेको छ । सञ्चित नोक्सान गत वर्ष रु.५४ करोड ९७ लाख ५१ हजार भएकोमा यस वर्ष रु.५० करोड ४४ लाख ६८ हजार भएको छ ।

७७. **मुद्दती निक्षेप -** संस्थानले २०७५ आषाढ मसान्त सम्म रु.२१ करोड ८६ लाख मुद्दती निक्षेपमा लगानी गरेको छ । प्रतिस्पर्धामार्फत उच्च प्रतिफल प्राप्त हुने बैङ्कमा लगानी गर्नुपर्नेमा सोझै रकम राखेको अवस्था छ । राष्ट्रिय वाणिज्य बैङ्कमा भएको ३ मुद्दती खातामा रु.२ करोड २६ लाख मौज्दात देखाएको भए तापनि २०६५।५।१६ मा म्याद समाप्त भएको ती खाताको नवीकरण गरेको छैन । सो मुद्दती खातामा लगानी गरेको रसिद लेखापरीक्षणमा पेस भएन । सो रकमको साँवा ब्याज प्राप्त गर्न गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत छ ।

७८. **बढी खपत -** संस्थानको प्राविधिक समितिले २०६७।९।१४ मा तयार गरेको नर्म्समा प्रति किलोग्राम पोलिथिन फिल्मबाट कम्तीमा ३८८ प्याकेट दूध प्याकिङ हुनुपर्ने उल्लेख छ । संस्थानबाट निर्धारित नर्म्स अनुसार १ के.जी. रिलबाट ५०० एम एलको ३८८ प्याकेट दही दूध प्याकिङ हुनुपर्ने उल्लेख छ । तर २०६८।६९ देखि २०७३।७४ सम्म सोबमोजिम उत्पादन हुन नसकेको कारण जनाउँदै संस्थानको सञ्चालक समितिले २०७४।८।१४ मा १ किलोग्राम रिलबाट ३६५ प्याकेट दही दूध प्याकिङ हुनुपर्ने निर्णय गरेको छ ।

यसरी १ के.जी. रिलबाट दूध वा दहीको ३६५ प्याकेट तयार हुनुपर्नेमा संस्थानका आयोजनाहरुमा निर्धारित नर्म्स भन्दा निकै कम प्याकेट दूध दही प्याकिङ हुने गरेको पाइयो । गत वर्षको लेखापरीक्षणबाट आठ आयोजनामा रु. ३७ लाख ९४ हजार बराबरको रिल बढी खपत गरेको व्यहोरा औल्याएकोमा यो वर्ष पनि पाँच आयोजनामा रु.८ लाख ७९ हजार बराबरको नर्म्सभन्दा बढी प्याकिङ सामान खपत भएको देखिन्छ । यसर्थ प्याकिङमा खर्च भएको सामानअनुसार उत्पादित सामानको मूल्य असुल नभएकोले छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

कालिमाटी फलफूल तथा तरकारी विकास समिति

समितिले यो वर्ष पसल भाडा रु.६ करोड ५३ लाख समेत रु.९ करोड ६५ लाख आम्दानी गरी बजार सञ्चालनमा रु.१ करोड ३४ लाख, कर्मचारी तथा पदाधिकारी पारिश्रमिकमा रु.३ करोड ३० लाख र अन्य खर्च १९ लाखसमेत रु.४ करोड ८३ लाख खर्च गरी रु.४ करोड ८२ लाख बचत गरेको छ ।

७९. **स्टल/पसलको भाडा -** समितिको नियमावली, २०६० को नियम १८ (२) मा समितिले आफ्ना सटर तथा स्टल आय आर्जनका लागि भाडामा लगाउन सक्ने व्यवस्था छ । यो वर्ष निम्नानुसारका दररेट तथा क्षेत्रफलका पसल भाडामा लगाई वार्षिक रु.६ करोड ५३ लाख ३४ हजार आयआर्जन गरेको छ ।

सि.न	भाडामा दिएका निकायगत बिवरण	पसल संख्या	क्षेत्रफल (वर्गफिट)	प्रति वर्ग फिट भाडा दर
१	सहकारी संघ सस्था	१५	७८ देखि ८० सम्म	४१.९४
२	फलफूल कारोबार सञ्चालन	११	२०० देखि २८१ सम्म	७५.१५
३	भण्डार प्रयोजनका लागि	३५	१२९ देखि २००	५१.८१
४	माछा कारोबारका लागि	२७	१००	५२.३७
५	थोक कारोबारका लागि	३८०	६३ देखि २५५ सम्म	५३.४९
६	खुद्रा बजारतर्फ	६७	४० देखि ४१ सम्म	५८.७५
७	कार्यालय प्रयोजनतर्फ	७	१००	३५.१०

७९.१. नियमावलीको व्यवस्थाअनुसार भाडादरलाई प्रत्येक ५/५ वर्षमा पुनरावलोकन गर्नुपर्ने, भाडा दर पुनरावलोकन गर्दा समितिले उपयुक्त ठानेका अन्य कुराहरुको अतिरिक्त कायम भैरहेको भाडा दर, प्रचलित बजारको भाडा दर, मुद्रास्फिति र रिक्त स्थानको मागसमेतलाई विचार गरी समय सापेक्ष भाडा रकम निर्धारण गर्नुपर्ने व्यवस्था छ। समितिले कुल ५९३ सटर कबलमध्ये मुख्य स्थानमा रहेका बढी कारोबार हुने ४०७ सटर २०६५ मा १५ वर्षको लागि र अन्य सटर ५ वर्षका लागि सम्झौता गरी भाडामा दिएको छ। समितिले भाडा दर अद्यावधिक गरेर मात्र सटर भाडा सम्झौता गर्नुपर्दछ।

७९.२. समितिको आर्थिक कार्यविधि नियमावली, २०७३ को नियम २९(२) मा कृषि उपज बिक्री वितरणका लागि तोकेको स्थान वा पसलभन्दा बाहेक अन्य स्टल एवं बोलपत्रको माध्यमद्वारा वितरण गर्नुपर्ने व्यवस्था छ। समितिअर्न्तगत कालिमाटीका १ सटर तथा ३१ स्टल तथा बालाजुका ९ स्टल विगत वर्षदेखि खाली रहेको देखियो। उक्त सटर तथा स्टल वितरण नगर्दा समितिले आम्दानी गुमाएको अवस्था छ। नियममा व्यवस्था भएअनुसार बोलपत्रको प्रक्रियाबाट भाडामा लगाई आय आर्जन गर्नुपर्दछ

कृषि सामग्री कम्पनी लिमिटेड, २०७४।७५

रासायनिक मल उत्पादन एवं आयात गरी कृषकलाई सुलभ तथा सुपथ मूल्यमा बिक्री वितरण गर्नुको साथै कृषि उत्पादनको वृद्धिमा सहयोग गर्न सरकारको लगानीमा स्थापित यो संस्था कम्पनी ऐन, २०६३ अनुसार सञ्चालन हुँदै आएको छ।

८०. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** लिमिटेडको २०७५ आषाढ मसान्तमा शेयर पुँजी रु.४२ करोड ६४ लाख, जगेडा कोष तथा सञ्चित नाफा रु. १ अर्व १९ करोड ८८ लाख रहेको देखिन्छ। स्थिर सम्पत्ति रु.८३ करोड ९ लाख , लगानी रु.५४ करोड ५८ लाख र चालु सम्पत्ति रु.२ अर्ब ५४ करोड ३६ लाखमा चालु दायित्व तथा व्यवस्था रु.२ अर्ब २९ करोड ५० लाख घटाउदा खुद चालु सम्पत्ति रु २४ करोड ८६ लाख समेत सम्पत्ति रु १ अर्व ६२ करोड ५२ लाख रहेको देखिन्छ। गतवर्ष रु. १३ करोड २१ लाख नाफा रहेकोमा यस वर्ष रु.१४ करोड ५४ लाख नाफा भै सञ्चित नाफा रु ६३ करोड ४२ लाख पुगेको छ।

८१. **कृषि मलको माग र आपूर्ति -** परम्परागत कृषि प्रणालीमा आवद्ध कृषक रहेको हाम्रो देशमा रासायनिक मलको माग हरेक वर्ष वढ्दै गएको छ। रासायनिक मल आपूर्ति गर्ने यस कम्पनीले वार्षिक रुपमा मलको माग र आपूर्तिको विश्लेषण गरेको छैन। गत वर्ष रु. ६ अर्व १८ करोड ४३ लाखको २ लाख ५७ हजार मेट्रिक टन रासायनिक मल आयात गरी बिक्री गरेकोमा यो वर्ष रु.६ अर्व ६ करोड ९ लाखको २ लाख ४० हजार मेट्रिकटन रासायनीक मल आयात गरी बिक्री गरेको देखियो। २०७५ असार पछि मात्र २० हजार ४४९ मेट्रिकटन मल आयात भएको छ। हरेक वर्ष खेती गर्ने समयमा सहज रुपमा मल प्राप्त हुन सकेको देखिदैन। खेती गर्ने समयमा किसानले सहजै मल प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८२. **मूल्य अनुदान -** कम्पनीले सहुलियतदरमा रासायनिक मल खरिद गरी बिक्री वितरण गर्न नेपाल सरकारबाट २ लाख ११ हजार मेट्रिकटन मलको लागि गत वर्ष भन्दा रु.११ करोड बढी हुने गरी रु.३ अर्व ६३ करोड ९५ लाख अनुदान प्राप्त गरेको छ। गत वर्ष भन्दा १७ मेट्रिकटन न्यून हुने गरी रासायनिक मल बिक्री वितरण भएको देखिन्छ। यसरी बिक्री परीमाण घटेकोमा अनुदान वढ्दै जानुले मलको खरिद लागतमा वृद्धि भएको देखिन्छ। कृषकले समयमा मल प्राप्त गर्न नसकेको कारण आपूर्ति कार्य प्रभावकारी देखिएन। यस्तो अवस्थामा सुधार गर्नु पर्दछ।

८३. **अनावश्यक व्ययभार -** कर्मचारीले प्राप्त गरेको पारीश्रमिक लगायतका सुविधामा लाग्ने पारीश्रमिक कर कर्मचारी स्वयंमले व्यहोर्नु पर्दछ । कर्मचारीको पारीश्रमिकमा निर्धारण भएको पारीश्रमिक कर २०७३।७४ सम्मको रु.४ करोड ३ लाख र यस बर्षको रू. ५९ लाख समेत रु.४ करोड ६२ लाख कम्पनीबाट खर्च लेखि भुक्तानी गरेको देखियो । कर्मचारीले व्यहोर्ने कर कम्पनीबाट खर्च लेखि भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

८४. **म्याद थप -** मल खरिदको लागि २०७४।७५ मा संझौता भएका सबै संझौताको म्याद थप गरेको देखिन्छ । आपूर्तिकर्तालाई सहज बनाउन, नियम बमोजिम आपूर्ति भएको देखाउन र आपूर्तिकतालाई लाग्ने पुर्व निर्धारीत क्षतिपूर्ति रू.७ करोड ८४ लाख नलिनेको मनसायले मात्र अधिकांश म्याद थप गरेको देखिन्छ । वोलपत्र स्वीकृत गर्दा आपूर्तिकर्ताबाट लिने धरौटी रकम निकै कम भई बजारमा मलको मूल्य बढ्दा हुने तुलनात्मक घाटा बढी हुने भएको कारण मलको आपूर्ति नै नहुने अवस्था देखिएबाट म्याद थप गरेको भन्ने कारण कम्पनीले उल्लेख गरेको छ । कम्पनीले वोलपत्र स्वीकृत गर्दा मलको आपूर्ति समय अनुसार नै गर्न लगाउने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८५. **घटी आपूर्ति -** कम्पनीको वासलातमा अन्य ग्राहक शीर्षक अन्तर्गत लिन बाँकी रु ३ करोड ११ लाख ६५ हजार देखाएको छ । सोमध्ये भारतबाट २०७१।७२ मा मल खरिद गर्दा घटी मल आएको रु. १९ लाख ७ हजार र २०७२।७३ मा घटी मल आएको रु. १ करोड ४८ लाख ४५ हजार समेत रु. १ करोड ६७ लाख ५२ हजार उक्त कम्पनीवाट लिन वाँकी देखाएकोमा यो बर्षसम्म फिर्ता आएको छैन । कम्पनीले अग्रिम भुक्तानी पठाएको रकमको सामान प्राप्त नहुँदा समयमै रकम फिर्ता पाउने व्यवस्था सहितको खरिद प्रक्रिया अपनाउनुपर्ने देखिन्छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा रासायानिक मलमा सञ्चालन खर्च अनुदान दिएको, सम्भाव्यता अध्ययन र प्रतिफललाई ध्यानमा राखि योजना छनौट नगरेको, तोकिएको लक्ष्य अनुसार आयोजनामा प्रगति नभएको, परामर्श सेवा खर्चमा नियन्त्रण नभएको, खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्नेलाई कारबाही नगरेको, खरिद सामानको उपयोग नभएको, पशु स्वास्थ्य घुम्ती कोषको प्रभावकारिता नरहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ ४०२ निकायमा रु.१ अर्ब ३२ करोड १७ लाख ६२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ करोड ९३ लाख २९ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब २६ करोड २४ लाख ३३ हजार बाँकी रहेको छ । सोमध्ये रु.११ करोड ७८ लाख ६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - सँगठित संस्था, समिति र अन्य संस्था ८० तर्फ रु.३ करोड ७५ लाख ४० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ९३ हजार फछ्यौंट गरेकोले रु.३ करोड ७२ लाख ४७ हजार बाँकी रहेको छ । सोमध्ये रु.१७ लाख १६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

खानेपानी मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा खानेपानी तथा सरसफाईसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन गर्ने, खानेपानी, सरसफाई तथा ढल निकासको कार्यमा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थासँग सम्पर्क कायम गरी स्वच्छ खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ८५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहतको यो वर्ष विनियोजन रु.२४ अर्ब ६२ करोड ८० लाख ४६ हजार, राजस्व रु.८ करोड ६१ लाख ३२ हजार, धरौटी रु.१ अर्ब ९२ करोड ७६ लाख ६७ हजार र अन्य कारोबार रु.१७ करोड ६४ लाख २ हजारसमेत रु.२६ अर्ब ८१ करोड ८२ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । संगठित संस्था, समिति र अन्य संस्थासमतेको रु.३७ अर्ब १८ करोड ७ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **चौधौं योजनाको प्रगति -** राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा प्रस्तुत प्रगति विवरणमा १४औं योजना अवधिमा आधारभूत स्तरको खानेपानी सुविधा ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यस वर्ष सम्म ८८.१ प्रतिशत, उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या ३० प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा २० प्रतिशत मात्र पुगेको उल्लेख छ । योजना अवधि १ वर्ष मात्र बाँकी रहेको सन्दर्भमा अपेक्षित लक्ष्य प्राप्त गर्न कार्ययोजनासहित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२. **संगठन संरचना -** मन्त्रालयको पुनः संरचना भई संघीय सरकारअन्तर्गत खानेपानी मन्त्रालय, विभाग र मातहत १५ संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी तथा सरसफाई महाशाखा र मातहत ३० खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र संघमा ३५३, प्रान्तमा ६१८, स्थानीय तहमा ४६० कर्मचारी रहने गरी संगठन तथा दरबन्दी स्वीकृत भएको छ ।

३. **योजना संरचना -** मन्त्रिपरिषद्को २०७५।२।२३ को निर्णयले संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गर्ने खानेपानी तथा सरसफाई आयोजनाको वर्गीकरण गरेको छ । सोअनुसार संघअन्तर्गत राष्ट्रिय प्रकृतिका ठूला आयोजना, सहलगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना, ढल प्रशोधन गर्ने आयोजना, तराई मधेशमा ३० हजार, पहाडमा १० हजार र हिमालमा ५ हजारभन्दा बढी जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना, खानेपानी स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने आयोजनाहरु र ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहरमैला व्यवस्थापन तथा प्रशोधन सम्बन्धी आयोजना रहेका छन् ।

प्रदेश अन्तर्गत प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन एवं वितरण, फोहोरमैला व्यवस्थापन एवं प्रशोधन र एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरु रहेका छन् । त्यसैगरी स्थानीय तहबाट खानेपानी वितरण तथा अनुगमन, सरसफाईसम्बन्धी जनचेतना, ग्रामीण खानेपानी तथा फोहोरमैला व्यवस्थापन कार्य सञ्चालन हुने उल्लेख छ । मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम र बजेटमा दोहोरोपना नआउने व्यवस्था मिलाउनुपर्दछ ।

४. **वैदेशिक सहयोगको उपयोग -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार वैदेशिक सहायताको प्राप्ति र उपयोगको अवस्था अध्ययन गर्दा मन्त्रालयमा आइडिए स्रोतबाट रु.९४ करोड ६९ लाख प्राप्त हुने उल्लेख भएकोमा २३ करोड ७८ लाख (२५.११ प्रतिशत), मेलम्ची र साना शहरी खानेपानी आयोजनामा ५ सम्झौतामार्फत अमेरिकी डलर २८ करोड ६९ लाख ३० हजार प्राप्त हुने उल्लेख भएकोमा १३ करोड १८ लाख ९६ हजार (४५.९६ प्रतिशत) र ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिमा आईडीए स्रोतबाट एसडीआर ५९ लाख ३५ हजार प्राप्त हुने उल्लेख भएकोमा ३९ लाख ९९ हजार (६७.३७ प्रतिशत) प्राप्त भएको छ । प्रतिबद्धताबमोजिम सहयोग प्राप्त गरी निर्धारित समयमा आयोजना सम्पन्न गर्नुपर्दछ ।

५. **रकमान्तर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९(३) मा अर्थ मन्त्रालयले निर्धारण गरेको क्षेत्रगत र मन्त्रालयगत बजेट रकमको सीमा अनुसार बजेट तथा कार्यक्रम तयार गरी पेस गर्नुपर्ने तथा सोही

नियमावलीको नियम ४०(१) मा स्वीकृत बजेटको रकम अर्को बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालयको हुने व्यवस्था छ । खानेपानी मन्त्रालयले बजेट तर्जुमा गर्दा उपर्युक्त पक्ष विचार नगरी शुरु विनियोजित बजेट रु. १२ अर्ब ४४ करोड ४३ लाखमा रु.३ अर्ब ६ करोड १३ लाख (२४.६० प्रतिशत) रकमान्तर थप गरी खर्च गरेको छ ।

५.१. यस वर्ष अर्थ मन्त्रालयको २०७५।३।१५ देखि ३२ गतेसम्मको निर्णयबाट रु. २ अर्ब ५४ करोड रकमान्तर गरेको छ । सोमध्ये आषाढ ३२ गते मात्र रु.१७ करोड ५४ लाख रकमान्तर गरेको छ । अर्थ मन्त्रालयले रकमान्तरसम्बन्धी पत्रमा स्रोतको यकिन नगरी दायित्व सिर्जना गर्न नहुने उल्लेख गरेकोमा मन्त्रालयले २०७५।७।७ मा गठित समितिमार्फत छानबिन गर्दा थप बजेटबाट सम्पन्न निर्माण कार्यको भुक्तानी भएको उल्लेख छ ।

५.२. खानेपानी तथा ढल निकास विभागले शुरु कार्यक्रममा रु.९ करोड ५० लाख ८४ हजार थप गरी डिप ट्युबवेल लगायत विभिन्न निर्माण कार्यमा, डिभिजन कार्यालय, बाग्लुङले शुरु कार्यक्रममा समावेश नभएका योजनाको लागि २०७५।३।२५ र ३१ गते रु.१५ करोड १८ लाख थप अख्तियारीको बजेटबाट खर्च गरेको छ । डिभिजन कार्यालय, मोरङलाई २०७५।३।२२ मा अख्तियारी दिएको रु.२ करोड ४२ लाख ५३ हजारबाट पाइप तथा फिटिङ्स सामग्री खरिद गरी मौज्दात राखेको छ । काठमाडौँ क्षेत्रीय कार्यालयले रु.६ करोड ९० लाख, दार्चुलाले रु.१० करोड ४३ लाख रकमान्तरबाट निकासा गरी केही निर्माण कार्यको भुक्तानी गरेको र पाइप तथा फिटिङ्स खरिद गरी मौज्दात राखेको छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः वर्षान्तमा रकमान्तर गरी खर्च गरेको, मातहत निकायको कार्यक्रमसमेत विभागबाट सञ्चालन भएको, निर्माण कार्य समयमा सम्पन्न नभएको, निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको, उपभोक्ता समितिबाट तोकिएको सीमाभन्दा बढीको कार्य गराएको, उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण व्यवसायीबाट कार्य गराएको, खरिद कार्यमा प्रतिस्पर्धा न्यून रहेको, नियमित प्रकृतिको कार्यमा समेत परामर्शदाता राखी व्ययभार पारेको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

५.३. यस वर्ष ६ उपशीर्षकमा रु.३ अर्ब २ करोड ६५ लाख थप, ५ उपशीर्षकमा रु.२७ करोड ७५ लाख घट तथा २ उपशीर्षकमा रु.५४ करोड ४८ लाख थप घट दुबै भएकोले शुरु बजेट विनियोजन यथार्थ परक देखिएन ।

६. **मौज्दात -** सचिवस्तरीय २०६२।११।८ को निर्णय र विभागको २०६३।१।३ को परिपत्रनुसार पाइप तथा फिटिङस/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने उल्लेख छ । विभिन्न १८ खानेपानी कार्यालयमा रु.७ करोड ४२ लाख मूल्यको ५ लाख ६३ हजार मिटर पाइप बाँकी रहेकोमा यो वर्ष रु.१६ करोड ८६ लाख मूल्यका १२ लाख ८६ हजार मिटर पाइप खरिद गरेको देखिन्छ । यो वर्षको अन्तमा काठमाडौँ, मोरङ, ललितपुर, संखुवासभा, झापालगायत १८ कार्यालयमा रु.११ करोड १९ लाख मूल्यका ५ लाख ९ हजार मिटर पाइप र २१ डिभिजन कार्यालयमा रु.१६ करोड १९ लाखको फिटिङ्स मौज्दात रहेको छ । सम्बन्धित वर्षको वार्षिक कार्यक्रमअनुसार खरिद गरी उपयोग गर्नुपर्दछ ।

७. **इन्जिनियरिङ्ग सुविधा -** सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण व्यवसायीको बिल अफ क्वान्टिटीमा इन्जिनियरिङ सुविधा राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने उल्लेख छ । सो निर्णयविपरीत मन्त्रालयले एक परामर्शदाता कम्पनीसँग भएको सम्झौतामा सवारीसाधन तथा मेसिनरी उपकरण समावेश गरी रु.६४ लाख १४ हजार, आयोजना कार्यान्वयन निर्देशनालयले ९ ठेक्कामा सवारीसाधन, भाडा, साइट कार्यालय, उपकरण र प्रतिवेदनको लागि रु.२२ करोड ३१ लाख १९ हजार, तेस्रो साना शहरी खानेपानी तथा सरसफाई कार्यक्रमले ५ खानेपानी योजनामा रु.१८ लाख ३१ हजार खर्च लेखेको छ । यस किसिमको खर्चका सम्बन्धमा सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

खानेपानी तथा ढल निकास विभाग

८. **अधिकार क्षेत्र -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नपाइने व्यवस्था छ । सो विपरीत मोरङ, कैलाली, नवलपरासी, बागलुङ, पर्वत, ताप्लेजुङ, दार्चुला लगायतका जिल्लामा सोलार प्रणालीमा आधारित खानेपानी आयोजना, डिप ट्युबवेल आयोजना, पुनर्भरण पोखरी, सार्वजनिक शौचालय लगायतका निमार्ण कार्यको लागि

विभाग आफैले ४ बजेट उपशीर्षकमा कार्यक्रम राखी रु.३३ करोड ६७ लाख ८२ हजार खर्च लेखेको छ । केन्द्रीय निकायको रुपमा रहेको विभागले मातहतका कार्यालयले सम्पादन गरेको कामको अनुगमन तथा मूल्याङ्कन एवं नीति निर्माण कार्यमा केन्द्रित हुनुपर्नेमा जिल्लास्थित कार्यालयको कार्यक्रमहरु आफैँ सञ्चालन गर्नु मनासिब देखिएन ।

९. **शाखागत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) मा विभागीय प्रमुखले कार्यक्रम सञ्चालन गर्ने कार्यालयलाई स्वीकृत कार्यक्रम र खर्चगर्ने स्रोत खोली अख्तियारी पठाउनुपर्ने व्यवस्था छ । विभागको महानिर्देशकलाई प्राप्त अख्तियारीबाट विभागका १२ शाखालाई छुट्टै कार्यालयको रुपमा बजेट व्यवस्था गरी रु.३ करोड ५० लाख ९७ हजार खर्च गरेको उपयुक्त देखिएन ।

१०. **अधुरा आयोजना -** खानेपानी तथा ढल निकास विभागअन्तर्गत सञ्चालित खानेपानी आयोजनामध्ये २०७४।७५ सम्म क्रमागत आयोजना ३ हजार ८३५ सञ्चालितमध्ये ३ हजार ४२२ (८९.२२ प्रतिशत) आयोजना अधुरा रहेका छन् । ती आयोजनाको कुल लागत रु.१ खर्ब २८ अर्ब ९३ करोड ५१ लाखमध्ये हालसम्म रु.२२ अर्ब ९२ करोड ३२ लाख (१७.७८ प्रतिशत) खर्च भएको छ । विभाग मातहत २०५६।५७ देखि २०६८।६९ भन्दा अगाडि शुरु भएका बुर्तिबाङ्ग, इटहरा, डाँगीहाट, लुङ्गरुपासमेत २७ जिल्लाका २६१ योजनाहरुको लागत अनुमान रु.११ अर्ब ४१ करोड १५ लाख भएकोमा हालसम्म रु.४ अर्ब ६८ करोड १ लाख मात्र खर्च भई योजना अधुरो अवस्थामा छन् । अतः अधुरा आयोजना समयमै सम्पन्न गर्न विभागले ध्यान दिनुपर्दछ ।

११. **योजना विवाद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा निर्माण स्थलको व्यवस्था नभई खरिद कार्य गर्ननहुने उल्लेख छ । बभ्राङ, बाजुरा, दोलखा, तेह्रथुमलगायतका ९ डिभिजन कार्यालयहरुमा रु.२३ करोड ९८ लाख लागत अनुमान भएका ११ खानेपानी आयोजनामा मुहानलगायतका विवादको कारणबाट निर्माण कार्य अवरुद्ध भई हालसम्म भएको खर्च रु.१ करोड १८ लाख खेर जाने अवस्थामा देखिन्छ । डिभिजन कार्यालय, ओखलढुङ्गाअन्तर्गत विजयटार सिंहदेवी खानेपानी आयोजनाको लागत अनुमान रु.८ करोड २७ लाख २२ हजार रहेकोमा यो वर्ष रु.२८ लाख विनियोजन भए पनि स्थानीयस्तरमा उपभोक्ताबीच विवाद रहेको कारण रु.४ लाख २० हजारका फिटिङ सामग्री खरिद गरी मौज्दात राखेको र दोलखाको लामिडाँडा उपभोक्ता समितिमा विवादका कारण रु.५६ लाख विनियोजन भएकोमा रु.५ लाखमात्र खर्च गरेको छ । त्यस्तै डिभिजन कार्यालय, रौतहटले १४ योजनाको लागि रु.८८ लाख विनियोजन भए पनि जग्गा उपलब्ध नभएको र उपभोक्ता समिति गठनमा विवाद भई कार्य सञ्चालन गरेको छैन । विवाद समाधान गरी निर्माण कार्य सञ्चालन गनुपर्दछ भने आगामी दिनमा पूर्व तयारीका कार्य सम्पन्न गरी विवाद नहुने गरी योजना सञ्चालन गर्नुपर्दछ ।

१२. **प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न यो ऐनको तर्जुमा गरिएको उल्लेख छ । त्यस्तै सोही ऐनको दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद कार्य नहुने र दफा २६(६) मा बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेमा त्यस्तो बोलपत्र रद्द हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१२.१. विभागले सोलार प्रणालीमा आधारित २९ डिप ट्युबवेल खानेपानी आयोजनाको लागि पहिलो चरणमा १६ प्याकेजमा रु.७ करोड ७४ लाख ५४ हजारको लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा १४ प्याकेजमा एक मात्र बोलपत्रदाताको बोलपत्र दाखिला भएकोले निजसँग रु.७ करोड ६५ लाख २६ हजार (लागत अनुमानको तुलनामा १.२० प्रतिशत घटी) मा सम्झौता भएको छ । यसरी १४ प्याकेजमा एउटामात्र बोलपत्र दाखिला भएपछि पुनः दोस्रो चरणअन्तर्गत रु.५ करोड ९८ लाख ६९ हजारको लागत अनुमानलाई १३ प्याकेज बनाई बोलपत्र आह्वान गरेकोमा सोही निर्माण व्यवसायीसँग रु.५ करोड ९० लाख ५५ हजार (लागत अनुमानको तुलनामा १.३६ प्रतिशत घटी) मा सम्झौता भएको छ । पहिलो चरणको बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा नभएको सम्बन्धमा छानबिन नगरी दोस्रो चरणमा निजको १ मात्र बोलपत्र पेस भएको अवस्थामा सम्झौता गरेको छ । उक्त कार्यमा प्रतिस्पर्धा भएको देखिएन ।

१२.२. विभाग मातहतका डिभिजन तथा सबडिभिजन कार्यालयहरुले विभिन्न खानेपानी योजनाको लागि पाइप खरिद गर्दा उत्पादक कम्पनीहरुबीच प्रतिस्पर्धा हुन नसकी लागत अनुमानकै हाराहारीमा सम्झौता गरेको छ ।

विभागबाट प्राप्त विवरणअनुसार काठमाडौँ, ललितपुर, मोरङलगायतका १५ कार्यालयहरुले रु.१९ करोड ७५ लाख ७८ हजार लागत अनुमान भएको एचडीपी पाइप ०.२० प्रतिशतमात्र घटी अङ्क रु.१९ करोड ७१ लाख ७० हजारमा खरिद भएको छ ।

विभाग र मातहतका निकायहरुको खरिद कार्य मितव्ययी, विश्वसनीय र प्रतिस्पर्धी बनाउनुपर्दछ ।

१३. **बढी दरमा भुक्तानी -** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रकृया स्वच्छ एवं प्रतिस्पर्धी बनाई मितव्ययी ढगले गर्नुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ । खानेपानी पुनः स्थापना कार्यक्रमबाट ४४ समितिलाई फेब्रिकेसन आपूर्ति र ल्कोरिनेसन इकाई खरिद तथा ढुवानी गर्न एक आपूर्तकसँग रु.२ करोड ७० लाख ६ हजारको सम्झौता गरी भुक्तानी गरेको छ । खानेपानी गुणस्तर तथा नियमन शाखाले सोही प्रकृतिको कार्यमा ३३ समितिलाई रु.५५ लाख ७९ हजारको सम्झौता गरी भुक्तानी गरेको छ । गुणस्तर र पुनः स्थापना शाखाको लागत अनुमान विश्लेषण गर्दा डोजिङ पम्प विथ मोटर/डाईफर्मा पम्पसेट, केमिकल टैंक, मिक्चर्स, इलेक्ट्रिक वर्क, फिटिङ्स (भल्भ, नटबोल्टलगायत) तथा ढुवानीमा प्रति योजना रु.१ लाख ७० हजार दररेट फरक परेको देखियो । सो बमोजिम ४४ योजनामा ती आइटममा मात्र पुनःस्थापना शाखातर्फ रु.७४ लाख ८० हजार बढी व्ययभार परेको छ । नेपाल सरकारको स्रोतबाट खर्च हुने रकममा जापान इन्टरनेसनल कोअपरेसन एजेन्सीको सिफारिसमा उच्च दरमा केही स्पेसिफिकेसन फरक पारी लागत अनुमान तयार गरी नर्म्ससमेत नबनाई गरेको खर्च कानुनसम्मत देखिएन ।

साथै पुनः स्थापना कार्यक्रमतर्फ स्वीकृत नर्म्सबेगर १ डाईफर्मा पम्प सेट थप उपलब्ध गराई प्रतिगोटा रु.१ लाख ४३ हजारको दरले ४४ योजनामा रु.६२ लाख ९६ हजार खर्च भएको रकमसमेत कानुनसम्मत देखिएन । स्पेयरको रुपमा उपकरणहरु उपलब्ध गराउन सोहीबमोजिम नर्म्स स्वीकृत भएको हुनुपर्दछ ।

१४. **परामर्श सेवा -** विभागमा स्थायी तथा पुल दरबन्दीसहित सह-सचिव १०, उप-सचिव २७ र इन्जिनियर, अन्य अधिकृत तथा सब इन्जिनियर ८९ कर्मचारी समेत १२६ जना सम्बन्धित क्षेत्रका विज्ञ र प्राविधिक जनशक्ति कार्यरत रहेकोमा निजहरुलाई स्पष्ट कार्यविवरणसहितको जिम्मेवारी तोकेको छैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा लिन सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४.१. साना शहरी खानेपानी आयोजनाको लागि संस्थागत सेवा सहयोग र सल्लाहकार इकाईको रुपमा परामर्शदातालाई रु.२ करोड ६८ लाख ५२ हजार भुक्तानी गर्ने गरी सम्झौता भएकोमा हालसम्म रु.१५ लाख ७४ हजार भुक्तानी भएको छ । विभागमा परामर्शदाताको छुट्टै सचिवालय खडा गरी चालु वर्ष रु.३३ लाख ९७ हजार. खर्च भएको छ । आयोजनाको लागि छुट्टै कार्यालय खडा गरी सञ्चालनमा रहेको अवस्थामा विभागमा समेत परामर्शदाता राखी थप व्ययभार परेको छ ।

१४.२. सम्भाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन र लागत अनुमान तयार गर्ने कार्यको लागि कार्यालयको जनशक्तिबाट गर्न सक्ने/नसक्ने सम्बन्धमा विश्लेषण नगरी डिभिजन कार्यालय अर्घाखाँचीले ६ परामर्शदाता फर्मलाई रु.२५ लाख ५९ हजार, ओखलढुङ्गाले योजना सर्वेक्षण तथा डिजाइन कार्य ५ परामर्शदाताबाट गराई रु.११ लाख ९९ हजार, ललितपुरले योजना डिजाइन तथा सर्भे लागत अनुमान, प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको लागि रु.५१ लाख २३ हजार र महोत्तरीले रु.१९ लाख ९४ हजार खर्च गरेको औचित्यपूर्ण देखिँदैन ।

१४.३. खानेपानी तथा सरसफाई सहलगानी आयोजनाहरुको पुनरावलोकन, अनुगमन तथा व्यवस्थापन गर्न एक परामर्शदातासँग रु.२ करोड २५ लाख ६२ हजारमा ३६ महिना कार्य अवधि रहने गरी २०७५।३।२६ मा सम्झौता गरी २०७५।३।३१ मा प्रारम्भिक प्रतिवेदन प्राप्त गरी रु.२१ लाख ५३ हजार भुक्तानी भएको छ । गत विगतमा परामर्शदाताले तयार पारेका अध्ययन प्रतिवेदनको पुनरावलोकन, नियमन र गुणस्तर नियन्त्रण कार्य विभागमै कार्यरत जनशक्तिबाट गर्नुपर्नेमा सो कार्यको लागि समेत पुनःपरामर्शदाता राखी खर्च गर्ने कार्य अनियमित देखिन्छ । परामर्शदाता खर्चमा अनावश्यक व्ययभार पार्ने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१५. **सार्वजनिक निर्माणबाट परामर्श खर्च -** महालेखा नियन्त्रक कार्यालयद्वारा जारी आर्थिक संकेत तथा वर्गीकरण, २०७१ बमोजिम सम्भाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन, ड्रइङ, अन्वेषण, उत्खनन, अनुसन्धान तथा पुँजीगत

निर्माणको लागतमा समावेश हुने परामर्श सेवाको लागि पुँजीगत अनुसन्धान तथा परामर्शमा बजेट व्यवस्था गर्नुपर्नेमा सार्वजनिक निर्माणबाट तराई मधेश खानेपानी आयोजना, ढल निर्माण तथा प्रशोधन कार्यक्रम, खानेपानी सेवा नियमन तथा पुनः स्थापना कार्यक्रमअन्तर्गत रु.१६ करोड ८ लाख २८ हजार खर्च गरेको छ । सार्वजनिक निर्माणमा बजेट विनियोजन गरी परामर्श सेवामा खर्च गर्ने कार्य नियमित देखिएन ।

१६. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत समावेश गर्ने व्यवस्था छ । कार्यालय सञ्चालनको लागि चालुखर्च शीर्षकमा अलग्गै बजेट व्यवस्था भएकोमा निर्माण कार्यको कन्टिन्जेन्सीबाट ११ कार्यक्रमको योजनागत लागतमा समावेश गरी प्रशासनिक कार्यमा रु.१ करोड ६ लाख ५२ हजार खर्च गरेको कानुनसम्मत देखिएन ।

१७. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौताबमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । विभागले दुई स्मार्ट शौचालय निर्माण कार्य २०७५।३।१५ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.३९ लाख ८२ हजारमा सम्झौता भई पहिलो रनिङ बिलको रु.१९ लाख ९१ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीकै ढिलाइको कारण सम्झौतामा उल्लिखित समयमा निर्माण कार्य सम्पन्न नभएको तथा म्याद थपसमेत नभएको र २०७५।११।१९ मा स्थलगत अवलोकन गर्दा स्पेसिफिकेसनबमोजिम कार्य सम्पन्न नभएको र प्रयोगमा पनि नरहेकोले नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई निर्माण सम्पन्न गराउनुपर्ने देखिन्छ ।

१८. **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा र परियोजनाको उद्देश्य रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । यस्तै नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले आफूले पाएको काम निर्माण व्यवसायीबाट गराउन नहुने, निर्माण कार्यमा मेसिन प्रयोग गर्न नहुने र रु.१ करोडभन्दा बढीको काम उपभोक्ताबाट गराउन नहुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१८.१. विभाग र वसुन्धरा त्रिपुरा टोल विकास उपभोक्ता समितिबीच सम्झौताबमोजिमको काम एक निर्माण व्यवसायीबाट गराई रु.४२ लाख ३८ हजार भुक्तानी गरेकोले अनियमित देखिएको छ । सोलार एण्ड वाटर ट्रिटमेन्टसम्बन्धी सम्पूर्ण कार्य निर्माण व्यवसायीमार्फत गराई सकेपछि बचत रकमबाट १० दक्ष कामदार र २७ अदक्ष कामदार काममा लगाएको डोर हाजिर फाराम संलग्न गरी उपभोक्ता समितिलाई रु.४ लाख ४६ हजार भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

१८.२. डिभिजन कार्यालय मोरङले जी.आई. पाइप तथा एम.एस. पाइपलगायत सामग्री खरिद गर्न उपभोक्ता समितिसँग सम्झौता गरी दुई आपूर्तकको बिल संलग्न गरी रु.४४ लाख ६४ हजार खर्च लेखेको अनियमित देखिन्छ ।

१८.३. डिभिजन कार्यालय, तनहुँले घैरुङ करंगा खोला खानेपानी आयोजना उपभोक्ता समितिलाई विद्युतीय सामान खरिद तथा जडान गर्नदिएको काम एक निर्माण व्यवसायीलाई जिम्मा दिई रु.४३ लाख ७६ हजार भुक्तानी गरेको छ ।

१८.४. डिभिजन कार्यालय, महेन्द्रनगरले रु.१ करोड ६४ लाख १५ हजार लागत अनुमान भएको ७ डिप ट्युबवेल निर्माण कार्य बोलपत्रद्वारा गराउँदा ४३.२२ देखि ५१.४८ प्रतिशतसम्म घटीमा कार्य गराएकोमा सोही कार्यालयले रु.१ करोड ९७ लाख ८६ हजार लागत अनुमान भएको ७ डिप ट्युबवेल निर्माणकार्य उपभोक्ता समितिमार्फत लागत अनुमानमै सम्झौता गरी खर्च लेखेको छ ।

१८.५. डिभिजन कार्यालय, झापाले स्लो स्याण्ड फिल्टर निर्माण, सेडिमेन्टेसन ट्याङकीजस्ता जटिल प्राविधिक पक्ष समावेश भएका निर्माण कार्य २ उपभोक्ता समितिमार्फत रु.१ करोड ५३ लाख ८५ हजारमा सम्झौता गरी कार्य गरेको देखियो ।

१८.६. क्षेत्रीय अनुगमन कार्यालय, काठमाडौँले कुल लागत अनुमान रु.१० करोड ५६ लाख भएको भैमाल गोठाटार ढल निर्माण कार्य उपभोक्ता समितिसँग ४ प्याकेजमा रु.३ करोड ५६ लाखको तथा कुल लागत अनुमान

रु.३७ करोड ५६ लाख भएको कीर्तिपुर ढल निर्माण कार्य उपभोक्ता समितिसँग २ प्याकेजमा रु.१ करोड ८८ लाखमा सम्झौता गरेको छ । यसैगरी सल्यान, मुस्ताङ, मनाङ, पर्वतका खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरुले २० आयोजनाको लागत अनुमान रु.७६ करोड २३ लाख भएकोमा उपभोक्ता समितिमार्फत काम गराई रु.२३ करोड २६ लाख खर्च गरेको छ ।

१८.७. डिभिजन कार्यालय, महोत्तरीले एक्साभेटर प्रयोग गरी माटो खन्ने कार्यकोलागि सम्झौता गरेकोमा श्रमिकद्वारा कार्य गरेको देखाई रु.१२ लाख १६ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

जटिल प्राविधिक पक्ष समावेश भएको कार्य, निर्माण सामग्री खरिद तथा तोकिएको सीमाभन्दा बढीको काम उपभोक्ता समितिमार्फत गराएकोले नियममा भएको व्यवस्था पालना नभएको स्थिति छ । अतः नियममा भएको व्यवस्था पालना गरी उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ ।

खानेपानी तथा सरसफाइ डिभिजन तथा सबडिभिजन कार्यालय

१९. **बढी भुक्तानी -** कार्यालयले सम्झौताका शर्तबमोजिम बिल रकम भुक्तानी गर्नुपर्दछ । खानेपानी तथा सरसफाइ डिभिजन तथा सवडिभिजन कार्यालय काठमाडौँ, भक्तपुर, ललितपुर, सुनसरीलगायत ४५ कार्यालयले निर्माण व्यवसायीलाई नपाउने मूल्यवृद्धि दिएको, नर्म्सभन्दा बढी भुक्तानी गरेको, दोहोरो भुक्तानी गरेको लगायतका कारणहरुबाट रु.३ करोड ३ लाख नपाउने रकम भुक्तानी गरेको देखिएको छ । नियमविपरीत भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

२०. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद कार्य गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यो वर्ष डिभिजन कार्यालय काठमाडौँ, मकवानपुर, पर्सा, जुम्लालगायत १० ले ४९ योजनाको रु.३ अर्ब १० करोड ९९ लाखको लागत अनुमान स्वीकृत नगरी रु.२५ करोड ८६ लाख खर्च गरेको देखियो । ऐनबमोजिम लागत अनुमान स्वीकृत गरेर मात्र योजना सञ्चालन तथा खर्च गर्नुपर्दछ ।

२१. **योजनागत खाता** - डिभिजन कार्यालय, बागलुङले एचडीपी पाइप, जी.आई. पाइप तथा फिटिङ्स सामग्री योजनामा खर्च देखाएकोमा उक्त सामान प्रयोग भएको योजनागत हिसाब राखेको छैन । योजनामा खर्च देखाएको रु.२ करोड ४३ लाख ५२ हजार मूल्यको विभिन्न २७ साइजको ३ लाख २४ हजार मिटर एचडीपी पाइप तथा रु.८३ लाख ४३ हजार मूल्यको जी.आई पाइप तथा फिटिङ्स योजनागत नापी किताबमा प्रविष्ट नगरी एकमुष्ट एक कार्य भनी खर्च देखाएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

२२. **पाइप जडान** - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २०६२।११।८ को निर्णयमा खर्च भएको निर्माण सामग्री नापी किताबमा प्रमाणित नभएसम्म खर्च मान्य नहुने उल्लेख छ । प्राप्त विवरणअनुसार यो वर्ष खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन काठमाडौ, मोरङ, भक्तपुर, झापा, ताप्लेजुङलगायत २६ कार्यालयले रु.९ करोड ५३ लाख मूल्यको ६ लाख ७६ हजार मिटर विभिन्न साइजको पाइप कार्यालयको जिन्सीबाट खर्च देखाए तापनि योजनामा जडान भएको पुष्टि गर्ने नापी किताबमा प्रविष्टि गरेका छैनन् । निर्माण स्थलमा जडान नगरी खर्च देखाएकोमा छानबिन गर्नुपर्दछ ।

२३. **समन्वय -** निर्माण कार्य सञ्चालन गर्दा विभिन्न निकायबीच समन्वय हुनुपर्दछ । सम्बन्धित निकायबीच समन्वय नहुँदा दैलेख-महावु सडक खण्ड विस्तारको क्रममा डिभिजन सडक कार्यालय, सुर्खेतले रु.२५ लाख ५७ हजारमा बनेको पाइपलाईनमा क्षति पुऱ्याई नोक्सानी पारेको देखिन्छ । त्यस्तै अछ्राममा मध्यपहाडी लोकमार्गले रु.६ लाख १९ हजार बराबरको पाइप लाइन क्षति पुऱ्याएको छ । निर्माण कार्य शुरु गर्नु अगावै सम्बन्धित निकायबीच समन्वय कायम गरी क्षति नहुने व्यवस्था गर्नुपर्दछ ।

२४. **पाइप सापटी -** डिभिजन कार्यालय, काभ्रेले एक योजनाको लागि खरिद भएको रु.१५ लाख ४ हजारको २५ हजार मिटर पाइप अन्य योजनामा सापटी दिएकोमा सापटी गएको योजनाको नाम उल्लेख नगरी खर्च देखाएकाले छानबिन गरी फिर्ता गर्नुपर्दछ ।

२५. **स्रोत सुनिश्चितता -** अर्थमन्त्रालयको २०७४।७५ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनमा स्रोतको सुनिश्चितता गनुपर्ने उल्लेख छ । डिभिजन कार्यालय, काभ्रेले स्रोत सुनिश्चित नगरी दीर्घकालीन दायित्व

सिर्जना हुने गरी रु.१४ करोड ३२ लाख ६० हजारको सम्झौता गरी चौरीढाकाडाँडा र तिमाल खानेपानी योजनाका निर्माण व्यवसायीलाई मोबिलाइजेसन पेस्की भुक्तानी दिएको नियमसम्मत देखिएन ।

तेस्रो साना शहरी खानेपानी तथा सरसफाई कार्यक्रम

साना तथा शहरोन्मुख क्षेत्रमा उपभोक्ता समुदाय र नगर विकास कोषसमेतको योगदानमा खानेपानी तथा सरसफाईसम्बन्धी कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार, एसियाली विकास बैङ्क, ओपेक फण्ड, स्यानिटेसन फाइनान्सिङ पार्टनरसीप ट्रष्ट फण्ड र स्थानीय निकाय समेतको अमेरिकी डलर १० करोड ९० लाख स्रोतमा २०७७।९।१६ सम्म अवधि रहने गरी आयोजना सञ्चालन भएको छ । पहिलो चरणमा १२ र दोस्रो चरणमा १४ समेत २६ शहरमा आयोजना कार्यान्वयन गर्ने उल्लेख रहेकोमा यो वर्षसम्म २० आयोजना निर्माणको चरणमा छन् । उक्त कार्यक्रममा यो वर्षसम्म रु.४ अर्ब ८० करोड ८२ लाख ६१ हजार खर्च भएको छ ।

२६. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपसम्बन्धी व्यवस्था छ । आयोजना व्यवस्थापन कार्यालयबाट सञ्चालित ३१ मध्ये २३ योजनामा म्यादथप भएको छ । जसमध्ये ८ आयोजनामा ५० प्रतिशतसम्म, ५ मा १०० प्रतिशतसम्म र १० मा १०० प्रतिशतभन्दा बढी अवधिको म्याद थप भएको छ । म्याद समाप्त हुनुभन्दा ७ दिन अगाडि नै म्याद थपको लागि निवेदन प्राप्त हुनुपर्नेमा ४ देखि १२४ दिनसम्म ढिला गरी प्राप्त हुन आएका निवेदनको आधारमा म्याद थप गरको छ । सम्झौता रकम रु.१ अर्ब ५९ करोड १९ लाख रहेको छापनाहाल, निर्मलपोखरी, तम्सरिया, वीरेन्द्रनगर, आँबुखैरेनी, फिक्कल, कोहलपुर, वीरेन्द्रनगर, खैरेनीटारसमेत ९ आयोजनाको म्याद २०७४ श्रावणदेखि २०७५ आश्विनभित्र समाप्त भएकोमा निर्माण कार्य सम्पन्न नभएकोले नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण सम्पन्न गर्नु गराउनुपर्दछ ।

२७. **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० उपनियम (४) मा कार्यसम्पादन जमानतको मान्य अवधि अन्तिम अवधि र त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । आयोजना व्यवस्थापन कार्यालयबाट सञ्चालित ८ योजनाको रु.१ अर्ब ५२ करोड ५२ लाख २२ हजारको सम्झौता र म्यादथप गर्दा नियमावलीको उक्त प्रावधानबमोजिम कार्यसम्पादन जमानतको मान्य अवधि थप गर्नुपर्नेमा एकदेखि आठ महिनासम्म घटी अवधिको कार्य सम्पादन जमानतको आधारमा सम्झौता र म्यादथप गरेको देखियो ।

यसैगरी दोस्रो साना शहरी खानेपानी तथा सरसफाई योजना, बागलुङको एक निर्माण व्यवसायीसँग रु.२१ करोड ३१ लाख १६ हजारमा सम्झौता गर्दा र म्यादथप गर्दा करिब ५ वर्ष घटी अवधि कायम रहेको कार्य सम्पादन जमानतको आधारमा सम्झौताको म्याद थप गरेकोले निर्माण कार्यमा जोखिम देखिएको छ ।

२८. **नापीभन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १२३ (१) ख मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । आयोजना व्यवस्थापन कार्यालयले १७ योजनाको नापी किताबमा प्रविष्टि नभएको १०० आइटममा रनिङ तथा अन्तिम बिलको रु.४ करोड ८५ लाख ८१ हजार भुक्तानी गरेको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

दोस्रो साना शहरी खानेपानी तथा सरसफाई कार्यक्रम

नेपाल सरकार र एसियाली विकास बैङ्कबीच २०६६।८।१२ मा अनुदान सहायता सम्झौता भई शुरु भएको आयोजनाको कार्य अवधि २०७४।९।१६ सम्म रहेको छ । एसियाली विकास बैङ्कको अनुदान सहायताअन्तर्गत अमेरिकी डलर ४ करोड ५१ लाख मध्ये १ करोड ७० लाख नेपाल सरकारले नगर विकास कोषलाई सहायक ऋण सम्झौता गरी उपलब्ध गराउने र त्यस ऋणबाट नगर विकास कोषले स्थानीय उपभोक्ता संस्थालाई आयोजना निर्माणको लागि ऋण प्रवाह गर्ने गरी सम्झौता भएको छ ।

२९. **अधुरा योजना -** आयोजनाको अभिलेखअनुसार त्रुटि सच्चाउने अवधि र अनुगमन मूल्याङ्कनको चरणमा रहेका निम्न योजनाको लेखापरीक्षणको क्रममा अवलोकन गर्दा नारायण नगर खानेपानी आयोजनाको भौतिक प्रगति ९५.६३ प्रतिशत मात्र भएको, दुहबी खानेपानी आयोजना सुनसरीमा ७ डिप बोरिङमध्ये ४ मात्र सञ्चालनमा रहेको, खाँदबारी नगरखानेपानी आयोजनको ग्रयाभिटी फ्लो र लिफ्ट प्रणालीमा समस्या देखिएकोले निर्माण

कार्य अधुरो रहेको, फिदिम नगर योजनको कार्य स्वीकार प्रतिवेदन तयार नभएकोले आयोजना व्यवस्थापन कार्यालयले यथार्थ अभिलेख राखेको देखिएन । हाल आयोजनाको अवधि समाप्त भैसकेको हुँदा सम्झौताबमोजिमको निर्माण कार्य र मर्मत सम्भार गराई योजना सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

(रु. हजारमा)

सि.नं.	योजनाको नाम	सम्झौता रकम	हाल सम्मको खर्च (मूल्य समायोजन समेत)	सम्झौता मिति	कार्यसम्पन्न गर्नुपर्ने मिति	कैफियत
१	फिदिम नगर खानेपानी आयोजना	१७७९२८	१९२४३३	२०६९/३/१७	२०७१/९/१३	त्रुटि सच्चाउने अवधि
२	खाँदबारी नगर खानेपानी आयोजना	४३४५८७	४६४०६३	१४ जुलाई २०१३	३१ डिसेम्बर २०१६	अनुगमन मूल्याङ्कन चरण
३	दुहवी नगर खानेपानी आयोजना	१५९९०५	१४२२६३	१४ जुलाई २०१३	३१ जनवरी २०१५	त्रुटि सच्चाउने अवधि
४	नारायण नगर खानेपानी आयोजना	२७७२८५	२९७६७८	१४ जुलाई २०१३	२८ फेब्रोवरी २०१७	अनुगमन मूल्याङ्कन चरण

३०. **सञ्चालन र मर्मत खर्च -** दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना, बागलुङले एक निर्माण व्यवसायीसँग भएको सम्झौतामा सिभिल वर्कको निर्माण कार्य सम्पन्न भएपछि एक वर्ष सञ्चालन तथा मर्मतको समय कायम रहने, सो अवधिको सञ्चालन र मर्मत लागत रु.५४ लाख ९२ हजार हुने र सञ्चालन तथा मर्मतको अवधि समाप्त भएपछि त्रुटि सच्याउने अवधि ७३० दिनको हुने उल्लेख छ । उक्त सम्झौताको सिभिल वर्क निर्माणको कार्य हालसम्म पनि सम्पन्न नभएको अवस्थामा योजनाको सञ्चालन र मर्मत कार्यको सबै भुक्तानी गरिसकेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

३१. **थप व्ययभार -** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद सम्झौता गर्नेको ढिलाइका कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । मुकुन्दपुर, व्यास र रामपुर नगर आयोजनाको एक परामर्शदाताको कार्य सम्पन्न गर्ने अवधि २०७२।८।२८ सम्म रहेकोमा थप आर्थिक दायित्व सिर्जना नहुने गरी २०७४ जेष्ठसम्म म्याद थपको निर्णय भएकोमा पुनः थप गरी सम्झौताको म्याद २०७४।९।१६ सम्म कायम भएको छ । निजलाई हालसम्म रु.३ करोड ८२ लाख ७० हजार भुक्तानी भएको मध्ये थप आर्थिक दायित्व नबढ्ने गरी म्याद थपको निर्णय गरेपछि रु.४८ लाख ५६ हजार मूल्य समायोजन भुक्तानी दिएको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

संगठित संस्था समिति

मेलम्ची खानेपानी विकास समिति

काठमाडौँ उपत्यकाको खानेपानीको अभावलाई दीर्घकालीन रुपमा समाधान गर्न स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था गर्ने र काठमाडौँ, मेलम्ची तथा मण्डन उपत्यकाका बासिन्दाहरुको जनस्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले सिन्धुपाल्चोक जिल्लाको मेलम्ची खोलामा हेडवर्क्स निर्माण गरी सुन्दरीजलसम्म २७.५ कि.मि. लामो सुरुङको माध्यमबाट १७ करोड र दोस्रो चरणमा याङग्री र लार्के खोलाबाट १७/१७ करोड लिटर गरी दैनिक ५१ करोड लिटर पानी काठमाडौँमा ल्याउने लक्ष्यका साथ यो आयोजना २०५५।५६ देखि सञ्चालनमा रहेको छ । आयोजनामा हालसम्म रु.२५ अर्ब २० करोड खर्च भई हेडवर्क्स तथा सुरुङ निर्माण कार्यमा ९० र समग्रमा ९६ प्रतिशत भौतिक प्रगति भएको छ ।

३२. **प्रगति स्थिति -** आयोजनाबाट प्राप्त विवरणअनुसार हेडवर्क्स निर्माणतर्फ एक लाख घनमिटर ओपनकट कार्य तथा एउटा गेट जडान भएको, सुरुङ निर्माण तर्फ २७.५८ किलोमिटर सुरुङ खन्ने तथा प्रारम्भिक सपोर्ट गराउने कार्य, २५.५ किलोमिटर भुई ढलान तथा रक सपोर्ट कार्य, ७ गेट सप्लाई तथा २ आंशिक जडान कार्य, एक भेन्ट साफ्टको १०७ मिटर ड्रिलिङ तथा ४५ मिटर रिमिङ् कार्य, सुन्दरीजल आउटलेट पोर्टलबाट वाग्मती नदीसम्म वासआउट पाइपलाइन जडान, पानी प्रशोधन केन्द्रतर्फ ८ करोड ५० लाख लिटर प्रतिदिन प्रशोधन क्षमताको पानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भएको, थप ८ करोड ५० लाख लिटर प्रतिदिन प्रशोधन क्षमताको पानी प्रशोधन केन्द्रको ६५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

हेड वर्क्स निर्माणतर्फ स्थाई इन्टेक निर्माण कार्य शुरु नभएको, कफर ड्याम, डाइभर्जन वेयर, डिसिल्टिङ बेसिन, पुल र प्रोटेक्सन तथा नदी नियन्त्रण कार्य तथा २३ गेटमध्ये २२ गेट जडान गर्न बाँकी रहेको छ । सुरुङ निर्माणतर्फ भुइँ ढलान ९५९ मिटर तथा रक सपोर्ट ४१० मिटर, रेक्टिफिकेसन तथा रक डबेल राख्ने कार्य र ७ गेटमध्ये ५ गेट जडान गर्ने कार्य गर्न बाँकी रहेको छ । त्यस्तै एक भेन्ट साफ्टको ६६

मिटर रिमिङ तथा २ भेन्ट साफ्टको ड्रिल तथा जडान गर्न, अनुगमन संयन्त्र जडान् तथा पाइप फिटिङ्स जडान् गर्ने कार्य बाँकी रहेको छ ।

हेड वर्क्स तथा सुरुङ निर्माणको कार्य गर्न बाँकी रहेकोले योजना सम्पन्न हुने अवधि लम्बिएको छ । अतः बाँकी काम सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३३. **ठेक्का अन्त्य -** आयोजनाको हेडवर्क्स तथा सुरुङ निर्माण कार्य गर्न एक निर्माण व्ययसायीसँग २०६५।११।७ मा भएको सम्झौतामा उक्त कार्य १ हजार ५९० दिनसम्ममा सम्पन्न गर्ने उल्लेख भएकोमा कार्यतालिकाअनुसार काम नगरेकोले २०६९।६।९ मा ठेक्का अन्त्य गरेको देखिन्छ । उक्त अवधिमा १ हजार ३८० मिटर अडिट टनेल, २९ मिटर अम्बाथान फ्लसिङ टनेल, २९ मिटर हेड वर्कस एक्सेस टनेल र ४ हजार ९८० मिटर मुख्य सुरुङ गरी जम्मा ६ हजार ४४४ मिटर सुरुङ निर्माण कार्य सम्पन्न भएको थियो ।

तत्पश्चात हेडवर्क्स तथा बाँकी सुरुङ निर्माण कार्यको लागि अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट रु.७ अर्ब ७२ करोड ३४ लाख ७१ हजार (प्रोभिजनल सम र कन्टिन्जेन्सीसमेत) मा एक इटालियन निर्माण व्यवसायीसँग २०७०।३।३१ (जुलाई १५ २०१३) मा १ हजार ९५ दिनभित्र कार्य सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएकोमा मूल्य समायोजन, दाबी, भेरिएसन, पेस्की आदिसमेत रु.८ अर्ब ३ करोड भुक्तानी भएपछि निजले समेत समयमा निर्माण कार्य सम्पन्न गर्न नसकि हाल ठेक्का तोडेको अवस्था छ । ठेक्का तोडेपछि बाँकी कार्य सम्पन्न गर्ने सम्बन्धमा वैकल्पिक व्यवस्था गरेको देखिएन ।

३४. **थप व्ययभार -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४(१) मा खरिद सम्झौताको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । आयोजनाले हेडवर्क्स निर्माण गर्न रु.६२ करोड ८७ लाख २१ हजारमा सम्झौता गरेकोमा सुरुङ निर्माण कार्य सम्पन्न हुँदा समेत मुहानदेखि इन्टेकसम्म पानी ल्याउँन नसक्ने अवस्था देखाई रु.५ करोड ८८ लाख ५४ हजार लागतमा वैकल्पिक पाइप डाइभर्सन निर्माण कार्यको लागि १२ औं भेरिएसन स्वीकृत भएकोले सम्झौतामा स्पष्ट उल्लेख भएको हेडवर्क्स निर्माण कार्य समयमा सम्पन्न नगरेको कारण थप व्ययभार परेको छ ।

३५. **बढी भुक्तानी -** परामर्शदातालाई सम्झौताको शर्तबमोजिम भुक्तानी गर्नुपर्दछ । परामर्शदाता तथा मेलम्ची खानेपानी विकास समितिका इन्जिनियर तथा पदाधिकारीले ४१ औं बिल तयार गर्दा निर्माण व्यवसायीलाई ४० औं बिलसम्ममा विभिन्न आइटममा बढी भुक्तानी भएको रु.५३ करोड ४८ लाख ९६ हजार फिर्ता प्राप्त गर्नुपर्ने हिसाब गरी अन्तरिम भुक्तानी बिल तयार गरेको छ । तर उक्त बिल अनुसारको रकम फिर्ता नगरी अर्को ४१ औं बिल तयार गरी भुक्तानी दिएको पाइयो । शुरु ४१ औं बिल अनुसारको रकम फिर्ता प्राप्त हुनुपर्दछ ।

आयोजनाले निर्माण व्यवसायीसँग गरेको सम्झौताबमोजिम जनरल आईटम एण्ड प्रिलिमिनरीजमा रु.६० करोड ५३ लाख ९० हजारसम्म खर्च गर्न पाउने शर्त भएकोमा ४० औं रनिङ बिलसम्ममा पहुँच सडक, सवारी मर्मत, ड्राइभर, श्रमिक ज्यालालगायतका १३ कम्पोनेन्टमा प्रोभिजन गरेको भन्दा रु.६ करोड ४ लाख ६९ हजार बढी खर्च भएको देखिएकोले सम्बन्धित पदाधिकारी तथा परामर्शदातालाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

३६. **अतिरिक्त पेस्की -** समिति र निर्माण व्यवसायीवीच भएको सम्झौतामा स्थानीय र वैदेशिक मुद्राको भुक्तानी अनुपात २८.१० र ७१.९० प्रतिशत हुने उल्लेख गरेकोमा डलर खातामार्फत विदेश पठाउने रकम उल्लेख नभएको हुँदा भुक्तानी खर्चमध्ये ७१.९० प्रतिशत रकम इटाली पठाएको कारण नगद प्रवाहमा समस्या रहेको पाइयो । समितिले २०७०।७१ मा नै सम्झौताको शर्तअनुसार मोबिलाइजेसन पेस्की रु.१५ करोड ४६ लाख ९४ हजार र गत वर्षसम्म पटक पटक गरी रु. ५९ करोड १३ लाख ६० हजार अतिरिक्त पेस्की दिएको छ । यस वर्ष थप वित्तीय सहजीकरणको लागि निशर्त बैङ्क जमानत राखी ३९औं बिलबाट रु.१० करोड र ४१ औं बिलबाट रु.१ करोड ३६ लाख ९५ हजार थप पेस्की भुक्तानी गरेको देखियो । समितिले दिएको बिलबमोजिमको रकमबाट नेपालमा भएको खर्च र नेपाल बाहिर गएको मध्ये निर्माण कार्यको लागि पुनः नेपाल फिर्ता भएको रकम विश्लेषण गरेको देखिँदैन । निर्माण व्यवसायीले साइटमा तथा निर्माण कार्यमा लाग्ने रकम नराखी ७१.९० प्रतिशत रकम इटाली पठाउने गरेबाट नगद प्रवाहमा समस्या भई अतिरिक्त

भुक्तानी गर्नु परेको देखिँदा सम्झौतानै त्रुटिपूर्ण देखियो । निर्माण कार्यको नापजाँच बेगर भुक्तानी दिएको अतिरिक्त पेस्की रकम ब्याजसमेत असुल गर्नुपर्दछ ।

३७. **मूल्य समायोजन -** निर्माण व्यवसायीसँग भएको सम्झौताको बुँदा नं.१३.८ मा निर्माण कार्यमा प्रयोग हुने श्रमिक ज्याला, सामग्री, उपकरण लगायतमा मूल्यसूचीका आधारमा मूल्य समायोजन गर्न पाउने व्यवस्था रहेको छ । समितिले निर्माण व्यवसायीलाई ४०औँ बिलसम्म नेपाली मुद्राको भुक्तानीमा रु.४० करोड ५६ लाख ६६ हजार र विदेशी मुद्राको भुक्तानीमा रु.८ करोड ७७ लाख २६ हजारसमेत रु.४९ करोड ३३ लाख ९२ हजार मूल्य समायोजन भुक्तानी दिएको छ । उक्त मूल्य समायोजन बिल अफ क्वान्टिटीका आइटमहरुका अतिरिक्त भेरिएसन, क्षतिपूर्ति दाबी भुक्तानी, डे वर्क्स र प्रोभिजनल सममा समेत दिएको छ । एउटै कारण जनाई पटक पटक म्याद थप गर्ने गरेको र पर्याप्त पुष्ट्याइँबेगर म्याद थप गर्दा समेत मूल्य समायोजन दिने गरेको र अतिरिक्त लागत दाबी गरेको रकममा परामर्शदाताले मूल्य समायोजन दिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरेको अवस्थामा समेत मूल्य समायोजन दिएको छ । मूल्य समायोजन दिनुपर्ने तथ्य प्रमाणित नगरी मूल्य समायोजन दिने कार्य उचित देखिएन ।

निर्माण व्यवसायीलाई भेरिएसनको रकम प्रोभिजनल रुपमा भुक्तानी भएको र भुक्तानीको लागि पेस भएका बिल परीक्षण गर्दा नयाँ दररेटको विश्लेषण पेस नभएको अवस्थामा समेत मूल्य समायोजन दिएको कानुनसम्मत छैन । निर्माण व्यवसायीकै ढिलाइको कारणले पटक पटक म्याद थप भएको देखिँदा गत वर्षसम्म भुक्तानी भएको रु.३७ करोड ३७ लाख ८१ हजार र यस वर्ष भुक्तानी भएको रु.११ करोड ८६ लाख ११ हजार मूल्य समायोजन भुक्तानीको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

३८. **डे वर्क्स भुक्तानी -** निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा १३.९ मा सानातिना वा अपर्झट एवं आकस्मिक प्रकृतिका कामको लागि डे वर्क्स बेसिसमा काम गर्न सक्ने प्रावधान छ । सो प्रावधानअनुसार निर्माण व्यवसायीले परामर्शदातासमक्ष कोटेसन र सामग्रीको भुक्तानी प्राप्त गर्न बीजक, भौचर, दाखिला तथा सोको लेखा र यन्त्र उपकरणको भुक्तानी प्राप्त गर्न उपकरणको प्रकार र काममा लगाएको अवधि खुल्ने प्रमाण राख्नुपर्ने व्यवस्था छ । समितिले डे वर्क्सअन्तर्गतका कार्यमा हालसम्म रु.१४ करोड २० लाख १६ हजार भुक्तानी दिएको छ । डे वर्क्समा गरेको कार्यको कोटेशन र सो काम गर्न दिएको स्वीकृति, ज्यामी कामदारलगायतको प्रमाणित हाजिरी, मेसिन उपकरण सञ्चालन लगसिट, सामग्री खरिद तथा प्राप्तिको बिल भरपाई आदि पेस नभएकोले विना प्रमाण खर्च लेखेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

३९. **पानी प्रशोधन केन्द्र प्रथम -** जापान सरकारको ऋण सहायताबाट निर्माण गरिने सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रको विस्तृत डिजाइन तथा बोलपत्र कागजात तयारी र निर्माण कार्यको सुपरभिजन गर्न एक परामर्शदातासँग ७ फेब्रुअरी २००२ मा जापानीज येन ४० करोड ७६ लाख ६९ हजार र रु.८ करोड ८१ लाख ३ हजार (कुल ५५ करोड येन) को सम्झौता भएको छ । उक्त सम्झौतामा ७ पटकसम्म भेरिएसन गरी सम्झौता रकम जापानीज येन १ अर्ब १७ करोड ३० लाख २९ हजार (शुरु सम्झौता रकम भन्दा रु.६२ करोड ३० लाख २९ हजार अर्थात् ११३.२७ प्रतिशतले बढी) कायम भएको छ । समयमा निर्माणकार्य सम्पन्न नहुँदा परामर्शदाताको अवधि (म्यान मन्थ) मा स्वतः वृद्धि हुने देखिन्छ । तसर्थ समयमा निर्माण कार्य सम्पन्न गर्ने गराउने गरी परामर्शदाताबाट कार्य भएको समेत प्रष्ट नदेखिएकोले परामर्शदाताको समेत पटक पटक भेरिएसन भई बढी व्ययभार परेको सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायी, आयोजनाका पदाधिकारी तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

४०. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा मनासिब कारण देखिएमा ६ महिना सम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढी अवधि विभागीय प्रमुखले थप गर्न सक्ने व्यवस्था छ । पानी प्रशोधन केन्द्र प्रथमको निर्माण कार्य रु.४ अर्ब २० करोड ४६ लाखमा सम्पन्न गर्ने गरी २२ मार्च, २०१६ सम्म अवधि तोकिएकोमा चौथो पटकसम्म ५०८ दिन म्याद थप भएकोमा कार्य सम्पन्न भएको छैन । निर्माण कार्य हुन सक्ने भरपर्दो आधार बेगर ठेक्का सम्झौता गरेको र पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी पटक पटक म्याद थप गरेको कारण म्याद थपपछि समेत मूल्य समायोजन रकम भुक्तानी भई निर्माण कार्यको लागत वृद्धि भएको छ ।

४१. **प्रोभिजनल सम -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) र निर्माण व्यवसायीसँग भएको सम्झौतामा प्रोभिजनल समबाट खर्च गर्दा रीतपूर्वकको बिल पेस भएपछि १५ प्रतिशत थप गरी भुक्तानी दिने उल्लेख छ । आयोजनाले एक निर्माण सेवालाई प्राभिजनल समबाट बिल भरपाई बेगर रु.९३ लाख ७५ हजार

भुक्तानी दिएको छ । सम्झौताको शर्तअनुसार बिल भर्पाइ पेस नभएको र सम्झौतामा उल्लिखित काम भएको समेत देखिएन । यसरी सम्झौता विपरीत भुक्तानी भएको जापानिज येन ५६ लाख ८३ हजार र रु. ३२ लाख ८६ हजार असुल हुनुपर्दछ ।

आयोजना कार्यान्वयन निर्देशनालय

मेलम्ची खानेपानी आयोजनाको वितरण प्रणालीलाई व्यवस्थित गर्न यो आयोजना २०६५।६६ बाट शुरु भई २०७३।७४ मा सम्पन्न गर्ने गरी रु.३८ अर्ब ८३ करोड ७६ लाखको ऋण सम्झौता भएकोमा गत वर्षसम्म रु.१४ अर्ब ७९ करोड ८० लाख र यो वर्षको रु.४ अर्ब ६० करोड ३७ लाखसमेत जम्मा रु.१९ अर्ब ४० करोड १७ लाख खर्च भएको छ ।

४२. **प्रगति स्थिति -** समग्र वितरण प्रणाली विस्तारअन्तर्गत मुख्य पाइपलाइन विस्तार तथा रिजर्भ्वायर पानी टंकीको निर्माण कार्य रहेको छ भने वितरण सञ्जाल सुधार कार्यक्रमअन्तर्गत सहायक पाइपलाइन र हाउसहोल्ड कनेक्सनको कार्य रहेको छ । प्राप्त प्रगति विवरणअनुसार २०७५ आषाढ मसान्तसम्मको भौतिक प्रगति स्थिति निम्नानुसार छ:

मुख्य कार्य	प्याकेज संख्या	मुख्य कार्य	इकाई	सम्झौता	सम्पन्न	प्रगति प्रतिशत
थोक वितरण प्रणाली विस्तार	४	पाइपलाइनको कार्य	कि.मि.	७९.८	७०.७	८८.६२
		पानी ट्यांकी निर्माण	संख्या	९	९	१००
		सडक पुनर्स्थापना	कि.मि.	४३.२	२७.१	६२.७३
वितरण सञ्जाल सुधार	५	पाइपलाइनको कार्य	कि.मि.	१००२	७३३	७३.१५
		हाउसहोल्ड कनेक्सन	संख्या	६९९३७	५४८९८	७८.५
		सडक पुनस्थापना	कि.मि.	९११	६२४	६८.५

खानेपानी पाइप बिछ्याउने, डिप ट्युबवेल, सडक पुनर्स्थापना, ढल विस्तार तथा फोहोर पानी प्रशोधन संरचना निर्माणको लागि आयोजनाले एसियाली विकास बैङ्कसँग ४ ऋण सम्झौताअन्तर्गत २००९ देखि २०१७ सम्म रु.२९ अर्ब ९२ करोड १७ लाखको २५ ठेक्का सम्झौता भएकोमा यस वर्षसम्म रु.१७ अर्ब ६५ करोड ७२ लाख खर्च भएको छ । शुरुको ऋण सम्झौताअनुसार ठेक्का सम्झौता भएको ८ ठेक्कामध्ये १ को ८५ प्रतिशत र बाँकी ७ को ९२ देखि ९९ प्रतिशतसम्म भौतिक प्रगति रहेको छ । निर्माण तथा जडान सम्पन्न भएको पाइपमा पानीको परीक्षण गर्न बाँकी रहेकाले ती ठेक्काहरु हालसम्म फरफारक नभएको र सबै ठेक्काको म्याद समाप्त भइसकेको छ । बाँकी १७ ठेक्का सम्झौतामध्ये थोक वितरण प्रणालीअन्तर्गत ४ ठेक्का सम्झौताको अवधि १२५ देखि २१७ प्रतिशतसम्म समाप्त भए पनि प्रगति ६३ देखि ९० प्रतिशतसम्म रहेको छ । वितरण सञ्जालतर्फको ६ ठेक्कामा ८३ दखि १९६ प्रतिशतसम्म अवधि सकिएपनि प्रगति भने १९ देखि ८९ प्रतिशतसम्म रहेको छ । ठेक्कामा सम्झौता र कार्यतालिकाअनुसार कार्य प्रगति नभए पनि आयोजनाले म्याद थप गरेको र पछिल्लो इन्डेक्सअनुसार मूल्य समायोजन भुक्तानी गरेकोले थप व्ययभार परेको छ ।

४३. **ढल प्रशोधन केन्द्र निर्माण** - गुह्येश्वरी, सल्लाघारी, कोडकु र धोबीघाटमा पुरानो १ को आधुनिकीकरण सहित ६ फोहोर पानी प्रशोधन केन्द्र निर्माणको लागि ३ प्याकेज बनाई गत वर्ष २ र यस वर्ष १ ठेक्का सम्झौता गरेको छ । उक्त ३ प्याकेजको कुल लागत अनुमान रु.९ अर्ब ५९ करोड ४४ लाख रहेकोमा रु.७ अर्ब ४७ करोड २ लाखमा सम्झौता भएकोमा गुह्येश्वरीको प्रशोधन केन्द्र निर्माण (प्याकेज १) मा रु.५५ करोड ३ लाख खर्च भएको र अन्य २ प्याकेजमा पेस्की मात्र दिएको छ । प्रशोधन केन्द्र निर्माण सम्बन्धमा देखिएको व्यहोरा देहायअनुसार छन्:

४३.१. गुह्येश्वरीमा प्रतिदिन १.६२ करोड लिटर प्रशोधन क्षमता भएको फोहोरपानी प्रशोधन केन्द्रको पुनर्स्थापना र त्यतिकै क्षमता भएको नयाँ संरचना निर्माण गर्न रु.२ अर्ब ३४ करोड ८७ लाखको लागत अनुमान तयार गरी बोलपत्र माग गरेकोमा रु.२ अर्ब ५५ करोड ८३ लाख (८.९२ प्रतिशत बढी) मा २ वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने र १० वर्ष सञ्चालन तथा मर्मत सम्भार गरेपछि हस्तान्तरण हुने गरी एक निर्माण व्यवसायीसँग २०७३।४।१७ मा सम्झौता भएको छ । परामर्शदाताले पेस गरेको लागत अनुमानमा आइटमगत दररेट उल्लेख भएकोमा बोलपत्र माग गर्दा सिभिल कार्य १, मेसिनरी उपकरण कार्य १ आदि उल्लेख गरी सोही आधारमा ठेक्का सम्झौता भएको छ । परामर्शदाताले लागत अनुमान तयार गर्दा मेसिनरी, उपकरण, विद्युतीय

सामानको दररेट दक्षिण कोरिया, चीन र भारतका कम्पनीबाट कोटेशन लिई दररेट कायम गरेको छ । उक्त खरिद कार्य कानुनअनुरुप भएको देखिएन ।

४३.२. निर्माण तथा सुधार कार्यको सर्भे, विस्तृत ड्रइङ, डिजाइन, बिडिङ डकुमेन्ट तयार गर्न र निर्माण कार्यको सुपरभिजन गर्न ५४ महिना अवधि रहने गरी एक परामर्शदातासँग अमेरिकी डलर १९ लाख ९८ हजार र ने.रु. १६ करोड ३७ लाख ४० हजारमा २१ फेब्रुअरी, २०१४ मा सम्झौता गरेको छ । सम्झौतामा फोहोरपानी प्रशोधन केन्द्र निर्माण कार्य ३ प्याकेजको डिजाइन लागत अनुमान तयार गर्न रु.२० करोड ७२ लाख २ हजार व्यवस्था गरेको थियो । सो कार्यको लागि ३ निर्माण व्यवसायीसँग अमेरिकी डलर ३५ लाख (रु.३५ करोड ९ लाख ६० हजार) मा सम्झौता भएको छ । प्याकेज १ को निर्माण कार्यमा डिजाइनको लागि रु.४ करोड ८ लाख ५० हजार लागत अनुमान भएकोमा बोलपत्रदाताले अमेरिकी डलर २५ लाख पेस गरेकोले सोहीअनुसार सम्झौता भई यस वर्षसम्म अमेरिकी डलर २४ लाख ८० हजार भुक्तानी भैसकेको छ । ऋण सम्झौता र परामर्शदातासँग भएको सम्झौताअनुसार उक्त कार्यहरुको विस्तृत ड्रइङ, डिजाइन परामर्शदाताले तयार गर्नुपर्ने व्यवस्था भएकोमा निर्माण कार्यको बिओक्यूमा राखी खर्च गर्नु सम्झौताविपरीत हुनाको साथै बढी व्ययभार पर्ने देखिएको छ । यसरी सम्झौता विपरीत परामर्शदाताले गर्नुपर्ने कार्य निर्माण कार्यमा समावेश गरी सम्झौता गरेको सम्बन्धमा परामर्शदाता समेतलाई जिम्मेवार बनाइनुपर्दछ ।

४४. **सडक पुनर्स्थापना कार्य -** आयोजनाले खानेपानी पाइप बिछ्याउने कार्यको लागि भएको खरिद सम्झौतामा सडक पुनर्स्थापना कार्य समेत समावेश गरेको छ । सडक पुनर्स्थापनाको कार्य थोक वितरण प्रणालीअन्तर्गत सम्झौता भएका ठेक्काहरुमा सोही निर्माण व्यवसायीहरुबाट भैरहेकोमा ३ प्याकेजका ठेक्काबाट १११.२ कि.मि. सडक पिच गर्ने आइटम हटाई आयोजनाबाटै छुट्टै ठेक्का लगाएको छ । यसका अतिरिक्त वितरण सञ्जाल सुधारअन्तर्गतका ३ ठेक्का प्याकेजको ६४.६२४ कि.मि. र थोक वितरण प्रणालीको ३ प्याकेजका ३८.२८३ कि.मि.सडक पिच गर्न सडक विभागलाई रु.८५ करोड दिने गरी २०७३।३।६ मा सम्झौता भएको छ । सडक पुनस्थापना सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४४.१. आयोजनाले ११२.२ कि.मि. सडकमा ४ लाख १३ हजार वर्गमिटर क्षेत्रफलमा सडक पिच गर्न छुट्टै ठेक्का सम्झौता गरेकोमा उक्त सम्झौतामा अन्य निर्माण व्यवसायीले काम गरिरहेको स्थानको काम समेत समावेश गरेको छ । पाइप बिछ्याएपछि फिलिङ गरी सबबेश र बेशकोर्शसम्मको कार्य साबिककै निर्माण व्यवसायीबाट भइरहेकोमा आयोजनाले ४ लाख १३ हजार क्षेत्रफलमा कम्प्याक्सनको कार्य प्रति वर्गमिटर रु.९०/– का दरले रु.३ करोड ७१ लाख ७० हजारमा गर्नेगरी सम्झौता गरेकोले दोहोरो खर्च हुने देखिएको छ । दोहोरो भुक्तानी नहुने आधार पेस गर्नुपर्दछ ।

४४.२. आयोजना निर्देशनालय र सडक विभागबीच भएको सम्झौतामा पाइप जडान गरी ट्रेन्च पुर्दा सबबेशसम्म आयोजनाले गर्ने र बेशकोर्स तथा पिचको काम सडक विभागले गर्ने उल्लेख छ । आयोजनाले वितरण प्रणाली सञ्जाल अन्तर्गतका ठेक्का सम्झौतामा भेरिएसनबाट पिचको काम हटाई ग्रेडिङ, कम्प्याक्सन, सबबेश र बेशकोर्शसम्मको काम थप गरेको छ । सडक विभागसँग भएको सम्झौताअनुसार बेशकोर्सको कार्य सडक विभागले गर्नुपर्नेमा आयोजनाले सहयोगीनगर, श्रीङ्खला गल्ली, कीर्तिमार्गलगायत स्थानमा २ ठेक्का सम्झौताबाट २९ हजार ३५७ वर्गमिटर बेशकोर्शको कार्य गराई रु.१ करोड ३३ लाख ८६ हजार भुक्तानी गरेको छ । उक्त स्थानमा सडक विभागले सडक पिच गर्दा सो आइटमको कामसमेत हुने देखिएकोले दोहोरो खर्च हुने अवस्था देखिएको छ । दोहोरो नपर्ने आधार पेस गर्नुपर्दछ ।

४५. **वैदेशिक मुद्रा भुक्तानी** - काठमाडौं उपत्यकाभित्र २० ट्युबवेल जडान तथा विकास गर्न ७ जुलाई २०१३ मा एक निर्माण व्यवसायीसँग रु.२९ करोड ३४ लाख २५ हजारमा ठेक्का सम्झौता भएकोमा १३ औं बिलसम्म रु.१६ करोड १३ लाख ९२ हजार भुक्तानी भएको छ । निर्माण व्यवसायीसँग भएको सम्झौतामा बिलको भुक्तानी नेपाली मुद्रामा गर्ने व्यवस्था रहेकोमा बिल रकमको ७० प्रतिशत विनिमय दर रु.८८।१० का दरले हुने मोबिलाइजेसन पेस्कीसमेत अमेरिकी डलर १२ लाख ८९ हजार भुक्तानी गरेको देखियो । सम्झौता बमोजिम वैदेशिक मुद्रा भुक्तानी गर्न नमिल्नेमा १८ मई २०१३ को बिक्री दरमा भुक्तानी गरेकोले बढी भुक्तानी रु.१ करोड ९५ लाख ९५ हजार असुल गर्नुपर्दछ ।

४६. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा निर्माण व्यवसायीको ढिलाइको कारण सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न गर्न नसकेमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ ।

मूल्य समायोजन दिने गरी आयोजनाले वितरण प्रणाली सुधारका ४ र थोक वितरण प्रणालीका ४ समेत ८ ठेक्कामा रु.१४ अर्ब ७४ करोड ९१ लाखको सम्झौता भई रु.८ अर्ब ४६ करोड २२ लाख भुक्तानी गरेको छ । उक्त भुक्तानीमा १८.६२ प्रतिशतसम्म मूल्य वृद्धि हुने गरी रु.१ अर्ब १२ करोड २७ लाख मूल्य समायोजन भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४६.१. निर्माण व्यवसायीको ढिलाइले काम सम्पन्न गर्न नसकी आयोजनाले थप आर्थिक दायित्व नपर्ने उल्लेख गरी निर्माण व्यवसायीको म्याद थप गरेको छ । सो अनुसार आयोजनाले शुरु सम्झौताअनुसार कार्यसम्पन्न गर्ने अन्तिम दिनको मूल्य सूचीलाई आधार नलिई हालको मूल्य सूचीलाई आधार लिई मूल्य समायोजन गर्दा ४ ठेक्का प्याकेजमा मात्र रु.१४ करोड २२ लाख ७७ हजार बढी भुक्तानी भएकोले असुल हुनुपर्दछ ।

४६.२. थोक वितरण प्रणाली र रिजर्भ्वायर टंकी निर्माण गर्ने एक निर्माण व्यवसायीलाई छैठौँ बिल भुक्तानी गर्दा बिल रकमभन्दा बढी रकमको मूल्य समायोजन गरी रु.२० लाख ५ हजार बढी भएको देखिएकोले असुल गर्नुपर्दछ ।

४६.३. ठेक्का सम्झौतामा बोलपत्र खोल्ने दिनभन्दा २८ दिन अघिको मूल्य सूचीलाई आधार मूल्य मानी मूल्य समायोजन गर्ने व्यवस्था छ । आयोजनाले भेरिएसन आदेशबाट कायम गरिएको नयाँ आइटम र नयाँ दररेटको बिल भुक्तानी गर्दा ५ निर्माण व्यवसायीलाई रु.४६ लाख १५ हजार मूल्य समायोजन भुक्तानी दिएको छ । सम्झौताविपरीत भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

४७. **भेरिएसन** - समग्र वितरण प्रणाली तथा रिजर्भ्वायर पानी टंकी निर्माणको प्याकेज २ को निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग ६ अगष्ट २०१४ मा २६ महिनाभित्र सम्पन्न गर्ने गरी रु.२ अर्ब ८७ करोड ५७ लाखमा ठेक्का सम्झौता भएकोमा भेरिएसनबाट विभिन्न आइटमको परिमाण थपघट गरी सम्झौता रकम रु.३ अर्ब १९ करोड ५९ लाख कायम भएको र सोमध्ये यो वर्षसम्म रु.२ अर्ब ४३ करोड ८ लाख भुक्तानी भएको छ । कुल सम्झौता रकममध्ये भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन, फोटोग्राफ तथा डिजिटल कपी, ल्याव स्थापना, निर्माण व्यवसायीको अस्थायी सुविधाको व्यवस्था जस्ता जनरल आइटम रु.१७ करोड २६ लाख ८० हजार (६.७९ प्रतिशत) रहेकोमा भेरिएसनबाट रु.२९ करोड २४ लाख ५५ हजार (६९.३६ प्रतिशत बढी) कायम गरेको उपयुक्त देखिएन ।

४८. **दोहोरो खर्च -** आयोजनाले नख्खुको इन्टेक पुनर्स्थापना तथा सुधार गर्ने कार्य गर्ने एक निर्माण व्यवसायीलाई २०६९।७० मा भुक्तानी दिएको रु.२१ लाख ४५ हजार यो वर्ष पुनः भुक्तानी गरेको हुँदा दोहोरो भुक्तानी गर्नेलाई जिम्मेवार बनाई उक्त रकम असुल हुनु पर्दछ ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

नेपाल सरकारले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५२ सालमा यो समितिको स्थापना गरेको हो । सम्झौताअनुसार ५५ जिल्लामा कार्यक्रम सञ्चालन गर्ने गरी आयोजनाको कार्यावधि सन् २०२० जुन ३० सम्म रहने र लागत खर्च रु.९ अर्ब हुने उल्लेख छ ।

४९. **प्रतिस्पर्धा -** नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास संस्थाबीच जुलाई ११, २०१४ मा भएको वित्तीय सम्झौतामा खरिद कार्य राष्ट्रिय बोलपत्रको विधिबाट गर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमानबमोजिम बोलपत्रबेगर प्राविधिक मूल्याङ्कनबाट छनौट भएका १४८ सहयोगी संस्थाहरुसँग दशौ समूहको विकास तथा कार्यान्वयन चरण ५६२, नवौं समूहको कार्यान्वयन चरण २७, सरसफाई कार्यक्रम ४०१ र मर्मत पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम ४०७ समेत १ हजार ३९७ आयोजनाको लागि रु.५ अर्ब १ करोड ८८ लाखमा सोझै सम्झौता गरी कार्य गराएकोमा हालसम्म रु.३ अर्ब १६ करोड ११ लाख भुक्तानी भएकोछ । सो सम्झौता रकममध्ये सिमेन्ट, जी.आई. पाइप, एचडीपी पाइप, फिटिङ्स, भल्भस्, टुल्सलगायतका गैरस्थानीय निर्माण सामग्री खरिद गर्न रु.१ अर्ब ७८ करोड ७८ लाख विनियोजन भएको छ । प्रतिस्पर्धा सीमित हुने गरी कार्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

५०. **योजना स्थगन -** दशौं समूहअन्तर्गत विकास चरणको सम्झौता भएका ५६२ योजनामध्ये १५ वटा योजना यो आर्थिक वर्षको विभिन्न मितिमा स्थगन भई कार्यान्वयन चरणमा प्रवेश गरेको देखिएन । स्थगनको मुख्य कारण गैरसरकारी संस्थाले काम नगर्नु रहेको छ । स्थगन भएका योजनामध्ये १४ योजनामा ७ संस्थासँग रु.१ करोड ३८ लाख ८२ हजारको सम्झौता भएकोमा हालसम्म रु.९१ लाख ४५ हजार भुक्तानी भएको छ ।

आयोजना स्थगनले सोमा गरिएको लगानी प्रतिफलविहीन भएको छ । उक्त भुक्तानीमध्ये काम छाडेका एक गैरसरकारी संस्थालाई ५ आयोजनाको लागि भएको भुक्तानी रु.२४ लाख ९४ हजार समेत समावेश छ । फिर्ता भएको गैरसरकारी संस्थालाई भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

५१. **परामर्श सेवा -** अन्तर्राष्ट्रिय विकास संस्थासँग भएको वित्तीय सम्झौताको दफा ३.६ मा नन कम्प्लेक्स वर्कस्लगायत नियमित प्रकृतिका कार्यहरुको लागि परामर्श सेवा खरिद गर्दा न्यून लागत विधिको प्रयोग गर्नुपर्ने व्यवस्था छ । सो विपरीत समितिले ७ परामर्शदाता संस्था छनौटमा गुणस्तर र लागत विधि अवलम्बन गरेबाट प्रथम घटी कबोल गर्नेको कबोल अङ्क रु.३ करोड ९६ लाखमा सम्झौता नगरी रु.५ करोड ३० लाखमा सम्झौता गरेबाट रु.१ करोड ३४ लाख थप व्ययभार पर्न गएको छ ।

यसैगरी विभिन्न १९ परामर्शदातासँग सम्झौता गर्दा कबोल अङ्कमा कन्टिन्जेन्सी रकम थप गरेको र सोहीबमोजिम सम्झौता गर्ने गरेको कारण रु.७५ लाख ३० हजार बढी व्ययभार परेको छ । उक्त रकम सम्बन्धित परामर्शदाताबाट असुल गर्नुपर्दछ ।

खानेपानी महसुल निर्धारण आयोग

खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ बमोजिम खानेपानी तथा सरसफाई सेवाको महसुल निर्धारण गरी मनासिब मूल्यमा उपभोक्तालाई गुणस्तरीय र भरपर्दो सेवा उपलब्ध गराई उपभोक्ताको हक हित संरक्षण गर्ने उद्देश्यले आयोगको गठन भएको देखिन्छ ।

५२. **बक्यौता -** खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ को दफा १६ मा आयोगले सेवा प्रदायकसँग निजले उपभोक्ताबाट लिने महसुलको २ प्रतिशतमा नबढ्ने गरी तोकिए बमोजिम शुल्क लगाई उठाउन सक्ने व्यवस्था अनुसार आयोगको २०६५।३।२४ को बैठकले २०६४।६५ देखि सेवा प्रदायकबाट १ प्रतिशत सेवा शुल्क लिने र त्यस्तो शुल्क त्रैमासिक रुपमा आयोगलाई बुझाउनुपर्ने निर्णय गरेको छ । आयोगबाट प्राप्त विवरण अनुसार आयोगले सेवा शुल्क लिनुपर्ने ४ सेवा प्रदायकमध्ये २ बाट गत विगत आर्थिक वर्षको रु.४ करोड १३ लाख १० हजार शुल्क असुल गर्न बाँकी रहेको देखियो । उक्त रकम असुल गर्नुपर्दछ ।

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, २०७४।७५

५३. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - बोर्डको कोष तथा दायित्व रु.३० अर्ब ९ करोड ३२ लाख रहेको छ । अचल सम्पत्ति रु.२ अर्ब ९६ करोड ८३ लाख, निर्माणाधीन सम्पत्ति रु.३४ करोड ६२ लाख, ऋण लगानी रु.५८ करोड १ लाख र चालु सम्पत्ति रु.२६ अर्ब १९ करोड ८६ लाखसमेत जम्मा सम्पत्ति रु.३० अर्ब ९ करोड ३२ लाख देखिन्छ । गतवर्ष खुद नोक्सान रु.१२ करोड ८६ लाख रहेकोमा यस वर्ष खुद नाफा रु.२० करोड ३२ लाख भै खुद सञ्चित नोक्सान रु.१ अर्ब २२ करोड ५१ लाख पुगेको छ ।

५४. **अभिलेख व्यवस्था -** नेपाल सरकारबाट विगत वर्षमा प्राप्त अनुदान रु.६ करोड ६७ लाख १३ हजार र २०७१।७२ मा शोधभर्ना हुने ऋण रु.१० करोड ५५ लाख प्राप्त गरेकोमा सो रकम उपयोगको परियोजनागत अभिलेखसमेत रहेको छैन । जाइकाबाट प्राप्त ऋण २०६४।६५ सम्ममा टर्न की प्रोजेक्टअन्तर्गत सम्झौता भई लगानी भएको रु.३८ करोड ८२ लाख ८५ हजार तथा सम्झौता नभई लगानी भएको रु.७२ करोड २८ लाख ५१ हजारसमेत रु.१ अर्ब ११ करोड ११ लाख र सोभै भुक्तानी रु.६ करोड ३० लाख बोर्डले वित्तीय विवरणमा लेखाङ्कन गरेको पाइएन ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा अधुरा योजना सम्पन्न नभएको, नियमित प्रकृतिको कार्यमा परामर्शसेवा लिएको, खानेपानीको मुहान विवाद, पाइप मौज्दात तथा पाइप घटी जडान, अतिरिक्त पेस्की भुक्तानी, नपाउने मूल्य समायोजन भुक्तानी, पटक पटक म्याद थप, न्यून प्रतिस्पर्धालगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार गरेको देखिदैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

- सरकारी कार्यालयतर्फ ८० निकायमा रु. ६ अर्ब ९ करोड ३८ लाख ३७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ९८ लाख ३० हजार फछ्यौंट गरेकोले रु.६ अर्ब ४ करोड ४० लाख ७ हजार बाँकी रहेको छ । सोमध्ये रु. १ अर्ब ८७ करोड १८ लाख ७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
- संगठित संस्था २ तर्फ रु.५२ करोड ५ लाख ६७ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ३४ लाख ८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

गृह मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक सुरक्षा नीति तर्जुमा, शान्ति सुव्यवस्था, हातहतियार तथा खरखजानाको इजाजत तथा नियन्त्रण, विस्फोटक पदार्थ नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकता वितरण, विपद् व्यवस्थापन, अध्यागमन व्यवस्थापन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागू औषध नियन्त्रण, सीमा प्रशासन, गृह प्रशासन, सँगठित अपराध नियन्त्रणलगायतका कार्य र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषयसमेत रहेका छन् । मन्त्रालयसमेत ८१३ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहतको यो वर्ष विनियोजन रु.६९ अर्ब १७ करोड ८९ लाख ५८ हजार, राजस्व रु.८ अर्ब ८२ करोड २२ लाख ९५ हजार, धरौटी रु.१ अर्ब ५६ करोड ७१ लाख ४३ हजार र अन्य कारोबार रु.२५ अर्ब २५ करोड ५१ लाख ४५ हजारसमेत रु.१ अर्ब ४ अर्ब ८२ करोड ३५ लाख ४१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य संस्था २ र समिति १ को रु.७ अर्ब ४२ करोड ३ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम** - चौधौँ योजनाले गृह प्रशासन तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र कारागार प्रशासन पुनर्संरचना तथा सुदृढीकरण गर्ने, आन्तरिक सुरक्षा नीति परिमार्जन गर्ने, विद्युतीय शासनको अवधारणा कार्यान्वयन गर्ने, प्रमुख शहरमा क्लोज सर्किट टेलिभिजन जडान गर्ने साथै लागू औषध नियन्त्रण गर्ने नीति लिएको छ । योजनाका विषय समावेश गरी गृह प्रशासन सुधार कार्ययोजना, २०७४ लागू भएको छ । कार्य योजनामा उल्लेख भएमध्ये मातहतका संगठनको रणनीतिक योजना तयार गरी कार्यान्वयन नगरेको, उच्च पदस्थ सार्वजनिक पदाधिकारी तथा राजनीतिज्ञ लगायतको व्यक्तिगत सुरक्षामा खटिने सुरक्षाकर्मीका सम्बन्धमा मौजुदा नीति पुनरावलोकन गर्ने प्रक्रियामा रहेको छ । गृह प्रशासन सुधार कार्ययोजना, २०७४ मा उल्लेख भएअनुसार सुधार गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा -** संविधान कार्यान्वयनका लागि गृह प्रशासनसँग सम्बन्धित संघीय प्रहरी ऐन, सशस्त्र प्रहरी बल ऐन, नेपाल विशेष सेवा ऐन, स्थानीय प्रशासन ऐन, नागरिकता ऐन, विपद व्यवस्थापन ऐन, सामाजिक सुधार ऐनलगायतका कानुन २०७४ कार्तिकभित्र जारी गर्ने उल्लेख छ । नेपाल नागरिकता विधयेक, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्थागर्न बनेको विधयेक, शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक प्रतिनिधिसभामा दर्ता गरेको छ । अध्यागमन (व्यवस्थापन), कारागार, जग्गा प्राप्ति, सशस्त्र प्रहरी र लागूऔषध सम्बन्धी कानुन तयारीमा ढिलाई भएको छ । गृह प्रशासनसम्बन्धी आवश्यक ऐन नियम समयमै तयार गर्नुपर्दछ ।

३. **केन्द्रीय आर्थिक विवरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ मा मन्त्रालय अन्तर्गतको केन्द्रीय आर्थिक विवरण तयार गरी कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको केन्द्रीय आर्थिक विवरणले महालेखा नियन्त्रक कार्यालयले तयार गरेको विवरणभन्दा शुरु बजेट रु.१८ करोड ६२ लाख ७४ हजार बढी र खर्च ३७ करोड ८९ लाख ४८ हजार घटी देखाएको छ । कारोबारको यथार्थ अवस्था दर्शाउने गरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

४. **शान्ति सुरक्षा खर्च** - मन्त्रिपरिषद्को २०५०।२।१३ को निर्णयले शान्ति सुरक्षा कायम राख्ने प्रयोजनका लागि एक पटकमा गृहमन्त्रीले रु.५० हजार र गृहसचिवले रु.२० हजारसम्म खर्च गर्न सक्ने व्यवस्था गरेको छ । यो वर्ष मन्त्रीस्तरबाट रु.७६ लाख ५० हजार र सचिवस्तरबाट रु.७९ लाख ५१ हजारसमेत रु.१ करोड ५६ लाख १ हजार शान्ति सुरक्षा कायम गर्ने प्रयोजनमा खर्च भएको छ । गृहमन्त्रीको स्वीकृतिमा २०७२।७३ मा रु.५९ लाख, २०७३।७४ मा रु.६१ लाख र २०७४।७५ मा ७६ लाख ५० हजार खर्च भएको छ । त्यसैगरी सचिवको स्वीकृतिमा २०७२।७३ मा रु.२४ लाख, २०७३।७४ मा रु.५३ लाख र २०७४।७५ मा रु.७९ लाख ५० हजार खर्च भएको छ । प्रत्येक वर्ष खर्च बढ्दै गएकोमा वृद्धिको आधार पारदर्शी छैन । मन्त्रिपरिषद्को निर्णयले एक पटकको खर्च सीमा तोके पनि समय अवधि किटान गरेको छैन । शान्ति सुरक्षाका निमित्त सुराकीलाई भुक्तानी हुने खर्चसम्बन्धी कार्यविधिसमेत तयार गरेको देखिएन । तत्कालीन शान्ति सुरक्षाको परिस्थितिमा गरिएको निर्णय परिवर्तित अवस्थामा पुनरावलोकन गर्नुपर्दछ ।

५. **आर्थिक सहायता -** मन्त्रिपरिषद्बाट स्वीकृत नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ को बुँदा १२ मा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुलाई औषधोपचार तथा आर्थिक सहायता उपलब्ध गराउने र बुँदा १६ मा औषधोपचार बाहेक अन्य प्रयोजनमा सहायता उपलब्ध नहुने उल्लेख छ । गृह प्रशासन सुधार कार्ययोजना, २०७४ ले आर्थिक सहायता वितरण पारदर्शी बनाउन मापदण्ड तर्जुमा गर्ने उल्लेख गरेको छ । यो वर्ष मन्त्रिपरिषदको निर्णयबाट प्रति व्यक्ति रु.५० हजारदेखि रु.२५ लाखसम्मका दरले २ हजार २३० जनालाई रु.३१ करोड ८० लाख २७ हजार वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

५.१ मन्त्रालयले २०७२।७३ मा रु.१६ करोड ४० लाख ३५ हजार, २०७३।७४ मा रु.२९ करोड ६ लाख ८ हजार र २०७४।७५ मा ३१ करोड ८० लाख २७ हजार आर्थिक सहायता प्रदान गरेको छ । आर्थिक सहायताको रकम प्रत्येक वर्ष बढ्दै गए पनि कार्यविधिको पालना भएको देखिएन । आर्थिक सहायता उपलब्ध गराउदा औषधि उपचार पुष्टि हुने प्रमाण संलग्न गरेको छैन । कार्यविधिको पालना साथै उपचार खर्च पुष्टि हुने गरी सहायता प्रदान गर्नुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः चौधौं योजना र गृह प्रशासन सुधार कार्य योजनाको लक्ष्य बमोजिम कार्य नभएको, परिवर्तित अवस्थामा शान्ति सुरक्षा खर्च पुनरावलोकन नगरेको, केन्द्रीय आर्थिक विवरण यथार्थ नभएको, आर्थिक सहायता वितरणमा नियन्त्रण व्यवस्थाको पालना नगरेको, कारागारहरुमा क्षमताभन्दा बढी कैदी राखेको, राष्ट्रिय परिचयपत्र वितरणमा ढिलाइ गरेको, ट्राफिक बत्ती तथा चिन्हको व्यवस्था नगरेको, भवन निमार्णस्थलको व्यवस्था नगरी ठेक्का सम्झौता गरी पेस्की उपलब्ध गराएको लगायताका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

५.२ कार्यविधिको बुँदा १२.१ मा पूर्व प्रधानमन्त्रीलाई बढीमा रु.१५ लाख तथा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिलाई बढीमा रु.७ लाखसम्म आर्थिक सहायता दिन सकिने व्यवस्था छ । यो वर्ष मापदण्डभन्दा बढी हुने गरी प्रतिव्यक्ति रु.२५ लाखसम्म आर्थिक सहायता वितरण गरेको देखिन्छ । सीमाभन्दा बढी हुनेगरी ३० व्यक्तिलाई रु.३ करोड ३३ लाख आर्थिक सहायता वितरण गरेको छ । मापदण्डभित्र रहने गरी आर्थिक सहायता वितरण गर्नुपर्दछ ।

६. **व्यक्तिगत सुरक्षाकर्मी -** मन्त्रालयले बहालवाला एवं पूर्व पदाधिकारीको व्यक्तिगत सुरक्षाका लागि प्रहरी कर्मचारी खटाउने गरेको छ । सर्वोच्च अदालतले २०६८।८।२२ मा कानुनमा व्यवस्था गरेर मात्र विशिष्ट व्यक्तिलाई सुविधा उपलब्ध गराउने आदेश दिएको छ । सुरक्षासम्बन्धी काममा परिचालन गर्नुपर्ने जनशक्ति विशिष्ट व्यक्तिको सुरक्षार्थ खटाई व्यक्तिगत काममा समेत लगाउने कार्य रोक्नुपर्ने व्यवस्था "गृह प्रशासन सुधार मार्गचित्र- २०७४" मा उल्लेख छ । मापदण्डभन्दा विपरीत उपलब्ध गराएको सुरक्षाकर्मी फिर्ता गर्नुपर्दछ ।

कारागार व्यवस्थापन विभाग

७. **सुधार योजना -** गृह प्रशासन सुधार कार्ययोजना, २०७४ ले कारागार व्यवस्थापन सुधार गर्न कारागार नियमावली संशोधन गरी कैदीबन्दीको राशन सिदा, सुत्केरी खर्च, दाहसंस्कार खर्च जस्ता सुविधा समयानुकूल बनाउने; अपराधको प्रकृति, अनुशासन र कैद भुक्तान अवधिको आधारमा निर्माण कार्यमा श्रम गर्न सक्ने व्यवस्था गर्ने; स्वास्थ्य उपचारका निमित्त क्षमताका आधारमा स्वास्थ्य चौकी तथा उप स्वास्थ्य चौकी सरहको औषधि सुविधा मन्त्रालयबाटै उपलब्ध गराउने व्यवस्था गर्ने, सी.सी.टी.भी र २४सै घण्टा आपतकालीन बत्तीको व्यवस्था मिलाउने अवधारणा तयार गरे तापनि सुधार भएको देखिएन । कैदीबन्दीले पाउने सिदा रकम २०७५।७६ देखि वृद्धि गरी दैनिक रु.६०।– र कैदीबन्दीका बालबच्चाको सिदा दैनिक रु.३५।– कायम गरेको छ । स्वास्थ्य मन्त्रालयबाट औषधि उपलब्ध भएको छैन । यो व र्ष १५ जिल्ला कारागारमा मात्र सी.सी.टी.भी जडान भएको छ । कार्यविधिको अभावमा खुल्ला कारागार व्यवस्थाअनुसार कैदीलाई विकास निर्माणका काममा संलग्न गराएको छैन । गृह प्रशासन सुधार कार्ययोजना, २०७४ अनुसार कारागार व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

८. **भौतिक सुधार -** कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको प्रतिवेदन, २०६८ ले १९ कारागारको क्षमता विस्तार गर्नुपर्ने, ११ कारागारमा नयाँ बन्दीगृह निर्माण गर्नुपर्ने तथा २८ कारागार मर्मत गर्नुपर्ने सिफारिस गरेको छ । सिफारिस कार्यान्वयन गर्न विभागले कार्य योजना तयार गरेको छैन । नयाँ

कारागार ब्लक निर्माण गर्ने कार्यक्रम स्वीकृत भए पनि रुपन्देही, कैलाली र प्युठान कारागार निर्माणको ठेक्का प्रक्रिया शुरु भएको छैन । बाँकेको गनापुरमा खुल्ला कारागार निर्माणका लागि २०७५ आषाढमा मात्र बोलपत्रको सूचना प्रकाशित भएकोले विनियोजित रु.२ करोड खर्च हुन सकेको छैन । मुआवजा वितरण हुन नसकेका कारण मुस्ताङ कारागार भवन निर्माण शुरु भएको छैन । निर्माण तथा सुधारका कार्य सम्पन्न गरी कारागार व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

९. **कारागार क्षमता -** बजेट बक्तव्य २०७४।७५ मा भौतिक पूर्वाधार निर्माण, पुनर्निर्माण तथा सुधार गरी कैदीबन्दीको जीवनयापन मानवोचित बनाउँदै लाने उल्लेख छ । कारागारमा २०७२।७३ मा १७ हजार ५३९, २०७३।७४ मा १८ हजार ३८९ र २०७४।७५ मा १९ हजार ३६० बन्दीहरु रहेको पाइयो । बन्दीको जीवनयापन मानवोचित बनाउन क्षमताभन्दा बढी बन्दी राख्न नहुनेमा ११ हजार ७०० सम्म क्षमता रहेको ७४ कारागारमा १९ हजारभन्दा बढी कैदी रहेको अवस्था छ । कैलाली र बाँके कारागारमा क्षमताभन्दा ३०० प्रतिशत बढी हुने गरी कैदी राखेको देखिन्छ । स्वस्थ वातावरणको अभावमा मानवोचित जीवनयापनमा कठिनाइ हुने देखिएकोले कारागार क्षमताका आधारमा बन्दी राख्नुपर्दछ ।

अध्यागमन विभाग

१०. **प्रणाली सुधार -** गृह प्रशासन सुधार कार्ययोजनाले प्रविधियुक्त अभिलेख प्रणाली विकास गर्ने, सीमा नियन्त्रण प्रणालीद्वारा इमिग्रेसन सफ्टवेयर प्रतिस्थापन गर्ने, ई-भिसा स्मार्ट कार्डमा परिणत गर्ने, विमानस्थलको अध्यागमन सेवालाई चौबीसै घण्टा सञ्चालन गर्नेलगायतका उद्देश्य लिएको छ । ती उद्देश्यमध्ये सीमा नियन्त्रण प्रणालीको स्थापना, स्मार्ट कार्डको व्यवस्था तथा इमिग्रेसन मोबाइल एप्लिकेसन तयार गरेको छैन । अध्यागमन विभाग र मातहतका कार्यालयको कार्य वातावरणमा सुधार गर्ने कार्ययोजना कार्यान्वयन गर्नुपर्दछ ।

११. **भिसा स्टिकर -** विभागले कूटनीतिक, सरकारी, पर्यटक, अध्ययनलगायत ११ किसिमका प्रवेशाज्ञा जारी गर्ने गरेको छ । प्रवेशाज्ञा शुल्कबापत विभागले रु.४५ करोड ८६ लाख र कूटनीतिक नियोगबाट रु.६२ करोड ६५ लाख ८७ हजार राजस्व सङ्कलन भएको छ । यो वर्ष ५ लाख ६७ हजार ४७६ थान भिसा स्टिकर जिन्सी खाताबाट खर्च जनाएको मध्ये विदेशस्थित कूटनैतिक नियोगलाई १ लाख ७४ हजार २७६ थान भिसा स्टिकर उपलब्ध गराएको छ । कूटनैतिक नियोगलाई उपलब्ध गराएको भिसा स्टिकरको अभिलेख अद्यावधिक गरेको छैन । अभिलेख अद्यावधिक गरी राजस्व यकिन हुने गरी आय लेखाङ्कनमा सुधार गर्नुपर्दछ ।

१२. **कारबाही तथा निष्काशन** - अध्यागमन नियमावली, २०५१ मा नेपाल सरकारको स्वीकृति नलिई नेपाल प्रवेश गर्न नपाइने साथै आपराधिक क्रियाकलाप गरेमा भिसा रद्द गरी नेपालबाट निष्काशन गर्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार २०७०।७१ मा ३२०, २०७१।७२ मा ३५०, २०७२।७३ मा २६५ र २०७३।७४ मा १३१ विदेशी निष्काशन तथा सुपुर्दगी गरेको भए पनि तथ्याङ्क प्रणाली व्यवस्थित गरेको छैन । प्रवेशाज्ञा अवधि समाप्त भई २०७३।७४ मा गैरकानुनी रुपमा नेपालमा बसोबास गरिरहेका ३५७ लाई कारबाही गरी निष्काशन गरेकोमा २०७४।७५ मा ५६४ लाई कारबाही गरी निष्काशन गरेको देखियो । अध्यागमन कानुन पालना नगर्ने र भिसाको म्याद थप नगरी नेपालमा बस्ने विदेशी नागरिकको यथार्थ अभिलेख तयार गरी तथ्याङ्क प्रणाली व्यवस्थित गर्नुपर्दछ ।

राष्ट्रिय परिचय पत्र व्यवस्थापन केन्द्र

१३. **परिचयपत्र वितरण -** वार्षिक कार्यक्रम, २०७४ बमोजिम केन्द्रले १२ जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण गर्ने लक्ष्य निर्धारण गरेको छ । यो वर्ष उक्त कार्यक्रममा रु.४७ करोड ६२ लाख ८७ हजारसमेत हालसम्म रु.६० करोड ७५ लाख ७५ हजार खर्च भएको छ । २०७४।५।१९ को मन्त्रीस्तरीय निर्णयबाट पाँचथर जिल्लाका १ लाख १० हजार नागरिक र सिंहदरबारमा कार्यरत ७ हजार कर्मचारीलाई परिचयपत्र वितरण गर्ने कार्यक्रम राखेको मध्ये पाँचथर जिल्लामा ५१ हजार ३८७ र सिंहदरबारमा १ हजार ३२५ समेत ५२ हजार ७११ (लक्ष्यको तुलनामा ४५ प्रतिशत) को तथ्याङ्क सङ्कलन गरी २०७५।८।३ बाट परिचयपत्र वितरण शुरु गरेको छ । लक्ष्यअनुरुप ७ वर्षसम्म पनि तथ्याङ्क सङ्कलन कार्य पूरा नहुनुका साथै तोकेअनुसार परिचयपत्र वितरण गर्न नसक्दा लागतसमेत बढ्ने देखिन्छ । वार्षिक लक्ष्यअनुसार कार्यसम्पन्न गर्नुपर्दछ ।

नेपाल प्रहरी

नेपाल प्रहरीको प्रमुख जिम्मेवारी अपराध नियन्त्रण, अपराध अनुसन्धान, शान्ति सुव्यवस्था कायम, सवारी नियन्त्रण, विशिष्ट व्यक्तिहरुको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठानहरुको सुरक्षा, विमानस्थल सुरक्षा, प्रकोप व्यवस्थापन तथा जनमानसमा सुरक्षा जनचेतना प्रवाह गर्ने रहेको छ । संगठनमा प्रहरी प्रधान कार्यालय, मानव स्रोत विभाग, कार्य एवं अपराध अनुसन्धान विभागसहितको संगठन संरचना रहेको छ ।

१४. **कार्यक्रम कार्यान्वयन -** गृह प्रशासन सुधार कार्यक्रमले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको पुनर्संरचना तथा सुदृढीकरण गर्ने कार्यनीतिअनुसार प्रहरीको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न छाप्रोबाट व्यारेकमा बदल्ने, अपराध अनुसन्धान पूर्णरुपमा प्रविधिमा आधारित बनाउने, साइबर अपराध नियन्त्रणका लागि कानुनी व्यवस्था, विपद उद्धारका लागि आधुनिक उद्धार सामग्री व्यवस्था, प्रमुख शहरमा जडित सी.सी.टी.भी. चालु हालतमा राख्नेलगायतका कार्य सम्पन्न गरेको पाइएन । सुधार योजना कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरी प्रहरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ ।

१५. **मानव स्रोत व्यवस्थापन -** दक्ष तथा तालीम प्राप्त कर्मचारी व्यवस्थापन गर्न मानव स्रोत विभाग स्थापना भएको छ । विभागले कर्मचारी भर्ना, छनौट, तालिम तथा कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्दै आएको छ । नेपाल प्रहरीको गत वर्ष कुल दरबन्दी ७२ हजार ४७३ रहेकोमा मन्त्रिपरिषद्बाट २०७५।२।२७ मा ३ हजार ३३७ थप गरी ७५ हजार ८१० दरबन्दी स्वीकृत भएको छ । आर्थिक वर्षको अन्तमा अधिकृत तहमा १४२ र सोभन्दा मुनि ४ हजार ७१८ समेत गरी ४ हजार ८६० पद रिक्त रहेको देखिन्छ । प्रहरी सेवामा आकर्षण गर्नसक्ने गरी जनशक्ति व्यवस्थापन योजना तयार गर्नुपर्दछ ।

१६. **अपराध अनुसन्धान -** अपराध अनुसन्धान, नियन्त्रण तथा शान्ति सुव्यवस्था कायम राख्ने कार्यका लागि केन्द्रीय अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरोका साथै प्रहरी संगठनका अन्य निकाय कार्यरत रहेकोमा अपराध अनुसन्धान तथा नियन्त्रण गर्ने कार्य प्रभावकारी हुन सकेको छैन । अपराधका घटना प्रत्येक वर्ष बढ्दो क्रममा रहेको र छानबिन गरी समयमै टुङ्गो लगाउन नसकेको अवस्था देहायअनुसार छ:

क्र.सं.	अपराधको किसिम	२०७१।७२	२०७२।७३	२०७३।७४	२०७४।७५
१.	ज्यानसम्बन्धी	४६८७	५३६७	५९०४	६४०५
२.	आत्महत्या	४५०४	४६८०	५१२४	५३१७
३.	चोरी अपराध सम्बन्ध	११२८	१५७८	१६२७	१६२८
४.	सँगठित तथा आर्थिक अपराध	३००२	३७२३	३५९३	४६५६
५.	सामाजिक अपराध	१०१३३	८६८९	१०२५६	१४४५०
६.	महिला तथा बालबालिकासम्बन्धी	२०१६	२२९५	२४३९	३२५५
७.	सवारीसम्बन्धी	१६४१	१८२०	२१५०	२३२०
८.	विविध (अन्य)	२७५	४११	३६९	१२८४
	जम्मा	**२७३८६**	**२८५६३**	**३१४६२**	**३९३१५**
	फछ्यौंट	१८२५६	९२६९	८९८२	१३५९६
	फछ्यौंट प्रतिशत	६६.६६	३२.४५	२८.५५	३४.५८
	अघिल्लो वर्षको तुलनामा अपराध वृद्धि प्रतिशत	-	४.३०	१०.८०	२४.९६

समग्ररुपमा अघिल्लो वर्षको तुलनामा यो वर्ष अपराधका घटना करिब २५ प्रतिशतले बढेको छ । प्रकृतिगत रुपमा संगठित तथा आर्थिक अपराध २९.५८, सामाजिक अपराध ४०.८९, महिला तथा बालबालिका सम्बन्धी ३३.४५ प्रतिशतले बढेको पाइयो । दर्ता भएका मुद्दाहरु फछ्यौंट दर करिब ३५ प्रतिशत रहेको छ । अपराधिक क्रियाकलाप बढ्नुका कारण पत्ता लगाई बढ्दो अपराधलाई रोकथाम गरी शान्ति सुव्यवस्था कायम गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गर्नुका साथै दर्ता भएका मुद्दाहरु समयमै फछ्यौंट गर्नुपर्दछ ।

१७. **ट्राफिक व्यवस्थापन** - उपत्यकाको ट्राफिक व्यवस्थापनको लागि थप ३२ स्थानमा ट्राफिक बत्ती, १७ स्थानमा सडक बत्ती, २१ स्थानमा अण्डरपास, १० स्थानमा फ्लाई ओभर, १८ स्थानमा अकासेपुल आवश्यक रहेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले औंल्याए तापनि त्यस्ता संरचना निर्माणको प्रक्रिया अगाडि बढाएको

पाइएन । राडार गनको संख्या न्यून रहेको तथा उपत्यकाभित्र २० स्थानमा ट्राफिक बत्ती जडान गरेकोमा ४ स्थानमा मात्र चालु रहेकोले सवारी नियन्त्रणमा कठिनाइको अवस्था छ । स्मार्ट स्ट्रिट साइनबोर्ड, सवारीसाधन प्रदूषण परीक्षण मेसिन, पार्किङ स्थलको कमी रहेको छ । सडक, क्रसिङ र पार्किङस्थलको व्यवस्थापन सडक विभाग र स्थानीय निकाय मातहत पर्ने, सवारीसाधन दर्ता एवं सञ्चालन अनुमति यातायात व्यवस्था विभागले र सवारी नियन्त्रण नेपाल प्रहरीले गर्ने गरेकोमा समन्वयको अभाव देखिएको छ । समन्वय गरी एकीकृत ट्राफिक व्यवस्थापन योजना लागू गर्नुपर्दछ ।

१८. **ट्राफिक बत्ती -** गृह प्रशासन सुधार मार्ग चित्र, २०७४ ले काठमाडौँ उपत्यकाको ट्राफिक व्यवस्थापनमा सुधार ल्याउन आवश्यकताअनुसार चोकमा ट्राफिक बत्तीहरु व्यवस्थागर्ने उल्लेख छ । महानगरीय ट्राफिक महाशाखाले काठमाडौँ उपत्यकाभित्र थप ३२ स्थानमा ट्राफिक बत्ती र थप ९ स्थानमा पैदलयात्री बत्ती व्यवस्था गर्नुपर्ने औँल्याएकोमा कार्यान्वयन गरेको पाइएन । काठमाडौँ उपत्यकाभित्र जापान सरकारको सहयोगमा ट्राफिक बत्ती २० स्थानमा र पैदलयात्री बत्ती ९ स्थानमा जडान गरेकोमा आवश्यक मर्मत सम्भारको अभावमा १६ स्थानको ट्राफिक बत्ती र ८ स्थानको पैदलयात्री बत्ती चालु छैनन् । यसबाट ट्राफिक व्यवस्थापनमा कठिनाइ भएको छ । आवश्यक बजेट व्यबस्था गरी बिग्रिएका ट्राफिक बत्तीहरु मर्मत गरी चालु हालत राख्नुका साथै पहिचान गरिएका थप स्थानहरुमा सडक विभागसँग समन्वय गरी ट्राफिक बत्ती र पैदलयात्री बत्ति व्यवस्था गरी ट्राफिक व्यवस्थापन सुधार गर्नुपर्दछ ।

१९. **सडक सुरक्षा** - चौधौँ योजनाले सवारी तथा ट्राफिक व्यवस्थापन सुधारका लागि समग्र यातायात व्यवस्थालाई प्रभावकारी रुपमा नियमन गर्न कानुनी व्यवस्था गर्ने यातायात सेवा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट व्यवस्थित भएको हुने, ७ ओटा भेहिकल फिटनेस टेस्टिङ सेन्टरहरू स्थापना गर्ने, ४ वटा तौल बृजहरू तयार गरी सञ्चालन गर्ने, रणनीतिक स्थानहरूमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण गरी स्थापित, ट्राफिकसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन ,पुराना सवारी साधनहरूको व्यवस्थापन गर्ने कार्यक्रम राखेको छ । सवारी साधनको वृद्धिसँगै यसको उचित व्यवस्थापन नहुँदा वार्षिक औसत ८ प्रतिशतका दरले दुर्घटनामा वृद्धि भएको देखियो । दुर्घटनामा परेका मध्ये ३ प्रतिशतको घटना स्थलमै मृत्यु हुने तथा ४ प्रतिशत गम्भीर घाइते हुने गरेको देखिन्छ ।

क्र.सं.	आर्थिक वर्ष	कुल दुर्घटना		मृत्यू		गम्भिर दुर्घटना		सामान्य दुर्घटना	
		संख्या	वृद्धि प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१.	२०७०/७१	४६७२	-	१४३	३	२२९	५	३४८१	७५
२.	२०७१/७२	४९९९	७	१३३	३	२३३	५	३६४३	७३
३.	२०७२/७३	५५६८	११	१६६	३	२७५	५	३९०१	७०
४.	२०७३/७४	५५३०	-१	१८२	३	२०१	४	३९१४	७१
५.	२०७४/७५	६३८१	१५	१९४	३	२१९	३	४३३३	६८
	औसत	**५३५१**	**८**	**१६३**	**३**	**२२७**	**४**	**३८१९**	**७१**

सवारीसाधन र सडकको जीर्ण अवस्था, सवारीसाधनको चाप, पूर्वाधार बेगर सडक अनुमति दिनु, सवारी नियममा कमी, यात्रुको चाप, चालक अनुमतिपत्रमा नियमनको कमी, सवारी नियमसम्बन्धी ज्ञानमा कमी जस्ता कारणले दुर्घटना बढेको अवस्था छ । सम्बन्धित निकायबाट सचेतना कार्यक्रम, सडक मर्मत, सडक बत्ती, ट्राफिक चिन्ह, सडक स्मार्ट चिह्न, प्रदूषण परीक्षण मेसिनलगायतको व्यवस्थापन गरी दुर्घटना न्यूनीकरण गर्नुपर्दछ ।

२०. **निर्माण स्थल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नगरी खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । इलाका प्रहरी कार्यालय, ताकुकोट, गोरखाको भवन निर्माण कार्यका लागि एक निर्माण सेवासँग २०७५।३।१३ मा मूल्य अभिवृद्धि करसमेत रु.२ करोड २९ लाख ८२ हजारको सम्झौता भएको छ । निर्माण व्यवसायीलाई २०७५।३।२९ मा रु.४० लाख ६७ हजार मोबिलाइजेसन पेस्की भुक्तानी भएकोमा निर्माण स्थान उपलब्ध नगराएकोले कार्यारम्भ भएको छैन । निर्माण स्थल यकिन नगरी सम्झौता गर्नु र पेस्की उपलब्ध गराउनु उचित देखिएन । निर्माणस्थल उपलब्ध गराई सम्झौताअनुसारको कार्य सम्पन्न हुनुपर्दछ ।

२१. **स्रोत र सेवा प्रवाह -** नेपाल प्रहरीलाई अपराध अनुसन्धान, अपराध नियन्त्रण, ट्राफिक व्यवस्थापन, विशिष्ट व्यक्तिहरुको सुरक्षा गर्ने, महत्वपूर्ण प्रतिष्ठानहरुको सुरक्षा गर्ने र लागू औषध नियन्त्रण गर्ने, प्रकोप व्यवस्थापन गर्ने, विमानस्थल सुरक्षा गर्ने आदि महत्वपूर्ण जिम्मेवारी दिएको छ । नेपाल प्रहरीका जवानका लागि पर्याप्त आवास, मेस, पिउने पानी र शौचालयको अवस्थालाई मध्यनजर गर्दै न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न योजनाबद्ध ढङ्गले क्रमशः छाप्रोबाट ब्यारेकमा बदल्ने नीति रहे तापनि स्रोतको अभावमा भौतिक पूर्वाधारको कमी रहेको छ । त्यसैगरी सुरक्षा गस्तीका लागि सवारीसाधनको कमी, ट्राफिक व्यवस्थापनका लागि राडर गन, भेहिकल फिटनेस टेस्टिङ सेन्टर, सवारी प्रदूषण प्रशिक्षण मेसिनको कमी रहेको पाइयो । तोकिएको जिम्मेवारीको आवश्यकता अनुरुप स्रोतको व्यवस्था गरी प्रहरी सेवाको प्रभावकारिता वृद्धि गर्नुपर्दछ ।

सशस्त्र प्रहरी बल नेपाल

नागरिकको जीउधनको सुरक्षा, सीमा अपराध नियन्त्रण, सीमा क्षेत्रको अनुगमन एवं महत्वपूर्ण निकायको सुरक्षालगायतको जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार गठन भई सशस्त्र प्रहरी बल सञ्चालनमा रहेको छ ।

२२. **औद्योगिक तथा राजस्व सुरक्षा -** लगानीको अनुकूल वातावरण विकास गर्न सहयोग पुग्ने गरी "औद्योगिक करिडोर, क्षेत्र र प्रतिष्ठानहरु" को सुरक्षाका लागि आवश्यकताअनुसार औद्योगिक सुरक्षा बलको सेवा उपलब्ध गराउने नेपाल सरकारको नीति रहेको छ । यसका लागि सशस्त्र प्रहरी बल औद्योगिक सुरक्षा गणको व्यवस्था गरिएको छ । भन्सार नाका र राजस्व अनुसन्धानमा सशस्त्र प्रहरी बलको वेशक्याम्प राखी सुरक्षा राखिएको छ । सीमा नाकाहरुमा सघन गस्ती परिचालन गरी चोरी पैठारी नियन्त्रणमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२३. **अभिलेख सुरक्षा -** केन्द्रीय लेखाको भण्डारमा २०७४।९।४ गते राति १:३० बजे आगलागी हुँदा २०६३।६४ देखि २०७३।७४ सम्म ११ आर्थिक वर्षको चालु पुँजीगत तथा भूकम्प राहत समेत गरी रु.९ अर्ब ७४ करोड १९ लाखका कारोबारसम्बन्धी प्रमाण कागजात क्षति भएको देखिएको छ । मन्त्रीस्तरको २०७४।०९।०५ को निर्णयअनुसार गठन भएको छानबिन समितिको कम्प्युटरमा आधारित लेखा तथा अभिलेख प्रणाली लागू गर्ने, जिन्सी व्यवस्थापन चुस्त बनाउने जस्ता सुझावसमेतका आधारमा सुधार गरी अभिलेख प्रणाली व्यवस्थित गर्नुपर्दछ ।

२४. **ठेक्का व्यवस्था -** आर्थिक वर्ष ०७४।७५ मा स्टेशनरी, मसलन्द तथा कार्यालय सञ्चालन लगायतका सामान खरिद गर्न रु.२२ करोड ३८ लाख ९१ हजार लागत अनुमानका १३ खरिद ठेक्कामा रु.१५ करोड ८२ लाख ४ हजारमा सामान आपूर्ति गर्ने गरी सम्झौता भएको छ । लागत अनुमानको तुलनामा स्टेशनरी आपूर्तिमा ९५ प्रतिशत, मसलन्दमा ६७ प्रतिशत, आर्मोरमा ६८ प्रतिशत, कार्यालय सञ्चालनमा ६२ प्रतिशतसम्म घटीमा कबोल भएअनुसार ठेक्का स्वीकृत भएको छ । प्रस्तावित दर विश्लेषण गर्दा माग घटी हुने सामान न्यून मूल्यमा तथा अधिक माग हुने सामान उच्च मूल्यमा उपलब्ध गराउने गरी प्रस्ताव गरे पनि न्यून कबोल गरेको वस्तु आपूर्ति नगरेको साथै बोलपत्रमा उल्लेख भएभन्दा फरक किसिमका सामग्री प्रचलित बजार मूल्यमा उपलब्ध गराएको देखिन्छ । सम्झौताअनुसार आपूर्ति गर्ने गरी सुधार गर्नुपर्दछ ।

२५. **पोशाक वितरण -** सशस्त्र प्रहरी नियमावली, २०७२ को अनूसूची १५ मा सशस्त्र प्रहरी अधिकृत र जवानका लागि उपलब्ध गराउने पोशाकका सम्बन्धमा उल्लेख छ । कार्यालयले वार्षिक, द्विवार्षिक तथा केही वर्षको फरकमा उपलब्ध गराउनुपर्ने पोशाक तोकिएको अवधिभित्र उपलब्ध गराएको छैन । यो वर्ष पोशाक खरिदको लागि स्वीकृत भएको रु.५ करोड ८६ लाख १५ हजार खरिद कार्य नहुँदा फ्रिज भएको छ । कुल ३७ हजार ११७ सशस्त्र प्रहरी कार्यरत रहेकोमा पोशाक मौज्दात दरवन्दीको तुलनामा न्यून देखिन्छ । नियमावलीमा उल्लेख भएअनुसार पोशाक वितरण गर्नुपर्दछ ।

जिल्ला प्रशासन कार्यालयहरु

२६. **सेवा प्रवाह -** गृह प्रशासन सुधार कार्ययोजनाअनुसार जिल्ला प्रशासन कार्यालयले कार्ययोजना लागु भएको मितिले २ महिनाभित्र सेवाग्राही सन्तुष्टिको सर्वेक्षण गरी तदनुरुप सुधार गर्नुपर्ने, अनलाइन निवेदन लिने व्यवस्था

गर्नुपर्ने तथा क्यू मेसिनमार्फत टोकन प्रदान गर्ने प्रणालीको शुरुवात गर्नुपर्नेमा गरेको छैन । सुधार कार्ययोजना कार्यान्वयन गराई सेवाको प्रभावकारिता बढाउनुपर्दछ ।

२७. **राहत र क्षतिपूर्ति -** राहत र क्षतिपूर्ति वितरणका लागि जिल्ला प्रशासन कार्यालयमा प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय तथा परराष्ट्र मन्त्रालयबाट रकम निकासा भएको छ । निकासामध्ये जिल्ला प्रशासन कार्यालयको विविध खातामा रु.७ अर्ब ३९ करोड ३६ लाख ५७ हजार वितरण नभई मौज्दात देखिएको छ । परराष्ट्र मन्त्रालयवाट श्रमिक क्षतिपूर्ति बापतको निकासामध्ये रु.१३ करोड ५८ लाख ८४ हजार, मुआवजा वितरणको सडक विभागको निकासामध्ये रु.४ अर्ब १७ करोड ५१ लाख १३ हजार, विद्युत प्राधिकरण र नेपाली सेनाबाट मुआवजा वितरणको लागि प्राप्त पेस्कीमध्ये रु.१ अर्व ८९ करोड ३३ लाख ६० हजार, दैवी प्रकोप उद्धारकोषबाट प्राप्त रकममध्ये रु.१ अर्ब १८ करोड ९२ लाख ९९ हजार वितरण भएको छैन । राहत तथा क्षतिपूर्तिका लागि प्राप्त रकम समयमा बितरण गरी सेवाको प्रभावकारिता बढाउनुपर्दछ ।

राष्ट्रिय विपद व्यवस्थापन कोष

२८. **क्षमता अभिवृद्धि -** क्षमता वृद्धिका लागि मन्त्रालयले विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति तर्जुमा गरी जनसेवा ब्यूरो गठन गरेको छ । यसैगरी सबै प्रदेशमा २४सै घण्टा सेवा दिन विपद कार्य सञ्चालन केन्द्र र ११ स्थानमा अत्यावश्यक सामग्रीसहितको भण्डार गृह स्थापना गर्ने कार्ययोजना तयार गरेको छ । योजनाअनुसार सञ्चालन केन्द्र स्थापना गरी भण्डारणको व्यवस्था गरेको छैन । विपद पूर्व तयारीको व्यवस्था गरी प्राकृतिक विपदबाट हुने जोखिम न्यून गर्ने अवस्थामा रहनुपर्दछ ।

२९. **राहत वितरण -** मन्त्रालयले यो वर्ष जिल्ला विपद व्यवस्थापन कोषहरुलाई रु.१ अर्ब ९ करोड २० लाख २८ हजार निकासा गरेको छ । उक्त रकममध्ये प्राकृतिक प्रकोपमा परी मृत्यु हुने मृतकका नजिकका हकदारलाई प्रति मृतक रु.२ लाख र बाढी, पहिरो र डुबानका कारण प्रभावित जिल्लाको पीडितहरुलाई खाद्यान खरिद गर्न प्रति व्यक्ति प्रतिदिन रु.७० का दरले नगद वितरण गर्न रु.९७ करोड ९८ लाख ४७ हजार निकासा गरिएको छ । तर नगद वितरण गर्ने गरी रकम निकासा गर्दा नियन्त्रण व्यवस्था कायम गरेको पाइएन । यो वर्ष विभिन्न जिल्लाका बाढी पीडितहरुलाई खाद्यान खरिद बापत नेपाल खाद्य संस्थानलाई रु.३ करोड ९९ लाख ९३ हजारसमेत भुक्तानी गरेको देखिन्छ । यसबाट राहत कार्यक्रममा दोहरोपना रहेको पाइयो । खाद्यान खरिदका लागि नगद वितरण कार्य बैकिङ्ग कारोबारमार्फत गरी स्रोतको दक्षतापूर्वक उपयोग गरी लक्षित समूह लाभान्वित हुने व्यवस्था गर्नुपर्दछ । साथै संघ, प्रदेश र स्थानीय निकायबाट राहत पुनर्स्थापना र पुनर्निर्माण दोहोरो नपर्ने गरी गर्नुपर्दछ ।

३०. **हेलिकोप्टर भाडा -** विपद व्यवस्थापन कोषको रकम विपद व्यवस्थापनमा बाहेक अन्य काममा खर्च गर्न मिल्दैन । तर उक्त कार्यको रकम अस्पताल तथा क्याम्पस र जिल्ला तथा इलाका प्रशासन कार्यालय उद्घाटनका साथै निर्वाचन सुरक्षा गोष्ठीमा सहभागिता जनाउन हेलिकोप्टर प्रयोग गरी रु.८३ लाख ६० हजार भाडा खर्च लेखेको छ । असम्बन्धित कार्यमा प्रयोग भएको हेलिकोप्टर भाडा विपद राहतको लागि निकासा भएको रकमबाट भुक्तानी गर्नु उचित देखिएन । विपद व्यवस्थापन कोषको रकम सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

३१. **कार्य सञ्चालन केन्द्र -** विपद प्रतिकार्य तथा उद्धारका लागि केन्द्रमा गृह मन्त्रालय, क्षेत्रमा क्षेत्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र र जिल्लामा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रले समन्वय गरी कार्य गर्दै आएका छन् । मध्यमाञ्चल विकास क्षेत्रका ९ जिल्लामा प्राकृतिक विपदको बेला आपतकालीन राहत सामग्री आपूर्ति गर्ने उद्देश्यले मकवानपुरको हेटौडामा क्षेत्रीय प्रशासन कार्यालय मातहत क्षेत्रीय आपतकालीन केन्द्र २०७१ मा स्थापना भई सञ्चालनमा रहेको छ । केन्द्रमा प्राकृतिक विपदको बेला आवश्यक पर्ने राहत तथा उद्धार सामग्रीहरु भण्डारण गरेको छ । केन्द्रमा प्राप्त जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक जिन्सी अभिलेख नराखेको, जिन्सी सामानको प्रकृति र प्रयोजनअनुरुप वर्गीकरण गरी सोहीअनुरुप आवश्यक स्थान व्यवस्था गरी भण्डारण नगरेको तथा सामान वितरणको लागि माग फाराम प्रयोग नगरेको अवस्था छ । कर्मचारी क्षमता वृद्धि गरी जिन्सी लगत अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ ।

अन्य संस्था

कल्याण कोष तथा कल्याणकारी सेवा केन्द्र

३२. **व्यावसायिक क्रियाकलाप** - नेपाल प्रहरी नियमावली, २०७२ को नियम १९४(घ) मा कल्याण कोष सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने उल्लेख छ । कोष मातहत सञ्चालनमा रहेका ४ पेट्रोल पम्पमा प्रहरी निरीक्षकसहित वार्षिक रु.९३ लाख ४२ हजार तलब खर्च नेपाल सरकारले व्यहोर्ने गरी ४५ प्रहरी कर्मचारी परिचालन गरेको छ । यसैगरी सशस्त्र प्रहरी बल नेपाल, कल्याणकारी सेवा केन्द्रको सञ्चालनसम्बन्धी कार्यविधि, २०६६ को परिच्छेद ७ मा आर्थिक व्यवस्थापनका सम्बन्धमा उल्लेख भए पनि कर्मचारी परिचालनका सम्बन्धमा उल्लेख भएको छैन । कोष मातहत सञ्चालनमा रहेका ३ पेट्रोल पम्पमा सहायक प्रहरी निरीक्षकसहित ४४ सशस्त्र प्रहरी कर्मचारी नेपाल सरकारको स्रोतबाट वार्षिक रु.१ करोड ८ लाख २२ हजार तलब भुक्तानी हुने गरी परिचालन गरेको पाइयो । छुट्टै अस्तित्वसहित दर्ता भएको संस्थामा कार्यरत कर्मचारीको तलब तथा पारिश्रमिक नेपाल सरकारको स्रोतबाट भुक्तानी गर्नु उचित देखिएन । व्यावसायिक क्रियाकलाप सञ्चालन गर्न छुट्टै व्यवस्था गरी आन्तरिक स्रोतबाट खर्च व्यवस्थापन गर्नुपर्दछ ।

अनुगमन र बेरुजू

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा राष्ट्रिय परिचयपत्र वितरण कार्य हुन नसकेको, निर्माण कार्य समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, टुक्रा लागत अनुमान तयार गरेको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ २३० निकायमा रु.१ अर्ब १६ करोड ७८ लाख ८२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ६८ लाख २३ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब १४ करोड १० लाख ५९ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ६ करोड २० लाख ४७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था २ तर्फ रु.४५ करोड ४८ लाख ४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.३ करोड १३ लाख ९८ हजार फछ्यौंट गरेकोले रु.४२ करोड ३४ लाख ६ हजार बाँही रहेको छ । सोमध्ये रु.२९ करोड ७४ लाख २२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

परराष्ट्र मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, विदेशी राष्ट्रहरुबीच सम्बन्ध स्थापना, नेपालसम्बन्धी प्रचार-प्रसार, राहदानी तथा भिसा, शिष्टाचार, कूटनीतिक संरक्षण तथा उन्मुक्ति, विदेशस्थित नेपाली नागरिकको हक, हित संरक्षण, आर्थिक कूटनीति र वाणिज्यदूतसम्बन्धी अभ्यास, कूटनीतिक तहमा हुने वार्ता र सम्झौतालगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ४५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.४ अर्ब ५२ करोड ५० लाख, राजस्व रु.३ अर्ब ६७ करोड ३९ लाख, धरौटी रु.९३ लाख र अन्य कारोबार रु.२ अर्ब ४६ करोड ८३ लाखसमेत रु.१० अर्ब ६७ करोड ६५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय प्रतिवेदन** - मन्त्रालयले यो वर्ष ३९ नियोगको विनियोजन तथा राजस्वको केन्द्रीय आर्थिक विवरण तयार गरेको छ । नियोगहरुको वित्तीय विवरण सम्बन्धमा देहायबमोजिम देखिएको छ:

१.१ कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रमाणित गरेको आर्थिक विवरणअनुसार यो वर्ष नियोगहरुका लागि रु.३ अर्ब ९७ करोड ४२ लाख निकासा तथा खर्च देखाएकोमा मन्त्रालयले तयार गरेको आर्थिक विवरणले रु.३ अर्ब ९७ करोड ४८ लाख निकासा र रु.३ अर्ब ५४ करोड ५९ लाख खर्च देखाएको छ । नियोगहरुमा निकासाबाट बाँकी रहेको रकमसमेत कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च जनाएकोले रु.४२ करोड ८३ लाख बढी खर्च देखाइएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले नियोगहरुमा निकासा बाँकी रकम यकिन गरी आर्थिक विवरण प्रमाणित गर्नुपर्दछ ।

१.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेको बजेट सञ्चितकोष दाखिला हुनुपर्ने व्यवस्था छ । दूतावासहरुको निकासाबाट खर्च नभई वर्षान्तमा बाँकी रहेको रकम परराष्ट्र मन्त्रालयले आगामी वर्षको निकासामा कटाई राजस्व दाखिला गर्ने गरेको छ । दूतावासहरुको आर्थिक विवरणअनुसार यो वर्ष ३९ नियोगको चालु र पुँजीगतमा निकासामध्ये खर्च नभई बाँकी रकममध्ये ८ नियोगको रु. १२ करोड ३१ लाख ६५ हजार फ्रिज कटाई राजस्व दाखिला भएको छैन । यसैगरी नेपाली राजदूतावास ढाकाको २०७३।७४ को फ्रिज रकम रु.३ करोड ७३ लाख ५५ हजारसमेत हालसम्म राजस्व दाखिला भएको छैन । उक्त रकमसमेत राजस्व दाखिला हुनुपर्दछ ।

१.३ मन्त्रालयले तयार गरेको राजस्वको केन्द्रीय आर्थिक विवरणअनुसार नियोगहरुले राहदानी शुल्कबापत रु.३३ करोड ७० लाख र प्रवेशाज्ञा शुल्कबापत रु. ६२ करोड ३६ लाखसमेत रु.९६ करोड ६ लाख राजस्व सङ्कलन गरेको देखिन्छ । तर नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा तयार नगरेको र मन्त्रालयले एकीकृत आर्थिक विवरण तयार गर्दा नियोगगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेकोले राजस्वको हिसाब भिडान गर्न सक्ने स्थिति रहेन । गत वर्षको प्रतिवेदनमा नियोगहरुको आर्थिक विवरणले राजस्वको यथार्थ अवस्था चित्रण नगरेकोले गर्नुपर्ने सुझाव औँल्याएकोमा सोको कार्यान्वयन गरेको पाइएन ।

१.४ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा नेपाल सरकारलाई प्राप्त हुने राजस्व कार्यालयमा प्राप्त भए पछि तोकिएबमोजिम बैङ्क दाखिला गर्नुपर्दछ । विदेशस्थित नियोगहरुले प्राप्त गरेको राजस्व तत्कालको लागि स्थानीय बैङ्कमा छुट्टै खाता खोली राखेको भए पनि उक्त रकम सञ्चितकोष दखिला गर्ने प्रयोजनको लागि परराष्ट्र मन्त्रालयमा पठाउने वा नियोगमा जाने निकासामा कट्टा गरी मन्त्रालयले राजस्व दाखिला गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भएको ६ महिनासम्म पनि ३० नियोगले गत वर्ष उठाएको राजस्वमध्ये रु.३३ करोड ८७ लाख नियोगस्थित स्थानीय बैङ्कमा मौज्दात रहेको छ । उक्त रकम राजस्व दाखिला गर्नुपर्दछ ।

१.५ मन्त्रालयले नियोगहरुलाई चालु तथा पुँजीगत रकम चौमासिक रुपमा निकासा दिँदा तत्कालको विनिमय दरले निकासा गर्ने र वर्षान्तमा मौज्दात रहँदा निकासा पठाउँदाको दर घटबढ हुने कारणले आर्थिक विवरणले देखाएको मौज्दात र बैङ्क मौज्दातमा फरक पर्न जान्छ । उक्त फरक रकमको नियोगहरुले लेखाङ्कन गर्ने गरेका

छैनन् । यो वर्ष विनिमय दरमा आएको परिवर्तन र विगतका मौज्दात आदि कारणले २३ नियोगको आर्थिक विवरणले देखाएको भन्दा रु.१ करोड ८५ लाख बढी बैङ्क मौज्दात देखिएको छ । उक्त रकम राजस्व दाखिला हुनुपर्दछ ।

२. **आन्तरिक लेखापरीक्षण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयका सबै कारोबारको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय मातहतका ३९ नियोगहरुको विनियोजन, राजस्व, धरौटी र कार्यसञ्चालन कोषको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । मन्त्रालय मातहतका नियोगको आन्तरिक नियन्त्रण व्यवस्था सुनिश्चितताको लागि आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः समयमा ई-राहदानी जारी गर्नुपर्ने, आर्थिक कूटनीति अन्तर्गत देशगत रणनीति तयार गरी प्रभावकारिताको मूल्याङ्कन गर्नुपर्ने, हवाई टिकट खरिद मितव्ययी हुनुपर्ने, सेवा सुविधासम्बन्धी कानुन बनाउनुपर्ने, नियोगको सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्नुपर्ने, कर कट्टी गरी भुक्तानी गर्नुपर्ने, अवैतनिक वाणिज्यदूतको कार्यसम्पादन मूल्याङ्कन हुनुपर्ने, कानुनले तोकेभन्दा बढी भिसा शुल्क लिन नहुने, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान उद्देश्यअनुरुप सञ्चालन हुनुपर्ने लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

३. **सेवा सुविधासम्बन्धी व्यवस्था -** मन्त्रिपरिषद् एवं मन्त्रालयको सचिवस्तरमा पटक पटक निर्णय गरी नियोगका कर्मचारीलाई वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता, औषधि उपचार, आवास सुविधा आदि उपलब्ध गराउँदै आएको छ । मन्त्रालयले एकै प्रकृतिका विषयमा २०३१ सालदेखि पटक पटक निर्णय गरी आर्थिक सुविधा उपलब्ध गराउने गरेको देखिन्छ । यसबाट नियोगका कर्मचारीको सेवा सुविधामा अस्पष्टता एवं खर्च अनियन्त्रित भई नेपाल सरकारको व्ययभार वृद्धि हुँदै गएकोले एकीकृत रुपमा कानुन बनाई खर्च मितव्ययी गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१ मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले नियोगका कर्मचारीको लागि घर भाडा सुविधा दिने व्यवस्था गरेअनुसार यो वर्ष रु.७४ करोड ७७ लाख (चालु खर्चको २९.६२ प्रतिशत) कार्यालय र कर्मचारीको आवासको लागि घर भाडा खर्च भएको छ । कर्मचारी आवासको लागि लिइएको घरमा उपलब्ध गराएको सुविधा र भाडा रकमसम्बन्धी मापदण्डमा विविधता देखिएकोले मन्त्रालयले स्पष्ट मापदण्ड सहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९।१।५ मा निर्देशन दिएकोमा हालसम्म कार्यान्वयन भएको छैन ।

३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१०) मा घर भाडाको दररेटमा वृद्धि गर्नु परेमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ । नेपाली राजदूतावास कोलम्बो, बेइजिङ्ग, ओमान, तेलअभिभ र नेपाली महावाणिज्यदूतावास हङकङ्ग र ग्वान्जाओले अर्थ मन्त्रालयको सहमतिबेगर यो वर्ष घर भाडा वृद्धि गरी रु.६५ लाख ९५ हजार थप खर्च लेखेका छन् । नियमावली विपरीत घर भाडा वृद्धि गरी भुक्तानी भएको नियमित देखिएन ।

३.३ नियोगले घर भाडा सम्झौता गर्दा १ महिनादेखि ३ महिनासम्मको रकम सेक्युरिटी बापत डिपोजिट राखेको हुन्छ र घर खाली गर्दा घर छाड्न लाग्ने मर्मत गरी बाँकी रकम फिर्ता लिनुपर्दछ । तर नियोगहरुले घरको सेक्युरिटी बापत डिपोजिट राखेको रकमको अभिलेख व्यवस्थित रुपमा राखेको छैन । मन्त्रालयले केन्द्रीय आर्थिक विवरण तयार गर्दा गत विगतदेखि हालसम्मको सेक्युरिटी डिपोजिटको अवस्था देखिने विवरण पेश गर्नुपर्नेमा सो विवरण पेस गरेको छैन । सेक्युरिटी डिपोजिटको लगत मन्त्रालय र नियोग दुवैले अद्यावधिक गरी राख्नुपर्दछ । नियोगले सम्झौता अवधि पश्चात् घर छाडिसकेपछि सम्झौताबमोजिम सेक्युरिटी डिपोजिट फिर्ता लिनुपर्नेमा स्रेस्तासाथ संलग्न विवरणअनुसार नेपाली राजदूतावास मलेसिया, डेनमार्क, स्थायी नियोग न्युयोर्क र नेपाली महावाणिज्यदूतावास हङकङ्गले राखेको रु.८६ लाख ६८ हजार फिर्ता गरेको पाइएन । उक्त रकम सम्बन्धितबाट फिर्ता लिई राजस्व दाखिला हुनुपर्दछ ।

३.४ नेपाली राजदूतावास अबुधाबीमा २०७३ वैशाखदेखि र क्वालालम्पुरमा २०७४ फाल्गुणदेखि राजदूत पद रिक्त रहेको छ । लामो समय राजदूत पद रिक्त रहँदा समेत ती राजदूतावासहरुले राजदूत निवासको लागि भाडामा

घर लिई भाडा भुक्तानी गर्दै आएका छन् । अबुधाबीले २०७३ वैशाखदेखि २०७५ माघसम्मको भाडा ६ लाख ९४ हजार दिरहामको हुने रु.२ करोड १ लाख २६ हजार र क्वालालम्पुरले २०७४ फाल्गुणदेखि २०७५ माघसम्मको भाडा २ लाख ४ हजार रिङ्गिटको हुने रु.५५ लाख ८ हजार भुक्तानी गरेको छ । मन्त्रालय तथा नियोगले समयमै उपयुक्त निर्णय गर्न नसक्दा प्रयोगमा नआएको घरको भाडाबापत रु.२ करोड ५६ लाख ३४ हजार भुक्तानी भई नेपाल सरकारलाई थप व्ययभार पर्न गएको छ ।

३.५ नेपाल सरकार मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयानुसार विदेशस्थित नियोगमा सरुवा भई जाने नियोग प्रमुखबाहेक अन्य कर्मचारीहरुलाई आवश्यक पर्ने घरायसी सामान खरिद र ढुवानी गर्न १ महिनाको वैदेशिक भत्ता बराबरको एकमुष्ट रकम सेटलमेन्ट भत्ता दिइने उल्लेख छ । यो वर्ष विभिन्न १८ नियोगका ३३ कर्मचारीहरुलाई सरुवा भई जाँदा रु. ७२ लाख ९० हजार सेटलमेन्ट भत्ताबापत भुक्तानी गरेको छ । यसबाहेक नियोगमा कार्यरत कर्मचारीको लागि फर्निचरसहितको घर भाडामा लिइने, अधिकांश नियोगहरुमा कर्मचारी सरुवा भई आइसकेपछि आवश्यकतानुसार आवासको लागि फर्निचर, किचनका सामान, फ्रिज, वाशिङ्ग मेसिन, टेलिभिजनलगायतका सामान कार्यालयबाट खरिद गरी भुक्तानी गर्ने गरेको छ । कर्मचारीको आवास व्यवस्थापनसम्बन्धी एउटै प्रयोजनमा दोहोरो खर्च भएको देखिएको हुँदा दोहोरो खर्च हुने अवस्थामा नियन्त्रण हुनुपर्दछ ।

३.६ नेपाल सरकार, मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले नियोग प्रमुखलगायत अन्य कर्मचारी नियोगमा बसुन्जेल निजका परिवारका आश्रित सदस्यहरुमध्ये नियोग प्रमुखलगायत अन्य कर्मचारीले पाउने आ-आफ्नो तलब र वैदेशिक भत्ताको निजको पति वा पत्नीलाई १५ प्रतिशत, जनही २ बच्चालाई १०/१० प्रतिशत र आफूले पाल्नुपर्ने आमा वा बाबुमध्ये एकलाई ५ प्रतिशत पारिवारिक भत्ता पाउने उल्लेख छ । नेपाल सरकारको २०७१।१२।२९ को निर्णयले परिवार साथमा नरहेको अवस्थामा पारिवारिक भत्ता नपाउने व्यवस्था गरेको छ । सोही निर्णयमा चीनको स्वशासित क्षेत्र तिब्बतस्थित नेपाली महावाणिज्यदूतावास र साउदी अरबस्थित नेपाली नियोगहरुमा कार्यरत कूटनीतिक कर्मचारीहरुको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवको संयोजकत्वमा अर्थ र परराष्ट्र मन्त्रालयका सचिवहरु रहेको उपसमितिले उपयुक्त सुविधा प्रदान गर्न अध्ययन गरी प्रतिवेदन पेस गर्ने मन्त्रिपरिषद्को निर्णय भएको ४ वर्ष व्यतीत भइसक्दा समेत उक्त उपसमितिले सुझाव पेस गरेको छैन । परिवार साथमा रहेको पुष्ट्याइँ नभएको अवस्थामा पारिवारिक भत्ता नपाउने व्यवस्था कार्यान्वयन गर्न गराउन मन्त्रालयले अनुगमनको संयन्त्र तयार गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

३.७ विदेशस्थित नियोगमा कर्मचारी कार्यरत रहँदा निजको कार्य क्षमता र मनोबल अभिवृद्धि होस् भन्ने उद्देश्यका साथ नेपाल सरकारले परिवार साथमा लगेबापत परिवारको जीवन निर्वाह गर्न पारिवारिक भत्ता उपलब्ध गराएको देखिन्छ । विदेशस्थित कतिपय देशमा कूटनैतिक कर्मचारीका परिवारले सम्बन्धित देशमा रोजगारी गर्ने जानकारीमा आएको छ । कर्मचारीका परिवारले ती देशमा रोजगारी गर्दा नियोगको कर्मचारीले कार्यालय समयभित्र घरायसी काममा समय खर्चनुपर्ने अवस्थाले सेवाप्रवाहमा परेको असरका सम्बन्धमा मन्त्रालयको ध्यान जानुपर्दछ ।

३.८ नेपाल सरकार मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा नियोग प्रमुखले २ जना र अन्य राजपत्राङ्कित कर्मचारीले एक जना 'निजी कामदार' आफू बहाल रहेको नियोगमा लैजान र ल्याउन पाउने व्यवस्था छ । नियोग प्रमुखले लगेको निजी कामदारको हकमा नेपाल सरकारले तोकेबमोजिम तलब भत्ता दिइने उल्लेख छ । अन्य राजपत्राङ्कित कर्मचारीले लाने निजी कामदारको हकमा नियोगमा जाँदा र फर्कंदा हवाई टिकट, भिसा खर्च र नियोगमा रहँदाको स्वास्थ्य उपचार खर्च भुक्तानी हुँदै आएको छ । नेपाल सरकारको उक्त निर्णयअनुसार सबै नियोगमा खटिने राजपत्राङ्कित कर्मचारीले निजी कामदार लाने र ल्याउने गरेको पाइन्छ । कतिपय नियोगको परीक्षण गर्दा निजी कामदारको रुपमा लगेका कामदार व्यक्तिगत रुपमा अन्यत्रै रोजगारी गर्ने र लैजाने अधिकारीको निगरानी र नियन्त्रणमा नरहेको जानकारी हुन आयो । यसले गर्दा प्राप्त सुविधाको उद्देश्यअनुसार सदुपयोग भएको देखिएन । मन्त्रालयले अबदेखि निजी कामदारलाई विशेष राहदानी उपलब्ध गराउने र नियोग प्रमुख, अधिकृत कर्मचारी फिर्ता आउँदा कामदार पनि फिर्ता ल्याई निजको राहदानी फिर्ता बुझाउने व्यवस्था गरिएको जानकारी गराएको छ ।

३.९ नेपाल सरकार, मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले स्थानीय कर्मचारीबाहेक नियोग प्रमुख, अन्य कर्मचारी र निजका आश्रित परिवार तथा निजी कामदारको स्वास्थ्य बीमा र बीमकले आफैले तिर्नुपर्ने शुल्क

वा कमिसन केही भएमा सोसमेत लाग्ने सम्पूर्ण रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । बीमा हुन नसक्ने भएमा मन्त्रालयको पूर्वस्वीकृति लिई स्वास्थ्योपचार गराइएको रहेछ भने त्यस्तो स्वास्थ्योपचारमा लागेको खर्च रकम नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । यो वर्ष कूटनैतिक नियोगले नियोग प्रमुख, कूटनीतिक कर्मचारी र आश्रित परिवार र निजी कामदारको उपचार खर्चमा रु.१८ करोड ६४ लाख ८९ हजार खर्च लेखेको छ । बीमा गर्दा सम्बन्धित देशमा उपचार गर्ने गरी स्वास्थ्य बीमा गर्नुपर्नेमा संयुक्त राष्ट्रसंघको लागि स्थायी नियोग, जेनेभा र नेपाली राजदूतावास, ओमनले विश्वव्यापी हुने गरी स्वास्थ्य बीमा गरेको छ भने नेपाली राजदूतावास ब्रसेल्सले अमेरिका बाहेक अन्यत्र कभर हुने गरी स्वास्थ्य बीमा गरेको पाइयो । जुन देशमा कर्मचारी कार्यरत रहने हो त्यही देशको मात्र औपधि उपचार कभर गर्ने गरी बीमा गर्नुपर्नेमा विश्वव्यापी हुने गरी बीमा गर्नाले बीमा प्रिमियम दरमा परेको असर सम्बन्धमा मन्त्रालयले ध्यान दिएको पाइएन । मितव्ययी तरिकाले स्वास्थ्य बीमा गरे/नगरेको सम्बन्धमा मन्त्रालयले भरपर्दो अनुगमन गर्नुपर्दछ ।

३.१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढीको सामान वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यसैगरी विदेशस्थित नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३ मा समेत सामान खरिदमा ७ हजार अमेरिकी डलर र सेवा खरिदमा ५ हजार अमेरिकी डलरसम्म मात्र सोझै खरिद गर्न पाउने व्यवस्था छ । यो वर्ष १९ विदेशस्थित नियोगले कुनै प्रतिस्पर्धा बेगर नियोगका कर्मचारी र निजका आश्रित परिवारको स्वास्थ्य बीमा गरी बीमा कम्पनीलाई रु.१३ करोड ४९ लाख भुक्तानी गरेको छ । मन्त्रालयले नेपालका बीमा कम्पनीसँग पनि आवश्यक छलफल गरी प्रतिस्पर्धात्मक तवरले स्वास्थ्य बीमा गर्ने व्यवस्था गराउनुपर्दछ ।

४. **भ्रमण खर्च -** विदेशस्थित नेपाली राजदूतावासका कूटनीतिक कर्मचारीहरु दूतावासको कामको सिलसिलामा कार्यरत रहेको मुलुकको आन्तरिक भ्रमण गर्दा तथा सो मुलुकबाट अन्य मुलुकको भ्रमण गर्दा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भत्ता र सम्बन्धित मुलुकमा पाउने ३३ प्रतिशत थप समेत गरी दैनिक भत्ता भुक्तानी हुने गरेको छ । यो वर्ष कर्मचारीहरुको भ्रमण खर्चमा रु.४ करोड १५ लाख ९१ हजार खर्च भएको छ । राजदूतावासका कूटनीतिक कर्मचारीलाई सम्बन्धित मुलुकमा मासिक वैदेशिक भत्ता भुक्तानी दिने गरेको छ । वैदेशिक भत्तासमेत पाउने कूटनीतिक कर्मचारीहरुले कार्यरत र कार्यक्षेत्रअन्तर्गतका मुलुकको आन्तरिक भ्रमणमा काज खँटिदाको अवधिमा दैनिक भत्ता भुक्तानी गर्ने सम्वन्धमा आवश्यक नीतिगत व्यवस्था हुनुपर्दछ । अन्यथा प्रचलित भ्रमण खर्च नियमावली अनुसार दोहोरो हुने गरी दैनिक भत्ता दिन मिल्दैन ।

५. **सम्पत्ति खरिद तथा व्यवस्थापन -** विदेशस्थित ३९ नियोगमध्ये ९ राजदूतावास कार्यालय र ११ राजदूत निवासमात्र आफ्नो घर वा लिजमा र बाँकीले घर भाडामा लिएको छ । नियोगहरुको लागि क्रमशः घर खरिद गर्दै जाने नेपाल सरकारको नीतिअनुरुप यो वर्ष भवन खरिद र भवन निर्माणको लागि रु.२ अर्ब १६ करोड ८८ लाख बजेट विनियोजन भएकोमा नेपाली राजदूतावास वाशिङ्गटनले रु.७७ करोड ३७ लाखमा भवन खरिद र नेपाली राजदूतावास नयाँ दिल्लीले रु.२ करोड ७२ लाखमा भवन बनाउन खर्च गरेको पाइयो । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

५.१ नियोगहरुको घर भाडा खर्च २०७०।७१ मा रु.४४ करोड, २०७१।७२ मा रु.५७ करोड, २०७२।७३ मा रु.६५ करोड, २०७३।७४ मा रु.६८ करोड ५६ लाख र २०७४।७५ मा ७४ करोड ७७ लाख भएकोले घर भाडा खर्च प्रत्येक वर्ष बढिरहेको छ । घर निर्माण गर्ने प्रयोजनको लागि विगतमा क्वालालम्पुर, कोलम्बो र इस्लामावादमा खरिद गरिएका जग्गासमेत प्रयोगविहीन अवस्थामा रहेका छन् । भवन निर्माणका लागि विनियोजित रकम तोकिएको आवश्यक कार्यमा प्रयोग नगर्दा स्रोतको सदुपयोग नहुने, पटक पटक बजेट व्यवस्था गर्नुपर्ने, समयक्रमअनुसार घरजग्गाको मूल्य बढ्दै जाने हुनाले लागत बढ्ने अवस्था छ । यस सम्बन्धमा मन्त्रालयले ध्यान दिन सकेको पाइएन ।

५.२ जर्मनी एकीकरण अघि पश्चिम जर्मनीको बोनमा रहेको नेपाली राजदूतावास सन् २००० मा बर्लिनमा सरेकोमा सन् २००० पश्चात् बोनस्थित नेपाल सरकारको स्वामित्वमा रहेको २ वटा घर र सो घरले चर्चेको २,८४६ वर्गमिटर जग्गा प्रयोगविहीन अवस्थामा रहेको छ । सरकारी सम्पत्तिको उचित संरक्षण गरी उपयोग हुनुपर्दछ भनी विगत वर्षमा उल्लेख भएकोमा १८ वर्ष व्यतीत भइसक्दा समेत कुनै निर्णय भएको देखिएन । उक्त घरको पालो पहरा विद्युत र पानीबापत यो वर्ष युरो ८,३३२ खर्च भएको छ । प्रयोगविहीन घर जग्गामा

राज्यले प्रत्येक वर्ष औसत रु.८ लाखले १८ वर्षमा रु.१ करोड ४४ लाखभन्दा बढी खर्च भइसकेको छ । उक्त सम्पत्तिको यथाशीघ्र व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

५.३ नेपाली राजदूतावास, क्यानबेराले यो वर्ष ९९ वर्षको लिजमा ६,१९८ वर्गमिटर जग्गा १२ लाख अष्ट्रेलियन डलरमा खरिद गरेको छ । जग्गा खरिदको लिज सम्झौता को दफा ३(१) मा लिजमा लिएको सो जग्गामा १८ महिनाभित्र भवन निर्माण गर्न शुरु गरी ३६ महिनाभित्र निर्माण सम्पन्न गर्नुपर्ने उल्लेख छ । जग्गा खरिदको १० महिना बितिसक्दा समेत भवनको ड्रइङ डिजाइन तयार गर्ने कार्य अगाडि बढेको छैन । लिजमा तोकिएको अवधिभित्रै भवन निर्माण गर्न मन्त्रालयले ध्यान दिनुपर्दछ ।

५.४ नेपाली राजदूतावास, वाशिङ्गटनलाई यो वर्ष भवन खरिदको लागि रु.८५ करोड विनियोजन भएकोमा नियोगले भवन खरिदको लागि अमेरिकी डलर ७८ लाख १५ हजारको लागत अनुमान स्वीकृत गरेको छ । लागत अनुमान तथा नियोगले स्वीकृत गरेको स्पेसिफिकेसनसँग मेल खाने प्राप्त ३ प्रस्तावमध्ये नियोगले कम मूल्य र बढी क्षेत्रफल भएको १० हजार १५० वर्गफिटमा बनेको भवन र सो परिसरमा रहेको ०.९३ एकड जमिन अमेरिकी डलर ६८ लाखमा खरिद गरेको छ । खरिद गरेको भवन र सो परिसरमा रहेको जमिन तथा पुराना २ भवनसमेत ३ भवन र उपलब्ध जमिन राजदूत निवास, अन्य कर्मचारी निवास र कार्यालय सञ्चालनमा पूर्ण उपयोग गरी कर्मचारीको आवासमा अब उप्रान्त घर भाडाबापत हुने खर्च कटौती गर्नुपर्दछ ।

६. **कर -** आयकर ऐन, २०५८ को दफा ८ मा व्यक्तिगत प्रयोजनका लागि भएको खर्चको शोधभर्नाबापत प्राप्त गरेको रकमलाई आयमा समावेश गरी रोजगारीको आय मानी कर गणना गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले नियोगमा कार्यकाल समाप्त गरी फर्कने पदाधिकारी तथा कर्मचारीहरुलाई ढुवानी खर्चबापत शोधभर्नाको भुक्तानी गर्दा सो रकमलाई आयमा समावेश गरेको पाइएन । वर्षभरिमा प्राप्त गरेको रकममा ढुवानी बापत प्राप्त रकमसमेत जोडी कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा मन्त्रालयले कर कट्टी नगरी भुक्तानी गरेकोले सो अनुरुप यो वर्ष २९ कर्मचारी तथा पदाधिकारीलाई ढुवानी खर्चबापत भुक्तानी भएको रु.१ करोड १० लाख ५८ हजारलाई आयमा समावेश गरी सोबापत लाग्ने कर रु.२६ लाख ३३ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

७. **आर्थिक कूटनीति कार्यक्रम कार्यान्वयन -** चौधौं आवधिक योजनाअनुसार व्यापार, लगानी, पर्यटन तथा रोजगारी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सम्बन्ध सुदृढ गर्नु आर्थिक कूटनीतिक उद्देश्य रहेको छ । उक्त उद्देश्य प्राप्तिका लागि विभिन्न क्रियाकलापहरु तर्जुमा गरेको छ । यो वर्ष सरकारले नेपालको आर्थिक विकासमा बाह्य सहायता एवं प्रत्यक्ष वैदेशिक लगानी बढाउन र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न आर्थिक तथा विकास कूटनीति परिचालन गर्ने नीति लिएको छ । नेपाल सरकारको (कार्य विभाजन) नियमावलीअनुसार आर्थिक कूटनीति प्रवर्द्धन गर्ने जिम्मेवारी परराष्ट्र मन्त्रालयको रहेको छ । मन्त्रालयले नियोगहरुमार्फत कार्यान्वयन गर्ने गरी निर्यात प्रवर्द्धन, लगानी सम्मेलनको आयोजना, धार्मिक र सांस्कृतिक, पर्यटन प्रवर्द्धन, रोजगारीको नयाँ सम्भावनाहरुको पहिचान गर्ने, पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम र नेपाली डायस्पोराको परिचालन गर्ने कार्यक्रम तय गरी रु.८ करोड ३० लाख खर्च गरेको छ ।

नेपालले संस्थागत रुपमा आर्थिक कूटनीति कार्यक्रम सञ्चालन गरेको दुई दशक बितिसकेको छ । हाल ३९ नियोगमार्फत यो कार्यक्रम सञ्चालन हुँदै आएको छ । पछिल्लो ५ वर्षमा आर्थिक कूटनीतिक कार्यक्रम सञ्चालन गरेबापत नियोगहरुले रु.३२ करोड ७५ लाख खर्च गरेका छन् । आर्थिक क्रियाकलापको दायरा वृद्धिअनुसार आर्थिक कूटनीति परिचालन गर्न नसक्नु र प्रत्येक वर्ष बजेट बढ्दै गए पनि आर्थिक कूटनीतिमा रहेका अवसरहरु पहिचान गरी यसलाई प्रभावकारी बनाउनुपर्ने प्रमुख चुनौती रहेको छ ।

परराष्ट्र मन्त्रालयले तयार गरेको आर्थिक कूटनीति कार्यक्रम निर्देशिकामा कूटनीतिलाई कसरी आर्थिक समृद्धितर्फ लैजाने भन्ने मापनयोग्य रणनीति तथा कार्यनीति उल्लेख गरेको छैन । आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन नियोग अवस्थित मुलुकको वस्तुस्थिति अनुरुप हुने गरी कार्यान्वयन गर्न सकिने खालका देशगत रणनीति निर्माण गरी सोहीबमोजिम कार्ययोजना बनाई लागू गर्नुपर्दछ । नेपाली डायसपोराको अधिकतम परिचालन गरी गैरआवासीय नेपालीको ज्ञान, सीप र पुँजीलाई देश विकासमा प्रयोग गर्न सक्नुपर्दछ । यसको अलावा पर्यटन बोर्ड, व्यापार प्रवर्द्धन केन्द्र, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डसमेतले कार्यक्रम सञ्चालन गर्न मन्त्रालयमार्फत नियोगहरुमा बजेट पठाउने गरेका छन् । अतः आर्थिक कूटनीतिको उद्देश्य प्राप्त गर्न क्रियाशील सबै निकायहरु पर्यटन एवं संस्कृति मन्त्रालय, उद्योग वाणिज्य मन्त्रालय, अर्थ

मन्त्रालय, नेपाल पर्यटन बोर्ड, वैदेशिक रोजगार विभागलगायत अन्य सम्बद्ध निकायबीचको समन्वयमा एकीकृत कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी एकीकृत प्रगति एवं उपलब्धिको विवरण तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८. **टिकट खरिद -** मन्त्रालयले विशिष्ट पदाधिकारी एवं कर्मचारीको वैदेशिक भ्रमणका लागि आवश्यक जहाज टिकट खरिद गर्न बोलपत्रको माध्यमबाट एक ट्राभल एजेन्सीसँग सम्झौता गरेको छ । बोलपत्र आह्वान गर्दा भ्रमण गर्नुपर्ने सबै गन्तव्य पहिचान नगरेको एवं कुनै एक गन्तव्यमा भ्रमण गर्न ट्रान्जिटसमेत उल्लेख गरी बोलपत्र गरेको छ । मन्त्रालयले यो वर्ष गन्तव्य पहिचान भई बोलपत्रमा उल्लिखित ट्रान्जिटभन्दा अर्को ट्रान्जिट प्रयोग गरी भ्रमण गरेका ७९ पदाधिकारी, कर्मचारी एवं आश्रित परिवारलाई बोलपत्रबमोजिको दरभन्दा बढी दरको टिकट लिई थप व्ययभार पारेको छ । बोलपत्र आह्वान गर्दा सबै गन्तव्यको पहिचान गरी जुनसुकै रुटबाट भ्रमण भए तापनि तोकिएको गन्तव्यका लागि सम्झौतामा उल्लिखित दरभन्दा बढी भुक्तानी नहुने व्यवस्था मिलाउन गत वर्ष समेत मन्त्रालयको ध्यानाकर्षण गरिएकोमा यो वर्ष पनि पुनरावृत्ति भएको छ ।

९. **थप व्ययभार -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ । तर मन्त्रालयले भ्रमणको कार्यक्रम निश्चित गरी हवाई टिकट उपलब्ध गराइसकेपछि विभिन्न निर्णयबाट यात्रा रद्द हुने, मिति परिवर्तन गर्ने, रुट परिवर्तन गर्ने आदि कारणले समयमा यात्रा हुन नसकी टिकट रद्द गरेको कारणले यो वर्ष रु.७८ लाख अनावश्यक व्ययभार परेको छ । मन्त्रालय तथा सम्बद्ध पक्षबाट यथार्थ यात्रातालिका निश्चित नगर्दा थप व्ययभार पर्न गएकोले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति बेगर यात्राको रुट एवं मिति परिवर्तन हुँदा पर्ने व्ययभार मन्त्रालयले व्यहोर्न हुँदैन ।

१०. **अवैतनिक वाणिज्यदूत -** अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९ बमोजिम नेपाल सरकारले अवैतनिक वाणिज्यदूत नियुक्ति गर्ने व्यवस्था छ । निजहरुको कार्यावधि ४ वर्षको हुने, कार्य सन्तोषजनक नभएमा जुनसुकै बेला हटाउन सक्ने र सम्बन्धित राजदूतको सिफारिसमा ४ वर्षको अर्को एक अवधि थप गर्न सक्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार ४ वर्षको लागि नियुक्ति भएका ८ देशका १० जना अवैतनिक वाणिज्यदूतहरुको कार्यकाल सकिसकेपछि पनि निजहरुको पुनः म्याद थप नगरी कार्य गरिरहेको देखियो । पदावधि समाप्त भई कार्य सम्पादनको आधारमा म्याद थप वा अवकाश गर्नुपर्नेमा वर्षौंसम्म पनि म्याद थप नगरी जिम्मेवारीमा राख्नु उपयुक्त देखिएन ।

सोही नियमावलीअनुसार अवैतनिक वाणिज्यदूतहरुले द्विपक्षीय व्यापार प्रवर्द्धन गर्न वस्तु व्यापारका नयाँ क्षेत्र पहिचान गरी सम्बद्ध निकायलाई जानकारी गराउने, नेपालभित्र वैदेशिक लगानी बढाउने कार्य गर्ने लगायतका कार्य प्रमुख छन् । यसरी सम्बन्धित राजदूतले आर्थिक वर्षको ३ महिनाभित्र अवैतनिक वाणिज्यदूतहरुको कार्यसम्पादनको स्तर मूल्याङ्कन गरी नेपाल सरकारमा पठाउनुपर्नेमा अधिकांश देशका राजदूतले सोअनुसारको मूल्याङ्कन गरी पठाएको देखिएन ।

११. **भिसा शुल्क -** अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ को नियम ७ मा राजदूतावासले लिने भिसा शुल्कमा अवैतनिक वाणिज्यदूतहरुले २० प्रतिशत थप गरी लिन पाउने व्यवस्था छ । यसरी लिइएको रकममा निजले कार्यसञ्चालन, व्यापार तथा पर्यटन प्रवर्द्धनात्मक कार्यमा खर्च गर्न सक्ने व्यवस्था छ । तर अष्ट्रेलियाको राजदूतावासअन्तर्गतका ६ अवैतनिक वाणिज्यदूतले यो वर्ष तोकिएको शुल्कमा २० प्रतिशतभन्दा बढी रु.७७ लाख भिसा शुल्क लिएको देखियो । नियमले तोकेभन्दा बढी सेवा शुल्क सेवाग्राहीबाट लिन मिल्दैन ।

१२. **वैदेशिक भत्ता -** नेपाल सरकारको २०५१।१०।२३ को निर्णयमा पूर्वस्वीकृति लिई मन्त्रालयको बोलावट वा बिदामा नेपाल आउँदा नियोग प्रमुख र अन्य कर्मचारीहरुले एक आर्थिक वर्षको बढीमा ३० दिनसम्मको मात्र वैदेशिक भत्ता पाउने उल्लेख छ । मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष ८ नियोगका १२ पदाधिकारी तथा कर्मचारी मन्त्रालयको स्वीकृतिमा बिदा, काज, परामर्शको लागि ३० दिनभन्दा बढी अवधिका लागि नेपाल आएको देखियो । नेपालमा रहेको ३० दिनभन्दा बढी अवधिको समेत वैदेशिक भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२० लाख ५२ हजार .असुल गर्नुपर्दछ ।

१३. **क्षतिपूर्ति -** विदेशमा कार्यरत नेपालीको मृत्यु पश्चात् विदेशी सरकार तथा कामदार कम्पनीबाट प्राप्त क्षतिपूर्ति विदेशस्थित नियोगमार्फत प्राप्त भएअनुसार मन्त्रालयले यो वर्ष रु.७८ करोड ९ लाख सम्बन्धितलाई वितरण गर्न जिल्ला प्रशासन कार्यालयमा ड्राफ्ट पठाएको आधारमा खर्च लेखेको छ । मन्त्रालयले जिल्ला

प्रशासन कार्यालयमा पठाएको रकम सम्बन्धित मृतकका हकदारले प्राप्त गरे नगरेको मन्त्रालयले जानकारी लिने गरेको देखिएन । यसमा मन्त्रालयले अनुगमन गर्नुपर्दछ ।

कन्सुलर सेवा विभाग

१४. **स्टिकर हिसाब -** विदेशस्थित नेपाली राजदूतावास, महावाणिज्यदूतावास र स्थायी नियोगहरुले माग गरेको आधारमा अध्यागमन विभागबाट विभिन्न साइजका भिसा स्टिकर माग गरी ती नियोगहरुलाई उपलब्ध गराउने गरेको पाइयो । विभागबाट उपलब्ध विवरणअनुसार यो वर्ष २५ नियोगहरुलाई १५ दिनको १ लाख १३ हजार ३०८ वटा, ३० दिनको ३६ हजार ५३३ वटा र ९० दिनको २२ हजार ७८८ वटा भिसा स्टिकर उपलब्ध गराएको छ । यसरी उपलब्ध गराइएका स्टिकरहरु नियोगले भिसा शुल्क लिई आफैले र अवैतनिक वाणिज्यदूतहरुलाई प्रदान गर्न दिने गरेको पाइयो । अवैतनिक वाणिज्यदूतले प्रदान गरेको भिसा स्टिकरअनुसारको राजस्व प्राप्त भए नभएको लेखा तथा अभिलेख राख्नुपर्ने दायित्व नियोगको भए तापनि कतिपय नियोगको स्थलगत लेखापरीक्षण गर्दा अवैतनिक वाणिज्यदूतहरुले लगेको भिसा स्टिकरको अभिलेख नियोगमा राखेको समेत पाइएन । विभागले नियोगमार्फत स्टिकरको वार्षिक अभिलेख मगाई विवरण अद्यावधिक गर्नुपर्दछ ।

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

१५. **कार्यसम्पादन स्थिति -** नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउन नेपाल सरकारलाई सुझाव तथा परामर्श दिने उद्देश्यले वि.सं. २०५० मा स्थापना भएको यस प्रतिष्ठानलाई नेपाल सरकारले यो वर्ष ७३ लाख निःशर्त अनुदान दिएकोमा रु.६९ लाख ८० हजार खर्च गरेको छ । प्रतिष्ठानको गठन आदेशअनुसार परराष्ट्र मामिला सम्बन्धमा नीति तर्जुमा गरी नेपाल सरकारलाई परामर्श प्रदान गर्ने, परराष्ट्र मामिला सम्बन्धमा अवलम्बन गर्नुपर्ने रणनीतिबारे अध्ययन अनुसन्धान गरी अवधारणापत्र तयार गरी पेस गर्ने, नेपालले विदेशी मुलुकमा आफ्ना नियोग खोल्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा सुझाव प्रदान गर्ने, समितिको वार्षिक नीति, कार्यक्रम योजना स्वीकृति गराउने र बजेट पारित गर्ने कार्य तोकिएकोमा प्रतिष्ठानले यो वर्ष सो अनुरुप कुनै पनि कार्य गरेको पाइएन । सोही गठन आदेशमा समितिको बैठक वर्षमा ६ पटक बस्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०७४।७५ मा बैठक नै बसेको पाइएन । प्रशासन सुधार अनुगमन समिति, २०७० को प्रतिवेदनले 'परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान'लाई 'कूटनीतिक प्रशिक्षण केन्द्र' एवम् 'कूटनीतिक अनुसन्धान केन्द्र'को रूपमा विकास गर्ने सुझाव दिएकोमा सोअनुरुप कार्यान्वयन नगरेकोले प्रतिष्ठान सञ्चालनको लागि आवश्यक वातावरण तयार गर्नुपर्दछ ।

राहदानी विभाग

१६. **पासपोर्ट खरिद -** मेसिन रिडेबल पासपोर्ट जारी गर्न फ्रान्सको एक कम्पनीसँग २०६७।५।११ मा ४० लाख थान पासपोर्ट (थपघट १५ प्रतिशत) प्रति पासपोर्ट करसहित अमेरिकी डलर ३.५९ ले ५ वर्षको लागि छपाई एवं पर्सनलाइजेसन गर्नको लागि सम्झौता भएको थियो । फ्रान्सस्थित कम्पनीसँगको सम्झौता २०७२।८।८ मा समाप्त हुनु अगावै राहदानी छपाई तथा पर्सनलाइजेसन कार्यको बोलपत्रसम्बन्धी प्रक्रिया अगाडि नबढाई नेपाल सरकारबाट २०७२।३।१८ मा स्वीकृत भेरिएसनबाट करसमेत अमेरिकी डलर ५.१४७३ मा प्रति राहदानी आपूर्ति तथा पर्सनलाइजेसन हुने व्यवस्था गर्दा प्रति राहदानी अमेरिकी डलर १.५५७३ ले २५ लाख राहदानीको अमेरिकी डलर ३८ लाख ९३ हजार २५० बढी पर्ने गरी सम्झौता गरेको छ ।

उक्त सम्झौता मन्त्रिपरिषद्को २०७२।३।१८ को निर्णयबाट भेरिएसन स्वीकृत भएबमोजिम संशोधन भएको छ । संशोधित सम्झौताअनुसार २५ लाख पासपोर्ट आपूर्ति, छपाई र पर्सनलाइजेसन तथा ५० प्रत्यक्ष दर्ता केन्द्र स्थापना गर्ने कार्यको कार्यतालिका तय नगरी ७० लाख पासपोर्ट पूर्ण पर्सनलाइजेसन गर्न पुनः २०७२।३।३१ मा सम्झौता गर्दा कार्यसम्पन्न गर्ने अवधि तोकेको छैन । २०७५ असार मसान्तसम्ममा ५४ लाख ४८ हजार पासपोर्ट पर्सनलाइजेसन भइसकेको छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी नयाँ राहदानी छपाइ कार्य आरम्भ नहुञ्जेल हालको आपूर्तकसँग वार्ता गर्न सहमति दिने २०७२।१।३१ मा निर्णय

गरेकोमा हालसम्म पनि अर्को प्रक्रिया नअपनाई त्यसैलाई निरन्तरता दिएको पाइयो । समयमा ई-पासपोर्ट जारी गर्ने प्रक्रिया पूरा गरी पुनः भेरिएसन नहुने व्यवस्था मिलाउनुपर्छ ।

१७. **ढुवानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माणकार्य वा मालसामान वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभागले राहदानीलगायतका कूटनैतिक थैली ढुवानीबापत एक सेवा प्रदायकलाई रु.२९ लाख २६ हजार सिधै भुक्तानी गरेको छ । बोलपत्रमार्फत गर्नुपर्ने कार्य सिधै भुक्तानी भएको नियमित देखिएन ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** विदेशस्थित नियोगहरुको कार्यलाई अध्ययन र विश्लेषण गरी नियोगहरुको संख्या सीमित गर्नुपर्ने, भिसा स्टिकर खर्च र राजस्व असुली यथार्थपरक देखिने गरी नियोगले हिसाब राख्नुपर्ने, कर फिर्ताको अभिलेख व्यवस्थित गरी राजस्व दाखिला गर्नुपर्ने, नेपाली कामदार रहेका विदेशस्थित नियोगले मृतक कामदारको क्षतिपूर्ति र घरेलु कामदारको धरौटीबापत राखेको रकमको आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराउनुपर्ने आदि विगतमा औँल्याइएका विषयमा सुधार भएको छैन । विगतमा औँल्याइएका विषयको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत ४५ निकायमा यो वर्ष लेखापरीक्षणबाट रु.६७ करोड ५२ लाख ३५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि निकायले रु.१ करोड ५ लाख ४४ हजार फछ्यौंट गरी रु.६६ करोड ४६ लाख ९१ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.४ करोड ७९ लाख ८३ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, जग्गा प्रशासन तथा अभिलेख व्यवस्थापन तथा संरक्षण, सहकारी संघ संस्थाको विकास, सुदृढीकरण र नियमनलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ३३८ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.६ अर्ब ३७ करोड ५३ लाख, राजस्व रु.२० अर्ब ४२ करोड ९७ लाख, धरौटी रु.७६ करोड ९३ लाख र अन्य कारोबार रु.१८ अर्ब १६ करोड ३ लाखसमेत रु.४५ अर्ब ७३ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहत १ संगठित संस्थाको रु.१४ करोड ७९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना** - चौधौँ योजनामा उल्लिखित कार्यक्रममध्ये जमिनको हदबन्दी पुनरावलोकन नभएको, मोहीको स्वामित्व विवाद यथावत् रहेको, मुक्त कमैयालाई बस्ती व्यवस्थित गर्ने कार्य भैरहे तापनि सो कार्य सम्पन्न नभएको अवस्था छ । त्यस्तै, भूमि प्रशासनसम्बन्धी सम्पूर्ण सेवाहरु विकेन्द्रित र एकद्वार प्रणालीबाट प्रदान गरिने, भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिने उल्लेख भएकोमा अनलाइन सेवा ५० मालपोत कार्यालयमा मात्र कार्यान्वयन भएको तर नापी कार्यालयमा अनलाइन सेवा शुरु नभएको, जग्गाको खण्डीकरण कार्य व्यवस्थित गर्न परिपत्र जारी भएकोमा हाल स्थानीय तहलाई अधिकार प्रदान गरिएतापनि तदनुरुप ऐन, नियम तर्जुमा भई नसकेकोले कार्य शुरु भएको छैन । अतः आवधिक योजनामा उल्लिखित कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

२. **नीति कार्यान्वयन -** नीतिमा उल्लेख भएअनुसार उपलब्ध भूमिको समुचित उपयोग गरी खाद्य सुरक्षा, सुरक्षित आवास तथा शहरीकरण, दिगो पूर्वाधार विकास र वातावरण संरक्षण सुनिश्चित गर्ने कार्य भएको छैन । त्यस्तै, भू-उपयोग सूचना प्रणाली/भू-उपयोग क्षेत्र निर्धारण तथा नक्सा डाटावेस/स्थापित भई सरोकारवालाको सहज पहुँच १ वर्षभित्र हुने, संघीय, प्रादेशिक र स्थानीय रुपमा तहगत भू-उपयोग योजना र भू-उपयोगको कार्य क्षेत्र वर्गीकरण १ देखि ३ वर्षभित्र तयार गर्ने समयावधि तोकिएकोमा लक्ष्यअनुसार नक्सा तयार गर्न सकेको छैन । अतः नीतिमा उल्लेख भएअनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३. **सेवा प्रवाह -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ३६ मा प्रत्येक पदाधिकारी वा कर्मचारीले कार्य विवरणमा तोकिएबमोजिम आफैले कार्य फछ्यौंट गर्नुपर्नेमा १० दिन र माथिल्लो तहमा पेस गर्नुपर्नेमा ७ दिनभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । सेवा प्रवाह सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

३.१. सर्वसाधारण जनताको सेवा प्रवाहमा बढी चाप रहेको मालपोत कार्यालय डिल्लीबजार, चाबहिल, भक्तपुर लगायतमा टोकन प्रणाली लागू भएको छैन । ती कार्यालयमा ई–हाजिरीसमेत कार्यान्वयनमा ल्याएको छैन । मालपोत तथा नापी कार्यालयहरु गडसेरा, डोटी र नरैनापुर बाँकेमा कार्यालय स्थापना भए तापनि सञ्चालनमा आएको छैन । पाँच मालपोत कार्यालयमा रजिष्ट्रेसन पारित गर्नको लागि अनलाइन प्रणालीबाट काम भए तापनि कर्मचारीलाई पर्याप्त तालिम दिई दक्षता अभिवृद्धि गर्न नसकेको कारण व्यवस्थित हुन सकेको छैन । समय समयमा विद्युत अवरोध हुने, दरबन्दीअनुसारको पदपूर्ति नहुने कारणबाट सर्वसाधारणले लामो समय प्रतीक्षा गर्नुपर्ने अवस्थाले सेवा प्रवाहमा प्रभावकारिता देखिएको छैन ।

३.२. विभागले कम्प्युटर, प्रिन्टर, स्क्यानरलगायतका उपकरण मातहत कार्यालयहरुमा पठाउने गरी रु.१ करोड ३५ लाख ७६ हजारमा खरिद गरेकोमा सेवाप्रवाह गर्ने निकायमा हस्तान्तरण नगरेकोले सेवा प्रवाहमा असर परेको छ ।

३.३. कार्यालयका सबै लिखतहरुको बाइण्डिङ गरी नराखेको, लिखतहरु सिलसिलेवार मिलाई नराखेको, पुराना लिखतहरु बाइण्डिङ नगरी अव्यवस्थित रुपमा रहेको, पुराना लिखतहरु धुजाधुजा परेको, लिखतहरुको संरक्षण र व्यवस्थित प्रयोगको लागि विद्युतीय प्रणालीमा रुपान्तरण नगरेको, सेवा प्रवाहमा टोकन प्रणाली लागू

नभएको, जग्गा रजिष्ट्रेसन, जग्गा दर्ता तथा हाल साविक, जग्गा विवाद समाधान आदि कार्यमा लेखापढी व्यवसायीको संलग्नता रहने गरेको, समयमा जग्गासम्बन्धी मुद्दाहरु फछ्यौंट हुन नसकेको, कारणबाट सेवाग्राहीको चापअनुसार सेवा प्रवाह हुन नसक्दा सेवा प्रवाहमा दक्षता र प्रभावकारिता आउन सकेको छैन ।

३.४. नापी कार्यालय, भक्तपुरमा यो वर्ष जग्गा रेखाङ्कनका लागि ५७८ निवेदन दर्ता भएकोमा २७८ जग्गाधनीको, नापी कार्यालय, साँखुमा ३५३ निवेदन दर्ता भएकोमा १६७ जग्गाधनीको मात्र कारबाही भएको छ । त्यस्तै, नापी कार्यालय ललितपुरको ७० प्रतिशत, मनमैजुको ७३ प्रतिशत, कलंकीको २० प्रतिशत, डिल्लीबजारको ७४ प्रतिशत, चाबहिलको ८० प्रतिशत जग्गा रेखाङ्कनसम्बन्धी निवेदनको मात्र कारबाही टुङ्गिएको छ । यसरी राजस्व लिइसकेको अवस्थामा समेत जग्गा रेखाङ्कनको लागि दर्ता भएको निवेदन उपर समयमा कारबाही भएको देखिँदैन ।

३.५. नापी कार्यालयबाट तयार भएको नक्सा र फिल्डमा रहेको जग्गाको क्षेत्रफलमा एकरुपता रहने गरेको छैन । सार्वजनिक जग्गा व्यक्तिको स्वामित्वमा पर्ने गरेको, नापी नक्सामा उल्लिखित क्षेत्रफल फिल्डमा रहने नगरेको, फिल्डअनुसारको जग्गाको नक्साङ्कन हुने नगरेको, एक व्यक्तिको जग्गा अर्को व्यक्तिको साँध सीमानाभित्र रहने गरेको अवस्था रहँदा विगतदेखि जग्गा साँध सीमाना, स्वामित्व, स्वरुप र क्षेत्रफलसम्बन्धी मुद्दा बढ्दै गएकोले नागरिकले अनावश्यक विवाद, झमेला र दुःखकष्ट व्यहोर्नु परेको अवस्था छ । आधुनिक प्रविधिको प्रयोग गरी जग्गा प्रशासनमा सुधार हुनुपर्दछ ।

३.६. सार्वजनिक तथा निजी जग्गा विगतमा परम्परागत प्रविधिबाट नापजाँच हुँदै आएकोमा हाल नयाँ नापजाँच गर्ने, हाल साविक तथा पुनर्नापी गरी जग्गाको अभिलेख भू सूचनामा अभिलेख राखिँदै आएकोमा हालसम्म पनि नापी कार्य टुङ्गाएको पाइएन ।

अतः कार्यालयले माथि उल्लिखित लगायतका विषयमा सुधार तथा दर्ता भएका निवेदनको समयमै टुङ्गो लगाई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

४. **व्यवस्थित बसोबास -** अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न तथा योजनाबद्ध र व्यवस्थित वस्ती विकास गर्न सार्वजनिक र गुठी जग्गामा भएको अतिक्रमण रोक्न, अव्यवस्थित बसोबास र सुकुम्बासी समस्या समाधान गर्न व्यवस्थित बसोबास आयोग, २०७३ गठन भएकोमा उक्त आयोग र जिल्ला बसोबास समितिहरु २०७५।१।१४ को सूचनाबाट विघटन भएको छ । व्यवस्थित बसोबास कार्यक्रममा यो वर्ष तलब, भत्तालगायतमा रु.२ करोड २७ लाख र ३५ जिल्लाका समितिबाट रु.६ करोड ३८ लाख ६७ हजारसमेत रु.८ करोड ६५ लाख ६७ हजार खर्च भएकोमा उक्त कार्यक्रम लागू नहुँदै आयोग खारेज हुँदा खर्चको औचित्य पुष्टि हुने देखिएन ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः आवधिक योजनाका नीति आंशिक रुपमा कार्यान्वयन भएको, मालपोत तथा नापी कार्यालयको सेवा प्रवाह प्रभावकारी नभएको, हलिया तथा मुक्त कमैया पुनर्स्थापन कार्यमा ढिलाइ भएको, भोगाधिकार जग्गा लिजमा परिणत नगरेको, हदबन्दीभन्दा बढी जग्गा उपयोगको प्रभावकारी अनुगमन नभएको, सरकारी तथा सार्वजनिक जग्गाको उचित संरक्षण नभएको, कित्ताकाट सम्बन्धमा अन्यौलता रहेको, राजस्व दाखिला नभएको, आयकर तथा अग्रिम कर दाखिला नभएको, घटी राजस्व असुल गरेको, पुँजीगत लाभकर नियमानुसार असुल नगरेको, रजिष्ट्रेसन शुल्क घटी असुल गरेको, कतिपय सहकारी संस्था समस्याग्रस्त रहेको र सञ्चालक फरार रहेको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

५. **हलिया तथा मुक्त कमैया पुनर्स्थापना -** दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेका कमैयालाई २०५७।४।२ बाट मुक्त भएको घोषणा गरेको छ । मुक्त कमैया, हलिया र कमलरीको पुनर्स्थापना गर्ने कार्य यस वर्षसम्म गरिसक्नुपर्नेमा कुल २७ हजार ५७० मुक्त कमैयामध्ये हालसम्म २६ हजार ९२२ परिवारको पुनर्स्थापना भई ६४८ परिवार पुनर्स्थापना गर्न बाँकी रहेको छ । त्यसैगरी मुक्त कमैया पुनर्स्थापना कार्यक्रममा ११३ घर परिवारलाई जग्गा खरिद गर्ने लक्ष्य रहेकोमा ८९ घर परिवारलाई उपलब्ध गराएको, ९० घर परिवारलाई निर्माण खर्च उपलब्ध गराउनुपर्नेमा २७ घर परिवारलाई उपलब्ध गराएको छ । पुरानो घर निर्माणको लागि ४८ हजार ४८ घर परिवारलाई अनुदान उपलब्ध गराउनुपर्नेमा १ हजार ९६२ घर परिवारलाई मात्र उपलब्ध गराएको छ ।

त्यस्तै हलियातर्फ नेपाल सरकारले सुर्खेत, जाजरकोट, हुम्ला, कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, अछाम, बझाङ, बाजुरा, बैतडी र दार्चुलासमेत १२ जिल्लामा २०६५।५।२१ देखि हलिया मुक्त भएको घोषणा गरेको थियो । हलियामुक्त भएका १६ हजार ९५३ घर परिवारमध्ये मन्त्रालयबाट प्राप्त विवरणमा १२ हजार २३१ परिवारको प्रमाणीकरण भई ११ हजार ६६४ परिवारलाई मात्र परिचयपत्र वितरण गरेको उल्लेख छ । यस वर्ष ६२९ जनालाई जग्गा खरिद गर्ने भनिएकोमा ४७९ घर परिवारको लागि खरिद भएको, ३ हजार ३२४ को घर मर्मत गर्ने भनिएकोमा ३ हजार ८७ लाई मर्मत अनुदान दिएको र १ हजार १३० लाई घर निर्माण अनुदान उपलब्ध गराउने लक्ष्य रहेकोमा ८१४ लाई मात्र अनुदान उपलब्ध गराएको छ । त्यसैगरी मुक्त कमलरी ९ हजार ४९० रहेकोमा १९५ लाई मात्र परिचयपत्र वितरण गरेको छ । सरकारले घोषणा गरेका नीति तथा कार्यक्रम कार्यान्वयन नभएकोले अपेक्षित सेवा प्राप्त गर्न नसकेको र वर्षौसम्म समस्या समाधन हुन नसकेको अवस्थामा सुधार गर्नुपर्दछ ।

६. **राष्ट्रिय भू–उपयोग आयोजना -** भू–उपयोगसम्बन्धी तीन वर्षीय नीतिमा सबै गाउँपालिका र नगरपालिकामा भू-उपयोगसम्बन्धी नक्सा तथा तथ्याङ्क तयार गर्नुपर्ने र भू-उपयोगको वर्गीरण गर्नुपर्ने लक्ष्य राखेको छ । यस वर्ष सम्म १० जिल्लाका ९२ गाउँपालिका र नगरपालिकाको माटोको अवस्था, भौगोलिक धरातलको आधारमा नक्साङ्कन गर्न परामर्शदाता नियुक्त गरी सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भू-उपयोग नक्सा, माटोको वर्गीकरणसम्बन्धी नक्सा, भूक्षमता नक्सा, भू–उपयोग क्षेत्र नक्सा र कित्ता नापी नक्साङ्कन समेतको लागि यस वर्ष रु.५९ करोड २४ लाख भुक्तानी गरेकोमा हालसम्म भू–उपयोग नक्सा एक स्थानीय तहमा मात्र हस्तान्तरण गरेको जानकारी प्राप्त भएको छ । उक्त नक्साहरु स्थानीय तहमा हस्तान्तरण गरी उपयोगमा ल्याउनुपर्दछ ।

७. **सरकारी जग्गाको भोगाधिकार** - सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०५९ र मन्त्रिपरिषद्को २०५९।१२।४ को निर्णयानुसार ३४२ संस्थालाई ६ लाख ३८ हजार वर्गमिटर जग्गाको भोगाधिकार दिएको देखियो । उक्त जग्गाको भोगाधिकार म्याद २०७३।२।३१ मा समाप्त भैसकेको छ । भोगाधिकार प्राप्त जग्गा तोकिएको म्यादभित्र लिजमा परिणत गर्न निवेदन दिनुपर्ने व्यवस्था रहेको र म्यादभित्र निवेदन नदिएकाको हकमा म्याद समाप्त भएपछि भोगाधिकार सम्झौता रद्द गरी त्यस्ता जग्गा नेपाल सरकारको नाममा कायम राख्ने उल्लेख छ । लिजमा परिणत भएको जग्गाको विवरण र नेपाल सरकारको नाममा यथावत् कायम रहेको जग्गाको विवरण प्राप्त भएन । भोगाधिकारमा रहेका जग्गा लिजमा परिणत गर्नका लागि मालपोत कार्यालय डिल्लीबजार र कलंकीमा ५।५ संस्थाले निवेदन दिएकोमा सो सम्बन्धमा कुनै कारबाही भएको देखिएन । सरकारी जग्गा अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

८. **हदबन्दी जग्गा –** भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ र कम्पनी ऐन, २०६३ अर्न्तगत दर्ता भएका संस्थाहरुलाई हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने उल्लेख छ । प्राप्त विवरणअनुसार हदबन्दी छुट भएका १६७ संस्थाको ५६ हजार ९८० रोपनी र ८ हजार ४२९ बिगाहा जग्गा रहेको देखिन्छ । त्यस्तो सुविधा प्राप्त व्यक्ति तथा संस्थाले उद्देश्यअनुरुप हदबन्दीभन्दा बढीको जग्गा जुन प्रयोजनको लागि राखेको हो सोही कार्यको लागि प्रयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार नगरेकोले हदबन्दीभन्दा बढी जग्गा उपयोगको अवस्था सुनिश्चित हुन सकेन । हदबन्दीभन्दा बढी जग्गाको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मन्त्रिपरिषद्को २०७५।१।४ को निर्णयअनुसार साविकको भू–सूचना अभिलेख विभाग हाल भूमि व्यवस्थापन तथा अभिलेख विभागमा गाभिएपछि साविकका २१ भूमिसुधार कार्यालयसमेत मालपोत कार्यालयमा समायोजन भएका छन् । विभाग र मातहत कार्यालयले घर जग्गा रजिष्ट्रेसन, जग्गा प्रशासन, अभिलेख व्यवस्थापनलगायतका कार्य गर्दैआएका छन् ।

९. **सरकारी जग्गा –** मालपोत कार्यालय, रौतहटले साविक लक्ष्मीनिया गाउँ विकास समितिको वडा नं. २ स्थित कित्ता नं.१५० बदर गरी उक्त कित्ताको ५ बिगाहा १० कठ्ठा जग्गा २०७४।१२।१ मा एक व्यक्तिबाट राजीनामा पारित गरी निसर्ग गरेको देखिन्छ । फतुवा विजयपुर नगरपालिका, रौतहटले उक्त जग्गा सरकारी रहेको उल्लेख गरे पनि कार्यालयले व्यक्तिको नाममा हक हस्तान्तरण गरेको छ । सोअनुसार साविक कित्ता नम्बर १ को जग्गा कित्ताकाट भै कित्ता नम्बर १४५, १४६, १४७, १४८, १४९, १५०, १५१, १५२ र १५३ मा

कायम गरी बिक्री वितरण गरेको देखिन्छ । यसरी सरकारी जग्गा व्यक्तिको नाममा हस्तान्तरण गर्न सिफारिस गर्ने स्थानीय तह, कित्ताकाट गर्ने नापी कार्यालय र लिखत पारित गर्ने मालपोत कार्यालयलाई जिम्मेवार बनाई तद्नुरुप व्यक्तिमा गएको ४० बिगाहा २ कठ्ठा १० धुर जग्गा बदर गरी नेपाल सरकारको नाममा कायम हुनुपर्दछ ।

१०. **राजस्व बाँडफाँड –** नेपाल सरकारको २०७४।९।४ को परिपत्रमा राजस्व बाँडफाँडको स्वरुप तयार नभएसम्म खर्च नगर्ने गरी जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था गरेको छ । यो वर्ष मालपोत कार्यालय, बारा, पर्सा, लेखनाथ, टोखालगायत १०३ कार्यालयले परिपत्रअनुसार बाँडफाँड नगरी रु.३ अर्ब ४७ करोड १५ लाख कार्य सञ्चालन कोषमा रहेको विभागबाट प्राप्त आर्थिक विवरणमा उल्लेख छ । उक्त रकम नियमानुसार बाँडफाँड गरी संघीय तथा अन्य सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

११. **जग्गाको मूल्याङ्कन -** काठमाडौँ उपत्यकाको चक्रपथ वरिपरिको जग्गाको मूल्याङ्कनमा मालपोत कार्यालय, कलंकीले प्रति आना रु.२५ लाख, चाबहिलले रु. ३० लाख, डिल्लीबजारले रु. २८ लाख तथा ललितपुरले रु. १८ लाख कायम गरेको छ । यसरी काठमाडौँ जिल्लामा पर्ने चक्रपथ वरिपरिको जग्गाको मूल्याङ्कन गर्ने समितिमा एउटै पदाधिकारी (प्रमुख जिल्ला अधिकारी) अध्यक्ष रहे तापनि डिल्लीबजार, चाबहिल र कलंकी कार्यालयको क्षेत्राधिकारमा रहेको चक्रपथ वरिपरिको जग्गाको मूल्याङ्कनमा एकरुपता भएको देखिएन ।

जग्गाको न्यूनतम मूल्याङ्कनसम्बन्धी अवधारणाअनुसार शहरी र नगर उन्मुख स्थानको सडक, खानेपानी, ढल, टेलिफोन आदि सुविधाको जानकारी प्रिन्ट नक्सामा रेखाङ्कन गरी स्थानीय जनप्रतिनिधि र कारोबारमा संलग्न व्यक्तिवाट लिएको प्रतिवेदन, बैङ्क तथा वित्तीय संस्थामा धितो राखेको मूल्य, निर्माण कार्य सञ्चालन गर्ने सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त मूल्य, चलन चल्तीको किनवेच मूल्य, विगत र वर्तमानको मूल्य आदिलाई आधार लिई जग्गाको न्यूनतम मूल्य निर्धारण गर्नुपर्नेमा त्यस्ता आधार बेगर मूल्य निर्धारण समितिले न्यूनतम मूल्याङ्कन कायम गर्दा मूल्याङ्कनको आधार खुलाएको पाइएन । जग्गाको यथार्थ मूल्य निर्धारण हुन नसकी चलनचल्ती र जग्गाको न्यूनतम मूल्याङ्कनबीच अन्तर आई सरकारलाई प्राप्त हुने राजस्वमा असर परेको छ ।

भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगरमा मुआवजा वितरण र जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिका तयार गर्दा ११ गुणा फरक पर्ने गरी मूल्य कायम गरेकोले रु. १ करोड ५१ लाख राजस्व घटी असुल भएको छ । जग्गाको मूल्याङ्कनमा एकरुपता कायम गर्नुपर्दछ ।

१२. **अधिक कित्ताकाट -** मन्त्रालयबाट २०७४।४।२६ मा वर्षको एकपटक बाहेक खेतीयोग्य जग्गाको कित्ताकाट गर्न नपाइने निर्णय गरेकोमा पुनः २०७४।७।२४ मा निश्चित प्रक्रिया पूरा गरेका ११ व्यक्ति, कम्पनी, संस्था र फर्मलाई कित्ताकाट गर्न स्वीकृति दिने निर्णय भएको छ ।

१२.१. मन्त्रालयको २०७४।४।२६ को निर्णयबाट व्यक्ति, फर्म, संस्था वा कम्पनीले कृषियोग्य जग्गाको खण्डीकरण गर्न रोक लगाएकोमा २०७४।७।२४ मा घरजग्गाको व्यवसाय गर्ने ९ कम्पनी र २ प्राकृतिक व्यक्तिलाई कित्ताकाट गरी बिक्री वितरण गर्न फुकुवा गरेको छ । यसरी सीमित व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई मात्र कित्ताकाट गरी बिक्री वितरण गर्न अनुमति दिनु र अन्यको बारेमा अन्यौलता रहने गरी निर्णय गरेको मनासिब देखिएन ।

१२.२. अंशबण्डाबाट कित्ताकाट गरी तेस्रो पक्षलाई घडेरीको रुपमा बिक्री वितरण गर्ने गरेको देखिएको छ । उदाहरणको लागि मालपोत कार्यालय, कलंकी, ललितपुर, डिल्लीबजार, चाबहिल, मोरङलगायतमा ४० निसर्गकर्ताको ४० कित्तालाई ३३३ कित्तामा कित्ताकाट भएको छ । अंशवण्डा गरेपछि निसर्ग गरेको अभिलेख राखी प्रचलित व्यवस्थाको पूर्ण कार्यान्वयन गर्नुपर्दछ ।

१२.३. मालपोत तथा नापी कार्यालय, कलंकीबाट मच्छेगाउँ ९ ख को कित्ता नं. ७४ को जग्गा २०७४।८।५ मा कित्ताकाट गरी कित्ता नं.९६६ देखि ९७४ सम्म कायम भएकोमा सोही कित्ता जग्गा पुनः कित्ताकाट भई कि.न.९८२ देखि ९८८ सम्म कायम हुन आएको देखिन्छ । त्यसैगरी भीमदुङ्गा ६ग को कित्ता नं.३१३ को जग्गा २०७४।१२।३० मा कित्ताकाट भई ३३३ देखि ३४० सम्म विभिन्न व्यक्तिहरुको नाममा कायम भएको देखिन्छ ।

१२.४. मालपोत तथा नापी कार्यालय ललितपुरबाट गोदामचौर ३ग को कित्ता नं.२७४ को जग्गा २०७४।११।१३ मा कित्ता काट भई ८५८ देखि ८६२ सम्म कायम भएको देखिन्छ । कित्ता नं.१४० सोही मितिमा कित्ताकाट भई

८६३ देखि ८६९ सम्म कायम भएको देखिन्छ । कित्ता नं.३६६ कित्ताकाट भई कित्ता नं. ८७० देखि ८७८ सम्म कायम भएकोमा कित्ता नं.८७८ कित्ताकाट भई कित्ता न.८८३ र ८८४ कायम भई अधिक संख्याको कित्ताकाट भएको देखिन्छ ।

वर्षेनी खेतीयोग्य जमिनलाई घडेरीमा परिवर्तन गर्ने, सिँचित क्षेत्रफल घट्दै जाने गाउँका खेतीयोग्य जग्गा बाँझो छाड्ने, सिँचित क्षेत्रमा शहर, बस्ती बसाउने प्रवृत्ति रहेको पाइन्छ । पाखो र खेती नहुने स्थानमा बस्ती विकासको व्यवस्था गर्न सकेमा भूमि उपयोगबाट बढी प्रतिफल प्राप्त हुने अवस्था रहन्छ ।

१३. **राजस्व दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १५ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको यकिन गर्नुपर्ने र नियम १८ मा राजस्व रकम बैङ्क दाखिला गर्ने, गराउने र लेखा राख्न लगाउने उत्तरदायित्व कार्यालय प्रमुखमार्फत् लेखा प्रमुखको हुने उल्लेख छ । मालपोत तथा भूमिसुधार कार्यालय, भरतपुर, चितवनले नगदी रसिदबाट असुल गरेको रजिष्ट्रेसन शुल्क, सेवा शुल्क तथा पुँजीगत लाभकरबापतको रु.१ करोड ७१ लाख ७६ हजार सम्बन्धित फाँटबाट विभिन्न मितिमा लेखा शाखाले बुझिलिएकोमा उक्त रकम बैङ्क दाखिला भएको छैन । यस सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक छानबिन गरी घटी राजस्व दाखिलाको सम्बन्धमा जिम्मेवार पदाधिकारीलाई आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

१४. **आयकर दाखिला** - आयकर ऐन, २०५८ तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम कुनै समयमा एउटा समूहमा पर्ने सम्पत्ति अन्य प्रयोजनको लागि प्रयोग हुन थालेमा सो सम्पत्ति सोही समयमा निःसर्ग भए सरह हुने व्यवस्था छ । कार्यालयले ऐनमा भएको उल्लिखित व्यवस्था विपरीत आफ्नो स्वामित्वमा रहेको जग्गालाई बाटो निर्माण, घडेरीको रुपमा स-साना क्षेत्रफलमा कित्ताकाट, छिमेकीको जग्गाहरुसँग प्लट मिलान, ढल निर्माण तथा सीमाना पर्खाल आदि जस्ता कार्यहरु गरी साविकको जग्गाको स्वरुपमा परिवर्तन गरी बिक्री गरेको संलग्न ट्रेस नक्साबाट देखिन्छ । प्राकृतिक व्यक्तिले व्यावसायिक प्रयोजनबाट घरजग्गाको कारोबार गर्दा पुँजीगत लाभकर नभई व्यवसायको आयमा लाग्ने अधिकतम ३५ प्रतिशत आयकर तिर्नुपर्दछ । सो व्यवस्थाअनुसार मालपोत कार्यालय कलंकी, ललितपुरसमेत ७ कार्यालयबाट व्यावसायिक प्रकृतिको निसर्ग गर्ने ६३ निसर्गकर्ताको निसर्ग रकम रु.१ अर्ब ३८ करोड १९ लाख ४९ हजारमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गरी लाग्ने कर रकम असुल गर्नुपर्नेमा तद्नुसार निजहरुको उल्लिखित कारोबार आय विवरणमा समावेश गरे नगरेको यकिन हुन सकेन । अतः उक्त कारोबार सहितको आय विवरण आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने अन्यथा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम ३५ प्रतिशतले हुने कर रु.४८ करोड ३६ लाख ८२ हजार असुल गर्नुपर्दछ ।

१५. **संस्थागत अग्रिम कर –** रियल स्टेट बाहेकका संस्थागत निसर्गकर्ताको गैरव्यवसायिक करयोग्य सम्पत्तिमा आन्तरिक राजस्व विभागको २०७३।४।९ को परिपत्रबमोजिम १० प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय डिल्लीबजार, ललितपुर, कलंकी, भक्तपुर, वीरगन्ज, नवलपरासी र मनमैंजुले ३५ करोड ७५ हजारको निसर्गमा रु.४ करोड ११ लाख ८८ हजार अग्रिम कर असुल नगरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१६. **घटी राजस्व असुली –** आर्थिक ऐन, २०७४ मा घरजग्गाको राजीनामा, सगोलनामा र छोडपत्रमा लाग्ने दस्तुर ५ प्रतिशत र २.५ प्रतिशत निर्धारण गरिएको छ । संयुक्त दर्तावालाबीचको छोडपत्रको लिखतको थैली अङ्कमा २.५ प्रतिशत रजिष्ट्रेसन दस्तुर लाग्ने व्यवस्था छ । केही लिखतहरुमा नियमविपरीत निसर्गकर्ताको कुल हिस्साको १० भागको १ भागमा सगोलनामा गराई संयुक्त दर्तावाला बनाई ५ प्रतिशत राजस्व असुली गरी बाँकी ९ भागमा सोही दिन वा भोलिपल्ट नै छोडपत्रको लिखत बनाई २.५ प्रतिशतले राजस्व असुली हुँदा मालपोत कार्यालय डिल्लीबजारमा २९ लिखतमा रु.६१ लाख १२ हजार, चाबहिलमा ७ लिखतबाट रु.३४ लाख १८ हजारसमेत रु. ९५ लाख ३० हजार घटी राजस्व असुल भएको छ । घटी राजस्व तिर्ने प्रवृतिमा नियन्त्रण गरी घटी भएको राजस्व असुल गर्नुपर्दछ ।

१७. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ र जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ ले गरेका व्यवस्थाअनुसार पुँजीगत लाभकर र घरजग्गा रजिष्ट्रेसन दस्तुर असुल गर्नुपर्दछ ।

निर्देशिकाबमोजिम जुनसुकै किसिमबाट स्वामित्व प्राप्त गरेको जग्गा तथा घरजग्गा भए तापनि ५ वर्ष अवधि नपुगेको भए ५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए २.५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणबाट सोअनुसार पुँजीगत लाभकर र रजिष्ट्रेसन दस्तुर असुल नभएका व्यहोरा निम्नानुसार छन्:

१७.१. मालपोत कार्यालय, कलंकीले ५ निसर्गकर्ताबाट ५ प्रतिशतले असुल गर्नुपर्नेमा २.५ प्रतिशतले रु.१८ लाख ३९ हजार, मालपोत कार्यालय पर्साले ९ निसर्गकर्ताको रु.४४ लाख ४१ हजार, मालपोत कार्यालय मोरङले २५ निसर्गकर्ताको रु.३४ लाख ५७ हजार, अन्य ११ कार्यालयले ५७ निसर्गकर्ताको रु.१ करोड ३५ लाख ४२ हजारसमेत रु.२ करोड ३२ लाख ७९ हजार घटी पुँजीगत लाभकर लिएकोले कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१७.२. निर्देशिकामा दश वर्षसम्म अविच्छिन्न रुपमा बसोबास गरेको प्रमाण पेस गरेको खण्डमा मात्र पुँजीगत लाभकर छुट हुनेमा सो प्रमाण बेगर मालपोत कार्यालय, डिल्लीबजारले रु.३ करोड ५९ लाख ६१ हजार, चाबहिलले रु.२२ लाख १३ हजार, भक्तपुरले रु.७ लाख २० हजार, कलंकीले रु.१ करोड ९ लाख २३ हजार, ललितपुरले रु.१० लाख ४८ हजारसमेत रु.५ करोड ८ लाख ६५ हजार पुँजीगत लाभकर छुट दिएको छ । प्रमाणबेगर छुट दिएको पुँजीगत लाभकर सम्बन्धमा छानबिन गरी २.५ प्रतिशतले लाग्ने पुँजीगत लाभकर असुल गर्नुपर्दछ ।

१७.३. मालपोत कार्यालय, डिल्लीबजारमा दश वर्षभन्दा कम अवधि स्वामित्व भएको एक निसर्गकर्तालाई १० वर्ष अविच्छिन्न बसोबास गरेको भनी निसर्ग रु.१ करोड ८१ लाखमा पुँजीगत लाभकर छुट दिएकोले २.५ प्रतिशतले हुने रु.४ लाख ५३ हजार असुल गर्नुपर्दछ ।

१७.४. मालपोत कार्यालयबाट पारित हुने लिखतमा जग्गाको बाटोको अवस्थाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लिखित दरअनुसारको थैली कायम गरी रजिष्ट्रेसन दस्तुर तथा पुँजीगत लाभकर असुल गरिने व्यवस्था छ । यस वर्ष मालपोत कार्यालयहरुको जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख गरेभन्दा घटी थैली अङ्क कायम गरी लिखत पारित गर्दा मालपोत कार्यालय डिल्लीबजारका २, रंगेली, मोरङको ३ र बेलबारी मोरङको १ समेत ६ निसर्गकर्ताको रु.२ करोड १९ लाख ५४ हजार थैली रकम घटी कायम हुन गई रु.९ लाख २४ हजार रजिष्ट्रेसन दस्तुर र रु.९ लाख ५७ हजार पुँजीगत लाभकरसमेत रु.१८ लाख ८१ हजार घटी असुल भएको हुँदा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार वनाई छुट राजस्व असुल गर्नुपर्दछ ।

त्यसैगरी, मालपोत कार्यालय, डिल्लीबजारमा साविक कित्तामा सहायक पिच बाटो सिफारिस भएकोमा सोही कित्तामध्येको आठ आना एक पैसा दुई दाम जग्गा बाटो नभएको सिफारिस गर्दा रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकर समेत रु. ३ लाख ५२ हजार राजस्व छुट भएको छ । मालपोत कार्यालय, चाबहिलको सहायक कालोपत्रे बाटोमा जोडिएको जग्गाको घरबाटोको सिफारिसमा गोरेटो बाटो उल्लेख भए अनुसार मूल्याङ्कन हुँदा रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकरसमेत रु.११ लाख २८ हजार राजस्व छुटेको छ । यसमा घरबाटोको गलत सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई छुट भएको राजस्व असुल गर्नुपर्दछ ।

१७.५. सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गरी कर तिरेको प्रमाणबेगर मालपोत कार्यालय डिल्लीबजारले रु. १९ करोड ६० लाख ३६ हजार, भक्तपुरले रु.४ करोड १८ लाख, सांखुले रु.१ करोड ३० लाख २१ हजार, चाबहिलले रु.५ करोड ९९ लाख ५७ हजार, कलंकीले रु.७ करोड ५३ लाख ५८ हजार, ललितपुरले रु.२६ करोड ३५ लाख ९१ हजार, टोखाले रु.२ करोड ६ लाख ६६ हजारसमेत रु.६७ करोड ४ लाख २९ हजार पुँजीगत लाभकर असुल गरेका छैनन् । ऐनअनुसार पुँजीगत लाभकर असुल गर्नुपर्दछ ।

१७.६. भवन निर्माण खर्च कट्टीको सम्बन्धमा आन्तरिक राजस्व विभागको २०७४।४।४ को परिपत्रद्वारा समेत स्थानीय तहबाट सो भवन निर्माण सम्पन्न भएको मितिको मूल्याङ्कन बमोजिमको लागत मात्र घटाई पुँजीगत लाभकरको गणना गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय ललितपुर, चाबहिल, कलंकी, डिल्लीबजार, बेलबारीसमेत ५ कार्यालयका ८७ निसर्गकर्ताको निसर्गमा भवन निर्माण सम्पन्न भएका बखतको खर्च बेगर रु.४९ करोड ७१ लाख ३५ हजारको भवन बिक्रीमा पुँजीगत लाभकर छुट भएकोले छानबिन गरी असुल गर्नुपर्दछ ।

१७.७. मालपोत कार्यालय सुर्खेत, पर्सालगायत ८ कार्यालयका ४१ निसर्गकर्ताको रु.३० लाखभन्दा बढीको निसर्ग रु.१७ करोड २ लाख ८७ हजारमा लाग्ने पुँजीगत लाभकर रु.७० लाख ३० हजार छुट भएको देखिँदा सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१८. **घटी थैली –** भूमिसुधार तथा व्यवस्थापन विभागको २०७२।११।१९ को परिपत्र बमोजिम एकपटक कायम भएको थैली रकमलाई घटाउन नमिल्ने व्यवस्था छ । उक्त परिपत्र विपरीत मालपोत कार्यालय डिल्लीबजारका ६ निसर्गकर्ताले एकपटक कायम भैसकेको थैली रकमभन्दा रु.४१ लाख ७३ हजार घटाई निसर्ग गरेको हुँदा घटी थैली रकमको रजिष्ट्रेसन दस्तुर रु.९ लाख २३ हजार र पुँजीगत लाभकर रु.९ लाख १७ हजारसमेत रु.१८ लाख ४० हजार र मनमैंजुको रु.६२ लाख १८ हजारमा रजिष्ट्रेसन दस्तुर रु.२ लाख ४४ हजारसमेत जम्मा रु.२० लाख ८४ हजार राजस्व घटी असुल भएको हुँदा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार गराई असुल गर्नुपर्दछ ।

१९. **पुँजीगत लाभकरमा सुविधा -** जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभ करसम्बन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ मा कुनै प्राकृतिक व्यक्तिको घरजग्गा (घर तथा घरले ओगटेको जग्गा) गैरव्यावसायिक करयोग्य सम्पत्तिको रुपमा पहिचान नहुन प्राकृतिक व्यक्तिको निजी भवनको स्वामित्व १० वर्षभन्दा बढी अवधि रहेको र दश वा सोभन्दा बढी अवधि पटक पटक वा अविच्छिन्न रुपमा बसोबास गरेको अवस्था पूरा भएकोमा सम्पत्ति निसर्ग गर्दा लाभकर नलाग्ने उल्लेख छ । अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको घर र घरले ओगटेको क्षेत्रफल बरावरको जग्गाको निसर्गमा मात्र पुँजीगत लाभकर छुट हुनुपर्नेमा मालपोत कार्यालय कलंकी, डिल्लीबजार, चाबहिल र ललितपुरसमेत ४ कार्यालयका ४५ निसर्गकर्ताको निसर्गमा भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा भन्दा बढी जग्गाको मूल्यमा समेत पुँजीगत लाभकर छुट दिएको कारण रु.४४ करोड ८६ लाख ७५ हजारको जग्गा निसर्गमा २.५ प्रतिशतका दरले हुने पुँजीगत लाभकर रु.१ करोड १२ लाख १६ हजार छुट भएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

२०. **खर्च कट्टीको प्रमाण -** आयकर ऐन, २०५८ को दफा ९५(क) को उपदफा (३) मा निसर्गकर्ताले जग्गा तथा भवनको बिक्री गर्दा निसर्गकर्ताले खरिद गरेको मूल्य तथा प्रशासनिक दस्तुर घटाई राजस्व तिर्ने व्यवस्था भएकोमा मालपोत कार्यालय ललितपुर, डिल्लीबजार, कंलकी, चाबहिल, वीरगन्ज, मनमैजु, टोखा र टीकापुर समेतका ८२ निसर्गकर्ताको जग्गा तथा घर बिक्री गर्दा खरिद खर्च दाबी गरेको रु.५८ करोड ६२ लाख ४७ हजारको खर्चको प्रमाण पेस नगरेकोले पुँजीगत लाभकर रु.१ करोड ९५ लाख ४६ हजार असुल गर्नुपर्दछ ।

२१. **घरको लागत खर्च कट्टी –** निसर्गकर्ताले घर खरिद गरी बिक्री गर्दा खरिद गर्दाको लागत खर्च मात्र कट्टी गर्न पाउनेमा स्थानीय तहले सिफारिस गरेको मूल्य बराबरको रकम खर्च कट्टी गरेको देखियो । घर खरिद गर्दाको लिखतमा उल्लिखित मूल्यमात्र खर्चमा कट्टी गर्न पाउनेमा मालपोत कार्यालय, डिल्लीबजारअन्तर्गतका १५ निसर्गकर्ताले घरको लागत खर्च दाबी गर्दा स्थानीय तहले यस वर्षको सिफारिस गरेको मूल्य खर्च कट्टी गरेको तथा घर खरिद गर्दाको लिखतमा उल्लिखित रकम लागत खर्च घटाई सकेको अवस्थामा पुनः स्थानीय तहको सिफारिसबमोजिमको घरको मूल्यसमेत घटाई दोहोरो खर्च घटाएको हुँदा खरिद लागतभन्दा बढी तथा दोहोरो दाबी गरेको खर्च रु.६ करोड २४ लाख ६४ हजारको पुँजीगत लाभकर रु.२० लाख ५९ हजार असुल गर्नुपर्दछ ।

२२. **दर्ताफारीको लिखतमा लाभकर -** तीन पुस्ताभित्र खरिद बिक्री बाहेक अन्य किसिमले संयुक्त नाममा हस्तान्तरण भई आएको सम्पति (जग्गा तथा घरजग्गा) दर्ताफारी गरी आ-आफ्नो नाममा कायम गर्दा रु.३० लाख वा सोभन्दा बढीको लिखतमा पुँजीगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय डिल्लीबजारले ४ जनाको संयुक्त नाममा रहेको २०५९।८।५ को राजीनामाको लिखतबाट प्राप्त गरेका सम्पत्तिको दर्ताफारी गर्दा कायम गरेको थैली रु.६ करोड ५८ लाख २७ हजारको २.५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.१६ लाख ४५ हजार असुल गर्न छुट भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवारी बनाई असुल गर्नुपर्दछ ।

२३. **सम्बद्ध व्यक्तिबीचको कारोबार -** आयकर ऐन, २०५८ को दफा ४१ तथा जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ को बुँदा ४.७ बमोजिम कुनै समयमा एउटा समूहमा पर्ने सम्पत्ति सोको प्रयोग अन्य प्रयोजनको लागि प्रयोग हुन थालेमा सो सम्पत्ति सोही समयमा निःसर्ग भए सरह हुने व्यवस्था रहेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२३.१. मालपोत कार्यालय, डिल्लीबजारअन्तर्गत एक सिनेमा प्रा.लि.ले १ रोपनी ११ आना ३ दाम जग्गा र सोमा बनेको घरसमेत रु.१५ करोड ७४ लाख ७ हजारमा एक व्यक्तिलाई २०७५।३।११ मा निसर्ग गरेकोमा त्यसको दुई दिनपछि उक्त व्यक्तिले सोही घर जग्गा रु.४६ करोडमा (२९२.२४ प्रतिशत बढीमा) एक होटललाई बिक्री गरेको देखियो । दुई दिनको अवधिमा रु.३० करोड २६ लाख बढीमा अन्यत्र सम्बद्ध पक्षलाई बिक्री गर्दा १० प्रतिशतले हुने पुँजीगत लाभकर छुट हुने अवस्था रहेको देखियो ।

२३.२. मालपोत कार्यालय, ललितपुरअन्तर्गतको एक सहकारीले सामुदायिक अस्पतालको लागि सञ्चालक समितिको निर्णयबाट धापाखेलस्थित १ रोपनी ८ आना २ दाम जग्गा र घरसमेत सञ्चालकसँग सम्बद्ध व्यक्तिसँग रु.१६ करोड ५० लाखमा खरिद गरेको देखिन्छ । सहायक पक्की बाटोभएको सो क्षेत्रको जग्गाको मूल्य न्यूनतम मूल्याङ्कनअनुसार प्रति आना रु.५ लाख ५० हजार रहेकोमा कारोबारअनुसार प्रति आना रु.६५ लाखका दरले खरिद गरेको देखिन्छ । त्यस्तै सवारीसाधनसम्बन्धी कारोबार गर्ने एक कम्पनीले ललितपुरको ५ हजार ५४२ वर्गमिटर क्षेत्रफलको ६ कित्ता जग्गा सोही कम्पनीका सञ्चालकलाई रु.१४ करोड ७८ लाखमा निसर्ग गरेको देखिन्छ । यसप्रकारको कारोबारबाट कर दायित्वमा पर्ने असर यकिन गर्नुपर्दछ ।

नापी विभाग

२४. **लक्ष्य प्रगति –** वार्षिक लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ । विभाग मातहत कार्यालयबाट यस वर्ष ८६५ हेक्टरमा गाउँ ब्लक नापी गर्ने रहेकोमा ६६३ हेक्टर, ३ हजार १०० हेक्टरमा पुनः नापी तथा डिजिटल नापी गर्ने लक्ष्य रहेकोमा २ हजार ८०१ हेक्टर, नियन्त्रण बिन्दु ५०० संख्यामा स्थापना गर्नुपर्नेमा ३८१ संख्यामा, द्वन्दबाट क्षतिग्रस्त भूमि लगत, नापनक्सा गरी १२ हजार ६०० हेक्टरमा पुनर्स्थापना गर्ने लक्ष्य रहेकोमा १२ हजार ५८५, स्थलरुप नक्सा फिल्ड भेरिफिकेसन २० शीट गर्ने लक्ष्य रहेकोमा १७ शीट, नापी कार्यालयमा क्षतिपूर्तिसहितको बडापत्र लागू गर्ने लक्ष्य रहेकोमा ५० नापी कार्यालयमा मात्र लागू गरेको छ । तोकिएको लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

२५. **सेवा प्रवाह –** नापी कार्यालयमा अनलाइन सेवा लागू गर्नुपर्ने, फिल्ड बुक, प्लट रजिस्टर, डिजिटल प्रविधिमा तयार गरी केन्द्रीय अभिलेख रहनुपर्नेमा उक्त कार्य गर्न शुरुवातसम्म गरे तापनि सबै कार्यालयमा लागू भएको छैन । विभागले मातहतका नापी कार्यालयमा यस वर्ष विद्युतीय सेवाप्रवाहका लागि कम्प्युटर, प्रिन्टर, सर्भर लगायतका सामान खरिद गरी रु.७८ लाख ८२ हजार खर्च गरेकोमा हालसम्म सम्बन्धित कार्यालयहरुमा पनि नपठाई मौज्दात रहेकोले सेवाप्रवाहमा असर परेको छ । सेवा सुविधा सुधारको लागि टोकन प्रणाली लागू गर्ने, अनलाइन सेवा शुरु गर्ने, जग्गाको अत्यधिक खण्डीकरण रोक्न भू–उपयोग नीतिको आधारमा नयाँ कित्ताकाट गर्ने, नयाँ र पुनः जाँच गरी जग्गाको हालसाविक गर्ने कार्यमा तीव्रता दिने र स्वचालित प्रविधिको उपयोगमा बढावा दिई जनअपेक्षाअनुसारको सेवा प्रवाह गर्न सम्बन्धित निकायको ध्यान जानुपर्ने देखियो ।

२६. **काज -** निजामती सेवा ऐन, २०४९ को दफा १८क(१) मा निजामती कर्मचारीलाई एक वर्षमा ३ महिनाभन्दा बढी अवधिको लागि काज खटाउन नमिल्ने व्यवस्था छ । तर नापी कार्यालय, खिजिफलाँटे, ओखलढुङ्गाका कार्यालय प्रमुखलाई वर्षभरि नै विशेष नापी कार्यालय, अछाम काजमा खटाई रु.५ लाख ९ हजार तलब भत्तामा खर्च लेखेको छ । जग्गा कित्ताकाट सम्बन्धी कार्य जनतासँग प्रत्यक्ष सरोकार रहने क्षेत्र रहेकोमा वर्षभरि नै कार्यालय प्रमुख अनुपस्थित रहँदा सेवा प्रवाहमा असर परेको छ ।

२७. **दरबन्दी तथा पदपूर्ति –** विभागमा ४५२ दरबन्दी रहेकोमा ३३४ को पदपूर्ति भएको छ । प्रमुख नापी अधिकृत ६, नापी अधिकृत ११, सर्भेक्षक ४४ र अमिन १७ को पूल दरबन्दी रहेको छ । मुख्य प्राविधिक जनशक्ति रिक्त रहँदा सेवा प्रवाहमा असर पर्न गएको छ ।

सहकारी तथा गरिबी निवारणतर्फ

समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूंजिलाई एकत्रित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने, सहकारी संघ संस्थाको गठन, सञ्चालन र नियन्त्रण कार्यलाई व्यवस्थित गर्ने, आवश्यक संगठनात्मक संरचनागत र व्यवस्थापन वीच क्षमतामा वृद्धि गर्ने उद्देश्यले साविकमा स्थापना भएका ३८ सहकारी डिभिजन कार्यालय हाल खारेज गरेको छ । चौधौं योजनामा सहकारी संस्थालाई सदस्य केन्द्रित र समुदायमा आधारित व्यवसायको रुपमा प्रवर्द्धन गर्ने, सहकारीमा आधारित उत्पादन उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी मुलुकको दिगो र समतामूलक

आर्थिक सामाजिक विकासमा योगदान पुऱ्याउने, सहकारीको सिद्धान्त र मूल्यहरुको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गर्ने उद्देश्य रहेकोमा उपलब्धिसहितको विवरण पेस भएन ।

२८. **समन्वय –** गरिबी निवारणसम्बन्धी कार्य गर्ने निकायहरुबीच एक आपसमा समन्वय हुनुपर्दछ । यस मन्त्रालयअन्तर्गतको गरिबी घरपरिवार सहयोग समन्वय बोर्डले रु.२ करोड ९६ लाख र गरीबसँग विश्वेश्वर कार्यक्रम सञ्चालन गर्नस्थानीय तहले रु.२६ लाख ४६ हजार खर्च गरेको छ । गरिबी निवारणसम्बन्धी भए गरेका कार्यहरुको एकीकृत उपलब्धि विवरण पेस नभएको, गरिबी निवारणसम्बन्धी कार्य विभिन्न निकायबाट हुने गरेकोले कार्यक्रममा दोहोरो पर्ने देखिएको हुँदा कार्यक्रम सञ्चालन गर्ने निकायबीच समन्वय हुनुपर्दछ ।

२९. **समस्याग्रस्त सहकारी संस्था** - समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन हुनुपर्दछ । समस्याग्रस्त सहकारी संस्थाको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७० को प्रतिवेदनमा समस्याग्रस्त सहकारी संस्था १३० रहेको उल्लेख छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको २०७५।१०।५ को प्रतिवेदनअनुसार समस्याग्रस्तमध्ये १० सहकारीको ब्याजसहितको कुल दायित्व रु.१५ अर्ब ४८ करोड ३९ लाख रहेको उल्लेख छ । समस्याग्रस्त सहकारी संस्थामा रहेको सर्वसाधारणको बचत, सदस्यहरुको सेयर, नेपाल सरकारलाई बुझाउनुपर्ने कर, बैङ्क तथा वित्तीय संस्थाको कर्जा, अपार्टमेन्ट बुकिङकर्तालेबुझाएको रकमको छानबिन गरी रकम फिर्ता गरेको छैन । समस्याग्रस्त सहकारी संस्था र सोको दायित्व सम्बन्धमा उचित निर्णय गरी समस्या समाधान गर्नुपर्दछ ।

३०. **सेयर, निक्षेप तथा लगानी सुरक्षा** - सहकारी ऐन, २०७४ को दफा ९८ मा मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था छ । सहकारी संघ संस्थाहरुको तथ्याङ्क, २०७५ अनुसार अस्तित्वमा रहेका बचत तथा ऋण, बहुउद्देश्यीय कृषि र तरकारी तथा फलफूल आदि समेत ३४ हजार ५१२ संघ संस्थामा सेयर पुँजी रु.२ खर्ब ७३ अर्ब १७ करोड, निक्षेप रु.३ खर्ब २ अर्ब १६ करोड र ऋण लगानी रु.२ खर्ब ७३ अर्ब ७१ करोड रहेको देखिन्छ । उक्त संख्यामध्ये बचत तथा ऋण सहकारी संस्था १३ हजार ५७८ र बहुउद्देश्यीय सहकारी संस्था ४ हजार ३७१ समेत १७ हजार ९४९ संस्थाको सेयर पुँजी ८९ प्रतिशत तथा निक्षेप ९३ प्रतिशत रहेको छ । कुल ऋण लगानीमध्ये यी संस्थाहरुले मात्र ८८.५ प्रतिशत लगानी गरेको र यी संस्थामा प्राप्त भएको निक्षेपको ९०.५८ प्रतिशत ऋण लगानी गरेका छन् । सहकारी संस्थाहरुमा रहेको सेयरपुँजी, निक्षेप तथा लगानीको सुरक्षाको लागि बीमालगायतका सुरक्षा उपायहरुको अवलम्बन गरी न्यून आय भएका वर्गको सेयर पुँजी, निक्षेप तथा लगानीलगायतको रकम सुरक्षित बनाउनुपर्दछ ।

३१. **सञ्चालक फरार** - सहकारी ऐन, २०७४ अनुसार साना तथा न्यून आय भएका बचतकर्ताहरुबाट सङ्कलित निक्षेप तथा सेयर रकम संस्थाभित्रका सञ्चालक तथा व्यवस्थापकहरुले लिई फरार भएमा उनीहरुलाई दण्डित गरी हिनामिना रकम असुल गरी बचतकर्ता तथा सेयरधनीहरुलाई फिर्ता गराउनुपर्दछ । सहकारी विभागबाट प्राप्त विवरणअनुसार ८३ सहकारी संस्थाका सञ्चालक फरार रहेको मध्ये ५१ संस्थाको रु.१२ करोड २१ लाखमात्र दायित्व यकिन गरेको र अन्यको अवस्था खुलेको छैन । अत: विभागले सहकारी संस्थाहरुमा निक्षेप सङ्कलनकर्ता र बचतकर्ताहरुको सेयर तथा निक्षेप रकमको सुरक्षाका उपाय अवलम्बन गरी भगौडा सञ्चालकको खोजी गरी प्रचलित कानुनबमोजिम दण्डित तथा हिनामिना रकम असुल गर्नेतर्फ कारबाही हुनुपर्ने भनी गत प्रतिवेदनमा उल्लेख गरेकोमा हालसम्म कानुनी कारबाही गरेको देखिएन ।

३२. **अनुगमन तथा मूल्याङ्कन** - साविकका ३८ डिभिजन सहकारी कार्यालयहरु खारेज भै उक्त निकायहरुले गर्दै आएका कार्यहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको छ । देशभर ७७ जिल्ला सहकारी संघ, ३२८ विषयगत जिल्ला सहकारी संघ, २० विषयगत केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी बैङ्क र राष्ट्रिय सहकारी महासंघ लगायत सहकारी संस्था ३४ हजार ५१२ मा ६३ लाख (५२ प्रतिशत महिला) सदस्य रहेका छन् । मन्त्रालयले ८ जिल्लाका १९ तथा सहकारी विभागबाट १०९ सहकारी संघ संस्थाको अनुगमन गरेको विवरण प्राप्त भएको छ । कुल सहकारी संघ संस्थाहरुमध्ये ज्यादै न्यून संख्याको मात्र अनुगमन गरेकोले अनुगमन तथा मूल्याङ्कन प्रभावकारी देखिएन । सहकारी सञ्चालन सम्बन्धमा कतिपय सहकारी संस्थाबाट रकम हिनामिना हुने गरेको, संस्थागत वित्तीय सुशासनको अभाव रहने गरेको, एकै व्यक्ति विभिन्न संस्थामा सदस्यता रहँदा सहकारी सदस्यको संख्या धेरै देखिएको र सहकारी संघ, संस्था दर्ता र सञ्चालन स्थितिको अनुगमन कार्य प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी बनाउनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

सरकारी र सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण

सरकारी र सार्वजनिक जग्गाको अभिलेख स्थिति, संरक्षण तथा उपयोगका सम्बन्धमा मौजुदा नीतिको कार्यान्वयनको प्रभावकारीता मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका उलेख्य व्यहोराहरु देहायबमोजिम छन्:

३३. **नापी र केन्द्रीय अभिलेख –** जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३ मा नेपाल सरकारले देशभित्रको सम्पूर्ण वा कुनै जग्गाको प्रकृतिगत रुपमा नापजाँच गर्ने र सोहीबमोजिम नक्सा स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । मालपोत ऐन, २०३४ मा सरकारी जग्गाको अनुसूची २ क र सार्वजनिक जग्गाको अनुसूची २ख. बमोजिम अभिलेख राख्नुपर्ने व्यवस्था छ । नापी विभागले उपलव्ध गराएको विवरणअनुसार ६० हजार ७६० वर्ग किलोमिटर (कुल भू भागको करिब ४१ प्रतिशत) मात्र नाप नक्सा तयार भएको देखियो । मालपोत कार्यालयहरुले सरकारी जग्गा र सार्वजनिक जग्गाको केन्द्रीय अभिलेखसमेत राखेका छैनन् । सम्पूर्ण जग्गा नापी गरी केन्द्रीय अभिलेख तयार नहुँदा देशमा रहेको कुल जग्गामध्ये सरकारी जग्गा र सार्वजनिक जग्गाको यथार्थ अवस्था जानकारी हुने अवस्था छैन । नेपाल सरकारको नाममा रहेका सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गाको नाप नक्सासहितको केन्द्रीय अभिलेख तयार गर्नुपर्दछ ।

३४. **लिजको अभिलेख –** सरकारी जग्गादर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ मा लिजमा दिएको जग्गाको वार्षिक प्रतिवेदन सम्बन्धित मालपोत कार्यालयले विभागमा र विभागले एकीकृत प्रगति प्रतिवेदन मन्त्रालयमा पेस गर्नुपर्ने र कार्यनीति प्रारम्भ हुनु अघि भोगाधिकारमा रहेका सरकारी जग्गा लिजमा परिणत गर्नुपर्ने व्यवस्था छ । कार्यनीतिअनुसार सम्बन्धित निकाय तथा मालपोत कार्यालयहरुले वार्षिक प्रतिवेदन तयार गरेका छैनन् । विभागको आर्थिक वर्ष २०७३।७४ को वार्षिक प्रतिवेदनअनुसार कुल ६५ लाख ४६ हजार वर्गमिटर सरकारी जग्गा भोगाधिकार दिएकोमा ३ निकायले मात्र ६१ हजार वर्गमिटर (१ प्रतिशत) जग्गा लिजमा परिणत गरेको देखिन्छ । भोगाधिकारमा उपलब्ध गराएका सम्पूर्ण सरकारी जग्गा लिजमा परिणत गरी सोको यथार्थ अभिलेख तयार गर्नुपर्दछ ।

३५. **जग्गा अतिक्रमण –** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ ले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्य भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गतका निकायबाट हुने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्य सम्बन्धित स्थानीय तहलाई तोकेको छ । स्थानीय प्रशासन ऐन, २०२८ ले सम्बन्धित प्रमुख जिल्ला अधिकारी र मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणमा जिम्मेवार बनाएको छ । भू-उपयोग नीति, २०७२ ले परिकल्पना गरेअनुसार सरकारी र सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख तयार गरी दिगो संरक्षण र सदुपयोग गर्ने काम कर्तव्य र अधिकारसहितको स्थायी संयन्त्रको स्थापना भएको छैन । प्राप्त जानकारीअनुसार सबै जिल्लामा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको उल्लेख छ । लेखापरीक्षणको क्रममा विभिन्न ७ सरकारी कार्यालयको ६६ हजार वर्गमिटर सरकारी जग्गा अतिक्रमण भएको देखियो । वन तथा भू संरक्षण विभागको वार्षिक प्रतिवेदन २०७३।७४ अनुसार सार्वजनिक जग्गाको रुपमा रहेको वन क्षेत्रको मात्रै ९४७ वर्ग कि.मि. जग्गा अतिक्रमण भएको देखियो । नेपाल सरकारले अतिक्रमण भएका जग्गाको पहिचान गरी अभिलेख अद्यावधिक राख्ने प्रणाली तयार गरेको देखिएन । अतिक्रमण भएका जग्गाको एकीकृत तथ्याङ्क नहुँदा अतिक्रमित जग्गाको वास्तविक परिमाण यकिन हुन सकेन । अनुगमन एवं निरीक्षण कार्य प्रभावकारी भएको छैन । उल्लिखित व्यवस्था अनुसार अनुगमनलाई प्रभावकारी बनाई अतिक्रमण भएको जग्गाको लगत सङ्कलन, अद्यावधिक एवं फिर्ता गरी सरकारी एवं सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्दछ ।

३६. **जग्गा भाडा –** सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ मा भोगाधिकारमा रहेको सरकारी जग्गा कार्यनीति प्रारम्भ भएको मितिले ६ महिना भित्र लिजमा परिणत गर्नुपर्ने र सरकारी जग्गा भाडा वा लिजमा लगाउँदा सम्बन्धित मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याङ्कनलाई आधार लिई कार्यनीतिको अनुसूची १ मा उल्लेख भएको लिज रकममा नघटाई प्रतिस्पर्धाबाट लगाउनुपर्ने उल्लेख छ । उक्त कार्यनीतिमा लिजबापत प्राप्त रकम नेपाल सरकारको राजस्व

खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । नेपाल सरकारबाट संरक्षण तथा भोगचलनको लागि समाज कल्याण परिषद्, भृकुटी मण्डपलाई उपलब्ध गराएका ९४ रोपनी जग्गा कार्यनीतिबमोजिम लिजमा परीणत गरी तोकिएको दरबाट भाडा असुल गर्नुपर्नेमा न्यून दरमा भाडामा लगाएबाट परिषद्लाई २०७४।७५ मा रु.८२ लाख ५१ हजार घटी भाडा प्राप्त भएको देखियो । समाज कल्याण परिषदलाई प्राप्त जग्गामध्ये १९३ रोपनी सरकारी जग्गा गत विगतदेखि विभिन्न निजी तथा अन्य संघ संस्थाहरुलाई भाडामा लगाउँदै आएकोमा २०७४।७५ को अन्त्यसम्म रु.४ करोड २५ लाख बक्यौता रहेको देखिन्छ । परिषदलाई संरक्षण तथा भोगचलनको लागि प्राप्त सरकारी जग्गा लिजमा परिणत गरी व्यवस्थापन गर्नुपर्दछ ।

निष्कर्ष – सरकारी तथा सार्वजनिक जग्गाहरुको संरक्षण तथा सोको प्रभावकारी उपयोग सम्बन्धमा कार्ययोजना नभएको, जग्गा दर्ता तथा नापनक्सा सहितको जिल्लागत र केन्द्रीय अभिलेख नभएको, सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणमा रहेको अवस्था छ । अत: सम्बन्धित निकायहरुबीच समन्वय कायम गरी अतिक्रमित जग्गाको अभिलेख अद्यावधिक गरी फिर्ता गर्ने, उपयोग विहीन जग्गाको प्रभावकारी उपयोग गर्ने र अभिलेख व्यवस्थापनलाई सुदृढ बनाउन सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

गुठी जग्गाको उपयोग

गुठी जग्गाको लगत तयार गर्ने संरक्षण र सम्बर्द्धन गर्ने, अतिक्रमण हुन नदिने, व्यवस्थित रुपमा उपयोग गरी आयआर्जन गर्ने, जग्गाको उपयोगबापत प्राप्त देवस्वको हिसाबकिताब दुरुस्त राख्ने तथा उठ्न बाँकी गुठी रकमको लगत राखी आवश्यक कारबाही अगाडि बढाउने कार्य गुठी संस्थानले गर्दछ । गुठी जग्गाको अभिलेख, उपयोग र संरक्षण सम्बन्धमा गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायबमोजिम छन्:

३७. **जग्गाको अभिलेख तथा संरक्षण -** गुठी संस्थानले २०७१ मा तयार गरेको अभिलेख अनुसार पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० विगाहा गुठी जग्गा रहेको देखिएतापनि तत्पश्चात् जग्गाको अभिलेख अद्यावधिक गरेको छैन । संस्थानको अभिलेख प्रणाली परम्परागत तथा अत्यन्त पुरानो भएका कारण जग्गाको अभिलेख व्यवस्थापनमा समस्या देखिएको छ । त्यस्तै गुठी संस्थान केन्द्रीय लगत तथा अभिलेख शाखा कार्यालय, भद्रकाली काठमाडौंमा पुराना लालमोहर, सनद, सवाल, ताम्रपत्र, लगत, मोठ, स्रेस्तालगायतका अभिलेख रहेका छन् । उक्त कार्यालयको भवन जीर्ण अवस्थामा रहेकोले ताम्रपत्र, स्वर्णपत्र आदि समेत रहेका यस्ता महत्वपूर्ण अभिलेखलाई प्रकाश, आर्द्रता, तापक्रम मिलाई व्यवस्थित गर्नसकेको देखिँदैन । केही वर्ष पहिले वैदेशिक सहायताबाट सञ्चालित परियोजनाले अभिलेखलाई माइक्रोफिल्म र डिजिटाइजेसन गर्न सहयोग गरे तापनि तत्पश्चात सोको निरन्तरता र जगेर्नामा संस्थानले पर्याप्त ध्यान दिनसकेको छैन । लगतहरुको संरक्षण गर्न नसकेमा गुठी सम्पत्तिको नाश हुने र अतिक्रमण हुने सम्भावनातर्फ संस्थानको ध्यान जानुपर्दछ ।

३८. **जग्गा उपयोग नीति -** गुठी जग्गाको उपयोग सम्बन्धमा दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गर्नुपर्दछ । संस्थान मातहतका ५ प्रकारका जग्गाहरुको प्रभावकारी उपयोग गर्न संस्थानले कुनै नीति तयार गरेको छैन । संस्थानको सेवालाई प्रभावकारी र आधुनिक तवरले सञ्चालन गर्न संस्थानले अध्ययन मूल्यांकन गरेको पाइएन । संस्थानका समग्र कार्य सञ्चालन तथा जग्गाको उपयोगलाई प्रभावकारी बनाउन नयाँ गुठी ऐनको मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा पेस गरेको १ वर्ष भए तापनि त्यसले अन्तिम रुप लिएको पाइएन । तसर्थ नीति तथा रणनीति तयार गरी प्रभावकारी रुपमा कार्य सञ्चालन गर्नुपर्दछ ।

३९. **जग्गाको पहिचान र उपयोग -** संस्थान मातहत रहेको गुठी तैनाथी जग्गाहरुको उपयोग गर्नको लागि व्यापारिक दृष्टिकोणले महत्वपूर्ण रहेका मुख्य शहरका प्रमुख स्थानहरुको पहिचान गरेको देखिन्छ । व्यापारिक भवनहरु तयार गरी लिजमा दिई आय आर्जन गर्न बोलपत्र वा सूचना प्रकाशन गरे तापनि अधिकांश कार्य सफल हुनसकेको देखिँदैन । संस्थानले सूचना प्रकाशन गरे पछि अधिकांश जग्गामा स्थानीय जनताबाट निर्माण कार्य अवरोध गर्ने गरी निवेदन परेको, काम कारबाही नगराउन अदालतमा मुद्दा परी विचाराधीन रहेको देखिन्छ । जसका केही उदाहरण निम्नानुसार छन्:

३९.१. काठमाडौँको बबरमहलस्थित केदारेश्वर महादेव गुठी तैनाथी कि.नं. १८४,सिट नं. ११४५-२० को २ रोपनी १४ आना क्षेत्रफलको जग्गा स्थलगत अवलोकन गर्दा अतिक्रमणमा परेको पाइयो । राष्ट्रिय युवा परिषद्लाई बिक्री गर्नको लागि पत्राचार तथा मूल्याङ्कन समेत भएको जग्गा बिक्री भएको छैन । जग्गाको उत्तरतर्फ स्थानीय बासिन्दाले निजी प्रयोजनका लागि बाटो खोलेको देखिन्छ भने सोही दिशामा एक विकास समाजले

ट्रस भवन निर्माण गरेको छ । जग्गाको पूर्व दक्षिण भागको जग्गा अतिक्रमण गरी २/३ टहरा बनाएका छन् । उक्त अतिक्रमणलाई संस्थानले हटाउन सकेको पाइएन ।

३९.२. काठमाडौं कमलादी गणेश मन्दिर परिसरमा संस्थानको स्वामित्वमा रहेको एक सत्तल पुरानो भई जीर्ण भएको देखिन्छ । सत्तलको भुँईतलामा ८ पसल सञ्चालनमा रहेको र सोको माथिल्लो तलामा विभिन्न व्यक्तिहरु बसोबास गरेको पाइयो । उक्त पसलहरु संस्थानले बहालमा लगाएको भए तापनि संस्थानलाई अत्यन्त न्यून रकम प्राप्त भएको देखिन्छ । व्यापारिक दृष्टिकोणले महत्वपूर्ण उक्त स्थानमा पुरानै शैलीमा व्यवस्थित सत्तल बनाउने र मन्दिरको वातावरणमा असर नपर्ने प्रकृतिका व्यवसायका लागि भाडामा दिने हो भने संस्थानको आय वृद्धि हुने देखिन्छ ।

३९.३. काठमाडौं चाबहिलस्थित कि.नं. १०० को १० रोपनी ८ आना जग्गा रहेको चक्र पूजा गुठी जग्गाको विषयमा सर्वोच्च अदालतबाट २०७४।८।२२ मा संस्थानको पक्षमा निर्णय भई उक्त जग्गा संस्थान मातहत आएको देखिन्छ । उक्त जग्गामा रहेको घर टहरा संस्थानको पहलमा २०७५ भाद्रमा हटाएकोमा २०७५।६।११ मा पुनः सर्वोच्च अदालतमा पुनरावोलकन लागि मुद्दा दायर भएकोले संस्थानले उपयोग गर्न नसकेको अवस्था छ ।

गुठी जग्गाहरुको उपयोग गर्नका लागि स्पष्ट कार्ययोजना सहित संस्थान अगाडि बढ्नुपर्दछ । उपयोगबाट उच्च प्रतिफल प्राप्त गर्न सकिने स्थानहरुको पहिचान गरी सोअनुसार व्यवस्थापन गर्नुपर्दछ ।

४०. **जग्गाको अतिक्रमण -** मुलुकभर ७० जिल्लामा संस्थानका जग्गा रहेका छन् । अधिकांश जिल्लाका गुठी जग्गाहरु अतिक्रमणमा परे तापनि अतिक्रमित जग्गाको एकीकृत र अद्यावधिक लगत तयार गरेको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४०.१. बृहत्तर जनकपुरक्षेत्र विकास परिषद जनकपुरधामबाट प्राप्त विवरण अनुसार राम मन्दिर गुठी, लक्ष्मण मन्दिर गुठी, रत्नसागर गुठी, दशरथ मन्दिर गुठी, हनुमान नगर गुठी लगायतका गुठीहरुको १ हजार १८८ कित्ता जग्गा अतिक्रमणमा परेको उल्लेख छ । दाङको नारायणपुरमा रहेको करिब १५७ रोपनी जग्गा अतिक्रमणमा परेको संस्थानले जनाएको छ । काठमाडौं उपत्यकाभित्र पनि जग्गा अतिक्रमण भएको जानकारी प्राप्त भएको छ ।

४०.२. काठमाडौं महानगरपालिका वडा नं. ७, गुह्येश्वरी स्थित गुह्येश्वरी सिन्दुर चन्दन तैनाथी गुठी जग्गा कि.नं. ८४ को ४ रोपनी ९ आना २ पैसा २ दाम अतिक्रमणमा परेको छ । उक्त जग्गाको दुवैतर्फ बाटो बनाएको, पूर्वतर्फ अतिक्रमण गरी करिब १५/१६ साना ठूला घर (पक्की समेत) टहरा निर्माण गरेको, पश्चिमतर्फ टोल सुधार भवन र खेलमैदान बनाएको छ । संरचना बनेपछि १ रोपनी २ आना जग्गामात्र बाँकी रहेको संस्थानले जनाएको छ । अतिक्रमण हटाउनेसम्बन्धमा २०७४।१२।१ मा संस्थानले पुनः निर्णय गरेतापनि हटाउन सकेको छैन ।

४०.३. काठमाडौं महानगरपालिका वडा नं. ७ स्थित भण्डारेश्वर गुठीको कि. नं. ९ र १० को क्रमशः ३ रोपनी २ आना ३ दाम र ५ रोपनी ९ आना २ दाम १ पैसा जग्गा अतिक्रमण भएको देखिन्छ । यो गुठी जग्गा सन्यासीहरुको समाधीको लागि र पशुपतिमा दैनिक भीमसेनपाती चढाउनका लागि व्यवस्था भएको उल्लेख छ । अवलोकन गर्दा जग्गाको बीचबाट स्थानीय वासिन्दाले संस्थानको स्वीकृति बेगर मोटरबाटो खोलेको, विभिन्न व्यक्तिहरुको व्यवसायिक प्रयोजनको लागि टहरा बनाएको र एक ग्रिल उद्योग संचालन गरेको देखियो । संस्थानले अतिक्रमण हटाउन बारम्बार पत्राचार गरे तापनि स्थिति यथावत् रहेको छ ।

४०.४. काठमाडौं महानगरपालिका टेकु स्थित कित्ता नं.४१ को टेकु जगन्नाथ मन्दिरको तैनाथी गुठी जग्गा अतिक्रमणमा परेको पाइयो । उक्त मन्दिरसँगै रहेको जग्गामा व्यक्तिले संस्थानको स्वीकृति नलिई पुराना सामग्री सङ्कलन गर्ने स्थानको रुपमा व्यापारिक प्रयोजनार्थ उपयोग गरेको छ । सोही जग्गामा रहेका मन्दिरका सत्तलहरुमा केही परिवार बसोबास गरेको देखिन्छ ।

अतः गुठी संस्थानको मुख्य समस्याको रुपमा जग्गा अतिक्रमण रहेको हुँदा त्यसलाई समाधान गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने एवं सम्बन्धित मन्त्रालय र प्रहरी प्रशासनसँगको समन्वयमा अतिक्रमण हटाउनुपर्दछ ।

४१. **जग्गा भोगाधिकार -** जनकपुरमा रहेको बाराही गुठीको जग्गामध्ये १० कित्ताका ६ विगाहा ३ कट्ठा ५ धुर जग्गासंस्थान सञ्चालक समितिको २०५०।२।३ र नेपाल सरकारको २०७५।२।१३ को निर्णय अनुसार जनकहजारी विद्यापीठलाई अध्ययन कार्य संचालन हुँदासम्मको लागि भोगचलन गर्न उपलब्ध गराउने गरी दिएको पाइयो । यसरी भोगचलन भइरहेको जग्गामध्ये सिट नम्बर १३५४/१४ को कित्ता नम्बर १, २, २८ र ४९ को २ विगाहा १४ धूर जग्गा रत्नसागर मठको महन्थलेकीर्ते गरी मठका पूजारीको नाममा मोही कायम गरी नामसारी गरेको भनी जनकहजारी विद्यापीठका प्राचार्यले दिएको उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालय, धनुषाले महन्थ र पूजारीलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ । जग्गाधनी महलमा रत्नसागर गुठीको नाम र सोही महलमा आफ्नै मठका पुजारीको नाम उल्लेख गरी लालपूर्जा बनाएको संस्थानको अभिलेखबाट देखिन्छ । उल्लिखित जग्गा कीर्ते गरी व्यक्तिको नाममा नामसारी गरेको भन्ने उजुरी संस्थानमा धेरै अगाडि परेतापनि संस्थानले प्रभावकारी कदम चाल्न सकेको पाइएन ।अतः यससम्बन्धमा छानबिन गरी गुठीको जग्गा फिर्ता गर्नुपर्दछ ।

४२. **स्वीकृति विना उपयोग -** गुठी जग्गा अन्य निकाय वा व्यक्तिले उपयोग गर्दा संस्थानको स्वीकृति लिनुपर्दछ । संस्थानको स्वीकृति विना सरकारी कार्यालय, व्यक्ति, संस्था वा निकायले गुठी जग्गाको उपयोग गरिरहेको पाइएको छ । संस्थानबाट प्राप्त विवरण अनुसार धनुषामा २९ कार्यालयले संस्थानको स्वामित्वमा रहेको ६४ रोपनी ७ आना जग्गा स्वीकृति बेगर उपयोग गरेका छन् । यसरी स्वीकृति वेगर अन्य निकायले उपयोग गरेको गुठी जग्गाको हिसाब गर्दा अर्बौ रुपैयाँ गुठी संस्थानलाई बुझाउनुपर्ने देखिन्छ । संस्थानको प्रमुख आयस्रोतको रुपमा रहेका त्यस्ता जग्गाको मुआवजा, क्षतिपूर्ति, बहाल नपाउँदा गुठी संस्थानको आम्दानी घटेको छ भने गुठीको स्थायित्व नै चुनौतीपूर्ण बनेको छ । यसका केही उदाहरण निम्नानुसार छन्:

४२.१. काठमाडौं महानगरपालिका वडा नं. १६ स्थित लक्ष्मीश्वर महादेव गुठीको नाममा रहेको कि.नं. २३७ को १० रोपनी २ दाम २ पैसा जग्गामा हाल महानगरीय प्रहरी वृत्त, लैनचौरले भवन निर्माण गरेको पाइयो । भवन निर्माण भएको जानकारी पाएपछि संस्थानबाट २०७२।६।२७ मा स्वीकृति नलिई घर निर्माण नगराउन प्रहरी प्रधान कार्यालयलाई जानकारी गराएकोमा उक्त वृत्तले उक्त जग्गा खरिद गरी भवन निर्माण गर्ने भनी पत्रचार गरेको देखिन्छ । आर्थिक वर्ष २०७४।७५ को मूल्याङ्कन अनुसार रु.१ करोड २३ लाख संस्थानलाई बुझाउनुपर्नेमा संस्थानले उक्त रकम प्राप्त भएको छैन । हाल उक्त जग्गामा वृत्तको ५ तल्लाको भवन निर्माण भइसकेको पाइयो ।

४२.२. काठमाडौं महानगरपालिका वडा नं. १, नक्सालस्थित नन्दीकेशर गुठीको रैतानी जग्गामा जनआन्दोलन स्मारक पार्क निर्माण गर्न नेपाल सरकारले २०६६।९।६ मा निर्णय गरेको देखिन्छ । सोअनुसार कि.नं.४७९ को १९ रोपनी ३ आना २ दाम ३ पैसा जग्गा नामसारी गरिदिनुहुन भनी २०६६।०९।२१ मा संस्थानमा अनुरोध गरेको छ । जग्गाको मूल्याङ्कन गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव सहित २०६७।२।२३ मा बसेको बैठकले जग्गाको मूल्याङ्कन गरी प्रतिवेदन दिन भूमिसुधार तथा व्यवस्था विभागका निर्देशकको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरेको र समितिले २०६७।६८ को मूल्याङ्कन अनुसार प्रति आना रु.१८ लाखका दरले हुने रकममा ५० प्रतिशत थप गरी रु.८३ करोड ७ लाख ५६ हजार निर्धारण गरी २०६७।४।२१ मा प्रतिवेदन पेश गरेको छ । रकम उपलब्ध गराउन संस्थानले पटक पटक अर्थ मन्त्रालयलाई पत्राचार गरेकोमा हालसम्म उक्त रकम प्राप्त भएको छैन । साविकको रकममा व्याज गणना गर्दा जग्गाको मूल्य करिब दोब्बर हुन जान्छ । हाल उक्त जग्गामा पार्क निर्माण भइसके तापनि संस्थानलाई रकम दिई विधिवत् रुपमा जग्गा नामसारी गर्ने कार्य भएको छैन ।

४३. **बक्यौता -** गुठी संस्थान ऐन, २०३३ को दफा ४१ मा असुलउपर गर्नुपर्ने मालपोत, कूत, बहाल, भूबहाल, पेस्की, ठेक, जरिवाना, विगो, शुल्क, अतिरिक्त शुल्क, दस्तुर आदि बाँकी बक्यौता संस्थानले सरकारी बाँकी सरह सम्बन्धित व्यक्तिको धितो वा अन्य जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्ने व्यवस्था छ । संस्थानको गुठी जग्गाको उपयोग गरेबापत रु.१६ अर्ब २३ करोड ७३ लाख ४० हजार उठ्न बाँकी बक्यौता देखिन्छ । गुठी जग्गाको कुत, मालपोत तिर्ने प्रवृतिमा कमी आएको, मन्त्रिपरिषद्बाट नै संस्थानलाई रकम उपलब्ध गराउने गरी भएका निर्णयहरु समेत कार्यान्वयन नहुँदा संस्थानलाई ठूलो आर्थिक नोक्सानी परेको अवस्था छ । अतः जग्गाबाट प्राप्त हुनुपर्ने कुत, मालपोत, शेष कसर आम्दानीको एकीकृत विवरण तयार गरी जग्गाबाट प्राप्त हुने रकमको व्यवस्थित अभिलेख राख्नुपर्दछ । साथै बक्यौता रकम उठाउनेतर्फ संस्थानले

प्रभावकारी भूमिका निभाउनुपर्दछ । सरकारको तर्फबाट समेत बक्यौता रकम असुली गर्नेतर्फ सहयोग पुऱ्याउनुपर्ने देखिन्छ ।

४४. **लगानी -** गुठी संस्थान ऐन, २०३३ को दफा १३ (४) मा संस्थानको नाममा रहेको जायजेथा बिक्री भई सोबापत प्राप्त रकम संस्थानको अक्षय कोषको रुपमा राखिने र त्यस्तो रकम कुनै बैङ्कमा मुद्दतीखातामा जम्मा गर्ने वा घर पसल बनाउने जस्ता स्थायी लगानी गर्ने बाहेक अरु सालवसाली खर्च गर्न नपाइने व्यवस्था छ । त्यसैगरी अक्षयकोषको लगानीबाट प्राप्त आम्दानीको कम्तीमा २५प्रतिशत रकम अनिवार्य रुपमा सोही कोषमा जम्मा गरी बाँकी रकम संस्थानको काममा खर्च गर्न सकिने उल्लेख छ । संस्थानबाट प्राप्त विवरण अनुसार २०७५।११।३० सम्म यस्तो अक्षय कोषमा रु.३ अर्ब १३ करोड ६७ लाख रहेको छ । अक्षय कोषमा रहेको उक्त रकमबाट व्याज आम्दानीमात्र भएको छ । यस किसिमको रकम उपयुक्त क्षेत्रमा लगानी गर्न कानूनी व्यवस्था, नीति र योजना बनाएको पाइएन । जसबाट संस्थानको सम्पत्ति र आय वृद्धिमा उल्लेखनीय योगदान पुगेको देखिदैन । अतः अक्षयकोषको रकम सदुपयोग गर्न लगानी नीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४५. **समन्वय -** गुठी जग्गाको अभिलेख, उपयोग तथा संरक्षण सम्बन्धमा विभिन्न निकायहरुसँग समन्वय गरी गुठी संस्थानले कार्य गर्नुपर्ने स्थिति छ । यससम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

४५.१. गुठीसंस्थान ऐन, २०३३ को दफा ५३ मा गुठीको परम्पराबमोजिम चलाउनुपर्ने काम, गुठीको चल अचल सम्पत्तिको संरक्षण गर्ने काम र संस्थानको घर, जग्गा, देवस्थल, पाटी पौवामासंस्थानको स्वीकृति बेगर जबरजस्ती भोगचलन गर्नेलाई हटाउने जस्ता काममा स्थानीय प्रशासन र प्रहरीले सहयोग गर्नुपर्ने उल्लेख भए तापनि गुठी जग्गामा अतिक्रमण भएकोमा सो हटाउने सम्बन्धमा सक्रियता रहेको देखिएन ।

४५.२. संस्थानले राजगुठीको साविक लगतबमोजिम जग्गा दर्ता गर्ने कारबाही अगाडि बढाउन भूमिसुधार मन्त्रालय, मालपोत कार्यालय र नापी कार्यालयसँग सहयोग माग गरेकोमा त्यस्ता जग्गाहरु दर्ता प्रक्रियामा रहे तापनि दर्ता हुनसकेको छैन । उदाहरणको रुपमा बाराको हरेश्वर महादेवको गुठी जग्गा र धनकुटामा रहेका गुठी जग्गा लामो समयसम्म दर्ता हुन सकेको छैन ।

४५.३. गुठी जग्गाको व्यवस्थापन सम्बन्धमा संस्थान, मालपोत, नापी र सम्बन्धित देवस्थल वा मठ मन्दिर व्यवस्थापन गर्ने पक्षहरुबाट हुँदै आएकोमा एकीकृत व्यवस्थापन गर्ने गरी कानूनी व्यवस्था रहेको छैन । जग्गा प्रशासन सम्वन्धी कार्य एकै निकायबाट भएमा व्यवस्थापन कार्यमा सहयोग पुग्ने देखिन्छ ।

४५.४. देवस्थल, मठ, मन्दिरको संरक्षण गर्ने कार्य गुठी संस्थानको भएतापनि उक्त स्थलहरुको भेटीघाटीको व्यवस्थापनमा संस्थानको अधिकार रहेको देखिएन । त्यस्तो आम्दानी कोष, समिति, पुजारी र महन्थको जिम्मामा रहेकोले संस्थानको भूमिका प्रभावकारी हुनसकेको छैन ।

अतः कानूनी रुपमा देखिएका कमजोर पक्षहरुलाई समय सापेक्ष रुपमा सुधार गर्दै लैजानुपर्दछ । संस्थानलाई कला, संस्कृति, परम्परा र धर्मको रक्षा र संरक्षण गर्ने निकायको रुपमा स्थापित गराउनु आवश्यक देखिन्छ ।

निष्कर्ष - गुठी जग्गा उपयोगको स्पष्ट नीति नहुनु, पुराना लगतहरुको संरक्षणमा पर्याप्त ध्यान नदिनु, जग्गाको एकीकृत लगत तयार नगर्नु, जग्गाको अतिक्रमण तीव्ररुपमा बढ्नु, संस्थानको स्वीकृति बेगर जग्गाको उपयोग गर्नु, सरकारी निकायहरुले समेत जग्गाको मुआवजा नतिर्नु, राजस्व/देवस्व बक्यौता रकम वर्षेनी बढ्दै जानु आदि गुठी जग्गासँग सम्बन्धित संस्थानका समस्याहरु रहेका छन् । उपर्युक्त समस्याहरु समाधानका लागि संस्थानले नीतिगत, व्यवस्थापकीय र संगठनात्मक सुधार गर्नु जरुरी छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** – गत विगतका प्रतिवेदनमा भोगाधिकारमा दिएका जग्गाको अभिलेख अद्यावधिक गरी राजस्व असुल गर्नुपर्ने, मन्त्रालयले २०७२ चैत्र महिनाभित्र हदबन्दीसम्बन्धी नीति कार्यान्वयनको कार्ययोजना बनाउनुपर्ने, पुँजीगत लाभकर ३ महिनाभित्र असुल गर्नुपर्ने, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल गर्नुपर्ने, १० वर्षसम्म अविच्छिन्न बसोबास गरेको प्रमाण पेस गर्नुपर्ने, रियल स्टेट कम्पनीको निसर्गमा अनुसूची १३ बमोजिमको आयकर समायोजनको प्रमाण र संस्थागत निसर्गमा पुँजीगत लाभकर छुट भएको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको देखिएन । त्यसैगरी फरार सहकारी संस्थाहरुलाई कारबाही नगरेको, सहकारी संघ, संस्था दर्ता र सञ्चालन स्थितिको निरीक्षण, अनुगमन कार्य प्रभावकारी नभएको, सञ्चालन कोष रकम राजस्व खातामा दाखिला नगरेको, शीर्षक फरक गरी खर्च लेखेको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू** – यो वर्ष मन्त्रालय र मातहतका समेत २०६ कार्यालयमा रु.२ अर्ब ३७ करोड ८ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ३६ लाख ६३ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ३२ करोड ७१ लाख ९५ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ६२ लाख ७५ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय यातायात विकास र व्यवस्थापन, राष्ट्रिय रेलमार्ग, मेट्रो रेल लगायत यातायात सुरक्षा प्रणाली, राष्ट्रिय लोकमार्ग, रज्जुमार्ग, केबुलकार, जलमार्ग लगायत वैकल्पिक यातायात, आधारभूत यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, समन्वय र नियमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहतसमेत १६५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहतसमेत यो वर्ष विनियोजन रु. ९५ अर्ब ८६ करोड २५ लाख, राजस्व रु. २४ अर्ब ३२ करोड ४१ लाख, धरौटी रु. ८ अर्ब ३१ करोड १८ लाख र अन्य कारोबार रु. ६ अर्ब ७५ करोड ५ लाख समेत रु. १ खर्ब ३५ अर्ब २४ करोड ८९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहत २ संगठित संस्थाको रु.८ अर्ब ३३ करोड ४४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा र कार्यान्वयन -** मन्त्रालयले राष्ट्रिय यातायात नीति, २०५८ र वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ कार्यान्वयनमा ल्याए तापनि अद्यावधिक प्रगति विवरण तयार नगरेकोले नीति कार्यान्वयन स्थिति मूल्याङ्कन गर्न सकिएन । सडक, रेल तथा यातायात विकासको पाँच वर्षे रणनीतिक योजना (२०७३-२०७८) कार्यान्वयन गर्न सडक पूर्वाधार क्षेत्रका लागि रु. ६ खर्ब २० अर्ब, रेल पूर्वाधार तथा अन्य क्षेत्रका लागि रु. १ खर्ब ८० अर्ब एवं यातायात व्यवस्थापन क्षेत्रका लागि रु. १६ अर्ब समेत रु. ८ खर्ब १६ अर्ब लगानी गर्नुपर्ने उल्लेख छ । योजना लागू भएको २ वर्षमा रु.१ खर्ब ६७ अर्ब ६१ करोडमात्र खर्च भएकोले बाँकी ३ वर्षमा रु.६ खर्ब ४८ अर्ब ३९ करोड लगानी गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्था रहेकोले नीति कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ ।

मन्त्रालयले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेख भए अनुसार राष्ट्रिय रेल मार्ग, मेट्रो रेल, राष्ट्रिय लोकमार्ग, सडक सुरक्षासम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्ययोजनासहित कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२. **चौधौं योजनाको कार्यान्वयन** - राष्ट्रिय योजना आयोगद्वारा जारी गरिएको चौधौं योजना (२०७३।७४-२०७५।७६) मा मन्त्रालयअन्तर्गत भूकम्पबाट क्षतिग्रस्त सडक संरचनाको पुनः निर्माण, थप नयाँ सडक निर्माण, इन्टरमिडियट/डबललेन सडक निर्माण, सडकको स्तरोन्नति, आवधिक मर्मत, नियमित मर्मत, थप पुल निर्माण सम्पन्न, नयाँ पुल निर्माण कार्य थालनी, सडक घनत्व, कालोपत्रे सडक पहुँच, रेल मार्गको ट्रयाक निर्माण तथा स्तरोन्नति भएको एवं रेल मार्ग तथा मेट्रो रेलको विस्तृत आयोजना प्रतिवेदन तयार, भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर सञ्चालन, तौल पुल सञ्चालन, ट्राफिक संकेत चिन्ह निर्माण, सेवाग्राही, अनलाइन दरखास्त प्रणाली उपयोग, सवारी दर्ता प्रमाणपत्र र सवारीचालक अनुमतिपत्र स्मार्ट कार्डमा परिणत, इम्बोस्ड नम्बर प्लेट प्रयोग, सिण्डीकेट प्रणालीको अन्त्य हुने जस्ता लक्ष्य राखेको भएपनि सो अनुसारको प्रगति विवरण तयार नगरेकाले उपलब्धिको मूल्याङ्कन गर्न सकिएन । अतः आवधिक योजनामा उल्लिखित कार्यक्रम कार्यान्वयनको सुनिश्चितताका लागि अभिलेख व्यवस्थामा ध्यान दिनुपर्दछ ।

३. **बजेट कार्यान्वयन -** संसदबाट स्वीकृत बजेटअनुसार स्रोत प्राप्ति तथा तोकिएका शीर्षकमा खर्च गर्नुपर्नेमा अनुमानअनुसार स्रोत प्राप्त नभएको तथा उपयोग हुन नसकेको, स्रोतान्तर रकमान्तर गरेको, चौमासिक खर्च सन्तुलन नभएका, स्वीकृत बजेटभन्दा बढी खर्च गरेको आदि देखिएकोले बजेट कार्यान्वयन प्रभावकारी देखिएको छैन । यससम्बन्धी मुख्य व्यहोरा देहायबमोजिम छन्:

३.१. यो वर्ष वैदेशिक स्रोतबाट रु. २८ अर्ब ८९ करोड ७ लाख प्राप्त हुने शुरु अनुमान रहेकोमा रु. १५ अर्ब ५३ करोड ३१ लाख संशोधित बजेट कायम गरी रु.१३ अर्ब २९ करोड ८५ लाख (शुरु अनुमानको ४६.०३ प्रतिशत र संशोधित बजेटको ८५.६१ प्रतिशत) सहायता प्राप्त भएको छ ।

३.२. पुँजीगत खर्चका लागि शुरुमा विनियोजित रु.८९ अर्ब ५० करोड ६७ लाखमा रु.१४ अर्ब ६ करोड २० लाख (१५.७१ प्रतिशत) रकमान्तरबाट थप गरी रु.१ खर्ब ३ अर्ब ५७ करोड संशोधित बजेट कायम गरेकोमा रु.९६

अर्ब १ करोड (९२.७० प्रतिशत) खर्च गरेको छ । पुँजीगत खर्चमा भएको विगत ३ वर्षको स्थिति देहाय बमोजिम छ:

(रु.लाखमा)

आर्थिक वर्ष	शुरु बजेट	संशोधित बजेट	रकमान्तरबाट थप प्रतिशत	खर्च	खर्च प्रतिशत
२०७२/७३	४२,०२,१८	५३,८०,२८	२८.०४	३७,१२,७५	६९.०१
२०७३/७४	७२,६७,६०	७९,४२,५६	९.२७	७१,७३,२३	९०.३१
२०७४/७५	८९,५०,६७	१,०३,५६,८७	१५.७१	९६,०१,०५	९२.७०

विगत ३ वर्षको खर्चको तुलना गर्दा २०७२।७३ को तुलनामा २०७४।७५ मा १५८.५९ प्रतिशतले खर्च बढेको छ ।

३.३. एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित आयोजना निर्देशनालयअन्तर्गत सञ्चालित ४ आयोजनामा अमेरिकी डलर २७ करोड ३० हजार प्राप्त हुने सम्झौता भएकोमा अमेरिकी डलर ४ करोड ६६ लाख ७१ हजार (१७.२८ प्रतिशत) मात्र उपयोग भएको छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः नीति, योजना एवं बजेट आंशिक कार्यान्वयन गरेको, वर्षान्तमा कार्यक्रम संशोधन गरेको, लक्ष्यअनुसार प्रगति न्यून रहेको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, सडकको अभिलेख अद्यावधिक नगरेको, हस्तान्तरण हुने योजनाको दायित्व बाँकी रहेको, योजना हस्तान्तरण नभएको, वातावरणीय मूल्याङ्कन आंशिक गरेको, राष्ट्रिय निर्माण क्षमता मूल्याङ्कन नगरेको, निर्माण ठेक्का अधुरो रहेको, सम्झौताअनुसार वैदेशिक अनुदान प्राप्त नभएको, बाँकी कामको व्यवस्थापन नगरी खरिद सम्झौता अन्त गरेको, डिजाइनमा त्रुटि देखिएको, निर्माणमा असम्बन्धित आइटम समावेश गरेको, रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार नभएको जस्ता व्यहोरा देखिएका छन् ।

३.४. सासेक रोड कनेक्टिभिटी आयोजनामा एसियाली विकास बैङ्क (एडीबी) सोझै भुक्तानी ऋणमा रु.३७ करोड ९६ लाख ५० हजार प्राप्त हुने अनुमान रहेकोमा रु.४३ करोड ३ लाख ४९ हजार प्राप्त भई रु.५ करोड ६ लाख ९९ हजार बढी प्राप्त भएको छ । त्यस्तै नागढुङ्गा सुरुङ मार्ग आयोजनामा जापान सरकारबाट शोधभर्ना हुने ऋण रु.९६ करोड ५० लाख ६६ हजार प्राप्त हुने अनुमान गरेकोमा स्रोतान्तरबाट रु.६ लाख ६६ हजार बजेट कायम गरेको देखिन्छ । यद्यपि रु.६ करोड ६१ लाख ६१ हजार खर्च गरी बजेटभन्दा बढी खर्च देखाएको छ ।

३.५. मन्त्रालय र मातहतका निकायका लागि विनियोजित बजेटमा अर्थ बजेटबाट रु.११ अर्ब ६२ करोड ८१ लाख थप भएको, रकमान्तरबाट रु.४० अर्ब ८८ करोड ३२ लाख थप र रु.२६ अर्ब ८८ करोड ९४ लाख घट भएको तथा रु.१६ अर्ब ९४ करोड ९० लाख स्रोतान्तर भएकाले शुरु विनियोजन यथार्थपरक देखिएन । यो वर्ष बजेट थप तथा घट भएका केही उदाहरण देहायबमोजिम छन्:

(रु लाखमा)

ब.उ.शी.नं.	शुरु बजेट रु	रकमान्तरबाट थप रु	थप प्रतिशत	ब.उ.शी.नं.	शुरु बजेट रु	रकमान्तरबाट घट रु	घट प्रतिशत
३३७१२५३	३,१३,८६	५,२५,००	१६७.२७	३३७१३३४	३,८०,२४	१,२५,०४	३२.८८
३३७१३८४	३,९८,८९	४,२५,००	१०६.५५	३३७१४२४	३,५५,८४	१,४९,८७	४२.१२
३३७१५७४	३,५०,२९	७,१८,४३	२०५.०९	३३७१८८४	४,९३	४,९३	१००
३३७२२४४	४,२४,१२	२,९५,०५	६९.५७	३३७३२६४	२,४४,७१	९५,००	३८.८२
३३७३१२४	२,८८,२०	३,९२,५०	१३६.१९	३३७३२७४	१,२९,००	८१,७६	६३.३८
३३७३३५४	२,००,४३	२,५१,८१	१२५.६३	३३७३५८४	५,५४,४७	४,१६,०३	७५.०३
३३७३५५४	१,००,०६	९,११,६९	९११.१५	३३७३६१४	७,०७,९४	६,२९,६२	८८.९४

३.६. यो वर्ष सम्भावित प्रादेशिक सडक अन्तर्गत ३० कार्यालयअन्तर्गतका ९२ सडक योजनाका लागि रु.१ अर्ब ६ लाख बजेट विनियोजन भएकोमा ९११.१५ प्रतिशत बजेट थप गरेको पाइयो । बजेट वक्तव्य २०७४।७५ अनुसार स्थानीय तहमा हस्तान्तरण भएका तीन बजेट उपशीर्षक अन्तर्गतका योजनाहरु सम्बन्धित स्थानीय तहमा हस्तान्तरण नगरी कार्यक्रम र बजेट थप गरी खर्च गर्नु उपयुक्त होइन ।

३.७. मन्त्रालय अन्तर्गतका ८० कार्यालयले यो वर्ष रु.७९ अर्ब २८ करोड १९ लाख खर्च गरेकोमा पहिलो चौमासिकमा ८ अर्ब ८७ करोड ६७ लाख (११.१९ प्रतिशत), दोस्रो चौमासिकमा रु.१९ अर्ब १० करोड ४३ लाख (२४.१० प्रतिशत) र तेस्रो चौमासिकमा रु.५१ अर्ब ३० करोड ९ लाख (६४.७१ प्रतिशत) तथा आषाढ महिनामा रु.३० अर्ब ५३ करोड ८१ लाख (३८.५२ प्रतिशत) खर्च गरेको देखियो । चौमासिक बजेट बाँडफाँड अनुसार खर्च नगरी तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च गरेको पाइयो ।

३.८. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ विपरीत सडक विभागअन्तर्गतका ३२ कार्यालयले विनियोजित बजेटभन्दा रु.३२ करोड ७५ लाख ६२ हजार बढी खर्च गरेको रकम अर्थ मन्त्रालयको स्वीकृति बेगर अन्य १३ कार्यालयले फ्रिज गर्नुपर्ने रकमबाट मिलान गरेको छ । त्यस्तै मन्त्रालयले राजमार्ग स्तरोन्नति आयोजनाका लागि रु.२४ करोड १६ लाख बजेट विनियोजन गरेकोमा रकमान्तरबाट रु.२५ करोड घटाई रु.८४ लाख बजेटभन्दा बढी रकमान्तर गरी ऋणात्मक बजेट कायम गरेकोमा रु.३ करोड ३३ लाख ७६ हजार खर्च देखाएकोले बजेट सिद्धान्तअनुसार खर्च भएको देखिएन ।

बजेट सुनिश्चितता विना आयोजना सञ्चालन गरेको, केही खरिदमा प्रतिस्पर्धा नभएको, केन्द्रबाट मातहतको ठेक्का व्यवस्थापन गरेको, समयमा आयोजना सम्पन्न नहुँदा परामर्श सेवा खर्च बढेको, निर्माणस्थल यकिन एवं अन्तर्निकाय समन्वय नगरी आयोजना कार्यान्वयन गरेको, भेरिएसन आदेश स्वीकृत नगरी काम गराएको, नन्फाइलर व्यवसायीलाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेको, नपाउने मूल्य समायोजन दिएको, कार्यान्वयन नभएका सम्झौताको जमानत जफत नगरेको, सडक एवं पुल निर्माणको गुणस्तर कायम नभएको, नर्म्समा एकरुपता नभएको, कतिपय ठेक्कामा पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, दोहोरो भुक्तानी भएको, मोबिलाइजेसन पेस्की फछ्यौंट नभएको लगायत विषयमा सुधार हुनुपर्दछ ।

३.९. मन्त्रालय मातहतका निकायमा यो वर्षको रु.२१ अर्ब १६ करोड १४ लाख (खर्चको २२.०४ प्रतिशत) समेत यस वर्षसम्म रु.३९ अर्ब ८९ करोड १२ लाख पेस्की बाँकी रहेकोमा सो पेस्की खर्चको प्रयोजन खुल्ने मासिक विवरण लिई अनुगमन गरेको देखिएन ।

अतः स्वीकृत बजेट कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ ।

४. **कार्यक्रम स्वीकृति र संशोधन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९ बमोजिम पुँजीगत खर्च तर्फ रु.८९ अर्ब ५० करोड ६७ लाखको बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा २०७५।३।३२ सम्म पटक पटक ३४७ बजेट उपशीर्षकका १ हजार ६४ योजनामा रु.३६ अर्ब ९२ करोड २२ लाखको कार्यक्रम संशोधन गरेकोले शुरु वार्षिक कार्यक्रम तथा बजेट विश्वसनीय देखिएन । अतः स्वीकृत कार्यक्रम पटक पटक संशोधन गर्ने परम्परामा नियन्त्रण गर्नुपर्दछ ।

५. **वार्षिक लक्ष्य र प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन एवं प्रगति समीक्षा गर्ने र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५ मा मन्त्रालयले वार्षिक प्रगति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।

५.१. राष्ट्रिय योजना आयोगबाट प्रकाशित २०७४।७५ को वार्षिक विकास कार्यक्रमअनुसार सडकतर्फ सडक निर्माण ७०० कि.मि., सडक स्तरोन्नति, पुनः निर्माण र सुदृढीकरण १ हजार कि.मि., आवधिक मर्मत सम्भार ६०० कि.मि., नियमित मर्मत १० हजार कि.मि., पुल निर्माण १२५, रोजगारी सिर्जना ४५ हजार, रेल तथा अन्य यातायाततर्फ निर्मित ट्रयाक २५ कि.मि. स्तरोन्नति भएको, रेल मार्ग २२ कि.मि., जग्गा अधिग्रहण ३०० हेक्टर, विस्तृत आयोजना प्रतिवदेन ९३४ कि.मि., मेट्रो रेल विस्तृत आयोजना प्रतिवेदन ७८ कि.मि. हुने एवं यातायात व्यवस्थाअन्तर्गत सवारीसाधन कर सङ्कलन रु.१० अर्ब ८० करोड, ट्राफिक चिन्ह र संकेत ७००, सवारीचालक अनुमतिपत्र स्मार्ट कार्ड वितरण १० लाख, इम्बोस्ड नम्बर प्लेट वितरण ७०० लक्ष्य राखिएकोमा मन्त्रालयले प्रगति विवरण तयार नगरेकोले समग्र प्रगतिको मूल्याङ्कन तथा विश्लेषण गर्न सकिएन ।

५.२. लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार पहिलो प्राथमिकता प्राप्त ५६ आयोजनामध्ये २ को शून्य, २ को ५० प्रतिशतभन्दा कम, २ को ७५ प्रतिशतभन्दा कम, ५० को ७५ प्रतिशतभन्दा बढी भौतिक प्रगति भएको पाइयो ।

५.३. गाईघाट-दिक्तेल सडक, तुलसीपुर-पुरन्धारा सडक, बेंशीशहर-चामे सडक, जाजरकोट-डोल्पा सडक, साँफेबगर-मार्तडी सडकलगायतका सडकहरु २०५०।५१ भन्दा अगाडिदेखि निर्माण शुरु भए तापनि हालसम्म सम्पन्न भएका छैनन् ।

५.४. धरान-चतरा-गाईघाट कटारी सिन्धुली सडक योजनाको निर्माण अवधि ३६ महिनामध्ये २०७५ आषाढ मसान्तसम्म २० महिना (५५.५५ प्रतिशत) अवधि व्यतीत हुँदा पूर्वी खण्डले ३१ प्रतिशत र पश्चिम खण्डले २७ प्रतिशतमात्र भौतिक प्रगति गरेको छ ।

५.५. भारतीय एक्जिम बैङ्कको ऋण सहायताबाट सञ्चालित सडक सुधार योजनाका विभिन्न जिल्लाका १७ सडकको सम्झौताअनुसार ३८ प्रतिशतदेखि ११८ प्रतिशतसम्म समय व्यतीत भए तापनि भौतिक प्रगति ६३.१३ प्रतिशत रहेको छ ।

५.६. व्यापारिक मार्ग विस्तार आयोजनाअन्तर्गतका ५ सडकको निर्माण कार्यको भौतिक प्रगति २८ प्रतिशतदेखि ७३ प्रतिशत रहेको छ ।

लक्ष्य अनुसार प्रगति नहुनुमा रेखाङ्कन, जग्गा अधिग्रहण र मुआवजा विवाद, जनशक्तिको कमी, सरोकारवाला निकायसँगको समन्वयको अभाव, प्राथमिकतामा नपरेका योजनाहरु कार्यान्वयन गर्नु, आवश्यक बजेटको अभाव आदि कारण उल्लेख गरेको छ । उपर्युक्त समस्याहरु समाधान गरी कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

६. **लेखापरीक्षण -** बनेपा-सिन्धुली-बर्दिवास सडकको सञ्चालन तथा मर्मत आयोजनामा अमेरिकी डलर २० लाख र सासेक सडक आयोजनाका लागि अमेरिकी डलर १ लाखसमेत अमेरिकी डलर २१ लाखको रु.२३ करोड ८ लाख ७४ हजारको प्राविधिक सहायता प्राप्त हुने अनुमान भएकोमा प्राप्त रकमको आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराएको छैन । त्यस्तै चक्रपथ सुधार आयोजनाका लागि चीन सरकारले रु.४ अर्ब ३३ करोड ७२ लाख खर्च गरेको विवरण दिए तापनि सो रकम आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन ।

७. **राष्ट्रिय गौरवका आयोजना -** मन्त्रालय अन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थिति देहायबमोजिम छ:

(रु करोडमा)

सि.नं.	आयोजना	लम्बाई कि.मि.	शुरु वर्ष	सम्पन्न हुने वर्ष	संशोधित लागत अनुमान रु	यस वर्षसम्मको खर्च	खर्च प्रतिशत
१	पुष्पलाल (मध्य पहाडी) लोकमार्ग	१७७६	२०६४/६५	२०७७/७८	८०१४	२६८९	३३.५५
२	रेल, मेट्रो तथा मोनो रेल विकास आयोजना	९४६	२०६६/६७	नखुल्ने	७०९७	७८७	११.०९
३	उत्तर दक्षिण (कर्णाली) लोक मार्ग	२८४	२०६५/६६	२०७९/८०	४१०	१००	२४.३९
४	उत्तर दक्षिण (कोशी) लोक मार्ग	१६२	२०६५/६६	२०७७/७८	१६२०	२४५	१५.१२
५	उत्तर दक्षिण (कालीगण्डकी) लोक मार्ग	४३५	२०६६/६७	२०७७/७८	२२१२	३९४	१७.८१
६	हुलाकी लोकमार्ग	१७९२	२०६५/६६	२०७७/७८	६५२०	२०५२	३१.४७
७	गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुवेसी-रसुवागढी सडक	८२	नखुल्ने	२ वर्षभित्र	९५०	१७२	१८.११

७.१. पूर्वमा पाँचथरको चियो भन्ज्याङदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म कुल लम्बाई १ हजार ७७६ कि.मि. रहेको मध्यपहाडी लोकमार्ग आयोजना २०६४।६५ देखि सुरु भई २०७४।७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार २०७७/७८ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । यो वर्ष ६३ कि.मि. कालोपत्रे, १२५ कि.मि. खण्डास्मित र १४ पुल निर्माण कार्यसमेत हालसम्म १ हजार २४० कि.मि. ट्रयाक, १९१ कि.मि. कालोपत्रे, ५१६ कि.मि. खण्डास्मित, १४ पुल निर्माणको कार्य सम्पन्न भई आयोजना शुरु भएको १० वर्षमा भौतिक प्रगति ४५ र वित्तीय प्रगति ३३.५५ प्रतिशत रहेको छ ।

७.२. आर्थिक वर्ष २०६६।६७ देखि शुरु भएको रेल, मेट्रो तथा मोनोरेल विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कुल ९४६ कि.मि. लामो रेल सञ्जाल निर्माण एवं सञ्चालनको लक्ष्य लिइएको छ । यस आयोजनाको कुल लागत रु.७० अर्ब ९७ करोड रहेको र सो सबै रकम नेपाल सरकारबाट व्यहोरिने उल्लेख छ । बर्दिबास-लालबन्दी २५ कि.मि. खण्डमा ट्रयाकको कार्य भई रहेको, बर्दिबास- काँकडभिट्टा रेलमार्ग विस्तृत आयोजना प्रतिवेदन तयार भएको, बुटवल-गड्डाचौकी रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन कार्य ५० प्रतिशतमात्र कार्य भएको, पुल निर्माण ४ हजार ६३४ मिटरमध्ये ३२२ मिटर सम्पन्न भएको, कल्भर्ट

जनावर मार्ग २४० मध्ये ६८ निर्माण कार्य सम्पन्न भएको र २२७ हेक्टर जग्गा अधिग्रहण गरी तथा विभिन्न खण्डको निर्माण कार्य भैरहेको छ । जग्गा विवादका कारण बर्दिवासमा रेलवे स्टेसन निर्माण कार्य हुन सकेको छैन ।

७.३. उत्तर-दक्षिण (कर्णाली) लोकमार्ग आयोजनाले खुलालु-सिमीकोट (हुम्ला) खण्डमा १९६ कि.मि. र हिल्सा-सिमीकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेकोमा ९३.७ कि.मि. ट्रयाक खोलेको छ । यो वर्ष खुलालु सिमीकोट खण्डमा ४० कि.मि. ट्रयाक खोल्ने तथा हिल्सा सिमीकोट खण्डमा ४ पुल निर्माण शुरु गर्ने लक्ष्य रहेकोमा ११ कि.मि. ट्रयाक खोलेको प्रगति विवरण प्राप्त भएको छ । आयोजना शुरु भएको ९ वर्षमा भौतिक प्रगति १२ र वित्तीय प्रगति ११.६८ प्रतिशत रहेको छ ।

७.४. उत्तर-दक्षिण (कोशी) लोकमार्ग आयोजनाले तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवं स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । उक्त १६२ कि.मि. मध्ये ५० कि.मि. सडकमा यातायात चालु भएको छ । सो बाहेक ७७ कि.मि. खण्डास्मित सडक रहेको छ । हालसम्म १४४ कि.मि. ट्रयाक र ६९ कि. मि. खण्डास्मित कार्य सम्पन्न भएको छ । आयोजना शुरु भएको ९ वर्षमा भौतिक र वित्तीय प्रगति क्रमशः ३५ र ४०.३९ प्रतिशत रहेको छ ।

७.५. उत्तर-दक्षिण (काली गण्डकी कोरिडोर) लोकमार्ग आयोजनाले नवलपरासी देखि मुस्ताङसम्मका ९ जिल्ला समेटेको छ । यस आयोजनाको लागि २०७४।७५ मा गैंडाकोट-पिपलडाँडा खण्डको ३५ कि. मि. सडक स्तरोन्नति गर्ने तथा ८ पुलको निर्माण शुरु गर्ने, जोमसोम-कोराला खण्डको ५० कि.मि. ट्रयाक खोल्ने तथा बेनी-जोमसोम खण्डको ३० कि. मि. खण्ड स्तरोन्नति गर्ने, २५ कि. मि. सडक चौडा गर्ने तथा ४ पुल निर्माण गर्ने लक्ष्य राखेकोमा ३४ कि.मि. ट्रयाक र ३९ कि. मि. ग्राभेल कार्य भएको र हालसम्म ४३५ कि.मि. ट्रयाक र ११८ कि. मि. ग्राभेलिङ कार्य सम्पन्न भएको छ । आयोजना शुरु भएको ८ वर्षमा भौतिक प्रगति १० र वित्तीय प्रगति ८.३६ प्रतिशत रहेको छ ।

७.६. हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा झापाको केचनादेखि पश्चिममा कञ्चनपुरको दोधारा चाँदनीसम्म १ हजार ७९२ कि.मि. कालोपत्रे सडक र १४९ पुल निर्माण गर्ने लक्ष्य निर्धारण गरेको छ । आयोजनाले यो वर्ष कालोपत्रे ३४ कि.मि., खण्डास्मित २०७ कि.मि. र पुल १५ वटा निर्माण गर्ने लक्ष्य राखेकोमा कालोपत्रे र खण्डमास्मित लक्ष्यअनुसार र १० पुल निर्माण सम्पन्न भई ९७ प्रतिशत भौतिक प्रगति हासिल गरेको देखिन्छ । हालसम्म १०० कि.मि. कालोपत्रे, २२५ कि.मि. खण्डास्मित, ७५ पुल निर्माण कार्य सम्पन्न भई समष्टिगत भौतिक प्रगति २५ र वित्तीय प्रगति ४२ प्रतिशत रहेको छ ।

७.७. धादिङ्ग जिल्लाको गल्छीदेखि रसुवा जिल्लाको रसुवागढीसम्म ८२ कि.मि.मध्ये १९ कि.मि. ट्रयाक खोलिएको, १६ कि.मि.मा चीन सरकारबाट कार्य भइरहेको, ३.५ कि.मि.मा कालोपत्रे भएको, ११ पुल निर्माणाधीन रहेकोले कुल भौतिक प्रगति ५४ र वित्तीय प्रगति २८ प्रतिशत रहेको छ ।

आयोजनाहरुले रुख कटान स्वीकृति नपाएको, विस्फोटक पदार्थ अभाव, रेखाङ्कनमा विवाद, मुआवजा वितरणमा समस्या, निर्माण सामग्रीको सहज उपलब्धता नभएको जस्ता समस्या उल्लेख गरेकोले उक्त समस्या समाधान गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

८. **सडक अभिलेख -** आर्थिक सर्वेक्षण अनुसार २९ हजार ६३९ कि.मि., बजेट वक्तव्य अनुसार ३० हजार ३२० कि.मि., सडक विभागको सडक सञ्जाल सूचना प्रणाली अनुसार १३ हजार ०६० कि.मि. र सडक विभागको रोड डायरीमा उल्लेख भएअनुसार १४ हजार ४९७ कि.मि. सडक रहेको उल्लेख गरेकोले सडक अभिलेख अद्यावधिक छैन । यस सम्बन्धमा गत विगतदेखि सडक अभिलेख अद्यावधिक गर्नुपर्ने व्यहोरा औंल्याइएकोमा स्थिति यथावत् छ । सडक निर्माण वर्ष, त्यस्मा गरेको लगानी र सडकको अवस्था खुल्ने अभिलेख राखेको छैन । पुँजीगत लगानीबाट भएको सडक निर्माणको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

९. **दायित्व व्यवस्थापन -** मन्त्रालयले २०७४।७५ मा कार्यान्वयन गरेका बजेट उपशीर्षकहरुमध्ये प्रदेश सरकारमा हस्तान्तरण हुने र बजेट विनियोजन नभएका २१ बजेट उपशीर्षक अन्तर्गतका सडक निर्माण कार्यका ठेक्काको अवस्था अध्ययन गर्दा जम्मा १ हजार २८१ खरिद सम्झौताको रु.४७ अर्ब ६ करोड ९८ लाखमध्ये रु.२० अर्ब ५८ करोड ५ लाख भुक्तानी गरी रु.२६ अर्ब ६३ करोड ९३ लाखको दायित्व बाँकी देखाइएको छ । तर ती सडकको लागि नेपाल सरकारले २०७५।७६ मा विनियोजन नगरेको र प्रदेश सरकारमा हस्तान्तरण

समेत नभएकाले ती सडकमा भएको खर्चबाट प्रतिफल प्राप्त हुने अवस्था छैन । दायित्व व्यवस्थापन गर्ने स्रोत यकिन गरी खरिद सम्झौताहरु कार्यान्वयन गर्ने सम्बन्धमा स्पष्ट नीतिगत निर्णय गर्नुपर्नेमा सो गरेको देखिएन ।

त्यसैगरी स्थानीय तहलाई हस्तान्तरण हुने गरी २०७४।७५ मा बजेट विनियोजन नभएका तीन बजेट उपशीर्षक नम्बरका आयोजनाहरुका लागि रु.२३ अर्ब २३ करोड ६० लाख दायित्व रहेको उल्लेख भएकोमा दायित्व फरफारक तथा योजना हस्तान्तरण गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ ।

१०. **आयोजना हस्तान्तरण -** विनियोजन ऐन, २०७४ तथा अर्थ मन्त्रालयको बजेट खर्च गर्ने सम्बन्धी निर्देशनको प्रकरण ४ मा स्थानीय तहको अधिकार सूचीभित्र परेका गाउँपालिकाभित्रको रु. ५० लाखसम्म, नगरपालिका भित्रको रु. १ करोडसम्म र उप महानगरपालिका वा महानगरपालिकाभित्र रु.२ करोडसम्म बजेट विनियोजन भएका आयोजनाहरु सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखियो:

१०.१. स्थानीय स्तरका सडकमा निर्माण हुने ९३९ पुलका लागि २०७४।७५ मा विनियोजित रु.३ अर्ब ५० करोड २९ लाखमध्ये रु.२ करोडभन्दा बढी बजेट विनियोजन भएका पुल संख्या १५ मात्र रहेकोले स्थानीय तहमा हस्तान्तरण हुनुपर्ने ९२४ पुल निर्माण कार्यमा मन्त्रालय मातहतका निकायबाट रु.१० अर्ब १६ करोड ९७ लाख खर्च गरेको छ ।

१०.२. सडक विभागको २०७४।२।२८ को परिपत्रबाट ३ बजेट उपशीर्षक नम्बरअन्तर्गतका सडकहरुका लागि २०७४।७५ को वार्षिक विकास कार्यक्रममा नपरेको एवं बजेट विनियोजन नभएको हुँदा अन्तर्गतका कार्यालयको कार्य क्षेत्रमा पर्ने सम्पूर्ण निर्माणाधीन सडकहरु २०७३।७४ मा फरफारक गर्न तथा २०७४।७५ का लागि दायित्व बाँकी नराख्न जानकारी गराए तापनि डिभिजन सडक कार्यालय दाङले घोराही-कमिरे चौर सडक खण्डको लागि रु.५५ करोड ९२ लाख ९९ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेअनुसार एक निर्माण व्यवसायीसँग रु.३४ करोड १६ लाख ७७ हजारमा सम्झौता गरी यो वर्ष रु.३ करोड ३० लाख मोबिलाइजेसन पेस्की दिएको छ । स्थानीय तहमा हस्तान्तरण हुने योजनामा थप लगानी गर्नु उपयुक्त होइन ।

ऐनको प्रावधानअनुसार स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था मिलाउनुपर्दछ ।

११. **व्यवस्थापन सर्वेक्षण -** नेपाल सरकारले स्वीकृत गरेको मन्त्रालय र मातहतका कार्यालयको संगठन संरचना र दरबन्दीको अवस्था निम्नानुसार छ :

सि. नं.	कार्यालय	कार्यालय संख्या		स्वीकृत दरबन्दी	
		सांविक	हाल	सांविक	हाल
१	मन्त्रालय	१	१	१०६	९४
२	सडक विभाग	५८	५२	२६११	२५१९
३	यातायात व्यवस्था विभाग	४०	३	८५८	४०
४	रेल विभाग	१	१	२९	३५
	जम्मा	१००	५७	३६०४	२६८८

निजामती सेवा ऐन, २०४९ को दफा ६क (२) अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण हुनुभन्दा अगाडि २०७४।७५ मा विभिन्न ५४ योजना कार्यालय स्थापना गरी ती कार्यालयमा राजपत्राङ्कित तर्फ ३६१, राजपत्र अनङ्कित तर्फ ८१७ समेत १ हजार १७८ जना कर्मचारीको दरबन्दी सिर्जना गरेको पाइयो । मन्त्रालयले १० आयोजनामा ११२ जना कर्मचारी दरबन्दी सिर्जना गरे पनि ती कार्यालयमा खर्च गर्ने अख्तियारी पठाएको देखिएन ।

१२. **कानुनको पालना -** संसदबाट पारित ऐन तथा सोबमोजिम बनेका नियमावलीको पालना गर्नुपर्दछ । कानुनको पालना सम्बन्धमा देखिएका केही व्यहोरा देहायअनुसार छन्:

१२.१. सडक बोर्ड ऐन, २०५८ ले सडक बोर्डलाई सडक दस्तुर लगाउन सक्ने अधिकार दिएकोमा दस्तुर उठाउने र अन्य निकायले उठाएको सम्बन्धमा नियमन गरेको छैन ।

१२.२. सडक विभागबाट जारी नेपाल सडक स्टाण्डर्ड, २०७० बमोजिम स्पष्ट आधार बेगर त्रिशूली नदीमा रु.३ अर्ब ६ करोड ७८ लाख लागत अनुमान भएका १९ पुल निर्माण गर्न विनियोजन गरेकोमा दुई पुल बीचको दुरी सम्बन्धी नीति तयार नगरेको तथा पुल निर्माण भएपछि ती पुलबाट सञ्चालन हुने राजमार्ग तथा सहायक राजमार्गको एलाइनमेन्ट निश्चित गरेको छैन ।

१२.३. वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ तथा बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७३ अनुसार बहुवर्षीय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन भएको हुनुपर्नेमा कार्यान्वयनमा रहेका सडक योजनामध्ये १७१ योजनाको मात्र प्रक्रिया शुरु गरेकोमा अन्य योजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरेको पाइएन ।

१२.४. सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ तथा नेपाल सडक स्टाडर्ण्ड, २०७० बमोजिम सडकको स्तर अनुसार २० मिटरदेखि ५० मिटरसम्म र सडक बोर्ड निर्देशिका, २०६१ बमोजिम सहायक मार्ग तर्फ १५/१५ मिटर, जिल्ला सडकतर्फ १०/१० मिटर, र ग्रामीण तथा कृषि सडकतर्फ ७.५/७.५ मिटर सडक सीमा कायम हुन सकेको छैन । सडक निर्माण गर्नु अघि सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ बमोजिम सडकको सिमाभित्र पर्ने जग्गा प्राप्ति गर्नुपर्नेमा प्राप्त नगरी सडक निर्माण शुरु गर्नाले लक्ष्य अनुरुप सडक निर्माण, विस्तार तथा स्तरोन्नति कार्य गर्न अवरोध सिर्जना भएको छ ।

१२.५. सार्वजनिक सडक ऐन, २०३१ को दफा २२ मा निर्माण भएको सडकको दायाँ बायाँ रहेको जग्गामा नेपाल सरकारले जग्गाको मूल्यअनुसार विकास कर लगाई असुल गर्न सक्ने व्यवस्था भए तापनि सो प्रावधान कार्यान्वयन गरेको पाइएन ।

१२.६. सार्वजनिक सडक ऐन, २०३१ को दफा १६क मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हद तोकी सो हदभन्दा बढी वजनको सवारीसाधन चलाउन नपाउने गरी निषेध गर्न सक्ने व्यवस्था छ । नेपाल सरकारले यस्तो सूचना जारी नगरेकाले निर्माण भएका सडकमा डिजाइन क्षमता (१० टन) भन्दा बढीका सवारीसाधन सञ्चालन गरी सडक छिटो बिग्रेको कारण सेवा प्रवाहमा असर परेको छ ।

कार्य सम्पादन गर्दा अवलम्बन गर्नुपर्ने कानुनको पालना गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

१३. **सडक निर्माण -** नेपालमा सडक विभाग, स्थानीय पूर्वाधार विभाग, शहरी विकास मन्त्रालय, काठमाडौँ उपत्यका विकास प्राधिकरण, स्थानीय तहसमेतबाट सडक एवं पुलको निर्माण भइरहेको छ । यस्ता निकायहरुले निर्माण गर्ने सडकको कार्य क्षेत्र किटान गरेको पाइएन । सडक निर्माण गर्ने निकाय धेरै भएको एवं निर्माण सम्बन्धी नर्म्स तथा स्पेसिफिकेसनमा समेत अन्तर रहेकाले निर्माण एवं नर्म्समा एकरुपता कायम गरी निर्माण कार्य गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४. **सुरुङ मार्ग -** मन्त्रालयले पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम रु. ३४ अर्ब ८८ करोड लागतमा काठमाडौँ-कुलेखानी-हेटौँडा सुरुङ मार्ग परियोजना निर्माण गरी ३० वर्षसम्म सञ्चालन गर्न एक कम्पनीसँग २०७०।१।३१ मा सम्झौता गरेको थियो । कम्पनीले मार्ग निर्माण गर्न सेयर बापत सर्वसाधारणबाट सङ्कलन गरेको रकमको उपयोग सम्बन्धमा मन्त्रालयबाट अनुगमन भएको छैन भने कम्पनीले निर्माण कार्य शुरु गरेको पनि छैन । उक्त मार्ग निर्माण कार्य प्रदेश सरकारले गर्न बजेट विनियोजन गरेकोमा निर्माणको ढाँचाका सम्बन्धमा कुनै निर्णय गरेको पाइएन । अतः यस सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय गरी सुरुङ मार्ग निर्माण कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

१५. **राष्ट्रिय निर्माण क्षमता -** नेपालले सन् २०२२ सम्ममा अति कम विकसित मुलुकबाट स्तरोन्नति गर्ने एवं सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गरी मध्यम आय भएको मुलुक हुने प्रतिबद्धता जनाएको छ । संघीयता कार्यान्वयनसँगै नेपाल सरकारले घोषणा गरेको "संमृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्यसमेत हासिल गर्नुपर्ने भएको छ । उल्लिखित लक्ष्य प्राप्तिको लागि सरकारी एवं निजी क्षेत्रबाट जलविद्युत, सडक, सिँचाइ, शहरी विकास, हवाई मैदान, पार्क, विद्युत गृह, कलकारखाना लगायतका अन्य निर्माण सम्बन्धी आयोजनामा लगानी बढ्दै गएको छ । नेपाल सरकारले लिएको लक्ष्यअनुरुप देशको संमृद्धिको लागि निजी एवं सार्वजनिक

निर्माणसँग सम्बन्धित आयोजना सञ्चालन गर्न आवश्यक पर्ने बजेट, जनशक्ति, निर्माण व्यवसायी संख्या, निर्माण कार्यमा आवश्यक पर्ने मेसिनरी एवं उपकरण तथा निर्माण सामग्रीको उपलब्धता आदिको आँकलन गरी राष्ट्रिय निर्माण क्षमताको मूल्याङ्कन हुन आवश्यक देखिएकोले मन्त्रालयले यसमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने देखिएको छ ।

सडक विभाग

१६. **आयोजना स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेत बीचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृति गर्नुपर्ने व्यवस्था रहेको छ । सो सम्बन्धी व्यहोरा देहायअनुसार छन्:

१६.१. धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सडक योजनाअन्तर्गत एक परामर्शदाताले सन् २०११ मा रु.८ अर्ब ७० करोड २६ हजार लागत लाग्ने गरी विस्तृत आयोजना प्रतिवेदन पेस गरेकोमा सन् २०१६ मा सोही परामर्शदाताले डिजाइन पुनरावलोकन गरी दुई खण्ड निर्माण गर्न रु.१७ अर्ब ८० करोड ९२ लाग्ने संशोधित प्रतिवेदन पेस गरेकोमा स्वीकृत भएको पाइएन ।

१६.२. कान्ति लोकपथ सडक योजना निर्माणको लागि दक्षिण कोरियाको एक परामर्शदातले सन् २००३ मा पेस गरेको प्रतिवेदनमा रु.२ अर्ब ५ करोड ३२ लाख (अमेरिकी डलर २ करोड ६३ लाख ७ हजार) लाग्ने उल्लेख गरेको तथा योजनाको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख भएअनुसार ९० कि.मि. सडक कालोपत्रे गर्न रु.३ अर्ब ३४ करोड २१ लाख लागत लाग्ने उल्लेख छ । विस्तृत आयोजना प्रतिवेदन तयार गरे तापनि स्वीकृत नभएकोले योजनाको लागत यकिन भएको छैन ।

१६.३. गाईघाट-दिक्तेल सडक योजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत नगरी चेनेजअनुसारको मात्र आयोजना प्रतिवेदन तयार गरी कार्य गर्दा कुनै खण्ड सिङ्गल लेन र कुनै खण्ड डबल लेनमा निर्माण हुने स्थिति छ ।

१६.४. डिभिजन सडक कार्यालय दाडले देवस्थल-कैनडाँडा-चौरजहारी-डोल्पा सडकअन्तर्गत ९ कि.मि. सडक खण्डको रु.२० करोड ९३ लाख ३३ हजारको लागत अनुमान तयार गरेको भए पनि सबै खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको छैन ।

१६.५. विभागले झापाको शान्तिनगरदेखि डँडेल्धुराको जोगबुढासम्म निर्माण हुने करिब १ हजार २०० कि.मि. लम्बाईको मदन भण्डारी लोकमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्वीकृत गरेको छैन । सडकको रेखाङ्कन यकिन नभए पनि स्थानीय तह एवं प्रदेश सरकारमा हस्तान्तरण हुने डिभिजन सडक कार्यालय दाडको कार्यक्षेत्रमा रहेका सडक निर्माणको लागि रु.१ अर्ब ६४ करोड २६ लाख २२ हजारको खरिद सम्झौता भई २०७४।७५ सम्म रु.४४ करोड ५३ लाख ३४ हजार भुक्तानी भइसकेका १० खरिद सम्झौताहरु मदन भण्डारी लोक मार्गमा समावेश गरेकोले सडकको रेखाङ्कन परिवर्तन भएमा लागत बढ्न जाने अवस्था देखिएको छ ।

आयोजना निर्माण गर्नु अघि विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरी निर्माण कार्य शुरु गर्नुपर्दछ ।

१७. **आर्थिक कारोबार सञ्चालन -** विभागले विभागीय प्रमुखको नाममा आएको अख्तियारीको लेखा स्रेस्ता एउटै खडा गरी सञ्चालन गर्नुपर्नेमा महाशाखा प्रमुखहरुलाई खर्च गर्ने अख्तियारी प्रदान गरी कार्यक्रम सञ्चालन गरेको देखियो । जिन्सी तथा सम्पत्तिका एकीकृत अभिलेख तयार भएको पाइएन । यस सम्बन्धमा गत विगतका प्रतिवेदनमा उल्लेख गरिएको भए तापनि स्थिति यथावत् छ ।

१८. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्ने, बिना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गर्ने सम्बन्धमा व्यवस्था गरेको छ । यो वर्ष २९ कार्यालयले रु.८४ अर्ब ४७ करोड ६० लाख लागत अनुमान भएका निर्माण कार्य गर्न ९१७ बोलपत्र आह्वान गरेकोमा रु.६७ अर्ब ७८ करोड २२ लाखको खरिद सम्झौता भएको देखिन्छ । लागत अनुमानको तुलनामा औसतमा १९.७६ प्रतिशत घटीमा सम्झौता भएको छ । देहायका ९९ खरिद सम्झौतामा १० प्रतिशतभन्दा घटी दरमा प्रतिस्पर्धा भएको अवस्था छ:

(रु लाखमा)

कार्यालय	खरिद सम्झौता संख्या	लागत अनुमान रु	स्वीकृत रकम रु	घटी प्रतिशत
सडक विभाग पुल	७०	१,५३,०५	१,३९,९३	८.५७
हुलाकी राजमार्ग आयोजना	१२	१०,६१,००	१०,५४,००	०.५८
सडक विभाग वैदेशिक	५	५५,०६	५४,७४	०.५७
मध्यपहाडी लोकमार्ग (पूर्वी खण्ड)	१०	६,४४,९७	६,३९,०८	०.९१
आयोजना निर्देशनालय (एडीबी)	२	१,५६,७९	१,५६,२६	०.३४

खरिद सम्झौता गर्दा पर्याप्त प्रतिस्पर्धा कायम हुने गरी खरिदसम्बन्धी कारबाही गर्नुपर्दछ ।

१९. **बजेट सुनिश्चितता -** अर्थ मन्त्रालयको विभिन्न मितिको परिपत्र एवं राष्ट्रिय योजना आयोगको सहमतिमा विभिन्न योजनाका निर्माण कार्यहरुको लागत अनुमान तथा डी.पी.आर. तयार भएअनुसार पूर्वतयारीका सम्पूर्ण कार्य र मापदण्ड पुरा गरी काम हुने सुनिश्चित भएपछि कार्य प्रगतिको आधारमा प्रचलित कानुन बमोजिम ठेक्का प्रक्रिया अगाडि बढाउनुपर्दछ । अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगले विभिन्न बजेट उपशीर्षकअन्तर्गत ४१ बहुबर्षीय योजनाको लागि रु.५७ अर्ब ७९ करोड ५५ लाखको स्रोत सुनिश्चितता एवं थप बजेटको सहमति प्रदान गरेको पाइयो । आयोजनाका पूर्व तयारीका कार्य पुरा गरे पश्चात स्रोत सुनिश्चतता र थप बजेटको सहमति दिनुपर्दछ ।

२०. **सडक मर्मत -** सडक विभागले जारी गरेको पेभमेन्ट डिजाइन निर्देशिकाले राष्ट्रिय लोकमार्गको १५ वर्ष, शहरी सडकको २० वर्ष र अन्य सडकको १० देखि १५ वर्ष आयु तोकेको छ । उक्त आयु कायम राख्न नियमित रुपमा सडक मर्मत सम्भार गर्नुपर्दछ । सडकहरुको निर्माण कार्यमा गुणस्तर कायम नगरेकोले निर्धारित आयुभन्दा पहिले नै मर्मत गर्नुपर्ने देखिएको छ । सडक विभागको अभिलेखअनुसार काठमाडौँ उपत्यकामा मात्र ६३७ कि.मि. का २१७ सडकको मर्मत गर्न उपत्यकाका ४ कार्यालयले २०७४।७५ मा विनियोजित रु.८० करोड १० लाख ५४ हजारमध्ये रु.६३ करोड ७० लाख २४ हजार खर्च गरेका छन् । निर्माण व्यवसायीले सम्झौताअनुसार समयमा कार्य सम्पन्न नगर्दा यातायातमा कठिनाइ भएको, प्रदूषणको मात्रा बढ्न गई जनस्वास्थ्यमा असर गरेको, सडकमा खाल्डा धेरै भई दुर्घटनामा वृद्धि भई धनजनको क्षति हुन गएको स्थिति छ । सडक मर्मत गर्ने निकायबीच समन्वय नभएकोले मर्मत कार्य प्रभावकारी देखिएको छैन । त्यस्तै, सडक बिग्रेर यातायातमा कठिनाइ भएको सूचना लिने र सोबमोजिम तत्काल सुनवाई भई अनुगमन गर्ने संयन्त्रसमेत बनाएको देखिँदैन । सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची ४(क) बमोजिम नियमित रुपमा सडक मर्मत गर्न एकाई दर सम्झौता गरी खाल्डा परेका स्थानमा तत्काल मर्मत गरी नापजाँचका आधारमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२१. **चक्रपथ निर्माण -** काठमाडौं चक्रपथ सुधारको लागि कोटेश्वर देखि कलङ्की सम्मको १०.३९५ कि.मि. सडक निर्माण गर्न सडक विभाग र चीनको एक कम्पनीबीच भएको सम्झौताअनुसार ६ सेप्टेम्बर २०१३ देखि ५ जनवरी २०१७ मा सम्पन्न गर्न सम्झौता भएको देखियो । उक्त अवधिमा बन्द हडताल, भूकम्प, नाकाबन्दी, कलङ्की अण्डर पासको लागि डिजाइन पुनरावलोकन गर्नुपरेको लगायतका कारण १ वर्ष ६ महिना थप गरी ३१ जुलाई २०१८ सम्म कायम भएको देखिन्छ । सम्झौताअनुसार चीन सरकारको चिनियाँ युआन ३१ करोड २० लाख अनुदान सहयोग र नेपाल सरकारको रु.१ अर्ब ८३ करोड ४० लाख खर्च गर्ने अनुमान रहेकोमा क्रमशः चीन सरकारको रु.४ अर्ब ३३ करोड ७१ लाख ७७ हजार र नेपाल सरकारको रु.८५ करोड ३४ लाख खर्च भएको छ । चीन सरकारले सन २०१९ जनवरी २८ (२०७५।१०।१४) मा उक्त कार्य सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । नेपाल सरकारको कार्य मध्ये सडकको विभिन्न खण्डमा सर्भिस ट्रयाक निर्माण, सडक सुरक्षा पेटी, जेब्रा क्रसिङ्ग, सडक बत्ती, ट्राफिक संकेत, अकाशे पुल र ग्रीन बेल्ट निर्माण कार्य आंशिक रुपमा मात्र सम्पन्न भएको छ ।

२२. **लागतमा संशोधन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान यथार्थ परक हुने गरी निर्धारण गर्नुपर्दछ । सडक विभागअन्तर्गत मर्मत सम्भार महाशाखाले मीनभवनमा निर्माण हुने सडक विभागको कार्यालय भवन निर्माण गर्न सम्भाव्यता अध्ययन तथा डिजाइनमा रु.४२ लाख ६० हजार र सुपरभिजनको लागि रु.१ करोड ३३ लाख ४९ हजार समेत रु.१ करोड ७६ लाख ९ हजारको लागत अनुमान स्वीकृत गरेको देखियो । आशयपत्र स्वीकृत भई परामर्शदाता छनौट प्रक्रियामा रहेकै समयमा सुपरभिजन अवधि २० महिना कम हुने कारण देखाई ३६ महिना कायम गरेको छ । डिजाइन

चरणको रु.६० लाख ९२ हजार र सुपरभिजन चरणको रु.३ करोड २१ लाख ७२ हजारसमेत रु.३ करोड ८२ लाख ६४ हजारको संशोधित लागत अनुमान महानिर्देशकबाट २०७४।४।६ मा स्वीकृत गरेको देखियो । शुरुमै यथार्थ लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेमा आशयपत्र स्वीकृत भई आर्थिक प्रस्तावको सूचना भैसकेपछि लागत अनुमान संशोधन गरी रु.२ करोड ६ लाख ५५ हजार थप लागत अनुमान कायम गरेको नियम सम्मत देखिएन । संशोधित लागत अुनमान तयार गर्दा समावेश गर्न नमिल्ने १५ प्रतिशत ओभरहेड रु.२८ लाख ११ हजारसमेत समावेश गरेकाले भुक्तानी दिन मिल्ने देखिँदैन ।

२३. **अधुरो ठेक्का -** सार्वजनिक खरिद निमायमावली, २०६४ को नियम २२ बमोजिम सम्झौता गर्दा नियम १११ बमोजिम सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने व्यवस्था छ । ठेक्का सम्झौता तथा कार्यतालिकाबमोजिम कार्य हुन नसकेमा नियम १२० बमोजिम म्याद थप वा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई सम्झौताबमोजिम कार्य सम्पादन गर्नुपर्ने र सोअनुसार कार्य हुन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम कालोसूचीमा राख्नुपर्ने व्यवस्था छ । ऐन तथा नियममा भएको उक्त व्यवस्थाअनुसार ठेक्का सम्झौता भएका निर्माण कार्य सम्झौताअनुसारको कार्यतालिका बमोजिम कार्य सम्पन्न नभई अधुरो रहेको विवरण देहायबमोजिम छन्:

(रु. लाखमा)

विवरण	सम्झौता		म्याद सकिएका सम्झौता	
	संख्या	सम्झौता रकम	संख्या	सम्झौता रकम
सडक निर्माण	२६९२	१०,१८,८३,८०	४६९	१४,२५,२१
पुल निर्माण	११६८	८२,५२,०५	३३८	२१,२५,००
कुल	**३८६०**	**११,०१,३५,८५**	**८०७**	**३५,५०,२१**

२३.१. विभागअन्तर्गतका ५२ कार्यालयमा रु. ११ खर्ब १ अर्ब ३५ करोड ८५ लाख सम्झौता रकम भएका ३ हजार ८६० खरिद सम्झौता रहेकोमा खरिद सम्झौताको म्याद समाप्त भएका २७ कार्यालयका रु ३५ अर्ब ५० करोड २१ लाख सम्झौता रकम भएका ८०७ योजना अधुरो रहेको देखिन्छ । उक्त अधुरो ठेक्कामध्ये रु.८२ अर्ब ५२ करोड ५ लाख सम्झौताको १ हजार १६८ पुल निर्माण सम्झौतामध्ये रु.२१ अर्ब २५ करोड सम्झौता रकम भएका ३३८ खरिद सम्झौताको म्याद समाप्त भई अधुरो रहेको पाइयो । समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताका शर्त र सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

२३.२. डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गत २०६५।६६ देखि ठेक्का सम्झौता गरी निर्माण शुरु गरेका ५८ पुलको निर्माण कार्य यो वर्षसम्म सम्पन्न भएको छैन । सम्पन्न हुन बाँकी पुल ५८ मध्ये २०६५।६६ देखि २०७१।७२ सम्म सम्झौता भएका १६ र २०७२।७३ को १ समेत १७ पुलको सम्पन्न गर्ने म्याद सकिएको अवस्थामा १७ देखि ८६ प्रतिशतमात्र प्रगति गरेको देखिन्छ ।

२३.३. मध्यपहाडी लोकमार्ग आयोजना (पूर्वी खण्ड) ले खाडसाङ र सोखु खोला पुल २०६९।९।२८ मा निर्माण सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग रु.१० करोड ४३ लाख ९८ हजारको खरिद सम्झौता भएकोमा २०७०।९।२६ सम्म म्याद थपसमेत भएकोमा रु.४ करोड ७४ लाख ७३ हजार भुक्तानी भए पनि निर्माण कार्य सम्पन्न भएको छैन । त्यस्तै बहादुरे खोला पुलको रु.३ करोड ५१ लाख १५ हजारमा २०६९।९।२३ मा सम्पन्न गर्न २०६८।३।२४ मा एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा डिजाइन परिवर्तन भएको उल्लेख गरी रु.३४ लाख ४५ हजारको भेरिएसन आदेश जारी भएकोमा हालसम्म तीन पिलर र एक स्ल्याब तयार भई ६२.४७ प्रतिशतमात्र प्रगति भएको पाइयो ।

२३.४. विभाग मातहतका ४३ कार्यालयले यो वर्ष रु.१९ अर्ब ३२ करोड ४४ लाखको ९१७ खरिद सम्झौता गरेका छन् । सोमध्ये प्रथम चौमासिकमा ११९ (१२.९८ प्रतिशत), दोस्रो चौमासिकमा ३४२ (३७.२९ प्रतिशत), तेस्रो चौमासिकमा ४५१ (४९.१८ प्रतिशत) र २०७५ आषाढमा ८८ (९.५९ प्रतिशत) खरिद सम्झौता भएको छ । खरिद सम्झौतामा ढिलाईका कारण ५४५ (५९.४३ प्रतिशत) ठेक्काको कार्य सम्पन्न भएको छैन । खरिद सम्झौता समयमै सम्पन्न गर्नुपर्दछ ।

२३.५. डिभिजन सडक कार्यालय, दाङले कार्यान्वयनमा रहेका रु.३८ करोड २९ लाख ७८ हजारका ४८ खरिद सम्झौतामध्ये यस वर्षसम्म रु.८ करोड ४२ लाख ६७ हजार भुक्तानी गरेको छ । उक्त सबै सम्झौताको म्याद समाप्त भएकोमा निर्माण कार्य सम्पन्न भएको पाइएन । उक्त सम्झौताहरुको तोकिएको अवधिमा सम्पन्न नभएकाले सार्वजनिक खरिद ऐन र नियमावलीबमोजिम कारबाही गर्नुपर्दछ ।

२३.६. डिभिजन सडक कार्यालय, दोलखाले मुडे-मेलुङ सडक स्तरोन्नतिको लागि एक निर्माण व्यवसायीसँग भएको सम्झौता रकम भेरिएसनसमेत रु.११ करोड ८१ लाख ९१ हजार रहेको छ । निर्माण व्यवसायीले थपिएको म्याद २०७४।३।३० सम्ममा कार्य सम्पन्न नगरेकोले खरिद सम्झौता अन्त्य गरी कार्य सम्पादन जमानत रु १ करोड ३४ लाख १४ हजार जफत गरेको छ । खरिद सम्झौता अन्त्य गर्ने निर्णयमा सम्झौताको बाँकी कार्य गराउन लाग्ने रु ६ करोड ४४ लाख ३४ हजारको २५ प्रतिशतले हुने रु.१ करोड ६१ लाख ८ हजार असुल गरेको र ऐनको दफा ६३(१) बमोजिम कालोसूचीमा राखेको छैन । यसै गरी गत विगत वर्ष ठेक्का पट्टा भएका १५ सम्झौता सम्बन्धित निर्माण व्यवसायीले कार्यान्वयन नगरेकोले यसमा राखेको रु.२१ लाख २५ हजार कार्य सम्पादन जमानत जफत गरी निर्माण व्यवसायीहरुलाई कालोसूचीमा राख्न पत्राचार गर्नुपर्ने देखिन्छ ।

२३.७. डिभिजन सडक कार्यालय, प्युठानअन्तर्गत झिमरुक नदीमा आर सी सी प्रिस्ट्रेस पुल निर्माणको लागि छनोट भएका निर्माण व्यवसायीसँग रु. ८ करोड ५१ लाख ५२ हजारको खरिद सम्झौता भएकोमा थपिएको म्याद २०७४।११।१५ सम्ममा ३५ प्रतिशतमात्र प्रगति भएको छ । स्थलगत निरीक्षणको क्रममा समेत दुई तर्फका एबुटमेन्ट बनाए तापनि नदीको बीच भागमा बन्नुपर्ने पायर बनेको नदेखिएकोले पुल निर्माण हुनसक्ने अवस्था देखिएन । निर्माण व्यवसायीले २०७५ अषाढ मसान्त सम्मको म्याद थपका लागि निवेदन दिए तापनि थप गर्ने निर्णय भएको छैन । सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीबाट रु ७० लाख ८३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको छैन ।

२३.८. सडक विभाग र निर्माण व्यवसायी बिच रोडसेफ्टीसम्बन्धी ३ ठेक्का सम्झौताको म्याद समाप्त भएकोमा २०७५ असार मसान्तसम्म म्याद थप तथा कार्य सम्पन्न दुवै भएको देखिएन । निर्माण व्यवसायीले सम्झौता एवं कार्यतालिका बमोजिम कार्य नगरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु ६७ लाख ८० हजार असुल गरी कार्य गराउनुपर्ने देखिनुको साथै कार्य सम्पादन जमानत रु ३३ लाख ९९ हजार र मोबिलाइजेसन पेस्की रु.४८ लाख ५० हजार जमानतको म्याद समाप्त भएकोले सार्वजनिक खरिद ऐन तथा नियमबमोजिम कारबाही गर्नुपर्दछ ।

२३.९. डिभिजन सडक कार्यालय, बुटवलले रु.५ करोड ३३ लाख २४ हजारमा तिनाउ खोला पुल र रु.५ करोड ५६ लाख ८० हजारमा डोण्डा खोला पुल २ वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेकोमा तिनाउ खोला पुलको रु.३ करोड १६ लाख ९८ हजार (५० प्रतिशत) र डोण्डा खोला पुलको रु. १ करोड ३१ लाख ७ हजार (४५ प्रतिशत) भौतिक प्रगति गरेको छ । स्थलगत निरीक्षण गर्दा डोण्डा खोला पुलमा एबुटमेन्टको काम शुरु नगरी खोलाको बीचमा ३ वटा पियर (सवस्ट्रक्चर) को काममात्र गरेको र तिनाउ खोलामा सुपरस्ट्रक्चरको काम सम्पन्न गरी खोलाको वारिपारि नजोडी बीचमा पुल ठड्याएको देखिन्छ । सम्झौता भएको २ वर्षमा सम्पन्न गर्नुपर्ने पुल ४ वर्ष ५ महिनासम्म पनि करिब ५० प्रतिशत काम पनि सम्पन्न भएको देखिएन ।

२३.१०. डिभिजन सडक कार्यालय, जुम्लाअन्तर्गत निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताबमोजिम समयमै कार्य सम्पन्न गर्नुपर्नेमा देहायका निर्माण कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भएको वर्षौं पछिसम्म निर्माण कार्य नगरी निष्क्रिय रहेको कारण भुक्तानी भएको मोबिलाइजेसन पेस्की र बिलको भुक्तानी उपलब्धिविहीन हुन पुगेको देखिन्छ ।

(रकम रु.हजारमा)

निर्माण कार्य	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	भुक्तानी रकम	पेस्की बाँकी
घट्टेखोला पुल	२०६९/३/२७	२०७०/६/२७	४,५१,२०	०	५९,७९
कर्णाली नदी पुल	२०६९/३/२८	२०७२/२/२७	१३,८८,५९	५१,२३	४७,००

२३.११. डिभिजन सडक कार्यालय, सुर्खेतअन्तर्गतको जाजरकोट-जुम्ला जोड्ने जाजरकोट-व्युलीढुँगा-जुम्ला सडक निर्माण थालेको १२ वर्ष बितेको र रु.२५ करोड खर्च भएपनि ४० कि.मि. ट्रयाक खुल्न नसकेको, ९० कि.मि.को जाजरकोट छेडा-चाँदे-जुम्ला सडकमा रु.३० करोड खर्च भएपनि ३५ कि.मि. मात्र निर्माण भएको

तथा १ सय ४० कि.मि.को जाजरकोट-बारेकोट-चाखुरे-जुम्ला सडकमा रु.२० करोड खर्च भए पनि ३५ कि.मि. निर्माण भएको देखिएकाले तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुनुपर्दछ ।

२३.१२. डिभिजन सडक कार्यालय, दोलखाले विगत आर्थिक वर्षमा रु.७६ करोड ८७ लाख ५० हजारमा सम्झौता भई कार्यान्वयनमा रहेका २५ ठेक्का पटक पटक म्याद थप गर्दा पनि निर्माण कार्य सम्पन्न नभएकोले हालसम्म खर्च भएको रु.४० करोड २६ लाख ७८ हजार उपलब्धिविहीन हुन पुगेको छ । म्याद थप पश्चात् पनि निर्माण कार्य अधुरो रहेको र पुनः म्याद थप भएको समेत नदेखिँदा नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिई काम सम्पन्न गराउनुपर्ने देखिएको छ ।

२३.१३. डिभिजन सडक कार्यालय, काठमाडौँ-१ मा यो वर्षसम्म विगतदेखि जिम्मेवारी सर्दै आएका २२३ समेत ४०३ खरिद सम्झौता कार्यान्वयनमा रहेकोमा आगामी वर्षको लागि जिम्मेवारी सरेको २६९ खरिद सम्झौतामा रु.३ अर्ब ८३ करोड ९२ लाख दायित्व बाँकी रहेको देखिन्छ । यसरी जिम्मेवारी सरेको खरिद सम्झौतामध्ये २११ को म्याद समाप्त भएको र सोमध्ये १०८ खरिद सम्झौताको कार्य सम्पादन जमानत र २१ ठेक्काको रु.२ करोड ८० लाख ७५ हजार पेस्की जमानतको म्याद समाप्त भई सकेकोले जोखिममा परेको छ ।

२३.१४. गाईघाट दिक्तेल सडक योजनाअन्तर्गत निर्माण हुने सबै खण्डको खरिद सम्झौता भए पनि सडक खण्डमा पर्ने २ पुलको विस्तृत आयोजना प्रतिवेदन तयार गरी खरिद कारबाही अगाडि बढाएको छैन भने उक्त सडक खण्डमा पर्ने सुनकोशी नदीअन्तर्गत फोक्सिङटारमा पुल निर्माण गर्न पुल योजना पूर्वी सेक्टर नं.१ ले खरिद सम्झौता गरे पनि निर्माण कार्य अगाडि नबढाएकोले विद्यमान सडकको उपयोग वर्षैभरि हुन सकेको छैन । योजनाले ६ महिनाका लागि हरेक वर्ष रु.८५ लाख खर्च गरी बेलीब्रिज जडान गर्ने र ६ महिना बेलीब्रिज हटाउने गरेको छ । सडक खण्डमा पर्ने पुलको निर्माण कार्य समयमा अगाडि नबढाउनाले बेलीब्रिज जडानमा वर्षेनी बजेट खर्च भई रहेको छ भने निर्माण भएको सडकमा वर्षैभरि सवारीसाधन सञ्चालन हुन सकेको छैन ।

२३.१५. धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौँडा सडक योजना पूर्वी खण्डअन्तर्गत ४३ पुलको निर्माण भई रहेकोमा थप १० पुल आवश्यक पर्ने देखिए पनि थप पुलको विस्तृत आयोजना प्रतिवेदन तयार गरी खरिद कारबाही शुरु नभएको तर सडक निर्माण कार्य अन्तिम चरणमा रहेकोले थप पुल निर्माण नभएमा सडकको उपयोगमा बाधा पर्ने देखिन्छ ।

२३.१६. डिभिजन सडक कार्यालय कञ्चनपुरले खरिद सम्झौता गरेका ६३ पुलमध्ये २०७४।७५ मा ३९ पुलको मात्र निर्माण कार्य भइरहेकोमा रु.१३ करोड ५७ लाख ५० हजार मोबिलाइजेसन पेस्की दिएका १३ पुल निर्माणको लागि बजेट विनियोजन नभएकोले निर्माण कार्य शुचारु भएको देखिएन भने ठेक्का सम्झौता अन्त्य गरी मोबिलाइजेसन पेस्की फिर्ता प्राप्त गरेको पनि छैन । त्यस्तै दोदा नदीमा रु.२४ करोडको कबोल अङ्कमा १७० मिटर लामो पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले तीन वटा पिलर मात्र निर्माण गरी निर्माण कार्य अधुरो छाडेको छ ।

२३.१७. जनकपुर परिक्रमा व्यापारिक मार्ग विस्तार आयोजनामा रु.४६ करोड ५३ लाख ३ हजारमा ठेक्का सम्झौता भई निर्माणाधीन ७ पुलमध्ये ४ पुलहरुको मूल्य समायोजन सहित रु.१७ करोड ७ लाख ३७ हजार खर्च भइसकेको र शुरु सम्झौता अवधि पूरा भई सकेकोमा हालसम्म निर्माण कार्य पूरा गरेको पाइएन ।

२३.१८. डिभिजन सडक कार्यालय, भरतपुरले त्रिशूली नदीमा देवघाट-ठिमुरा जोड्ने पुल निर्माण गर्न २०७४।७१९ सम्म निर्माण सम्पन्न गर्ने गरी २०७०।७२० मा रु.१६ करोड ५३ लाख २४ हजारमा सम्झौता गरी कार्य गराएकोमा भेरिएसनबाट थप कार्यसमेत रु.१८ करोड ८१ लाख ७२ हजार पुऱ्याएको छ । यो वर्षसम्म उक्त पुलमा रु.६ करोड ७५ लाख ५९ हजार भुक्तानी भई सकेकोमा पुलको चितवन जिल्लातर्फको खण्डमा एप्रोचसडक यकिन नगरी पुल निर्माण कार्य भई रहेको र यस अघि निर्माण भई सकेको एबुटमेन्ट समेत खोलाको धार परिवर्तन भई कटान हुने अवस्थामा रहेको देखियो ।

अतः उपर्युक्तलगायतका अधुरो ठेक्काको निर्माण कार्य ऐन नियमबमोजिम कारबाही गरी सम्पन्न गर्नुपर्दछ ।

२४. **मातहतको ठेक्का बन्दोबस्त -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त अधिकारीको काममा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नहुने उल्लेख छ । केन्द्रीय निकायको रुपमा रहेको सडक विभाग मातहतका कार्यालयले सम्पादन गरेको कामको अनुगमन तथा मूल्याङ्कन एवं

नीति निर्माण कार्यमा केन्द्रित हुनुपर्दछ । विभागको पुल महाशाखा, वैदेशिक महाशाखा र हुलाकी राजमार्ग निर्देशनालयले ७७ ठेक्काको रु.२६ अर्ब ६८ कराड ५ लाखको खरिद सम्झौता गरी पहिलो किस्ता मोबिलाइजेसन पेस्की रु.२ अर्ब ३७ करोड ४९ लाख भुक्तानी गरेपछि खरिद सम्झौता कार्यान्वयन गर्न मातहत कार्यालयमा पठाएको देखिन्छ । मातहत निकायबाट भए गरेका कामको अनुगमन र निरीक्षण गरी कमी कमजोरी सुधार गर्न लगाई सेवा प्रवाहलाई सुदृढ गर्नुपर्ने नियमन गर्ने निकाय नै मातहत कार्यालयको क्षेत्राधिकार भित्रको खरिद व्यवस्थापन कार्यमा संलग्न भएको सुपरिवेक्षण तथा नियनत्रणको सिद्धान्त र प्रचलित कानुनसम्मत देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२५. **कन्टिन्जेन्सी खर्च** - नेपाल सरकारले जारी गरेको आर्थिक संकेत तथा खर्च वर्गीकरणमा खर्चसम्बन्धी संकेतहरु तोकिएका छन् । उक्त संकेतसँग मेल नखाने गरी सार्वजनिक निर्माण खर्च शीर्षकबाट विभाग र अन्तगतका ६७ कार्यालयले मष्टरोल ज्याला रु.२७ करोड ६० लाख, इन्धन खर्च रु.१० करोड ५५ लाख, सूचना प्रकाशन खर्च रु.६ करोड ३० लाख, दैनिक भत्ता तथा भ्रमण खर्चमा रु.७ करोड ९९ लाख, मर्मत खर्च रु.१२ करोड ५९ लाख, कार्यालय सामान रु.११ करोड ३७ लाख र अन्य खर्च रु.१२ करोड ४० लाख, सवारीसाधन, उपकरण खरिद गर्न विभाग पठाएको रकम रु.४३ करोड ६६ लाखसमेत रु.१ अर्ब ३२ करोड ४६ लाख कन्टिन्जेन्सीमा खर्च गरेका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्:

२५.१. सडक विभागले मातहतका कार्यालयलाई खर्च गर्ने अख्तियारी दिएको मध्येबाट रु.४३ करोड ६६ लाख ४१ हजार प्राप्त गरी रु.३२ करोड ५३ लाख ६६ हजार खर्च गरेको छ । प्राप्त कन्टिन्जेन्सी रकमबाट ब्याकहो लोडर १२, चिपिङ स्प्रेडर ७, टिपर, ट्रक १० र मोटरसाईकल १ थान खरिद गरेको भए पनि प्रचलित कानुनमा खर्च गर्ने अख्तियारी दिएको रकम तालुक कार्यालयले लिई खर्च गर्ने व्यवस्था रहेको छैन ।

२५.२. आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार खर्च नभएको रकम सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा कन्टिन्जेन्सीतर्फ गत वर्षको जिम्मेवारी रु.६ करोड ३१ लाख २५ हजारसमेत जम्मा रु.४३ करोड ६६ लाख ४१ हजारमध्ये रु ३२ करोड ५३ लाख ६६ हजार खर्च गरी रु.११ करोड १२ लाख ७५ हजार बाँकी रहेकोमा सो रकम सञ्चित कोषमा दाखिला गरेको छैन ।

२५.३. मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकाले कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्कागत खर्चको अभिलेख राख्नु पर्ने व्यवस्था गरेको भए तापनि विभाग र मातहतका कार्यालयले खर्च प्रविष्ट र अभिलेख राखेको पाइएन ।

२५.४. सार्वजनिक खरिद नियमावली, २०६४ ले निर्माण कार्यको लागतमा ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च व्यवस्थापन गर्न सक्ने व्यवस्था गरे पनि विभागले खर्च गर्न अख्तियारी प्रदान गरेको बजेटको २ प्रतिशत फिर्ता माग गरी खर्च गरेकोले सम्बन्धित कार्यालयले निर्माण कार्यको बजेट खर्च गर्न नसकेको अवस्थामा नियमावलीले तोकेको सिमाभित्र रहेर कन्टिन्जेन्सी खर्च हुन सक्ने अवस्था देखिएन ।

२५.५. आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम जिन्सी माल सामान हस्तान्तरण गर्दा स्वीकृत म.ले.प. फाराम भरी हस्तान्तरण एवं जिन्सी अद्यावधिक गर्नुपर्नेमा विभागले कन्टिन्जेन्सीबाट खरिद गरेका रु.२५ करोड ४५ लाख ७१ हजार मूल्यको ६३ सवारीसाधन र हेभी इक्वीपमेन्ट विभिन्न डिभिजन कार्यालयलाई हस्तान्तरण गरी पठाएकोमा ती कार्यालयले उक्त सवारीसाधन र हेभी इक्वीपमेन्ट जिन्सी आम्दानी जनाई हस्तान्तरण फारम प्रमाणित गरी पठाएको देखिएन ।

मन्त्रालय मातहतका निकायले कन्टिन्जेन्सी रकम खर्च गर्दा स्वीकृत निर्देशिकाको कार्यान्वयन गर्नुपर्दछ ।

२६. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ दफा ९५(३)मा कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा रु.३० लाख वा सोभन्दा बढीको जग्गा वा निजी भवन निसर्ग गरेमा पुँजीगत लाभकर बापत निसर्ग भएको सम्पत्तिको स्वामित्व ५ वर्ष वा सोभन्दा बढी भए २.५ प्रतिशत र गैर व्यावसायिक करयोग्य सम्पत्तिको स्वामित्व ५ वर्षभन्दा कम रहेको छ भने ५ प्रतिशतका दरले खुद पुँजीगत लाभमा अग्रिम रुपमै कर असुल गर्नुपर्ने व्यवस्था छ । महाकाली पुल आयोजना, कन्चनपुरले मुआवजा वितरण गरेको रु.८ करोड ७० लाख

४० हजारमध्ये रु. ३० लाखभन्दा बढीको सम्पत्ति निसर्ग गर्ने १८ व्यक्तिबाट पुँजीगत लाभकर बापत रु.३४ लाख ८६ हजार असुल गर्नुपर्दछ ।

२७. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१)(क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ । परामर्श सेवा खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्:

२७.१. डिभिजन सडक कार्यालय, दाङ, मध्यपहाडी लोकमार्ग (पश्चिम खण्ड) र गाईघाट-दिक्तेल सडक योजनाले परामर्शदाताले पेस गरेको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भए अनुसार रु. ४ अर्ब ६४ करोड १९ लाख लागत अनुमानको खरिद कारबाही गरी सम्झौता गरेकोमा सम्झौता कार्यान्वयनको क्रममा परामर्शदाताले सिफारिस गरेको लागत अनुमानमा भेरिएसनबाट रु.६० करोड ४६ लाख थप भई सम्झौता रकम रु.५ अर्ब २४ करोड ६५ लाख कायम भएको छ । यसरी लागत अनुमानमा सारभूत फरक परेकोले लागत अनुमान तयार गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

२७.२. डिभिजन सडक कार्यालय, दाङअन्तर्गत सिर्सिया नाका-किरनी-बेला-मरामको निर्माण कार्य गर्नको लागि एक परामर्शदाताले रु.२२ करोड ४३ लाख २० हजार लागतको लागत अनुमान पेस गरेकोमा कार्यालयबाट रु.११ करोड ४४ लाख ६ हजार लागत अनुमान कायम गरी स्वीकृत भएकाले रु.९ करोड १९ लाख ७४ हजार बढीको लागत अनुमान कायम गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

२७.३. सडक सुधार आयोजना, समन्वय इकाईले १७ योजनामा निर्माण कार्यको डिजाइन तथा कामको सुपरिभिजन गर्न नियुक्त ३ परामर्शदाताको ३६ महिना सेवा अवधिमा ६३ महिनासम्म थप गरेको र सम्झौता रकममा रु.१२ करोड ९२ लाख ३३ हजार थप भई सक्दा समेत निर्माण कार्यमा भएको ढिलाइको कारणले परामर्शदाताको लागत अझ बढ्ने अवस्था देखिएको छ ।

२७.४. मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना मध्ये निम्न आयोजनाले यस वर्ष रु. ११ अर्ब ४८ करोड ४३ लाख खर्च गरेकोमा परामर्श सेवामा मात्र रु. १ अर्ब ८८ करोड ४८ लाख खर्च गरेको छ । परामर्श सेवामा ५.३० प्रतिशतदेखि ३१.०८ प्रतिशत सम्म खर्च गरेकोले खर्चमा नियन्त्रण हुनुपर्दछ ।

(रु. लाखमा)

आयोजना	यो वर्षको पुँजीगत खर्च रु.	परामर्श सेवा खर्च रु.	खर्च मध्ये परामर्श खर्चको प्रतिशत
सडक सुधार आयोजना	१८१५२	९९५	५.४८
सडक क्षेत्र विकास आयोजना	१६१३७	८५६	५.३०
रेल, मेट्रो रेल आयोजना	३७७७१	११७४०	३१.०८
सासेक रोड कनेक्टीभिटी आयोजना	१२९५७	१४४०	११.११
नेपाल भारत क्षेत्रीय व्यापार आयोजना	१७५६६	१३५९	७.७४
नागढुङ्गा सुरुङ मार्ग	८८९६	२०७३	२३.३०
सासेक सडक सुधार आयोजना	३३६४	३८५	११.४४
	११४८४३	**१८८४८**	

२८. **समन्वय एवं निर्माणस्थल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३)मा अन्य निकायसँग लिनु पर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य प्रथम चौमासिकमा समाप्त गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२८.१. सडक विभागले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट वाग्मती नदीको सिनामंगल पुल निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु ७ करोड ९० लाख १५ हजारमा २०७५।७।२९ सम्म सम्पन्न गर्ने गरि २०७२।०७।२९ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई रु ९७ लाख ७५ हजार पेस्की दिएकोमा खानेपानी पाईप, बिजुलीको पोल, ढल एवं पुल वरिपरिका घर टहरा हटाउन नसकेको भनी २ वर्ष ९ महिना बितिसक्दा समेत निर्माण कार्य शुरु गरेको देखिएन । हालसम्म डिजाइन तयार गरी रु २७ लाख ६६ हजार भुक्तानी भएको छ । निर्माण स्थलको व्यवस्था नगरी ठेक्का सम्झौता गरेका कारण निर्माण कार्य हुन नसकी रु.९७ लाख ७५

हजार पेस्की निष्क्रिय हुन गएको देखियो । यसमा सडक विभाग, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, तथा नेपाल विद्युत प्राधिकरणबीच समन्वय गरी अबिलम्ब निर्माण कार्य सञ्चालन गर्नुपर्नेमा गरेको देखिएन ।

२८.२. मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयले विभिन्न ६ सडकको २४.४ कि.मि. मर्मत कार्य २०७२।२।१५ भित्र सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग रु.८ करोड ५६ लाख ७० हजारको खरिद सम्झौता गरेकोमा ६ कि.मि.को एउटा सडकको मर्मत सम्पन्न गरेको र अर्को एउटा ७ कि.मि. सडकको मर्मत कार्य चालु रहेको छ भने अन्य सडकहरु काठमाडौँ उपत्यका सडक विस्तार आयोजना, सडक सुधार आयोजना तथा सार्क सम्मेलनको बेला निर्माण सम्पन्न भएको देखाई २०७५।३।२४ को निर्णयबाट सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गरेको पाइयो । काठमाडौँ उपत्यका भित्रका सडकको अवस्था, निर्माणस्थलको उपलब्धता तथा अन्य निकायसँग समन्वय नगरी खरिद सम्झौता गरी मर्मत कार्यको खर्च गरेको रु.२ करोड २९ लाख ४५ हजारमध्ये रु.१ करोड ४३ लाख ९ हजार खर्च उपलब्धिविहीन भएको छ ।

२८.३. डिभिजन सडक कार्यालय, भक्तपुरले खरिद कारबाही शुरु गर्नु अघि निर्माणस्थलको व्यवस्था नगरेको तथा निर्माण व्यवसायीले समेत निर्माणस्थलको अवस्था यकिन नगरेको कारणले गर्दा खरिद सम्झौता भएपछि निर्माणस्थलमा विवाद भएका रु.३० करोड ७२ लाख ५८ हजारका ५ खरिद सम्झौतामा रु.२० करोड २० लाख ७२ हजार भुक्तानी भइसकेको भए तापनि निर्माण कार्य सम्पन्न हुन नसकी पटक पटक सम्झौताको म्याद थप गरेको देखिन्छ ।

२८.४. डिभिजन सडक कार्यालय, दोलखाले बाह्रबीसे-धुस्कुन सडकमा पर्ने सुनकोशी खोलामा पुल निर्माण गर्न रु.३ करोड ७३ लाख ८३ हजारमा २०७३।३।३२ मा सम्पन्न गर्नेगरी २०७१।३।२९ मा सम्झौता भएकोमा पुल निर्माण स्थल सम्बन्धमा विवाद भई २ वर्ष निर्माण कार्य ढिला भएको छ । तोकिएको समयमा काम शुरु हुन नसकेको कारण जनाई २०७५।३।३ सम्म थप व्ययभार नपर्ने गरी म्याद थप भएकोमा उक्त म्यादभित्र रु.१ करोड ६३ लाख ४५ हजार (४३.७२ प्रतिशत) को मात्र काम सम्पन्न गरेको देखियो ।

२८.५. सेती लोकमार्ग आयोजना, अछामले बोनियादेखि ठूलीगाडसम्मको ४० कि.मि. सडक निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.३३ करोड ९९ लाख १२ हजारको खरिद सम्झौता गरी मोबिलाइजेसन पेस्की रु.३ करोड दिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति नभएकोले निर्माण कार्यको शुरु गरेको देखिएन ।

२८.६. भक्तपुर-नगरकोट सडक खण्डको निर्माणका लागि रु.३१ करोड ५२ लाख ९२ हजारमा खरिद सम्झौता भएकोमा सडकमा पर्ने बिजुलीका पोलहरु र रुख हटाई साइड क्लियर गराउने समेतको कार्य गर्ने गरी कार्यसम्झौता रकम रु.३४ करोड १५ लाख ६९ हजार कायम गरेको छ । खरिद सम्झौता गर्नु अगावै निर्माण स्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको देखियो ।

२८.७. डिभिजन सडक कार्यालय काठमाडौं, २ ले थप म्याद समाप्त भई निर्माण कार्य अधुरो रहेका ११ ठेक्का सम्झौता अन्तर्गत रु.७१ करोड ५९ लाख ९२ हजारको काम सम्पन्न गर्नुपर्नेमा रु.४५ करोड २२ लाख ६७ हजारको मात्र निर्माण कार्य सम्पन्न भई आयोजना अधुरो रहेको छ । पटक पटक म्याद थप गर्दा पनि निर्माणस्थालमा बिजुलीको पोल, ह्युमपाइप हटाउन नसकेको आदि कारणसमेतबाट आयोजना सम्पन्न नभएको देखिन्छ ।

२९. **बहुवर्षीय ठेक्का स्वीकृति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । डिभिजन सडक कार्यालय दाङ, गाईघाट दिक्तेल सडक योजना र मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजना पश्चिम खण्डले रु. रु.६ अर्ब ४२ करोड ५२ लाखका १० खरिद सम्झौता गरेकोमा बहुवर्षीय खरिद सम्झौता गर्ने स्वीकृति लिएको देखिएन ।

३०. **निर्माण कार्यमा दोहोरो परेको** - काठमाडौँ उपत्यकामा खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभाग बीच भएको सहमतिअनुसार आयोजना निर्देशनालयले पाइप ट्रेन्च खनिएको भागमा सब-बेसद्वारा सडक सतह सम्म पुनः स्थापना गर्ने र सो पश्चात सडक विभागले वेस कोर्सलगायत सडक कालोपत्रे गर्ने कार्य अगाडि बढाउने व्यवस्था भए पनि मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयले सब-बेससहितको कार्य गर्न ४ खरिद सम्झौतामा रु.५ करोड ९९ लाख ७५ हजारको सम्झौता गरी यस वर्षसम्म रु.४८ लाख २४ हजार भुक्तानी गरेको पाइयो । दुई निकायबाट हुने काममा दोहोरोपना नहुने गरी काम गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३१. **निर्माण क्रममा क्षति** - काठमाडौँ उपत्यकामा खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभाग बीच भएको सहमति तथा सम्झौतापत्रको दफा ७ मा आयोजना कार्यान्वयन निर्देशनालयबाट पाइप बिच्छ्याएको सडकमा सडक विभागले ढल निर्माणको कार्य गर्दा पाईपमा क्षति पुग्न गएमा सो क्षतिलाई पुनः निर्माण गर्न लाग्ने रकम सडक विभागले आयोजना कार्यान्वयन निर्देशनालयलाई उपलब्ध गराउने व्यवस्था रहेको छ । निर्माण कार्य गर्दा पर्याप्त सावधानी अपनाउन नसक्दा ५ सडक खण्डमा डिभिजन सडक कार्यालय, काठमाडौँ १ बाट रु.१ करोड ५६ लाख ८९ हजार बराबरको पाइप क्षति भएकोले थप अनुत्पादक दायित्व सिर्जना हुन गएको छ । यसमा सम्बन्धित पदाधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

३२. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(१) मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । यो वर्ष ४४ कार्यालयले निर्माण व्यवसायीको कारणले कार्य सम्पन्न नभएकोमा रु. ४० करोड ९५ लाख ३८ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् । सोसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

३२.१. डिभिजन सडक कार्यालय, लहानले गिदेरी पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१५ करोड १३ लाख ८३ हजारमा २०७४ असार मसान्तसम्म सम्पन्न गर्ने गरी २०७१/३/३१ मा सम्झौता गरेकोमा यो वर्ष सम्म रु. ३ करोड ३७ लाख ११ हजार भुक्तानी भएको छ । खरिद सम्झौताको म्याद २०७५।३।२५ मा २०७५ आषाढ मसान्तसम्म थप भएको छ । निर्माण व्यवसायीले निर्माण कार्यमा ढिलाई गरेको देखाई पेस्की जमानतको रकम रु.१ करोड ४० लाख जफत गरी ०७५।१०।२० राजस्व दाखिला गरेको भए तापनि पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको छैन ।

३२.२. बनेपा-सिन्धुली-बर्दिवास सडकको आवधिक मर्मत कार्य २०७४।३।२५ भित्र सम्पन्न गर्ने गरी रु.९ करोड ५६ लाख ८१ हजारमा एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा २०७४ मंसीर मसान्तसम्म म्याद थप भएपनि निर्माण व्यवसायीले सो म्यादभित्र रु.७ करोड १६ लाख १५ हजारको मात्र कार्य गरी केही आइटमको कार्य शुरु गरेको छैन । सम्झौता बमोजिम कार्य शुचारु गर्न २०७५।२।२५ मा पत्रिकामा सूचना प्रकाशन गर्दा समेत कार्य सम्पन्न नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (८) बमोजिम जमानत जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम समेत यकिन गरी पूर्वनिर्धारित क्षतिपूर्ति रु.९५ लाख ६८ हजारसमेत थप गरी असुल गर्नुपर्दछ ।

३२.३. मध्यपहाडी लोकमार्ग आयोजना (पश्चिम खण्ड) दाङले खरिद सम्झौता गरेका ६३ खरिद सम्झौतामध्ये १६ खरिद सम्झौताको अवधि समाप्त भएपनि निर्माण कार्य सम्पन्न भएको पाइएन । तोकिएको अवधिमा सम्पन्न नभएकाले रु.१२ करोड ८१ लाख ३१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी काम गराउने वा खरिद सम्झौताको अन्त्य गरी जमानत जफत तथा बाँकी निर्माण कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गर्नेबारे प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ ।

३२.४. सूर्यविनायक-धुलिखेल-बर्दिवास सडक आयोजना, सुनसरी मोरङ पुल आयोजना, लुम्बिनी परिक्रमा सडक, डिभिजन सडक कार्यालय, ललितपुर कास्की एवं धनकुटाले ७ निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीले तोकिएको म्यादभित्र काम सम्पन्न नगरेको एवं खरिद सम्झौताको म्याद थपसमेत नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.३ करोड ३५ लाख बिलबाट कट्टा गरी धरौटी खातामा राखेको छ । उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

३२.५. हुलाकी राजमार्ग योजना कार्यालय, धनगढीले निर्माण व्यवसायीसँग गरेको ३ सम्झौताको शर्तको निर्माणका चरण (माइल स्टोन) उल्लेख गरे अनुसार निर्माण कार्य सम्पन्न हुन नसकेकोमा सम्झौताबमोजिम पहिलो माईल स्टोन पुरा गर्न ढिलाई गरेकोले सम्झौता रकमको ०.०१ प्रतिशतका दरले रु.२ करोड १२ लाख ७८ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेकोले असुल गर्नुपर्दछ ।

३२.६. धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौँडा सडक योजना पूर्वी खण्डअन्तर्गत कमला नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको थपिएको म्याद २०७४।४।१५ मा सम्पन्न नगरेकोमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने निर्णय भएको तथा सो अवधिमा निर्माण कार्य सम्पन्न नगरेकोले रु. ३ करोड १ लाख ६७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको र निजले राखेको कार्य सम्पादन जमानत बापतको रु.५ करोड ३८ लाख २९ हजार समेत असुल गरेको पाइएन ।

३२.७. सडक विभाग र एक निर्माण व्यवसायीबिच डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट २ पुल निर्माण कार्यको ठेक्का सम्झौता अनुसार ३ वर्षको म्याद समाप्त हुँदासम्म डिजाइन तयार गर्ने बाहेक पुल निर्माणको काम शुरु नै नगरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.१ करोड २७ लाख २७ हजार असुल गरी कालो सूचीमा राख्नेतर्फ कारबाही गरी पेस्की रु.५० लाखसमेत फिर्ता गर्नुपर्दछ ।

३२.८. गाईघाट-दिक्तेल सडक योजनाअन्तर्गत त्रियुगा नदीमा पुल निर्माण कार्य २०७०।३।२२ भित्र रु.११ करोड २६ लाख १२ हजारमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति नलाग्ने गरी २०७४।१।१५ सम्म तथा पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने गरी २०७४।११।१५ सम्म म्याद थप भए पनि यस वर्षसम्म रु.६ करोड ९२ लाख १२ हजार (६९.४५ प्रतिशत) को मात्र निर्माण कार्य सम्पन्न भएको छ । निजसँग रु.१ करोड १२ लाख ६१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रु.२० लाखमात्र असुल गरेकोले नपुग रु.९२ लाख ६१ हजार र पेस्की जमानत रु.४९ लाखसमेत असुल गर्नुपर्दछ ।

३२.९. मध्यपहाडी लोकमार्ग आयोजना (पूर्वी खण्ड) अन्तर्गत ५ ठेक्काको थप दिएको म्यादसमेत भुक्तान भै म्याद थप नगरेको र कार्य सम्पन्न समेत नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.६ करोड ४२ लाख ५६ हजार असुल गरी बाँकी काम पूरा गर्नुपर्दछ ।

३२.१०. एघार किलो छेपेटार-बारपाक सडक आयोजना, गोरखाले सम्झौताको शर्तबमोजिम कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीको कतिपय कार्य सम्पादन जमानतको म्याद समाप्त भएकोले निर्माण कार्य अधुरो छोडेका तथा म्याद समाप्त भैसकेका निर्माण व्यवसायीबाट रु.३ करोड २९ लाख ७३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

३२.११. हुलाकी राजमार्ग योजना कार्यालय, बाँकेले राप्ती एप्रोच सडकमा पर्ने बघौडा खोला पुल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.४ करोड १२ लाख ९० हजारको ठेक्का सम्झौता भएकोमा २०७५।२।३० सम्म थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएकोमा तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरेकोमा पूर्व निधारित क्षतिपूर्ति असुल गरेको छैन । पटक पटक गरी १२४ प्रतिशत अवधि म्याद थप गर्दा समेत ५० प्रतिशत मात्र प्रगति भएको, ठेक्काको म्याद समाप्त भएको र कार्यसम्पन्न समेत नभएकोले सम्झौता रु.३ करोड ६५ लाख ४० हजारमा १० प्रतिशतले हुने रु.३६ लाख ५४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको पाइएन ।

३३. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । यो वर्ष २४ कार्यालयले रु. ७२ करोड ९८ लाख ४१ हजारको भेरिएसन आदेश जारी गरेको पाइयो । भेरिएसन आदेशका सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

३३.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(३) मा लागत अनुमान स्वीकृत गर्ने अधिकारीभन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न नपाइने व्यवस्था रहेको छ । डिभिजन सडक कार्यालय, भक्तपुरले ३ खरिद सम्झौताको लागत अनुमान महानिर्देशकले स्वीकृत गरेकोमा क्षेत्रीय निर्देशकले भेरिएसन आदेश स्वीकृत गरी सम्झौता रकम रु.१९ करोड ५ लाख ३२ हजार कायम गरेको छ ।

३३.२. डिभिजन सडक कार्यालय, बैतडीले एक स्थानमा निर्माण कार्य गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले अन्य स्थानमा ६ आइटमको काम गरेको देखाई रु.४ करोड ६ लाख १५ हजार भुक्तानी दिएकोमा भेरिएसन आदेश जारी भएको छैन । तोकिएको काम नगरी भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३३.३. डिभिजन सडक कार्यालय, भक्तपुर, मध्यपहाडी लोकमार्ग आयोजना (पश्चिम खण्ड) दाङ, धरान चतरा गाईघाट हेटौँडा सडक (पूर्वी खण्ड), गाईघाट-दिक्तेल सडक योजना तथा हुलाकी राजमार्ग आयोजना निर्देशनालय, डिभिजन सडक कार्यालय कास्कीले ५५ खरिद सम्झौतामा विभिन्न आइटममा सम्झौताभन्दा बढी परिमाणको काम भएकोमा भेरिएसन आदेश जारी नगरी सम्झौताभन्दा रु.४३ करोड २० लाख ९१ हजार थप भुक्तानी गरेकोले भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३३.४. काठमाडौँ उपत्यका विस्तार आयोजनाले भेरिएसन स्वीकृत गरेको कार्य परिमाण र लागतभन्दा २ निर्माण ठेक्कामा निर्माण व्यवसायीलाई थप भेरिएसन स्वीकृत नगरी रु.८० लाख ७५ हजार भुक्तानी गरेको छ । कानुनमा तोकिएको व्यवस्था पालना नगरी भुक्तानी गर्न मिल्ने देखिएन ।

३४. **मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ । त्यस्तै मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाले वस्तु वा सेवा आपूर्ति गर्दा तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने उल्लेख छ । सोसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

३४.१. विभाग मातहतका २४ कार्यालयले रीतपूर्वको कर बीजक पेस नगरेका ४० निर्माण व्यवसायीलाई रु.५ करोड १६ लाख १ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको देखियो ।

३४.२. यो वर्ष ३४ कार्यालयसँग खरिद सम्झौता गरेका २३० निर्माण व्यवसायीले मूल्य अभिवृद्धि कर भुक्तानी लिएकोमा आन्तरिक राजस्व विभागको वेबसाइटमा ती निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण नबुझाई ननफाइलर देखाएको हुँदा कार्यालयबाट भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु. २४ करोड ४० लाख ७४ हजार र समयमा विवरण नबुझाए बापत उक्त ऐनको दफा २९ बमोजिम लाग्ने जरिवाना समेत असुल गर्नुपर्दछ ।

३४.३. डिभिजन सडक कार्यालय, कञ्चनपुरअन्तर्गतका २ निर्माण व्यवसायीले मूल्य अभिवृद्धि करमा दर्ता नभए पनि कर बीजक जारी गरी रु.१३ लाख ८९ हजार मूल्य अभिवृद्धि करसमेत रु.१ करोड २० लाख ७१ हजार भुक्तानी गरेकोले निजहरुबाट जरिवानासमेत असुल गर्नुपर्दछ ।

३४.४. डिभिजन सडक कार्यालय, कास्कीले संयुक्त उपक्रमको रुपबाट मूल्य अभिवृद्धि करमा दर्ता नभएका विभिन्न ठेक्काका निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.१ करोड ५५ लाख ८० हजार असुल गर्नुपर्दछ ।

३५. **खरिद सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ मा खरिद सम्झौता अन्त्य सम्बन्धी व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) मा खरिद सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुने, सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गरिने व्यवस्था रहेको छ । सोसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

३५.१. डिभिजन सडक कार्यालय, भक्तपुरअन्तर्गतका ८ निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेकोले निर्माण व्यवसायीसँगको खरिद सम्झौता अन्त्य गरी निजले राखेको जमानत रकम रु.१ करोड ८९ लाख ६० हजार जफत गरी बाँकी कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गरेको छैन ।

३५.२. डिभिजन सडक कार्यालय, प्युठानअन्तर्गत माडीखोलामा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६८ पौष मसान्तसम्म कार्य सम्पन्न गर्नेगरी रु.३ करोड ४१ लाख ५३ हजारको खरिद सम्झौता भएकोमा थप भएको म्यादभित्र ३५ प्रतिशतभन्दा बढी कार्य प्रगति नगरेको कारण २०७४।४।१२ मा ठेक्का अन्त्य गरेको छ । सोही कार्य २०७६।९।३० सम्ममा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग रु.३ करोड ३५ लाख ९७ हजारको खरिद सम्झौता गरेको छ । साविकको निर्माण व्यवसायीबाट सम्झौताको शर्तअनुसार निर्माण गर्न लाग्ने रकमको २५ प्रतिशतले हुने रु.५५ लाख ७९ हजार असुल गर्नुपर्नेमा रु.८ लाख १९ हजार मात्र असुल गरेकाले नपुग रु.४७ लाख ६० हजार असुल गर्नुपर्दछ ।

३५.३. डिभिजन सडक कार्यालय, दाङले तुलसीपुर पुरनधारा सडक कालोपत्रे गर्ने कार्य २०७१।११।२० सम्म रु.७ करोड ३९ लाख ३६ हजारमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७०।८।२८ मा सम्झौता गरेकोमा निर्माण व्यवसायीले रु.३ करोड ४३ लाख ४९ हजारको मात्र काम गरेको र बाँकी निर्माण कार्य नगरेकोले २०७३।९।२८ को निर्णयले निर्माण गर्न बाँकी कार्य रु.३ करोड ९५ लाख ८७ हजारको २५ प्रतिशतले हुने रु.१ करोड १३ लाख ६० हजारसमेत रु.१ करोड ९२ लाख ६ हजारमध्ये धरौटीबाट रु.१५

लाख २२ हजार कटाई बाँकी रु.१ करोड ७६ लाख ८४ हजार सरकारी बाँकी सरह असुल गर्ने निर्णय भएकोमा धरौटी रकम राजस्व दाखिला नगरेको तथा बाँकी रकम असुल गरेको देखिएन । उक्त रकम असुल हुनुपर्दछ ।

३६. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा बीमाको छुट्टै आइटम बनाई लागत अनुमान समावेश गर्नुपर्ने र नियम ११२ तथा खरिद सम्झौतामा कार्यादेश मितिदेखि त्रुटि सच्याउने अवधिसम्मको लागि निर्माण कार्य, औजार उपकरण र निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्ने उल्लेख छ । विभाग मातहतका कार्यालयहरुले बीमा रकम कार्य परिमाण सूचीको लमसममा राखी निर्माण व्यवसायीले कबोल गरेको रकम भुक्तानी दिने गरेको पाइयो । यो वर्ष ५ कार्यालयले ३४ निर्माण व्यवसायीलाई बीमा कम्पनीलाई भुक्तानी गरेको प्रिमियम रकमभन्दा रु.३ करोड २२ लाख ९५ हजार बढी रकम भुक्तानी दिएको छ । यसरी ठेक्काको बी.ओ.क्यू.मा फ्रण्ट लोडिङ्ग भएको कारण बीमाको लागि यथार्थ लागतभन्दा बढी खर्च हुन गएको छ ।

हुलाकी राजमार्ग योजना कार्यालय, पर्साले निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको विशेष शर्तमा प्रथम वर्षको बीमा पोलिसि पेस भएपछि कबोल रकमको ३५ प्रतिशत, पुनः अवधि थप गरेको पोलिसि र प्रिमियम तिरेको प्रमाण पेस भए पछि थप ३५ र त्रुटि सच्याउने अवधि भएको पोलिसी र प्रिमियम तिरेको प्रमाणको आधारमा बाँकी ३० प्रतिशत रकम भुक्तानी दिने वा निर्माण कार्य शुरु अवधिदेखि त्रुटि सच्याउने अवधि सम्मकै बीमा गरेको पोलिसी पेस गरेमा सम्झौताबमोजिम पूरै रकम एकमुष्ट दिन सकिने उल्लेख छ । कार्यालयले २ निर्माण व्यवसायीलाई घटी अवधिको बीमा गराएको अवस्थामा समेत यस वर्ष बीमा बापतको पूरै कबोल अङ्क रु.१ करोड ६० लाख भुक्तानी गरेको छ । नियमविपरीत रकम भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

३७. **प्रोभिजनल सम -** सडक विभागको २०७३।३।५ को परिपत्रमा प्रोभिजनल समको रकम खर्च गर्नु अघि अनिवार्य रुपमा लागत स्वीकृत गरेरमात्र खर्च गर्ने र खर्चको बिल भरपाई पेस गर्नुपर्ने उल्लेख छ । सोसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

३७.१. धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौँडा सडक योजना पूर्वी खण्डले रु.१ करोड ४९ लाख ४४ हजार प्रोभिजनल समबापत निर्माण व्यवसायीलाई भुक्तानी दिएकोमा लागत अनुमान स्वीकृत नगरेको एवं खर्चको बिल भरपाई कार्यालयमा पेस गरेको छैन ।

३७.२. हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरअर्न्तगतका ठेक्का प्याकेजहरुमा रहेको प्रोभिजनल समको रकमवाट रु.२६ लाख १९ हजार खर्च लेखेकोमा लागत अनुमान स्वीकृत नगरेको, कार्यादेश नदिएको तथा नापी किताब समावेश नगरी भुक्तानी दिएको छ ।

३८. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । यो वर्ष ४८ कार्यालयले विभिन्न निर्माण व्यवसायीलाई रु.५९ करोड ५४ लाख २० हजार मूल्य समायोजन भुक्तानी गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३८.१. डिभिजन सडक कार्यालय, भक्तपुरले एक निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्य नगरेकोले दुई पटक एक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेको तथा निर्माण व्यवसायीले थप भएको म्यादभित्र कार्य सम्पन्न गर्ने प्रतिबद्धता जनाए पनि सो म्यादभित्र पनि निर्माण कार्य सम्पन्न नगरेको अवस्थामा रु.४४ लाख ३१ हजार मूल्य समायोजन भुक्तानी दिएको नियमसम्मत देखिएन ।

३८.२. हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुरले सम्झौताको विशेष शर्तअन्तर्गत मूल्य समायोजनसम्बन्धी सूत्रमा १५ प्रतिशतलाई अपरिवर्तनीय मानी ८५ प्रतिशतलाई तोकिएको भारबाट गणना गरिने व्यवस्था भए तापनि दुई निर्माण व्यवसायीसँग सो भारलाई ९५ प्रतिशत कायम गरी सम्झौता गरेअनुसार यो वर्षसम्म रु.२ करोड २३ लाख ९५ हजार भुक्तानी गरेको पाइयो । खरिद सम्झौतामा बढी प्रतिशत भार कायम गरी सम्झौता गर्नेलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

३८.३. हुलाकी राजमार्ग योजना कार्यालय जनकपुरले एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा मूल्य समायोजन गणना गर्ने प्रयोजनका लागि श्रम, सामग्री, मेसिनरी प्रयोगमा सम्झौताभन्दा फरक भार दिई गणना गरेकोले बढी भुक्तानी भएको रु.२० लाख २६ हजार असुल गर्नुपर्दछ ।

३८.४. मध्यपहाडी लोकमार्ग आयोजना (पूर्वी खण्ड) र निर्माण व्यवसायीबीच भएको खरिद सम्झौतामा म्याद थप भएमा शुरुको म्यादको अन्तिम महिनाको मूल्यसूची वा हालको मूल्यसूचीमध्ये जुन कम हुन्छ सो मूल्य सूचीलाई आधार लिनुपर्ने व्यवस्था छ । आयोजनाले निर्माणका चरण (माइल स्टोन) अन्तर्गत ३५ प्रतिशत कार्यको मूल्य समायोजन गर्दा माइलस्टोन १ को अन्तिम अवधिको सूचकाङ्कलाई आधार नलिएको कारण १३ ठेक्कामा यो वर्षसम्म रु.२ करोड ५५ लाख ९९ हजार मूल्य समायोजन भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

३८.५. डिभिजन सडक कार्यालय, कास्कीले सडक निर्माण कार्य एक निर्माण व्यवसायीबाट सम्झौताअनुसार रु. ७० लाख ४२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति कट्टी गरेतापनि रु.७६ लाख ७१ हजार मूल्य समायोजन भुक्तानी गरेको छ । निर्माण व्यवसायीले म्यादमा काम नगरेको तथा खरिद सम्झौताको म्याद थप नभएकोमा मूल्य समायोजन भुक्तानी दिएको नियमसम्मत देखिएन ।

३८.६. व्यापारिक मार्ग विस्तार आयोजना रुपन्देहीले ठेक्का सम्झौता गर्दा माइलस्टोन १ र २ को व्यवस्था गरेको छ । सबै सम्झौताको म्याद थप गर्दा आर्थिक दायित्व नबढ्ने गरी शुरु सम्झौताको कार्य सम्पन्न गर्ने अन्तिम महिनामा कायम नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकाङ्कलाई आधार लिने निर्णय गरेको देखिन्छ । मूल्य समायोजन भुक्तानी गर्दा शुरु सम्झौतामा माइलस्टोन २ को कार्यसम्पन्न गर्ने अन्तिम मितिको सूचकाङ्कलाई आधार लिई मूल्य समायोजन भुक्तानी गर्ने गरेको छ । २०७१।७२ का ठेक्का सम्झौतामा माइलस्टोनको व्यवस्था गर्दा कुल कार्यमध्ये ३५ प्रतिशत कार्य १२ महिना र १०० प्रतिशत कार्य ३० महिना भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ । आयोजनाले अघिल्लो ३५ प्रतिशत कार्यको मूल्य समायोजन गर्दा माइलस्टोन १ को अन्तिम काम सम्पन्न गर्नुपर्ने महिनाको मूल्यसूचीभन्दा बढी हुने गरी ४ सम्झौतामा रु.१ करोड ५१ हजार बढी मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३८.७. लुम्बिनी परिक्रमा सडक योजना रुपन्देहीले ठेक्का सम्झौतामा मूल्य समायोजन गर्दा मोबिलाइजेसन पेस्की घटाएर हुने बिल रकममा समायोजन गरिने व्यवस्था गरेको छ । यो वर्ष एक निर्माण व्यवसायीलाई विगत वर्षमा दिएको मोबिलाइजेसन पेस्की रु.२ करोड ८४ लाख १२ हजार यो वर्ष बैङ्क जमानत जफत गरी पेस्की फछ्यौंट गरेको छ । उक्त निर्माण व्यवसायीलाई पाँचौ र छैटौं बिलबाट मूल्य समायोजनबापत रु.२ करोड ८८ लाख २९ हजार भुक्तानी गरेको छ । फछ्यौंट गरेको मोबिलाइजेसन पेस्की रकमको मूल्य वृद्धि फ्याक्टर ०.२४२ ले हुने रु.७७ लाख ७० हजार बढी भुक्तानी भएको छ । सोही कार्यालयले एक निर्माण व्यवसायीलाई रु.६ करोड ३३ लाख ८४ हजार भुक्तानी हुनुपर्नेमा रु.७ करोड ४६ लाख ८ हजार भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१ करोड १२ लाख २३ हजारसमेत रु.१ करोड ८६ लाख ९३ हजार असुल गर्नुपर्दछ ।

३८.८. डिभिजन सडक कार्यालय, दोलखाले एक ठेक्काको म्याद समाप्त भई थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप स्वीकृत भएकोमा शुरु सम्झौताको अन्तिम महिनाको मूल्यसूचीअनुसार म्यादअनुसारको मूल्य समायोजन भुक्तानी गर्नुपर्नेमा म्याद थप भएको अवधिको मूल्यसूचीअनुसार भुक्तानी दिएको मूल्य समायोजन रु.३० लाख ८६ हजार बढी तथा ३ खरिद सम्झौतामा मोबिलाइजेसन पेस्कीमा समेत मूल्य समायोजन भएको रु.१३ लाख ९८ हजारसमेत रु.४४ लाख ८४ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३९. **दोहोरो सम्झौता -** धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडक योजना पूर्वी खण्डले खरिद सम्झौता गरेका सडक र पुलको बिल अफ क्वान्टिटीको परीक्षण गर्दा निर्माण गर्नुपर्ने १३४.८१० कि.मि. सडकभित्र रु.३ अर्ब ८५ करोड ९० लाखमा २ हजार ७२५ मिटर पुल, पुलमा रु.२ करोड ३ लाख ४० हजारको ५.५ कि.मि. एप्रोच सडक, सडकमा रु.२ करोड ७१ लाख २० हजारको ४ हजार रनिङ मिटर सडक सुरक्षा निर्माण एवं पुलमा रु.३ करोड ३० लाख ४१ हजारको ३ हजार ४४० रनिङ मिटर सडक सुरक्षा निर्माण गर्ने आइटम समावेश गरेको छ भने सडकमा पर्खाल लगाउने आइटम रहेको तथा पुलमा समेत रु.२९ करोड ९३ लाख ३८ हजारमा ९ हजार २३० रनिङ मिटर नदी नियन्त्रण कार्य समावेश गरेको छ । यसबाट निर्माण कार्यहरु एक आपसमा दोहोरो पर्ने गरी खरिद सम्झौता भएको देखिएकाले निर्माण कार्य गर्दा उक्त काम दोहोरो नपर्ने गरी निर्माण एवं भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

३९.१. सडक विभागको २०७४।१।५ को निर्णयअनुसार डिभिजन सडक कार्यालय, बाग्लुङबाट मालढुङ्गा-बेनी सडक र कुस्मा-बाग्लुङ्ग सडक मध्यपहाडी लोकमार्ग आयोजना (पश्चिम खण्ड) लाई हस्तान्तरण गरेकोमा हस्तान्तरण पश्चात डिभिजन सडक कार्यालयले विभिन्न कार्य गराई रु.१ करोड ५६ लाख १९ हजार भुक्तानी गरेको छ । आयोजनाले सोही सडक विस्तार गर्दा उक्त कार्य नष्ट भई अनावश्यक व्ययभार पर्न गएको देखिन्छ ।

४०. **अन्यत्र कार्य** - सार्वजनिक निकाय र निर्माण व्यवसायीबीच सम्झौता भएकै स्थान र चेनेजमा काम गर्नुपर्नेमा फरक गरी काम गराएका केही व्यहोरा निम्नानुसार छन्:

४०.१. डिभिजन सडक कार्यालय, ललितपुरले एकान्तकुना-भनिमण्डल सडक विस्तार कार्य रु.२ करोड ६९ लाख ६९ हजारमा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा विभिन्न सडक बालकुमारी-पिन्छे खण्डमा कार्य गराई यो वर्ष रु.६३ लाख १६ हजार भुक्तानी गरेको छ ।

४०.२. काली गण्डकी करिडोर अन्तर्गत गैँडाकोट-पिपलडाँडा खण्डको ९ कि.मि.सडक चौडा एवं स्तरोन्नति कार्य २०७५।३।१५ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.६ करोड ६८ लाख २४ हजारको खरिद सम्झौता भएकोमा रु.६ करोड ६५ लाख ९ हजार भुक्तानी भएको छ । शुरु सम्झौतामा ४० हजार ७०७ घन मिटर चट्टान कटिङको परिमाण राखेकोमा भेरिएसनबाट थप गरी ४५ हजार ९५० घनमिटर पुऱ्याई रु.१ करोड ६० लाख ९६ हजार भुक्तानी गरेको छ । स्थलगत अवलोकनको क्रममा सम्झौतामा उल्लेख भएभन्दा बाहिरको चेनेजमा १४ हजार १४६ घन मिटर कार्य गराएको पाइयो । सम्झौतामा उल्लिखित चेनेजभित्रको २२० मिटर कडा चट्टानयुक्त साँघुरो स्थानमा कटिङ कार्य नगरी बाहिरको सजिलो स्थानको चेनेजमा काम गराई भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४१. **एज बिल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ तथा खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भएबमोजिमको एज बिल्ट नक्सा पेस गर्नुपर्ने र उक्त नक्सा पेस नगरेमा निश्चित रकमको भुक्तानी रोक्का गर्नुपर्ने व्यवस्था छ । विभाग मातहतका १४ कार्यालयले एज बिल्ट नक्सा पेस नगरेको अवस्थामा भुक्तानी रोक्का गर्नुपर्ने रु.२ करोड १३ लाख रोक्का नगरी सबै रकम भुक्तानी भएको छ । एज बिल्ट नक्सा पेस नगर्नेबाट उक्त रकम असुल गर्नुपर्दछ ।

४२. **ठेक्का ओभरल्याप -** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम ठेक्का व्यवस्थापन गर्दा निर्माणस्थलको यकिन गर्नुपर्ने तथा सम्झौतामा कार्यस्थलको चेनेज खुलाउनुपर्दछ । चेनेजसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

४२.१. गाईघाट दिक्तेल सडक योजनाले रु.६३ करोड ८३ लाख ९१ हजारका ६ वटा खरिद सम्झौता गर्दा एउटै चेनेजमा एकभन्दा बढी हुने गरी खरिद सम्झौता भएको देखिएकाले ती खरिद सम्झौताबीचको कार्य एक अर्कामा खप्टिएकाले एउटै चेनेजको एकै प्रकृतिको कार्य दुई वा सोभन्दा बढी सम्झौताबाट भुक्तानी नहुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

४२.२. कान्ति लोकपथ योजनाअन्तर्गतको मकवानपुर खण्डमा पर्ने ५१ कि.मि. सडक निर्माणका लागि २०७१।७२ मा २ र २०७२।७३ मा ५ खरिद सम्झौता गरी निर्माण कार्य चालु रहेको छ । एक सम्झौतामा ब्याक कटिङ, रिटेनिङ्ग स्ट्रक्चर, साइड ड्रेन र क्रस ड्रेनेजको परिमाणमा फरक परेको एवं अर्को सम्झौतामा विस्फोटक पदार्थको अभावले ब्याक कटिङ कार्य हुन नसकेको तथा अर्को सम्झौतामा खानेपानीको पाइप भेटिएकोले कालोपत्रे हुन नसकेको भनी ती कामका लागि निर्माण स्थल तथा कार्यमा ओभरल्याप हुने गरी यो वर्ष रु.१७ करोड ५३ लाख ५५ हजार लागत अनुमान तयार गरी खरिद कारबाही शुरु गरेको छ ।

४२.३. कान्ति लोकपथ योजनाअन्तर्गत ललितपुर खण्डको २८ कि.मि. सडक निर्माणका लागि २०७१।७२ मा एक र २०७२।७३ मा ३ गरी ४ खरिद सम्झौता भई निर्माण कार्य चालु रहेकोमा सोही खण्डका विभिन्न स्थानका ब्याक कटिङ र स्ट्रक्चरको निर्माण कार्य गर्न यो वर्ष रु.२७ करोड ७२ लाख ४० हजारको लागत अनुमान स्वीकृत गराई चेनेज ओभरल्याप हुने गरी खरिद कारबाही अगाडि बढाएको छ ।

४२.४. उत्तर दक्षिण लोकमार्ग आयोजना, ताप्लेजुङले ३ कि.मि. चेनेज ओभरल्याप हुने गरी रु.४६ करोड ९२ लाख ७६ हजारमा २ ठेक्का लगाएको तथा मूलघाट–लुभुघाट माझीटार–सुभाङ–लिम्बुनी सडक अन्तर्गत २५ कि.मि. चेनेज ओभरल्याप हुने गरी रु.६ करोड ११ लाखमा ३ ठेक्का लगाएको एवं सुकेटार–पाथिभरा सडक ११.२५ कि.मि. चेनेज दोहोरो पर्ने गरी रु.८ करोड ६५ लाख ५२ हजारमा २ वटा ठेक्का सम्झौता गरेको र

दोभान–सांथाक्रा–लिंतेप सडकको ३.१७५ कि.मि. चेनेज दोहोरो हुने गरी रु.१३ करोड ९४ लाख ४८ हजारका २ ठेक्का सम्झौता गरेको छ ।

तालुक निकाय तथा योजना कार्यालयले एउटा कार्यमा दोहोरो हुने गरी सम्झौता गर्ने कार्यमा गम्भीर रुपमा ध्यान दिई आयोजना व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

४३. **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा निर्माण व्यवसायीको बिलबाट कट्टा गरेको रिटेन्सन मनी आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेको प्रमाण पेस गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष १९ कार्यालयले धरौटी बापत कट्टी गरेको रु.६ करोड ६६ लाख ३७ हजार कर विवरण पेस गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण बेगर फिर्ता दिएका छन् । उल्लिखित प्रमाण पेस हुनुपर्दछ ।

४४. **दर विश्लेषणमा विविधता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४४.१. गल्छी त्रिशूली सडक आयोजना, नुवाकोटले सडकको माटो तथा चट्टान कटिङ गर्ने कार्यको दर विश्लेषण गर्दा १० प्रतिशत मानिसबाट र ९० प्रतिशत हेभी उपकरण प्रयोग गर्ने गरी सबै प्रकारको माटो र चट्टानको प्रति घनमिटर रु.२८२।२७ दररेट कायम गरेको छ । सो दररेटमा कडा चट्टानको अनुपात २८ प्रतिशत रहेकोले सो को मूल्य ओभरहेड समेत रु.२०५।९५ हुने देखिन्छ । आयोजनाले सबै प्रकारको माटो तथा चट्टान कटिङ गर्ने कार्यको कुल परिमाण ५ लाख ६९५ घनमिटर कायम गरी रु.२८२।२७ का दरले रु.१४ करोड ११ लाख ९७ हजार लागत स्वीकृत गरेको छ भने निर्माण व्यवसायीसँग प्रति घनमिटर रु.३३०।- मा सम्झौता भएको छ । उक्त परिमाणमध्ये नरम चट्टान ३७९४०.६८ घ.मि., बोल्डर मिक्स माटो ३२१५६३.७१ घ.मि. र कडा चट्टान १४११९४.४१ घ.मि. रहेको छ । डिभिजन सडक कार्यालय, नुवाकोटले ५ प्रतिशत म्यानुअल र ९५ प्रतिशत उपकरण प्रयोग गर्ने गरी दर विश्लेषण गरी प्रति घन मिटर रु. १९०।०० कायम गरेको छ । माटो र चट्टानको प्रकृतिअनुसार दर विश्लेषण गरी वास्तविक कार्यको मात्र नापजाँच गरी भुक्तानी गर्नुपर्नेमा एकमुष्ट दररेट राखी लागत अनुमान तयार गरी भुक्तानी गर्दा आयोजनाले माटोको कार्यमा रु.२ करोड ८० लाख ७० हजार बढी भुक्तानी हुने देखिएको छ ।

४४.२. उत्तर-दक्षिण लोकमार्ग योजना कार्यालय, ताप्लेजुङले दोभान ओलाङचुङगोला खण्डमा ५३ कि.मि. को माटो र चट्टान काट्ने कार्यको दर विश्लेषण गर्दा मेसिनबाट ८० प्रतिशत र मानिसबाट २० प्रतिशत हुने गरी अनुपात राखी प्रति घनमिटर माटोको रु.१७४।६२ र कडा चट्टानको रु.७०५।०२ कायम गरेको पाइयो । योजना कार्यालयले सोही सडक खण्डको अन्य प्याकेजमा यसै वर्ष गरेको लागत अनुमानमा माटो र चट्टानको प्रति घनमिटर दर क्रमशः रु.११७।२२ र रु.४११।६९ मात्र रहेको छ । यसरी फरक दर प्रयोग गरेको कारणबाट एक प्याकेजको लागत अनुमानमा रु.७ करोड ५८ लाख ४२ हजार थप हुन गएको छ ।

४५. **बैङ्क जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) मा मोबिलाइजेसन पेस्की दिंदा पेस्की फछ्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको बैङ्क जमानत लिनुपर्ने व्यवस्था छ । बैङ्क जमानतसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

४५.१. खुटिया-बी.पी. नगर-गडसेरा दिपायल सडक योजनाले २ निर्माण व्यवसायीलाई दिएको रु.३ करोड १२ लाख मोबिलाइजेसन पेस्कीको बैङ्क जमानतको म्याद समाप्त भए पनि थप गरेको देखिएन ।

४५.२. खरिद सम्झौतामा ८० प्रतिशत अवधिमा पेस्की फछ्यौंट गरी सक्नुपर्ने व्यवस्था छ । बालाजु-रानीपौवा सडक निर्माण कार्य गर्ने एक निर्माण व्यवसायीले लिएको मोबिलाइजेसन पेस्कीमध्ये अमेरिकी डलर १ लाख ९८ हजार ७३६ को म्याद १५।०६।२०१८ मा समाप्त भै सकेको तथा सम्झौता अवधि ८० प्रतिशतभन्दा बढी समाप्त भएकोमा सम्झौताअनुसार जमानत रकम रु.२ करोड ५ लाख ४१ हजार जफत गरेको पाइएन ।

४५.३. डिभिजन सडक कार्यालय, दाङ, मध्यपहाडी लोकमार्ग आयोजना पश्चिम खण्ड दाङ र गाईघाट-दिक्तेल सडक आयोजनाले ७ निर्माण व्यवसायीसँग रु. २ अर्ब ३४ करोड ३ लाखको सम्झौता गरेकोमा भेरिएसन आदेशबाट रु. ३१ करोड २८ लाख वृद्धि गरी सम्झौता रकम रु. २ अर्ब ६५ करोड ३१ लाख कायम भएकोमा रु. १ करोड ५६ लाख कार्य सम्पादन जमानत थप गरेको देखिएन ।

४६. **मोबिलाइजेसन पेस्की -** निर्माण व्यावसायीसँग भएको खरिद सम्झौतामा पहिलो किस्ता पेस्की लगेपछि न्यूनतम १० प्रतिशत भौतिक प्रगति भएपछि दोस्रो किस्ता पेस्की दिनुपर्ने उल्लेख छ । विभागले स्वीकृत पेस्की रकमको आधामा नबढ्ने गरी पहिलो किस्ता र बाँकी कार्य प्रगतिको आधारमा दिन सकिने उल्लेख गरी परिपत्र गरेको छ । यस वर्ष विभाग मातहतका ७४ कार्यालयले रु.१२ अर्ब ९० करोड ४४ लाख मोबिलाइजेसन पेस्की दिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४६.१. रानीपौवा-त्रिशूली सडक खण्डमा कार्य गर्ने निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा निर्माण व्यवसायीले लिएको मोबिलाईजेशन पेस्की सम्झौताको समयावधि ८० प्रतिशत पुरा हुँदा पूरै कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा पेस्की बाँकी अमेरिकी डलर ५ लाख ४७ हजारमध्ये १ लाख ३६ हजारमात्र बैङ्कबाट फिर्ता लिएकोले बाँकी ४ करोड २४ लाख ४० हजारसमेत असुल फछ्र्यौट गर्नुपर्दछ ।

४६.२. डिभिजन सडक कार्यालय पाल्पा र काठमाडौँ १ ले २५ खरिद सम्झौताका निर्माण व्यवसायीलाई दिएको पेस्की रु.७ करोड ९४ लाख ६९ हजारको जमानतको म्याद समाप्त भएको वर्षौं बितीसकेकोले उक्त पेस्की जोखिममा परेको छ । यसरी पेस्की जोखिममा पार्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उक्त पेस्की ब्याजसमेत असुल गर्नुपर्दछ ।

४६.३. गल्छी-त्रिशूली सडक आयोजना, नुवाकोटबाट भएका सम्झौताको शर्तमा प्रोभिजनल सम, डे वर्क र मूल्य अभिवृद्धि कर बाहेकको सम्झौता रकमको १० प्रतिशत पहिलो किस्ता र १० प्रतिशत कार्य भएपछि दोस्रो किस्ता १० प्रतिशत पेस्की दिन सकिने उल्लेख छ । सम्झौताअनुसार २० प्रतिशत पेस्कीमध्ये गत वर्ष रु.३१ करोड ४४ लाख र चालु वर्षमा ३१ करोड ४३ लाख ९६ हजार समेत रु. ६२ करोड ८७ लाख ९२ हजार पेस्की भुक्तानी दिए पछि पुन: रु. ७१ लाख पेस्की भुक्तानी भएकोले नियम तथा सम्झौता शर्तभन्दा बढी पेस्की भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार वनाई ब्याजसहित असुल गर्नुपर्दछ ।

४७. **असम्बन्धित खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटम मात्र समावेश गर्नुपर्ने र सार्वजनिक लेखा समितिले २०६९।९।२ पछि ठेक्का सम्झौता गर्दा निर्माण कार्यसँग असम्बन्धित खर्चहरु (जस्तै सवारीसाधन, फर्निचर) ठेक्कामा समावेश नगर्न गरेको निर्णयानुसार सडक विभागले २०६९।१०।५ मा परिपत्र गरेको छ । सो परिपत्रको पालना नभएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

४७.१. धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौँडा सडक योजना पूर्वी र पश्चिम खण्डले सडक निर्माण गर्न दुई निर्माण व्यवसायीसँग खरिद सम्झौता गर्दा जनरल आइटमअन्तर्गत कार्यालय स्थान उपलब्ध, साइट कार्यालयका लागि फर्निचर, गुणस्तर नियन्त्रण ल्याव, ल्याव उपकरण तथा कार्यालय सहायक र सुरक्षा गार्ड व्यवस्थाका लागि बिल अफ क्वान्टिटीमा समावेश गरी सम्झौता गरेकोमा यस वर्षसम्ममा रु.२ करोड ९ लाख ९२ हजार भुक्तानी गरेको छ ।

४७.२. मध्यपहाडी लोकमार्ग आयोजना पश्चिम खण्ड, दाडले ४१ खरिद सम्झौतामा ल्याव उपकरण, इन्जिनियर साइट कार्यालय, मोटरसाइकल खरिद एवं भवन निर्माण गर्न रु.१० करोड ३१ लाख ३ हजारको सम्झौता गरेको छ ।

४७.३. गाईघाट दिक्तेल सडक योजनाले २ खरिद सम्झौता गर्दा बिल अफ क्वान्टिटीमा भवन निर्माण गर्न रु.८३ लाखको खरिद सम्झौता गरेकोमा रु.३८ लाख ३१ हजार भुक्तानी गरेको छ ।

सार्वजनिक लेखा समितिको निर्णयको विपरीत निर्माण कार्यको ठेक्कामा असम्बन्धित आइटम समावेश गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४८. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा बिल बीजकको भुक्तानी दिनु पर्ने उल्लेख छ ।

४८.१. धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौँडा सडक योजना (पूर्वी खण्ड) र निर्माण व्यवसायी बीच भएको एक खरिद सम्झौताको बिल अफ क्वान्टिटीमा कार्यसम्पादन जमानत बापतको बैङ्क कमिसन भुक्तानीका लागि लमसममा रु. ५ करोड कबोल गरेकोमा आयोजनाले ९ औं बिलसम्म उक्त आइटममा रु.५ करोड ९०

लाख २८ हजार निर्माण व्यवसायीलाई भुक्तानी दिएको देखिन्छ । खरिद सम्झौतामा कबोल गरेको भन्दा बढी रकम भुक्तानी दिएको मूल्य अभिवृद्धि कर समेत रु.१ करोड २ लाख १ हजार असुल गर्नुपर्दछ ।

४८.२. विभिन्न १२ कार्यालयले जोड जम्मा फरक पारेको, नापी किताबमा उल्लिखित परिमाणभन्दा बढी परिमाणको भुक्तानी गरेको, सम्झौताभन्दा बढी भुक्तानी दिएको लगायत रु.२ करोड ५२ लाख ५ हजार बढी भुक्तानी दिएकोले यसरी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई सो रकम असुल हुनुपर्दछ ।

४९. **डिजाइन एण्ड निर्माण सम्झौता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ अन्तर्गत अनुसूची ४ मा कुनै निर्माण कार्यको डिजाइन र निर्माण एउटै निर्माण व्यवसायीबाट गराउने गरी सम्झौता गर्न सकिने व्यवस्था रहेको छ । सडक विभागअन्तर्गत निर्माणाधीन पुलमध्ये डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट २१६ पुल निर्माण भइरहेकोमा यस वर्ष ७ पुलको निर्माण कार्य सम्पन्न भएको छ । सोसम्बन्धी व्यहोरा निम्नानुसार छन्:

४९.१. उक्त प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत उल्लेख नभएको एवं सोको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले नमुना बोलपत्रसम्बन्धी कागजात तयार नगरेकोले मूल्य समायोजन र भेरिएसन आदेश लगायतका पक्षमा विविधता देखिएको छ । यस सम्बन्धमा ऐन, नियममा विस्तृत रुपमा उल्लेख हुनुपर्ने र बोलपत्र कागजात तयार गरी यस विधिबाट गरिने खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

४९.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा मन्त्रिपरिषद्बाट निर्माण कार्यको नर्म्स स्वीकृत गर्नुपर्ने व्यवस्था छ । विभागको पुल महाशाखाले डिजाइन एण्ड बिल्ड प्रक्रियाअन्तर्गत २०७१।७२ मा विभिन्न जिल्लामा खरिद सम्झौता गरेको ६२ पुलको लागत औसत प्रति मिटर रु.१० लाख २९ हजार, निर्माण खर्चको ०.३ प्रतिशत गुणस्तर नियन्त्रण, ०.४ प्रतिशत बीमा, एप्रोच सडक कालोपत्रे प्रति कि.मि. रु.१ करोड १४ लाख पर्ने गरी महानिर्देशकबाट २०७२।१०।४ मा अन्तरिम नर्म्स स्वीकृत गरेको पाइयो । उक्त नर्म्समा मुद्रा स्फिति दर १.०४ ले गुणा गरी २०७३।७४ का लागि प्रतिमिटर पुल निर्माण रु १० लाख ७० हजार र सडक कालोपत्रे गर्न प्रति कि.मि. रु.१ करोड १९ लाख नर्म्स कायम गरेको छ । मन्त्रिपरिषद्बाट स्वीकृत गर्नुपर्ने नर्म्स महानिर्देशकबाट स्वीकृत गरेको आधारमा यो वर्ष ३८ पुलको लागि रु.१३ अर्ब ७४ करोड ७१ लाखको लागत अनुमान तयार गरेको छ । सोको लागि रु.१२ अर्ब ९१ करोड ६८ लाखको बोलपत्र स्वीकृत गरी रु.४५ करोड २१ लाख ७२ हजार पेस्की दिएको छ । यसरी तयार गरेको लागत अनुमान तयार गर्ने कार्य नियमसम्मत देखिएन ।

४९.३. विभागले डिजाइन एण्ड बिल्ड विधिअनुसार ठेक्का सम्झौता गर्दा मूल्य समायोजन पाउने व्यवस्था गरेको छ । पुल आयोजना पूर्वी सेक्टर नं.१, मध्यक्षेत्र सेक्टर नं.२, पश्चिम सेक्टर नं.३ र ४, सडक विभाग, धरान चतरा सडक योजनाले ५१ निर्माण व्यवसायीलाई रु. २९ करोड ९९ लाख २ हजार मूल्य समायोजन भुक्तानी गरेको देखियो । उक्त विधिबमोजिमको ठेक्का लमसम प्रकृतिको देखिँदा सम्झौतामा मूल्य समायोजन दिने उल्लेख गरेको मनासिब देखिँदैन ।

५०. **डिजाइनमा त्रुटि -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क मा त्रुटिपूर्ण डिजाइन गरेको कारण खरिद कार्य प्रभावित भएमा डिजाइन तयार गर्ने, जाँच गर्ने, स्वीकृत गर्ने पदाधिकारी कारबाहीको भागिदार हुनुपर्ने उल्लेख छ । परामर्शदाताले डिजाइन तयार गर्दा त्रुटि गरेको कारण निर्माण कार्य प्रभावित भएका व्यहोरा निम्नानुसार छन्:

५०.१. डिभिजन सडक कार्यालय, चौरजहारी अन्तर्गत पसगाढ खोलामा ४६.०४ मिटर पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ करोड ८८ लाख १० हजारमा सम्झौता भएकोमा उक्त स्थानमा २५ मिटरको पुल निर्माण गर्नुपर्ने गरी परामर्शदाताले संशोधित ड्राइङ डिजाइन पेस गरे पनि स्वीकृत नगरेकोले निर्माण कार्य शुरु भएको छैन । त्रुटिपूर्ण डिजाइनको कारणले निर्माण कार्य प्रभावित भएको छ ।

५०.२. डिभिजन सडक कार्यालय, सुर्खेतअन्तर्गत भेरी नदीमा पुल निर्माण गर्न निर्माण व्यवसायीसँग रु.१४ करोड ३० लाखको खरिद सम्झौता भई रनिङ बिलको रु.३ करोड ८७ लाख र पेस्की रकमबाट रु.१ करोड ७६ लाख भुक्तानी भएको छ । पुलको दायाँ र बीचको पिलर एकातिर ढल्किएको पाइयो । वेल फाउण्डेसनको काम हुँदा कडा चट्टान भेटिएकोले स्वीकृत डिजाइनअनुसार कार्य गर्न नसकेको देखिन्छ ।

५०.३. हुलाकी राजमार्ग योजना, पर्सा अन्तर्गत कलैया-मलंगवा खण्डमा पर्ने वाग्मती नदीमा ६३४ मिटर लामो पुल निर्माण गर्न रु.३५ करोड ८९ लाखमा भएको सम्झौताको म्याद २०७०।२।३१ सम्म रहेकोमा सुपर स्ट्रक्चर, नदी नियन्त्रण, एप्रोच सडक निर्माण आदिको कार्य सम्पन्न भई निर्माण व्यवसायीलाई रु.१८ करोड ७५ लाख भुक्तानी भई सकेकोमा पिलरको उचाई नपुग देखिएकोले पुनः डिजाइनको प्रक्रियामा रही २०७०।८।२८ देखि निर्माण कार्य अवरुद्ध रहेको छ ।

५०.४. डिभिजन सडक कार्यालय, काठमाडौँ १ अन्तर्गत बौद्ध-ताम्रगंगा सडक स्थित वाग्मती नदीमा रु.२ करोड २६ लाख ६८ हजारमा निर्माण भएको पुल सडकको सतहभन्दा धेरै उचाईमा रहेको कारण प्रयोगमा आएको पाइएन । उक्त पुल सञ्चालनमा ल्याउन रु.२ करोड ८ लाख ३५ हजारको एप्रोच सडक निर्माणको खरिद सम्झौता भई रु.७५ लाख २४ हजार भुक्तानी भएको छ । पुलको त्रुटिपूर्ण डिजाइन गरेको कारण पुल सञ्चालनमा ल्याउन पुलको लागत बराबर खर्च गरी एप्रोच सडक निर्माण भई रहेको देखिन्छ । त्यस्तै धोबीखोलाको मैतीदेवी देवीनगरमा रु.२ करोड ७४ लाख, थापागाउँ अनामनगरमा रु.३ करोड ८२ लाख र बबरमहल बुद्धनगरमा रु.१ करोड ३० लाखको पुल निर्माण गर्न खरिद सम्झौता गरेकोमा निर्माण हुने पुल सडकको सतहभन्दा करिब ८ फिटमाथि हुने भई डिजाइन त्रुटिपूर्ण भएकाले निर्माण कार्य अधुरो रहेको छ ।

५०.५. डिभिजन सडक कार्यालय, तुम्लिङटारले अरुण नदीको लम्सुवाघाटमा रु.१३ करोड ५ लाख ४१ हजारको लागतमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग खरिद सम्झौता गरेकोमा सम्झौता भएको ८ वर्षमा ६ वटा पिलर निर्माण भई रु.४ करोड ३५ लाख ३१ हजार भुक्तानी दिएकोमा २९.५६ प्रतिशत भौतिक प्रगति भएको छ । पुल निर्माणस्थलमा २४७ मिटरको पुल आवश्यक पर्नेमा १६५ मिटरको निर्माण गर्ने गरी डिजाइन स्वीकृत भएकाले निर्माण कार्य अवरुद्ध भएको छ ।

५०.६. डिभिजन सडक कार्यालय, काठमाडौँ १ अन्तर्गत नयाँबानेश्वर संगमचोक स्थित धोवीखोलामा पुल निर्माण कार्य २०६८।१२।२४ मा सम्पन्न गर्नेगरी रु.१ करोड ३० लाख ९० हजारको खरिद सम्झौता गरेकोमा सब स्ट्रक्चरको कार्य निर्माण भई रु.८४ लाख ८३ हजार भुक्तानी भएको छ । सब स्ट्रक्चरको कार्य भएपछि पुलको डिजाइन उपयुक्त नभएकोले निर्माण कार्य स्थगित भई निर्माण व्यवसायीले समयमा कार्य नगरेका भनी कालोसूचीमा राखेको देखिन्छ । पुलको डिजाइन पुनरावलोकन नभएकोले पुल निर्माण कार्य अलपत्र अवस्थामा रहेको छ । निर्माण व्यवसायीले लिएको पेस्की रु.१८ लाख बाँकी रहेको छ ।

५०.७. डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गत तिनाउ नदीमा पुल निर्माण गर्न रु.६ करोड ७२ लाख ४७ हजारमा २०७१।३।२७ सम्म कार्य सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा पुलको जग खन्दा झोलुंगे पुलको जग खस्न सक्ने जोखिम रहेको, पुलको शुरु डिजाइनमा ५ स्पान रहेकोमा निर्माण स्थलको अवस्थाअनुसार ४ स्पान बनाउनुपर्ने र दायाँ एबुटमेन्टको जगको लेभल उठाउन साविकको डिजाइन रिभ्यू गर्ने र डिजाइन रिभ्यू पश्चात बाँकी काम सम्पन्न गर्न २०७५।३।२५ सम्म म्याद थप गर्दा समेत कार्य सम्पन्न भएको छैन । दुई पटक म्याद थप गर्दा पनि डिजाइन रिभ्यूको आवश्यकता महसुस नगरेको र तेस्रो पटक म्याद थप गर्दा मात्र डिजाइन रिभ्यू गर्नुपर्ने कारण उल्लेख गरेको छ ।

५०.८. डिभिजन सडक कार्यालय, बुटवल अन्तर्गत दानव नदीमा पुल निर्माण गर्न रु.५ करोड ८८ लाख १४ हजारमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा मूल्य समायोजन समेत रु.४ करोड ५३ लाख ६० हजार भुक्तानी भए पनि निर्माण कार्य सम्पन्न भएको छैन । उक्त पुल निर्माण गर्दा दक्षिणतर्फ बढी च्यापिएको कारण नदी कटान र डुबानको असर पर्ने भएकोले परामर्शदाताले शुरुको ५ स्पानलाई घटाई ४ स्पानको निर्माण गर्न डिजाइन संशोधन गरी ९.५९ प्रतिशत घटिको भेरिएसन आदेश जारी गरेको छ । पुलको डिजाइन तयार गर्दा स्थानीय जनताको माग र आवश्यकतालाई ध्यान नदिएको कारण डिजाइन परिवर्तन गर्नु परेको अवस्था छ ।

त्रुटिपूर्ण डिजाइन पेस गर्ने परामर्शदाता र जाँच तथा स्वीकृत गर्ने पदाधिकारीलाई ऐनबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५१. **एप्रोच सडक -** पुल निर्माणस्थलमा दुवैतर्फ सडक निर्माण गरी सवारी आवागमन हुने व्यवस्था मिलाउनु पर्दछ । एप्रोच सडकसम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

५१.१. डिभिजन सडक कार्यालय, जुम्लाअन्तर्गत तिला नदीमा रु.५ करोड ५० लाखको लागतमा निर्माण भएको पुलको संरचना निर्माण सम्पन्न भएकोमा एप्रोच तथा लिंक रोडमा पर्ने जग्गाको विवादको कारण निर्मित पुल सञ्चालनमा आएको देखिएन ।

५१.२. डिभिजन सडक कार्यालय, काठमाडौँ १ अन्तर्गत गागलफेदी स्थित घट्टेखोलामा पुल निर्माण गर्न रु.१ करोड ४२ लाख २० हजारमा खरिद सम्झौता भई हालसम्म रु.९५ लाख ७७ हजार भुक्तानी भएको र पुलको संरचना तयार भएको छ । उक्त पुलसम्म पुग्ने एप्रोच सडक नभएको कारण निर्माण सम्पन्न हुने अवस्थामा पुगेको पुल प्रयोजनविहीन बन्न पुगेको छ ।

५१.३. डिभिजन सडक कार्यालय, हेटौँडाले वीरगञ्ज महानगरपालिकास्थित भेडाह खोलामा ७० मिटरको पुल निर्माण सम्पन्न गरेको एक वर्ष भएपनि पुलसम्म जाने करिब ८०० मिटर सडक निर्माण नगरेकाले पुल उपयोगविहीन हुन गएको छ ।

५१.४. हुलाकी सडक आयोजना योजना कार्यालय इटहरीले रु.३३ करोडको लागतमा मेची नदीमा पुल निर्माण सम्पन्न गरेको भए पनि नेपाल र भारत सीमातर्फ २ कि.मि. सडक निर्माण नभएकाले पुलको उपयोग हुन सकेको छैन ।

एप्रोच सडकको व्यवस्था गरी निर्माण भएका पुल उपयोगमा ल्याउनुपर्दछ ।

५२. **बिटुमिन खपत** - सडक विभाग अन्तर्गतका निकायले सडक कालोपत्रे गर्दा स्पेसिफिकेसनअनुसार प्रति बर्गमिटर बिटुमिन प्राइम कोट र ट्याक कोटको स्प्रे (खपत) दर सामान्यतया क्रमशः ०.९० लिटर र ०.७० लिटर प्रयोग गरेको पाइन्छ । कान्ति लोक पथ आयोजनाले सडक पिच गर्ने ठेक्का प्याकेजमा प्रति वर्ग मिटर प्राइम कोट १ लिटर र ट्याक कोट १ लिटरका दरले खपत गर्ने गरी लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी गर्दै आएको छ । नमुना स्वरुप परीक्षण गरिएका ६ निर्माण कार्यमा मात्र अन्य कार्यालयको तुलनामा यस कार्यालयले प्राइमकोट ३८ हजार ८०८ लिटर र ट्याक कोट जम्मा १ लाख १६ हजार ४२४ लिटर बिटुमिन बढी खपत हुने गरी सम्झौता गरेको कारण रु.१ करोड २९ लाख ५८ हजार थप व्ययभार परेको छ ।

५३. **निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१)(ङ) मा सार्वजनिक निकायले गुणस्तर परीक्षण गर्ने व्यवस्था रहेको छ । गुणस्तरसम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

५३.१. डिभिजन सडक कार्यालय, इलाम अन्तर्गत फिक्कल-श्रीअन्तुडाँडा सडक निर्माण कार्यमा दशौं बिलसम्म रु.४ करोड ८८ लाख भुक्तानी भएको छ । निर्माणाधीन उक्त सडकको स्थलगत अवलोकन गर्दा सडकको विभिन्न स्थानमा पीच उप्केको र खाल्टो परेको देखिएकोले निर्माण कार्य गुणस्तयुक्त देखिएन ।

५३.२. डिभिजन सडक कार्यालय, बाग्लुङले रु.२ करोड ९० लाख ४ हजार खर्च गरेको बेनी-दरबाङ सडक स्तरोन्नति कार्यमा ढुङ्गाको पर्खाल तथा ग्याविनको कार्य निर्माण सम्पन्न नहुँदै भत्केको देखिन्छ । यसैगरी सोही कार्यालयले रु.२ करोड ५३ लाख १० हजार खर्च गरी निर्माण गरेको दोबिल्ला-फलेबास सडक खण्डको कालोपत्रे उप्किएको, विभिन्न स्थानको ग्याबियन तथा संरक्षण पर्खाल भत्केको एवं सिल्मी फाँट स्थित घुम्तीमा करिब ५० मिटर सडक बिग्रेको अवस्थामा देखिएकोले तोकिएको गुणस्तरमा निर्माण कार्य भएको देखिएन ।

५३.३. सुनसरी मोरङ पुल आयोजना, पुल सेक्टर आयोजना पूर्वी सेक्टर १, डिभिजन सडक कार्यालय पाल्पा, सुर्खेत र मकवानपुरले सडक तथा पुल निर्माण कार्यलाई गुणस्तर युक्त बनाउन सडक विभागले जारी गरेको स्पेसिफिकेसन र निर्माण व्यवसायीले पेस गरेको गुणस्तर आस्वश्तता योजनाअनुसार गुणस्तर परीक्षण गरेको पाइएन ।

५३.४. डिभिजन सडक कार्यालय, ओखलढुंगाअन्तर्गतको हर्कपुर-ओखलढुंगा सडक खण्डअन्तर्गत केत्तुकेदेखि रमाइलो डाँडासम्मको १० कि.मि. सडक कालोपत्र गर्दा निर्माण व्यवसायीले स्वीकारयोग्य गुणस्तरका निर्माण सामग्री प्रयोग नगरेकोले निर्माण सम्पन्न भएको एक वर्ष नबित्दै अधिकांश कालोपत्र उप्केको छ ।

गुणस्तरयुक्त कार्य भएको सुनिश्चित हुने व्यवस्था मिलाउनु पर्दछ ।

५४. **सडकको रेखाङ्कन -** कालीगण्डकी करिडोर अन्तर्गत राम्दीदेखि दार्पोक सम्म सडक चौडा एवं स्तरोन्नति कार्य २०७४।९।७ मा सम्पन्न गर्नेगरी २०७३।६।६ मा एक निर्माण व्यवसायीसँग रु.१ करोड ५० लाख ७५ हजारको खरिद सम्झौता भई हालसम्म रु.९३ लाख २८ हजार भुक्तानी भएको छ । स्थलगत अवलोकनको क्रममा सडकको रेखाङ्कन कालीगण्डकी नदीको वहाव क्षेत्र पर्न गएको देखियो । आयोजनाले उक्त स्थानको रेखाङ्कन पवित्र सिद्ध गुफा हुँदै जाने र सो गुफा तथा मन्दिर विस्थापित गर्न नसकिएको कारण नदीको वहाव क्षेत्रमा सडक पर्न गएको जनाएको छ ।

५५. **बढी परिमाण -** कालीगण्डकी कोरिडोर आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य शुरु गर्नुपर्नेमा आंशिक तयार गरी निर्माण कार्य भई रहेको देखिन्छ । झैते कोरला सडक खण्डको चौडाई ७ मिटर रहेने उल्लेख भएपनि ११ मिटर कायम गरी निर्माण कार्य भइरहेको देखिन्छ । त्यस्तै ५ कि.मि. सडकमा ३० मिटर उचाइको बक्स कटिङ गर्ने गरी ११.६ प्रतिशत ग्रेड राखी रोड वे एक्साभेशनको परिमाण तथा लागत गणना गरेकोमा साइटको अवस्था अनुसार ७ प्रतिशत ग्रेड राखी एक्साभेशन गरेको पाइयो । स्लोप कटिङ गर्नुपर्ने स्थानमा बक्स कटिङको डिजाइन गरेको कारण उक्त खण्डको एक्साभेशनको परिमाण ३१ हजार घन मिटर आवश्यक हुनेमा ६३ हजार घन मिटर राखी सम्झौता गरेको छ । यसैगरी एक्साभेशनको परिमाण गणना गर्दा शुरुमा ७ मिटर चौडाइ हुने परिमाण गणना गरेकोमा ९ मिटर चौडाईको लागि ८ लाख ४२ हजार घन मिटर परिमाण थप गरेको कारण रु.११ करोड ८० लाख लागत बढ्न गएको छ ।

५६. **डिजाइन स्वीकृतिमा ढिलाइ -** सडक विभाग पुल महाशाखाले गरेको खरिद सम्झौतामा निर्माण व्यवसायीले ६ महिना सम्ममा डिजाइन तयार गरी पेस गर्नुपर्ने र पेस भएको ३ महिना सम्ममा डिजाइन स्वीकृत गर्नुपर्ने गरी पहिलो माइलस्टोन कायम गरेको देखिन्छ । यसरी सम्झौताबमोजिम ९ महिनाभित्र डिजाइन स्वीकृत गरी निर्माण सुरु गर्नुपर्नेमा पुल योजना पूर्वी सेक्टर नं.१ अन्तर्गत दुई पुलको खरिद सम्झौताको अवधि क्रमशः २० र ३१ महिना व्यतीत भईसकेकोमा डिजाइन स्वीकृत नभएको तथा समयमै डिजाइन पेस नगरी ९ महिनाको पहिलो माइलस्टोन नाघिसकेकोले सम्झौताबमोजिम पूर्वनिर्धारित क्षतिपूर्तिसमेत असुल गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायीलाई प्रदान गरेको रु.४ करोड १ लाख ३७ हजार पेस्की निर्माण व्यवसायीलाई फाइदा पुग्ने गरी निष्क्रिय राखेको देखिन्छ । सम्झौताको अवधिमा डिजाइन स्वीकृत नगर्नेलाई कारबाही हुनुपर्ने र डिजाइन स्वीकृत नहुँदै पुल निर्माण कार्यको समेत पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५७. **नर्म्स** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम गर्नुपर्ने व्यवस्था रहेको र सडक विभागले प्रयोग गरेको नर्म्समा सिमेण्ट बालुवाको जोडाईमा ढुङ्गाको गारो लगाउँदा र फलामे डण्डीको कार्यमा १५ प्रतिशत जर्ती जाने उल्लेख छ । सिँचाइ विभाग र भवन विभागको नर्म्समा ती कार्यहरुमा क्रमशः १० र ५ प्रतिशत मात्र जर्ती जाने उल्लेख छ । नर्म्स सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

५७.१. कालीगण्डकी कोरिडोर, हुलाकी राजमार्ग आयोजना र डिभिजन सडक कार्यालय सुर्खेतअन्तर्गत यो वर्ष सम्झौता भएको १०५ निर्माण कार्यमा १५ प्रतिशत जर्ती समावेश भएको कारण सिँचाइ विभाग र भवन विभागको तर्म्सको तुलनामा सिमेण्ट बालुवाको जोडाई भएको ढुङ्गाको गारो लगाउने कार्यमा रु.९ करोड ६६ लाख ३७ हजार लागत बढ्न गएको देखिन्छ ।

५७.२. गारो लगाउँदा ढुङ्गाको साइज मिलाउने, प्वाल वा खाल्टोमा टुक्रा ढुङ्गा राख्ने आदिको लागि आवश्यक ढुङ्गाको परिमाणमा विभिन्न निकायहरुको नर्म्समा एकरुपता हुनुपर्नेमा मध्यपहाडी लोकमार्ग (पूर्वी खण्ड) अन्तर्गत ११ खरिद सम्झौतामा ढुङ्गाको परिमाण बढी प्रयोग हुनाले गारो लगाउने कार्यको लागत अनुमानमा रु.१ करोड ९३ लाख ७७ हजारले बढी हुन गएको छ । त्यस्तै डण्डी परिमाण बढी प्रयोग हुनाले ९ कार्यमा ६५.५ मेट्रिकटन फलामे डण्डी खपत बढ्न गई रु.५३ लाख ४१ हजारले लागत अनुमान बढी भएको छ ।

५७.३. डिभिजन सडक कार्यालय काठमाडौँ २ ले निर्माण कार्य गरेकोमध्ये ५ सडक योजनाको लागत अनुमान तयार गर्दा थप ५ प्रतिशतले ६९२.३२ घन मिटर ढुङ्गा बढी प्रयोग भई प्रति घन मिटर रु.२३९९।०४ का दरले रु.१६ लाख ६१ हजार लागत बढेको देखियो ।

५७.४. डिभिजन सडक कार्यालय, दोलखाले सडक विभागको नर्म्सअनुसार निर्माण कार्य गरेकोमध्ये नमुना छनौट गरी केही कार्यको विश्लेषण गरेकोमा ५ सडक योजनाको लागत अनुमान तयार गर्दा अन्य निकायभन्दा ५ प्रतिशतले बढी ढुङ्गा प्रयोग भई रु.६१ लाख ४५ हजार लागत बढेको देखियो ।

५७.५. व्यापारिक मार्ग विस्तार आयोजना, रुपन्देहीले सडक विभागको नर्म्स प्रयोग गर्दा फलामे डण्डीको परिमाण बढी प्रयोग हुनाले ५ कार्यमा रु.६१ लाख ६९ हजार र ढुङ्गाको परिमाण बढी प्रयोग हुनाले ४ कार्यमा रु.२५ लाख ५० हजारले लागत अनुमान बढ्न गएको छ ।

नर्म्सको विविधताले निर्माण कार्यको लागतमा वृद्धि हुने देखिएकोले विभिन्न सरकारी निकायबीचको नर्म्समा एकरुपता कायम गर्नुपर्दछ ।

५८. **वातावरणीय प्रभाव मूल्याङ्कन -** डिजाइन एण्ड बिल्ड विधिबाट पुल निर्माणको खरिद सम्झौतामा निर्माण व्यवसायीले वातावरणीय प्रभाव मूल्याङ्कन/प्रारम्भिक वातावरणीय परीक्षण समेत गर्नेगरी खरिद सम्झौता गरेकोमा पुल योजना पूर्वी सेक्टर नं.१ अन्तर्गत निर्माणाधीन २४ पुल मध्ये २२ को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको देखिएन । यसरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नहुँदै यो वर्ष रु.१ अर्ब ३५ करोड २१ लाख भुक्तानी गरी सम्पन्न भएका ३ पुलको सोही कारणबाट ठेक्का फरफारक भएको देखिएन । निर्माण कार्य सुरु गर्दाकै अवस्थामा वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत हुनुपर्नेमा निर्माण कार्य सम्पन्न हुँदासम्म स्वीकृत नहुनु उचित देखिएन । समयमै प्रतिवेदन स्वीकृत गरी निर्माण कार्य अघि बढाउनुपर्दछ ।

५९. **भवन निर्माण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) तथा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका तथा अख्तियारी पत्र अनुसार कुनै पनि कार्यक्रम सञ्चालन गर्न बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने र बहुबर्षिय योजनाको लागि स्रोत सुनिश्चितता गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय, बुटवलले कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.९ करोड ३६ लाख १७ हजारमा २०७६।१०।१३ (३० महिना) मा कार्य सम्पन्न गर्ने गरी २०७४।३।२९ मा सम्झौता भए अनुसार गत वर्ष रु.८२ लाख पेस्की दिएको देखिन्छ । यो वर्ष भवन निर्माण शिर्षकमा रु.७५ लाख बजेट विनियोजन भएकोमा उक्त रकमसमेत पेस्की दिई प्रथम रनिङ्ग बिलको रु.१ करोड २० लाख ४० हजार कन्टिन्जेन्सीबाट भुक्तानी गरेको छ । भवन निर्माण कार्यको स्रोत सुनिश्चित नगरी ठेक्का व्यवस्थापन गरेकोले भवन निर्माण कार्य अधुरो रहने अवस्था छ ।

६०. **सडक सीमा संरक्षण -** नारायणघाट-मुग्लिङ खण्डको सडकको सीमा ५० मिटर कायम गरेको भएपनि सडक अतिक्रमण गरी निर्माण भएको स्थायी/अस्थायी संरचनाको लागि यो वर्ष सडक सीमाभित्रका घर टहराको रु.१ करोड १० लाख ५४ हजार क्षतिपूर्ति दिए तापनि सडक सीमा खाली गराएको देखिएन ।

६१. **सडकको उपयोग -** डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गत मणिग्राम र मोतिपुर जोड्ने तिनाउ नदीमा पुल निर्माण कार्य रु.१० करोड ३७ लाख ९५ हजारमा २०६९।९।१६ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीससँग सम्झौता भएकोमा तोकिएको अवधिमा कार्य सम्पन्न नभएकोले २०७२।३।२४ सम्म म्याद थप भएको तथा रु.५ करोड २८ लाख ७७ हजार भुक्तानी गरे पनि कार्य सम्पन्न भएको छैन । उक्त पुल भारतीय एक्जिम बैङ्कको सहयोगमा सडक सुधार आयोजनाबाट निर्माण भैरहेको लुम्बिनी परिक्रमा सडक खण्डमा पर्ने र सडक निर्माण कार्य अन्तिम चरणमा पुगेकोले पुलको निर्माण कार्य सम्पन्न नभएसम्म सडक सञ्चालन हुन सक्ने अवस्था देखिएन ।

मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजना

पाँचथर जिल्लाको चियो भन्ज्याङदेखि बैतडी जिल्लाको झुलाघाटसम्म जोड्ने गरी निर्माण हुने लोकमार्गको लम्बाई १ हजार ७७६ कि.मि. रहेको छ । उक्त आयोजना २०६४।६५ बाट निर्माण शुरु गरी २०७४।७५ मा सम्पन्न गर्ने लक्ष्य भए पनि २०७७।७८ मा सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन भएको छ । आयोजनाको अनुमानित लागत करिब रु.८० अर्ब १४ करोड रहेकोमा २०७४।७५ सम्ममा रु.२६ अर्ब ८९ करोड खर्च भएको छ ।

६२. **कुल लागत -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा योजना स्वीकृतिसम्बन्धी व्यवस्था रहेको छ । आयोजना पूर्वी खण्डको कार्य क्षेत्रमा ६८९ कि.मि. र पश्चिम खण्डको कार्य क्षेत्रमा १०८७ कि.मि.

रहेको भएपनि सो रेखाङ्कनमा पटक पटक परिवर्तन भएको देखिन्छ । आयोजनाको एकमुष्ट विस्तृत आयोजना प्रतिवेदन एवं वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत नभएकोले आयोजनाले निर्माण गर्नुपर्ने सडक र सोको लागत खुलेको छैन ।

६३. **अधुरा निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोका शर्तहरुको व्यवस्था रहेको छ । सम्झौतामा उल्लिखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । आयोजनाको पश्चिम खण्ड कार्यालयले खरिद सम्झौता गरी कार्यान्वयनमा रहेका ६३ मध्ये १६ खरिद सम्झौताको अवधि समाप्त भएपनि निर्माण कार्य सम्पन्न भएको छैन । ती सम्झौताको म्याद थप नभएको र कार्य सम्पन्न समेत नभएकोले सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौतामा रहेका व्यवस्था अनुसार रु. १२ करोड ८१ लाख ३१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने, खरिद सम्झौताको अन्त्य गरी जमानत जफत तथा बाँकी निर्माण कार्य सम्पन्न गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल गर्ने प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ ।

६४. **घुर्मी-चतरा सडक निर्माण** - घुर्मी चतरा सडक निर्माण गर्न आयोजना पूर्वी खण्डले २०६८।६९ मा ठेक्का व्यवस्थापन गरेका रु.१४ करोड ३६ लाख ९५ हजारका २० ठेक्काको कार्य १ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा ६ निर्माण व्यवसायीलाई बिगत वर्षमा रु.३ करोड ५७ लाख ४१ हजार भुक्तानी भई ४ ठेक्काको कार्य सम्पन्न भएको छ भने ३ ले काम शुरु गरेपनि सम्पन्न नगरेको र १३ निर्माण व्यवसायीले निर्माण कार्य शुरु नै गरेका छैनन् । वातावरणीय प्रभाव मूल्यांकन नगरी ठेक्का सम्झौता गरेकोमा हाल सडक निर्माण गर्न अनुमति प्राप्त भए पनि निर्माण व्यवसायीले साबिकको दरमा काम गर्न असमर्थता जनाएकोले ती ठेक्काहरु अलपत्र परेको छ ।

६५. **दर विश्लेषण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा निर्माण कार्यको दर विश्लेषण गर्ने सम्बन्धी व्यवस्था छ । सोको पालना नभएका मुख्य व्यहोरा निम्नानुसार छन्:

६५.१. मध्यपहाडी लोक मार्ग आयोजना (पूर्वी खण्ड) ले सडक किनार पुर्ने कार्यको दर विश्लेषण गर्दा निर्माण सामग्रीको मूल्यमा १५ प्रतिशत ओभरहेड समेत समावेश गरेको छ । ओभरहेड सहित निर्माण सामग्रीको मूल्य राखी पूरै आइटमको दररेट कायम गर्दा पुनः ओभरहेड समावेश गरेकोले दोहोरो ओभरहेड समावेश भएको देखियो । यो वर्ष ठेक्का सम्झौता भएका निर्माण कार्यमध्ये परीक्षण गरिएका ८ निर्माण कार्यको लागत अनुमानमा मात्र रु.१ करोड १० लाख ३३ हजार थप भएको छ । दोहोरो नपर्ने गरी भुक्तानी हुने सुनिश्चितता गर्नुपर्दछ ।

६५.२. सोही खण्डले सडकको इम्वेंकमेन्ट तयार गर्ने (किनार पुर्ने र रोलिङ गर्ने) कामको दररेट कायम गर्दा सडक पुर्न आवश्यक पर्ने सामग्री (माटो) २ कि.मि. टाढाबाट ट्रकमा ढुवानी गर्ने गरी प्रति घन मिटर माटोको मूल्य कायम गरेको छ । सडकको किनारामा पुर्न सोही स्थानमा जग खन्दा निस्केको माटो पर्याप्त रहेको देखिन्छ । माटो बाहिरबाट ल्याउनु पर्ने गरी दर विश्लेषण गरेको कारण ८ ठेक्काको लागि आवश्यक ७ लाख ४३ हजार घनमिटर माटोको लागतमा रु.८ करोड ४५ लाख ५० हजार बढेको छ ।

काठमाडौं दिगो शहरी यातायात आयोजना

६६. **सार्वजनिक यातायात अध्ययन -** परामर्शदाताबाट प्राप्त प्रतिवेदन कार्यान्वयनयोग्य हुनुपर्ने र सार्वजनिक निकायले कार्यान्वयन गर्नुपर्दछ । काठमाडौं उपत्यकाको सार्वजनिक यातायात क्षेत्र सुधार सम्बन्धमा अध्ययन गर्न छनौट भएको अन्तराष्ट्रिय परामर्शदातालाई आयोजनाबाट रु.१० करोड ३५ लाख २ हजार भुक्तानी भएको छ । उक्त परामर्शदाताबाट प्राप्त प्रतिवेदनमा उपत्यकाभित्र सार्वजनिक यातायातका साधन तथा रुट सम्बन्धी विकल्प, तिनको प्राथमिकताक्रम, सम्भाव्यता अध्ययन, मूल्याङ्कन एवं सार्वजनिक यातायातको क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी एवं संस्थागत सुधारको सम्बन्धमा विभिन्न सुझावहरु उल्लेख छ । ती सुझावको कार्यान्वयन भएको छैन । त्यस्तै एक रुट (एस फाइभ) मा सार्वजनिक बस सञ्चालनको लागि १७ थान बस प्रतिस्पर्धा बेगर खरिद गरी रु.६ करोड ६१ लाख ३४ हजार भुक्तानी दिएको छ ।

६७. **पुलको गुणस्तर -** आयोजनाले टेकु र कालिमाटी जोड्ने गरी विष्णुमती नदीमा पुल निर्माण १२ महिनामा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७१।४।७ मा रु.२२ करोड ६१ लाख ८० हजारको खरिद सम्झौता भएकोमा १२ औं रनिङ बिलसम्ममा रु.१३ करोड ९२ लाख ४० हजार भुक्तानी भएको छ । यातायातका साधनको भार नथाम्ने गरी गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी निर्माण कार्य गरेकोले

निर्माण कार्य अगाडि नबढाउन आयोजनाबाट निर्देशन भएतापनि पुल निर्माण सम्पन्न गरी सञ्चालन भएको देखिन्छ । निर्माण व्यवसायीले सो पुल मुनिको अण्डरपास निर्माण कार्य सुरु नगरेको एवं पेस्की जमानतको म्याद समाप्त भई सकेकोमा रु.६० लाख ४२ हजार मोबिलाइजेसन पेस्कीसमेत बाँकी रहेको छ । उक्त पुल निर्माणको गुणस्तर एवं सञ्चालन भएको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

६८. **सडक पेटी सुधार -** आयोजनाअन्तर्गत काठमाडौँ शहर भित्रको केशरमहल, दरबारमार्ग, सुन्धारा लगायत २२ स्थानमा सडक पेटी तथा चोक सुधार कार्य २०७२।१०।३० मा सम्पन्न गर्नेगरी २०७१।४।२८ मा एक निर्माण व्यवसायीसँग रु.२२ करोड ५३ लाख ८६ हजारको खरिद सम्झौता भएकोमा १३ औं रनिङ बिलसम्ममा रु.१९ करोड २० लाख १४ हजार भुक्तानी भएको छ । शुरु म्याद समाप्त भएको ३ वर्षसम्ममा उक्त कार्य सम्पन्न भएको छैन । सुधार गरिएका चोकहरुमा इन्टेलिजेन्ट ट्राफिक सिग्नल जडानको लागि मास्ट आर्मको फाउण्डेसन कार्य भएकोमा उक्त सिंगनल जडानसम्बन्धी खरिद सम्झौता नभएको कारण मास्ट आर्ममा भएको करिब रु.३० लाख खर्च उपयोगविहीन हुन गएको देखिन्छ ।

हुलाकी राजमार्ग आयोजना

६९. **आयोजना कार्यान्वयन -** मेचीदेखि महाकालीसम्म तराई क्षेत्रमा १ हजार ७९२ कि.मि. सडक तथा पुल निर्माण गर्न प्रारम्भिक लागत रु.४७ अर्ब २४ करोड रहकोमा २०७४।७५ सम्म रु.१७ अर्व ९१ करोड (३७.९२ प्रतिशत) खर्च भएको देखिन्छ । आयोजना अन्तर्गतको निर्माण गर्ने कुल सडक, निर्माण सम्पन्न भएको सडक, निर्माणाधीन सडक र काम शुरु हुन बाँकी सडकको स्थिति निम्नानुसार देखिएको छ:

(कि.मि.मा)

सडक	निर्माण गर्नुपर्ने सडकको लम्बाई	निर्माण सम्पन्न सडकको लम्बाई	निर्माणाधीन सडकको लम्बाई		काम सुरु हुन बाँकी सडकको लम्बाई
			यस आयोजनाबाट	अन्य निकायबाट	
पूर्वदेखि पश्चिम कि.मि.	९७५	५३	३९९.६	९४	४२८
उत्तरदेखि दक्षिण कि.मि.	८१७	४७	५५३.४	६०	१५७
जम्मा	**१७९२**	**१००**	**९५३**	**१५४**	**५८५**

कुल सडकमध्ये १०० कि.मि.सम्पन्न, १ हजार १०७ कि.मि. निर्माणाधीन र ५८५ कि.मि. निर्माण कार्य सुरु हुन बाँकी देखिन्छ । यसैगरी निर्माण गर्नुपर्ने पुल २१९ रहेको र सोमध्ये ७५ पुलको निर्माण कार्य सम्पन्न भएको, ८४ पुल निर्माणाधीन रहेको र ६० पुल डिजाइन स्वीकृतिको चरणमा रहेको देखिन्छ ।

७०. **वैदेशिक अनुदान -** नेपाल र भारत सरकारबीच सन् २०१० मा भएको समझदारीअनुसार पहिलो चरणमा ६०७ कि.मि.सडक स्तरोन्नति कार्य सम्पन्न हुनुपर्नेमा हुन नसकेकोले ५१८ कि.मि.सडक स्तरोन्नति कार्य नेपाल सरकारबाट गर्ने गरी पुनः सन् २०१६ मा दुई सरकार बीच समझदारी भएको छ । सो समझदारीमा भारत सरकारबाट रु.८ अर्ब अनुदान प्राप्त हुने उल्लेख छ । शुरुको प्रथम चरणमा सम्पन्न नभएको ५१८ कि.मि.सडक निर्माणको लागि करिब रु.१३ अर्ब ५० करोड लाग्ने प्रारम्भिक अनुमान गरेकोमा रु.८ अर्ब अनुदान प्राप्त हुने र मुआवजा वितरण तथा पुल निर्माण कार्य नेपाल सरकारबाट भई रहेको छ । उक्त समझदारी पछि २ वर्षमा रु.१ अर्ब ८८ करोड (२३.५ प्रतिशत) अनुदान उपयोग भएको देखिन्छ । गत वर्ष मूल्य अभिवृद्धि कर बाहेक रु.७ अर्ब ५२ करोडको सम्झौता भएकोमा समयमै कार्य सम्पन्न गरी अनुदानको पूर्ण रुपमा उपयोग गर्नुपर्दछ ।

७१. **गुणस्तर परीक्षण** - यो वर्ष खरिद सम्झौता भएको रु ११ अर्ब ८२ करोड २ लाखका १२ ठेक्काको बिल अफ क्वान्टिटीमा गुणस्तर परीक्षण गर्न रु.५ करोड २८ लाख ४६ हजार प्रोभिजनल सममा राखेको छ । ती कार्यको लागत अनुमान तयार गर्ने प्रयोजनको लागि दर विश्लेषण गर्दा ढलान, सिमेण्ट बालुवा जोडाइको इँटाको गारो लगायत केही आइटमदरमा गुणस्तर परीक्षण (ल्याव टेष्ट) को लागि ओभरहेड समेत रु.१३ करोड ४१ लाख १८ हजार समावेश गरेको देखिन्छ । लागत अनुमानमा समावेश गरेको उक्त रकममध्ये ठेक्का सम्झौता गर्दा घटेको प्रतिशतले घटाउँदा रु.१३ करोड १५ लाख ७५ हजारमा गुणस्तर नियन्त्रण तथा ल्याव परीक्षणको लागि ठेक्का सम्झौता गरेको देखिन्छ । एउटै कामको लागि दोहोरो पर्ने गरी सम्झौता गरेकोले भुक्तानी गर्दा दोहोरो नहुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

आयोजना निर्देशनालय (ए.डी.बी.)

७२. **लक्ष्य प्रगति -** एसियाली विकास बैङ्कको ऋण सहयोगअन्तर्गत भूकम्पीय आपतकालीन सहयोग आयोजनातर्फ ९९.६५, सासेक रोड कनेक्टिभिटी आयोजनामा १९९.६३ र सासेक सडक सुधार आयोजनामा १६० समेत ४५९.२८ कि.मि. सडकमध्ये सासेक सडक सुधार आयोजनाअन्तर्गतको नारायणघाट-बुटवल ११५ कि.मि.सडकको बोलपत्र स्वीकृत हुन बाँकी रहेको र बाँकी ३४४.२८ कि.मि.सडक निर्माण चरणमा रहेको देखिन्छ । योजना कार्यान्वयनको लागि रु.४ अर्ब १४ करोड ५० लाख बजेट विनियोजन भएकोमा रु.२ अर्ब ४३ करोड ८४ लाख (५८.८३ प्रतिशत) खर्च भएको छ । योजनाको समग्र भौतिक प्रगति देहायबमोजिम रहेको देखिन्छ:

कार्यक्रमको नाम	खरिद सम्झौता संख्या	अद्यावधिक भौतिक प्रगति (प्रतिशत)
भूकम्पीय आपतकालीन सहयोग आयोजना	७	३३.८३
सासेक रोड कनेक्टिभिटी आयोजना	९	६९.४३
सासेक सडक सुधार आयोजना	४	१.३५
यातायात आयोजना तयारी सहयोग	१	०

निर्माण व्यवसायीले कार्यतालिका बमोजिम कार्य गर्न नसेको कारण आयोजनाको समग्र भौतिक प्रगति न्यून रहन गएको देखिन्छ । योजना कार्यान्वयनमा थप प्रभावकारिता ल्याउनुपर्दछ ।

७३. **परामर्श सेवा खर्च -** सासेक रोड कनेक्टिभिटी आयोजनाअन्तर्गतका परामर्शदाताले सुपरिवेक्षण गर्ने गरी तोकेको १७० कि.मि.सडक मध्ये ४५ कि.मि.को मात्र खरिद सम्झौता भएको र निर्माण कार्यको ठूलो हिस्सा ओगट्ने पूर्व पश्चिम राजमार्ग अन्तर्गत नारायणघाट–बुटवल ११५ कि.मि.सडक विस्तारको लागि २०७५ असार मसान्तसम्म खरिद सम्झौता भएको छैन । सुपरिवेक्षणको लागि परामर्शदातासँग समयबद्ध (टाइम बेस) सम्झौता गरेको कारण काम नभएको अवधिको सेवा शुल्क समेत परामर्शदातालाई भुक्तानी दिनु परेकोले निर्माण खर्चको तुलनामा परामर्श सेवा खर्च ४६ प्रतिशत पुगेको छ । परामर्शदाताले सुपरिवेक्षण गर्ने निर्माण कार्यको प्रगतिको आधारमा परामर्श शुल्क भुक्तानी दिने गरी सम्झौता गर्नुपर्दछ ।

७४. **कार्य सम्पन्न प्रतिवेदन -** ओखलढुङ्गा-सल्लेरी खण्डको सडक निर्माण कार्यको ५ खरिद सम्झौता अन्तर्गत रु.७९ करोड ९० लाख ६६ हजार खर्च भई सन् २०१५।१६ मा सम्पन्न भएको र त्रुटि सच्याउने अवधि ३० मे २०१७ मा समाप्त भएकोमा सो अवधिमा सच्याउनु पर्ने त्रुटिहरु सच्याई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । उक्त सडकको २०७५।६।२० मा स्थलगत अवलोकन गर्दा विभिन्न खण्डमा पिच उप्किएको, सडक भासिएको एवं पहिरो गएको लगायतका स्थिति देखिएको छ । त्रुटि सच्याउने अवधिमा सुधार गर्नुपर्ने कार्यहरुको सूची तयार गरेको र ती कार्यहरु सच्याएको देखिएन । अत: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिमको प्रक्रिया पूरा गरी कार्य सम्पन्न प्रतिवेदन स्वीकृत हुनुपर्दछ ।

७५. **प्रतिवेदन कार्यान्वयन -** आयोजना निर्देशनालयले पहिलो र दोस्रो चरणको अनुदान एवं सासेक रोड कनेक्टिभिटी आयोजनाको बचत रकमबाट रु.८३ करोड ८० लाख ७१ हजार खर्च गरी विभिन्न स्थानको १ हजार २१० कि.मि. सडकको विस्तृत ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गरेकोमा रु. ३३ करोड ५२ लाख २९ हजार खर्च गरी तयार गरेको १ हजार १७ कि.मि. को प्रतिवेदन कार्यान्वयनमा ल्याएको छ भने रु.५० करोड २८ लाख ४२ हजार खर्च गरी तयार गरेको प्रतिवेदन कार्यान्वयनमा आएको देखिएन ।

काठमाडौँ उपत्यका सडक विस्तार आयोजना

७६. **लक्ष्य प्रगति -** काठमाडौँ उपत्यकाका सडकहरु विस्तार गर्न रु.१२ अर्ब २५ करोड ४४ लाखको लागत लाग्ने अनुमान गरी निर्माण कार्य शुरु भएकोमा २०७४।७५ सम्ममा रु. ६ अर्ब १४ करोड ४२ लाख खर्च भई समग्रमा ४६.५७ प्रतिशत प्रगति भएको छ । स्तरोन्नति भई रहेका सडकहरुमध्ये जोरपाटी-सुन्दरीजलको ३, ढोलाहिटी-लेलेको ४, कर्मनाशा खोला-गोदावरी एवं पेप्सीकोला-सल्लाघारीको ६, नख्खु खोला-बुङमतीको १९, चाबहील-जोरपाटी-साँखुको २१, इमाडोल-सिद्धिपुर-लामाटारको ३८ तथा त्रिपुरेश्वर-कलंकी-नागढुङ्गा सडकको ६२ प्रतिशतमात्र प्रगति देखिएकाले तोकिएको समयावधिमा कार्य सम्पन्न गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

७७. **निर्माणस्थलको व्यवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) बमोजिम सडक विस्तार सुधार गर्नु अघि स्वीकृत सडक सीमा क्षेत्र खाली गराई खरिद कारबाही शुरु गर्नुपर्नेमा ४ पुल र ११ सडक खण्डहरुको काम गर्न ३३ ठेक्का प्याकेज स्वीकृत गरी ठेक्का वन्दोवस्त गरेकोमा ११ प्याकेजका सडकको रेखाङ्कन स्पष्ट नभएको, ३ प्याकेजमा रुख कटान सम्बन्धी काम नभएको, २ प्याकेजमा विद्युत र टेलिफोनको खम्बा सार्ने ठाउँ नभएको र ९ प्याकेजमा निर्माण व्यवसायीले कार्यतालिकाबमोजिम काम नगरेकोले ३० ठेक्काको काम सम्पन्न गर्नुपर्ने शुरु अवधि तथा थप भएको समेत ९८.०८ प्रतिशत अवधि पूरा भै सक्दा कामको प्रगति १० देखि ५० प्रतिशत मात्र पुरा रहेको देखियो । अत: नियमानुसार निर्माणस्थलको व्यवस्था भएपछि मात्र खरिद सम्झौता गर्नुपर्दछ ।

७८. **कार्य परिवर्तन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिल बीजकको भुक्तानी गर्दा सम्झौतामा तोकिएको कार्य पुरा गरेको आधारमा गर्नुपर्ने व्यवस्था छ । आयोजनाले विभिन्न सडक निर्माणको ठेक्का प्याकेजमा निर्माण व्यवसायीहरुलाई सडक कालोपत्रे गर्ने कार्यमा रहेको निर्माण सामग्रीको आइटमलाई सो कार्य नगराई पटक पटक मर्मतको कार्यको ९ प्याकेजमा रु.९२ लाख १५ हजार सम्झौतामा उल्लेख भएको कालोपत्रे नगरी मर्मतमा खर्च गर्ने सम्बन्धितलाई जिम्मेवारी बनाई स्वीकृत कार्यक्रम तथा सम्झौताअनुसार कार्य गर्ने व्यव्स्था मिलाउनुपर्दछ ।

७९. **निर्माण क्षति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको दिनदेखि हस्तान्तरण पत्र जारी मितिसम्म हुने सबै प्रकारको क्षतिको बीमा गराई पेस गर्नुपर्ने व्यवस्था छ । गौशालादेखि एयरपोर्ट सिनामंगलसम्मको सडक एयरपोर्ट गेट अगाडि नेपाल नागरिक उड्डयन प्राधिकरणले भवन निर्माणको कार्य गराउन ठेक्कापट्टा गराई कामको जिम्मेवारी पाएका निर्माण व्यवसायीले भवन निर्माण गर्ने क्रममा उक्त खण्डको सडक तथा फुटपाथसमेत क्षति पुऱ्याएको देखाई आयोजनाले पटक पटक कामको सुधार गरी सडक पुनर्स्थापना गर्न पत्राचार गर्दा समेत नागरिक उड्डयन प्राधिकरणले कामको सुधार नगरेको अवस्था दर्शाई आयोजनाले नै उक्त कार्य गर्न रु.१ करोड ६६ लाखको लागत अनुमान स्वीकृत गरी रु.६१ लाख ८२ हजारमा ठेक्का बन्दोबस्त गरी निर्माण कार्य थालनी गरेको छ । अन्य निकायवाट भएको सडक क्षतिको काममा सुधार गराउने वा निर्माण व्यवसायीले बीमा दाबी गरी गराउनुपर्ने काममा समेत छुट्टै ठेक्का प्याकेज तयार गरी खर्च गराएको उक्त रकम क्षति पुऱ्याउने पक्षवाटै असुल गरी काम सम्पन्न गराउनुपर्दछ ।

८०. **पुल निर्माण -** वागमती नदी र धोबीखोलामा २ पुल निर्माण कार्य डिजाइन एण्ड बिल्ट सम्झौता अर्न्तगत २ निर्माण व्यवसायीसँग क्रमश रु.२१ करोड ३३ हजार र रु.१३ करोड १३ लाख ८५ हजारमा ४२ महिना र ३६ महिनाको अवधिमा कार्य सम्पन्न गर्न सम्झौता गरेको छ । यो वर्षसम्म वागमती नदी पुलमा रु. ६ करोड ७७ लाख ३७ हजार र धोबीखोला पुलमा रु.७ करोड २९ हजार खर्च भई सकेकोमा वागमती नदी पुलको २० प्रतिशत र धोविखोला पुलको ४० प्रतिशत भौतिक प्रगति भएकोमा लेखापरीक्षण अवधिसम्म ठेक्काको म्याद समाप्त भएको छ । सम्झौता तथा कार्यतालिकाबमोजिम काम नगरेको र लमसम प्रकृतिको ठेक्का भएपनि मूल्य समायोजन रु.४५ लाख ८४ हजार भुक्तानी दिएको छ ।

उक्त दुवै पुलको सम्झौतामा निर्माण व्यवसायीले १८० दिन भित्र डिजाइन पेस गर्नुपर्ने र सो को २१ दिनभित्र स्वीकृत गरी सक्नुपर्ने उल्लेख छ । धोबीखोलामा नेटवर्क आर्कब्रिजको डिजाइन निर्माण व्यवसायीले ४५५ दिनपछि पेस गरेको र ५६ दिनपछि स्वीकृत गरेकोले निर्माण कार्य शुरु हुनु अगावै सम्झौता अवधिको ४२ प्रतिशत (१५ महिना) म्याद समाप्त भएको छ । सम्झौता अवधिमा काम नगर्नेलाई सार्वजनिक खरिद नियमावली तथा सम्झौताको व्यवस्थाबमोजिम कारबाही गर्नुपर्दछ ।

८१. **दोहोरो भुक्तानी -** त्रिपुरेश्वर-कलंकी सडकको ३.३८ कि.मि.को सडकमा सडक निर्माण गर्ने निर्माण व्यवसायीको आठौं बिलको कामको नापजांच गर्दा प्याच कार्य १ र २ तथा र सोही स्थानमा सब ग्रेड कार्यको छैठौं बिलसम्म भुक्तानी भई सकेको ७ हजार ९३.६३ घनमिटरको रु.६८ लाख ३८ हजार समेत आठौं बिलमा समावेश गरी भुक्तानी गरेको छ । यस सम्बन्धमा छानबिन गरी बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।

रेल विभाग

८२. **रेल्वेसम्बन्धी कानुन** - मेची महाकाली विद्युतीय रेल मार्ग, केरुङ-काठमाडौँ, काठमाडौँ-वीरगन्ज, काठमाडौँ-पोखरा रेल मार्ग, मोनोरेल, मेट्रो रेल, भारतीय सिमानासँग जोड्ने रेल मार्ग निर्माणसम्बन्धी प्रक्रिया अगाडि बढेको भए पनि यसलाई नियमन गर्ने व्यवस्था रेल्वे ऐन, २०२० मा छैन । रेल्वेसम्बन्धी काम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रेल विभाग, काठमाडौँ/ललितपुर महानगरपालिकाले समेत गरिरहेको देखिन्छ । अतः रेल्वे निर्माण, सञ्चालन, नियमन सम्बन्धमा समसामयिक कानुनी व्यवस्था हुनुपर्दछ ।

८३. **रेल मार्गको लागत -** मन्त्रालयमा सन् २००९ मा परामर्शदाताले पेस गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार गड्डाचौकी-महादेव पुरी २०२.६६५, महादेवपुरी-महुवा १३९.१६३, महुवा-तम्सरीया १२३.५००, तम्सरीया-चन्द्रनिगाहपुर १७६.९३७, चन्द्रनिगाहपुर-लहान ११९.१२९, लहान-काकडभित्ता १८३.८५०, तम्सरीया-आँबु खैरहनी ७१.७२९, पोखरा-काठमाडौँ १८७.०८३ र भारतीय सीमानासम्म लिंक ११३.४१९ कि.मि. गरी १० खण्डको कुल १ हजार ३१७.४७५ कि.मि. रेलमार्ग निर्माण गर्न रु.६ खर्ब ५४ अर्ब १४ करोड १२ लाख लाग्ने उल्लेख छ । विभागले विस्तृत आयोजना प्रतिवेदन तयार गर्न नियुक्त गरेका परामर्शदाताले विभिन्न ६ खण्ड अन्तर्गत ६६८ कि.मि. रेलमार्ग निर्माण गर्न रु.४ खर्ब ८८ अर्ब २१ करोड ८० लाख लाग्ने गरी प्रतिवेदन पेस गरेको देखिन्छ । पोखरा-काठमाडौँ १८७.०८३ कि.मि. रेलमार्ग निर्माण गर्न रु. २ खर्ब ८२ अर्ब ९४ करोड ३९ लाख लागत लाग्ने सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख भएपनि विस्तृत आयोजना प्रतिवेदन तयार भएको पाइएन ।

८४. **अधिकार -** नेपालको संविधानमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन कार्य संघको अधिकार सूचीमा रहेको छ । नेपालमा रेलमार्गको निर्माण एवं नियमन गर्ने अधिकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको हुने हुँदा देहायका रेलमार्गको निर्माणमा मन्त्रालयको संलग्नतासहित समन्वय गर्ने संयन्त्र तयार गर्नुपर्दछ ।।

८४.१. एक चिनीयाँ कन्स्ट्रक्सन कम्पनीले गरेको पूर्व सम्भाव्यता अध्ययनअनुसार रु.१ खर्ब १६ अर्बको लागतमा काठमाडौँ र ललितपुर महानगरपालिकाले चक्रपथमा मोनोरेल निर्माण गर्ने गरी सहमति भएको छ । उक्त सहमति अनुसार विस्तृत आयोजना प्रतिवेदन तयार गर्न ६ महिना र निर्माण गर्न ३ वर्ष लाग्ने अनुमान रहेको छ । उक्त कार्यमा विभागको समन्वय हुनुपर्दछ ।

८४.२. नागढुङ्गा-धुलिखेल मेट्रोरेलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लगानी बोर्डले ६ कम्पनी सूचीकृत गरेको छ । उक्त रेलमार्ग को लम्बाई ४५ कि.मि. र लागत रु.३ खर्ब १५ अर्ब लाग्ने तथा निर्माण कार्य निर्माण, सञ्चालन र हस्तान्तरण विधि (बुट) हुने उल्लेख छ ।

८५. **भारतसँग सम्झौता** - नेपाल र भारत सरकार बीच नेपाल र भारतका निम्न ६ स्थानलाई भारतीय रेलमार्गमा जोड्ने सम्बन्धमा सन् २०१० फरवरी १६ मा सहमति भएको देखिन्छ:

सि.नं.	रेल मार्ग	लम्बाई कि.मि.	गर्नुपर्ने कार्य	पछिल्लो प्रगति
१	जयनगर-बिजलपुरा	५१	ब्रोड गेजमा रुपान्तरण	निर्माण कार्य भइरहेको
२	बिजलपुरा-बर्दिवास	१७	ब्रोड गेजमा विस्तार	निर्माण कार्य शुरु नभएको
३	जोगवनी-बिराटनगर	१७.६५	ब्रोड गेजमा विस्तार	निर्माण कार्य भइरहेको
४	नौतनवा-भैरहवा	८	ब्रोड गेजमा विस्तार	निर्माण कार्य शुरु नभएको
५	नेपागञ्ज रोड-नेपालगञ्ज	८	ब्रोड गेजमा विस्तार	निर्माण कार्य शुरु नभएको
६	न्यू जलपाई गुडी (भारत)-काँकडभित्ता पानीटंकी	१	ब्रोड गेजमा विस्तार	निर्माण कार्य शुरु नभएको

८५.१. उपर्युक्त खण्डमध्ये जयनगर-जनकपुर-बर्दिवास तथा जोगवनी-बिराटनगरको निर्माण कार्य भारतीय पक्षबाट भई रहेको भए तापनि अन्य खण्डको निर्माण कार्य शुरु भएको छैन । भारतमा ब्रोडगेज रेल लिक भए पनि विश्वबाट ब्रोडगेज लिक विस्थापन हुने क्रममा रहेको र भारतमा पनि विस्थापित गर्न थालिएको सन्दर्भमा ब्रोडगेज रेलमार्ग लिक निर्माण गर्ने सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

८५.२. रक्सौलबाट काठमाडौँ जोड्ने रेलमार्गको प्रारम्भिक अध्ययन कार्य (फिल्ड वर्क) भारतीय सरकारको लागतमा सम्पन्न भएपनि विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको छैन ।

८६. **केरुङ-काठमाडौँ रेल मार्ग -** चीन सरकारको खर्चमा चिनीयाँ एक इस्टिच्युटले काठमाडौँ-केरुङ रेलमार्गका पूर्व सम्भाव्यता अध्ययन गरी दिएको प्रतिवेदनमा ७२.२५ कि.मि. रेलमार्गको ९८.५ प्रतिशत भागमा पुल र टनेल हुने गरी निर्माण गर्न रु.२ खर्ब ५७ अर्ब लागत लाग्ने, निर्माण अवधि ९ वर्ष हुने उल्लेख छ । सो मार्गको विस्तृत आयोजना प्रतिवेदन तयार भएको छैन ।

८७. **रेलमार्गको मापदण्ड -** आयोजनाले निर्माण गर्ने पूर्व पश्चिम रेलमार्ग, काठमाडौँ वीरगन्ज रेलमार्ग, केरुङ काठमाडौँ रेलमार्ग तथा भारतीय सिमानामा निर्माण हुने लिंक रेलमार्ग नै अन्ततः अन्तर्राष्ट्रियस्तर रेलमार्गकै संजालभित्र पर्ने हुँदा निर्माण कार्य अन्तर्राष्ट्रियस्तरसँग तालमेल हुने गरी निर्माण कार्य हुनुपर्दछ ।

नेपाल जून २०१२ मा ट्रान्स एसियन रेलमार्गको सदस्य भएको अवस्थामा भारतीय र चिनीयाँ सिमानासम्म रेलमार्ग जोडिने प्रवेश र बर्हिगमन बिन्दु निर्धारण गर्नुपर्दछ ।

८८. **आयोजना स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत बीचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । रेल्वे विकास आयोजनाले बर्दिवास काँकडभिट्टा खण्ड २६३.८ कि.मि. को रेलमार्गको लागि रु. १ खर्ब ७२ अर्ब ९८ करोड लागत लाग्ने गरी परामर्शदाताले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन नेपाल सरकारमा पेस नगरी महानिर्देशक तहबाट स्वीकृत भएको छ ।

८९. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमका विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गराई वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । रेल्वे विकास आयोजनाले रु. २ खर्ब २७ अर्ब १२ करोड लागत भएका इनरुवा-काँकडभित्ता, इटहरी-विराटनगर लिंक, बर्दिवास-इनरुवा, तम्सरीया-बुटवल खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन उक्त मन्त्रालयबाट स्वीकृत गराएको पाइएन ।

९०. **नर्म्स** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको नर्म्स मन्त्रिपरिषदबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । विभागले रेल्वे सम्बन्धी निर्माण कार्यको लागि छुट्टै नर्म्स तथा स्पेसिफिकेसन स्वीकृत नगरी हाल प्रचलनमा रहेको सडक निर्माण सम्बन्धी नर्म्स लागू गरेको छ । यस्तो अवस्थामा सही लागत अनुमान भएको तथा स्पेसिफिकेसनअनुसार कार्य भएको सम्बन्धमा विश्वस्त हुने आधार भएन ।

९१. **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद विधि छनौट, दफा ९ मा खुल्ला रुपमा बोलपत्र आह्वान, दफा १० मा बोलपत्रदाता वा प्रस्तावदाताको योग्यता सम्बन्धमा र दफा २६(६) मा मिलेमतो भएमा बोलपत्र रद्द हुने व्यवस्था छ । रेल्वे विकास आयोजनाले २०७४।७५ मा आह्वान गरेको ४ बोलपत्रको लागत अनुमान र कबोल अङ्कको अवस्था निम्नानुसार रहेको छः

कामको विवरण	पुलको संख्या	लागत अनुमान रु. हजारमा	कबोल अङ्क रु. हजारमा	लागत अनुमानको तुलनामा कबोल अङ्कको प्रतिशत
रेलमार्गमा पुल निर्माण गर्ने	३	८१४०२५	८१,२८,३६	०.१५ प्रतिशत घटी
	३	८१०७५८	८०,९७,६३	०.१२ प्रतिशत घटी
	२	६७०४४५	६८,१९,८२	२.०७ प्रतिशत बढी
	१	७७०२७०	७६,८७,३८	०.२१ प्रतिशत घटी
जम्मा	**९**	**३०६५४९८**	**३,०७,३३,१९**	

उक्त तालिकाअनुसार कुल लागत अनुमान रु. ३ अर्ब ६ करोड ५५ लाख रहेकोमा सम्झौता रकम रु. ३ अर्ब ७ करोड ३३ लाख (०.१२ घटी देखि २.०७ प्रतिशत बढीसम्म) रहेको देखिन्छ । उक्त ९ पुलको

निर्माण गर्न दुई वटा प्याकेजमा ३/३, एक प्याकेजमा २ र दुई प्याकेजमा १/१ पुल समावेश गरी ठेक्का प्याकेज तयार गरेको आधार देखिएन । निश्चित निर्माण व्यवसायी मात्र योग्य हुने गरी ठूलो प्याकेज बनाएको छ । ती ठेक्कामा पर्याप्त प्रतिस्पर्धा भएको सुनिश्चित हुने अवस्था देखिएन । पर्याप्त प्रतिस्पर्धा हुने गरी ठेक्का प्याकेज तयार गर्नुपर्दछ ।

९२. **वार्ताद्वारा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(ख) मा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूत रुपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने व्यवस्था रहेको छ ।

रेल्वे विकास आयोजनाले बाँके नदी र भप्सी नदीमा पुल निर्माण गर्न रु. ६७ करोड ४ लाख ४५ हजार लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा प्राविधिक प्रस्तावको मूल्याङ्कनबाट एक मात्र बोलपत्रदाता प्रभावग्राही भएअनुसार निजको रु. ६८ करोड १९ लाख ८२ हजार (लागत अनुमानभन्दा २.०७ प्रतिशत) बढीको आर्थिक प्रस्ताव स्वीकृत गर्न सिफारिस भएकोमा आयोजनाले वार्ताद्वारा रु.१ करोड ३० लाख १ हजार घटाई रु. ६६ करोड ८९ लाख ८१ हजारमा खरिद सम्झौता गरेको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा सारभूत रुपमा प्रभावग्राही नभए खरिद कारबाही रद्द गर्ने व्यवस्था रहेको तर वार्ताद्वारा घटाघट गराउने व्यवस्था नरहेकोले उक्त कार्य ऐन नियम अनुकूल देखिएन ।

९३. **बहुवर्षीय स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । अर्थ मन्त्रालयले २०७५।३।६ मा सर्भे, डिजाइन, वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति, पोलहरु हटाउने लगायतका निर्माण पूर्वका चरणहरु पूरा भएका आयोजनाका हकमा निर्माणको बहुवर्षीय ठेक्का लगाउन स्वीकृति प्रदान गरेको उल्लेख भएकोमा आयोजनाले यस वर्ष निर्माण पूर्वका चरणहरु पुरा नगरेकोमा रु.२ अर्ब २ करोड ८० लाखको ३ खरिद सम्झौता गरेको पाइयो ।

९४. **कार्य सम्पन्न -** परामर्शदाताले पेस गरेको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार सिमरा-बर्दिवास १०८ कि.मि. तथा वीरगन्ज-सिमरा लिंक लाइन २८.४ कि.मि. निर्माण गर्न रु.९० अर्ब २१ करोड ६९ लाख लागत लाग्ने अनुमान रहेको छ । सिमरा-बर्दीवास खण्डमा ३० कि.मि. मा ट्रयाक बेड तथा अन्य सिभिल संरचनाहरु निर्माण गर्न रु.३ अर्ब ८७ करोड ३२ लाखको १३ खरिद सम्झौता भएकोमा १२ सम्झौतामा रु.४ अर्ब ५२ करोड ९३ लाख भुक्तानी भएपनि निर्माण कार्य सम्पन्न भएको छैन ।

९५. **परामर्शदाताको जिम्मेवारी** - रेल्वे आयोजनाले परामर्शदाताले पेस गरेको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख गरेको परिमाणको आधारमा निर्माण कार्य गर्न खरिद सम्झौता गरेकोमध्ये ५ मा रु.२ अर्ब ४९ करोड ४९ लाखको सम्झौता भएकोमा सम्झौता कार्यान्वयनको क्रममा केही आइटमको परिमाणमा अत्याधिक वृद्धि भई रु.३१ करोड ५८ लाखको भेरिएसन आदेश जारी गरी सम्झौता रकम रु.२ अर्ब ८१ करोड ७ लाख कायम भएको छ । यसरी कामको परिमाण फरक परेको सम्बन्धमा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

यातायात व्यवस्था विभाग

९६. **इम्बोस्ड नम्बर प्लेट -** पच्चीस लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान कार्य गर्न एक अन्तर्राष्ट्रिय सप्लायर्ससँग अमेरिकी डलर ४ करोड ३७ लाख ८७ हजार ५०० (रु.४ अर्ब ७८ करोड ७७ लाख) को सम्झौता भएकोमा कार्य तालिकाअनुसार २०७५ चैत्रसम्म १३ लाख ७७ हजार ५०० सवारीसाधनमा नम्बर प्लेट राख्नुपर्नेमा ४ हजार ४०३ (०.३२ प्रतिशत) मात्र कार्य सम्पन्न गरेको छ ।

नेपालको संविधानमा देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुने व्यवस्था भए पनि सवारीसाधनको इम्बोस्ड नम्बर प्लेटमा अक्षर र अङ्क अंग्रेजी भाषामा हुने गरी सम्झौता गरेको छ । इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी भाषा उल्लेख गर्ने विषय संवैधानिक व्यवस्था विपरीत भएकोले वितरण नगर्न सर्वोच्च अदालतबाट आदेश भई वितरण कार्य स्थगित रहेको छ ।

आपूर्तकसँग भएको सम्झौतामा ५ वर्षमा २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट सप्लाई गरी पर्सनालाइज्ड गर्नुपर्ने र उक्त समयभित्र कार्य पूरा नभए पनि सम्झौता रकमको ९५ प्रतिशत रकम भुक्तानी गर्ने शर्त रहेको छ । यसबाट कार्यावधि सकिन लाग्दा समेत पर्सनालाइज्ड कार्य हुन नसकेकोले

सम्झौताअनुसार रु.४ अर्ब ५४ करोड २ लाख अतिरिक्त दायित्व सिर्जना हुने स्थिति रहेकोले काम नभएको अवस्थामा उक्त रकम भुक्तानी नगर्ने व्यवस्था गर्नुपर्दछ ।

खरिद सम्झौतामा पर्सनलाइज्ड सेन्टर सञ्चालन लगायत सप्लायर्सको कार्यालयमा प्रयोग भएको बिजुलीको भुक्तानी सप्लायर्सले गर्नुपर्ने व्यवस्था रहेकोमा विभागले ट्रान्सफरमर खरिद, लाईन जडान र विद्युत महसुलसमेत रु.१६ लाख २३ हजार भुक्तानी गरेकोले सो रकम सप्लायर्सबाट असुल हुनुपर्दछ ।

९७. **खर्चको स्रेस्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । मेसिनरी औजार तथा उपकरणहरु र इलेक्ट्रोनिक विद्युतीय सवारीचालक अनुमतिपत्रसमेत खरिदका लागि एक अन्तर्राष्ट्रिय आपूर्तकर्सँग अमेरिकी डलर १ लाख ३१ हजार ९८५ को खरिद सम्झौता भएकोमा यो वर्षसम्म अमेरिकी डलर ३९ हजार ५९५ को हुने रु.४१ लाख १५ हजार भुक्तानी गरेकोमा बीजक पेस नभएको, भुक्तानीमा कर कट्टी नगरेको तथा कारोबारको लेखा स्रेस्ता तयार नगरेकोले खर्चको यथार्थता यकिन गर्न सकिएन ।

९८. **यातायात सेवाको पञ्जीकरण -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९३ तथा नियमावली, २०५४ को नियम ४४ मा यातायात सेवाको नाम पञ्जीकृत गरी ५ वर्षमा नवीकरण गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको लागि पेस भएको अभिलेखअनुसार १३ बस सेवा, ३ जिप सेवा, २ ढुवानी सेवा, १ ट्रक सेवाको मात्र पञ्जीकरण गरेको देखियो । यातायात सेवाको पञ्जीकरण कार्य प्रभावकारी रहेको देखिएन ।

९९. **बढी भुक्तानी -** विभागले यो वर्ष भीआरएस र डिएलआरएसको तथ्याङ्क प्रिन्ट गर्न मातहतका कार्यालयमा ५६ लाख ६२ हजार सेट ई-बिल पठाएकोमा एक फर्मलाई ५३ लाख ९९ हजार सेटको रु.१ करोड ९० लाख ५७ हजार र अर्को एक फर्मलाई १२ लाख ३८ हजार सेटको रु.२३ लाख ४० हजार समेत जम्मा ६६ लाख ३७ हजार सेट ई बिलको प्रिन्ट खर्च रु.२ करोड १३ लाख ९७ हजार भुक्तानी दिएको छ । उक्त बिल संख्या विभागले मातहतका कार्यालयहरुलाई पठाएको संख्या भन्दा ९ लाख ७१ हजार सेट बढी देखिएको र उक्त परिमाणको मूल्य रु. ३८ लाख ७४ हजार देखिएकोले बढी प्रिन्ट गरेको देखाई भुक्तानी लिएको उक्त रकम सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

१००. **राजस्व हिसाब -** विभाग र मातहत कार्यालयहरुमा सवारीसाधनहरुको दर्ता, नवीकरण लगायतको कार्य भिआरएस र इलेक्ट्रोनिक विद्युतीय सवारीचालक अनुमतिपत्र सफ्टवेयर मार्फत गर्ने गरी राजस्व समेत बुझिलिने गरेकोमा महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनमा ल्याएको राजस्व सफ्टवेयर र विभाग मातहतका कार्यालयहरुले सञ्चालनमा ल्याएको सफ्टवेयरबाट ११ कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले देखाएको भन्दा रु.३४ लाख ८९ हजार घटी र ७ कार्यालयले रु.४५ लाख ३१ हजार बढी असुली देखाएकोले राजस्वको हिसाब फरक परेको देखियो । सफ्टवेयरमा सुधार गरी राजस्व असुलीमा एकरुपता कायम गर्नुपर्दछ ।

१०१. **सवारीचालक अनुमतीपत्र -** विभाग र मातहत कार्यालयबाट सवारी चालक अनुमतीपत्र सम्बन्धी कार्यहरु सञ्चालन हुने गरेको छ । साविकमा दिने गरेको सवारीचालक अनुमतीपत्रको सट्टा स्मार्टकार्ड दिने व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा सवारीचालक अनुमतिपत्र लिनको लागि परिक्षा उत्तीर्ण भएका १० लाख १३ हजार जनाले स्मार्ट कार्ड पाइसक्नुपर्नेमा ३ लाख ९९ हजारले मात्र पाएको अवस्था छ । परीक्षा उत्तीर्ण गर्नेले राजस्व बुझाएको ९ महिनासम्म कार्ड पाएको देखिएन । सवारीचालकले अनुमतिपत्रको लागि राजस्व बुझाएको रसिदको आधारमा सवारीसाधन चलाउँदै आएको स्थिति छ । स्मार्ट कार्ड तत्काल दिन नसकिने अवस्था अस्थायी रुपमा भए पनि अनुमतिपत्र प्रिन्ट र वितरणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

संगठित संस्था

सडक बोर्ड नेपाल

सडकको नियमित, पटके, आवधिक तथा अकस्मिक मर्मत सम्भार गर्न उक्त सडकमा चल्ने सवारीसाधनहरुमा दस्तुर लगाई उठाउने व्यवस्था गर्न सडक बोर्ड ऐन, २०५८ बमोजिम २०५९।३।२४ मा सडक वोर्डको स्थापना भएको हो ।

१०२. **सम्पत्ति मूल्याङ्कन -** सम्पत्ति एवं दायित्वको सही मूल्याङ्कन गरी वासलात तयार गर्नु पर्दछ । बोर्डले यसवर्ष मर्मत सम्भारका लागि दिएको पेस्की बाँकी, बैक मौज्दात, नगद मौज्दात र भवन निर्माण पेस्की समेत रु.४६ लाख समेत रु.६ अर्व ९१ करोड २४ लाख सम्पत्तिमा देखाएको छ । स्थिर सम्पतिमा मोटर साइकल ११ समेत १६ सवारीसाधनको मूल्य र निर्माणाधिन भवनको कुल खर्च रु.१२ करोड ३६ लाख वासलातमा नदेखाएबाट वित्तीय विवरणले सम्पत्ति र दायित्वको यथार्थ चित्रण गरेको छैन ।

१०३. **बढी भुक्तानी -** सडक बोर्ड निर्देशिका, २०६१ अनुसार सडक मर्मत सम्भारको निकासा दिएको रकम कार्य सम्पन्न भएपछि बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । बोर्डले २०७३/७४ मा डिभिजन सडक कार्यालय, चितवनलाई टोल फण्ड अन्तर्गत निकासा दिएको रकममध्ये ३ ठेक्कामा कार्य सम्पन्न गरेको भन्दा रु.२ करोड ३४ लाख ७६ हजार बढी खर्च गरेको देखिएकोले उक्त रकम फिर्ता गर्नुपर्दछ । यसरी बढी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०४. **बढी खर्च -** सडक मर्मत सम्भारका लागि स्वीकृत कार्यक्रम एवं बजेटभन्दा ७ निकायले रु.७ करोड ५४ लाख ४३ हजार बढी खर्च गरेकोमा बोर्डले बढी खर्च रकम दायित्वमा देखाएको छ । स्वीकृत बजेट तथा कार्यक्रमभन्दा बढी खर्च गर्ने निकायलाई जिम्मेवार बनाई कार्यक्रम संशोधन बेगर बढी खर्च प्रतिवेदन स्वीकार गर्न मिल्ने देखिएन ।

१०५. **दस्तुर सङ्कलन** - बोर्डले प्रतिदिन कम्तीमा ९०० सवारीसाधन चल्ने सडकमध्येबाट उपयुक्त देखिएको सडक छनौट गरी सडक दस्तुर उठाउन नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था रहेको छ । नेपाल सरकारले २०५६।६।३ मा ९ र २०६७।३।१७ मा २ गरी ११ सडक खण्डमा चल्ने सवारीसाधनबाट दस्तुर असुल गर्न राजपत्रमा सूचना प्रकाशन गरेको भएपनि बोर्डले चार सडक खण्डबाट मात्र दस्तुर सङ्कलन गर्दै आएको छ । ती ४ सडकबाट २०७२।७३ मा रु.९ करोड ९ लाख, २०७३।७४ मा रु.९ करोड ५७ लाख र २०७४।७५ मा रु.१० करोड ६८ लाख आम्दानी गरेको छ । सडक विभागबाट प्रकाशित सडक डायरी २०७३।७४ अनुसार औसत दैनिक ९०० भन्दा बढी सवारीसाधन चल्ने १२८ स्टेसनहरु रहेका छन् । राजपत्रमा प्रकाशित स्थानमध्ये ७ स्थानमा सडक दस्तुर असुल गर्ने व्यवस्था नगरेका कारण सरकारलाई प्राप्त हुने सबै रकम प्राप्त भएको छैन ।

१०६. **सडक दस्तुर** - सडक बोर्ड ऐन, २०५८ को दफा ६ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको सडक उपभोग गर्ने सवारीसाधनलाई दस्तुर लगाउन सक्ने व्यवस्था रहेको छ । नेपाल सरकारले २०५६।६।३ मा राजपत्रमा सूचना प्रकाशन गरी ९ स्थानको सडक खण्डको लागि हलुका सवारीसाधनको रु.२२।–देखि रु.७५।–, भारी सवारीसाधनको ४२।– तोकेको छ । उक्त दरमा २०५७ र २०६९ मा दुई सडक खण्ड थप गरी दस्तुरको दर पनि संशोधन गरेको देखिन्छ । संशोधित दर अनुसार साविकको दर घटाई हेटौँडा-नारायणघाट सडक खण्डमा क्रमशः ३०।–, २०।–, ५।– र नारायणघाट बुटवल सडक खण्डमा रु.४०।–, ३०।–, ५।– कायम गरेकोले दरमा समयानुकूल संशोधन गरेको छैन । बोर्डको सिफारिसमा सडक दस्तुर वृद्धि गर्न अर्थ मन्त्रालयले २०७४।१०।१९ मा शतप्रतिशत वृद्धि गर्न सहमति दिएकोमा सो कार्यान्वयन नगरी पुनः १४ स्थानमा नयाँ सडक सहयोग दस्तुर प्रस्ताव गरी सहमति माग गरेकोमा २०७५।११।६ मा अर्थ मन्त्रालयले सहमति दिए तापनि पुरानै दरअनुसार सङ्कलन गरेको छ । संशोधित दर अनुसार राजस्व असुल गर्नुपर्दछ ।

१०७. **आय ठेक्का -** सडक दस्तुर असुल गर्नको लागि बोर्डले यस वर्ष हेटौँडा–नारायणगढ र भैरहवा–भूमही सडक खण्डमा १ वर्षको लागि रु. ४ करोड ३३ लाखमा ठेक्का सम्झौता गरेकोमा देहाय बमोजिम देखिएको छ ।

१०७.१. नारायणगढदेखि हेटौँडा खण्ड(चेनेज ३९६ देखि ४७३ सम्म) र भैरहवादेखि भूमही सडक खण्ड (चेनेज ० देखि २९.१५० सम्म) को ठेक्का सम्झौता गर्न बोर्डले सडक विभागले प्रकाशन गरेको दैनिक सवारी संख्यालाई आधार लिई पहिलो वर्ष हेभी सवारीसाधनको रु.३०।– र हलुका सवारीको रु.२०।– का दरले हुने रकम र दोस्रो वर्षको लागि ७.५ प्रतिशत वृद्धि गरी २ वर्षको लागिरु.१६ करोड ६५ लाख ४७ हजारको लागत अनुमान स्वीकृत गरी २०७४।९।२३ मा ३० दिन अवधि दिई बोलपत्र माग गर्दा बोलपत्र नपरेकोले बोर्डले पुनः ३ पटकसम्म सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेको कारण सडक विभागबाट २०७४।१२।२६ मा २ स्थानको सवारीसाधन गुड्ने अवस्थाको तथ्याङ्क लिई १ वर्षको लागि रु.३ करोड ५५ लाख ८१ हजारको संशोधित लागत अनुमान तयार गरेको देखियो । संशोधित लागत अनुमान अनुसार बोर्डले २०७५।१।१९ मा

सूचना प्रकाशन गर्दा पर्न आएकामध्ये बढी कबोल गर्ने २ बोलपत्रदाताको रु.४ करोड ६३ लाख ३३ हजारको प्रस्ताव स्वीकृत गरी २०७५।१।३१ र २०७५।२।३ मा सम्झौता भएको छ ।

१०७.२. बोर्डले आयको ठेक्का व्यवस्थापन गर्दा सडक विभागले प्रकाशन गरेको दैनिक सवारी गुडेको (ट्राफिक) संख्यालाई आधार लिई लागत अनुमान तयार गर्ने गरेको छ । सडक विभागको तथ्यांक अनुसार माथिको दुई ठेक्कामा हलुका र भारी सवारीसाधन समेत औसत दैनिक १२ हजार २१३ सवारी आवागमन हुने देखिएकोले सोही अनुसार लागत अनुमान तयार गरेकोमा बोलपत्र नपरेको कारण बोर्डले पुनः एक महिनाभर सडक विभाग मार्फत तथ्याङ्क सङ्कलन गर्न लगाएको र विभागले दैनिक सवारी आवागमन औसत ५ हजार ३६५ भएको बिवरण पेस गरेकोले सोही आधारमा भारी सवारीसाधनको रु.३०।– र हलुका सवारीसाधनको रु.२०।– का दरले रु.३ करोड ५५ लाख ८१ हजारको लागत अनुमान तयार गरेको देखियो । शुरुको लागत अनुमान अनुसार पहिलो वर्षको लागत अनुमान रु.८ करोड २ लाख ६४ हजार रहेकोमा संशोधित लागत अनुमान ५५.६७ प्रतिशतले घटाई रु.३ करोड ५५ लाख ८१ हजार कायम गरेको देखियो ।

१०८. **संरचना पुनरावलोकन -** सडक बोर्ड ऐन, २०५८ को दफा ५ बोर्डका काम, कर्तव्य र अधिकार तोकिएको छ । बोर्डले सडक उपभोग गरेबापतको दस्तुर, सवारीसाधनमा प्रयोग हुने इन्धनमा लगाएको दस्तुर, सवारी दर्ता प्रमाणपत्रमा लगाएको दस्तुर र विदेशमा दर्ता भएका नेपाल राज्यभित्र प्रवेश गर्ने सवारीसाधनमा लगाएको दस्तुर उठाउन सकेको छैन । नयाँ सवारीसाधन दर्ता गर्दा सडक सम्भार दस्तुर यातायात सेवा कार्यालयहरुले असुल गर्ने गरेको र इन्धनमा लाग्ने शुल्क भन्सार कार्यालयहरुले असुल गर्ने गरेको छ ।

बोर्डले सडक मर्मत सम्भार सम्बन्धी गुणस्तर तोक्ने, सडक मर्मत सम्भार कार्यको सुपरीवेक्षण गर्ने, सबै सडकहरु बोर्डको कार्यक्षेत्रमा ल्याउने, सडक र पुलको सूची तथा तथ्याङ्क तयार गर्ने, सडकको वर्गीकरण गर्ने र सडक मर्मत तथा सम्भारको लागि नर्म्स तथा मापदण्ड निर्धारण गरी प्रकाशन गर्ने जस्ता कार्य सम्पादन गर्न सकेको छैन । अतः बोर्डको पुनसंर्रचना हुनुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन**: गत वर्षको प्रतिवेदनमा नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत बजेट खर्च, सडकको अभिलेख, कार्य क्षेत्र बाहिरका कार्य, कार्यक्रम स्वीकृति, रकमान्तर एवं स्रोतान्तर, स्रोत सुनिश्चितता, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टिन्जेन्सी खर्च, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, आइटम भेरिएसन, नर्म्स, खरिद सम्झौता अन्त्य, बजेट बेगर खरिद, मूल्य समायोजन, साधन स्रोतको सदुपयोग, काममा दोहोरोपन, निर्माण कार्यको गुणस्तर, डिजाइन एण्ड बिल्ड, अधुरा पुल, त्रुटिपूर्ण डिजाइन लगायतका व्यहोराहरु समावेश गरिएकोमा सो को कार्यान्वयन भएको पाइएन ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १४८ निकायमा रु.२० अर्ब ७९ करोड ४३ लाख १५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २३ निकायले रु.१२ करोड ६६ लाख ६९ हजार फछ्यौंट गरेकोले रु.२० अर्ब ६६ करोड ७६ लाख ४६ हजार बाँकी रहेको छ । सोमध्ये रु.१६ अर्ब ५७ करोड ८९ लाख ५७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - अन्य संस्था १ तर्फ रु.२ करोड ९४ लाख ३३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फछ्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन; अनाथ बालबालिका, असहाय महिला, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्तको संरक्षण; समाज कल्याण परिषद र सरकारी एवं गैरसरकारी संघ संस्थाद्वारा सञ्चालित कार्यक्रमको मूल्याङ्कन तथा गैरसरकारी संस्थाको समन्वय, परिचालन र अनुगमन लगायतका कार्य रहेका छन् । जिल्ला स्थित महिला तथा बालबालिका कार्यालय अस्तित्वमा नरहेपछि मन्त्रालय तथा विभागबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१ अर्ब ४९ करोड ९ लाख ३५ हजार, राजस्व रु.५९ लाख ८३ हजार, धरौटी रु.१ करोड ९३ लाख ८५ हजार र अन्य कारोबार रु.१ अर्ब १४ करोड ८६ लाख ७७ हजारसमेत रु.२ अर्ब ६६ करोड ४९लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य संस्था १ र समिति १ समेतको रु.५ करोड ६४ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम –** चौधौँ योजनामा ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय नीति तर्जुमा र समय सापेक्ष ऐन कानुनको परिमार्जन गर्ने, ज्येष्ठ नागरिकको लागि प्रदान गरिने सेवा सुविधाको मापदण्ड निर्धारण गरी सुविधा उपलब्ध गराउने, प्रत्येक प्रदेशमा कम्तिमा एउटा सुविधासम्पन्न वृद्धाश्रम सञ्चालन गर्ने उल्लेख भए तापनि मन्त्रालयको वार्षिक कार्यक्रममा ती विषय समावेश गरेको देखिएन । आवधिक योजना तथा बजेटले निर्धारण गरेको नीतिअनुसारका कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **गैरसरकारी संस्थाको अनुगमन -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक) मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको समन्वय तथा परिचालन गरी गैरसरकारी संस्थाद्वारा कार्यान्वयन गरिएका कार्यक्रमको अनुगमन गर्नुपर्ने उल्लेख छ । यो वर्ष समाज कल्याण परिषद्बाट कार्यक्रम सञ्चालन, स्वीकृति र अनुगमन हुने गरी प्रस्ताव स्वीकृत भई मन्त्रालयमा पेस भए अनुसार १ वर्षदेखि ५ वर्षभित्र खर्च गर्ने गरी २३ देशका ९८ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, भूकम्प प्रभावित व्यक्ति, समुदाय विकास, नेतृत्व विकास, बालपोषण, पूर्वाधार विकास, मानव तस्करी नियन्त्रणलगायतका क्षेत्रमा प्रस्ताव गरेअनुसार रु.२१ अर्ब ६ करोड ७४ लाखको कार्यक्रम स्वीकृत गरेको देखियो । परियोजना प्रस्तावअनुसार खर्च गरे नगरेको सम्बन्धमा अनुगमन गरेको अभिलेख पेस भएको छैन । प्रभावकारी अनुगमन संयन्त्रको अभावमा लक्षित वर्गमा परेको प्रभाव मापन हुन सक्ने देखिएन । संस्थामार्फत हुने कार्यक्रम र गतिविधिको निरन्तर अनुगमन हुनुपर्दछ ।

३. **अनुदान वितरण -** संस्थालाई दिइने अनुदानसम्बन्धी निर्देशिका, २०७३ मा मन्त्रालयले संस्थालाई अनुदान उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयले अवधारणापत्र, भौतिक संरचना, जनशक्ति तथा सम्बन्धित क्षेत्रको अनुभव, आर्थिक कारोबार, आन्तरिक स्रोत परिचालन, स्थानीय स्रोत परिचालनसमेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी संस्था छनौट गरेको छ । मन्त्रालयले यो वर्ष १२ संस्थालाई चालु अनुदान रु.२ करोड ३६ लाख र पुँजीगत अनुदान रु.१ करोडसमेत रु.३ करोड ३६ लाख प्रदान गरेको देखियो । केही नयाँ संस्थाले सानो परिमाणमा अनुदान पाए पनि अधिकांश बढी बजेट हुने र विगतका कार्यक्रम सञ्चालन गर्ने संस्थालाई निरन्तरता दिँदै आएको छ । कार्यसञ्चालन दक्षता तथा क्षमताका आधारमा नयाँ संस्थासमेत प्रवेश गर्ने गरी अनुदान वितरण प्रणाली व्यवस्थित गर्नुपर्दछ । अनुदान सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्:

३.१. मन्त्रालयले राष्ट्रिय अपाङ्ग कोषलाई घुँडासम्म र सोभन्दा माथिको कृत्रिम खुट्टा, कुहिनासम्म र सोभन्दा माथिको कृत्रिम हात, घुँडा गोलिगाँठाको अर्थोसिसलगायतका सामग्री खरिद गरी वितरण गर्न रु.२५ लाख र सहायक सामग्री वितरण गर्न रु.१० लाखसमेत रु. ३५ लाख अनुदान दिएको देखियो । सामान खरिद तथा वितरण गरेको विवरण तथा खर्च पुष्ट्याइँ गर्ने प्रमाणसहित आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्रगति प्रतिवेदन पेस गर्नुपर्ने शर्तसहितको सम्झौता गरेकोमा दोस्रो र अन्तिम किस्ता निकासा दिँदा खरिद कार्यको विवरण र पारदर्शिता पुष्टि हुने कागजात पेस गरेको छैन । राष्ट्रिय अपाङ्ग कोषको आय विवरण अनुसार यस मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र समाज कल्याण परिषद्बाट आयको ३५ प्रतिशतले हुने रु.७० लाख

अनुदानसमेत कुल आय रु.१ करोड ९८ लाख देखिन्छ । कुल आम्दानीको ३५ प्रतिशत सरकारी क्षेत्रको योगदान रहेको निकायले अवलम्बन गरेको खरिद विधि तथा सहायक सामग्री वितरण कार्यको अनुगमन गरेको छैन । अनुगमन प्रणाली सुदृढ गरी खर्च तथा वितरण व्यवस्थासमेत पारदर्शी र मितव्ययी बनाउनुपर्दछ ।

३.२. मन्त्रालय र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालका बीच बाल सुधार गृह सञ्चालन गर्न सम्झौता भएको देखिन्छ । सम्झौताअनुसार भक्तपुर, विराटनगर र पोखरामा बाल सुधार गृह सञ्चालन गर्न रु.४५ लाख ४३ हजार निकासा भएको छ । उक्त तीन सुधार गृहमा क्षमताभन्दा बढी हुने गरी बालबालिका आश्रित रहेको देखिन्छ । क्षमताभन्दा बढी बालबालिका राख्दा आचरण सुधार तथा शिक्षा दीक्षा प्रदान गर्ने कार्यसमेत असहज हुने अवस्था छ । न्यूनतम आधारभूत बाल अधिकार सुनिश्चित हुने गरी भौतिक सुविधा व्यवस्थापन गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

४. **कार्यसञ्चालन कोष -** मन्त्रालयमा रहेका मानव बेचबिखन पीडित पुनर्स्थापना कोषमा रु.१ करोड ९२ लाख ८१ हजार, लैङ्गिक हिंसा निवारण कोषमा रु.५ करोड ६५ लाख ३२ हजार र एकल महिला कोषमा रु.४ करोड १६ लाख १८ हजारसमेत रु.११ करोड ७४ लाख ३१ हजार मौज्दात रहेको देखिन्छ । त्यसैगरी मन्त्रालयको नाममा एभरेष्ट बैङ्क लिमिटेड, सिंहदरबारमा रहेको ५ कोष खातामा आर्थिक वर्षको अन्तमा रु.६ करोड ५१ लाख १ हजार मौज्दात रहेको छ । मन्त्रालयको नाममा दुई फरक फरक प्रकृतिका कार्यसञ्चालन कोष रहेको तथा एकल खाता प्रणाली लागू भइसक्दासमेत छुट्टै बैङ्कमा कोष खाता कायम भई मौज्दातसमेत रहेको देखिएको छ । छुट्टै रुपमा रहेको कोष खाताहरु एकीकृत गरी सञ्चालन गर्नुपर्दछ ।

महिला तथा बालबालिका विभागअर्न्तगत साविकका ७५ महिला तथा बालबालिका कार्यालयको नाममा रहेको लैङ्गिक हिंसा निवारण, एकल महिला सुरक्षा, आपतकालीन बाल उद्धार, मानव बेचविखन पुनर्स्थापना, ज्येष्ठ नागरिक र अन्य कोषमा रु.४ करोड ९६ लाख ९३ हजार मौज्दात रहेको देखिन्छ । महिला तथा बालबालिका कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भइसकेकोले उक्त कोषमा मौज्दात रहेको रकम सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

गैरसरकारी संस्थाको कार्य सम्पादन स्थिति

नेपालमा कामधेनु चर्खा नामले पहिलो गैरसरकारी संस्थाको स्थापनासँगै गैरसरकारी संघसंस्थाहरुको विकास र विस्तार प्रारम्भ भएको मानिन्छ । मुलुकको आर्थिक, सामाजिक विकासमा सरकारको साझेदार अङ्गको रुपमा गैरसरकारी संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सर्वसाधारण नागरिकको जीवनस्तरमा सुधार ल्याउन राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रमा गैरसरकारी संस्थाहरुबाट परिचालन भएको स्रोत साधन उपयोग सम्बन्धमा भएको अनुगमन स्थितिको मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणका क्रममा विवरण सङ्कलन, प्रश्नावलीको जवाफ विश्लेषण र सरोकारवालासँग छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायबमोजिम छन्:

५. **संस्थादर्ता र नवीकरण -** संस्थादर्ता ऐन, २०३४ को दफा ४ (१) मा गैरसरकारी संस्था दर्ता गर्ने सम्बन्धी व्यवस्था छ । संस्था दर्ता नियमावली, २०३४ को नियम ५ मा दर्ताको प्रमाणपत्र एक वर्षसम्म बहाल रहने र अवधि समाप्त भएको मितिले ३ महिनाभित्र नवीकरण गराउनुपर्ने व्यवस्था छ । दर्ता तथा नवीकरण सम्बन्धी एकीकृत केन्द्रीय अभिलेख राखेको देखिएन । लेखापरीक्षणका क्रममा ७७ जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणअनुसार संस्था दर्ता, नवीकरण र प्रतिवेदन पेस गर्ने संस्थाको स्थिति निम्नानुसार रहेको छ:

आ.व.	कुल गैरसरकारी संस्था संख्या	नवीकरण गर्ने संस्था		समाज कल्याण परिषदमा आवद्ध				
				संस्था संख्या	लेखापरीक्षण प्रतिवेदन पेश गरेको		बार्षिक प्रतिवेदन पेस गरेको	
		संख्या	प्रतिशत		संख्या	प्रतिशत	संख्या	प्रतिशत
२०७२/७३	७६७१३	१७५९५	२२.९३	४३८०७	३,६५०	८.३३	२,२५०	५.१३
२०७३/७४	८०५३८	१९७७६	२४.५५	४६१३८	३,७६२	८.१५	२,६५५	५.७५
२०७४/७५	१,०६,०९२	१८,७२६	१७.६५	४८,२७३	३,०५४	६.३३	१,१०८	२.२९

नवीकरण गराउने संस्था न्यून रहेको र नवीकरण गराउनेमध्ये वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेस गर्ने संस्था पनि ज्यादै न्यून रहेकोमा अनुगमन गरी कारबाही गरेको देखिएन । आवश्यक अनुगमन तथा नियमन गरी लेखापरीक्षण नगराउने संस्थालाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्दछ ।

६. **परियोजना सम्झौता -** समाज कल्याण नियमावली, २०४९ को नियम १२ मा समाज कल्याण परिषद्ले नेपालभित्र समाज कल्याणसम्बन्धी काममा सहयोग गर्न चाहने अन्तर्राष्ट्रिय संस्थालाई अनुमति दिने र नेपालभित्र काम गर्नु अघि परिषद्सँग सम्झौता गर्नुपर्ने उल्लेख छ । परिषदद्वारा जारी वैदेशिक सहयोग स्वीकृतिसम्बन्धी निर्देशिका, २०७१ को बुँदा नं ५ मा संघसंस्थाद्वारा वैदेशिक सहयोगमा कार्यक्रम, परियोजना सञ्चालन गर्नुपूर्व परिषद्बाट स्वीकृति नलिई कार्यक्रम सञ्चालन गरेकोमा एक पटकका लागि वैदेशिक सहयोग खर्च रकम अनुमोदन प्रक्रियामा राखी संस्थालाई सचेत गराई पुनः दोहोरिएमा दण्डात्मक कारबाही गरिने व्यवस्था छ । प्राप्त विवरणबमोजिम २०७२।७३ मा ६३१ संस्थासँग रु.२३ अर्ब ६३ करोड ३४ लाख ८ हजार, २०७३।७४ मा ७४७ संस्थासँग रु.१८ अर्ब ९५ करोड १६ लाख ६० हजार र २०७४।७५ मा ७२३ संस्थासँग रु.२० अर्ब १ करोड ४२ लाख ७४ हजारको परियोजना सम्झौता भएको छ ।

परियोजना स्वीकृत नगराई २०७२।७३ मा ४२ संस्थाले रु.६१ करोड ८८ लाख ८९ हजार, २०७३।७४ मा १५८ संस्थाले रु.१ अर्ब ५२ करोड ७२ लाख २० हजार र २०७४।७५ मा ६३ संस्थाले रु.४ अर्ब २३ करोड ५५ लाख ११ हजारसमेत गत ३ आर्थिक वर्षमा रु.६ अर्ब ३८ करोड १६ लाख २० हजार सोझै दाता वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सम्झौता गरी खर्च गरेको देखियो । परियोजना स्वीकृत नगराई नेपाल अपाङ्ग महिला संघ काठमाडौले ए.जे.डब्ल्यु.एस.(अमेरिका) बाट २०७४।७५ मा रु.३ अर्ब ३७ करोड १४ लाख ४४ हजार प्राप्त गरी भूकम्पपश्चातको पुनर्स्थापनामा अपाङ्ग महिलाको सशक्तीकरण कार्यक्रम सञ्चालन गरेपछि अनुमोदनका लागि पेस गरेको छ । अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणाली (ए.एम.पी)मा समेत सहायता रकम नदेखाई सोझै दातासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने कार्यले वित्तीय अनुशासन कमजोर हुने, प्राथमिकता प्राप्त क्षेत्रमा सहयोग परिचालन नहुने तथा सरकारको नियन्त्रणबाट बाहिर रहने स्थिति देखिएको छ । स्वीकृति नलिई कार्यक्रम सञ्चालन गर्ने र अनुमोदनका लागि पेस गर्न सकिने विद्यमान व्यवस्था सान्दर्भिक देखिँदैन । पूर्वस्वीकृति नलिई कार्यक्रम सञ्चालन गर्नेलाई दण्डात्मक कार्यबाहीको व्यवस्था हुनुपर्दछ ।

७. **सहायता रकम -** समाज कल्याण नियमावली, २०४९ को नियम २० मा नेपालभित्र काम गर्न अनुमति प्राप्त अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले बैङ्कमा केन्द्रीय खाता खोली रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी समाज कल्याण परिषद् परियोजना सम्झौतासम्बन्धी निर्देशिका, २०७१ को बुँदा १७ मा परियोजना सम्झौतामा उल्लेख भएको सहायता परिषद् तथा अर्थ मन्त्रालयमा रहेको विद्युतीय सर्भर, सहायता व्यवस्थापन सूचना प्रणालीमा डाटा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । नेपाल राष्ट्र बैङ्कले यस्ता संस्थाको केन्द्रीय खातामा जम्मा भएको रकमको केन्द्रीय अभिलेख राखेको देखिएन ।

आर्थिक वर्ष	समाज कल्याण परिषद्		अर्थ मन्त्रालय		वाणिज्य बैङ्कमाप्राप्त सहायता	
	परिषदको तथ्यांकबमोजिम संस्थाको संख्या	परियोजनाको सम्झौता रकम (परिषद्सँग भएको बाह्य पक्षको स्रोत)	(ए.एम.पी.मा प्रविष्ट भएको) ए.एम.पी.को तथ्यांकबमोजिम संस्थाको संख्या	(ए.एम.पी.मा प्रविष्ट भएको) नेपालीमुद्रामा (आर्थिक वर्षको अन्त्यको विनिमयदरको आधारमा)	खाता संख्या	रकम
२०७२।७३	६३१	२३१३६२०१	८३	२११४२४४०	९७८९	५०१२२२२६
२०७३।७४	७४७	१७९८२३७९	९१	१८७१२७५०	९८९०	५६६४३०९७
२०७४।७५	७२३	१७४६७७०९	६१	१२०२३५२०	१०१८४	४६९५९९४७
	जम्मा	५८५८६२८९	२३५	५१८७८७१०		१५३७२५२७०

संघसंस्थाले सम्झौता कार्यान्वयनका लागि विगत ३ वर्षमा प्राप्त गरेको विवरण परीक्षण गर्दा परिषद्सँग रु.५८ अर्ब ५८ करोड ६३ लाखको सम्झौता भएकोमा अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणालीबमोजिम रु.५१ अर्ब ८७ करोड ८७ लाख देखिएको छ भने देशका २८ वाणिज्य बैङ्कमा प्राप्त यस्तो सहायता रकम भने रु.१ खर्ब ५३ अर्ब ७२ करोड ५२ लाख रहेको देखिन्छ । अर्थ मन्त्रालयबाट स्वीकृत भई ए.एम.पी. मा प्रविष्टि भएको रकमभन्दा रु.१ खर्ब १ अर्ब ८४ करोड ६६ लाख बढी र परिषद्सँग सम्झौता गरेको रकमभन्दा रु.९५ अर्ब १३ करोड ९० लाख बढी देखिएकोले कानुनको पालना नगरी सोझै गैरसरकारी संस्थाले सहायता प्राप्त गरेका छन् । गैरसरकारी संस्थाले परियोजना सञ्चालनका लागि प्राप्त रकमको परिचालन पारदर्शी बनाई नियन्त्रण र अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

८. **राजस्व छुट -** समाज कल्याण नियमावली, २०४९ को नियम (६) मा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाका कार्यालय एवं परियोजनाका लागि भन्सार, कर, अन्य राजस्व र विलम्ब शुल्क छुटका लागि सिफारिस गर्ने र सोही नियमावलीको नियम २२ मा परिषद्को सिफारिसमा आयात इजाजतपत्र वा भन्सार छुट सुविधा प्राप्त सामानको संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको हुने र परिषद्को पूर्व स्वीकृतिबेगर त्यस प्रकारको सामानहरु बेचबिखन, नामसारी, नाममास, हिनामिना वा दानदातव्य गर्न नपाइने व्यवस्था छ । परिषद्को सिफारिस तथा स्वीकृतिमा २०७२।७३ मा राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाज, काठमाडौंलगायत १५ संस्था, २०७३।७४ मा जनसरोकार ट्रष्टलगायत ४० संस्था र २०७४।७५ मा कार्नेट नेपाललगायत ३४ संस्थासमेत ८९ संस्थाले मेडिकल सामानहरु, सवारीसाधन, शैक्षिक सामग्री, पानीतान्ने पम्प, ह्वीलचेयरलगायतका सामग्रीको आयात इजाजत प्राप्त गरी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुटमा आयात गरेको देखिन्छ । यसरी ३ वर्षमा अमेरिकी डलर ३२ लाख ३ हजार, युरो ६ लाख ६ हजार, स्विस फ्रेङ्क ६४ हजार, पाउण्ड ४७ हजार, सिंगापुर डलर १० हजार, नर्वेजियन क्रोनर २ लाख ३८ हजार तथा भारतीय रुपैयाँ १ करोड ७ लाख ६४ हजारले २०७५।१०।१४ को विनिमय दरले हुने रु.१ अर्ब ३८ करोड ५७ लाख ५५ हजारको सामान भन्सार छुटमा आयात गरेकोमा यस्ता सामानको स्वामित्व, बेचबिखन तथा उपयोग सम्बन्धमा परिषद्ले अभिलेख राखी अनुगमन गरेको देखिएन । संस्था विघटन वा खारेज हुँदा संस्थाको सम्पत्ति नेपाल सरकारले प्राप्त गरेको पनि छैन । यस्ता सामग्रीको अभिलेख राखी संस्था विघटन हुँदा बाँकी रहेको सम्पत्ति नेपाल सरकारमा प्राप्त हुने व्यवस्था गर्नुपर्दछ ।

९. **संस्थाको उद्देश्य -** समाज कल्याण नियमावली, २०४९ को नियम १५क (१९) मा अन्तर्राष्ट्रिय सामाजिक संघसंस्था वा विदेशी गैरसरकारी संघसंस्थाले नेपालमा नाफा कमाउने उद्देश्यले वा अन्य प्रकारले कुनै पनि प्रकारको व्यापार, व्यवसाय वा उद्योग सञ्चालन गर्न, नाफामूलक संस्थामा रकम लगानी गर्न वा सेयर लगानी गर्न गराउन नपाइने व्यवस्था छ । गैरसरकारी संस्थाद्वारा लघुवित्त सञ्चालन, अस्पताल सञ्चालन, विद्यालय सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

९.१. नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कबमोजिम गैरसरकारी संस्थाको रुपमा स्थापना भई व्यवसायिक रुपमा लघुवित्तको कारोबार गरी नेपाल राष्ट्र बैङ्कबाट अनुमति प्राप्त गर्ने संस्थाको संख्या २५ रहेकोमा महिला स्वावलम्बन समाज, चितवनको २०७१।१२।४ मा इजाजतपत्र रद्द भएको छ । ग्रामीण स्वयंसेवक समाज २०७५।४।३० मा ग्रामीण स्वयंसेवक लघुवित्त वित्तीय संस्था लिमिटेडमा रुपान्तरण भएपछि अन्य यस्तै ९ संस्था समेत नेपाल राष्ट्र बैङ्कबाट 'घ' वर्गको वित्तीय संस्थाको रुपमा इजाजत प्राप्त गरी मुनाफा आर्जन गर्ने संस्थाको रुपमा सञ्चालनमा रहेका छन् । हाल नेपाल राष्ट्र बैङ्कले ४ संस्थालाई इजाजतपत्र प्रदान गर्ने क्रममा रहेको देखिन्छ । यस्तै ६ संस्थालाई सैद्धान्तिक सहमति दिएको र अन्य ४ संस्थाको भौतिक पूर्वाधार, सफ्टवेयरको पूर्णता आदि विषयमा निरीक्षणको क्रममा रहेको छ ।

नेपाल राष्ट्र बैङ्कले वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ अन्तर्गत वित्तीय पहुँच विस्तार गर्न सीमित बैंकिङ्ग कारोबार गर्ने बैङ्क/वित्तीय संस्था एवं वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०६३ जारी गरी अनुमति दिएको देखिन्छ । यसरी संस्था दर्ता ऐन, २०३४ र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ विपरीत नेपाल राष्ट्र बैङ्कले गैरसरकारी संस्थालाई व्यवसायिक र बैंकिङ्ग क्रियाकलाप गर्न स्वीकृति दिएको पाइयो ।

९.२. गैरसरकारी संस्थाको रुपमा दर्ता भई हाल 'घ' वर्गको वित्तीय संस्थाको रुपमा कार्यरत निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड, फरवार्ड कम्यूनिटी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, नागबेली लघुवित्त विकास बैङ्क लिमिटेड, स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड, छिमेक लघुवित्त विकास बैङ्कलगायतका संस्थाले गैरसरकारी संस्थाको हैसियतमा कमाएको मुनाफा, सञ्चित गरेको जगेडा कोष लगायतको सम्पत्ति नेपाल सरकारमा फिर्ता गर्नुपर्नेमा सो नगरेकोले छानबिन गरी फिर्ता ल्याउनुपर्दछ ।

९.३. नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणबमोजिम सञ्चालनमा रहेका सीमित बैंकिङ्ग कारोबार गर्ने २४ गैरसरकारी संस्थामध्ये २०७५ आषाढ मसान्तसम्म १७ संस्थाले कमाएको मुनाफाबाट सञ्चित जगेडा कोषमा रु.१ अर्ब ३६ करोड ९ लाख मौज्दात रहेको देखिन्छ । गैरसरकारी संस्थाको हैसियतमा कमाएको मुनाफा सञ्चित गरेको र यस्तो संस्थाले मुनाफालाई बोनस शेयर तथा लाभांशको रुपमा वितरण गर्न कानुनी अड्चन भएकाले कानुनको कमजोरी तथा अपर्याप्त व्यवस्थाको उपयोग गर्दै 'घ' वर्गको वित्तीय संस्थातर्फ उन्मुखभई

१० संस्थाले इजाजतपत्र प्राप्त गरिसकेको देखिन्छ । हाल यी संस्था व्यवसायिक कम्पनीको रुपमा परिणत भए तापनि जगेडा कोषको रु.१ अर्ब ३६ करोड ९ लाख नेपाल सरकारको कोषमा दाखिला गरेको छैन । नाफा आर्जन नगर्ने गरी स्थापना भएका संस्थाले आर्जन गरेको नाफा सम्बन्धमा छानबिन गरी नेपाल सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

९.४. परिषद्सँग आबद्ध संस्थामध्ये २२ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अस्पताल सञ्चालन गरेको देखिएको छ । उक्त २२ अस्पतालमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट रु.४५ करोड ४३ लाख र संस्थाको आन्तरिक स्रोतबाट रु.१९ करोड ८५ लाखसमेत रु.६५ करोड २८ लाखको आयोजना सम्झौता भई विभिन्न स्वास्थ्यसम्बन्धी क्रियाकलाप सञ्चालन गरेको देखिएको छ । त्यसैगरी ११ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले विद्यालय सञ्चालन गरेका छन् । विद्यालय सञ्चालन गर्ने एक बालग्रामको नाममा एस.ओ.एस. चिल्डर्न भिलेज इन्टरनेशनल, अष्ट्रेलियाबाट रु.३ अर्ब ४५ लाख बाह्य सहायता र आन्तरिक स्रोततर्फ रु.१ अर्ब ४५ करोड ४८ लाखसमेत रु.४ अर्ब ४५ करोड ९३ लाखको सन् २०१७ देखि २०२१ सम्मका लागि परियोजना सम्झौता भएको देखियो । व्यवसायिक प्रकृतिका अस्पताल र विद्यालय सञ्चालन गरेकोमा सम्बन्धित निकायले नियमन गरेको देखिँदैन । अनुगमन व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्दछ ।

१०. **अनुगमन मूल्याङ्कन खर्च -** समाज कल्याण परिषद् सामाजिक संघ संस्थाहरुको अनुगमन, सुपरिवेक्षण एवं मूल्याङ्कन निर्देशिका, २०७१ को बुँदा नं १० मा संस्थाकै खर्चमा अनुगमन गर्ने व्यवस्था रहेको र बुँदा नं १०.२ मा फिल्ड अवलोकन भ्रमणमा जाँदा टोलीको लजिष्टिक सर्पोट (खाना, बास, यातायात) खर्च संस्था स्वयंले व्यवस्था गर्नुपर्ने उल्लेख छ । परिषद्बाट २०७२।७३ मा ९० संस्थाका ११९ परियोजना, २०७३।७४ मा १४२ संस्थाका १९० परियोजना र २०७४।७५ मा ३७४ परियोजनाको अनुगमन गरेको देखिएको छ । अनुगमन गर्दा २०७४।७५ मा २६५ संस्थाबाट रु.३ करोड ६१ लाख ८८ हजार पारिश्रमिक र यातायात, होटेलबास तथा खाना खर्च जस्ता लजिष्टिक सुविधामा संस्थाबाट थप खर्च गरेको देखिन्छ । एक परियोजनाको अनुगमन खर्च औसतमा रु.१ लाख ३७ हजार देखिन्छ भने परिषद्मा कार्यरत अनुगमन गर्ने कर्मचारी ४५ रहेकोमा प्रति कर्मचारी औसत अनुगमन पारिश्रमिक रु.८ लाख ४ हजार रहेको देखिन्छ । यस्तो टोली २ देखि ४ सदस्यीय हुने, तोकेको सीमाभन्दा माथिको परियोजनाका लागि बाह्य टोली नेता रोष्टरबाट छनौट हुने तथा मन्त्रालयका प्रतिनिधिसमेत उक्त अनुगमन कार्यमा सहभागी हुने परिषद्ले जनाएको छ । परिषदले आवश्यक मापदण्ड बनाई सम्बन्धित संस्थाबाट एकमुष्ट रुपमा अनुगमन खर्चबापतको रकम कोषमा प्राप्त गर्ने र सोही रकमबाट परिषद्ले नै अनुगमन तथा लजिष्टिक खर्च भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

११. **कम्पनी दर्ता -** कम्पनी ऐन, २०६३ को दफा १६६ (१) मा पेशा वा व्यवसायको विकास तथा प्रवर्द्धन गर्न वा सो पेशा वा व्यवसायमा लागेका व्यक्तिहरुको सामूहिक हक हितको संरक्षण गर्न वा भौतिक, प्राज्ञिक, सामाजिक परोपकारी वा सार्वजनिक उपयोगिता वा कल्याणकारी उद्देश्य प्राप्तिको लागि लाभांश बाँडी लिन नपाउने शर्तमा कम्पनी स्थापना गर्न सकिने व्यवस्था छ । यस व्यवस्थाबमोजिम २०७४।७५ सम्म स्थापना भएका कम्पनीको संख्या २ हजार १२४ रहेकोमा १५४ ले मात्र लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समितिको निर्णय, वार्षिक साधारण सभा बसेको विवरण पेस गरेको देखियो । कम्पनी कानुनको पालना गर्ने संस्थाको संख्या ७.२५ प्रतिशतमात्र रहेकोले यस्ता कम्पनीमा आर्थिक अनुशासन कमजोर रहेको देखिन्छ । ऐनको व्यवस्था पालना हुनुपर्दछ ।

१२. **कम्पनीको जायजेथा -** कम्पनी ऐन, २०६३ को दफा १६७ (१)झ मा मुनाफा वितरण नगर्ने कम्पनी विघटन भएमा वा दर्ता खारेजीमा परेमा कम्पनीको ऋण तथा दायित्व फछ्यौंट गरी बाँकी रहेको जायजेथा कम्पनीको नियमावलीमा छुट्टै व्यवस्था गरेको भए सोहीबमोजिम र व्यवस्था नभएकोमा नेपाल सरकारमा सर्ने व्यवस्था छ । हालसम्म यसप्रकारका ११ कम्पनी विघटन वा दर्ता खारेज भएकोमा ती कम्पनीको जायजेथा नेपाल सरकारमा सरेको देखिएन् । कम्पनी रजिष्ट्रार कार्यालय तथा सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन तथा छानबिन गरी नेपाल सरकारमा सम्पत्ति प्राप्त हुने व्यवस्था गर्नुपर्दछ ।

निष्कर्ष - अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकायबाट प्राप्त गर्ने सहायता रकमको परिचालन सम्बन्धमा एकद्वार नीति नहुँदा प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन हुन नसकेको, अर्थ मन्त्रालयको स्वीकृति तथा समाज कल्याण परिषद्सँगको सम्झौताभन्दा बढी रकम सोझै प्राप्त गरी कार्यक्रम सञ्चालन गरेको, यस्ता संस्थाहरुले पारदर्शिता र जवाफदेहिता कायम नगरेको, समाज सेवाको उद्देश्यद्वारा स्थापना हुने यस्ता संस्थाहरुको उचित वर्गीकरण गरी केन्द्रीय

अभिलेख नराखेको, गैरसरकारी संस्थाले उद्देश्यअनुरुप कार्य नगरेको अवस्था रहेकोले कार्य सञ्चालन अनुगमन सम्बन्धमा परिषद्को भूमिका प्रभावकारी देखिएको छैन् । अतः आगामी दिनमा गैरसरकारी संस्थाको उचित वर्गीकरण गर्ने, सम्बन्धित क्षेत्रको माग एवं राष्ट्रिय प्राथमिकताको क्षेत्रमा सरकारको साझेदारको रुपमा सहकार्य गर्ने, ती संस्थाको नियमन गर्न कानुनमा समयानुकूल परिमार्जन गर्ने तथा परिषद्को हालको संरचना पुनरावलोकन गरी प्रभावकारी नियामक निकायमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था परिचालन र नियमन गरी संस्थागत सुशासन अभिवृद्धि गर्नेतर्फ जोड दिनुपर्दछ ।

संगठित संस्था

समाज कल्याण परिषद्

समाज कल्याण र सामाजिक सेवा सम्बन्धित क्रियाकलाप विकाससँग आबद्ध गराउने तथा गैरसरकारी संस्थाको कार्यमा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई समाज कल्याण ऐन, २०४९ अनुसार परिषद्ले कार्य गर्दै आएको छ ।

१३. **भाडा कर –** नेपाल सरकार मन्त्रिपरिषद्को २०७४।१२।१२ को निर्णयअनुसार क्षेत्राधिकारभित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने कर अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ तथा प्रचलित कानुनको अधीनमा रही सम्बन्धित स्थानीय तहले सङ्कलन गर्ने र कर सङ्कलन गर्ने निकायबाटै कर तिर्नेको आय प्रमाणित गर्ने व्यवस्था छ । बहाल आय मात्र उद्देश्य भएको व्यक्तिले संस्थागत कर तिर्ने र मुख्य उद्देश्य बहाल आय नरहेको व्यक्तिको हकमा १० प्रतिशत बहाल कर सम्बन्धित स्थानीय तहमा दाखिला गर्नुपर्ने व्यवस्था छ । परिषद्ले बूढानीलकण्ठ र भृकुटीमण्डपमा भएको जग्गा, भवनलगायतको सम्पत्ति बहालमा लगाई रु.९ करोड ७९ लाख १४ हजार आम्दानी गरेकोमा १० प्रतिशतले हुने कर रु.९७ लाख ९१ हजार सम्बन्धित स्थानीय तहमा दाखिला गरेको छैन । उक्त कर दाखिला गर्नुपर्दछ ।

१४. **उपदान सुविधा -** कार्यसञ्चालन समितिको २०७४।५।२ को निर्णयअनुसार अस्थायी सेवा अवधि ५ वर्षभन्दा बढी भएका कर्मचारीलाई शुरु नियुक्तिदेखि २०७४ आषाढ मसान्तसम्मको सेवा अवधि गणना गरी उपदान बापत रु.६४ लाख ४१ हजार उपलब्ध गराएको देखिन्छ । परिषद्को कर्मचारी सेवा शर्त नियमावली, २०५० मा अस्थायी कर्मचारीले यस्तो सेवा सुविधा पाउने व्यवस्था उल्लेख छैन । नियमावलीमा उल्लेख नभएको सुविधा कार्यसञ्चालन समितिको निर्णयको आधारमा प्रदान गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१५. **पदाधिकारी पारिश्रमिक -** समाज कल्याण ऐन, २०४९ को दफा ५ मा समाज कल्याण हेर्ने मन्त्री वा राज्य मन्त्री अध्यक्ष रहने गरी १३ सदस्यीय परिषद्को स्थापना गरिने तथा दफा १० मा बढीमा ७ जना रहने गरी कार्यसञ्चालन समिति गठन गरिने उल्लेख छ । ऐनको दफा २१ मा परिषद्का कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धमा व्यवस्था गरेको भए पनि परिषद् तथा कार्यसञ्चालन समितिमा रहने पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधासम्बन्धी व्यवस्था गरेको देखिँदैन । पदाधिकारी मनोनयन गर्दा मन्त्रालयले पारिश्रमिक तथा शर्त सम्बन्धमा उल्लेख गरेको छैन । उपाध्यक्षसहित ८ पदाधिकारीलोई यो वर्ष रु.२६ लाख ८० हजार पारिश्रमिक तथा सुविधा भुक्तानी दिएको छ । पारिश्रमिक र सुविधाका सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था हुनुपर्दछ ।

१६. **संघसंस्था छनौट -** परिषद्बाट जारी गरिएको संघसंस्था अनुदानसम्बन्धी कार्यविधि, २०७१ को बुँदा ४ मा सार्वजनिक सूचनाको माध्यमबाट परियोजना प्रस्ताव आह्वान गर्नुपर्ने उल्लेख छ । यो वर्ष १२८ गैरसरकारी संस्थाले अनुदान माग गरेको मध्ये ३३ संस्थालाई रु.४९ लाख ८७ हजार अनुदान उपलब्ध गराउँदा अनुदान निर्धारण गर्ने आधार तयार गरेको छैन । आधार तयार गरी अनुदान उपलब्ध गराउनुपर्दछ ।

१७. **भाडा आय -** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ४ मा बोलपत्र आह्वान गरी वा बढाबढ वा घटाघट गराई ठेक्का बन्दोबस्त गर्नुपर्ने उल्लेख छ । समाज कल्याण परिषद् आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२(४) मा समितिले परिषद्को स्वामित्वको सम्पत्तिको न्यूनतम भाडा दर निर्धारण गरी बोलपत्रको माध्यमबाट आय ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । भाडा आय सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७.१. परिषद्को स्वामित्वमा रहेको १६ रोपनीमा निर्मित ६६ स्टल प्रति वर्गफिट मासिक रु.३६ का दरले भाडामा लगाउँदा, ३१ रोपनी जमिन तथा १ हजार ३०४ पसल प्रति वर्गफिट मासिक रु.१३.३१ मा १५ वर्षको लागि भाडामा दिँदा, ६० रोपनी जमिन १५ वर्षको लागि मासिक रु.५ लाख ५५ हजारका दरले भाडामा लगाउँदा, प्रदर्शनी क्षेत्रभित्रको २५ रोपनी जग्गा एक संस्थालाई मासिक रु.१३ हजार २६७ मा भाडामा दिँदा, ९ रोपनी क्षेत्रफलमा फैलिएको चमेना गृह एवं भवन वार्षिक रु.५ लाख ७२ हजारका दरले ९९ वर्षको लागि नेपाल पर्यटन बोर्डलाई उपलब्ध गराउँदा तथा ४६ घुम्ती पसल मासिक रु.३ हजारका दरले भाडामा लगाउँदा प्रतिस्पर्धी विधि प्रयोग गरी ठेक्का व्यवस्था गरेको देखिएन । प्रतिस्पर्धी विधि प्रयोग गरी आय प्रणाली व्यवस्थित गर्नुपर्दछ ।

१७.२. बोलपत्रसम्बन्धी प्रक्रिया पूरा नगरी कार्य समितिको २०७४।६।२५ को निर्णयबाट परिषद्को स्वामित्वमा रहेको काठमाडौँ महानगरपालिका साविक वडा नं. ३१ को ७ रोपनी १५ आना ३ पैसा जग्गामा रहेको इच्छुमती तरकारी बजार एक सहकारी संस्थालाई २५ वर्षका लागि मासिक रु.११ लाख ९८ हजार बुझाउने गरी भाडामा दिने निर्णय भएको पाइयो । प्रतिस्पर्धी प्रक्रिया पूरा नगरी सोझै निर्णय गरी भाडामा दिएको उपयुक्त देखिएन । आय सङ्कलन प्रक्रिया प्रतिस्पर्धी तथा पारदर्शी बनाउनुपर्दछ ।

१८. **बक्यौता असुली -** भृकुटीमण्डप सञ्चालन कार्यालयबाट उठाउनुपर्ने बक्यौतासम्बन्धी अध्ययन तथा सुझाव समितिको प्रतिवेदनअनुसार २०७५ आषाढ मसान्तसम्म व्यक्ति, फर्म तथा संस्था ४७ बाट रु.४ करोड २५ लाख ६२ हजार बक्यौता असुल गर्न बाँकी देखिन्छ । सोमध्ये २०७४।७५ को बक्यौता रु.२४ लाख ६१ हजार छ । सम्झौताअनुसार बक्यौता असुल गरी आय जोखिम न्यूनीकरण गर्नुपर्दछ ।

१९. **उजुरी छानबिन -** समाज कल्याण परिषद् ऐन, २०४९ को दफा २० मा परिषद्सँग आबद्ध संघसंस्थाले विधान विपरीत काम गरेमा त्यस्तो संस्थाको कार्य समिति परिषद्को सिफारिसमा नेपाल सरकारले निलम्बन तथा विघटन गर्न सक्ने व्यवस्था छ । वार्षिक प्रगति विवरणअनुसार परिषद्मा १२ राष्ट्रिय र ७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था विरुद्ध परेका उजुरी छानबिन गरी प्रतिवेदन सम्बन्धित निकायमा पठाएकोमा कारबाही गरी सुधार गरेको प्रमाण पेस भएको छैन । वार्षिक तथ्याङ्कका आधारमा विश्लेषण गर्दा उजुरीको संख्या बढ्दो क्रममा रहेकोले संघसस्थाको कार्य गुणस्तर घट्दै गएको देखिन्छ । अनुगमन प्रणालीमा सुधार गरी सम्झौता अनुसार कार्य भएको सुनिश्चित गर्नुपर्दछ ।

२०. **सम्झौता नवीकरण -** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको आबद्धतासम्बन्धी निर्देशिकामा अनुगमनबाट औँल्याइएका व्यहोरा कार्यान्वयन गर्ने प्रतिबद्धताका आधारमा साधारण सम्झौता नवीकरण हुने उल्लेख छ । परिषद्बाट यो वर्ष अनुगमन भएका परियोजनाको अनुगमन मूल्याङ्कन प्रतिवेदन परीक्षण गर्दा जिल्ला प्रशासन कार्यालयमा दर्ता भई कार्य गरिरहेको हिमालयन बाइबल अध्ययन प्रतिष्ठानले इसाई धर्मावलम्बी युवा युवतीलाई मात्र लक्षित गरी कम्प्युटर तथा सिलाई बुनाई तालिम र व्यवसाय तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरेको, जेहोभाको विटनेस सोसाइटीले क्रिश्चियन धर्मावलम्बीको आध्यात्मिक र सामाजिक शिक्षाको व्यवस्था र प्रवर्द्धन गर्ने उद्देश्यका साथ ११ जिल्लाका १५ शहर र स्थानीय तहका १९ वडामा जमिन खरिदसमेतका लागि रु.२६ करोड ४३ लाख ४२ हजारको योजना सञ्चालन गरेको तथा नेपाल क्रिश्चियन बाल शिक्षा संगति संस्थाले बालबालिकालाई बाइबलीय शिक्षा दिने, शिक्षक तयार गर्ने, आत्मिक विकासको निमित्त बाइबलीय तालिम, गोष्ठी र सेमिनारको आयोजना गरी रु.५६ लाख ९ हजार खर्च गरेको देखिन्छ । धर्म, सम्प्रदाय विशेषलाई केन्द्रित गरी सञ्चालन भएको गतिविधिबाट सामाजिक सद्भावमा पर्ने असरसमेतलाई मनन गरी परियोजनाको सम्झौता तथा नवीकरण गर्नुपर्दछ ।

२१. **लजिस्टिक सपोर्ट -** परिषद्बाट जारी सामाजिक संघसंस्थाको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन निर्देशिका, २०७१ को बुँदा १०.२ मा फिल्ड अवलोकनमा जाने टोलीको खाना, बास तथा यातायातलगायतका लजिस्टिक सपोर्ट संस्था स्वयंले व्यवस्था गर्नुपर्ने उल्लेख भएअनुसार भुक्तानी गरेको पाइयो । सम्बन्धित संस्थाले खाना, वास तथा यातायात खर्च व्यहोर्नुपर्ने बाध्यकारी व्यवस्था गरी गरेको अनुगमन निष्पक्ष र पारदर्शी हुने देखिएन । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

अनुगमन र बेरुजू

- **अनुगमन -** अनुदान उपयोग तथा वितरण, कार्यसञ्चालन कोष, बक्यौता असुली, संघ संस्थाको अनुगमन, अभिलेख व्यवस्थालगायतका विषयहरु गत विगत वर्षका प्रतिवेदनमा समावेश गरेकोमा सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू –** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः

  - मन्त्रालय र मातहतसमेत ७५ निकायमा यो वर्ष रु.५ करोड ६४ लाख ८१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख १२ हजार फछ्यौंट गरेकोले रु.५ करोड ६३ लाख ६९ हजार बाँकी रहेको छ । सोमध्ये रु.४४ लाख ७९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था अन्य संस्था समिति ६ तर्फ यो वर्ष रु.२ लाख ७५ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.२ लाख १५ हजार पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

युवा तथा खेलकुद मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा युवा जनशक्ति र खेलकुद नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन, खेलकुद एवं स्काउटको विकासका लागि प्रशिक्षण तालिम, अध्ययन, अनुसन्धान र अन्तर्राष्ट्रिय सम्बन्ध, प्रवर्द्धन एवं विकास गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ७९ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२ अर्ब १६ करोड ९० लाख, राजस्व रु.१ करोड ९४ लाख, धरौटी रु.२६ लाखसमेत रु.२ अर्ब १९ करोड १० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका २ संगठित संस्थाको रु.१२ अर्ब २६ करोड २८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम** - चौधौँ योजनामा मन्त्रालय अन्तर्गत युवाहरुलाई राष्ट्रको सर्वाङ्गीण विकासमा मूल प्रवाहीकरण गर्ने, खेलकुदका भौतिक संरचनाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम सुधार गर्ने तथा २०७४।७५ को बजेट वक्तव्यमा खेलकुद पूर्वाधार निर्माण कार्यक्रम, युवाहरुलाई उद्यमशील बनाई स्थानीय तहमा उत्पादन रोजगारी र आय–आर्जनका अवसर सिर्जना गर्ने कार्यक्रमअनुरुप युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम ऐन नियम तर्जुमा हुन नसकेका कारण परिचालन हुन नसकेको, युवा तथा साना व्यवसायी, स्वरोजगार कोषबाट प्रत्येक वर्ष २० हजार संख्या थप भई ८० हजार जनालाई विपन्न क्षेत्र कर्जा, सोही कार्यक्रमको ब्याज अनुदान दिने कार्यक्रम सबै निर्वाचन क्षेत्रमा हुन नसकेको तथा खेलकुद पूर्वाधार विकास हुन नसकेको स्थिति छ । अतः खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नती एवं मर्मत सुधारको लागि साधन स्रोतलगायत व्यवस्थापन गरी भौतिक पूर्वाधार अभिवृद्धिमा ध्यान दिनुपर्ने देखिन्छ ।

२. **लक्ष्य प्रगति -** यो वर्ष मन्त्रालयबाट १५ कार्यक्रम सञ्चालन गर्न रु.५ करोड ५४ लाख १० हजार बजेट व्यवस्था भएकोमा ७ कार्यक्रम सञ्चालन गरी रु.१ करोड ११ लाख ९४ हजार (२० प्रतिशत) खर्च गरेको छ । स्वीकृत कार्यक्रममध्ये रु.१ करोड ८ लाख ५० हजारका राष्ट्रपति रनिङ शिल्डमा सहभागी हुने खेलाडीको बीमा, माध्यमिक विद्यालय स्तरीय छात्रछात्रा क्रिकेट प्रतियोगितालगायत ८ कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति शून्य रहेको र बाँकी ७ कार्यक्रमको भौतिक प्रगति १५ देखि ७४ प्रतिशतसम्म रहेको छ । छात्र/छात्रा क्रिकेट प्रतियोगिता, खेलाडी पुरस्कार वितरण, युवा उत्तरदायित्व प्रवर्द्धनलगायतका कार्यक्रममा दोहोरोपना देखिएकोले कार्यान्वयन नगरेको मन्त्रालयको भनाई रहेको छ । दोहोरो नपर्ने गरी योजना तथा कार्यक्रम तय गर्नुपर्दछ ।

३. **अनुगमन तथा मूल्याङ्कन** - मन्त्रालयले ८ कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय खेलकुद परिषद्लाई रु.१० करोड ९८ लाख ६० हजार र ५ कार्यक्रम सञ्चालन गर्न नेपाल स्काउटलाई रु.४ करोड ३६ लाख समेत रु.१५ करोड ३४ लाख ६० हजार अनुदान दिएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (३) बमोजिम अनुगमन गरेको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

३.१. यो वर्ष मन्त्रालयले अनुगमन मूल्याङ्कन शीर्षकबाट दैनिक तथा भ्रमण भत्तामा रु.१९ लाख ९० हजार खर्च लेखेको छ । मन्त्रालय अन्तर्गत सञ्चालन भएका खेलकुद विकास कार्यक्रम र युवा परिचालन कार्यक्रम तथा क्षेत्रीय खेलकुद विकास समिति, जिल्ला खेलकुद विकास समिति आदिको अनुगमन गरे तापनि अनुगमन प्रतिवेदन तयार गरेको छैन । अनुगमन प्रतिवेदन लिई उपलब्धि सुनिश्चित गर्नुपर्दछ ।

३.२. खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० बमोजिम राष्ट्रिय खेलकुद परिषद् र अन्तर्गत निकायबाट सञ्चालित खेलकुद प्रतियोगिताको सम्बन्धमा मन्त्रालयबाट ती संस्थाको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी अनुगमन हुने व्यवस्था भएकोमा लेखापरीक्षण प्रतिवेदन पठाउने संस्थाको अभिलेख राखेको छैन । लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी उद्देश्यअनुरुप कार्य भए नभएको अध्ययन गर्ने, प्रतिवेदन प्राप्त नभएकोमा प्रतिवेदन माग गरी उद्देश्यअनुरुप कार्यसम्पादन भएको सुनिश्चित गरेको पाइएन ।

३.३. विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को बुँदा ४ (१९) मा आयोजकले निकासा प्राप्त रकमको लेखापरीक्षण गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र क्षेत्रीय खेलकुद विकास समिति, परिषद् र मन्त्रालयमा अनिवार्य रुपमा पठाउनुपर्ने र बुँदा १३ (४) मा प्रतियोगिता सञ्चालन गर्न नसक्ने आयोजकले प्राप्त निकासा रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ७७ जिल्ला खेलकुद विकास समिति मार्फत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने गरी राष्ट्रिय खेलकुद परिषद् मार्फत रु.५ करोड २६ लाख ९५ हजार निकासा दिएको छ । उक्त प्रतियोगिता सञ्चालन भए नभएको तथा कार्यक्रम सञ्चालन भएकोमा सबै रकम खर्च भए नभएको सम्बन्धमा यकिन गर्न लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी मन्त्रालयबाट अनुगमन गर्नुपर्नेमा २०७५।५।२४ सम्म कुनै पनि जिल्लाबाट लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको देखिएन । यस सम्बन्धमा मन्त्रालयले छानबिन गरी खर्च नभएको रकम सञ्चित कोष दाखिला गराउनुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, अनुदानको अनुगमन मूल्याङ्कन नभएको, ऋण असुली नभएको, खेलकुद क्षेत्रबाट अपेक्षित प्रतिफल प्राप्त नभएको, खेलकुद परिषद्को वित्तीय विवरण यथार्थ नभएको, खेलकुद परिषद्मा पेस्की अत्यधिक बाँकी रहेको, निर्माण कार्यमा ढिलाइ तथा बढी भुक्तानी भएको, लागत अनुमान भन्दा बढीको बोलपत्र स्वीकृत गरेको, नियम विपरीत जग्गा सट्टापट्टा गरेको लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ ।

राष्ट्रिय युवा परिषद्

४. **युथभिजन, २०२५** – युवा विकासको दूरदृष्टि तथा आगामी १० वर्षको लक्ष्य सूचक तय गर्ने, युवा विकासका मूल आधार स्तम्भ निर्माण गरी आगामी १० वर्षका लागि मूल रणनीति तय गर्ने, राष्ट्रिय युवा नीति, २०७२ ले निर्दिष्ट गरेका नीति र कार्यनीतिलाई कार्यान्वयनका लागि मार्ग निर्देशन गर्ने युथभिजन, २०२५ को उद्देश्य सहितको नीति मन्त्रिपरिषद्बाट २०७२।६।१९ मा स्वीकृत भई लागू भएको छ । उक्त भिजन मुख्यतया गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास र खेलकुद र मनोरञ्जनसमेत ५ आधार स्तम्भमा आधारित रहेको छ ।

परिषद्को वार्षिक कार्यक्रम तथा लक्ष्य तोकिँदा प्रत्येक आधार स्तम्भ अन्तर्गत सञ्चालन गरिने कार्यक्रमलाई वार्षिक कार्यक्रममा समावेश गरी तदनुसार लक्ष्य प्रगति विवरण तयार गरी पारदर्शिता कायम गर्नुपर्नेमा गरेको छैन । यसले गर्दा युथभिजन, २०२५ तथा युवा नीतिको दीर्घकालिन लक्ष्य प्राप्ति गर्न युवालाई सवल, सक्षम र व्यक्तित्व विकासमा समेत असर पर्न सक्ने भएकोले आधार स्तम्भसँग सामञ्जस्य हुने गरी परिषद्को वार्षिक कार्यक्रम र लक्ष्य निर्धारण हुनुपर्ने र सोहीबमोजिम प्रगति विवरणलाई यथार्थपरक बनाउनुपर्दछ ।

५. **युवा उद्यम कार्यक्रम –** युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ बमोजिम परिषद्ले जिल्ला युवा समितिको कार्यालयमार्फत उद्यम सञ्चालन गर्न आवश्यक पर्ने प्रविधि व्यवस्थापनका लागि बढीमा रु.५ लाखसम्म ऋण उपलब्ध गराउने र ऋण रकम ४ किस्तामा ४ वर्षमा परिषद्ले तोकेको युवा उद्यम घुम्ती कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमका लागि रु.२० करोड ६२ लाख ९५ हजार विनियोजन भएकोमा केन्द्रीय कार्यालय र जिल्ला युवा समितिबाट रु.१७ करोड ९८ लाख ९३ हजार खर्च भएको छ । नमुना छनौट गरी परीक्षण गरेका ३६ जिल्लाको युवा उद्यम समूहलाई ऋण उपलब्ध गराउन ५३ सहकारी संस्थालाई रु.३ करोड ९२ लाख उपलब्ध गराएकोमा ३७ युवा समूहलाई रु.१ करोड ४२ लाख ५६ हजार (लक्ष्यको तुलनामा ३६.३६ प्रतिशत) लगानी गरी बाँकी रकम मौज्दात रहेको छ । उक्त लगानी तथा मौज्दातको अवस्था र कार्य प्रगतिको सम्बन्धमा परिषद्ले अनुगमन गर्नुपर्दछ ।

यस कार्यक्रमबाट भएको ऋण प्रवाहको जिल्लास्थित कार्यालयले व्यक्तिगत ऋणको लेखा नराखेको र निर्देशिकाको बुँदा १० बमोजिम लेखापरीक्षण समेत गराएको देखिएन । अतः ऋण प्रवाह गरेको रकमको लेखा र लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

संगठित संस्था

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय

बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाबाट बिना धितोका परियोजनामा सहुलियत ब्याजदरमा प्रति व्यवसायी बढीमा रु.२ लाख सम्म आवधिक ऋण उपलब्ध गराउन स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र व्यावसायिक तथा सीपमूलक तालिम समेत उपलब्ध गराउने उद्देश्यले, २०६५ मा कोषको स्थापना भएको छ ।

६. **आन्तरिक लेखापरीक्षण -** कोष सञ्चालन नियमावली, २०६५ को नियम २१(२) मा कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था गरेकोमा विनियोजनतर्फको मात्र आन्तरिक लेखापरीक्षण भएको छ । नियममा व्यवस्था भएबमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्दछ ।

७. **कर्जा लगानी तथा आम्दानी -** बैङ्क तथा वित्तीय संस्थासँग लिएको कर्जा रु.३ अर्ब ८२ करोड ३० लाख ८३ हजार, जगेडा तथा कोष व्यवस्था रु.७१ करोड ६० लाख ७३ हजार र अन्य दायित्व रु. १० करोड ७६ लाख ५६ हजारसमेत कुल पुँजी रु.४ अर्ब ६४ करोड ६८ लाख ११ हजारमध्ये कोषबाट कर्जा प्रवाह भएको रु.३ अर्ब ८८ करोड ७६ लाख १० हजार, अन्य सम्पत्ति रु.२ करोड १७ लाख ४२ हजार र मौज्दात रु.७३ करोड ७४ लाख ४८ हजार रहेको छ । मौज्दात रकमसमेत स्वरोजगार कार्यक्रममा लगानी गर्नुपर्दछ ।

८. **ब्याज अनुदान** - ब्याज अनुदान निर्देशिका, २०७४ मा नेपाल सरकारले तोकेबमोजिम ६० प्रतिशत ब्याज अनुदान स्वीकृत कार्यक्रम र बजेटमा उल्लेख भए बमोजिम व्यवसायीलाई फिर्ता गर्ने व्यवस्था छ । वासलातमा विगतमा नेपाल सरकारबाट ब्याज अनुदान दिने प्रयोजनको लागि विनियोजनबाट निकासा भएको रु.१ करोड ६१ लाख ६० हजार मौज्दात राखेकोले उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

९. **लगानी तथा असुली -** कोषले स्थापना भएदेखि २०७५ अषाढ मसान्तसम्म कुल ५५ हजार ३३३ व्यवसायीलाई लगानी गरेको रु.७ अर्ब २७ करोड ११ लाखमध्ये यो वर्षको अन्तसम्म रु.३ अर्ब ८८ करोड ७६ लाख १० हजार लगानीको रुपमा बाँकी रहेको छ । विगत ३ वर्षको लगानी तथा असुली अवस्था देहायअनुसार छ:

(रु.हजारमा)

सि.नं.	आर्थिक वर्ष	ऋण लिने (जना)	लगानी रकम	म्याद नाघेको साँवा रकम	असुली रकम	लगानी बाँकी रहेको रकम
१	२०७२/७३	२५९७	३३,६०,६५	२८,९२,१६	८१,४३,६७	१,४९,२६,३१
२	२०७३/७४	७५९५	१,०९,३६,१५	३६,१८,३४	४३,०८,१८	२,१५,५४,२८
३	२०७४/७५	१७०३९	२,३५,०८,१०	२८,६३,८७	६१,८६,२७	३,८८,७६,१०

कुल ऋण लगानीमध्ये म्याद समाप्त भएकोमा असुली हुन नसकेको रकम तुलना गर्दा विगत ३ वर्षमा क्रमशः १९.३७, १६.७८ र ७.३६ प्रतिशत रही असुल गर्नुपर्ने रकम घट्दो अवस्थामा रहेको छ । कोषले २०७५ आषाढ मसान्तसम्म बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था समेत १ हजार ४३७ संस्थामा लगानी गरेकोमा असुल नभएको साँवा रु.२८ करोड ६३ लाख ८७ हजारमध्ये १९२ सहकारी संस्थाको म्याद नाघेको साँवा रु.१७ करोड ३१ लाख ८५ हजार, ब्याज रु.२ करोड ८३ लाख ३४ हजार र जरिबाना रु.६६ लाख ४ हजार समेत रु.२० करोड ८१ लाख २३ हजार असुल हुन बाँकी रहेको छ । सोमध्ये ४७ सहकारी संस्थासँग लिनुपर्ने रु.७ करोड ५८ लाख ५५ हजार समस्याग्रस्त देखिएको छ । यस्ता सहकारीलाई सम्झौताबमोजिम कारबाही गरी असुल गर्नुपर्दछ ।

राष्ट्रिय खेलकुद परिषद् (२०७४।७५)

नेपालमा खेलकुदको संस्थागत विकास गर्न विक्रम सम्वत् २०१५ सालमा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को नाममा स्थापना भई खेलकुद परिषद् विकास ऐन, २०४८ अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् सञ्चालनमा रहेको छ । परिषद्को लागि यो वर्ष नेपाल सरकारबाट रु.१ अर्ब ७५ करोड ९३ लाख ६६ हजार र आन्तरिक स्रोतबाट रु.४ करोड ८८ लाख ९९ हजार समेत रु.१ अर्ब ८० करोड ८२ लाख ६५ हजार प्राप्त भएकोमा कार्यक्रम तथा सञ्चालन खर्च रु.९९ करोड ६५ लाख ९१ हजार भई रु.८१ करोड १६ लाख ७५ हजार वर्षान्तमा मौज्दात रहेको छ ।

१०. **लेखापरीक्षण –** राष्ट्रिय खेलकुद विकास ऐन, २०४८ को दफा २१ (१) मा राष्ट्रिय खेलकुद परिषद्को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गर्ने व्यवस्था छ । खेलकुद विकास नियम, २०४९ ले नेपाल सरकारको बजेटबाट सञ्चालन हुने क्षेत्रीय र जिल्ला खेलकुद विकास समितिको कारोबारको लेखापरीक्षण दर्तावाला लेखापरीक्षकबाट गराउने व्यवस्था गरेको छ । उक्त व्यवस्था ऐनविपरीत रहेको छ । नियमावलीमा भएको प्रावधानको आधारमा राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतका जिल्ला खेलकुद विकास समिति र क्षेत्रीय खेलकुद विकास समितिमा नेपाल सरकारको स्रोतबाट विनियोजित २०७४।७५ को रु.४५ करोड ६२ लाख ७६ हजार र २०७३।७४ को रु.९३ करोड ३३ लाख २१ हजारको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनसकेको छैन । नियमावलीको व्यवस्थाबमोजिम २०७५ फाल्गुण मसान्तसम्ममा ८० मध्ये २५ समितिबाट २०७४।७५ को लेखापरीक्षण प्रतिवेदन परिषद्मा प्राप्त भएको देखियो । ऐनको व्यवस्थाअनुकूल नियमावली संशोधन गर्नुपर्दछ ।

११. **वित्तीय विवरणको शुद्धता –** प्रोदभावी लेखा प्रणालीअनुसार वित्तीय विवरण तयार गर्दा वित्रीय विवरणको अङ्गको रुपमा नगद प्रवाह विवरण समेत अनिवार्य तयार गर्नुपर्दछ । परिषद्ले गत विगतदेखि नै नगद प्रवाह विवरण तयार गरेको छैन । परिषद्ले वित्तीय विवरणमा आयतर्फ बढी देखाएको रु.३० लाख २०७४।७५ मा संशोधन गरी घटाएको र खर्चतर्फ रु.१ करोड ३५ लाख ७५ हजार वृद्धि गरी संशोधन गरेकोमा सोको खुलासा गरेको छैन । यथार्थ वित्तीय विवरण पेस नगर्ने सम्बद्ध कर्मचारीलाई जिम्मेवार बनाई यथार्थ विवरण पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **लक्ष्य तथा प्रगति –** स्वीकृत कार्यक्रम अनुसार यो वर्ष पूर्वाधार निर्माण र कार्यक्रमतर्फका २ हजार २३७ क्रियाकलापका लागि रु.१ अर्ब २९ करोड ७७ लाख २९ हजार विनियोजन भएकोमा १ हजार ९४७ क्रियाकलाप सम्पन्न भई रु.१ अर्ब २ करोड ६९ लाख (७९.१२ प्रतिशत) खर्च भएको देखिन्छ । समग्रमा भौतिक प्रगति ८७.०४ प्रतिशत रहे पनि स्वीकृत कार्यक्रमध्ये २९० क्रियाकलाप सम्पन्न गरेको पाइएन । न्यून प्रगति भएका पूर्वाधारलगायतका कार्यक्रमको समस्या पहिचान गरी लक्ष्यअनुसार प्रगति गर्न ध्यान दिनुपर्दछ ।

१३. **खेलकुद सञ्चालन –** राष्ट्रिय खेलकुद संघहरुबाट खेलकुद सञ्चालन, अठारौं खेलकुद तयारी सञ्चालन, प्रादेशिक खेलकुद प्रतियोगिता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उत्कृष्ट खेलाडी पुरस्कृत लगायत कार्यक्रम सञ्चालन गरेको देखिन्छ । खेलकुदसम्बन्धी प्रगति विवरण अनुसार ७१ खेलकुदसम्बन्धी क्रियाकलापमध्ये शहीद किमबहादुर थापा स्मृति भलिबल प्रतियोगिता, नोभिन कप राष्ट्रिय बक्सिङ्ग प्रतियोगिता, क्रिकेट विदेशी प्रशिक्षक प्रशिक्षण खर्च, राष्ट्रिय लिग फुटबल प्रतियोगिता र मिनी स्टारको अन्तर्राष्ट्रिय आमन्त्रण अल्ट्रा म्याराथुन प्रतियोगितामा रु.१ करोड १२ लाख ५३ हजार विनियोजन गरे पनि सञ्चालन नभई बजेट निष्क्रिय रहेको पाइयो । वार्षिक कार्यक्रममा तोकिएअनुसारका कार्यसञ्चालन हुनुपर्दछ ।

१४. **खेल उपलब्धि –** सार्वजनिक निकायले लगानीअनुरुप प्रतिफल प्राप्त गर्ने अधिकतम प्रयास गर्नुपर्दछ । खेलकुद विकासको लागि विगत २० वर्षदेखि भएको खर्च र अन्तर्राष्ट्रिय खेलको उपलब्धि स्थिति निम्नानुसार देखिन्छ:

सहभागी खेलस्तर	सहभागी (पटक)	पदक संख्या		
		स्वर्ण	अन्य	जम्मा
ओलम्पिक खेलकुद	१३	-	-	-
एसियाली खेलकुद	९	-	२२	२२
दक्षिण एसियाली खेलकुद	१२	७२	४०६	४७८

ओलम्पिक खेलकुदमा सन् १९६४ देखि सहभागी भएकोमा हालसम्म पदक प्राप्त हुनसकेको छैन । एसियाली खेलकुदमा सन् १९८६ मा ८ रजत, १९९८ मा ४ रजत र २०१४ मा १ रजत पदक प्राप्त भएको छ । यस्तै दक्षिण एसियाली खेलकुदमा सन् १९८३ मा ४ स्वर्णसहित २४, १९९९ मा ३१ स्वर्णसहित ६५ र २०१६ मा २ स्वर्णसहित ६० पदक प्राप्त भएको देखिन्छ । राष्ट्रिय खेलकुद परिषद्ले २०५५।५६ मा रु.१२ करोड ६० लाख ३३ हजार, २०६४।६५ मा रु.१९ करोड ७७ लाख ३० हजार र २०७३।७४ मा रु.९९ करोड ६६ लाख ६९ हजार खर्च गरेको देखिएको छ । यसरी खेलकुद क्षेत्रमा सरकारको लगानी बढ्दै गएअनुरुप उपलब्धि हासिल गर्न सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ ।

१५. **मानवस्रोत व्यवस्थापन –** कर्मचारी सेवा शर्तसम्बन्धी नियमावली, २०६८ को नियम ४ मा प्रशासन, प्रशिक्षण र विविध सेवाको गठन र प्रशासन सेवाभित्र प्रशासन, लेखा र कानुन एवं विविध अन्तर्गत

इञ्जिनियरिङ्ग, चिकित्सा र खेल मनोविज्ञान समूह गठन गर्ने व्यवस्था छ । सोही नियमको उपनियम (८) मा परिषद्को कार्यसम्पादन गर्न आवश्यक पर्ने संगठन संरचना र दरबन्दी परिषद्ले निर्धारण गरेबमोजिम हुने र दरबन्दी घटबढ गर्दा मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । परिषद्मा अर्थ मन्त्रालयबाट २०६१।१।२५ मा प्राप्त पत्रानुसार ७५० जना स्थायी र २५० जना करारसमेत १ हजार जना रहने गरी दरबन्दी स्वीकृत भएकोमा ६५६ स्थायी र ३४६ करारमा कार्यरतलाई तलब भत्ता खर्च गरेकोले करारतर्फ दरबन्दीभन्दा ९६ जनालाई बढी खर्च गरेको छ । स्वीकृत दरबन्दीअनुसार खर्च गर्नुपर्ने देखिएको छ ।

कार्यसम्पादन तथा अनुभवको आधारमा बढुवा भएका १०९ कर्मचारीको समायोजन भएको नदेखिएकोले दरबन्दी अनुसार केन्द्र, क्षेत्र र जिल्लामा कर्मचारी पदस्थापना तथा पदपूर्ति भएको छैन । साथै शहरी क्षेत्र तथा सुविधा सम्पन्न स्थानमा बढी कर्मचारी केन्द्रित रहेको देखिएको छ । कार्यरत प्रशिक्षकमध्ये पूर्वाञ्चलका १६ जिल्लामा १०५ जना, मध्यमाञ्चलका १९ जिल्लामा २३० जना, पश्चिमाञ्चलका १६ जिल्लामा ३९ जना, मध्यपश्चिमाञ्चलका १५ जिल्लामा ६७ जना, सुदूर पश्चिमाञ्चलका ९ जिल्लामा ४२ जना कार्यरत रहेका छन् । प्रशिक्षकको आवश्यकताअनुसार व्यवस्थापन गर्नुपर्दछ ।

१६. **फिर्ता दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा वर्षान्तमा खर्च नभई बाँकी रहेको रकम फ्रिज गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारबाट सशर्त अनुदान न्तर्गत निकासा प्राप्त भई परिषद् अन्तर्गत जिल्ला खेलकुद विकास समितिलाई निकासा दिएकोमा जिल्ला खेलकुद विकास समितिबाट खर्च नभई फिर्ता गरेको रु.८५ लाख ४२ हजार रकम परिषद्ले संघीय सञ्चितकोष फिर्ता नगरी समितिको खातामा मौज्दात देखाएको छ । उक्त रकम सञ्चितकोष फिर्ता गर्नुपर्दछ ।

१७. **पुँजीगत खर्च –** यस वर्ष राष्ट्रिय खेलकुद परिषद्ले जिल्ला खेलकुद विकास समिति र क्षेत्रीय खेलकुद विकास समितिहरुसमेत ६१ संस्थालाई पूर्वाधार निर्माण गर्न रु.२१ करोड ९५ लाख ६ हजार निकासा दिएकोमा सोको खर्च र प्रगति विवरण पेस नभएको साथै परिषद्को रणनीति योजनाअनुसार भए नभएको, अनुगमन गरेको छैन । पुँजीगत बाहेक अन्यत्र खर्च गर्न नमिल्ने गरी सशर्त अनुदान दिएकोमा खर्च र प्रगति विवरणको अभावमा तोकेबमोजिम खर्च भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । पूर्वाधार कार्यमा खर्च भएको प्रमाण पेस हुनुपर्दछ ।

१८. **पेस्की बाँकीको अवस्था –** परिषद्को आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ को नियम ७२ देखि ८१ सम्म पेस्की दिँदा प्रयोजन खुलाउने, पहिलेको पेस्की फछ्यौंट नहुँदै थप पेस्की दिन नहुने, पेस्की लिनेको विस्तृत विवरण खुलाई तोकिएको समयमा फछ्यौंट गर्ने, पेस्कीको अनुगमन आन्तरिक लेखापरीक्षण शाखाबाट हुनुपर्ने र लेखापरीक्षण प्रतिवेदनको आधारमा कानुनबमोजिम कारबाही हुने उल्लेख छ । वित्तीय विवरण अनुसार गत वर्षको पेस्की जिम्मेवारी रु.९२ करोड ११ लाख ६८ हजार रहेकोमा यो वर्ष रु.९ करोड ६८ लाख ४१ हजार फछ्यौंट गरेको र रु.३३ करोड ३ लाख २८ हजार थप भएको समेत २०७५ आषाढ मसान्तसम्म रु.१ अर्ब १५ करोड ४६ लाख ६७ हजार (गत वर्षको भन्दा २५.३५ प्रतिशत वृद्धि) पेस्की बाँकी रहेकोले उक्त पेस्की असुल फछ्यौंट गर्न थप सक्रिय हुनुपर्ने देखिन्छ । पेस्की बाँकीको अवस्था निम्नानुसार छ:

(रु.हजारमा)

क्र.सं	विवरण	संख्या	रकम
व्यक्तिगत पेस्की			
१	पूर्व कर्मचारी	११३	८५,५७
२	पूर्वमन्त्री	३	२,२४
३	पूर्व सदस्य	६५	१,०४,९३
४	पूर्व क्षेत्रीय अध्यक्ष/सदस्य	१८	११,६५
५	पत्रकार	५९	२७,३३
६	पूर्व संघ/संघका पदाधिकारी	३८	४०,४३
७	बहालवाला कर्मचारी	५११	१०,०६,७२
८	पूर्व पदाधिकारी	४	८७
९	पूर्व सदस्य सचिव	६	१८,४१
१०	विदेशी प्रशिक्षक/पूर्व विदेशी. प्रशिक्षक	१०	२३,९९
११	अन्य	-	६,७४,३५
		जम्मा	**१९,९६,४९**

क्र.सं	विवरण	संख्या	रकम
संस्थागत पेस्की			
१	क्षेत्रिय खेलकुद विकास समिति	५	१५,८८,६७
२	जिल्ला खेलकुद विकास समिति	७५	१९,४७,६५
३	राष्ट्रिय संघहरु	९८	२८,३०,९८
४	शैक्षिक संस्थाहरु	११	१३,१३
५	जनमूक्ति सेना नेपाल	१	१९,०६
६	नेपाली सेना	१	२२,८७
७	सशस्त्र प्रहरी बल	१	२१,६९
८	नेपाल प्रहरी	१	४४,६४
९	अनुसन्धान परिसर	२	१,७२
१०	आर्थिक प्रशासन शाखा (रा.खे.प)	१	२,५०
११	मोबिलाइजेशन तथा अन्य संस्थाहरु	१४५	३०,५७,२७
	जम्मा		**९५,५०,१८**
	कुल जम्मा पेस्की		**१,१५,४६,६७**

१९. **कन्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशतसम्म समावेश गर्न सकिने व्यवस्था छ । यो वर्ष परिषद्ले मष्टरोल, अनुगमन तथा भ्रमण, कार्यालय सञ्चालन लगायतमा रु.२ करोड ३३ लाख ८६ हजार खर्च गेको देखियो । सो खर्चमध्ये निर्माणसँग प्रत्यक्ष असम्बन्धित र विदेश भ्रमण, अतिरिक्त समय भत्ता, कार्यक्षेत्र बाहिरका कर्मचारीको तलब भत्तामा रु.२१ लाख ८ हजार खर्च गरेको देखिन्छ । कन्टिन्जेन्सी खर्च गर्दा योजनागत अभिलेख राखी लागत अनुमानको आधारमा खर्च लेख्नुपर्नेमा अभिलेख नराखी खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको योजना तथा ठेक्कागत अभिलेख राखी तोकिएको सीमा र सम्बन्धित कार्यमा मात्र खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।

२०. **आर्थिक सहायता** – परिषद्को आर्थिक प्रशासन नियमावली, २०६२ (संशोधनसहित) को नियम ८७ मा परिषद्को नगदी जिन्सी मालसामान कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण, दान दातव्य गर्दा वा आर्थिक सहायता दिँदा रु.२५ हजारसम्म सदस्य सचिवले दिनसक्ने र सोभन्दा बढी भएमा परिषद्को स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस वर्ष आर्थिक सहायता दिन पाउने सीमाभित्र ६४ संघ संस्था र क्लबहरुलाई रु.१५ लाख १६ हजार र आर्थिक सहायता दिन पाउने सीमा नाघि २७ संघ संस्था र क्लबहरुलाई रु.१८ लाख ६२ हजार समेत ९१ संघ संस्था र क्बललाई रु.३३ लाख ७८ हजार आर्थिक सहायता खर्च लेखेको छ । नियमविपरीत आर्थिक सहायता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

२१. **निर्माण कार्यमा ढिलाइ –** सार्वजनिक खरिद नियमावली तथा खरिद सम्झौतामा उल्लेखित समयावधिमा कार्य सम्पन्न गर्नुपर्दछ । उक्त अवधिमा निर्माण व्यवसायीको कारणबाट निर्माण कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ ।

२१.१. दशरथ रंगशालामा छाना राख्ने कार्य २०७२।४।७ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७१।१।८ मा रु.८ करोड ३७ लाख ७६ हजारमा सम्झौता भएकोमा २१९ प्रतिशत म्याद थप गरी २०७४।१२।३० मा मात्र कार्य सम्पन्न गरी रु.८ करोड ६८ लाख २ हजार भुक्तानी भएको छ । पर्याप्त पुष्ट्याई बेगर पूर्वनिर्धारित क्षतिपूर्ति लिई म्याद थप गरेको छ ।

२१.२. पोखरा बहुउद्देश्यीय कभर्डहल निर्माण कार्य २०७२।३।२३ मा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग २०७०।१२।२४ मा रु.१४ करोड ३० लाख ४३ हजारमा सम्झौता भएकोमा २३४ प्रतिशत म्याद थप गर्दा समेत कार्य सम्पन्न भएको छैन । २०७५।२।३० सम्म रु.१३ करोड ३१ लाख १७ हजार भुक्तानी भएकोमा म्याद समाप्त भएपछि २०७५।३।२५ मा १७ र १८ औं रनिङ बिलको रु.२ करोड ५३ लाख ७४ हजार भुक्तानी गर्दा नियम १२१ बमोजिम रु.७ लाख ३६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

२२. **बढी भुक्तानी –** स्वीकृत नर्म्स अनुसार भवन निर्माणमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको हिसाब गर्दा ल्याप्स चियर वेष्ट आदिको लागि ५ प्रतिशत थप गरी दर विश्लेषण गरेको अवस्थामा निर्माण दशरथ रंगशालाको पूर्वतर्फको प्याराफिट ब्लक निर्माण तथा सातदोबाटोस्थित स्वीमिङ्गपुल (दिरिङ्ग सिष्टम) निर्माण कार्यको बिल भुक्तानी गर्दा नापी किताबअनुसार कुल खपत भएको कार्य परिमाणमा कटपिसरल्यापिङ्ग उल्लेख गरी दुई निर्माण व्यवसायीलाई फलामे डण्डीको परिमाण ८ हजार ३६० के.जी थप गरी रु.८ लाख ४५ हजार भुक्तानी दिएको पाइयो । नर्म्सअनुसार दर विश्लेषण गर्दाकै बखत ५ प्रतिशत थप गरेकोमा पुनः थप गरी भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

यसैगरी मूलपानी क्रिकेट मैदान निर्माणको नापी किताबमा ढुङ्गाको सोलिङ्ग गर्ने कामको कुल कार्य परिमाण ४०९.४५ घनमिटर उल्लेख भएकोमा १२ औँ तथा अन्तिम बिलबाट ६७५.९७ घनमिटरको प्रति घ.मि.रु.३ हजारले रु.२० लाख २८ हजार भुक्तानी भएको पाइयो । यसरी नापी किताबमा उल्लिखित परिमाणभन्दा बढी परिमाण २६६.५२ घ.मि.को रु.९ लाख ३ हजार असुल गर्नुपर्दछ ।

२३. **प्रोभिजनल समको भुक्तानी –** निर्माण सेवासँग भएको सम्झौताको साधारण शर्तमा प्रोभिजनल समअन्तर्गत खर्च गर्नुपरेमा कार्यालय प्रमुखबाट पूर्वस्वीकृति लिनुपर्ने र खर्चको बिल भरपाईसहित शोधभर्ना माग गर्नुपर्ने उल्लेख छ । परिषद्ले च्यासल फुटबल रंगशाला निर्माण कार्य गर्ने व्यवसायीलाई प्रथम बिलको रु.१ करोड ७६ लाख ३१ हजार भुक्तानी गर्दा प्रोभिजल सममा राखेको रकमबाट कार्य सम्पादन जमानतको बैङ्क ग्यारेन्टी

शुल्क रु.१४ लाख ८१ हजार भुक्तानी दिएको पाइयो । सम्झौताको शर्तअनुसार पूर्वस्वीकृति तथा खर्च पुष्टि हुने बिल भरपाईबेगर भुक्तानी दिएको उक्त रकम असुल हुनुपर्दछ ।

२४. **परामर्श सेवा** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१) (क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था रहेको छ । विभागीय जनशक्तिबाट गराउन सकिने काममा समेत यो वर्ष बाह्य परामर्शदाता राखी रु.२ करोड ५८ लाख ३१ हजार खर्च गरेको देखिन्छ । सोमध्ये निश्चित सेवा शर्तको प्राप्तिका लागि सम्बन्धित क्षेत्रमा विशिष्टता ज्ञान हासिल गरेको विज्ञको सेवा लिनुपर्नेमा पाँच स्थानको सेवा कार्यको लागि पूर्व पदाधिकारी र संस्थालाई राखी रु.२७ लाख परामर्श सेवामा खर्च गरेको छ । विभागीय जनशक्ति परिचालन गरी परामर्श सेवा खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

राष्ट्रिय खेलकुद परिषद् (२०७३।७४)

परिषद्को लागि यो वर्ष नेपाल सरकारबाट रु.१ अर्ब ९३ करोड ३ लाख र आन्तरिक स्रोत रु.३ करोड ११ लाख समेत रु.१ अर्ब ९६ करोड १४ लाख प्राप्त भएकोमा कार्यक्रम तथा सञ्चालनमा रु.१ अर्ब १ करोड २ लाख (५१.५० प्रतिशत) खर्च गरी रु.९५ करोड १२ लाख मौज्दात रहेको छ ।

२५. **वित्तीय विवरणको शुद्धता –** प्रोदभावी लेखा प्रणाली अनुसार वित्तीय विवरण तयार गर्दा नगद प्रवाह विवरण अनिवार्य तयार गर्नुपर्दछ । परिषद्ले गत विगतदेखि नै नगद प्रवाह विवरण तयार गरेको छैन । लेखापरीक्षणको सिलसिलामा नगद प्रवाह विवरण तयार गरी विश्लेषण गर्दा नगद तथा बैङ्क मौज्दात रु.९ करोड २१ लाख २७ हजार देखिनुपर्नेमा वासलातमा नगद तथा बैङ्क मौज्दात रु.८ करोड ९३ लाख २४ हजार देखिएकोले रु.२८ लाख ३ हजार बैङ्क मौज्दात घटी रहेको देखियो ।

सातौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको खाता परीक्षण गर्दा तीन बजेट शीर्षकबाट कुल रु.२३ करोड ८३ लाख ५८ हजार खर्च लेखेकोमा वित्तीय विवरणमा रु.२२ करोड ३२ लाख ३८ हजार खर्च देखाएको छ । स्रेस्ता र वित्तीय विवरणमा रु.१ करोड ५१ लाख २० हजार फरक देखिएकोमा कारण खुलाएको छैन । त्यस्तै कीर्तिपुर क्रिकेट मैदानलगायत ६ खेल मैदान निर्माण कार्यको खातामाभन्दा वित्तीय विवरणमा रु.७ करोड ८२ लाख बढी खर्च देखाएको तथा रंगशाला निर्माण कार्यको खर्च खातामा रु.७ करोड २७ लाख खर्च देखाए तापनि वित्तीय विवरणमा समावेश नगरेकोले यथार्थ हिसाव तयार गर्नुपर्दछ । सम्पूर्ण सम्पत्ति, दायित्व, आम्दानी र खर्च समावेश गरी यथार्थ विवरण तयार गर्नुपर्दछ ।

२६. **सातौँ राष्ट्रिय खेलकुदको खर्च –** पूर्वाञ्चलमा २०७३।९।८ देखि १५ सम्म सञ्चालन भएको सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि ५ क्षेत्र र ३ विभागीय टिम सम्मिलित ३१ खेलमा २ हजार ३०३ पुरुष तथा १ हजार ६६९ महिला समेत ३ हजार ९७२ खेलाडी सहभागी भएको देखिन्छ । उक्त प्रतियोगिताको लागि रु.३० करोड ५९ लाख २५ हजार विनियोजन भएकोमा गत वर्ष रु.१ करोड ५८ लाख ४३ हजारसमेत रु.३४ करोड ७७ लाख २३ हजार खर्च गरेकोले रु.४ करोड १७ लाख ९८ हजार बढी खर्च गरेको छ । प्रत्येक कार्यक्रमको नर्म्सअनुसार लागत अनुमान तयार गरी खर्च गर्नुपर्नेमा खर्चको लागत अनुमान तयार नगरेको, खर्चको अभिलेख अद्यावधिक नभएको र खेल सम्पन्न भएको २ वर्ष पछिसम्म सोही कार्यक्रमा खर्च लेखाङ्कन गर्ने गरेकोले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्नुपर्दछ ।

२७. **सापटी –** परिषद्को आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा सापटी दिने व्यवस्था छैन । गत विगत वर्षदेखि नै १६ खेल संघरसंस्थारसमिति, ६ व्यक्ति र अन्य समेतलाई दिएको सापटी रु.९९ लाख ३२ हजार फिर्ता प्राप्त नभएकोमा यो वर्ष नेपाल क्रिकेट संघलाई दिएको रु.९ लाख ४५ हजारसमेत कुल सापटी रु.१ करोड ८ लाख ७७ हजार पुगेको छ । सापटी लैजानेमध्ये काम सम्पन्न भै भङ्गसमेत भइसकेको आठौँ दक्षिण एसियाली खेलकुद, २०५६ सँग रु.१८ लाख १५ हजार बाँकी देखिएको छ । सम्पूर्ण सापटी आवश्यक कारबाही गरी फिर्ता लिनुपर्दछ ।

२८. **थप व्ययभार –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१) (ख) मा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूत रुपमा बढी भएमा सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने व्यवस्था छ । राष्ट्रिय खेलकुद परिषद्ले सातदोबाटोस्थित तातोपानीसहितको पौडी पोखरी निर्माण गर्न ५ प्रतिशत कन्टिन्जेन्सी, १० प्रतिशत फिजिकल कन्टिन्जेन्सी, १० प्रतिशत मूल्य समायोजन तथा १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत रु.३७ करोड ९७ लाख ७४ हजारको लागत अनुमान स्वीकृत गरेको छ । बोलपत्र मूल्याङ्कन गर्ने प्रयोजनको लागि उक्त कार्यको लागत अनुमान मूल्य अभिवृद्धि कर समेत रु.२२ करोड ४२ लाख २० हजार हुने देखिन्छ । परिषद्ले न्यूनतम कबोल

गर्ने एक निर्माण व्यवसायीको कबोल अङ्क मूल्य अभिवृद्धि करसमेत रु.२५ करोड २० लाख ९३ हजार स्वीकृत गरेको पाइयो । लागत अनुमानको तुलनामा रु.२ करोड ७८ लाख ७३ हजार बढी हुने गरी बोलपत्र स्वीकृत गरेको सम्बन्धमा उपयुक्त कारणसहित पुष्टि गरिनुपर्दछ ।

२९. **मूलपानी क्रिकेट मैदान –** मुलपानीस्थित क्रिकेट मैदानको २९१ रोपनी ११आना २ दाम जग्गाभित्र १० जनाको नाममा २ रोपनी २ आना ३ दाम जग्गा रहेको छ । उक्त जग्गा अधिग्रहण गर्न २०७३।३।१३ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले बाटो नभएको उक्त जग्गाको मालपोत कार्यालयको मूल्याङ्कन प्रतिआना रु.१ लाख रहेकोमा प्रतिआना रु.५ लाखका दरले मूल्याङ्कन गरी १५ दिनभित्र मुआब्जा लिन आउन २०७३।३।१५ गते गोरखापत्रमा सूचना प्रकाशन गरेको देखिन्छ । उक्त जग्गाको मुआब्जा वितरण गर्न २०७२।७३ मा परिषद्ले जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा रु.२ करोड ९४ लाख पठाएको देखिन्छ । जग्गा प्रप्ति ऐन, २०३४ को दफा १२ मा सो म्याद गुजारेमा जग्गा कब्जामा लिई जुन प्रयोजनको लागि अधिग्रहरण गरेको हो सोही प्रयोजनको लागि सम्बन्धित कार्यालयलाई बुझाउनुपर्ने उल्लेख भएकोमा जग्गा कब्जा गरेको पाइएन । ती व्यक्तिहरुलाई मुआवजाको सट्टा जग्गा नै शोधभर्ना दिने गरी मन्त्रालयमा २०७४।९।१३ मा फाइल पठाएको छ । जग्गा प्राप्ति ऐन अनुसार कारबाही प्रक्रिया टुङ्गो लागिसकेकोमा कानुनी व्यवस्था बेगर पुनः जग्गा सट्टापट्टाको प्रक्रिया अगाडि बढाउनु उचित नदेखिँदा उक्त जग्गा प्राप्त गरी भोगचलन गर्नुपर्दछ ।

यसका अतिरिक्त उक्त खेल मैदानको क्षेत्रफल २९४ रोपनी ११ आना २ दाम जग्गामध्ये २४६ रोपनी नेपाल क्रिकेट संघले प्रयोग गर्न ३० वर्षको लागि २०६१।७।१९ मा करारमा दिएको छ । यसरी करारमा दिएको जग्गामा परिषद्ले क्रिकेट एकेडेमी निर्माण सम्बन्धी थप कार्य गर्न रु.२२ करोड ९५ लाख ९९ हजारको लागत अनुमान तयार गरी बजेट सुनिश्चिताका लागि मन्त्रालयमा लेखी पठाएको देखियो । भविष्यमा विवाद नहुने गरी निर्माण कार्य गर्नुपर्दछ ।

३०. **जग्गा स्थिति –** जिल्लास्तरीय खेल मैदानको क्षेत्रफल सम्बन्धमा मापदण्ड तोकेको छैन । परिषद्को नाममा २० जिल्लामा ३ आना १ पैसा २ दामदेखि ४ रोपनी ११ आनासम्मको खेल मैदान रहेको छ । साथै २८ जिल्लामा रहेका खेल मैदानमध्ये १४ जिल्लाका खेल मैदानको स्वामित्व परिषद्मा रहेको छैन । बाँकी १४ जिल्लामा रहेका खेल मैदानको दर्ता भएको पाइएन ।

दशरथ रंगशाला र यसको वरपर समेत गरी १३२ रोपनी जग्गा रहेको विवरण पेस भए पनि काठमाण्डौ महानगरको तत्कालीन वडा नं.११ को १०२–११४४–०५ र १०२–११४५–०१ को ट्रेस र प्राप्त प्रमाण अनुसार कित्ता नं.२१६ र १९८ गरी २ कित्ता जग्गा रहेकोमा १९८ कित्ताको ३७ रोपनी ९ आना २ दाम जग्गा परिषद्को नाममा रहेको छ भने दशरथ रंगशालाको कभर्डहल, खुला रंगशाला र प्याराफिट रहेको कित्ता नं.२१६ को जग्गाको स्वामित्व परिषद्सँग रहेको देखिएन । उक्त जग्गा परिषद्को नाममा ल्याउन विशेष पहल गर्नुपर्ने देखियो ।

३१. **राष्ट्रिय खेल संघ –** खेलकुद विकास ऐन, २०४८ को दफा १३ बमोजिम परिषद्मा २०७५।३।१० सम्म २०४ राष्ट्रिय खेल संघ दर्ता भएकोमा खेलकुद गतिविधि गर्न नसकेको, नियमानुसार दर्ता र नवीकरण हुन नसकेको उल्लेख गरी १७ संघ खारेज गरी १८७ अस्तित्वमा रहेको देखिन्छ । अस्तित्वमा रहेका खेल संघमध्ये २०६८।६९ देखि २०७४।७५ सम्म नवीकरण नभएका ५०, एक आर्थिक वर्षको लागि नवीकरण गर्ने १४ र २ वर्ष नवीकरण गराउने २६ संस्था रहेका छन् । राष्ट्रिय खेल संघ कार्य सहजीकरण कार्यविधि, २०७० को बुँदा २.३.२ मा समयमा नवीकरण नगराउने संघलाई परिषद्बाट कुनै पनि सुविधा तथा सिफारिस उपलब्ध गरिने छैन भन्ने व्यवस्था भएतापनि २०७३।७४ मा नवीकरण नभएका खेलकुदलाई रु.६४ लाख अनुदान उपलब्ध गराएको छ । अतः राष्ट्रिय खेल संघको सञ्चालन र नबीकरण सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

३२. **अनुदान मौज्दात** – नेपाल सरकार वा अन्य निकायबाट कुनै योजना वा कार्यक्रम तोकी वा निश्चित उद्देश्य प्राप्तिको लागि विनियोजन गरेको सशर्त अनुदान रकम सोही कार्यक्रममा खर्च नभएमा सञ्चित कोष फिर्ता गर्नुपर्दछ । एक क्रिकेट प्रशिक्षकलाई प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता सञ्चालन गर्न २०७३।३।१९ मा रु.४० लाख पेस्की दिएकोमा सो प्रतियोगिता गर्न नसकेको कारण जनाई २०७३।५।२६ मा नगदै परिषद्को बैङ्क खातामा जम्मा गरेको देखियो । ढिला दाखिला गरेको ६६ दिनको १० प्रतिशत ब्याज रु.७२ हजार समेत रु.४० लाख ७२ हजार, विभिन्न क्षेत्रीय खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समितिलाई कार्यक्रम सञ्चालन गर्न निकासा दिएको रकम तोकेका कार्यक्रम सञ्चालन नगरी वर्षान्तमा मौज्दात रहेको

सशर्त अनुदान रु.२ करोड ४५ लाख ३५ हजार र सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका सिलसिलामा विभिन्न क्षेत्रीय खेलकुद विकास समिति, खेलकुद सञ्चालन उपसमिति तथा व्यक्तिहरुलाई उपलब्ध गराएको रकममध्ये कार्यक्रम सञ्चालन हुन नसकी बाँकी रहेको रु.७६ लाख ४१ हजार समेत रु.३ करोड ६२ लाख ४८ हजार संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

३३. **बढी भुक्तानी –** निर्माण कार्य सम्पन्न गर्न परिषद्ले राष्ट्रिय पौडी संघसँग गरेको सम्झौता अनुसार कुल निर्माण खर्चको २० प्रतिशत संघले र ८० प्रतिशत परिषद्ले व्यहोर्ने उल्लेख गरेकोमा निर्माण व्यवसायीले पेस गरेको पहिलो रनिङ बिल बमोजिम मूल्य अभिवृद्धि कर समेत रु.९४ लाख ६० हजार भुक्तानी गर्दा सम्झौता बमोजिम पौडी संघबाट व्यहोर्नुपर्ने २० प्रतिशत योगदान कट्टा गरी बाँकी रकम भुक्तानी गर्नुपर्नेमा पूरै भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१८ लाख ९२ हजार राष्ट्रिय पौडी संघबाट असुल गर्नुपर्दछ ।

३४. **आर्थिक सहायता** – परिषद्को आर्थिक प्रशासन नियमावली, २०६२ (संशोधन सहित) को नियम ८७ मा परिषद्को नगदी जिन्सी मालसामान कुनै व्यक्ति वा संस्थालाई हस्तान्तरण, दान दातव्य गर्दा वा आर्थिक सहायता दिँदा रु.२५ हजारसम्म सदस्य सचिवले र सोभन्दा बढी भएमा परिषद्को स्वीकृति लिनुपर्ने व्यवस्था भएकोमा सो सीमाभन्दा बढी रु.२५ लाख ८६ हजार आर्थिक सहायता भुक्तानी दिएकोमा परिषद्को स्वीकृति लिएको देखिएन । नियम विपरीत आर्थिक सहायता दिने पदाधिकारीलाई जिम्मेवार बनाई सो रकम परिषद्बाट स्वीकृत भएको प्रमाण पेस गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन –** गत विगतको प्रतिवेदनमा नीति तथा कार्यक्रम प्रभावकारीरुपले कार्यान्वयन नभएको, प्रगति न्यून रहेको, युवा उद्यम कार्यक्रम अन्तर्गत लगानी न्यून रहेको, क्रिकेट मैदानको निर्माण कार्यमा ढिलाइ भएको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ ४९ निकायमा रु.१९ करोड १२ लाख ७७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ लाख ५ हजार फछ्यौंट गरेकोले रु.१८ करोड ९६ लाख ७२ हजार बाँकी रहेको छ । सोमध्ये रु.८५ लाख ११ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था ३ तर्फ रु.३ अर्ब २२ करोड ५९ लाख ७३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ४४ करोड ३६ लाख ९७ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ७८ करोड २२ लाख ७६ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१४ लाख ६६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

रक्षा मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, सेनाको व्यवस्थापन, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षालगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ३०४ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.६६ अर्ब ९ करोड ४९ लाख, राजस्व रु.९७ करोड १० लाख र धरौटी रु.१ अर्ब ८४ करोड ३७ लाखसमेत रु.६८ अर्ब ९० करोड ९६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । समिति र अन्य संस्थासमेत ६ को रु. ४२ अर्ब १५ करोड ३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन** - नेपाल सरकारको नीति तथा कार्यक्रममा नेपालको समग्र राष्ट्रिय हित प्रवर्द्धनको लागि राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गरिने उल्लेख छ । सो को लागि मन्त्रालयलाई बजेट व्यवस्थासमेत भएकोमा कार्यान्वयन भएको देखिएन । त्यसैगरी बजेट वक्तव्यमा देशभर छरिएर रहेको नेपाल सरकारको स्वामित्वमा रहेका क्षेत्रीय संग्रहालयहरु, ऐतिहासिक गढी र किल्लाहरु संरक्षण, संवर्द्धनको लागि नेपाली सेनालाई जिम्मा दिइने उल्लेख छ । नेपाली सेनालाई जिम्मा दिनुपर्ने सम्पदाहरुको विवरण तयार गरेको पाइएन । सरोकारवाला निकायहरुसँग समन्वय गरी नीति कार्यान्वयन गर्नुपर्दछ ।

नेपाली सेना

नेपालको संविधानमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता स्वाधिनता र राष्ट्रिय एकताको रक्षाका लागि नेपाली सेनाको एक संगठन रहने र नेपाल सरकारले नेपाली सेनालाई संघीय कानुनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापनलगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्ने व्यवस्था छ ।

सम्भाररथीको कार्यालय

कार्यालयले नेपाली सेनालाई आवश्यक विभिन्न सामान, उपकरण, सवारीसाधन र पार्टपुर्जाको खरिदसम्बन्धी कार्य गर्दै आएको छ ।

२. **प्रतीतपत्र -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा प्रतीतपत्रबाट मालसामान उपलब्ध गराउने आपूर्तिकर्तावाट निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा प्रतीतपत्र रद्द गरी सोबापत बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र पेस्की फछ्यौंट गर्नुपर्ने उल्लेख छ । उपलब्ध विवरणअनुसार २०५७।५८ देखि २०७३।७४ सम्मको रु.४ अर्ब २८ करोड २५ लाखको ८३ प्रतीतपत्र पेस्की फछ्यौंट हुन बाँकी रहेकोले समयमा सामान प्राप्त नभएको तथा फछ्यौंटसम्बन्धी कारबाही नगरेको अवस्था देखिन्छ । सामान प्राप्त गरी वा प्रतीतपत्र बन्द गरी पेस्की फछ्यौंट गर्नुपर्दछ ।

३. **सुरक्षा सामग्री खरिद -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेस्की दिन नहुने उल्लेख छ । एक विदेशी सरकारमार्फत खरिद हुने सुरक्षा सामग्रीको लागि प्राप्त आर्थिक प्रस्तावका आधारमा प्रतीतपत्र खोल्न नेपाल राष्ट्र बैङ्कमा रु.८६ करोड ४३ लाख ५५ हजार पठाएकोमा रकम अपुग भएको जनाई प्रतीतपत्र खुल्न नसकेको र रकम फिर्ता पनि नभएको स्थिति छ । आर्थिक वर्ष समाप्त भएको ६ महिनाभन्दा बढी समय व्यतीत भैसक्दा पनि पेस्की अनिर्णित अवस्थामा रहनु नियमसम्मत देखिँदैन । खरिद सम्बन्धमा तत्काल निर्णय गर्नुपर्दछ ।

४. **विनिमय दरमा वृद्धि -** भिभिआइपी मिडियम हेलिकोप्टरको खरिद प्रक्रिया गतवर्ष नै प्रारम्भ भए तापनि आर्थिक प्रस्ताव स्वीकृतिमा ढिलाइ भएको कारण २०७४।७।३० मा मात्र खरिद सम्झौता भएको देखिन्छ । कार्यालयले प्रतीतपत्र खोल्ने प्रयोजनका लागि नेपाल राष्ट्र बैङ्कलाई २०७४।१०।१० मा रु.१ अर्ब ७० करोडको चेक पठाएकोमा शतप्रतिशत मार्जिन रकम नपुग भएको कारण कारबाही अघि नबढाएकोले २०७५।१।२० मा

रु.१९ करोड १८ लाख थप गरेको देखिन्छ । यो अवधिमा युरोको विनिमय दर रु.११८।०९ बाट वृद्धि भै रु.१२८।३१ पुगेकोले सम्झौता रकम युरो १ करोड ४३ लाख ३४ हजारको लागि करिब रु.१४ करोड ६५ लाख थप व्ययभार पर्न गएको छ ।

इन्जिनियरिङ विभाग

नेपाली सेनाको लागि आवश्यक भवन तथा आवास गृह निर्माण र मर्मत गर्न २०७१।११।५ मा यस विभागको स्थापना भएको देखिन्छ । यो वर्ष कार्यालय भवन, आवास गृह र काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजना सम्बन्धी कार्य सञ्चालन गरेको छ ।

• काठमाडौं-तराई/मधेश द्रुतमार्ग

विगतमा नेपाली सेनाले ट्रयाक खोलेको काठमाडौंदेखि ललितपुर, मकवानपुर हुँदै बाराको निजगढलाई जोड्ने ७६.२ कि.मि.लम्बाईको सडक निर्माण ४ वर्षभित्र सम्पन्न गर्न मन्त्रिपरिषद्को २०७४।१।२१ को निर्णयअनुसार नेपाली सेनालाई जिम्मा दिएको छ । आयोजना व्यवस्थापनको लागि काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना सञ्चालन कार्यविधि, २०७४ स्वीकृत भएको छ । कार्यविधिले रक्षा मन्त्रीको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति र प्रधान सेनापतिले तोकेको रथीको अध्यक्षतामा अधिकार सम्पन्न निर्देशक समितिको व्यवस्था गरेको छ । आयोजना २०७४।२।१४ मा शिलान्यास भै नेपाली सेनाका ८४ र गैरसैनिकतर्फका ५५ प्राविधिक कर्मचारी कार्यरत रहेका छन् । आयोजनाको लागि नेपाली सेनालाई हस्तान्तरण हुनुपूर्व रु.३ अर्ब ६७ करोड १४ लाख र हस्तान्तरण भएपछि गत वर्ष रु.१ अर्ब ३४ करोड ९० लाख र यस वर्ष ७ अर्ब ६२ करोड ५८ लाखसमेत हालसम्म रु.१२ अर्ब ६४ करोड ६२ लाख खर्च भएको छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः प्रतीतपत्र पेस्की समयमै फछ्यौंट नभएको, सडक निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत नभएको, खर्च शीर्षक फरक पारेको, सडक रेखाङ्कनमा विवाद भै निर्माण कार्यमा ढिलाइ भएको, जग्गाको लगत नराखेको, बक्यौता रकम असुल नगरेको, जग्गाको लगत नराखेको, बक्यौता रकम असुल नगरेको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

५. **प्रगति -** आयोजनाको हालसम्मको प्रगतिको स्थिति निम्नानुसार रहेको छः

सि.नं.	कामको विवरण	इकाई	कामको परिमाण	खर्च (लाखमा)	भौतिक प्रगति (प्रतिशत)
१	रुख कटान कार्य	वटा	१६५१४	३९१	९६
२	सव ग्रेड फर्मेसन • माटो काट्ने कार्य • माटो पुर्ने कार्य	 घ.मि. घ.मि.	 ६०१७००० ८०९०००	३५८७९	 २६ ५
३	जग्गा खरिद	रोपनी	९८७२	३१०३५	९४
४	क्याम्प निर्माण (कार्यालय भवन समेत)	वटा	११	७७०१	८०
५	सवारीसाधन, निर्माण उपकरण र पार्ट्स खरिद	वटा	२९३	९९५४	१००
६	निर्माण उपकरण भाडा	घण्टा	२५७२५५	८६९६	१००

उक्त खर्चमध्ये आयोजनाले यो वर्ष सडक निर्माणको लागि बोलपत्र प्रक्रियाबाट रु.१३ अर्ब २६ करोड ४९ लाखको २२ खरिद सम्झौता गरेकोमा रु.३ अर्ब ५८ करोड ७९ लाख खर्च भएको छ । अमानतबाट हुने निर्माणको लागि आवश्यक निर्माण उपकरण तथा सवारीसाधन भाडामा लिन रु.१ अर्ब ४४ करोड ४ लाखको ५ खरिद सम्झौता गरेकोमा रु.८५ करोड ९६ लाख खर्च गरेको छ । त्यसैगरी निर्माण उपकरण, सवारीसाधन, सञ्चार उपकरणलगायतका सामान आपूर्तिको लागि १४ खरिद सम्झौताको रु.२८ करोड ३६ लाख, अमानतमा रुख काट्ने कार्यको लागि रु.४१ करोड ७५ लाख, दश स्थानमा क्याम्प र एक कार्यालय भवन निर्माणको लागि रु.४७ करोड ७२ लाख र जग्गा खरिद पेस्की रु.२ अर्बसमेत यस वर्ष रु.७ अर्ब ६२ करोड ५८ लाख भुक्तानी गरेको छ ।

६. **विस्तृत परियोजना प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल

सरकारबाट त्यस्तो आयोजना स्वीकृत हुनुपर्ने उल्लेख छ । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको छैन । आयोजनाले विगतमा गरिएका परियोजना प्रतिवेदन र सम्भाव्यता अध्ययनका आधारमा रुख कटान, मुआवजा वितरण, माटो खन्ने पुर्ने, टेवा पर्खाल लगाउने लगायतका कार्यमा रु.१२ अर्ब ६५ करोड खर्च गरेको छ । हाल विस्तृत प्रतिवेदन स्वीकृतिका लागि पेस भएको जानकारी प्राप्त भएको छ । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी सोबमोजिम निर्माण कार्य गर्नुपर्दछ ।

७. **खर्च वर्गीकरण विपरीत खरिद -** नेपाल सरकारको खर्च शीर्षक वर्गीकरण र व्याख्यामा सार्वजनिक निर्माण खर्चमा राजमार्ग, सडक पुल, रज्जुमार्ग, हवाइ मैदान जस्ता सार्वजनिक निर्माण र पुँजीगत सुधारसम्बन्धी खर्च समावेश हुने उल्लेख छ । आयोजनाले निर्देशक समितिबाट कार्यक्रम स्वीकृत गराई सार्वजनिक निर्माण खर्च शीर्षकमा विनियोजित बजेटबाट सवारीसाधन, भारी मेसिनरी उपकरण तथा सोको पार्टपुर्जा खरिदमा रु.२८ करोड ३७ लाख, सञ्चार उपकरण खरिदमा रु.२ करोड ४७ लाख, इन्जिनियरिङ उपकरण, विद्युतीय सामान, सुरक्षा उपकरण, कम्प्युटर तथा प्रिन्टर, फर्निचर फिक्सचरलगायत खरिदमा रु.९३ लाख समेत रु.३१ करोड ७७ लाख खर्च गरेको छ । सार्वजनिक निर्माणको बजेटबाट अन्य कार्यमा खर्च गर्दा वित्तीय विवरणले खर्चको यथार्थ स्थिति चित्रण नगर्ने र बजेट अनुशासन कायम नहुने भएकोले खर्च वर्गीकरण र व्याख्याबमोजिम बजेट माग गरी खर्च गर्नुपर्दछ ।

८. **ठेक्का व्यवस्था र प्रतिस्पर्धा -** आयोजनाले यो वर्ष सडक निर्माण, क्याम्प निर्माण, सामग्री खरिदसँग सम्बन्धित रु.१७ अर्ब ५६ करोड २६ लाख लागत अनुमान भएका ५१ प्याकेजका कार्यको लागि बोलपत्रको माध्यमबाट रु.१५ अर्ब ८२ करोड ५४ लाखमा खरिद सम्झौता गरेको छ । आयोजनाले गरेको खरिद सम्झौता र प्रतिस्पर्धाको अवस्था निम्नानुसार रहेको छ:

क्र. सं.	ठेक्का समूह र लागत अनुमानको तुलनामा घटी प्रतिशत	ठेक्का संख्या	बोलपत्र (सङ्ख्या)		लागत अनुमान (रु.हजारमा)	स्वीकृत रकम (रु.हजारमा)	औषत घटी प्रतिशत
			बिक्री	दाखिला			
क.	**सडक, सडक किनार र नाली निर्माण**						
	• १ प्रतिशतभन्दा घटी	९	२०	१२	८४३६२६८	८४१९८०५	०.२०
ख.	**क्याम्प तथा कार्यालय भवन निर्माण**						
	• १ प्रतिशतभन्दा घटी	३	३२	२०	२५३६११	२५३०५४	०.२२
ग.	**निर्माण उपकरण/मेसिनरी, ढुवानी साधन भाडा**						
	• १ भन्दा बढी ५ प्रतिशतसम्म	३	४	३	९८३५२३	९६७९२०	१.५९
घ.	**सवारीसाधन, मेसिनरी औजार, निर्माण सामग्री खरिद**						
	• १ प्रतिशतभन्दा घटी	२	८	५	२२४५९	२२२८१	०.७९

लागत अनुमान र सम्झौता रकम तुलना गर्दा १४ ठेक्कामा एक प्रतिशत र ३ ठेक्कामा एकदेखि पाँच प्रतिशतभन्दा घटी अन्तर रहेको पाइयो । सडक निर्माण समूहका ठेक्काहरुको बढी लागतका प्याकेजमा बोलपत्र दाखिला संख्या न्यून रहेको र लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता भएको छ । खरिद कार्यको प्याकेज तय गर्दा पर्याप्त प्रतिस्पर्धा हुन सक्ने नसक्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।

९. **निर्माणस्थल विवाद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्नु नहुने उल्लेख छ । खोकना (प्रवेश विन्दु) देखि डुकुछापसम्म ६.४ कि.मि. लम्बाइको क्षेत्रमा सडक रेखाङ्कन विवादको कारणले जग्गा मुआवजाको काम ५१.५० प्रतिशत र घर गोठको मुआवजाको काम ४६.५१ प्रतिशत मात्र सम्पन्न भएको छ । उक्त चेनेजभित्र सडक निर्माण गर्न दुई निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा खोकना क्षेत्रमा ४८.५ प्रतिशत स्थानीयले मुआवजा नलिई अवरोध भएको कारण निर्माण कार्य शुरु हुन सकेको छैन । विवादका कारण खोकनामा वेश क्याम्प निर्माण हुन नसकी अस्थायी क्याम्पमा बसेको अवस्था छ । समयमै विवाद अन्त्य गरी आयोजनालाई निर्वाध सञ्चालन गर्न सम्बन्धित निकायले पहल गर्नुपर्दछ ।

१०. **रुख कटान -** प्रवेशविन्दुदेखि ९ कि.मि.सम्म ५० मिटर र ९ देखि ७६.२० कि.मि.सम्म १०० मिटर दायाँ बायाँका वन क्षेत्रमा रहेका विभिन्न प्रजातिका रुख कटानको लागि मन्त्रिपरिषद्बाट निर्णय भएको छ । यो वर्ष रुख काट्नको लागि रु.३ करोड ९१ लाख ८९ हजार प्रत्यक्ष खर्च भएको र रुख काट्नको लागि खरिद भएका मेसिनरी, सो कार्यमा खटिएका सैनिकलाई खाजा खर्च, जिल्ला वन कार्यालयका कर्मचारीको दैनिक भत्ता तथा भ्रमण खर्चबापत बेग्लै

भुक्तानी भएकोमा कुल लागत यकिन गरेको छैन । रुख बिरुवाको कटान मुछ्यान र सङ्कलन खर्च यकिन गरी काठ दाउरा बिक्री लागतमा समावेश गर्नुपर्दछ ।

आयोजना र वन विभागबीच द्रुतमार्ग निर्माणको क्रममा काटिएको एक रुख बिरुवाको सट्टा २५ बिरुवा रोपण गर्नुपर्ने र ५ वर्षसम्म स्याहार सम्भार गरी सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । काटिएका रुख बिरुवाको सट्टामा बृक्षारोपण गरी सक्नुपर्ने अवधि किटान नगरेको, जिल्ला वन कार्यालयले वृक्षारोपण स्थल नतोकेको र सोको लागि बजेट विनियोजन भएको पाइएन । समझदारीपत्रको कार्यान्वयन गरी बिरुवा रोप्नुपर्दछ ।

११. **मेसिनरी भाडा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा निर्माण कार्यको लागत अनुमान तयार गरी सोही नियमावलीको नियम १४ बमोजिम स्वीकृत गराउनुपर्ने व्यवस्था छ । आयोजनाले २ लाख ५७ हजार २५५ घण्टा विभिन्न मेसिनरी उपकरण भाडामा लिन रु.१ अर्ब ५७ करोड ७८ लाख ११ हजारको लागत अनुमान तयार गरी रु.१ अर्ब ४४ करोड ४ लाख २० हजारमा ५ ठेक्काबाट निर्माण उपकरण तथा मेसिनरी साधन भाडामा लिने सम्झौता गरेको छ । भाडामा लिएका सम्पूर्ण सामान पूर्ण क्षमतामा उपयोग भएको सुनिश्चित गरिनुपर्दछ ।

१२. **जग्गाको लगत -** आयोजनाले प्राप्त गरेको जग्गाको अभिलेख अद्यावधिक हुनुपर्दछ । यो वर्षसम्म मुआवजा वितरणको लागि रु.३ अर्ब १० करोड ३५ लाख ६५ हजार खर्च गरेको छ । आयोजनाले हालसम्म विभिन्न निकायबाट वितरित मुआवजा पाउने जग्गाधनी र मुआवजा नपाउने जग्गाधनीको विवरण कम्प्युटरमा राखे तापनि ती विवरणको सुरक्षा र व्याकअपसहितको सफ्टवेर प्रयोग नगरेको कारण जग्गाको अभिलेख सुरक्षित र भरपर्दो रहेको पाइएन । आयोजनाको नाममा प्राप्त भएका जग्गाको प्रमाणपत्रको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिएको छ ।

१३. **सैनिक मुख्यालय भवन -** यो वर्ष सैनिक मुख्यालय, वीरेन्द्र अस्पतालको जवान लाइन, सैनिक प्रहरी गण भवन र लक्ष्मी निवास महाराजगन्जसमेतको लागि रु.१ अर्ब २० करोड विनियोजन भएकोमा पूरै खर्च गरेको छ । सैनिक मुख्यालय भवनको लागत अनुमान रु.३ अर्ब १३ करोड ३६ लाख भएकोमा एक निर्माण व्यवसायीसँग २०७५।११।१९ सम्ममा सम्पन्न गर्ने गरी २०७३।९।१४ मा रु.३ अर्ब ९ करोड १४ लाखको खरिद सम्झौता भएको छ । उक्त निर्माण कार्यमा सेरेमोनियल हल, छतमा हेलिप्याड, विद्युत, अग्नि सुरक्षा, फोहोर प्रशोधनलगायतको कार्य थप गरी १३.०६ प्रतिशतले हुने भेरिएसनको रु.४० करोड ३८ लाख ३३ हजारसमेत हालसम्म रु.२ अर्ब ९३ करोड ६२ लाख खर्च भएको छ ।

विकास निर्माण निर्देशनालय

१४. **प्रगति स्थिति -** नेपाली सेनाद्वारा निर्माण गरिने भवन, सडक जस्ता पूर्वाधार निर्माणका कार्य यस निर्देशनालयबाट हुँदै आएको छ । निर्देशनालयले हालसम्म २७ सडक आयोजनाको ट्रयाक निर्माण गर्ने जिम्मेवारी पाएकोमा गतवर्षसम्म २२ र यो वर्ष मैलुङ्ग-स्याफ्रुवेसी सडकसमेत २३ आयोजना सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरेको छ । निर्देशनालयले यो वर्ष सञ्चालन गरेको सडक आयोजनाहरुको संक्षिप्त स्थिति निम्नानुसार छ:

सि. न.	सडक आयोजनाको नाम	आयोजना शुरु वर्ष	सम्पन्न हुने मिति	लम्बाई (कि.मि.)		लागत अनुमान (रु.लाखमा)	खर्च (रु.लाखमा)		
				कुल	सम्पन्न		गत वर्षसम्म	यो वर्ष	जम्मा
१	जाजरकोट-दुनै-मरिम-तिन्जेधो	२०६४।६५	२०७५।७६	११८	११७	१४७८६	१२१७०	२५००	१४६७०
२	कालीगण्डकी करीडोर (पुरानो ट्रयाक चौडा पार्ने समेत)	२०६९।७०	२०७६।७७	७६	६५	१७४००	९३६५	२०००	११३६५
३	बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग	२०७३।७४	२०७९	११८	१६.८	३४७५	७५०	२०००	२७५०
४	खुलालु-लैफु-सिमिकोट	२०६५।६६	२०७६।७७	१९६	९२	२८४११	७६६३	३०००	१०६६३
५	मैलुङ्ग-स्याफ्रुबेंसी	२०७१।७२	२०७४।७५	१७	१७	७०६९	५०७०	२०००	७०७०
			जम्मा	५२५			३५०१८	११५००	४६५१८

आयोजनागत विस्तृत ड्रइङ डिजाइन तयार नभएको, आवश्यक बजेट आर्थिक वर्षको शुरुमा विनियोजन नगरी पटक पटक थप अख्तियारी प्रदान गरेको लगायत विगतमा औल्याइएका व्यहोरामा सुधार भएको देखिएन ।

सैनिक सामग्री उत्पादन तथा यान्त्रिक सेवा महानिर्देशनालय

१५. **प्लाण्ट खरिद -** अर्थ मन्त्रालयबाट जारी भएको २०७४।७५ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको दफा ५ मा स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि थप बजेट निकासा नगरिने उल्लेख छ । महानिर्देशनालयले पर्याप्त बजेटको व्यवस्था नभई सैनिक सामग्री उत्पादन सम्बन्धी प्लाण्ट खरिद गर्न एक विदेशी आपूर्तिकर्तासँग सम्झौता गरी प्रतीतपत्र खोल्न नेपाल राष्ट्र बैङ्कमा रु.१ अर्ब ५० करोड पठाएकोमा उक्त रकम मार्जिनसहित प्रतीतपत्र खोल्न अपर्याप्त भएको कारण प्रतीतपत्र नखुलेको र फ्रिज पनि नभएको स्थिति छ । स्रोत सुनिश्चित गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

मैलुङ-स्याफ्रुबेंसी र खुलालु-लैफु-सिमकोट सडक निर्माण स्थिति

नेपाल सरकारले विभिन्न समयमा गरेका निर्णय, सरकारको नीति तथा कार्यक्रम, बजेटद्वारा ल्याइने नीतिबमोजिम नेपाली सेनाले सडक आयोजनाहरुको ट्रयाक निर्माण गर्दै आएको छ । निर्माणसम्बन्धी काम गर्न नेपाली सेनाले २०५२ मा विकास निर्माण महाशाखा, २०५७ मा विकास निर्माण निर्देशनालय र २०६३ देखि विकास निर्माण तथा स्थपति महानिर्देशनालयअन्तर्गत विकास निर्माण निर्देशनालय रहने गरी सांगठनिक संरचनाको व्यवस्था गरेको छ । नेपाली सेनाद्वारा निर्मित मैलुङ-स्याफ्रुबेंसी र कर्णाली करिडोरः खुलालु-लैफु-सिमकोट सडक निर्माण कार्यको प्रभावकारिता मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायबमोजिम छन्:

१६. **योजना छनौट र लागत अनुमान-** मैलुङ-स्याफ्रुबेंसी तथा कर्णाली करिडोर सडक दुबै सरकारको पहिलो प्राथमिकतामा परेका रणनैतिक सडक आयोजना हुन् । गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडकको मैलुङ-स्याफ्रुबेंसी खण्डको निर्माण कार्य नेपाल सरकारको २०७१।९।७ को निर्णयबमोजिम २०७१/१०/९ देखि शुरु भएको थियो । निर्माण कार्य शुरु गर्दा उक्त खण्डमा स्थानीयको विवाद, वातावरणीय परीक्षणसम्बन्धी प्रक्रिया पूरा नहुँदा राष्ट्रिय निकुञ्जको अवरोध र एलाइन्मेण्टको अनिश्चितताका कारण निर्माण कार्य अघि बढाउन समस्या देखिएको थियो । नेपाल सरकारले पुनः २०७२।८।१७ मा निर्णय गरी २०७४।७५ सम्ममा सडक निर्माणको कार्य सम्पन्न गर्न उक्त सडक खण्ड नेपाली सेनालाई हस्तान्तरण गरेकोमा सरकारले दिएको समयसीमाभित्र निर्माण कार्य सम्पन्न गरेको छ ।

त्यसैगरी मन्त्रिपरिषद्को २०७१।१२।५ को निर्णयले कर्णाली करिडोरः खुलालु-लैफु-सिमकोट (१९६ कि.मी.) सडक निर्माण कार्य नेपाली सेनाबाट गर्न हस्तान्तरण गरेको देखिन्छ । उक्त सडक विगत वर्षहरुमा सम्बद्ध निकायबाट निर्माण हुन नसकेकोले नेपाली सेनालाई हस्तान्तरण गरेको देखिन्छ । सडक निर्माण योजना छनौट गर्दा छनौटका आधार र मापदण्ड पूरा नगरेको तथा पूर्व तयारीका कार्य हुन नसकेकोले निर्माण चरणमा समस्या भई नेपाली सेनालाई हस्तान्तरण गरे तापनि उक्त समस्या हस्तान्तरण पश्चात पनि यथावत् रहेको देखिन्छ । उक्त दुबै सडकको विस्तृत सर्भे, डिजाइन र लागत अनुमान तयार नगरी नेपाली सेनालाई निर्माणको जिम्मेवारी हस्तान्तरण गरेको तथा नेपाली सेनाले वार्षिक बजेटलाई आधार बनाई निर्माण कार्य गरेकोले कुल लागत र सम्पन्न गर्ने अपेक्षित अवधि यकिन हुनसक्ने अवस्था छैन ।

१७. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ को अनुसूची-१ बमोजिम जिल्ला तथा शहरी सडक निर्माण कार्य गर्नुभन्दा अगाडि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरण प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । मैलुङ-स्याफ्रुबेंसी सडक खण्ड (१७ कि.मि.) सम्बन्धित सडक आयोजनालाई हस्तान्तरण भइसकेको भए तापनि हालसम्म उक्त आयोजनाको पूर्ण वातावरणीय प्रभाव मूल्याङ्कन भएको छैन ।

आयोजना पहिले निर्माण गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कनपछि गर्ने कार्यले वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्य पुष्टि हुन सक्तैन । वातावरणीय पक्षलाई ध्यान दिई निर्माण पूर्व कानुनको प्रक्रिया पूरा गरी प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न गरी निर्माण कार्य गर्नुपर्दछ ।

१८. **विस्फोटक पदार्थको नर्म्स -** नेपाली सेनाबाट निर्माण गरिने सडक आयोजनासम्बन्धी मार्गदर्शन, (२०४९) को बुँदा २ मा चट्टान फोर्नका लागि प्रयोग गरिने विस्फोटकलाई न्यून गर्नेतर्फ ध्यान दिने उल्लेख छ । सडक विभागबाट सडक निर्माणका लागि २०६५।१।२३ मा पारित नर्म्सबमोजिम कडा चट्टानका लागि प्रति घनमिटर ०.२५ के.जी. जिलेटिन (विस्फोटक पदार्थ) खर्च हुने उल्लेख छ । नेपाली सेनाद्वारा निर्मित मैलुङ-स्याफ्रुबेसी सडक खण्डमा २०७४।७५ मा तोकिएको नर्म्सभन्दा प्रति घनमिटर ०.०८ के.जी. र कर्णाली करिडोरमा प्रति घनमिटर ०.११ के.जी. बढी विस्फोटक पदार्थ खर्च भएको छ । सडक विभागबाट २०७५।४।२६ मा स्वीकृत नर्म्सअनुसार प्रति घनमिटर ०.३५ के.जी. जिलेटिन प्रयोग हुने संशोधन गरेको आधारमा कर्णाली कोरिडोरमा प्रति घ.मि.०.०१ के.जी. बढी खपत हुने स्थिति छ । विस्फोटक पदार्थको प्रयोग आवश्यकताभन्दा बढी भएमा वातावरणमा असर पुग्न जाने भएकोले अत्यावश्यकीय र कडा चट्टान फोर्नका लागि मात्र विस्फोटक पदार्थको प्रयोग गर्ने र नर्म्सको अधीनमा रही दक्षतापूर्ण ढङ्गले विस्फोटक पदार्थको उपयोग गर्नुपर्दछ ।

१९. **सडक निर्माणको स्थिति -** नेपाली सेना, विकास निर्माण निर्देशनालयबाट निर्माण गरी सडक विभागलाई २०७५।२।६ मा हस्तान्तरण गरिएको मैलुङ-स्याफ्रुबेंसी सडक र कर्णाली करिडोर सडकको स्थलगत अवलोकन तथा सरोकारवालासँग छलफल गर्दा सडकको रेखाङ्कन र पुलको आवश्यकता सम्बन्धमा निम्नानुसार जानकारी प्राप्त भएको छ:

१९.१. कर्णाली करिडोर सडकको रेखाङ्कन सडक विभागले उपलब्ध गराएकोमा कालीकोटको खुलालुदेखि घाटपारी चौरसम्म ३० किलोमिटर घुम्तीबेगरको बाटो निर्माण भएको र उक्त खण्डमा यातायात सञ्चालनमा रहेको देखिन्छ । त्यस पश्चातको १८ किलोमिटर बाटो मोडयुक्त र कमजोर भू-बनोटमा रेखाङ्कन गरिएकोले पहिरोको सम्भावना, दुर्घटनाको जोखिमसमेत रहेको देखिन्छ । उक्त सडक खण्डको रेखाङ्कन परिवर्तन गरी नदीको किनाराबाट सीधा रेखाङ्कन गर्दा हालको डिजाइनभन्दा ४.५ किलोमिटर सडक छोटो हुने, कुनै पनि घुम्ती नपर्ने भएकोले सम्भावित दुघर्टना न्यूनीकरण हुने र उक्त प्रस्तावित खण्डमा माटोको अवस्था तुलनात्मक रुपमा स्थिर रहेकोले भविष्यमा पहिरोको सम्भावना कम भई, मर्मत लागत कम हुनसक्ने कार्यालयले जनाएको छ । यस सम्बन्धमा थप अध्ययन गरी सम्बन्धित निकायद्वारा रेखाङ्कन सुधार हुनुपर्दछ ।

१९.२. कर्णाली करिडोरअन्तर्गतको खुलालु-लैफु-सिमकोट सडक खण्डमा यातायात सञ्चालनका लागि ७ पुल आवश्यक रहेकोमा ३ स्थानमा बेलीब्रिज जडान गरी यातायात सञ्चालन गरेको र अन्य स्थानमा समेत पुल आवश्यक भएको देखिएको छ । सडक खण्डलाई सुचारु ढङ्गमा सञ्चालन गर्न उक्त सडकका आवश्यक स्थानमा पुल जडान गर्नुपर्दछ ।

निष्कर्ष - सडक निर्माण गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत आयोजना प्रतिवेदन एवं ड्रइङ डिजाइन र लागत अनुमानको कार्य सम्पन्न गरी सेनालाई सडक निर्माणको जिम्मा दिनुपर्ने, जटिल भौगोलिक अवस्थामा नेपाली सेनालाई निर्माण कार्यको जिम्मेवारी दिने सम्बन्धमा नेपाल सरकारले स्पष्ट नीतिगत र कार्यविधिगत व्यवस्था गर्न आवश्यक देखिएको छ ।

संस्था समितितर्फ

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति

२०. **बक्यौता असुली –** मध्य एयरवेश तर्फ २०३४।३५ देखि २०७३।०७४ सम्मको निर्धारित शुल्क ४५ निकायबाट रु.३ करोड ७ लाख ५९ हजार, भी.भी.आई.पी.उडान सेवातर्फ २०४२।४३ देखि २०७३।०७४ सम्मको १८ निकाय/संस्थाबाट रु.५१ लाख ८३ हजार र यो वर्ष ३ निकायबाट चार्टर भाडा रु.७५ लाख १८ हजारसमेत रु.४ करोड ३४ लाख ६० हजार हवाई भाडा उठ्न बाँकी रहेको छ । मध्य एयरवेश र भी.भी.आई.पी उडानको विमान उडान चार्टर भाडाको विलिङ लागतको सम्पूर्ण आर्थिक कारोबार २०७३।७४ देखि सैनिक हवाई महानिर्देशनालयबाट हुने गरेको छ । उक्त रकममध्ये ५० प्रतिशतले हुने रु.१ करोड ७९ लाख ७१

हजार सम्बन्धित कोष दाखिला गर्नुपर्ने व्यवस्था रहेकोले राजस्व असुलीमा समेत असर परेको छ । बक्यौता रकम असुल गर्न थप पहल हुनुपर्दछ ।

नेपाली सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापना गर्ने कार्यमा भाग लिएबापत नेपाली सेनाले प्राप्त गर्ने रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्वसैनिक र निजहरुको परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले २०३२ सालमा कोषको स्थापना भएको हो । संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा २०३० मा सहभागी भएबापत प्राप्त रु.१ करोड २४ लाख १ हजार कोषमा जम्मा गरी कोषको आर्थिक कारोबार शुरु भएको देखिन्छ । हाल सैनिक ऐन, २०६३ र सैनिक कल्याणकारी कोष सञ्चालन नियमावली, २०६५ अनुरुप यो कोष सञ्चालनमा रहेको छ । कोषको रकमबाट विभिन्न इकाईमार्फत सैनिक कल्याणकारी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । हाल विभिन्न देशमा शान्ति स्थापनार्थ ४ हजार ६७२ सैनिक कार्यरत छन् ।

२१. **वित्तीय स्थिति -** कोषमा गत वर्षको मौज्दात रु.३९ अर्ब ६१ करोड ५८ लाख र यो वर्षको आम्दानी रु.१५ अर्ब ७ करोड ९६ लाखसमेत रु.५४ अर्ब ६९ करोड ५४ लाखमध्ये चालु खर्चतर्फ रु.१२ अर्ब ४२ करोड ५५ लाख पुँजीगत खर्चतर्फ रु.९६ करोड ९० लाखसमेत रु.१३ अर्ब ३९ करोड ४५ लाख खर्च भई रु.४१ अर्ब ३० करोड ९ लाख मौज्दात रहेको छ । उक्त खर्चमध्ये शान्ति सेना सञ्चालनमा रु.९ अर्ब ७ करोड ९५ लाख, स्वास्थ्यमा रु.५६ करोड ९६ लाख, शिक्षामा रु. ७८ करोड ६४ लाख, मेडिकल कलेजमा रु.२९ करोड ६२ लाख पुरस्कार र छात्रवृत्तिमा रु.६५ लाख, राहतमा रु.१७ करोड ४१ लाख, निवृत्तभरणमा रु.३८ करोड ३१ लाख, पुँजीगत कार्यमा रु.९६ करोड ९० लाख तथा प्रशासनिक खर्च ब्याज, कर, बीमा, आयमूलक आदि कार्यमा रु.१ अर्ब १३ करोड १ लाख खर्च गरेको छ ।

२२. **निक्षेप -** कोषबाट प्राप्त विवरणअनुसार २०७५ असार मसान्तसम्म २८ वाणिज्य बैङ्क, २ विकास बैङ्क र ५ वित्त कम्पनीमा रु.२६ अर्ब ७८ करोड ४४ लाख र विदेशी मुद्रातर्फ विभिन्न बैङ्कमा रु.७ अर्ब २४ करोड ६ लाख मौज्दात र बाँकी रु.६ अर्ब ६२ करोड ७९ लाखमध्ये कल्याणकारी योजनामा रु.५ अर्ब ५२ करोड २४ लाख, सेयर डिवेन्चर र बचतपत्रमा रु.१ अर्ब १० करोड ५५ लाख लगानी रहेको छ । कुल निक्षेपमध्ये देहायका १ विकास बैङ्क र ३ वित्तीय संस्थाबाट २०७५ असार मसान्तसम्म प्राप्त हुनुपर्ने मुद्दती एवं बचत खाताको साँवा रु.५ करोड ३ लाख र ब्याज रु.१ करोड २४ लाखसमेत रु.६ करोड २७ लाख असुल नभई जोखिममा रहेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

(रु. लाखमा)

सि.नं.	बैङ्क/वित्तीय संस्थाका नाम	साँवा	ब्याज	जम्मा
१.	युनाइटेड विकास बैङ्क	१५७	०	१५७
२.	नेपाल शेयर मार्केट एण्ड फाइनान्स लिमिटेड	२३३	५१	२८४
३.	सम्झना फाइनान्स लिमिटेड	१००	६७	१६७
४.	हिमालय फाइनान्स लिमिटेड	१३	६	१९
	जम्मा	५०३	१२४	६२७

२३. **शोधभर्ना -** सैनिक कल्याणकारी नियमावली, २०६५ को नियम १८ मा मिसनमा खटाएबापत प्राप्त गर्ने भत्ता, मेसिनरी औजार तथा उपकरणको डिप्रिसिएबलबापत प्राप्त हुने शोधभर्ना रकमलगायतका अभिलेख शान्ति सेना सञ्चालन निर्देशनालयले राख्नुपर्ने उल्लेख छ । कोषबाट प्राप्त विवरणअनुसार २०६८।६९ देखि २०७४।७५ सम्ममा संयुक्त राष्ट्रसंघबाट रु.६७ अर्ब ९६ करोड प्राप्त भएको मध्ये रु.४१ अर्ब ९४ करोड खर्च भई रु.२६ अर्ब २ करोड बचत रहेको देखिन्छ ।

२४. **पेस्की** - वित्तीय विवरणअनुसार २०७५ आषाढ मसान्तमा कोषअन्तर्गत निम्न इकाईमा फछ्यौंट गर्न बाँकी पेस्की रु.८५ करोड ७६ लाख बाँकी छ । त्यसैगरी विदेशी मुद्रातर्फको पेस्कीमध्ये अमेरिकी डलर ३ करोड ३९ लाख १९ हजार फछ्यौंट हुन बाँकी छ ।

(रु. लाखमा)

सि.न.	कार्यालय/विवरण	गत वर्षसम्मको	यो वर्षको	जम्मा
१	शान्ति सेना सञ्चालन निर्देशनालय	१०१३	६९७७	७९९०
२	सुनाचरी इमल्सन प्लान्ट	३९०	०	३९०
३	इन्जिनियरिङ्ग तथा कल्याणकारी निर्माण कार्य समिति	७८	०	७८
४	सैनिक स्वास्थ्य महानिर्देशनालय	७७	०	७७
५	नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान	२३	०	२३
६	भेट्रान्स तथा सिभिल अस्पताल निर्माण कार्यदल	१०	०	१०
७	कल्याणकारी योजना निर्देशनालय	०	८	८
	कुल जम्मा	१५९१	६९८५	८५७६

इन्जिनियरिङ तथा निर्माण कार्यकारिणी समिति

२५. **प्रगति -** नेपाली सैनिक कल्याणकारी कोषअन्तर्गतका निर्माण कार्य गर्न गठन भएको यो समितिले यो वर्ष ३० कार्यक्रम सञ्चालन गरी रु.१ अर्ब १२ करोड (९९.९० प्रतिशत) खर्च गरेकोमा भौतिक प्रगति विवरण तयार गरेको छैन ।

२६. **घरजग्गाको लगत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ मा घरजग्गाको लगत राख्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष समितिबाट निर्माण गरिएका रु.१ अर्ब २ करोडमा ३४ भवन निर्माण तथा मर्मत कार्य सम्पन्न गरेकोमा सोको लगत राखेको छैन । लगत अद्यावधिक नहुँदा आगामी दिनमा संरचनाहरुको निर्माण तथा मर्मत सुधारसम्बन्धी योजना तयार गर्न कठिनाइ पर्ने देखिएकोले निर्माण गरिएका संरचनाहरुको यथार्थ लगत राख्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** विगतका प्रतिवेदनमा स्वयम्भू बारुदखाना, वसुन्धरा क्यान्टिन र सुनाचुरी इमल्सन प्लाण्टले आर्थिक कारोबारको सम्पत्ति तथा दायित्व देखिने गरी लेखा तयार नगरेको, सैनिक कल्याणकारी कोषले सवारीसाधन, उपकरण, भौतिक पूर्वाधार र फर्निचरको मूल्य वासलातमा समावेश नगरेको, स्थपति महानिर्देशनालय (कल्याणकारी कोष) ले खरिद गुरुयोजना तयार नगरेको, सैनिक कल्याणकारी कोषले खरिद गरेको सरकारी जग्गाको विवरण र ती जग्गामा निर्मित भवनलगायत भौतिक संरचनाको अद्यावधिक लगत नराखेको र विकास निर्माण निर्देशनालयले बेसाबुत सामानको लिलाम बिक्री नगरेको लगायतका व्यहोरा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - मन्त्रालय र मातहतका समेत ६३ निकायमा यो वर्ष रु.११ अर्ब २९ करोड ३१ लाख १८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १६ निकायले रु.५ करोड ५४ लाख ४१ हजार फछ्यौंट गरेकोले रु.११ अर्ब २३ करोड ७६ लाख ७७ हजार बाँकी रहेको छ । सोमध्ये रु.११ अर्ब १४ करोड ७२ लाख ८८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - अन्य संस्था ६ तर्फ यस वर्ष रु.११ करोड २८ लाख ६९ हजार वेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रु.३८ करोड ८५ हजार फछ्यौंट गरेकोले रु.१० करोड ८९ लाख ८४ हजार बाँकी रहेको छ । सोमध्ये रु.९ करोड ९९ लाख ५६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

वन तथा वातावरण मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा वन तथा वातावरण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने, वनजन्य उद्योगको प्रवर्द्धन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको व्यवस्थापन, प्रकृति तथा वातावरण संरक्षण, जलवायु परिवर्तन, प्रदूषण नियन्त्रण, नियमन र अनुगमन, वातावरण प्रभाव मूल्याङ्कनलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत १९६ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१४ अर्ब ९८ करोड ७९ लाख, राजस्व रु. १ अर्ब ८७ करोड ३९ लाख, धरौटी रु.१ अर्ब ९२ करोड ७८ लाख र अन्य कारोबार रु.१ अर्ब ७ करोड ५३ लाखसमेत रु.१९ अर्ब ८६ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका सागठित संस्था, अन्य संस्था ९४ र समिति १ को रु.३ अर्ब १३ करोड १० लाख कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **योजना कार्यान्वयन -** चौधौं योजना अवधिमा सघन तथा विविधतायुक्त वन स्रोत, जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्रसहित रोजगारी सिर्जना र जिविकोपार्जनमा सुधार गर्ने उल्लेख छ । वनजन्य क्रियाकलापबाट २०७४।७५ मा ४ लाख श्रमदिन रोजगारी सिर्जना गर्ने उल्लेख भएकोमा ३९ हजार ७२६ श्रमदिनमात्र रोजगारी सिर्जना भएको, वनस्पति संरक्षण, वन उद्योगको विकास र प्रवर्द्धन, संरक्षित वन क्षेत्रको विस्तार, जोखिममा परेको प्रणालीको संरक्षण गर्ने लक्ष्य रहेकोमा ती कार्य नभएको, भूकम्पबाट ध्वस्त संरचना मध्ये २०७३।७४ मा ३१ र २०७४।७५ मा ८५ संरचना पुनर्निर्माण गर्ने लक्ष्य राखेकोमा दुबै वर्ष उक्त संरचना निर्माण कार्य हुन सकेको देखिएन । योजनामा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन** - आर्थिक वर्ष २०७४।७५ को बजेटमा ४ करोड ७७ लाख ७८ हजार बिरुवा उत्पादन, खरिद र वितरण गर्ने लक्ष्य निर्धारण गरेकोमा ८१.५ प्रतिशत उपलब्धि हासिल गरेको उल्लेख गरेतापनि रोपण भएका बिरुवा सरेको र संरक्षणको अवस्था यकिन भएन । समुदायमा आधारित वन व्यवस्थापनबाट २६ लाख ४९ हजार घरधुरी लाभान्वित हुने अपेक्षा गरेकोमा अभिलेख अद्यावधिक नगरेकोले उपलब्धि यकिन भएन । अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३. **संगठन संरचना** - मन्त्रालयको साविकको दरबन्दी पुनर्संरचना गरी संघीय सरकारअन्तर्गत २५ कार्यालयमा ८९५ दरबन्दी र प्रदेश सरकारअर्न्तगत १४७ कार्यालय कायम गरेको देखिन्छ । संघ, प्रदेश र स्थानीय तहले समेत वन तथा वातावरणसम्बन्धी कार्यसम्पादन गर्दै आएकोमा कार्यक्रममा दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४. **काठको मूल्य निर्धारण -** वन नियमावली, २०५१ को अनुसूची २ मा सरकारी काठको न्यूनतम मूल्य कायम गरी लिलाम गर्ने व्यवस्था छ । नियमावलीमा गोलिया काठ प्रति घनफिट रु.८००।- तोकेकोमा बजारमा रु ६ हजारभन्दा बढी मूल्यमा बिक्री भएको अवस्था छ । जिल्ला वन कार्यालय, भक्तपुरबाट ६६२ भूकम्पपीडित परिवारलाई रु.२ हजार ७५४ मा टिम्बर कर्पोरेसनमार्फत काठ वितरण गरेको छ । काठको बिक्री मूल्य बजार मूल्यसँग तादात्म्यता हुने गरी समय सापेक्ष रुपमा निर्धारण हुनुपर्दछ ।

५. **भूकम्पपीडितलाई काठ वितरण** - वन विभागबाट प्राप्त विवरणअनुसार ३१ जिल्लाका भूकम्पपीडित ७८४ परिवारकालागि जिल्ला वन पैदावार आपूर्ति समितिबाट ४० हजार ५४५ घनफिट र सामुदायिक वनबाट ५ लाख ९९ हजार घनफिट काठ उपलब्ध गराएको छ । भूकम्पपीडितलाई काठ वितरण गर्न टिम्बर कर्पोरेसनलाई १ लाख ५५ हजार ३२८ घनफिट काठ उपलब्ध गराएकोमा उक्त काठ वितरणको अभिलेख राखी उपयोगको अवस्था यकिन गर्नुपर्दछ ।

६. **वन अतिक्रमण** – वन ऐन, २०४९ को दफा ४९ मा राष्ट्रिय वनक्षेत्रको अतिक्रमण कार्य दण्डनीय अपराध मानिने उल्लेख छ । त्यसैगरी अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यान्वयनमा रहेको छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार ९४ हजार २३३ हेक्टर वन र ३ हजार ८७६ हेक्टर जमिन अतिक्रमण भएको मध्ये २०७१।७२ देखि २०७३।७४ सम्म ४ हजार २९१ हेक्टर र २०७४।७५ मा

९२० हेक्टरसमेत ५ हजार २११ हेक्टर (५.३१ प्रतिशत) क्षेत्रफल अतिक्रमण मुक्त भएको देखिन्छ । बाँकी अतिक्रमित वन क्षेत्र मुक्त गर्न थप प्रभावकारी कदम चाल्नुपर्दछ ।

७. **वन क्षेत्रको प्रयोग –** वन क्षेत्रको जग्गा जलविद्युत, सडक, खानेपानीलगायतका अन्य निकायलाई भौतिक पूर्वाधारहरु निर्माण गर्न दिने कार्यलाई व्यवस्थित र सहज बनाउन राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ लागू भएको छ ।

अन्य प्रयोजनका लागि उपलब्ध गराएको वन क्षेत्रको जग्गासम्बन्धी अनुगमन प्रतिवेदन, २०७५ मा ५१६ निकायलाई १६ हजार ७१७ हेक्टर वन क्षेत्रको जग्गा उपलब्ध गराएको उल्लेख छ । उक्त वन क्षेत्रबाट २०७१ सालसम्ममा हटाउनुपर्ने रुखको संख्या उल्लेख छैन । तत्पश्चात ७ लाख ४ हजार रुख हटाउनुपर्नेमा हटाएको सख्यात्मक विवरण पेस भएन । हटाउने रुखको १:२५ को दरले १ करोड ७६ लाख बिरुवा रोपण गर्नुपर्नेमा १५ निकायले १०१ हेक्टरमा मात्र वृक्षारोपण गरेको छ । उक्त ५१६ मध्ये ४७५ निकायले राजस्व समेत बुझाएका छैनन् । राजस्व असुल गरी वृक्षारोपण गर्ने गराउने व्यवस्था गर्नुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः आवधिक योजना तथा बजेट आंशिक कार्यान्वयन भएको, बजार मूल्यसँग तादात्म्यता हुने गरी काठको मूल्य निर्धारण नगरेको, अभिलेख नराखी काठ वितरण गरेको, अतिक्रमित वन क्षेत्र मुक्त गर्न प्रभावकारी कार्य नभएको, अन्य निकायलाई उपलब्ध वन क्षेत्रको जग्गा उपयोगको अनुगमन नगरेको, राजस्व तथा रोयल्टी असुली नगरेको, वातावरणीय प्रभाव मूल्याङ्कनमा बढी समय लगाएको, काठको मौज्दात जिम्मेवारी घटी सारेको, समयमा लिलाम बिक्री नगरेको, रोपण बिरुवाको संरक्षण नभएको, राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रको व्यवस्थापन एवं वैज्ञानिक वन व्यवस्थापन प्रभावकारी रुपले कार्यान्वयन नभएको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

८. **सामुदायिक वन -** वन नियमावली, २०५१ को नियम ३० मा जिल्ला वन अधिकृतले उपभोक्ता समूहलाई सामुदायिक वन सुम्पिएपछि सोको लगत मन्त्रालयमा समेत पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार २२ हजार २२६ सामुदायिक वनमा संलग्न २९ लाख ८ हजार घरधुरीलाई २२ लाख ३८ हजार हेक्टर वन क्षेत्र हस्तान्तरण गरेको देखिन्छ । हस्तान्तरित सामुदायिक वनबाट कार्य योजनामा स्वीकृत कटान परिमाण, वास्तविक कटान परिमाण, आन्तरिक खपत परिमाण, बिक्री परिमाण, बिक्री आय र मौज्दात परिमाण खुल्ने गरी काठ दाउराको केन्द्रिय अभिलेख राखेको पाइएन । साथै उद्देश्यअनुरुप लक्षित उपभोक्ता लाभान्वित भए नभएको सम्बन्धमा मूल्याङ्कन गरेको छैन । सामुदायिक वनको जिल्लागत अभिलेख तयार गर्नुपर्दछ ।

९. **लेखापरीक्षण** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

९.१. वन तथा वातावरण मन्त्रालय र मातहतमा १६ निकायमा कार्यक्रम सञ्चालन गर्न रु.२ करोड ८८ लाख ९४ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्ति र उपयोगको विवरणसहितको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन ।

९.२. जिल्ला वन कार्यालय रुपन्देही र ढोर पाटन शिकार आरक्षको रु.४ करोड ९ लाख ५३ हजारको स्रेस्ता लेखापरीक्षणको लागि पेस गरेको छैन । ऐनको व्यवस्थाअनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

वातावरण मन्त्रालयतर्फ

१०. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०५३ को दफा ५ बमोजिम वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिको लागि सम्बन्धित निकायमा पेस गर्नुपर्दछ । विभिन्न मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवदेन स्वीकृतिको लागि यो वर्ष ४० प्रस्ताव प्राप्त भएको मध्ये मन्त्रालयले विगतका समेत ३२ प्रस्ताव स्वीकृत गरेको छ । मन्त्रालयमा विगत वर्षदेखि हालसम्म प्राप्त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अभिलेख राखेको पाइएन । समयमा वातावरणीय पक्षको मूल्याङ्कन एवं स्वीकृति गरी कार्यान्वयन गर्न नसक्दा सडक, सिचाई, विद्युत, खानेपानी, भवन निर्माण लगायतका संरचना निर्माणमा

ढिलाई भै योजनाको लागत र समय बढ्ने गरेको देखिन्छ । मन्त्रालयमा प्राप्त प्रस्तावको मूल्याङ्कन गरी समयमा निर्णय गर्नुपर्दछ ।

११. **प्रदूषण नियन्त्रण शुल्क -** आर्थिक ऐन, २०६४ को दफा १३(१) मा नेपाल सरकारले सूचना प्रकाशन गरी काठमाडौँ उपत्यकाभित्र बिक्री वितरण गर्ने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसाको दरले प्रदूषण शुल्क असुलगरी छुट्टै कोषमा जम्मा गरी वातावरण संरक्षणको क्षेत्रमा खर्च गर्नुपर्ने उल्लेख छ । सोही बमोजिम २०६५।६६ देखि हालसम्म रु.५ अर्ब २० करोड १५ लाख राजस्व असुल गरी संचित कोष दाखिला गरेको देखिन्छ । उक्त रकम छुट्टै कोषमा राखी प्रदूषण नियन्त्रण एवं रोकथाम गर्ने कार्यमा खर्च गरेको देखिएन ।

१२. **निष्क्रिय मौज्दात -** वातावरण संरक्षण नियमावली, २०५४ को नियम ४२ बमोजिम कोषमा जम्मा भएको रकम प्रदूषणको रोकथाम र नियन्त्रणमा खर्च गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको वातावरण संरक्षण कोषमा रु.३ करोड १५ लाख ९७ हजार खर्च नभै मौज्दात रहेको हुँदा उक्त रकम राजस्व दाखिला गर्नुपर्दछ ।

वातावरण विभाग

१३. **वायु प्रदूषण -** वातावरण विभागले स्थापना गरेका वायु गुणस्तर मापन केन्द्रहरुको तथ्याङ्क विश्लेषण गर्दा सन् २०१७ मा मसिनो धूलोका कणहरु काठमाडौँ उपत्यकाका रत्नपार्क, शंखपार्क, भक्तपुर, भैंसेपाटी, सौराहा र लुम्बिनीमा मापदण्डभन्दा बढी देखिएकोले प्रदूषण नियन्त्रण गर्न रणनैतिक योजना र कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१४. **मापदण्ड र निर्देशिका -** वातावरण निरीक्षण ऐन, २०५३ को दफा २३ अनुसार वातावरण विभागले वातावरण संरक्षण नमुना सङ्कलन, नेपाल मापदण्ड निर्धारण, वातावरण प्रदूषण, क्षतिपूर्ति निर्धारण, वातावरण प्रदूषण नियन्त्रण नियमन जस्ता कार्य गर्ने सम्बन्धमा निर्देशिका जारी गर्नुपर्नेमा हालसम्म निर्देशिका बनाएको छैन । विभागले कार्यक्षेत्रको आधारमा १३ विषयको मापदण्ड तयार गरे तापनि वायु, जल, ध्वनि प्रदूषण, घरायसी फोहोर, औद्योगिक, अस्पतालजन्य रसायनसम्बन्धी क्षेत्रगत एवं विषयगत मापदण्ड निर्धारण गरेको नदेखिँदा सो निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

वन विभाग

वनसम्बन्धी नीति, योजना, कार्यक्रम, तर्जुमा र कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने र मातहत ७४ वन कार्यालयको व्यवस्थापन, वातावरण संरक्षण र संवर्द्धन, वनजन्य कच्चा पदार्थ र जडीबुटी व्यवस्थापन गर्ने उद्देश्यले वन विभागको स्थापना भएको हो ।

१५. **काठ व्यवस्थापन** – वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार काठ दाउरा सङ्कलन र घाटगद्दी गर्ने स्थानसमेत यकिन गरी जिल्ला वन कार्यालयमा अभिलेख राखी सोको जानकारी वन विभागमा पठाउनुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त विवरणअनुसार २०७४।७५ मा काठ, दाउरा उत्पादन, वितरण तथा बाँकीको अवस्था निम्नानुसार रहेको छ:

(काठ घनफिट र दाउरा चट्टामा)

गत वर्षको मौज्दात		यो वर्ष सङ्कलन		जम्मा		बिक्री		बाँकी	
काठ (खयर सहित)	दाउरा	काठ (खयर सहित)	दाउरा	काठ (खयर सहित)	दाउरा	काठ (खयर सहित)	दाउरा	काठ (खयर सहित)	दाउरा
८,५४,७४७	८२७	१३,८५,४५२	२५८३	२२,४०,१९९	३४१०	११,४५,९४९	१,७९९	१०,९४२५०	१,६११

१५.१. चालु वर्ष ११ लाख ४५ हजार ९४९ घनफिट काठ तथा १ हजार ७९९ चट्टा दाउरा बिक्री गरी रु.९४ करोड १० लाख ३३ हजार राजस्व सङ्कलन भएको छ । गत वर्षको अन्तमा १३ लाख ८ हजार ६६४ घनफिट काठ र १०७० चट्टा दाउरा बांकी देखाएकोमा यो वर्ष ४ लाख ५३ हजार ९१७ घनफिट काठ र २४३ चट्टा दाउरा घटी जिम्मेवारी देखाएको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

१५.२. जिल्ला वन कार्यालय ४३ मा १० लाख ९४ हजार घनफिट काठ मौज्दात रहेको र गत विगतको लिलाम बिक्रीको औसत घनफिट दर रु.८५९।- ले उक्त काठको मूल्य रु.९३ करोड ९९ लाख हुने देखिन्छ । मौज्दात

काठको ग्रेड नखुलाउने, समयमा लिलाम बिक्री नगर्ने जस्ता कारणले काठको गुणस्तरमा ह्रास आई राजस्व नोक्सानी हुने देखिएकोले समयमानै काठको संरक्षण गरी बिक्री गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

१५.३. यो वर्ष राष्ट्रिय वनतर्फ २ लाख ३० हजार घनफिट ढलापडा काठ सङ्कलन गर्ने लक्ष्य रहेकोमा २ लाख ५ हजार घनफिट सङ्कलन भए तापनि सामुदायिक वनतर्फ ढलापडा काठ सङ्कलनको अभिलेख राखेको छैन । राष्ट्रिय वन क्षेत्रतर्फ सबै ढलापडा काठ सङ्कलन गर्ने नगरेकोले काठको हैसियत बिग्रेको, नाश भएर गएको र अपेक्षित राजस्व प्राप्त हुन सकेको पाइएन । त्यस्तै जिल्ला वन कार्यालय बाराले ६९ हजार र सुर्खेतले ४२ हजार वर्गफिट काठ सङ्कलन गरेकोमा लिलाम बिक्री नगरी क्रमशः ५९ हजार (८६.२२ प्रतिशत) र ३४ हजार (७०.०३ प्रतिशत) वर्गफिट काठ मौज्दात राखेको छ । जिल्ला वन कार्यालय बारा, काठमाडौं र बाँकेमा पक्राउ परेका तथा लिलाम बिक्री नगरेका ९ सवारीसाधन र १ हजार ८६१ वर्गफिट काठ वर्षौंदेखि कार्यालय परिसरमा राखेको अवस्था छ । ढलापडा रुखको समयमै उचित व्यवस्थापन गरी काठ आयातमा कमी गर्न, काठको उपयोग बढाउन र राजस्व सङ्कलनमा वृद्धि गर्न सङ्कलित काठ समयमा काठ बिक्री गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५.४. छिटो बढ्ने खालको रुख बिरुवा लगाई काठ दाउरा र अन्य वन पैदावार उत्पादन, बिक्री र आपूर्तिद्वारा रोजगारीको अवसर सिर्जना गर्न सागरनाथ वन विकास आयोजना, सर्लाहीको स्थापना भएको छ । यस आयोजनाअन्तर्गत सागरनाथ वन बिकास परियोजना र रतुवामाई वृक्षारोपण आयोजना गरी दुई अलग कार्यक्रम सञ्चालनमा रहेका छन् । यस वर्ष १२९ हेक्टरमा वृक्षारोपण गर्ने लक्ष्य रहेकोमा ३४.६० हेक्टरमा वृक्षारोपण गरेको, समितिले दिगो वन व्यवस्थापनतर्फ ध्यान नदिएको, विभिन्न जातका गोलिया काठ ७ हजार ७०५ घनफिट, पोल ३ हजार ८८८ घनफिट र दाउरा ५.५० चट्टासमेत करिब रु.१ करोड १३ लाखको काठ हिनामिना भएकोमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा हालसम्म कुनै कारवाही गरेको पाइएन । बन क्षेत्रको समग्र व्यवस्थापन सम्वन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ ।

१६. **बिरुवा उत्पादन र वृक्षारोपण -** नेपालको कुल क्षेत्रफलमध्ये ६५ हजार ४२२ वर्ग कि.मि. (४४.४५ प्रतिशत) निकुन्ज र वन क्षेत्रले ओगटेको छ । बाँकी ८१ हजार ७९७ वर्ग कि.मि. (८१ लाख ७५ हजार ९ सय हेक्टर) मा मानव बस्ती, कृषि योग्य जमिन, उद्योगधन्दा रहेका छन् । विगत १० वर्षमा सरकारी निकायबाट मात्र १४ करोड ४५ लाख १९ हजार बिरुवा उत्पादन भएको देखिन्छ । उत्पादित बिरुवाको सरदर मृत्युदर २० प्रतिशत कट्टा गर्दा उक्त बिरुवाबाट ७२ हजार २५९ हेक्टरमा वृक्षारोपण हुने देखिन्छ । तर वन विभागले वृक्षारोपण भएको क्षेत्रफल, बिरुवा सरेको र हुर्केको सम्बन्धमा अभिलेख राखी अनुगमन नगरेकोले उत्पादित बिरुवाको उपयोग भएको सुनिश्चित हुने अवस्था देखिएन ।

१७. **काठ दाउरा उत्पादन** - यो वर्ष ३० लाख घनफिट काठ र ३ हजार ५०० चट्टा दाउरा उत्पादन गर्ने लक्ष्य निर्धारण भएकोमा ११ लाख ३ हजार (३६.७७ प्रतिशत) घनफिट काठ र १ हजार ५२९ (४३.६८ प्रतिशत) चट्टा दाउरा उत्पादन भएबाट वन क्षेत्रबाट लक्ष्यअनुरुप उत्पादन हुन सकेको छैन ।

१७.१. यो वर्षसम्म समुदायलाई २२ लाख ३८ हजार हेक्टर वन क्षेत्र हस्तान्तरण भएकोमा वैज्ञानिक वन व्यवस्थापनको लागि प्लट निर्धारण, पुनः वृक्षारोपण, काठ दाउरा निष्काशन, रोजगारी तथा आय सिर्जना हुन सकेको छैन । सामुदायिक वनको माध्यमबाट वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१७.२. वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ को बुँदा (२.२) अनुसार उक्त कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी विभागको रहेको देखिन्छ । उक्त कार्यक्रम लागू भएदेखि २०७५ आषाढ मसान्तसम्म वन क्षेत्रमा भए गरेका कार्यको विवरण देहायअनुसार छः

क्र.सं.	वनको किसिम	पहिचान संख्या	वनले ओगटेको क्षेत्रफल (हे.)	पहिचान भई कार्यक्रम लागू भएको संख्या	पहिचान भई कार्यक्रम लागू नभएको संख्या
१	सरकारद्वारा व्यवस्थित वन	७	१५ हजार	३ (१० हजार हे.)	४ (५ हजार हे.)
२	समुदायद्वारा व्यवस्थित वन (सामुदायिक वन)	३२६	६५ हजार	२०० (४० हजार हे.)	१२६ (२५ हजार हे.)
३	साझेदारीमा व्यवस्थित वन	३१	७६ हजार	१५ (३४ हजार हे.)	१६ (४२ हजार हे.)

आमनिर्वाचन, असमझदारी, साधन स्रोतको कमी, दक्ष जनशक्तिको अभावजस्ता कारणबाट वैज्ञानिक वन व्यवस्थापन कार्य प्रभावकारी रुपमा कार्यान्वयन भएको नदेखिएकोले काठको हैसियत बिग्रने र काठ एवं

काठजन्य वस्तु आयात गर्नुपर्ने भै राष्ट्रिय आयमा असर पर्ने देखिँदा प्रभावकारी रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू गर्नुपर्दछ ।

१७.३. विभागले ७ जिल्लाको १४ हजार ५७२ हेक्टर चक्ला वनको वैज्ञानिक व्यवस्थापन गरी वार्षिक ५ लाख १८ हजार घनफिट काठ र ७३२ चट्टा दाउरा सङ्कलन गरी वार्षिक रु.२७ करोड ११ लाख राजस्व आम्दानी प्राप्त गरी ६ लाख ३४ हजारलाई रोजगारी दिने लक्ष्य निर्धारण गरे तापनि वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन नगरिँदा प्रगति हासिल भएको छैन ।

१८. **काठ उत्पादन, आयात र बिक्री -** विभागले उपलब्ध गराएको विवरणमा काठको आन्तरिक उत्पादन २२ लाख ४० हजार घनफिट, आयात १० लाख २ हजार घनफिट, बिक्री ११ लाख ४५ हजार घनफिट र मौज्दात १० लाख ९४ घनफिट रहेको उल्लेख छ । विभागले अनुमानित माग र आवश्यकताको पहिचान गरी उत्पादन, आयात र मौज्दात व्यवस्थापन गरेको पाइएन ।

१८.१. विभागले काठ आयात अनुमति दिँदा आवश्यकता विश्लेषण गरेको छैन । प्राप्त विवरणअनुसार वन क्षेत्रमा १० लाख ९४ हजार घनफिट काठ बचत रहेकोमा सोको प्रयोगको सुनिश्चितता नगरी आयात इजाजत दिने गरेबाट वन क्षेत्रमा रहेका काठको उचित प्रयोग हुन सकेको देखिएन ।

१८.२. वन ऐन, २०४९ को दफा २०(१)मा वनको व्यवस्थापनको लागि विभागले तोकिएको ढाँचामा कार्य योजना तयार गरी मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ । तर विभागले वन पैदावार काठको बजारको माग, वनको काटछाँट तथा पातलीकरणसम्बन्धी विषय समावेश गरी वन कार्य योजना बनाएको छैन ।

१९. **खोटो सङ्कलन –** खोटो सङ्कलन कार्यविधि निर्देशिका, २०६४ को दफा १७ (५)मा प्रत्येक ३ वर्षमा खोटो सङ्कलनको नियमित अनुगमन मूल्याङ्कन गर्नुपर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी खोटो सङ्कलन गर्नुपर्ने उल्लेख छ । वन विभाग र एक उद्योगबीच खोटो सङ्कलन गर्नको लागि २०६३।१०।१४ मा भएको १० वर्षको करार सम्झौतामा रिल प्रविधि अपनाउनुपर्ने र सो नअपनाई खोटो सङ्कलन गर्दा कुनै रुख नष्ट भएमा त्यस्ता रुखको मूल्यलाई विगो कायम गरी व्यवसायीबाट असुल गरिने व्यवस्था भएकोमा रुखको अवस्था खुल्ने गरी अभिलेख राखेको छैन । बैतडी, डोटी, अछाम र डडेलधुराको राष्ट्रिय वन र सामुदायिक वनमा रहेका सल्लाबाट १० कम्पनीले खोटो सङ्कलन कार्य गर्दै आएकोमा अनुगमन एवं वातावरणीय प्रभाव मूल्याङ्कन गरेको पाइएन । अनुगमन नभएबाट तोकिएको परिमाणभन्दा बढी खोटो सङ्कलन भएको छैन भन्न सकिएन । यस सम्बन्धमा सुधार हुनुपर्दछ ।

२०. **मापदण्ड** - जिल्ला वन कार्यालय, गोरखाले सामुदायिक वनबाट ३१ लाख ९३ हजार किलोग्राम खोटो सङ्कलन गर्दा मापदण्डभन्दा बढी घाउ बनाएको, घाउ राख्ने प्लेट फर्म प्रभावकारी नभएको, नम्बर नलगाएको रुखबाट खोटो सङ्कलन गरेको, खोटो सङ्कलन गर्ने तालिम नलिएको, परम्परागत प्रविधिमा टिनमा कुप्री बनाएर खोटो झिकेको, रिलको कोण नमिलेकोले खोटो बीचबाट बगेको र आगलागीसमेत भएको अवस्था छ । यस्तो कार्यमा संलग्न संस्थालाई कारबाही गरी निर्धारित मापदण्डबमोजिम खोटो सङ्कलन कार्य गर्नुपर्दछ ।

२१. **वन पैदावारको बिक्री दर** - वन नियमावली, २०५१ को नियम १४(२) मा वन पैदावार सामग्री बिक्री गर्ने प्रयोजनको लागि न्यूनतम मूल्य निर्धारण गर्दा प्रचलित बजार मूल्यलाई समेत ध्यानमा राखी तयार गर्नुपर्ने व्यवस्था छ । सो बेगर जिल्ला वन कार्यालय, काठमाडौँले बिक्री प्रयोजनको लागि ढुङ्गा र ग्राभेलको प्रति घनमिटर लागत अनुमान क्रमशः रु.५२।९५ र ग्राभेल १०५।९० कायम गरेकोमा बजार मूल्य क्रमशः रु.१ हजार ९४१।५० र रु.३ हजार १०९।८० रहेको छ । जिल्ला वन कार्यालय, मुगुले बजार मूल्य रु.२ हजार ५०० रहेको कुट्की (जडीबुटी) को लागत अनुमान प्रति के.जि.रु.१५। तय गरेकोले बिक्री मूल्य यथार्थपरक देखिएन । मूल्य कायम गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ ।

२२. **वन क्षेत्रको आय** – वन क्षेत्रका क्रियाकलापहरु काठ दाउरा बिक्री, आयात निर्यात, वन पैदावार र जडीबुटी निकासी, राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रको शुल्कलगायतका कार्यबाट विगत ५ वर्षमा भएको आम्दानी खर्चको अवस्था देहायअनुसार छः

(रकम रु.लाखमा)

आर्थिक वर्ष	वन क्षेत्रमा सरकारी लगानी रकम	वन क्षेत्रबाट प्राप्त आय रकम	लगानीको अनुपातमा आम्दानी प्रतिशत
२०६९/७०	३,७०,९३	१,३९,५७	३८
२०७०/७१	६,०२,३३	१,१८,२१	२०
२०७१/७२	७,०५,८१	५३,६१	८
२०७२/७३	१०,१४,०२	७०,८२	७
२०७३/७४	१२,६०,५०	१,५१,५०	१२
२०७४/७५	१२,२८,६५	१,८७,३९	१५

२२.१. आर्थिक वर्ष २०६९।७० सम्म वन क्षेत्र ३९.६ प्रतिशत रहेकोमा हाल वृद्धि भई ४४.४५ प्रतिशत रहेको छ । वन क्षेत्रको लगानीमा वृद्धि भए तापनि वन क्षेत्रबाट प्राप्त हुनुपर्ने आम्दानी २०७२।७३ सम्म घट्दो दरमा रहेकोमा २०७३।७४ देखि केही सुधार भई २०७४।७५ मा १५ प्रतिशत रहेको छ ।

२२.२. देशका ५३ जिल्लामा जडीबुटी विकास कार्यक्रम सञ्चालनको लागि यो वर्ष रु.२८ करोड २० लाख विनियोजन भएकोमा रु.१७ करोड ४५ लाख खर्च भएको छ । मन्त्रालयले जडीबुटी पकेट क्षेत्र निर्धारण गरी जडीबुटीको आय वृद्धि गर्ने गरी गुरुयोजना बनाएको छैन ।

२२.३. रेड कार्यान्वयन इकाई कार्यालयको उद्देश्यअनुसार वन विकास एवं वनको क्षयीकरण कम गरी हरित गृह ग्याँसको उत्सर्जनमा कटौती गर्दै कार्वन व्यापारबाट सन् २०२३ सम्ममा लाभ लिन सक्ने गरी कार्यक्रम तर्जुमा गरेको छ । तर यो वर्ष १४ कार्यक्रमको प्रगति शून्य रहेकोले कार्वनबाट अपेक्षित आय प्राप्त गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

२२.४. वन नियमावली, २०५१ को नियम ४९ मा सरकारी जग्गा अन्य निकाय/संस्थालाई उपयोग गर्न दिएमा त्यसरी उपलब्ध गराएको जग्गाबाट रोयल्टी असुल गर्नुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालय पाँचथर, मकवानपुर, भक्तपुर र काठमाडौँ र शिवपुरी राष्ट्रिय निकुञ्जले अन्य निकायलाई उपलब्ध गराएको जग्गाको सम्झौताअनुसार प्राप्त गर्नुपर्ने वन रोयल्टी रु.२७ लाख ५० हजार प्राप्त गरेको देखिएन । ब्याजसहित रोयल्टी रकम असुल गर्नुपर्दछ ।

२३. **राजस्व दाखिला** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ बमोजिम प्राप्त रकम राजस्वमा दाखिला गर्नुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालय जाजरकोट, दाङ र गोरखासमेत १७ ले काठ बिक्रीबापत रु.९ करोड ३१ लाख ३६ हजार ख ६ समूहको विविध खातामा राखेको छ । उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२४. **वित्तीय विवरण -** जिल्ला वन कार्यालय, तेह्रथुम, बारा, कैलाली र सुर्खेतले कार्यालयमा रहेको ९२ हजार ६७४ घन फिट काठ र ५३ चट्टा दाउरा प्रचलित दरमा मूल्याङ्कन गर्दा हुने रु.११ करोड ११ लाख राजस्व आर्थिक विवरणमा समावेश नगरेकोले प्रस्तुत वित्तीय विवरणले आर्थिक कारोबारको यथार्थ चित्रण गर्दैन । वित्तीय विवरणमा काठको मूल्य समावेश गर्नुपर्दछ ।

२५. **द्रुतमार्गका काठ -** वन नियमावली, २०५० को नियम ९ मा जिल्ला वन पैदावर आपूर्ति समितिमार्फत बोलकबोलबाट घरायसी प्रयोजन, दैवी प्रकोप, कृषि औजारकालागि काठ बिक्री गर्न सकिने व्यवस्था रहेको छ । निजगढ काठमाडौँ द्रुतमार्गमा पर्ने सामुदायिक तथा राष्ट्रिय वनको क्रमशः १० हजार ३१ र २ हजार ९७ रुख कटान गर्न स्वीकृति भएअनुसार सामुदायिक वनतर्फ २८ हजार ९५१ घनफिट काठ र ८२ चट्टा दाउरा र सरकारद्वारा व्यवस्थित वनतर्फ ९ लाख ४० हजार काठ र १७ चट्टा दाउरा कटान भई विगत १ वर्षदेखि सडक किनारामा राखेको छ ।

२६. **रुख कटान हिसाब -** नेपाल सरकार मन्त्रिपरिषद्को २०७४।८।८ को निर्णयबमोजिम द्रुतमार्गको प्रवेश विन्दुदेखि ९ कि.मि.सम्म ५० मिटर र ९-७६.२० कि.मि. दायाँ बायाँ वनक्षेत्र रहेका विभिन्न प्रजातिका १ लाख ५१ हजार ७८५ रुख बिरुवा सम्बन्धित वन कार्यालयबाट स्वीकृति लिई हटाउने निर्णय भएको छ । नेपाली सेनाले जिल्ला वन कार्यालयको कटान तथा छपान आदेशअनुसार ५० मिटर सडक सीमाभित्रका १६

हजार ५१४ रुख कटान गरेको देखाएको छ । नेपाली सेनाले देखाएको र वन विभागले देखाएको अभिलेखमा रुख कटान गर्नुपर्ने रुखको संख्या भिडेको छैन । सो सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२६.१. द्रुतमार्गमा कटान भएका रुख र घाटगद्दी गरिएका काठ र दाउराको लगत यकिन गरी मुचुल्का बनाई काठको अभिलेख एवं गणना गरेको देखिएन । सडक छेउमा रहेको काठ समयमानै मूल्याङ्कन गरी लिलाम नगर्दा काठको हैसियत बिग्रने, हराउने हुँदा समयमानै काठको लगत एकिन गरी लिलाम बिक्री गर्नुपर्ने देखियो ।

२६.२. काठ उत्पादन आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२ को बुँदा नं. ६(४) मा राष्ट्रिय गौरवको योजनामा कटान भएका सामुदायिक वनका काठहरु ५० प्रतिशत भूकम्पपीडितलाई उपलब्ध गराउने व्यवस्था भए पनि हालसम्म ती काठहरु भूकम्पपीडितका लागि वितरण हुन सकेको देखिएन ।

२७. **कार्यक्रमबेगर सम्झौता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालय, बाराले स्वीकृतिबेगर इलाका वन कार्यालय, मधुवन बाराको भवन निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.४५ लाख ३२ हजारमा सम्झौता गरी रु.८ लाख कार्य सञ्चालन कोषबाट मोबिलाइजेसन पेस्की दिएको पाइयो । निर्माण व्यवसायीले प्रथम रनिङ बिलको रु.२३ लाख ५५ हजार भुक्तानीको लागि २०७४।१।१४ मा माग गरेकोमा बजेटको अभावमा भुक्तानी गर्न नसकेको जनाएको छ । स्वीकृत कार्यक्रम र बजेटनै नभएको कार्य गर्न सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई कारबाही गर्नुपर्ने देखिन्छ ।

२८. **सामान मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा सामान खरिद गर्नु अघि आवश्यकता निर्धारण गर्नुपर्ने व्यवस्था छ । विभागले पेट्रोलिङ्ग कार्यको लागि मोबाइल १०० थान, ल्यापटप ११ थान, ट्याबलेट ८ थान खरिद गरी रु.३९ लाख ५० हजार खर्च लेखेको छ । आर्थिक वर्षको अन्त्यमा खरिद गरेको उक्त सामग्री लेखापरीक्षण अवधिसम्म पनि प्रयोगमा ल्याएको छैन । उपयोग नहुने गरी सामग्री खरिद गर्ने गराउनेलाई जिम्मेवार बनाइनुपर्दछ ।

२९. **काठको उपयोग -** जिल्ला वन कार्यालय, रसुवाले हस्तान्तरण गरेको १९४ हेक्टरमा फैलिएको गोठेन सामुदायिक वनको ठिङगुरे र गोब्रे सल्लाका ४ हजार ५१२ रुख आगलागीबाट सुकेका र तिनीहरुको कुल आयतन ८ लाख १० हजार क्युबिकफिट तथा दाउरा १ हजार १४८ चट्टा रहेको जनाए तापनि कटान मुछान गरी बिक्री वितरण हुन नसक्दा ठूलो परिमाणको काठ उपयोगमा आउन सकेको देखिएन ।

३०. **धरौटी -** जिल्ला वन कार्यालय, मोरङले पेस गरेको गौश्वरा धरौटी खातामा देखाएको मौज्दातभन्दा आर्थिक विवरणमा देखाएको मौज्दात रु.२७ लाख २३ हजार घटी भएको पाइयो । खाताभन्दा आर्थिक विवरणमा घटी भएको रकम सम्बन्धमा छानबिन गरी यथार्थता यकिन गरिनुपर्दछ ।

३१. **अमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले अमानतबाट कार्य गराउँदा रु.१ लाखमा नबढाई गर्नुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालय, मोरङले रु.१ लाखभन्दा बढी रकमको ३६ वटा काम अमानतबाट गरी रु.२ करोड ५४ लाख खर्च लेखेको छ । नियमविपरीत अमानतबाट काम गराई खर्च गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वनस्पति, वन्यजन्तु र भू-क्षयहरुको संरक्षण संवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले यस विभागको स्थापना २०२९ सालमा भएको हो ।

३२. **गुरुयोजना -** राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२ को दफा ५ मा राष्ट्रिय प्राणी उद्यान सञ्चालन र व्यवस्थापनको लागि आवश्यक नीति, रणनीति, गुरुयोजना तथा व्यवस्थापन योजना बनाउने र कार्यान्वयन गर्ने उल्लेख छ । तर हालसम्म नीति, रणनीतिसहितको गुरुयोजना तयार गरेको पाइएन । राष्ट्रिय प्राणी उद्यानको सर्भिस ट्रयाकको एलाइन्मेन्ट स्वीकृत नगरी २४५ हेक्टर वनको १४ कि.मि. साँधसिमाना छुट्टाउन ११ कि.मि. तारबार गर्ने लगायतका कार्य गरी रु.२ करोड ८० लाख खर्च गरे तापनि हालसम्म उक्त कार्य अधुरो रहेको छ । गुरुयोजना तयार गरेर मात्र संरचना निर्माण कार्य गर्नुपर्दछ ।

३३. **घटी राजस्व** – वन नियमावली, २०५१ को अनुसूची ६ मा ढुङ्गा, गिट्टी, बालुवा, सङ्कलनको अनुमति दिँदा तथा खानी उत्खनन गर्दा रोयल्टी असुल गर्नुपर्ने व्यवस्था छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रले ढुङ्गा गिट्टी बालुवाको रोयल्टी प्रति घनमिटर रु.११९।६० को दरले असुल गर्नुपर्नेमा रु.६०।- को दरले रु.३७ लाख ८८ हजार असुल गरेको देखियो । जनताको तटबन्ध कार्यक्रमका एक निर्माण व्यवसायीले निकुञ्जभित्रबाट १९ हजार ३४६ घनमिटर ग्राभेल सङ्कलन गरी प्रति घनमिटर रु.११९।६० को दरले रु.२३ लाख १४ हजार रोयल्टी बुझाउनुपर्नेमा रु.११ लाख ६१ हजारमात्र बुझाएको देखिएकोले रु.११ लाख ५३ हजार असुल गर्नुपर्दछ ।

३४. **बक्यौता राजस्व -** राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्रका होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० को दफा ५ मा २०७३।७४ पछि सबै होटल, लज तथा चिया पसललाई खुला प्रतिस्पर्धाका आधारमा छनौट गरी सञ्चालन अनुमति दिइने उल्लेख छ । लाङटाङ राष्ट्रिय निकुञ्ज, रसुवामा पहिलेदेखि सञ्चालनमा रहेका ५५ वटा होटल, लज तथा चिया पसलहरु यथावत् चलिरहेको स्थिति रहेको छ । प्रतिस्पर्धाको आधारमा सञ्चालन अनुमति दिइने व्यवस्थाको कार्यान्वयन भएको छैन । कार्यालयले बक्यौता रहेको राजस्व रु.१ करोड ७१ लाख ५७ हजार असुल गरेको छैन ।

भू तथा जलाधार संरक्षण विभाग

जलाधार क्षेत्रहरुको संरक्षण तथा संवर्द्धन गरी बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्ने तथा भू संरक्षण सम्बन्धी कार्यक्रमको बारेमा प्रचार प्रसार गरी जनचेतना अभिवृद्धि गराउने उद्देश्यले भू तथा जलाधार संरक्षण विभागको स्थापना भएको हो ।

३५. **शिरोभार खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । मालसामानको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्ने व्यवस्था छैन । पर्वतीय जलाधार संरक्षण आयोजना, अन्तर्गत भू-संरक्षण कार्यालय अछाम, बाजुरा, डोटी, र बैतडीले मालसामान खरिदको लागि तयार गरेको लागत अनुमानमा १५ प्रतिशत ओभरहेड थप गरेको देखियो । नियमविपरीत लागत अनुमान स्वीकृत गरी आपूर्तकलाई रु.७५ लाख ४६ हजार ओभरहेड भुक्तानी भएको छ । नियमविपरीत लागत अनुमान तयार गरी खर्च लेख्ने पदाधिकारी र परामर्शदातालाई जिम्मेवार बनाई उक्त रकम असुल हुनुपर्दछ ।

३६. **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भएबमोजिमको नक्सा र त्रुटि सच्याउने अवधि समाप्त भएपछि निर्माण कार्यको जाँचबुझ गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला भू-संरक्षण कार्यालय, अछामले निर्माण भएको कार्यको कार्यसम्पन्न प्रतिवेदन, गुणस्तर परीक्षण प्रमाण र एज विल्ट नक्सा तयार नगरी रु.८ करोड ७३ लाख २३ हजार खर्च लेखेको नियमित देखिएन ।

कार्यमूलक तथा वातावरण लेखापरीक्षण

राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रको व्यवस्थापन

नेपालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्र १२, वन्यजन्तु आरक्ष १, शिकार आरक्ष १, संरक्षण क्षेत्र ६ र मध्यवर्ती क्षेत्र १३ रहेका छन् । मध्यवर्ती क्षेत्रले कुल ३४ हजार वर्ग कि.मि. क्षेत्रफल (२३.३९ प्रतिशत) ओगटेको छ । संरक्षित क्षेत्रमध्ये १३ मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमबाट करिब ६५ हजार घर परिवार तथा ११ लाख ४५ हजार जनसंख्या लाभान्वित भएका छन् । संरक्षित क्षेत्रको जैविक विविधता संरक्षण, सामुदायिक विकास एवं मध्यवर्ती क्षेत्रका पशुपन्छी, वनस्पति संरक्षण, मानव एवं जनावरबीचको द्वन्द्व न्यूनीकरण, आय सिर्जना गर्न तर्जुमा गरिएको राष्ट्रिय नीति, व्यवस्थापकीय क्रियाकलाप, कार्यान्वयन र परिणामको विश्लेषण गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३७. **निकुञ्ज व्यवस्थापन** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६ मा निकुञ्ज/आरक्ष भित्र उपयुक्त व्यवस्थाको लागि शिकार गर्न, प्राकृतिक उपज हटाउन वा अन्य आवश्यक कार्यहरु गर्न दस्तुर लिई तोकेको वन पैदावर वा अन्य सुविधा उपलब्ध गराउने तथा वातावरणीय सन्तुलन कायम गर्नुपर्ने व्यवस्था रहेको छ । निकुञ्ज व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३७.१. निकुञ्ज क्षेत्रमा घुम्न आउने पर्यटक/स्थानीय वासिन्दाबाट निष्काशन हुने फोहोरमैला व्यवस्थापन सम्बन्धमा कार्ययोजना बनाएको छैन । चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र वरिपरि रहेका वियर तथा चाउचाउ कारखाना, धार्मिक स्थल, ह्याचरी उद्योग र नगरपालिका क्षेत्रबाट निस्केको फोहोर संरक्षण क्षेत्रभित्रको नारायणी नदीमा फ्याक्ने गरेकोले त्यसबाट वन्यजन्तु र निकुञ्ज क्षेत्र व्यवस्थापन प्रभावकारी हुन सकेको छैन ।

३७.२. विभागबाट प्राप्त तथ्याङ्कअनुसार प्राकृतिक स्रोतको दस्तुर सङ्कलन, तथ्याङ्क सङ्कलन र रचनात्मक क्रियाकलाप सञ्चालन गर्न १३ संरक्षण क्षेत्रमा व्यवस्थापन समिति गठन भएको मध्ये १२ समितिले सार्वजनिक सुनुवाई नगरेको, २ महिनाको अन्तरमा बैठक नबसेको, व्यवस्थापन समितिले सरकारी अनुदानसमेत समावेश गरी आय व्यय विवरण तयार नगरेको, खर्चको प्राथमिकता निर्धारण र विकास कार्यमा एकरुपता हुने गरी कार्यविधि तयार नगरेकोले निकुञ्ज व्यवस्थापन समितिको कार्य प्रभावकारी देखिएको छैन ।

३७.३. चौधौँ योजनामा राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यान्वयनको लागि कर्णाली र महाकाली नदी बीचको शिवालिक, तल्लो महाभारत क्षेत्रगत जैविक विविधता तथा जलाधार संरक्षण र कर्णाली महाकाली भूपरिधि संरक्षणलगायतका कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा नेपालका ११८ पारिस्थितिकीय प्रणाली संरक्षित क्षेत्रमा समेटिए पनि क्षेत्रीय, भौगोलिक पारिस्थितिकीय प्रणाली समेट्ने गरी जैविक विविधता संरक्षण व्यवस्था नगरेको, २० संरक्षण क्षेत्रमध्ये चितवन राष्ट्रिय निकुञ्जमा मात्र प्राणी अस्पताल स्थापना गरेको हुँदा लक्ष्य अनुसारका कार्य भएको पाइएन । अतः आवधिक योजना एवं नियममा भएका निकुञ्ज व्यवस्थापनसम्बन्धी व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

३८. **शिकार आरक्ष -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम शिकार आरक्ष व्यवस्था गर्न सक्ने, वन नियमावली, २०३० बमोजिम वन्यजन्तु शिकार अनुमतिपत्र र वन्यजन्तु शिकारका लागि नेपाली र विदेशी व्यक्तिलाई बेग्लाबेग्लै लाग्ने दस्तुर तोकी कार्यान्वयन गर्ने व्यवस्था छ । नेपालमा शिकार गर्न ढोरपाटन शिकार आरक्ष मात्र खुला गरेकोमा २०७३।७४ मा ४३ शिकार कोटाबाट रु.१ करोड ४९ लाख र २०७४।७५ मा ३० शिकार कोटाबाट रु.५५ लाख १७ हजार राजस्व प्राप्त भएको छ । वैज्ञानिक विधि अपनाई जीवजन्तु एवं चराका संख्याहरु अध्ययन गर्ने, पशु अनुपातका आधारमा अनुसन्धान गर्ने निजी क्षेत्रलाई समेत वन्यजन्तु र पशुपन्छीको संरक्षण, विकास एवं शिकार आरक्ष व्यवस्थापन तथा आरक्ष र पर्यटन उद्योग विकासमा थप कार्य भएको पाइएन । अतः जंगलको अनुपातमा अधिक संख्यामा रहेका जीव र पन्छीहरु व्यवस्थापन गरी शिकार आरक्ष थप गरी आय व्यवस्थापन गर्न वैज्ञानिक सर्वेक्षण एवं वैकल्पिक व्यवस्थाहरुको अध्ययन गर्नुपर्दछ ।

३९. **रोजगारी र आय** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को प्रस्तावनामा वन्यजन्तु र त्यसको वासस्थानको संरक्षण, संवर्द्धन र विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्ने उल्लेख छ । यो वर्ष पर्यटकीय पूर्वाधारमा रु.१ करोड ९४ लाख, स्थानीय संस्कृति संरक्षण र संवर्द्धनमा रु.५१ लाखसहित २० निकायबाट निकुञ्ज व्यावसायिक कार्यमा रु.१ अर्ब ५५ करोड खर्च गरेको छ भने निकुञ्जहरुबाट रु.७० करोड राजस्व प्राप्त भएको छ ।

४०. **निकुञ्ज अतिक्रमण** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा निकञ्ज क्षेत्र भित्रको भूभाग कब्जा गर्न, आवादी गर्न, खेती गर्न बाली उब्जाउन काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन, वनपैदावरमा हानीनोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४०.१. निकुञ्ज क्षेत्रको ३ हजार ८७६ हेक्टर वन अतिक्रमित भएको मध्ये मध्यवर्ती क्षेत्रमा ३ हजार ६९४ हेक्टर (९०.६ प्रतिशत) क्षेत्र अतिक्रमण भएको छ । यस आर्थिक वर्षमा २५ हेक्टरमात्र अतिक्रमण हटाए तापनि निकुञ्जभित्र रहेका बस्ती स्थानान्तरण नभएबाट वन्यजन्तुको प्राकृतिक वसोवास र आहार विहारमा असर परेको छ ।

४०.२. विभागबाट प्राप्त विवरणअनुसार २०५८ देखि २०७४ सम्ममा ६ नयाँ किसिमको प्रजाति थप भएको, दुर्लभ वन्यजन्तु, बाघ, गैडा, अर्नाको सख्यामा ३३३ गोटा वृद्धि भए पनि आहार विहार क्षेत्र विस्तार नभएको, मध्यवर्ति क्षेत्र मानवीय अतिक्रमणमा पर्नुको साथै संरक्षित क्षेत्र वरपरको वढ्दो जनघनत्व एवं अव्यवस्थित बसोबासका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं संकुचनले गर्दा वन्यजन्तु आफ्नो

वासस्थान छोडी गाउँवस्तीमा वस्ने गरेको पाईन्छ । बाँदर, दुम्सी, बंदेल, हात्तीको कारणले बालीनालीको व्यवस्थापन र मानव बस्ती असुरक्षित भएको छ भने वन्यजन्तुको चोरी निकासी र अवैध शिकार गर्ने पद्धतिले जीवजन्तुको अस्तित्वमा संकट पैदा भएको छ। तसर्थ अतिक्रमण क्षेत्र हटाई निकुञ्ज व्यवस्थापन गरिनुपर्दछ ।

४१. **मानव र वन्यजन्तु द्वन्द्व** - वन्यजन्तुबाट हुने क्षतिको राहतसम्बन्धी निर्देशिका, २०६९ ले हात्ति, गैडा, बाघ, भालु, चितुवा, हिउचितुवा, ध्वासे चितुवा, व्वासो, जंगली कुखुरा, बदेल, अर्नालगायत ११ वन्यजन्तुबाट मानवीय तथा पशुधन क्षतिमा क्षतिपूर्ति दिने व्यवस्था भएपनि भण्डारण गरेको सामान, घरगोठको क्षति र खाद्यान्न बालीमा हात्तीबाट भएको क्षतिको मात्र क्षतिपूर्ति दिने उल्लेख छ । २०७२।७३ र २०७४।७५ मा ४७ मानिसको मृत्यु र १५४ जना घाइते भएको, १ हजार २९१ वन्यजन्तुको मृत्यु भएको, ३ हजार ३०४ घरगोठ र २ हजार ६२९ घरधुरीको अन्नबाली क्षति भई हालसम्म सरकारी निकायबाट रु.६ करोड ८३ लाख ४० हजार क्षतिपूर्ति उपलब्ध गराएकोमा क्षति तथा द्वन्द्व न्यून गर्ने उपाय अबलम्वन गर्नुपर्दछ ।

४२. **निकुञ्जको जग्गा अन्य काममा प्रयोग** - संरक्षित क्षेत्रभित्र भौतिक पुर्वाधारहरु निर्माण एवं सञ्चालनसम्बन्धी कार्यनीति, २०६५ मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रका जग्गा उपलब्ध गराउने व्यवस्था छ । राष्ट्रिय निकुञ्ज क्षेत्रमा हालसम्म २२७.५० हेक्टर वन क्षेत्र अन्य प्रयोजनको लागि उपलब्ध गराएको छ । ४ जलविद्युत आयोजनालाई उपलब्ध गराएको ५८ हेक्टर जग्गा शोधभर्ना गर्नुपर्नेमध्ये ४४ हेक्टरमा भौतिक संरचना निर्माण भएकोमा सो बराबरको जग्गा शोधभर्ना प्राप्त भएको छैन । साथै अन्य कार्यमा प्रयोग भए बराबरको क्षेत्रमा वृक्षारोपण हुन सकेको पाईएन । त्यस्तै अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत सार्वजनिक वन क्षेत्रमा अतिक्रमण गरी ११८ होटल सञ्चालन भएकोमा अतिक्रमण हटाउन कुनै प्रयास भएको छैन । अतः संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफल, अतिक्रमण क्षेत्र भोगाधिकार दिएकोमा राजस्व असुली, अतिक्रमण हटाउन र लिजिङ व्यवस्था बमोजिम कानूनी दायरामा ल्याउनु पर्दछ ।

४३. **वन्यजन्तुको प्राकृतिक बाटो -** निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र गैरसरकारी वा अन्य संस्थालाई व्यवस्थापन गर्न दिने नीतिको सम्बन्धमा अवलम्वन गरिने कार्यप्रकिया, २०६० को बुँदा नं.७.३ मा जनावर पशुपन्छी वा जीवजन्तुलाई हानी नोक्सानी पुऱ्याउन नपाइने व्यवस्था छ । विभागले २० संरक्षित क्षेत्रमध्ये १० क्षेत्रमा प्राकृतिक परम्परामा जीवजन्तुले ओहोरदोहोर गर्ने बाटो पहिचान, व्यवस्थापन, संरक्षण गर्दै त्यस्ता क्षेत्रमा भौतिक पूर्वाधार निर्माण गर्न रोक्ने, वृक्षारोपण र जैविक विविधता पुनर्स्थापना गरी परम्परागत बाटो कायम गर्न सकेको छैन । जनसंख्या एवं शहरीकरणले जंगल क्षेत्रमा भएको बिनास र जंगल एक आपसमा नजोडिएको कारण बाटो मासिन गई वन्यजन्तुको परम्परागत आवतजावत प्रभावित भएको देखिन्छ ।

४४. **पर्यटन उद्योगबाट लाभ -** संरक्षण क्षेत्रको स्थापना गर्नुको उद्देश्य जैविक विविधता संरक्षण, संवर्द्धन र वन्यजन्तु संरक्षण गर्नुका साथै यसबाट पर्यापर्यटन उद्योग, जडीबुटी विकास प्रवर्द्धन, होटल व्यवस्थापन प्रवर्द्धनसमेत गर्ने रहेको देखिन्छ । यो वर्ष ५ संरक्षण क्षेत्रमा ८७ सांस्कृतिक परम्परा संरक्षण गरी रु.५१ लाख खर्च गरेको छ । विगत ५ वर्ष सरकारी लगानी रु.३ अर्ब ३९ करोड, आम्दानी रु.२ अर्ब ६७ करोड र पर्यटक संख्या २८ हजार रहेको पाइन्छ । सोअनुसार ६ वर्षमा पर्यटक संख्यामा ३७ प्रतिशत वृद्धि भएको छ । पर्यटकीय मनोरञ्जन, पूर्वाधार निर्माण, तालिम, आय आर्जन, दक्षता विकास, नयाँ प्रविधि क्षेत्रको खोज नहुँदा पर्यटकीय उद्योगबाट स्थानीय जनताले यथोचित लाभ प्राप्त गर्न सकेको पाइएन ।

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम २२ मा संरक्षण क्षेत्रभित्र होटल, लज सञ्चालन गर्न दिने उल्लेख छ । यसै आधारमा निकुञ्जकै पूर्वाधारमा रारा राष्ट्रिय निकुञ्ज, लामटाङ राष्ट्रिय निकुञ्ज, मकालु राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण संरक्षण क्षेत्रभित्र होटल तथा लज खुलेको पाइन्छ । यस्ता होटेल एवं पर्यापर्यटन उद्योग खोल्दा वातावरण परीक्षण गरी त्यसक्षेत्रको प्राकृतिक वासस्थान वन्यजन्तु आहारविहार र स्वस्थ वातावरण कायम राख्ने कार्य गरेको पाइएन । वातावरणीय अध्ययन एवं प्रतिस्पर्धाबेगर खोलिएका उद्योगले वातावरणीय स्वच्छता कायम गर्न र जीवजन्तुको सुरक्षा कायम गर्न सकेको देखिँदैन ।

वन सम्पदा तथा वन्यजन्तुहरुको संरक्षण र सदुपयोगमा टेवा पुऱ्याउन चोरी निकासी नियन्त्रण, अधिक पशुपन्छी संख्या व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, आरक्ष विस्तार र मध्यवर्ती व्यवस्थापन, रणनैतिक योजना तयार गरी संरक्षण गर्नुपर्ने, रोजगारी सिर्जना पूर्वाधार तयार गर्ने, जैविक विविधता व्यवस्थापन गरी प्राकृतिक एवं परम्परागत बाटोहरु संरक्षण गर्नुपर्दछ ।

वैज्ञानिक वन व्यवस्थापन

वनको उचित व्यवस्थापनबाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान रहने तथ्यलाई आत्मसात गरी नेपालले २०७१ देखि वैज्ञानिक वन व्यवस्थापन कार्यविधि कार्यान्वयनमा ल्याएको देखिन्छ । संयुक्त राष्ट्र संघले दिगो वन व्यवस्थापनका लागि जारी गरेको विश्वव्यापी लक्ष्य एवं भारतमा प्रयोगमा ल्याइएका शेल्टरउड तथा सेलेक्सन पद्धतिलाई वैज्ञानिक वन व्यवस्थापनको आधार मानी कार्यान्वयनमा ल्याएको पाइयो । कपिलवस्तु जिल्लाबाट शुरु भएको यो कार्यक्रम हाल डोटी, जुम्ला, रुपन्देही, ललितपुर, बारा, इलाम, धनुषासमेत ४४ जिल्लामा कार्यान्वयनमा रहेको छ । कुल वन क्षेत्रको ५१ प्रतिशत क्षेत्रमा उत्पादनमूलक वैज्ञानिक वन व्यवस्थापन गरी वार्षिक ६ देखि १२ करोड घनफिटसम्म काठ उत्पादन, १२ लाख ९५ हजारसम्मले वार्षिक रोजगारी र वार्षिक करिब एक खर्ब राजस्व आर्जन हुने अनुमानका साथ कार्यविधि बनाई कार्यान्वयनमा ल्याएको यस कार्यक्रमको वातावरणीय लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

४५. **गार्हस्थ्य उत्पादनमा योगदान** – आर्थिक सर्वेक्षणहरुमा कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान छुट्टाछुट्टै देखिने विश्लेषण नगरी वन क्षेत्रको योगदानलाई कृषि क्षेत्रको योगदानसँग आवद्ध गरेको देखिन्छ । कुल गाार्हस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान २०६७।६८ मा ३६ प्रतिशतसम्म पुगेकोमा २०७४।७५ मा २७ प्रतिशतमा सीमित रहेको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम वन क्षेत्रबाट वार्षिक १ खर्ब रुपैया राजस्व सङ्कलन गर्न सकिने अनुमान गरे तापनि यो वर्ष रु.२ अर्ब (२ प्रतिशत) राजस्व सङ्कलन भएको देखिँदा कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान न्यून रहेको छ । वैज्ञानिक वन व्यवस्थापनको आवधिक लक्ष्यसहितको कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४६. **कार्ययोजना –** वन तथा भूसंरक्षण विभागबाट प्राप्त तथ्यांकमा नेपालको जंगलमा ४४३ प्रजातिका २ अर्ब ५६ करोड ३२ लाख रुख रहेको उल्लेख छ । जसबाट जमीनमाथिको सुख्खा जैविक पिण्ड १ अर्ब १५ करोड ९६ लाख टन रहेको छ । नेपालको कुल क्षेत्रफल १ करोड ४७ लाख १८ हजार १०० हेक्टर मध्ये ४०.४० प्रतिशत जंगल र ४.३४ प्रतिशत बुट्यान सहित वनको क्षेत्रफल ६६ लाख १० हजार हेक्टर रहेको छ । कार्यविधि तयार गर्दा तत्काल कायम रहेको वन क्षेत्र ४२ लाख ७५ हजार हेक्टर (५१ प्रतिशत) को हुने २१ लाख ८० हजार हेक्टर वनक्षेत्र उत्पादनमूलक वैज्ञानिक वन व्यवस्थापन गर्न योग्य रहेको उल्लेख छ । कार्यक्रम लागू भएको ६ वर्ष बितिसक्दा जम्मा ८४ हजार ३३४ हेक्टर (३.९० प्रतिशत) मा मात्र वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी लागू गरेको र वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ लागू भएपछि ३ वर्षमा रु.३७ करोड ६ लाख खर्च भएको स्थितिले वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयन स्थिति सुस्त रहेको देखियो । उत्पादनशील वनको आवधिक लक्ष्य सहितको कार्ययोजना बनाई वैज्ञानिक वन व्यवस्थापनद्वारा अधिकतम लाभ लिन कार्यान्वयनमा दक्षता ल्याउनुपर्दछ ।

४७. **आय** – वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ अनुसार तराईका २० जिल्लाको ४ लाख ९३ हजार ३७९ हेक्टर क्षेत्रफलको आधा अर्थात् २ लाख ४६ हजार ६८९ हेक्टरमा मात्र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएमा वार्षिक रु.१५ अर्बका दरले आय आर्जन हुने अनुमान गरे पनि २०६९।७० देखि २०७४।७५ सम्म ६ वर्षको वन क्षेत्रको आयआर्जन क्रमशः रु.१.३९, रु.१.१८, रु.०.५३, रु.०.७०, रु.१.५३ र रु.२ अर्ब रहेको पाइयो । वन क्षेत्रको प्रभावकारी उपयोगका लागि वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई पूर्ण रुपमा लागू गर्दा वार्षिक रु.१ खर्ब राजस्व प्राप्त हुने प्रक्षेपण गरेकोमा २०६९।७० देखि २०७४।७५ सम्म वार्षिक औसत रु.१ अर्ब २२ करोड (१.२२ प्रतिशत) मात्र प्राप्त भएको देखिएकोले वैज्ञानिक वन व्यवस्थापनबाट प्राप्त आय न्यून देखिएको छ । अतः प्रक्षेपित आय प्राप्त हुने गरी दक्षतापूर्वक कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

४८. **लक्ष्य र उत्पादन** – वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा कार्यक्रमको एकीकृत विवरण खुल्ने तथ्याङ्क राख्नुपर्ने व्यवस्था छ । वन तथा भूसंरक्षण विभागले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएका ४४ जिल्लाको स्वीकृत कार्ययोजना अनुरुपको उपलब्धि खुल्ने तथ्याङ्क सङ्कलन नगरेको हुँदा विश्लेषण गर्न सकिएन । कार्यक्रम लागू भएका कैलाली, सुर्खेत, बाँके र सर्लाहीबाट प्राप्त विवरणमध्ये कैलाली जिल्लाको काठ उत्पादन लक्ष्य वार्षिक १ लाख ५१ हजार घनफिट रहेकोमा २०७४।७५ मा ४ लाख ४१ हजार घनफिट (२९२ प्रतिशत बढी) उत्पादन गरेको छ । सुर्खेत जिल्लाको वार्षिक लक्ष्य १ लाख ६ हजार घनफिट रहेकोमा ३६ हजार घनफिट (३४ प्रतिशत), सर्लाही जिल्लाको वार्षिक लक्ष्य २ लाख ४३ हजार घनफिट रहेकोमा २०७४।७५ मा ३५ हजार घनफिट (१४.१९ प्रतिशत) मात्र उत्पादन भएको छ । बांके जिल्लाको वार्षिक लक्ष्य

६५ हजार घनफिट रहेकोमा १ लाख ५० हजार घनफिट उत्पादन गरेको पाइयो । कार्ययोजनाअनुसार घटी/बढी उत्पादन हुनुको कारण पहिचान गरी सुधार गर्नुपर्दछ ।

४९. **जग्गाको सट्टा भर्ना** – वन ऐन, २०४९ को दफा ६८ तथा वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ को बुंदा ८ अनुसार मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाले वन क्षेत्रको भूउपयोग स्थायी रुपमा परिवर्तन हुने गरी सम्झौता गरेमा एक वर्षभित्र सो बराबरको सट्टा जग्गा उपलब्ध गराएपछि मात्र राष्ट्रिय वन प्रयोग गर्न पाउने व्यवस्था छ । मन्त्रालयले वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि दिएको सम्बन्धमा गरेको अनुगमन प्रतिवेदन, २०७५ अनुसार १६४ जलविद्युत आयोजना, २२ सिमेन्ट उद्योग, १९ पर्यापर्यटन उद्योगलाई क्रमशः ३ हजार २२३, ३९८.८५ र २१४.७४ हेक्टर जग्गा उपलब्ध गराएकोमा उक्त आयोजना र उद्योगले सट्टा जग्गा उपलब्ध गराएको देखिएन । वन क्षेत्रको दिगो विकासका लागि सट्टा जग्गा प्राप्त गरी वैज्ञानिक वन व्यवस्थापनको माध्यमद्धारा वन क्षेत्रको संरक्षण गरिनुपर्दछ ।

५०. **पुनरोत्पादन** – वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ मा उल्लेखित वनको पुनरोत्पादन सुनिश्चितताका लागि प्रति हेक्टर १५ देखि २५ माउ रुख राख्ने प्रावधान छ । वनमा बीउको अभाव हुन नदिन र पुनरोत्पादन सुनिश्चित गर्न उक्त व्यवस्था गरेको देखिन्छ । रुख कटान गरेको स्थानमा माउ रुखको संरक्षण गरी पुनरोत्पादन भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुसन्धान गरेको देखिएन । सर्लाहीको फुलजोर बाबा साझेदारी वनमा रुख कटान गर्दा माउ रुखको पर्याप्ततालाई ध्यान नदिई कटान गरेको देखिएको छ । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएको वनको कटान क्षेत्रमा पुनरोत्पादन सुनिश्चितताका लागि माउरुख संरक्षण र पुनरोत्पादन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान गरी समयमै उपयुक्त व्यवस्था गर्नुपर्दछ ।

५१. **वायुको गुणस्तर** – हरित गृहग्याँस उत्पादन गर्ने २०६ राष्ट्रमा नेपाल १३७ औं स्थानमा रहेको छ । पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेका चीन, अमेरिका र भारतले क्रमशः २८, १५ र ६ प्रतिशत हरित गृहग्याँस उत्पादन गरेकोमा ४४.७४ प्रतिशत वन क्षेत्र भएको नेपालले ०.०२७ प्रतिशत उत्पादन गरेको छ । हालैको एक अध्ययनले नेपालका प्रमुख सहरहरुमा वायुको प्रदूषण पार्टीकुलर म्याटर (पी.एम.) १० को मात्रा अधिकतम १२० माईक्रो पर क्युविक मिटर हुनुपर्नेमा १९६ देखि २ हजार १०४ माइक्रो पर क्युविक मिटर देखिएकोले प्राणी जगत्को स्वास्थ्यमा असर पर्ने अवस्था छ । वैज्ञानिक वन व्यवस्थापनमार्फत् वायुको प्रदूषण न्यून गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५२. **कार्बन सञ्चिति** – हरित गृहग्याँसको मुख्य तत्व कार्बनको असर कम गर्न उत्पादित कार्बनलाई सञ्चित गर्ने जंगलको आवश्यकता पर्दछ । कार्बन व्यापारको नियमन र व्यवस्थापनका लागि सन् २००८ देखि रेड (रिड्युसिङ इमिसन फ्रम डिफरेष्टेसन एण्ड फरेष्ट डिग्रेडेसन) कार्यक्रम शुरु भएकोमा मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको देखियो । उक्त रणनीतिमा २०७९ सम्म कार्बन व्यापारको लागि तयारी अवधि तोकेकोमा लाभांश वितरणको मानदण्डलगायतका कार्यहरु बाँकी नै रहेको देखिएकोले कार्यान्वयन पक्ष चुस्त हुन सकेको देखिएन । सन् २०१५ देखि हालसम्म विश्व बैङ्कको स्रोतबाट रु.८ करोड ४ लाख ४४ हजार र नेपाल सरकारको स्रोतबाट रु.२ करोड ४१ लाख ४५ हजार समेत रु.१० करोड ४५ लाख ५९ हजार खर्च गरेको छ । हरित गृहग्याँस उत्पादन गर्ने मुलुकले सो ग्याँस उपयोग गर्ने क्षमता बराबरको जंगल कायम नगरी अन्य मुलुकको जंगलबाट फाइदा लिएको अवस्थामा नेपालले ४४.७४ प्रतिशत वन क्षेत्रमा सञ्चित कार्बनको व्यापारमार्फत पर्याप्त लाभ लिन सकेको छैन । वैज्ञानिक वन व्यवस्थापनबाट वनको कार्बन सञ्चितिमा बढोत्तरी भई कार्बन व्यापारमार्फत पुँजी वृद्धि हुने हुँदा रेड रणनीतिलाई कार्यान्वयनमा ल्याउन आवश्यक कानुन निर्माण गर्नुपर्ने र अन्तर्राष्ट्रिय समुदायसँग न्यायोचित सन्धि सम्झौता गरी कार्बन व्यापारबाट आय आर्जन गर्नुपर्दछ ।

५३. **काठ र फर्निचर आयात** – वन तथा भूसंरक्षण विभागबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षमा ३४ लाख ६३ हजार घनफिट मात्र काठ उत्पादन गरेको देखिन्छ । भन्सारको आसिकुडा तथ्याङ्कअनुसार विगत ३

आर्थिक वर्ष	काठ उत्पादन (घन.फि.)	आाशिकुडा तथ्यांक अनुसार काठको आयात परिमाण (घन.फि.)	मुल्य रु. (हजारमा)	फर्निचर आयात(हजारमा)
२०७२।७३	७९३३८४.९७	९०११६३	१०१२७६२	६२२८८२
२०७३।७४	१२८८३६७.४९	३३७३४०९	१४०८३३२	९५०५९६
२०७४।७५	१३८१६०८	१३८९५४५	२२३६००४	१६९०३५४
जम्मा	**३४६३३६०.४६**	**५६६४११७**	**४६५७०९८**	**३२६३८३२**

वर्षमा विभिन्न देशबाट गोलिया, चिरान काठ ५६ लाख ६४ हजार ११७ घनफिट र फर्निचरसमेत आयात गरेको देखिन्छ । आयातीत काठको मूल्य रु.४ अर्ब ६५ करोड ७० लाख ९८ हजार र फर्निचरको मूल्य रु.३ अर्ब २६ करोड ३८ लाख ३२ हजारसमेत रु.७ अर्ब ९२ करोड ९ लाख ३० हजार बराबर विदेशी मुद्रा भुक्तानी गरेको

अवस्था रहेकोले व्यापार सन्तुलनमा समेत असर परेको देखिन्छ । वैज्ञानिक वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गरी काठको आन्तरिक मागअनुसार आपूर्ति गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

निष्कर्ष – कार्ययोजनाअनुसार राजस्व आर्जन र रोजगारी वृद्धि नभएको, मुनाफा कमाउने आयोजनालाई वन क्षेत्र प्रयोग गर्न दिएबापत कानुनबमोजिम सट्टा जग्गा प्राप्त नगरेको, कार्बन व्यापारमार्फत आय आर्जन गर्न नसकेको एवं अर्बौंको काठ आयात गर्नुपरेको स्थितिले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएन । वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन अन्तर्गत गरिने कटान, छपान कार्यले वनजंगलमा हुने अनधिकृत फडानी तथा वन डढेलोमा कमी आई वनको संरक्षण हुने हुँदा वैज्ञानिक वनसम्बन्धी जनचेतना अभिवृद्धि गरी वनबाट अधिकतम प्रतिफल प्राप्त गर्नका लागि दिगो वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । वैज्ञानिक वन व्यवस्थापन गर्दा पुराना रुखहरुको कटान तथा नयां बिरुवाको संरक्षणबाट कार्वन सञ्चिति बढ्ने, काठ आयातमा कमी हुन गई व्यापार सन्तुलनमा सकारात्मक प्रभावपर्ने तथा नेपालको महत्वपूर्ण प्राकृतिक स्रोतको रुपमा रहेको "हरियो वन नेपालको धन" को उपयोगबाट राष्ट्रिय आय तथा रोजगारीसमेत वृद्धि हुने हुँदा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

संगठित संस्था तथा समिति

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

चुरे क्षेत्रको प्राकृतिक स्रोत साधनको संरक्षण, प्रवर्द्धन र उपयोगलाई व्यवस्थित गरी चुरे विनाशको वर्तमान अवस्थामा सुधार गर्ने र चुरे विनाशबाट सिर्जित भएका वा हुन सक्ने सम्भावित नकारात्मक असरलाई समेत न्यूनीकरण गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति २०७१ आषाढ २ गते गठन भएको हो ।

५४. **आधार तथ्याङ्क -** नेपाल सरकारको २०७४।२।४ को निर्णयअनुसार चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७४ स्वीकृति भएको छ । गुरुयोजनाको अनुसूची १५ मा उल्लेख भएको आयस्तर वृद्धिमा प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापनको योगदान, जैविक विविधताको अवस्था, वर्षात्मा नदीको धमिलोपना, नदीबगर फैलावट, गार्हस्थ्य ऊर्जा उपयोगमा नवीकरणीय ऊर्जाको अनुपात, राष्ट्रिय वन क्षेत्र, बाह्य क्षेत्र तराई मधेशमा रुख बाँसले ढाकेको क्षेत्रको अनुपात, बधुवा पशुपालनमा संलग्न कृषकलगायत विवरणको अभिलेख बेसलाइन (आधार) तयार गरेको छैन । आधार तथ्याङ्क तयार गरी उपलब्धिको मापन गर्नुपर्दछ ।

५५. **कार्य क्षेत्र बाहिरको खर्च -** बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमअर्न्तगत जनकपुर उपमहानगरपालिकाको वडा नं. १९ थुमनाह टोलमा सोलार बत्ती जडान गर्न ५५ थान सोलार प्यानल, ब्याट्रीलगायत सामान खरिद गरी जडान गर्ने कार्यको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जनकपुरसँग सम्झौता गरी जनसहभागिताबाट रु.७ लाख ८५ हजार र कार्यालयबाट रु. ५३ लाख ३७ हजार भुक्तानी दिएको छ । उक्त बत्ती जडान भएको स्थान खुल्ने विवरण पेस नभएको, चुरेको रकमबाट उपमहानगरपालिकामा बत्ती जडान गरेको उपयुक्त नदेखिएकोले उद्देश्यविपरीतको कार्य गराई खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

५६. **कार्यक्षेत्र र संगठन संरचना -** राष्ट्रपति चुरे तराई संरक्षण विकास समिति गठन आदेश, २०७१ को दफा ५ मा समितिको कार्य क्षेत्र चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि नीति तथा रणनीति तर्जुमा गर्ने, तटीय क्षेत्रबीचको सम्बन्ध स्थापित हुने गरी व्यवस्थापन कार्य योजना बनाई कार्यान्वयन गर्ने, जोखिमयुक्त र संवेदनशील क्षेत्रको पहिचान गरी संरक्षण योजना बनाई कार्य गर्ने, प्राविधिक र वित्तीय सहायता जुटाउने लगायतको कार्यहरु पर्दछन् । वन तथा वातावरण मन्त्रालय र समितिको कार्य क्षेत्र एकै प्रकारको रहेको

देखिन्छ । समितिमा पर्याप्त कर्मचारी र संगठन संरचना नरहेकोले समितिको काममा प्रभावित हुने देखिएको छ । उद्देश्य प्राप्त गर्न संगठनात्मक संरचनाको पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

५७. **अभिलेख** - समिति गठन भएदेखि २०७४।७५ सम्म ४ वर्षमा केन्द्र र मातहत निकायमार्फत रु.६ अर्ब १४ करोड खर्च भए तापनि त्यसबाट भएको उपलब्धिको एकीकृत अभिलेख राखी मूल्याङ्कन गरेको देखिएन ।

राष्ट्रिय प्रकृति संरक्षण कोष

राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण संवर्द्धन र व्यवस्थापन गर्ने, निकुञ्ज आरक्षको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने उद्देश्यले कोषको स्थापना भएको देखिन्छ । कोष र कोषअर्न्तगतका ८ निकायबाट चालु वर्ष रु.१ अर्ब ४८ करोड ४५ लाख आम्दानी भई रु.१ अर्ब १२ करोड ५५ लाख खर्च भएको छ ।

५८. **आय दाखिला -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा आर्थिक ऐनबमोजिम प्राप्त राजस्व संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय प्रकृति संरक्षण कोषअर्न्तगतका निकायले रु.४३ करोड ५२ लाख ८० हजार प्रवेश शुल्क जस्ता आय प्राप्त गरेकोमा कोष खातामा दाखिला गरी सञ्चालक समितिबाट बाँडफाँड गरी खर्च गरेको छ । संरक्षण क्षेत्रसम्बन्धी नियमावलीबमोजिम प्राप्त रकम सञ्चितकोषमा जम्मा गरी विनियोजन ऐनमार्फत रकम प्राप्त गरी खर्च गर्नुपर्ने देखिन्छ ।

५९. **औषधि व्यवस्थापन -** कोषको कर्मचारी प्रशासन र आर्थिक प्रशासनसम्बन्धी विनियम, २०५३ को विनियम ११९ मा जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता उपलब्धि सञ्चय अधिकृत वा स्टोरकिपरको जिम्मामा रहने र कोषको सम्पत्ति हिनामिना नहुने गरी संरक्षण गर्ने कार्य सदस्य सचिवको हुने उल्लेख छ । कोषले वन्यजन्तु नियन्त्रण व्यवस्थापन गर्न चालु वर्ष १० हजार ४३७ थान औषधि तथा उपकरण रु.१ करोड ४९ लाख ७५ हजारमा खरिद गरी सदर चिडियाखानामार्फत चितवन राष्ट्रिय निकुञ्जलाई ५६६ थान र बर्दिया राष्ट्रिय निकुञ्जलाई १ हजार २८० थानसमेत कुल १ हजार ८४६ थान वितरण गरी ८ हजार ५९० थान मौज्दातमा राखेको देखिन्छ । औषधि खरिद गर्दा लागत अनुमान तयार नगरेको, बोलपत्र माध्यमबाट खरिद नगरेको, गुणस्तर परीक्षण नगरेको, ८३ प्रतिशत मौज्दात रहेकोले आवश्यकता पहिचान नगरी खरिद गरेको पाइयो । आवश्यकता पहिचान गरी सम्बन्धित वर्ष नै खपत हुने गरी खरिद व्यवस्था मिलाउनुपर्दछ ।

६०. **चिडियाखाना व्यवस्थापन -** मन्त्रिपरिषद्को २०५२।९।१३ को निर्णयमा ललितपुरस्थित सदरचिडियाखाना व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी ३० वर्षसम्म कोषको हुने र पुनः ३० वर्षको लागि नवीकरण गर्न सकिने उल्लेख छ । राष्ट्रिय प्रकृति संरक्षण कोष र वन तथा भू संरक्षण मन्त्रालयबीच २०५२।९।१६ मा सम्भौता भई २३ वर्ष व्यतीत भैसकेको छ । कोषले चिडियाखाना सञ्चालन सम्बन्धमा कार्यविधि, नियमावली, गुरुयोजना बनाएको छैन । चिडियाखाना विकास कोषसमेत स्थापना भएको पाइएन । सम्झौताका सर्त बमोजिम चिडियाखाना व्यवस्थापन हुनुपर्दछ ।

६१. **बढी भुक्तानी -** कोषको आर्थिक प्रशासनसम्बन्धी विनियम, २०५३ को बिनियम ३७(२) मा कोषका कर्मचारीको तलब भत्ता तथा अन्य सुविधा सम्बन्धमा समितिले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ । उक्त समितिले कर्मचारीको शुरु तलब स्केलको पचास प्रतिशत भत्ता दिने गरी व्यवस्था गरेको छ । कोष अन्तर्गतका ३ कार्यालयले कर्मचारीलाई भत्ता दिंदा सुरु तलव स्केलको आधारमा दिनुपर्नेमा ग्रेड समेत समावेश गरी भुक्तानी दिएकोले रु.३९ लाख २९ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

६२. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ (ग) अनुसार राष्ट्रिय निकुञ्जको प्रवेश शुल्कमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । सोबमोजिम अन्नपूर्ण संरक्षण क्षेत्र र मनासलु संरक्षण क्षेत्र योजना कार्यालयले २०७४ श्रावणदेखि २०७४ पौष १५ सम्म प्राप्त शुल्कमा मूल्य अभिवृद्धि कर रु.१ करोड ८० लाख ५४ हजार असुल गरेको छैन । ऐनको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - विगतका प्रतिवेदनमा वृक्षारोपण संरक्षणको लागि आवश्यक व्यवस्था नगरेको, सामुदायिक वन विकास र संरक्षण कार्यमा भएको खर्चको जिल्लागत एवं केन्द्रीय अभिलेख नराखेको, हस्तान्तरित सामुदायिक वनको नियमित अनुगमन गरी प्रतिवेदन प्राप्त नगरेको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, वनस्पति ऐन र नियमावली तर्जुमा नगरेको लगायतका व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । त्यस्तै चुरे क्षेत्रलाई संरक्षण गरी अतिक्रमण हटाउनुपर्ने, जैविक विविधता कायम गर्नुपर्ने, खनिज पदार्थ उत्खनन् गर्न नपाउने र योजनाबद्ध रुपमा चुरे संरक्षण कार्यलाई सफल गराउन उच्च प्रभावकारी प्राथमिकताका साथ थप अनुगमन मूल्याङ्कन गर्नुपर्ने देखिन्छ । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ १९६ निकायमा रु.७१ करोड ७९ लाख ५२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ७४ लाख ५८ हजार फछ्यौंट गरेकोले रु.६७ करोड ४ लाख ९४ हजार बाँकी रहेको छ । सोमध्ये रु.४ करोड १६ लाख ६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - सागठित संस्था, अन्य संस्था र समिति ९ तर्फ रु.२० करोड ४० लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ करोड २५ लाख ५८ हजार फछ्यौंट गरेकोले रु.१४ करोड १४ लाख ७१ हजार बाँकी रहेको छ । सोमध्ये रु.११ लाख ६७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

शहरी विकास मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख, विशिष्ट पदाधिकारीहरुको आवास व्यवस्थापनलगायतका कार्यहरु रहेका छन् । मन्त्रालयसमेत ५८ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२७ अर्ब ८८ करोड १ लाख राजस्व, रु.७२ करोड २० लाख, धरौटी रु.१ अर्ब ७६ करोड ९४ लाख र अन्य कारोबार रु.१८ करोड ७५ लाखसमेत रु.३० अर्ब ५५ करोड ९० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेत ३८ निकायको रु.२५ अर्ब ३० करोड १३ लाखको लेखापरीक्षण गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना -** चौधौँ योजना २०७३।७४-२०७५।७६ मा जनता आवासअन्तर्गत २० हजार घर, ३ केन्द्रीय प्रशासनिक प्लाजा, २१ एकीकृत सरकारी कार्यालय भवन, ७ एकीकृत शहरी केन्द्र, ७० एकीकृत बस्ती विकास, एक शहर एक पहिचानअन्तर्गत ७३ एकीकृत शहरी विकास कार्यक्रम सञ्चालन, १३ शहरलाई स्मार्ट सिटीका रुपमा विकास, ३५ स्थानमा बसपार्क निर्माण गर्ने लगायतका लक्ष्य रहेका छन् ।

यस वर्षसम्म जनता आवासअन्तर्गत ७ हजार १३४ घर निर्माण भएको, केन्द्रीय निकायको लागि प्रशासनिक प्लाजाको डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य भइरहेको, एक स्थानमा शहरी केन्द्र निर्माण भइरहेको, एकीकृत बस्ती र घना बस्ती विकास कार्यहरु चालु रहेको, एकीकृत शहरी विकासका ६ कार्यक्रम सम्पन्न भई १२ को विस्तृत अध्ययन प्रतिवेदनको मस्यौदा तयार भएको, १३ स्मार्ट सिटीको गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन तयार भएको, १२ स्थानमा बसपार्क निर्माणको कार्य भइरहेको प्रगति प्रतिवेदनमा उल्लेख छ ।

ज्येष्ठ नागरिक आवास १४ र सामुदायिक आवास १४ निर्माण गर्ने कार्य शुरु नै भएको छैन । आवधिक योजनाको २ वर्ष व्यतीत भैसक्दा समेत केही आयोजनाहरु सम्भाव्यता अध्ययनको चरणमा रहेका र केही निर्माण चरणमा रहेको देखिएकोले योजना अवधिभित्र लक्षित कार्यक्रम सम्पन्न गर्न चुनौतीपूर्ण देखिएको छ । लक्षित कार्यक्रम समयमा नै सम्पन्न गर्नुपर्दछ ।

२. **नीति, कार्यक्रम र बजेट कार्यान्वयन -** आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा ३७ नगरपालिकाको आवधिक योजना तयार गर्ने, भौतिक विकास कार्यक्रम तथा शहरी कोरिडोरको पूर्वाधार विकास गर्ने, जिल्ला सदरमुकाम तथा नवगठित नगरपालिकामा ५८ एकीकृत बस्ती, ७ घना बस्ती र १५ स्थानमा पूर्वाधार विकास गर्ने, उपत्यका भित्र स्याटेलाइट शहर विकास गर्ने, सातै प्रदेशमा एक एक मेगासिटी र हिमाली क्षेत्रमा व्यवस्थित शहर विकास गर्ने, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्गका १० ठाउँमा नयाँ शहर स्थापना गर्ने, प्युठानको भिंग्री नयाँ शहरमा चिल्ड्रेन पार्क निर्माण गर्ने, तराई मधेस र हुलाकी राजमार्गका १५ बस्तीलाई नयाँ शहरको रुपमा विकास गर्ने, हिमाली क्षेत्रमा १६ सम्भाव्य बस्ती विकास गर्ने, जनता आवास कार्यक्रमअन्तर्गत २२ हजार क्रमागत र २५ हजार थप गरी ४७ हजार परिवारका लागि आवास निर्माण गर्नेलगायतका कार्यक्रम उल्लेख छ ।

उल्लिखित कार्यक्रममध्ये २१ नगरपालिकामा सडक नाला, बसपार्क, हाटबजार, पार्क निर्माणको २० प्रतिशत कार्य सम्पन्न भएको, १८ नगरपालिकाको एकीकृत गुरु योजना तयार गर्ने कार्य सम्झौता चरणमा रहेको, ७ घना बस्ती विकास गर्न परामर्शदाताबाट अन्तिम प्रतिवेदन प्राप्त भएको, काठमाडौँ उपत्यकाभित्र एक लाख रोपनी क्षेत्रफलमा स्याटेलाइट शहर स्थापना गर्न प्रारम्भिक आयोजना प्रतिवेदन तयार भएको, ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रफलमा स्याटेलाइट शहर स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गर्न स्थलगत प्रतिवेदन प्राप्त भएको, १० नयाँ शहरको पूर्वाधार निर्माण कार्य चालु रहेको, भिंग्री नयाँ शहरमा चिल्ड्रेनपार्क निर्माण कार्य शुरु भएको, तराई मधेस र हुलाकी राजमार्गका बस्तीलाई नयाँ शहरमा विकास गर्ने कार्यको प्रारम्भिक आयोजना प्रतिवेदन प्राप्त भएको, हिमाली जिल्लाका ५ बस्तीलाई व्यवस्थित गर्न छनौटको कार्य भएको, जनता आवास कार्यक्रम अन्तर्गत ७ हजार १३४ घर निर्माण सम्पन्न भएको, ३ हजार ११३ आवास निर्माण चरणमा रहेको प्रगति प्रतिवेदनमा उल्लेख छ । स्वीकृत कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ ।

३. **सवारीसाधान -** मन्त्रालयबाट प्राप्त विवरणमा विभिन्न आयोजनाबाट ४ जिप र १० मोटरसाइकल मन्त्रालयमा झिकाई विभिन्न पदाधिकारीले प्रयोग गरिरहेको उल्लेख छ । त्यसैगरी क्षेत्रीय शहरी विकास आयोजनाको लागि खरिद गरिएको रु. २ करोड ६४ लाखका २ सवारीसाधन मन्त्रालय र विभागमा पठाएको छ । एक प्रयोजनका लागि खरिद गरेका सवारीसाधन अन्य प्रयोजनमा प्रयोग गरेको उचित देखिएन । आयोजनाले आवश्यकता पहिचान गरी खरिद कार्य गर्नुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः नीति कार्यक्रम र बजेट आंशिक रुपमा कार्यान्वयन भएको, निर्माण कार्य समयमा सम्पन्न नभएको, गैरसरकारी संस्थाबाट निर्माण कार्य गराएको, सोझै खरिद कार्य गरेको, परामर्श सेवा खर्चबाट सवारीसाधन खरिद गरेको, परामर्श सेवामा शिरोभार खर्च समावेश गरेको, उपभोक्ता समितिबाट तोकिएको सीमाभन्दा बढीको कार्य गराएको, जटिल प्रकृतिको कार्यसमेत उपभोक्ताबाट गराएको, निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

४. **रुग्ण आयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारबाही गर्न सकिने र दफा ६३ मा कालो सूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयको २०७४।५।२ को निर्णयानुसार गठित रुग्ण आयोजनाको छानबिन तथा समस्या समाधान समितिको प्रतिवेदनअनुसार १३३ स्वास्थ्य संस्थाको भवन निर्माण गर्न भएका ठेक्का सम्झौताको कार्य रुग्ण अवस्थामा रहेको छ । यसमध्ये २०६५।६६ देखि २०६९।७० सम्मका ठेक्का मध्ये रु.५० करोड ४३ लाखको ३० भवनको निर्माण कार्य स्थगित रहेकोमा ऐनमा भएको व्यवस्थाबमोजिम कारबाही गरेको पाइएन । निर्माण कार्य अधुरो छाडी सम्पर्कविहीन अवस्थामा रहेका निर्माण व्यवसायीलाई र लामो अवधिसम्म अनुगमन नगर्ने पदाधिकारीलाई प्रचलित कानुनबमोजिम कारबाहीसमेत गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

४.१ डिभिजन कार्यालय, भक्तपुरले चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७०।५।२६ सम्म कार्य सम्पन्न गर्ने गरी २०६८।५।१९ मा मूल्य अभिवृद्धि करबाहेक रु.३ करोड ४३ लाखको खरिद सम्झौता गरेकोमा भेरिएसनबाट सम्झौता रकम रु.३ करोड ७६ लाख कायम गरेको छ । कार्य सम्पन्न गर्ने अवधि पटक पटक गरी २०७५।२।२९ सम्म थप भए तापनि निर्माण व्यवसायीले मूल्य अभिवृद्धि करबाहेक रु.१ करोड ५४ लाख (४१ प्रतिशत) को मात्र काम गरेको छ । कार्यालय र निर्माण व्यवसायीबीच खरिद सम्झौता कार्यान्वयनको सिलसिलामा देखिएको विवाद सम्बन्धमा मध्यस्थकर्ताबाट रु.३१ लाख थप भुक्तानी दिने निर्णय भए तापनि निर्माण कार्य सुचारु भएको देखिएन । निर्माणस्थलको अवलोकन गर्दा ३ मध्ये 'ए' ब्लकको कार्य सम्पन्न भएको, 'बी' ब्लकको आर.सी.सी. ढलानसम्मको कार्य भएको र 'सी' ब्लकको निर्माण कार्य शुरु गरेको देखिएन । निर्माण कार्य सम्पन्न गर्नुपर्ने शुरु अवधिपछि ५ वर्ष थप हुँदा समेत निर्माण कार्य अधुरो छाडेकोले सार्वजनिक खरिद ऐन, नियमबमोजिम निर्माण व्यवसायीलाई कारबाही नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.२ डिभिजन कार्यालय, धादिङअन्तर्गत गल्छी पुल-जोगीकाठको बोट-साँधीखोला-डुम्रेचौर सडक स्तरोन्नति कार्य २०७४।७।२० सम्ममा सम्पन्न गर्न २०७३।१।२१ मा एक निर्माण व्यवसायीसँग रु.६७ लाखमा खरिद सम्झौता भएकोमा गत वर्ष प्रथम बिलको रु.१६ लाख भुक्तानी दिएको छ । यो वर्ष निर्माण व्यवसायीले काम नगरेकोले पेस्की जमानत रु.१३ लाख जफत गरी सञ्चितकोष दाखिला गरेको छ । सम्झौताको म्याद थप नभएकोले कार्य सम्पादन जमानतबापतको रु.९ लाख जफत तथा सम्झौताबमोजिमका अन्य कारबाही गरी कालो सूचीमा राख्न लेखी पठाउनुपर्दछ ।

४.३ डिभिजन कार्यालय, दोलखाअन्तर्गत जुगु स्वास्थ्य चौकी भवन निर्माण कार्य २०७२।१२।२६ सम्ममा सम्पन्न गर्न २०७०।११।२५ मा निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि करबाहेक रु.१ करोड ९६ लाखमा ठेक्का सम्झौता भएको देखियो । सम्झौताबमोजिमको कार्य सम्पन्न गर्न २०७५।९।३० सम्म म्याद थप भएकोमा निर्माण व्यवसायीले २५ प्रतिशतमात्र कार्य गरेको छ । निर्माण व्यवसायीले सम्झौताअनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको एवं सम्झौताबमोजिमको कार्य नभएकोमा यस्ता निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न लेखी पठाउनुपर्दछ ।

४.४ डिभिजन कार्यालय, इलामअन्तर्गत चाँगे स्वास्थ्य चौकी ताप्लेजुङ भवन निर्माण कार्य २०७३।१।३० मा सम्पन्न गर्न निर्माण व्यवसायीसँग २०७१।७।२५ मा रु.२ करोड ३९ लाखको सम्झौता भएको देखिन्छ । पटक पटक गरी सम्झौताको म्याद २०७४।१२।१७ सम्म थप गरे तापनि निर्माण कार्य नगरेकोले निजलाई उपलब्ध गराएको पेस्की रु.१८ लाख दुरुपयोग भएको जनाई बैङ्कसँग फिर्ता माग गरेकोमा बैङ्कले भुक्तानी नदिएकोले पेस्की रकम जोखिममा परेको छ । सम्झौताको अवधि थप नभएको र निर्माण कार्यको प्रगति पनि नभएकोमा निजलाई सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५. **गैरसरकारी संस्थाबाट निर्माणकार्य** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा त्यस्तो कार्य गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ । यो वर्ष ६ कार्यालयले नाली निर्माण, सडक स्तरोन्नति, रिटेनिङ वाल र पार्क निर्माणजस्ता सार्वजनिक निर्माण कार्य ३२६ गैरसरकारी संस्थाबाट सिधै गराई रु.१ अर्ब २७ करोड ११ लाख भुक्तानी गरेकोमा ती संस्थाहरुले कर बीजकसमेत जारी गरेका छैनन् । सार्वजनिक निर्माण कार्य ऐन विपरीत गैरसरकारी संस्थाबाट गराई खर्च लेख्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । ऐन विपरीत भएको कार्य छानबिन गरिनुपर्दछ ।

६. **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढीको मालसामान, सेवा वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो वर्ष डिभिजन कार्यालय विराटनगर, रुपन्देही, सुर्खेत र भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र हेटौडाले १, ३, ४, ५, ६ र ७ नम्बरका प्रदेश सरकारका मन्त्रालयहरुको लागि रु.१३ करोड १९ लाखका मेसिनरी औजार, फर्निचरलगायतका सामग्री सोझै खरिद गरेका छन् । यस्तै १२ कार्यालयले भवन मर्मत सम्भार, रगंरोगन र सडक निर्माण गर्ने कार्य ७२२ टुक्रा पारी सोझै खरिद गरी रु.३९ करोड ४९ लाख भुक्तानी गरेका छन् । एउटै फर्मबाट पटक पटक सोझै खरिद गर्ने कार्य नियमसम्मत देखिएन । खरिद कार्यमा प्रचलित नियमको पालना गर्नुपर्दछ ।

शहरी विकास तथा भवन निर्माण विभाग

भौतिक सुविधाको व्यवस्था गरी दिगोरुपले शहरको विकास गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले विभागको स्थापना भएको छ ।

७. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले आफ्नै जनशक्तिबाट हुने कामका लागि परामर्श सेवा लिन नमिल्नेमा सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार गर्ने कार्यको लागि विभागमा ५९ प्राविधिक कर्मचारीको दरबन्दी रहे तापनि उक्त कार्यका लागि ८८ परामर्शदाता नियुक्त गरी रु.२० करोड ९३ लाख खर्च लेखेको छ । विभागीय जनशक्तिको उपयोग नगरी परामर्शदातावाट कार्य गराएको मनासिब देखिँदैन । यसमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

८. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम १०(७) मा निर्माणकार्यको लागत अनुमानमा ५ प्रतिशत कन्टिजेन्सी खर्च समावेश गर्ने व्यवस्था छ । यो वर्ष ३२ डिभिजन कार्यालयले कन्टिन्जेन्सीबाट इन्धन, सूचना प्रकाशन, दैनिक तथा भम्रण भत्ता, मर्मत, ज्यालाजस्ता कार्यमा रु.२५ करोड ५१ लाख खर्च गरेका छन् । नियमित बजेटबाट यस्ता खर्च विनियोजन गरी कन्टिन्जेन्सीबाट खर्च गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

९. **सवारीसाधन आपूर्ति -** अर्थ मन्त्रालयको २०७४।७५ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको बुँदा ११ मा आयोजना तथा परामर्शसेवाको लागत अनुमानमा सवारीसाधन आपूर्ति गर्ने कार्य समावेश गर्न नपाइने उल्लेख छ । क्षेत्रीय शहरी विकास आयोजना र उपत्यका विकास प्राधिकरणअन्तर्गत ५ परामर्शदातासँगको सम्झौताको प्रोभिजनल सममा १२ जिप, ८ मोटरसाइकल र अन्य मेसिनरी उपकरण समावेश गरी प्रतिस्पर्धाबेगर रु.६ करोड ४० लाखको आपूर्ति गरेको छ । आपूर्ति भएका मालसामान कार्यालयमा आम्दानी बाँधेको छैन । अर्थ मन्त्रालयको मार्गदर्शन तथा सार्वजनिक खरिद नियमको प्रतिकूल हुने गरी आपूर्ति कार्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **शिरोभार खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ तथा अनुसूची १क. मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान गर्दा शिरोभारबापतको रकम समावेश गर्ने व्यवस्था छैन । शहरी शासकीय क्षमता तथा पूर्वाधार सुधार आयोजनाले तोकिएका १२ नगरपालिकामा पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गरी प्राथमिकतामा परेका नगरपालिकाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यका लागि ४ परामर्शदातासँग रु.१८ करोड १९ लाखमा सम्झौता गरेको छ । परामर्श सेवाको लागत अनुमानमा १५ प्रतिशत शुल्क र बीमाबापतको रु.२ करोड ३५ लाखसमेत समावेश गरी रु.२१ करोड २० लाखको लागत अनुमान २०७३।२।११ मा स्वीकृत गरेकोमा शुल्क र बीमाबापतको रकम लागत अनुमानमा समावेश गर्न नमिल्ने कारण जनाई कुल लागत अनुमानमा फरक नपर्ने गरी सबै आइटममा उक्त रकम समायोजन गरी संशोधित लागत अनुमान २०७३।५।२९ मा स्वीकृत गरेको छ । शुल्क र बीमासमेतको रकम लागत अनुमानमा समायोजन गरी बढी व्ययभार पर्ने गरी लागत अनुमान तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

११. **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैंयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने र सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंशसमेत समावेश हुने उल्लेख छ । डिभिजन कार्यालय, इलामले सडक निर्माण कार्यमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी बाहेकको एक करोड रुपैंयाँसम्मको लागत अनुमान तयार गरी ११ सडक निर्माण कार्य गर्न उपभोक्ता समितिसँग रु.११ करोडको सम्झौता गरेको छ । नियमबमोजिम लागत अनुमानमा सबै रकम समावेश गर्दा ती प्रत्येक कार्यको लागत अनुमान एक करोड रुपैयाँभन्दा बढीको हुने भएकोले उपभोक्ता समितिमार्फत कार्य गराउन मिल्ने देखिएन । बोलपत्रको माध्यमबाट गराउनुपर्ने कार्य आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समितिसँग सम्झौता गरी रु.३ करोड १५ लाख पेस्की फछ्यौंटसमेत नगरी रु.४ करोड २८ लाख भुक्तानी दिएको नियमसम्मत देखिएन । यसमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

नयाँ शहर योजना कार्यालय, बाग्लुङले बुर्तिबाङ शहरमा ढल निर्माण कार्य गर्न २०७४ चैत्रमा स्वीकृत गरेको विस्तृत आयोजना प्रतिवेदनमा रु.१४ करोड लाग्ने उल्लेख छ । उक्त कार्य बोलपत्रको माध्यमबाट नगरी यो वर्ष उक्त योजना टुक्रा पारी एक करोड रुपैंयाँभित्रका रु.४ करोड ५३ लाखको ६ प्याकेज बनाई उपभोक्ता समितिमार्फत निर्माण कार्य गराएको छ । यसरी विस्तृत आयोजना प्रतिवेदन अनुसारको लागत अनुमानलाई टुक्रा टुक्रा बनाई उपभोक्ता समितिबाट गराएको कार्य नियमसम्मत नभएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

१२. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपको लागि काबु बाहिरको परिस्थिति हुनुपर्ने, समयमा कार्यसम्पन्न गर्ने प्रयास गरेको हुनुपर्ने, म्याद समाप्त हुनुभन्दा सात दिन पहिले निवेदन दिनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय ओखल्ढुङ्गा, भक्तपुर, दोलखा, धनुषा, इलाम, काठमाडौँ, धनकुटा र बाग्लुङले रु. ३५ करोड ६० लाखका ११ खरिद सम्झौताको म्याद ४ वर्षदेखि ८ वर्षसम्म थप गरेकोमा म्याद थप गर्नुपर्नाको कारण पुष्टि हुने प्रमाण बेगर म्याद थप गरेको, पटक पटक म्याद थप गरेको, पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने अवस्थामा समेत नलिने गरी म्याद थप गरेको देखिएको छ । तोकिएको अवधिमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताबमोजिम कारबाही नगरी स्पष्ट आधार बेगर पटक पटक म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१३. **बढी भुक्तानी -** डिभिजन कार्यालय, विराटनगरले सडक नाला तथा बसपार्क निर्माण कार्यको लागि रु.७९ करोड ९१ लाखको लागत अनुमान गरी निर्माण व्यवसायीसँग १९.१२ प्रतिशत घटी रु.६४ करोड ६३ लाखमा खरिद सम्झौता गरेको छ । उक्त कार्यको भेरिएसन भई रु.७९ करोड ८२ लाख लागत अनुमान कायम भएकोमा सोही अनुपातमा सम्झौता रकम रु.६४ करोड ५६ लाख कायम हुनुपर्नेमा रु.६६ करोड १५ लाख भुक्तानी भई सकेकोले बढी भुक्तानी भएको रु.१ करोड ५९ लाख असुल गर्नुपर्दछ ।

१४. **दोहोरो भुक्तानी -** खरिद सम्झौताअनुसार वास्तविक कार्य सम्पादनको आधारमा बिल भुक्तानी गर्नुपर्दछ । डिभिजन कार्यालय, इलाम र विराटनगरले तीन निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर दोहोरो भुक्तानी दिएको र भुक्तानी भइसकेको बिल एवं मूल्य समायोजन पुनः भुक्तानी दिएको समेत रु.२२ लाख दोहोरो भुक्तानी गरेको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

१५. **पेस्की दाखिला -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिमका कार्य सम्झौता अवधिमा नगरेको कारण पेस्की फछ्यौंट हुन नसकेमा बैङ्क जमानत रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछ्यौंट गर्नुपर्ने र १० प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, धनकुटाअन्तर्गत ६ निर्माण व्यवसायीले पेस्की लिएको लामो समयसम्म कार्य सम्पन्न नगरेकोले बैङ्क जमानत जफत गरी रु.९३ लाख पेस्की फछ्यौंट गरेकोमा सोको ब्याज रु.५६ लाखसमेत असुल गर्नुपर्दछ ।

१६. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौताबमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । १५ डिभिजन कार्यालयले २५ निर्माण कार्यमा रु.३ करोड ५५ लाख पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरे तापनि उक्त रकम असुल गरेका छैनन् । कानुनबमोजिम निर्णय भइसकेको पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्दछ ।

१७. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम खरिद संझौताअनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बीजकको भुक्तानी वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय काठमाडौँ, रुपन्देही र कैलालीले १० खरिद सम्झौताको मूल्य समायोजन रकम भुक्तानी दिँदा वास्तविक बिलभन्दा बढी भुक्तानी दिएको, फरक फरक समयको बिलको एकै समयलाई आधार लिई गणना गरेको, घटी पेस्की कट्टा गरी गणना गरेको कारण रु. ५९ लाख बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१८. **बढी दर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सबमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नयाँ शहर आयोजना, वसन्तपुरले एक सडक योजनाको निर्माण कार्य गर्दा ढुङ्गा मिसिएको माटो र कडा चट्टान काट्ने कामको स्वीकृत नर्म्सभन्दा क्रमशः प्रति घनमिटर रु.१५।१२ र रु.१ हजार ३८२।३९ का दरले बढी हुने गरी लागत अनुमान स्वीकृत गरेका कारण उपभोक्ता समितिलाई रु.१७ लाख बढी भुक्तानी भएको छ । भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१९. **जग्गाको मूल्याङ्कन -** नयाँ शहर योजना कार्यालय, बाग्लुङले ढोरपाटन नगरपालिका खप्तडीबाङस्थित मध्यपहाडी लोकमार्गमा जोडिएको ७ रोपनी ३ आना जग्गा खरिद गरी आवास क्षेत्र निर्माण गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मालपोत कार्यालयका प्रमुखसमेत रहने मुआवजा निर्धारण समितिले प्रति रोपनी रु. ४६ लाख ५० हजार देखि रु. ६० लाख सम्म मूल्याङ्कन गरी मुआवजा भुक्तानी दिएको छ । रजिस्ट्रेशन शुल्क लिने प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारी अध्यक्ष र प्रमुख मालपोत अधिकृत सदस्य रहने न्यूनतम मूल्याङ्कन समितिले प्रति रोपनी न्यूनतम रु.६० हजार ५०० मूल्याङ्कन गरेकोमा मुआवजा निर्धारण समितिले ९८१७ प्रतिशत बढी हुने गरी मूल्याङ्कन गरेको कारण ९ जग्गाधनीलाई मुआवजा वितरण गर्दा रु.३ करोड ११ लाख थप व्ययभार परेको देखियो । एकै स्थानको जग्गा रजिस्ट्रेसन शुल्क असुल गर्ने प्रयोजनको लागि घटी र भुक्तानी दिने प्रयोजनका लागि अत्यधिक बढी मूल्याङ्कन गर्नु उपयुक्त होइन ।

वाग्मती सुधार आयोजना

वाग्मती नदीको मुहान संरक्षण, जलाधार क्षेत्र संरक्षण, नदीको वातावरणीय सुधार तथा सौन्दर्यीकरण जस्ता कार्यहरु गर्न एसियाली विकास बैङ्क र नेपाल सरकारबीच ६ मार्च २०१४ मा सम्झौता भई ३१ मे २०१९ मा आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको कूल लागत अमेरिकी डलर ३६ मिलियनमध्ये ऋण सहायता २५.५ मिलियन, अनुदान सहायता ४.५ मिलियन र नेपाल सरकारको स्रोततर्फ ६ मिलियन हुने उल्लेख छ । आयोजनाको अवधिमध्ये ८० प्रतिशत सम्पन्न हुँदासम्म रु. १ अर्ब ९१ करोड ३२ लाख खर्च गरी ३२.६२ प्रतिशतमा भौतिक प्रगति रहेको देखिन्छ ।

२०. **पारिश्रमिक** - आयोजनाबाट सञ्चालित निर्माण कार्यहरुको परियोजना व्यवस्थापन, डिजाइन र सुपरभिजन कार्य गर्न एक परामर्शदातासँग भएको खरिद सम्झौतामा काममा उपस्थित नभएको सार्वजनिक बिदाको पारिश्रमिक दिने व्यवस्था छैन । यो वर्ष परामर्शदाताले पेस गरेको हाजिरी विवरणको आधारमा आयोजना

तर्फ २१ र समितितर्फ ३० कर्मचारीलाई काममा उपस्थित नभएको सार्वजनिक बिदाको समेत गणना गरी रु.४४ लाख पारिश्रमिक भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

वाग्मती कोरिडोर निर्माण र सरसफाई

वाग्मती र यसका सहायक नदीहरूलाई एकीकृत र समन्वयात्मक अवधारणामा केन्द्रित भई पुनर्जीवित र संरक्षित गर्न वाग्मती सरसफाई कार्ययोजनाअन्तर्गत सरसफाई अभियान, वृक्षरोपण, जनचेतना अभिवृद्धिलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख छ । अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले वाग्मती कार्ययोजना (२०६५–२०७०) अनुसार सञ्चालन गरेको सरसफाई कार्यक्रम तथा कोरिडोर निर्माण कार्यबाट नदीको प्रदूषण तथा वातावरण सुधार कार्यक्रमको कार्यमूलक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

२१. **अव्यवस्थित बस्ती -** वाग्मती कार्ययोजना (२०६५–२०७०) अवधिमा नदी किनारका अवस्थित सुकुम्बासी बस्तीहरु प्रमाणीकरण गरी नदीको अतिक्रमण तथा प्रदूषण न्यूनीकरणको लागि व्यवस्थित रुपमा स्थानान्तरण गर्ने लक्ष्य रहेकोमा वाग्मती र यसका सहायक नदीहरुको ८ स्थानमा रहेका २ हजार ६९३ घरधुरी सुकुम्बासी बस्तीहरुको व्यवस्थित रुपमा स्थानान्तरण गरेको देखिएन । वास्तविक सुकुम्बासीको पहिचान गरी परिचयपत्र दिन नसक्नु, गैरसरकारी संस्थाहरुको भूमिका स्पष्ट नहुनु, सरकारले वासस्थानको उचित विकल्प दिएर निर्णय गर्न नसक्नु आदि कारणले यस्ता बस्तीको व्यवस्थापन गर्न नसकिएको समितिले जनाएको छ । अतिक्रमित बस्तीको उचित व्यवस्थापन नहुँदा नदीको किनारमा निर्माण भैरहेका सडक, नदी नियन्त्रण, ढल निर्माण कार्यहरु तोकिएको समयमा सम्पन्न गर्न कठिनाइ भएको छ भने नदीको प्रदूषण न्यूनीकरण हुनसकेको छैन ।

२२. **स्थानीय संघ संस्था -** वाग्मती कार्ययोजना (२०६५–२०७०) मा स्थानीय संघसंस्थालाई स्पष्ट जिम्मेवारी र कार्यक्षेत्र तोकी नदी सफाई अभियानमा सहभागी गराउने लक्ष्यबमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका २८ संस्था सरसफाई अभियानमा संलग्न रहेकोमा एक संथालाई मात्र कार्यक्षेत्र तोकेको र २७ संस्थालाई स्पष्ट जिम्मेवारी तथा कार्यक्षेत्र तोकिएको छैन । स्पष्ट जिम्मेवारी तथा कार्यक्षेत्र नतोकी स्थानीय संघसंस्था परिचालन गर्दा नदी सफाई अभियान प्रभावकारी हुन सकेको छैन ।

२३. **फोहोर पानी व्यवस्थापन -** वाग्मती कार्ययोजना (२०६५–२०७०) मा वाग्मती तथा यसका सहायक नदीको प्रदूषित पानी व्यवस्थापन गर्न काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र यस समितिले कार्यान्वयन गर्ने गरी गोकर्ण, गुहेश्वरी, त्रिपुरेश्वर, धोवीघाट, हनुमानघाट, सल्लाघारी र बालकुमारीलगायत ७ स्थानमा रु.१६ अर्ब ६६ करोड लागतमा फोहोर पानी व्यवस्थापन केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा गुहेश्वरी, धोबीघाट, सल्लाघारी र बालकुमारी ४ स्थानका प्रशोधन केन्द्र निर्माण निर्माणचरणमा रहेको र गोर्कण, त्रिपुरेश्वर तथा हनुमानघाटका प्रशोधन केन्द्रहरुको डिजाइन कार्यमात्र भएको छ । कार्ययोजनाको अवधि चार वर्ष बितिसक्दा समेत कुनै पनि प्रशोधन केन्द्रको निर्माण सम्पन्न नभएकोले नदी क्षेत्रमा प्रदूषण नियन्त्रण कार्य प्रभावकारी देखिएन ।

२४. **वाग्मती सौन्दर्यीकरण -** वाग्मती सुधार आयोजनाअन्तर्गत गोकर्णदेखि सिनामंगल पुलसम्मको नदी नियन्त्रण, सौन्दर्यीकरण, पैदलयात्री मार्ग निर्माण कार्यको लागि २०७५।१०।१८ भित्र कार्यसम्पन्न गर्ने गरी रु.१ अर्ब ९० करोड २८ लाखमा निर्माण व्यवसायीसँग २०७३।७।१९ मा भएको खरिद सम्झौताबमोजिमका कार्य शतप्रतिशत समयावधि समाप्त हुँदा रु.१ अर्ब ५ करोड ६९ लाख भुक्तानी गरी ५५.५४ प्रतिशत भौतिक प्रगति गरेको छ । २०७५।११।८ मा आयोजनाको स्थलगत अवलोकन गर्दा आयोजनाको शुरु विन्दु गोकर्ण ड्यामदेखि गुहेश्वरी खण्डमा निर्माण कार्यसम्पन्न भएको देखिएन । निर्माण कार्यको डिजाइनमा १२ मिटर क्षेत्रमा पैदलयात्री मार्ग, साइकलयात्री मार्ग र हरियाली क्षेत्र निर्माण गर्ने र बाँकी ८ मिटरमा मोटरबाटो बनाउने रहेकोमा बढ्दो शहरीकरण र सवारीसाधनको चापका कारण ८ मिटरको सडकले लामो समय धान्न सक्ने नदेखिएकोले वाग्मती सौन्दर्यीकरणको उद्देश्यअनुरुप कार्य हुन सकेको छैन ।

२५. **वाग्मती सरसफाई -** नदी किनारमा रहेका अव्यवस्थित बस्ती तथा सुकुम्बासीहरुको उचित व्यवस्थापन हुने कानुनी तथा नीतिगत व्यवस्था गरी कोरिडोरमा निर्माण भैरहेका संरचनाहरु मितव्ययी रुपमा समयमै सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ । स्थानीय संघ संस्थालाई स्पष्ट जिम्मेवारी र कार्यक्षेत्र तोकी नदी सरसफाई

अभियानमा परिचालन हुन नसकेको, स्थानीयको जायज मागहरु पूरा गर्ने तथा प्रशोधन केन्द्रको लागि आवश्यक जग्गा अधिग्रहण गरी वातावरणलाई प्रदूषणमुक्त बनाउन फोहोर पानी प्रशोधन केन्द्रहरुको निर्माण कार्य भएको देखिएन । नदी किनारको जग्गा मुआवजा विवादको समस्या समाधान हुने गरी नेपाल सरकारबाट स्पष्ट कानुनी तथा नीतिगत निर्णय गराई खरिद सम्झौता अनुसार निर्माण व्यवसायीले गर्नुपर्ने निर्माण कार्य गर्नुपर्दछ ।

नदी सफा राख्न नदीमा पानी बग्ने र फोहोर नफाल्ने व्यवस्था मिलाउनुपर्दछ । हाल वाग्मती नदीमा थोरै परिमाणमा भए पनि पानी बगिरहेको अवस्था छ । छोटो छोटो दूरीमा ड्याम बनाई पानी जम्मा गरी बहावको व्यवस्था मिलाउनु उपयुक्त हुने देखिन्छ । यसतर्फ समेत सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ ।

निष्कर्ष - नदी किनारका अव्यवस्थित बस्तीहरुको स्थानान्तरण नहुनु, जग्गा विवाद तथा स्थानीयको अवरोधले गर्दा भौतिक पूर्वाधार निर्माण कार्यहरु तोकिएको समयमा सम्पन्न नहुनु, वातावरण संरक्षण र पूर्वाधार विकास गर्ने विभिन्न सरकारी निकायबीच समन्वय नहुनु, वाग्मती र यसका सहायक नदीहरुमा सडक, ढल, नदी नियन्त्रणजस्ता भौतिक पूर्वाधार संरचनाहरुको निर्माण गर्ने निकाय धेरै हुनु र ती निकायहरुले निर्माण गर्ने संरचना मापदण्ड एकरुपता नहुनुजस्ता समस्याहरु समाधान गर्न दीर्घकालीन तथा अल्पकालीन कार्यनीति सहितको एकीकृत वाग्मती विकास कार्ययोजना तयार गरी नदीको वातावरण स्वच्छ तथा सफा हुने कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दछ ।

अन्य संस्था र समिति

काठमाडौं उपत्यका विकास प्राधिकरण

काठमाडौं उपत्यकामा नगरहरुको पुनः निर्माण, विस्तार र विकासको साथै योजनाबद्ध रुपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार स्थापना भई सञ्चालन हुँदै आएको छ ।

२६. **ऋण लगानी कोष -** प्राधिकरण ऐन, २०४५ को दफा १२ अनुसार प्राधिकरणले अर्थ मन्त्रालयबाट ४ प्रतिशत ब्याज दरमा विभिन्न जग्गा विकास योजना सञ्चालनको लागि रु.६३ करोड र जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्रको जग्गा खरिद गर्न रु.६० करोड ३ लाख ऋण लिएको छ । उक्त ऋणको अवधि समाप्त भएकोले सोको ब्याज रु.१६ करोड ८० लाख र साँवासमेत फिर्ता गर्नुपर्दछ ।

२६.१ अर्थ मन्त्रालयबाट लिएको उक्त ऋणबाट १९ जग्गा एकीकरण आयोजनामा रु.९४ करोड १९ लाख लगानी गरेकोमा सोको ब्याज रु.१८ करोड ८८ लाख उठ्न बाँकी रहेको छ । लगानी रकम असुल गर्दा ब्याज असुल गरी बाँकी रकम साँवामा कट्टा गर्नुपर्नेमा ब्याज बाँकी देखाई साँवा घटाएको छ । तोकिएको समयमा साँवा र ब्याज असुल गर्नुपर्दछ ।

२६.२ इचंगु नारायण जग्गा एकीकरण आयोजनामा २०६१।६२ मा १२ प्रतिशत ब्याज दरमा रु.१४ लाख ८९ हजार लगानी गरेकोमा १४ वर्षको ब्याज रु.२५ लाख आयमा लेखाङ्कन गरेको छैन । सम्झौताबमोजिमको साँवा र ब्याज रकम असुल गर्नुपर्दछ ।

२७. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ मा परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेसागत दायित्व बीमा पेस गर्नुपर्ने र यसरी तोकिएको म्यादभित्र पेसागत दायित्व बीमा पेस नगरेमा सार्वजनिक निकायले खरिद सम्झौताको अन्त्य गरी कालोसूचीमा राख्न सिफारिस गर्नुपर्ने उल्लेख छ । प्राधिकरणले २ परामर्शदातासँग रु.११ करोड ८ लाखमा सम्झौता गरेकोमा पेसागत दायित्व बीमा गरेको देखिएन । प्रचलित नियमको पालना गर्नुपर्दछ ।

२८. **कार्यक्रम बेगर खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा चालु आर्थिक वर्षभित्र खर्च नभई वाँकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सडक वरपरका घर, जग्गाको क्षतिपूर्ति भुक्तानी गर्न २०७१।७२ मा निकासा भएको र मेलम्ची खानेपानी आयोजनाको विस्तारमा भएको क्षतिको क्षतिपूर्ति दिन २०७२।७३ मा निकासा भई फ्रिज नगरी मौज्दात राखेको रु.१ करोड १४ लाख यो वर्ष मेलम्ची खानेपानी आयोजनाको पाइपलाइन बिछ्याउने सडकको निर्माण कार्य गरी खर्च लेखेको छ । एउटा प्रयोजनको लागि निकासा भएको रकम खर्च नभएमा सञ्चितकोष दाखिला गर्नुपर्नेमा स्वीकृति बेगर पछिल्लो वर्ष अर्कै प्रयोजनमा खर्च गरेको नियमसम्मत देखिएन ।

२९. **बाहिरी चक्रपथ -** व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौँ उपत्यकाका ३ जिल्लामा नयाँ व्यवस्थित शहर विकास गरी ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गर्ने कार्य २०६१।६२ मा शुरु भएकोमा यो वर्षसम्म ५४.५ किलोमिटर सडकको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको र १७.५ किलोमिटरको प्रतिवेदन तयार हुँदै गरेको उल्लेख छ । बाहिरी चक्रपथको वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन गर्ने कार्यको सिलसिलामा चक्रपथबाट प्रभावित हुने स्थानीय जग्गाधनी, मोही, राजनैतिक दलका प्रतिनिधिसँग अन्तरक्रिया गरी क्षेत्र निर्धारण तथा कार्यसूचीसम्बन्धी प्रतिवेदन तयार गरी वन तथा वातावरण मन्त्रालयमा पठाएको देखिएको छ । यो वर्षसम्म रु.१० करोड ८२ लाख खर्च भए तापनि पूरै सडक खण्डको विस्तृत आयोजना प्रतिवेदन, जग्गा एकीकरण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार हुन सकेको छैन ।

३०. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा स्थानीय परिस्थितिलाई समेत ध्यान दिई कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुने गरी कार्यक्रमको लागत नबढाई आवश्यक संशोधन गर्न सकिने उल्लेख छ । जिल्ला आयुक्तको कार्यालय काठमाडौँ, ललितपुर र भक्तपुरबाट कार्यान्वयन गर्न शहरी विकास मन्त्रालयबाट २०७४।४।२७ मा रु.४५ करोडको कार्यक्रम स्वीकृत भएकोमा २०७५।३।२२ मा समेत पाँचपटक संशोधन गरी रु.१ अर्ब ४९ करोड बजेट तथा कार्यक्रम कायम गरी रु.१ अर्ब ४७ करोड ७ लाख खर्च गरेको छ । विभिन्न सडक चौडा गर्ने, पर्खाल लगाउने तथा सडक सुधार गर्न कामको परिमाण निश्चित गरी शुरु बजेट विनियोजन भएकोमा संशोधित कार्यक्रममा कामको परिमाणमा परिवर्तन नगरी बजेटमात्र थप गरेको देखियो । शुरु बजेट विनियोजनबाट गर्न सकिने कामको परिमाणमा परिवर्तन नगरी ३५१.७२ प्रतिशतसम्म थप बजेट स्वीकृत गरेको मनासिब देखिएन ।

३१. **निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष जिल्ला आयुक्तको कार्यालय काठमाडौँ, ललितपुर, भक्तपुर र धोबीखोला कोरिडोर आयोजनाले ३२० लाभग्राही संस्थामार्फत् निर्माण कार्य गराई रु.१ अर्ब २६ करोड ५१ लाख भुक्तानी दिएको छ । लाभग्राही संस्थाबाट भएको निर्माण कार्यको गुणस्तर परीक्षण भएको पाइएन । प्रतिस्पर्धाबाट निर्माण कार्य गराउनु पर्नेमा सो नगरेकोले कामको परिमाण, गुणस्तर र लागत यकिन हुन सकेन । यसमा छानबिन हुनुपर्दछ ।

३२. **नर्म्स स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (२) मा नेपाल सरकार मन्त्रिपरिषद्बाट नर्म्स स्वीकृत गर्नुपर्ने व्यवस्था छ । जिल्ला आयुक्तको कार्यालय, काठमाडौँ र धोबीखोला कोरिडोर आयोजनाले शहरी विकास तथा भवन निर्माण विभागले स्वीकृत गरेको नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गरेको देखियो ।

सडक विभागले तयार गरेको नर्म्समा १:४ अनुपातको सिमेन्टको जोडाईमा ढुङ्गाको गाह्रो लगाउन एक घनमिटर काम ३० मिटर ढुवानीसहित ४.५ दिन श्रमिक लाग्ने उल्लेख गरेकोमा शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको नर्म्समा १० मिटर ढुवानीसहितको लागि ५ श्रमिक लाग्ने उल्लेख छ । त्यसैगरी यस विभागको नर्म्समा सोही काममा एक घनमिटर कामको लागि ०.१५९ मेट्रिकटन सिमेन्ट लाग्ने उल्लेख छ भने सडक विभागले प्रयोग गरेको नर्म्समा ०.१५५ मेट्रिकटन लाग्ने उल्लेख छ । कार्यालयले यो वर्ष गराएको निर्माण कार्यमा सडक विभागको नर्म्स प्रयोग गरेतापनि गत वर्ष निर्माण सम्पन्न भई यस वर्ष भुक्तानी दिँदा १ घनमिटर कार्यमा रु.४०६।८६ बढी दायित्व परेको आधारमा उपभोक्तामार्फत् काम गराएको १०७ प्याकेजको २९ हजार ९२९ घनमिटरमा सडक विभागको नर्म्सभन्दा रु.१ करोड २२ लाख बढीको लागत अनुमान स्वीकृति गरी थप दायित्व पारेको छ । नेपाल सरकारबाट स्वीकृत हुनुपर्ने नर्म्स विभागीय प्रमुखले स्वीकृत गर्न मिल्ने देखिँदैन । अधिकारबेगर नर्म्स स्वीकृत गरी व्ययभार बढाउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३३. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८९ मा बासिन्दा व्यक्तिले ठेक्का वा करारको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्ने व्यवस्था छ । जिल्ला आयुक्त कार्यालय काठमाडौँ र धोबीखोला कोरिडोर आयोजनाले यो वर्ष विभिन्न निर्माण कार्य गैरसरकारी संस्था/ उपभोक्ता समितिमार्फत् गराउँदा १८० संस्थाले निर्माण सामग्री खरिद गरेको बिल पेस गरेको आधारमा रु.५६ करोड ९४ लाख भुक्तानी दिएको छ । ती संस्थाले गरेको उक्त कारोबारमा ऐनमा व्यवस्था भएबमोजिम अग्रिम आयकर कट्टा नगरेकोले १.५ प्रतिशतका दरले अग्रिम आयकर रु.८० लाख राजस्व प्राप्त भएको देखिएन ।

३४. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जिल्ला आयुक्तको कार्यालय काठमाडौँ र धोबीखोला कोरिडोर आयोजनाले तीन उपभोक्ता समितिलाई सार्वजनिक जग्गा संरक्षण कार्यमा जनसहभागिता तथा ओभरहेडबापतको रु.२२ लाखसमेत भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति

पशुपति क्षेत्रलगायत वाग्मती नदीको वातावरणलाई सुधार गर्ने उद्देश्यले अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति २०६५ मा गठन भएको छ । यस कार्यक्रमको लागि रु.१९ अर्ब ४८ करोड ९५ लाख लागत अनुमान तयार भई २०८०।८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रु.७ अर्ब २३ करोड ७० लाख खर्च भएको छ ।

३५. **कार्यक्रम र प्रगति -** आयोजनाले सञ्चालन गर्ने कार्यक्रममध्ये जैविक विविधता र जलाधारको संरक्षण, विकेन्द्रित फोहोर पानी प्रशोधन केन्द्र निर्माण, वर्षातको पानी सङ्कलन गर्न पोखरी निर्माण, भूमिगत जल रिचार्ज गर्ने, सुन्दरीघाटमा फोहोर पानी प्रशोधन केन्द्र निर्माण गर्नेलगायतका रु.८ अर्ब ३९ करोड ६६ लाख लागतको १८ कार्यक्रम शुरुवात गरेको छैन । यो वर्षसम्म कुल लागतको रु.७ अर्ब २३ करोड ७० लाख (३७.१३ प्रतिशत) खर्च गरी ३८.०५ प्रतिशत भौतिक प्रगति गरेको छ ।

यो वर्ष वाग्मती संग्रहालय भवन निर्माण, वाग्मती तथा अन्य नदीको सफाई उपकरण खरिद, नदी किनारमा हरित क्षेत्र विकास तथा फोहोरमैला व्यवस्थापन, गुहेश्वरीमा पार्क निर्माण, गोकर्ण देखि सुन्दरीघाटसम्म सोलार बत्ती जडान तथा सडक मर्मत सुधार, पशुपति क्षेत्रमा ढुङ्गा छाप्नेलगायतका १५ कार्यक्रमको लागि रु.२७ करोड ८५ लाख विनियोजन भएकोमा कुनै पनि कार्यक्रम कार्यान्वयन भएको छैन । वार्षिक कार्यक्रममा उल्लेख भएबमोजिमका कार्य सम्पन्न गर्नुपर्दछ ।

३६. **निर्माण स्थल** – सार्वजनिक खरिद नियमावली, २०६४,को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्नुपर्ने, निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पने व्यवस्था छ । बल्खु खोलामा ढल, नदी नियन्त्रण तथा सडक निर्माण कार्यको लागि निर्माण व्यवसायीसँग २०७७।९।२७ मा कार्यसम्पन्न गर्न रु.४५ करोड ५९ लाखको २०७५।३।२७ मा खरिद सम्झौता गरी २०७५।३।२९ मा रु.३ करोड ८४ लाख मेबिलाइजेसन पेस्की दिएको छ । सम्झौता भएको ८ महिना (२०७५।१०।१६) पछि निर्माण व्यवसायीलाई कार्यादेश दिएको छ । खोलाको बहाव क्षेत्र निर्धारण नभएकाले समयमै कार्यादेश दिन नसकेको कार्यालयले जनाएको छ । निर्माण स्थलको व्यवस्थापन नगरी ठेक्का सम्झौता गरेको र कार्यादेश नदिई पेस्की उपलब्ध गराएको मनासिब देखिएन ।

३७. **निर्माण कार्यमा ढिलाई -** सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ५१ मा सार्वजनिक निकायले बोलपत्रदातालाई निर्माणस्थलको यथार्थ जानकारी दिनुपर्ने व्यवस्था छ । सार्वजनिक निकायले खरिद सम्झौता पूर्व अवरोध हटाउने, मुआवजा दिने, विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने आदि कार्य पूरा गरेर खरिद सम्झौताको व्यवस्थापन गर्नुपर्दछ । समितिले यो वर्ष सञ्चालन गरेका नदी नियन्त्रण, ढल, सडक निर्माण कार्यको लागि गरेका ६ खरिद सम्झौतामा उल्लिखित अवधिभित्र निर्माण व्यवसायीले कार्यसम्पन नगरेको कारणले आयोजना सम्पन्न हुन ढिलाइ हुनुको साथै मूल्य समायोजन रु.२२ करोड ८३ लाख ६३ हजार थप दायित्व भुक्तानी गरेको छ । खरिद सम्झौताबमोजिमको अवधिमा निर्माण कार्यसम्पन्न नहुँदा आयोजनाको लागत वृद्धि भएको र लाभग्राही समूह लाभावन्ति हुन सकेका छैनन् ।

३८. **निर्माण कार्यमा समन्वय** – समितिले नख्खु कोरिडोरमा नदी नियन्त्रण र ढल निर्माण कार्यको लागि रु.९२ करोड ६५ लाखमा २०७७।८।२९ मा कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग २०७५।२।३० मा खरिद सम्झौता गरेकोमा लेखापरीक्षणको क्रममा २०७५।१०।२२ मा स्थलगत अवलोकन गर्दा सोही कोरिडोरमा २०७४।७५मा काठमाडौँ उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, ललितपुरले उपभोक्ता समितिमार्फत् नदी नियन्त्रण कार्य गराएको देखियो । बायाँ किनारतर्फ २५ मिटर र दायाँ किनारतर्फ २६ मिटर गरी कुल ५१ मिटरमा सम्पन्न भएको ५२०.७१ घनमिटर पर्खाल भत्काई पुनः निर्माण गर्दै गरेको

देखियो । एकै मन्त्रालयअन्तर्गतका दुई निकायबीचको निर्माण कार्यमा समन्वय नभएको कारण उक्त कामको प्रति घनमिटर रु ११ हजार ५०० का दरले रु.६८ लाख नेपाल सरकारलाई थप दायित्व परेको छ ।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति

३९. **प्रोत्साहन भत्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा कुनै पनि कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था छ । यस केन्द्रका पदाधिकारी/कर्मचारीलाई संघीय संसदका पदाधिकारी/कर्मचारी सरह मासिक तलब स्केलको ८० प्रतिशतका दरले प्रोत्साहन भत्ताबापत रु.१ करोड ९८ लाख र पुरस्कारबापत एक महिनाको तलब बराबरले हुने रु.२१ लाख भुक्तानी दिएको छ । अर्थ मन्त्रालयको पूर्वस्वीकृति तथा कानुनी आधारबेगर कार्य विवरणसमेत स्वीकृत नगरी थप सुविधा उपलब्ध गराएको नियमसम्मत देखिएन । नियमविपरीतको यस्तो खर्च असुल गर्नुपर्दछ ।

४०. **अतिरिक्त शुल्क -** समितिले यो वर्ष विद्युत महसुलबापत रु.३१ करोड ३३ लाख भुक्तानी दिएकोमा समयमा महसुल भुक्तानी नगर्दा २५ प्रतिशतले थप दस्तुर रु.७७ लाख भुक्तानी गरी अतिरिक्त व्ययभार पारेको देखियो । विद्युत महसुल समयमा नै भुक्तानी नगरी थप व्ययभार पार्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

संयुक्त राष्ट्र संघ पार्क विकास समिति

४१. **उपलब्धि मूल्याङ्कन -** संयुक्त राष्ट्रसंघको ५० औँ वार्षिकोत्सवको अवसरमा वाग्मती नदीको शंखमुलदेखि टेकु दोभानसम्म ८२.९५ हेक्टर क्षेत्र वरिपरि सार्वजनिक जग्गाको संरक्षण, फोहोरमैला व्यवस्थापन, सास्कृतिक एवं धार्मिक स्थल संरक्षण र शहरी वातावरणमा सुधार ल्याउने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार २०५२ मा समिति गठन भएको देखिन्छ । यो वर्षको लागि कम्पाउण्डवाल, घेराबारा, सौन्दर्यकरण, शौचालय, पार्किङ, चौतारा, घाट आदि निर्माण गर्न रु.४ करोड ८० लाख विनियोजन भई रु.४ करोड २० लाख खर्च भएको छ । समितिलाई तोकिएका कार्यहरु सम्पन्न नहुँदै नेपाल सरकारको २०७५।४।२३ को निर्णयले यस समितिको सम्पत्ति र दायित्व अधिकार सम्पन्न वाग्मती सभ्यता विकास समितिमा बुझाउने गरी विघटन भएको छ । समितिले हालसम्म गरेका कार्य र भएको प्रगति सम्बन्धमा प्रतिवेदनसमेत तयार नगरी उक्त समितिलाई हस्तान्तरण गरेको देखिएन । जसले गर्दा भएको खर्च र सोको उपलब्धि मूल्याङ्कन गर्न सकिने अवस्था छैन ।

अनुगमन र बेरुजू

- **अनुगमन -** विगतको प्रतिवेदनमा उल्लेख भएका व्यहोरामध्ये विशिष्ट व्यक्तिहरुको लागि सेवा सुविधा उपलब्ध गराउँदा मापदण्ड तोक्नुपर्ने, जिल्ला आयुक्तको कार्यालय, काठमाडौंले वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बेगर खर्च गरेको, जग्गा एकीकरण आयोजनामा उपभोक्ताको योगदान समावेश नगरी निर्माण कार्य गराएको, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रले वक्यौता घरभाडा रकम असुल नगरेको लगायत व्यहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ । विगतका व्यहोरा पुनारावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति-** यो वर्ष मन्त्रलाय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यलयतर्फ ५८ निकायमा रु.५ अर्ब ८० करोड २४ लाख २८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१६ करोड ५१ लाख ९६ हजार फछ्यौंट गरेकोले रु.५ अर्ब ६३ करोड ७२ लाख ३२ हजार बाँकी रहेको छ । सोमध्ये रु.५ अर्ब २२ करोड १ लाख १७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - अन्य संस्था र समिति ३६ तर्फ रु.७५ करोड १८ लाख ३१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ लाख १० हजार फछ्यौंट गरेकोले रु.७५ करोड ११ लाख २१ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.४२ करोड ६ लाख ४९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा शिक्षा, विज्ञान तथा प्रविधि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा तथा विज्ञान प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालयहरु, नेपाल शिक्षा सेवाको सञ्चालन लगायत रहेका छन् । मन्त्रालय मातहतका १३६ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत कार्यालयको विनियोजन रु.४६ अर्ब ३५ करोड ८७ लाख, राजस्व रु.१ अर्ब १ करोड १३ लाख, धरौटी रु.३८ करोड ६३ लाख र अन्य कारोबार रु.५९ करोड ८४ लाखसमेत रु.४८ अर्ब ३५ करोड ४८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, समिति र अन्य संस्थासमेत ३६१ को रु.१ खर्ब ६५ अर्ब ७६ करोड २ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम :** चौधौं योजनामा शिक्षामा समतामूलक अवसर सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय सान्दर्भिक र गुणस्तरयुक्त बनाउने, सबै तह एवं विषयको शिक्षा र सीपमूलक तालिमको पहुँच अभिवृद्धि गर्ने, शैक्षिक प्रशासनमा निरन्तर सुधार गर्ने लगायतका उद्देश्य रहेको छ ।

मन्त्रालयबाट प्राप्त विवरण अनुसार विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन, विद्यालय भौतिक सुधार कार्यक्रम, स्थानीय तह मार्फत विद्यालय सञ्चालन, दलित तथा सीमान्तकृत वर्गका सबै तहको शिक्षा निःशुल्क बनाउने, भर्ना दरमा लैङ्गिक समता, व्यावसायिक सीप विकास तालिम लगायत कार्यक्रम सञ्चालन गरेको देखिन्छ । शैक्षिक सत्र २०७४ को तथ्याङ्क अनुसार प्राथमिक खुद भर्ना ९७.२ प्रतिशत, आधारभूत तह कक्षा (६–८) ९२.३ प्रतिशत, माध्यमिक तह कक्षा (९-१२) को खुद भर्ना दर ४३.९ प्रतिशत पुगेको देखिन्छ । साक्षरतादर (१५-२४ वर्षको) २०७४।७५ मा ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ८८.६ प्रतिशत उपलब्धि भई समग्रमा साक्षरता प्रतिशत ६६.९ पुगेको देखिन्छ । कक्षा १२ सम्मको माध्यमिक शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क तुल्याउने, आधारभूत तहको दरबन्दी समायोजन तथा माध्यमिकतहमा शिक्षकको विषयगत आवश्यकता यकिन गर्नुपर्ने तथा कक्षा ११ र १२ मा अनौपचारिक तथा बैकल्पिक कक्षा सञ्चालन लगायतका कार्य सम्पन्न हुन सकेको छैन । नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रम सञ्चालन गरी अपेक्षित उपलब्धि हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२. **संगठन संरचना –** विद्यालय शिक्षाका समग्र नीति, योजना र कार्क्रमहरुलाई देशव्यापी रुपमा कार्यान्वयन र अनुगमन गर्ने निकायका रुपमा रहेको शिक्षा विभागमा संगठनात्मक फेरबदल गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र गठन भएको छ । क्षेत्रीयस्तरमा रहेका निर्देशनालय र शैक्षिक तालिम केन्द्र २९ खारेज भई प्रत्येक प्रदेशका सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय र १/१ शिक्षा तालिम केन्द्र रहने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयलाई जिल्ला प्रशासन कार्यालय अन्तर्गत शिक्षा विकास तथा समन्वय इकाईको रुपमा राखेकोमा पुनः २०७५ माघदेखि मन्त्रालय मातहतको इकाईको रुपमा कायम गरेको छ । प्रत्येक स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था गरेको छ । संगठन संरचना तथा कार्यक्षेत्र सम्बन्धमा यकिन गरी स्थायित्व कायम हुनुपर्दछ ।

३. **बजेट र खर्चको स्थिति** - मन्त्रालय र मातहतको लागि यो वर्ष चालु खर्चतर्फ रु.१ खर्व २६ अर्ब ३३ करोड ७५ लाख र पूंजीगततर्फ रु.४० करोड ८० लाखसमेत रु.१ खर्ब २६ अर्ब ७४ करोड ५५ लाख विनियोजन भएकोमा क्रमशः रु.१ खर्ब ४ अर्ब ५७ करोड ७३ लाख (८२.७७ प्रतिशत) र रु.२४ करोड ३८ लाख (५९.७५ प्रतिशत) समेत रु.१ खर्ब ४ अर्ब ८२ करोड ११ लाख (८२.७० प्रतिशत) खर्च भएको छ ।

चालु खर्चमध्ये कर्मचारी पारिश्रमिक सुविधा, शिक्षक पारिश्रमिक सुविधा, प्रशासनिक खर्च, कार्यक्रम र अनुदान खर्चको स्थिति निम्नानुसार रहेको छ :

(रु.लाखमा)

सि.नं.	खर्च विवरण	खर्च	प्रतिशत
	पारिश्रमिक र अन्य सुविधा खर्च	**७३,६७,६२**	**७०.२९**
१	कर्मचारी तलब भत्ता	१,०२,५३	०.९८
२	विद्यालय शिक्षक तलब भत्ता (सहयोगी कार्यकर्ताको समेत)	६१,१९,७६	५८.३८
३	विद्यालय शिक्षक सेवा निवृत्त सुविधा	११,४५,३३	१०.९३
	अनुदान र अन्य खर्च	**३१,१४,४९**	**२९.७१**
४	कार्यालय सञ्चालन (प्रशासनिक) खर्च	२८,३४	०.२७
५	कार्यक्रम तथा तालिम गोष्ठी खर्च	१,९७,५६	१.८८
६	सर्शत चालु अनुदान (सामुदायिक विद्यालय)	६,७४,८२	६.४४
७	सर्शत चालु अनुदान (विश्वविद्यालय, परिषद्, समिति)	१०,१५,४०	९.६९
८	सर्शत पुँजीगत अनुदान (सामुदायिक विद्यालय)	८,०३,५२	७.६७
९	सर्शत पुँजीगत अनुदान (विश्वविद्यालय, परिषद्, समिति)	१,६६,६३	१.५९
१०	छात्रवृत्ति तथा अन्य	२,२८,२२	२.१७
	जम्मा:	**१,०४,८२,११**	**१००.००**

शिक्षा क्षेत्रको (स्थानीय तहको समेत) कुल चालु खर्चमध्ये कर्मचारी र विद्यालय शिक्षकको पारिश्रमिक तथा सुविधाको लागि ७०.२९ प्रतिशत खर्च भएको छ भने कार्यक्रम सञ्चालन, छात्रवृत्ति र अनुदानमा २९.७१ प्रतिशत खर्च भएको छ । मन्त्रालयबाट सामुदायिक विद्यालय, सामुदायिक क्याम्पस, पोखरा र पूर्वाञ्चल विश्वविद्यालयमा प्रदान गरेको अनुदान निकासा प्रक्रियाको लेखापरीक्षण यस कार्यालयबाट गरिए तापनि ती निकायले गरेको खर्चको लेखापरीक्षण दर्तावाल लेखापरीक्षकबाट हुने गरेको छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः क्षिक्षा सम्बन्धी नीति तथा बजेट कार्यान्वयन नभएको, शैक्षिक परामर्श संस्थालाई कारबाही नभएको, शिक्षा क्षेत्रको दुई तिहाईभन्दा बढी बजेट तलब भत्तामा खर्च भएको, निजी कलेजले छात्रवृत्ति कोटा नदिएको, खर्च नभएको सशर्त अनुदानको रकम सञ्चितकोष दाखिला नभएको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, मापदण्ड विपरीत शुल्क असुल गर्ने संस्थागत विद्यालयलाई कारबाही नभएको, उत्तरपुस्तिका अधिक मौज्दात रहेको, सामुदायिक विद्यालयको नतिजा कमजोर रहेको, अनियमित निकासा दिई रोक्का राख्ने गरेको, विद्यालयलाई पर्याप्त आधार बेगर तथा बढी निकासा दिएको, विद्यालय भवनलगायत पूर्वाधार निर्माण कार्य सम्पन्न नगरेको, सम्बन्धन दिएका क्याम्पसको प्रभावकारी अनुगमन नभएको, दुर्गमको सट्टा सुगममा तालिम सञ्चालन गरेको, त्रिभुवन विश्वविद्यालयका सबै निकायले लेखापरीक्षण नगराएको, जग्गा संरक्षण नभएको, मेसिन उपकरण प्रयोगमा नआएको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

४. **विदेशी शिक्षण संस्थाबाट सम्बन्धन** - विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा विदेशी शिक्षण संस्थाको सम्बन्धन लिई नेपालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले मन्त्रालयको स्वीकृति लिनुपर्ने तथा नवीकरण प्रयोजन तथा शैक्षिक गुणस्तर नियन्त्रणका लागि मन्त्रालयबाट अनुगमन गर्ने व्यवस्था छ । २०७५ आषाढ मसान्तसम्म ८७ संस्थाले शिक्षण अनुमति प्राप्त गरेकोमा ८३ संस्थाको अनुमति पत्र नवीकरण भएको छ । नवीकरण नगरी सञ्चालन भएका शिक्षण संस्थाको अनुगमन गरी कारबाही गर्नुपर्दछ ।

उक्त ८७ शिक्षण संस्था सञ्चालनको लागि रु.२१ करोड १३ लाख २५ हजार सम्बन्धित संस्थाकै धरौटी खातामा रहेको छ । उक्त रकम मन्त्रालयको सिफारिस बेगर कारोबार गर्न नपाउने गरी खाता रोक्का राखेतापनि करारको शर्तनामा बमोजिम काम नगरेमा मन्त्रालयले जफत गर्न सक्ने अवस्था छैन । ती शिक्षण संस्थाले प्रदान गर्ने शिक्षाको गुणस्तर, परीक्षा प्रणाली, मुल्याङ्कन पद्धति र पाठ्यक्रम सम्बन्धमा अनुगमन सूचकहरु तयार गरी मन्त्रालयबाट प्रभावकारी अनुगमन, मूल्याङ्कन हुनुपर्दछ ।

५. **मनसायपत्र** - प्राविधिक विषयको स्नातक तह भन्दा माथिको अध्ययन अध्यापन गराउनका लागि पूर्वाधार चरणमा नै मन्त्रालयबाट मनसायपत्र लिनुपर्दछ । मनसाय पत्र सम्बन्धमा २०७३।४।३० देखि २०७४।२।१९

सम्म विभिन्न विषयको नवीकरण, नयाँ निवेदन, सम्झौता, कार्यक्रम थप लगायतका लागि १३७ निवेदन परेकोमध्ये नयाँ ६७ मागकर्तालाई मनसायपत्र दिएको छ भने अन्य निवेदन सम्बन्धमा निर्णय गरेको देखिएन ।

६. **शैक्षिक परामर्श संस्था -** शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०७३ बमोजिम स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई विषय, तह र शिक्षण संस्था छनौट गर्न, शिक्षण संस्थामा प्रवेशका लागि तयारी गर्न परामर्श सेवा दिने व्यवस्था छ । यस कार्यका लागि २०६९ सालदेखि यो वर्षसम्म २ हजार १०६ संस्थाले स्वीकृतिका लागि आवेदन दिएकोमा ६३३ आवेदन स्वीकृतिको प्रक्रियामा रहेको र यो वर्ष नवीकरणका लागि ४२७ संस्थाले आवेदन दिएकोमा नवीकरणसम्बन्धी निर्णय नभएको देखिन्छ ।

निर्देशिकाको दफा १३ मा संस्थाको प्रगतिको अवस्था, सेवाको गुणस्तर, संस्थाले लिने शुल्क, पारदर्शिता, कार्यालयको नियमितता, सेवाग्राहीसँग गरेको सम्झौता तथा कार्यान्वयन अवस्था र संस्थाको कार्यकुशलताको विषयमा मन्त्रालयले अनुगमन गर्ने उल्लेख भएकोमा मन्त्रालयबाट अनुगमन तथा नियन्त्रण हुनसकेको पाइएन । त्यस्ता संस्थाको सम्बन्धमा २१ उजुरी परेकोमा छानबिन गरी कार्यबाही भएको छैन । निर्देशिकाको व्यवस्था अनुसार प्रभावकारी अनुगमन नियन्त्रण हुनुपर्दछ ।

७. **छात्रवृत्ति** - छात्रवृत्ति ऐन, २०२१ तथा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी(पहिलो संशोधन) निर्देशिका, २०५९ बमोजिम निजी लगानीमा सञ्चालन हुने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ मा अनुमति प्राप्त शिक्षण संस्थाले स्वदेशी लगानीकर्ता भए कूल क्षमताको १० प्रतिशत र विदेशी लगानीकर्ता भए २० प्रतिशत सिट छात्रवृत्ति नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सञ्चालनमा रहेका शिक्षण संस्थाहरुमध्ये चिकित्सा शिक्षाको स्नातक तहबाहेक ईन्जिनियरिङ्ग, कृषि लगायत अन्य कार्यक्रममा स्नातक तथा स्नातकोत्तर र चिकित्सा क्षेत्रको स्नातकोत्तर तहमा छात्रवृत्ति उपलब्ध गराएको देखिएन । छात्रवृत्ति सम्बन्धमा विगत वर्षदेखि औंल्याएकोमा सुधार भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन:

७.१. मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७३ देखि २०७५ आषाढसम्म छात्रवृत्तिमा ९ हजार ४ सय विद्यार्थी विदेश अध्ययन गर्न गएको देखिन्छ । चिकित्सा शिक्षासम्बन्धी विषयको अध्ययन गर्न विदेश जाने विद्यार्थीलाई २०६२ देखि कबुलियतनामा गराउने गरेकोले अध्ययन समाप्त गरी फर्केपछि ती विद्यार्थीले प्रतिवेदन दिने गरेको देखिन्छ भने अन्य विषय अध्ययन गर्ने विद्यार्थीले मन्त्रालयमा प्रतिवेदन दिने गरेको देखिएन । अध्ययन समाप्त गरी फर्केका विद्यार्थीबाट प्रतिवेदन लिई कबुलियतनामाबमोजिम सेवा गरे नगरेको अभिलेख राख्नुपर्दछ ।

७.२. छात्रवृत्ति ऐन तथा नियमावली बमोजिम छात्रवृत्ति प्राप्त व्यक्तिले अध्ययन समाप्त गरेपछि नेपाल सरकार वा सरकारको स्वामित्वमा रहेको संस्थामा ५ वर्ष सेवा गर्नुपर्ने कबुलियतनामा गरे अनुसार सन् २०१० देखि २०१२ सम्म रुस लगायत ५ देशमा इन्जिनियरिङलगायत विषयमा २५ जनाले अध्ययन समाप्त गरी फर्केकोमा कबुलियतनामाबमोजिम सेवा प्रदान गरेको देखिएन । अत: ऐन नियममा भएको व्यवस्था कार्यान्वयन गराउनुपर्दछ ।

८. **अनुदान निकासा :** मन्त्रालयले विश्वविद्यालय अनुदान आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, मडिकल कलेज पूर्वाधार विकास समिति लगायतका ११ निकायमा चालुतर्फ रु.१० अर्ब ८५ करोड ९१ लाख तथा पुँजीगततर्फ रु.३ अर्ब ८७ करोड ७६ लाखसमेत रु.१४ अर्ब ७३ करोड ६७ लाख सशर्त अनुदान उपलब्ध गराएकोमा मन्त्रालयले अनुदानसम्बन्धी नीति तर्जुमा गरेको छैन ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा अनुदान दिएको रकमको आयव्यय विवरण, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी अनुगमन मूल्याङ्कन गर्ने दायित्व सम्बन्धित मन्त्रालयको हुने व्यवस्था छ । अनुदान रकमबाट ती निकायले सम्पादन गरेका कामको सम्बन्धमा मन्त्रालयबाट अनुगमन नभएको हुँदा अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको बाहेक अन्य सबै रकम खर्च नभएकोमा फ्रिज हुनुपर्ने व्यवस्था विपरीत देहायका ११ निकायमा सशर्त अनुदान स्वरुप गएको रु.३ अर्ब ३७ करोड ४० लाख ५३ हजार मौज्दात देखिएकोले सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

(रु.हजारमा)

सि.नं	निकायको नाम	मौज्दात रकम
१.	विश्वविद्यालय अनुदान आयोग	२,५८,२५,६३
२.	त्रि.वि.उच्च सुधार परियोजना	१,५८,१०
३.	खुला विश्वविद्यालय	७,७७,३८
४.	डा.डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय	७,७०
५.	शहिद प्रतिष्ठान, नेपाल	४,६२,८२
६.	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	४६,७२,२२
७.	मनमोहन पोलिटेक्निक स्मृति प्रतिष्ठान	५,५९
८.	मेडिकल कलेज पूर्वाधार निर्माण वि. समिति	१०,९४,४०
९.	ईन्जीनियरिग पूर्वाधार विकास समिति	३७,७५
१०.	मध्य पश्चिमाञ्चल विश्वविद्यालय	५,००,००
११.	नेपाल संस्कृत विश्वविद्यालय	१,९८,९४
	जम्मा	**३,३७,४०,५३**

८.२. त्रिभुवन विश्वविद्यालयलाई पुँजीगत रु.३७ करोड १५ लाखसमेत रु.६ अर्ब ३५ करोड ८९ लाख,काठमाडौं विश्वविद्यालयलाई रु.८ करोड र पूर्वाञ्चल विश्वविद्यालयलाई रु.६ करोड सशर्त अनुदान गएकोमा ती निकायमा बचत रकम यकिन गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

८.३. मन्त्रालयले संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको एक गैरसरकारी संस्थालाई द्धन्द्ध पीडित परिवार शिक्षा कार्यक्रम अर्न्तगत १ हजार ५०० विद्यार्थीलाई निशुल्क पठन पाठन, खाने वस्ने सुविधा आदि कार्य गर्न चालुतर्फ रु.११ करोड ४७ लाख ८१ हजार र पूंजीगत तर्फ रु.४ करोड ७३ लाख ८७ हजार समेत रु १६ करोड २१ लाख २८ हजार अनुदान दिएको छ । अनुदान सम्बन्धी नीति तय नगरी गैरसरकारी संस्थालाई विद्यालय सञ्चालन गर्न अनुदान दिनु उचित होइन ।

९. **छात्रवृत्ति निकासा -** यो वर्ष छात्रवृत्ति वितरण गर्न बुढानिलकण्ठ स्कूललाई रु.५ करोड ५० लाख, गण्डकी बोर्डिङ्ग स्कूललाई रु.१ करोड ५० लाख र अन्य २ संस्थालाई रु.११ लाख गरी रु.७ करोड ११ लाख अनुदान निकासा दिएको छ । मन्त्रालयले छात्रवृत्ति अनुदान सम्बन्धमा नीति तर्जुमा नगरी पटके निर्णयको आधारमा निकासा दिने गरेको छ । मन्त्रालयले प्रदान गरेको रकमबाट ती बिद्यालय/संस्थाले छात्रवृत्ति बितरण गरे नगरेको सम्बन्धमा अनुगमन मूल्याकन गरेको देखिएन ।

१०. **छात्रा शिक्षा कोष** - विनियोजित बजेटबाट छात्रा शिक्षा कोष सञ्चालन गर्ने प्रयोजनको लागि २०६१।६२ देखि हालसम्म निकासा दिएको रु.४६ करोड ८६ लाख ६९ हजार उक्त कोषमा मौज्दात छ । तत्काल कार्यविधि बनाई कोषको रकम उपयोग गर्न सार्वजनिक लेखा समितिबाट २०७२।१०।२४ मा निर्णय भएतापनि कार्यविधि नबनाएकोले खर्च भएको छैन । उक्त रकम संचितकोष दाखिला गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि औल्याइदै आएकोमा स्थिति यथावत छ ।

११. **लेखापरीक्षण -** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमबीच प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति सुधार गर्ने उद्देश्यले अमेरीकी डलर ५० लाख लागत हुने गरी २०७१।१२।१३ मा भएको सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भएकोमा २०७७।०९।१६ सम्म म्याद थप भई सञ्चालनमा रहेको छ । गतवर्ष सोझै भुक्तानी हुनेगरी रु.३ करोड विनियोजन गरी वार्षिक कार्यक्रम तथा आर्थिक विवरणमा समावेस भई रु.१ करोड ७२ लाख ६५ हजार खर्च गरेकोमा लेखापरीक्षणको लागि स्रेस्ता पेस नभएको व्यहोरा उल्लेख गरेकोमा यो वर्ष वार्षिक बजेट तथा कार्यक्रममा समावेश नै नगरी अमेरीकी डलर २ लाख २० हजार २३२ खर्च गरेको विवरण उपलब्ध गराएतापनि आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षणको लागि पेस हुन आएन ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

१२. **वार्षिक लक्ष्य/प्रगति** – साविक शिक्षा विभागको लागि यो वर्ष ६ बजेट उपशीर्षकमा रु.३२ करोड ११ लाख ८ हजार बजेट व्यवस्था भएकोमा रु.१९ करोड ८३ लाख ७४ हजार (६२ प्रतिशत) खर्च भएको छ । सोमध्ये कार्यक्रम बजेटतर्फ ५ बजेट उपशीर्षकमा १४३ क्रियाकलापका लागि रु.२४ करोड ९२ लाख ७८ हजार विनियोजन भएकोमा १०२ क्रियाकलापको लागि रु.१४ करोड ४५ लाख ७४ हजार (५८ प्रतिशत) खर्च गरेको छ । स्वीकृत कार्यक्रममध्ये रु.५ करोड ७९ लाख ७० हजारको ४१ क्रियाकलाप कार्यान्वयन गरेको पाइएन । केन्द्रीय निकायबाटै कार्यक्रम कार्यान्वयन नगर्नु उचित देखिएन ।

१३. **कार्यक्रम कार्यान्वयन संयन्त्र –** संघीयता कार्यान्वयन गर्ने क्रममा मन्त्रालय तथा अन्तर्गतका निकायको संगठनात्मक स्वरुपमा फेरबदल भई संघ, प्रदेश र स्थानीय तहबाट विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको छ । दातृ निकायसँग सोधभर्नामा आधारित सम्झौता गरेको र सूचकका १० वटै क्षेत्रमा उल्लेख भएका सालबसाली नतिजाहरु प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने तथा स्थानीय तहबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा खर्च तथा कार्यक्रमको प्रगति सम्बन्धमा प्रतिवेदन गर्ने प्रणालीको व्यवस्थापन गर्नु जरुरी छ । कार्यसञ्चालन र प्रगति प्रतिवेदनका लागि तीन तहका निकायबीच समन्वय गर्ने उचित संयन्त्रको परिचालन गर्नुपर्दछ ।

१४. **शैक्षिक नक्साङ्कन –** सामुदायिक, निजी लगायत सबै प्रकारका विद्यालयहरुको सबै प्रकारका सूचना, तथ्याङ्क तथा विद्यालय रहेको स्थान समेत नक्सामा खुल्ने गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा भौगोलिक सूचना प्रणाली विकास गर्ने कार्यक्रम २०७०।७१ बाट शुरु गरेको देखिन्छ । यो वर्ष ४ क्रियाकलापको लागि रु.२७ लाख ८० हजार बजेट व्यवस्था भएकोमा परामर्श सेवामा रु.८ लाख ७० हजार समेत रु.१० लाख ९० हजार खर्च गरेको छ । उक्त कार्यक्रम यो वर्षसम्म सम्पन्न भएको छैन । प्रत्येक वर्ष बजेट तथा कार्यक्रम राख्ने र खर्च गर्ने गरेतापनि यो कार्यक्रममा हालसम्म भएको खर्च र प्रगतिको एकीकृत अभिलेख राखेको नदेखिँदा उपलब्धिको स्थिति मूल्याङ्कन गर्न सकिएन ।

१५. **परामर्श सेवा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । यो वर्ष केन्द्रबाट निम्न कार्यको लागि परामर्शदाता नियुक्ति गरी रु.२ करोड ११ लाख १ हजार खर्च लेखेको छ ।

क्र. सं.	कार्यक्रम	खर्च (रु.हजारमा)
१	शैक्षिक नक्साङ्कनसम्बन्धी कार्य गर्ने	८,७०
२	सामुदायिक विद्यालयमा उपलब्ध छात्रवृत्ति रकमको प्रभावकारिता अध्ययन र सुधारका क्षेत्रहरु पहिचान गर्ने	१४,६८
३	सामुदायिक विद्यालयको वित्तीय व्यवस्थापन सम्बन्धमा अध्ययन गर्ने	११,५७
४	संघीय प्रणालीमा शिक्षक व्यवस्थापन सम्बन्धमा अध्ययन गर्ने	१३,६३
५	आयोजना हिसाब (वित्तीय विवरण) तयार गर्ने	४,४१
६	चौमासिक र वार्षिक स्थिति (प्रगति) विवरण तयार गर्ने	९,२९
७	भूकम्पबाट प्रभावित विद्यालयको रेक्ट्रोफिटिङ्ग गर्न ड्रइङ्ग, डिजाइन र लागत अनुमान तयार गर्ने	१,४८,७३
	जम्मा:	**२,११,०१**

१५.१. उपर्युक्तमध्ये छात्रवृत्तिको प्रभावकारिता, वित्तीय व्यवस्थापन अध्ययन र शिक्षक व्यवस्थापन अध्ययन गर्न स्वीकृत कार्य विवरणमा सो अध्ययनबाट प्राप्त हुने उपलब्धि, प्रतिवेदनको प्रयोग र प्रतिवेदनमा समावेश हुनुपर्ने विषयहरु सम्बन्धमा स्पष्ट उल्लेख गरेको देखिएन । जसबाट परामर्शदाताले जे जस्तो प्रतिवेदन दिएतापनि स्वीकार गर्नुपर्ने अवस्था रहेको छ । उदाहरणको लागि छात्रवृत्ति अध्ययन सम्बन्धी कार्य विवरणमा छात्रवृत्ति वितरणको विद्यमान व्यवस्था पर्याप्त भए नभएको, छात्रवृत्ति रकम पर्याप्त एवं समयमा वितरण गरी विद्यार्थी लाभान्वित भए नभएको जस्ता विषयहरु समेटेको देखिएन । परामर्शदाताले पेस गरेको प्रतिवेदन तथ्याङ्कमा आधारित रहेको छैन । त्यस प्रकारको प्रतिवेदनको उपयोगिता पुष्टि हुने अवस्था देखिएन ।

१५.२. उपर्युक्त सबै खरिद सम्झौताको साधारण तथा विशेष सर्तमा परामर्शदाता फर्मका विज्ञ तथा कर्मचारीले काम गरेको अवधिको आधारमा पारिश्रमिक तथा वास्तविक खर्चको आधारमा अन्य खर्च सोधभर्ना दिने उल्लेख छ ।

तर सम्झौताको अनुसूचीमा विभिन्न चरणका प्रतिवेदन प्राप्त भएपछि निश्चित प्रतिशत भुक्तानी दिने उल्लेख गरेको कारण खर्च प्रमाणित गर्ने कागजात बेगर नै भुक्तानी दिएको छ । सम्झौताको सर्त अनुसार परामर्शदाता विज्ञहरुले काम गरेको अवधि प्रमाणित हुनुपर्ने तथा अन्य खर्चका बिल भरपाई प्राप्त गरी खर्च रकम यकिन गर्नुपर्दछ ।

वित्तीय विवरण, प्रगति विवरण तयारी जस्ता कार्य कार्यालयका जनशक्तिबाटै हुन सक्नेमा परामर्श सेवा लिएको उपयुक्त देखिएन ।

१६. **छात्रवृत्ति रकमको मौज्दात –** कक्षा ११ र १२ मा अध्ययरत २५ जिल्लाका विपन्न वर्गका विज्ञान विषय अध्ययन गर्ने छात्रछात्रालाई वार्षिक रु.२४ हजार र अन्य विषय अध्ययन गर्नेलाई रु.१८ हजारका दरले छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमअनुसार विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिलाई छात्रवृत्ति वितरण गर्न रु.३ करोड ६ लाख र व्यवस्थापन खर्च रु.४७ लाख ३० हजार समेत रु.३ करोड ५३ लाख ३० हजार निकासा दिएको छ । मन्त्रालय, केन्द्र र समितिबीच भएको सम्झौतामा खर्च नभई बाँकी रहेको रकम केन्द्रमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । समितिलाई गएको निकासामध्ये रु.९४ लाख ४ हजार खर्च नभई बाँकी रहेकोले सो रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१७. **संस्थागत विद्यालयको शुल्क अनुगमन –** शिक्षा ऐन तथा नियमावलीमा संस्थागत (निजी) विद्यालयहरुले विद्यार्थीबाट लिने शुल्क सम्बन्धमा केन्द्रलगायतका निकायबाट अनुगमन गर्ने व्यवस्था छ । संस्थागत विद्यालयहरुले मनपरी शुल्क असुल गरेकोले छानबिन तथा कारबाही गरी शुल्क फिर्ता गर्न विभिन्न विद्यार्थी संगठनले माग गरे अनुसार मन्त्रीस्तरीय निर्णयबाट मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयका निर्देशकको संयोजकत्वमा अभिभावक तथा ५ विद्यार्थी संगठनका प्रतिनिधि समावेश गरी संस्थागत विद्यालय शुल्क अनुगमन कार्यदल गठन गरेको देखिन्छ । सो कार्यदलले उपत्यकाका १८ संस्थागत विद्यालयले लिने गरेका शुल्क सम्बन्धमा अनुगमन गरी २०७५।३।१९ मा प्रतिवेदन पेस गरेको छ ।

कार्यदलको प्रतिवेदनमा विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ मा उल्लेख भएकोभन्दा फरक शीर्षकमा समेत शुल्क लिने गरेको, शुल्क गणना गर्दा शिक्षा नियमावली, २०५९ को अनुसूची २२ (ख) को मापदण्ड नअपनाएको, आफुखुसी शुल्कका शीर्षक राखेको, स्थानीय तहबाट शुल्क सम्बन्धी स्वीकृति नलिएको, शुल्क निर्धारणमा अभिभावकको पर्याप्त सहभागिता नभएको, शिक्षक र कर्मचारीलाई न्यूनतम सुविधारपारिश्रमिक उपलब्ध नगराएको, नियमपूर्वक छात्रवृत्ति पाउनेको नाम छनौट नभएको, लक्षित वर्ग नसमेटेको, छात्रवृत्ति नै नदिएको, समान प्रकृतिको विद्यालयको शुल्क फरक फरक रहेको, भौतिक पूर्वाधार सम्बन्धी मापदण्ड पुरा नगरेको, शौचालय तथा भान्छाघर स्वच्छ सफा नरहेको जस्ता कैफियतहरु औंल्याएको पाइयो ।

त्यस्ता विद्यालयहरुलाई कारबाही गर्नुपर्ने लगायत १२ वटा सुझाउहरु पेस गरेकोमा सोको कार्यान्वयन भएको पाइएन । मन्त्रालयद्धारा जारी मापदण्ड, निर्देशिका, नियमावली विपरीत कार्य गर्ने विद्यालयलाई कारबाही हुनुपर्दछ ।

१८. **शिक्षक दरबन्दी पुनर्वितरण –** नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्संरचना भएपछि कायम तीन तह र क्षेत्र, अधिकारको बाँडफाँडको अवस्था, विद्यमान शिक्षक दरबन्दीको असमान वितरणको अवस्था र पुनर्वितरणको आवश्यकतालाई दृष्टिगत गरी मन्त्रिपरिषद्को २०७५।३।४ को निर्णयानुसार नेपाल सरकारका पुर्व सचिवको संयोजकत्वमा ९ सदस्यीय कार्यदल गठन भएको र सो कार्यदलले २०७५।५।२९ मा प्रतिवेदन पेस गरेको छ । सामुदायिक विद्यालयका शिक्षकहरुको तलबी प्रतिवेदन २०७४ अनुसार कक्षा १ देखि १२ सम्मको लागि राहत दरबन्दीका समेत १ लाख ५१ हजार ७४८ शिक्षक कार्यरत रहेको र २०७५ को फ्लास १ प्रतिवेदन तथा राष्ट्रिय परीक्षाबोर्डको २०७४ को प्रतिवेदन अनुसार कक्षा १ देखि १२ सम्म ५३ लाख ४८ हजार ५२२ विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । सो अनुसार शिक्षक विद्यार्थी अनुपात प्रदेशगत तथा भौगोलिक क्षेत्रगत रुपमा निम्नानुसार रहेको छ ।

शिक्षक विद्यार्थी अनुपातः

प्रदेश	कक्षा १ -५			कक्षा ६-८			कक्षा ९-१०			कक्षा ११ र १२		
	शिक्षक दरबन्दी संस्था	विद्यार्थी संस्था	प्रति शिक्षक विद्यार्थी	शिक्षक दरबन्दी संस्था	विद्यार्थी संस्था	प्रति शिक्षक विद्यार्थी	शिक्षक दरबन्दी संस्था	विद्यार्थी संस्था	प्रति शिक्षक विद्यार्थी	शिक्षक दरबन्दी संस्था	विद्यार्थी संस्था	प्रति शिक्षक विद्यार्थी
१	१९९०२	३८३३९१	१९.२६	५३६३	२२०२७१	४१.०७	३८०१	१३९९०४	३६.८१	१०१४	१२६८१९	६९.२७
२	१२८३४	५८४४६७	४५.५४	२६२९	२०६१७१	७८.४२	२१६९	११७७७३	५४.३	५९८	९५८६५	८८.७८
३	१९६४०	३५३६९५	१८.०१	५४६४	२१३८२३	३९.१३	४२७३	१३२१०८	३०.९२	१११४६	१०९५२६	५२.९३
गण्डकी	१५०१०	१८८६३३	१२.५७	४०१३	१३७९१६	३४.३७	३२३१	८६०२२	२६.६२	८९२	७५९८३	४७.१८
५	१४६४३	४६९७१८	३२.०८	३५१७	२४२१९७	६८.८६	२७३३	१२५४०७	४५.८९	७३९	९९५८७	७४.६३
कर्णाली	८३०२	२७७२७६	३३.४	१९२०	१३३७०३	६९.६४	१३०४	७३७२०	५६.५३	६००	४४४०५	४०.९९
सुदूर पश्चिम	१०३५४	३३३८६९	३२.२५	२७८१	१८५६०१	६६.७४	२००६	९६२७७	४७.९९	८७०	९४३९४	६०.०९
जम्माः	**१००६८५**	**२५९१०४९**	**२५.७३**	**२५६८७**	**१३३९६८२**	**५२.१५**	**१९५१७**	**७७१२११**	**३९.५१**	**५८५९**	**६४६५८०**	**६१.१२**

भौगोलिक क्षेत्रअनुसार शिक्षक विद्यार्थी अनुपातः

प्रदेश	कक्षा १-५			कक्षा ६-८			कक्षा ९-१०		
	हिमाल	पहाड	तराई	हिमाल	पहाड	तराई	हिमाल	पहाड	तराई
१	१५.६	१६.३	२२.३	३५.६	४०.३	४१.६	२७.३	३३.२	४२.२
२	-	-	४४.१	-	-	१०६.४	-	-	७४.०
३	१७.०	१९.४	१४.०	४५.४	४७.४	२७.२	३१.८	३८.०	२३.०
गण्डकी	३.१	१२.२	२३.१	४.१	३८.३	४७.०	५.४	२८.४	४२.८
५	-	२२.०	३२.७	-	४८.९	७३.२	-	३०.१	५१.६
कर्णाली	२९.७	२९.२	-	५२.८	७३.२	-	४३.७	५९.०	-
सुदूर पश्चिम	२५.३	२८.९	३४.९	४९.१	५२.०	१०१.२	३४.१	३४.७	६८.५
जम्मा	**२०.७**	**१९.६**	**३१.७**	**४३.९**	**४७.२**	**६४.१**	**३२.७**	**३५.०**	**४८.७**

माध्यमिक र निम्न माध्यमिक तहमा कार्यरत प्रमुख ३ विषयका शिक्षकको विवरणः

क्र.स	विवरण	माध्यमिक तह	निम्न माध्यमिक तह
१	गणित, विज्ञान र अङ्ग्रेजीशिक्षक (सोही तह र दरबन्दी कार्यरत)	७१	३३३
२	गणित र विज्ञान शिक्षक (सोही तह र दरबन्दी कार्यरत)	१०५८	१९२१
३	गणित र अङ्ग्रेजी शिक्षक (सोही तह र दरबन्दीमा कार्यरत)	१०२	३८२
४	विज्ञान र अङ्ग्रेजी शिक्षक (सोही तह र दरबन्दीमा कार्यरत)	१०४	३११
५	गणित शिक्षक सोही (तह र दरबन्दीमा कार्यरत)	१६०२	२०६१
६	विज्ञान शिक्षक (सोही तह र दरबन्दीमा कार्यरत)	१२१०	१४१५
७	अङ्ग्रेजी शिक्षक (सोही तह र दरबन्दीमा कार्यरत)	२३५४	३४३६
	जम्माः	**६५०१**	**९८५९**

उल्लिखित तालिका अनुसार शिक्षक दरबन्दी वितरण अवस्था असमान रहेको, आधारभुत तह सञ्चालन भएका २ हजार १२४ विद्यालयमा एउटापनि दरबन्दी नरहेको, आधारभूत तहमा ३६ हजार ३८३ शिक्षक दरबन्दी बढी रहेको, निम्न माध्यमिक तहमा २५ हजार ४२५ र माध्यमिक तहमा २३ हजार ७४४ दरबन्दी नपुग हुने देखिएको, प्रमुख ३ विषयकै विषयगत शिक्षक कार्यरत माध्यमिक विद्यालय संख्या ७१ र निम्न माध्यमिक विद्यालय संख्या ३३३ रहेको जस्ता अवस्था देखिन्छ । कार्यदलले समन्यायका हिसावले शिक्षक दरवन्दिको पुर्नवितरण गर्नुपर्ने, आधारभूत तहमा बहुकक्षा शिक्षण सिकाई विधि लागू गर्नुपर्ने लगायतका २३ सुझावहरु पेस गरेको देखिन्छ । उक्त प्रतिवेदन अध्ययन विश्लेषण गरी उपयुक्त सुझाउ कार्यान्वयन गर्न पहल गर्नुपर्ने देखिन्छ ।

१९. **टेलिसेन्टर निर्माण –** शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी भक्तपुरमा टेलिसेन्टर (रेकर्डिङ्ग स्टुडियो) तयार गर्न जग्गा विकास तथा भवन निर्माणमा रु.१ करोड ५० लाख ६१ हजार, फर्निचर तथा फर्निसिङ्गमा रु.२९ लाख २८ हजार र उपकरण खरिदमा रु.१ करोड १० लाख ६० हजार समेत कुल रु.२ करोड ९० लाख ४९ हजार खर्च भएको छ । भवन निर्माण कार्य २०७४ भाद्रमा समाप्त गरी हस्तान्तरण गरेकोमा २०७५

कार्तिकमा अवलोकन गर्दा स्टूडियो कक्ष (३ कोठा) मा पानी चुहिएको कारण स्टूडियो सञ्चालन नभएको र उक्त स्टुडियोमा रहेका उपकरणहरु समेत विग्रन सक्ने अवस्था देखिएको छ । भवन निर्माण कार्यको गुणस्तर तथा स्टूडियोमा रहेका उपकरणहरुको संरक्षण नहुने अवस्था सिर्जना भएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

शिक्षक सेवा आयोग

सामुदायिक विद्यालयका शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने, अध्यापन अनुमतिपत्र प्रदान गर्ने, शिक्षकको सेवा सर्त सुविधा सम्बन्धमा सुझाउ दिने लगायत कार्यको लागि शिक्षा ऐन, २०२८ बमोजिम २०५८।११।२५ मा आयोगको गठन भएको देखिन्छ ।

२०. **कार्यसम्पादन स्थिति –** अध्यापन अनुमतिपत्र जारी गर्ने, शिक्षक नियुक्तिको लागि दरखास्त सङ्कलन गर्ने, परीक्षा सञ्चालन गर्ने, कार्यसम्पादन मूल्याङ्कन तथा निर्णय गर्ने लगायत १३ कार्यक्रम सञ्चालन गर्न रु.१७ करोड १९ लाख ४५ हजार समेत रु.१९ करोड ५० लाख ५६ हजार विनियोजन भएकोमा कार्यक्रमतर्फ रु.६ करोड ३० लाख ३७ हजार (३७ प्रतिशत) समेत कुल रु.८ करोड ५२ लाख ७० हजार (४४ प्रतिशत) खर्च गरेको छ ।

आयोगबाट यो वर्ष सीमित प्रतिस्पर्धा (अस्थायी शिक्षक मात्र सहभागी हुन पाउने) तर्फ २२ हजार ७६ पदको लागि विज्ञापन गरेकोमा २२ हजार ७३१ दरखास्त सङ्कलन गरेको, उक्त विज्ञापनको लिखित परीक्षा सञ्चालन गरी १५ हजार २८२ परीक्षार्थी अन्तरवार्ताको लागि छनौट भएको देखिन्छ । यस्तै कार्यसम्पादन तर्फ ३ हजार ६०० जनाको मूल्याङ्कन गरी ६९१ जनालाई बढुवा सिफारिस गरेको, आन्तरिक प्रतियोगितातर्फ ३ हजार ४७० जना परीक्षामा सहभागी भएकोमा २३४ जनालाई बढुवा सिफारिस गरेको र अध्यापन अनुमतिपत्रतर्फ २२ हजार ९८६ जना परीक्षामा सहभागी भएकोमा ९५४ जना उत्तीर्ण भई ४९३ अनुमतिपत्र जारी गरेको छ ।

आयोगले खुला, आन्तरिक प्रतिस्पर्धा तथा बढुवा सम्बन्धी कार्य गर्न वार्षिक क्यालेण्डर तथा कार्य तालिका तयार गरी लागू गरेको छैन । आयोगबाट वर्षभरी गरिने कार्यको लागि वार्षिक क्यालेण्डर तथा कार्य तालिका बनाई लागू गर्नुपर्दछ ।

२१. **उत्तरपुस्तिका मौज्दात –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा खरिद गरिने मालसमानको आवश्यक्ता निर्धारण गर्नुपर्ने व्यवस्था छ । आयोगमा मुल १३ लाख १६ हजार ७६४ र थप ९ लाख ७ हजार ३७० समेत २२ लाख २४ हजार १३४ थान उत्तरपुस्तिका गत वर्षको मौज्दात रहेकोमा यो वर्ष मुल २ लाख ४ हजार र थप ७५ हजार समेत २ लाख ७९ हजार उत्तरपुस्तिका छपाई गरी रु.१४ लाख ८२ हजार खर्च गरेको छ । कुल २५ लाख ३ हजार १३४ थान उत्तरपुस्तिकामध्ये यो वर्ष मुल र थप गरी १ लाख ६ हजार ५५० (कुल मौज्दातको ४.२५ प्रतिशत) खपत भई २३ लाख ९६ हजार ५८४ थान (९५.७५ प्रतिशत) मौज्दात रहेको छ । उत्तरपुस्तिकाको अवस्था भौतिक परीक्षण गर्दा बिग्रँदै गएको देखिएको छ । गत वर्षको मौज्दात समेतलाई ध्यान दिई आवश्यक उत्तरपुस्तिका मात्र छपाई गर्ने र मौज्दातमा रहेको उत्तरपुस्थितका प्रयोगमा आउने गरी संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।

व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

नेपालमा व्यावसायिक शिक्षा र तालिम पद्धतिलाई सुदृढ बनाउने र बजारमुखी तालिममा समतामुलक पहुँच बढाउने उद्देश्यले नेपाल सरकार र विश्व बैकबीच २०७४।१०।७ मा सम्झौता भई यो परियोजना सञ्चालन भएको छ । विश्व बैकबाट एस.डी.आर.४ करोड २७ लाख ऋण उपलब्ध हुने र परियोजना अवधि १५ जुलाई २०२२ सम्म रहेको छ । यो वर्ष रु. ४८ करोड १० लाख ५१ हजार विनियोजन भएकोमा रु.२९ करोड १० लाख १४ हजार (६०.४९ प्रतिशत) खर्च गरी ६१.०९ प्रतिशत भौतिक प्रगति भएको उल्लेख छ ।

२२. **तालिम सञ्चालन** - उपत्यका बाहिर छोटो अवधि (३ महिना) को तालिम प्रदान गर्न १२ हजार ४० जनालाई वोलपत्रबाट छनौट भएका ४४ संस्थासँग २६ मार्च २०१८ देखि २६ जुन २०१८ सम्म सम्पन्न गर्नेगरी रु.५२ करोड ६४ लाख ४३ हजारको सम्झौता भएकोमा २६ प्याकेजको तालिम सम्पन्न गरी रु.१७ करोड ५६ लाख ९५ हजार भुक्तानी भएको छ । तर १८ प्याकेजले म्यादभित्र तालिम शुरु नै गरेको देखिएन ।

त्यसैगरी उपत्यकाभित्र सोही किसिमको तालिम ४ हजार जनालाई प्रदान गर्ने र ८ अप्रिल २०१८ देखि ८ जुलाई २०१८ सम्म सम्पन्न गर्न ४७ संस्थासँग रु दृइ करोड ज्ञद्ध लाख ठद्ध हजारको सम्झौता गरेकोमा म्याद समाप्त भइसक्दा पनि ४२ संस्थाले तालिम शुरु गरी प्रथम किस्ता १० प्रतिशतले हुन आउने रु.२ करोड ९४ लाख ९६ हजार भुक्तानी भएको छ भने ५ संस्थाले तालिम शुरु गरेको देखिएन । सम्झौता बमोजिमको कार्य सम्पन्न गर्नुपर्दछ ।

२३. **सीप परीक्षण** - अनौपचारीक रुपमा सीप सिकेका विभिन्न व्यक्तिको सीप परीक्षण गर्न राष्ट्रिय सीप परीक्षण समितिलाई रु.२ करोड ९३ लाख ३७ हजार भुक्तानी भएकोमा समितिसँग भएको सम्झौता बमोजिम निवेदन शुल्क, रजिष्ट्रेशन शुल्क, विविध र प्रमाणपत्र सहितको रु.४००।- बाहेक सबै लागत आयोजनाले व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । सीप परीक्षण गर्न चाहने व्यक्तिबाट आवेदन माग भएको एक राष्ट्रिय दैनिकमा २०७४।८।१२ मा प्रकाशित सूचनामा ब्युटिसियनतर्फ परीक्षणका लागि आवश्यक पर्ने सामान सहभागी आफैले व्यवस्था गर्नुपर्ने उल्लेख छ । उक्त भुक्तानीमा सम्झौता बमोजिम तह १ र २ को लागि सम्पूर्ण सामग्रीको रु.९२ लाख १३ हजार समेत समावेश छ । अत: सीप परीक्षणको लागि आवश्यक सम्पूर्ण सामग्रीको लागत परियोजनाबाट भुक्तानी भएकोमा ब्युटीसियनतर्फ तह १ का ३९९ सहभागीको रु.८८० को दरले रु.३ लाख ५१ हजार र तह २ को ५२९ सहभागीको रु.१ हजार ४६० को दरले रु.७ लाख ७२ हजार गरी जम्मा रु.११ लाख २३ हजार सहभागी स्वयंले व्यहोरेको अवस्थामा परियोजनाबाट समेत भुक्तानी भएकोले दोहोरो खर्च गर्न मिल्ने देखिँदैन ।

परीक्षा नियन्त्रण कार्यालय

२४. **माध्यमिक शिक्षा परीक्षा** - कार्यालयले कक्षा १० को अध्ययन सम्पन्न गरेका विद्यार्थीको लागि २०७२ देखि माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) सञ्चालन गर्दै आएको छ । शैक्षिक वर्ष २०७३ र २०७४ को एस.ई.ई.परीक्षामा नियमिततर्फ क्रमश: ४ लाख ४५ हजार ५६४ र ४ लाख ६६ हजार ९११ परीक्षार्थी समावेश भएकोमा नतिजा स्थिति निम्नानुसार रहेको छ:

ग्रेड			शैक्षिक सत्र २०७३ (परीक्षार्थी संख्या			शैक्षिक सत्र २०७४ (परीक्षार्थी संख्या		
	२०७३।७४	२०७४।७५	सरकारी विद्यालय	संस्थागत विद्यालय	जम्मा	सरकारी विद्यालय	संस्थागत विद्यालय	जम्मा
जि.पि.ए.	३.६५–४००	३.६-४.०	१,१६४	११,१२०	१२,२८४	२,८१५	१५,८६९	१८,६८४
जि.पि.ए.	३.२५–३.६०	३.२-३.६	६,३६१	३६,०६६	४२,४२७	१०,९८६	३८,५२९	४९,५१५
जि.पि.ए.	२.८५–३.२०	२.८-३.२	१७,२१५	३३,४३१	५०,६४६	२६,०३०	३४,३५०	६०,३८०
जि.पि.ए.	२.४५–२.८०	२.४-२.८	४१,४६६	२०,४८९	६१,९५५	५७,१३५	१९,९७३	७७,१०८
जि.पि.ए.	२.०५–२.४०	२.०-२.४	८१,७६४	९,५५०	९१,३१४	९८,८६९	७,९४६	१,०६,८१५
जि.पि.ए.	०–२.०	०.८-२.०	१,७९,४३२	४,९०९	१,८४,३४१	१,४७,८६९	३,३२९	१,५१,१९८
		जम्मा:	**३,२७,४०२**	**१,१५,५६५**	**४,४२,९६७**	**३,४३,७०४**	**१,१९,९९६**	**४,६३,७००**

उल्लिखित विवरण अनुसार सामुदायिक विद्यालयतर्फको नतिजा कमजोर देखिएको छ । भौतिक पूर्वाधार, शिक्षकको तलब भत्ता तथा शैक्षिक क्षेत्रमा लगानीको अनुपातमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर संस्थागत विद्यालयको तुलनामा न्यून रहेको सन्दर्भमा सोको मूल्याङ्कन गरी सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ । यससम्बन्धी व्यहोरा गत वर्ष पनि उल्लेख गरिएकोमा त्यसतर्फ कुनै अध्ययन भए गरेको देखिएन ।

शिक्षा विकास तथा समन्वय इकाईहरु

२५. **भवन तथा अन्य निर्माण** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७४।७५ अनुसार निर्माण कार्य समयमा नै सम्पन्न गर्न विद्यालय व्यवस्थापन समितिसंग प्रथम चौमासिकमा सम्झौता र जेष्ठ मसान्तमा कार्य सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष विद्यालयलाई भवन निर्माणतर्फ ७३ जिल्लाले उपलब्ध गराएको रु.३ अर्ब ९८ करोड ९२ लाखको निर्माण कार्य सम्पन्न भएको छैन । त्यसैगरी छात्रा शौचालयतर्फ रु.८४ करोड ३१ लाख २ हजार र मर्मततर्फ रु.२७ करोड १७ लाख ५५ हजारसमेत रु.५ अर्ब १० करोड ४० लाख ४४ हजारको कार्य सम्पन्न गरेको देखिएन । अत: निर्देशिका बमोजिम कार्तिक मसान्तसम्म सम्झौता गरी जेष्ठ मसान्तसम्म कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ । समयमा कार्य सम्पन्न नगर्नेलाई अनुदान नदिने गरी व्यवस्थापन गर्नुपर्दछ ।

कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पुस्तकालय व्यवस्थाका लागि ४६ जिल्लाका ७०७ विद्यालयलाई रु.४३ करोड १७ लाख ३० हजार र कम्प्युटर ल्याब व्यवस्थापनको लागि ८२७ विद्यालयलाई रु.४४ करोड २७ लाख अनुदान निकासा दिएकोमा लक्ष्य बमोजिम कार्य सम्पन्न भएको पुष्ट्याई हुने अनुगमन प्रतिवेदन पेस हुनुपर्दछ ।

२६. **निकासा रोक्का** केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७४।७५ मा यो वर्षको लागि निकासा भएका रकमहरु यसै वर्ष खर्च गर्ने उल्लेख छ । सो अनुसार सामुदायिक विद्यालयहरुमा निकासा गएको रकम मौज्दात राखी आगामी वर्ष खर्च गर्न मिल्ने देखिँदैन । लेखापरीक्षणको क्रममा शिक्षा विकास तथा समन्वय इकाई दोलखा, रौतहट, बाँके, रोल्पा र स्याङ्जाले भवन तथा पुस्तकालय स्थापनासम्बन्धी कार्यक्रम सञ्चालन गर्न निकासा दिएको रकम सम्बन्धित विद्यालयले खर्च गर्न रोक लगाई रु.३२ करोड ४ लाख १७ हजार रोक्का गर्न बैङ्कलाई पत्राचार गरेको देखिएको छ । चालु वर्ष खर्च हुन नसक्ने अवस्थामा विद्यालयलाई निकासा नै गर्न नहुनेमा आर्थिक वर्षको अन्तमा निकासा दिई रोक्का राख्न आदेश दिने पदाधिकारीलाई कारवाही गरी खर्च नभई बाँकी रहेको रकम संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

शिक्षा विकास तथा समन्वय इकाई, धनकुटाले निर्देशिकामा उल्लेख भएअनुसार समयमै विद्यालय छनौट र सम्झौता नगरी काम शुरु नै नगरेका १३१ विद्यालयलाई २०७५।३।२८ मा एकमुष्ट रु.७ करोड ४४ लाख १० हजार निकासा दिई सोही मितिमा राष्ट्रिय वाणिज्य बैंक, धनकुटालाई पत्राचार गरी निकासा रोक्का राखेको छ । समयमा विद्यालय छनौट नगर्ने, विद्यालयलाई सुचित नगर्ने, सम्झौता नगर्ने र आषाढ अन्तिममा एकमुष्ट निकासा दिई निकासा रकम रोक्का राख्ने कार्यमा संलग्न पदाधिकारीलाई कारवाही हुनुपर्दछ ।

२७. **प्रौढ कक्षालाई अनुदान –** कार्यक्रम कार्यान्बयन निर्देशिका, २०७४/७५ अनुसार अनौपचारीक प्रौढ कक्षा विद्यालय (कक्षा ९-१०) हरुलाई अनुदान निकासा गर्नु भन्दा पहिले नै सम्बन्धित जिल्ला शिक्षा अधिकारी वा विद्यालय निरीक्षकबाट स्थलगत निरिक्षण गरी तोकिए बमोजिमको विद्यार्थी सङख्या नियमित रुपमा अध्ययनरत भएमा मात्र निकासा दिने व्यबस्था छ । तोकिएको संख्याका विधार्थी नियमित रुपमा अध्ययनरत भए नभएको अध्ययन नै नगरी शिक्षा विकास तथा समन्वय इकाई, काठमाडौंले ३७ बिद्यालयलाई रु.१ करोड २ लाख २२ हजार निकासा दिएको छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उक्त व्यवस्था विपरीत निकासा भएको रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

२८. **मर्मत सम्भार निकासा –** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४।७५ अनुसार विद्यालयको मर्मत सम्भार गर्न प्रतिकक्षा कोठा अधिकतम रु.५० हजार उपलब्ध गराउन सकिने, विद्यालयले कुल लागतको कम्तिमा ५० प्रतिशत श्रमदान जुटाउनुपर्ने र प्रति विद्यालय बढीमा ४ कक्षा कोठाको लागि रु.२ लाखसम्म अनुदान दिने व्यवस्था छ । शिक्षा विकास तथा समन्वय इकाई, काठमाडौंले साविक शिक्षा विभागको इन्जिनियरद्वारा हस्ताक्षरित २०७५।३।२९ को पत्रबाट निर्देशिका विपरीत हुने गरी काठमाडौंको एक विद्यालयलाई २०७५।३।२७ मा रु.३० लाख निकासा दिएको छ । कार्यक्रम संशोधन तथा विभागीय निर्णय बेगर एक कर्मचारीले पत्र पठाएको आधारमा निकासा गरेको उक्त रकम सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई असुल हुनुपर्दछ ।

२९. **गुणस्तर सुधार र व्यवस्थापन :** नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ अनुरुप गुरुयोजना निर्माण गरी स्वीकृत गराउने र स्वीकृत गुरुयोजनाका आधारमा रकम निकासा गर्ने व्यवस्था रहेकोमा गुरुयोजनास्वीकृत भई कार्यान्वयनमा नआएसम्म निकासा नदिने व्यवस्था छ । ४६ जिल्लाका ९८ विद्यालयलाई रु.८ करोड ६५ लाख ६० हजार गुरुयोजना तयार गर्न तथा न्यूनतम सुविधा लगायत गुणस्तर व्यवस्थापन समेतमा अनुदान दिएकोमा सम्बन्धित विद्यालयबाट निर्देशिकाको व्यवस्था बमोजिम गुरुयोजना तयार गरी कार्यान्वयन भएको प्रमाण तथा अनुगमन प्रतिवेदन पेस हुनुपर्दछ ।

३०. **दिवा खाजा :** सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ तथा कार्यक्रम कार्यान्वयन निर्देशिकाअनुसार तोकिएका १४ जिल्लाका सबै र अन्य जिल्लाका लक्षित समूहका बालबालिकालाई प्रतिदिन रु.१५।– का दरले १८० दिनको लागि दिवा खाजा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । तोकिएका १४ बाहेक रामेछाप, ओखलढुङ्गा, ललितपुर लगायत ९ जिल्लाका विद्यालयलाई निकासा दिएको रु.४ करोड २८ लाख नियमसम्मत देखिएन । उक्त निकासाबाट भएको खर्च सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

शिक्षा विकास तथा समन्वय ईकाई झापाले लक्षित समूहका विद्यार्थीलाई मात्र दिवा खाजाको रकम दिनुपर्नेमा जिल्लाका सबै ३१३ प्राथमिक विद्यालयका कुल १३ हजार ८६१ विद्यार्थीको लागि रु.२ हजार ७०० को दरले रु.३ करोड ७४ लाख २५ हजार ७०० निकासा दिएको छ । निर्देशिका विपरीत निकासा भएको रकम यकिन गरी असुल गर्नुपर्दछ ।

३१. **शिक्षण सिकाइ तथा प्रोत्साहन अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार आधारभुत तथा माध्यमिक तहको तोकिएको कक्षामा गणित, विज्ञान तथा अंग्रजी शिक्षक नभएका विद्यालयलाई विद्यार्थी संख्याको आधारमा शिक्षण सिकाई सहयोग अनुदान उपलब्ध गराउने व्यवस्था छ । वर्षान्तसम्म शिक्षक नियुक्त नभएकोमा भोजपुर, ओखलढुङ्गा लगायत ८ जिल्लाका २५८ विद्यालयलाई रु.७ करोड ५० लाख ६५ हजार उपलब्ध गराएको नियमसम्मत देखिएन । यस्तै शिक्षा विकास तथा समन्वय इकाई, उदयपुरले अनुदान दिनपर्ने आधार पूरा भएको यकिन नगरी १४९ विद्यालयमा उक्त ३ विषयका शिक्षक शुन्य रहेको उल्लेख गरी रु.३ करोड ५० लाख ९९ हजार निकासा दिएको छ । अनुदान उपलब्ध गराउन नपर्ने विद्यालयको यकिन गरी नपाउने निकासा रकम फिर्ता हुनुपर्दछ ।

कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम कक्षा १० सम्म संचालित १ हजार भन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयका लागि रु.१० लाख प्रोत्साहन अनुदान दिने व्यवस्था अनुसार शिक्षा विकास तथा समन्वय इकाई, बाराले २७ विद्यालयलाई रु.२ करोड ७० लाख निकासा दिएको देखियो । फ्ल्यास प्रतिवेदन अनुसार ३ विद्यालयमा एक हजारभन्दा कम विद्यार्थी संख्या भएकोमा बढी विद्यार्थी संख्या उल्लेख गरी निकासा दिएको रु.३० लाख छानविन गरी असुल गर्नुपर्दछ ।

३२. **छात्रवृत्ति वितरण –** विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ मा अनुमति तथा स्वीकृति प्राप्त सबै सामुदायिक विद्यालयका कक्षा १० सम्मका विद्यार्थीलाई छात्रवृत्तिको लागि निकासा दिने र निर्धारित समयभित्र छात्रवृत्ति वितरणको सुनिश्चित गर्न विभिन्न संयन्त्रबाट अनुगमन गर्ने व्यवस्था छ । यो वर्ष १३ जिल्लाका ३७९ विद्यालयले छात्रवृत्ति वितरणको भरपाई बेगर रु.१ करोड ८७ लाख ९३ हजार भुक्तानी गरेका र २४१ विद्यालयले रु.४ करोड ७५ लाख ८५ हजार छात्रवृत्ति वितरण गरेकोमा अनुगमन प्रतिवेदन संलग्न छैन । छात्रवृत्ति वितरण भएको सुनिश्चित हुनुपर्दछ ।

शिक्षाका लागि खाद्य कार्यक्रम

३३. **वस्तुगत अनुदान** - विश्व खाद्य कार्यक्रम अर्न्तगत अछाम जिल्लाको लागि वस्तुगत अनुदानतर्फ विनियोजित रु.४ करोड ९३ लाख ८ हजारमध्ये रु.३ करोड ७५ लाख ४८ हजार (७६.१५ प्रतिशत) खर्च भएको छ । आयोजनाबाट २०७४ पौष महिनामा खाद्यान्न उपलब्ध नभएको र २०७४ माघदेखि प्रतिविद्यार्थी ५० प्रतिशत मात्र खाद्यान्न आपूर्ति भएको कारण यस कार्यक्रमबाट प्राप्त हुने दिवा खाजाबाट विद्यार्थीहरु आंशिक रुपमा वञ्चित भएको देखियो । प्रभावकारी ढङ्गले कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

३४. **घटी मौज्दात -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम कार्यालयमा कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सी मालसामानको स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने व्यबस्था छ । उक्त कार्यक्रमको मंगलसेन अछामस्थित मुख्य गोदाममा रहेको खाद्यान्नको मौज्दात सम्बन्धमा संचय अधिकृत र इकाई प्रमुखको रोहवरमा २०७५।५।११ मा स्थलगत अवलोकन गर्दा जिन्सी खातामा उल्लिखित मौज्दातभन्दा रु.३२ लाख ६० हजार मुल्यका तेल ४.०३७ मे.टन, चामल ३३.१७८ मे.टन, दाल ८.३३६ मे.टन र नुन ८.४१० मेटन कम देखिएको छ । मौज्दात घटी भएको सम्बन्धमा छानविन गरी उक्त रकम असुल गर्नुपर्दछ ।

विज्ञान तथा प्रविधि मन्त्रालय

विज्ञान र प्रविधिको क्षेत्रमा क्रियाशील सबै निकायबीच समन्वय ल्याउन र सो सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी रुपमा अघि बढाउन वि.सं.२०५३।२।२ मा यस मन्त्रालयको गठन भएकोमा नेपाल सरकारको २०७४।११।११ को निर्णयबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रुपमा रुपान्तरण भएको छ ।

३५. **नीति कार्यान्वयन -** चौधौ योजनामा उल्लिखित नीति बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेमा नीति निम्न कार्यान्वयन भएको देखिएन:

३५.१. जैविक प्रविधिको अनुसन्धान, विकास र व्यावसायीकरणका लागि कार्यान्वयनकारी द्विपक्षीय र वहुपक्षीय कार्यसंरचना सिर्जना गर्ने, जैविक प्रविधियुक्त उत्पादनहरुको ढुवानी, पैठारी तथा निकासीको लागि एकद्वार प्रणालीको स्थापना गर्ने, प्रयोगसिद्ध भैसकेका प्रविधिहरुको प्रवर्द्धन गर्ने जैविक ग्रामको अवधारणा लागु गर्ने, जैविक प्रविधिको अनुसन्धान र विकासलाई प्रवर्द्धन गर्न राष्ट्रियस्तरमा एउटा कोष स्थापना गर्ने र वन, कृषिजन्य तथा औद्योगिक उत्पादनका लागि प्रयोगशालाबाट विकसित प्रविधि हस्तान्तरण गर्ने र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको पुनरावलोकन गर्ने नीति रहेकोमा सबैजसो प्रावधान कार्यान्वयन नहुँदा जैविक प्रविधिको विकासबाट लिनसक्ने लाभ प्राप्त हुनसकेको देखिएन ।

३५.२. विज्ञान तथा प्रविधिको विकासद्धारा गरीवी निबारण कार्यक्रमलाई सहयोग पु:याउने, देशको उत्पादन तथा उत्पादकत्व वढाउन विज्ञान प्रविधिलाई शसक्त साधनको रुपमा उपयोग गर्ने, निकासियोग्य वस्तुको उत्पादनलाई बढावा दिई आयात प्रतिस्थापन गर्ने, प्रविधिको विकास ग्रामीण स्तरसम्म पुऱ्याउन विज्ञान तथा प्रविधिको समुचित विकास तथा प्रयोग गर्ने कार्य प्रभावकारी र प्राथमिकता साथ कार्यान्वयन भएको देखिएन ।

३५.३. परमाणु उर्जाको विकास एवं प्रयोग गर्दा पारमाणविक नीतिअनुरुप अन्तराष्ट्रिय स्तरका सुरक्षाका उपायहरुलाई अवलम्वन गर्ने, प्रकृतिसंग सामान्जस्यता राखी वातावरणीय सन्तुलन कायम राख्नुका साथै प्राकृतिक वासस्थानको अवस्थामा सुधार गर्ने, परमाणु विज्ञानको क्षेत्रमा सूचना सङ्कलन, संग्रह एवं प्रवाहको लागि राष्ट्रियस्तरको सूचना प्रणालीको स्थापना गर्ने आदि नीति रहेकोमा कार्यान्वयन भएको पाइएन ।

३६. **बजेट कार्यान्वयन** - बजेट वक्तव्य २०७४।७५ मा विज्ञान तथा प्रविधिको विशिष्टिकृत अध्ययन अनुसन्धान गर्नका लागि त्रिभुवन विश्वविद्यालयमा एउटा विज्ञान शहर स्थापना गर्ने र त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका अनुसन्धान केन्द्रहरुको पुनर्गगठन गरी आर्थिक, प्रशासनिक, शैक्षिक र सामाजिक क्षेत्रहरुका लागि राष्ट्रिय अनुसन्धान केन्द्रको रुपमा विकास गरी समसामयिक विषयमा अनुसन्धान गर्न उत्प्रेरित गर्ने उल्लेख भएकोमा ती कार्यक्रम कार्यान्वयन हुनसकेको छैन् ।

३७. **न्युक्लियर ऐन** - पारमाणिक पदार्थको उपयोग व्यवस्थापन, नियमन, नियन्त्रण, अनुगमन समेतका लागि अत्यावश्यक तथा अन्तराष्ट्रिय क्षेत्रमा नेपालले पुरा गर्नुपर्ने दायित्व निर्वाहमा महत्वपूर्ण रहेको न्यूक्लियर ऐन विगत ४ वर्षदेखि निर्माण प्रक्रियामा रहेको उल्लेख छ । उक्त व्यहोरा गत विगतमा औल्याइएकोमा स्थिति यथावत रहेकोले सुधार हुनुपर्दछ ।

संगठित संस्था, समिति र अन्य संस्था

विश्वविद्यालय अनुदान आयोग

नेपालमा विश्वविद्यालयको सञ्चालन तथा विकासको लागि अनुदानको समुचित वितरण, विश्वविद्यालयको शैक्षिकस्तर निर्धारण तथा नयाँ विश्वविद्यालय स्थापना सम्बन्धमा परामर्श दिने लगायत उद्देश्यले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम यो आयोगको स्थापना भई सञ्चालन हुँदै आएको छ ।

३८. **अनुदान –** विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ (ख) मा विभिन्न क्षेत्रबाट प्राप्त अनुदान रकम विश्वविद्यालयहरुलाई प्रदान गर्ने सम्वन्धमा आयोगले नीति निर्धारण गर्ने उल्लेख छ । नियमित कार्यक्रमतर्फ सामुदायिक क्याम्पसलाई अनुदान दिन रु.१० अर्ब ४१ करोड २९ लाख ५६ हजार बजेट व्यवस्था भएकोमा ११ विश्वविद्यालयलाई रु.९ अर्ब ३१ करोड २९ लाख ५६ हजार दिएको छ । विश्वविद्यालयहरुलाई दिने अनुदान रकम गत वर्षको तुलनामा ६ विश्वविद्यालयमा ०.४९ देखि ४८.४६ प्रतिशतसम्मले वृद्धि भएको देखियो भने २ विश्वविद्यालयमा ३.६६ देखि २५.७४ प्रतिशतसम्म घटेको छ । काठमाडौं विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयलाई क्रमशः रु.१५ करोड र रु.१३ करोड निकासा गएको रकमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छैन । अनुदान गएको रकमको उपयोग तथा मौज्दात स्थितिको यथार्थता यकिन हुनुपर्दछ ।

३९. **अनुगमन –** विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ७ मा अनुगमन तथा निरीक्षणसम्बन्धी व्यवस्था रहेको छ । आयोगले त्रिभुवन विश्वविद्यालयलाई यस वर्ष चालुतर्फ रु.६ अर्ब ३५ करोड ९० लाख र पुँजीगततर्फ रु.३७ करोड १५ लाख समेत रु.६ अर्ब ७३ करोड ५ लाख निकासा दिँदा विश्वविद्यालय र

अन्तर्गतका बजेटरी तथा अन्य सम्पूर्ण निकायको लेखापरीक्षण नगराएको सम्बन्धमा अनुगमन गरी लेखापरीक्षण नगराउने इकाईलाई अनुदान रोक्का राख्ने गरी निर्देशन दिनुपर्दछ ।

वालिङ्ग क्याम्पस स्याङ्जालाई क्याम्पस भवन पुनर्निर्माण गर्न गत वर्ष रु.२ करोड निकासा दिएकोमा शैक्षिक कार्यक्रम (पठनपाठन) को लागि एक र व्यापारिक प्रयोजनको लागि एक गरी दुई भवन निर्माण कार्य भएको व्यहोरा आयोगबाट भएको अनुगमनबाट देखिएको छ । स्वीकृत कार्यक्रम विपरीत व्यापारिक प्रयोजनको लागि भवन निर्माण गरेको सम्बन्धमा आवश्यक कारबाही हुनुपर्दछ ।

४०. **पुँजीगत अनुदान** – यस वर्ष ९ विश्वविद्यालयलाई सशर्त अनुदान रु.१ अर्ब ५४ करोड १५ लाख निकासा दिएकोमा सो अनुदानको उपयोग विश्वविश्वविद्यालयको रणनीतिक योजना अनुसार पुँजीगत कार्यमा भए नभएको सम्बन्धमा आयोगबाट अनुगमन गरी अभिलेख राखेको देखिएन । सशर्त अनुदान स्वरुप निकासा दिएको रकम पुँजीगत कार्य बाहेक अन्यत्र खर्च गर्न नमिल्ने हुँदा खर्च नभई बाँकी रहेको रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४१. **संकाय अनुसन्धान अनुदान** – स्नातकोत्तर वा त्यस माथिको सोध प्रबन्ध सुपरिवेक्षण गरी रहेका वा गर्नसक्ने संकायलाई परियोजनाको अवधि दुई वर्ष हुनेगरी अनुसन्धानको वर्ग हेरी रु.४ लाख सम्म अनुदान दिने, निर्धारित समयमा अनुसन्धान सम्पन्न नभएमा अधिकतम १ वर्ष अवधि थप गर्न सकिने, थप भएको अवधिमा कार्य सम्पन्न नगरेमा बाँकी अनुदान उपलब्ध नगराउने र भविष्यमा आयोगबाट कुनै पनि सुविधा उपलब्ध नगराउने विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि, २०७४ मा उल्लेख छ । आयोगले ५० जनासँग २ वर्ष समय सीमा तोकी प्रथम तथा दोश्रो किस्ता रु.८० लाख ६५ हजार अनुदान दिएकोमा २ जनाले निर्धारित समयमा अनुसन्धान सम्पन्न गरेका, दुई जनाले थप समय माग गरेकोमा १ वर्ष थप गरेको छ । प्रथम र दोश्रो किस्ता बापत रु.७५ लाख ५ हजार अनुदान प्राप्त गर्ने ४६ जनाले निर्धारित समयमा अनुसन्धान सम्पन्न नगरेका र म्याद थप समेत गरेको पाइएन । कार्यक्रम कार्यविधि तथा सम्झौताको शर्त अनुसार अनुसन्धान सम्पन्न नगरेकालाई कार्यविधिको प्रावधान अनुसार आवश्यक कारबाही गर्नुपर्दछ ।

त्रि.वि.उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन कार्यालय

४२. **बढी निकासा –** विश्व बैङ्कबाट प्राप्त ऋण सहयोगमा तोकेको सूचक अनुसार विश्वविद्यालय अनुदान आयोगबाट निकासा लिई सम्बन्धित क्याम्पस तथा निकायलाई निकासा दिने व्यवस्था छ । यस वर्ष निकासा सूचक ५ का लागि २०७५।३।३२ मा विश्वविद्यालय अनुदान आयोगबाट रु.५ करोड ४० लाख निकासा भएकोमा परियोजना कार्यान्वयन परिषद्को विभिन्न मितिको निर्णयानुसार २०७४।९।५ देखि २०७५।३।२८ सम्म ८ पटक गरी ४० क्याम्पसलाई रु.१० करोड ३३ लाख २० हजार निकासा दिएको छ । यसरी वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत नगरी अन्य निकासा सूचकमा व्यवस्था भएको रकमबाट निकासा सूचक ५ मा रु.४ करोड ९३ लाख २० हजार बढी निकासा दिई खर्च भएको छ । बजेट स्वीकृत नगरी निकासा दिने र निकासा भन्दा वढी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४३. **अनुगमनको प्रभावकारिता** – परियोजनाको लक्ष्य हासिल गर्न आवश्यक सुचना समयमै उपलब्ध गराउन सम्बद्ध निकायमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली वनाउनुपर्दछ । कार्यालयले गत वर्ष रु.३३ करोड २३ लाख ६६ हजार र यस वर्ष रु.३१ करोड ३५ लाख ७८ हजार समेत कुल रु.६४ करोड ५९ लाख ४४ हजार विभिन्न कलेज, डीन कार्यालय, केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालयलाई अनुदान वितरण गरेको छ । पुँजीगत प्रकृति निर्माण कार्यमा मात्र उक्त रकम खर्च गर्ने व्यहोरा समावेश गरी सम्बद्ध निकायर क्याम्पसहरुसँग सम्झौता भएकोमा उक्त रकम सोही कार्यमा खर्च गरे नगरेको अनुगमन गरी प्रतिवेदन नगरेकोले अनुदान तोकिएको कार्यमा खर्च भएको यकिन गर्ने आधार भएन ।

राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा ऐन, २०२८ अनुसार २०७३।३।१५ मा गठन भएको राष्ट्रिय परीक्षा बोर्डले कक्षा ९ देखि १२ सम्मको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापन लगायतको कार्य गर्दै आएको छ ।

४४. **अक्षराङ्कन मूल्याङ्कन पद्धति :** विक्रम सम्वत् १९९० देखि प्रारम्भ भएको विद्यार्थीले प्राप्त गरेको अङ्कको आधारमा मूल्याङ्कन गर्ने पद्धतिमा परिवर्तन गरी न्यूनतम ई.देखि ए.प्लससम्म ९ तहमा लेटर ग्रेडिङ्ग गर्ने गरी २०७२ देखि

अक्षराङ्कन पद्धति अवलम्बन गरेको छ । अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ ले ४० देखि ५० प्रतिशतसम्मको सी.ग्रेड (स्वीकारयोग्य) उल्लेख गरेपनि विद्यार्थीलाई अनुत्तीर्ण नगरी सिकाइस्तर प्रमाणित गर्ने उद्देश्य राखेको देखिन्छ । बोर्डबाट प्राप्त विवरण अनुसार अक्षराङ्कन मुल्याङ्कन प्रणाली लागू गरेका मुलुकमध्ये अमेरिकामा न्युनतम ६० देखि ७०, भारतमा बोर्ड अनुसार ४० देखि ५५, पाकिस्तान, सिंगापुर र जापानले क्रमशः ३३,४० र ६० प्रतिशत प्राप्त गर्ने विद्यार्थी मात्र माथिल्लो कक्षाको लागि ग्राह्य हुने व्यवस्था गरेको देखिन्छ । न्यूनतम सीमा कायम गर्नेतर्फ पुनरावलोकन हुनु उपयुक्त देखिएको छ ।

४५. **अक्षराङ्कन पद्धतिको नतिजा** : अक्षराङ्कन पद्दति लागू भएपछिको नतिजा देहायनुसार देखिएको छः

जी.पी.ए.	ग्रेड	कक्षा ११ २०७४	कक्षा ११ २०७५	कक्षा १२, २०७५
३.६१-४	ए प्लस	११४४	१११५	११६९
३.२१-३.६	ए	११४३४	८९४९	११२२१
२.८१-३.२	बी प्लस	२६८७३	२४५१५	२७६४३
२.४१-२.८	बी	४५६५७	४८७३१	५८३४५
२.०१-२.४	सी प्लस	८०३४६	८६७७०	९०२९९
१.६१-२.०	सी	११२०४०	९२५९३	६६४३८
१.२१-१.६	डी प्लस	४२०३८	४१४०६	२२७३४
०.८१-१.२	डी	४४६०	८१२७	४४८७
०.०-०.८	ई	२३७५६	२०६८५	१९९
	जम्माः	**३४७७४८**	**३३२८९१**	**२८२५३५**

उल्लिखित तथ्याङ्कअनुसार २०७४ मा बि देखि ए प्लससम्म ग्रेड प्राप्त गर्ने विद्यार्थी २४.४७ प्रतिशत रहेकोमा २०७५ मा सोही ग्रेड प्राप्त गर्नेको संख्या २५.०२ प्रतिशत रहेको छ । २०७४ मा कक्षा ११ को परीक्षा दिने विद्यार्थीमध्ये ६५ हजार २१३ (१८.७५ प्रतिशत) ले बीचैमा पढाइ छाडेको कारण २०७५ मा कक्षा १२ को परीक्षामा सहभागी भएको देखिएन । यसमा अध्ययन विश्लेषण हुनुपर्दछ ।

४६. **उत्तरपुस्तिका खपत -** विद्यार्थी संख्याको अनुपातमा उत्तरपुस्तिका खपत हुनुपर्दछ । विद्यार्थी संख्याको विवरण अनुसार २०७४ मा ५४ लाख ४ हजार ९४२ मुल उत्तरपुस्तिका खपत हुनुपर्नेमा ५५ लाख ९४ हजार ३६० खपत भई १ लाख ८९ हजार ४१८ बढी खपत देखिएको छ । १ हजार २०० परीक्षा केन्द्रमा पुऱ्याएका मूल उत्तरपुस्तिका फिर्ता नभएकोले बढी खपत देखिएको जानकारी प्राप्त भएको छ । उत्तरपुस्तिका फिर्ता ल्याउन नसक्ने भए परीक्षा केन्द्रमा अभिलेख राखी आगामी वर्ष प्रयोग हुने व्यवस्था मिलाई उत्तरपुस्तिका खपतमा मितव्ययिता अपनाउनुपर्दछ ।

४७. **शैक्षिक स्तर वृद्धि कोष -** शिक्षा ऐन, २०२८ मा भएको संशोधित व्यवस्था अनुसार शैक्षिकस्तर वृद्धि शुल्क उठाउन पाउने व्यवस्था नरहेकोमा गत विगत वर्ष सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिका लक्षित कार्यक्रम कार्यान्वयन गर्न संस्थागत तथा सामुदायिक विद्यालयबाट प्रतिविद्यार्थी क्रमशः रु.२००।– र रु.१००।– का दरले असुल गरी शैक्षिकस्तर वृद्धि कोषमा रु.४ करोड ६ लाख ६१ हजार र सम्बन्धन शुल्क रु.५ करोड १७ लाख ७० हजारसमेत रु.९ करोड २४ लाख ३१ हजार संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत् छ । उक्त रकम संचित कोष दाखिला गर्नुपर्दछ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

४८. **स्रोत उपयोग -** परिषद्को प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम कार्यान्वयनका लागि भएको लगानीको दक्षतापूर्वक परिचालन हुनुपर्दछ । कार्यक्रम सञ्चालन गर्न विगत ३ वर्षमा कुल रु.५ अर्ब २९ करोड १८ लाख ६२ हजार लगानी भएकोमा सोमध्ये पुँजीगत कार्यमा २८.८५ प्रतिशत, कार्यक्रम सञ्चालनमा ४३.११ प्रतिशत र प्रशासनिक कार्यमा २८.०४ प्रतिशत खर्च भएको छ । कुल लगानीमध्ये प्रशासनिक कार्यमारु.१ अर्ब ४८ करोड ३७ लाख २८ हजार खर्च भएकोले त्यस्तो खर्च नियन्त्रण गरी पुँजीगत र कार्यक्रम खर्चमा लगानी बढाउनुपर्दछ ।

परिषद्को विगत ३ वर्षको आन्तरिक आय रु २ अर्ब ४५ करोड ४ लाख ८५ हजारको २२.०३ प्रतिशतले रु ५३ करोड ९९ लाख २७ हजारमात्र उपयोग भएको स्थिति छ । वित्तीय व्यवस्थापनमा आन्तरिक स्रोतको लगानीको उपयोगसमेत बढाउनुपर्नेमा २५ प्रतिशत भन्दा घटी उपयोग भएकोले स्रोत व्यवस्थापनमा सुधार हुनुपर्दछ ।

४९. **भौतिक पूर्वाधार निर्माण -** विगत ३ वर्षमा पुँजीगत खर्च रु.१ अर्ब १९ करोड ३२ लाख भएकोमा रु.८४ करोड ३१ लाख मूल्यका प्राचार्य निवास, शैक्षिक भवन, छात्रावास, शौचालय ब्लक र जग्गा विकाससम्बन्धी निर्माण कार्य सम्पन्न भएको छ । परिषद्ले विद्यमान पूर्वाधारको मूल्याङ्कन गरी थप आवश्यक पूर्वाधारको लागि गुरुयोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

५०. **कार्यक्रम कार्यान्वयन -** परिषद्ले योजना बनाउने, समग्र नीतिको तर्जुमा गर्ने, दीर्घकालीन रणनैतिक योजना तयार गर्ने, परिषद्अन्तगर्तको क्रियाकलाप तथा कार्यक्रमहरुको मूल्याङ्कन अनुगमन गर्नुपर्दछ । विगत ३ वर्षमा प्राविधिक एस.एल.सी. ३ हजार ५७९ भर्ना क्षमता रहेकोमा २७९ जना र प्रमाणपत्र एवं डिप्लोमातर्फ ५ हजार ८७५ भर्ना क्षमतामध्ये २३७ जना कम विद्यार्थी भर्ना लिएको देखिँदा उपलब्ध स्रोतको अधिकतम उपयोग नभएको र लक्षित वर्गले प्राविधिक शिक्षाबाट वञ्चित हुन गएको देखिएको छ । क्षमताअनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

प्राप्त विवरणअनुसार विगत ३ वर्षमा प्राविधिक एस.एल.सी.तर्फ उत्तीर्ण प्रतिशत ६७.४० रहेको र १४२ जनाले बीचैमा अध्ययन छाडेको तथा प्रमाणपत्र र डिप्लोमा तहको उत्तीर्ण प्रतिशत ६२.८१ रहेको र ३९ जनाले बीचैमा छाडेको देखिएको छ । यसरी पढाई बीचमा छाड्दा अन्य प्रतिस्पर्धी अध्ययनबाट वञ्चित हुनु परेको र लगानीसमेत खेर जाने हुदां विशेष ध्यानदिनुपर्ने देखिन्छ ।

५१. **सम्बन्धन अभिलेख –** परिषद् अन्तर्गत ३४ आङ्गिक शिक्षालय, १८५ सामुदायिक विद्यालय, ५ साझेदारी शिक्षालय र १ हजार ७९ निजी विद्यालयसमेत निम्नानुसार १ हजार ३ सय संस्था रहेका छन्:

क्र. सं.	संस्थाको प्रकार	डिप्लोमा कार्यक्रम मात्र सञ्चालन गर्ने	प्राविधिक एस.एल.सी.कार्यक्रम मात्र सञ्चालन गर्ने	दुवै कार्यक्रम सञ्चालन गर्ने	व्यावसायिक तालिम सञ्चालन गर्ने	जम्मा
१	आङ्गिक शिक्षालय	१८	२	९	२	३१
२	सामुदायिक विद्यालय	१७	१२६	४२	०	१८५
३	साझेदारी शिक्षालय	३	०	२	०	५
४	निजीस्तरबाट सञ्चालित	१६८	२२६	३५	६५०	१०७९
	जम्मा:	**२०६**	**३५४**	**८८**	**६५२**	**१३००**

सेन्ट्रल इन्जिनीयरिङ कलेज ललितपुर, गोल्डेन पार्क कलेज विराटनगर, सिध्दार्थ टेक्नीकल इन्स्टिच्यूट र मल्टीस्कील प्रा.लि भक्तपुरले दर्ता प्रमाणपत्र नवीकरण गराएका छैनन् । सम्बन्धनका लागि २०६८ सालभन्दा अगाडि माग भएका २५ प्रस्ताव तथा २०६९ को १ हजार ६९३ प्रस्ताव गत वर्ष नै स्वीकृतिको प्रक्रियामा रहेको उल्लेख गरेकोमा यसवर्ष पनि स्थिति यथावत छ । परिषद्को नियमावली, २०५१ को नियम १९ मा अस्थायी स्वीकृति प्राप्त संस्थालाई २ वर्षभित्र स्थायी स्वीकृति दिन सक्नेमा हालसम्म कुनै पनि संस्थालाई स्थायी सम्बन्धन दिएको छैन । सम्बन्धन प्राप्त निकायको दर्ता, नवीकरण, सञ्चालन र थप कार्यक्रम स्वीकृति देखिने अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५२. **कर्मचारी व्यवस्थापन –** परिषद् र अन्तर्गतका शिक्षालयमा प्राविधिक ५५८ र प्रशासनिक ३७४ गरी ९३२ दरबन्दी रहेकोमा प्राविधिक ९५ र प्रशासनिक ३० गरी १२५ पद रिक्त रहेको छ । परिषद्को कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६९ अनुसार सदस्य सचिवले कर्मचारीलाई १ वर्षभन्दा बढी नहुने गरी काज खटाउन सक्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार ३० कर्मचारी अन्यत्र दरबन्दी रही केन्दीय कार्यालयमा कार्यरत रहेका र केन्द्रीय कार्यालयमा दरबन्दी रहका ६ कर्मचारी अन्य कार्यालयमा कार्यरत रहेका छन् । काजमा खटाएको अवधि खुल्ने विवरण नराखेकोले विनियमको पालना भए नभएको यकिन हुन सकेन । करार १२४ जना नियुक्ति गरी यो वर्ष रु २ करोड ३२ लाख ३१ हजार पारिश्रमिक खर्च लेखेको छ । परिषद्को नियम बमोजिम कर्मचारी पदपूर्ति हुनुपर्दछ ।

५३. **विशेष छात्रवृत्ति -** चौधौँ योजनामा मध्यमस्तरीय सीपयुक्त प्राविधिक जनशक्तिको व्यवस्थापन गर्न मधेसी आदिवासी, मुस्लिम समुदायमा प्राविधिक शिक्षा विस्तार गर्ने नीति रहेको छ । विगत ३ वर्षमा विशेष छात्रवृत्ति कार्यक्रममा सहभागी कुल २ हजार २६ जनामध्ये २०७२।७३ मा १ हजार ३०० (६४.१७ प्रतिशत) रहेकोमा २०७३।७४ मा ३९० (१९.२५ प्रतिशत) र २०७४।७५ मा ३३६ (१६.५८ प्रतिशत) भई यस कार्यक्रममा सहभागी हुने लाभग्राही संख्या घट्दै गएको छ । लाभान्वित हुने दलितको संख्या १ हजार २७२ (६२.७८) प्रतिशत, लोपोन्मुख जातिको १७९ (८.८४ प्रतिशत) र विपन्न मुस्लिमको संख्या ७५ (३.७० प्रतिशत) भई लोपोन्मुख र विपन्न मुस्लिम वर्ग कम लाभान्वित भएको देखिन्छ । यसबाट विशेष छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता घट्दै गएको तर्फ परिषद्ले ध्यान दिनुपर्दछ ।

५४. **लेखापरीक्षण** – कामदार रोजगारीमा सुधार गर्ने, साझेदार कम्पनीहरुमा अनुकुल कामको वातावरण तयार गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा निजी क्षेत्रको समावेशीता विस्तार गर्ने उद्देश्यले ४ अप्रिल २०१६ मा परिषद्, स्वीस सरकार र हेल्भटासबीच जनवरी १,२०१६ देखि डिसेम्बर ३१, २०१९ सम्मका स्वीस फ्रेङ्क ९.८ मिलियन अनुदान प्राप्त हुने गरी सम्झौता भएको छ ।

उक्त सम्झौताको दफा १२.३ मा सो रकमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । गत वर्ष सोझै भुक्तानी स्वीस फ्रेङ्क ४ लाख ५ हजार र पुँजीगत खर्च स्वीस फ्रेङ्क ३ लाख ६० हजार समेत ७ लाख ६५ हजारको विनिमय दर रु.१०६।२२ का दरले हुने रु ८ करोड १२ लाख ५८ हजार र यस वर्ष चालु खर्चतर्फ स्वीस फ्रेङ्क ५ लाख ९१ हजार र पुँजीगत खर्चतर्फ स्वीस फ्रेङ्क २ लाख ३३ हजार समेत स्वीस फ्रेङ्क ८ लाख २४ हजारको विनिमय दर रु.१०९।१५ ले हुने रु.८ करोड ९९ लाख ४० हजार खर्च गरेको विवरण प्राप्त भएको छ । उक्त खर्चको लेखापरीक्षण दर्तावाल लेखापरीक्षकबाट गराएको देखियो । दातृसंस्थासँगको सम्झौता अनुसार बजेट, योजना तथा कार्यक्रम अंग्रेजी क्यालेण्डर (जनवरी-डिसेम्बर) अनुसार हुने उल्लेख भएकोमा परियोजना सहयोगी इकाईले आर्थिक वर्ष अनुसार लेखा राखेको, आर्थिक वर्ष अनुसार लेखापरीक्षण भएको, व्यवस्थापनपत्र अंग्रेजी वर्ष अनुसार रहने गरेकोले योजना, कार्यक्रम बजेटको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा विश्लेषण गर्न सकिने स्थिति छैन । नियमानुसार सम्झौता बमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

५५. **न्यून खर्च –** रोजगारीको अवसर श्रृजना गरी मानव पुँजीमा लगानी मार्फत समावेशी र दिगो विकासमा योगदान पुऱ्याउने उद्देश्यले परिषद् र युरोपियन युनियनबीच डिसेम्बर १२, २०१७ मा सम्झौता भई कार्यान्वयनमा आएको सक्षमता परियोजनाको अवधि २०१८ जनवरीदेखि २०२१ डिसेम्बरसम्म ४८ महिना रहेको छ । परियोजनामा युरोपियन युनियनबाट युरो ५५ लाख नगद अनुदान र नेपाल सरकारबाट युरो ६ लाख ११ हजारसहित कुल युरो ६१ लाख ११ हजार खर्च हुने व्यवस्था छ । यो वर्ष युरोपियन युनियनबाट रु.७ करोड १७ लाख ६६ हजार र नेपाल सरकारको स्रोततर्फ रु.८ लाख ७ हजार गरी रु.७ करोड २५ लाख ७३ हजार निकासा भएकोमा कुल रु.४३ लाख ८१ हजार (६.४ प्रतिशत) खर्च भएको छ । खर्च रकमको शीर्षकगत र स्रोतगत खुलासा गरेको छैन । स्रोतको न्यून उपयोग भएको स्थिति रहेकोले वैदेशिक सहायता लक्ष्य प्राप्ति गर्न बढी क्रियाशिल हुनुपर्दछ ।

५६. **अनुगमन –** परिषद् ऐन, २०४५ र नियमावली, २०५१ अनुसार परिषद्बाट २०७४।७५ मा डिप्लोमातर्फ २०१ संस्थाको ३५९ कार्यक्रमको अनुगमन गरी तयार प्रतिवेदनमा ९ संस्थाको ११ कार्यक्रममा पूर्वाधार पर्याप्त नभएको र ७ कार्यक्रम सञ्चालन नभएको उल्लेख छ । यस्तै प्राविधिक एस.एल.सी.तर्फ २३९ संस्थाको ४७५ कार्यक्रमको अनुगमन हुँदा प्रतिवेदनमा ७ संस्थाको ९ कार्यक्रमका लागि पूर्वाधार पर्याप्त नभएको र २२ कार्यक्रम सञ्चालनमा नरहेको उल्लेख छ । एक फाउण्डेशनले कोटाभन्दा वढी प्रशिक्षार्थी भर्ना गरेको र एक एकेडेमीले नर्सिङ्ग क्याम्पसको लागि अस्पताल व्यवस्था गर्न नसकेको, नवीकरणको प्रक्रिया नअपनाएको र सम्बन्धनका शर्त पालना नगरेको कारण सम्बन्धन रद्द गरेको छ । मापदण्ड विपरीत कार्य गर्ने संस्थालाई कारवाही हुनुपर्दछ ।

५७. **उत्तरपुस्तिका खरिद –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ (१) मा सार्वजनिक निकायले खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्ने, नियम ८६ मा सामान सोझै खरिद गर्नु अघि खरिद गरिने सामानको दर विश्लेषण गरी प्रस्तावित मूल्य उचित भए नभएको विश्लेषण गर्नुपर्ने व्यवस्था छ । सो अनुसार सामान बिक्री गर्ने सार्वजनिक निकायले निर्धारण गरेको मूल्य बजार मूल्यभन्दा कम भएमा मात्र सोझै खरिद गर्न सकिने देखिन्छ । परीक्षा नियन्त्रण कार्यालयले यस वर्ष १६ पेजको मूल उतरपुस्तिका प्रतिसेट रु.१० का

दरले ९२ हजार थान, प्रतिसेट रु.११ का दरले १४ लाख ४८ हजार थान र थप उतरपुस्तिका प्रतिसेट रु.२।७५ का दरले ४ लाख ८ हजार थान दर विश्लेषण नगरी जनक शिक्षा सामग्री केन्द्रबाट सोझै खरिद गरी रु.१ करोड ७९ लाख ७० हजार भुक्तानी गरेको छ ।

यस्तै प्रकारको उत्तरपुस्तिका एस ई ई परीक्षा सञ्चालन गर्ने परीक्षा नियन्त्रण कार्यालयले बोलपत्रको माध्यमबाट जिल्ला सदरमुकामसम्म ढुवानीसहित प्रतिसेट (१६ पेजको) सुगम जिल्लाको लागि रु.४।०९ र दुर्गम जिल्लाको लागि रु.४।६९ का दरले खरिद गरेको छ । त्यस कार्यालयले जनक शिक्षा सामग्री केन्द्रबाट सोझै खरिद गर्दा मुल उत्तरपुस्तिकाको लागि सुगमको न्यूनतम दरलाई आधार लिँदा समेत रु.१ करोड २ लाख ४० हजार थप व्ययभार परेको छ । यस सम्बन्धमा विगत वर्ष समेत औल्याएकोमा स्थिति यथावत छ । नियममा भएको व्यवस्थाको पालना गरी मितव्ययी रुपमा खरिद गर्न ध्यान दिनुपर्दछ ।

सीप विकास परियोजना

स्वदेशी तथा विदेशी श्रम बजारमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने उद्देश्यले नेपाल सरकार र एशियाली विकास बैङ्कबीच भएको अनुदान सम्झौता अनुसार क्रमशः ५० लाख र २ करोड गरी अमेरिकी डलर २ करोड ५० लाखको लागतमा २०७० श्रावणदेखि सञ्चालन हुँदै आएकोमा परियोजना १५ जनवरी २०१९ मा सम्पन्न गर्ने लक्ष्य लिएको छ । यो वर्ष रु.६१ करोड ६७ लाख ७१ हजार विनियोजन भएकोमा रु.५५ करोड ३३ लाख ६० हजार (८९.५७ प्रतिशत) खर्च गरेको छ । परियोजनाले कार्यान्वयन गर्नुपर्ने गरी निर्धारण भएको रु.३ करोड ५० लाखको १५ कार्यक्रम कार्यान्वयन गरेको पाइएन ।

५८. **लागत प्रतिस्पर्धा -** परियोजनाको दोस्रो चरण अन्तर्गत प्याकेज नं.१४ बाट १ हजार ९०० महिलालाई काठमाडौँ, चितवन र पोखरामा, प्याकेज नं. १५ बाट २ हजार ६०० जनालाई गोरखा, धादिङ समेत भूकम्प प्रभावित १४ जिल्लामा तालिम सञ्चालन गर्न बोलपत्र माग गरेकोमा दुई प्याकेजमा १६ फर्मले आशयपत्र पेस गरेकोमध्ये ६२६ वटा फर्मको सूचि तयार गरेको देखिन्छ । प्याकेज नं.१४ को लागि एक संयुक्त उपक्रमसँग २०७४।५।७ मा रु.६ करोड ९० लाख ३४ हजार र प्याकेज नं.१५ मा अर्को एक संयुक्त उपक्रमसँग २०७४।६।२६ मा रु.१० करोड १५ लाख ८५ हजारमा सम्झौता भएको छ । परियोजनाले गुणस्तर विधिद्वारा सेवा प्रदायक संस्था छनौट गरेको हुँदा लागतमा प्रतिस्पर्धा भएको छैन ।

५९. **तालिम सञ्चालन :** दोस्रो चरणमा ठेक्का व्यवस्था भएका गत वर्षको ६ तथा यो वर्षको २ समेत ८ प्याकेजबाट १९ हजार २०० जनालाई तालिम दिने गरी रु.८२ करोड ३४ लाख ४४ हजारमा ठेक्का व्यवस्था गरेकोमा १८ हजार ९६९ जनालाई तालिम दिई हालसम्म रु ५६ करोड ३३ लाख ९१ हजार भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन्:

५९.१. तालिम प्रदायकसँग भएको सम्झौतामा प्रत्येक तालिममा न्यूनतम ४० प्रतिशत महिलालाई सहभागी गराउनुपर्ने व्यवस्था छ । प्याकेज नं.१० मा एक संस्थाले २ हजार ८०० जनाको ४० प्रतिशतले हुने १ हजार १२० जना महिलालाई तालिम दिनुपर्नेमा ३१० जनालाई मात्र तालिम दिएको छ । यसले गर्दा लक्षित वर्गले तालिम सुविधा नपाएको देखिन्छ ।

५९.२. प्याकेज नं.१३ अन्तर्गत एक संयुक्त उपक्रमले २२ जिल्लामा कुक, मेशन, वार वेण्डर, इलेक्ट्रिसियन, वेटर लगायत ११ विषयका २ हजार ८०० जनालाई तालिम दिने गरी भएको सम्झौतामा सिरहा, सप्तरी, तनहुँ, पाल्पा, वर्दिया, सुर्खेत, डोटी, नुवाकोट, डडेल्धुरा, धादिङ्ग समेत १० जिल्लाका ८०० जनालाई रु.२ करोड १६ लाख ७२ हजार लागतमा तालिम दिने समेत उल्लेख छ । ती जिल्लाको सट्टा सुगम जिल्ला चितवन, धनकुटा, नवलपरासी, प्युठान, काठमाडौं, पोखरालगायत स्थानमा तालिम सञ्चालन गरी लक्ष्य पूरा गरेको पाइयो । सम्झौतामा उल्लेख भएका जिल्लाका लाभग्राही तालिमबाट वञ्चित भएको देखियो । तुलनात्मक रुपमा दुर्गमको सट्टा सुगममा तालिम सञ्चालन गरेको उचित देखिँदैन ।

६०. **सीप परीक्षण :** सेवा प्रदायक संस्थासँग ६ प्याकेजमा भएको सम्झौतामा विभिन्न विषयको तालिममा ८० प्रतिशत प्रशिक्षार्थी उत्तीर्ण हुनुपर्ने उल्लेख भएकोमा कतिपय तालिममा ६० प्रतिशतभन्दा कम रकेको छ । सामान्य किसिमका वार वेन्डर, गारो लगाउने, प्लम्बिङजस्ता ७८ कार्यदिन तालिम दिँदा १ हजार ८७६ जना सीप परीक्षणमा अनुत्तीर्ण भई प्रमाणपत्रसम्म नपाउने अवस्था देखिएकोले गुणस्तरीय तालिम दिन नसकेको तथा ती व्यक्तिको तालिममा भएको प्रत्यक्ष खर्च रु.३ करोड १८ लाख ६ हजार उपलब्धिविहीन हुन पुगेको छ ।

परियोजनाबाट सीप विकास तालिम प्राप्त जनशक्तिले रोजगारी प्राप्त गरे नगरेको अनुगमन गरी यकिन गरिनुपर्दछ ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

६१. **लगानी –** चौधौं योजनाले विज्ञान तथा प्रविधिको अनुसन्धान तथा विकासमा लगानी वृद्धि गर्ने नीति लिएको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा चीनले कुल गार्हस्थ्य उत्पादनको २.५ प्रतिशत लगानी गरेको तथा भारत २ प्रतिशत पुऱ्याउनेतर्फ अग्रसर रहेको छ । यस प्रतिष्ठानको ३५ औं प्राज्ञ सभाले हाल कुल गार्हस्थ्य उत्पादनको ०.३८ प्रतिशतमात्र लगानी भएकोमा वृद्धि गरी न्यूनतम १ प्रतिशत पुऱ्याउनुपर्ने उल्लेख गरे तापनि लगानी वृद्धि हुन नसकेकोतर्फ सम्बद्ध निकायको ध्यान जानुपर्दछ ।

६२. **शैक्षिक क्षेत्र विस्तार –** चालिसौं प्राज्ञ सभामा उपकुलपतिले पेस गरेको प्रतिवेदनमा देशको विकासको गति तीव्र गर्न उच्च शिक्षा अध्ययन गर्नेमध्ये विज्ञान र प्रविधि विषयमा अध्ययन गर्ने ६० प्रतिशत हुनुपर्ने उल्लेख छ । हाल उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीमध्ये ८ प्रतिशत मात्र यस विधामा संलग्न रहेकोले यस विधातर्फ आकर्षण बढ्ने गरी योजना तयार गर्न सम्बद्ध निकायको ध्यान जानुपर्दछ ।

६३. **भूकम्पको पूर्व जानकारी –** विश्वमा भूकम्पबाट ११ औं अति जोखिम देशको रुपमा नेपाल रहेको छ । २०७२ को वैशाखमा आएको भूकम्पले मानवीय तथा भौतिक सम्पत्तिको अपुरणीय क्षति गरेको छ । चीन सरकार अन्तर्गतको इन्स्टिच्यूट अफ केयर लाइफ पिपुल्स अफ चाइनासँग भएको सम्झौता बमोजिम जनतालाई मोबाइल, एफ.एम.रेडियो आदिबाट भूकम्पको पूर्वसूचना १२ देखि २२ सेकेण्ड अगावै दिने प्रणाली प्रतिष्ठानको भवनमा जडान भएको छ । देशका ३२० स्थानमा १५ देखि २० किलोमिटरको दूरीमा संयन्त्र जडान गरी सोबाट भूकम्पको पूर्वसूचना प्राप्त हुने क्षमता रहेकोमा हाल ४० स्थानमा जडान गरी सफल परीक्षण समेत भएको छ । एस.एम.एस.मार्फत प्रत्येक व्यक्तिलाई भूकम्पको पूर्व जानकारी दिने उद्देश्यले तालुक मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयमार्फत मोबाइल सेवा प्रदायक नेपाल टेलिकम र एनसेलसँग पटक पटक सहयोग गर्न अनुरोध भएको करिब ३ वर्ष व्यतीत भएपनि ती कम्पनीबाट अपेक्षित सहयोग प्राप्त भएको देखिएन । त्यसतर्फ सम्बद्ध निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

६४. **नानो स्याटेलाइट -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा आवश्यकताको पहिचान र स्पेसिफिकेसन तयार गर्नुपर्ने, दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाखभन्दा बढीको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने उल्लेख छ । स्पेसिफिकेसन, लागत अनुमान तथा बोलपत्र आह्वान नगरी क्युसु इन्स्टिच्युट अफ टेक्नोलोजी, जापानले प्रस्ताव पेस गरेको आधारमा नानो स्याटेलाइट (१० सि.एम.×१० सि.एम×१० सि.एम) जडान कार्य १ अप्रिल २०२० सम्म सम्पन्न गर्न २१ नोभेम्बर २०१७ मा सोझै सम्झौता गरी रु.१ करोड ४२ लाख भुक्तानी गरेको छ । खरिद कार्य नियमसम्मत गरिनुपर्दछ ।

त्रिभुवन विश्वविद्यालय

६५. **केन्द्रीय आर्थिक विवरण –** विश्वविद्यालयले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २५ (२) बमोजिम केन्द्रीय कार्यालय र मातहतका आङ्गिक क्याम्पस तथा निकाय समेतको एकीकृत वासलात र वित्तीय विवरण तोकेको समयमा महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्नेमा २०७५।११।२८ मा मात्र पेस गरेको छ । विश्वविद्यालयले पेस गरेको एकीकृत आर्थिक विवरणमा गैर बजेटरी कार्यक्रमतर्फको आम्दानी खर्च समावेश गरेको छैन । पुँजीगत सम्पत्तिको विस्तृत विवरण, पेस्की, दायित्व तथा धरौटीलगायतका केन्द्रीय कोष खाताहरु अद्यावधिक नगरिँदा विश्वविद्यालयको समग्र आय–व्यय एवं सम्पत्ति तथा दायित्वको स्थिति यकिन गर्न सकिने अवस्था छैन ।

६६. **लेखामान पालना –** तुलनात्मक वासलात तयार नगर्ने, सम्पत्तिको विस्तृत विवरण तयार नगर्ने, पुँजीगत सम्पत्तिमा ऱ्हास कट्टी नगर्ने, अधिकांश कार्यालयले बैङ्क हिसाब मिलान तयार नगर्ने, भौतिक परीक्षण नगर्ने, आम्दानीको प्रक्षेपण र असुली मूल्याङ्कन नगर्ने, वार्षिक प्रगति प्रतिवेदन तयार नगर्ने, स्वीकृत कार्यक्रमअनुसार बजेट तयार नगर्ने, आन्तरिक आयलाई खर्च नहुने खातामा जम्मा गरी स्वीकृत बजेट अनुसार निकासा लिई खर्च गर्ने नगरेको तथा धरौटी कारोबारलाई छुट्टै बैङ्क खाताबाट व्यवस्थापन गर्नुपर्नेमा सो नगरिँदा दायित्वबाट

समेत खर्च हुने स्थिति रहेको जस्ता व्यहोरा देखिएका छन् । विश्वविद्यालयको लेखा कार्यप्रणालीमा परिमार्जन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुप सुधार हुनुपर्दछ ।

६७. **लेखापरीक्षण –** विश्वविद्यालय र अन्तर्गतका निकायको आन्तरिक लेखापरीक्षण गराई २०७४ पौष मसान्तभित्र अन्तिम लेखापरीक्षणका लागि आर्थिक विवरण पेस गर्न अनुरोध गरिएकोमा यो वर्ष चालुतर्फ १३४ मध्ये १२१ निकायले र बक्यौतातर्फ ११५ मध्ये ७० निकायले २३२ आर्थिक वर्षको आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराएका छन् । चालुतर्फ १३ निकाय र बक्यौतातर्फ ४५ निकायको २०० आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी आर्थिक विवरण पेस नगरेकोले लेखापरीक्षण हुन सकेन । बक्यौता लेखापरीक्षण सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्को निर्णयले गठित छानबिन समितिको प्रतिवेदनअनुसार हाल अस्तित्वमा नरहेका तथा स्रेस्ता नष्ट भएको लगायत व्यहोरा दर्शाई ४ बजेटरी निकायको २१ इकाई र अन्य कारोबारको ९६ इकाईसमेत ११७ निकाय (आथिक वर्ष) को लेखा स्रेस्ता फेला नपरेकोले फरफारकको प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ ।

६८. **आर्थिक विवरण तयारी खर्च –** विश्वविद्यालय ऐन, २०४९ तथा विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० अनुसार आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराउनुपर्ने कर्तव्य सम्बन्धित निकाय प्रमुखको हुने व्यवस्थाअनुसार वित्तीय विवरण निकायको जनशक्तिले तयार गर्नुपर्दछ । कार्यकारी परिषद्को निर्णयअनुसार केन्द्रीय हिसाब, सम्बन्धन कोष, ऋण सापटी हिसाबलगायत विगतमा लेखापरीक्षण नगराएका १२ कोषको विभिन्न आर्थिक वर्षको वित्तीय विवरण तयार गर्न रु.५९ हजार ८ सय र रु.१ लाखका दरले तीन आर्थिक वर्षको खर्चमा प्रोत्साहन स्वरुप रु.८२ लाख ३८ हजार खर्च गरेको देखियो । जिम्मेवारीवहन गरी समयमै वित्तीय विवरण तयार नगर्ने तत्कालीन जिम्मेवार पदाधिकारीरकर्मचारीहरुलाई प्रचलित ऐन, कानून अनुसार कारबाही गर्नुपर्नेमा सो नगरिँदा वर्षौसम्म वित्तीय जवाफदेहिता पालना नगरेको र हाल उक्त विवरण तयार गर्दा थप आर्थिक दायित्व परेको देखिन्छ ।

६९. **आन्तरिक आय दाखिला –** नियमित शीर्षकदेखि बाहेक अन्य आम्दानीको १० प्रतिशत रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष विश्वविद्यालयका ३० इकाइले अन्य आम्दानी देखाएको रु.१ अर्ब ९ करोड ७२ लाखको १० प्रतिशतले हुने रु.१० करोड ९७ लाख २० हजार विश्वविद्यालय कोषमा जम्मा गरेको छैन । सो रकम यथाशीघ्र जम्मा हुनुपर्दछ ।

७०. **धरौटी** – विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० मा खर्च नभई बाँकी रहेको रकम केन्द्रीय कायांलयको कोषमा फितां गनुंपनें व्यवस्था भएकोमा विश्वविद्यालय र अन्तर्गतका १२५ निकायको धरौटी रु.४ अर्ब ७६ करोड १८ लाख बाँकी देखिन्छ । प्रयोजन समाप्त भएका धरौटी रकम यकिन गरी केन्द्रीय खातामा जम्मा गरी धरौटी स्रेस्ता व्यवस्थित गर्नुपर्दछ ।

७१. **पेस्की –** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० मा तोकिएको म्यादभित्र पेस्की फछ्यौंट नगरेमा पेस्की फछ्यौंट नगर्ने त्यस्तो शिक्षक, कर्मचारी उपर सेवा शर्तसम्बन्धी नियम बमोजिम आवश्यक कारबाही गरी म्याद नाघेको मितिले वार्षिक १० देखि १२ प्रतिशतका दरले ब्याजसमेत असुल गर्ने व्यवस्था छ । विश्वविद्यालय र अन्तर्गत ११७ निकायको पदाधिकारी, कर्मचारी र अन्य संस्थाको नाममा यो वर्षसम्म रु.१ अर्ब १५ करोड ७६ लाख पेस्की बाँकी रहेको छ । नियमको व्यवस्थाबमोजिम उक्त पेस्की असुल फछ्यौंट गराउनुपर्दछ ।

७२. **बढी खर्च** - विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा स्वीकृतिबेगर विनियोजित बजेटभन्दा बढी खर्च गर्न नहुने व्यवस्था छ । यो वर्ष ५८ निकायले धरौटी तथा अन्य मौज्दातबाट तलब भत्ता समेतका शीर्षकमा स्वीकृत बजेटभन्दा रु.४० करोड ३ लाख ८२ हजार बढी खर्च गरेका छन् । केन्द्रीय कार्यालयको स्वीकृतिबेगर विनियोजित रकमभन्दा बढी खर्च गर्न नहुने र धरौटी रकमबाट अन्य खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

७३. **बैङ्क हिसाब मिलान -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा निकाय प्रमुखले बैङ्क हिसाब मिलान तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष लेखापरीक्षण सम्पन्न भएका मध्ये २४ निकायको रु.१ अर्ब ३७ करोड ३१ लाख ७४ हजार बैङ्कमा घटी र ६६ निकायको रु.६२ करोड ७४ लाख ३६ हजार बैङ्कमा बढी मौज्दात रहेको देखिएको छ । नियमित बैङ्क हिसाव मिलान विवरण तयार नगरेकोले बैङ्क

मौज्दात घटी/बढी देखिएको छ । यस सम्बन्धमा सम्बद्ध कर्मचारीलाई जिम्मेवार बनाई तालुक निकायले वास्तविक बैङ्क मौज्दातको यकिन गर्नुपर्दछ ।

७४. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम पारिश्रमिक आय, सेवा शुल्क, भाडा र ठेक्काको रकम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्नेमा ६० निकायले रु.७२ लाख ५९ हजार पारिश्रमिक कर, रु.७४ लाख ३२ हजार बहाल कर र अन्य कर रु.९५ लाख १७ हजार समेत रु.२ करोड ४२ लाख ८ हजार कर कट्टा गरेका छैनन् । उक्त रकम सम्बन्धितबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

७५. **शिक्षक विद्यार्थी अनुपात –** विश्वविद्यालय मातहत ५ अध्ययन संस्थान, ४ संकायअन्तर्गत ६१ आङ्गिक क्याम्पस र १ हजार ८५ सम्बन्धन प्राप्त क्याम्पसमा विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । प्राप्त तथ्याङ्कअनुसार कूल ३ लाख ६७ हजार विद्यार्थीमध्ये आङ्गिक क्याम्पसमा १ लाख ३९ हजार विद्यार्थीलाई अध्यापन गर्न ७ हजार ९२० शिक्षक संलग्न छन् ।

विश्वविद्यालयअन्तर्गत ३९ केन्द्रीय विभागमध्ये १२ विभागको तथ्याङ्कअनुसार कुल विद्यार्थी ६३९ रहेकोमा प्राध्यापकको संख्या १३३ जना रही शिक्षकको तलब भत्तामा वार्षिक रु.६ करोड ८९ लाख ५२ हजार खर्च भएको छ । यसरी हेर्दा शिक्षक विद्यार्थी अनुपात १:५ रहेको छ भने प्रतिविद्यार्थी लागत रु.१ लाख ८ हजार पर्न गएको छ । विश्वविद्यालयमा विद्यार्थी संख्या प्रत्येक वर्ष घट्दै गएको छ । इतिहास, भूगोल, संस्कृति, भाषा जस्ता विषयमा विद्यार्थीको संख्या कम हुँदै गइरहेको, प्रमाणपत्र तह हटाएपछि त्यस तहमा अध्यापन गर्ने शिक्षकहरु अन्य निकायमा समायोजन गर्न नसकेको, विद्यार्थी भर्ना नभएतापनि प्रत्येक वर्ष विषयगत शिक्षकहरु नियुक्ति गरेको देखिन्छ । अनुपात घट्दै गएको देखिँदा बढी भएका शिक्षकहरुलाई दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपातमा सामन्जस्यता ल्याउनुपर्दछ ।

७६. **अनुगमन मूल्याङ्कन –** विश्वविद्यालयबाट सम्बन्धन प्राप्त १ हजार ८५ क्याम्पसले प्रत्येक २ वर्षमा नवीकरण गर्नुपर्नेमा यो वर्ष २६ क्याम्पसले नवीकरण गराएका छैनन् । सम्बन्धन प्रदान गरेका क्याम्पसबाट प्रत्येक वर्ष प्राप्त हुनुपर्ने, प्राप्त भएको र बाँकी सेवा शुल्कको अभिलेख अद्यावधिक गरेको पाइएन । आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसको अनुगमन कार्यको कार्ययोजना तयार गर्ने र अनुगमनबाट कारबाही सिफारिस भएकोमा कार्यान्वयन स्थिति यकिन हुन सकेन । उच्च शिक्षाको शैक्षिक प्रशासनमा विस्तार, सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्न उचित रणनीति अपनाई कार्यान्वयन गर्नुपर्दछ ।

७७. **त्रिपुरेश्वर मलको भाडा –** विश्वविद्यालय र एक व्यवसायीबीच त्रिपुरेश्वरस्थित संयुक्त विश्व व्यापार केन्द्र भवन ३२ वर्षको लागि भाडामा दिन २०५९।१०।२ मा सम्झौता भएको देखिन्छ । सम्झौताको दफा ८.२.२ मा प्रत्येक महिनाको घर भाडा महिना शुरु भएको १५ दिनभित्र बुझाई सक्नुपर्ने उल्लेख छ । उक्त समयमा भाडा नबुझाएमा २० प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने व्यवस्था छ । व्यवसायीले २०६३।६४ देखि २०७४।७५ सम्मको घर भाडा रु.१ करोड ६१ लाख र शुल्क रु.७६ लाख समेत रु.२ करोड ३७ लाख नबुझाएकोमा विश्वविद्यालयले कुनै कारबाही गरेको छैन । सम्झौता अनुसारको भाडा रकम शुल्कसहित असुल हुनुपर्दछ ।

७८. **जग्गा संरक्षण –** विश्वविद्यालयबाट प्राप्त विवरण अनुसार विश्वविद्यालयको स्वामित्वमा ३ हजार ७२२ रोपनी ११ आना ३ पैसा जग्गा हुनुपर्नेमा लेबोरेटरी स्कुल, मेलम्ची खानेपानी योजना, बागवानी केन्द्र, राधा स्वामी सत्संग व्यास, गणतन्त्र स्मारक आदी संस्थालाई करिब ७११ रोपनी जग्गा निर्णय गरी तथा नगरी उपलब्ध गराएको छ । विश्वविद्यालयको जग्गाबाट नै २० देखि ३० फुटसम्म चौडाईका ८ सडक निर्माण गरी सार्वजनिक भइरहेकोले जग्गाको वास्तविक अवस्था यकिन गरी लगत राखेको देखिएन । विश्वविद्यालयको स्वामित्वमा केन्द्रीय कार्यालय परिसरमा रहेको कि.नं.३४ को १०८ रोपनी १४ आना २ पैसा ३ दाम क्षेत्रफल जग्गा लेवोरेटरी स्कुलले प्रयोग गरेकोमा सो बापत विश्वविद्यालयलाई कुनै आय प्राप्त भएको देखिँदैन । उक्त जग्गा २०५७।४।१३ मा १५ वर्षको लागि उपलब्ध गराएकोमा पटक पटक छाड्न ताकेता गरे पनि छाडेको छैन । विश्वविद्यालयको सम्पत्ति शैक्षिक प्रयोजनमा मात्र उपयोग गरी अन्य निकायलाई भोगचलन गर्न दिने कार्य नियन्त्रण गरी संरक्षण गर्नुपर्ने देखिएको छ ।

७९. **ऋण तथा ब्याज बाँकी –** विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले विभिन्न कोषबाट लिएको ऋणको साँवा तथा ब्याज तोकिएको समयमा चुक्ता गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार २०७४।७५ सम्म ५ हजार १४८ शिक्षक तथा कर्मचारीबाट रु.८ करोड २९ लाख ७ हजार ऋण तथा ब्याज असुल गर्न बाँकी रहेको

देखियो । तोकेको समयमा साँवा तथा ब्याज चुक्ता नगरेकोमा असुलीतर्फ कारबाही भएको देखिएन । सम्झौताको कार्यतालिका अनुसार असुली नहुँदा विश्वविद्यालयको तरलतामा कमी हुनुको साथै अन्य शिक्षक तथा कर्मचारी ऋण सुविधाबाट वञ्चित हुने देखिँदा नियम तथा सम्झौताअनुसार असुल गर्नुपर्दछ ।

८०. **इन्टरनेट प्रोजेक्ट –** विश्वविद्यालयको सूचना केन्द्रमा इन्ट्रानेट र इन्टरनेट नेटवर्क जडान कार्य गर्न रु.१२ करोड १६ लाख ५६ हजारको लागत अनुमान कार्यकारी परिषद्बाट २०७४।८।१२ मा स्वीकृत गरी बोलपत्रमा माग गरेकोमा २ बोलपत्र दाखिला भएकोमा घटी कबोल गर्ने एक निजी कम्पनीको कबोल अङ्क रु.१० करोड ५१ लाख ३८ हजारको प्रस्ताव २०७४।१२।१८ मा स्वीकृत गरी २६ हप्ताभित्र कार्य सम्पन्न गर्न सम्झौता गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

८०.१. उक्त लागत अनुमानको आधार खुलाएको छैन । सम्झौताअनुसार २०७५।६।२० सम्म कार्य सम्पन्न गर्नुपर्नेमा २०७५ आषाढ मसान्तसम्म मोविलाइजेशन पेस्की रु.१ करोड ८६ लाख ८ हजार र सर्भे डिजाइन कार्य सम्पन्न भएको भनी रु.३२ लाख ६८ हजार भुक्तानी गरेको देखिन्छ । सर्भे डिजाइन स्वीकृत गरी सोको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा सर्भे डिजाइन नगरी लागत अनुमान स्वीकृत भई बोलपत्र माग गरेको देखियो ।

८०.२. लागत अनुमानका ५६ आइटममध्ये बोलपत्रदाताले कबोल नगरेको २ समेत ५ आइटमको लागत घटाई बोलपत्र मूल्याङ्कन गरेको पाइयो । लागत अनुमानमा समावेश गरी बोलपत्र आव्हान गरेका आइटम घटाई बोलपत्र मूल्याङ्कन गर्न मिल्ने देखिँदैन । यस्तो अवस्थाले उक्त बोलपत्रमा स्वस्थ प्रतिस्पर्धा भएको देखिएन ।

८०.३. बोलपत्र सम्बन्धी कागजातको कार्य परिमाण सूची (बिओक्यु) मा वैदेशिक अवलोकन भ्रमण, वैदेशिक तालिम, स्थानिय तालिम, सर्भे डिजाइन, जडान तथा परीक्षण र एक वर्ष वारेण्टी सपोर्ट गरी ६ आइटममा रु.२ करोड ४६ लाख ३४ हजार भुक्तानी हुने गरी लमसममा राखी सम्झौता गरेको देखिन्छ । लागत अनुमान तयार गर्न सकिने र वास्तविक खर्चको आधारमा भुक्तानी गर्नेगरी सम्झौता गर्नुपर्नेमा लमसममा राखी सम्झौता गर्दा ती आइटममा लागत अनुमानभन्दा रु.७० लाख ७४ हजार बढी भुक्तानी हुने देखिन्छ । परामर्श सेवाको काममा अवलोकन भ्रमण, वैदेशिक तालिम, एक वर्षको वारेण्टी बापत रु.१ करोड १० लाख ४० हजार लमसममा भुक्तानी हुने गरी व्यवस्था गरेको औचित्यपूर्ण देखिँदैन ।

८१. **मोही व्यवस्थापन –** भूमिसम्बन्धी ऐन, २०२१ को परिच्छेद ७ मा जग्गा धनी र मोहीबीच जग्गा बाँडफाँड गरी मोहीको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै जग्गा धनीको स्वीकृती बेगर आफूखुशी भौतिक संरचना बनाउन नपाउने व्यवस्था छ । पब्लिक युथ क्याम्पस, धोविचौरको स्वामित्वमा रहेको जग्गामध्ये ५ आना २ पैसा १ दाम जग्गामा पाँच मोहीले भवन निर्माण गरी बसेको अवस्था छ । क्याम्पसले मोही लगत कट्टा गर्ने कार्य गरेको देखिँदैन । प्रत्येक वर्ष ५ मोहीबाट रु.५०० मात्र कुत बापत नगद लिने गरेको देखियो । उपर्युक्त स्थितिले जग्गाबाट समयानुकुल आम्दानी हुन नसकेको अवस्था छ । ऐनको प्रावधान पालना गरी आम्दानीमा समेत समयानुकूल वृद्धि गर्नुपर्ने देखिन्छ ।

परीक्षा नियन्त्रण कार्यालय, बल्खु

८२. **अभिलेखको सुरक्षा –** कार्यालयले सम्पादन गर्ने कार्य परीक्षार्थी दर्ता, नतिजा प्रकाशन लगायत सबै प्रकारका शैक्षिक प्रमाणपत्रको व्यवस्थापन एवं सुरक्षा व्यवस्थित हुनुपर्दछ । कार्यालयले विद्युतीय अभिलेख र हार्ड कपी भूकम्प तथा आगलागी जस्ता प्रकोपबाट सुरक्षित हुने व्यवस्था मिलाएको देखिएन । त्यसैगरी २०५४ अगाडिको अभिलेख हस्तलिखित मात्र रहेको र कतिपय अभिलेख जीर्ण अवस्थामा रहेतापनि उचित व्यवस्था गरेको छैन ।अभिलेखको उचित व्यवस्थापन तथा संरक्षण गरी सेवा प्रवाहमा समेत सुधार गर्नुपर्दछ ।

८३. **कार्यक्रम बजेट –** उच्च शिक्षा सुधार परियोजनाबाट खर्च व्यहोर्ने गरी छपाई मेसिन, सवारीसाधन खरिद, कम्प्युटर प्रिन्टर खरिद, गोदामघर निर्माण, फर्निचर खरिदलगायत ११ किसिमका कार्यको लागि २०७३।७४ मा रु.१० करोड ३७ लाख कार्यक्रम बजेट स्वीकृत भएको छ । यो वर्ष दोस्रो किस्ताबापत रु.५ करोड १० लाख निकासा भएको छ । गत वर्षको जिम्मेवारी रु.४ करोड ८९ लाख १९ हजारसमेत रु.९ करोड ९९ लाख १९ हजार धरौटी खातामा जम्मा गरी रु.२ करोड २ लाख २५ हजार खर्च गरी वर्षान्तमा रु.७ करोड ९६

लाख ९४ हजार बाँकी रहेको छ । निश्चित कार्य गर्न प्राप्त रकम धरौटी खातामा राखी खर्च गर्दै जानु बजेट सिद्धान्त प्रतिकूल देखिन्छ ।

चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालय

८४. **सम्बन्धन –** त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३८० मा कार्यकारी परिषद्ले अनुसूची ५ मा उल्लिखित शर्तका अतिरिक्त आवश्यक ठानेमा अन्य शर्तसमेत तोकी बढीमा २ वर्षका लागि अस्थायी सम्बन्धन प्रदान गर्नसक्ने र नियम ३८१ मा कार्यकारी परिषद्ले स्थायी सम्बन्धन दिनसक्ने व्यवस्था छ । कार्यकारी परिषद्ले आवश्यक ठानेमा २ वर्षका लागि अस्थायी सम्बन्धनको अवधि थप गर्नसक्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षसम्म १५ कलेज सञ्चालन गर्न अनुमती दिई अस्थायी म्याद थप गर्दै सञ्चालनमा रहेको देखियो ।

सम्बन्धन स्वीकृति गरेपछि सञ्चालित कलेजहरुले पालना गर्नुपर्ने आचारसंहिता, कार्यविधि, मार्गदर्शनलगायत शर्तको पालना गरे नगरेको, तोकिएको संख्यामा विद्यार्थी भर्ना गरी तोकिएको शुल्क उठाए नउठाएको, शर्तबमोजिमको भौतिक पूर्वाधार तयार गरे नगरेको विषयहरुमा अनुगमन मूल्याङ्कन गरी अभिलेख समेत अद्यावधिक गर्नुपर्दछ । नेपाल सरकारको निर्णय बमोजिम एम.वि.वि.एस.को शुल्क उपत्यकाभित्र रु.३८ लाख ५० हजार र बाहिर रु.४२ लाख ४५ हजार निर्धारण गरे पनि विभिन्न कलेजले तोकेभन्दा बढी शुल्क असुल गरेको सम्बन्धमा नियामक निकायबाट आवश्यक कारबाही गरी निराकरण गरेको देखिएन ।

प्राप्त विवरणअनुसार २०७४।७५ सम्म विभिन्न १२ मेडिकल कलेजसँग रु.९ करोड ११ लाख ३८ हजार संस्थागत शुल्क उठ्न बाँकी रहेकोमा लेखापरीक्षण अवधि (२०७५ फाल्गुण) सम्म १० संस्थासँग रु.६ करोड ६ लाख ८१ हजार बाँकी रहेको देखिन्छ । साथै कलेजले ६/६ महिनामा वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था भए पनि ती कलेजले पेस गरेको वित्तीय विवरणको अभिलेख राख्ने गरेको देखिएन । डीन कार्यालयले सम्बन्धन प्राप्त निकायको अभिलेख व्यवस्थित गरी दर्ता, नवीकरण, सञ्चालन अवस्था, थप कार्यक्रमको स्वीकृति आदि खुल्ने गरी अभिलेख अद्यावधिक गर्ने र सम्बन्धन अनुसार कार्यसञ्चालन भए/नभएको अनुगमन मूल्याङ्कन गरी देखिएका कमी कमजोरीमा सुधार गर्नुपर्दछ ।

८५. **उत्तीर्ण स्थिति –** चिकित्सा शिक्षा अध्ययन संस्थान मातहत महाराजगञ्ज क्याम्पस, आयुर्वेद क्याम्पस, विराटनगर, वीरगञ्ज, पोखरा र नेपालगंज नर्सिङ्ग समेत ७ आङ्गिक क्याम्पस र १५ सम्बन्धन प्राप्त कलेज रहेका छन् । स्नातक तथा स्नातकोत्तर तहमा सञ्चालित कार्यक्रममध्ये आङ्गिक क्याम्पसमा ३२० र सम्बन्धन प्राप्त कलेजमा १ हजार ६२५ समेत १ हजार ९४५ विद्यार्थी परीक्षामा सम्मिलित भएकोमा १ हजार १२० (५७.५८ प्रतिशत) विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । आङ्गिक क्याम्पसको विद्यार्थी ३२० मध्ये २८८ (९० प्रतिशत) उत्तीर्ण तथा सम्बन्धन प्राप्त क्याम्पसको विद्यार्थी १ हजार ६२५ मध्ये ८३२ (५१.२० प्रतिशत) उत्तीर्ण रहेको देखिन्छ । सम्बन्धन प्राप्त कलेजले लगानीअनुसार अपेक्षित नतिजा हासिल नगरेको सम्बन्धमा समीक्षा गरी सुधार हुनुपर्दछ ।

महाराजगन्ज चिकित्सा क्याम्पस

८६. **खर्च एवं प्रगति –** क्याम्पसको लागी यो वर्ष पुँजीगत कार्यमा खर्च गर्न रु.३१ करोड ९५ लाख बजेट स्वीकृत भएकोमा रु.१९ लाख ५१ हजार (०.६१ प्रतिशत) मात्र गरेको छ । पुँजीगतसम्बन्धी कार्यको वार्षिक कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी बजेट प्रस्ताव गर्ने र सो अनुसार खर्च गर्नुपर्दछ ।

८७. **विकास बजेट** – विश्वविद्यालय सभाबाट पारित विकास बजेटअनुसार पुनर्निर्माण प्राधिकरणबाट निकासा हुने रु.६ करोड ५० लाख २०७५।३।२४ मा डीन कार्यालय मार्फत प्राप्त भएकोमा उक्त रकम २०७५।३।३२ मा धरौटी खातामा जम्मा गरेको छ । कार्यक्रमको आधारमा सशर्त अनुदान शीर्षकबाट निकासा हुने यस्तो रकम खर्च नगरी मौज्दात राख्न मिल्ने नदेखिएकोले संघीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

इन्जिनियरिङ अध्ययन संस्थान, डीनको कार्यालय

८८. **नतिजा स्थिति -** शैक्षिक संस्थाहरुमा गरेको लगानीको उचित प्रतिफल प्राप्त हुनुपर्दछ । इन्जिनियरिङ अध्ययन संस्थान परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त विवरणअनुसार शैक्षिक सत्र २०६९ देखि २०७१ सम्मको इञ्जिनियरिङ स्नातक ४ वर्षे कार्यक्रमको नतिजा निम्नानुसार रहेको छ ।

शैक्षिक व्याच	आङ्गिक क्याम्पसतर्फ विद्यार्थी संख्या			सम्बन्धन प्राप्त क्याम्पस तर्फ विद्यार्थी संख्या			समग्र		
	परीक्षामा सहभागी विद्यार्थी	उत्तिर्ण संख्या	उत्तिर्ण प्रतिशत	परीक्षामा सहभागी विद्यार्थी	उत्तिर्ण संख्या	उत्तिर्ण प्रतिशत	परीक्षामा सहभागी विद्यार्थी	उत्तिर्ण संख्या	उत्तिर्ण प्रतिशत
२०६९	१५१०	१२०६	७९.८७	१७५०	९४१	५३.७७	३२६०	२१४७	६५.८६
२०७०	१२४७	७३३	५८.७८	२००२	५८०	२८.९७	३२४९	१३१३	४०.४१
२०७१	११५१	६२७	५४.४७	१३३९	४९८	३७.१९	२४९०	११२५	४५.१८

उल्लिखित नतिजाअनुसार आङ्गिक क्याम्पसका विद्यार्थीको उत्तीर्ण प्रतिशत विगत तीन वर्षमा घट्दो अवस्थामा रहेको छ । आङ्गिक क्याम्पसको तुलनामा निजी स्रोतबाट सञ्चालित क्याम्पसको नतिजा कमजोर देखिएको छ । विश्वविद्यालयबाट अनुगमन गरी आंङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्न ध्यान दिनुपर्दछ ।

पोखरा नर्सिङ क्याम्पस

८९. **जग्गा लिज –** क्याम्पस र एक व्यक्तिबीच पोखरा महानगरपालिका रामघाटस्थित ३४ रोपनी क्षेत्रफल रैकर जग्गामा सपिङ्ग कम्प्लेक्स र क्याम्पस भवन निर्माण गर्न २७ वर्ष लिजमा दिने गरी २०६३।२।१० मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम बनाउनु पर्ने स्थायी संरचना बनाउन तत्कालिन पोखरा उप महानगरपालिकाबाट २०६४।७।२९ मा नक्सा पास भएको र सम्झौताअनुसार २ वर्ष निर्माण अवधिको लागि प्रति महिना रु.३५ हजार र त्यसपछि २५ वर्षका लागि सम्झौतामा उल्लिखित तालिका अनुसार भाडा असुल गर्नुपर्ने उल्लेख छ । जग्गा वहालमा लिने पक्षले विविध कारण देखाई हालसम्म विधालय भवन, सपिङ्ग कम्प्लेस जस्ता स्थायी संरचना निर्माण कार्य शुरुसम्म गरेको छैन । उक्त जग्गामा एक माध्यमिक विद्यालय सञ्चालन गरी व्यवसायिक कार्यमा प्रयोग गरेको छ । करार सम्झौताअन्तर्गत बक्यौता भाडा रु.२८ लाख ४१ हजार असुल गर्नुपर्दछ । सम्झौता बमोजिम जग्गा व्यवस्थापन गर्न केन्द्रीय कार्यालयसमेतले ध्यान दिनुपर्दछ ।

नेपाल संस्कृत विश्वविद्यालय

संस्कृत भाषा एवं शिक्षाको आधुनिकीकरण र यसको मूल्य मान्यताको जगेर्ना गर्न २०४३ मा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भएको हो । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्र, सम्पर्क कार्यालय, सेवा आयोगको कार्यालय, आयुर्वेद अध्ययन संस्थान डीन कार्यालय, विद्यापीठ १४, संस्कृत माध्यामिक विद्यालय २ र अन्य कार्यालय ४ समेत २५ कार्यालय रहेका छन् ।

९०. **जग्गा अतिक्रमण –** विश्वविद्यालय अन्तर्गत १२ आङ्गिक क्याम्पस र केन्द्रीय कार्यालयको नाममा १ हजार ७१८ बिघा १८ कट्ठा ५ धुर र १०२ रोपनी ९ आना १२ पैसा १ दाम जग्गा रहेको देखिन्छ । दाङ्ग देउखुरीस्थित १ हजार ६६२ बिघा जग्गामध्ये १२२ विघाको आयस्ता प्राप्त हुने गरेको, ४६ विघा कार्यालय प्रयोजनमा रहेको र बाँकी १ हजार ४८४ विघा जग्गामध्ये ५०० बिघामा मोही रहेको र अन्य जग्गा २०५८ सालदेखि विभिन्न व्यक्तिबाट अतिक्रमण भई जग्गाको उपयोग गर्न नसकेको सम्बन्धमा विगत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा सुधार भएको देखिएन । विश्वविद्यालयले आफ्नो जग्गा हकभोगमा लिई आयआर्जन गर्नुपर्दछ ।

९१. **पेस्की –** विश्वविद्यालयको आर्थिक प्रशासनसम्बन्धी नियम, २०६७ को नियम ३३ मा तोकिएको अवधिभित्रै पेस्की फछ्यौट गर्नुपर्ने र नगरेमा बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत लिने व्यवस्था छ । यो वर्षसम्म १७ निकायका पदाधिकारी, कर्मचारी र संस्थाको नाममा रु.१ करोड ९० लाख पेस्की बाँकी देखिएकोले नियमानुसार फछ्यौंट हुनुपर्दछ ।

विश्वविद्यालयका उपकुलपतिलगायतका पदाधिकारी क्यानाडा भ्रमणमा जानको लागि बाल्मीकी विद्यापीठका एक उपप्राध्यापकलाई नेपाल सरकारबाट प्राप्त भएपछि मिलान गर्नेगरी केन्द्रीय कार्यालयबाट

रु.१० लाख पेस्की २०७४।११।१७ मा दिएको छ । क्यानाडा भ्रमणको कार्यक्रम कुलसचिवबाट निर्णय गरेकोमा उक्त भ्रमण सम्बन्धमा छानबिन गर्न गठित समितिको प्रतिवेदन समेतबाट निजहरु व्यक्तिगत तवरबाट भ्रमणमा गएकोले सरकारी बजेटबाट भुक्तानी गर्न नमिल्ने देखिँदा असुल फछ्यौंट गर्नुपर्दछ ।

पोखरा विश्वविद्यालय

उच्च शिक्षाको पहुचमा सुधार गर्ने उद्देश्यले सञ्चालित बहु विश्वविद्यालयहरुमध्ये पोखरा विश्व विद्यालय पाँचौ विश्वविद्यालयकोरुपमा २०५४ मा पोखराको लेखनाथमामा स्थापना भएको छ । सो विश्वविद्यालयअन्तर्गत ४ संकाय र परीक्षा व्यवस्थापनका लागि परीक्षा नियन्त्रण कार्यालय रहेको छ ।

९२. **सम्बन्धन -** शिक्षण संस्थाको सम्बन्धन सम्बन्धी नियमावली, २०५६ को नियम ५ मा साधारण र प्राविधीक दुबै विषयमा स्नातकको लागि वढीमा ४ वर्ष सम्मका लागि र स्नाकोत्तर तहमा वढीमा ३ वर्ष सम्मका लागि अस्थायी सम्बन्धन प्रदान गरीने, अस्थायी सम्बन्धन प्रदान गरी सञ्चालनमा रहेका कार्यक्रमहरुका लागि प्रत्येक ५।५ वर्षमा कार्यकारी परीषद्ले तोके बमोजिमको शुल्क लिई नवीकरण गर्दै जाने र नियम ६ बमोजिम सम्बन्धनका सबै शर्त पुरा गरी एक अवधिसम्म निरन्तर अस्थायी सम्बन्धन प्राप्त गरिसकेका क्याम्पस वा शिक्षण संस्थालाई सम्वन्धित विद्या परिषद्को सिफारिसमा कार्यकारी परिषद्ले स्थायी सम्बन्धन दिनसक्ने व्यवस्था छ ।

यस विश्व विद्यालयले स्थापनाकाल देखि २०६८।६९ सम्म ५८ शिक्षणसस्थालाई अस्थायी सम्बन्धन प्रदान गरेको र तत्पश्चात सम्बन्धन प्राप्त शिक्षण संस्थाहरुमा कार्यक्रम थपको स्वीकृति मात्र दिँदै आएको छ । अस्थायी सम्बन्धन प्राप्त गरेका ५८ शिक्षण सस्थाहरुलाई दिएको अस्थायी सम्बन्धन उक्त नियमावली अनुसार प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेमा सो नवीकरण गरेको छैन । साथै ती संस्थामध्ये कुनै पनि संस्थालाई स्थायी सम्बन्धन प्रदान गरेको छैन ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

कला, विज्ञान चिकित्साशास्त्र, कानून, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने काम समेतको लागि मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ अनुसार स्थापना भई सञ्चालन हुँदै आएको छ । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, सेवा आयोग, परीक्षा नियन्त्रण कार्यालय, संकाय ५, निर्देशनालय २, केन्द्र २, परीक्षा व्यवस्थापन कार्यालय र केन्द्रीय क्याम्पस ५ समेत १५ निकाय सञ्चालनमा छन् । विश्वविद्यालय अन्तर्गत स्नातक तहमा २ हजार १६० र स्नातकोत्तर तहमा ८८६ समेत २ हजार ४६ विद्यार्थी अध्ययनरत छन् ।

९३. **अनुदान –** विश्वविद्यालयले १० क्याम्पसलाई आङ्गिक क्याम्पस बनाउने नीति अनुरुप ती क्याम्पसलाई भौतिक पूर्वाधार विकासको लागि विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रु.८ करोडमध्ये प्रति क्याम्पस रु.३० लाखको दरले रु.३ करोड प्रथम किस्ता निकासा पठाएको छ । निकासा रकमको उपयोग सम्बन्धमा प्रगति विवरण लिई अनुगमन गरेको छैन । अनुदानको अनुगमन गर्नुपर्ने तथा बचत रकम फिर्ता गर्नुपर्ने देखिएको छ ।

९४. **भवन निर्माण –** विश्वविद्यालयको इन्जिनियरिङ केन्द्रीय क्याम्पस भवन निर्माण कार्य २०७४।७।११ भित्र सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग रु.१३ करोड ९४ लाख ७२ हजारको सम्झौता भएको छ । वर्षायाम, चाडपर्व निर्माण सामग्री अभाव जस्ता कारण उल्लेख गरी पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको, म्याद थपको कारण निर्माण अवधि बढ्न गई परामर्श सेवामा रु.१२ लाख ७३ हजार थप व्ययभार परेको र ८० प्रतिशत भुक्तानी गर्दा मोविलाइजेशन पेस्की फछ्यौंट गर्नुपर्नेमा ८३.७५ प्रतिशत भुक्तानी भएपनि रु.३२ लाख ७७ हजार पेस्की बाँकी रहेको र जमानतको म्याद समेत २०७३।४।१५ मा नै समाप्त भएकोले पेस्की जोखिममा रहेको छ । उक्त पेस्की ब्याजसहित असुल गरी सम्झौताका शर्त बमोजिम निर्माण कार्य सम्पन्न हुनुपर्दछ ।

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय

कला, विज्ञान, चिकित्साशास्त्र, कानून, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने लगायतका कामको लागि सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ अनुसार

स्थापना भई सञ्चालन हुँदै आएको छ । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, सेवा आयोग, परीक्षा नियन्त्रण कार्यालय, संकाय ५ विभाग ६ र केन्द्रीय क्याम्पस समेत १४ निकाय रहेका छन् ।

९५. **लेखाप्रणाली –** विश्वविद्यालय ऐनको दफा ३३ मा विश्वविद्यालयले आफ्नो आय–व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली अनुसार राख्नुपर्ने उल्लेख छ । ऐन लागू भएको ८ वर्षसम्म पनि लेखाको ढाँचा नतोकेको, लेखा नीति तयार नगरेको र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरेको छैन । नेपाल सरकारले नेपाल लेखामान स्वीकृत गरी लागू गरी सकेकोले विश्वविद्यालयले लेखामान अनुसार प्रोदभावी सिद्धान्तको आधारमा लेखाको ढाँचा तोकी कार्यान्वयन गर्नुपर्दछ ।

९६. **समाहित –** त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा सञ्चालित सिद्धनाथ विज्ञान क्याम्पस र सम्बन्धन प्राप्त सिद्धनाथ बहुमुखी क्याम्पसलाई संयुक्त रुपमा समाहित गरी सोही परिसरमा यो विश्वविद्यालय स्थापना गर्ने उल्लेख भए तापनि सिद्धनाथ विज्ञान क्याम्पस ऐन लागू भएको ८ वर्षसम्म पनि विश्वविद्यालय मातहत आएको छैन ।

९७. **मूल्य समायोजन –** खरिद सम्झौतामा उल्लेख भए बमोजिम वेस रेट र वृद्धि भएको प्राइस इण्डेक्सको मूल्य समायोजन दिँदा खरिद सम्झौताको काम सम्पन्न गर्नुपर्ने मितिसम्मको प्राइस इण्डेक्सका आधारमा मात्र दिने व्यवस्था छ । विश्वविद्यालयले शैक्षिक र प्रशासनिक भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई शुरु खरिद सम्झौताको म्याद (२०७३।८।२१) को प्राइस इण्डेक्सको आधारमा दिनुपर्नेमा म्याद थप भएको अवधिको आधारमा गणना गरी रु.१६ लाख ९३ हजार मूल्य समायोजन बढी भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

९८. **दरबन्दी व्यवस्थापन –** अर्थ मन्त्रालयले विश्वविद्यालयको दरबन्दी स्वीकृत गर्न दिएको सहमती पत्रमा सेवा आयोगबाट प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । विश्वविद्यालयको ५ सदस्यीय कार्यकारी परिषद्मा ३ सदस्य मात्र पूर्ति भएको र सोमध्ये उपकुलपति तथा रजिष्ट्रार गरी २ सदस्य मात्रको उपस्थितिमा २१७ शिक्षक तथा कर्मचारी समायोजन र नियुक्तिको निर्णय गरेको देखिन्छ । उक्त निर्णय प्रक्रियामा सेवा आयोगको संलग्ता रहेको देखिएन । साविकका सामुदायिक क्याम्पसहरुले विश्वविद्यालयमा पेस गरेको कागजातलाई मात्र आधार बनाई छानबिन र अध्ययन नै नगरी अधिकांश शिक्षक तथा कर्मचारीको समायोजन गरेको व्यहोरा छानबिन समितिको प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । क्याम्पस समाहित, दरबन्दी स्वीकृत एवं नियुक्ति प्रक्रिया सम्बन्धमा छानबिन गरी कारबाही गर्नुपर्दछ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

कृषि, पशु तथा वन क्षेत्रमा गुणस्तरीय शिक्षण, अनुसन्धान र विस्तारको माध्यमबाट ग्रामीण क्षेत्रको सामाजिक, आर्थिक अवस्था अभिवृद्धि गर्ने लक्ष्यसहित २०६७ मा यस विश्वविद्यालय स्थापना भएको हो । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, अनुसन्धान तथा प्रचार निर्देशनालय, परीक्षा नियन्त्रण कार्यालय र ३ विषयगत संकाय र १ क्याम्पस समेत ७ निकाय र २ आङ्गिक क्याम्पस रहेका छन् ।

९९. **सम्बन्धन –** कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा १९ मा निजी क्षेत्रका क्याम्पसहरुले विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सञ्चालन हुन चाहेमा विश्वविद्यालयले तोके बमोजिम त्यस्ता क्याम्पसलाई सम्बन्धन प्रदान गर्नसक्ने व्यवस्था रहेको छ । विश्वविद्यालयको २०७५।३।२० मा बसेको कार्यकारि परिषद्को वैठकबाट निजी कलेजहरुलाई समेत अस्थायी सम्बन्धन दिने निर्णय गरेको देखिएको छ । विश्वविद्यालयसँग सम्बन्धन लिन १४ संस्था/कलेजहरुले प्रस्ताव पेस गरेकोमध्ये प्राज्ञिक परिषद्ले १० संस्था/कलेजहरुलाई शिफारिस गरेकोमा परिषद्बाट ७ कलेजलाई कृषि विज्ञान र १ कलेजमा वन विज्ञानको अस्थायी सम्बन्धन प्रदान गरेको देखियो । सम्बन्धन प्राप्त गर्नेमध्ये १ सहकारी संस्था र अन्य सबै निजी कलेजहरु रहेका छन् ।

१००. **कृषि फार्मको आय –** केन्द्रीय कार्यालयमा ४ कृषि फार्म सञ्चालन हुँदै आएका छन् । उक्त ४ फार्मको प्रत्यक्ष सञ्चालन खर्च रु.१ करोड ७० लाख २८ हजार रहेकोमा फार्मको उत्पादन रु.५८ लाख ३ हजार (३४ प्रतिशत) रहेको छ । खर्चको तुलनामा आम्दानी न्यून भएको देखिँदा मितव्ययी रुपमा खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

बी.पी.कोइराला मेमोरियल प्लानेटेरियम, अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति

१०१. **मेसिनरी उपकरणको उपयोग –** सार्वजनिक निकायले खरिद गरेका मेसिनरी औजार उपकरण उद्देश्य अनुरुप प्रयोगमा ल्याउनुपर्दछ । समितिले विज्ञान संग्रहालयमा प्रदर्शनीमा राख्ने प्रयोजनको लागि डि.एन.ए.लर्निङ्ग सेन्टरसँग सम्बन्धित रु.१६ लाख १८ हजार, वनस्पति संग्रहालयसँग सम्बन्धित रु.१८ लाख २२ हजार र थ्रि डि.सिनेमा हलसँग सम्बन्धित रु.१ करोड ७१ लाख समेत रु.२ करोड ५ लाख ४० हजारको मेसिन, औजार उपकरण खरिद गरेको छ । ती सामानहरु २०७५ फाल्गुणसम्म पनि उद्देश्य अनुरुप उपयोगमा नल्याएको र वारेण्टी अवधि एक वर्षमध्ये ८ महिना समाप्त भइसकेको छ । यस सम्बन्धमा छलफल गर्दा कतिपय सामानहरु उपयोगी नरहेको भन्ने समेत जानकारी प्राप्त भयो । सामान खरिद र उपयोग सम्बन्धमा छानबिन गरी यकिन हुनुपर्दछ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, २०७४।७५

कम्पनी ऐन, २०२१ अन्तर्गत सरकारको पूर्ण स्वामित्वमा यो केन्द्र २०३५ मा स्थापना भएको हो । नेपाल सरकारको लागि आवश्यक शैक्षिक सामग्री, पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका, शैक्षिक नक्सा, स्टिकर आदि प्रकाशन तथा उत्पादन गरी निर्धारित मूल्यमा उपलब्ध गराउने यस संस्थाको मुख्य उद्देश्य रहेको छ । यो वर्ष २ करोड ३० लाख थान किताब छपाइ गर्ने लक्ष्य रहेकोमा १ करोड ८१ लाख थान छपाइ गरी ७९ प्रतिशत उपलब्धि हासिल गरेको छ ।

१०२. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** आर्थिक वर्षको अन्तमा पुँजी र जगेडा कोष रु.४५ करोड ६४ लाख, संचित नोक्सानी रु.१ अर्ब ८६ करोड ८६ लाख, मध्यम तथा दीर्घकालीन ऋण रु.१ अर्ब ५७ करोड ४६ लाख, चालु सम्पति रु.६८ करोड ४२ लाख, चालु दायित्व रु.८५ करोड ६ लाख र स्थिर सम्पत्ति रु.३२ करोड ८७ लाख रहेको छ । यो वर्ष कुल बिक्री रु.१ अर्ब २२ करोड ३४ लाख भएकोमा बिक्रीको लागत रु.७५ करोड ५४ लाख, प्रशासनिक खर्च रु.२२ करोड ३२ लाख, व्याज खर्च रु.१२ करोड ९७ लाख र ह्रास खर्च रु.८९ लाख भई कर अघिको नाफा रु.११ करोड ६९ लाख रहेको छ ।

१०३. **लागत विश्लेषण -** विगत ४ वर्षमा केन्द्रबाट उत्पादित सामग्रीको लागत विश्लेषण गर्दा २०७१।७२ देखि २०७४।७५ सम्म प्रति युनिट किताब छपाइ क्रमशः रु.४४.७२, रु.४१.३३, रु.५४.६८ र रु.४१.०६ लागेको देखियो । २०७१।७२ को तुलनामा २०७२।७३ मा प्रति युनिट उत्पादन लागत ७.५८ प्रतिशतले र २०७४।७५ मा ८.१८ प्रतिशत कमी आएको तथा २०७३।७४ मा प्रति युनिट २२.२७ प्रतिशतले वृद्धि भएको देखिन्छ । २०७१।७२ को उत्पादन खर्चलाई आधार लिँदा २०७३।७४ को उत्पादन लागत रु ६७ करोड १३ लाख लाग्नेमा रु ८२ करोड १० लाख खर्च भई रु.१४ करोड ९६ लाख बढी खर्च भएको छ । उत्पादनको लागत घटने प्रवृत्ति रहेकोमा २०७३।७४ मा मात्र अस्वाभाविक रुपले वृद्धि भएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

१०४. **कर्जा दायित्व -** केन्द्रले तिर्नुपर्ने कर्जा २०७५ आषाढ मसान्तमा रु.१ अर्ब ५७ करोड ४६ लाख रहेको देखिन्छ । विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जाको ब्याजसमेत निर्धारित समयमा भुक्तानी नगरी हर्जाना तिनुपर्ने अवस्था छ । यो वर्ष तिर्नुपर्ने ब्याज र हर्जाना रु.१४ करोड ५९ लाख रहेको छ । केन्द्रले पटक पटक कर्जा नवीकरण गर्न नागरिक लगानी कोषलाई पत्राचार गरे पनि कर्जा नवीकरण नभएको र साझा प्रकाशनबाट यस वर्षको अन्त्यमा रु.८ करोड १७ लाख लिन बाँकी रहेको छ । उठाउनुपर्ने रकम उठाउने, उत्पादन लागत घटाउने र प्रशासनिक खर्च कटौती गरी केन्द्रको वित्तीय र सञ्चालन अवस्थामा सुधार गर्नुपर्दछ ।

१०५. **ऋणात्मक नेटवर्थ -** केन्द्र विगतदेखि निरन्तर नोक्सानीमा रहेको छ । गत वर्ष सम्मको सञ्चित नोक्सानी रु.२ अर्ब ३ करोड ३८ लाख र नेटवर्थ रु. १ अर्ब ५७ करोड ७४ लाख ऋणात्मक रहेकोमा यो वर्षको अन्तमा सञ्चित नोक्सानी रु.१ अर्ब ९० करोड ६३ लाख र नेटवर्थ रु १ अर्ब ४५ करोड ऋणात्मक रहेको देखिन्छ । निरन्तर घाटामा गइरहेको संस्थालाई नाफामा लैजान व्यावसायिक कार्ययोजना तयार गर्न विज्ञ समूह गठन गरी अध्ययन गराए तापनि प्रतिवेदन कार्यान्वयन भएको पाइएन ।

अनुगमन र बेरुजू

- **अनुगमन –** गत विगतका प्रतिवेदनमा अनुदानको अनुगमन नभएको, विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, मूल उत्तरपुस्तिका बढी छपाई गरेको, त्रिभुवन विश्वविद्यालयका केही निकायले समयमै लेखापरीक्षण नगराएको लगायतका व्यहोरामा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ ११२ निकायमा रु.७ अर्ब २२ करोड ४३ लाख ७५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ करोड १६ लाख ८५ हजार फछ्यौंट गरेकोले रु.७ अर्ब १४ करोड २६ लाख ९० हजार बाँकी रहेको छ । सोमध्ये रु.१५ करोड ८९ लाख ३१ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था २०९ तर्फ रु.४ अर्ब ९० करोड ३४ लाख ८८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७८ करोड ८७ लाख ५१ हजार फछ्यौंट गरेकोले रु.४ अर्ब ११ करोड ४७ लाख ३७ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.२६ करोड ३६ लाख ५३ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा श्रम तथा रोजगारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन, श्रम शक्ति र श्रमबजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध, रोजगार, सेवा तथा श्रमिक आपूर्ति, श्रमिकहरुको सामाजिक सुरक्षा, विदेशीहरुका लागि श्रम स्वीकृतिलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ४३ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१ अर्ब २१ लाख ३८ हजार, राजस्व रु.४ करोड ८१ लाख ७५ हजार, धरौटी रु.१ अर्ब ९७ करोड ४६ लाख ५ हजार र अन्य कारोबार रु.४० अर्ब २० करोड ७७ लाख ३८ हजारसमेत रु.४३ अर्ब २३ करोड २६ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना र बजेट कार्यान्वयन -** आवधिक योजना तथा बजेटमा समावेश भएको कार्यस्थल दुर्घटना बीमा, मातृत्व संरक्षण बीमा, बिरामी र औषधि उपचार लागू गर्ने सम्बन्धी कार्यविधि, एकीकृत सामाजिक सुरक्षासम्बन्धी ऐन, उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरुको कार्य वातावरणलाई स्वच्छ र सुरक्षित बनाउन व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी नीति निर्माण कार्य सम्पन्न भएको छैन । प्रत्येक प्रदेशमा एउटा विषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिने व्यहोरा चौधौँ योजनामा उल्लेख भएकोमा सबै प्रदेशमा यस्तो तालिम केन्द्र स्थापना भएको छैन ।

आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा एक वर्षभित्र विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन वैदेशिक रोजगारीमा जानु अघि अनिवार्य रुपमा बैङ्क खाता खोल्नुपर्ने र सोही खातामा विप्रेषण पठाइने व्यवस्था मिलाउने समेत उल्लेख भएकोमा दुबै व्यवस्था कार्यान्वयन भएको पाइएन । आवधिक योजना एवं बजेट वक्तव्यमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

सुरक्षित आप्रवासन परियोजना

२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयले स्विस सहयोगअन्तर्गत सुरक्षित आप्रवासन परियोजनाको लागि अनुदान प्राप्त गर्दा सम्झौताको दफा ११ बमोजिम 'क' वर्गको लेखापरीक्षकबाट लेखापरीक्षण गराउने गरी सम्झौता गरेको पाइयो । यो वर्ष रु.२० करोड १८ लाख १९ हजार सोझै भुक्तानी भएको देखिन्छ । नेपालको संविधान र प्रचलित कानुनको विपरीत हुने गरी वैदेशिक सहायता ग्रहण गर्न सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सोझै भुक्तानी रकमको लेखापरीक्षण गराउनुपर्दछ ।

श्रम विभाग

३. **गैरनेपाली श्रमिक अनुगमन -** श्रम विभागले यस वर्ष चीन, भारत, अमेरिका, बेलायत, अष्ट्रेलियालगायत मुलुकका १ हजार ६०८ नागरिकलाई नेपालमा काम गर्न श्रम स्वीकृत दिएको र ९६२ को नवीकरण गरेको छ । तिनीहरुमध्ये श्रम स्वीकृतिको शर्तबमोजिम काम गरे नगरेको सम्बन्धमा विभागबाट अनुगमन भएको छैन । श्रम स्वीकृतिको अवधिभन्दा बढी अवधि कार्यरत रहेको, एक प्रकारको भिसा लिएको गैरनेपाली नागरिकले अर्कै प्रकृतिको कार्य गरेको अवस्था छ । विभिन्न प्रकृतिका भिसाको स्वीकृति दिने निकाय बेग्ला बेग्लै रहेको र ती निकायबीच समन्वय नभएको स्थिति छ । अनौपचारिक क्षेत्रमा कार्यरत गैरनेपालीसमेतको अध्ययन एवं पञ्जीकरण गर्ने उद्देश्यले विगत वर्ष कार्यक्रम राखे पनि कार्यान्वयन नभएकोमा यस वर्ष कार्यक्रमसमेत राखेको देखिएन । त्यस सम्बन्धमा समन्वय एवं अनुगमन गर्नुपर्दछ ।

वैदेशिक रोजगार विभाग

४. **वैदेशिक रोजगारी स्थिति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ । यस आर्थिक वर्षसम्म संस्थागत रुपमा ११० र व्यक्तिगत रुपमा १७२ देशमा वैदेशिक रोजगारको लागि पठाउन/जान खुल्ला गरेकोमा हाल इराक र लिवियामा रोक्का गरेको उल्लेख छ । आर्थिक वर्ष २०७२।७३ मा ६ लाख ४२ हजार ५७७, २०७३।७४ मा ६ लाख ४३ हजार १६५ र २०७४।७५ मा ६ लाख १२ हजार ६८५ व्यक्ति रोजगारीका लागि विदेशमा गएको देखिन्छ ।

वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति प्राप्त १४२ देशमध्ये १०१ देशमा रोजगारीमा गएको देखिन्छ । रोजगारीमा गएको मध्ये ८ देशसँग मात्र श्रम सम्झौता भएको छ । वैदेशिक रोजगारीमा गएका मध्ये १ देखि ५० जनासम्म गएका देश संख्या १०१, १०० जनासम्म गएका देश संख्या ५, एक हजारसम्म गएका देश संख्या २१, ५ हजारसम्म गएका देश संख्या ६, ५० हजारसम्म गएका देश संख्या ५ र ५० हजारभन्दा बढी गएका देश संख्या ४ रहेको देखिन्छ । त्यसमध्ये मलेसिया र दक्षिण कोरिया रोजगारीमा जानेको लागि शून्य लागतमा सम्झौता भएको छ । अन्य सम्भाव्य देशमा समेत शून्य लागतमा सम्झौता गर्न प्रयास गर्नुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः वैदेशिक अनुदानको लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट गराउने गरी सम्झौता गरेको, वैदेशिक रोजगारीका लागि २ देशसँग मात्र शून्य लागतको सम्झौता भएको, आय लेखाङ्कन व्यवस्थित नभएको, सेवा प्रवाह व्यवस्थित नभएको, फ्री भिसा/फ्री टिकटको प्रभावकारी अनुगमन नभएको, उद्देश्य अनुरुप कोषको उपयोग नभएको, कोषमा बचत निष्क्रिय रहेको, सेवा शुल्कको रकम उद्देश्य विपरीत खर्च गरेको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

५. **आय लेखाङ्कन -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२ अनुसार वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणको लागि वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड मातहत रहने गरी वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना भएको र उक्त कोषमा यो वर्ष रु.१ अर्ब ६२ करोड ८ लाख जम्मा भएको छ ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति दिँदा र नवीकरण गर्दा दस्तुर लिनेगर्दछ । वैदेशिक रोजगारमा जाने व्यक्तिलाई अनुमति प्रदान गर्दा लिइने दस्तुर ५ कार्यालयबाट असुल हुने व्यवस्था छ । उक्त दस्तुर असुल गर्ने कार्यालयमा आम्दानीको लेखा राख्ने गरेको छैन । प्रत्येक कार्यालयले प्राप्त दस्तुरको लेखाराख्ने, बैङ्क हिसाब भिडान गर्ने र ती कार्यालयको कोषमा रकम ट्रान्सफर गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

६. **धरौटी -** वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत लिने संस्थाबाट तोकिएबमोजिम धरौटी लिने र धरौटीको परिचालनबाट प्राप्त ब्याज वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गर्ने व्यवस्था छ । विभागको धरौटी खातामा रु.१ अर्ब १५ करोड ४६ लाख ३० हजार बाँकी रहेको छ । उक्त रकममध्ये रु.७० करोड विभिन्न 'क' वर्गका बैङ्कमा मुद्दती खातामा लगानी गरेकोमा लगानीबाट प्राप्त ब्याजको लेखाङ्कन भएको सुनिश्चित हुने अवस्था छैन । धरौटी खातामा राख्नुपर्ने न्यूनतम रकमको अनुमान गरी बाँकी रकम परिचालन गर्नुपर्दछ ।

७. **सेवा प्रवाह -** वैदेशिक रोजगार विभागअन्तर्गत वैदेशिक रोजगारमा जानेलाई स्वीकृति प्रदान गर्न काठमाडौँ कार्यालय, मलेसिया, साउदी, कतार, ईपीएस दक्षिण कोरिया शाखासमेत ५ कार्यालय रहेकोमा हाल प्रदेशस्तरका कार्यालयबाट समेत स्वीकृत प्रदान गर्न शुरु गरेको छ । स्थलगत अवलोकन गर्दा अझै पनि ती कार्यालयमा अव्यवस्थित भिड रहने गरेको, सेवा लिन पेस गर्नुपर्ने कागजात तथा शुल्क सम्बन्धमा कामदार सुसूचित नभएको र मध्यस्थकर्तामार्फत सेवा लिनुपर्ने अवस्था विद्यमान रहेको देखियो । काठमाडौँ कार्यालयमा सेवाग्राहीलाई सुविधाप्रदान गर्न टोकन प्रणाली लागु गर्न यन्त्र उपकरण, सफ्टवेयर आदिको व्यवस्था भए पनि टोकन प्रणाली व्यवस्थित तवरले लागू गरेको देखिएन ।

सेवाग्राहीले अनलाईन प्रणालीबाट फाराम भर्दा सो फाराममा टोकन नम्बर समेत आउने व्यवस्था छ । अनलाइन फाराममा नै टोकन नम्बर राख्दा फाराम पहिलो भर्ने तर कार्यालयमा पछि पुग्ने व्यक्तिले पहिले सेवा पाउने भएकोले सेवाग्राहीमा असन्तुष्टि रहेको अवस्था देखियो । तत्कालै स्वीकृति लिई विदेश जानुपर्ने वाध्यतामा परेकालाई प्राथमिकता दिनुपर्नेमा सो व्यवस्थापन गर्न समेत समस्या रहेको देखिन्छ । यस सम्बन्धमा एकरुपता हुने गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **फ्री भिसा/फ्री टिकट -** राज्यमन्त्रीस्तरको २०७२।२।२६ र २०७२।३।६ को निर्णयबमोजिम बहराइन, कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, ओमन, कुवेत र मलेसियाको लागि वैदेशिक रोजगारमा जाने कामदारबाट रु.१० हजारसम्म लिने र रोजगारदाता कम्पनीले भिसा खर्च, आतेजाते हवाइटिकटसमेत व्यहोर्ने गरी व्यवस्था मिलाएको देखिन्छ । विभागमा परेका उजुरी तथा अन्य माध्यमबाट प्राप्त जानकारीअनुसार निःशुल्क भिसा तथा टिकटको उल्लिखित प्रावधान पूर्णरुपमा कार्यान्वयन नभएको, रोजगार व्यवसायीले तोकिएको शुल्कको अतिरिक्त थप रकमसमेत लिने गरेको जानकारी हुन आएको छ । यस सम्बन्धमा कामदारको टिकट खर्च, बीमा खर्च र भिसा शुल्क रोजगार व्यवसायी वा रोजगारदाता कम्पनीले व्यहोरेको सम्बन्धमा विभागले अनुगमन गरेको छैन । यस सम्बन्धमा विभागले अनुगमन गरी कामदारले तोकिएको शुल्कभन्दा बढी रकम भुक्तानी नगरेको सुनिश्चित गर्नुपर्दछ ।

सामाजिक सुरक्षा कोष

९. **कानुन पालना -** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६(२)(ङ) मा सामाजिक सुरक्षा करबापत हालसम्म सङ्कलित र भविष्यमा सङ्कलन हुने रकम यस कोषमा जम्मा हुने व्यवस्था छ । सामाजिक सुरक्षा कर २०६७।६८ देखि सङ्कलन हुँदै आएकोमा यो वर्षसम्म रु.२२ अर्ब २ करोड ६४ लाख पुगेको छ । उक्त रकम सामाजिक सुरक्षा कोषमा जम्मा नगरी सञ्चितकोषमा जम्मा भएको र विनियोजन ऐनबमोजिम खर्च भैसकेको देखिन्छ । ऐनमा भएको व्यवस्था कार्यान्वयन भएको देखिँदैन । तसर्थ ऐन नियमको व्यवस्था कार्यान्वयन वा संशोधन हुनुपर्दछ ।

राष्ट्रियस्तरको कल्याणकारी कोष

१०. **कोषको उपयोग -** बोनस ऐन, २०३० को दफा ५ र १३ मा मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले हरेक आर्थिक वर्षमा गरेको खुद मुनाफाको १० प्रतिशत बराबरको रकम कर्मचारीलाई बोनसबापत छुट्याउनुपर्ने उल्लेख छ । बोनस वितरणका लागि छुट्याएको रकमबाट बोनस वितरण गरेपछि बाँकी रहेको रकमको ७० प्रतिशत सम्बन्धित प्रतिष्ठानको कल्याणकारी कोषमा र बाँकी ३० प्रतिशत यस कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उद्योग प्रतिष्ठानमा काम गर्ने कर्मचारी मजदुरको हक हितका कार्यक्रम सञ्चालन गर्न गठन भएकोमा सो उद्देश्यअनुरुप रकम परिचालन हुन नसकी विगतदेखि मौज्दात रहँदै आएको रु.१६ अर्ब ३९ करोड ४० लाख यस वर्ष सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेको छ ।

सामाजिक सुरक्षा कोषबाट योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम कर्मचारीको हक हित बाहेकको काममा शेयर, डिबेन्चरमा लगानी गर्ने, सरकारी सेवाका कर्मचारीलाई पनि ऋण दिने, भवन बनाई बहालमा लगाउने तथा ऐनको दफा ३२(१)(ग), (ङ), (छ), (ट)) बमोजिम सहभागी प्रतिष्ठानका कर्मचारीको सामाजिक सुरक्षाका विभिन्न कार्यमा खर्च हुने व्यवस्था छ । जसको फलस्वरुप राष्ट्रियस्तरको कल्याणकारी कोषमा योगदान गरेको रकमबाट उद्देश्यअनुरुप सम्बन्धित सञ्चयकर्ता वा प्रतिष्ठानका कर्मचारीको हक हित र सुविधाका कार्यक्रम मात्र सञ्चालन हुने अवस्था रहेन । यस कोषमा जम्मा भएको रकमको प्रतिष्ठानगत विवरणसमेत तयार नगरी एकमुष्ट रकम जम्मा गरेको देखिन्छ । जसले गर्दा कोषको उद्देश्य पूरा हुने अवस्था देखिएन । यसतर्फ समयमा नै सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जारी भएपछि सामाजिक सुरक्षा कोषमा राष्ट्रियस्तरको कल्याणकारी कोषको रकम जम्मा हुनुपर्ने व्यवस्था भए तापनि राष्ट्रियस्तरको कल्याणकारी कोष सम्बन्धमा केही उल्लेख गरेको पाइएन । बोनस ऐनअनुसारको ३० प्रतिशत रकम राष्ट्रियस्तरको कल्याणकारी कोषमा नपठाई सिधै सामाजिक सुरक्षा कोषमा पठाउनुपर्ने व्यवस्था भएमा राष्ट्रियस्तरको कल्याणकारी कोषको प्रशासनिक खर्च बचत हुने देखिन्छ । समयमा नै कानुनी र संरचनागत व्यवस्थामा सुधार गरिनुपर्दछ ।

११. **आम्दानीको अभिलेख -** प्राप्त विवरणअनुसार कोषमा २०५५।५६ देखि हालसम्म प्रतिष्ठानहरुबाट रु.१५ अर्ब ७५ करोड योगदान भएकोमा अन्य प्रतिष्ठानलाई कोषको दायरामा ल्याउन सकेको छैन । योगदान गर्नुपर्ने, गरेको, नगरेको सम्बन्धमा आर्थिक वर्ष, रकमगत र प्रतिष्ठानअनुसार नेपालभरको अद्यावधिक अभिलेख राख्नुपर्नेमा अभिलेख नै राखेको पाइएन । नेपाल राष्ट्र बैङ्कमा यस वर्ष जम्मा भएको रु.१० करोड ५८ लाख ६९ हजारको प्रतिष्ठानगत रकम यकिन नगरी प्राप्त भएसम्मको रकम मात्र आम्दानी जनाउने गरेको छ । अभिलेख राख्ने प्रक्रियामा सुधार हुनुपर्दछ ।

वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड

१२. **निष्क्रिय बचत -** बोर्डको विगत ५ वर्षको आम्दानी खर्चको विश्लेषण गर्दा प्रत्येक वर्ष कुल आम्दानीको ७.७४ देखि १०.८० प्रतिशतसम्म मात्र खर्च भएको छ । यस वर्ष गत वर्षको मौज्दातसमेत रु.५ अर्ब ६६ करोड ७१ लाख ७९ हजार मौज्दात रहेकोमा रु.७० करोड ९२ लाख ८५ हजार (१२.५१ प्रतिशत) मात्र खर्च भई रु.४ अर्ब ९५ करोड ७९ लाख बचत रहेको छ । कोषमा प्राप्त रकमको अधिकतम परिचालन हुन सकेको छैन । कोषको रकम अधिकतम परिचालन हुने गरी कार्यक्रम तर्जुमा गर्ने र तर्जुमा गरिएका कार्यक्रम कार्यान्वयन गर्ने वा कामदारबाट लिने शुल्क पुनरावलोकन हुनुपर्दछ ।

१३. **कामदारको मृत्यु र अङ्गभङ्ग -** वैदेशिक रोजगारीमा गएका कामदारको सम्बन्धित देशको हावापानी, कामको चाप, व्यक्तिगत बानी व्यहोरा, कामदारबीचको झैझगडालगायतका कारणले मृत्यु तथा अङ्गभङ्ग हुने गरेको देखिन्छ । गत ३ वर्षमा भएको मृत्यु तथा अङ्गभङ्गको स्थिति क्रमशः २०७२।७३ मा ८१६ र ११७, २०७३।७४ मा ७५६ र २०६, २०७४।७५ मा ८२१ र ३६१ रहेको देखिन्छ । यसरी वैदेशिक रोजगारमा जानेको सुरक्षा नभएको कारण व्ययभार समेत बढेको हुँदा विदेशमा कामको सिलसिलामा हुने मृत्यु तथा अङ्गभङ्गको कारण र सोको न्यूनीकरणको लागि आवश्यक उपायको खोजी गरी निराकरण गर्न जरुरी देखिन्छ ।

ई.पी.एस. कोरिया शाखा

१४. **सेवा शुल्क -** दक्षिण कोरिया जाने कामदारसँग सेवा शुल्क अमेरिकी डलर ४६, अभिमुखीकरण तालिम अमेरिकी डलर ६३ र स्वास्थ्य परीक्षण अमेरिकी डलर ५४ बापत लिने गरेको छ । सेवा शुल्कबापत लिएको रकम ई.पी.एस. कोषमा जम्मा गरेको र यस वर्षसम्म उक्त कोषमा रु.१९ करोड ४८ लाख ४९ हजार मौज्दात रहेको छ । कोषको मौज्दात रकमबाट कार्यालयले परीक्षा भवन निर्माण गर्न निर्माण व्यवसायीसँग रु.१० करोड ५० लाख ४९ हजारमा ठेक्का सम्झौता गरेको छ । कामदारसँग लिएको रकमबाट सरकारी भवन निर्माण गर्नु मनासिब देखिएन । अभिमुखीकरण तालिमको लागि लिएको रकममध्ये रु.८ करोड ७१ लाख २० हजार व्यावसायिक सीप विकास तथा तालिम केन्द्रको खातामा बचत रहेको छ । स्वास्थ्य परीक्षणको लागि लिएको रकम स्वास्थ्य परीक्षण गर्ने संस्थाले लिने भएकोले उक्त रकमबाट हुन गएको बचतको अभिलेख कार्यालयमा रहेको देखिएन । कामदारसँग लिइने विभिन्न सेवा शुल्कको आधार स्पष्ट हुनुपर्दछ । सेवा प्रदान गर्ने विभिन्न निकायमा कामदारसँग लिएको शुल्क बचत रहेको र सोबाट सरकारी भवन निर्माणसमेत गरेको अवस्थाले त्यस्तो खर्च औचित्यपूर्ण मान्न सकिँदैन ।

१५. **मौज्दात -** व्यावसायिक सीप तथा तालिम केन्द्रमा मौज्दात रहेको रकममध्ये रु.६ करोड ९० लाख ७४ हजार २०७५।११।२७ मा राजस्व दाखिला गरेकोले रु.१ करोड ८० लाख ४६ हजार बाँकी छ । विगत वर्षको बचत रकमबाट आगामी बर्ष तालिम सञ्चालनको लागि खर्च गर्नुपर्ने अवस्था नदेखिएकोले उक्त रकमसमेत राजस्व दाखिला गर्नुपर्दछ । रोजगारीमा जानेसँग लिने सेवा शुल्क निर्धारण गर्दा लागत विश्लेषण गरी आवश्यक रकम मात्र लिने व्यवस्था हुनुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने, सामाजिक सुरक्षा कोषको रकम उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च गर्नुपर्नेलगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ १६ निकायमा रु.७ करोड ४४ लाख ४८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ लाख १५ हजार फछ्यौंट गरेकोले रु.७ करोड ३६ लाख ३३ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ करोड ३८ लाख ५५ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा संस्कृति, पर्यटन तथा हवाई यातायातको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा धरोहर र ऐतिहासिक महत्वका दरबार एवं पर्यटनसँग सम्बद्ध, संगठित संस्था र समिति, प्रतिष्ठान, कोषसमेत अनुगमन मूल्याङ्कन गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेतका ५९ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको विनियोजन रु.३ अर्ब ८४ करोड ८७ लाख, राजस्व रु.१ अर्ब ३२ करोड ४८ लाख, धरौटी रु.२३ करोड ३८ लाख र अन्य कारोबार रु.२ करोड ७८ लाखसमेत कुल रु.५ अर्ब ४३ करोड ५१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था ६ र समिति २० को रु.४ खर्ब ७९ अर्ब १३ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **चौधौँ योजना -** चौधौँ योजनाले पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने लक्ष्यकासाथ आर्थिक समृद्धिका लागि पर्यटन विकास भन्ने सोच लिएको छ । पशुपति, लुम्बिनी लगायतका राष्ट्रिय गौरवका आयोजनाको गुरुयोजनाअनुसारको पूर्वाधार विकास, प्रत्येक प्रदेशमा एक/एक पर्यटक गन्तव्य स्थलका लागि विश्रामस्थल, चमेना गृह, शौचालय, पोर्टर शेल्टर, पर्यटक संरचना केन्द्रजस्ता पूर्वाधार निर्माणसहित सहज पहुँच हुने गरी स्थानीय तह, समुदाय तथा निजी क्षेत्रको सहकार्य र सहभागितामा पर्यटन पदमार्गलगायत एकीकृत पर्यटकीय र मनोरञ्जनस्थल निर्माण तथा सञ्चालन गरिने उल्लेख छ ।

योजना अवधिमा विदेशी पर्यटक आगमन सङ्ख्या वार्षिक १२ लाख, विदेशी पर्यटकको सरदर बसाई अवधि १५ दिन तथा सरदर दैनिक खर्च अमेरिकी डलर ६० पुग्ने र पर्यटन क्षेत्रबाट पहिलो, दोस्रो र तेस्रो वर्ष क्रमशः २५ हजार, ४० हजार र ४५ हजार थप रोजगारी सिर्जना हुने उल्लेख छ ।

योजनाको लक्ष्यअनुसार राष्ट्रिय गौरवका आयोजनाको निर्माण सम्पन्न गर्ने अवधि निश्चित नभएको, प्रत्येक प्रदेशमा पर्यटक गन्तव्य नतोकेको, पर्यटकीय स्थलमा पूर्वाधार विकास गर्न निजी क्षेत्रसँग सहकार्य हुन नसकेको तथा रोजगारी सिर्जना भएको सुनिश्चित हुने आधार छैन । चौधौँ योजनाले लिएको लक्ष्यबमोजिम उपलब्धि हाँसिल हुन कठिनाइ रहेको सन्दर्भमा योजनाअनुसार प्रगति हुने गरी कार्यसञ्चालन गर्नुपर्छ ।

पर्यटन नतिजा सूचकअनुसार २०७४।७५ मा कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ३.५ प्रतिशत पुऱ्याउने, पर्यटकको आगमन संख्या १० लाख पुऱ्याउने, बसाई अवधि १४ दिन पुऱ्याउने, प्रति पर्यटक प्रतिदिन खर्च अमेरिकी डलर ५८ पुऱ्याउने, रोजगारी सिर्जना ४० हजार पुऱ्याउने, विदेशी मुद्रा आर्जन अमेरिकी डलर ८००४ लाख पुऱ्याउने रहेकोमा सोको प्रगति अभिलेख व्यवस्थित रहेको देखिएन ।

२. **राष्ट्रिय गौरवका आयोजनाको प्रगति -** मन्त्रालय अन्तर्गत राष्ट्रिय गौरवका ५ आयोजना सञ्चालनमा रहेका छन् । प्रगति प्रतिवेदनअनुसार पशुपति क्षेत्रमा २०५७ देखि यस वर्षसम्म रु.१३ करोड १८ लाख खर्चगरी ६४.९६ प्रतिशत र लुम्बिनी क्षेत्रमा रु.३ अर्ब ७७ करोड ७१ लाख खर्च गरी ८० प्रतिशत भौतिक प्रगति देखाएको छ । निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणका लागि विगतमा तयार भएको विस्तृत आयोजना प्रतिवेदन अध्ययन गरी आगामी आर्थिक वर्षमा बोलपत्रसम्बन्धी प्रक्रिया शुरु गरिने उल्लेख भएकोमा सो भएको छैन । गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य २०७५ चैत्रभित्र सम्पन्न गर्ने र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य आगामी आर्थिक वर्षमा शुरु गरी चार वर्षभित्र सम्पन्न गर्ने उल्लेख भएकोमा क्रमशः ५० र १५ प्रतिशत प्रगति भएको विवरण प्राप्त भएको छ ।

३. **पर्यटक उद्धार खर्च** - मन्त्रालयले पर्वतारोहण तथा पर्यटनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउनका लागि नियमन गर्ने व्यवस्था छ । फर्जी उद्धार भएको सम्बन्धमा गठित कार्यदलको प्रतिवेदन २०७५ मा पदयात्रा तथा पर्वतारोहणका लागि गएका पर्यटकलाई खानामा बिरामी पार्ने औषधि प्रयोग गरी नियोजित रुपमा बिरामी

बनाई हेलिकोप्टर कम्पनी, उद्धार कम्पनी तथा विभिन्न अस्पतालसंग मिलेमतो गरी अतिरिक्त खर्च लिने गरेको गुनासो सम्बन्धमा अध्ययन गर्दा ११ कम्पनी तथा संस्था एवं ४ अस्पतालले जारी गरेको बीजकअनुसार खर्चको परिमाण विश्वसनीय देखिएन भन्ने उल्लेख गरेकोले यस सम्बन्धमा थप छानबिन गरी अनियमित कार्यमा संलग्नलाई कारबाही गर्नुपर्दछ ।

४. **पर्यटन रोयल्टी –** यस वर्ष कुल रु.४६ करोड ६१ लाख ६२ हजार पर्यटन रोयल्टी सङ्कलन भएको छ । पर्यटन राजस्व बाँडफाँड समितिले पर्वतारोहण रोयल्टी बाँडफाँड गरी स्थानीय तहमा पठाउनुपर्ने व्यवस्था रहेकोमा बाँडफाँड नगरेकोले उक्त रकम निष्क्रिय रहेको छ । त्यस्तै नेपाल सरकारले तोकिएका हिमालको रोयल्टी उठाउन नेपाल पर्वतारोहण संघलाई अनुमति प्रदान गरे पनि उक्त संस्थाले सङ्कलन गरेको रोयल्टीको हिसाब तयार गरी लेखापरीक्षण नगराएकोले राजस्वको यकिन विवरण प्राप्त भएको छैन । यस सम्बन्धमा मन्त्रालयबाट छानबिन हुनुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः चौधौं योजनाको लक्ष्यबमोजिम कार्य नभएको, राष्ट्रिय गौरवका आयोजनामा अपेक्षाकृत प्रगति नभएको, अनुदानको अनुगमन नभएको, भेटीघाटी व्यवस्थापन नभएको, क्यासिनो रोयल्टी असुल नभएको, पुनर्निर्माण कार्यमा समयमै उपयुक्त निर्णय नगर्दा अनावश्यक खर्च भएको, परामर्शसेवाको लागत अनुमानमा शिरोभार खर्च समावेश गरेको, मूल्य समायोजन बढी भुक्तानी गरेको, नियम विपरीत करारमा नियुक्ति गरेको, भेरिएसन स्वभाविक नभएको, योग्यता बेगर बोलपत्रदाता छनौट गरेको, भाडा तथा शुल्क असुल नगरेको, सम्पत्तिको लगत अद्यावधिक नगरेको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

५. **अनुदान –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष २२ विकास समिति तथा बोर्डहरु र ९३ स्थानीय तहलाई रु.२ अर्ब १८ करोड ८४ लाख ९३ हजार सशर्त अनुदान दिएको छ । अनुदानको सम्बन्धमा मन्त्रालयले अनुगमन गरी खर्च नभएको रकम सञ्चितकोष फिर्ता दाखिला हुनुपर्दछ ।

६. **भेटीघाटी व्यवस्थापन –** भेटी व्यवस्थापन निर्देशिका, २०७५ मा प्रचलित कानुनबमोजिम स्थापित धार्मिक संस्थाले धार्मिक व्यवस्थापनको लागि स्थानीय तहको स्वीकृति लिनुपर्ने, चढाइएको भेटीमध्ये नगद बैङ्कमा जम्मा गर्नुपर्ने, जिन्सीको हकमा विवरण राखी जीर्णोद्धार, पुनःनिर्माण तथा धार्मिक र सामाजिक कार्यमा खर्च गरी लेखापरीक्षण प्रतिवेदन सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तहमा अनिवार्य रुपले पेस गर्नुपर्ने र मन्त्रालय वा प्रदेशको संस्कृति हेर्ने मन्त्रालयले अनुगमन गर्ने तथा गर्न लगाउने व्यवस्था छ । काठमाडौं उपत्यकाको तीर्थस्थल वा देवालयको संख्या यकिन भइनसकेको र अन्य ७४ जिल्लामा रहेका ७९९ तीर्थस्थल वा देवालय उक्त निर्देशिकाबमोजिम सञ्चालन भए नभएको विवरण उपलब्ध भएन । उक्त सम्बन्धमा गत वर्षको प्रतिवेदनमा उल्लेख गरे तापनि सुधार भएको देखिएन ।

श्रीपशुपतिनाथमा चढाएको भेटीलगायत जिन्सीको अभिलेख राखी आम्दानी गर्ने गरे पनि मन्दिर बाहिरका १ बिहार, ५ अन्य मन्दिर र परिसरमा रहेका ७ मन्दिरसहित १३ मन्दिरको भेटी पुजारी र स्थानीय समितिले लिने गरेको तर जीर्णोद्धार, पुनर्निर्माण कार्य कोषबाट गर्ने गरेको प्रचलित कानुन विपरीत देखिन्छ । पशुपति क्षेत्रभित्रका सबै मठ मन्दिरको भेटीलगायतका सबै आय कोषमा जम्मा गरी पुजारीलाई पारिश्रमिक भुक्तानी दिनुपर्ने भए कोषबाटै आवश्यक नियम तथा प्रक्रिया निर्धारण गरी भुक्तानी दिने व्यवस्था हुनुपर्छ ।

७. **विद्युतीय सवारी खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा सारभूत रुपमा प्रभावग्राही नभएमा बोलपत्र अस्वीकृत वा खरिद कारबाही रद्द गर्नसक्ने व्यवस्था छ । लुम्बिनी विकास कोषको स्वीकृत कार्यक्रमअनुसार विद्युतीय कार ११ र बस ५ आपूर्ति गर्न अमेरिकी डलर १२ लाखको लागत अनुमान गरी बोलपत्र आह्वान गरेकोमा एक चिनियाँ कम्पनीले अमेरिकी डलर १८ लाख ५६ हजारमा आपूर्ति गर्ने प्रस्ताव पेस गरेको देखियो । सो प्रस्तावउपर मन्त्रालयले वार्ता गरी अमेरिकी डलर १२ लाखमा २०७५।३।२५ सम्म आपूर्ति गर्न सम्झौता गरेको देखिन्छ । लागत अनुमानको तुलनामा ५५ प्रतिशत बढीको प्रस्ताव प्राप्त भएकोमा ऐनको उक्त व्यवस्थाअनुसार नगरी वार्ताद्वारा दररेट तय गरी सम्झौता गरेको देखियो । सार्वजनिक खरिद ऐन नियममा बोलपत्रको माध्यमद्वारा सामान खरिद गर्दा वार्ताद्वारा दररेट घटबढ गर्ने व्यवस्था छैन । सम्झौताअनुसार आपूर्तकलाई रु.१ करोड २६ लाख ४१ हजार कार्य सञ्चालन पेस्की उपलब्ध गराएकोमा

सम्झौता अवधिमा कार्य सम्पादन गरी पेस्की फछ्यौंट गरेको देखिएन । नियमानुसार पेस्की फछ्यौंट हुनुपर्दछ ।

८. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन, २०५५ मा प्रत्येक कार्यालयले आय व्ययको लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नेपाल पर्यटन बोर्डको २०७४।७५ को लेखापरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयबाट खटिएका लेखापरीक्षकलाई स्रेस्ता कागजात उपलब्ध गराउन पटक पटक पत्राचार गरेकोमा हालसम्म पेस गरेको छैन । स्रेस्ता कागजात नराख्ने तथा लेखापरीक्षण नगराउने जिम्मेवार पदाधिकारीलाई सोही ऐनको दफा ३३ र लेखापरीक्षण ऐन, २०७५ को दफा २५ अनुसार कारबाही गर्नुपर्ने व्यवस्था रहेकोले कानुनबमोजिम कारबाही गरी यस कार्यालयलाई जानकारी गराउन मन्त्रालयका सचिवलाई २०७५।१२।१९ मा लेखी पठाइएको छ ।

९. **पुनः संरचना –** गत वर्षसम्म मन्त्रालय र मातहत समेत ६२ कार्यालय रहेकोमा यो वर्ष पुनः संरचनाको व्यवस्था गरी संघअन्तर्गत ३५, प्रदेशअन्तर्गत २२ र स्थानीय तहअर्न्तगत २ कार्यालय रहने संरचना तयार भएको छ ।

पर्यटन विभाग

१०. **क्यासिनोको इजाजतपत्र –** क्यासिनो नियमावली, २०७० को नियम १० मा क्यासिनो सञ्चालनको इजाजतका लागि दुई करोड इजाजत दस्तुर लाग्ने, तर आधुनिक मेसिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा एक करोड रुपैयाँ इजाजत दस्तुर लाग्ने व्यवस्था रहेको र नियम १२ मा इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुने, नियम १३ मा इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा एक महिना अगावै इजाजतपत्र नवीकरणका लागि निवेदन दिनुपर्ने व्यवस्था छ । क्यासिनो सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१०.१ सञ्चालनमा रहेका तीन क्यासिनोले इजाजतपत्र लिएको पाइएन । स्वीकृति नलिई सञ्चालन गरेको सम्बन्धमा कारबाही गरी दुई कम्पनीको रु.१ करोड र चार स्थानमा सञ्चालित एक कम्पनीको रु.२ करोडसमेत रु.४ करोड इजाजतपत्र दस्तुर असुल गर्नुपर्दछ ।

१०.२ आर्थिक ऐन, २०७४ को दफा १७(४) अनुसार आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र रोयल्टी नबुझाउने निकायलाई रोयल्टी रकमको वार्षिक १५ प्रतिशतका दरले शुल्क र त्यस्तो म्याद नाघेको मितिले ३ महिनासम्ममा रकम नबुझाएमा वार्षिक १५ प्रतिशतका दरले थप शुल्कसमेत लगाई क्यासिनोको रोयल्टी असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष एक कम्पनीले रु.३ करोड र अर्को एक कम्पनीले रु.५ करोड ७३ लाख ९० हजारसमेत रु.८ करोड ७३ लाख ९० हजार रोयल्टी नबुझाएको हुँदा थप शुल्कसमेत लगाई असुल गर्नुपर्दछ ।

१०.३ आर्थिक ऐन, २०७४ को दफा १७(१ र २) अनुसार आधुनिक मेसिन वा उपकरणको माध्यमबाट खेलाइने खेल (क्यासिनो) को लागि एक इजाजतपत्रबाट एक स्थानमा मात्र त्यस्तो खेलाउन सकिनेमा एक मिनी क्यासिनोबाट महेन्द्रनगर, वीरगन्ज, विराटनगर र काठमाडौँसमेत ४ ठाउँमा सञ्चालन गरी एक स्थानको मात्र नवीकरण दस्तुर रु.५० लाख दाखिला गरेको छ । अतः ऐनको व्यवस्थाबमोजिम कारबाही गरी नपुग नवीकरण दस्तुर रु.१ करोड ५० लाख असुल हुनुपर्दछ ।

१०.४ केही क्यासिनो सञ्चालकले इजाजत दस्तुर नबुझाई विगतदेखि क्यासिनो सञ्चालन गरिरहेकै स्थानमा नयाँ नामबाट क्यासिनो सञ्चालन हुँदै आएकोमा क्यासिनो नियमावली, २०७० अनुसार विभागबाट अनुगमन मूल्याङ्कन एवं कारबाही हुनुपर्नेमा सो नभएको र सञ्चालनमा रहेका क्यासिनो तथा मिनी क्यासिनोमध्ये इजाजतपत्र लिए नलिएका, रोयल्टी तिरे नतिरेका संख्याको अद्यावधिक लगत राख्ने नगरेकोले यथार्थ स्थिति देखिने अवस्था रहेन । अभिलेख अद्यावधिक गरी अनुगमन गर्नुपर्दछ ।

पुरातत्व विभाग

११. **पुनः निर्माण** - पुरातत्व विभागबाट प्राप्त जानकारीअनुसार देशभरी रहेका पुरातात्विक सम्पदाहरुको संख्या ७ हजार ४०२ मध्ये काठमाडौँ उपत्यकामा ५ हजार ४०२ रहेका छन् । उक्त सम्पदामध्ये २०७२ को भूकम्पले ३१ जिल्लाका १ हजार ५९० सम्पदा क्षति भएकोमा विभागबाट पुनः निर्माण शुरु गरेका १ हजार १७८ रहेका छन् । तीमध्ये सम्पन्न २२१, चालु २१३, र निर्माण नै शुरु नभएका ७४४ रहेका छन् । सम्पदा पुनः निर्माणमा रु.१ अर्ब ३२ करोड २५ लाख खर्च भएको छ । विभाग बाहेक अन्य वैदेशिक संघ संस्था, स्थानीय तह, अन्य सरकारी तथा गैरसरकारी निकायबाट समेत पुनः निर्माण भइरहेकोले सोको अद्यावधिक अभिलेख तयार गरेको छैन । पुनः निर्माण भइरहेका सम्पदाको निरन्तर अनुगमन मूल्याङ्कन गरी अद्यावधिक अभिलेख राखी यथाशीघ्र पुनःनिर्माणको काम सम्पन्न गर्नुपर्दछ ।

१२. **बालगोपालेश्वर मन्दिर र रानीपोखरी पुनःनिर्माण –** २०७२ को भूकम्पबाट क्षतिग्रस्त बालगोपालेश्वर मन्दिर सहित रानी पोखरी पुनःनिर्माण गर्न काठमाडौं महानगरपालिकाले एक निर्माण व्यवसायीसँग रु.७ करोड ११ लाखमा सम्झौता गरी रु.२ करोड ३० लाख ३८ हजार भुक्तानी गरेपछि उक्त कार्यमा आधुनिक प्रविधि र सामग्री प्रयोग गरेकोले पुरातत्व विभागबाटै पुनः निर्माण गर्ने सहमति भएको देखिन्छ । विभागले भूकम्प अगाडिकै गुम्बज शैलीमा बालगोपालेश्वर मन्दिरकोमात्र निर्माण गर्न रु.१ करोड ४२ लाख ५५ हजारको लागत अनुमान तयार गरी रु.१ करोड ४० लाख ५८ हजारमा २०७५ असारसम्ममा काम सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग सम्झौता भई रु.३० लाख ४९ हजार भुक्तानी गरेको छ ।

यस सम्बन्धमा नेपाल सरकारबाट २०७५।१०।१४ मा बालगोपालेश्वर मन्दिर प्रताप मल्लकालीन ग्रन्थकुट शैलीमा नै पुनः निर्माण गर्ने निर्णय भएकोले समयमै उपयुक्त निर्णय नलिएको कारण विभाग र काठमाडौं महानगरपालिकाबाट खर्च भएको कुल रकम रु.२ करोड ६० लाख ८७ हजार खेर गएको छ ।

१३. **बिल बेगर भुक्तानी -** २०७२ वैशाखको भूकम्पबाट काठमाडौँ हनुमानढोकास्थित काष्ठमण्डपलगायत क्षतिग्रस्त सम्पदाहरुको पुनः निर्माणका लागि आवश्यक पर्ने आठ लाख क्युबिक फिट सालको काठ टिम्बर कर्पोरेसनले पुरातत्व विभागको सिफारिसमा सरकारी मूल्यमा सम्बन्धित आयोजनालाई आगामी ५ वर्षभित्रमा उपलब्ध गराउन मन्त्रिपरिषद्बाट २०७३।५।२६ मा निर्णय भएको छ । पुनः निर्माण कार्य गर्न काठको लागत अनुमान तयार गर्दा टिम्बर कर्पोरेसनको दरलाई आधार लिनुपर्नेमा बजार दरलाई आधार लिएको छ । पुनः निर्माण सम्बन्धमा ठेक्काको प्रोभिजनल समबाट काठ खरिदको सक्कल बिल भरपाई नलिई रु.२ करोड २३ लाख ७ हजार भुक्तानी दिएको छ ।

नेपाल सरकारको निर्णयअनुसार टिम्बर कर्पोरेसनबाट काठ खरिद गर्नुपर्नेमा कर्पोरेसनले काठ उपलब्ध नगराएको कारण प्रतिस्पर्धा बेगर बजारबाट खरिद गरेकोले कर्पोरेसनको दरभन्दा रु.२ करोड ७ लाख १४ हजार बढी व्ययभार पर्न गएको देखियो । यसमा आवश्यक समन्वय हुनुपर्दछ ।

१४. **वैदेशिक सहायता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ मा कुनै कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रबाट सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने, त्यस्तो सहायता बजेटमा समावेश गर्नुपर्ने र नियम ९७ मा लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पुरातत्व विभागले गत वर्ष १३ इकाईबाट वैदेशिक सहायता लिई पुनः निर्माणमा सहभागी गराएको विवरण उपलब्ध गराएकोमा यो वर्ष ८ इकाईबाट सहायता उपलब्ध गराएको विवरण प्राप्त भएको छ । सोमध्ये काठमाडौँ भ्याली हेरिटेज ट्रष्टसँग विभागका महानिर्देशकले गरेको सम्झौता र हनुमानढोका क्षेत्रको नौ तले दरबारको मर्मत सम्भार गर्ने कार्यका लागि अर्थ मन्त्रालयसँग सहमतिमा भएको सम्झौता बाहेक अन्य निकायसँग भएको सम्झौता पेस भएन । सहायता उपलब्ध गराउने सबै निकायबाट प्राप्त रकम र खर्चको लेखापरीक्षण गराउनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन

सय वर्ष भन्दापुराना ऐतिहासिक, पुरातात्विक, साहित्यिक तथा कलात्मक वस्तु वा क्षेत्रलाई सांस्कृतिक सम्पदाको रुपमा लिइएको छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले मानव निर्मित प्राचीन स्मारक र पुरातात्विक वस्तुहरुलाई सांस्कृतिक सम्पदाको रुपमा व्याख्या गरेको छ । सांस्कृतिक सम्पदालाई भौतिक र अभौतिक वा मूर्त र अमूर्त गरी विभाजन गरेको पाइन्छ । समयमै जीर्णोद्धार र प्रबलीकरण जस्ता कार्य हुन सके सम्पदा संरक्षण भई पर्यटनको सम्भावनामा वृद्धि भई आय आर्जनमा समेत योगदान पुग्ने देखिन्छ । सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापनको मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहाय बमोजिम छन्:

१५. **एकीकृत संरक्षण गुरुयोजना** - उपत्यकाको सम्पदाहरुको विकास, संरक्षण, सम्बर्द्धन र व्यवस्थापनको लागि एकीकृत गुरुयोजना तयार गरी कार्य गर्नुपर्नेमा सो गरेको पाइएन । सम्पदा संरक्षण कार्य गर्न विभिन्न सरकारी निकाय, संघ, संस्था, कोष, समितिहरु अलगरुपमा सक्रिय रहेका छन् । ती निकायबीच समन्वय नभई हरेक निकायले अलग अलग तरिकाले कार्य गर्दा काठमाडौं उपत्यकाको सम्पदा संरक्षण, संवर्द्धन तथा व्यवस्थापनले अपेक्षित नतिजा प्राप्त गर्नसकेको छैन । एकीकृत संरक्षण गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१६. **सम्पदा अतिक्रमण** - पाटनको बटुक भैरव, भक्तपुरको दत्तात्रय, हनुमानढोका क्षेत्र र जनकपुरधाम क्षेत्रको विभिन्न गुठीका १ हजार १ सय ८८ कित्ताका जग्गामा अतिक्रमण भएको पाइयो । यसैगरी पशुपति संरक्षित स्मारक क्षेत्रमा स्वीकृति बेगर सडक र भवन निर्माण गरी विभिन्न संस्था तथा व्यक्तिबाट अतिक्रमण भएको छ भने तीन बुद्धपार्क, गीता माता मन्दिर विस्तार कार्य गर्दा समेत संरक्षित स्मारक क्षेत्रको अतिक्रमण भएको छ । अतिक्रमण गर्ने व्यक्ति/संस्थालाई आवश्यक कारबाही गरी अतिक्रमणमा परेका सम्पदाहरुको संरक्षण तथा सुरक्षामा ध्यान दिनुपर्दछ ।

१७. **निर्माणसम्बन्धी मापदण्ड**-प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ को नियम ४.२ मा संरक्षित स्मारक क्षेत्रभित्र गरिने निर्माण कार्यको शैली र मापदण्डसम्बन्धी व्यवस्था छ । हनुमानढोका दरबारको सीमाक्षेत्रमा मापदण्ड विपरीत व्यापारिक भवन निर्माण कार्य भएको जानकारी दरबार संग्रहालय विकास समिति तथा पुरातत्व विभागबाट प्राप्त भएको छ ।

यसैगरी भक्तपुर दरबार हेरचाह कार्यालयले मापदण्ड विपरीत घर/भवन निर्माण गर्नेलाई कानुनको अभावमा कारबाही गर्न नसकेको जनाएको छ । सम्पदा क्षेत्रमा अतिक्रमण गर्ने वा मापदण्ड विपरीत घर/भवन निर्माण गर्ने व्यक्तिलाई कानुनबमोजिम कारबाही गरी सम्पदा संरक्षण गर्नुपर्दछ ।

१८. **प्रमाणीकरण तथा संरक्षण** -प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा ऐतिहासिक पुरातात्विक वस्तुको संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने प्रावधान छ । नारायणहिटी दरबारस्थित ऐतिहासिक, प्राचीन तथा पुरातात्विक वस्तुहरुको संरक्षण, संवर्द्धन तथा व्यवस्थापन गर्न नारायणहिटी दरबार संग्रहालय स्थापना भएको छ । नेपाल सरकार (मन्त्रीस्तर) को निर्णयअनुसार नारायणहिटी दरबार संग्रहालयको गुरुयोजना तयार गर्न ३ समिति गठन भए तापनि कार्यादेशबमोजिमको गुरुयोजना तयार गरेको पाइएन । दरबार संग्रहालय परिसरमा ३५ भवनतथा २८ ऐतिहासिक सवारीसाधनलाई सम्पदा वर्गीकरणको व्यवस्थाबमोजिम वर्गीकरण गरी प्रमाणीकरणसमेत गराउनुपर्नेमा हालसम्म गरेको पाइएन । यसै गरी फरासखाना भवनमा जंगली जनावरका हाड, सिङ्ग, छाला, प्वाँख, टाउकालगायतका सामग्री रहेकोमा सो को उचित संरक्षण तथा व्यवस्थापनको अभावमा विग्रन थालेको अवस्थामा रहेकोछ । दरबारमा रहेका सामानको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।

१९. **बहुमूल्य सम्पत्ति संरक्षण** - मन्त्रिपरिषद्को २०६५।२।१५ को बैठकबाट गणतन्त्र कार्यान्वयन गर्ने सम्बन्धी निर्णयमा नारायणहिटी दरबारलाई संग्रहालयको रुपमा परिणत गरी राष्ट्रिय हितमा उपयोग गर्ने उल्लेख छ । नारायणहिटी दरबार परिसरका सम्पूर्ण भाग, बहुमूल्य वस्तु तथा सम्पदाहरु अवलोकनका लागि पूर्णरुपमा

खुला भएका छैनन् । श्रीपेचलगायत अन्य बहुमूल्य जवाहरातहरु, ऐतिहासिक महत्वका सन्धि सम्झौताहरु तथा अन्य महत्वपूर्ण दस्तावेज तथा सम्पदाहरुको अद्यावधिक विवरण तयार गरी संरक्षण गर्नुपर्नेमा सो समेत भएको छैन । बहुमूल्य सम्पदाहरुको अभिलेख अद्यावधिक नहुँदा सम्पदाको दुरुपयोग, हानि नोक्सानी एवं हराउन सक्ने देखिन्छ । अभिलेख तयार गरी सुरक्षासहित अवलोकनको उचित व्यवस्था गर्नुपर्दछ ।

२०. **मौलिक विशेषता -** प्राचीन स्मारक संरक्षण ऐन,२०१३ मा एकसय वर्ष अगाडिका पुरातात्विक संरचनाको मर्मत, पुनर्निर्माण वा निर्माण कार्य गर्दा संरचनाको मौलिक विशेषता फरक नहुने गरी पुरातत्व विभागको स्वीकृतिमा कार्य गर्नुपर्ने व्यवस्था छ । नेपाली सेनाको श्री भैरवनाथ गणले विक्रम सम्वत् १९६१ मा निर्माण भएको लक्ष्मी निवास (राणाकालीन दरबार) अन्य साधारण भवन सरह भत्काई मूल दरबारको १ तिहाइ क्षेत्रफलमा बाहिरी मोहडा मात्र ऐतिहासिक लक्ष्मी निवास जस्तै हुने गरी पुनर्निर्माण गरी रहेको छ । मौलिक विशेषता कायम रहने गरी पुनर्निर्माण गर्नुपर्दछ ।

२१. **पशुपति क्षेत्र** - विश्वसम्पदा सूचीमा रहेको पशुपति क्षेत्र तथा प्राचीन पशुपति स्मारक क्षेत्रको लागि २ दशक अघि स्वीकृत भएको विकास गुरुयोजना कार्यान्वयनका लागि आवश्यक ड्रइङ, डिजाइन र लागत अनुमान तयार भएको पाइएन । गुरुयोजनाबमोजिम कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

निष्कर्ष - सम्पदा तथा स्मारकहरुको संरक्षण व्यवस्थापनका लागि वर्गीकरण, अभिलेख, गुरुयोजना र सो कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । अतिक्रमणमा परेका सम्पदाहरुको संरक्षण गर्ने कार्यमा विशेष ध्यान दिई, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायहरुबाट गरिएको प्रतिबद्धता र सम्झौताबमोजिम स्रोत व्यवस्थापन गरी सम्पदाहरुको पुनर्निर्माण गर्ने गराउने कार्यमा दक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

संगठित संस्था

नेपाल प्रज्ञा प्रतिष्ठान

२२. **भाडा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । छपाईसम्बन्धी कार्यका लागि २०७४।३।८ मा एक निजी कम्पनीसँग उच्च क्षमतायुक्त छपाई मेसिन रु.१२ करोड ७ लाख ६९ हजारमा खरिद गरी जडान गरेको देखियो । प्रतिष्ठानको छपाई कार्यका लागि आवश्यक परेको भनी खरिद गरेको उक्त छपाई मेसिन २०७५।१।१ देखि मासिक रु.६ लाख ५ हजारमा भाडामा दिएको उपयुक्त देखिएन ।

लुम्बिनी विकास कोष

लुम्बिनी क्षेत्रको विकास गर्ने उद्देश्यले लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम कोष स्थापना भएको छ । योजनाबद्ध विकासको गुरुयोजनाअनुसार उद्यान क्षेत्र, बिहार क्षेत्र र लुम्बिनी ग्रामको अवधारणाअनुसार कार्यक्रम सञ्चालन हुँदै आएको छ । राष्ट्रिय गौरवको रुपमा २०६६।६७ बाट सञ्चालित यो आयोजनाको कुल लागत रु.६ अर्ब १० करोड रहेकोमा यस वर्षसम्ममा रु.३ अर्ब ७७ करोड ७१ लाख खर्च भई ८० प्रतिशत भौतिक प्रगति गरेको उल्लेख छ ।

२३. **करारमा कर्मचारी नियुक्ति** - कर्मचारी सेवा शर्त तथा सुविधासम्बन्धी विनियम, २०५८ मा समितिको स्वीकृतिमा उपाध्यक्षले आवश्यकताअनुसार उपयुक्त व्यक्तिलाई करारमा नियुक्ति गर्न सक्ने व्यवस्था छ । कोषले गत विगत वर्षदेखि विभिन्न पदमा २५ कर्मचारी करारमा नियुक्ति गरी यो वर्ष रु ९० लाख ९६ हजार तलब खर्च लेखेको छ । दरबन्दी बेगर ३८ सुरक्षा गार्ड करारमा नियुक्ति गरी रु.८५ लाख १९ हजार, सरसफाई, नर्सरीलगायतको कार्यमा १२५ जनासम्म कामदार करारमा राखी रु.२ करोड ४९ लाख ५२ हजार खर्च लेखेको देखिएको छ । नहर मर्मत सम्भार, सरसफाई, ध्यान सेड, सुरक्षासम्बन्धी निर्माण कार्यलगायत पुँजीगत कामको लागि सार्वजनिक निर्माण शीर्षकमा विनियोजित रु.४ करोडबाट सुरक्षा गार्ड, सरसफाई लगायत ज्यामी ज्यालामा रु.३ करोड ५७ लाख ४६ हजार खर्च लेखेको छ । पुँजीगत कार्यको लागि प्राप्त बजेटबाट कर्मचारी नियुक्ति गरी तलब, भत्ता, ज्यामी ज्यालामा खर्च लेखेको नियमसम्मत देखिएन । कोषलाई

अत्यावश्यक दरबन्दी संगठन सर्वेक्षण गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । पुँजीगत कामको लागि प्राप्त बजेट तलब, भत्ता र ज्यालामा खर्च गर्ने, दरबन्दी स्वीकृत नभएका पदमा करारमा नियुक्ति गर्ने र लागत अनुमान नै तयार नगरी ज्यामी राखी खर्च लेख्न नमिल्ने हुँदा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

२४. **परामर्श सेवा** - लुम्बिनी परिसरमा निर्माण गरिने सभा हल, विद्युतीकरण तथा टेलिकम्युनिकेसन नेटवर्कको विस्तृत डुइङ डिजाइन, लागत अनुमान तथा निर्माण कार्यको सुपरभिजन गर्न एक परामर्शदातासँग २०७५।१२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७३।१२।२४ मा मूल्य अभिवृद्धि कर बाहेक रु.४ करोड ६९ लाख १० हजारको सम्झौता गरी गत वर्ष रु.१ करोड ४० लाख ७३ हजार र यो वर्ष रु.१ करोड ८७ लाख ६४ हजारसमेत रु.३ करोड २८ लाख ३७ हजार भुक्तानी भएको छ । यससम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

२४.१ सार्वजनिक खरिद नियमावली, २०६४ मा परामर्श सेवाको लागत अनुमानमा ओभरहेड समावेश गर्ने व्यवस्था छैन । उक्त परामर्श सेवाको लागि कोषबाट २०७३।७।२८ मा स्वीकृत लागत अनुमान रु.४ करोड २८ लाख ४९ हजारमा १० प्रतिशत शिरोभार खर्च थप गरेको कारण कोषलाई मूल्य अभिवृद्धि करसमेत रु.४५ लाख ८९ हजार थप व्ययभार पारेकोमा निर्णयकर्तालाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२४.२ परामर्शदाताले पेस गरेको आर्थिक प्रस्तावअनुसार टिम लिडर, डेपुटी टिम लिडर र मुख्य विज्ञहरुको लागि २० मानिस महिना अवधि राखेको मध्ये डिजाइन कार्यमा ७ महिना (३५ प्रतिशत) र सुपरभिजन कार्यमा १३ महिना (६५प्रतिशत) राखेको छ । उक्त परामर्श सेवाको कार्यक्षेत्रमा पर्ने ३ निर्माण कार्यको खरिद सम्झौता २०७४।१२।६ र १५ गते मात्र भएकोमा सुपरभिजनको कार्य त्यसपछिमात्र शुरु हुने देखिन्छ । परामर्शदाताका विज्ञ तथा कर्मचारीको पारिश्रमिक रु.३ करोड ७३ लाख ८५ हजारमध्ये डिजाइन र खरिद चरणको लागि रु.१ करोड ४ लाख ९५ हजार (२८ प्रतिशत) र निर्माण कार्यको सुपरभिजन चरणको लागि रु.२ करोड ६८ लाख ९० हजार (७२ प्रतिशत) रहेको छ । खरिद सम्झौताको सामान्य शर्तको बुँदा नं.६.२ मा विज्ञ तथा कर्मचारीले काम गरेको समयको आधारमा पारिश्रमिक भुक्तानी दिने व्यवस्था भए अनुसार सुपरभिजन कार्य शुरु हुनु अघि (२०७४ फाल्गुनसम्म) पारिश्रमिक रु.१ करोड ४ लाख ९५ हजार र सोही अनुपातमा अन्य खर्च रु.१ करोड ३७ लाख २४ हजारमात्र भुक्तानी हुनुपर्नेमा रु.२ करोड ८१ लाख ४६ हजार भुक्तानी दिएको देखियो । खरिद सम्झौताको व्यवस्था, परामर्शदाताले पेस गरेको प्रस्ताव तथा कार्य तालिका विपरित बढी भुक्तानी दिएको रु.३९ लाख २७ हजार असुल गर्नुपर्दछ ।

२५. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १२३ मा भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको आधारमा बिल बीजकको परीक्षण गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कोषले एक निर्माण व्यवसायीलाई दिनुपर्नेभन्दा एक वर्ष अगाडिको मूल्यसूची प्रयोग गरी रु.४६ लाख २४ हजार बढी मूल्य समायोजन गरी भुक्तानी दिएको, एक निर्माण व्यवसायीलाई पहिलो रनिङ बिलमा भुक्तानी भएको रकम घटी जिम्मेवारी सारी रु.६२ हजार बढी भुक्तानी दिएको, एक निर्माण व्यवसायीलाई बीमाको रु.५३ हजार बढी भुक्तानी दिएको र अर्का निर्माण व्यवसायीलाई गरेको कामभन्दा बढी र जिम्मेवारी घटी सारी बढी भुक्तानी दिएको रु ४ लाख ७१ हजार र २०६७।६८ को एक ठेक्काका निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्दा सम्झौताअनुसार नगरी फरक समयको मूल्यसूचीको आधारमा रु.१२ लाख ५२ हजार बढी भुक्तानी भएको समेत रु.६४ लाख ६२ हजार बढी भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

२६. **बोलपत्रदाताको योग्यता** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ मा बोलपत्र परीक्षण गर्ने व्यवस्था रहेको र २३(२)(घ) मा खरिद सम्झौताका शर्तअनुरुप बोलपत्र सारभूत रुपमा प्रभावग्राही नभए दफा २६ अनुसार खरिद कारबाही रद्द हुने व्यवस्था रहेको छ । कोषले लुम्बिनी परिसरमा विद्युतीय कार्य गर्न मूल्य अभिवृद्धि कर बाहेक रु.२४ करोड १४ लाख ९८ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा एक संयुक्त उपक्रमले मात्र पेस गरेको रु.२४ करोड ३ लाख ४८ हजार (०.४७ प्रतिशत घटी) को बोलपत्र स्वीकृत गरेको छ । बोलपत्र कागजातमा पछिल्लो सात वर्षमा न्यूनतम एक आयोजनामा ११ के.भी. क्षमताको एबीसी केबुलको काम १३ किलोमिटर गरेको, ३०० मिटर भूमिगत ट्रान्समिसन लाइनको काम गरेको र ४६४ वाट शौर्य बत्तीको काम गरेको हुनुपर्ने, उस्तै प्रकृतिको कार्य पछिल्लो ७ वर्षमा कम्तीमा २ आयोजनामा सम्पन्न गरेको र कम्तीमा रु.१२ करोडको कारोबार गरेको हुनुपर्ने व्यवस्था छ । संयुक्त उपक्रमका तीन निर्माण व्यवसायीमध्ये दुई निर्माण सेवाले विद्युतीकरणको काम नै नगरेको तथा एक निर्माण

सेवाले २०६७।६८ अगाडि केही विद्युतीकरणसम्बन्धी काम गरे तापनि तत्पश्चात् कुनै काम नगरेकोले संयुक्त उपक्रमका सबै निर्माण व्यवसायीले उल्लेखित योग्यता पूरा गरेको देखिएन । बोलपत्रको शर्तमा उल्लिखित प्राविधिक योग्यता नै नपुगेको बोलपत्रदातालाई सारभूत रुपमा प्रभावग्राही भनि खरिद सम्झौता गरी रु.४ करोड ४० लाख ३४ हजार पेस्की दिएको सार्वजनिक खरिद ऐन प्रतिकूल देखिएको छ । यसमा छानबिन गरी कारबाही हुनुपर्दछ ।

२७. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने, नियमावली २०६४ को नियम ११८(१) मा निर्माण कार्यको भेरिएसन आदेश जारी गर्दा प्राविधिक पुस्ट्यांई र कारण खुलाउनुपर्ने व्यवस्था छ । कोषबाट भएका भेरिएसन आदेश सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२७.१ खानेपानी व्यवस्थापनको लागि एक ठेक्कामा सम्झौता रकम रु.१७ करोड ७३ लाख ३ हजार रहेकोमा २३.६९ प्रतिशतले वृद्धि हुने गरी भेरिएसन स्वीकृत गरी सम्झौता रकम रु.२१ करोड ९३ लाख २३ हजार कायम गरेको छ । खानेपानी वितरणमा प्रयोग हुने २५,८० र १५ सेन्टीमिटर डायमिटरका जी.आई.पाइपहरु बजारमा उपलब्ध नभएकोले सोको सट्टा १०० सेन्टीमीटर डायमिटरका पाइप प्रयोग गर्नुपरेको कारण देखाई भेरिएसन स्वीकृत गरेको पाइयो । उक्त कार्यको ड्रइङ डिजाइन, लागत अनुमान पुल्चोक इन्जिनियरिङ क्याम्पसले तयार गरेकोमा बजारमा उपलब्ध निर्माण सामग्री र आवश्यक पर्ने सामग्री सम्बन्धमा विस्तृत अध्ययन नगरेको कारण कोषलाई रु.४ करोड २० लाख २० हजार थप व्ययभार परेको देखिएको छ । थप व्ययभार परेको सम्बन्धमा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

२७.२ लुम्बिनी परिसरमा सोलार लाइट जडान गर्न एक संयुक्त उपक्रमसंग प्रति सोलार सेट मूल्य अभिवृद्धि कर बाहेक रु.५७ हजार ५०० मा ३४५ सेट जडान गर्न २०७४।३।२३ मा रु.१ करोड ९८ लाख ३८ हजारको खरिद सम्झौता भएकोमा सम्झौतामा ४० वाटको चिमको लागि सोलार पी.भी. मोडेल साइज १२० डब्लु पी क्षमताको आवश्यक पर्ने उल्लेख छ । आपूर्तकले साविक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७२।१२।०४ मा सबै नगरपालिकलाई सोलार जडानसम्बन्धी प्राविधिक स्पेसिफिकेसन जानकारी गराएको पत्रको प्रतिलिपि पेस गरी २० वाटको चिमको लागि सोलार पी.भी. मोडल साइज २०० डब्लु.पी.को उपयुक्त हुने हुनाले भेरिएसन स्वीकृत गरी पाउन निवेदन दिएको देखिन्छ । सो निवेदनसाथ सोलार सेटको सम्झौता मूल्य प्रतिसेट रु.५७ हजार ५०० बाट वृद्धि गरी रु.७१ हजार ५०० गर्न माग गरेअनुसार नै कोषबाट २०७४।५।३० मा भेरिएसन स्वीकृत गरी सम्झौता अङ्क रु.२ करोड ४६ लाख ६८ हजार कायम गरेको छ ।

कोषले बोलपत्र गर्ने प्रयोजनका लागि स्वीकृत गरेको लागत अनुमानमा प्रति सोलार सेट रु.८५ हजार रहेको र सोमध्ये १०० डब्लु.पी. क्षमताको सोलार पी.भी. मोडेल २ थानको लागि रु.२२ हजार उल्लेख छ । आपूर्तकले सुरुमा सामानको प्रति थान रु.१८ हजार उल्लेख गरेकोमा भेरिएसन प्रयोजनको लागि प्रतिथान रु.३० हजार माग गरेअनुसार कोषबाट स्वीकृत गरेको पाइयो । यसरी आपूर्तकले सप्लाई गरेको ३२५ सेट सोलारको लागि मूल्य अभिवृद्धि करसमेत रु.४६ लाख ३५ हजार (सोलार प्यानलमा प्रति सेट रु.१२ हजार र पोल एसेसरिजमा प्रति सेट रु.२ हजारका दरले) थप भुक्तानी भएको छ ।

सोलार पी.भी. मोडेलको क्षमता वृद्धि गर्न आवश्यक देखिएमा कोषले सो सामानको लागत अनुमान तयार गरी उक्त आपूर्तकसँग वार्ता गरी दररेट तय गर्नुपर्नेमा निजले माग गरेकै दररेटलाई स्वीकार गरेको उपयुक्त देखिएन । सम्झौतामा पोल एसेसरिज प्रतिसेट रु.४ हजार रहेकोमा भेरिएसन गर्दा रु.६ हजार माग गरेको आधारमा भुक्तानी भएको छ । सोलार सेटअर्न्तगत सोलार प्यानल बढी क्षमताको स्वीकृत भए तापनि पोल एसेसरिजमा मूल्य बढाउनुपर्ने प्राविधिक कारण नदेखिएकोले प्रति पोल एसेसरिज रु.२ हजारका दरले ३२५ सेटको हुने मूल्य अभिवृद्धि करसमेत रु.७ लाख ३५ हजार असुल हुनुपर्ने देखिन्छ ।

२७.३ एक ठेक्कामा सिम्बोलिक पेभिलियन निर्माण र ताल निर्माण गरी दुई प्याकेजको काम रहेकोमा कार्य सम्पन्न प्रतिवेदनअनुसार सिम्बोलिक पेभिलियन कार्य रु.३ करोड १६ लाख ३८ हजारको गर्नुपर्नेमा रु.३ करोड ७० लाख ७२ हजारको गरी १७.२१ प्रतिशत बढी कार्य गरेको र ताल निर्माणतर्फ रु.१ करोड २६ लाख ८८ हजारको काम नगरी २७.६५ प्रतिशत घटी कार्य गरी ठेक्का फरफारक गरेको छ ।

तालको काम घटाएको र पेभिलियनको काम बढाएकोमा कामको क्षेत्र नै परिवर्तन गरेको अवस्थामा निर्माण कार्यको ड्रइङ डिजाइन नै परिवर्तन भएकोले प्राविधिक पुष्ट्याईसहित भेरिएसन स्वीकृत गरेको छैन । तालतर्फको काममध्ये मेसिनद्वारा उत्पादित इँटाको कार्य गरेको छैन । पेभिलियनतर्फ पी.सी.सी. फर आर.सी.सी. (ढलान) कार्य १ हजार ९९ घन मिटर घटी गरेकोमा उक्त आइटमसँग सम्बन्धित फलामे छड र फर्माको काम पनि घट्नुपर्नेमा फलामे छड १ लाख ८ हजार ५९६ के.जी. बाट १ लाख ४८ हजार ३६० के.जी. पुगेको र फर्माको काम २ हजार ९३३ वर्गमिटरबाट ४ हजार ७५० वर्गमिटर पुगेको देखिएको छ । फलामे छड र फर्माको काम बढ्नुपर्ने कारण नदेखिएकोले सो आइटममा बढी खर्च देखाएको फलामे छडतर्फ रु.३३ लाख ८० हजार (प्रति के.जी. रु.८५) र फर्मातर्फ रु.७ लाख २७ हजार (प्रति ब.मि. रु ४००) समेत बढी भुक्तानी भएको मूल्य अभिवृद्धि करसमेत रु.४६ लाख ४० हजार सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ बमोजिम श्री पशुपतिनाथ क्षेत्रको सुरक्षा, सम्भार र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार र सुविधा कायम राख्ने जिम्मेवारी कोषमा रहेको छ । यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रु.२२ करोड ९० लाख २१ हजारसहित रु.७५ करोड ५३ लाख १८ हजार आय भएकोमा रु.६१ करोड ६१ लाख ९७ हजार खर्च गरी रु.१३ करोड ९१ लाख २१ हजार बचत रहेको छ ।

२८. **प्रगति स्थिति** - कोषलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरी उच्च प्राथमिकता दिए तापनि घोषणाको ४ वर्षपछि भू-उपयोग तथा संरचनागत गुरुयोजना तयार गर्ने कार्यको लागि २०७३।७४ मा रु.७ करोडको बजेट व्यवस्था भएकोमा रु.१ करोड १५ लाख २२ हजार र यो वर्ष रु.५ करोड बजेट व्यवस्था भएकोमा रु.१७ लाख ३४ हजार खर्च भएको छ । घोषणा पूर्व विस्तृत सर्वेक्षण, ड्रइङ, डिजाइन, लागत अनुमान तयार नै नगरी राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने र सोअनुसार तोकिएको ढाँचामा प्रतिवेदन तयारी नगर्ने प्रचलनमा सुधार हुनुपर्दछ ।

२९. **निर्णय कार्यान्वयन** - श्रीपशुपतिनाथ मन्दिर र पशुपति क्षेत्र विकास कोषका विविध समस्या समाधानसम्बन्धी अध्ययन गरी प्रतिवेदन पेस गर्न सार्वजनिक लेखा समितिले २०६३।४।१ मा एक सांसदको संयोजकत्वमा ५ सदस्य रहने गरी उप समिति गठन गरेको देखिन्छ । उक्त समितिले पशुपति क्षेत्रमा गर्नुपर्ने काम, समय तालिका र काम गर्ने निकायको स्पष्ट अवधि तोकी कोषका पदाधिकारी चयन गर्नुपर्ने, विभिन्न सरकारी निकायबाट हुने सबै काम कोषबाटै गर्ने गरी कानुनी व्यवस्था गर्नुपर्ने, कतिपय जग्गा मोहीले व्यापारिक कार्यमा उपयोग गरी आयमूलक कार्य सञ्चालन गरेअनुसार श्रीपशुपतिनाथलाई उपयुक्त प्रतिफल प्राप्त नभएको, रौतहट तथा सर्लाही जिल्लाका जग्गाको यथार्थ अवस्था अध्ययन गरी लगत तयार गर्नुपर्ने, गोठाटार स्थित जग्गामा धार्मिक, गौशाला, शिक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, परिसरको अरु मन्दिरका पुजारी र अन्य व्यक्तिहरुलाई कर्मचारीको रुपमा नियुक्त गर्ने र उनीहरुको पारिश्रमिक, सेवा सुविधा र काम कर्तव्य र अधिकार नियममा स्पष्ट गर्ने लगायतका सुझाब दिएकोमा हालसम्म कार्यान्वयन गरेको पाइएन ।

३०. **मृगबाटीका** - कोषको मृगस्थलीस्थित ९५ रोपनी जंगलमा २०६१।८।४ मा सदर चिडियाखानाबाट चित्तल, कृष्णसार तथा रतुवा जातका ३० मृग ल्याई राखेकोमा तिनीहरुको कारणले हुर्की सकेका बोट बिरुवा नष्ट भएको तथा भूक्षय भएकोले जंगल संरक्षणका लागि आवश्यक कार्य गर्नुपर्ने देखियो ।

३१. **भाडा असुली -** वनकाली धर्मशाला २०६८।१०।१ देखि २०७३।९।३० सम्म सञ्चालन गर्न एक कन्सल्टेन्सीलाई भाडामा दिएकोमा सो अवधिमा भूकम्प गएकोले कोषले केही व्यक्तिलाई उक्त धर्मशालामा बसाएको अवधिको बहाल रु १० लाख २२ हजार छुट दिई बाँकी हुने बहाल रु.१ करोड १४ लाख २१ हजार नबुझाई धर्मशाला छोडी गएकोमा हालसम्म उक्त रकम बुझाएको छैन । सम्झौताअनुसार बहाल नबुझाएको अवस्थामा सम्झौता गर्दा राखेको नगद धरौटी रु.१ लाख ५५ हजार जफत गरेको छैन । उक्त कन्सल्टेन्सीले क्याटरिङ सेवा सञ्चालन गरेको, अन्यलाई भाडामा दिन नपाउनेमा धर्मशालाको बाहिर सेड बनाई मासिक रु.७५ हजार बुझाउने गरी भाडामा दिए पनि भाडा रकममा नियमानुसार घर बहाल कर नबुझाएको तथा विद्युत उपयोग गरे बापत महसुलसमेत बुझाएको देखिएन । निजले बुझाउनुपर्ने रकम यकिन गरी असुल हुनुपर्दछ ।

त्यस्तै तिलगङ्गास्थित पर्यटक सूचना केन्द्र भवनमा चिया, कफीसहितको शाकाहारी चमेनागृह सञ्चानलका लागि वार्षिक रु.८ लाख ५८ हजार बहाल बुझाउने गरी एक क्याफेसँग ५ वर्षका लागि २०७२।४।३२ मा सम्झौता भएकोमा कार्य सम्पादन जमानतको बहाल अवधि समाप्त भएको, सम्झौता अनुसार २०७५ असारसम्मको भाडा रु.३६ लाख ८६ हजार, विलम्ब शुल्क रु.३ लाख ८७ हजारसहित रु.४० लाख ७३ हजार बाँकी रहेको देखिन्छ । सम्झौताअनुसार विद्युत महसुल तथा बहाल कर निजले नै बुझाउनु पर्नेमा सो समेत बुझाएको देखिएन । सम्झौताअनुसार भाडा र विद्युत महसुल नबुझाउनेलाई कानुनी कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

३२. **सोभिनियर तथा फूल पसल** - नियमानुसार घर जग्गा अधिग्रहण भई मुआवजा प्रदान गरिसकेका २३ घरधनीलाई जीविकोपार्जनका लागि भनी २०६१ देखि कोषले भाडामा दिएको कोठाको २०७४ असारसम्ममा बुझाउन बाँकी रकम रु.२ करोड १३ लाख ५ हजारमध्ये कानुनी आधारबेगर रु.१ करोड २७ लाख ९१ हजार छुट दिई रु.८४ लाख ८४ हजारमात्र असुल गरेको छ ।

सो बाहेक अधिग्रहण गरेका घरजग्गामा बहालमा बस्ने करिब २०० व्यक्तिलाई जीविकोपार्जनका लागि भनी वन गणेश (सोभिनियर पसल) रहेको क्षेत्रमा फूल तथा अन्य धार्मिक सामानको कारोबार गर्न कोषले नै टहरा निर्माण गरी २०५७।५८ देखि भाडामा दिएको जनाए पनि सो अवधिदेखि नै कुनै भाडा रकम लिएको छैन । भाडामा बस्नेको पहिचान तथा सम्झौता नगरी र बहाल नलिई बस्न दिएको, फूल तथा पूजा सामग्रीको व्यापार गर्न अनुमति नदिएको, प्रचलित ऐन कानुनअनुसार व्यवसाय दर्ताको प्रमाणपत्र पेस नभएको अवस्थामा निःशुल्क विद्युत उपलब्ध गराएको मनासिब देखिएन । असुल गर्नुपर्ने भाडा रकममा छुट दिने र भाडा असुल नगर्नेलाई जिम्मेबार बनाई निःशुल्क पसल राख्न दिने कार्य बन्द हुनुपर्दछ ।

कोषले १९ व्यक्ति तथा संस्थालाई भवन तथा कोठाहरु व्यावसायिक तथा व्यक्तिगत प्रयोजनमा निःशुल्क उपलब्ध गराएको छ । निःशुल्क दिनुपर्ने सम्बन्धमा स्पष्ट नीति तय हुनुपर्दछ ।

३३. **पर्यटन प्रवेश शुल्क** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा अनुसूची १ मा उल्लिखित वस्तु वा सेवाको कारोबारमा बाहेक अन्य प्रत्येक कारोबारमा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर नलाग्ने सूचीमा पर्यटन प्रवेश शुल्क उल्लेख नभएकोले उक्त कारोबारमा मूल्य अभिवृद्धि कर लाग्ने देखिन्छ । कोषले २०७४।७५ मा रु.१४ करोड १९ लाख ५० हजार, २०७३।७४ मा रु.१० करोड ८३ लाख ५ हजार र २०७२।७३ मा रु.७ करोड २५ लाख ४८ हजार पर्यटन सेवा शुल्क असुल गरेकोमा उक्त शुल्कमा लाग्ने मूल्य अभिवृद्धि कर रु.४ करोड १९ लाख ६४ हजार असुल गरेको देखिएन । ऐनको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

३४. **सम्पत्तिको लगत** - पशुपति क्षेत्र विकास कोष ऐन, २०५० को दफा १० (१) (४घ) बमोजिम कोषले पशुपति क्षेत्रभित्रका मठ-मन्दिर, सत्तल पाटी पौवा, ढुङ्गेधारा, घाट, बगैचा, वन-जंगल र श्रीपशुपतिनाथ वरपरका सम्पूर्ण देवी देवतासँग सम्बन्धित सबै किसिमका गुठीअर्न्तगत पशुपति क्षेत्रभित्र वा बाहिर रहेका ऐलानी र पर्ती जग्गाको क्षेत्रफलसमेत खुलाई अभिलेख तयार नगरेकोले पशुपति क्षेत्रको कुल सम्पत्ति यकिन गर्न सकिएन । कोषले सबै सम्पत्तिको अवस्था खुलाई लगत तयार गरी वासलातमा देखाउने व्यवस्था गर्नुपर्दछ ।

३५. **मुआवजा** - पशुपति क्षेत्र विकास कोषको गुरुयोजना कार्यान्वयन गर्ने क्रममा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा अधिग्रहण गरी जग्गा र सो जग्गामा बनेका घर टहराको मुआवजा भुक्तानी दिएको छ । जिल्ला दररेट निर्धारण समितिको दररेटअनुसार घरको निर्धारित मूल्यमा आयकर ऐन, २०५८ को दफा १९ को अनुसूची २ अनुसार ५ प्रतिशतका दरले ह्रास कट्टी गर्नुपर्दछ । वैद्य फेटा गुठीका ३३ जनालाई रु.९ करोड ८० लाख ९८ हजार र अन्य ११ लाई रु.२ करोड ८७ लाख ९२ हजार घरजग्गाको मुआवजा दिँदा घरको ह्रास कट्टी गणना नगरेकोले एक वर्षको मात्र ५ प्रतिशतका दरले गणना गर्दा पनि रु.६३ लाख ४५ हजार थप व्ययभार परेको छ । भौतिक संरचनाको मुआवजा वितरण गर्दा जग्गाको क्षेत्रफलभन्दा घर टहराको क्षेत्रफल बढी देखाई पाँच जग्गाधनी/मोहीलाई रु.१५ लाख ४८ हजार बढी भुक्तानी दिएको पाइयो । जग्गाको क्षेत्रफल भन्दा बढी भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्दछ । त्यसैगरी मुआवजा वितरण भैसकेका जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरी अद्यावधिक गर्नुपर्दछ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण, २०७४।७५

नेपालमा नागरिक उड्डयनको विकास, विस्तार तथा नियमन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उड्डयन, हवाई सञ्चार, हवाई पथ प्रदर्शन र हवाई परिवहन सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार २०५५।८।२७ मा प्राधिकरणको स्थापना भएको हो ।

३६. **कार्य सञ्चालन स्थिति -** प्राधिकरणको केन्द्रीय कार्यालय र मातहत कार्यालय अन्तर्गत करिब ९०० कर्मचारी कार्यरत छन् । वैदेशिक सहायताबाट ३ आयोजना, ५ विमानस्थलको सुधार तथा विस्तार कार्य र २ अन्तर्राष्ट्रिय तथा ५ आन्तरिक विमानस्थल निर्माणाधीन छन् । सन् २०१३ मा यूरोपियन युनियनले नेपाली आकाशलाई असुरक्षित भनी कालो सूचीमा राखेकोमा फुकुवा भएको छैन ।

३७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** प्राधिकरणको सेयरपुँजी गतवर्ष सम्म रु २५ अर्ब ४८ करोड ९७ लाख रहेकोमा यसवर्ष रु. ३५ अर्ब ७५ करोड ८१ लाख कायम भएको देखिन्छ । मन्त्रिपरिषद्को २०५९/११/१९ को निर्णयले प्राधिकरणमा हस्तान्तरण भएको सम्पत्तिको मूल्य रु. ९ अर्ब ७४ करोड ७० लाख कायम गरेकोमा रु. १ अर्ब ३३ करोड संचित शोध्य अग्राधिकार सेयरमा रु. १ अर्ब ३३ करोड दीर्घकालीन ऋण घटाई बाँकी रु. ७ अर्ब ८ करोड ७० लाखलाई पूँजी संरचनाबाट प्राप्त भएको देखाएको छ । प्राधिकरणको सम्पत्ति रु १ खर्ब ८४ अर्ब ६२ करोड ७० लाख देखिन्छ । गतवर्ष सम्म संचित नाफा रु. ७ अर्ब २० करोड ३४ लाखमा यस वर्षको नाफा रु. ४ अर्ब ४१ करोड ९७ लाख थप भई २०७५ आषाढ मसान्तसम्म रु. ११ अर्ब ६२ करोड ३१ लाख पुगेको छ । विमानस्थल विकास कोषमा मौज्दात रु. ३ अर्ब ५२ करोड ३४ लाखलाई आम्दानीमा लेखाङ्कन गरेकोले यो वर्ष नाफा बढी देखिएको छ ।

३८. **भवन निर्माण कार्यको प्याकेज -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गरी खरिद कारबाहीको तयारी गर्नुपर्ने व्यवस्था छ । केन्द्रीय कार्यालय भवन निर्माण गर्ने कार्यको (फिनिसिङ बाहेकको) लागत अनुमान रु. ८१ करोड रहेकोमा एक निर्माण व्यवसायीसंग रु. ७० करोड ५७ लाखमा २०७१।१०।२७ मा सम्झौता भएकोमा २ पटक २०७५।५।३१ सम्म म्याद थप भएको छ । हाल सम्म रु. ३२ करोड १८ लाख (५१.९९ प्रतिशत) भुक्तानी भएको छ । भवन निर्माण र फिनिसिङ्ग कार्यलाई अलग अलग प्याकेज बनाई पहिलो चरणको मात्र ठेक्का लगाएको छ । भवन निर्माणको सम्पूर्ण कामलाई एउटै प्याकेजमा ठेक्का व्यवस्थापन नगर्दा लागत बढ्ने देखिएको छ ।

३९. **बैङ्क हिसाब मिलान -** कार्यालयको हिसाव र बैङ्कले देखाएको मौज्दात भिडान गर्न नियमित रुपमा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । यो वर्ष ३० वैक खातामा प्राधिकरणको अभिलेख र बैङ्क स्टेटमेन्टमा रु ३६ करोड ६६ लाख फरक रहेको छ ।

४०. **हवाई सेवा प्रदायकसँग वक्यौता -** एक हवाई सेवा प्रदायकले २०७५।६।२६ मा अन्तिम उडान गरे पछि नेपालका लागि उडान स्थगित गरेको छ । उक्त सेवा प्रदायकबाट विमानस्थल विकास शुल्क रु.६ करोड ५२ लाख एवं ल्याण्डिङ्ग, पार्किङ्ग र सञ्चार शुल्क रु. १५ करोड ३४ लाखसमेत रु.२१ करोड ८६ लाख असुल गरेको छैन । रकम असुल नगरी जहाज फिर्ता लैजान स्वीकृति दिने प्राधिकरणका सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४१. **बैङ्क दाखिला -** सेवाप्रदायकबाट प्राधिकरणमा प्राप्त भै आय लेखांकन भएका कतिपय चेकका रकम नियतवश बैङ्कमा जम्मा नगरेको र ती चेक हाल प्राधिकरणमा नरहेको पाइयो । प्राधिकरणमा २०७२।७३ र २०७३।७४ मा प्राप्त भएका मध्ये प्रभु बैङ्क लिमिटेड र सेञ्चुरी कमर्सियल बैङ्क लिमिटेडको रु.५ करोड २६ लाख ९ को चेक बैङ्क दाखिला भएको पाइएन । प्राप्त हुन आएको चेक रकम बैंकमा जम्मा नगरी प्राधिकरणलाई हानि नोक्सानी पुऱ्याउनेलाई कारवाही गरी असुल गर्नुपर्दछ ।

४२. **चेक बाउन्स -** एक हवाईसेवा प्रदायकबाट ल्याण्डिङ तथा पार्किङ शुल्कवापत प्राप्त चेक प्राधिकरणले आय लेखांकन गरी जम्मा गर्न बैङ्कमा पठाएकोमा २०७२।०७३ को रु ५३ लाख ५३ हजार र २०७४।०७५ को रु ४ करोड ५० लाख समेत रु ५ करोड ३ लाख ५३ हजारको चेक बाउन्स भै बैङ्क खातामा जम्मा नभएको

व्यहोरा २०७५ आषाढ मसान्तपछि हिसाब मिलान विवरण तयार गर्ने क्रममा मात्र जानकारी प्राप्त भएको देखियो । प्रत्येक महिना बैङ्क हिसाव मिलान नगर्ने, आम्दानी हिसाव अद्यावधिक नगर्ने र चेक बाउन्स भएकोमा समेत समयमै जानकारी प्राप्त नगर्ने अवस्था देखिएकोले चेक बाउन्स भएकोमा बैँकिङ कसुर सम्वन्धी कारवाही नचलाउने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नु पर्दछ ।

४३. **ह्याँगर निर्माण क्षेत्रको भाडा -** विमानस्थल सेवा शुल्क विनियमावली, २०६७ को विनियम १८ को अनुसूची-१५ वमोजिम ह्यांगर निर्माणको लागि दिइने जग्गा बहाल प्रति महिना प्रतिवर्गमिटर रु २५०। रहेको छ । त्रिभुवन अन्तराष्ट्रिय नागरिक उड्डयन कार्यालय र एक सँस्थावीच २२ मे २०१२ मा कार्गो भवनको पश्चिम तर्फको १ हजार १०५.७९ वर्गमिटर जग्गा यात्रु तथा सामान ओसार पसार, गोदाम कार्यालय तथा भण्डारणको लागि १ फ्रेब्रुअरी २०१२ देखि २१ जनवरी २०३२ सम्म २० वर्षका लागि भाडामा लिने दिने गरी सम्झौता भएको छ । उक्त सम्झौतामा प्रति वर्गमिटर वार्षिक रु.१७५।- का दरले भाडा लिने उल्लेख छ । विनियममा मासिक उल्लेख भएकोमा दररेट घटी हुने गरी सम्झौतामा वार्षिक दर रेट उल्लेख गरेका कारण सम्झौता सुरु भए देखि २०७५ आषाढ मसान्त सम्म कुल रु. १ करोड ८९ लाख ९३ हजार प्राप्त हुनुपर्नेमा रु.१५ लाख ७६ हजार मात्र प्राप्त भएको देखियो । यसरी नियमको व्यवस्था भन्दा घटी हुने गरी सम्झौतागर्ने पदाधिकारीलाई जिम्मेवार बनाई घटी प्राप्त रु. १ करोड ७६ लाख ३३ हजार असूल गर्नुपर्दछ ।

४४. **पसल भाडा -** प्राधिकरण र एक निजी फर्म वीच २०५६।८।१८ मा अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रथम तल्लाको प्रस्थान कक्षको १० वर्गमिटर र आगमन कक्षमा १८ वर्गमिटर क्षेत्रफलमा पसल संचालनका लागि भाडामा दिने सम्झौता भएको देखियो । सम्झौतामा कुल बिक्रीमा १५ प्रतिशत रोयल्टी लिने र उक्त रकम पछिल्लो महिनाको ७ गतेभित्र भूक्तानी गर्नुपर्ने उल्लेख छ । सो सम्झौताको अवधि २०६५।२।१४ सम्म रहेकोमा थप ३ वर्षका लागि नवीकरण गरेको देखिन्छ । नवीकरण गर्दा भाडा रु १ करोड २७ लाख असुल गर्न बाँकी रहेको समेत २०७५ आषाढसम्म असुल गर्न बाँकी भाडा रु. ६ करोड ७१ लाख पुगेको छ । कुल बिक्री यकिन गरी सो को १५ प्रतिशत रोयल्टी २०५६ सालदेखि नै असुल गरेको छैन । रोयल्टी तथा करिव ३ वर्षसम्मको बक्यौता भाडा असुल नगरी भाडा सम्झौता नविकरण गरेको मनासिब देखिएन ।

त्यसैगरी प्राधिकरण र एक निजी फर्म वीच आगमन कक्ष १८ वर्गमिटर र प्रस्थान कक्ष १० वर्गमिटर उपयोग गर्ने गरि २०५६।८।१७ मा सम्झौता भएकोमा पटक पटक गरी २०६५।२।१५ सम्म म्याद थप भएको र २०६९।६।१ मा २०६५।२।१५ देखि लागू हुनेगरी १० वर्षको लागि म्याद थप गर्ने निर्णय गरेको देखियो । विभिन्न मितिमा क्षेत्रफल थप गर्दै आएको र हाल उक्त फर्मले ओगटेको क्षेत्रफल सम्बन्धमा कार्यालयमा स्पष्ट अभिलेख रहेको छैन । प्राधिकरणले पछिल्लो पटक म्याद थप गर्दा निजसँग रु.१ करोड १७ लाख लिन वाँकी रहेकोमा २०७५ आषाढ मसान्तसम्म बाँकी रु.१ करोड ३७ लाख पुगेको देखिन्छ । सम्झौता अनुसार भाडा नतिर्नेलाई करवाही नगरी झनै सुविधा दिने गरी म्याद थप गर्ने एवं प्राधिकरणलाई हानि हुने कार्य गर्ने पदाधिकारी उपर छानबिन गरी कारबाही गरिनुपर्दछ ।

४५. **मुआवजा -** यसवर्ष काठमाडौँ, पोखरा, निजगढ र भैरहवा विमानस्थल कार्यालयले घर, गोठ, टहरा र जग्गाको मुआवजा क्रमशः रु.४ अर्ब ५९ करोड ८५ लाख, रु.१० करोड २५ लाख, रु. ३३ करोड ३७ लाख र रु. ८ अर्ब ९५ करोड ७३ लाखसमेत रु. १३ अर्ब ९९ करोड २० लाख भुक्तानी दिएका छन् । मुआवजाको अद्यावधिक अभिलेख राखेको पाइएन । अभिलेख अद्यावधिक गरी दोहोरो तथा बढी भुक्तानी नहुने व्यवस्था मिलाउनु पर्दछ ।

४६. **निर्माण, सञ्चालन र हस्तान्तरण -** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गोल्डेन गेटको पूर्वतर्फको ५० रोपनी १५आना ३ दाम १ पैसा क्षेत्रफल भएको जग्गामा व्यावसायिक भवन निर्माण गर्न नेपाल सरकार (मन्त्रिपरिषद)को २०६७।५।१७ को सैद्धान्तिक सहमति अनुसार एक निर्माण व्यावसायीसँग २१ महिनाभित्र निर्माण कार्यसम्पन्न गर्ने र उक्त भवन ३० वर्षपछि प्राधिकरणलाई फिर्ता गर्नेगरी २०६९।७।२ मा सम्झौता भएको छ ।

निर्माण व्यवसायीले सम्झौतामा नभएको भूमिगत पार्किङ निर्माण गरेको, स्वीकृत डिजाइन अनुसार भवनको उचाई ३७ फिट रहेकोमा ५२ फिट उचाई हुनेगरी संरचना बनाएकोले पर्याप्त मात्रामा सुरक्षाको प्रत्याभूति नरहेको व्यहोरा प्राधिकरणको २०७४।१२।२ र २०७४।१२।२५ को पत्रमा उल्लेख छ । सम्झौता भन्दा

फरक हुने गरी निर्माण कार्य गरेको सम्बन्धमा छानविन गर्नुपर्दछ । उक्त सम्झौतामा निर्माण कार्य सम्पन्न भएपछि निजले प्राधिकरणलाई वार्षिक रु.७८ लाख जग्गा भाडा बुझाउने उल्लेख छ । निजसँग हालसम्म कुनै रकम असुल गरेको छैन ।

४७. **धरौटी -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ४ को उपनियम (घ)मा वायुसेवा कम्पनीले उडान संचालन गर्नु पूर्व रु. ३० लाख प्राधिकरणलाई अग्रिम धरौटी बुझाउनुपर्ने, कम्पनीले तिर्नुपर्ने रकम बाँकी हुन आएमा सोही धरौटी रकमबाट कट्टा गर्ने र यसरी कट्टा गरेको रकम उक्त कम्पनीले तुरुन्त पूर्ति गर्नुपर्ने व्यवस्था छ । यस्तै विमान उडान सम्बन्धी निर्देशिका, २०६९ मा अन्तर्राष्ट्रिय वायुसेवा संचालक संस्थाबाट प्रत्येक उडानको सिट क्षमताको आधारमा एक महिनाको यात्रुसेवा सुविधा शुल्क र आन्तरिक वायुसेवा संचालक कम्पनीले १५ दिन बराबरको धरौटी राख्नुपर्ने व्यवस्था छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले ३० अन्तर्राष्ट्रिय तथा १८ आन्तरिक वायुसेवा कम्पनीबाट नियम बमोजिम राख्नुपर्ने ६५ करोड २१ लाख ४१ हजार धरौटी लिएको पाइएन । कार्यालयले उक्त धरौटी रकम लिनु पर्दछ ।

४८. **बक्यौता** - प्राधिकरणको सेवा शुल्क नियमावली, २०६७ मा सेवा शूल्क, भाडा, रोयल्टी वा अन्य आम्दानी सेवा प्रदायकले समयमै प्राधिकरणलाई बुझाउनु पर्ने व्यवस्था छ । प्राधिकरणले यसवर्ष २४१ आसामीबाट रु. २ अर्ब ३७ करोड २४ लाख ४२ हजार लिन बांकी देखिन्छ । उक्त रकम नियमावलीको व्यवस्था अनुसार असुल गर्नुपर्दछ ।

४९. **पसल कवलको भाडा -** प्राधिकरणको नियमावली, २०६७ (संशोधनसहित २०७२) मा प्रत्येक पसल कवल भाडा अधिकतम ३ वर्षको हुने र सो पश्चात् पुनः बोलपत्रको माध्यमबाट भाडामा लगाउनुपर्ने उल्लेख छ । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा सञ्चालनमा रहेका ६० पसल कवलमध्ये १८ पसल कवल र प्राधिकरणबीच विवाद रहेको देखिन्छ । ती पसलहरु मध्ये केही विगत पाँच वर्षदेखि निरन्तर सञ्चालनमा रहेको देखियो । बोलपत्रको माध्यमबाट पसल कवल व्यवस्थापन नगरी पुरानो दरमा भाडा लगाउँदा प्राधिकरणलाई आर्थिक नोक्सान भएको छ । समयमै विवाद समाधान गरी प्रतिस्पर्धात्मक रुपमा पसल कवल सञ्चालन हुने वातावरण मिलाउनु पर्दछ ।

५०. **नेपाल वित्तीय प्रतिवेदनमान तयारी खर्च -** प्राधिकरणले नेपाल चार्टड एकाउन्टेण्ट संस्थाले जारी गरेको निर्देशन अनुसार नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्न २०७२।३।३ मा निर्णय गरेको छ । प्राधिकरणमा उक्त प्रतिवेदनमान लागू गर्ने प्रारम्भिक कार्य एवं लागत अनुमान तयार गर्न रु. १२ लाख ४३ हजार, वित्तीय प्रतिवेदनमान कार्यका लागि रु २ करोड ७३ लाख ६५ हजार, स्थिर सम्पत्ति मूल्याङ्कन कार्यका लागि रु.१ करोड ६३ लाख ७४ हजार र विमाङ्कीय मूल्याङ्कनका लागि रु. १८ लाख ७५ हजारसमेत रु.४ करोड ६८ लाख ५७ हजार खर्च गरेको छ । सो खर्च मध्ये ३ जना विदेशी विज्ञ र सहायक समेतको लागि रु.९३ लाख भुक्तानी गरेकोमा ति विज्ञले काम गरेको देखिएन । नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्न कर्मचारी सञ्चयकोषले रु ३ लाख, नेपाल दूरसञ्चार कम्पनीले रु ११ लाख, नगर विकास कोषले रु.१४ लाख, नेपाल बैङ्क लिमिटेडले रु ३२ लाख र कृषि विकास बैङ्कले रु ३० लाख खर्च लेखेको देखिन्छ । परामर्शदाता छनौटका क्रममा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६(१)(ख) र नियममावली, २०६४ को नियम १२(ग) तथा ७०(७) पालना नगरेको र अस्वाभाविक खर्च गरेको सम्बन्धमा छानविन गरी सम्बद्ध पदाधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, भैरहवा

५१. **म्याद थप -** गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा ३ किलोमिटर लामो रनवे, १ हजार ९०० मिटरको ट्याक्सी वे, टर्मिनल भवन, अग्नि तथा उद्धार केन्द्रलगायतका संरचना निर्माण र स्तरोन्नति गरी अन्तर्राष्ट्रिय स्तरको हवाई अड्डा बनाउन एक निर्माण व्यावसायीसँग १३ नोवेम्बर २०१४ मा रु. ६ अर्ब २२ करोड ५१ लाखको ठेक्का २० डिसेम्बर २०१७ सम्म सम्पन्न गर्नेगरी सम्झौता भएकोमा यस वर्षसम्म रु. ८७ करोड ८८ लाख ८ हजार भुक्तानी भएको देखिन्छ । निर्धारित समयमा कार्यसम्पन्न नभएकोले २८ जून २०१९ सम्म म्याद थप भएको देखिन्छ । हालसम्म ५२ प्रतिशत भौतिक प्रगति भएको देखिएकोले समयमा कार्यसम्पन्न गर्नुपर्दछ ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना

५२. **ऋण सम्झौता** - नेपाल सरकार र चीन सरकारवीच २१ मार्च २०१६ मा भएको आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी सम्झौता अनुसार आयोजना कार्यान्वयन गर्न चीन सरकारले ३५ करोड ५९ लाख ३० हजार युआन निर्ब्याजी ऋण उपलब्ध गराउने उल्लेख छ । चीनियाँ आयात निर्यात बैंक मार्फत १ अर्ब २ करोड २८ लाख १० हजार युआनमा नबढ्ने गरी ऋण उपलब्ध गराउन मञ्जुर गरेको समेत कुल ऋण १ अर्ब ३७ करोड ८७ लाख ४० हजार युआन, पाँच प्रतिशत ब्याजमा नेपाल सरकारले प्राधिकरणलाई उपलब्ध गराउने गरी २०७३।२।२३ मा सम्झौता भएको देखियो । उक्त ऋण ७ वर्षको ग्रेस अवधिसहित २०९२ आश्विन मसान्त (२० वर्ष) सम्ममा ऋण चुक्ता गर्नुपर्ने देखिन्छ । विमानस्थलको निर्माण कार्य शुरु भई हाल सम्मको भौतिक प्रगति १५ प्रतिशत रहेको छ ।

नेपाल वायुसेवा निगम, २०७४।७५

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी विक्रम सम्वत् २०१४ मा स्थापना भएको यो निगम राष्ट्रिय ध्वजावाहक विमान सेवाको रुपमा रहेको छ । नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गत देश भित्र र बाहिर सुरक्षित, कुशल र किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ । सञ्चालक समितिको सामान्य नियन्त्रण र निर्देशन भित्र रही कार्यकारी अध्यक्ष वा महाप्रबन्धकले निगम व्यवस्थापनको जिम्मेवारी सम्हाल्ने व्यवस्था छ । निगमले हाल १४ किसिमका विमानबाट २५ आन्तरिक र ८ अन्तर्राष्ट्रिय गन्तव्यमा उडान गरिरहेको छ । सोको अतिरिक्त निगमले चार्टर्ड उडान, कार्गो सेवा र ग्राउण्ड ह्याण्डलिङ सेवा समेत प्रदान गर्ने गरेको छ ।

५३. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** निगमको अधिकृत पुँजी रु ३० करोडमध्ये चुक्ता पुँजी रु. १६ करोड २४ लाख, पुँजी बाहेकको नेपाल सरकारको लगानी रु. २ अर्ब ९४ करोड १६ लाख, पुनर्मूल्यांकन कोष रु. ७ अर्ब ४७ करोड ५२ लाख, संचित नोक्सानी रु. ३ अर्ब ३७ करोड ३७ लाख र मध्यम तथा दीर्घकालीन ऋण रु.२९ अर्ब २८ करोड ३ लाख रहेको देखिन्छ । खुद चालु सम्पत्ति रु.१ अर्ब ४२ करोड ३५ लाख ऋणात्मक समेत जम्मा सम्पत्ति रु ३६ अर्ब ४८ करोड ५६ लाख रहेको छ । गत वर्ष सञ्चालन आम्दानी रु.१० अर्ब १५ करोड २१ लाख, सञ्चालन मुनाफा रु.७३ करोड ३० लाख र कर अघिको मुनाफा रु.२४ करोड २७ लाख रहेकोमा यस वर्ष सञ्चालन आम्दानी रु.१० अर्ब ७८ करोड २६ लाख, सञ्चालन मुनाफा रु. ६९ करोड ५९ लाख र खुद नोक्सानी रु.७ करोड ३३ लाख रहेको छ ।

सञ्चित नोक्सानीमा भएको वृद्धिले खुद सम्पत्ति तथा इक्विटी फण्ड गतवर्षको तुलनामा १०.६६ प्रतिशतले घट्न गई रु.७ अर्ब २० करोड ५३ लाख भएको छ । ऋण ४१.३६ प्रतिशतले बढेको, चालु सम्पत्ति घटेको र चालु दायित्व बढेकोले खुद चालु सम्पत्ति १५८.५३ प्रतिशत ऋणात्मक रहेको छ । उपर्युक्त स्थितिले निगमको समग्र वित्तीय एवं सञ्चालन कार्यमा थप सुधार गर्नु पर्ने देखिएको छ ।

५४. **अनुपात विश्लेषण -** निगमको अनुपात विश्लेषण देहायबमोजिम रहेको छः

क्रम	विवरण	२०७४/७५	२०७३/७४
१	पूर्ण नगद अनुपात	०.०४	०.१३
२	चालु अनुपात	०.७७	०.९०
३	शीघ्र सम्पत्ति दायित्व अनुपात	०.४७	०.६१
४	ऋण पुँजी अनुपात	४.६	२.५७
५	सञ्चालन नाफा अनुपात	०.०६	०.०७

नगद, तरलता, चालु सम्पत्ति दायित्व, पुँजी सँरचना, मुनाफा स्थिति जस्ता प्रमुख अनुपात विश्लेषण हेर्दा गतवर्षको तुलनामा चालु दायित्व भुक्तानीका लागि उपलब्ध तरलता घटेको, ऋण पुँजी बढेको, सञ्चालन मुनाफा घटेको स्थिति छ ।

५५. **आसामी र साहु -** आसामी तथा प्राप्य रकम रु.८५ करोड ७० लाखमध्ये १ वर्ष भन्दा पुरानो रु.२६ करोड ५० लाख रहेकोमा असूल गर्ने कार्य भएको देखिएन । साहु तथा अन्य भूक्तानी दिनुपर्ने रु.२६ लाख १ वर्ष भन्दा पुरानो भएकोले उक्त रकम तिर्नुपर्ने वा नपर्ने यकीन गरी हिसाव राफसाफ गर्नुपर्दछ ।

५६. **रणनीति -** निगमको आम्दानी रु.१० अर्ब ७८ करोडमा एअरक्राफ्ट ह्याण्डलिङ सेवाको आम्दानी रु.४ अर्ब ६ करोड समावेश छ । विमान सञ्चालन आयबाट मात्र निगम सञ्चालन हुने अवस्था नरहेकोले एअरक्राफ्ट ह्याण्डलिङ सेवाबाट प्राप्त आय माथिको निर्भरता बढेको छ । विमानको प्रकृति र उडानको क्षेत्र अनुसार सञ्चालन लागतलाभ विश्लेषण गरी रणनीति तय गर्नुपर्नेमा विश्लेषण गरेको छैन । रणनैतिक व्यवस्थापनमा सुधार गर्नुपर्ने देखिन्छ ।

५७. **नगद प्रवाह -** सञ्चालनबाट नगद प्रवाह गतवर्ष भन्दा ३१.३४ प्रतिशतले घट्न गई रु.१ अर्ब ६३ करोड ५४ लाख भएको छ । लगानी रु.९ अर्ब ४४ करोड ३० लाखमध्ये ऋणवाट रु.७ अर्ब ३५ करोड १५ लाख र गतवर्षको नगद मौज्दातवाट रु.४५ करोड ६१ लाख व्यहोरेको छ । गत वर्ष नगद मौज्दात रु.६९ करोड १९ लाख रहेकोमा यस वर्ष घट्न गई रु.२३ करोड ५७ लाख रहेकोले समग्र नगद प्रवाह घटिरहेको स्थिति छ । सञ्चालनवाट हुने नगदप्रवाहमा वृद्धि गर्न ध्यान दिनुपर्दछ ।

५८. **उडानको लक्ष्य प्रगति -** निगमले आय वृद्धि र साख कायम गरी गुणस्तरीय सेवा दिन निर्धारित उडान तालिका अनुसार विमान उडान हुनुपर्दछ । यो वर्ष निर्धारित तालिका अनुसार उडान नभै रद्ध भएको स्थिति छ ।

क्षेत्र	उडान हुनुपर्ने संख्या	उडान भएको संख्या	उडान रद्ध संख्या	रद्ध प्रतिशत
अन्तर्राष्ट्रिय	३७२३	२९६२	७६१	२०
आन्तरिक	६६६८	४७०८	१९६०	२९
जम्मा	**१०३९१**	**७६७०**	**२७२१**	**२६**

उपर्युक्त तालिकाअनुसार अन्तर्राष्ट्रिय उडानतर्फ २० प्रतिशत र आन्तरिक उडानतर्फ २९ प्रतिशत उडान रद्द भै समग्रमा २६ प्रतिशत उडान रद्द भएको देखिन्छ । उडान रद्द हुँदा यात्रुलाई असुविधा हुने, निगमको आम्दानी घट्ने र साखमा गिरावट आउने अवस्था रहन्छ । अतःकावु वाहिरको परिस्थिति वाहेक निर्धारित तालिकाअनुसार उडान गर्नुपर्ने देखिएको छ ।

५९. **आन्तरिक उडानको आय -** चीनमा निर्माण भएको एम ए ६० विमान र वाई १२ ई विमान हाल आन्तरिक उडानमा रहेका छन् । एम ए ६० बाट यस वर्ष रु.२० करोड ६४ लाख सञ्चालन आम्दानी भएकोमा विमानसँग सम्बन्धित सञ्चालन र अप्रत्यक्ष खर्च क्रमशः रु.३१ करोड ३ लाख र रु.२१ करोड २५ लाख घटाउँदा रु.३१ करोड ६४ लाख खुद घाटा रहेको छ । त्यसैगरी वाई १२ ई विमानबाट यस वर्ष रु.२ करोड ५१ लाख १२ हजार सञ्चालन आम्दानी भएकोमा विमानसँग सम्बन्धित सञ्चालन र अप्रत्यक्ष खर्च क्रमशः रु.१८ करोड ८५ लाख र रु.९ करोड ६३ लाख घटाउँदा रु.२८ करोड ९७ लाख खुद घाटा रहेको छ । ती विमान सञ्चालनबाट निगमलाई घाटा भएको हुंदा नाफामा सञ्चालन गर्नको लागि ठोस कार्ययोजना बनाई लागू गर्न गत वर्षको लेखापरीक्षणबाट औँल्याइएकोमा स्थिति यथावत् छ ।

६०. **विमान बिक्री** - निगमको आर्थिक विनियमावली २०६५ को विनियम २४० मा विमान तथा सो को इन्जिन बिक्री तथा लिलाम गर्दा अपनाउनुपर्ने कार्यविधि र विनियम ३२ मा बढाबढबाट लिलाम बिक्री गर्ने कार्यविधिको व्यवस्था छ । कार्यविधिअनुसार लिलाम सकार गर्न डाँक खोल्नु अघि न्यूनतम मूल्यको पाँच प्रतिशत नगद धरौटी राख्नुपर्ने, डाँक अङ्क बढ्दै गएमा धरौटी थप गर्दै जानुपर्ने, साथै लिलाम सकारेको सामान उठाई लानुपर्ने अवधि र अन्य आवश्यक कुरासमेत लिलाम बढाबढको सूचनामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

६०.१ एक बोइङ्ग विमान न्यूनतम अमेरिकी डलर १.३९ मिलियन देखि १.७ मिलियन मूल्याकंन गरी बिक्रीगर्न अन्तराष्ट्रिय बोलपत्र आह्वान गर्दा प्रस्ताव प्राप्त भएको देखिएन । वार्ताबाट बिक्री गर्न १५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्दा प्राप्त ७ मध्ये ६ प्रस्तावकले मूल्य खुलाएकोमा उच्चतम रकम कबोल गर्ने एक प्रस्तावकको रु.१६ करोड र दोस्रो बढी कबोल गर्नेले रु.१५ करोड प्रस्ताव गरेको देखिन्छ । ती प्रस्तावक

सम्पर्कमा नआएकोले तेस्रो बढी कबोल गर्ने विमान कम्पनीसँग २०७४।८।१२ मा बिक्री सम्झौता गरी अमेरिकी डलर १४ लाख ६० हजारको हुने रु.१४ करोड ९२ लाख निगमलाई प्राप्त भएको छ ।

६०.२ विनियमावलीको विनियम ३२ अनुसार कबोल रकमको ५ प्रतिशत धरौटी लिनुपर्नेमा लिलाम बिक्रीको सूचना तथा बिक्री सम्झौतामा धरौटी सम्बन्धमा उल्लेखसमेत गरेको देखिँदैन । विमानको रु.१६ करोड र रु.१५ करोड कबोल गर्ने प्रस्तावक सम्पर्कमा नआएको कारण विमान बिक्री प्रक्रिया लम्बिन गएको देखिन्छ । धरौटी राख्नु नपर्ने गरी प्रस्ताव आह्वान गर्नु त्रुटिपूर्ण देखियो ।

६०.३ विमान बिक्री सम्झौतामा विमान जहाँ जुन अवस्थामा छ सोहीअनुसार स्वीकार गर्नुपर्ने र सम्झौता मितिले ४५ दिनभित्र विमानको स्वामित्व बिक्रेताले लिनुपर्ने उल्लेख छ । तर सो अवधिमा विमान जिम्मा नलिएमा हुने कारवाही तथा जरिबाना सम्बन्धमा सम्झौतामा उल्लेख छैन । निगमले पटक पटक पत्राचार गरे पनि विमान जिम्मा नलिएकोले स्वामित्व हस्तान्तरण भएको छैन । निगमले स्वामित्व हस्तान्तरण गर्न नसकी सो कार्य लम्बिन गएको र निगमलाई अनावश्यक बोझ परेको स्थिति देखिन्छ ।

६१. **वाइड बडी विमान खरिद -** महालेखापरीक्षकको पचपन्नौँ वार्षिक प्रतिवेदनमा नेपाल वायुसेवा निगमले दुई वटा ए ३३०-२०० वाइडबडी विमान खरिद गर्न अपनाएको प्रक्रिया कानुनसम्मत नभएको र खरिद मूल्य मितव्ययी भएको यकिन गर्न नसकिएको व्यहोरा उल्लेख गरिएकोमा त्यस विषयमा संघीय संसदको सार्वजनिक लेखा समितिमा छलफल भई विमान खरिद सम्बन्धमा अध्ययन अनुसन्धान गर्न गठित उपसमितिको प्रतिवेदन समितिको बैठकबाट अनुमोदन गरी आवश्यक अनुसन्धानको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको छ । यस वर्ष सोसम्बन्धी कारोबारको परीक्षण गर्दा देखिएका मुख्य व्यहोरा देहायबमोजिम छन्:

६१.१ वाइडबडी विमान खरिदको लागि स्वीकृत प्रस्तावमा पहिलो विमान सेप्टेम्बर २०१७ र दोस्रो विमान मार्च २०१८ मा आपूर्ति गर्ने उल्लेख भएकोमा सम्झौतामा पहिलो विमान अप्रिल २०१८ र अर्को विमान मे २०१८ मा आपूर्ति गर्ने उल्लेख छ । पहिलो विमान २५ जून २०१८ तथा दोश्रो विमान २४ जुलाई २०१८ मा प्राप्त भएकाले स्वीकृत प्रस्तावभन्दा पहिलो र दोस्रो विमान क्रमशः करिब ९ महिना र ४ महिना ढिलो प्राप्त भएको देखिन्छ ।

६१.२ निगम सञ्चालक समितिले दुई वटा वाइड बडी विमान सञ्चालनको व्यावसायिक योजना २०७३।६।८ मा स्वीकृत गरेको छ । उक्त योजना अनुसार ती विमान सन् २०१९ बाट दमाम, सिउल, सिड्नी, टोकियो र हङकङ उडान हुनुपर्नेमा हालसम्म गन्तव्यको टुङ्गो लागेको छैन । गन्तव्य टुङ्गो लगाई लक्ष्यअनुरुप उडान गर्न नसक्दा २०७५ श्रावणदेखि पौषसम्म ६ महिनामा रु.१ अर्ब ६६ करोड ३१ लाख अनुमानित नोक्सानी हुन गएको अवस्था छ ।

६१.३ निगमले विमान खरिदका लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट रु.२३ अर्ब ९९ करोड ६१ लाख ऋण लिएको छ । सो ऋणबाट निगमले जहाज खरिद कार्यमा रु.२२ अर्ब ९० करोड १७ लाख १६ हजार उपयोग गरेको देखिन्छ । व्यावसायिक योजनाअनुसार विमान सञ्चालन गर्न नसक्दा २०७५।९।३० भित्र तिर्नुपर्ने साँवा तथा ब्याजको किस्ता रु.८० करोड ४२ लाख तिर्न नसकेको अवस्था छ । लामो दूरीमा विमान सञ्चालन गर्न नसकेमा नोक्सानी अझै वृद्धि हुने स्थिति छ ।

६१.४ विमान खरिदको लागि प्रस्ताव माग गर्दा विमानमा अधिकतम भारवहन क्षमता (एमटीओडब्लू), अधिकतम अवतरण क्षमता (एमएलडब्लू) र अधिकतम शून्य इन्धन क्षमता (एमजेडएफडब्लू) जस्ता क्षमतामा घटबढ हुँदा विमानको मूल्यमा पर्ने असरसमेत खुलाउन सबै प्रस्तावदातालाई आह्वान गरेको देखिन्छ । प्राप्त प्रस्तावमध्ये स्वीकृत भएको प्रस्तावमा अधिकतम भारवहन क्षमता वृद्धि गरे बापतको लागतसमेत विमानको मूल्यमा समावेश भएको व्यहोरा उल्लेख छ । प्रस्ताव र सम्झौतामा यी क्षमताहरु निम्नानुसार देखिएको छ:

विवरण	प्रस्ताव अनुसारको क्षमता	सम्झौता अनुसारको क्षमता
एमटीओडब्लू	२४२ टन	२३० टन
एमएलडब्लू	१८२ टन	१८० टन
एमजेडएफडब्लू	१६६ टन	१८६ टन

बोलपत्रदाताले पेश गरेको प्रस्तावमा उल्लेख गरेको स्पेसिफिकेसन र प्राप्त भएका विमानको स्पेसिफिकेसनमा भएको फरकले विमानको क्षमता, दक्षता र मूल्यमा पर्ने असर र प्रभाव विश्लेषण गरेको देखिएन ।

६१.५ स्वीकृत प्रस्ताव, सम्झौता तथा नेपाल नागरिक उड्डयन प्राधिकरणले जारी गरेको दर्ता प्रमाण पत्र लगायतका कागजातमा विमानको मोडेल नम्बर तथा इन्जिन र एअरक्राफ्ट क्रम नम्बर फरक फरक किसिमले उल्लेख गरेको छ । निगमबाट प्राप्त विवरण अनुसार मोडेल तर्फ ए ३३०-२०० को सट्टामा ए ३३०-२४३, इन्जिनतर्फ रोल्स रोएस ट्रेन्ट ७७बी को सट्टामा रोल्स रोएस ट्रेन्ट ७७बी-६०, एयरक्राफ्ट नम्बरतर्फ दुई विमानको एमएसएन नम्वर १८४० तथा १८४२, १८४५ तथा १८५४ र १८७२ तथा १८७८ उल्लेख गरेको देखिन्छ ।

६१.६ निगमको आर्थिक विनियमावली, २०६५ को विनियम ११४ (२) (ञ) मा निगमले स्वीकृत गर्ने बोलपत्र कागजातमा सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रसम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने विषयहरु समावेश गर्ने व्यवस्थाअनुसार नै निगमले बोलपत्र कागजात स्वीकृत गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले मालसामान खरिदका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गर्दा मालसामानको मूल्यमा १० प्रतिशतसम्म घटबढ हुंदा मूल्य समायोजन नगरिने व्यहोरा उल्लेख गरी बोलपत्र कागजात तयार गरेको छ । तर निगमले सम्झौतामा म्यानुफ्याक्चरिङ प्राइस् रिभिजन फर्मुलाअनुसार २.४४ प्रतिशत (प्रति विमान मूल्य अमेरिकी डलर १० करोड ९० लाखमा नबढ्ने गरी) मूल्य समायोजन दिने उल्लेख गरी २ विमानको लागि अमेरिकी डलर ६७ लाख ८८ हजार ११० को सटही दर रु.१०९।६६ ले हुने रु.७४ करोड ४३ लाख ८४ हजार मूल्य समायोजन भुक्तानी गरेको छ ।

६१.७ सम्झौताअनुसार दुई वटा विमानको रु.२३ अर्ब २० करोड ८३ लाख २ हजार भुक्तानी भएको देखिन्छ । बिल बीजकको निश्चित ढाँचाबेगर आपूर्तिकर्ताले खाली कागजमा अन्य व्यहोरा नखुलाई इन्भ्वाइस भनी रकम मात्र उल्लेख गरेको कागजलाई बिल वीजक मानी भुक्तानी गरेको छ । विमान निर्माता एअरबस कम्पनीले निगमलाई लेखेको पत्रको अन्तमा रकम प्राप्त भयो भन्ने वाक्यांश उल्लेख गरे तापनि प्राप्त गरेको रकम खुलाएको छैन ।

६२. **भ्रमण खर्च -** वाइडबडी विमानहरुको प्राविधिक अनुगमन र हस्तान्तरण कार्य गर्न कर्मचारी सञ्चय कोषका ३, नागरिक लगानी कोषका ५, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका १, निगम सञ्चालक समिति सदस्यलगायत उच्च पदाधिकारी १५, कानुनी सल्लाहकार १, नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारी ४, निगमका र नेपाल राष्ट्र बैङ्कका पदाधिकारी १ समेत ३१ जनाले विदेश भ्रमण गरेका छन् । यी मध्ये निगमका महाप्रबन्धक ३ पटक, निगमका ४ अधिकृत ५ पटक र कानुनी सल्लाहकार २ पटक भ्रमण गरेको देखिन्छ । उक्त भ्रमणमा दैनिक भत्ता रु.७३ लाख ७४ हजार र हवाई टिकट खर्च रु.३८ लाख २० हजारसमेत रु.१ करोड ११ लाख ९४ हजार खर्च भएको छ । भ्रमणमा सहभागी अधिकांश कर्मचारी अप्राविधिक व्यक्ति रहेका छन् । भ्रमणको आवश्यकता सम्बन्धमा विश्लेषण नगरी खर्च गरेकोले प्राविधिक कर्मचारीका लागि भएको अत्यावश्यक खर्च यकिन गरी अन्य खर्च रकम असुल गर्नु गराउनुपर्दछ ।

तारा गाउँ विकास समिति, २०७४।७५

विकास समिति ऐन, २०१३ अन्तर्गत तारा गाउँ विकास समिति (गठन) आदेश जारी भई २०३४ सालमा यो समिति स्थापना भएको हो । समिति नेपाल सरकारको पूर्ण स्वामित्वमा संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय मातहत रहेको छ ।

६३. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** समितिको पुँजी तथा जगेडा कोष रु. २९ करोड २१ लाख ३७ हजार तथा चालु दायित्व र व्यवस्था रु ५ करोड ९२ लाख ६९ हजार रहेको छ । स्थिर सम्पत्ति रु. १६ करोड १२ लाख ८५ हजार, चालु सम्पत्ति रु.१ करोड ८८ लाख ३५ हजार तथा अन्य सम्पत्ति रु.१७ करोड १२ लाख ८६ हजार रहेको छ । सञ्चित नोक्सानी गत वर्षसम्म रु.४ करोड ६२ लाख १० हजार रहेकोमा यो वर्ष रु. ४५ लाख ४३ हजार घटी भई रु.४ करोड १६ लाख ६७ हजार पुगेको छ ।

६४. **बक्यौता -** विभिन्न ५ व्यापारिक फर्मबाट नयाँ सडकस्थित भवनको पसल भाडा रु.४४ लाख ७३ हजार असुल गर्न बाँकी रहेको छ । सम्झौता एवं प्रचलित कानुनअनुसार उक्त बक्यौता रकम असुल गर्नुपर्दछ ।

६५. **सेयर लगानी -** समितिले आफ्नो स्वामित्वमा रहेको ३०४ रोपनी जग्गामध्ये १५० रोपनी जग्गाको मूल्य रु.१५ करोड र अन्य भौतिक संरचनाको रु.२ करोडसमेत रु.१७ करोड तारागाउँ रिजेन्सी होटेल लिमिटेडमा सेयरको रुपमा लगानी गरेको र १५४ रोपनी जग्गा सो होटेललाई भाडामा लगाएको देखिन्छ । शुरुवाती अवस्थामा होटेलको ३९.७७ प्रतिशत सेयर समितिले प्राप्त गरेकोमा हाल ९.०१ प्रतिशत कायम भएको छ । समितिको सेयरको प्रतिशत घटेको विषयमा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएको भए पनि ठोस निर्णय भएको पाइएन । यस विषयमा हाल संघीय संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले विस्तृत छानबिन गरी प्रतिवेदन समेत पेस गरिसकेको सन्दर्भमा सो समितिले दिएका सुझाव तथा निर्देशन समेतको आधारमा नेपाल सरकारले आवश्यक निर्णय गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गैरसैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ दफा ३(१) मा वायुयान र विमानस्थल सञ्चालन गर्ने इजाजत तथा अनुमति दिनेलगायत ऐन कार्यान्वयन गर्न नियम बनाउन सकिने भए पनि ऐन बनेको ५९ वर्षसम्म नियम नबनाएकोले विमानस्थल प्रयोग गरेबापत वायुसेवा कम्पनीबाट नागरिक उड्डयन प्राधिकरणले शुल्क असुल गरी रहे पनि विमानस्थल सञ्चालन बापत सरकारलाई दस्तुर बुझाउनुपर्ने दायित्वबाट प्राधिकरणले उन्मुक्ति पाउँदै आएको व्यहोरा गत वर्ष औँल्याइएकोमा सुधार भएको छैन ।

  मन्त्रालय मातहत काठमाडौँ उपत्यकामा सात संग्रहालयको खुल्ने र बन्द हुने समयमा विविधता रहेको, हनुमानढोका र पाटन दरबार संग्रहालयलाई मात्र विकास समितिको रुपमा सञ्चालन गरी अर्थ मन्त्रालयको सहमतिबेगर कर्मचारीलाई अतिरिक्त भत्ता दिएको, राष्ट्रिय संग्रहालय र अन्य संग्रहालयले लिएको आधारभन्दा फरक व्याख्या गरी पाटन संग्रहालयले एक मित्रराष्ट्रका नागरिकलाई बढी प्रवेश शुल्क लिने गरेको र संग्रहालय सञ्चालन गर्न आवश्यक पूर्वाधार, सञ्चालन हुने समय, शुल्क निर्धारण गर्ने आधार, प्रदर्शनीमा रहने सामानको अभिलेख राख्ने ढाँचा तथा लगत कट्टा गर्ने आधारलगायतका व्यहोरामा औँल्याइएकोमा यो वर्ष सुधार गरेको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति देहायअनुसार छ:

  - मन्त्रालय र मातहतसमेत २२ निकायमा यो वर्ष रु.३३ करोड २९ लाख ५४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५६ लाख २५ हजार फछ्यौट गरेकोले रु.३२ करोड ७३ लाख २९ हजार बाँकी रहेको छ । सोमध्ये रु.९ करोड ९२ लाख २७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति २२ तर्फ यो वर्ष रु.८० करोड ६८ लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२६ लाख ३० हजार फछ्यौट गरेकोले रु.८० करोड ४१ लाख ९९ हजार बाँकी रहेको छ । सो मध्ये रु.२० करोड ६८ लाख ५८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच सम्पर्क र समन्वय गर्ने, स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरण, फोहोरमैला व्यवस्थापन, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय समेत १९३ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहतसमेत यो वर्ष विनियोजन रु.६० अर्ब ८० करोड ५८ लाख ७५ हजार, राजस्व रु.१ अर्ब १६ करोड ८५ लाख २३ हजार, धरौटी रु.१ अर्ब १६ करोड ४८ लाख ३० हजारसमेत रु.६३ अर्ब १३ करोड ९२ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । समिति तथा अन्य संस्थासमेत ६८ को रु.४ अर्ब २३ करोड ११ लाख ८० हजारको लेखापरीक्षण गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायअनुसार छन् :

१. **वार्षिक नीति तथा कार्यक्रम** - नेपाल सरकारको २०७४।७५ को वार्षिक नीति तथा कार्यक्रममध्ये मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था निम्नानुसार देखिएको छ :

१.१. बजेट वक्तव्यमार्फत सरकारले स्थानीय तहको अधिकार सूचीभित्र पर्ने विभिन्न मन्त्रालयबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिकाभित्रको रु.५० लाखसम्म, नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिका भित्रको रु.२ करोडसम्म बजेट भएका आयोजना सम्बन्धित विषयगत मन्त्रालयले श्रावण मसान्तभित्र स्थानीय तहमा रकम सहित हस्तान्तरण गर्नुपर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा स्थानीय तहमा हस्तान्तरण भएका आयोजनाको अद्यावधिक अभिलेख नराखेकाले यथार्थता यकिन हुन सकेन । विगतमा यस मन्त्रालयअन्तर्गत रहेको बौद्ध दर्शन तथा गुम्बा विकास समिति संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत हस्तान्तरण भएको र आदिबासी जनजाति उत्थान प्रतिष्ठान, बादी समुदाय उत्थान समिति, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई स्थानीय तहमा हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।

१.२. नेपालको संविधानको अनुसूची-६ बमोजिम प्रदेश सरकारको अधिकारको सूचीमा उल्लेख भएका प्रदेश सरकारको संस्थागत संरचना निर्माणलगायतका कार्यका लागि सोझै स्रोत हस्तान्तरण हुने व्यवस्था भएको र साविकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सञ्चालित स्थानीय स्तरका अधिकांश आयोजना स्थानीय तहमा नै हस्तान्तरण हुने व्यवस्था उल्लेख भएकोमा स्थानीय तह र प्रदेशमा हस्तान्तरण भएका आयोजनाको अद्यावधिक अभिलेख मन्त्रालयमा छैन । साविकका स्थानीय तहबाट सञ्चालन भई अधुरा रहेका योजनाको अवस्था एवं सोको व्यवस्थापन सम्बन्धमा समेत कुनै उल्लेख गरेको छैन ।

१.३. सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैकिङ्ग प्रणालीमार्फत गरिने, यस वर्ष ७ लाख ९५ हजार लाभग्राहीको अभिलेख अनलाइन प्रणालीमा थप गर्ने भनिए तापनि सामाजिक सुरक्षा भत्ता पाउनेको नाम छुटेको एवं दोहोरो नाम समावेश भएको अवस्था छ । यो वर्ष ३५० स्थानीय निकायबाट बैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने उल्लेख भएकोमा दुर्गम स्थानमा बैङ्कको पहुँच नपुगेको र बैकिङ्ग प्रणालीमार्फत वितरण गर्न शुरु भएका स्थानीय तहमा समेत पुनः नगदमा वितरण गरेको देखिएको छ ।

१.४. आयोजना र कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि, लागत, उपलब्धि र जिम्मेवार कर्मचारी सहित कार्ययोजना भदौ १५ भित्र तयार गरी आयोजना स्थलमा र मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरिने उल्लेख भए तापनि तदनुरुप गरेको देखिएन । साथै आयोजना कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका परिमार्जन तथा तयारी गर्ने जनाएकोमा तत्सम्बन्धी कार्य भएको पाइएन ।

१.५. चौधौं योजनामा उल्लिखित कार्यहरुमध्ये एकीकृत ग्रामीण विकास, स्थानीय प्रविधिको पहिचान तथा प्रवर्द्धन, गरीब घर परिवारको पहिचान तथा परिचयपत्र वितरण, स्वास्थ्य बीमा, एक विपन्न बेरोजगार घरधुरी एक रोजगारी, ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय नीति तर्जुमा, समय सापेक्ष ऐन कानुनको परिमार्जन, हिंसा तथा दुर्व्यवहारमा परेको ज्येष्ठ नागरिक संरक्षण, उपचार र कानुनी सहायता, ज्येष्ठ नागरिक सुविधाको मापदण्ड, प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न वृद्धाश्रम निर्माण, नतिजामा आधारित मूल्याङ्कन प्रणाली तयार गर्ने लगायतका कार्यक्रम कार्यान्वयन हुन नसकेको अवस्थामा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी, सबल र अपेक्षापूर्ण बनाउनुपर्दछ ।

उपर्युक्तानुसार लक्षित नीति र सोसम्बन्धी कार्यक्रमहरु कार्यान्वय हुन नसकेबाट मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु प्रभावकारी हुन सक्ने देखिएन । वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याई सेवा प्रवाहलाई चुस्त दुरुस्त तुल्याउनुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः स्थानीय तह र प्रदेश तहमा जनशक्ति व्यवस्थापन हुन नसकेको, सोझै भुक्तानी र प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, दिनुपर्नेभन्दा बढी भुक्तानी गरेको, बिल भरपाईबेगर प्रोभिजनल समबाट खर्च गरेको, फरक मूल्यसूची राखी मूल्य समायोजन भुक्तानी गरेको, सार्वजनिक लेखा समितिको निर्णय विपरीत लागत अनुमानमा सवारीसाधन समावेश गरेको, तुइन प्रतिस्थापन कार्यक्रम सम्पन्न हुन नसकेको, साविक जिल्ला विकास समितिमा रहेको कोष निष्क्रिय रहेको, आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुल नगरेको र असुली गरेको मूल्य अभिवृद्धि कर संघीय सञ्चितकोष दाखिला नगरेको, पदाधिकारीलाई पाउनेभन्दा बढी सुविधा उपलब्ध गराएको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

२. **वार्षिक लक्ष्य प्रगति** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समीक्षा गरी लक्ष्यअनुसार प्रगति हासिल नगर्ने र विवरण नपठाउने कार्यालयलाई कारबाही गर्न सकिने व्यवस्था छ । मन्त्रालयले पेस गरेको वार्षिक प्रगति विवरणअनुसार भौतिक पूर्वाधारतर्फ प्रगति न्यून रहेको स्थिति यसप्रकार छः

नतिजा सूचकरू	एकाई	लक्ष्य २०७४।७५	प्रगति	प्रगति प्रतिशत
ग्रामीण सडक स्तरोन्नति/पुनःस्थापना ग्राभेल	कि.मि.	६८१	४३७	६४.१७
ग्रामीण सडक पुल/कजवे आवधिक मर्मत सम्भार	मि	१३११	९८२	७४.९०
ग्रामीण सडक कालोपत्रे	कि.मि.	३४.७	२८	८०.६९
ग्रामीण पुनःनिर्माण तथा पुनःस्थापन सडक ग्राभेल गर्ने	कि.मि.	८२.३७	६३	७६.४८
झोलुङ्गेपुल निर्माण	गोटा	५००	४४२	८८.४०
ग्रामीण जलस्रोत लघु जलविद्युत योजनाहरु	गोटा	३	०	०
सामुदायिक सिँचाइ/साना सिँचाई योजना निर्माण	बटा	८६५	४५०	५२.०२

मन्त्रालय मातहत ४१ आयोजना र कार्यक्रमहरू संचालन रहेकोमा ११ ले वित्तीय प्रगति मात्र पेस गरेको, २ ले ५० प्रतिशतभन्दा कम प्रगति गरेको, ५ ले ५० देखि ७५ प्रतिशतसम्म प्रगति गरेको तथा २३ ले ८० प्रतिशतभन्दा बढी प्रगति गरेको उल्लेख छ । न्यून प्रगति सम्बन्धमा कारबाही तथा मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणबाट मन्त्रालयले आगामी कार्यक्रमलाई सुधार गर्नुपर्दछ ।

३. **व्यवस्थापन सर्भेक्षण** - नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी ३ तहमा संघीय निजामती सेवा र अन्य सेवाको गठन गर्न सक्ने व्यवस्था छ । त्यस्तै निजामती सेवा ऐन, २०४९ को दफा ६(क) मा नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा संगठन तथा व्यवस्थापन सर्भे गरी कर्मचारी आवश्यकता पहिचान गर्ने जिम्मेवारी यस मन्त्रालयको रहेको छ । आवश्यक जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा मन्त्रालयबाट व्यवस्थापन सर्भे गरी संघतर्फ ४८ हजार ४०९, प्रदेशतर्फ २२ हजार २९७, स्थानीय तहमा ६६ हजार ९०८ दरबन्दी स्वीकृत भएको छ । व्यवस्थापन सर्वेक्षणबाट कतिपय निकायहरुमा कार्यबोझको मूल्याङ्कन नगरी दरबन्दी कायम गर्नाले घटी बढी भएको अवस्था छ । त्यस्तै एकै प्रकृतिका काम गर्न संघ, प्रदेश र स्थानीय तहमा समानान्तर संरचना स्थापना गर्नाले कामको दोहोरोपना (Duplication),

काम खप्टने स्थिति (Overlapping) र टुक्रिने अवस्था (Fragmentation) देखिएको छ । जनशक्तिको पर्याप्त कार्यबोझका आधारमा मात्र दरबन्दी सिर्जना गर्नुपर्नेतर्फ ध्यान जानुपर्दछ ।

४. **कर्मचारी समायोजन** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ अनुसार सरकारी सेवाका कर्मचारी र साविक जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कार्यरत कर्मचारीसमेतलाई संघ, प्रदेश, र स्थानीय तहमा समायोजन गर्ने व्यवस्था रहेको छ । हाल तीनै तहमा गरेर १ लाख ३१ हजार कर्मचारी समायोजन भएको छ । रिक्त ३७ हजार ५८३ पद पूर्ति गर्ने कार्य बाँकी नै रहेको छ । नेपालको संविधान जारी भएपछि राज्यको शासकीय प्रणालीको खाका स्पष्ट भइसकेको अवस्थामा तत्काल कर्मचारी समायोजनको कार्य सम्पन्न गर्नुपर्नेमा संविधान जारी भएको ३ वर्ष व्यतीत भइसक्दासमेत स्थानीय तह तथा प्रदेश कार्यालयहरुमा कर्मचारीको अभाव भई सेवा प्रवाह तथा विकास निर्माणका कार्यमा बाधा परेको अवस्था छ । यस परिप्रेक्षमा प्रदेश र स्थानीय तहमा यथाशक्य जनशक्ति व्यवस्थापन गरी प्रभावकारी सेवा प्रवाह र विकास निर्माणका काम सुचारु हुने व्यवस्था मिलाउनुपर्दछ ।

५. **लेखापरीक्षण** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्ययको तोकिएबमोजिमको लेखा र आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष १६ क्रियाकलापका लागि अमेरिकी डलर ५ करोड ३२ लाख ५८ हजारको विनिमयदर रु.१०९।३४ ले हुने रु.५ अर्ब ८२ करोड ३२ लाख प्राविधिक सहयोग उपलब्ध हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण, भौतिक प्रगति र खर्चको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन ।

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागअन्तर्गत ६ कार्यक्रममा रु.४९ करोड १४ लाख ६६ हजार र राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम सञ्चालनमा रु.९ करोड ११ लाख ४६ हजार समेत दातृ निकायबाट सोझै भुक्तानी भएको रु.५८ करोड २६ लाख १२ हजारको र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा प्राविधिक सहायता स्वरुप भएको खर्च रु.१४ करोड ५४ लाख १७ हजारको लेखापरीक्षण गराएको छैन । ऐनबमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

६. **केन्द्रीय लेखा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ मा मन्त्रालयले मातहतका सबै निकायको निकासा खर्च समावेश गरी कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा आर्थिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट २०७५।११।२३ मा अधुरो आर्थिक विवरण प्राप्त भएको छ । यो व्यहोरा गत वर्षसमेत औँल्याइएकोमा सुधार भएको छैन ।

७. **कार्यक्रम अनुगमन** - मन्त्रालय र मातहत सञ्चालित कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुनुपर्दछ । यो वर्ष वातावरण मैत्री स्थानीय शासन कार्यक्रमको लागि रु.८६ लाख ६० हजार विनियोजन भएको मध्ये विविध खर्च रु.१ लाख छुट्याएकोमा महालेखा नियन्त्रक कार्यालयको विविध (ख-६) खातामा जम्मा गरी रु.७३ लाख ५२ हजार र भरतपुर महानगरपालिकालाई निकासा दिएको रु.१८ लाख ९० हजारसमेत रु.९२ लाख ४२ हजार खर्च गरेको छ । निकायको खर्च एवं प्रगतिको अनुगमन एवं मूल्याङ्कन गरेको देखिएन ।

८. **अन्य निकायको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र खर्च लेख्न सकिने व्यवस्था छ । मन्त्रालयमा परामर्श सेवा तथा तालिम कार्यक्रमको लागि विनियोजित रु.४६ लाखमध्ये राष्ट्रिय योजना आयोगको सचिवालयलाई रु.२२ लाख ५० हजार भुक्तानी दिई खर्च लेखेको छ । सचिवालयलाई भुक्तानी दिनुपर्नाको कारण पेस भएको छैन ।

९. **अनुदान** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सरकारी वा गैरसरकारी संघ, संस्था वा निकायलाई अनुदान दिएको रकमबाट लक्ष्यअनुसार प्रगति गरे नगरेको, लेखापरीक्षण भए नभएको अनुगमन गरी मन्त्रालयले वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कर्मचारीसँग सम्बन्धित ५ संस्थाको सञ्चालन र सुदृढीकरण कार्यको लागि यो वर्ष रु.१ करोड १८ लाख अनुदान उपलब्ध गराएकोमा अनुगमन गरेको देखिएन । अनुगमन गरी तोकिएको कार्यमा खर्च भई प्रगति हासिलको सुनिश्चित हुनुपर्दछ ।

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

१०. **प्रगति** - विभागबाट राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम अन्तर्गत ग्रामीण सडक आवधिक मर्मत सम्भार, सडक पुल/कजवे आवधिक मर्मत, ग्रामीण सडक स्तरोन्नति/पुनर्स्थापना र नयाँ मोटर पुल निर्माण/पुरानो पुनर्स्थापना गर्ने कार्यमा २ हजार ६१० किलोमिटर सडक र ३ हजार ३७० मिटर कजवेको निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा क्रमशः ८५५ किलोमिटर र १ हजार ९२ मिटर कजवे सम्पन्न भएको छ । कार्यक्रममा यो वर्षसम्म रु.११ अर्ब ४३ करोड ६१ लाख खर्च गरेको छ । कार्यक्रम सञ्चालन गर्ने आयोजनाको अवधि समाप्त भएकोमा भौतिक प्रगति ६९ प्रतिशत मात्र गरेको छ ।

११. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइका कारणले खरिद सम्झौताबमोजिमको काम तोकिएको समयमा हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागअन्तर्गत काभ्रेपलाञ्चोक जिल्ला स्थित चौरी खोला पुल निर्माण गर्न २०६८ मा रु.१ करोड ७१ लाख ९९ हजारको खरिद सम्झौता भएकोमा पटक पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.१७ लाख २० हजार असुल गर्नुपर्ने तथा झापाको किस्ने खोला पुलको पूर्वनिर्धारित क्षतिपूर्तिबापत रु.९ लाख २६ हजार कट्टा गरी धरौटीमा राखेको समेत रु.२६ लाख ४६ हजार सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

त्यस्तै गोरखा र तनहुँ जिल्लाको देउराली पालुङटार सडक खण्डको मर्स्याङदी नदी पुल निर्माण सम्झौताको शर्तबमोजिम निर्धारित गरेको समय अगावै बिलिङ्ग गर्नुपर्नेमा नगरेका कारण रु.२० लाख ३७ हजार र जिल्ला प्राविधिक कार्यालय २१ ले निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने निर्णय भए तापनि असुल नगरेको, घटी असुल गरेको र म्याद समाप्त भएपछि निर्माण सम्पन्न गरेकोमा क्षतिपूर्ति कट्टी नगरेकोले रु.२ करोड ७७ लाख ५१ हजार समेत जम्मा रु.२ करोड ९७ लाख ८८ हजार असुल हुनुपर्दछ ।

१२. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ अनुसार दर्ता भएका करदाताले असुल गरेको कर तोकिएको समयमा बुझाउनुपर्ने व्यवस्था छ । ननफाइलर रहेका निर्माण व्यवसायीलाई स्थानीय पूर्वाधार तथा कृषि सडक विभागले रु.१० लाख ७६ हजार र जिल्ला प्राविधिक कार्यालय पाल्पा, भोजपुर, दार्चुला र महोत्तरीले रु.६४ लाख ९७ हजार समेत मूल्य अभिवृद्धि कर रु.७५ लाख ७३ हजार भुक्तानी गरेकोमा कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ ।

१३. **धरौटी जफत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम निर्माण व्यवसायीलाई त्रुटि सच्याउने अवधि समाप्त भएपछि कट्टी गरेको धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । सच्याउनुपर्ने त्रुटि नसच्याएमा धरौटी फिर्ता गर्न मिल्ने देखिँदैन । जिल्ला प्राविधिक कार्यालय, स्याङ्जाअन्तर्गत ग्रामीण सडकका २ निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधिभित्र कालोपत्रे, ड्रेन, सोल्जर तथा नालीलगायतमा देखिएका कमजोरीलाई सुधार नगरेकोले बाँकी रहेको धरौटी रु.३० लाख ८३ हजार र जिल्ला प्राविधिक कार्यालय कैलाली, दोलखा, कास्की, जाजरकोट, सिन्धुलीले सम्झौता पालना नगरेकाले व्यवसायीबाट रु.९९ लाख ८३ हजारसमेत रु.१ करोड ३० लाख ६६ हजार धरौटी जफत गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१४. **बढी भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । जिल्ला प्राविधिक कार्यालय १८ ले ढुवानी, दशैं खर्च, लुगा भत्ता, ग्रेड, व्याज, भेरिएसन, नर्म्स, निर्माण कार्यको बिल लगायतमा दिनुपर्ने भन्दा रु.४५ लाख ८७ हजार बढी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

त्यस्तै जिल्ला प्राविधिक कार्यालय, सप्तरीले कुशाहा सडकको वृक्षारोपण कार्यमा बढी दरले भुक्तानी दिएको रु.३ लाख ९५ हजार, सोही सडकमा प्रोभिजनल समको प्रमाण बेगरको खर्च रु.१ लाख १३ हजार र चौथो रनिङ्ग बिलमा भुक्तानी भएको रकम पाँचौ बिलबाट कट्टी नगरेको रु.६ लाख ९९ हजार, रुपनगर पथरी सडकमा पहिले भुक्तानी गरेको रकम नघटाई दोहोरो भुक्तानी गरेको रु.२ लाख ५४ हजार, भारदह-बरमझिया सडकमा परिमाण जोड जम्मा फरक पारी ग्राभेल बिछ्याउने कार्यमा बढी भुक्तानी गरेको रु.१६ लाख ८० हजार समेत कूल रु.३१ लाख ४१ हजार असुल हुनुपर्दछ ।

१५. **पेस्की जोखिम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क१) मा निर्माण व्यवसायीलाई पेस्की उपलब्ध गराउँदा पेस्की रकमको जमानत लिनुपर्ने र पेस्की फछ्यौंट नहुँदासम्म जमानतको म्याद थप हुनुपर्ने व्यवस्था छ । प्यूठानको झिमरुक नदीमा पुल निर्माण कार्यका निर्माण व्यवसायीसँग रु.५० लाख ३२ हजार पेस्की बाँकी रहेकोमा बैङ्क जमानतको म्याद समाप्त भएकोले पेस्की रकम जोखिममा परेको छ । उक्त पेस्की ब्याजसहित असुल हुनुपर्दछ ।

१६. **प्रोभिजनल खर्च तथा एजबिल्ट ड्रइङ्ग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण व्यवसायीले निर्माण भएवमोजिमको एजबिल्ट (नक्सा) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम प्रोभिजनल समबाट भएको खर्चको बिल भरपाई पेस गर्नुपर्ने व्यवस्था छ । जिल्ला प्राविधिक कार्यालय १२ ले नक्सा पेस नगरेको र प्रोभिजनल खर्चको बिल भरपाई पेस नभएको अवस्थामा रु.७१ लाख ३१ हजार भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१७. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । फरक मूल्य सूची प्रयोग गरेको, म्याद थप भएकोमा मूल्य समायोजन दिएको, माइलस्टोनबमोजिम काम नभएकोमा समेत मूल्य समायोजन भुक्तानी गरेको, निर्माण व्यवसायीको कारण काममा ढिलाइ भएको अवस्थामा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागले ३ पुल तथा भवन निर्माणको कार्यमा रु.२३ लाख ५२ हजार र जिल्ला प्राविधिक कार्यालय नुवाकोट, गुल्मी, दाङ्ग, रुपन्देही र झापाले रु.३८ लाख ७२ हजारसमेत रु.६२ लाख २४ हजारले मूल्य समायोजन भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१८. **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपको लागि काबुबाहिरको परिस्थिति सिर्जना हुनुपर्ने उल्लेख छ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गत रु.५८ करोड ८६ लाख १८ हजारमा सम्झौता भएका ९ पुलमध्ये एक पुल २०६८ जेठ, अर्को पुल २०७२ आषाढ, ५ पुल २०७३ आषाढ र २ पुल २०७५ आषाढमा कार्यसम्पन्न गर्नुपर्नेमा म्याद थप भई निर्माणाधीन अवस्थामा रहेका छन् । सामान्य भेरिएसनलाई आधार लिई म्याद थप गर्ने, सम्झौताबमोजिमको कार्यतालिका अनुसरण नगर्ने र काबुभित्रका परिस्थितिलाई काबुबाहिरको परिस्थिति उल्लेख गरी विना हर्जाना म्याद थप गर्ने गरेको छ ।

डोटीस्थित खन्कुण्टा झोलुङ्गे पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७३ आषाढमा रु.९२ लाख ७२ हजारमा सम्झौता भएकोमा २०७५ आषाढसम्म म्याद थप भएकोमा निर्माण कार्य अधुरो रहेको छ । निर्माण व्यवसायीलाई रु.५६ लाख २३ हजार भुक्तानी भएकोमा म्याद थप माग नगरेकोले निर्माण कार्य अन्यौलमा रहेको छ । त्यस्तै डोटीकै गोदरे खोलामा पक्की पुल निर्माण गर्न रु.२ करोड ६९ लाख ७६ हजारमा एक निर्माण व्यवसायीसँग २०७४ पौषसम्म सम्पन्न गर्ने गरी २०७३ आषाढमा सम्झौता भएकोमा २०७५ आषाढसम्म रु.१ करोड ६० लाख ४८ हजार भुक्तानी भएको छ । सम्झौताअनुसार गडर, स्ल्याब, रेलिङ्ग र रबर सिलको कार्य बाँकी छ । निर्माण व्यवसायीले म्याद थपसमेत माग नगरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

१९. **ठेक्का अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(३)(ख) मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिमको काम नगरेमा बाँकी काम गर्न लाग्ने थप खर्चसमेत यकिन गरी सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ:

१९.१. बझाङको सेती खोला पानकोट पुल निर्माणको लागि २०७४।३।३० सम्म निर्माण कार्यसम्पन्न हुने गरी रु.६ करोड ७८ लाख ४७ हजारमा एक निर्माण व्यवसायीसँग २०७२ वैशाखमा खरिद सम्झौता भएकोमा पटक पटक म्याद थप गरी २०७५ आषाढसम्म रु.२ करोड ७ लाख ५० हजार भुक्तानी भएपछि निर्माण व्यवसायीले पाईल स्ट्रक्चरको डिजाइनमा काम गर्न नसक्ने उल्लेख गरेकोले २०७५।२।१६ मा ठेक्का अन्त्य गरेको छ । सम्झौताको शर्त पालना नगरेको अवस्थामा सुविस्ताको आधारमा सम्झौता अन्त्य गर्न मिल्दैन । सम्झौता अनुसार रु.५ करोड २६ लाख ३० हजारको काम बाँकी नै रहेकोमा ऐनको व्यवस्था तथा खरिद सम्झौताअनुसार बाँकी कार्य गर्न लाग्ने थप दायित्व निर्माण व्यवसायीबाट असुलीलगायतका अन्य कारबाही

नगरी ठेक्का सम्झौता अन्त्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई बाँकी कार्य गर्न लगाउने र थप आर्थिक दायित्व यकिन गरी निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

१९.२. पाल्पाको हरिआँप खोलामा सडक पुल निर्माण गर्न २०६८ चैत्रमा एक निर्माण व्यवसायीसँग रु.१ करोड २९ लाख ९६ हजारमा खरिद सम्झौता भएकोमा पटक पटक म्याद थप हुँदा समेत निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेको कारण जिल्ला समन्वय प्रमुखको २०७५।२।११ को निर्णयानुसार ठेक्का तोडेको छ । सम्झौताको अन्त्य गर्दा बाँकी कार्य गर्न वा गराउनका लागि लाग्ने थप खर्च र जमानत रकम जफत नगरेकोले लाग्ने रकम असुल गरी कानुनबमोजिम निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न पत्राचार गर्नुपर्दछ ।

२०. **बीमाको लागत अनुमान** - ग्रामीण सडक सुधार आयोजनाले यो वर्ष ७ निर्माण व्यवसायीसँग रु.६१ करोड ६९ लाख ८८ हजारमा ठेक्का सम्झौता गर्दा बीमाको लागत अनुमान रु.९० लाख रहेकोमा रु.४ करोड १० लाख स्वीकृत भई खरिद सम्झौता भएको छ । बीमा रकमलाई प्रोभिजन आइटममा नराख्दा लागत अनुमानभन्दा रु.३ करोड २० लाख (३५५ प्रतिशत) बढीमा सम्झौता भएको छ ।

२१. **असम्बन्धित खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा असम्बन्धित काम समावेश गर्न नहुने सार्वजनिक लेखा समितिबाट २०६९।९।२ मा निर्णय भएको छ । ग्रामीण सडक सञ्जाल सुधार आयोजनाले यो वर्ष ७ निर्माण व्यवसायीसँग रु.६१ करोड ६९ लाख ८८ हजारमा ठेक्का सम्झौता गर्दा रु.१ करोड २९ लाख ६० हजारमा सवारीसाधन भाडा भुक्तानी गर्ने व्यवस्था गरेको र बाग्लुङ्ग, डोटी, कैलाली, पर्वत र तेह्रथुम जिल्ला प्राविधिक कार्यालयले निर्माण कार्यको ठेक्कामा रु.५१ लाख ७७ हजारका सवारीसाधन समावेश गरी भुक्तानी गरेकोले निर्माण कार्यको लागत बढेको छ । उक्त निर्णयविपरीत असम्बन्धित लागत समावेश गरी ठेक्का सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

२२. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ११ जिल्ला प्राविधिक कार्यालयले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर र बहालकर रु.२४ लाख ७८ हजार कट्टी गरेको पाइएन । उक्त रकम असुल गर्नुपर्दछ ।

२३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद कार्य गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था विपरीत जिल्ला प्राविधिक कार्यालय तेह्रथुम र प्यूठानले विभिन्न टुक्रामा लागत अनुमान तयार गरी रु.७३ लाख २१ हजारको कार्य प्रतिस्पर्धाबिगर सोझै खरिद गरेको नियमित देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२४. **जिन्सी व्यवस्थापन** - जिल्ला प्राविधिक कार्यालय, रोल्पाको एक जिप २०७१ सालमा दुर्घटनामा परी बुटवलस्थित एक वर्कसपमा रहेको छ । उक्त जिप मर्मतमा रु.२९ लाख खर्च हुने जनाई मर्मत गरेको छैन । त्यस कार्यालयबाट कपिलवस्तु सरुवा भएका एक इन्जिनियरले एक मोटरसाइकल कार्यालयमा फिर्ता गरेको देखिएन । विभाग (डोलीडार) अन्तर्गत १ मोटरसाइकल हराएकोमा कारबाही गरेको छैन । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत ६ कर्मचारीले ६ ल्यापटप र एक क्यामेरा बुझेकोमा सरुवा भई जाँदा पनि फिर्ता गरेका छैनन् । ती सम्पत्ति फिर्ता प्राप्त गर्नुपर्दछ ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

२५. **बजेट कार्यान्वयन** - सार्वजनिक वस्तु तथा सेवामा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने, समावेशी, जवाफदेही तथा उत्तरदायी स्थानीय शासन एवं समुदायको स्थापना गरी गरिबी न्यूनीकरण गर्ने उद्देश्यका लागि आयोजना अवधिमा रु.२ अर्ब ३९ करोड २७ लाख खर्च गर्ने लक्ष्य राखेकोमा रु.१ अर्ब ५६ करोड ६१ लाख खर्च भएको छ । यो वर्ष चालु तथा पुँजीगत गरी रु.७० करोड ९३ लाख ६६ हजार बजेट व्यवस्था भएकोमा रु.११ करोड २८ लाख २५ हजार (१५.९० प्रतिशत) खर्च भएको छ । मन्त्रालयले एकीकृत कार्यक्रम स्वीकृत गरे तापनि जिल्ला समन्वय समिति तथा स्थानीय तह मार्फत सञ्चालित कार्यक्रमको समग्र प्रगति विवरण तयार गरेको छैन । वार्षिक बजेट र कार्यक्रमबीचको तादात्म्यता मिलाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

सस्पेन्सन बृज डिभिजन

२६. **तुईन प्रतिस्थापन** - नेपाल सरकारको २०७२।६।२५ को निर्णयबाट तुईन भएको स्थानमा झोलुङ्गेपुल निर्माण गरी जनतालाई सुरक्षित, भरपर्दो र स्तरीय तरितराउको सेवा उपलब्ध गराउने अभिप्रायले तुईन प्रतिस्थापन कार्यक्रम सञ्चालन भएको छ । नेपालभर १८७ तुइन प्रतिस्थापन गर्न स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले सम्भाव्यता अध्ययन गरेकोमा तुइन भएका १३५ स्थानमा झोलुङ्गेपुल निर्माण गर्नुपर्नेमा हालसम्म १०६ झोलुङ्गेपुलको निर्माण सम्पन्न भई २४ निर्माणाधीन रहेका छन् । निर्माणाधीन र शुरु नै नभएका झोलुङ्गेपुलको निर्माण कार्य सम्पन्न गर्न थप प्रयास हुनुपर्दछ ।

२७. **मूल्य अभिवृद्धि कर** - मूल्यअभिवृद्धि कर ऐन, २०५२ अनुसार करदाताले तोकिएको समयमै आन्तरिक राजस्व कार्यालयमा मूल्यअभिवृद्धि कर बुझाउनुपर्ने व्यवस्था छ । संयुक्त उपक्रमका एक निर्माण व्यवसायीले ६ झोलुङ्गेपुल निर्माण कार्य गरी मूल्य अभिवृद्धि कर रु.३१ लाख २३ हजार भुक्तानी लिएकोमा तोकेको समयमा मूल्यअभिवृद्धि कर बुझाएको देखिएन । अतः मूल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ ।

फोहोरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र

२८. **आयोजना कार्यान्वयन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । केन्द्रले ११८ आयोजनाको विस्तृत सर्वेक्षण गरी रु.३ करोड २९ लाख ७२ हजार खर्च गरेकोमा ५ आयोजना मात्र कार्यान्वयनमा आई ११३ कार्यान्वयनमा नआएको अवस्था छ । फोहोरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भई उक्त केन्द्र खारेज भएकोले उल्लिखित रकम खर्च गरी तयार भएका विस्तृत सर्वेक्षण प्रतिवेदनको कार्यान्वयन अनिश्चित देखिएको छ । उक्त प्रतिवेदन उपयोगमा ल्याउने व्यवस्था मिलाउनुपर्दछ ।

२९. **फोहोर व्यवस्थापन** - फोहोरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ३ बमोजिम फोहोरमैलालाई स्रोतमै छुट्याउने र सोहीबमोजिम पृथकीकरण गर्नुपर्नेमा सिसडोल ल्याण्डफिल्डमा पुग्दासमेत वर्गीकरण र पृथकीकरण गरेको देखिएन । हालको ल्याण्डफिल्ड साइटमा २०७२।७३ देखि २ वर्षका लागि ६ लाख ५० हजार मेट्रिकटन फोहोर सङ्कलन तथा व्यवस्थापनको लागि क्षमता विस्तार गरेकोमा साइटको क्षमताभन्दा बढी फोहोर थुपारेका कारण फोहोरबाट प्रदूषित पानी खुला रुपमा बगेको तथा फोहोरको थुप्रो ४० मिटर अग्लो बनेकोले दुर्घटना निम्तने सम्भावना छ । निराकरणका उपायहरु अवलम्बन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

यसैगरी उपत्यकाबाट सरदर दैनिक १ हजार मेट्रिकटन उत्पादन हुने फोहोरमैलालाई दिगो व्यवस्थापन गर्न सिसडोल साइटको विकल्पमा बञ्चरे डाँडामा १ हजार ७९० रोपनी जग्गा अधिग्रहण गरेको छ । बञ्चरे डाँडामा पूर्वाधार विकासको लागि तयार भएको विस्तृत आयोजना प्रतिवेदनअनुसार रु.२ अर्ब ४१ करोडको लागत अनुमानमा समावेश कार्यमध्ये प्रवेशमार्ग निर्माण, कोल्पुखोला डाइभर्सन र नदी नियन्त्रण कार्य सञ्चालन भए तापनि भौतिक प्रगति २ प्रतिशत मात्र रहेको छ । छिटो छरितो रुपमा भौतिक निर्माण गरी फोहोर व्यवस्थापनमा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

महिला विकास प्रशिक्षण केन्द्र

३०. **सम्पत्ति व्यवस्थापन** - केन्द्रले आफ्नो नाममा रहेको चल अचल सम्पत्तिको संरक्षण एवं सोको उचित सदुपयोग गर्नुपर्दछ । ललितपुर महानगरपालिकाको वडा २५ मा रहेको २ रोपनी ७ आना जग्गामा महानगरपालिकाले वडा कार्यालय भवन निर्माण गरिरहेको छ । केन्द्रले सोही वडामा रहेको कित्ता नम्बर ५८६ को १ रोपनी २ आना जग्गा २०५८।११।२ मा मालपोत कार्यालय, ललितपुरमा रोक्का राखेको देखियो । उक्त जग्गाको स्वामित्व सम्बन्धमा विवाद उत्पन्न भई मुद्दा परेकोमा सर्वोच्च अदालतबाट सार्वजनिक हो होइन भन्ने सम्बन्धमा मालपोत कार्यालयले निर्णय गर्ने फैसला गरेकोमा हालसम्म निर्णय भएको छैन । उक्त जग्गामा स्वास्थ्य चौकी भवन रहनुका साथै स्थानीयले व्यावसायिक कार्यमा समेत प्रयोग गरेको देखिन्छ । केन्द्रले आफ्नो स्वामित्वमा रहेको जग्गा संरक्षण गर्नुपर्दछ ।

निजामती अस्पताल

३१. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष निजामती कर्मचारी तथा तिनका परिवार ४६ हजार र सर्वसाधारण १ लाख ४९ हजारसमेत १ लाख ९५ हजार व्यक्तिलाई उपचार सेवा उपलब्ध गराएको छ । निजामती कर्मचारीलाई लक्षित गरी स्थापित अस्पतालले कर्मचारीको साथै सर्वसाधारणलाईसमेत उपचार पुऱ्याएको छ । यो वर्ष अस्पतालको सिटी स्क्यान मेसिन ४९ दिन मर्मत हुन नसक्दा दैनिक औसत रु.५० हजारले हुने रु.२४ लाख ५० हजार मेसिनको अपेक्षित आम्दानी गुमेको छ । विशेषज्ञको अभावमा युरोलोजी सेवा सञ्चालन भएको छैन । निजामती सेवाका कर्मचारीलाई उपचारको चापसमेतमा ध्यान दिई सर्वसाधारणको उपचार गर्ने प्रबन्ध मिलाउनुपर्ने देखिन्छ ।

३२. **प्रोत्साहन भत्ता -** अस्पताल विकास समितिको बोर्ड बैठकको निर्णयानुसार विशेषज्ञ चिकित्सकलगायत अस्पतालका कर्मचारीलाई सेवाको आधारमा प्रोत्साहन भत्ता रु.६१ लाख ७१ हजार भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी गर्दा औषधि खरिद तथा व्यवस्थापनतर्फका कर्मचारीलाई औषधि बिक्रीबाट प्राप्त आय रु.८५ लाख १५ हजारलाई दोहोरो लेखाङ्कन गरी भत्ता गणना गरेको कारण रु.१ करोड ४६ लाख ८६ हजार प्रोत्साहन भत्ता बढी भुक्तानी गरेको छ । दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

जिल्ला समन्वय समितिहरु

३३. **सुझाव र मार्ग निर्देशन सार्वजनिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला समन्वय समितिले जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव वा मार्गदर्शन दिई सार्वजनिक गर्ने व्यवस्था छ । अधिकांश जिल्ला समन्वय समितिले कार्यक्रमको लागि सुझाव नदिएको, मार्गदर्शन नगरेको तथा सुझाव र मार्गदर्शन दिएकोमा सार्वजनिक नगरेको र सुझावको कार्यान्वयन तथा मूल्याङ्कनको अनुगमन गरी कार्यान्वयनमा समेत ल्याएका छैनन् । ऐनमा भएको व्यवस्थाको पालना गरी सुझाव, मार्गदर्शन, कार्यान्वयन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

३४. **वातावरणीय परीक्षण तथा परिमाण नियन्त्रण** - वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा तोकिएका विषयसम्बन्धी प्रस्तावको कार्यान्वयन पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था छ । व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ तथा सर्वोच्च अदातलबाट २०६७।४।२१ मा ढुङ्गा, गिट्टी, बालुवा झिक्न दिँदा वातावरणीय सन्तुलन नबिग्रने गरी निश्चित परिमाण र क्षेत्र तोकी ठेक्का व्यवस्थापन गर्ने आदेश भएको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

३४.१. जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंले यो वर्ष ढुङ्गा, गिट्टी, बालुवा, ग्राबेल निकासीको लागि ३ क्षेत्रको ठेक्का सम्झौता गरेकोमा वातावरणीय प्रभाव मूल्याङ्कन नै नगरी न्यूनतम रु.२ करोडदेखि अधिकतम रु.७ करोड ७७ लाखसम्मको निकासी शुल्कको ठेक्का सकार गरेको छ । सकार भएका ७ नदीबाट निकासी भएको नदीजन्य पदार्थको परिमाण खुलाई अभिलेख राखेको छैन ।

३४.२. जिल्ला समन्वय समिति, मकवानपुरले जिल्लाभरिबाट निस्किएको नदीजन्य पदार्थको राजस्व सङ्कलन गर्न रु.७ करोड ५० लाख न्यूनतम अङ्क भएको ठेक्का रु.१७ करोड ९१ लाख ७८ हजारमा एक व्यवसायीसंग सम्झौता गरेको छ । बजार मूल्य र गत वर्षको जिल्लाभित्रको खपत परिमाण एवं निकासी परिमाण नखुलाई न्यूनतम ठेक अङ्क निर्धारण गरेको छ । सम्झौता भएका नदीहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार १२ लाख ३४ हजार ४०९ घनमिटर सामग्री सङ्कलन गर्न सकिने आधारमा विभिन्न कर समेत रु.२४ करोड ६२ लाख ६६ हजार आय हुने देखिएकोमा कर समेत रु.८ करोड ४७ लाख ५० हजार मात्र कायम गरेबाट न्यूनतम अङ्क यथार्थ रुपमा कायम गरेको देखिएन । प्रारम्भिक वातावरणीय परीक्षणबमोजिम प्रत्येक वर्ष वर्षायाम सकिएपछि नदी नालामा थुप्रिएका ढुङ्गा, गिट्टी, बालुवाको परिमाण नापजाँच गरी अभिलेख राख्नुपर्ने, तोकिएको परिमाणभन्दा बढी सङ्कलन एवं उत्पादन नहुने व्यवस्था मिलाउनु पर्नेमा तदनुरुप व्यवस्थापन नगरेबाट तोकिएभन्दा बढी सङ्कलन र निकासी हुन सक्ने स्थिति रहेको छ ।

३४.३. जिल्ला समन्वय समिति कास्कीले २ लाख ५९ हजार ७४५ घनमिटर गिट्टी, बालुवा उत्खनन्को लागि ५ ठेक्काबाट यो वर्ष रु.१७ करोड ५४ लाख १२ हजार प्राप्त गरेको छ । वातावरणीय परीक्षणबमोजिमको निकासी परिमाणको अभिलेख राखेको छैन ।

३४.४. जिल्ला समन्वय समिति, कैलालीले एक व्यवसायीसँग सम्झौता गरेकोमा स्थानीयले अवरोध गरेको कारण देखाई निर्माण व्यवसायीलाई रकम बुझाउन ताकेता नगरेको र बैङ्क जमानतबाट रु.२ करोड ७० लाख ६६ हजारसमेत असुल गरेको छैन । कानुनी कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

३४.५. जिल्ला समन्वय समिति, सप्तरीले जिल्लाका विभिन्न ७ नदीहरुबाट गिट्टी, बालुवा उत्खनन् तथा सङ्कलन गर्न न्यूनतम मूल्याङ्कन रु.१ करोड १९ लाख १३ हजार कायम गरी एक निर्माण व्यवसायीसंग ९ महिना सङ्कलन अवधि दिई रु.९९ लाख २८ हजारमा सम्झौता गरेको छ । ठेक्काको लागि निकालिएको न्यूनतम मूल्याङ्कनमा समावेश भएको परिमाण र दर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा सिफारिस गरिएकोभन्दा कम हुने गरी न्यूनतम मूल्याङ्कन गरेबाट मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ३४ लाख ६१ हजार राजस्व कम हुन गएको छ ।

३४.६. जिल्ला समन्वय समिति, पाल्पाले विभिन्न ७ कम्पनीसंग चून, ढुङ्गा रोयल्टी बापत रु.५५ लाख ७९ हजार आम्दानी गरेको छ । चून, ढुङ्गा रोयल्टी प्राप्त गर्ने कानुनी आधार नदेखिएको र चून, ढुङ्गा खानीसम्बन्धी अभिलेखसमेत राखेको छैन ।

वातावरणीय परीक्षण नगरी तथा परिमाण नियन्त्रण बेगर उत्खनन् गर्न अनुमति दिंदा प्राकृतिक स्रोतको अत्यधिक मात्रामा उत्खनन् भई भू-संरक्षण, वातावरण संरक्षण र जैविक विविधतामा नकारात्मक असर पर्नुको साथै कार्यालयको आयमा समेत कमी हुन जाने देखिँदा वातावरणीय परीक्षण पश्चात परिमाण यकिन गर्ने व्यवस्था अपनाउनुपर्दछ ।

३५. **कोषमा मौज्दात** - साविक जिल्ला विकास समितिका कोषहरुमा कुल रु.१० अर्ब ९७ करोड १२ लाख ४४ हजार रहेको देखिन्छ । उक्त रकम परिचालन तथा वितरण सम्बन्धमा कार्यविधि तथा उपयोगको मापदण्ड बनाएको छैन । कार्यविधि तथा मापदण्ड बनाई कोष मौज्दात परिचालन गर्नुपर्दछ ।

३६. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम खरिद वा बिक्रीको वार्षिक कारोबार रु.५० लाखभन्दा बढी भएमा खरिदकर्ता वा बिक्रेता मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने र सोअनुसार लाग्ने कर दाखिला गर्नुपर्ने व्यवस्था छ भने दफा १५(३) मा स्थानीय तहले कर लाग्ने वस्तु तथा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

३६.१. सरकारी आय ठेक्का बन्दोबस्त गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्म छनौट गर्नुपर्नेमा जिल्ला समन्वय समिति, काठमाडौंले मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग सम्झौता गर्न नमिल्नेमा आयकरमा मात्र दर्ता भएको फर्म छनौट गरी रु.४ करोड २० लाखमा सम्झौता गरेको छ । आय ठेक्काको न्यूनतम शुल्क मूल्य अभिवृद्धि करबाहेक उल्लेख गरेकोमा फर्मको कारोबारको आधारमा मूल्य अभिवृद्धि करसमेत असुल गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्न पत्राचार गरे तापनि दाखिला नभएको हुँदा रु.४८ लाख ३२ हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

३६.२. जिल्ला समन्वय समिति झापा, मोरङ्ग, मकवानपुर, सर्लाही, रौतहट, रुपन्देही, कैलालीलगायत २१ कार्यालयले सम्झौता भएका विभिन्न आय ठेक्कामा रु.१० करोड ७० लाख ३२ हजार मूल्य अभिवृद्धि कर संघीय सञ्चित कोष दाखिला गरेका छैनन् । दाखिला गर्नुपर्ने रकम समयमै राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

३६.३. जिल्ला समन्वय समिति महोत्तरी, सिन्धुली, दार्चुला, बाँके र ललितपुरले विभिन्न ठेक्का पट्टाको भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा नन्फाइलर भएका कम्पनीलाई रु.३३ लाख ७१ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोले समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ ।

३६.४. मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ बमोजिम खरिदमा तिरेको मूल्य अभिवृद्धि कर नै बिक्रीमा सङ्कलन गरेको कर गणना मानी खरिद तथा बिक्रीको कारोबारमा मूल्य अभिवृद्धि कर समायोजन तथा निर्धारण गर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति, काठमाडौंले एक प्रा.लि.बाट ढुङ्गा, बालुवा लगायतको आय

ठेक्काबमोजिम रु.१ करोड ८९ लाख २० हजार आय प्राप्त गरेकोमा उक्त प्रा.लि.ले सो खरिदबाट रु.१६ लाख ८५ हजार बिक्री गरेको आय वर्ष २०७४।७५ को कर चुक्ता प्रमाणको आधारमा व्यवसायीलाई धरौटी फिर्ता दिएको छ । निजको खरिद कारोबारमा उत्पन्न हुने मूल्य अभिवृद्धि कर रु.२१ लाख ७७ हजारमा बिक्रीमा तिरेको कर रु.२ लाख १९ हजार समायोजन गर्दा निर्देशिकाको व्यवस्थाबमोजिम मूल्य अभिवृद्धि कर बापत छुट भएको रु.१९ लाख ५८ हजार असुल गर्नुपर्दछ ।

३७. **अतिरिक्त सुविधा** - सबै प्रदेश सभाबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा बनेका ऐनमा पारिश्रमिक, दशैं खर्च, यातायात, सञ्चार र बैठक भत्तालगायतका सुविधा सम्बन्धमा प्रदेश अनुरुप विभिन्न व्यवस्था भएको छ । ती ऐनले व्यवस्था गरेभन्दा १४ जिल्ला समन्वय समितिले पदाधिकारी तथा सदस्यलाई तलबमा रु.४ लाख ७८ हजार, भाडामा रु.१ लाख १५ हजार, बैठक भत्तामा २२ लाख ४१ हजार, चाडपर्व खर्चमा रु.४ लाख ६० हजार, सञ्चार सुविधामा रु.३ लाख ११ हजार र अनुगमन भत्तामा रु.३ लाख ७४ हजारसमेत रु.३९ लाख ७९ हजार बढी सुविधा उपलब्ध गराएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

३८. **सम्झौताको कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले बीचैमा काम छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नभएमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने, जमानत जफत गर्न सक्ने र बाँकी कार्य पूरा गर्न लाग्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्न सक्ने व्यवस्था छ । जिल्ला समन्वय समिति, हुम्लाले झोलुङ्गेपुलको स्टिल पार्ट्स ढुवानी कार्य गर्न २०७३ आषाढमा एक कार्गो सेवासँग रु.४३ लाख ७० हजारमा २०७३ आश्विनभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा रु.२६ लाख ७० हजार भुक्तानी भई करिब ४० प्रतिशतमात्र प्रगति भएको छ । कार्गो सेवाले ढुवानी नगरेको कारणले ४ आयोजनाको निर्माण कार्य अधुरो रहेको छ । ताकेता गर्दा समेत कार्य नगर्ने कार्गो सेवालाई कारवाही गरी सम्झौताबमोजिम काम गराउनु पर्दछ ।

३९. **कार्यसम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको प्राविधिकबाट जाँचपास गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति, हुम्लाको सर्कीदेउ सडक निर्माण गर्न उपभोक्ता समितिसँग रु.५६ लाख १३ हजारमा २०७५ आषाढमा सम्पन्न गर्ने गरी २०७५ जेठमा सम्झौता भएको छ । सम्झौताअनुसार ३ हजार ५०४ मिटर सडक निर्माण गर्नुपर्नेमा ८३९ मिटर मात्र निर्माण गरी रु.३७ लाख ५४ हजारको कार्यसम्पन्न प्रतिवेदन पेस गरेको छ । सडक निर्माण कार्य २४ प्रतिशत सम्पन्न गरेकोमा ६७ प्रतिशत भुक्तानी भएको छ । कामको अनुपातमा बढी भुक्तानी भएको र २४ प्रतिशत मात्र काम भएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ ।

४०. **आय दाखिला** - साविक स्थानीय विकास आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम आय ठेक्का सम्झौता गरेका जिल्ला समन्वय समिति, धादिङ, सुनसरी, महोत्तरी, कैलाली, गोरखा, कपिलवस्तु, सर्लाहीलगायतका १४ कार्यालयले रु.२० करोड ३५ लाख ७० हजार असुल गरेका छैनन् । सम्झौताअनुसारको रकम असुल गर्नुपर्दछ ।

४१. **ठेक्का बन्दोवस्तको आधार** - जिल्ला समन्वय समिति, ललितपुरले निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, रोडा र माटोको निकासी कर गत वर्ष रु.६ करोड २५ लाखमा ठेक्का बन्दोवस्त भएकोमा यो वर्ष रु.४ करोड ६५ लाखमात्र लिने गरी राजस्व परामर्श समितिले निर्णय गरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ । गत वर्षभन्दा रु.१ करोड ६० लाख घटी लिने गरी निर्णय गर्ने आधार खुलाएको छैन ।

४२. **परिपत्र विपरीत खर्च** - मन्त्रिपरिषद्को २०७४।२।१७ को निर्णयानुसार स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेशमा जिल्ला समन्वय समितिमा मौज्दात रहेको रकम यथावत् राख्ने उल्लेख गरेको छ । सो आदेश विपरीत जिल्ला समन्वय समिति, मोरङले रु.२ करोड २ लाख १ हजार, गोरखाले रु.२ करोड ५९ लाख ५ हजार, झापाले रु.३ करोड ७१ लाख ५० हजार र महोत्तरीले रु.१ करोड ४ लाख १९ हजार समेत रु.९ करोड ३६ लाख ७५ हजार खर्च गरेका छन् । परिपत्रको पालना नगरी खर्च गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४३. **वातावरणीय शुल्क** - वातावरण संरक्षण मापदण्डबमोजम उद्योगहरुले वातावरणमा पर्न जाने असर स्वरुप वातावरणीय शुल्क बुझाउनु पर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति, रुपन्देहीले सिमेन्ट, क्रसर, मदिरा,

छड उत्पादन गर्ने १०४ उद्योगबाट रु.६६ लाख २ हजार वातावरणीय शुल्क असुल गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

४४. **पर्यटन शुल्क** - जिल्ला समन्वय समिति, सोलुखुम्बुले पर्यटन शुल्क बापतको रु.२२ करोड ३३ हजार जिल्लाको पूर्वाधारको लागि प्रयोग गर्नुपर्नेमा विगत वर्षदेखि खर्च नगरी मौज्दात राखेको छ । पूर्वाधारको कार्य नगरी निष्कृय रहेको रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

४५. **बिल भरपाई** - ठेक्काको प्रोभिजनल सममा राखेको रकम भुक्तानी गर्दा खर्चका बिल भरपाईबमोजिम शोधभर्ना दिनुपर्दछ । जिल्ला समन्वय समिति सुनसरी, मकवानपुर र कञ्चनपुरले रु.१५ लाख ११ हजार बिल भरपाई बेगर निर्माण व्यवसायीलाई रकम भुक्तानी गरेका छन् । सम्झौताको शर्त विपरीत भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

४६. **बचत अनुदान** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।१ को पत्रानुसार शसर्त अनुदान तथा कार्यक्रममा बचत रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्दछ । यो वर्ष जिल्ला समन्वय समितिको कार्यालय ओखलढुङ्गा, स्याङ्जा र रौतहटले खर्च नभई बाँकी रहेको रु.७९ लाख १६ हजार वर्षान्तमा मौज्दात राखेका छन् । बचत मौज्दात संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

४७. **जोखिममा रहेको कोष** - जिल्ला समन्वय समितिको कार्यालय, ओखलढुङ्गाले कर्मचारी अक्षय कोषको रु.१९ लाख ६२ हजार बढी ब्याज प्राप्त हुने उल्लेख गरी एक फाइनान्स कम्पनीमा मुद्दती खातामा लगानी गरेकोमा उक्त संस्था बन्द भएका कारण फिर्ता भएको छैन । उक्त रकम फिर्ता गर्नेतर्फ कानुनी कारबाही समेत अगाडि बढाएको छैन ।

४८. **कोष रकम ट्रान्सफर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा प्राप्त गर्ने उपदान, औषधि उपचार लगायतका सुविधा दिन योगदानमा आधारित एक कोष रहने उल्लेख छ । योगदानमा आधारित कोषको अवधारणा विपरीत जिल्ला समन्वय समिति दैलेख, मनाङ, ओखलढुङ्गा, सिन्धुली, चितवन, स्याङ्जाले विगतदेखि रहेका विभिन्न कोष तथा अनुदानको रकम रु.१ करोड ८१ लाख ६५ हजार कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेका छन् । ट्रान्सफर गरेको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

४९. **सम्झौताको अन्त्य** - मुस्ताङ जिल्लास्थित नाम्ग्याल गुम्बा विद्यालय, छोन्हुपमा विद्यालय भवन निर्माण गर्न साविकको जिल्ला विकास समितिको कार्यालय, मुस्ताङले २०६९।११।२५ सम्म कार्यसम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.२ करोड ८२ लाख ६२ हजारको खरिद सम्झौता गरेकोमा हालसम्म रु.१ करोड ९६ लाख २९ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीको लापरबाहीको कारण काम हुन नसकी २०७५।२।१६ को निर्णयले सम्झौताको अन्त्य गरेको छ । खरिद सम्झौताअनुसारको बाँकी कार्य निर्माण गर्न व्यवसायीबाट मूल्य अभिवृद्धि कर समेत रु.१ करोड ३१ लाख ९२ हजार असुल उपर गर्ने निर्णय गरेकोमा सो रकम असुल गरेको छैन । त्यस्तै ठेक्का सम्झौता तोडिएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने तथा कालोसूचीमा राख्नेतर्फ कारबाही गरेको देखिएन ।

५०. **बैङ्क जमानत** - जिल्ला समन्वय समिति, महोत्तरीले नदीजन्य पदार्थ बिक्री ठेक्का स्वीकृत गर्दा प्रथम तथा दोस्रो बढी कबोल गर्ने निर्माण व्यवसायी सम्झौता गर्न नआएपछि तेस्रो बढी कबोल गर्ने एक व्यक्तिसँग २०७४।९।२ मा रु.२ करोडमा सम्झौता गरेको छ । सम्झौतामा ३ किस्तामा रकम प्राप्त गर्ने उल्लेख छ । तर सम्झौता गर्न नआएका व्यवसायीले राखेको जमानत रु.९ लाख २६ हजार जफत गरेको देखिएन । सम्झौता भएको व्यवसायीबाट पहिलो किस्ता रु.८० लाख प्राप्त गरेको छ । तर पहिलो किस्ताको मूल्य अभिवृद्धि कर रु.१० लाख ४० हजार, दोस्रो र तेस्रो किस्ता बापतको रु.१ करोड २० लाख र सोको मूल्य अभिवृद्धि कर रु.१५ लाख ६० हजार तथा ५ प्रतिशत धरौटी रु.१० लाख समेत रु.१ करोड ५६ लाख असुल गरेको पाइएन । निजले पेस गरेको बैङ्क जमानतको रकम पठाउन कृषि विकास बैङ्क, जलेश्वर शाखामा पटक पटक पत्राचार गरे तापनि बैङ्कबाट रकम प्राप्त भएको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

यसैगरी गिट्टी, बालुवा लगायतको निकासी गर्ने एक निर्माण व्यवसायीबाट लिनुपर्ने किस्ता तथा मूल्य अभिवृद्धि कर बापतको रु.३३ लाख असुल गरेको पाइएन । उक्त रकम बैङ्क जमानतसमेतबाट असुल हुनुपर्दछ ।

५१. **विशेष भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम समायोजन हुने कर्मचारीको सेवाको शर्त तथा सुविधाको मापदण्ड संघीय कानुन अनुसार हुने उल्लेख छ । जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी (पश्चिम) ले विभिन्न १४ कर्मचारीलाई २ देखि १० महिनाको तलब बराबर रु.७ लाख २० हजार विशेष भत्ता र जिल्ला प्राविधिक कार्यालयका ८ कर्मचारीलाई ८ महिनादेखि ५१ महिनासम्मको तलब बराबर रु.११ लाख ३० हजार प्रोत्साहन भत्ता खर्च लेखेको छ । कार्यविधि तथा मापदण्ड तयार नगरी तथा संघीय कानुन विपरीत हुने त्यस्ता खर्च लेख्न मिल्ने देखिएन ।

५२. **बिदाको रकम** - जिल्ला समन्वय समितिको कार्यालय, खोटाङमा साविकको स्थानीय विकास कोषमा अस्थायी दरबन्दीमा कार्यरत ४ कर्मचारी नगरपालिका तथा गाउँपालिकामा समायोजन भई रमाना लिई गएकोमा ३६६ देखि ३८४ दिनसम्मको बिदाबापत रु.१४ लाख ९२ हजार भुक्तानी गरेको छ । रमाना लिई सरुवा भई गएका र अविच्छिन्न रुपमा काम गरेको अवस्थामा बिदाको रकम भुक्तानी गर्न नमिल्ने हुँदा उक्त रकम असुल गर्नुपर्दछ ।

५३. **सामान फिर्ता** - साविक जिल्ला विकास समितिमा कार्यरत कर्मचारी समायोजन भई विभिन्न निकायमा रमाना भई जाँदा जिम्मा लिएका सामान बरबुझारथ गर्नुपर्नेमा जिल्ला समन्वय समिति, झापाका १९ कर्मचारीसँग रहेका १५ मोटरसाइकल तथा ल्यापटप कम्प्युटर, डिजिटल क्यामेरालगायतका मूल्य नखुलेका सामान बरबुझारथ नगरी रमाना दिएको छ । बरबुझारथ नगरी रमाना दिने पदाधिकारीलाई कारबाही समेत गरी उक्त मालसामान फिर्ता गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्यक्रम संशोधन बेगर खर्च गरेको, लक्ष्यअनुसार प्रगति नभएको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, मूल्य समायोजन बढी भुक्तानी गरेको, बीमा नगरेको, सोझै खरिद गरेको, निर्माण कार्यमा समन्वय नगरेको, तेस्रो चौमासिकमा बढी खर्च भएको, खरिद सम्झौता प्रथम चौमासिकमा नभएको, पेस्की फछ्यौंट नभएको, प्राकृतिक स्रोतको ठेक्का रकम असुली नभएको, बहाल रकम असुली हुन नसकेको, असम्बन्धित काममा भुक्तानी गरेको, बैङ्क समायोजन हिसाब तयार नगरेको, बजेटभन्दा बढी खर्च गरेको, वितरणमूखी खर्च अपनाएको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत २६१ निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ :

  - सरकारी कार्यालयतर्फ १९३ निकायमा यो वर्ष रु.४ अर्ब ५४ करोड ९९ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३९ करोड ३८ हजार फछ्यौंट गरेकोले रु.४ अर्ब १५ करोड ९९ लाख ६ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ४० करोड ९७ लाख ४ हजार पेस्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

  - सँगठित संस्था, अन्य संस्था र समितितर्फ ६८ निकायमा रु.३२ करोड ५५ लाख ६ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.१ करोड २३ लाख ३४ हजार फछ्यौंट गरेकोले रु.३१. करोड ३१ लाख ७२ हजार बाँकी रहेको छ । सोमध्ये रु.१६ करोड ७२ लाख पेस्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१६ मा छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा सूचना तथा सञ्चारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, प्रेस तथा सूचना र सुरक्षण मुद्रण, हुलाक सेवाको सञ्चालन, प्रवर्द्धन, नियमन तथा नियन्त्रण, फ्रिक्वेन्सी वितरण तथा अनुगमनलगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहतसमेत ९५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत कार्यालयको विनियोजन रु.५ अर्ब ५५ करोड ७० लाख ४१ हजार, राजस्व रु.८ अर्ब २२ करोड १ लाख २७ हजार, धरौटी रु.१२ करोड २२ लाख ७२ हजार र अन्य कारोबार रु.६ करोड २६ लाख ५८ हजारसमेत रु.१३ अर्ब ९६ करोड २० लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, समिति, अन्य संस्थासमेत ८३ को रु.५१ अर्ब ८८ करोड ८१ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारेबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नअनुसार छन्:

१. **योजना, नीति र बजेट कार्यान्वयन -** आवधिक योजना र बजेट वक्तव्यमा मध्यपहाडी र हुलाकी राजमार्गमा अप्टिकल फाइवर सञ्जाल विस्तार गरी ७२ जिल्ला सदरमुकाममा तीव्र गतिको ब्रोडव्याण्ड इन्टरनेट सुविधा पुऱ्याउन नेपाल टेलिकमलगायत ३ दूरसञ्चार सेवा प्रदायकसँग गत वर्ष सम्झौता भए तापनि कार्य हुन सकेको छैन । ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी माइक्रोवेभ ट्रान्समिसनबाट सामुदायिक क्याम्पस, उच्च माध्यमिक र माध्यमिक विद्यालय एवं प्राथमिक स्वास्थ्य केन्द्रहरुमा निःशुल्क इन्टरनेटको सुविधा पुऱ्याउन आवधिक योजनामा लक्ष्य तय गरेकोमा यो वर्षसम्म ७ स्थानमा मात्र कार्य भएको छ । त्यस्तै सुरक्षण मुद्रणसम्बन्धी कार्य, हुलाक बचत बैङ्कलाई सबै स्थानीय तहमा विस्तार गरी विप्रेषण, विद्युत, खानेपानी, टेलिफोन महसुल, सामाजिक सुरक्षा भत्ता भुक्तानी केन्द्रको रुपमा विकास गर्ने, विदेशी प्रसारण संस्थाबाट नेपालभित्र गरिने प्रसारणलाई २०७४।४।१ देखि विज्ञापनरहित बनाउने लगायतका कार्य भएको छैन । आवधिक योजना तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

२. **ब्रोडब्याण्ड नीति** – नेपालमा ब्रोडव्याण्ड पूर्वाधार एवं सेवाको विकास, विस्तार र प्रवर्द्धन सुनिश्चित गरी दिगो, समतामूलक र समावेशी विकास हासिल गर्न कार्यान्वयनमा ल्याएको ब्रोडब्याण्ड नीतिअनुसार सन् २०१८ सम्ममा नेपालको ४५ प्रतिशत घरधुरीमा ब्रोडब्याण्ड पहुँच सुनिश्चित गर्ने, शहरी ब्रोडब्याण्ड उपभोक्तालाई बहु सेवा प्रदायकहरुमार्फत छनौटको अवसर सुनिश्चित गर्ने, सम्पूर्ण जिल्ला सदरमुकाममा अप्टिकल फाइबर सञ्जाल विस्तार गर्ने, १ हजार ५०० गाउँ विकास समितिलाई ब्रोडब्याण्ड पूर्वाधार र सेवायुक्त विद्युतीय गाउँ विकास समितिको रुपमा विकास गर्ने र वर्ल्ड रेडियो कम्युनिकेसन कन्फरेन्सद्वारा इन्टरनेसनल मोबाइल टेलिकम्युनिकेसन तथा इन्टरनेसनल मोबाइल टेलिकम्युनिकेसन एडभान्स्ड प्रविधि प्रयोजनका लागि पहिचान गरिएका फ्रिक्वेन्सी ब्याण्ड्स तारारहित सेवा प्राथमिकताका साथ उपलब्ध गराउने लक्ष्य राखेकोमा सो सम्बन्धमा भएको प्रगति विवरण मन्त्रालयले अद्यावधिक गरेको छैन । नीति कार्यान्वयनको कार्ययोजना बनाई ब्रोडब्याण्ड सेवा उपलब्धत सुनिश्चित गर्नुपर्दछ ।

३. **क्लाउड कम्प्युटिङ -** सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा विद्यमान एकीकृत सरकारी डाटा सेन्टरको प्रभावकारी उपयोगमार्फत सरकारी निकायहरुमा एक क्लाउड कम्प्युटिङ तथा साझा पूर्वाधारसम्बन्धी प्रारुप तयार गरिने तथा नेपाल सरकारको एकीकृत डाटा सेन्टरमा रहेका स्रोतहरु प्रयोग गर्दै एक क्लाउड कम्प्युटिङ पूर्वाधार निर्माण गरिने, यस अनुरुप सन् २०१८ भित्रमा सरकारले कम्तीमा १० विद्युतीय माध्यमद्वारा प्रदान गरिने सेवाहरु क्लाउड कम्प्युटिङ पूर्वाधारमार्फत प्रवाह गर्नेसम्बन्धी व्यवस्था मिलाइने उल्लेख भए तापनि सो सम्बन्धी पूर्वाधार तयार गरेको देखिएन । उल्लिखित नीति कार्यान्वयन गर्ने व्यवस्था गरिनुपर्दछ ।

४. **फ्रिक्वेन्सी पुनर्वितरण** – दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०७३ को बुँदा ४(ग) अनुसार फ्रिक्वेन्सी ब्याण्डहरु बढाबढ गरी वितरण गर्ने, प्रयोगमा रहेका ब्याण्डहरुमा भएको अतिरिक्त फ्रिक्वेन्सीसमेत पुनर्वितरण गर्नुपर्ने नीति लागू भएको १ वर्षपछि २०७४।९।१९ मा नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी वितरणसम्बन्धी नियमावली, २०७४ को मस्यौदा मन्त्रालयमा पठाएकोमा हालसम्म नियमावली स्वीकृति नभएकोले प्रयोगमा नआएका फ्रिक्वेन्सी ब्याण्डहरु

हालसम्म पनि बढाबढ गरी वितरण भएको छैन । प्रयोगमा आइरहेका ब्याण्डहरुको अतिरिक्त फ्रिक्वेन्सीको पुनर्वितरण गरी राजस्व प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५. **न्यूनतम फ्रिक्वेन्सी दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०६९ को बुँदा ११ अनुसार जिएसएम मोबाइल सेवाको निमित्त छुट्याएको न्यूनतम फ्रिक्वेन्सी दस्तुर एकमुष्टरुपमा सो सेवा प्रदायकको वार्षिक कुल आम्दानीको ०.४ प्रतिशत कायम गरिने व्यवस्था भए तापनि यो वर्ष २ सेवा प्रदायकबाट न्यूनतम फ्रिक्वेन्सी दस्तुर घटी असुल गरेकोले नीतिको बुँदा १६ बमोजिम प्रत्येक महिना २ प्रतिशतका दरले थप दस्तुरसमेत लगाई रु.८ करोड ९ लाख ७३ हजार असुल गर्नुपर्ने देखिन्छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः फ्रिक्वेन्सी दस्तुर असुल तथा पुनर्वितरण नभएको, दूरसञ्चार रोयल्टी घटी असुल भएको, नेपाल दूसरसञ्चार प्राधिकरणको सञ्चिति सर्वसञ्चित कोष दाखिला नभएको, इजाजत नलिई निजी क्षेत्रबाट हुलाक सेवा सञ्चालन भएको, असम्बन्धित पार्टीलाई डाँक ढुवानीको भुक्तानी दिएको, डिजिटल हस्ताक्षरको प्रयोग न्यून रहेको, प्रमाणीकरण नगराई सफ्टवेयर प्रयोग गरेको, नेपाल टेलिकमको मोबाइल सेवाको नवीकरण दस्तुर दाखिला नभएको, अनुमतिबेगर इन्टरनेट सेवा सञ्चालन गरेको, भूकम्प अति प्रभावित ११ जिल्लामा निःशुल्क इन्टरनेट सेवा प्रभावकारी नभएको, अप्टिकल फाइबर बिछ्याउन सेवा प्रदायकसँग भएको सम्झौता त्रुटिपूर्ण भएको, रेडियो नेपालको जग्गा भाडा प्रक्रिया कानुनअनुसार नभएको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

६. **फ्रिक्वेन्सी दस्तुर असुली** – दूरसञ्चार रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) सम्बन्धी नीति, २०६९ को बुँदा १६ तथा दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सीबापतको दस्तुर प्रत्येक वर्ष नियमितरुपमा बुझाउनुपर्ने, प्रत्येक सेवा प्रदायकले माइक्रोवेभ फ्रिक्वेन्सी र न्यूनतम फ्रिक्वेन्सीको दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसीबाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षको निमित्त सो आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा भुक्तान गर्न बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतको दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ । यो वर्ष ४ सेवा प्रदायकले फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर दाखिला नगरेकोले थप दस्तुरसमेत रु.८० करोड ६५ लाख ७९ हजार असुल गर्नुपर्दछ ।

७. **दूरसञ्चार रोयल्टी -** दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रुपमा नेपाल सरकारलाई बुझाउनु पर्ने व्यवस्था छ । दूरसञ्चार रोयल्टी बुझाउनुपर्ने ३ सेवा प्रदायकले रु.१ करोड २५ लाख ८५ हजार र २० सेवा प्रदायकले ग्राहकसँग उठाएको रोयल्टीयोग्य आम्दानीको रु.४ करोड २९ लाख २० हजारसमेत रु.५ करोड ५५ लाख ५ हजार दाखिला गरेका छैनन् । नियमावलीको व्यवस्थाअनुसार सेवा प्रदायकसँग रोयल्टी रकम असुल गर्नुपर्दछ ।

८. **किस्ताबन्दीको रोयल्टी -** एक दूरसञ्चार सेवा प्रदायकले अनुमतिपत्रको शर्तबमोजिम बुझाउन बाँकी रोयल्टी रु.१ अर्ब ६३ करोड ३५ लाख २ हजार ८ किस्तामा तिर्ने गरी नेपाल सरकारबाट २०६९।६।१४ मा किस्ता निर्धारण गरेकोमा २०७४ आश्विनसम्म बुझाउनुपर्ने किस्ता रु.२० करोड ४१ लाख ८८ हजार आर्थिक वर्षको अन्तसम्म दाखिला गरेको छैन । बुझाउन बाँकी रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुरको किस्ता ब्याजसहित असुल गर्नुपर्दछ ।

९. **थप दस्तुर** - दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सीसम्बन्धी नीति, २०६९ को बुँदा १६ मा आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र फ्रिक्वेन्सी दस्तुर बुझाउनुपर्ने र सो म्यादभित्र दाखिला नगरेमा मासिक २ प्रतिशत थप दस्तुर लाग्ने व्यवस्था छ । एक दूरसञ्चार सेवा प्रदायकले २०७२।७३ र २०७३।७४ को न्युनतम फ्रिक्वेन्सी दस्तुर रु.१ करोड ५३ लाख १२ हजार ढिलो दाखिला गरेकोले थप दस्तुर रु.५४ लाख ६२ हजार असुल गर्नुपर्ने देखिएको छ ।

१०. **सञ्चिति -** दूरसञ्चार ऐन, २०५३ को दफा ४५(३) मा नेपाल दूरसञ्चार प्राधिकरणलाई प्राप्त रकमले कार्य सञ्चालन गर्न नपुग भएमा नेपाल सरकारसँग माग गर्न सक्ने र सरकारले उपलब्ध गराएको रकम बढी भएमा फिर्ता गर्नुपर्ने उल्लेख छ । प्राधिकरणको गतवर्षसम्मको सञ्चिति रु.३२ अर्ब १९ करोड ८४ लाख

रहेकोमा यो वर्ष रु.३२ अर्ब ७१ करोड ३१ लाख पुगेको छ । उक्त सञ्चितिमध्ये ग्रामीण दूरसञ्चार कोषको रु.१८ अर्ब ६४ करोड ११ लाखबाहेक रु.१४ अर्ब ७ करोड १९ लाख सञ्चितकोष दाखिला गर्नुपर्दछ । यो व्यहोरा गत विगतदेखि प्रतिवेदनमा उल्लेख भए तापनि स्थिति यथावत छ ।

११. **सशर्त अनुदान -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) बमोजिम सालबसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रम र आयोजनाको लागि दिएको निकासाको अध्ययन अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले २०७४।७५ मा गोरखापत्र संस्थानलाई रु.१८ करोड १८ लाख ६० हजार, रेडियो प्रसार सेवा विकास समितिलाई रु.१६ करोड १९ लाख २१ हजार, नेपाल टेलिभिजनलाई रु.२ करोड ७ लाख ३९ हजार, राष्ट्रिय समाचार समितिलाई रु.२ करोड २८ लाख ४० हजार, प्रेस काउन्सिल नेपाललाई रु.१ करोड ६९ लाख २५ हजार, चलचित्र विकास बोर्डलाई रु.२ करोड र नेपाल पत्रकार महासंघलाई रु.४० लाखसमेत भवन निर्माण, समावेशी प्रकाशन, डिजिटल अर्काईभिङ्ग जस्ता प्रयोजनमा रु. ४२ करोड ८२ लाख ८५ हजार सशर्त अनुदान दिएकोमा अनुगमन गरेको छैन । नेपाल टेलिभिजन, गोरखापत्र संस्थान तथा राष्ट्रिय समाचार समितिलाई डिजिटल अर्काईभिङ्ग कार्यको लागि विगत वर्षमा उपलब्ध गराएको अनुदानको प्रगति विवरण नलिई यो वर्ष पनि सोही प्रयोजनमासमेत अनुदान उपलब्ध गराएको छ । सशर्त अनुदानको रकम सोही प्रयोजनमा उपयोग गरेको सुनिश्चित हुनुपर्दछ ।

हुलाक सेवा विभाग

१२. **इजाजत -** हुलाक ऐन, २०१९ को दफा ३ मा नेपाल सरकारले व्यक्ति वा संस्थालाई हुलाक सेवा सञ्चालन गर्न इजाजत दिने प्रयोजनको लागि ऐनबमोजिम शर्त तोक्नु पर्ने व्यवस्था छ । निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्न शर्त निर्धारण गरी इजाजतपत्र नदिए पनि २०६९।५।२७ देखि २०७५ असार मसान्तसम्म स्वदेशतर्फ २५ मेल तथा कुरियरलाई घरेलु कार्यालयमा कार्गो र कुरियर सञ्चालन गर्न सहमति दिएको छ । वैदेशिक हुलाक सेवा सञ्चालनको अनुमति दिएको अभिलेख प्राप्त भएन । इजाजतपत्रको अभिलेखबेगर स्वदेशी र वैदेशिक संस्थाबाट प्राप्त हुने इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी यकिन हुने अवस्था देखिएन । विभागले ऐनको प्रावधानअनुसार हुलाक सेवा सञ्चालनको इजाजत दिने व्यवस्था कार्यान्वयन गर्न गत वर्षको प्रतिवेदनमा औल्याउँदासमेत स्थिति यथावत छ । अभिलेख तथा अनुगमनमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

१३. **हुलाक सेवा सञ्चालन -** सूचना तथा सञ्चारको क्षेत्रमा भएको प्रविधिको विकास तथा निजी क्षेत्रले समेत चिठीपत्र, पार्सल तथा कुरियर सेवा सञ्चालन गरेकोले सरकारी हुलाक सेवाको कार्यक्षेत्र साघुँरिदै गएको छ । स्वदेशतर्फ सन् २०१५ मा साधारण, रजिष्ट्री, बीमा, पार्सल, बुकपोष्टलगायत ३ करोड ६८ लाख ३० हजार परिमाण आदान प्रदान भएकोमा सन् २०१६ मा ३ करोड ४५ लाख ५१ हजार र सन् २०१७ मा ३ करोड ३४ लाख ५१ हजार परिमाण आदान प्रदान भएको छ । अघिल्लो वर्षको तुलनामा यो वर्ष ११ लाखले कारोबार संख्या घटेको छ । विगत वर्षको तुलनामा क्रमशः हुलाकको काम घट्दै गएको देखिएको छ । हुलाकको काममा भएको परिवर्तनलाई मध्यनजर राखी हुलाक सेवाको पुनः संरचना गर्नुपर्ने देखिन्छ ।

१४. **टर्मिनल ड्यूज -** विभाग र विश्व हुलाक संघबीचको सम्झौताअनुसार विभिन्न मुलुकबाट लिनुदिनु पर्ने रकमको हिसाब वर्ष व्यतीत भएको छ महिनाभित्र गरिसक्नुपर्ने व्यवस्था छ । विभागले लिनुदिनु पर्ने हिसाब तोकिएको अवधिभित्र फरफारक गरेको छैन । विभागले सन् २०१६ देखिकै एक्सप्रेस मेल, पार्सल तथा अन्य चिठीपत्रको प्राप्त हुनुपर्ने रकमको अन्तर्राष्ट्रिय डाँक लेखा हिसाब नै अद्यावधिक नगरेकोले लिनुदिनुपर्ने हिसाब यकिन भएको छैन । समयमा हिसाब अद्यावधिक नगर्दा सरकारलाई प्राप्त हुनुपर्ने राजस्व गुम्ने अवस्था देखिएको छ । तोकिएको प्रक्रिया अपनाई समयमा हिसाब राफसाफ गर्नुपर्दछ ।

१५. **चिठीपत्र व्यवस्थापन -** विश्व हुलाक संघको पत्र मन्जुषा निर्देशिका, २०१३ को परिच्छेद जे.को एयर कन्भेयन्स ड्यूमा हवाइ ढुवानी भाडा नागरिक उड्डयन कर्पोरेशनको हवाई सेवा वित्तीय तथ्याङ्कमा उल्लिखित दूरी र पत्र तथा पार्सलको तौललाई निर्धारित एसडिआरको दरले गणना गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरि तौल, दूरी, रुटसमेतको आधारमा मासिक विवरण तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । विभागले गोश्वारा हुलाक कार्यालयबाट विभिन्न मुलुकमा पठाइएका पत्र तथा पार्सलको डेलिभरी बिल, तौलको विवरण तथा मासिक विवरणसमेतको अभिलेख राखी सोको आधारमा एयर कन्भेयन्स ड्यूको भुक्तानी गर्नुपर्नेमा सम्बन्धित हवाई कम्पनीको तौल, दूरी र रुट नखुलेको एकमुष्ट इन्भ्वाइसको आधारमा यो वर्ष रु.

३ करोड ९० लाख ९१ हजार भुक्तानी दिएको छ । विश्व हुलाक संघले तोकेको अभिलेख अद्यावधिक गरी हवाई ढुवानी भाडा भुक्तानी गर्नुपर्दछ ।

१६. **डाँक ढुवानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम सेवा प्रदायकले आवश्यक कागजात पेश गर्नुपर्ने व्यवस्था छ । अन्तर्राष्ट्रिय डाँक ढुवानीबापत एक विदेशी हवाई कम्पनीलाई सन् २०१७ को जुलाईदेखि सेप्टेम्बरसम्म ३ महिनाको रु.८६ लाख ६४ हजार भुक्तानी गरेकोमा उक्त रकम अर्को विदेशी कम्पनीको खातामा जम्मा हुन गएको देखियो । कारोबारसँग सम्बन्धित सेवा प्रदायकको बिल बीजक एवं ठेगाना छानबिन नगरी भुक्तानी पठाउने कर्मचारीलाई जिम्मेवार बनाई उक्त रकम असुलउपर गर्नुपर्दछ ।

१७. **भवन निर्माण -** विभागको भवन निर्माणका लागि २०६७।६।२४ मा एक निर्माण व्यवसायीसँग २०६९।६।२४ मा निर्माण कार्य सम्पन्न गर्न रु. ९ करोड २७ लाख २२ हजारको सम्झौता भएको देखिन्छ । तोकिएको म्यादभित्र काम सम्पन्न नभएकोले २०७१ मङ्सिर मसान्तसम्म म्याद थप भएको र २०७१।७२ मा एघारौं रनिङ बिलसम्म रु. ५ करोड ११ हजार भुक्तानी भएको छ । तत् पश्चात सम्झौताको म्याद थप नभएको, भवन निर्माण अधुरो हुँदा वर्षौंदेखि घर भाडामा अनावश्यक आर्थिक दायित्व परेको, निर्माण व्यवसायीले भवन निर्माण कार्य सम्पन्न गर्नेमा विश्वस्त हुने आधार नदेखिएकोले सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा बाँकी काम गर्न नपुग हुने रकम सरकारी बाँकी सरह असुलउपर गर्नेसम्बन्धी सूचना २०७३।२।१७ मा प्रकाशित गरेकोमा कुनै टुङ्गो नलगाएको व्यहोरा गत वर्षको प्रतिवेदनमा औल्याउँदा पनि स्थिति यथावत छ ।

१८. **हुलाक बचत बैङ्क -** देशभरि छरिएर रहेका स साना पुँजीलाई एकीकृत गरी देश विकासमा टेवा पुऱ्याउन र न्यून आय भएका जनतामा समेत केही रकम बचत गर्ने बानीको विकास गराउने उद्देश्यले २०३१ मा हुलाक बचत बैङ्कको स्थापना भएको हो । गोश्वारा र जिल्ला हुलाक कार्यालयमध्ये ६८ ले हुलाक बचत बैङ्कको कारोबार गरी बचत बैङ्क सञ्चालन गरेका छन् । यो वर्षको अन्त्यमा रु. १ अर्ब ९१ करोड ३७ लाख मौज्दात रहेको छ । हुलाक बचत बैङ्कको हिसाब सफ्टवेयरमा नरहेको, कारोबारको परिमाण प्रत्येक वर्ष वृद्धि हुदै गएको, केही जिल्लामा कार्यरत कर्मचारीबाट रकमको अपचलन भएको, लगानीको क्षेत्र फराकिलो नभएको जस्ता कारणले हुलाक बचत बैङ्क प्रभावकारी भएका छैनन् । प्रविधि र बैंकिङ प्रणालीको विकास एवं विस्तार हुँदै गएको सन्दर्भमा बचत रकमको परिचालन सुरक्षित तवरबाट गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी बचत बैङ्कको पुनरावलोकन गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएतापनि स्थिति यथावत छ ।

१९. **हुलाक बचत बैङ्कको ऋण -** हुलाक बचत बैङ्क कार्यसञ्चालन निर्देशिका, २०७३ को बुँदा २९ मा ऋणी कर्मचारीको बचत बैङ्कबाट ऋण सुविधा लिन नपाउने कार्यालयमा सरुवा भएमा निजले तिर्न बाँकी रहेको सम्पूर्ण साँवा तथा ब्याज रकम असुल गरेरमात्र रमाना दिनुपर्ने र कुनै करणवश ऋणी कर्मचारीलाई रमाना दिएको वा निजले रमाना लिई अन्यत्र गएको पाइएमा त्यस्तो कर्मचारी र रमाना दिने कर्मचारीलाई निजको प्रचलित सेवा सुविधासम्बन्धी कानुनबमोजिम विभागीय कारबाही गरिने व्यवस्था छ । केन्द्रीय धनादेश कार्यालयले यससम्बन्धी आवश्यक विवरण तयार गरेको देखिएन । लेखापरीक्षणमा प्राप्त भएको ऋण असुल हुन बाँकीको विवरणअनुसार काठमाडौं उपत्यकाको कार्यालयमा हुँदा लिएको ऋण नतिरी ऋण सुविधा नपाउने कार्यालयमा सरुवा भएका कर्मचारीसमेत ११ कर्मचारीसँग साँवा तथा ब्याज रु.३७ लाख ७५ हजार असुल हुन बाँकी देखिएकोले निर्देशिकाबमोजिम कारबाही गरी असुल गर्नुपर्दछ ।

२०. **तहबिल मौज्दात -** हुलाक बचत बैङ्क कार्यसञ्चालन निर्देशिका, २०७३ को बुँदा ३९ मा बचत बैङ्क सञ्चालन गर्ने कार्यालयले हरेक आर्थिक वर्षको अन्तमा तहबिल रकम शुन्य गराई बैङ्क खातामा दाखिला गर्नुपर्ने प्रावधान भए तापनि जिल्ला हुलाक कार्यालय रौतहटले रु.१ करोड ५८ लाख ४१ हजार र जाजरकोटले रु.६० लाख ९२ हजारसमेत ११ कार्यालयले आर्थिक वर्षको अन्तमा निर्देशिका विपरीत रु.२ करोड २४ लाख २० हजार तहबिल मौज्दात राखेका छन् । अतः निर्देशिकाको व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा विभागबाट अनुगमन गर्नुपर्दछ ।

२१. **लेखापरीक्षण -** हुलाक बचत बैङ्क कार्यसञ्चालन निर्देशिका, २०७३ को बुँदा ५६ मा बचत बैङ्कको कारोबारको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । हुलाक बचत बैङ्क सञ्चालन भएका जिल्ला तथा इलाका

हुलाक कार्यालय ६८ मध्ये गोश्वारा हुलाक कार्यालय र जिल्ला हुलाक कार्यालय उदयपुर, रौतहट तथा ललितपुर र इलाका हुलाक कार्यालय शिवनगर (रौतहट) समेत ५ कार्यालयले आन्तरिक लेखापरीक्षण गराई स्रेस्ता पेश नगरेकोले लेखापरीक्षण भएको छैन । नियमअनुसार लेखापरीक्षण गराई बचत बैङ्कको कारोबार अद्यावधिक गराउनुपर्दछ ।

सूचना तथा प्रशारण विभाग

२२. **प्रविधिगत सम्मिलन -** सूचना र प्रविधिको तीव्र विकासले छापा, रेडियो, टेलिभिजन र अनलाइनको उत्पादन, वितरण तथा इन्टरनेटबाट ग्राहकसमक्ष पहुँचसमेत भैरहेको सन्दर्भमा सञ्चार तथा सूचना प्रविधिको एकीकृत सेवा र सुविधालाई प्रविधिगत सम्मिलन (कन्भर्जेन्स) बाट निर्मित सूचना प्रणालीलाई व्यवहारमा ल्याउन राष्ट्रिय आमसञ्चार नीति, २०७३ तयार भएको छ । नीति बनेको २ वर्षम्म पनि कानुन निर्माण भएको नदेखिँदा सञ्चार तथा सूचना प्रविधिको एकीकृत सेवा सुविधा प्रदान तथा सो बापत राजस्व प्राप्त हुने स्थिति देखिएन ।

२३. **प्रेस प्रतिनिधि प्रमाणपत्र** - छापाखाना तथा प्रकाशन नियमावली, २०४९ को नियम १३ मा प्रेस प्रतिनिधि र स्वतन्त्र पत्रकारको प्रमाणपत्र लिई नेपाली नागरिकले नेपालभर समाचार संकलन गर्न सक्ने र प्रेस प्रतिनिधि तथा अस्थायी प्रमाणपत्र प्राप्त विदेशी नागरिकले प्रमाणपत्रमा तोकिएको क्षेत्रमा मात्र समाचार संकलन गर्न सक्ने व्यवस्था छ । विभागले २०७४/७५ मा ४ हजार ७९२ जना स्वदेशी प्रेस प्रतिनिधि, स्वतन्त्र पत्रकार र विदेशी प्रेस प्रतिनिधि पत्रकारको प्रमाणपत्र अद्यावधिक गरेको छ । तर नेपाल पत्रकार महासंघको वेभसाइटमा २०७५/६/९ सम्म १३ हजार ५० पत्रकारले सदस्यता लिएको देखिएकोले प्रेस प्रतिनिधि प्रमाणपत्र नलिएका ८ हजार २५८ पत्रकारले राजस्व नतिरी तथा कानुनी प्रकृया पूरा नगरी मिडियाको लागि समाचार संकलन गरेको देखिएको छ । यससम्बन्धमा अनुगमन गरी नियमावलीको प्रावधानअनुसार कारबाही गर्नुपर्दछ ।

२४. **फ्रिक्वेन्सी वितरण -** राष्ट्रिय आम सञ्चार नीति, २०७३ मा एफ.एम रेडियो र टेलिभिजनका फ्रिक्वेन्सीलाई सार्वजनिक सेवा प्रशारण, सामुदायिक प्रशारण र व्यापारिक प्रशारणका लागि बाँडफाँड गरिने व्यवस्था छ । सो नीतिअनुसार सामुदायिक प्रशारण र व्यापारिक प्रशारणका फ्रिक्वेन्सीलाई पारदर्शी र खुल्ला प्रतिस्पर्धाका आधारमा प्रदान गरिने र यो प्रावधान लागू हुनुभन्दा अगाडि प्रदान गरिएका फ्रिक्वेन्सीहरुमा नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशित गरी जानकारी दिएको मितिदेखि फ्रिक्वेन्सी अवधि गणना हुने व्यवस्था छ । प्रशारणको इजाजत दिइएका ५८ सिग्नल वितरक, २ स्याटलाईट वितरक, ८५० एफ.एम., ३१ टेलिभिजनमध्ये राष्ट्रिय आम सञ्चार नीति लागू हुनुपूर्वका फ्रिक्वेन्सीलाई सार्वजनिक सूचना प्रकाशित गरी फ्रिक्वेन्सी अवधि लागू नगरिएको र नीति लागू भएपछि वितरण भएका फ्रिक्वेन्सीलाई प्रतिस्पर्धाको आधारमा बाँडफाँड नगरिनाले यो वर्ष इजाजत दिएका ९९ एफ.एम र २ टेलिभिजनलाई पनि पुरानै प्रक्रियाअनुसार वितरण गरेको देखिन्छ । सीमित स्रोत भएको फ्रिक्वेन्सीको उचित सदुपयोग भएको नदेखिँदा नीतिको व्यवस्था पालना गर्नुपर्दछ ।

सूचना प्रविधि विभाग

२५. **जग्गाधनी प्रमाणपुर्जा -** काभ्रेको पनौतीस्थित सूचना प्रविधि पार्कको परिसरमा रहेको १७७ रोपनी ८ आना १ दाम जग्गा विगतमा अधिग्रहण गरी मुआवजासमेत भुक्तानी भैसकेकोमा साविक विज्ञान तथा प्रविधि मन्त्रालयले सूचना प्रविधि पार्कको नाममा ४० रोपनी १० आना र साविक उद्योग मन्त्रालयले टेक्नोलोजी पार्कको नाममा २० रोपनी १० आना १ दामसमेत ६१ रोपनी ४ आना १ दामको मात्र जग्गाधनी प्रमाणपुर्जा लिएकोले ११६ रोपनी ४ आना जग्गाको धनीपुर्जा लिई सरकारी जग्गा संरक्षण गर्नुपर्दछ ।

२६. **तथ्याङ्क भण्डारण -** सूचना प्रविधि विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्रको अलावा नेपालमा निजी क्षेत्रले पनि तथ्याङ्क भण्डारण कार्य स्वदेश तथा विदेशमा व्यवसायिकरुपमा गर्दै आएका छन् । बैङ्क, बीमा, अर्धसरकारी, उद्योग, निजी क्षेत्रका अन्य संस्था र सरकारी निकायसमेतले निजी क्षेत्रको डाटा सेन्टरको सुविधा लिने गरेको देखिन्छ । अर्बौं मूल्यका डाटाहरु स्टोरेज गर्ने संस्थाको स्थापना र डाटा सुरक्षामा गरिने व्यवस्थापन सम्बन्धमा कानुनी व्यवस्था भएको देखिएन । तथ्याङ्क भण्डारण पनि सार्वजनिक सम्पत्ति भएको हुँदा अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सञ्चालन भए नभएको विभागले अनुगमन गर्नुपर्दछ ।

२७. **सफ्टवेयर प्रमाणीकरण -** सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा ३ मा सरकारी निकायमा प्रयोग हुने सूचना प्रविधि प्रणालीमा एकरुपता हुनुपर्ने र बुँदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा सोको मानकसमेत तय गर्नुपर्ने र त्यस्तो प्रणाली मानकअनुरुप भए नभएको निर्धारण गर्न विभागमा पठाउनुपर्ने तथा प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानकबमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । विभागले २०७४/७५ सम्म १ सरकारी निकायको सफ्टवेयर मात्र मानकअनुसार भएको प्रमाणीकरण गरेको पाइयो । अन्य सरकारी निकायहरुले सफ्टवेयर निर्माण तथा खरिद गरी कार्यसम्पादन, सेवाप्रवाह, लेखा तथा प्रतिवेदनको लागि प्रयोग गरिरहेको पाईएकोले विभागबाट प्रमाणीकरण नगराइ सफ्टवेयर प्रयोगमा ल्याउदा सफ्टवेयरमा एकरुपता नआउने, युजरलगको व्यवस्था नहुने, डिजिटल हस्ताक्षरमैत्रीको सुविधा नहुने, सरकारलाई अनावश्यक आर्थिक व्ययभार पर्ने र गुणस्तरीय नहुने कारण गभर्नमेन्ट इन्टरप्राइज आर्किटेक्चरमा आधारित स्वीकृत मापदण्डमा समेत नहुने देखिएको छ । सरकारी निकायहरुले नै मापदण्डबेगरका सफ्टवेयरहरु प्रयोग गर्दा असुरक्षित हुने स्थिति देखिएको छ । सफ्टवेयर प्रयोगसम्बन्धी प्रचलित प्रावधानको पालना हुनुपर्दछ ।

प्रमाणीकरण नियन्त्रकको कार्यालय

२८. **सफ्टवेयर लाइसेन्सको उपयोग -** पब्लिक की इन्फ्रास्ट्रक्चर डाटा सेन्टरको लागि २०६८।६९ मा ५०० थान सफ्टवेयर लाइसेन्सलगायत अन्य सामान रु.८ करोड ८६ लाख ६ हजार र २०७१।७२ मा ५० सफ्टवेयर लाइसेन्स रु.१ करोड २१ लाख ४३ हजारसमेत रु.१० करोड ७ लाख ४९ हजार मूल्यको खरिद गरेको जिन्सी खाताको अभिलेख तथा विगत लेखापरीक्षण प्रतिवेदनसमेतबाट देखिएकोमा उल्लिखित ५५० सफ्टवेयर लाइसेन्समध्ये २०७४।७५ सम्ममा १ मात्र सफ्टवेयर लाइसेन्स उपयोग भई ५४९ वटा प्रयोगविहीन अवस्थामा जिन्सीमा मौज्दात रहेकोछ । मौज्दात रहेका सफ्टवेयर लाइसेन्सको अवधिसमेत सकिएकोले आवश्यकता पहिचानबेगर खरिद गरी उपयोगविहीन अवस्थामा रहेकोले रु.१० करोड ५ लाख ६ हजार अनावश्यक व्ययभार परेको सम्बन्धमा खरिद निर्णयमा संलग्नलाई जिम्मेवार बनाउनुपर्दछ ।

२९. **डिजिटल हस्ताक्षर -** विद्युतीय कारोबार ऐन, २०६३ लागू भएको नौ वर्षपछि २०७२ मा राष्ट्रपति कार्यालयबाट डिजिटल हस्ताक्षर शुरुवात भएको र ऐन लागू भएको वाह्र वर्ष अवधिमा १० सरकारी कार्यालय र ९ बैङ्क/बीमा कम्पनीले मात्र डिजिटल हस्ताक्षर प्रयोग गरेका छन् । सरकारी कार्यालयहरुको कार्य प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउन डिजिटल हस्ताक्षरमैत्री सफ्टवेयरको पूर्वाधार तयार गरी सरकारी सूचना प्रविधि प्रणाली जोखिममुक्त बनाउनु पर्दछ ।

केन्द्रीय टिकट भण्डार

३०. **टिकट मौज्दात -** कार्यालयको भण्डारमा गत वर्षसम्म रु.१ अर्ब ८४ करोड ११ लाख ८२ हजार मूल्यका ९ करोड ९६ लाख ३ हजार ३२० थान टिकट मौज्दात रहेकोमा यो वर्ष २ करोड ४० लाख थान टिकट छपाई भएको र २ करोड २५ लाख ७५ हजार ६२९ थान खर्च भै रु.१ अर्ब ८० करोड ३१ लाख ५९ हजार मूल्य बराबरको १० करोड १० लाख २७ हजार ६९१ थान टिकट मौज्दात रहेको छ । मौज्दात रहेको टिकटमध्ये प्रयोजनमा नै नआउने रु.३ करोड ८ लाख २८ हजार मूल्यको रहेको छ । अतः आवश्यकता र मौज्दात स्थितिलाई विचार गरी टिकट छपाई गर्नुपर्दछ ।

संगठित संस्था र समिति

रेडियो प्रसार सेवा विकास समिति

३१. **सार्वजनिक प्रशारण संस्था -** तेह्रौ र चौधौं त्रिवर्षीय योजनाको कार्यनीति, सरकारी सञ्चार माध्यमहरुको पुनर्संरचना र स्वायत्तता सम्बन्धी कार्यदलको प्रतिवेदन र २०७१।७२ को बजेट वक्तव्यमा जनताको सुसूचित हुन पाउने हकलाई प्रभावकारी बनाउन रेडियो नेपाल र नेपाल टेलिभिजन गाभी सार्वजनिक सेवा प्रशारकका रुपमा सञ्चालन गर्न आवश्यक कानुनी तथा संस्थागत संरचना तयार गरिने उल्लेख थियो । रेडियो नेपालले तयार गरेको व्यवस्थापन सुधार कार्यान्वयन कार्य योजनाले रेडियो नेपाललाई सार्वजनिक प्रशारण संस्था ऐन

अनुरुप परिवर्तित प्रविधिमा रुपान्तरण गरी सञ्चालन गर्न २०७३ भाद्रभित्र ऐनको मस्यौदा तयार हुने उल्लेख गरेतापनि ऐन नबनेकोले एकीकृत सार्वजनिक प्रशारण सञ्चालन हुन सकेको छैन ।

३२. **जग्गाधनी प्रमाणपुर्जा तथा भाडा -** खुमलटार ट्रान्समिटिङ्ग स्टेशनमा रहेको १६० रोपनी जग्गामध्ये १४६ रोपनी र भैसेपाटी ट्रान्समिटिङ्ग स्टेशनमा रहेको ८२ रोपनी जग्गामध्ये ४२ रोपनी मात्र संस्थाको नाममा जग्गाधनी प्रमाणपुर्जा भएको र बाँकी ५४ रोपनी जग्गाको प्रमाणपुर्जा लिएको नदेखिएकोले रेडियो नेपालको नाममा रहेको सबै जग्गाको जग्गाधनी प्रमाणपुर्जा लिई जग्गा संरक्षण गर्नुपर्दछ ।

रेडियो नेपालको ललितपुरस्थित खुमलटार ट्रान्समिटिङ्ग स्टेशनको ४२ रोपनी जग्गा ३० वर्षको लागि एक हाउजिङ्ग कम्पनीसँग मासिक रु.१७ लाख २४ हजारमा सम्झौता भएको देखियो । भाडाको न्यूनतम दर कायम गर्दा स्थानीय तहको भाडा दर, सरकारी निकायको भाडादर र प्रचलित बजार मूल्यको आधार लिएको छैन । त्यसैगरी सार्वजनिक संस्थान तथा सरकारी स्वामित्व भएका समिति, बोर्ड, कम्पनी तथा संस्थाको नाममा रहेको घरजग्गा व्यवस्थापनसम्बन्धी मापदण्डबमोजिम लिजको शर्त निर्धारण गरी अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गरी बढीमा ३० वर्षसम्मको लागि लिजमा दिन सकिने र लिजका शर्त अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट दिन सकिने व्यवस्था भएकोमा कार्यकारी निर्देशकले निर्णय गरी भाडा सम्झौता गरेको छ । स्थानीय बासीको विवादको कारण हकभोग गर्न नपाएको र हकभोग पाएको मितिदेखि मात्र उक्त जग्गा भाडा लागू हुने गरी निर्णय गरिदिन उक्त कम्पनीले अनुरोध गरेकोमा सोको निर्णय नहुँदा सम्झौताअनुसार यो वर्ष प्राप्त हुनुपर्ने रु.१ करोड ३७ लाख ९३ हजार भाडा प्राप्त भएको छैन ।

नेपाल दूरसञ्चार प्राधिकरण

३३. **सञ्चालन नतिजा -** प्राधिकरणको २०७४।७५ को अन्त्यमा कोष तथा जगेडा रु.३२ अर्ब ७१ करोड ३० लाख ६३ हजार, चालु दायित्व तथा व्यवस्था रु.२ अर्ब ६८ करोड २२ लाख १३ हजार तथा स्थिर सम्पत्ति रु.७ करोड ६२ लाख ९४ हजार र चालु सम्पत्ति रु.३५ अर्ब ३२ करोड २० लाख ७३ हजार रहेको छ । सञ्चालन नाफा गत वर्ष रु.३ अर्ब ४९ करोड ५६ लाख ९८ हजार रहेकोमा यो वर्ष रु.३ अर्ब ४६ करोड ४२ लाख ५ हजार रहेकोले रु.३ करोड १४ लाख ९३ हजार घटेको छ ।

३४. **मोबाइल सेवा नवीकरण -** दूरसञ्चार नियमावली, २०५४ को नियम १० मा एकभन्दा बढी व्यक्ति दूरसञ्चार सेवा प्रदान गर्न योग्य देखिएमा प्राधिकरणले ती सबैलाई अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर र रोयल्टीको सम्बन्धमा बढाबढ गर्न सूचना प्रकाशन गरी अनुमतिपत्र दस्तुर, अनुमतिपत्र पहिलोपटक नवीकरण गर्दा बुझाउने दस्तुर र अनुमतिपत्रको अवधिभर बुझाउन कबोल गरेको रोयल्टी रकम हिसाब गर्दा सबैभन्दा बढी रकम बुझाउन कबोल गर्नेलाई अनुमतिपत्र दिनुपर्ने उल्लेख छ । नेपाल टेलिकमले मोबाइल सेवाको अनुमतिपत्र प्रतिस्पर्धाको आधारमा यस्तै प्रकृतिको सेवा सञ्चालन गर्ने कम्पनीले कबोल गरेको अनुमतिपत्र र नवीकरण दस्तुर तथा रोयल्टी बुझाउने शर्तमा अनुमतिपत्र प्राप्त गरेको र प्रतिस्पर्धाबाट छानिएको निजी क्षेत्रको मोबाइल सेवा प्रदायकले नवीकरण दस्तुर रु.२० अर्ब बुझाउन कबोल गरी सेवा सञ्चालनको अनुमतिपत्र प्राप्त गरेको हुँदा नियमावलीको व्यवस्थाअनुसार अनुमतिपत्र दस्तुर, पहिलो पटकको नवीकरण दस्तुर र रोयल्टीको समग्र रकमको आधारमा बढी कवोल गर्नेलाई अनुमतिपत्र दिएकोले पहिलोपटक नवीकरण गर्न प्रतिस्पर्धात्मक विधि तय गरेपश्चात अर्को प्रत्येक पटकको नवीकरणका लागि सोही दस्तुर हुनुपर्ने देखिएकोले नेपाल टेलिकमबाट दोस्रो पटकको २०७१।५।१५ मा नवीकरण गर्दा दाखिला गरेको रु.१८ करोड ९० लाख समायोजन गरी बाँकी रु.१९ अर्ब ८१ करोड १० लाख नवीकरण दस्तुर असुल गर्नुपर्दछ ।

३५. **बक्यौता -** नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्र र नवीकरण दस्तुर तथा ग्रामीण दूरसञ्चार विकास कोषलगायतको रकम कार्यतालिका बमोजिम असुल गर्नुपर्दछ । प्राधिकरणले यो वर्ष २ सेवा प्रदायकबाट नवीकरण दस्तुर रु.५० करोड ५ लाख र अर्को २ सेवा प्रदायकबाट ग्रामीण दूरसञ्चार विकास कोष दस्तुर रु.३ करोड २९ लाख ९९ हजारसमेत रु.५३ करोड ३४ लाख ९९ हजार असुल गरेको छैन । सेवा प्रदायकको उपकरण आयात रोक्का गर्ने, सेवा रोक्का गर्ने र अनुमतिपत्र खारेजसम्मको कार्य गर्ने क्षेत्राधिकार रहँदा रहँदै असुलउपर गर्न प्रभावकारी कदम चालेको देखिएन । उक्त नवीकरण बक्यौता रकम असुल गर्नुपर्दछ ।

३६. **सेवा सञ्चालन -** दूरसञ्चार ऐन, २०५३ को दफा ४७ मा कुनै व्यक्तिले अनुमति नलिई दूरसञ्चार सेवा सञ्चालन गरेमा प्राधिकरणले ५ लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो कार्य बन्द गर्न सक्ने व्यवस्था छ । त्यसैगरी दूरसञ्चार नियमावली, २०५४ मा अनुमति प्राप्त दूरसञ्चार सेवा प्रदायकले कुल आम्दानीको ४ प्रतिशतले हुने रकम रोयल्टी बापत र २ प्रतिशतले हुने रकम ग्रामीण दूरसञ्चार विकास शुल्कबापत दाखिला गर्नुपर्ने व्यवस्था छ । एक इन्टरनेट सेवा प्रदायकले उपत्यका बाहिर २०६३।६४ देखि १२ शाखा खोली सञ्चालन गरेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

३७. **परामर्श सेवा -** नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ को विनियम २० मा निर्माण कार्य, मालसामान र अन्य सेवा वा परामर्श सेवाको रु. ५ लाखसम्म लागत अनुमान भए सिधै र रु. २० लाखसम्म लागत अनुमान भएमा सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने र विनियम ११२ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति कम्पनी फर्म वा संस्थाबाट एक पटकभन्दा बढी सिधै खरिद गर्न नसकिने व्यवस्था छ । प्राधिकरणले यो वर्ष ८ शीर्षकमा ५७ पटक परामर्श सेवा खरिद गरी रु.३ करोड ९३ लाख ८ हजार भुक्तानी गरेको छ । परामर्श सेवामध्ये एक गैर सरकारी संस्थासँग सूचना प्रविधिको अनुगमन गर्न रु.८ लाख ७० हजार, एक प्रा.लि.सँग रु.८ लाख ८३ हजार, आफ्नै जनशक्तिबाट सम्पन्न हुन सक्ने कामको रु.१० लाख ६६ हजार र नियमित कर्मचारीबाट सम्पन्न हुन सक्ने काममा रु.३८ लाख ७१ हजार, ग्रामीण दूरसञ्चार परियोजना अनुगमन गर्न एउटै कार्यलाई २ पटक सिधै वार्ताद्वारा रु.९ लाख ९० हजार खर्च गरेको छ । अतः विनियममा भएको व्यवस्था पालना गरी आवश्यकताको आधारमा मात्र परामर्श सेवा लिनुपर्दछ ।

३८. **ग्रामीण दूरसञ्चार विकास कोष -** दूरसञ्चार ऐन, २०५३ को दफा ३० मा ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्राधिकरणले एक कोष खडा गर्ने र अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको वार्षिक आयको दुई प्रतिशतले हुन आउने रकम सो कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषको छुट्टै वासलात र आयव्यय विवरण तयार गरेको छैन । ग्रामीण दूरसञ्चार विकास कोषको शुरु मौज्दात रु.१५ अर्ब ८५ करोड ८६ लाख रहेकोमा यो वर्ष रु.३ अर्ब २४ करोड ३९ लाख आम्दानी भएकोमा रु.१ अर्ब २४ करोड १२ लाख खर्च भै रु.१७ अर्ब ८६ करोड १३ लाख हजार मौज्दात जिम्मेवारी सरेको छ । कोष परिचालन गरी अप्टिकल फाइबर बिछ्याउन र लक्षित समूहसम्म निःशुल्क इन्टरनेट सेवा पुऱ्याउन प्राधिकरणले २०७४।७५ सम्म विभिन्न सेवा प्रदायकसँग १४ प्याकेजमा रु १२ अर्ब ५७ करोड ३७ लाखको सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छनः

३८.१. अप्टिकल फाइबर नेटवर्कमार्फत सूचना महामार्ग निर्माण तथा सञ्चालन अन्तर्गत मध्यपहाडी लोकमार्गको आसपासका जिल्ला सदरमुकाम, नगरपालिका र उत्तर-दक्षिण राजमार्गमा अप्टिकल फाइबर सञ्जाल सञ्चालन गर्न ३ खण्डमा विभाजन गरी लागत अनुमान तयार गर्दा प्रति कि.मि. पहिलो प्याकेजमा रु.२१ लाख ४५ हजार, दोस्रो प्याकेजमा रु.१४ लाख १७ हजार र तेस्रो प्याकेजमा रु.१४ लाख ३० हजारको लागत कायम गरेको सम्बन्धमा सोको आधार स्पष्ट छैन ।

३८.२. प्राधिकरणको खरिद विनियमावली, २०७३ को विनियम ३६ मा रु.२० लाखभन्दा बढीको निर्माण कार्य प्रतिस्पर्धाका माध्यमबाट गराउनुपर्नेमा भूकम्प अति प्रभावित सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट र रसुवाको ७४७ स्थानमा ५१२ KBPS ब्रोडव्याण्ड नेटवर्क सेवा उपलब्ध गराउन नेपाल टेलिकमसँग सिधै वार्ताद्वारा सम्झौता गरी रु.२१ करोड १६ लाख भुक्तानी गरेको छ ।

३८.३. भूकम्प प्रभावित दोलखा, रामेछाप, सिन्धुली र ओखलढुङ्गाको ७१६ स्थानमा ५१२ केबीपीएस ब्रोडव्याण्ड नेटवर्क सेवा उपलब्ध गराउन एक कम्युनिकेसन प्रा.लि.सँग सम्झौता गरी रु.२३ करोड ५० लाख भुक्तानी गरेको छ । २०७५।९।१० मा स्थलगत निरीक्षण गर्दा २२ स्थानमा सेवा सञ्चालनमा नरहेको, न्यूनतम मापदण्ड ५१२ केबीपीएस नपुगेको, २०७५।९।१० मा एनओसी परीक्षण गर्दा ४५१ स्थानमा सेवा सञ्चालन भएको देखिएन । यस्तै भूकम्प प्रभावित गोरखा, धादिङ र मकवानपुरको ५७९ स्थानमा ५१२ केबीपीएस ब्रोडव्याण्ड सेवा सञ्चालन गर्न एक इन्टरनेट सेवा प्रदायकसँग रु.२० करोड ७ लाखमा सम्झौता गरी भुक्तानी गरेकोमा २०७५।९।१ मा एनओसी परीक्षण गर्दा २३२ स्थानमा इन्टरनेट सेवा सञ्चालन रहेको देखिएन ।

उद्देश्यअनुरुप सेवा सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ । सोको लागि नियमित अनुगमन प्रतिवेदन लिई सेवाग्राही र स्थानीय तहबाट समेत सेवा सञ्चालन भएको प्रमाणित प्रतिवेदन लिई सेवा सञ्चालन नभएको अवस्थाको भुक्तानी दिन नमिल्ने रकम यकिन गरी असुल गर्नुपर्दछ ।

३८.४. प्राधिकरणले गण्डकी प्रदेश र ५ नम्बर प्रदेशमा अप्टिकल फाइबर बिच्छ्याउने कार्यका लागि एक टेलिकम लिमिटेडसँग २०७४।१।२५ मा रु.२ अर्ब १ करोडको सम्झौता गरेको छ । अप्टिकल फाइबर बिच्छ्याउने कार्यको आशयपत्र माग गरिसकेपछि बोलपत्र कागजातको बुँदा १७.१ मा भएको प्रावधान "लगातार पछिल्लो तीन वर्ष वित्तीय नोक्सानी नरहेको" हटाउने निर्णय गरी तथा नेट अर्निङ्ग ऋणात्मक भएको र प्राविधिकरुपमा सक्षम नभएको सेवा प्रदायक छनौट गरेको देखिन्छ । बोलपत्रको मूल्याङ्कनबाट छानिएपछि उक्त कम्पनीले ज्वाइन्ट भेन्चर गर्न स्वीकृति माग गरेबमोजिम प्राधिकरणले २०७४।८।३ मा स्वीकृति प्रदान गरेको छ । अत: छनौट प्रक्रियामा सेवा प्रदायकको मूल्याङ्कन त्रुटिपूर्ण रहेको तथा छनौट भई सकेपछि बोलपत्रको मर्म विपरीत ज्वाइन्ट भेन्चर गर्न स्वीकृति दिएको उपयुक्त देखिएन ।

३८.५. नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ को विनियम ८० अनुसार बोलपत्रको मूल्याङ्कन कागजातमा उल्लेख भएको आधार र तरिकाअनुसार जाँच गर्दा उल्लिखित योग्यताअनुरुप भएको पाइएमा त्यस्ता बोलपत्र सारभूतरुपमा प्रभावग्राही हुने व्यवस्था छ । प्राधिकरणले कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा अप्टिकल फाइबर बिछ्याउने कार्यको बोलपत्रसम्बन्धी कागजातमा प्राधिकरणलाई बुझाउनुपर्ने सम्पूर्ण शुल्क बुझाएको र २०७१।७२ को आयकर चुक्ता हुनुपर्ने उल्लेख गरेको देखिन्छ । प्राधिकरणको फ्रिक्वेन्सी शाखाले प्रमाणीत गरी उपलब्ध गराएको कागजातअनुसार बोलपत्र दाखिला गर्ने अन्तिम २०७४।१।२९ सम्म फ्रिक्वेन्सी रु.११ करोड ४१ लाख ६० हजार र अनुमतिपत्र दस्तुर रु.३५ करोड बक्यौता रहेका बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही रहेको देखाई एक दूरसञ्चार सेवा प्रदायकसँग रु.३ अर्ब ९४ लाखको सम्झौता गरेको छ । बोलपत्र आवेदन गर्ने अन्तिम मितिमा बक्यौता रहेको सेवा प्रदायकसँग सम्झौता गरी २०७४।६।३० मा मोबिलाइजेसन पेश्की रु. ६० करोड १८ लाख ८० हजार उपलब्ध गराएको र २०७४।७।१ मा नवीकरण दस्तुर रु.३५ करोड दाखिला गरेको देखिन्छ । बोलपत्रको कागजातअनुसार योग्यता नपुगेको सेवा प्रदायकसँग प्राधिकरणको खरिद विनियमावली २०७३ र सार्वजनिक खरिद ऐन तथा नियमावली प्रतिकुल हुने गरी गरेको सम्झौता छानबिन गरी जिम्मेवार पदाधिकारीलाई कारबाही गर्नुपर्दछ ।

नेपाल टेलिभिजन, २०७४।७५

नेपाल टेलिभिजन सञ्चार संस्था ऐन ,२०२८ अन्तर्गत "विकासको लागि सञ्चार" भन्ने नाराका साथ २०४१ सालमा स्थापना भई सञ्चालनमा आएकोमा हाल पूर्ण डिजिटल प्रविधिबाट प्रसारण प्रारम्भ गरेको छ ।

३९. **वित्तीय स्थिति र संचालन नतिजा -** गत वर्षको तुलनामा कुल स्थिर सम्पत्ति यो वर्ष ११.५० प्रतिशतले वृद्धि भई रु.१ अर्ब ९४ करोड पुगेको, चालु सम्पत्ति रु.१ अर्ब ८० करोड पुगेको, चालु दायित्व रु.५४ करोड ३४ पुगेको देखिन्छ भने जारी तथा चुक्ता सेयर पुँजी ९.५६ प्रतिशतले वृद्धि भई रु.३ अर्ब १६ करोड पुगेको छ । टेलिभिजनको सञ्चित नोक्सानी गत वर्ष रु.१ अर्ब २५ करोड रहेकोमा ८.२३ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ३६ करोड रहेको देखिन्छ । गत वर्षको तुलनामा यो वर्ष बिक्रीमा १.३६ प्रतिशतले वृद्धि भई रु.३८ करोड ५२ लाख पुगेको देखिन्छ भने खुद नोक्सानी रु.११ करोड २५ लाख रहेको छ ।

४०. **व्यापार समायोजन हिसाब -** टेलिभिजनको व्यापार समायोजन शीर्षकअन्तर्गत व्यापार समायोजन हिसाब रु.१ अर्ब ४ करोड ५१ लाख ३५ हजार रहेकोमध्ये आय लेखा शाखाको अभिलेखमा रु.३६ करोड ८४ लाख ३६ हजार र लेखा शाखाको अभिलेखमा रु.२ करोड ४३ लाख रहेकाले दुई शाखाको अभिलेखमा रु.३४ करोड ४१ लाख २७ हजार फरक देखिएको छ । उक्त फरक रकमको हिसाब समायोजन गरी वासलात तयार गनुपर्दछ ।

४१. **बक्यौता** - टेलिभिजनको लामो समयदेखि उठ्न बाँकी आसामी रु.२५ करोड ५४ लाख ६२ हजार छ । सो मध्ये एक निजी कम्पनीले प्राप्त गरेको उधारो सुविधा र बैङ्क ग्यारेण्टी राखेको रकमभन्दा बढी रु.१ करोड ४२ लाख ३५ हजार रहेको छ । उक्त रकम असुल गर्न बैकसँग दाबी गरे तापनि प्राप्त भएको छैन । उक्त रकम सम्बन्धित संस्थाबाट असुल गर्नुपर्दछ ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेकिलम), २०७४।७५

यस कम्पनीले साविकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएकोमा २०६१ वैशाख १ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई सेवा उपलब्ध गराउँदै आएको छ । संस्थान कम्पनीमा रुपान्तरण भए पछि नेपाल सरकारको ९१.४९, नागरिक लगानी कोषको ०.०३ र सर्वसाधारणको ८.४८ प्रतिशत शेयर स्वामित्व रहेको छ । कम्पनीको वार्षिक प्रतिवेदन अनुसार २०७५ आषाढ मसान्तमा आधारभूत टेलिफोन, जि.एस.एम, सि.डि.एम.ए समेत भ्वाइस सेवाको ग्राहक १ करोड ९९ लाख ८० हजार र बजार हिस्सा ५०.९ प्रतिशत रहेको छ । त्यसैगरी डाटा सेवाको ग्राहक संख्या १ करोड ८ लाख ८३ हजार र बजार हिस्सा ४३.६ प्रतिशत रहेको देखिन्छ ।

४२. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - टेलिकमको २०७५ आषाढ मसान्तमा शेयर पुँजी रु. १५ अर्ब र जगेडा कोष तथा सञ्चित नाफा रु. ८४ अर्ब ६६ करोड ५१ लाखसमेत कुल पुँजी रु ९९ अर्ब ६६ करोड ५१ लाख रहेको देखिन्छ । चालु दायित्व तथा व्यवस्था रु.१७ अर्ब २ करोड ४० लाख रहेको छ । स्थिर सम्पत्ति रु. ६१ अर्ब ८६ करोड ५२ लाख र चालु सम्पत्ति रु.७० अर्ब २ करोड ७० लाखसमेत कूल सम्पत्ति रु.१ खर्ब ३१ अर्ब ८९ करोड २२ लाख रहेको छ । गत वर्ष रु.१५ अर्ब ३७ करोड २८ लाख नाफा रहेकोमा यो वर्ष रु.१७ अर्ब ४८ करोड ३८ लाख नाफा भएको छ । कम्पनीको महत्वपूर्ण अनुपातहरुको स्थिति देहाय अनुसार रहेको छ:

क्र.सं.	अनुपात	आधार	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५
१	खुद नाफा	प्रतिशत	३४.१४	३०.६५	३४.४७	३८.६२
२	इक्विटीमा लाभ	प्रतिशत	१७.९८	१६.२६	१६.८३	१७.५४
३	चालु सम्पत्ति दायित्व	अनुपात	३.९४	३.८८	४.२२	४.११
४	सञ्चालन मार्जिन	प्रतिशत	५६.८२	५२.१०	५७.७७	५८.९५
५	प्रतिशेयर आम्दानी	रु	९७.०४	९०.३६	१०२.४९	११६.५६
६	शेयर मूल्य आम्दानी	अनुपात	६.५५	७.६२	६.६०	६.१९

अनुपात विश्लेषण गर्दा गत वर्षको तुलनामा खुद नाफामा वृद्धि भएको र प्रति शेयर मुनाफा बढेको छ । नाफा बढे पनि शेयरको बजार मूल्यमा कमी आएकोले विगत दुई वर्षमा शेयर मूल्य आम्दानी घटेको देखिन्छ ।

४३. **लागत लाभ विश्लेषण -** दूरसञ्चार सेवा सञ्चालनका लागि २०७५ आषाढ मसान्तसम्म देशका विभिन्न स्थानमा १ हजार ४ टेलिफोन एक्सचेन्ज सञ्चालनमा रहेका छन् । कम्पनीले स्थापना गरेका टेलिफोन एक्सचेन्ज २०७२ मा ५६४, २०७३ मा ६४०, २०७४ मा ७४५ र २०७५ मा १ हजार ४ पुगेको छ । कम्पनीले टेलिफोन एक्सचेन्जहरुको स्थापना गर्दा लागत लाभ विश्लेषण गरेको छैन । धेरै एक्सचेन्जमा ग्राहकहरुको संख्या न्यून भई उपयोगसमेत कम रहेको अवस्था छ । हालको अवस्थामा बेसिक टेलिफोन सेवाका लागि नयाँ एक्सचेन्जको स्थापना गर्ने कार्य प्राविधिक र आर्थिक हिसाबले उपयुक्तताको विश्लेषण गरी आवश्यक निर्णय लिनुपर्दछ ।

४४. **प्रति ग्राहक आम्दानी -** प्रविधिको विकाससँगै डाटा सेवा प्रयोग गर्ने ग्राहकको संख्या बढ्दै गएको छ । ग्राहकलाई तीव्र गतिको डाटा सेवा उपलब्ध गराउन अन्य सेवा प्रदायकले जोड दिने गरेका छन् । फोरजी-एलटिई तथा एफटिटिएच सेवा विस्तारमा भएको ढिलाइका कारण ग्राहकको मागअनुसार तीव्र गतिको इन्टरनेट सहितको सेवा प्रदान गर्न नसक्दा प्रति ग्राहक आम्दानी घट्दै गएको देखिन्छ । कम्पनीले प्रदान गरेका विभिन्न सेवाको विगत ३ वर्षको प्रति ग्राहक आम्दानी निम्नानुसारे छ :

सेवा	प्रति ग्राहक प्रति महिना आम्दानी रु.			परिवर्तन भएको प्रतिशत	
	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७३/७४	२०७४/७५
जीएसएम	१४७.३७	१३५.५७	११८.९२	(८.०१)	(१२.२८)
सिडिएमए	७३.२६	५९.१६	४५.०९	(१९.२५)	(२३.७८)
वाइम्याक्स	१,२०१.१६	५१९.६१	३७०.८५	(५६.७४)	(२८.६३)
पिएसटियन	४०७.४४	३८४.४२	३५०.२४	(५.६५)	(८.८९)
एडिएसयल	७९०.७१	७२५.१५	५२९.०९	(८.२९)	(२७.०४)
लिज लाइन	७,१९३.१४	६,६४१.६२	२,५८०.००	(७.६७)	(६१.१५)
एफटिटिएच	-	४८७.६४	३३९.०९	-	(३०.४६)

कम्पनीले नयाँ प्रविधिको प्रयोगबाट फोरजी-एलटिई, एफटिटिएच जस्ता ग्राहकको चाहना र माग अनुसारको सेवा विस्तार गरी आम्दानी वृद्धि गर्नुपर्दछ ।

४५. **कोष व्यवस्थापन -** कम्पनीको विभिन्न बैङ्क तथा वित्तीय संस्थामा रु. ७० अर्बभन्दा बढी कल तथा मुद्दती निक्षेप रहेको छ । लगानीका लागि वैकल्पिक उपायहरुको अवलम्बन गर्न सकेमा कोष व्यवस्थापनबाट प्राप्त हुने आम्दानी वृद्धि हुने देखिन्छ ।

४६. **एफटिटिएच सेवा -** असीमित डाटा ट्रान्सफर क्षमता भएको फाइबरमा आधारित प्रविधि (एफटिटिएच) विस्तार गर्ने कार्य २०६७/६८ मा शुरु गरेतापनि सो योजनाअन्तर्गत २०७० देखि काठमाडौँको सुन्धारा र नक्साल एक्सचेन्ज क्षेत्रमा मात्र सेवा सिमित भएको देखिन्छ । कम्पनीले २०७४/७५ मा एफटिटिएच सेवालाई नयाँ सेवाका रुपमा शुरु गरी ४ वर्षभित्र १० लाख लाइन वितरण गर्ने लक्ष्य राखेको देखियो । सो सेवा अन्तर्गत २०७५ आषाढ मसान्तसम्म १ लाख ग्राहक बनाउने लक्ष्य रहेकोमा ग्राहक संख्या ६७० मात्र रहेको देखिन्छ । हालको परिवर्तित अवस्थामा डाटा, टेलिफोन तथा इन्टरनेट टेलिभिजन जस्ता सेवा एउटै सेवा प्रदायकबाट दिई ग्राहकको सन्तुष्टि वृद्धि गर्नुपर्ने अवस्थामा एफटिटिएच सेवा विस्तारमा भएको ढिलाइले कम्पनीको सेवा विस्तार तथा प्रभावकारितामा असर पर्ने देखिन्छ । हालसम्मको एफटिटिएच सेवा विस्तारको प्रगति सन्तोषजनक नरहेकाले ग्राहकको चाहना र माग अनुसारको गुणस्तरीय सेवा उपलब्ध गराउन रणनीतिक योजना बनाई कार्यान्वयन गर्नु पर्दछ ।

४७. **वाइम्याक्स योजना -** वाईम्याक्स (तारारहित प्रविधिवाट डाटा ट्रान्सफर गर्ने प्रविधि सेवा) सञ्चालनका लागि २०६८।११।३ मा आपूर्तकसंग सम्झौता भई अमेरिकी डलर १ करोड २५ लाख ८६ हजार ४३४ मूल्यको प्रविधि खरिद गरेको देखिन्छ । टेलिकमले नेपाल जस्तो विकट भौगोलिक अवस्था भएको देशमा वायरलेस प्रविधिमा उच्च गतिको डाटा प्रयोगका लागि वाइम्याक्स सेवा उपयुक्त हुने देखिएकाले यो प्रविधि खरिद गरेको उल्लेख छ । यो प्रविधि सञ्चालनसम्बन्धी स्पष्ट व्यापारिक योजना बनाई लागू गरेको देखिएन । यो सेवा पहिले गाउँबाट शुरु गर्ने उल्लेख भएकोमा काठमाडौँ लगायत ठूला शहरबाट शुरु गरेका कारण कम्पनीले नै प्रदान गरिरहेको एडिएसएल सेवासँग मात्र प्रतिस्पर्धा हुन गएको देखिन्छ ।

४८. **फोरजी/एलटीई सेवा -** कम्पनीले नेपालमा तीव्र गति र उच्च क्षमताको डाटा ट्रान्सफर गर्ने प्रविधिको फोरजी-एलटिई सेवा हाल काठमाडौँ उपत्यका र पोखरामा मात्र प्रदान गरेको छ । विश्वव्यापी रुपमा विगत १० वर्षदेखि नै तीव्र गतिको डाटासहितका सेवाको विकास तथा विस्तार भैरहेकोमा कम्पनीले फोरजी/एलटिई सेवा विस्तार गर्न योजना बनाई लागू गरेको छैन । देशव्यापी रुपमा फोरजी/एलटिई सेवा विस्तारका लागि कम्पनीले २०७४।७। १५ मा प्रस्ताव माग गरेपनि सो कार्यले गति लिएको छैन । उच्च गतिको डाटा सहितको गुणस्तरिय सेवा प्रदान गर्न कम्पनीले देशभर फोरजी/एलटिई सेवा विस्तार गर्नुपदर्छ ।

४९. **ब्याण्ड विथ खरिद -** कम्पनीले दूरसञ्चार सेवा प्रदान गर्नका लागि आवश्यक स्याटलाइट ब्याण्डविथ विदेशी सेवाप्रदायक कम्पनीहरुसँग खरिद गरी करिब ७७ मेगाहर्ज ब्याण्डविथ उपयोग गरिरहको छ । ती सेवा प्रदायक मध्ये इन्टेलस्याट, चाइनास्याट र के टी स्याटको सेवा शुल्क क्रमशः अमेरिकी डलर २ हजार ६७२, २ हजार ४७० र १ हजार ५९७ रहेको छ । कम्पनीले इन्टेलस्याटसँग ब्याकअप लिंकका लागि ११ मेगाहर्ज तथा अन्य प्रयोगका लागि १.६ मेगाहर्ज ब्याण्डविथ उपयोग गरिरेहको छ । उक्त सेवा प्रदायकसँग सन् २००७ मा १५ वर्षका लागि सम्झौता गरेको र सम्झौता खारेज गर्न नसकिने प्रावधान राखेका कारण बढी मूल्य भुक्तानी गरिरहेको छ । कम्पनीले भुक्तानी गरिरहेको स्याटलाइट ब्याण्डविथको सेवा शुल्क अन्य निजी सेवा प्रदायकहरुले भुक्तानी गरेको भन्दा बढी देखिएकाले सुधार गर्नुपर्ने अवस्था छ । टेलिकमले फाइबर, माइक्रोवेभ जस्ता वैकल्पिक उपायको अवलम्बन गरी स्याटलाइट ब्याण्डविथका लागि हुने वैदेशिक मुद्रा भुक्तानी न्यून गर्न देशमा आफ्नै स्याटलाइट राख्ने तर्फ आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५०. **एक्सचेन्जहरुको ट्राफिक व्यवस्थापन -** मोबाइल टेलिकम कम्पनीहरुको आम्दानी ग्राहकहरुको उपयोगबाट हुने ट्राफिकको परिमाणअनुसार थपघट हुने गर्दछ । कम्पनीको क्षेत्रीय कार्यालय अन्तर्गत रहेका बेस स्टेसनको अत्यन्त न्यून उपयोग भएको देखिएकोले बेस स्टेसन तथा अन्य उपकरणको अधिकतम उपयोग गरी बढी भन्दा बढी ट्राफिक सृजना गर्नुपर्ने देखिन्छ ।

५१. **अन्तर्राष्ट्रिय कल ट्राफिक -** विश्वव्यापीरुपमा नयाँ नयाँ प्रविधिको विकास तथा सामाजिक सञ्जालको विकाससंगै अन्तर्राष्ट्रिय कल ट्राफिक घट्दै गैरहेको छ । नेपाल टेलिकमको आम्दानीमा विगतमा अन्तर्राष्ट्रिय कल आम्दानीको ठुलो हिस्सा रहेकोमा २०७२।७३, २०७३।७४ र २०७४।७५ मा क्रमशः रु.११.४३ अर्ब, रु.९.०३ अर्ब र रु.८.०४ अर्ब आम्दानी भई क्रमशः आम्दानी घट्दै गएको छ । यसरी अन्तर्राष्ट्रिय कल आम्दानीमा भएको कमीलाई पूरा गर्न नयाँ व्यापार रणनीति बनाई लागू गर्नुपर्ने अवस्था रहेको छ । यसका साथै नेपालबाट बाहिर जाने अन्तर्राष्ट्रिय कलका लागि न्यूनतम मूल्य लाग्ने क्यारियरमार्फत पठाउने व्यवस्थाका लागि एलसिआर सिस्टम जडान गर्नुपर्ने देखिन्छ ।

५२. **योजना कार्यान्वयन -** कम्पनीले विगतमा शुरु गरेका ठुला आयोजना समयमै सम्पन्न गर्न नसकेका कारण नयाँ प्रविधिको उपयोग हुन नसकी ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्न सकेको देखिँदैन । कम्पनीले सम्झौता गरे बमोजिम २०६९/७० मा शुरु गरेको ५ हजार १४६ स्थानमा एक करोड जिएसएम लाइन विस्तार गर्ने कार्य हालसम्म सम्पन्न गरेको छैन । योजनाको २०७५ आषाढ मसान्त सम्मको उक्त कार्य प्रगति निम्नानुसार छ :

प्राजेक्ट	आपूर्तिकर्ता	कूल लागत	सम्झौता अवधि	कूल साइट संख्या	सम्पन्न प्रतिशत	ढिलाई अवस्था
प्याकेज "ए"	एक टेक्नोलोजी कम्पनी	अमेरिकी डलर ७.५५ करोड	४५० दिन	२,७४६	७९.७८	२१.२२ प्रतिशत बाँकी रहेको
प्याकेज "बी"	एक टेक्नोलोजी कम्पनी	अमेरिकी डलर ५.७६ करोड	३६० दिन	२,४००	१००	६१४ दिन ढिला भएको

सम्झौता अनुसारको कार्य समयमै सम्पन्न गराई गुणस्तरीय सेवा उपलब्ध गराउनु पर्दछ ।

५३. **केपिआई परिपालना -** कम्पनीले तयार पारेको प्रतिवेदन अनुसार सबैजसो Key Performance Indicator (KPI) नेपाल दूरसञ्चार प्राधिकरणले तोकको मापदण्डअनुसार रहेको देखिन्छ । यी परिसूचकहरु नेटवर्क मर्मतसंभार सम्बन्धी सेवाप्रदायक कम्पनीले तयार पार्ने र सोही परिसूचकलाई नेपाल टेलिकमले प्रकाशित गरेको देखिन्छ । नेपाल दूरसञ्चार प्राधिकरणले परीक्षण गर्दा कम्पनीको नेटवर्कको गुणस्तर निर्धारित मापदण्ड भन्दा निकै कमजोर देखिएको छ । कम्पनीले आफ्नो टेलिफोन नेटवर्कको गुणस्तर सुधार गरी ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्न सकेमात्र आम्दानीमा वृद्धि हुने र ग्राहकले गुणस्तरीय सेवा प्राप्त गर्ने देखिन्छ । नेटवर्कको गुणस्तर कायम गर्न कम्पनीले आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

५४. **निर्णय र निर्देशन कार्यान्वयन** - यस वर्ष सञ्चालक समितिमा एफटिटिएच, फोरजी/एलटिई र ग्रामीण दूरसञ्चार विकास परियोजनाका विषयमा केन्द्रित भई छलफल तथा निर्णय भए तापनि ठोस परिणाम हासिल गरेको देखिँदैन । परियोजनाहरूको विश्लेषण तथा कार्यान्वयनको आवधिक रूपमा हुने समीक्षा र सुधारको कार्य सन्तोषजनक देखिँदैन ।

५५. **क्षमता अभिवृद्धि योजना** - देशमा विद्यमान तीव्र प्रतिस्पर्धात्मक बजारको आवश्यकता पूरा गर्न कम्पनीले आफ्नो सेवालाई नयाँ प्रविधिमा स्तरोन्नति गरी ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्न सकेमा मात्र संस्था दिगो रहने देखिन्छ । यसका लागि कम्पनीले फोरजी/एलटिई सेवा र एफ.टी.टी.एच. सेवालाई यथाशीघ्र देशव्यापी विस्तार गर्नु पर्दछ । यो कम्पनी एक बहुसेवा प्रदायक कम्पनी रहेकोले पुराना प्रविधि हटाउँदै नयाँ प्रविधिका सेवाहरु प्रदान गर्नु पर्दछ । यसले जि.एस.एम, पुराना प्रबिधि हटाउन संचालक समितिमा छलफल नहुनुले कम्पनीको रणनीतिक योजना कमजोर रहेको देखिन्छ । व्यापारिक सेवाको गुणस्तर, सामयिक मर्मत सम्भार एवं ग्राहकहरुको गुनासो लगायतका विषयहरु समयमै व्यवस्थापन गरी प्रविधिमा आएको परिवर्तन तथा ग्राहकको माग अनुसार सेवा सञ्चालन गर्नुपर्दछ ।

५६. **अनुसन्धान तथा विकास -** प्रविधिमा भैरहेको विकासलाई समयमै आत्मसात गरी आफ्ना ग्राहकहरुलाई छिटो भन्दा छिटो नयाँ सेवाहरु प्रदान गर्न कम्पनीले २०७४/७५ को कार्यक्रममा विश्वभर ख्याति प्राप्त मोबाइल वित्तीय सेवाहरु लागु गर्ने उल्लेख गरेको देखिन्छ । मोबाइल वित्तीय सेवाहरुको विस्तार तथा नगद/कार्ड बेगरको कारोवार धेरै विकास भैसकेको छ । तर कम्पनीले मोबाइल वित्तीय सेवाहरु लागु गरी विश्वमा भैरहेको तीव्र विकासको लाभ नेपाली जनतालाई उपलब्ध गराउन सकेको देखिँदैन । कम्पनी नेटवर्क विस्तारका लागि ड्राइभ टेण्ट र आरएफ अप्टिमाइजेसिन जस्ता कार्य आंशिक रुपमा शुरुवात गरेको देखिन्छ ।

नयाँ प्रविधिसंगै कम्पनीले नेटवर्क विस्तारलाई विशेष महत्व दिई अनुसन्धान तथा विकास कार्य नियमित रुपमा सञ्चालन गरी ग्राहकहरुको चाहनाअनुसार गुणस्तरीय सेवा प्रदान गर्नु पर्ने देखिन्छ ।

५७. **आसामी -** कम्पनीले ४ दूरसञ्चार सेवा प्रदायक कम्पनीबाट रु ३५ करोड ६१ लाख ४ हजार लिन बाँकी रहेको छ । प्रतिनिधि सभाअन्तर्गतका अर्थ समितिले २०७४।४।१७ मा उक्त रकम असुल गरी हिसाब राफ साफ गर्न निर्देशन दिए तापनि असुल भएको देखिएन । सम्झौताका शर्तबमोजिम असुल नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रतिस्पर्धा नगराई फ्रिक्वेन्सी बाँडफाँड र वितरण गरेको, फ्रिक्वेन्सी नीतिले तोकेबमोजिमको फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी असुल गरेको, विज्ञापनरहित नीति लागू नगरेको, हुलाक टिकटको मौज्दात बढी राखेको, एनालग प्रणालीलाई पूर्णरुपमा डिजिटल प्रविधिमा परिवर्तन नगरेको, पत्रकार कल्याणकोषको रकम प्रयोग नगरी प्रत्येक वर्ष मौज्दात जिम्मेवारी मात्र सार्ने गरेको जस्ता व्यहोरा औल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ६९ निकायमा रु.१ अर्ब ४५ करोड ९५ लाख ६७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.६ लाख ९१ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ४५ करोड ८८ लाख ७६ हजार बाँकी रहेको छ । सोमध्ये रु.९२ लाख १८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था तथा अन्य संस्थातर्फ रु. ९५ लाख ३६ हजार बेरुजू बाँकी देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.९ लाख ३० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १६ मा छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवालाई प्रयोगमा ल्याउने वातावरण प्रत्याभूति गराउने, एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानीजस्ता चिकित्सा प्रणालीसम्बन्धी प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनः स्थापना, अनुसन्धान तथा विकास गर्ने, नर्सिङ होम, निजी तथा सामुदायिक अस्पतालको नियमन गर्ने, औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारण लगायतका कार्य रहेको छ । मन्त्रालय समेत ३०९ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको विनियोजन रु.२७ अर्ब ९८ करोड ४९ लाख, राजस्व रु.५१ करोड ५ लाख, धरौटी रु.४१ करोड ६६ लाख र अन्य कारोबार रु.२ अर्ब ४१ करोड १० लाखसमेत रु.३१ अर्ब ३२ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । समिति तथा अन्य संस्थासमेत १२४ को रु.३३ अर्ब ५ करोड ९२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **स्वास्थ्य नीति कार्यान्वयन -** राष्ट्रिय स्वास्थ्य नीति, २०७१ अनुसार सबै नागरिकलाई सहज र प्रभावकारी रुपमा गुणस्तरीय एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउने नीतिअनुसार ७० प्रकारका औषधि निःशुल्क वितरण गर्ने कार्यक्रम सञ्चालन भए तापनि आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध हुन सकेको छैन । सबै स्वास्थ्य संस्थामा सबै प्रकारका औषधिको उपलब्धता नभएकोले उक्त कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन । सर्वसुलभ एवं प्रभावकारी रुपमा स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गर्ने नीति रहेकोमा जनशक्ति उत्पादनार्थ मेडिकल कलेज र प्रतिष्ठानको स्थापना भए पनि अधिकांश स्वास्थ्य संस्थामा चिकित्सक, पारामेडिक्स, नर्स लगायतका पद रिक्त रहेकोले पूर्ण कार्यान्वयन नभएको अवस्था छ ।

भूगोल र जनसंख्याको अनुपातमा ३० मिनेटको दूरीमा एक गाउँ एक स्वास्थ्य संस्था, २० हजार जनसंख्यामा १ प्राथमिक स्वास्थ्य केन्द्र र १ लाख जनसंख्याको लागि २५ शय्याको अस्पताल निर्माण गर्ने नीति पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । औषधिको उत्पादनमा देशलाई आत्मनिर्भर बनाउने उल्लेख भए तापनि यो वर्ष रु.२५ अर्ब ८१ करोडको औषधि आयात भएकोले आत्मनिर्भर हुन सकेको देखिएन । अतः स्वास्थ्य नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका माध्यमबाट स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने देखिन्छ ।

२. **आवधिक योजनाको लक्ष्य प्रगति -** चौधौं योजना (२०७३।७४-२०७५।७६) मा स्वास्थ्य क्षेत्रमा परिमाणात्मक लक्ष्य तोकिएकोमा निम्नानुसार घटी प्रगति भएको विवरण प्राप्त भएको छ:

सूचक	२०७४।७५ लक्ष्य	२०७४।७५ प्रगति	सूचक	२०७४।७५ लक्ष्य	२०७४।७५ प्रगति
कुल प्रजनन् दर	२	२.३	डीपीटी र हेपाटाइटिस खोप प्राप्त गर्ने बालबालिका (प्रतिशत)	९३	७९.१
परिवार नियोजनको आधुनिक साधन प्रयोग दर (प्रतिशत)	५५	३९.४	पाँच वर्षमुनिका बच्चाको मृत्युदर (प्रति हजार जीवित जन्ममा)	३४	३९
स्वास्थ्य संस्थामा प्रसूति सेवाको उपयोग (प्रतिशत)	६५	५१.१	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	१४८	२३९
स्वास्थ्यकर्मीद्वारा प्रसूति सेवा प्राप्त गर्ने (प्रतिशत)	६५	५२.८	वार्षिक नयाँ एचआइभी सङ्क्रमित रोगी (संख्या)	१२००	१६१८
पाँच वर्षमुनिका बालबालिकामा भएको पुड्कोपना (प्रतिशत)	३४	३६	दादुरा खोप प्राप्त गर्ने बालबालिका (प्रतिशत)	९०	७८.८
भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला (प्रतिशत)	६५	३८.४	औलोरोग पत्ता लागेको बिरामी (संख्या)	१०००	१२२९

स्वास्थ्य सेवा प्रवाहमा कमी कमजोरी रहेको कारणबाट स्वास्थ्य संस्थामा प्रसूति सेवाको उपयोग ५१.१ प्रतिशत, स्वास्थ्यकर्मीमार्फत प्रसूति सेवा लिने ५२.८ प्रतिशत, भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला ३८.४ प्रतिशत, पाँच वर्षमुनिका बच्चाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३९ जना, मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) २३९ जना रहेको देखिँदा मुख्य सूचकमा तोकेको लक्ष्य प्राप्त हुन सकेको देखिएन । अतः आवधिक योजनाको लक्ष्य प्राप्त गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः स्वास्थ्य नीति आंशिक रुपमा कार्यान्वयन भएको, स्वास्थ्य क्षेत्रको परिमाणात्मक लक्ष्य अपेक्षाकृत रुपमा हासिल नभएको, निजी क्षेत्रका अस्पतालको अनुगमन प्रभावकारी नभएको, स्वास्थ्य कर कोषमा तोकिए बमोजिम रकम प्राप्त नभएको, मापदण्ड बमोजिम मेडिकल कलेज सञ्चालन नभएको, शुल्क निर्धारण नभएको, वैदेशिक सहायताको लेखापरीक्षण नगराएको अवस्था देखिएको छ ।

३. **बजेट कार्यान्वयन -** आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा उल्लेख भएबमोजिम प्रत्येक नागरिकले आर्थिक अभावमा आधारभूत स्वास्थ्य उपचारबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्न ५० जिल्लामा राष्ट्रिय स्वास्थ्य बीमा योजना कार्यान्वयन गर्ने उल्लेख भएकोमा ३९ जिल्लामा मात्र लागु भएको छ । मुलुकमा विशेषज्ञ चिकित्सकसहितको अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउन वीर अस्पताललाई अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्न गुरुयोजना तयारी गर्ने उल्लेख भएकोमा गुरुयोजना तयार नभए तापनि सर्जिकल बिल्डिङ्गको निर्माण शुरु भएको छ ।

गुणस्तरीय स्वास्थ्य सेवालाई थप विस्तार गर्न सरकारी, निजी र सहकारी क्षेत्रका स्वास्थ्य संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्ने तथा स्वास्थ्य सेवाको गुणस्तर नियमन गर्न जनस्वास्थ्य विधेयक पेस गर्ने उल्लेख भएकोमा सो सम्बन्धी ऐन तयारी भए तापनि औषधि ऐन, २०३५ परिमार्जन गर्ने कार्य भएको छैन । सरकारी छात्रवृत्तिमा एम.डी. र एम.एस. गरेका विशेषज्ञ चिकित्सकलाई तोकेको अवधिसम्म दुर्गम क्षेत्रमा अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख भए तापनि सोसम्बन्धी निर्देशिका संशोधनको प्रक्रियामा रहेको उल्लेख छ ।

बजेट वक्तव्यमा समावेश भएका उपर्युक्त कार्यक्रम पूर्णरुपमा कार्यान्वयन हुन सकेका छैनन् । स्वीकृत बजेट बमोजिम कार्य सञ्चालन गर्नुपर्दछ ।

४. **प्राविधिक सहायता -** व्यवस्थापिका-संसदसमक्ष पेस गरेको २०७४।७५ को बजेट वक्तव्यको प्राविधिक सहायताको विवरणमा यो वर्ष १० दाताबाट २३ कार्यक्रमको लागि रु.५ अर्ब २१ करोड ६५ लाख सहायता प्राप्त हुने उल्लेख छ । प्राविधिक सहायताअर्न्तगत भएको खर्चको विवरण माग गरिएकोमा उपलब्ध भएन । प्राविधिक सहायताअर्न्तगत भएको खर्चको विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

५. **अनुमति एवं सञ्चालन -** मन्त्रालयबाट गतवर्ष मुलुकभर जिल्ला अस्पताल र सो सरहका ७३ अस्पताल, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल र सो सरहका १५ अस्पताल, केन्द्रीयस्तरका १४ अस्पताल, १४ मेडिकल कलेज, ७ मिसन अस्पताल र निजी सामुदायिक र सहकारी ४१५ समेत ५३८ अस्पताल सञ्चालनमा रहेको र शय्या संख्या ३० हजार २८७ रहेको विवरण पेस भएकोमा यो वर्ष सोसम्बन्धी विवरण पेस हुन आएन । मन्त्रालयको अनुगमन कार्य क्षेत्रभित्र पर्ने २२ र विभागको कार्य क्षेत्रभित्र पर्ने ८७ अस्पतालको मात्र अनुगमन तथा नवीकरणसम्बन्धी विवरण पेस भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

५.१. स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को बुंदा नं. ३० मा निजीस्तरमा सञ्चालन हुने स्वास्थ्य संस्थाले लिने सेवा शुल्क निर्धारण गर्न स्वास्थ्य मन्त्रालयका सचिवको अध्यक्षतामा सेवा शुल्क निर्धारण समिति गठन हुने व्यवस्था छ । अस्पतालहरुले प्रदान गर्ने सेवाको शुल्क सम्बन्धी मापदण्ड निर्धारण गरेको पाइएन । सरकारी अस्पतालमा सामान्य बेड निःशुल्क वा रु.२ सयसम्म शुल्क रहेकोमा निजी क्षेत्रका अस्पतालले प्रतिबेड रु.१ हजार ५०० लिने गरेको देखिन्छ । सरकारी अस्पतालको आई.सी.यू.को शुल्क प्रतिदिन रु.१ हजारदेखि रु.३ हजारसम्म रहेकोमा निजी अस्पतालले रु.८ हजार ५०० देखि रु.२१ हजारसम्म लिने गरेको देखिन्छ । अस्पतालहरुले प्रदान गर्ने सेवाको सुविधा र शुल्क सम्बन्धी मापदण्ड निर्धारण गरिनुपर्दछ ।

५.२. अनुमति प्राप्त सरकारी तथा निजी क्षेत्रमा सञ्चालित अस्पतालहरुले कुल शय्याको दश प्रतिशत शय्यामा अनिवार्य रुपमा निःशुल्क उपचार सेवा उपलब्ध गराउनुपर्ने तथा पचास शय्याभन्दा बढी क्षमता भएका अस्पतालमा नागरिकलाई विशेष सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था भए तापनि सामुदायिक तथा निजी अस्पतालबाट ज्येष्ठ नागरिकका लागि तोकिएबमोजिमको सेवा सुविधा प्रदान गरेको सुनिश्चित हुने प्रतिवेदन तयार गरेको पाइएन ।

अस्पतालमा भौतिक पूर्वाधार पर्याप्त नभएको, उपकरण चालु हालतमा नरहेको, स्वास्थ्यकर्मीको पदपूर्ति नभएको, आइसोलेसन कक्ष सञ्चालन नभएको, शल्यचिकित्सकको लागि एक वर्षसम्म प्रतीक्षा गर्नु परेको, तोकिएको समयसम्म चिकित्सक अस्पतालमा नरहेको, आकस्मिक कक्षमा पर्याप्त शय्या नभएको, प्रयोगशाला सञ्चालन नगरेको, आईसीयूको अभाव रहेको, रेडियो थेरापी ढिलो हुने गरेको, अस्पतालको सरसफाई पर्याप्त नभएको, निःशुल्क औषधि व्यवस्थापन प्रभावकारी नभएकोले सेवा प्रवाहमा असर परेको छ ।

५.३. मन्त्रालयको अनुगमन कार्य क्षेत्रभित्रका २२ मध्ये ८ स्वास्थ्य संस्थाको मात्र अनुगमन भएको देखियो भने १२ स्वास्थ्य संस्थाको वातावरण संरक्षण ऐनबमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन र भवनसम्बन्धी मापदण्ड पुरा गरेको कागजात पेस नगरेको कारण देखाई अनुगमन गरेको छैन । स्वास्थ्य संस्था (मेडिकल कलेज) २ को अनुगमन नभएकोमा कारण उल्लेख गरेको छैन । मापदण्ड पालना सम्बन्धमा अनुगमन नभएको कारण सर्वसाधारणले पाउने सेवाको गुणस्तरमा असर पर्ने देखिन्छ ।

५.४. विभागको अनुगमन कार्यक्षेत्रका ८७ मध्ये भौतिक पूर्वाधार, मानव स्रोत व्यवस्थापन र उपकरण सम्बन्धी मापदण्ड पुरा गर्ने अस्पताल ८ रहेको उल्लेख छ । सो बाहेक भौतिक पूर्वाधारसम्बन्धी मापदण्ड पूरा गर्ने १७, पूरा नगर्ने ४९, आंशिक पूरा गर्ने १२, मानव स्रोत व्यवस्थापनसम्बन्धी मापदण्ड पूरा गर्ने १८, पूरा नगर्ने ३६ र आंशिक पूरा गर्ने २५ रहेको र उपकरणसम्बन्धी मापदण्ड पूरा गर्ने ९, पूरा नगर्ने ४८ र आंशिक रुपमा पुरा गर्ने २२ अस्पताल रहेको पाइयो ।

५.५. मन्त्रालयले २ मेडिकल कलेजको अनुगमन गरी तयार गरेको प्रतिवेदनमा ती मेडिकल कलेजमा बहिरङ्ग सेवा र अन्तरङ्ग सेवाका पूर्वाधारहरु मापदण्ड अनुरुप नै भए तापनि वार्डहरुमा शय्याबीच कायम हुनुपर्ने दूरी कम रहेको, विशेषज्ञ चिकित्सक तथा मेडिकल अफिसरको संख्या कम रहेको, नर्सिङ्ग अफिसर र स्टाफ नर्सको संख्या अपुग रहेको उल्लेख छ । जसको कारण क्रिटिकल केयर युनिटमा समेत मापदण्डबमोजिम नर्सिङ्ग स्टाफ नरहेको, ल्यावमा आवश्यकतानुसार उपकरण नरहेको, रेडियोलोजीतर्फ मापदण्डबमोजिम एक्स-रे मेसिन नरहेको र रेडियोलोजीमा काम गर्नेको लागि टीएलडी नरहेकोले रेडिएसन डोज मोनिटरिङ्ग नभएको, मापदण्डबमोजिम गरिब तथा असहाय बिरामीलाई निःशुल्क उपचार (१० प्रतिशत) नदिएको, अस्पताल प्रयोगशालाले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट स्वीकृति नलिएको, आकस्मिक कक्षमा कुल शय्याको १० प्रतिशत शय्या नभएको लगायतका मापदण्ड पालना नगरेको अवस्था छ ।

अतः निजी क्षेत्रका अस्पतालको शुल्क निर्धारणसम्बन्धी मापदण्ड तयारी, निःशुल्क स्वास्थ्य उपचार सेवा तथा ज्येष्ठ नागरिकको स्वास्थ्य सुविधा उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन र मापदण्ड पालना सम्बन्धमा मेडिकल कलेजलगायत सबै संस्थाको प्रभावकारी अनुगमन हुनुपर्दछ ।

६. **अनुदान -** सामुदायिक अस्पताललाई अनुदान दिने निर्देशिका, २०७३ को बुँदा १२ मा अनुदान प्राप्त गर्ने अस्पतालले आर्थिक वर्ष समाप्त भएको ९० दिनभित्र सम्झौता तथा स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन गरी सोको वित्तीय तथा फोटोसहितको भौतिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष अनुदान माग गर्ने ४१ मध्ये ३० सामुदायिक अस्पताल तथा एक अर्को अस्पतालसमेतलाई उपकरण खरिद तथा भवन निर्माण गर्न रु.१५ करोड अनुदान उपलब्ध गराएकोमा आर्थिक वर्ष समाप्त भएको ८ महिनासम्म पनि ती अस्पतालले निर्देशिकाबमोजिमको वित्तीय तथा भौतिक प्रगति पेस गरेका छैनन् । निर्देशिकाबमोजिमको मादपण्ड पालना गरे नगरेको सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन । कार्यविधि तथा स्वीकृत मापदण्डबमोजिम मात्र अनुदान दिनुपर्दछ ।

७. **स्वास्थ्य कर कोष -** सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने नियमावली, २०६८ बमोजिम सुर्तीजन्य पदार्थको अन्तःशुल्कबाट उठेको रकमको २५ प्रतिशत स्वास्थ्य कर कोषमा जम्मा गरिने र सोको ७५ प्रतिशत

सरकारी अस्पताल, १५ प्रतिशत स्वास्थ्य मन्त्रालय एवं मातहतका निकाय र १० प्रतिशत सामाजिक संस्था वा गैरसरकारी अस्पतालमार्फत खर्च गरिने व्यवस्था छ । उक्त कोषमा २०७२।७३, २०७३।७४ र २०७४।७५ को सुर्तीजन्य पदार्थको अन्तःशुल्क क्रमशः रु.९ अर्ब १ करोड, रु.१० अर्ब ९९ करोड, रु.१४ अर्ब ४ करोड १२ लाखको २५ प्रतिशतका दरले क्रमशः रु.२ अर्ब २५ करोड २५ लाख, रु.२ अर्ब ७४ करोड ७५ लाख र रु.३ अर्ब ५१ करोड ३ लाख कोषमा प्राप्त हुनुपर्नेमा क्रमशः रु.४० करोड, रु.५५ करोड ३२ लाख र रु.५० करोड मात्र प्राप्त भएको देखिएकोले तोकिएबमोजिमको रकम कोषमा प्राप्त भएको देखिएन ।

गुणस्तरहीन औषधि प्रतिस्थापन नगरेको, औषधि मौज्दात मापदण्डअनुसार नभएको, खोप अत्यधिक खेर गएको, ढुवानी भाडा बढी भुक्तानी गरेको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, स्वास्थ्य बीमा प्रभावकारी नभएको, भाडा/लिज रकम असुल नभएको, सम्झौता कार्यान्वयन नभएको, कर कट्टी नगरेको, बढी भुक्तानी गरेको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

८. **गैर बजेटरी सहयोग** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ मा वैदेशिक सहायता बापत कुनै किसिमको सहायता प्राप्त गर्दा वार्षिक कार्यक्रम वा बजेटमा प्रतिविम्बित गरी आम्दानी खर्च गर्नुपर्ने व्यवस्था छ । भूकम्पबाट क्षति भएको भवन निर्माणको लागि जापान सहयोग नियोगसँग २०१६ फेब्रुअरी १७ मा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल र वीर अस्पतालको पुनर्निर्माण गर्न जापानी येन २ अर्ब १० करोड ८८ लाख (ने.रु.२ अर्ब २ करोड ८६ लाख) को टर्न की सम्झौता भई निर्माणसम्बन्धी कार्य भइरहेकोमा वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरेको पाइएन । नियमको व्यवस्था पालना गर्नुपर्दछ ।

९. **संगठन संरचना** - साविकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत ४ हजार ७१४ निकाय र ३८ हजार ९७६ कर्मचारीबाट सेवा सञ्चालन हुँदै आइरहेको थियो । प्रशासनिक पुनर्संरचना पश्चात् स्वास्थ्य मन्त्रालय र अन्तर्गत २८ कार्यालय र ३ हजार ४७६ कर्मचारी संघमा, १८६ कार्यालय र ५ हजार ७६ कर्मचारी प्रदेशमा र ५ हजार १९७ कार्यालय र ३१ हजार १७४ कर्मचारी स्थानीय तहमा रहने व्यवस्था गरिएको छ । यसरी संघ, प्रदेश र स्थानीय तहमा जम्मा ५ हजार ४११ कार्यालय तथा ३९ हजार ७२६ कर्मचारी रहने गरी संगठन संरचना स्वीकृत भएको छ । यसप्रकार स्वास्थ्य सेवा अन्तर्गत नयां संगठन संरचनामा ६९७ कार्यालय र ७५० कर्मचारी दरबन्दी थप भएको देखिएको छ । तथापि अस्पतालहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरेको देखिएन ।

• स्वास्थ्य सेवा प्रवाह

१०. **कार्यक्रम कार्यान्वयन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ बमोजिम स्वीकृत वार्षिक कार्यक्रमअनुसार प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्दछ । यो वर्ष स्वास्थ्य सेवा विभागअन्तर्गतको पुनर्जागरण महाशाखाले जीवनशैली परिवर्तन, नाक, कान, घाँटीसम्बन्धी अभिमुखीकरण तालिम जस्ता ४ कार्यक्रम सञ्चालनका लागि छुट्याएको रु.१ करोड १३ लाख, इपिडिमियोलोजी महाशाखाले सर्पदंश र खानाको गुणस्तरलगायत १३ कार्यक्रम सञ्चालन गर्न छुट्याएको रु.४ करोड ४ लाख, बाल स्वास्थ्य महाशाखाले निमोनियासम्बन्धी अनुसन्धान लगायत ४२ कार्यक्रमको लागि छुट्याएको रु.३ करोड ७६ लाख र परिवार स्वास्थ्य महाशाखाले एनेस्थेसिया, रिक्यानलाइजेशनलगायत २५ कार्यक्रमको लागि छुट्याएको रु.९ करोड ८१ लाख, आपूर्ति व्यवस्था महाशाखाले ९ कार्यक्रमको रु.४ करोड ७० लाख र व्यवस्थापन महाशाखाले फोहोरमैला व्यवस्थापनलगायत २७ कार्यक्रमको रु.३ करोड ७७ लाख समेत रु.२७ करोड २१ लाखको कार्यक्रम सञ्चालन गरेको देखिएन ।

त्यसैगरी राष्ट्रिय क्षयरोग केन्द्रले क्षयरोग निदान तथा व्यवस्थापनलगायत २४ कार्यक्रमको रु.३१ करोड १८ लाखको शून्य प्रगति देखाएको छ । राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रले हात्तीपाइले लगायत १० कार्यक्रमको रु.५ करोड ८५ लाख र कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र, हेटौंडाले मलेरिया, डेङ्गुलगायतका अनुसन्धान गर्न १४ कार्यक्रम सञ्चालनको लागि व्यवस्था भएको रु.१ करोड ४० लाखको कार्यक्रम नै सञ्चालन गरेको देखिएन ।

एकातर्फ स्वास्थ्य क्षेत्रमा परिमाणात्मक लक्ष्य प्राप्त नभएको, एड्स, औलो रोग सम्बन्धी बिरामी, नसर्ने रोगसम्बन्धी बिरामीको संख्या बढ्दै गएको स्थिति छ भने अर्कोतर्फ तोकिएका वार्षिक कार्यक्रम सञ्चालन नभएको अवस्था छ । यसबाट निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा कमी कमजोरीका कारण स्वास्थ्य सेवा प्रवाहमा असर पर्ने देखिएको छ । तोकिएको लक्षित कार्यक्रम सञ्चालन नगर्ने सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

११. **भौतिक पूर्वाधार** - स्वास्थ्य सेवा प्रभावकारी हुन भौतिक पूर्वाधार, उपकरण र जनशक्ति दुरुस्त हुनुपर्दछ । अस्पताल तथा स्वास्थ्य संस्थाको आवश्यक पूर्वाधारको अभावका कारण सेवा प्रवाहमा कठिनाई भइरहेको अवस्था देखिएको छ । आवश्यक पूर्वाधारको अभाव सम्बन्धमा केही अस्पतालको स्थिति देहायमा उल्लेख छ:

११.१. शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले यो वर्ष मृगौला प्रत्यारोपण १५३ जना, ओ.पी.डी. सेवालगायतका अन्य सेवा ३१ हजार ५६५ जनालाई उपलब्ध गराएको छ । आफ्नो भवन नभएका कारण भक्तपुर अस्पतालको भवनबाट सेवा दिँदै आएको छ । यो वर्ष अस्पतालको नयाँ भवन ड्रइङ डिजाइन, भवन निर्माण विस्तार र निर्मित भवनमा आवश्यक उपकरण जडानसमेत गर्न रु.३ करोड २५ लाख बजेट विनियोजन भएकोमा सोसम्बन्धी कुनै काम भएको देखिएन । प्रत्येक वर्ष मृगौलासम्बन्धी बिरामीको संख्या वृद्धि हुँदै गएकोले हालको अस्पताल भवनबाट सेवा प्रवाह गर्न असुविधा भइरहेको छ ।

११.२. शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले यो वर्ष २९ हजार २८० पटक डाइलासिस सेवा उपलब्ध गराएको छ । केन्द्रका ६१ मेसिनमध्ये २०७५ आषाढ मसान्तमा ३५ मेसिन मात्र सञ्चालनमा रहेको देखियो । सञ्चालनमा नआएका मेसिनमध्ये १५ को सञ्चालन आयुसमेत समाप्त भएको र ११ मेसिन मर्मत गर्नुपर्ने अवस्थामा रहेको पाइयो । पर्याप्त मेसिनको अभावमा बिरामीलाई डाइलासिसको लागि अन्यत्र सिफारिस गर्नु परेको देखिन्छ । उपर्युक्त ३५ मेसिन चौबीसै घण्टा सञ्चालन गर्दा समेत दैनिक अधिकतम १२० जनाले मात्र सेवा लिन सक्ने अवस्था छ । पर्याप्त मेसिन अभाव, पूर्वाधार तथा जनशक्तिको कमीको कारण १४५ जना बिरामी हेमोडाइलासिस गर्न, ६८ जना मृगौला प्रत्यारोपण गर्न र २ जना पियर एक्सचेन्जको लागि प्रतीक्षामा रहेको देखिन्छ । उपर्युक्त स्थितिले डाइलासिस सेवा तथा मृगौला प्रत्यारोपण सेवा प्रवाहमा अत्यधिक चाप रहेको देखिन्छ ।

११.३. परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालको लागि ४१५ शय्या स्वीकृत भए तापनि हाल ३५० शय्या सञ्चालनमा रहेको देखिन्छ । यो वर्ष भर्ना भएका बिरामी २८ हजार ५०३ लाई आधार मान्दा १ शय्याबाट ८२ जनालाई सेवा दिनु परेको अवस्था छ । गत वर्ष १ शय्याबाट ६१ जनालाई सेवा दिन परेकोमा यो वर्ष २१ जनालाई थप सेवा दिनु परेको स्थिति छ । लेबर रुम र मातृ तथा नवजात शिशु केन्द्रबाट डेलिभरी भएको २ घण्टा पश्चात् सम्बन्धित वार्डमा मातृशिशुलाई स्थानान्तरण गरिनुपर्नेमा शय्याको अभावले समयमै सम्बन्धित वार्डमा पठाउन नसक्दा अन्य बिरामीलाई समयमै प्रसूति सेवा दिन ढिलाई हुने गरेको पाइयो । स्थान अभावको कारण आवश्यक परिस्थितिमा २५।३० सम्म बिरामीलाई वार्डभन्दा बाहिर प्यासेजमा राखी सेवा दिँदै आएको देखिन्छ । अस्पतालमा बिरामीको अत्यधिक चाप भएको कारण पाठेघर, ट्यूमर, आङ्ग खस्ने रोग आदिको शल्यक्रिया गर्न १ महिनासम्म पालो पर्खनुपर्ने अवस्था छ ।

११.४. शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालअन्तर्गत रहेका ११ भवनमध्ये ९ भवन ४० वर्ष पुरानो भएको विवरण प्राप्त छ । प्रत्येक वर्ष बिरामीको चाप बढ्दै गई यो वर्ष ९७ हजार ३६३ जनालाई सेवा दिएको छ । अस्पतालले उपलब्ध गराएको विवरणअनुसार प्रत्येक दिन न्यूनतम ४१ देखि अधिकतम ८१२ जनासम्म बिरामीलाई सेवा दिएको पाइयो । बिरामीले जाँचको लागि प्रतीक्षालय साँघुरो भएका कारण कक्ष बाहिर बाटोमा उभिनुपर्ने, विभिन्न प्रकारका सरुवा रोगका बिरामी एकै स्थानमा रहनुपर्ने, ओ.पी.डी. को शौचालय पर्याप्त नभएको र चिकित्सकको पदपूर्ति नभएका कारण लामो समयसम्म बिरामीले पालो पर्खनुपर्ने लगायतका अवस्था देखिएको छ । अस्पताल भवन निर्माण मर्मत तथा सुधार कार्यमा गत वर्ष र यो वर्षसमेत रु.२ करोड ५० लाख बजेट विनियोजन भएकोमा गुरुयोजना स्वीकृत नभएकोले बजेट खर्च नभई निष्क्रिय रहेको देखियो । सरुवा रोग सम्बन्धी उपचार गर्ने रेफरल अस्पताल आफैँमा समस्याग्रस्त रहेको अवस्थाले सेवाग्राही मैत्री हुन सकेको देखिएन ।

११.५. भरतपुर अस्पतालले यो वर्ष २ लाख ४७ हजार ११६ जनालाई उपचार सेवा प्रदान गरेको देखिन्छ । उक्त संख्या औसतमा दैनिक ६८७ जना हुन आउँछ । अस्पतालले एक दिनमा १ हजार ३०० सम्म बिरामीको उपचार गर्नुपरेको स्थितिले अस्पताल परिसरसमेत नपुग अवस्थामा छ । ओ.पी.डी. मा जँचाउने बिरामी बाहिरै उभिनुपर्ने, आगन्तुकलाई बस्ने ठाउँको अभाव रहेकोले आफ्नो स्वामित्वमा रहेको सर्म्पूण जग्गा अस्पतालले आवश्यकताअनुसार प्रयोग गरी गुणस्तरीय सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिन्छ ।

मन्त्रालयबाट २०७४।२।२५ मा स्वीकृत गुरुयोजनाअनुसार १ हजार शैयाको शैक्षिक प्रतिष्ठान, इमर्जेन्सी भवन, मेटरनीटी, पेडियाट्रिक, क्यान्सर, साइक्याट्रिक तथा कर्मचारी आवास भवन निर्माण गर्ने उल्लेख भएकोमा उक्त कार्य आरम्भ भएको देखिएन । प्रत्येक वर्ष बिरामीको चाप बढ्दै गएको भए तापनि पूर्वाधार न्यून रहेको देखिन्छ ।

११.६. हेटौंडा अस्पतालमा यो वर्ष २३ हजार इमर्जेन्सी बिरामी जाँच गरेको, १२० शय्या सञ्चालनमा रहेको तथा विभिन्न जटिल प्रकारका शल्य चिकित्सा सेवा उपलब्ध गराउने गरेकोमा आई.सी.यू. कक्ष विना सेवा प्रवाह गरेको छ ।

११.७. कोशी अञ्चल अस्पतालले ३५० शय्या सञ्चालन गर्दै आएकोमा ४९ चिकित्सकको दरबन्दी रिक्त रहेको छ । बिरामीको चाप र सेवा विस्तार अनुरुप भौतिक पूर्वाधारको व्यवस्था नहुँदा आकस्मिक कक्षको एकै शय्यामा २/३ जना बिरामीको उपचार गर्नु परेको, बहिरङ्ग सेवा लिन बिरामीले लामो समयको प्रतीक्षा पश्चात् मात्र सेवा पाउने गरेको, प्रसूति कक्षका शय्या अपुग रहेको जस्ता विभिन्न अवस्थाले भौतिक पूर्वाधार अपुग भई सेवा प्रवाहमा असर परेको छ ।

११.८. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन निर्माण कार्य २०७६।३।१५ भित्र सम्पन्न गर्ने गरी रु.१६ करोड २२ लाख ९५ हजारमा खरिद सम्झौता भएकोमा दोस्रो रनिङ बिलसम्मको रु.४ करोड ४७ लाख भुक्तानी भई सकेपछि निर्माण कार्य बन्द रहेको छ । प्रतिष्ठानको भवन निर्माण समयमा सम्पन्न नहुँदा लागत वृद्धि हुने र सेवा प्रवाहमा असर पर्ने स्थिति देखिएको छ ।

दीर्घकालीन नीति तय गरी बिरामीको चाप र सेवा विस्तारको आधारमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिन्छ ।

१२. **प्रयोगविहीन उपकरण** - स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएका देहायका मेसिनरी उपकरणहरु सम्बन्धित विशेषज्ञ तथा पूर्वाधार अभावका कारण उपयोग हुन नसकेकोले सेवा सञ्चालनमा असर परेको देखिन्छ भने उपकरण खरिदमा भएको खर्च उपलब्धिविहीन भएको छ:

अस्पतालको नाम	उपकरणको नाम	उपयोगमा नआएको विवरण	मूल्य र खर्च (रु हजारमा)
१. भक्तपुर अस्पताल	जेनेरेटर	२०७२।७३ मा खरिद गरेकोमा सञ्चालनमा नल्याई अस्पताल परिसरमा रहेको,	१०,४७
	फूल्ली एटोमेटेड एनलाइजर	२०७५।२।२१ मा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त भएको	नखुल्ने
	इण्डोस्कोपी मेसिन	बिग्रिएर सञ्चालनमा नरहेको	नखुल्ने
२. जिल्ला अस्पताल, गुल्मी	एक्सरे, सी.ओ.टू. सिलिण्डर	स्वास्थ्य सेवा विभागबाट प्राप्त भएको, जनशक्ति अभावले सञ्चालन नभएको,	३,३६
	इ.सी.जी. माइक्रोस्कोप लगायतका उपकरण	उपकरण मर्मत नभई तथा चिकित्सक अभावको कारण सेवा दिन नसकेको ।	नखुल्ने
३. शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर	ट्रान्सफरमर	२०७४।७५ मा खरिद भए तापनि जडान नभएको ।	१९,९९
४. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	१.५ टेस्ला एम.आर.आई. मेसिन	२०७४।७५ मा प्राप्त भएकोमा सञ्चालनमा नआएको ।	१०,६२,०२
	सी.टी. स्क्यान मेसिन	२०७४ भाद्रबाट बिग्रेको कारण बिरामीलाई अन्यत्र रेफर गर्नु परेको ।	नखुल्ने
५. वीर अस्पताल	२ भेन्टीलेटर	एक वर्षदेखि प्रयोग विहीन	नखुल्ने
६. धौलागिरी अञ्चल अस्पताल	यू.एस.जी., ई.सी.जी., इण्डोस्कोपी मेसिन	जनशक्तिको अभावले सञ्चालन नभएको	नखुल्ने

अस्पतालको नाम	उपकरणको नाम	उपयोगमा नआएको विवरण	मूल्य र खर्च (रु हजारमा)
७. महाकाली अञ्चल अस्पताल	आइ.सी.यू सम्बन्धी विभिन्न उपकरणहरु	३ वर्ष अगाडि आइ.सी.यू. सञ्चालनको लागि खरिद गरेकोमा सञ्चालन नगरेको	६९,१२
८. मालाखेती अस्पताल, कैलाली	एक्सरे मेसिन, इ.पी. ३००	स्वास्थ्य सेवा विभागबाट प्राप्त भएकोमा प्रिन्टर, सेफ्टीरुम अभावका कारण सञ्चालन नभएको	नखुल्ने
९. क्षेत्रीय मेडिकल स्टोर, बांके	सोलार प्यानल	हुम्ला र डोल्पाको लागि खरिद भएकोमा बांकेमा रहेको	१३,९६
१०. जाजरकोट अस्पताल	जी.ए. मेसिन तथा डिजिटल एक्सरे	मर्मत नभई सञ्चालन नभएको	नखुल्ने
११. बाजुरा अस्पताल	एक्सरे, बेवी वार्मर	विगत दुई वर्षदेखि बिग्रिएको	नखुल्ने
१२. राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र	एक्सरे १ र अल्ट्रासाउण्ड मेसिन १	२०६८।५।११ मा चीन सरकारबाट प्राप्त भएकोमा उपयोगमा नल्याएको	नखुल्ने

१२.१. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हेमोडाइलोसिसको लागि उपलब्ध १२ मेसिनमध्ये स्वास्थ्य सेवा विभागबाट गत वर्ष प्राप्त २ मेसिन सञ्चालन हुन नसकी भण्डारमा राखेको देखिन्छ । बाँकी १० मेसिनबाट दैनिक ३० जनालाई डाइलोसिस सेवा उपलब्ध गराए तापनि पर्याप्त मेसिन अभावका कारण सेवा प्रवाहमा कठिनाइ भइरहेको छ । स्वास्थ्य सेवा विभागबाट प्राप्त मेसिन शुरुवातदेखि नै सञ्चालन हुन नसकेकोले यसप्रकारको मेसिन खरिद स्वीकार गरी हस्तान्तरण गर्ने पदाधिकारी जिम्मेवारी हुनुपर्ने देखिएको छ ।

१२.२. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३ अप्रेसन थिएटर रहेकोमा शल्यचिकित्सा सेवाको लागि आवश्यक सि.आर्म २ मात्र रहेको, ओ.टी. टेबल अत्यन्तै पुरानो भएकोले सेवा प्रदान गर्न समस्या रहेको, बच्चाको विशेषज्ञ चिकित्सक भए तापनि शल्यक्रियाको लागि आवश्यक सामग्री अभावमा सेवा उपलब्ध नभएको, अप्रेशन थिएटरमा आर.आर.ट्रली, फ्ल्यास अटोक्लेभको अभाव रहेको देखियो । स्वास्थ्य सेवा विभागबाट प्राप्त अटोक्लेभ मेसिन गुणस्तरहीन भएकोले काम नलाग्ने भई प्रयोगविहीन अवस्थामा रहेकोले सेवा प्रवाहमा असर परेको छ ।

१२.३. धौलागिरी अञ्चल अस्पतालमा ४ हेमोडाइलोसिस मेसिन रहेकोमा २ मात्र सञ्चालन गरी हप्तामा ६ जनालाई सेवा उपलब्ध गराएको छ । मेसिनको अभावले २० जना प्रतीक्षा सूचीमा रहेका छन् । स्वास्थ्य सेवा विभागले २०७४।४।२६ मा रु.३६ लाख ९७ हजार मूल्यका २ हेमोडाइलोसिस मेसिन उपलब्ध गराएकोमा शुरुवात देखि नै मेसिन सञ्चालनमा नरहेकोले खरिद स्वीकार गरी हस्तान्तरण गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । त्यसैगरी नारायणी उपक्षेत्रीय अस्पताल, वीरगन्जमा आवश्यक मेसिनको अभाव र बिरामीको चापको कारण आवश्यक सेवा उपलब्ध हुन नसक्दा सेवा प्रवाहमा असर परेको छ ।

१२.४. एक आपूर्तकबाट विभागले अमेरिकी डलर ५६ हजार ३७८ मा खरिद गरी केन्द्रीय मेडिकल स्टोर, पथलैया पठाएको ७ हजार ५२७ वटा आइस प्याक भ्याक्सिन क्यारियर प्रयोगविहीन अवस्थामा पाइयो । आवश्यकता विश्लेषण नगरी सामान खरिद गर्ने जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ ।

१२.५. रगतसम्बन्धी विभिन्न परीक्षण गर्ने अमेरिकी डलर १ लाख ८२ हजार मूल्यको पी.सी.आर. मेसिन २०७४।८।२९ मा सेभ द चिल्ड्रेनबाट सहयोगमा प्राप्त भई शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको प्रयोगशाला भवनमा उपयोगविहीन अवस्थामा रहेको देखियो । यस सम्बन्धमा छलफल गर्दा उक्त मेसिन विधिवत हस्तान्तरण भई नआएकोले सञ्चालन नभएको जवाफ प्राप्त भएकोले आवश्यक प्रक्रिया पूरा गरी सञ्चालनमा ल्याउनुपर्दछ ।

१२.६. स्वास्थ्य सेवा विभागले देशभरका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाका उपकरण मर्मतसम्बन्धी सम्झौता गरेको र तोकिएको समयमा मर्मत कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । हेटौंडा अस्पतालमा रहेको ३०० एमए एक्सरे हाई भोल्टेज जेनेरेटर २०७४ फागुनदेखि बिग्रेको र बेबी वार्मर २ महिनादेखि बिग्रेकोमा हालसम्म मर्मत भएको देखिएन । उपर्युक्त स्थितिले सम्झौताका शर्तबमोजिम कार्य भएको देखिएन ।

१२.७. मेची अञ्चल अस्पतालको लागि स्वास्थ्य सेवा विभागबाट २०७४।१२।२ मा रु.३३ लाख ३६ हजार मूल्यको नवजात शिशु सघन उपचार कक्ष सञ्चालन गर्न उपकरण प्राप्त भएको भए तापनि जनशक्ति र स्थानको अभावले उपकरण जडान गरी प्रयोगमा ल्याएको छैन ।

१२.८. हेटौंडा अस्पतालको स्तरवृद्धि गर्न ३०० शय्या थप गर्ने क्रममा खरिद वा प्राप्त गरेका १० प्रकारका रु.२४ लाख ८३ हजार मूल्य बराबरको उपचारका उपकरणहरु नियोनेटल भेन्टिलेटरलगायत अस्पतालमा प्रयोगविहीनरुपमा भण्डारमा रहेको पाइयो । सो सामग्रीहरुमध्ये विभागबाट प्राप्त इन्प्यान्टोमिटरको मूल्य खुलेको देखिएन । विगतमा खरिद गरेका उपकरणको वारेण्टी ग्यारेण्टीको अवधि समाप्त हुने तर खरिद भएका सामान उपयोग नहुने स्थिति रहनु उचित देखिँदैन ।

१२.९. कान्ति बाल अस्पतालमा रहेको रु.४ करोड ५४ लाख मूल्यको सी.टी. स्क्यान मेसिन र जापान सरकारबाट प्राप्त डी.आर. मेसिन पटक पटक बिग्रने कारणले मासिक २ हजार २०० बिरामीलाई अन्यत्र पठाउनु परेको अवस्था छ ।

१२.१०. राप्ती अञ्चल अस्पतालमा विगतदेखि अर्थोपेडिक तथा आई.सी.यू. उपकरण र एन.आई.सी.यू., सी.टी. स्क्यान, इण्डोस्कोपी मेसिन रहेकोमा व्यवस्थापकीय कमजोरी र दक्ष जनशक्तिको अभाव देखाई विगत वर्षदेखि सञ्चालनमा नै ल्याएको छैन । सोसम्बन्धी सेवा उपलब्ध नगराई बिरामीलाई अन्यत्र सिफारिस गरेको पाइयो । यसैगरी रामपुर अस्पताल, पाल्पामा शल्यचिकित्सा सेवाको लागि उपकरणसहितको कक्ष रहे तापनि चिकित्सकको अभावमा सञ्चालन भएको छैन ।

१२.११. महाकाली अञ्चल अस्पतालको लागि अटोमेटेड हेमाटोलोजी एनालाइजर, इ.सी.जी. मेसिन, पेसेण्ट मोनिटर, ओ.टी. टेबुल, पोर्टेबल एक्सरे मेसिनसमेत ३१ प्रकारका उपकरण खरिद गर्न रु.२ करोड २५ लाख बजेट व्यवस्था भएको देखियो । अस्पतालमा प्रशासनिक तथा प्राविधिक कर्मचारी नभएको व्यहोरा उल्लेख गरी मन्त्रालयबाट खरिद व्यवस्था हुन २०७४।१२।२७ मा पत्राचार गरेकोमा मन्त्रालयले खरिद प्रक्रियासंग सम्बन्धित फाइल थप कारबाहीको लागि स्वास्थ्य सेवा विभागमा पठाएको देखियो । उक्त उपकरण स्वास्थ्य सेवा विभागले समेत खरिद नगरेको कारण यो वर्षको बजेट फ्रिज भएको छ । खरिदको व्यवस्थापन नगर्ने निकायहरु जिम्मेवार हुनुपर्दछ ।

१२.१२. यो वर्ष कोशी अञ्चल अस्पतालले १०० थान मेमोग्राफी खरिद गरी रु.४७ लाख ५८ हजार खर्च लेखेको छ । उक्त मेसिन सञ्चालनको लागि सी.आर. सिस्टम नभएको कारणले सञ्चालन हुन सकेको छैन । त्यसैगरी पी.सी.आर मेसिन राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त भएकोमा जनशक्तिको अभावको कारण देखाई सञ्चालनमा ल्याएको छैन । खरिद भएका मेसिन उपकरणको वारेण्टी ग्यारेण्टी अवधि समाप्त हुने तर सो सञ्चालनसम्बन्धी व्यवस्थापन नगर्दा सेवा प्रवाहमा असर परेको छ ।

१३. **दरबन्दी पदपूर्ति** -मन्त्रालयअर्न्तगत प्रशासनिक र स्वास्थ्य सेवाको २०७४।७५ को पदपूर्ति विवरण माग गर्दा प्राप्त नभए तापनि स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७३।७४ अनुसार ७७ जिल्लाका स्वास्थ्य तथा जनस्वास्थ्य कार्यालयअन्तर्गत ४५८ चिकित्सक, १३ हजार ७८५ पारामेडिक्स र ८ हजार ८१६ नर्सिङ स्टाफसमेत कुल २३ हजार ५७ दरबन्दी रहेकोमा क्रमशः चिकित्सक १९४, पारामेडिक्स ४ हजार १४६ र नर्सिङ्ग स्टाफ २ हजार ५९७ समेत ६ हजार ९३७ पद रिक्त रहेकोले नियमानुसार पदपूर्ति हुनुपर्दछ ।

त्यसैगरी जिल्लागत रुपमा अध्ययन गर्दा चिकित्सकको स्वीकृत दरबन्दी जाजरकोटमा १७ मध्ये ९, अछाममा ४ मध्ये २, दार्चुलामा ५ मध्ये २, डोटीमा ५ मध्ये ३, अर्घाखाँचीमा ६ मध्ये २, सप्तरीमा ३२ मध्ये २७ र महोत्तरीमा १२ मध्ये ४ रिक्त रहेको छ । प्यारामेडिक्सतर्फ ताप्लेजुङमा १६७, भोजपुरमा १९४, कालीकोटमा ९२, डोल्पामा ७४, बैतडीमा २०६ रहेकोमा क्रमशः ८०, १००, १९, ३० र ११० समेत ३३९ पदपूर्ति भएको छैन । नर्सिङतर्फ संखुवासभामा ८५, खोटाङमा १६२, गोरखामा १४८, डोल्पामा ५१, हुम्लामा ५७ दरबन्दी रहेकोमा क्रमशः ४१, ७३, ५७, ३४ र २० समेत २२५ पदपूर्ति भएको छैन । प्यारामेडिक्सतर्फ काठमाडौँमा २६७, रुपन्देहीमा २७६, ललितपुरमा १६६, चितवनमा १५८ र कास्कीमा १४५ दरबन्दी रहेकोमा क्रमशः २०, ४४, १५, २१ र ३१ समेत १३१ पद रिक्त रहेको देखिन्छ । चिकित्सक तथा पारामेडिक्स पदहरु रिक्त रहेको अवस्थामा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्न गएको छ । रिक्त पदहरु समयमा नै पूर्ति गरी स्वास्थ्य सेवा प्रवाहलाई चुस्त दुरुस्त तुल्याउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

१३.१. लेखापरीक्षणको क्रममा अस्पतालहरुमा चिकित्सकको दरबन्दीअनुसार पदपूर्ति नभएका केही उदाहरण निम्नानुसार छन्:

अस्पताल	स्वीकृत दरबन्दी			पदपूर्ति		
	चिकित्सक	पारामेडिक्स	नर्स	चिकित्सक	पारामेडिक्स	नर्स
इलाम अस्पताल	१६	१४	१४	८	१२	५
लुम्बिनी अञ्चल अस्पताल	९५	७४	१२३	६०	५४	९९
हेटौंडा अस्पताल	१५	१८	१०	६	११	६
भरतपुर अस्पताल	६६	४४	४०	४१	४४	३६
शुक्राराज ट्रपिकल तथा सरुवा रोग अस्पताल	१९	२६	५०	१२	३६	४८
बी.पी. कोइराला क्यान्सर अस्पताल	९७	११७	२५६	६९	५९	१५१
कलैया अस्पताल	१४	१०	१०	८	८	६
प्यूठान अस्पताल	१४	१६	११	५	४	७
महाकाली अस्पताल	२९	३३	१९	४	२५	१४
बेनी अस्पताल	१५	१४	१३	५	१३	११
शिवराज अस्पताल	३	४	७	२	३	६
गजेन्द्रनारायण अञ्चल अस्पताल	२६	१६	२१	८	१५	७

रिक्तमध्ये प्रमुख मेडिकल सुपरिण्टेण्डेण्ट, बालरोग विशेषज्ञ, वरिष्ठ कन्सल्टेण्ट सर्जन, अर्थोपेडिक सर्जन, रेडियोलोजिष्ट, साइकियाट्रिसियन, एनेस्थेसियोलोजिष्ट, जनरल फिजिसियन, फिजिसियन, मेडिकल ल्याव टेक्नोलोजिष्ट जस्ता विशेषज्ञ पदहरुको दरबन्दी रिक्त रहेको देखिन्छ ।

१३.२. महाकाली अञ्चल अस्पताल, कञ्चनपुरमा १७ चिकित्सकको स्वीकृत दरबन्दीमध्ये १४ रिक्त रहेका कारण ज्वरो, निमोनिया जस्ता बिरामीसमेत ८५८ जना अन्य अस्पतालमा सिफारिस गर्नु परेको देखियो । त्यसैगरी चिकित्सक तथा उपकरणको अभावमा गोरखा अस्पतालले यो वर्ष ९५४ जना र बेनी अस्पताल म्याग्दीले १ हजार ३३१ जना अन्यत्र सिफारिस गर्नु परेको छ ।

१३.३. शुक्राराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु, काठमाडौंमा चिकित्सकतर्फ १२ जनाको पदपूर्ति भए तापनि ४ जना विगतवर्षदेखि अध्ययन बिदामा रहेको देखिन्छ । त्यसैगरी गुल्मी जिल्ला अस्पतालमा स्वीकृत दरबन्दी अनुसारको पदपूर्ति नभई तथा दरबन्दीमा नियुक्त २ चिकित्सक अन्यत्र काजमा गएको, टीकापुर अस्पताल, कैलालीमा दक्षिण कोरियाको सहयोगमा ३ बेड क्षमताको भेन्टिलेटरसहितको आइ.सी.यू./ एन.आई.सी.यू. कक्ष तयार भए तापनि विशेषज्ञ चिकित्सक ९ मध्ये ८ दरबन्दी रिक्त रहेकोले सञ्चालन हुन नसक्दा प्रयोगविहीन अवस्थामा रहेको छ । रङ्गेली अस्पतालमा जनशक्तिको अभावमा रु.५ लाख खर्च गरिए पनि फार्मेसी सञ्चालन हुन नसकी रु.२ लाख मूल्यको औषधिको म्याद समाप्त भएको छ । जिल्ला स्वास्थ्य कार्यालय, सिराहाका प्रमुख चिकित्सक २०७४ वैशाखदेखि २०७४ चैत्रसम्म २८३ दिन काजमा रही कार्यालयमा ८२ दिनमात्र हाजिर रहेकोले स्वास्थ्य सेवा प्रभावित भएको छ ।

अत: दरबन्दीअनुसार पदपूर्तिको व्यवस्था मिलाई पदस्थापना भएको कार्यालयमा नै सेवा प्रदान गर्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४. **आइसोलेसन कक्ष** - उच्च संक्रमणजन्य रोगको उपचार हेपाफिल्टरसहितको सुरक्षित आइसोलेसन कक्षबाट गरिनुपर्दछ । शुक्राराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको लागि यो वर्षको वार्षिक कार्यक्रममा आइसोलेशन तथा आईसीयू वार्डसमेतका आवश्यक उपकरण रु.५९ लाख १६ हजारको ब्लड कल्चर मेसिन, फिजियोथेरापीलगायतका सामान खरिद गरेको देखियो । आइसोलेसन कक्षको लागि उपलब्ध स्थानलाई पार्टिसन गरी ४ बेडको कक्ष छुट्टयाए तापनि सञ्चालनमा रहेको छैन । सरुवा रोगको केन्द्रीय तथा रेफरल अस्पतालमा आइसोलेसन कक्षसम्म सञ्चालनमा नल्याउनु उपयुक्त देखिएन । संक्रमणजन्य बिरामीको लागि आइसोलेसन कक्ष नहुँदा थप जोखिम हुन सक्ने भएकोले आवश्यक जनशक्तिलगायत पूर्वाधारको व्यवस्था गरी आइसोलेसन कक्ष सञ्चालनमा ल्याउनुपर्दछ ।

१५. **सेवाको पहुँच** - अस्पतालको सेवा प्रभावकारी हुन अस्पतालले बिरामीलाई समयमै सेवा उपलब्ध गराउनुपर्दछ । बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरका बिरामीले शल्य चिकित्सा गर्न ३ महिनासम्म र भरतपुर अस्पतालमा ५ महिनासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ । कान्ति बाल अस्पतालमा हाइपोस्पेडिया, ट्रान्सनल पुल थ्रोग (आन्द्रामा नसा नभएको), कोलोस्टोमी क्लोजर, पाइलोप्लास्टी (मृगौला सुन्निएको), नेफ्रोलीथियासिस (मृगौलामा ढुङ्गा भएको) को शल्य चिकित्सा गर्न १ वर्षसम्म पालो पर्खनुपर्ने देखिएको छ । अस्पतालबाट २०७५ माघपछि शल्यक्रिया गर्नुपर्ने प्राप्त विवरण विश्लेषण गर्दा १ हजार ३० जना शल्यक्रियाको लागि प्रतीक्षामा रहेको अवस्था छ । त्यस्तै, वीर अस्पतालमा शल्यक्रियाको लागि ३ महिनासम्म पालो पखर्नुपर्ने अवस्था छ ।

अस्पतालहरुले शल्य चिकित्सक कक्ष, चिकित्सक, बिरामीसमेतको आधारमा शल्य चिकित्सासम्बन्धी दैनिक, मासिक र क्षेत्रगत तालिका तयार नगर्दा यसप्रकारको स्थिति देखिएको छ । अस्पतालको सेवा प्रभावकारी नभई लामो समय प्रतीक्षा गर्नु पर्दा बिरामी उपचारको लागि निजी अस्पतालमा जानुपर्ने अवस्था रहेकोले उपलब्ध स्रोत शल्य चिकित्सा कक्ष, शल्य चिकित्सकको उपलब्धताअनुसार अत्युत्तम उपयोग हुने गरी शल्य चिकित्साको समय तालिका तय गरी सेवामा सुधार गर्नुपर्ने देखिएको छ ।

१६. **चिकित्सकको उपस्थिति -** अस्पतालले गुणस्तरीय सेवा उपलब्ध गराउन चिकित्सकलगायतका सबै जनशक्ति तोकिएबमोजिमको समयमा अस्पतालमा उपस्थिति भएको हुनुपर्दछ । कान्ति बाल अस्पतालको २०७४ चैत्रमा २० चिकित्सक, बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको २०७५ भाद्रमा ७६ चिकित्सक, भरतपुर अस्पतालको २०७४ चैत्रमा ७९ चिकित्सकलगायत विभिन्न अस्पतालमा कार्यरत चिकित्सकको ई-हाजिरी परीक्षण गर्दा कतिपय चिकित्सकले आएको समय उल्लेख गरे तापनि फर्केको समय नजनाउने, तोकिएको समयसम्म अस्पतालमा नरहने लगायत विभिन्न अवस्था देखिएको छ । एकातर्फ अस्पतालमा चिकित्सकको स्वीकृत दरबन्दी पदपूर्ति नहुने र अर्कोतर्फ चिकित्सक तोकिएको समयमा अस्पतालमा उपस्थित नहुने अवस्थाले बिरामीले परीक्षण गराउन लामो समय प्रतीक्षा गर्नुपर्ने भई असहज भएको अवस्था छ । उपर्युक्त स्थितिले गुणस्तरीय सेवामा असर परेको देखिँदा आन्तरिक नियन्त्रणमा समेत सुधार गरी सेवा प्रवाहमा दक्षता ल्याउनुपर्ने देखिन्छ ।

१७. **रिएजेन्ट तथा केमिकल्स** - प्रयोगशालामा उपयोग हुने केमिकल्स तथा रिएजेन्टलगायतका वस्तु तोकिएको परिमाणबमोजिम अधिकतम उपयोग हुनुपर्दछ । त्यसैगरी अस्पतालले आन्तरिक नियन्त्रण प्रणाली सबल गरी अधिकतम उपलब्धि प्राप्त गर्न प्रयोगशालामा प्रयोग हुने सामग्रीको खेर जाने दर तोकी उपलब्धिको नर्म्स समेत स्वीकृत गर्नुपर्दछ । प्राप्त विवरणअनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा ६४ प्रतिशत, भरतपुर अस्पतालमा ४० प्रतिशत (भिटामिन बी १२), परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले ३० प्रतिशत र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा ४० प्रतिशतसम्म रिएजेन्ट तथा केमिकल्स खेर गएको स्थिति छ । खर्च नियन्त्रणलाई भरपर्दो बनाउन लाभ लागत दृष्टिकोणले रिएजेन्ट तथा केमिकल्स आपूर्तकलाई परीक्षण संख्याको आधारमा भुक्तानी गर्ने वा अन्य विकल्पसमेतलाई ध्यान दिई सोको व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

१८. **आकस्मिक सेवा** - स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० अनुसार अस्पतालमा जडित कुल शय्याको १० प्रतिशत शय्या आकस्मिक सेवाको लागि हुनुपर्ने मापदण्ड छ । मापदण्डअनुसार आकस्मिक कक्षमा ट्रायल रुमको व्यवस्था गरी बिरामीको बिरामीपनअनुसार आकस्मिक कक्षको व्यवस्था हुनुपर्दछ । मापदण्डअनुसार आकस्मिक शय्या सम्बन्धमा परीक्षण गर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) मा ४६० सञ्चालित शय्याअनुसार ४६ शय्या हुनुपर्नेमा ४४, भरतपुर अस्पतालमा सञ्चालित ६०० शय्याअनुसार ६० शय्या हुनुपर्नेमा १२, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५७० शय्याअनुसार ५७ शय्या हुनुपर्नेमा ३४ शय्या रहेको पाइयो । पाटन बाहेक अन्य अस्पतालमा ट्रायल रुमको व्यवस्था गरी बिरामीपनबमोजिम बिरामी वर्गीकरण गरेको पाइएन । तोकिएबमोजिम आकस्मिक कक्ष नहुँदा एउटै शय्यामा २।३ जना बिरामी राखेर सेवा प्रदान गर्ने गरेकोले मापदण्डअनुसार आकस्मिक शय्याको व्यवस्था गरी सेवा प्रवाह चुस्त बनाउनुपर्ने देखिन्छ ।

१९. **अनुगमन** - आफ्नो कार्य क्षेत्रभित्रका जनस्वास्थ्यसम्बन्धी संस्थाहरु तोकिएको प्रक्रिया पूरा गरी सञ्चालनमा रहे नरहेको अनुगमन गर्ने व्यवस्था छ । क्षेत्रीय स्वास्थ्य निर्देशनालय, मकवानपुरले यो वर्ष धनुषा जिल्लाका

स्वास्थ्य संस्थाको अनुगमन गरेकोमा १३ स्वास्थ्य संस्थामध्ये जनकपुरस्थित ९ पोलिक्लिनिक सञ्चालन अनुमति नै नलिई सञ्चालनमा रहेको अनुगमन प्रतिवेदनबाट देखिएको छ । सोही निर्देशनालयमा रहेको गुणस्तर नियन्त्रणसम्बन्धी २०७३।७४ को क्षयरोग (टी.बी.) सम्बन्धी प्रतिवेदन परीक्षण गर्दा १० स्वास्थ्य संस्थाले पोजिटिभ रिपोर्ट दिनुपर्नेमा नेगेटिभ उल्लेख गरेको र ३ संस्थाले नेगेटिभ उल्लेख गर्नुपर्नेमा पोजिटिभ दिएकोले गलत रिपोर्ट दिएको पाइयो । जसको कारण औषधि सेवन गर्न नपर्नेलाई औषधि दिनु परेको र औषधि सेवन गर्न पर्नेलाई औषधि नदिएको अवस्था सिर्जना हुनसक्ने जोखिम रहेको छ । जिल्ला जनस्वास्थ्य कार्यालय, नेपालगन्जको लेखापरीक्षण गर्दा ४ निजी अस्पताल र पोलिक्लिनिकको प्रयोगशालामा एकै समयको रगतको नमुना पठाएकोमा प्राप्त नतिजा विश्लेषण गर्दा स्वीकारोक्ति तहभन्दा फरक फरक नतिजा प्राप्त भएको छ । यसबाट प्रयोगशालाको गुणस्तरमा विश्वस्त हुने अवस्था देखिएन । दर्ता नभई प्रयोगशाला सञ्चालन गर्ने कार्य नियन्त्रण गर्न र स्वास्थ्य संस्थाको गुणस्तर सुनिश्चित गर्न नियमनकारी निकायले अनुगमनको दायरा विस्तार गर्नुपर्दछ ।

• औषधि भण्डार व्यवस्थापन

२०. **औषधि मौज्दात** - निःशुल्क रुपमा उपलब्ध गराउन घोषणा गरेका औषधि तथा औषधिजन्य सामानको खपत मौज्दातलाई आधार मानी आवश्यकताको पहिचान र सोअनुसार वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ । स्वास्थ्य सेवा विभागले स्वास्थ्य संस्थाको स्तरअनुसार स्वीकृत औसत मौज्दात परिमाण र आकस्मिक माग विन्दुसमेत तोकेको देखिन्छ । विभागले उपलब्ध गराएका औषधि व्यवस्थापनसम्बन्धी कार्यको आपूर्ति व्यवस्था सम्बन्धमा ३७ प्रकारका औषधि तथा औषधिजन्य सामग्रीको २०७५ आषाढको मौज्दात परीक्षण गर्दा ८ प्रकारका औषधि अधिकतम मौज्दात ११ देखि १५ महिनालाई पुग्ने हुनुपर्नेमा १४ देखि ८८ महिनालाई पुग्ने र १५ प्रकारका औषधिको न्यूनतम मौज्दात ६ देखि ११ महिनासम्मको लागि हुनुपर्नेमा १ महिनादेखि १० महिनालाई मात्र उपलब्ध गराउन सकिने गरी मौज्दात रहेको देखियो । औषधिको मौज्दात बढी हुँदा म्याद समाप्त भई अनावश्यक व्ययभार बढ्ने र न्यून हुँदा सेवा प्रवाहमा असर पर्न सक्ने जोखिम देखिँदा औषधि मौज्दात व्यवस्थापन कमजोर रहेको छ ।

२१. **औषधि न्यून मौज्दात -** स्वास्थ्य सेवा विभागले उपलब्ध गराएको विवरण अनुसार २०७५ आषाढ मसान्तको केही औषधि एट्रोभास्टाटिन २० एम.जी., कोल्ट्रिमाजोल पेसरी १०० एम.जी., क्लोक्सासिलिन १२५ एम.जी., इनालाप्रिल २.५ एम.जी., फ्लोक्सटाइन १० एम.जी., प्रलिडोक्सीन, इन्जेक्सन ५०० एम.जी.को मौज्दात परीक्षण गर्दा उक्त औषधिहरु केन्द्रीय तथा क्षेत्रीय मेडिकल स्टोरमा शून्य मौज्दात रहेको छ । त्यसैगरी ए.डी. सिरिञ्ज ०.०५ एम.एल., क्रोटिम टेब्लेट र भिटामिन ए समेत केन्द्रीय मेडिकल स्टोरमा मौज्दात शून्य रहेको छ ।

लेखापरीक्षणको क्रममा केही अस्पताल तथा स्वास्थ्य संस्थाको निरीक्षण तथा २०७५ को जिन्सी खाता परीक्षण गर्दा उदयपुर अस्पतालमा क्लोरोमफेनिकललगायत १५ प्रकारका, जिल्ला जनस्वास्थ्य कार्यालय, दार्चुलामा सिफ्रोफ्लोसिसिलिनलगायत ९ प्रकारका, कञ्चनपुरमा मेट्रोनिडाजोललगायत ४७ प्रकारका, पाल्पामा ३३ प्रकारका, पाँचथरमा पारासिटामोललगायत १० प्रकारका औषधि शून्य मौज्दात रहेको, जिल्ला अस्पताल, स्याङ्जामा २०७५।८।१२ मा जिन्सी निरीक्षण गर्दा जीवनजल, एम्पिसिलिनलगायत ११ प्रकारको औषधिको मौज्दात शून्य रहेको छ । त्यसैगरी मनाङमा जीवनजल अभावका कारण कार्यालयले खरिद गरी खर्च लेखेको छ । विभागले अर्घाखाँची, सोलुखुम्बु, रामेछाप, पर्सालगायतका जिल्ला स्वास्थ्य कार्यालय तथा स्वास्थ्य चौकीको अनुगमन गर्दा एमोक्सीसीलीन, मेट्रानिडाजोललगायतका औषधि अत्यन्त न्यून रुपमा रहेको उल्लेख गरेको छ । औषधिको आवश्यकता र मौज्दातअनुसार आपूर्ति व्यवस्थापन नगरेकोले स्वास्थ्य सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ ।

यसैगरी बाल स्वास्थ्य महाशाखाअन्तर्गत गाभी (ग्लोबल एलाइन्स फर भ्याक्सिन एण्ड इम्युनाइजेसन फण्ड) बाट प्राप्त हुने रु.२१ करोड ५० लाख मूल्यको खोपमध्ये रु.२ करोडको आइ.पी.भी. भ्याक्सीन ५३ हजार ५४० भायल प्राप्त भएको छैन । मापदण्डअनुसार औषधि आपूर्ति र मौज्दात व्यवस्थापन कार्य प्रभावकारी बनाउनुपर्दछ ।

२२. **म्याद नाघेका औषधि** - सरकारले निःशुल्क उपलब्ध गराउन घोषणा गरेका तथा अन्य औषधिसमेत उपयोग गर्न सकिने गरी व्यवस्थापन गर्नुपर्दछ । यो वर्ष औषधिको मौज्दात परीक्षण गर्दा पाल्पा अस्पतालमा ४, प्युठानमा ४, धौलागिरी अस्पतालमा ५, जिल्ला स्वास्थ्य कार्यालय, रामेछापमा ८, धनकुटामा २४, नवलपरासीमा ७, डोटीमा ६, दैलेखमा ३, मुस्ताङमा १४ प्रकारका औषधिको म्याद समाप्त भएको देखिएको छ । त्यसैगरी रामकुमार उमाप्रसाद स्मारक अस्पताल, लहानमा इन्जेक्सन आर.एल. ६०० बोटलको म्याद २०१९ अप्रिलसम्म भएकोमा क्षेत्रीय मेडिकल स्टोर, विराटनगरबाट प्राप्त उक्त औषधि ढुसी लागी प्रयोगविहीन अवस्थामा रहेको छ । माथि उल्लेख गरिएका जिल्लाको अतिरिक्त अन्य स्वास्थ्य संस्थामा समेत म्याद समाप्त भएका औषधि रहेको देखिन्छ । एकातर्फ जीवनजलको म्याद समाप्त भएको र अर्कोतर्फ सोही औषधिको अभाव भई जिल्लाले नै खरिद गर्नु परेको देखिन्छ । उपर्युक्त स्थितिले औषधि व्यवस्थापन पक्ष सबल देखिएन । औषधि व्यवस्थापन कार्यमा थप सुधार गर्नुपर्दछ ।

२३. **निःशुल्क औषधिको सूची -** अत्यावश्यक प्राथमिक सेवा गुणस्तरीय एवं प्रभावकारी रुपमा उपलब्ध गराउन आर्थिक वर्ष २०६४।६५ देखि स्वास्थ्य सेवा विभागले ७० प्रकारका औषधि निःशुल्क वितरणको कार्यक्रम शुरु गरेको छ । त्यसरी उपलब्ध गराएको औषधि गुणस्तरीय र सुरक्षित हुनुपर्दछ । अनुसूचीमा उल्लेख गरिएका औषधिको गुणस्तर र त्यसको असर सम्बन्धमा स्वास्थ्य विज्ञसँग छलफल गर्दा हाल अनुसूचीमा उल्लेख गरेका औषधिभन्दा बढी सुरक्षित र प्रभावकारी औषधि बजारमा उपलब्ध भएकोले सूचीमा परिमार्जन गर्नुपर्ने जानकारी प्राप्त भएको छ । औषधि वितरण सूचीमा समावेश औषधिको थप अध्ययन र विश्लेषणद्वारा सो सूचीलाई अद्यावधिक गरी अत्यावश्यक एवं प्राथमिक स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

२४. **फार्मेसी सञ्चालन** - स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्न र दक्ष जनशक्तिमार्फत अस्पतालहरुबाट आफ्नै फार्मेसी सञ्चालन गरी बिरामी एवं सेवाग्राहीलाई सुलभ तथा गुणस्तरीय सेवा पुऱ्याउन नेपाल सरकारले फार्मेसी सेवा निर्देशिका, २०७२ जारी गरी लागू गरेको छ । बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवन, महाकाली अञ्चल अस्पताल, सुनसरी जिल्ला अस्पताललगायतका अस्पतालले यो वर्ष पनि फार्मेसी सेवा सञ्चालन गरेका छैनन् । फार्मेसी सेवा सञ्चालन गरेका अस्पतालमा समेत निर्देशिकाबमोजिम सुलभ रुपमा सबै प्रकारका औषधि नभएको, नाफा नोक्सान देखिने गरी वित्तीय विवरण तयार नगरेको, प्रत्येक महिनाको बिक्रीको १० प्रतिशत र वर्षान्तमा नाफाको ९० प्रतिशत अस्पतालको मूल खातामा जम्मा नगरेको, अन्तिम मौज्दातको भौतिक निरीक्षण गरी मौज्दात यकिन नगरेको, फर्मेसीको लागि दक्ष जनशक्ति व्यवस्थापन नभएको जस्ता अवस्था देखिएका छन् । निर्देशिकाका प्रावधान कार्यान्वयन गरी सेवा प्रवाह प्रभावकारी गराउनुपर्दछ ।

निर्देशिकाको बुँदा १७ मा विशेष औचित्य भएकोमा बाहेक बिरामीलाई खास ब्राण्ड तोकी औषधि सिफारिस गर्न नहुने उल्लेख छ । भरतपुर, कान्ति बाल, शुक्रराज ट्रपिकल, परोपकार प्रसूति तथा स्त्रीरोग, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रलगायतका अस्पतालको प्रेष्क्रिप्सनको नमुना परीक्षण गर्दा ब्राण्ड तोकी औषधि सिफारिस गरेको देखियो । निर्देशिकाको प्रावधान पालना गर्नुपर्दछ ।

२५. **फोहोरमैला व्यवस्थापन -** अस्पतालको सेवा प्रवाह चुस्त हुन अस्पताल परिसरको वातावरण स्वच्छ हुनुपर्दछ । अस्पतालबाट निस्कने फोहोरलाई कुहिने नकुहिने गरी व्यवस्थित गर्नुपर्नेमा कान्ति बाल अस्पताल, भरतपुर अस्पताललगायतका अस्पतालले अस्पतालजन्य उत्पादित फोहोरको व्यवस्थापन प्रभावकारी रुपमा गर्न सकेको पाइएन । त्यसैगरी अस्पतालभित्र शौचालयमा पर्याप्त पानी, साबुन नभएको, शौचालयका ढोका समेत बिग्रिएको अवस्थाले बिरामी तथा आगन्तुकलाई थप कठिनाइ भएको अवस्था छ । अस्पतालमा थप संक्रमण नहुने गरी सफाइको व्यवस्थापन हुनुपर्दछ ।

यो वर्ष कान्ति बाल अस्पतालमा सरसफाइको लागि ५५ जना कामदार आपूर्ति गर्न रु.७६ लाख ९८ हजारको सम्झौता भएको छ । सरसफाई स्थितिको स्थलगत निरीक्षण गर्दा ओ.पी.डी. अगाडिको शौचालय जाम भई दुर्गन्धित रहेको, अस्पतालको पश्चिमपट्टि फोहरको डम्पिङ्ग रहेकोले सरसफाई कार्य व्यवस्थित भएको देखिएन ।

२६. **वैदेशिक सहयोग -** नेपालको संविधान, २०७२ धारा ११६ मा नेपाल सरकारलाई प्राप्त हुने जुनसुकै रकम अन्य कुनै व्यवस्था नगरिएमा संघीय सञ्चितकोषमा जम्मा हुने र विनियोजन ऐनबाट खर्च गर्ने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा २७(२) बमोजिम कार्यालयमा प्राप्त भएको वा हुने वैदेशिक सहायतालाई वार्षिक कार्यक्रम तथा बजेटमा प्रतिविम्बित गराई आम्दानी खर्च गर्नुपर्ने प्रावधान छ । वैदेशिक सहायताको प्रभावकारितासम्बन्धी पेरिस सिद्धान्तले नीतिगत आवद्धता हुनुपर्ने र वैदेशिक सहायता परिचालन यथासम्भव राष्ट्रिय प्रणालीमार्फत हुनुपर्ने प्रणालीगत आबद्धतालाई जोड दिएको छ । विकास सहायता नीतिको प्रकरण २.२.९ ले "विकास सहायता राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गरिने र यस्ता सबै सहायताको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।" भनी नीतिगत स्पष्टता दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२६.१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत ग्लोबल फण्डबाट एच.आई.भी. एड्स, टी.बी. तथा मलेरिया रोग नियन्त्रण कार्यक्रमका लागि नगद अनुदान प्राप्त हुने गरेको छ । ग्लोबल फण्डबाट प्राप्त हुने अनुदान स्वास्थ्य मन्त्रालयअन्तर्गतका निकायहरुबाट रोग नियन्त्रण कार्यक्रम सञ्चालनमा उपयोग हुँदै आएकोमा सोबमोजिम कार्यान्वयन नगरी मन्त्रालय, ग्लोबल फण्ड र सेभ द चिल्ड्रेनबीचको त्रिपक्षीय सम्झौताबमोजिम सेभ द चिल्ड्रेनले मन्त्रालयको सट्टामा प्रमुख प्राप्तिकर्ता भई कार्य गरिरहेको छ । यस सम्बन्धमा अर्थ मन्त्रालयको २०७५।२।२१ को पत्रमा मन्त्रालय मुख्य प्राप्तिकर्ता हुन योग्य हुन नसकेकोले सेभ द चिल्ड्रेनमार्फत कार्यान्वयन गर्ने विकल्प अवलम्बन गर्ने गरी सम्झौता भएको पाइयो । सरकारी निकायहरुले समयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेको, अमान्य खर्च र बेरुजू धेरै रहेको, वित्तीय अनुशासन कमजोर रहेको जस्ता कारणहरुबाट दातृ निकायको दृष्टिकोणमा कार्यक्रम सञ्चालन गर्न सक्षम मानिन नसकेको जानकारी हुन आएको छ । सरकारी निकायको कमी कमजोरीका कारण उपर्युक्त अवस्था सिर्जना हुनु मनासिब देखिएन । सेभ द चिल्ड्रेनले सन् २०१५, २०१६ तथा सन् २०१७ मा यसरी प्रमुख प्राप्तिकर्ता भई कार्य सम्पन्न गरिसकेको देखिन्छ । यस प्रक्रियाबमोजिम कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित औषधि, उपकरण खरिद, जनशक्ति परिचालन, सेवा प्रवाह र भुक्तानी लेखा प्रतिवेदन, लेखापरीक्षण लगायत सम्पूर्ण कार्य सेभ द चिल्ड्रेनमार्फत हुने गरेको छ ।

२६.२. राष्ट्रिय क्षयरोग केन्द्र, इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा र राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र अन्तर्गत सन् २०१७ मा अमेरिकी डलर १ करोड ८० लाख २३ हजार रातो किताबमा समावेश गर्ने गरी र २ करोड ५० लाख ९ हजार प्राविधिक सहायताको रुपमा सेभ द चिल्ड्रेनले प्रयोग गर्ने गरी जम्मा ४ करोड ३० लाख ३२ हजार अमेरिकी डलरको सम्झौता भएको पाइयो । यसरी वैदेशिक सहायता प्राप्त गर्ने मुलुकको संयन्त्रमार्फत परिचालन र नेपालको संविधान र आर्थिक कार्यविधि नियमावली विपरीत संघीय सञ्चितकोषमा जम्मा नगरी कुल ग्लोबल फण्डबाट प्राप्त हुने रु.४ अर्ब ७३ करोड ९ लाख ३८ हजार सरकारी संयन्त्रभन्दा बाहिर सेभ द चिल्ड्रेनमार्फत खर्च गर्ने व्यवस्था गरेको छ । राष्ट्रिय क्षयरोग केन्द्रबाट यसवर्ष वस्तुगत सहायता रु.१ करोड ७३ लाख ३ हजार, फस्ट लाइन र सेकेण्ड लाइन औषधि खरिद सोझै भुक्तानी रु.१५ करोड ६३ लाख ५५ हजार, प्रिभिलेन्स सर्भे रु.१० करोड १७ लाख ६६ हजार र ५ वटा गैरसरकारी संस्थालाई भुक्तानी रु.१० करोड ६४ लाख ४३ हजारसमेत रु.३८ करोड १८ लाख ६७ हजार, राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रतर्फ रु.४० करोड ११ लाख २७ हजार, इपिडिमियोलोजी महाशाखातर्फ रु.४ लाख ३२ हजार र महाशाखामार्फत विभिन्न जिल्ला जनस्वास्थ्य कार्यालय गएको रु.१ करोड ५३ लाख १५ हजार तथा वस्तुगत सहायता रु.१९ करोड ९२ लाख १४ हजारसमेत रु.२१ करोड ४९ लाख ६१ हजारको विनियोजित बजेट सेभ द चिल्ड्रेन मार्फत कार्यान्वयन गरेको छ । वैदेशिक सहायताको कार्यान्वयन सरकारी निकायबाट गराउने व्यवस्था मिलाई महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्दछ ।

२७. **लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा विनियोजन बजेटमा समावेश भएको खर्चको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्नेमा निम्नानुसारको खर्चको स्रेस्ता लेखापरीक्षणका लागि पेस भएन:

२७.१. दातृ निकायबाट प्राप्त भएको खर्चको विवरण र सूचनाको आधारमा बाल स्वास्थ्य महाशाखाले ६ दातृ निकायबाट प्राप्त रु.४३ करोड ६५ लाख ९६ हजार र इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखले सोझै

भुक्तानीतर्फको रु.४६ करोड ३० लाख ३६ हजार खर्चको विवरण उपलब्ध गराएकोमा लेखापरीक्षण गराएका छैनन् ।

२७.२. वस्तुगत सहायता प्राप्त भएको देखाई बाल स्वास्थ्य महाशाखाले रु.२७ करोड ५७ लाख ९९ हजार, राष्ट्रिय एड्स तथा यौनरोग केन्द्रले रु.३० करोड २० लाख ३४ हजार, ईपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाले रु.१९ करोड ९२ लाख १४ हजार र राष्ट्रिय क्षयरोग केन्द्रले रु.१ करोड ७३ लाख ४ हजारसमेत रु.७९ करोड ४३ लाख ५१ हजार समावेश गरी वित्तीय विवरण तयार गरेकोमा वस्तुगत सहायता प्राप्त गर्ने सम्झौतालगायत स्रेस्ता कागजात तयार गरी लेखापरीक्षण गराउनुपर्दछ ।

२७.३. राष्ट्रिय क्षयरोग केन्द्रले बजेटमा समावेश भएको रु.१५ करोड ६३ लाख ५५ हजार मूल्य बराबरका औषधि जिन्सी आम्दानी देखाए तापनि आर्थिक विवरणमा समावेश नगरेको समेत रु.३६ करोड ४५ लाख ६४ हजारको लेखापरीक्षण गराएको छैन ।

स्वास्थ्य सेवा विभाग

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्य सेवाको पहुँचमा स्तरोन्नति गर्न पोषण, विस्तारित खोप, औषधि एवं उपकरणहरु देशभरका विभिन्न स्वास्थ्य संस्थामा सहज रुपमा आपूर्तिको व्यवस्था मिलाउने लगायतका कार्य गर्न विभागको स्थापना भएको हो ।

२८. **सहायताको उपयोग -** विभागअन्तर्गत ६ महाशाखाको लागि यो वर्ष रु.१ अर्ब ७२ करोड १९ लाख वैदेशिक सहायतातर्फ विनियोजितमध्ये रु.७६ करोड ९२ लाख (४४.६७ प्रतिशत) खर्च भएको छ । वैदेशिक सहायताको उपयोगमा कमी देखिएकोले सोको कारण पहिचान गरी उपयोगमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२९. **खोप उपयोग -** विभागले निःशुल्क रुपमा बालबालिकाहरुलाई उपलब्ध गराउँदै आएको खोप सम्भव भएसम्म खेर नजाने गरी लगाउने व्यवस्था गर्नुपर्दछ । विभिन्न स्वास्थ्य संस्था तथा स्वास्थ्य केन्द्रहरुले आफ्नै तवरबाट खोप कार्यतालिका बनाएको पाइयो । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष खोप लिएको संख्या र सोको लागि खेर गएको खोपको संख्या देहायअनुसार छः

खोपका नाम	खोप लगाएको (संख्या)	खोप खर्च भएको (संख्या)	खोप खेर गएको (संख्या)	खेर गएको प्रतिशत
बी.सी.जी.	५७३७९६	२४७९३१२	१९०५५१६	३३२.०८
डी.पी.टी.	१५९२७६८	२०२४४९२	४३१७२४	२७.१
दादुरा रुवेला	९१६५३५	१७९४११७	८७७५८२	९५.७५
पोलियो ओ.पी.भी.	१६०२६८२	२०५८३००	४५५६१८	२८.४३
जे.ई.	४९२०१७	८८१३७६	३८९३५९	७९.१३
टी.डी.	७९३१०१	११८२४४४	३८९३४३	४९.०९
पी.सी.भी.	१५७४४१५	१७६२२९५	१८७८८०	११.९३

वैदेशिक मुद्रामा खरिद हुने खोपको मात्रा बढी खेर गएको स्थितिले मितव्ययी र कुशल रुपमा कार्यक्रम सञ्चालन नभएको अवस्था छ । खोपको डोज खोलिसके पश्चात् निश्चित अवधिमा उपयोग गर्नुपर्ने र डोजअनुसार उपयोग हुन नसकेमा स्वतः खेर जाने कारण खेर जाने दर बढी भएको स्वास्थ्य संस्थाले उल्लेख गरेका छन् । खोप लिने तालिकामा उचित व्यवस्थापन मिलाई खेर नजाने गरी प्रयोग गर्नुपर्दछ ।

३०. **औषधि खरिद -** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाले २०७४।५।१४ मा निःशुल्क स्वास्थ्यको लागि अत्यावश्यक औषधि खरिद गर्न रु.९६ करोड ५६ लाख २४ हजारको लागत अनुमान गरी औषधि खरिद योजना आपूर्ति महाशाखामा पठाएको देखियो । सो खरिद योजनाअनुसार यो वर्ष औषधि खरिद गर्न रु.५८ करोड ५६ लाख ७० हजारको सम्झौता भएको छ । स्वास्थ्य सेवा विभागले २०७४।५।२९ मा स्वीकृत गरेको वार्षिक खरिद योजनाअनुसार २९ प्रकारका औषधिहरु २०७४।७५ मा आपूर्ति गर्ने उल्लेख छ ।

समयमा खरिद व्यवस्थापन हुन नसकेको, प्राविधिक रुपमा बोलपत्र स्वीकार नभई पुनः बोलपत्र आह्वान गर्नु परेको लगायतका कारणबाट वार्षिक खरिद योजनाअनुसार यस वर्ष खरिद कार्य सम्पन्न हुनुपर्नेमा खरिद सम्झौतामध्ये रु.१० करोड १७ लाख ८२ हजार मूल्यको औषधि मात्र यो आर्थिक वर्षमा प्राप्त भएको छ । यो प्राप्ति खरिद सम्झौताको १७ प्रतिशतमात्र हुन आउंछ । त्यसैगरी आपूर्ति सम्झौता भएका २९ प्रकारका औषधिमध्ये २०७५।७।१८ सम्म ८ प्रकारका औषधि मात्र पूरै आपूर्ति भएको, ८ प्रकारका औषधि आंशिक रुपमा मात्र आपूर्ति भएको र १३ प्रकारका औषधि प्राप्त नै नभएको अवस्था छ । यसबाट नागरिकले प्राप्त गर्नुपर्ने निःशुल्क औषधि प्राप्त नभई सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने देखिन्छ । वार्षिक खरिद योजनाअनुसार औषधि खरिद गर्न स्वास्थ्य सेवा विभागले ध्यान दिनुपर्दछ ।

३१. **ओरल रिहाइड्रेशन साल्ट -** स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले १ करोड पकेट ओरल रिहाइड्रेसन साल्ट (जीवनजल) खरिद गर्न एक आपूर्तकसँग २०७४।३।७ देखि २०७४।१२।४ सम्म ४ लटमा प्रति लट २५ लाख प्याकेट आपूर्ति गर्ने गरी २०७३।१२।१० मा रु.६ करोड १ लाखको सम्झौता गरेको देखियो । आपूर्तकले २०७५।३।१४ मा १५ लाख ५ हजार प्याकेट र २०७५।३।८ मा ६ लाख २२ हजारसमेत पहिलो शिपमेन्टको २१ लाख २७ हजार प्याकेट मात्र आपूर्ति गरेको देखिन्छ । आपूर्ति गरेको परिमाणको मूल्य रु.१ करोड २७ लाख ८३ हजारको ८० प्रतिशत भुक्तानी गर्दा पूर्वनिर्धारित क्षतिपूर्तिबापत १० प्रतिशतले हुने रु.६० लाख १० हजार कट्टी गरी भुक्तानी गरे तापनि तत्पश्चात् बाँकी ७८ लाख ७३ हजारको ओरल रिहाइड्रेसन साल्ट आपूर्ति भएको छैन । साथै २०७५।३।८ देखि म्याद थप समेत भएको देखिएन । विभागले उपलब्ध गराएको आपूर्ति व्यवस्थापन सूचना प्रणालीअनुसार उक्त औषधिको मौज्दात न्यूनतम ९ महिनाको लागि पुग्ने गरी व्यवस्थापन गर्नुपर्नेमा २०७५ आषाढ मसान्तको देशभरको मौज्दातले ३ महिनासम्म मात्र पुग्ने गरी न्यून मौज्दात देखिएको छ । त्यसैगरी केन्द्रीय मेडिकल स्टोर, पथलैया र क्षेत्रीय मेडिकल स्टोर, धनगढीमा २०७५ आषाढ मसान्तको मौज्दात शून्य रहेको अवस्था छ । विभागले पछिल्लो पटक आपूर्ति गर्न २०७५।२।१५ मा पत्राचार गरे तापनि आपूर्ति गरेको छैन ।

पहिलो शिपमेन्टको आपूर्ति गर्ने अवधि १४ महिनासम्म ढिलो भएको अवस्थाले उक्त औषधिको अभावको कारण स्वास्थ्य संस्थाले बढी मूल्यमा खरिद गर्न सक्ने अवस्था रहेको छ । गत वर्षको वार्षिक कार्यक्रमअनुसार खरिद हुनुपर्ने अत्यावश्यक औषधि यो आर्थिक वर्षमा समेत आपूर्ति नहुनुले आपूर्ति व्यवस्थापन पक्ष कमजोर रहेको भई निःशुल्क वितरण गर्नुपर्ने औषधि अभावले सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने देखिएको छ । औषधि आपूर्तिमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

३२. **पारासिटामोल सस्पेन्सन -** विभागले पारासिटामोल सस्पेन्सन ६० एम.एल. १२५ एम.जी. १३ लाख ६४ हजार बोटल विभिन्न ३ लटमा ७ महिनाभित्र आपूर्ति गर्न एक आपूर्तकसँग १९ जनवरी २०१८ (२०७४ माघ ५) मा सम्झौता गरेको देखियो । आपूर्तकले कच्चा पदार्थ आपूर्ति गर्न भारतीय सरकारको नीति परिवर्तन र सीमा क्षेत्रमा जाम भएको कारण खुलाई म्याद थपको लागि निवेदन दिएकोमा पहिलो लटको ३ लाख ६४ हजार बोटलको शुरु म्याद १९ मे २०१८ लाई परिवर्तन गरी १७ अगष्ट २०१८ र दोस्रो लट ५ लाख बोटलको शुरु म्याद ३ जुलाई २०१८ लाई परिवर्तन गरी ३ सेप्टेम्बर २०१८ कायम गरेको छ । विभागले सो अवधिमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी २०७५।३।२२ मा म्याद थप गरे तापनि तत्पश्चात् औषधि आपूर्ति गर्न थप कारवाही अगाडि बढाएको समेत देखिएन । म्याद थप गर्दा आपूर्ति व्यवस्थापन सूचना प्रणालीअनुसार २०७५।३।२० मा उक्त औषधिको मौज्दात अवस्था ज्यादै न्यून रहेको देखिन्छ । सो अवधिमा कास्की र मुगु जिल्लाभर उक्त औषधिको मौज्दात शून्य रहेको देखिन्छ । बालबच्चाको स्वास्थ्यसँग सम्बन्धित अत्यावश्यक औषधिको सूचीमा वर्गीकृत उक्त औषधिको अभाव हुनुले औषधि व्यवस्थापन कार्य संवेदनशील रुपमा सञ्चालन भएको देखिएन । सम्झौताको शर्तबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिई आपूर्ति गर्नु गराउनुपर्दछ ।

३३. **डक्सीसाइक्लिन क्याप्सुल -** स्वास्थ्य सेवा विभाग र दुई आर्पूतक बीच डोक्सीसाइक्लिन क्याप्सुल १०० एम.जी. को २ करोड क्याप्सुल सम्झौता मितिले १५० दिनभित्र दुई लटमा आपूर्ति गर्न २८ फेब्रुअरी र मार्च २२, २०१७ मा रु.२ करोड ६८ लाखको सम्झौता भएको देखिन्छ । सम्झौताको बुँदा नं. २५.२ मा औषधिको मापदण्ड डब्लु.एच.ओ. जी.एम.पी. सर्टिफाइड हुनुपर्ने उल्लेख छ । आपूर्तकले २०७४।७।२६ मा यस्ता प्रकारका कच्चा पदार्थ पाउन असमर्थ भएकोले सी.जी.एम.पी. सर्टिफाइड कच्चा पदार्थ प्रयोग गर्न पत्राचार गरेको छ । औषधि व्यवस्था विभागले परिवर्तन गर्न नमिल्ने राय दिए पश्चात् सम्झौताको शर्त संशोधन

गरिएको छैन । तत्पश्चात् २०७५।२।११ को निर्णयबमोजिम सम्झौताबमोजिमकै टेक्निकल स्पेसिफिकेसनमा भएको प्रावधान नै फरक नपर्ने गरी एक महिनाभित्र औषधि आपूर्ति गर्न आपूर्तकलाई जानकारी गराएको देखिन्छ । आपूर्ति व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कबमोजिम २०७५ आषाढ मसान्तमा क्षेत्रीय मेडिकल स्टोर, नेपालगन्ज, हेटौंडा, विराटनगर, बुटवल तथा केन्द्रीय मेडिकल स्टोर, पथलैयामा उक्त औषधिको मौज्दात शून्य रहेको देखिन्छ । सम्झौताको शर्तबमोजिम २०७४।५।१ भित्र आपूर्ति भइसक्नुपर्ने उक्त औषधि लेखापरीक्षण अवधि २०७५।५।४ सम्म आपूर्ति भएको देखिएको छैन । सम्झौताको शर्त बमोजिम आपूर्ति कार्य गर्नु गराउनुपर्दछ ।

३४. **सम्झौताको अन्त -** विभाग र एक आपूर्तकबीच २१ सेप्टेम्बर २०११ मा निःशुल्क वितरण गरिने कम्पाउण्ड सोडियम र भिटामिन बी कम्प्लेक्स खरिद गर्न रु.२० करोड ९६ लाख ८२ हजारमा ३ वर्षभित्र आपूर्ति गर्ने गरी सम्झौता भएको देखिन्छ । भिटामिन बी कम्प्लेक्स ३४ करोड ८४ लाख ५० हजार ट्याबलेटमध्ये १८ करोड ७४ लाख १९ हजार ट्याब्लेट सप्लाई गर्न बाँकी रहेकोमा आपूर्तिकर्ताको पेस्की रु.१ करोड ६८ लाख ६७ हजार बराबरको औषधिमात्र माग गर्ने निर्णय गरी ३ करोड ७४ लाख ८३ हजार ट्याब्लेट मात्र आपूर्ति गरी सम्झौता अनुरुपको रु.६ करोड ७४ लाख बराबरको १४ करोड ९९ लाख ३५ हजार ७०० ट्याब्लेट औषधि आपूर्ति नै नगरी विभागको २०७४।५।८ को निर्णयले सम्झौता अन्त गरेको छ ।

यसरी २१ सेप्टेम्बर २०११ मा ३ वर्षको लागि भएको सम्झौतामा ३८ करोड ८४ लाख ५० हजार चक्की औषधि खरिद गर्ने उल्लेख भएकोमा सो औषधि २०७४।७५ देखि निःशुल्क औषधिको लिष्टबाट हटाइएको छ । सो आपूर्तिकर्ताले सन् २०१४ फेब्रुअरी २८ भित्र सामान आपूर्ति गर्नुपर्नेमा अधिक मौज्दात भएको जनाई दोस्रो लटको आंशिक र तेस्रो लटको सम्पूर्ण औषधि आपूर्ति नगरेकोमा सोही अवस्थामा ठेक्का टुंग्याउने निर्णय भएबाट औषधि खरिदको आवश्यकता पहिचान र खरिद व्यवस्थापन उपयुक्त र यथार्थ तवरले गरेको देखिएन । सो औषधि निःशुल्क औषधिको सूचीबाट हटेको अवस्थामा समेत आपूर्तकलाई दिएको पेस्की असुल नगरी पेस्की रकमले खाम्ने बराबरको औषधि थेरापेटिक प्रयोगको लागि आपूर्ति गराउने र ठेक्का अन्त गर्ने निर्णयले औषधि आपूर्ति व्यवस्थापन कार्य कमजोर देखिएकोले सुधार हुनुपर्दछ ।

३५. **भेन्टिलेटर आपूर्ति -** खरिद सम्झौताअनुसार आपूर्तकले आपूर्ति तथा जडान गरी सञ्चालन सफ्टवेयर प्रोग्राम, अपरेसन सफ्टवेयर प्रयोगको लागि उपलब्ध गराउनुपर्दछ । तर भन्सार दस्तुर, मूल्य अभिवृद्धि कर तथा मेसिनरीको मूल्यसमेत रु.६ करोड ६२ लाख ३३ हजार रहेका उपकरणहरु सम्झौताअनुसार मेची अञ्चल अस्पताल, जनकपुर अञ्चल अस्पताल, लुम्बिनी अञ्चल अस्पताल, उपक्षेत्रीय अस्पताल डडेल्धुरा, उपक्षेत्रीय अस्पताल सुर्खेत, राप्ती उपक्षेत्रीय अस्पताल र भरतपुर अस्पतालमा जडान नगरी २०७५।४।१ मा स्वास्थ्य सेवा विभागको भण्डारमा दाखिला गरेको पाइएकोले उक्त आपूर्ति सम्झौतानुकूल देखिएन । आपूर्तकबाट तोकिएको स्थानमा मालसामान जडान तथा आपूर्ति भएको नदेखिएकोमा विभागबाट कुनै कारबाही नगरी आंशिक आपूर्ति स्वीकार गर्नु मनासिब देखिएन । यस खरिद अन्तर्गत आपूर्तकका लागि खोलिएको प्रतीतपत्रसमेत बन्द गरेको छैन ।

३६. **औषधिको प्रतिस्थापन** - स्वास्थ्य सेवा विभाग र एक आपूर्तकबीच रिन्जर लोक्टेट ५०० एम.एल. ५ लाख २५ हजार बोटल आपूर्ति गर्न २०७३।७४ मा रु.१ करोड ५० लाख ८३ हजारको सम्झौता भएको देखियो । स्वास्थ्य सेवा विभागबाट नियुक्त इन्सपेक्सन एजेण्टले औषधि गुणस्तरीय भएको प्रतिवेदनको आधारमा दिएको डिस्प्याच अर्डरअनुसार विभिन्न मेडिकल स्टोरमा उक्त औषधि आपूर्ति भएको देखिन्छ । भरतपुर अस्पताल, झलारी स्वास्थ्य चौकीलगायत विभिन्न स्वास्थ्य संस्थाबाट उक्त औषधि प्रयोग गर्दा बिरामी काम्ने, श्वास प्रश्वासमा प्रतिकूल असर भई बिरामी थप सिकिस्त हुने गुनासो प्राप्त भएपछि गुणस्तर परीक्षणको लागि औषधि व्यवस्था विभागमा पठाएको पाइयो । गुणस्तर परीक्षणबाट ब्याच नम्बर सी.एस.एल. ७०८६ र ७०९२ को ४३ हजार २०० बोटल स्वीकृत स्पेसिफिकेसनबमोजिम नभई गुणस्तरहीन भएको उल्लेख छ । आपूर्ति महाशाखाले उक्त औषधि फिर्ता गर्न २०७५।३।२८ मा पत्राचार गरेकोमा फिर्ता भए गरेको देखिँदैन । यस सम्बन्धमा इन्सपेक्सन एजेन्टलाई कारबाही गरी उक्त औषधि प्रतिस्थापन नगरेकोले रु.१२ लाख ४१ हजार असुल गर्नुपर्ने तथा गुणस्तरहीन सामान आपूर्ति हुने कार्यमा थप नियन्त्रण एवं कारबाहीको व्यवस्था गर्नुपर्दछ ।

३७. **ढुवानी भाडा भुक्तानी** - औषधि तथा औषधिजन्य सामग्री आपूर्ति गर्न आपूर्ति महाशाखा र दुई ढुवानीकर्ता बीच सम्झौता भएको देखियो । सम्झौताअनुसार ढुवानीकर्ताले कबोल गरेको दररेटमा सम्बन्धित जिल्लाको

गोदाममा सामान दाखिला भए पश्चात् भुक्तानी गर्नुपर्दछ । ढुवानी रकम भुक्तानीसम्बन्धी कागजात परीक्षण गर्दा हुम्ला र मुगु जिल्लामा सामान पुऱ्याउन चलानी भएकोमा जुम्लाको गोठिज्यूलाको गोदाममा सामान पुऱ्याएको, जुम्ला पुऱ्याउनुपर्ने सामान कालीकोटको नाग्मासम्म पुऱ्याएको र डोल्पा पुऱ्याउनुपर्ने सामान रुकुमको राडिज्यूलाको गोदामसम्म आपूर्ति गरेको देखियो । तोकिएको स्थानमा सामान आपूर्ति नगरे तापनि जुम्ला पुऱ्याएको सामानको हुम्ला र मुगुको कालिकोटमा पुऱ्याएको सामानमा जुम्लाको, रुकुममा पुऱ्याएको सामान डोल्पाको बढी दररेटले बिलिङ गरी भुक्तानी भएको छ । यसरी बढी भुक्तानी भएको ढुवानी रकम सम्बन्धमा थप छानबिन गरी यो वर्ष बढी भुक्तानी भएको रु.१ करोड ४६ लाख ७१ हजार असुल गर्नुपर्दछ ।

३८. **सी.टी. स्क्यान मेसिन खरिद** - आपूर्ति महाशाखाले मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सुर्खेत र लुम्बिनी अञ्चल अस्पतालको लागि एक एक थान १६ स्लाइसको सी.टी. स्क्यान मेसिन खरिद गर्न एक आपूर्तकसँग २०७४।६।२५ मा सम्झौता गरेको देखिन्छ । उक्त सामान खरिदको लागि २०७४।११।२२ मा नेपाल राष्ट्र बैङ्कमा रु.७ करोड २० लाख २५ हजारको प्रतीतपत्र खोलेको छ । हाल बजारमा २५६ स्लाइस क्षमताको सी.टी. स्क्यान मेसिन प्रयोगमा आइसकेको अवस्थामा कम क्षमता (१६ स्लाइस) का सी.टी. स्क्यान मेसिन खरिद गर्नुको कारण स्पष्ट भएन । उक्त मोडलको सी.टी. स्क्यान मेसिन १५ वर्ष अगाडि चलन चल्तीमा रहेकोमा सो मोडलको मेसिन खरिद गर्ने गरी स्पेसिफिकेशन तयार गरेबाट खरिदको आवश्यकता पहिचान सही तवरले भएको देखिएन ।

सम्झौताअनुसार प्रतीतपत्र खोलेको ६० दिनभित्र आपूर्ति गर्नुपर्नेमा ५ महिना ढिला गरी २०७४।११।२२ मा मात्र प्रतीतपत्र खोलेको कारण सामान आपूर्तिमा ढिलाई भएको छ । दुईमध्ये एक मेसिन लेखापरीक्षण अवधि २०७५।५।२२ सम्म पनि आपूर्ति भएको नदेखिँदा खरिद व्यवस्थापन कार्य प्रभावकारी देखिएन ।

३९. **मर्मत सम्भार ठेक्का -** विभागले २०७३।७४ मा देशका ७७ जिल्लामा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाका मेडिकल उपकरण तथा मेसिनरी औजारहरु ४ वर्षसम्म मर्मत तथा सम्भार गर्नका लागि सेवा प्रदायक ३ सँग रु.४७ करोड ४८ लाखको सम्झौता भएकोमा यस वर्ष रु.७ करोड ९५ लाख भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३९.१. सम्झौतामा विभिन्न जिल्लामा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाका मेडिकल उपकरण तथा मेसिनरी औजार मर्मत सम्भार कार्य क्याटेगोरी १ अन्तर्गत सूचना प्राप्त भएको २४ घण्टाभित्र र क्याटेगोरी २ अन्तर्गत वर्षको २ पटक मर्मत गर्नुपर्ने व्यवस्था छ । प्रथम पटकको मर्मत कार्य गरेबापत ३ सेवा प्रदायकलाई लटअनुसार यो वर्ष क्रमशः रु.१ करोड ९७ लाख ६९ हजार, रु.२ करोड ६३ लाख २९ हजार र रु.३ करोड ३४ लाख ६० हजार भुक्तानी दिएको छ । ठेक्का सम्झौता पश्चात् पहिलो वर्षमा नै बी.ओ.क्यू. मा तोकिएका परिमाणभन्दा बढी परिमाणमा भुक्तानी दिएको पाइयो । ठेक्का सम्झौता पूर्व नै प्रत्येक अस्पतालका उपकरणको विवरण लिई मर्मतको विवरण तयार गरी ठेक्का भएकोले सो उपकरण मर्मत गरी भुक्तानी दिनुपर्ने देखिन्छ । उल्लिखित विवरणमा नपरेका उपकरण मर्मत गरेको भनी मर्मत संख्या बढाई भुक्तानी दिन मिल्दैन । उपकरण थप भएको अवस्थामा समेत उपकरणको स्पेसिफिकेसन, मोडल, खरिद भएको वर्षको आधारमा मर्मत दर फरक पर्ने भएकाले बी.ओ.क्यू. मा उल्लिखित दरमा समावेश गर्न मिल्ने देखिँदैन । सोअनुसार नगरेबाट पहिलो वर्षको भुक्तानीमा नै सम्झौता परिमाणभन्दा बढी भुक्तानी भएको छ । सोमध्ये ५० प्रतिशतभन्दा बढी परिमाण थप भई भुक्तानी भएको रु.२ करोड २४ लाख ८८ हजार देखिएकोले यस सम्बन्धमा छानबिन गरी समायोजन गर्नुपर्ने देखिन्छ ।

३९.२. आर्थिक वर्ष २०७४।७५ देखि अस्पतालमा हुने मर्मत सम्भार खर्चमा मितव्ययिता ल्याउने र दक्षता अभिवृद्धि गरी सबै अस्पतालहरुमा उपकरण नियमित रुपमा मर्मत गरी सञ्चालन हुने व्यवस्था मिलाउने उद्देश्यले यस महाशाखाले मर्मत सम्भार ठेक्का गरेको देखिन्छ । सम्झौताअनुसार सबै उपकरणको मर्मत सम्भार सोही सेवा प्रदायकले गर्नुपर्ने र अस्पताल तथा स्वास्थ्य संस्थाको तर्फबाट छुट्टै मर्मत खर्च नहुनुपर्ने सम्बन्धमा अध्ययन गर्दा विभागीय तवरले उपकरण मर्मत सम्भार गर्ने व्यवस्था भैसके पश्चात् पनि अस्पतालहरुले आफ्नै तवरबाट समेत उपकरण मर्मत सम्भारमा खर्च गर्ने गरेको देखियो । सेवा प्रदायकले मर्मत गर्नुपर्ने उपकरण ७ अस्पतालबाट गराई लेखेको खर्च रु.३६ लाख ५४ हजार दोहोरो भएको देखिन्छ । यस्तो खर्च छानबिन गरिनुपर्दछ ।

३९.३. उपकरण मर्मत सम्भार ठेक्का भइसके पश्चात् अस्पतालहरुबाट हुने गरेको उपकरण मर्मत सम्भार खर्च मितव्ययी र दक्षतापूर्ण हुनुपर्नेमा विगतमा अस्पतालले गर्दै आएको उपकरण मर्मत सम्भार खर्चभन्दा यो वर्ष ठेक्कामार्फत सेवाप्रदायकलाई भुक्तानी दिनु परेको मर्मत रकम बढी देखिएको उदाहरण देहायमा प्रस्तुत गरिएको छ:

(रु.हजारमा)

सि.नं.	अस्पतालको नाम	उपकरण मर्मत खर्च		आ.व.२०७४।७५मा विभागीय ठेक्का मार्फत हुने वार्षिक २ किस्तामध्ये ६ महिनाको पहिलो किस्ता भुक्तानी रकम
		२०७२।७३	२०७३।७४	
१.	भेरी अञ्चल अस्पताल, नेपालगञ्ज	१२,०८	१०,६१	२४,४९
२.	पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा	२३,५१	२६,५८	४५,७१
३.	भरतपुर अस्पताल, भरतपुर, चितवन	-	-	२६,४६
४.	नारायणी उपक्षेत्रीय अस्पताल, वीरगन्ज	११,६४	६,७९	२१,९१
५.	महाकाली अञ्चल अस्पताल, कञ्चनपुर	-	-	१०,८७
६.	मध्य पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सुर्खेत	१७६	५७१	१९,२८
७.	लुम्बिनी अञ्चल अस्पताल, बुटवल	५४,३८	१५,८८	३८,३३
८.	जनकपुर अञ्चल अस्पताल, जनकपुर	१६	-	१४,००
९.	कोशी अञ्चल अस्पताल, विराटनगर	५०	५०	२४,१०
१०.	सेती अञ्चल अस्पताल, धनगढी	-	-	२२,२७

उपर्युक्तबमोजिमको स्थिति मूल्याङ्कन गर्दा अस्पतालले आवश्यकताअनुसार बिग्रेको बखत उपकरण मर्मत गर्दा लाग्ने खर्चभन्दा नियमित रुपमा वर्षको २ पटक सूचना गरेका बखत २४ घण्टाभित्र उपस्थित हुने गरी ठेक्का दिँदा हुने ६ महिनाको खर्च नै अत्यधिक भएकोले मर्मत सम्भार ठेक्का मितव्ययी देखिएन ।

४०. **विपन्न नागरिक औषधि उपचार कोष -** सामाजिक रुपमा पिछडिएका र आर्थिक रुपमा विपन्न नागरिकहरुका लागि राज्यले विशेष व्यवस्था गर्न यो कोष खडा गरे पश्चात् उक्त कोषमार्फत विपन्न नागरिकलाई मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाईनल इन्जुरी, हेड इन्जुरी र सिक्लेस एनिमिया जस्ता रोगको उपचारमा सहायता उपलब्ध गराउँदै आएको देखिन्छ । यो वर्ष यस कोषको लागि रु.२ अर्ब ३७ करोड ६६ लाख बजेट व्यवस्था गरी रु.२ अर्ब ३४ करोड ११ लाख खर्च भएको पाइयो । विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, (दोस्रो संशोधन २०७३) अनुसार मृगौला प्रत्यारोपणका लागि रु.४ लाख, मृगौलारोग क्रस म्याचिङ्गमा रु.५० हजार र प्रत्यारोपण पश्चात् औषधि खर्च रु.१ लाख, क्यान्सर, मुटुरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, अल्जाइमर्स, पार्किन्सन्स् र सिकलसेल एनिमिया रोगका लागि अधिकतम प्रतिव्यक्ति रु.१ लाख उपचार रकम उपलब्ध गराउने गरेको देखिएको छ ।

प्राप्त विवरणअनुसार विपन्न नागरिक औषधि उपचारबापत २०७२।७३ मा ३२ स्वास्थ्य संस्थालाई रु.१ अर्ब २३ लाख १६ हजार, २०७३।७४ मा ४४ स्वास्थ्य संस्थालाई रु.९७ करोड ८१ लाख २५ हजार र २०७४।७५ मा २६ सरकारी र ४३ निजी तथा सामुदायिक गरी ६९ स्वास्थ्य संस्थालाई रु. २ अर्ब १० करोड ७७ लाख शोधभर्ना भुक्तानी गरेको पाइयो । व्यक्तिगत व्यहोरासहितको विस्तृत विवरण नहुँदा र बिरामीको व्यक्तिगत अभिलेख अस्पतालमा रहने, बिरामीगत र अस्पतालगत अभिलेख विभागले राख्ने नगरेकोले हुनसक्ने दोहोरो शोधभर्ना नियन्त्रण गर्न अस्पतालबाट हुने अनुगमन प्रणाली मजबुत बनाउने र व्यक्तिगत व्यहोरा खुल्ने अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

विपन्न नागरिक औषधोपचार सेवा नेपालभर क्यान्सरको लागि ८, सिकलसेल एनिमियाको लागि ५, मुटुको लागि ७, मृगौला डायलसिसको लागि ४६, मृगौलाको लागि २, हेड इन्जुरीको लागि ५, स्पाइनल इन्जुरीको लागि ७, पार्किन्सस तथा अलजाइमर्सको लागि ३ स्वास्थ्य संस्थाले प्रदान गर्ने गरेको पाइयो । यस्तो सेवा विस्तार गर्नुपर्ने देखिन्छ ।

४१. **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ मा एक तह माथिको अधिकारीको स्वीकृत लिई यस वर्ष स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले सोझै एक परामर्शदाता नियुक्त गरी ५ ठाउँमा बेरुजू गोष्ठी सञ्चालन गर्दा रु.७१ लाख ३६ हजार खर्च गरेको छ । उक्त गोष्ठी सञ्चालन गर्न

आवश्यक स्रोतव्यक्ति/विशेषज्ञ सरकारीस्तरबाट नै उपलब्ध हुने र आफ्नै जनशक्तिबाट उक्त कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएकोले उक्त कार्य मनासिब देखिएन ।

४२. **कोष परिचालन -** खोप कोषमा गत वर्षसम्म रु.९ करोड ३८ लाख ३ हजार मौज्दात रहेकोमा यो वर्ष रु.२ करोड ९० लाख जम्मा भई रु.१२ करोड २८ लाख ३ हजार बाँकी रहेको देखियो । उक्त रकम विनियोजन बजेटबाट वार्षिक कार्यक्रममा उल्लेख भएअनुसार खर्च गरी कोषमा जम्मा गरेको छ । कोष सञ्चालनसम्बन्धी कार्यविधि तथा कार्यक्रम तयार गरेको छैन । कोषमा जम्मा भएको रकमबाट यो वर्ष कुनै प्रकारको खर्च गरेको देखिएन । कार्यविधि तथा कार्यक्रम तयारी बेगर कोषमा निष्क्रिय रहेकोले उक्त रकम परिचालन हुनुपर्ने अन्यथा सञ्चित कोषमा फिर्ता हुनुपर्दछ ।

४३. **पूर्व निर्धारित क्षतिपूर्ति -** खरिद सम्झौताबमोजिमको समयमा वस्तु तथा सेवा आपूर्ति नभएमा खरिद सम्झौता तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्दछ । स्वास्थ्य सेवा विभाग, आपूर्ति महाशाखा र एक आपूर्तकबीच २० थान एम्बुलेन्स २०७४।१०।२४ भित्र आपूर्ति गर्न रु.२० करोड ७ लाखको सम्झौता भएकोमा १५८ दिन ढिलो गरी २०७५।३।३१ मा मात्र आपूर्ति गरेको देखिन्छ । सम्झौताको शर्तबमोजिम ढिलो दाखिला दिनको पूर्व निर्धारित क्षतिपूर्ति रु.१५ लाख ८१ हजार असुल गर्नुपर्दछ ।

यसैगरी महाशाखाबाट विभिन्न आपूर्तकसँग आइरन चक्की १६५ दिन ढिलो गरी आपूर्ति गरेको, रेफ्रिजेरेटर आपूर्तकसँग घटी पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेको, भेन्टिलेटर ५७ दिन ढिलो, पोषिलो पिठो १५ दिन ढिलो तथा ओरल कन्ट्रासेफ्टी पिल्स २२ दिन ढिला गरी आपूर्ति गरेकोले सम्झौता शर्तबमोजिम रु.४५ लाख २८ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिएको छ ।

४४. **पेस्की** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आवश्यक पर्ने रकमभन्दा बढी पेस्की दिन नहुने व्यवस्था छ । यो वर्ष स्वास्थ्य सेवा विभाग, पुनर्जागरण महाशाखाले विभिन्न तालिम गोष्ठी सञ्चालन गर्न दिएको रु.२ करोड १९ लाख १८ हजार पेस्कीमध्ये रु.९८ लाख २६ हजार, परिवार स्वास्थ्य महाशाखाले रु.६७ लाखमध्ये रु.२० लाख, राष्ट्रिय तालिम केन्द्रले रु.१ करोड ४५ लाख ३२ हजारमध्ये रु.३२ लाख ३९ हजार र राष्ट्रिय बीमा बोर्डले रु.३ करोड ७२ लाख ९२ हजार पेस्कीमध्ये रु.१ करोड १९ लाख ४४ हजार नगदै फिर्ता गरी पेस्की फछ्यौंट गरेबाट आवश्यकभन्दा ३२ प्रतिशत बढी पेस्की दिएको पाइयो ।

तालिम गोष्ठीसम्बन्धी सामान खरिद, खाजा, हवाइटिकट, हलभाडालगायतको कार्यमा आपूर्तकलाई कार्यालयबाट सोझै भुक्तानी दिन सकिनेमा पेस्कीमार्फत गर्ने र अनुमानित खर्चको आँकलन नै नगरी आवश्यकताभन्दा बढी पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

प्रयोगशालाले यो वर्ष ६६ हजार ४८१ जनाको थाइराइड, लिपिड प्रोफाइल लगायतको रक्त परीक्षण गरी सेवा उपलब्ध गराएको छ । गत वर्ष ८० हजार १९७ जनाको परीक्षण गरेकोमा यो वर्ष सेवाग्राहीको संख्या घटेको पाइयो ।

४५. **सञ्चालन अवधि** - प्रयोगशालाले उपलब्ध स्रोत र साधन (जनशक्ति/उपकरण) बाट अधिकतम हित हुने गरी सेवा प्रवाह गर्नुपर्दछ । प्रयोगशालाले उपलब्ध गराएको विवरणअनुसार बिदाको दिन बाहेक आइतबारदेखि बिहिबारसम्म माघ १६ देखि कार्तिक १५ सम्म बिहान ८ बजेदेखि दिउंसो २ बजेसम्म र कात्तिक १६ देखि माघ १५ सम्म बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म तथा शुक्रबार बिहान ८ बजेदेखि १२ बजेसम्म परीक्षणको लागि नमुना सङ्कलन गरेको देखियो ।

उपर्युक्त समयको अलावा सार्वजनिक बिदा र आकस्मिक बिदामा प्रयोगशाला बन्द हुने गरेको देखिन्छ । इमर्जेन्सी बिरामीले कुनै परीक्षण गराउन परेमा माथि उल्लिखित समयसम्म पर्खिनुपर्ने अवस्था रहेको छ । देशको एक मात्र राष्ट्रिय प्रयोगशालाले स्वास्थ्य सेवासँग सम्बन्धित परीक्षण सेवा चौबीसै घण्टा सञ्चालन गर्नुपर्नेमा उल्लिखित समयको अलावा अन्य समयमा परीक्षण गर्ने व्यवस्था हुन नसक्दा सेवाप्रवाह प्रभावकारी भएको देखिँदैन । प्रयोगशालाले उपलब्ध स्रोतको अधिकतम उपयोग गर्ने गरी सेवामा प्रभावकारिता र दक्षता ल्याउन उपर्युक्त समय तालिका पुनरावलोकन गर्नुपर्ने देखिएको छ ।

४६. **प्रयोगशाला सञ्चालन** - जीवाणु तथा विषाणुबाट हुने अत्यन्त जोखिमजन्य रोगहरु सार्स, इन्फ्लुएन्जा (फ्लू), टोगाभाइरस, इबोला, हेजमोराइज फिभर, निफा, क्यू फिभर, प्लेग, एन्थ्रक्स रिक्लिटसिनलगायतका रोगहरुको रगत, सी.एस.एफ., थ्रट स्वाब, बडी फ्ल्यूडस् आदि नमुनाहरुको प्रयोगशाला परीक्षणको लागि सबै सावधानी तथा सुरक्षा साधनसहित विश्व बैङ्कको सहयोगमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा वायो सेफ्टी लेभल - ३ (बी.एस.एल.३) स्थापना भई सन् २०१५ जूनमा विश्व स्वास्थ्य संगठनद्वारा प्रमाणीकरणसमेत गरेको देखिन्छ । माथि उल्लिखित सेवाप्रवाहको लागि पर्याप्त दक्ष तथा अनुभवी जनशक्ति नभएका कारणले उक्त प्रयोगशाला सञ्चालनमा आएको देखिएन । उक्त प्रयोगशाला निर्माणको लागि उपकरणतर्फ रु.४ करोड ५० लाखभन्दा बढी खर्च भएको अवस्था छ । अत्यन्त जोखिमजन्य रोगहरुको परीक्षण गर्ने देशको एकमात्र प्रयोगशाला नियमित सञ्चालनमा नआउनु र विगतको लगानीको सदुपयोग नहुनु उपयुक्त होइन । आवश्यक जनशक्तिको व्यवस्थापन गरी प्रयोगशाला सञ्चालनबाट गुणस्तरीय सेवाप्रवाह हुनपर्दछ ।

४७. **सञ्चालन अनुमति** - स्वास्थ्य प्रयोगशाला निर्देशिकाले सरकारीस्तरमा हेल्थपोष्टमा आधारित, प्राथमिक स्वास्थ्य केन्द्रमा आधारित, ५० बेडसम्मका जनरल अस्पतालमा आधारित, ५१ देखि २०० बेडसम्मका जनरल अस्पतालमा (अञ्चल र उपक्षेत्रीय अस्पताल) आधारित र २०० भन्दा बढी बेडका (अति विशिष्ट सेवा प्रदान गर्ने) अस्पतालका प्रयोगशालालाई क्रमशः "ई" देखि "ए" गरी पाँच समूहमा वर्गीकरण गरेको छ । निजी अस्पतालसमेत सोही मापदण्डअनुसार वर्गीकरण हुने निर्देशिकामा उल्लेख छ । प्रयोगशाला स्थापना तथा सञ्चालन गर्न समूहअनुसार मापदण्ड पूरा हुने गरी स्थान, उपकरण तथा केमिकल्स, र जनशक्ति हुनुपर्दछ ।

प्रयोगशाला सञ्चालनको लागि "ए" र "बी" समूहको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले अनुमति दिने र "सी" र "डी" समूहको क्षेत्रीय/प्रान्तीय जनस्वास्थ्य प्रयोगशालाले र "ई" समूहको जिल्ला जनस्वास्थ्य प्रयोगशालाले अस्थायी अनुमति दिने व्यवस्था छ । निर्देशिकाको बुँदा नं. ३१ ले साविक जिल्ला जनस्वास्थ्य कार्यालय अथवा क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट अस्थायी अनुमति दिएको प्रयोगशालाहरुको मासिक सूची राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भइसकेपछि आन्तरिक मूल्याङ्कनको आधारमा अस्थायी अनुमति प्राप्त गरेको मितिदेखि लागू हुने गरी स्थायी अनुमति प्रदान गर्ने वा नगर्ने निर्णय गर्ने व्यवस्था छ । कार्यालयसँग २०७४।७५ सम्मको देशभरका प्रयोगशालाहरुको दर्तासम्बन्धी विवरण माग गरेकोमा जिल्लाबाट सोसम्बन्धी मासिक विवरण प्राप्त नभएकोले अद्यावधिक नभएको जनाएको छ । देशभरका सम्पूर्ण प्रयोगशालाको स्थायी अनुमति दिने निकायमा १५६ प्रयोगशालाको मात्र अभिलेख रहेको स्थितिले अनुमति प्रक्रिया व्यवस्थित रहेको देखिएन । उक्त स्थितिमा प्रयोगशाला दर्ता नै नभई सञ्चालन हुने जोखिम रहेको छ । निर्देशिकाको व्यवस्था बमोजिम तत्सम्बन्धी विवरण अद्यावधिक गर्नुपर्दछ ।

४८. **अनुगमन र सुपरिवेक्षण** - स्वास्थ्य प्रयोगशाला सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ को बुँदा नं.३१ मा सञ्चालन अनुमति जारी भएका प्रयोगशालाहरुमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले जुनसुकै बेला अनुगमन गर्न सक्ने र अनुगमन गर्दा तोकिएबमोजिमको मापदण्डअनुरुप नपाइएमा प्रयोगशालाको समूह घटुवा गराउने र खारेजीसमेत गर्न सक्ने व्यवस्था छ । प्रयोगशालाबाट उपलब्ध गराएको विवरणअनुसार २०७४।७५ मा १५६ (नवीकरण र दर्तासमेत) निजी प्रयोगशालालाई सञ्चालन अनुमति दिइएकोमा सञ्चालन अनुमति पश्चात् यो वर्ष कुनै पनि निजी प्रयोगशालाको अनुगमन गरेको छैन । यसबाट स्वीकृत बेगर प्रयोगशाला सञ्चालन भए पनि कुनै कारबाही नहुने अवस्था छ । स्वीकृति लिएका प्रयोगशालाले समेत मापदण्डअनुरुप सञ्चालन गरेको आश्वस्त हुने अवस्था छैन । वार्षिक कार्यक्रममा ६०० पटक सरकारी अस्पतालको प्रयोगशाला, निजी अस्पताल तथा रक्त सञ्चार सेवाहरुको अनुगमन मूल्याङ्कन गर्न रु.२५ लाख २७ हजार खर्च भएको देखिन्छ । सुपरिवेक्षण गरी प्रयोगशाला सञ्चालन सम्बन्धमा प्रतिवेदन लिने गर्नुपर्नेमा नलिने गरेकोले खर्चको सार्थकता सिद्ध हुने गरी अनुगमन गर्ने तथा अनिवार्य रुपमा प्रतिवेदन लिई सोमा देखिएका व्यहोरासमेत कार्यान्वयन गर्नुपर्दछ ।

४९. **सामान आपूर्ति** - निर्देशिकको बुँदा नं. ५१ मा स्वास्थ्य प्रयोगशालाको सेवालाई स्तरीय बनाउन खरिद संयन्त्र स्थापना गर्ने उल्लेख छ । सोको लागि प्राविधिक सल्लाहकार समितिले देशको आवश्यकताअनुसार राष्ट्रिय खरिद मापदण्ड, विश्व स्वास्थ्य संगठनको मापदण्ड, स्थानीय अवस्था र प्रमाणीकरण योजनाको आधारमा साझेदारहरुसंगको परामर्शमा योग्य प्रयोगशाला सामग्री उत्पादकको सूची तयार गर्ने र अनुमति पाएका

प्रयोगशालालाई उपलब्ध गराउने व्यवस्था छ । रिएजेन्ट कीट र उपकरण खरिद गर्दा दर्ता भएका फर्म वा आपूर्तकबाट मात्र खरिद गर्नुपर्ने सोही अनुसूचीमा उल्लेख छ । अद्यावधिक सूची राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था भएकोमा सूची तयार भएको पाइएन । निर्देशिकाबमोजिमको सूची तयार नभएको कारण कीट, रिजेन्ट र उपकरण गुणस्तरीय खरिद भई मापदण्डअनुसार नै प्रयोगशालाहरु सञ्चालन भएको छ भनी आवश्वस्त हुने स्थिति छैन । निर्देशिकाबमोजिम गुणस्तरीय कीट, रिएजेन्ट र उपकरण प्राप्त भएको सुनिश्चित हुने गरी खरिद प्रक्रियामा सुधार गर्न समितिले ध्यान दिनुपर्दछ ।

५०. **गुणस्तर नियन्त्रण** - स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ ले स्वास्थ्य प्रयोगशालाको समग्र गुणस्तर सुनिश्चितताको लागि प्रत्येक प्रयोगशालाले गुणस्तर नियन्त्रण प्रणालीको अवधारणा पालना गर्नुपर्ने व्यवस्था गरेको छ । बाह्य गुणस्तर नियन्त्रणको लागि समग्र जिम्मेवारी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको हुने वर्गीकृत समूहमध्ये "ए" र "बी" समूहको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले र "सी", "डी" र "ई" समूहको क्षेत्रीय जनस्वास्थ्य प्रयोगशालाले प्रत्येक ४ महिनामा नमुना पठाउनुपर्ने निर्देशिकाको बुँदा नं. ४८ ले उल्लेख गरेको छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष गुणस्तर सुनिश्चित गर्न ३४९ प्रयोगशालालाई नमुना पठाएको देखियो ।

कार्यालयले प्रत्येक ४ महिनामा प्रयोगशालालाई नमुना पठाउनुपर्नेमा यो वर्ष २ पटक मात्र पठाएको, निर्देशिकाबमोजिम दर्ता भएका सम्पूर्ण प्रयोगशालाहरुको गुणस्तर सुनिश्चित गर्नुपर्नेमा सबै प्रयोगशालाहरु सहभागी भएको नदेखिएको, गुणस्तर सुनिश्चित गर्न ३४९ प्रयोगशालालाई नमुना पठाएकोमा २३३ प्रयोगशालाले मात्र फिर्ता पठाएका छन् । नतिजा फिर्ता नपठाउने ११६ को अवस्थाबारे प्रयोगशालासमेत अनभिज्ञ रहेको अवस्था छ । नतिजा फिर्ता पठाउनेमध्ये १५ को नतिजामा सुधार गर्नुपर्ने देखिएको छ । उपर्युक्त स्थितिले प्रयोगशालाले तोकिएको मापदण्ड पूरा गरी गुणस्तरीय सेवा प्रवाह गरेको आश्वस्त हुने अवस्था देखिएन । प्रभावकारी रुपमा कार्य गरी गुणस्तर नियन्त्रणमा सुधार गर्नुपर्ने देखिएको छ ।

राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर

विभिन्न निकायसँग समन्वय गरी केन्द्रीय, क्षेत्रीय, जिल्लास्तर र उपचार केन्द्रमार्फत क्षयरोग रोकथाम, निदान तथा उपचार कार्यको संयोजन, अनुगमन एवं मूल्याङ्कन गर्न राष्ट्रिय क्षयरोग केन्द्रको स्थापना भएको हो ।

५१. **सेवा प्रवाह -** केन्द्रको तीन वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

(संख्यामा)

क्रियाकलाप	आर्थिक वर्ष २०७२।७३	आर्थिक वर्ष २०७३।७४	आर्थिक वर्ष २०७४।७५
क्षयरोगी पहिचान	३२०५६	३१५३३	१९२३६
क्षयरोगबाट मृत्यु	९२१	४०९	६४२
औषधि प्रतिरोधी क्षयरोगी	३५२	८६८	२४७
बाल क्षयरोगी पहिचान	१७७६	१७८५	९४२
उपचार प्राप्त गर्ने	३४४५७	३१९७०	१९२३६
निको भएका क्षयरोगी	३१४५०	२८९०९	१७७७१

गत वर्ष क्षयरोगी पहिचान ३१ हजार ५३३ भएकोमा यो वर्ष सो संख्या घटेर १९ हजार २३६ भएको देखिन्छ । गत वर्ष क्षयरोगीको मृत्यु ४०९ मात्र भएकोमा यो वर्ष ६४२ पुगेको देखिन्छ ।

५२. **गैरसरकारी संस्था मार्फत कार्य -** राष्ट्रिय क्षयरोग केन्द्रले यस वर्ष सञ्चालन गर्ने कार्यक्रममध्ये दाता समूह (ग्लोबल फण्ड) को प्रिन्सिपल रिसिपेन्ट तोकिएको सेभ द चिल्ड्रेनले विभिन्न ५५ जिल्लाका ९९ क्लष्टरमा विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार प्रिभिलेन्स सर्भे गरी क्षयरोगका बिरामी भए नभएको तथ्याङ्क सङ्कलन गर्न एक गैरसरकारी संस्थासँग २०१७ नोभेम्बर १३ मा रु.१६ करोड ७७ लाख २१ हजारको सम्झौता गरेको थियो । उक्त गैरसरकारी संस्थालाई सम्झौता अवधिमा रु.१० करोड १७ लाख ६६ हजार भुक्तानी गरी

बांकी रकम कार्य प्रगतिको आधारमा भुक्तानी दिने व्यवस्था गरेकोमा उक्त कार्यको प्रगति सम्बन्धमा केन्द्रबाट अनुगमन नगरेकोले वास्तविक अवस्था यकिन हुन सकेन ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र

एच.आई.भी. एड्स र यौन रोगको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न चिकित्सा सेवा, शिक्षा सूचना तथा सञ्चारको माध्यमलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउन र यस्तो रोगबाट मुलुकमा पर्नसक्ने दूरगामी असरहरुमा कमी ल्याउने उद्देश्यले २०५२ मा यो केन्द्रको स्थापना भएको हो । केन्द्रले एच.आई.भी.सँग सम्बन्धित परामर्श तथा परीक्षण, आमाबाट बच्चामा हुने संक्रमण रोकथाम, उच्च जोखिममा रहेका लक्षित समुदायमा रोकथाम, उपचार, हेरचाह तथा सहयोग र यौनरोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम यस केन्द्र र ७७ स्वास्थ्य संस्थाहरुबाट सञ्चालन गर्दै आएको देखिन्छ ।

५३. **सेवा प्रवाह** - एच.आई.भी. को महामारीलाई अन्त्य गर्ने विश्वव्यापी लक्ष्य हासिल गर्न नेपालले एच.आई.भी. रोकथाम र उपचारको लागि सन् २०१६ देखि २०२१ सम्मका लागि राष्ट्रिय एच.आई.भी. रणनीति योजना तयार पारेको छ । योजनाले सन् २०२० सम्ममा एच.आई.भी. संक्रमित व्यक्तिहरुमध्ये ९० प्रतिशतले एच.आई.भी. परीक्षण गरी जानकारी पाउने र त्यसरी जानकारी प्राप्तमध्ये ९० प्रतिशतले ए.आर.भी. औषधि उपचार प्राप्त गर्ने र ए.आर.भी.मा भएकामध्ये कम्तीमा ९० प्रतिशत एच.आई.भी. संक्रमितको शरीरमा रहेको भाइरस (एच.आई.भी.) को भार कम गर्ने उल्लेख छ । यसरी सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने योजना रहेको देखिन्छ । केन्द्रले उपलब्ध गराएको विगत दुई वर्षको एच.आई.भी. एड्ससम्बन्धी तथ्याङ्कअनुसार एच.आई.भीं संक्रमण र यसबाट मृत्यु हुनेको स्थिति निम्नानुसार रहेको देखिन्छ:

क्र.सं.	विवरण	२०७४।७५	२०७३।७४
१	जम्मा अनुमानित एच.आई.भी.संक्रमित	३१०२०	३२८६१
२	संक्रमितमध्ये पुरुष	१९०२०	२०२९७
३	संक्रमितमध्ये महिला	१२०००	१२५६४
४	संक्रमित बालकालिका (कूल संक्रमितमध्ये)	११९२	११८४
५	नयाँ ए.आई.भी.संक्रमण	८३५	९४२
६	एड्सको कारण मृत्यु हुनेको संख्या	१३०६	१७५१

यो वर्ष एच.आई.भी. तथा यौनरोग नियन्त्रण गर्न रु.५५ करोड ३१ लाख बजेट विनियोजन भएकोमा रु.३५ करोड २९ लाख (६४ प्रतिशत) खर्च भएको छ । उक्त खर्चमध्ये वस्तुगत अनुदानतर्फ रु.४० करोड ११ लाखमध्ये रु.३० करोड २० लाख (७५ प्रतिशत), दाताको संयुक्त कोष (ग्लोबल फण्ड) को रु.१४ करोडमा रु.४ करोड २० लाख (३० प्रतिशत) मात्र खर्च भएको देखिन्छ । हस्तक्षेपकारी कार्यक्रमको माध्यमबाट एच.आई.भी. एड्सरोग नियन्त्रण गर्न ५ गैरसरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न रु.६ करोड २३ लाख भुक्तानी गरेकोमा सो कार्यक्रमको उपलब्धि अनुगमन गरेको देखिएन ।

५४. **एड्सको औषधि आपूर्ति** - एच.आइ.भी. एड्स रोग नियन्त्रणका लागि अवसरवादी संक्रमण तथा अपर्भटका लागि एस.टी.आई. तथा ओ.आई.का विभिन्न औषधि ८ प्याकेजमा रु.८ करोड ३४ लाख मूल्यका अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद गर्न सम्झौता गरेको देखिन्छ । सोमध्ये आपूर्तिकर्ताबाट विभिन्न तीन स्लाइसको औषधि रु.३ करोड ३५ लाख बराबरका २२ लाख २३ हजार ट्याब्लेट आपूर्ति भएको देखिन्छ । अर्को २ प्याकेजको औषधि आपूर्तिका लागि एक भारतीय फर्मसँग रु.४ करोड ९९ लाख बराबरको १७ लाख २६ हजार ट्याब्लेट खरिद सम्झौता गरे तापनि आपूर्ति गरेको छैन । साथै औषधि आपूर्ति गर्न बोलपत्र आह्वान गरिएका तीन प्याकेजका लागि पेस भएका बोलपत्रदाताले पेस गरेको बोलपत्रमा दररेट नै उल्लेख नभएको कारणले सम्झौता हुन सकेको देखिएन । यसरी एच.आई.भी. एड्स जस्तो संवेदनशील रोगको लागि ए.आर.भी. औषधि समयमा आपूर्ति गरी मौज्दात व्यवस्थापन हुन नसक्दा सम्बन्धित सेवाग्राहीले प्रभावकारी सेवा पाउन सक्ने अवस्था छैन ।

स्वास्थ्य बीमा बोर्ड

स्वास्थ्य उपचारको क्रममा भइरहेको व्यक्तिगत खर्चलाई व्यवस्थित गर्दै सबै नेपाली नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न स्वास्थ्य बीमा बोर्ड गठन भएको छ ।

५५. **बीमामा सहभागिता** - स्वास्थ्य बीमा बोर्ड अन्तर्गत पहिलो चरण २०७२।७३ मा कैलाली, बाग्लुङ र इलामबाट शुरु भएको यो कार्यक्रम उल्लिखित ३ जिल्लासहित २०७३।७४ मा १५ जिल्लामा र २०७४।७५ मा २४ जिल्ला थप गरी ३९ जिल्लामा लागू भएको छ । स्वास्थ्य बीमा लागू भई कार्यान्वयनमा आएका ३६ जिल्लामा राष्ट्रिय जनगणना, २०६८ को तुलनामा स्वास्थ्य बीमा कार्यक्रममा यो वर्ष घरधुरी २ लाख ३७ हजार ९७७ तथा जनसंख्या १२ लाख ६९ हजार २८८ को आधारमा औसत सहभागी संख्या घरधुरीको तुलनामा ९.५४ प्रतिशत तथा जनसंख्याको तुलनामा १०.८२ प्रतिशत रहेको देखिन्छ ।

बीमा गर्ने परिवारले सबै सेवा प्रदायक संस्थाले सेवा नदिएको र अनावश्यक झमेला हुने गरेको, सहज सेवा लिन नसकेको गुनासो व्यक्त गरेका छन् । कार्यालयले अघिल्लो वर्ष कार्यक्रममा सहभागी भई यो वर्ष कार्यक्रमलाई निरन्तरता दिनेको संख्या ५८ प्रतिशत रहेको छ । यस स्थितिमा कार्यक्रमको सेवा सन्तुष्टि घटेको देखिएको छ । कार्यक्रमलाई प्रभावकारी बनाउन बोर्डबाट सेवाग्राहीको गुनासो सम्बोधन हुने गरी सेवा उपलब्ध भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ । सेवालाई सहज बनाउन यस विषयमा अध्ययन गरी देखिएका कमजोरीहरु सुधार गर्नेतर्फ आवश्यक पहल गर्नुपर्ने देखिन्छ । स्वास्थ्य बीमा गर्दा सेवाको गुणस्तर, सेवामा पहुँच र लागतमा किफायतीपना ल्याउन विशेष अध्ययन गरी दिगोपनामा ध्यान दिनुपर्दछ ।

५६. **मेसिन जडान -** स्वास्थ्य बीमा लागू भएका जिल्लाका अस्पतालहरुलाई सुविधा सम्पन्न बनाउन गतवर्ष एक आपूर्तकसँग ८० थान एक्सरे मेसिन बाग्लुङ, इलामसमेत २४ जिल्लामा आपूर्ति तथा जडान गर्न र तालिम सञ्चालनसमेत गर्ने गरी सम्झौता भएको पाइयो । आपूर्तकले थप म्यादभित्र आपूर्ति गरेको ७४ थान मेसिन सम्बन्धित जिल्लामा जडान नगरेको र सम्बन्धित कर्मचारीलाई मेसिन सञ्चालनसम्बन्धी तालिमसमेत प्रदान गरेको देखिएन । सम्बन्धित जिल्लामा सामान जडान तथा तालिम बेगर रु.२ करोड १५ लाख ७४ भुक्तानी गरेको सम्झौताअनुकूल देखिएन । सम्झौतानुसार कार्य नभएको कारण सेवा सञ्चालनमा असर परेको हुँदा आपूर्तकबाट जडान तथा तालिम सञ्चालन गराउनुपर्दछ ।

५७. **कोषको परिचालन -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २७ मा बोर्डको नाममा एउटा छुट्टै कोष रहने र सो कोषमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट प्राप्त अनुदान रकम, योगदानकर्ताबाट प्राप्त रकम, स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम, विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम, बोर्डले आर्जन गरेको तथा अन्य स्रोतबाट प्राप्त रकम जम्मा गर्ने व्यवस्था छ । ऐनको दफा २८ बमोजिम बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट व्यहोरिने उल्लेख छ । सङ्कलित रकम खर्च गर्ने कार्यविधि तयार गरेको छैन । बीमा प्रिमियमबापत यो वर्षसम्म सङ्कलन भएको रु.५१ करोड ९ लाख ६१ हजार लगानी तथा खर्च नगरी विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध खातामा निष्क्रिय रहेको छ । बोर्डको सम्पूर्ण खर्च नेपाल सरकारबाट उपलब्ध भएको अनुदानबाट व्यहोरिएको छ । कानुनको व्यवस्थाअनुसार कोषमा रहेको रकम परिचालन गरी सोबाट नै बोर्ड सञ्चालन एवं शोधभर्ना भुक्तानीको व्यवस्था गर्नुपर्दछ ।

५८. **खर्च व्यवस्थापन -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २८ मा स्वास्थ्य बीमा प्रवर्द्धन र प्रशासनिक खर्चको लागि कोषको कुल बजेटको १२ प्रतिशतमा नबढ्ने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्षसम्म बोर्डले गरेको आम्दानी तथा बाह्य स्रोतबाट प्राप्त हुने अनुदान सहयोगको अनुमान गरी बजेट तर्जुमा गर्ने गरेको छैन । यो वर्ष नेपाल सरकारबाट प्राप्त रु.१ अर्ब ४२ करोड ७३ लाख अनुदानमध्ये वर्षान्तसम्म रु.१ अर्ब १७ करोड ९६ लाख खर्च गर्दा बीमा प्रवर्द्धन तथा प्रशासनिक कार्यमा रु.३० करोड ३० लाख ४१ हजार अर्थात २५.६९ प्रतिशत खर्च गरेको छ । ऐनको व्यवस्था अनुसार स्रोतको परिचालन गर्नुपर्दछ ।

५९. **कार्यक्रमको दीगोपना -** नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरे अनुरुप नागरिकको स्वास्थ्य बीमालाई सुनिश्चित गर्दै सबै नेपालीलाई स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था बनाउने नीतिअनुरुप यो कार्यक्रम शुरु भएको छ ।

बीमा कार्यक्रममा सहभागीको योगदानमा आधारित यो कार्यक्रमको दिगोपनाका लागि सरकारले जोखिम पहिचान गरी निराकरणका उपाय अपनाएको देखिएन । यो वर्ष बीमा योजनामा सहभागी २ लाख ३७ हजार ९७७ परिवारका १२ लाख ६९ हजार २८८ सदस्य बीमा कार्यक्रममा सहभागी भएबापत रु.५२ करोड ३४ लाख ७४ हजार प्रिमियम प्राप्त भएको छ । कार्यक्रमबाट २ लाख ५७ हजार ६८ ले उपचार सेवा लिए बापत रु.६७ करोड ४८ लाख ५ हजार १५८ संघ संस्थालाई शोधभर्ना भुक्तानी गरेको छ । यो वर्षसम्म सेवाग्राहीबाट लिएको बीमा प्रिमियमभन्दा रु.१५ करोड १३ लाख ३१ हजार बढी शोधभर्ना दावी भुक्तानी भएको छ । बोर्डले प्राप्त प्रिमियम रकम परिचालन गरेको छैन र बोर्डले गर्ने आम्दानीबाट खर्च धान्न सक्ने अवस्था समेत देखिएन । यसबाट सरकारले प्रदान गर्ने अनुदानबाट नै बोर्ड सञ्चालन गर्नुपर्ने स्थिति देखिएको छ । संघीय शासकीय व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्य सेवा सम्बन्धी छुट्टाछुट्टै कार्यक्षेत्र रहने हुँदा अन्तर्राष्ट्रिय सिद्धान्त र असल अभ्यासका आधारमा स्वास्थ्य बीमा कार्यक्रम दिगो रुपमा सञ्चालन गर्न स्वास्थ्य बीमाको सिद्धान्तको आधारमा सञ्चालन हुने वा अनुदानबाट सञ्चालन हुने निर्क्यौल गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ ।

६०. **कार्यक्रममा दोहोरोपना -** स्वास्थ्य बीमा नीति, २०७१ मा नेपाल सरकारको तर्जुमा हुँदै गरेको स्वास्थ्यवित्त रणनीतिले विभिन्न लगानी संयन्त्रबीचमा अन्तर्सम्बन्धको मार्गनिर्देश गर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले सर्वसाधारण तथा लक्षित वर्गलाई आधारभूत स्वास्थ्य सेवा, आमा सुरक्षा, महिलाको आङ्ग खसेको निःशुल्क उपचार, मृगौला क्यान्सर तथा कडारोगको सहुलियत दरमा सेवा उपलब्ध गराउँदै आएको छ । साथै बिरामीलाई सबै स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आर्युवेदिक औषधालयबाट ७० भन्दा बढी प्रकारका औषधिहरु निःशुल्क उपलब्ध गराउँदै आएको छ । नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी सबै विपन्न परिवारको पुरै र महिला स्वस्थ्य स्वयंसेविकाहरुका प्रति परिवारलाई रु.२ सय ५० नेपाल सरकारले बीमा प्रिमियम दिँदै आएको छ । बीमा कार्यक्रममा आवद्ध परिवारलाई रु.५० हजार देखि १ लाखसम्मको सेवा उपलब्ध हुँदै आएको छ । नेपाल सरकारले बीमा कार्यक्रम लागू भएका जिल्लामा समेत निःशुल्क औषधि लगायत अन्य स्वास्थ्यसम्बन्धी सुविधा उपलब्ध गराइरहँदा कार्यक्रमहरु दोहोरो हुने अवस्था छ । दोहोरोपना हुन नदिन थप विश्लेषण गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ ।

कार्यमूलक लेखापरीक्षण

औषधि व्यवस्थापन

नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पँहुचको हक सुरक्षित गर्ने राज्यको दायित्वलाई नेपालको संविधानले अंगिकार गरेको छ । स्वास्थ्य सेवाको प्रभावकारीतामा औषधिको मूख्य भूमिका रहने भएकोले औषधि व्यवस्थापन प्रभावकारी हुनु आवश्यक छ । औषधिको खरिद, मौज्दात तथा गुणस्तर नियन्त्रण एंव व्यवस्थापनको प्रभावकारिता मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

६१. **नीति कार्यान्वयन** – राष्ट्रिय औषधि नीति, २०५१ र राष्ट्रिय स्वास्थ्य नीति, २०७१ मा ५ क्षेत्रमा औषधि व्यवस्था विभागका क्षेत्रीय शाखाहरु स्थापना गर्ने, औषधिको गुणस्तर नियन्त्रण गर्न राष्ट्रिय प्रयोगशालाको क्षेत्रीय शाखाहरु स्थापना गर्ने, भन्सार विन्दुमा आयातित औषधिको असल उत्पादन अभ्यास (जीएमपी) आवश्यकता अनुसारको नमूना परीक्षण गर्ने व्यवस्था मिलाउने, औषधिको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको स्तर सहितको नेपाली फर्माकोपिया निर्माण गर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा औषधि उत्पादनसँग सम्बद्ध निकायहरुबीच समन्वय गर्न औषधि मामिला इकाईको स्थापना गर्ने, औषधि व्यवस्था विभागको पुनर्संरचना गरी प्रत्येक जिल्लामा आवश्यक संख्यामा औषधि निरीक्षकको व्यवस्था गर्ने जस्ता नीति कार्यन्वयन हुन नसकी औषधि वितरण एवं गुणस्तर व्यवस्थापन कार्य प्रभावकारी हुन सकेको छैन । नीतिगत व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

६२. **औषधिको स्तर** – राष्ट्रिय स्वास्थ्य नीति,२०७१ मा सरकारी र गैरसरकारी क्षेत्रमा आपूर्ति हुने आन्तरिक उत्पादन वा आयात गरिएका औषधि, औजार, उपकरण तथा प्रयोगशालामा प्रयोग हुने सामग्रीको स्तर मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने, राष्ट्रिय औषधि कुशल उत्पादन अभ्यास संहिता, २०७२ मा कुशल

उत्पादन अभ्यास बमोजिम उत्पादक दर्ता भएको हुनु पर्ने, औषधि ऐन, २०३५ को दफा १३ मा तोकिएको स्तर बमोजिम नभएको औषधिको उत्पादन, विक्रि वितरण, निकासी पैठारी, संचय तथा सेवन गर्न गराउन नहुने उल्लेख छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषदले सन २०१७ अक्टुवरमा प्रकाशन गरेको एक अध्ययनले नेपालमा उपलब्ध हुने २९ प्रतिशत औषधिहरु कुनै पनि देशको फर्माकोपीयामा आधारित नरहेको देखाएको छ । औषधि व्यवस्था विभागबाट प्राप्त विवरणअनुसार नेपालमा दर्ता भएका १४४ मध्ये १२७ स्वदेशी उत्पादक विश्व स्वास्थ्य संगठनको असल उत्पादन अभ्यासबमोजिम प्रमाणित नरहेको र राष्ट्रिय औषधि कुशल उत्पादन अभ्यास संहिता, २०७२ अनुसार १३२ उत्पादकले प्रमाणपत्र नलिएको अवस्था छ । विभागमा दर्ता भएका ८० आयुर्वेदिक औषधि उत्पादकमध्ये कुनैले पनि राष्ट्रिय औषधि उत्पादन कुशल अभ्यास संहिता अनुसार प्रमाणपत्र प्राप्त गरेको देखिएन । सिहंदरबार वैद्यखाना लगायतका सरकारी औषधि उत्पादकहरु समेतले कुशल औषधि उत्पादन संहिताको पालना गरेको सुनिश्चित हुने अवस्था छैन । विभागले गरेको बजार अनुगमन प्रतिवेदनमा वार्षिक ७ देखि १४ प्रतिशत औषधिको स्तर तोकिएबमोजिम नभएको उल्लेख छ । औषधिमा प्रयोग हुने कच्चा पदार्थहरुको स्तर तथा मापदण्ड हालसम्म तोकेको अवस्था छैन भने औषधि उत्पादकको एक्टिव फर्मास्यूटिकल्स ईन्ग्रीडिएण्टस् (ए.पी.आइ.) को विश्व स्वास्थ्य संगठन असल उत्पादन अभ्याससम्बन्धी अडिट हालसम्म भएको छैन । आयात गरिने औषधिहरु नेपालको भन्सार विन्दुमा जिएमपी गुणस्तर परीक्षण गर्ने संयन्त्र बनिनसकेको अवस्थामा बजारमा उपलब्ध औषधिको स्तरमा पूर्णत: आश्वस्त हुन सक्ने अवस्था छैन । नीतिअनुरुप औषधिको स्तर कायम गर्न प्रभावकारी कदम चाल्नुपर्दछ ।

सि.न.	आ.व.	दर्ता भएका औषधिका प्रकारहरु	अनुगमनमा नमुना परीक्षण गरिएका औषधिको संख्या	नमुना परीक्षण प्रतिशत	नमुना परीक्षणबाट तोकिएको स्तर अनुसार नभएको औषधिको संख्या	तेकिएको स्तर अनुसार नदेखिएका औषधि प्रतिशत
१	२०१४	१५२४७	६८७	४.५	९९	१४
२	२०१५	१६१९२	८०२	५	५८	७
३	२०१६	१७१६२	८८२	५	८२	९
४	२०१७	१७५९१	९१६	५	६६	७
५	२०१८	१९७३९	१००४	५	९१	९

स्रोत : औषधि व्यवस्था विभाग

६३. **औषधि पसल दर्ता एवं फर्मासिस्ट** – औषधि ऐन, २०३५ को दफा १० मा औषधिको बिक्री वितरणको लागि आफ्नो नाममा पसल वा फर्म दर्ता गराउनुपर्ने व्यवस्था छ । औषधि व्यवस्था विभागको तथ्याङ्क अनुसार २१ हजार ६५१ औषधि पसल दर्ता रहेकोमा औषधि व्यवसायी संघको तथ्याङ्कमा २८ हजार ६ सयभन्दा बढी औषधि पसल सञ्चालनमा रहेको उल्लेख छ । उपर्युक्त स्थितिले ७ हजार पसल दर्ता नभई सञ्चालनमा रहेको अवस्था देखियो । दर्ता नभई सञ्चालित औषधि पसल एकीन गरी नियमानुसार आवश्यक कारबाही हुनुपर्दछ । औषधि ऐन, २०३५ को दफा १७ मा औषधि बिक्री वितरण गर्दा फर्मासिष्ट वा फार्मेसी सहायकको उपस्थिति अनिवार्य हुनुपर्ने व्यवस्था छ । देशभरी २८ हजार ६ सय औषधि पसल सञ्चालनमा रहेका र नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएका फार्मासिस्ट २ हजार ७११ र फार्मेसी सहायक ५ हजार ४७ समेत कुल ७ हजार ७५७ मात्र देखिएकोले सबै औषधि पसलमा फर्मासिष्ट वा फार्मेसी सहायक नरहेको स्पष्ट हुन्छ । फर्मासिष्ट वा फार्मेसी सहायकको उपस्थिति वेगर बिक्री वितरण हुने औषधि तथा औषधि पसलबाट प्रवाह हुने सेवा प्रभावकारी हुने देखिदैन । फर्मासिस्टको उपस्थिति नभई सञ्चालित औषधि पसलहरु यकिन गरी कारबाही हुनुपर्दछ ।

६४. **औषधि मौज्दात** – औषधि, भ्याक्सिन तथा साधनहरुका लागि एकीकृत आपूर्ति श्रृङ्खला व्यवस्थापन निर्देशिका, २०७३ अनुसार सेवा प्रदान गर्ने संस्थाहरुको औषधि मौज्दात २ महिनादेखि ५ महिनाको खपत बराबर हुनुपर्ने व्यवस्था छ । स्वास्थ्य सेवा विभाग र अन्तर्गतका निकायले विगत ३ वर्षमा खरिद गरेका अत्यावश्यक औषधिहरुको विवरण विश्लेषण गर्दा सबैभन्दा धेरै खपत हुने रिन्जर ल्याक्टेट, फ्रुसेमाइड, एमोक्सिसिलिन, एल्बेन्डाजोललगायत नौ औषधिको मौज्दात वार्षिक खपतको ९५ देखि ३५२ प्रतिशतसम्म राखेको देखियो । आगामी २ वर्षभन्दा बढी अवधिको माग धान्ने गरी औषधिको मौज्दात राख्नुको कुनै औचित्य देखिँदैन । औषधिको माग आङ्कलनलाई वैज्ञानिक बनाई आवश्यक परिमाणमा औषधि खरिद गरी स्रोतको मितव्ययी उपयोग गर्नुपर्दछ ।

६५. **म्याद नाघेका औषधि** – औषधि, भ्याक्सिन तथा साधनहरुका लागि एकीकृत आपूर्ति श्रृङ्खला व्यवस्थापन निर्देशिका, २०७३ मा औषधि तथा औषधि जन्य सामाग्रीहरुको म्याद गुज्रने, खेर जाने र चुहावट हुने जस्ता कार्यलाई न्यूनीकरण गरी स्रोतको अधिकतम उपयोग गर्नुपर्ने उल्लेख छ । विभाग तथा मातहतका स्वास्थ्य

संस्थामा खपत हुने अत्यावश्यक औषधिहरुको विगत ३ वर्षको तथ्याङ्क विश्लेषण गर्दा २०७२।७३ मा रु.७९ लाख, २०७३।७४ मा रु.१ करोड १० लाख र २०७४।७५ मा रु.७० लाख बराबरको १४ प्रकारका औषधि तथा साधनहरुको म्याद नाघि खेर गएको देखिएकोले म्याद गुज्रने परिमाणलाई न्यूनीकरण गर्न सकेको देखिएन । औषधिको खरिद तथा मौज्दात व्यवस्थापनलाई वैज्ञानिक बनाई खेर जाने अवस्थालाई न्यूनीकरण गरी सार्वजनिक स्रोतको उपयोगलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

६६. **अनुगमन** – औषधि ऐन, २०३५ को दफा २० मा औषधिको आवश्यक गुणस्तर कायम गर्न निरीक्षकले औषधि उत्पादन, बिक्री वितरण, सञ्चय वा परिवहन गर्ने स्थलमा निरीक्षण गरी तोकिएबमोजिम नदेखिएमा आवश्यक कारबाही गर्नुपर्ने उल्लेख छ । विगत ५ वर्षमा औसतमा वार्षिक १८ प्रतिशत औषधि पसल, ५६ प्रतिशत स्वदेशी उत्पादक तथा ८ प्रतिशत विदेशी औषधि उत्पादकको मात्र अनुगमन गरेको निम्न विवरणबाट देखियो:

आर्थिक वर्ष	पसल संख्या	निरिक्षण भएको पसल संख्या	निरीक्षण प्रतिशत	स्वदेशी उत्पादक	निरीक्षण भएको स्वदेशी	निरीक्षण प्रतिशत	विदेशी उत्पादक	निरीक्षण भएका विदेशी उत्पादक	निरीक्षण प्रतिशत
२०१४	१९९४०	२४५१	१२	१२०	११७	९८	३३९	१०	३
२०१५	१८२९३	३०७२	१७	१३२	४८	३६	३३३	२२	७
२०१६	१४७४६	२९०९	२०	१३०	७२	५५	३४१	३७	११
२०१७	१९३६४	४७१८	२४	१४४	४९	३४	३५३	२१	६
२०१८	२१६५१	३६९१	१७	१५८	९०	५७	३८५	४८	१२
औसत अंक	**१८७९८.८**	**३३६८.२**	**१८**	**१३६.८**	**७५.२**	**५६**	**३५०.२**	**२७.६**	**८**

स्रोतः स्वास्थ्य सेवा विभाग

यो वर्ष अनुगमन गरेकोमध्ये २५६ पसललाई कारबाही गरेको छ । कारबाही गरेकोमध्ये दर्ता नभै सञ्चालनमा रहेको १५ पसल बन्द गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेको, १२३ पसल निलम्बन गरेको, ११७ पसललाई सचेत गराएको र १ को अदालतमा मुद्दा दायर गरेको छ । औषधि गुणस्तरसम्बन्धमा नियमन गर्ने केन्द्रीय निकायको रुपमा रहेको औषधि व्यवस्था विभागमा हाल कायम दरबन्दी ११५ मध्ये ४४ पद रिक्त रहेको र राष्ट्रिय औषधि प्रयोगशालाको विकेन्द्रित संरचना बनिनसकेको कारण औषधि पसल तथा उत्पादकहरुको निरीक्षण प्रभावकारी हुन नसकेको देखिन्छ । ऐन तथा नीतिमा उल्लेख भए अनुसार औषधि निरीक्षकहरुको व्यवस्था गरी अनुगमन कार्य प्रभावकारी बनाउनुपर्दछ ।

निष्कर्ष – औषधिको उत्पादन, सञ्चय, वितरण र गुणस्तरको नियमन गर्न ऐन, नियम र निर्देशिकाहरु बने तापनि त्यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन । औषधिको अभिलेख तथा मौज्दात व्यवस्थापन चुस्त नहुनुका साथै मागअनुसार औषधिको उत्पादन, खरिद तथा सोको वितरण समेत प्रभावकारी हुनसकेको देखिदैन । नीतिअनुरुप खरिद व्यवस्थापन, गुणस्तर परीक्षण एवं अनुगमन कार्यदक्षता अभिवृद्धि गरी औषधि व्यवस्थापन कार्यमा प्रभावकारीता ल्याउनुपर्दछ । औषधिजन्य जडीबुटीको व्यावसायिक खेती र औषधि उद्योगको विकास र प्रवर्द्धनलाई प्राथमिकता दिई औषधि उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउनुपर्दछ ।

संगठित संस्था, अन्य संस्था र समिति

चिकित्सा विज्ञान राष्ट्रिय अध्ययन प्रतिष्ठान, ट्रमा सेन्टर

६७. **लेखापरीक्षण -** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा २६ मा प्रतिष्ठानको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, ट्रमा सेन्टरलाई २०७४।७५ को वित्तीय विवरण तथा सोसम्बन्धी स्रेस्ता पेस गरी लेखापरीक्षण गराउन २०७५।६।५ मा पत्राचार गरेकोमा पेस नगरेकोले पुनः २०७५।७।२५ मा पत्राचार गरिएको थियो । पटक पटक पत्राचार गर्दा समेत लेखापरीक्षण नगराएकोले २०७५।११।१० मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई यथार्थता छानबिन गरी वित्तीय विवरण तयार गर्न पत्राचार गरिएकोमा २०७५।११।२१ मा छानविन टोली गठन गरी प्रक्रिया अघि बढाएको जानकारी प्राप्त भएको छ । ऐनको व्यवस्थाबमोजिम लेखापरीक्षण नगराउने पदाधिकारीलाई यस सम्बन्धमा जिम्मेवार गराउनुपर्दछ ।

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

६८. **लेखापरीक्षण -** बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार प्रतिष्ठानको लेखापरीक्षण महालेखापरीक्षक कार्यालयबाट हुने व्यवस्था छ । उक्त प्रतिष्ठानको लेखापरीक्षणको लागि २०७५।९।३० मा लेखापरीक्षण टोली खटाई टोलीले २०७५।१०।११ मा लेखापरीक्षण प्रवेश बैठक समेत सम्पन्न गरी कार्य प्रारम्भ गरेकोमा प्रतिष्ठानबाट प्रमाणित वासलात, खर्चका फाँटवारीहरु उपलब्ध नगराएकोले लेखापरीक्षण कार्य सम्पन्न भएको छैन । सो व्यहोरा सम्बन्धित संस्था, मन्त्रालय, सहकुलपति र कुलपतिलाई जानकारी गराइएको छ । समयमै कारोबारको वित्तीय विवरण लेखापरीक्षणमा पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

चिकित्सा विज्ञान राष्ट्रिय अध्ययन प्रतिष्ठान/वीर अस्पताल

नेपालको पहिलो अस्पताल वीर अस्पतालले देशको स्वास्थ्य सेवा प्रवाहमा विभिन्न प्रकारका विशेषज्ञ स्वास्थ्य उपचार सेवा, असहाय तथा विपन्न वर्गलगायत सर्वसाधारणलाई चिकित्सा सेवामा सहज पहुँच पुऱ्याउँदै आएको छ । यस अस्पताललाई, २०६३ सालमा विशेष ऐनअन्तर्गत प्रतिष्ठान संरचनाभित्र संस्थागत गरिएको हो । यो वर्ष अस्पतालले रु.२ अर्ब ५ करोड ४७ लाख खर्च गरी ४ लाख १३ हजार ५२६ बिरामीलाई स्वास्थ्य उपचार सेवा दिएको छ ।

६९. **कर्मचारी काज** - चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा २४(१) मा नेपाल सरकारले नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरुलाई प्रतिष्ठानको अनुरोधमा प्रतिष्ठानमा काज खटाउन सक्ने र काजमा खटिएका कर्मचारीले प्रतिष्ठानका कर्मचारीले पाए सरहको सुविधा पाउने उल्लेख छ । अन्य कार्यालयमा कार्यरत चिकित्सक/कर्मचारीहरुलाई काजमा ल्याई २०७२।७३ मा रु.६९ लाख १८ हजार, २०७३।७४ मा १४ चिकित्सक/कर्मचारीहरुलाई रु.७७ लाख ८२ हजार र २०७४।७५ मा दुर्गम जिल्लाका समेत ३८ चिकित्सक/कर्मचारीलाई रु.१ करोड ७८ लाख ४३ हजारसमेत रु.३ करोड २५ लाख ४३ हजार तलब भत्ता खर्च लेखेको छ ।

यसरी दुर्गम क्षेत्रमा बिरामीले उपचार नपाउने गरी सुगम क्षेत्रमा काजमा राख्नु मनासिब देखिएन । अर्कोतर्फ प्रतिष्ठानअन्तर्गतका विभाग तथा वार्डमा तहगत र विषयगत रुपमा आवश्यक जनशक्तिको सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी काजमा राखी तलब भत्ता र अन्य खर्च लेख्ने गरेको कारण यसबाट पदाधिकार रहेका अस्पताल तथा कार्यालयको सेवा प्रवाहमा समेत असर पर्ने भएकोले आवश्यकताको पहिचान गरी सोअनुसार पदपूर्ति गरी काजमा राख्ने परिपाटी नियन्त्रण हुनुपर्दछ ।

७०. **सेवा प्रवाह** - वीर अस्पतालमा बिरामी चापको तुलनामा एम.आर.आई. तथा सी.टी. स्क्यान न्यून रहेको कारण सर्वसाधारणले सेवाको लागि आफ्नो पालो नपाई एम.आर.आई. सेवाको लागि कम्तीमा ३ दिन र परीक्षण प्रतिवेदनको लागि थप ४ दिन कुर्नुपर्ने अवस्था रहेको पाइयो भने सी.टी. स्क्यानको लागि न्यूनतम ३ दिन कुर्नुपर्ने र रिपोर्टिङको लागि थप ३ दिनदेखि ४ दिन लगाउने गरेको पाइयो । एम.आर.आई. तथा सी.टी. स्क्यान बाह्य निजी स्वास्थ्य संस्थाभन्दा रु.४ हजारसम्म सस्तो देखिए तापनि उक्त सेवा प्राप्त गर्न ३ देखि ४ दिन लाग्ने गरेको देखिँदा बिरामी र बिरामी कुरुवाको लागि महङ्गो पर्ने देखिन्छ । त्यसैगरी अस्पतालको शय्या र सेवाको तुलनामा आई.सी.यू. संख्या न्यून रहेको छ । केन्द्रीय अस्पतालमा २५ आई.सी.यू. शय्या मात्र रहेकोले बिरामीलाई अन्यत्र पठाउनुपर्ने स्थिति छ ।

७१. **औषधि खरिद सुविधा** - चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान कर्मचारी सेवा शर्त सुविधासम्बन्धी नियमावली, २०६५ को नियम १००(२) मा प्रतिष्ठानका कर्मचारीहरुलाई दिइने औषधि खरिदलगायतका सुविधा आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यकारी परिषद्ले तोकेबमोजिम हुने व्यवस्था छ । यस वर्ष नेपाल सरकारको अनुदानबाट रु.११ करोड १४ लाख ३५ हजार तलब भत्तासमेत आन्तरिकतर्फका कर्मचारीहरुलाई तलब भुक्तानी गर्न नपुग भई अनुदान खर्च भएको अवस्थामा अधिकृतस्तरको लागि १ महिना र अन्य कर्मचारीहरुलाई १.५ महिनाको तलबको हिसाबले हुने औषधि खरिदबापत नगद सुविधा रु.२ करोड ७२ लाख ६८ हजार खर्च लेखेको छ । आन्तरिक स्रोतबाट नपुग भएको अवस्थामा समेत नियम विपरीत सुविधा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७२. **लागत अनुमान -** वीर अस्पतालले ६७ प्रकारका औषधिको रु.८७ लाख ५३ हजारको लागत अनुमान तयार गरी २०७४।११।१० मा बोलपत्र गर्दा पेस भएका ५ बोलपत्रमध्ये सबभन्दा घटी कबोल गर्ने एक आपूर्तकसँग

२०७५।३।३१ मा रु.३७ लाख २३ हजारमा सम्झौता गरेको पाइयो । यसरी लागत अनुमानभन्दा ५८ प्रतिशत घटी मूल्यमा कबोल गरी सामान आपूर्ति गर्ने सम्झौता भएकोले लागत अनुमान विश्वसनीय रुपमा तयार गरेको देखिएन । त्यसैगरी २०७३।७४ को लागत अनुमानको तुलनामा विभिन्न आइटममा अस्वाभाविक रुपमा १२५ देखि ८४५ प्रतिशतसम्म बढेको देखिएकोले लागत अनुमान भरपर्दो छ भन्ने आधारसमेत देखिएन । अतः लागत अनुमान यथार्थपरक बनाउनुपर्दछ ।

७३. **प्रतीतपत्रको फरफारक** - वीर अस्पतालले सम्झौताको शर्तअनुरुप विगतमा खोलिएका प्रतीतपत्र तोकिएको समयमा फछ्यौंट गरी फरफारक गर्नुपर्दछ । यससम्बन्धी विवरण माग गर्दा अस्पतालले विगतमा खोलिएका प्रतीतपत्रको यथार्थ विवरण तयार गरी राख्ने नगरेकोले उपलब्ध भएन । लेखापरीक्षणको क्रममा १५ फर्मका नाममा खोलिएका २०६०।६१ देखिका फछ्यौंट नभएका प्रतीतपत्रहरुको रु.४ करोड ५९ लाख ४८ हजार पेस्की बाँकी रहेको छ । उल्लिखित फछ्यौंट गर्न बाँकी प्रतीतपत्र पेस्कीमध्ये २०६०।६१ को एक जर्मन कम्पनीको न्युरो सर्जिकल उपकरण आपूर्तिको रु.८१ लाख ८५ हजार र ल्याप्रोस्कोपी सञ्चालन मेसिनको रु.१५ लाख रहेको देखियो । यस्ता प्रतीतपत्रहरु अन्य के कति रहेका छन् र किन फछ्यौंट गर्न ढिलाइ भएको हो, छानबिन गरी फरफारक गर्नुपर्दछ ।

७४. **प्रशासनिक खर्च -** अस्पतालको यो वर्षको आम्दानी रु.३१ करोड ५४ लाख २३ हजार भएकोमा कर्मचारीको तलब भत्ता, पोशाक र सेवा निवृत्त सुविधालगायत समितितर्फका कर्मचारी व्यवस्थापनमा मात्र रु.३३ करोड ५० लाख ९६ हजार खर्च भएको छ । उक्त खर्च आम्दानीको १०७ प्रतिशत हुन आउँछ । समितिका कर्मचारीको लागि अवकाशपछि हुने भुक्तानीको समेत व्यवस्थापन हुने गरी मौज्दात नरहेको र भौतिक पूर्वाधार र उपकरण व्यवस्थापनको लागि सरकारकै अनुदानमा भर पर्नुपर्ने स्थिति छ । अस्पताललाई दिगो रुपमा सञ्चालन गर्न र वित्तीय अवस्था सुधार गर्न कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

७५. **उपकरण खरिद -** वीर अस्पतालले २०७३।७४ को स्वीकृत कार्यक्रमअनुसार क्यान्सर रोगको उपचारको लागि सी.टी. सिमुलेटर मेसिन र टोमोथेरापी मेसिन खरिद गर्न छुट्टाछुट्टै ठेक्कापट्टा गरी दुई आपूर्तकबाट क्रमशः २०७४।९।३० र २०७४।९।२३ भित्र उपलब्ध गराउने गरी रु.४७ करोड ९० लाख ६० हजारमा सम्झौता गरेको छ । भन्सारको विवरणअनुसार उक्त मेसिन २०७४।३।१८ मा भन्सार विन्दुमा प्राप्त भए पनि २०७५ फागुन महिनासम्म उक्त सामान जडान भएको छैन । साविकमा क्यान्सर उपचारको लागि प्रयोग गरिएको कोवाल्ट ६० रेडियो एक्टिभ सोर्सको सुरक्षित व्यवस्थापनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको र सो उपकरण राख्ने बङ्कर खाली भएपछि जडान गर्ने भनी सशस्त्र प्रहरी बल हलचोकमा २०७५।५।१८ मा राखेको छ । २०७५।३।३० सम्म मात्र म्याद थप भएको उक्त सामानको जडान नहुँदा क्यान्सर रोगीहरुको उपचार प्रभावित भएको छ ।

कान्ति बाल अस्पताल

स्वास्थ्य मन्त्रालयअन्तर्गत बालबालिकाहरुको लागि एक मात्र केन्द्रीय रेफरल अस्पतालको रुपमा सञ्चालित कान्ति बाल अस्पताल केन्द्रीय बाल अस्पतालको रुपमा सञ्चालन हुँदै आएको छ । अस्पतालले ३०८ शय्याको विशेषज्ञ सेवा सञ्चालन गरी यो वर्ष २ लाख २ हजार १७३ बिरामीलाई सेवा दिएको छ ।

७६. **समितिको आम्दानी -** अस्पतालले पेस गरेको आय व्यय विवरणअनुसार गत वर्षको जिम्मेवारी र सापटी घटाउँदा यो वर्षको आम्दानी रु.१२ करोड ३६ लाख ९९ हजार हुने देखिन्छ । समितिको यो वर्षको खर्चमध्ये कर्मचारीको तलब भत्ता, पोशाक र सेवा निवृत्त सुविधालगायत समितितर्फका कर्मचारी व्यवस्थापनमा मात्र रु.११ करोड ९२ लाख ३१ हजार खर्च भएको छ । उक्त खर्च आम्दानीको ९६.३८ प्रतिशत हुन आउँछ । समितिका कर्मचारीको लागि अवकाशपछि हुने भुक्तानीको समेत व्यवस्थापन हुने गरी मौज्दात नरहेको अवस्था छ । भौतिक पूर्वाधार र उपकरण व्यवस्थापनको लागि सरकारकै अनुदानमा भर पर्नुपर्ने स्थिति छ । अस्पतालले आय वृद्धि र खर्च नियन्त्रणसम्बन्धी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

७७. **आई.सी.यू. सेवा -** यस अस्पतालमा ५२ शय्याको आई.सी.यू. सेवा सञ्चालन गर्ने क्षमता रहेकोमा हाल ३७ शय्या मात्र सञ्चालनमा रहेको देखिन्छ । १५ शय्या सञ्चालन नभएको सम्बन्धमा छलफल गर्दा स्थान, जनशक्ति र उपकरणको कारणले सञ्चालन गर्न नसकिएको जनाएको छ । अस्पतालको अभिलेखअनुसार यो

वर्ष ८३८ बिरामीलाई आई.सी.यू मा शय्याको अभाव भएका कारण अन्यत्र सिफारिस गर्नु परेको देखिएको छ । अस्पतालले भेन्टिलेटरसहितको आइ.सी.यू.को प्रतिदिन शुल्क रु.४ हजार २ सय लिने गरेकोमा निजी अस्पतालमा सो शुल्क दोब्बरभन्दा बढी रहेको छ । बालबालिकाको उपचारको लागि एकमात्र केन्द्रीय रिफरल अस्पतालले आई.सी.यू. अभावकै कारण उपर्युक्त संख्यामा अन्यत्र सिफारिस गर्नुपर्ने स्थिति सृजना हुनुले सेवाप्रवाह कार्य सन्तोषजनक देखिएन । आई.सी.यू. अभावका कारण बिरामी अन्यत्र सिफारिस गर्नुपर्ने परिस्थितिको अन्त गरी गुणस्तरीय सेवाप्रवाहमा सुधार गर्नुपर्ने देखिएको छ ।

७८. **बक्यौता असुली -** अस्पतालले सम्झौताबमोजिमको भाडा, महसुल तोकिएको म्यादभित्र असुल गर्नुपर्दछ । अस्पतालले उपलब्ध गराएको विवरणअनुसार २०७०।७१ को एक फर्मको भाडा रु.१६ लाख ५० हजार र सपिङ्ग कम्प्लेक्स सञ्चालक एक फार्मेसीबाट २०७२।५।१६ सम्मको (बक्यौता, भाडा ढिलो बुझाएबापतको हर्जना र विद्युत महसुल) रु.८४ लाख ९१ हजारसमेत रु.१ करोड १ लाख ४१ हजार रहेको देखियो । अस्पतालले पछिल्लो पटक क्यान्टिन भाडा असुलीको समस्या समाधान गर्न जिल्ला प्रशासन कार्यालयबाट महानगर प्रहरी परिसरलाई २०७२।१०।५ मा पत्राचार गरेको छ । त्यसैगरी सपिङ्ग कम्प्लेक्सको भाडा असुल गर्न २०७२।९।५ मा सञ्चालकले कबोल गरेकोमा हालसम्म पनि असुल भएको छैन । उक्त व्यहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ । उक्त बक्यौता रकम सम्झौताको शर्तबमोजिम असुल गर्नुपर्दछ ।

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

नेपालमा दिन प्रतिदिन वृद्धि हुँदै गइरहेको मुटुरोगको रोकथाम, निदान, उपचार तथा हृदयरोगीहरुको पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा स्वदेशमै उपलब्ध गराई हृदयरोगीहरुलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन र हृदयरोगसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने मूल उद्देश्यले केन्द्र स्थापना भई सञ्चालन हुँदै आएको छ ।

७९. **सेवा प्रवाह** - यो वर्ष केन्द्रले १५ वर्षमुनिका ८६९ जना र ७५ वर्षमाथिका ज्येष्ठ नागरिक ५४४ जना मुटु रोगीको निःशुल्क उपचार सेवा दिएको छ । बाथ रोगीहरुको निःशुल्क भल्भरिङ्ग तथा शल्यक्रिया ८०१ जना, बहिरङ्ग सेवा १ लाख ६० हजार ९४२ जना, मुटुको शल्यक्रिया १ हजार ८५६ जना, एन्जियोग्राफी परीक्षण ६ हजार ९१२ जनालाई सेवा उपलब्ध गराएको छ । केन्द्रमा कार्डियोलोजी ५९ जनासमेत विभिन्न पदका ६०६ जनाको दरबन्दी रहेकोमा कार्डियोलोजी ८ र नर्सिङ्ग ५४ समेत १५५ जना दरबन्दी रिक्त रहेको देखिन्छ । दरबन्दीअनुरसार पदपूर्ति गर्न नसकेको कारण मुटु जस्ता संवेदनशील सेवामा बढी समय प्रतीक्षा गर्नुपर्ने अवस्था देखिन्छ । समयमै पदपूर्ति गरी गुणस्तरीय सेवा सञ्चालनमा ध्यान दिनुपर्दछ ।

८०. **बजेट फ्रिज -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम फ्रिज नहुने बजेट बाहेकको बचत रकम सालतमाम हुनुभन्दा कम्तीमा ७ दिन अगाडि नै सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेमा अस्पतालले जनकपुर अञ्चल अस्पतालमा हृदयरोग सेवा सञ्चालनका लागि मेसिनरी उपकरण खरिद तथा भवन निर्माण गर्न नेपाल सरकारबाट निकासा भएको रु.३ करोडमध्ये रु.१ करोड ७६ लाख ९४ हजार मौज्दात रहेकोमा फिर्ता गरी फ्रिज गरेको देखिएन । उक्त रकम यस वर्ष खर्च गरेको जानकारी हुन आएको छ । खर्च नगरी मौज्दात रहेको अर्को वर्ष खर्च गर्नु बजेट सिद्धान्त विपरीत देखियो ।

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर

क्यान्सररोगको रोकथाम, रोग निदान र उपचारको लागि उच्चस्तरीय सेवा प्रदान गरी मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने एवं क्यान्सररोगको अनुसन्धान गरी आवश्यक जनशक्तिसमेत तयार गर्ने अस्पतालको उद्देश्य रहेको छ । अस्पतालले बहिरङ्गलगायत १ लाख ३२ हजार ९८१ जना बिरामीलाई सेवा पुऱ्याएको देखिन्छ ।

८१. **खर्च व्यवस्थापन** - गतवर्ष अस्पतालको कुल खर्च रु.८२ करोड ६९ लाख ४२ हजार भएकोमा यो वर्ष वृद्धि भई रु.१ अर्ब ६ करोड ४५ लाख ४६ हजार पुगेको छ । खर्च वृद्धिका मुख्य कारण भवन निर्माण तथा उपकरण खरिद रहेको छ । यो वर्ष अस्पतालको आन्तरिक आय रु.१९ करोड ४१ लाख ३९ हजारमात्र रहेकोमा तलब र भत्ता शीर्षकमा मात्र रु.२८ करोड ४० लाख ३० हजार खर्च भएको अवस्था छ । समितिको आन्तरिक आयभन्दा तलब भत्ता शीर्षकमा मात्र रु.८ करोड ९८ लाख ९१ हजार (४६ प्रतिशत) बढी खर्च

भएको छ । नेपाल सरकारबाट स्वास्थ्य कर कोष र अनुदानबापत यो वर्ष रु.५९ करोड प्राप्त भएको देखिन्छ । उपर्युक्त स्थितिले अस्पतालको वित्तीय अवस्था सबल देखिएन । अस्पतालले आवश्यकताको आधारमा मात्र कर्मचारी भर्ना गरी अनावश्यक खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

८२. **आम्दानी प्रक्षेपण** - अस्पतालले विस्तारित स्वास्थ्य सेवा (ई.एच.एस.) समेत सेवा शुल्कबापत रु.२४ करोड आम्दानी हुने अनुमान गरेकोमा रु.१६ करोड ६ लाखमात्र आम्दानी गरेको छ । अस्पतालले यो वर्ष सञ्चालन गर्ने लक्ष्य राखेको ई.एच.एस. नै सञ्चालन नभएका कारण आम्दानी घटी हुनुका साथै सोबाट नागरिकले सेवासमेत प्राप्त गर्न नसकेको अवस्था छ । लक्ष्यअनुसार सेवा सञ्चालन गरी आम्दानी र सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिएको छ ।

८३. **पेट सी.टी.स्क्यान -** पेट सी.टी.स्क्यान १६ स्लाइस साइक्लोट्रोनसमेत टर्न की विधिबाट खरिद गर्न मूल्य अभिवृद्धि कर बाहेक रु.४० करोड ५० लाखको लागत अनुमान स्वीकृत गरी २०७१।७।११ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी पेस भएको २ बोलपत्रमध्ये घटीवाला एक इन्टरनेसनल प्रा.लि. को मूल्य अभिवृद्धि कर बाहेक रु.३७ करोड ६६ लाख २४ हजार भएको व्यहोरा उल्लेख गरी २०७२।१।३१ मा निर्देशकसमक्ष पेस गरेको देखिन्छ । उक्त मेसिन खरिद सम्बन्धमा माननीय मन्त्रिस्तरको २०७२।३।१८ को निर्णयअनुसार अर्को निर्णय नभएसम्म हाल खरिद कार्य स्थगित गर्नु भनी पत्राचार गरेको पाइयो । खरिद प्रक्रिया रोकिएको सम्बन्धमा सर्वोच्च अदालतबाट २०७३।१०।२४ मा टेण्डर प्रक्रिया रोक्न नमिल्ने परमादेश जारी भएको देखिन्छ । उक्त मेसिन खरिदको लागि २०७३।७४ मा रु.१५ करोड र २०७४।७५ मा रु.१५ करोडको बजेट व्यवस्था भएकोमा हालसम्म खरिद कार्य हुन सकेको देखिएन । खरिद सम्बन्धमा उचित निर्णय गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ ।

८४. **रेडियोथेरापी सेवा** - अस्पतालले २०७१।७२ मा ३ हजार ८५२ जनालाई रेडियोथेरापी सेवा उपलब्ध गराएकोमा २०७२।७३ मा २ हजार ८१३ जना र २०७३।७४ मा १ हजार ७०१ जनालाई सेवा उपलब्ध गराएको छ । दुई वर्ष सेवा उपलब्धता घटेकोमा २०७४।७५ मा सामान्य वृद्धि भई १ हजार ९२१ जनालाई सेवा उपलब्ध गराएको पाइयो । क्यान्सर बिरामी संख्या २०७२।७३ मा ४ हजार ६५४ रहेकोमा बढेर २०७४।७५ मा ५ हजार २२० पुगेकोमा रेडियोथेरापी गर्नेको संख्या घटेको देखियो । एकातर्फ सेवाको उपलब्धता घटेको र अर्कोतर्फ समयमा सेवा नपाएको जनगुनासो सम्बन्धमा अस्पतालसंग छलफल गर्दा विगतमा पटक पटक मेसिन बिग्रेकोले उपर्युक्त स्थिति देखिएको जनाएको छ । रेडियोथेरापी गर्न प्रतीक्षारत बिरामीको विवरण माग गरी विश्लेषण गर्दा ३ महिनासम्म पालो पर्खनु पर्ने देखिएको छ । अस्पतालले उपकरण र जनशक्तिको अभावको कारण ढिलाई हुने गरेको उल्लेख गरे तापनि जनगुनासोलाई सम्बोधन हुने गरी सेवा प्रवाह छिटो, छरितो र गुणस्तरीय बनाउन ध्यान दिनुपर्ने देखिएको छ ।

८५. **भवनको अवस्था** - अस्पतालले उपलब्ध गराएको विवरणअनुसार कुल ९८ भवन रहेका छन् । बिरामी कुरुवा घर ६, पानी टंकीमुनिको भवनलगायत कतिपय भवनको शौचालय मर्मत गर्नुपर्ने, भान्साको पानीको धारा बिग्रेको, भ्याल ढोका बिग्रेको, कतिपय भवन भत्किई मर्मत गर्नुपर्ने र रङ्गरोगन अभावका कारण जीर्ण बन्दै गएको कारण मर्मत कार्य गर्नुपर्ने देखिएको छ ।

उपलब्ध विवरणअनुसार अस्पतालमा रहेका ६ कुरुवा घरको बेडको आधारमा ११ हजार ३१५ दिन उपयोग हुनुपर्नेमा ३ हजार ३९९ दिन मात्र उपयोग भएको देखिँदा ३० प्रतिशतमात्र उपयोग भएको देखियो । कुरुवा घर मर्मत हुन नसक्दा लगानी खेर गइरहेकोमा अस्पतालले ध्यान दिएको छैन । बिरामीका कुरुवाहरुलाई आवश्यक सेवा उपलब्ध गराउनुपर्दछ ।

८६. **फार्मेसी सेवा** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ ले स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण र आंशिक स्वामित्व रहेका वा विकास समिति ऐन, २०१३ अनुसार सञ्चालन भएका सबै अस्पतालले फार्मेसी सेवा सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । उपर्युक्त व्यवस्थाअनुसार सबै अस्पतालको आफ्नै फार्मेसी हुनुपर्नेमा यो वर्षसमेत केही अस्पतालले आफ्नो फार्मेसी सेवा सञ्चालन गरेको छैन । यो वर्ष अस्पतालको परिसरभित्र रहेको साझा स्वास्थ्य सेवाको फार्मेसीबाट मात्र रु.२४ करोड ५४ लाख ९३ हजारको औषधि तथा औषधिजन्य सामग्री खरिद गरेको पाइयो । एकातर्फ अस्पतालले सोबाट प्राप्त हुने आम्दानी गुमाएको छ भने अर्कोतर्फ सुलभ मूल्यमा प्राप्त हुने औषधिबाट समेत

बिरामीहरु वञ्चित हुन परेको देखियो । निर्देशिकाबमोजिम फार्मेसी सेवा सञ्चालन गरी लाभ र सेवा लिनु/दिनुपर्दछ ।

८७. **मौज्दात व्यवस्थापन** - अस्पतालको बैङ्क खाता समितिले तोकेको बैङ्कमा रहने उल्लेख छ । संकटग्रस्त रहेको वित्तीय संस्था नारायणी विकास बैङ्कको विभिन्न बचत खातामा गत वर्षसम्म रु.९ करोड २ लाख २३ हजार बाँकी रहेकोमा यो वर्ष रु.५ करोड ८ लाख प्राप्त भई ब्याजसमेत रु.४ करोड ५ लाख ८५ हजार बाँकी रहेको देखियो । उक्त रकम असुल गरी प्रतिस्पर्धाद्वारा सुरक्षित बैङ्कमा जम्मा गर्नुपर्ने देखिएको छ ।

८८. **सेवा प्रवाह** - अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ को नियम ११५ बमोजिम कार्यालय समय बाहिर स्वीकृति लिई काम गर्न सक्ने व्यवस्थाअनुसार चिकित्सकलाई स्वीकृति दिने गरेको छ । अस्पतालबाट २०७२।७३ मा ४ हजार ६५४, २०७३।७४ मा ४ हजार ७७२ र २०७४।७५ मा ५ हजार २२० जना क्यान्सर रोगका बिरामीले सेवा प्राप्त गरेको देखिन्छ । अस्पतालको सेवाप्रवाह प्रभावकारी बनाउन चिकित्सकलगायत कर्मचारी कार्यालय समयभर अस्पतालमा उपस्थित हुनुपर्ने र आवश्यक मेसिन तथा उपकरण उपलब्ध भई अस्पतालको समग्र वातावरणसमेत सफा र स्वच्छ हुनुपर्दछ । अस्पताललाई पेट सी.टी.स्क्यानलगायतका मेसिन उपकरण आवश्यक भए पनि उपलब्ध भएको छैन । अस्पताल परिसरभित्र ७५ बिघा १० कठ्ठा २ धुर जग्गा रहेकोमा कतिपय जग्गाको उचित व्यवस्था हुन नसकी झाडीको रुपमा रहेको, पुराना मर्मत हुन नसक्ने सामान खुला रुपमा राखेको, अस्पताल परिसरको सडक जीर्ण हुँदै गएकोले वातावरणीय स्वच्छता कमजोर रहेको छ भने अस्पताल परिसरमा उपचारसँग असम्बन्धित व्यक्तिहरुको उपस्थितिले सेवा प्रवाहमा असर परेको जनगुनासो रहेको छ ।

अस्पतालमा आउने बिरामीलाई आवश्यक सहयोग पुऱ्याउन सहयोगी कक्ष नहुँदा सेवा प्राप्त गर्न असहज भएको देखिन्छ । दरबन्दीअनुसार पदपूर्ति नभएको, चिकित्सकलगायतका प्राविधिक तोकिएको समयसम्म अस्पतालमा रही सेवा उपलब्ध नगराएको, विशिष्ट खालको सेवा उपलब्ध गराउने अस्पतालमा आवश्यक मेसिन उपकरण अभाव रहेको, सरसफाईको अवस्था सबल नदेखिएको लगायतका कारणले गुणस्तरीय सेवा प्रवाहमा असर परेको छ । सेवामा सुधार गर्नुपर्दछ ।

भरतपुर अस्पताल

जनतालाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापित यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, ए.आर.टी., पी.एम.टी.सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजनलगायत विभिन्न सेवामार्फत २ लाख ४७ हजार ११६ जनालाई सेवा प्रदान गरेको छ ।

८९. **लिज रकम** - मालपोत ऐन, २०३४ अनुसार सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ राजपत्रमा प्रकाशित भएको छ । उक्त कार्यनीतिमा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नुपर्ने उल्लेख छ । सोही कार्यनीतिमा लिज रकम निर्धारण गर्दा मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनको लागि तोकेको चालु वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने र न्यूनतम वार्षिक लिज रकमको प्रतिशतसमेत तोकेको छ । एक मेडिकल कलेजलाई ९ बिगाह जग्गा वार्षिक रु.९ लाख लिने गरी लिजमा उपलब्ध गराएको देखियो । उक्त कलेजसँग ८ अगष्ट १९९३ मा भएको सम्झौताको बुँदा नं. २३ मा सम्झौताका शर्तहरु, परिमार्जन र संशोधनसमेत गर्न सकिने प्रावधान रहेको छ । मालपोत कार्यालय, चितवनले २०७४।७५ को लागि उक्त स्थानको जग्गाको न्यूनतम मूल्याङ्कन प्रतिकठ्ठा रु.४१ लाख तोकेकोले ९ विगाहको रु.७३ करोड ८० लाख हुन आउँछ । कार्यनीतिको अनुसूची १ बमोजिम निजी मेडिकल कलेजलाई १ प्रतिशतले लिज रकम लिने उल्लेख भएकोले २०७४।७५ को लिज रकम रु.७३ लाख ८० हजार हुने देखिन्छ । उपर्युक्त स्थितिमा सम्झौता परिमार्जन नगरी रु.९ लाखमात्र लिज रकम असुल गर्दा वार्षिक रु.६४ लाख ८० हजार असुल नभएको अवस्था छ । यस सम्बन्धमा सम्बन्धित निकाय र पदाधिकारी जिम्मेवार बनाई न्यूनतम लिज रकम असुल गर्नुपर्दछ ।

यसैगरी नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पताललाई ४ बिगाह जग्गा भोगाधिकारमा दिएकोमा लिजमा परिणत भएको देखिएन । उक्त जग्गाको मालपोत कार्यालय, चितवनले २०७४।७५ मा गरेको न्यूनतम मूल्याङ्कनअनुसार प्रति कठ्ठा रु.४५ लाख ५० हजारले रु.३६ करोड ४० लाख

हुन आउँछ । लिजमा परिणत गरी १ प्रतिशतले हुने रु.३६ लाख ४० हजार असुल गर्नुपर्नेमा असुल नभएकोले यस सम्बन्धमा सम्बन्धित निकाय जिम्मेवार बनी न्यूनतम लिज रकम असुल गर्नुपर्ने देखिएको छ ।

९०. **सम्झौताको कार्यान्वयन** - भरतपुर अस्पताल सञ्चालक समितिको २०७३।१।२२ को बैठकले एक मेडिकल कलेजसँग भएका सम्झौता समझदारी सम्बन्धमा रायसहितको प्रतिवेदन पेस गर्न समिति गठन गरेको देखियो । समितिले दिएको प्रतिवेदनमा पहिलो सम्झौताअनुसार कलेज सञ्चालन शुरु भएको ५ वर्षभित्र स्वास्थ्य मन्त्रालयले तोकेको स्थानमा ५०० शय्याको अस्पताल निर्माण गर्ने, सञ्चालनको १० वर्षपछि ट्यूसन, ल्याव र अन्य डाइग्नोस्टिक फेसिलिटिबाट प्राप्त आम्दानीको १० प्रतिशत रकम अलग्गै खातामा जम्मा गरी यसको सञ्चालन शिक्षा मन्त्रालयको निर्णयबमोजिम कलेज तथा अस्पतालको विकासमा लगाउने जस्ता विषय कार्यान्वयन नभएको उल्लेख गरेको छ ।

त्यसैगरी भरतपुर अस्पतालको क्षमता ५०० शय्या पुऱ्याउनुपर्ने, स्पेसलाइज्ड ट्रमा सेन्टर सञ्चालन गर्नुपर्ने, पोष्टमर्टम भवन कलेजले आफ्नै खर्चमा निर्माण गर्नुपर्नेमा शर्तबमोजिम निर्माण नभएको जनाएको छ । सम्झौता पुनरावलोकन गर्दा ९ बिगाह जग्गाको भाडा पुनरावलोकन गर्नुपर्ने, समयमा दाखिला नगरे जरिवानाको व्यवस्था हुनुपर्ने विषयसमेत प्रतिवेदनमा उल्लेख गरेको छ । १९९३ अगष्ट ८ को सम्झौता शिक्षा मन्त्रालय सचिवस्तरमा भएकोमा तत्पश्चात्का विभिन्न सम्झौता स्वास्थ्य मन्त्रालय र अस्पताल विकास समितिबाट भएकोमा त्यसको आधिकारिकता समेत स्पष्ट छैन । त्यसबाट परेको असर सम्बन्धमा सम्बन्धित पक्ष जिम्मेवार हुनुपर्दछ र सम्झौताका शर्तहरु तोकिएबमोजिम कार्यान्वयन गर्नुपर्दछ ।

९१. **गुणस्तरहीन औषधि -** क्षेत्रीय मेडिकल स्टोर, हेटौँडाबाट ८ हजार र केन्द्रीय मेडिकल स्टोर, पथलैयाबाट २१ हजार २५० गरी रिङ्गर ल्याक्टेट इन्जेक्सन २९ हजार २५० बोटल २०७४।६।६, २०७४।७।१, २०७४।७।७ र २०७४।८।७ मा प्राप्त भएकोमा वर्षान्तमा १६ हजार ८९३ बोटल (५०० एम.एल) जिन्सीमा भण्डार रहेको पाइयो । उक्त औषधिको गुणस्तर परीक्षण गर्दा एक विदेशी आपूर्तिकर्ताबाट उत्पादित ४३ हजार २०० बोटल इन्जेक्सन औषधि व्यवस्था विभागको २०७५।३।२५ को पत्रानुसार गुणस्तरहीन भएकोले छिटो साधनबाट फिर्ता गर्न आपूर्ति व्यवस्था महाशाखाले एक फर्मालाई २०७५।३।२८ मा पत्राचारसम्म गरेको पाइयो । उक्त परिमाणमध्ये १६ हजार ८९३ बोटल यस अस्पतालमा रहेको अस्पतालले जनाएको छ । आपूर्ति भएको एक वर्ष अर्थात् लेखापरीक्षण अवधि २०७५।९।९ सम्म पनि उक्त औषधि फिर्ता नभएकोले यस सम्बन्धमा आपूर्ति व्यवस्था महाशाखा जिम्मेवार भई सम्झौताका शर्तको पालना गर्नु गराउनुपर्ने र औषधिको आपूर्ति गर्दा गुणस्तरमा पूर्ण ध्यान दिनुपर्ने देखिएको छ ।

अन्य अस्पताल तथा स्वास्थ्य संस्था

९२. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको ढिलाईका कारण खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सुर्खेतलगायत १० अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय ४ र शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र तथा बी.पी. कोइराला मेमोरियल क्यान्सरलगायत १५ अस्पतालले सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेकोमा त्यस्ता निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकबाट पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा नगरेकोले रु.४६ लाख ८० हजार असुल गर्नुपर्दछ ।

९३. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भरतपुर अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु, सुनसरीलगायत २९ कार्यालयले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर र भाडा कर रु.२१ लाख ४६ हजार कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

९४. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक भुक्तानी गर्दा तोकिएको दरबाट पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । भक्तपुर अस्पताल, हेटौंडा अस्पताल, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, विभिन्न अस्पताल, जनस्वास्थ्यलगायतका ३७ कार्यालयले पारिश्रमिक कर रु.४३ लाख ७ हजार कट्टा नगरी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

९५. **बढी भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयअन्तर्गत जनस्वास्थ्य कार्यालय, अस्पताल, क्षेत्रीय निर्देशनालय तथा तालिम केन्द्रसमेत ३२ कार्यालयले दोहोरो भुक्तानी, बिल भरपाईभन्दा बढी देखाई रु.६० लाख २२ हजार खर्च गरेका छन् । नियम विपरीत बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

९६. **तलब भत्ता बढी भुक्तानी** - स्वास्थ्य सेवा ऐन, २०५३ र निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती किताबखाना र जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलबी प्रतिवेदनअनुसार तलब तथा ग्रेड भुक्तानी गर्नुपर्दछ । भक्तपुर अस्पताल, क्षेत्रीय स्वास्थ्य निर्देशनालय, स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत २५ कार्यालयले शुरु स्केलभन्दा बढी दरबाट तलब पारित गरेको, बढी ग्रेड र दोहोरो भुक्तानी गरेको, नपाउने दुर्गम भत्तासमेत रु.२५ लाख ८ हजार बढी भुक्तानी गरेका छन् । बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

९७. **नर्म्सभन्दा बढी भुक्तानी** - सबैप्रकारका तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्दा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको बुँदा नं. ७.१.१५ मा तोकिएको दरबाट खर्च लेख्नुपर्दछ । जिल्ला स्वास्थ्य कार्यालय, मुस्ताङ, डोटी, दमौली अस्पताल, क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र, बारासमेत ९ कार्यालयले कार्य सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा रु.१२ लाख १३ हजार बढी भुक्तानी गरेका छन् । नर्म्सभन्दा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

९८. **संघीय सञ्चितकोष** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम निकासा प्राप्त भएको मध्ये बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गर्नुपर्ने व्यवस्था छ । सर्लाही अस्पताललाई एकीकृत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न प्राप्त भएको रकममध्ये रु.४९ लाख ४४ हजार खर्च नभएकोले उक्त रकम संघीय सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

९९. **उठ्न बाँकी भाडा** - सम्झौता बमोजिमको भाडा तोकिएको म्यादभित्र असुल गर्नुपर्दछ । लुम्बिनी अञ्चल अस्पताल, कलैया अस्पताल, आयुर्वेदिक चिकित्सालय नरदेवी, मानसिक अस्पतालसमेत १२ अस्पतालले औषधि पसल, जग्गा, चमेनागृह सञ्चालन गर्न सम्झौता गरी भाडा लगाएकोमा सम्झौताअनुसार रु.१ करोड ३८ लाख ६७ हजार भाडा असुल नगरी बक्यौता रहेको छ । सम्झौताका शर्त तथा प्रचलित कानुनअनुसार ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ ।

१००. **नगद मौज्दात** - आर्थिक कार्यविधि ऐन, २०६३ को दफा १३ मा आफ्नो जिम्मामा आएको नगद सोही दिन वा भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्दछ । तोकिएको म्यादभित्र दाखिला नगरे जिम्मेवारबाट जरिवानासहित लिई दाखिला गर्नुपर्ने व्यवस्था छ । बकुलहर, कलैया, इनरुवा र बी.पी.कोइराला श्वासप्रश्वास केन्द्रले सङ्कलन गरेको अस्पतालको आम्दानी रु.५१ लाख ४२ हजार बैङ्क दाखिला नगरी नगद मौज्दात राखेका छन् । मौज्दात रकम दाखिला नगर्ने जिम्मेवार कर्मचारीलाई आवश्यक कारबाही गरी बैङ्क दाखिला गर्नुपर्दछ ।

१०१. **विगतको भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु बजेटले नखाम्ने गरी दायित्व सिर्जना गर्न नहुने र विशेष परिस्थितिवस चालु वर्षको बजेटले नखाम्ने गरी आगामी वर्ष भुक्तानी दिनुपर्ने भए कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. १८) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराउनुपर्ने उल्लेख छ । भक्तपुर अस्पताल, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालगायत ११ संस्थाले भुक्तानी दिन बाँकीको कच्चावारी बेगर रु.७ करोड ३९ लाख ९४ हजार भुक्तानी दिएका छन् । कार्यक्रममा समावेश नभएको गत वर्षको दायित्व भुक्तानी नियमित देखिएन ।

१०२. **प्रतिवेदन** - स्वास्थ्य सेवा विभागको कार्य सञ्चालन निर्देशिकाको बुँदा ८(ज) अनुसार शहरी स्वास्थ्य क्लिनिकलगायतका स्वास्थ्य इकाई सञ्चालन गर्न त्यस्ता संस्थाको लागि एकमुष्ट उपलब्ध गराएको अनुदान खर्चको प्रगति प्रतिवेदनसहित लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । जिल्ला स्वास्थ्य कार्यालय, चितवन, रामेछाप, कञ्चनपुरलगायत ९ कार्यालयले मातहतका स्वास्थ्य संस्थालाई रु.२ करोड ५३ लाख २५ हजार अनुदान रकम सीधै सम्बन्धित संस्थाको बैङ्क खातामा जम्मा गरेको देखियो । ती संस्थाले निर्देशिकाबमोजिम खर्चको प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेस गरेका छैनन् । निर्देशिका अनुसार प्रतिवेदन लिई खर्च सुनिश्चित गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा समावेश भएका मध्ये सार्वजनिक लेखा समितिबाट २०६४।४।१७ मा लेखा स्रेस्ता पेस गरी बक्यौता लेखापरीक्षण गराउने, अग्रिम आयकर कट्टा नगरेको सम्बन्धमा असुल गरी सम्परीक्षण गराउने र आइन्दा अग्रिम रुपमा कर कट्टा गरेर मात्र भुक्तानी दिने, म्याद नाघेका पेस्की सुदसहित असुल गरी सम्परीक्षण गराउने निर्देशन दिए तापनि लेखा समितिबाट भएको निर्णय कार्यान्वयन भएको पाइएन ।

  यस्तै खरिद योजनाअनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्य सञ्चालन कोष र विविध खातातर्फको आय व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको, नेपाल सरकारबाट निःशुल्क वितरण हुने औषधिमा लोगो नलगाएको, मन्त्रालयबाट छनौट भई छात्रवृत्तिमा गएका विद्यार्थीले सम्झौताबमोजिम कार्य गरे नगरेकोमा अद्यावधिक लगत नराखेको, वीर अस्पतालको अति विशिष्ट कक्ष प्रयोगमा नआएको लगायतका व्यहोरा औँल्याइएकोमा कतिपय अस्पताल तथा स्वास्थ्य सस्थाले सुधार गरेका छैनन् । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ ११३ निकायमा रु.१ अर्ब ४९ करोड ६८ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १४ निकायले रु.२४ लाख ७१ हजार फछ्यौट गरेकोले रु.१ अर्ब ४९ करोड ४४ लाख १२ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.९२ करोड ४५ लाख ३५ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था र समिति ७२ तर्फ रु.१ अर्ब २१ करोड ७ लाख ८१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १८ निकायले रु.१ करोड ७४ लाख ३५ हजार फछ्यौट गरेकोले रु.१ अर्ब १९ करोड ३३ लाख ४६ हजार बाँकी रहेको छ । सोमध्ये रु.५३ करोड ६४ लाख ६० हजार पेस्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १६ मा छ ।

राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७४ बमोजिम विशिष्टिकृत निकायको रुपमा आयोगले राष्ट्रको तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासको लागि दुरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्न र त्यसको कार्यान्वयनमा सहजीकरण गर्न तथा सोको अनुगमन तथा मूल्याङ्कन गरी नेपाल सरकारलाई अनुसन्धान वा विश्लेषण गरिएको सूचनाका आधारहरुमा सल्लाह र सहयोग प्रदान गर्न एवं संघ, प्रदेश र स्थानीय तहको विकास सम्वन्धी नीति योजना तर्जुमा र कार्यान्वयनमा समन्वय सहयोग र सहजीकरणका लागि कार्य गरिरहेको छ। यो वर्ष आयोगसमेत ११३ निकायबाट कार्य सम्पादन भएको छ।

आयोग र मातहत निकायको यो वर्ष विनियोजन रु. ९१ करोड ३४ लाख ९ हजार, राजस्व रु.१९ लाख ७२ हजार, धरौटी रु.१ करोड १७ लाख ५६ हजारसमेत रु.९२ करोड ७१ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **योजना कार्यान्वयन** - आयोगको प्रतिवेदनअनुसार २०७४।७५ मा देशभरी सञ्चालित कूल ४६८ आयोजनामध्ये पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा क्रमशः ३४६, १०४ र १८ आयोजना रहेका छन्। प्रथम प्राथमिकतामा परी बजेट सुनिश्चितता भएका ३४६ आयोजनामध्ये २१८ योजनामा ८० प्रतिशत, ६५ योजनामा ५० देखि ७९ प्रतिशतसम्म र ३२ योजनामा ५० प्रतिशतभन्दा कम प्रगति भएको अवस्था छ। आयोगले योजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीलाई समयमा नै समाधान गरी कार्यान्वयन गर्न व्यवस्थापन पक्षलाई कुशल तथा प्रभावकारी बनाउनुपर्दछ। साथै योजना तर्जुमा गर्दाकै समयमा संघीय संरचनाअनुसार आयोजनाहरुको छनौट, आन्तरिकीकरण र स्थानीयकरणमा जोड दिई तथ्यपरक र नतिजामुखी योजना तर्जुमा प्रणाली विकास गर्नुपर्दछ।

२. **राष्ट्रिय गौरवका आयोजना** - राष्ट्रिय गौरवका २१ आयोजना निर्धारित समयमा सम्पन्न हुन सकेको छैन। आर्थिक वर्ष २०७४।७५ सम्म माथिल्लो तामाकोशी जलविद्युत आयोजना ९० प्रतिशत भन्दा बढी प्रगति भएको छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, मेलम्ची खानेपानी आयोजना, सिक्टा सिँचाइ आयोजना, बबई सिँचाइ आयोजना र राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको मात्र ५० प्रतिशतभन्दा बढी समष्टिगत प्रगति रहेको छ। यो वर्षसम्म पुष्पलाल मध्यपहाडी लोकमार्गको ४५ प्रतिशत, बुढीगण्डकी जलविद्युत आयोजनाको ९.९ प्रतिशत, रेल्वे तथा मेट्रो विकास आयोजनाको १३.७ प्रतिशत, हुलाकी लोकमार्गको २५ प्रतिशत, उत्तर-दक्षिण (कोशी) लोकमार्गको ३५ प्रतिशत, उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गको १० प्रतिशत र उत्तर-दक्षिण (कर्णाली) लोकमार्गको १२ प्रतिशत समष्टिगत प्रगति रहेको छ। राष्ट्रिय गौरवका आयोजनामा वर्गीकृत गरे तापनि पश्चिम सेती जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन नै तयार नभएको र दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बाराको निर्माणको मोडालिटी नै तय नभएको स्थिति छ। आयोजना निर्धारण गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड र कानुनी आधारको अभाव रहेको छ। विस्तृत परियोजना प्रतिवेदनको तयारी बिना नै आयोजना कार्यान्वयन गर्ने र खरिद गुरुयोजनाअनुसार स्रोत र साधन विनियोजन नहुनाले लामो समयसम्म आयोजना कार्यान्वयनकै चरणमा रहने देखिन्छ।

राष्ट्रिय गौरवका आयोजनाहरुमा गिट्टी, बालुवालगायत निर्माण सामग्री सहज उपलब्धता नभएको, आयोजना क्षेत्रभित्र पर्ने जग्गा र घरटहरा अधिग्रहणमा समस्या र वन क्षेत्रभित्रबाट नहरको रेखाङ्कन गर्दा सोमा पर्ने रुख र अनाधिकृत बस्ती हटाउने समस्या रहेको, कामदारको अभाव जस्ता कठिनाइ समस्याका रुपमा राष्ट्रिय योजना आयोगको अनुगमन तथा मूल्याङ्कन महाशाखाको प्रतिवेदनमा देखाइएको छ। राष्ट्रिय विकास समस्या समाधान समितिले समस्या समाधानका लागि सुझाउ र निर्देशन दिए तापनि सोको प्रभावकारी समन्वयसहित कार्यान्वयन हुन सकेको देखिएन। मुलभूत रुपमा आयोजनाको पूर्वतयारी परिपक्व नहुनु, सार्वजनिक निकायहरुबीच समन्वय र सहकार्यमा तादात्म्यता नहुनु तथा आयोजना व्यवस्थापन प्रभावकारी नहुनु, ठेक्का व्यवस्थापन दक्षतापूर्ण हुन नसक्नुजस्ता कारणले आयोजनाहरु कार्यान्वयन हुन नसकेको स्थिति छ। यसले गर्दा आयोजनाहरुको लागत वृद्धि हुनुको साथै आयोजनाबाट प्राप्त हुने आर्थिक सामाजिक लाभमा समेत ढिलाइ हुने अवस्था रहेको छ। अनुगमन, मूल्याङ्कन एवं समन्वयात्मक भूमिकाद्वारा राष्ट्रिय गौरवका योजना समयमा नै सम्पन्न गर्ने वातावरण तयार गर्नुपर्दछ।

३. **आयोजना बैङ्क** - राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ६(४) मा लाभ लागतलगायतका विविध विश्लेषणको आधारमा योजना बैङ्क निर्माण गर्ने र गराउने तथा दफा ६(५) मा राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने भनी आयोगको काम र कर्तव्य निर्दिष्ट गरेबमोजिम काम गर्नु गराउनुपर्दछ । आयोजना बैङ्क स्थापना गर्दा आवश्यक स्रोतको पहिचान, गुणस्तर, परिमाण, समय र लागतमा विशेष ध्यान दिनुपर्दछ ।

केन्द्रीय तथ्याङ्क विभाग

४. **कार्यसम्पादन अवस्था** - तथ्याङ्क ऐन, २०१५ बमोजिम विभागले नेपाल सरकारको लागि नीति तथा योजना तर्जुमा गर्न आधिकारिक तथ्याङ्क सङ्कलन गरी उपलब्ध गराउनुपर्दछ । विभागले प्रशोधन गरेको तथ्याङ्क सार्वजनिक वस्तु एवं सेवा भएकोले सुशासन तथा सूचनाको हक प्रवर्द्धनको लागि सरकारी एवं सार्वजनिक निकायले समेत सो तथ्याङ्कको प्रयोग गर्नुपर्दछ । राष्ट्रिय योजना आयोगबाट तर्जुमा हुने आवधिक योजनाहरुको अधिकतम स्रोत आधार विभागबाट उत्पादित तथ्याङ्कहरु नै रहेका छन् । विभागले तथ्याङ्क सङ्कलन एवं प्रशोधन गर्ने कार्य गर्दा ती तथ्याङ्कको यथार्थता र गुणात्मक पक्षमा सम्बन्धित सरोकारवालासँग समन्वय एवं अन्तरक्रिया गरी तथ्याङ्कको गुणात्मक पक्षमा ध्यान पुऱ्याउनुपर्दछ ।

यो वर्षको लेखापरीक्षणबाट मुख्यतः आयोजनाहरु आंशिक रुपमा कार्यान्वयन भएको, राष्ट्रिय गौरवका आयोजनाको अपेक्षाकृत प्रगति नभएको, आयोजना बैङ्क स्थापना नभएको, दिगो विकास लक्ष्य सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबाट समन्वयात्मक रुपमा कार्यान्वयन एवं अनुगमन र सूचना सम्प्रेषण संयन्त्र स्थापना नभएको लगायतका व्यहोरा देखिएकोले सुधार गर्नुपर्दछ ।

५. **आर्थिक गणना** - प्रथम आर्थिक गणनाको लागि रु.३६ करोड ६९ लाख ४७ हजार बजेट विनियोजन भएकोमा रु.३४ करोड १९ लाख ९५ हजार खर्च भएको देखियो तथ्याङ्क सङ्कलनको कार्य २०७५ आषाढ मसान्तमा समाप्त भए तापनि प्रारम्भिक नतिजालाई प्रशोधन गरेर अन्तिम नतिजा तयार भइसकेको देखिएन । प्रारम्भिक नतिजाअनुसार ७ प्रदेशमा ९ लाख २२ हजार ४४५ व्यवसाय गरेको आर्थिक गणनामा उल्लेख भएको देखिन्छ । प्रारम्भिक सूचनामाथि यथार्थ विश्लेषण हुन बाँकी छ । आन्तरिक राजस्व विभाग र मातहतको अभिलेखबाट २०७५ आषाढमा १० लाख ३६ हजार २४६ करदाता करको दायरामा रहेको देखिएको छ । नेपालको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको आकार उल्लेख्य रहेकोले यस्तो आर्थिक गणनाले अनौपचारिक क्षेत्रलाई न्यून गर्न सहयोग पुग्ने हुँदा विभागले सङ्कलन गरेको तथ्याङ्कको सूचना र सोको प्रशोधनका लागि विशेष ध्यान पुऱ्याउनुपर्दछ ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

दिगो विकास लक्ष्य

संसारभरका १९३ देशका राष्ट्र तथा सरकार प्रमुखबाट सन् २०१५ को २५ सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाबाट दिगो विकास एजेन्डा २०३० पारित गरी सन् २०३० सम्म दिगो विकास लक्ष्यका १७ मुख्य लक्ष्य हासिल गर्ने गरी अनुमोदन भएको छ । दिगो विकासका तीन आयाम आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई एकीकृत रुपमा समेटेका ती लक्ष्यहरु हासिल गर्न १६९ गन्तव्य र २३० विश्वव्यापी सूचक रहेका छन् ।

दिगो विकास लक्ष्य कार्यान्वयन गर्न प्रत्येक राष्ट्रले आ-आफ्नो दिगो विकास लक्ष्य कार्यान्वयनको तयारी योजना बनाउनुपर्दछ । नेपालले लक्ष्य १४ बाहेक १६ मुख्य लक्ष्यको १५९ गन्तव्य र विश्वव्यापी सूचकमा २४५ सूचक थप गरेको छ । तयारी योजनाअन्तर्गत प्रमुख रुपमा आवश्यक संस्थागत, कानुनी तथा नीतिगत व्यवस्था गर्ने, विश्वव्यापी दिगो विकास लक्ष्य तथा गन्तव्यलाई राष्ट्रिय परिवेशमा रुपान्तरण गर्ने, प्राप्त प्रगतिलाई तुलना गर्न उपयुक्त आधारसहित मध्यकालीन गन्तव्य तोक्ने, गन्तव्यमा पुग्नको लागि आवश्यक पर्ने नीति र आवश्यक वित्तीय तथा अन्य स्रोतको व्यवस्था गर्ने तथा कार्यान्वयनमा सबै सरकारी, गैरसरकारी, निजी क्षेत्र र नागरिक समाजको बृहत् साझेदारी निर्माण गर्ने तथा उपयुक्त अनुगमन तथा मूल्याङ्कन संयन्त्र विकास गर्ने कार्य पर्दछन् । यस सम्बन्धमा नेपालले गरेका प्रयासहरु र सुधार गर्नुपर्ने प्रमुख व्यहोरा देहायबमोजिम छनः

६. **संरचनागत व्यवस्था** - संघीय सरकारमा दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धमा नीतिगत दिशा निर्देश तथा स्रोत व्यवस्थापन र उपलब्धिको आवधिक समीक्षा गरी निर्देशन दिन प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति रहेको छ । साथै दिगो विकास लक्ष्यसम्बन्धी योजना तथा बजेट, स्रोत परिचालन तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्नका लागि आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यान्वयन तथा समन्वय समिति र आयोगका सदस्यहरुको अध्यक्षतामा ९ विषयगत समिति गठन भएका छन् । तर विषयगत मन्त्रालयहरुमा यससम्बन्धी उपयुक्त संस्थागत संयन्त्रको व्यवस्था गरिएको छैन । साथै सो अनुरुपको संयन्त्र प्रदेश र स्थानीय तहमा समेत गठन भएको छैन । संस्थागत संयन्त्रको अभावमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि नीतिगत एकरुपता र लक्ष्य केन्द्रित योजना र बजेटको तर्जुमामा र सोको कार्यान्वयन तथा अनुगमनमा सामञ्जस्यता नआउने हुन्छ । संघीय शासन व्यवस्थामा दिगो विकास लक्ष्य हासिल गर्ने मुख्य संयन्त्रका रुपमा ७ प्रदेश र ७५३ स्थानीय तह रहेको हुँदा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा पनि प्रदेश प्रमुख र गाउँ/नगर प्रमुखको संयोजकत्वमा निर्देशक समिति लगायतका संयन्त्र निर्माण गर्नुपर्दछ । साथै विषयगत मन्त्रालयमा समेत उपयुक्त संयन्त्र व्यवस्थापन गरी जिम्मेवारी तोकिनुपर्दछ ।

७. **कानुनी तथा नीतिगत व्यवस्था** - नेपालको चालु आवधिक विकास योजना र वार्षिक नीति तथा कार्यक्रम र बजेटमा दिगो विकास लक्ष्यलाई आधारको रुपमा लिइएको छ । तयारी चरणमा रहेको २५ वर्षे सोच तथा आगामी पञ्चवर्षीय योजना तर्जुमा गर्दा समेत दिगो विकास लक्ष्यलाई आधार लिइएको छ । कानुनी र नीतिगत रुपमा उल्लेख भएका विषयहरुलाई संघीय सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले तयार गर्ने नीति, कार्यक्रम र बजेटमा समेत दिगो विकास लक्ष्यलाई आवश्यक महत्वकासाथ प्रतिविम्बित गर्ने र विषय क्षेत्रगत मन्त्रालयका मध्यकालिन र दीर्घकालीन लक्ष्य निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

८. **लक्ष्यहरुको आन्तरिकीकरण** - दिगो विकास लक्ष्यहरु हासिल गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारको नीति, कानुन, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनुपर्दछ । राष्ट्रिय योजना आयोगले नमुनाका रुपमा प्रदेश स्तरीय र स्थानीय तहको लागि योजना तर्जुमा दिग्दर्शन, २०७५ जारी गरेको छ । संघले दिगो विकास लक्ष्यअनुरुप योजनालाई प्राथमिकीकरण गरी बजेट र कार्यक्रम तर्जुमा गर्ने पद्धतिको थालनी गरे तापनि सोहीअनुरुप प्रदेश र स्थानीय तहबाट नीति, योजना र कार्यक्रममा सामञ्जस्यता हुने गरी लक्ष्यहरुको स्थानीयकरण हुन सकेको छैन । दिगो विकास लक्ष्यहरुलाई आन्तरिकीकरण गर्ने सन्दर्भमा प्रदेशले समेत आधार रेखा सूचकाङ्क तयार गरी परिमाणात्मक लक्ष्यहरु निर्धारण गर्नुपर्दछ । संघबाट हस्तान्तरण गरिने सशर्त अनुदानलगायतका रकमलाई दिगो विकास लक्ष्यहरुसँग आवद्ध गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने पद्दति अवलम्बन गर्नुपर्दछ । प्रदेश र स्थानीय तहहरुबाट दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्न आवधिक, वार्षिक विकास योजना तर्जुमा गरी दिगो विकास लक्ष्यमा पुऱ्याउने योगदानसमेतको आधारमा योजनाको प्राथमिकीकरण, छनौट तथा वर्गीकरण एवं आवश्यक स्रोत र खर्चको प्रक्षेपण गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

९. **अनुगमन तथा मूल्याङ्कन -** आयोगद्वारा दिगो विकासको लक्ष्यअन्तर्गतका परिमाणात्मक १५९ गन्तव्यहरुको अनुगमन गर्न तय गरिएका ४७९ सूचकमध्ये करिब २५० भन्दा कम सूचकको लागि आवश्यक तथ्याङ्कमात्र हाल राष्ट्रियस्तरमा उपलब्ध हुन सक्ने व्यहोरा दिगो विकास लक्ष्य, आवश्यकता पहिचान, लागत र वित्त आपूर्ति रणनीति विषयक प्रतिवेदनमा उल्लेख छ । प्रगति अनुगमन तथा मूल्याङ्कन गर्न विश्वसनीय आधार तथ्याङ्कलाई प्रयोग गरेमा मात्र मापन कार्य विश्वसनीय हुन सक्ने देखिन्छ । कतिपय मध्यकालीन गन्तव्य तथा सूचकका लागि लक्ष्य र सोको आधार अङ्क उल्लेख गरेको देखिएन । विशेषगरी प्रदेश तथा स्थानीय तह र निजी तथा सहकारी क्षेत्रले गर्ने कार्यहरुको सम्वन्धमा यस किसिमको अवस्था रहेको देखिन्छ । अधिकांश विश्वव्यापी सूचकहरु र नेपालले थप गरेका सूचकहरुको पनि तथ्याङ्क नभएको देखिएकाले गुणस्तरीय सूचना तथा तथ्याङ्क आउने गरी सवै सूचकहरुको मापन गर्न आवश्यक पर्ने तथ्याङ्क उपलब्ध हुने वातावरण तयार गर्ने कानुनी, संरचनागत व्यवस्था र प्रणाली विकास गर्न तत्काल पहल गर्नुपर्ने देखिन्छ ।

दिगो विकास लक्ष्य कार्यान्वयनमा प्रदेश र स्थानीय तहका महत्वपूर्ण भूमिका हुने भएकोले तिनको क्षमता अभिवृद्धिमार्फत व्यापकरुपमा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ । गत विगत वर्षदेखि वार्षिक विकास

कार्यक्रमहरुलाई दिगो विकास लक्ष्यको संकेत (कोड) राख्न शुरु गरेको भए तापनि उक्त संकेतअनुसार विनियोजित वार्षिक बजेट प्रस्तुत गर्ने व्यवस्था गर्न सकिएको छैन । तसर्थ सबै तहको वार्षिक वजेट दिगो विकास संकेतको आधारमा प्रस्तुत गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१०. **वित्तीय स्रोत परिचालन** - सरकारले दिगो विकास लक्ष्यः आवश्यकता पहिचान, लागत र वित्त आपूर्ति रणनीति विषयक प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदनले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक रु.२० खर्ब २५ अर्ब लगानी गर्नुपर्ने अनुमान गरेको छ । सो लगानीमध्ये सार्वजनिक क्षेत्रतर्फ रु.२ खर्व १८ अर्ब र निजी क्षेत्रतर्फ रु.३ खर्ब ६७ अर्बसमेत वार्षिक रु.५ खर्ब ८५ अर्व वित्तीय स्रोत अपुग रहने व्यहोरासमेत उल्लेख छ । वित्तीय स्रोत परिचालन गर्ने र व्यापक लागत सहभागिता जुटाउने, वैदेशिक सहयोग जुटाई लगानीको प्राथमिकीकरण गर्ने सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

११. **सरोकारवालाको संलग्नता** - दिगो विकास लक्ष्य कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधन परिचालन गर्न सवै तहका सरकार, नागरिक समाज, निजी तथा सहकारी क्षेत्रबीच व्यापक साझेदारी तथा सहकार्यको आवश्यकता पर्दछ । अतः दिगो विकास लक्ष्य कार्यान्वयन प्रक्रियामा कोही नछुटुन् भन्ने मर्मअनुसार सरोकारवालाहरुको पहिचान गर्ने, सहभागिताको तरिका र भूमिका तय गर्ने गरी सहभागिताका सम्बन्धमा स्पष्ट रणनीति बनाई सोको आधारमा सरोकारवालाहरुलाई केवल सूचित गर्ने मात्र नभई तिनलाई संलग्न र सहकार्य गर्ने व्यवस्था गर्नुपर्दछ । सबै सरोकारवालाबीच समन्वय गर्ने, सूचना तथा प्रतिवेदन आदान प्रदान गर्ने र तथ्याङ्कलाई अद्यावधिक गर्ने कार्य महत्वपूर्ण भएकोले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **एकीकृत सूचना तथा अभिलेख** - दिगो विकास लक्ष्यहरुका लागि तय गरिएका सूचकहरुको मापन गर्नका लागि तथ्याङ्क उपलब्ध गराउने मुख्य स्रोतको रुपमा केन्द्रीय तथ्याङ्क विभाग रहेको छ । साथै दिगो विकास लक्ष्यका सूचकहरुको मापनका लागि सो विभागका अतिरिक्त विभिन्न मन्त्रालयहरुबाट उपलब्ध हुने तथ्याङ्क र व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त हुने सूचनाको प्रयोग गरिने आयोगले जारी गरेको मार्गचित्र प्रतिवेदनमा उल्लेख छ । विभिन्न निकायहरुबाट प्राप्त हुने तथ्याङ्क र सूचनालाई एकीकृत गरी विश्लेषण गर्ने र सन् २०१९, २०२२, २०२५ र २०३० मा दिगो विकास लक्ष्यहरुको प्रगति अनुगमन र मूल्याङ्कन गर्न एककिृत रुपमा आवश्यक विश्वसनीय खण्डीकृत तथ्याङ्क र सूचना समयमा उपलब्ध हुने भरपर्दो व्यवस्था मिलाइएको छैन । दिगो विकास लक्ष्यका सूचकहरु एक आपसमा अन्तरसम्बन्धित भएकाले कुन लक्ष्यलाई कुन कार्यक्रम वा विषयगत मन्त्रालयले सञ्चालन गरेको क्रियाकलापबाट के कति योगदान पुग्छ सो मूल्याङ्कन गर्ने आधार एवं मापदण्डसमेत तयार गरिएको छैन । जसले गर्दा मध्यावधिक लक्ष्यको मूल्याङ्कन गर्न कठिनाइ हुने देखिन्छ । तसर्थ दिगो विकास लक्ष्यका सूचकहरुको मापन गर्न आवश्यक पर्ने खण्डीकृत विश्वसनीय तथ्याङ्क र सूचना समयमा उपलब्ध हुने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

अनुगमन तथा बेरुजू

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्यक्रम संशोधन, प्राविधिक सहायता लेखापरीक्षण नभएको, नयाँ नेपाल निर्माण कोषको आवश्यकता र औचित्यमा पुनरावलोकन हुनुपर्ने, सुझाव कार्यान्वयन गरे नगरेको सम्बन्धमा अनुगमन नभएको लगायतका व्यहोरा औँल्याइएत्रकोमा सुधार गरेको देखिँदैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** आयोग र मातहतसमेत १३ निकायमा यो वर्ष रु.२० लाख ४३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ६७ हजार फछ्यौंट गरेकोले रु.१७ लाख ७६ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ लाख ६८ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

खण्ड - २
प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

१. **संवैधानिक व्यवस्था -**नेपालको संविधानको धारा ५६ बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ । संविधानको अनुसूची ४ मा उल्लेख भएबमोजिम नेपालमा ७ प्रदेश रहने र संविधानको धारा ५७ मा उल्लेख भएबमोजिम राज्यशक्तिको बाँडफाँडको व्यवस्थाअन्तर्गत प्रदेश अधिकारको प्रयोग अनुसूची ६ मा उल्लिखित एकल सूचीका विषयमा संविधान र प्रदेश कानुनबमोजिम अनुसूची ७ मा उल्लिखित संघ र प्रदेशको साझा सूचीका विषयमा संविधान, संघीय कानुन र प्रदेश कानुनबमोजिम, अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा सूचीका विषयमा संविधान, संघीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने उल्लेख छ। प्रदेशको अधिकारको एकल सूचीमा निम्न विषय रहेका छन्:

क्र.सं.	विषयहरु	क्र.सं.	विषयहरु
१.	प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा	२.	नेपाल राष्ट्र बैङ्कको नीति अनुरुप वित्तीय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको वैदेशिक अनुदान र सहयोग
३.	रेडियो, एफ.एम., टेलिभिजन सञ्चालन	४.	घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना
५.	प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा	६.	प्रदेश तथ्यांक
७.	प्रदेशस्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा, परिवहन	८.	प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय
९.	स्वास्थ्य सेवा	१०.	प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद् सम्बन्धी
११.	प्रदेशभित्रको व्यापार	१२.	प्रदेश लोकमार्ग
१३.	प्रदेश अनुसन्धान ब्युरो	१४.	प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय
१५.	प्रदेश लोक सेवा आयोग	१६.	भूमि व्यवस्थापन, जग्गाको अभिलेख
१७.	खानी अन्वेषण र व्यवस्थापन	१८.	भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग
१९.	प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन	२०.	कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात
२१.	गुठी व्यवस्थापन		

यसका अतिरिक्त अनुसूची ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसम्बन्धी व्यवस्था रहेको छ । संविधानको धारा ५९ मा प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ। यसैगरी धारा ६० मा राजस्व सङ्कलन र बाँडफाँडसम्बन्धी व्यवस्था छ।

२. **प्रदेशको गठन -** संविधानको धारा १७५ मा प्रदेश व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था छ । प्रदेश सभाको गठन पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यहरुबाट हुने व्यवस्था रहेको छ। प्रदेश सभाका सदस्यहरुबाट प्रदेश कार्यपालिका गठन हुने र प्रदेशको कार्यकारिणी अधिकार संविधान र प्रदेश कानुनबमोजिम प्रदेश मन्त्रिपरिषद्मा निहित हुने व्यवस्था छ । प्रदेशको राजनैतिक तथा प्रशासकीय विभाजन निम्नानुसार रहेको छ:

क्र.सं.	विवरण	इकाई	नेपाल	प्रदेश १	प्रदेश २	प्रदेश ३	गण्डकी	प्रदेश ५	कर्णाली	सुदूरपश्चिम
१.	कूल क्षेत्रफल	वर्ग कि.मि.	१,४७,१८१	२५,९०५	९,६६१	२०,३००	२१,५०४	२२,२८८	२७,९८४	१९,५३९
२.	जिल्ला	संख्या	७७	१४	८	१३	११	१२	१०	९
३.	संघीय निर्वाचन क्षेत्र	संख्या	१६५	२८	३२	३३	१८	२६	१२	१६
४.	प्रादेशिक निर्वाचन क्षेत्र	संख्या	३३०	५६	६४	६६	३६	५२	२४	३२
५.	गाउँपालिका	संख्या	४६०	८८	५९	७४	५८	७३	५४	५४
६.	नगरपालिका	संख्या	२७६	४६	७३	४१	२६	३२	२५	३३
७.	उप महानगरपालिका	संख्या	११	२	३	१	०	४	०	१
८.	महानगरपालिका	संख्या	६	१	१	३	१	०	०	०
९.	जनसंख्या (२०६८)	हजारमा	२,६४,९४	४५,३४	५४,०४	५५,२९	२४,१४	४८,९१	११,६९	२५,५३

३. **प्रदेशको कार्य सञ्चालन -** संविधानको भाग १३ मा प्रदेशको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित हुने, संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहने व्यवस्था छ । भाग १४ मा प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुने, प्रदेश सभाको गठनसम्बन्धी व्यवस्था छ । यसैगरी भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधिअन्तर्गत प्रदेश सभाको व्यवस्थापकीय अधिकार, प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने, फिर्ता लिने, प्रमाणीकरण गर्ने, अध्यादेश एवं विधेयकमा प्रमाणीकरण सम्बन्धी व्यवस्था रहेको छ ।

४. **प्रदेश आर्थिक कार्य प्रणाली -** संविधानको भाग १६ मा प्रदेश आर्थिक कार्य प्रणालीअन्तर्गत कानुनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने, प्रदेश सञ्चित कोष, उक्त कोषबाट व्यय र उक्त कोषमाथि व्ययभार हुने रकम, राजस्व र व्ययको अनुमान, प्रदेश विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च एवं प्रदेश आकस्मिक कोष सम्बन्धी व्यवस्था रहेको छ । त्यसैगरी प्रदेश ऐन बमोजिम विनियोजित रकम एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधि सम्बन्धी अन्य व्यवस्था प्रदेश ऐन बमोजिम हुने उल्लेख छ ।

५. **लेखापरीक्षण -** नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन २०७५ अनुसार सबै प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था बमोजिम यो वर्ष ७ प्रदेश सरकार मातहतका ६८ कार्यालयको रु.२ अर्ब ६२ करोड ५५ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

६. **प्रतिवेदनसम्बन्धी व्यवस्था -** नेपालको संविधानको धारा २९४ मा महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने, प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्नसक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ ।

उक्त संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सबै प्रदेश सरकार र मातहत कार्यालयको २०७४।७५ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण योजना तथा कार्यक्रम स्वीकृत गरी लेखा उत्तरदायी अधिकृतलाई कार्यतालिकाको जानकारी गराइएको थियो । स्थलगत रुपमा लेखापरीक्षण टोली खटाई प्रदेश तहको लेखापरीक्षण सम्पन्न गरिएको छ । स्थलगत रुपमा जारी लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया समेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

७. **लेखापरीक्षण अन्तरक्रिया -** लेखापरीक्षणलाई गुणस्तरीय, विश्वसनीय र प्रभावकारी बनाउन महालेखापरीक्षक समेतको सहभागितामा सातै प्रदेशमा प्रदेश प्रमुख, प्रदेश सरकार, प्रदेश सभा र समितिलगायतका पदाधिकारीहरुसँग छलफल र अन्तरक्रिया सम्पन्न गरिएको थियो ।

लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा

८. **कानुन निर्माण -** संविधानको धारा ५७ मा राज्यशक्तिको बाँडफाँडअन्तर्गत प्रदेशको अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्थाअनुसार प्रदेशको अधिकारको प्रयोगको लागि प्रदेश सभाबाट पारित ऐन र पारित हुन बाँकी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको विवरण निम्नानुसार रहेको देखिन्छ:

प्रदेश	निर्माण भएको ऐन संख्या	पारित भएको ऐन संख्या	प्रक्रियामा रहेका ऐन संख्या
१	२९	२३	६
२	१६	१६	०
३	२५	२३	२
गण्डकी	२६	१९	७
५	४१	१८	२३
कर्णाली	१७	१७	०
सुदूरपश्चिम	१८	१७	१
जम्मा	**१७२**	**१३३**	**३९**

उल्लिखित तालिका अनुसार प्रदेशले १६ देखि ४१ सम्म १७२ ऐन कानुन निर्माण गरेकोमा १३३ ऐन कानुन प्रदेश सभाबाट पारित गरी लागू भएको देखिन्छ ।

९. **कानुनमा सामन्जस्यता -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनुपर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्य नहुने गरी निर्माण गरेका प्रदेश नं. ३ र गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ र आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ को व्यवस्था मा तादात्म्यता मिलेको नदेखिएका केही उदाहरण निम्नानुसार छन्:

आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ को व्यवस्था		प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा र व्यवस्था	
दफा १०.३	महालेखा नियन्त्रकले लेखा ढाँचा तयार गरी महालेखा परीक्षकबाट स्वीकृत गराउनुपर्ने ।	२१.४	प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा ढाँचा तयार गरी महालेखा परीक्षकबाट स्वीकृत गराउनुपर्ने ।
नियम ९६.८	आन्तरिक लेखापरीक्षणबाट निस्केको फछर्यौट हुन बाँकी बेरुजू अन्तिम लेखापरीक्षकलाई दिइनेछ । अन्तिम लेखापरीक्षण भएपछि आन्तरिक लेखापरीक्षण बेरुजू कायम रहने छैन ।	३२.६	आन्तरिक लेखापरीक्षण सुझावहरुको सम्बन्धमा कारण सहित हटाएकोमा बाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नुपर्नेछ ।
	संघीय कानुनमा त्यस्तो व्यवस्था छैन । लेखापरीक्षण नीति मानदण्डमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ ।	३३.२	महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखा परीक्षकको प्रतिवेदनलाई समेत आधार लिनुपर्नेछ ।
नियम ९९.१	लेखापरीक्षणबाट औँल्याइएको बेरुजू ३५ दिनभित्र कार्यालयले फछर्यौट गरी महालेखारीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ ।	३५.१	लेखापरीक्षण बेरुजू ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछर्यौट तथा सम्परीक्षण गरी महालेखा परीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।
	संघीय कानुनमा महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गर्ने व्यवस्था भएको ।	३८.२	बेरुजू लेखा उत्तरदायी अधिकृतबाट सम्परीक्षण हुनेछ ।
नियम १०३.१	असुल उपर गर्नुपर्ने बेरुजू रकम १ वर्षभित्र असुल नभएमा लेखा उत्तरदायी अधिकृत समक्ष पेस गर्नुपर्ने र लेखा उत्तरदायी अधिकृतले केन्द्रीय तहसिल कार्यालयमा लगत राख्न पठाउने व्यवस्था छ ।	५३.२	असुल उपर गर्नुपर्ने देखिएको रकम पांच वर्षसम्म प्रयास गर्दा पनि असुल नभएमा सरकारी बाँकीको रुपमा लगत कस्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनुपर्ने छ ।

महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने संवैधानिक व्यवस्थाअनुसार लेखापरीक्षण ऐन २०७५ को दफा १९(५) बमोजिम प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था भएकोले प्रदेश सभा नियमावलीहरुमा सोही अनुसार सामान्जस्यता मिलाउनु पर्दछ ।

१०. **संगठन र कर्मचारी व्यवस्थापन -** प्रदेश सरकारलाई कार्य सम्पादन गर्न आवश्यक संगठन र कर्मचारीको व्यवस्था हुनुपर्दछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७५।१२।१४ मा प्राप्त विवरणको आधारमा प्रदेशअन्तर्गतका कार्यालय, दरबन्दी र समायोजनको स्थिति निम्नानुसार देखिएको छ:

प्रदेश नं.	मन्त्रालय र केन्द्रीय निकाय संख्या	कुल दरबन्दी संख्या	समायोजन संख्या
१	१०	३३७३	२४१५
२	१०	३१५८	१८१२
३	९	३९०६	२५२५
गण्डकी	१०	२६९९	१७४८
५	९	४०३७	२५३२
कर्णाली	१०	२३३२	१३३४
सुदूरपश्चिम	१०	२७९२	१४५५
जम्मा	**६८**	**२२२९७**	**१३८२१**

संविधानको अनुसूची ६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा प्रदेश तहमा समेत (कृषि, घरेलु, स्वास्थ्य लगायतका) कार्यालयहरु स्थापना भएको देखिन्छ । स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागि प्रदेश तहमा एवं संघीय सरकारले खारेज गरेका क्षेत्रीय निर्देशनालयहरु समेत प्रदेश तहमा स्थापना भएबाट काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि हुने अवस्था देखिन्छ । प्रदेश सरकारअन्तर्गतका कामको आवश्यकताको आधारमा कार्यालय स्थापना हुनुपर्दछ ।

११. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभा समक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७४।७५ को बजेट र खर्चको स्थिति निम्नानुसार देखिएको छ:

(रु.लाखमा)

प्रदेश नं.	वार्षिक बजेट	चालु खर्च	पुँजीगत खर्च	कुल खर्च	खर्च प्रतिशत
१	१,०२,०५	४३,५१	२१,७८	६५,२९	६३.९८
२	९३,१०	२६,६०	२५,७३	५२,३३	५६.२०
३	१,०२,०५	१५,९९	१०,९७	२६,९६	२६.४१
गण्डकी	१,०२,०५	१४,४८	१५,०६	२९,५४	२८.९४
५	१,०२,०५	१२,५३	६,५५	१९,०८	१८.६९
कर्णाली	१,०२,०५	१२,२७	११,१६	२३,४३	२७.६०
सुदूरपश्चिम	१,०२,०५	१६,५८	९,४०	२५,९८	२५.४६
जम्मा	**७,०५,४०**	**१,४१,९६**	**१,००,६५**	**२,४२,६१**	**३४.३९**

११.१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३(२) सँग सम्बन्धित अनुसूची २ मा प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिबाना एवं प्रदेशको अधिकार क्षेत्रको विषयमा प्रदेश कानुन अन्य प्रचलित कानुनअनुसार लगाइने अन्य कर तथा गैरकर लगाउनसक्ने व्यवस्था रहेकोमा यो वर्ष सातै प्रदेश सरकारले कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव गरेको पाइएन ।

११.२. यो वर्ष प्रदेश सरकारको आम्दानीको स्रोत संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान मात्र रहेको देखिन्छ । संघीय सरकारबाट प्राप्त अनुदान रु.७ अर्ब ५ करोड ४० लाख नै प्रदेश सरकारको वार्षिक बजेट रहेकोमा रु.२ अर्ब ४२ करोड ६१ लाख (३४.३९ प्रतिशत) खर्च भई बाँकी रकम खर्च भएको देखिएन । प्रदेश नं.१ ले सबैभन्दा बढी अर्थात् ६३.९८ प्रतिशत र प्रदेश नं.५ ले सबैभन्दा घटी अर्थात् १८.६९ प्रतिशत खर्च गरेको छ ।

११.३. सबै प्रदेशमा भएको कुल खर्चमध्ये चालुतर्फ रु.१ अर्ब ४१ करोड ९६ लाख (५८.५१ प्रतिशत) र पुँजीगत खर्चमा रु.१ अर्ब ६५ लाख (४१.४९ प्रतिशत) खर्च भएको देखिन्छ । प्रदेश स्थापनाको पहिलो वर्ष भएकोले चालु खर्च बढी देखिएको छ ।

१२. **नीति, कार्यक्रम कार्यान्वयन -** प्रदेश प्रमुखबाट पेस भएको तथा बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा विभिन्न प्रदेशले उल्लेख गरेको नीति कार्यक्रममध्ये प्रदेश लोकसेवा आयोगको गठन सम्बन्धी कार्य, प्रदेश गौरवका आयोजनाको छनौट, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, आकस्मिक र युवा लक्षित कोषको स्थापना, विपद व्यवस्थापन कार्यविधि, सिण्डिकेट र कार्टेलिङ्ग नियन्त्रणसम्बन्धी कानुन निर्माण, युवा वैज्ञानिक कोष र प्रदेश बाल उद्धार कोषको स्थापनासम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन । वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१३. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धाको आधारमा खरिद कार्य गर्नुपर्नेमा सातै प्रदेशले यो वर्ष फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टरलगायतका सामग्री खरिद गर्दा प्रतिस्पर्धा बेगर पटक पटक सोझै खरिद गरी रु.३० करोड ४२ लाख ७८ हजार भुक्तानी गरेको देखिएको छ । नयाँ स्थापना भएका मन्त्रालयको सञ्चालनका लागि तत्काल खरिद गर्नु परे तापनि सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिम विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी प्रक्रियासमेत अवलम्बन गरेको देखिएन ।

१४. **उद्घाटन खर्च -** कर्णाली प्रदेश सरकारको निर्णयअनुसार सञ्चालन भएको कर्णाली रारा पर्यटन महोत्सव २०७५ को उद्घाटन समारोहमा प्रदेशका ६ मन्त्रालयले प्रचार प्रसारमा रु.६ लाख ९७ हजार, उपहार सामग्रीमा रु.७ लाख ४ हजार, खाजा खानामा रु.२१ लाख २४ हजार, हवाई टिकटलगायत यातायात खर्चमा रु.१० लाख र अन्य खर्चसमेत रु.७८ लाख १६ हजार खर्च गरेको देखिन्छ । यस्तो खर्च गर्दा खर्चको प्रकृति, परिमाण र दर यकिन गरी लागत अनुमान समेत नबनाई खर्च गरेको उचित देखिएन । यस्तो खर्च गर्दा मितव्ययितामा ध्यान पुऱ्याउनुपर्दछ ।

१५. **अवास्तविक खर्च -** प्रदेश विपद् व्यवस्थापनसम्बन्धी ऐन तथा सोसम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने गरी प्रदेश नं.२ ले प्रदेश विपद् व्यवस्थापन कोष स्थापना गर्न विनियोजित रु.२ करोड फ्रिज हुन नदिन कार्यसञ्चालन कोषमा ट्रान्सफर गरेको छ । प्रदेश विपद् व्यवस्थापनसम्बन्धी ऐन तथा सोसम्बन्धी कार्यविधि तयार नगरी अन्य कोषमा जम्मा गरेको उचित देखिएन । उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ । यसैगरी गण्डकी प्रदेशका २ मन्त्रालयले असम्बन्धित शीर्षकबाट खर्च गरेको रु.२६ लाख ५ हजार अनियमित देखिन्छ ।

१६. **निर्वाचन क्षेत्र विकास कार्यक्रम -** प्रदेश नं.२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम प्रदेश सभा सदस्यले छनौट गरेको योजना कार्यान्वयन गर्न प्रति सदस्य रु.१० लाखका दरले रु.१० करोड ७० लाख आर्थिक वर्षको अन्तमा सम्बन्धित सभासदको नाममा पेस्की जनाई सम्बन्धित जिल्ला प्राविधिक कार्यालयमा पठाएको देखिन्छ । यसरी रकम उपलब्ध गराउँदा कार्यक्रम सञ्चालन कार्यविधिको अनुसूची १ बमोजिम योजना माग फारम नभरेको, योजना कार्यान्वयन समय नखुलाएको, योजनाको लागत अनुमान स्वीकृत नभएको एवं सेवा प्राप्त गर्ने लाभान्वित समूहलगायतका न्यूनतम विवरण तयार नगरी पेस्की उपलब्ध गराएको उपयुक्त देखिएन । उक्त रकम यसै आर्थिक वर्षमा खर्च हुने स्थिति छैन । प्रक्रिया नपुऱ्याई आर्थिक वर्षको अन्तमा पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१७. **अनुदान वितरण -** प्रदेश सरकारले उपलब्ध गराएका अनुदान सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

१७.१. कर्णाली प्रदेशको भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालयले ९ नाफामूलक व्यावसायिक फर्म एवं कम्पनीलाई भेंडा बाखा गोठ निर्माण कार्य गर्न रु.२ लाखदेखि ५ लाखका दरले रु.२२ लाख र एक सहकारी संस्थालाई दुग्ध चिस्यान केन्द्र स्थापना गर्न रु.८० लाख अनुदान दिएको देखिन्छ । संस्था छनौटको आधार एवं मापदण्ड, पुँजी, दीर्घकालीन कार्ययोजना, उत्पादन गर्न सक्ने क्षमता, उत्पादित वस्तुको खपत, लाभान्वित जनसंख्या, संस्थाको विस्तृत परियोजना प्रस्ताव समेतलाई आधार नलिई अनुदान दिने परिपाटीमा सुधार गर्नुपर्ने देखिन्छ ।

१७.२. प्रदेश नं.२ को सामाजिक विकास मन्त्रालयले सरकारी तथा गैरसरकारी संस्थालाई दिने अनुदानसम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गरी आर्थिक वर्षको अन्त्यमा २० संस्थालाई रु.७७ लाख अनुदान प्रदान गरेको

देखिन्छ । निर्देशिकामा दुई बराबर किस्तामा अनुदान उपलब्ध गराउने र पहिलो किस्ताको उपलब्धिको आधारमा दोस्रो किस्ता उपलब्ध गराउने उल्लेख भएकोमा सो विपरीत एकमुष्ट अनुदान दिएको देखिन्छ । यसैगरी सोही मन्त्रालयले शिशु स्याहार तथा बालबालिका विकास कार्यक्रम सञ्चालन गर्न ५ संस्थालाई २०७५।३।२७ को निर्णयले रु.५० लाख अनुदान प्रदान गरेकोमा उक्त रकमबाट तोकेको कार्य भएको देखिएन ।

१७.३. प्रदेश नं.१ को आर्थिक मामिला तथा योजना मन्त्रालयले बाटो मर्मत तथा निर्माण, सिँचाइ कुलो, खानेपानी योजना एवं विद्यालय भवन मर्मत, खेल मैदान निर्माण, गुम्बा निर्माण, गैर सरकारी निकायको भवन निर्माण समेतका सयौँ योजना कार्यान्वयन गर्न आर्थिक वर्षको अन्त्यमा १२४ स्थानीय तहलाई रु.१ लाखदेखि १ करोडसम्मका दरले रु.२० करोड ८ लाख १० हजारको चेक हस्तान्तरण गरेकोमा केही स्थानीय तहले वर्षको अन्त्यमा योजना कार्यान्वयन गर्न नसक्ने जनाई रु.३६ लाख ३८ हजार फिर्ता गरेको देखिन्छ । यसैगरी सोही प्रदेशको सामाजिक विकास मन्त्रालयले आर्थिक वर्षको अन्त्यमा विभिन्न स्थानीय तह एवं गैरसरकारी संस्थालाई रु.४ करोड ७४ लाख ३३ हजार अनुदान दिएको छ । अनुदान दिएको योजना सम्बन्धित स्थानीय तहबाट प्रस्ताव नभएको, वर्षको अन्त्यमा अनुदान दिएको र अनुदान दिने निकायबाट काम तथा खर्चको अनुगमन नभएको कारण अनुदानको उपयोग सम्बन्धमा आश्वस्त हुने अवस्था छैन ।

अनुदान दिने कार्यलाई व्यवस्थित गरी अनुदानबाट भएको खर्च तथा कार्यको अनुगमन गरी उपलब्धि सुनिश्चित गर्नुपर्दछ । प्रदेश सरकारबाट भएका उल्लिखित सर्भे, ड्रइङ, डिजाइन र अध्ययन प्रतिवेदन कार्यान्वयनको सुनिश्चिता नभएको एवं यस्तो सेवा प्राप्त गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ७२(१) को प्रक्रियासमेत पालना भएको देखिएन ।

१८. **परामर्श सेवा खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा बीस लाख रुपैयाँभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

१८.१. प्रदेश नं.२ को भौतिक पूर्वाधार विकास मन्त्रलायले सडक, खानेपानीलगायतका योजनाको विस्तृत सर्वेक्षण कार्य गराई २९ परामर्शदातालाई रु.१९ लाख ८९ हजार भुक्तानी गरेको देखिन्छ । सोही प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ७ सर्भेक्षण तथा अध्ययन कार्य गराई रु.२८ लाख ९४ हजार भुक्तानी गरेको छ ।

१८.२. सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले औद्योगिक क्षेत्र स्थापना, केबलकार सञ्चालन, पर्यटन क्षेत्रलगायत ३५ संभाव्यता अध्ययन कार्य गराई रु.१ करोड ८१ लाख १६ हजार खर्च गरेको छ ।

१८.३. प्रदेश नं.१ को भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक, पुल, भ्यू टावर, सिँचाइ कुलोलगायतका निर्माण कार्यको सर्भे, ड्रइङ्ग, डिजाइन र लागत अनुमान तयार गर्ने कार्य २४ परामर्शदाताबाट गराई रु.३ करोड ५३ लाख ४० हजार भुक्तानी गरेको देखिन्छ । परामर्श सेवाको लागत अनुमानमा शिरोभार खर्च समावेश गर्न नमिल्नेमा रु.४६ लाख १० हजार शिरोभार खर्चबापत भुक्तानी गरेकाले नियमविपरीत भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१९. **समारोह खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११ मा मालसामान खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र नियम ३१ मा रु.२० लाखभन्दा बढीको कार्य गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । प्रदेश नं.२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जनकपुरधाममा २०७५।१।२८ मा आयोजित समारोहमा प्रचार, प्रसार, नगर सरसफाई, पण्डाल पाल निर्माण, स्वागतद्वार, जनपरिचालन लगायतका कार्यहरुमा रु.३ करोड २ लाख ४४ हजार खर्च भएको छ । उक्त खर्चको अलावा सोही कार्यक्रमका लागि जनकपुर उपनगरपालिकाबाट रु.१ करोड ८५ लाख खर्च भएको छ । प्रदेशबाट भएको खर्चमध्ये पाल पण्डाल निर्माणमा प्रतिस्पर्धा बेगर रु.१ करोड ३४ लाख ४९ हजार र जन परिचालनमा रु.८४ लाख ४ हजार खर्च गरेको मितव्ययी र औचित्यपूर्ण देखिएन । यसप्रकारका खर्च गर्दा खरिद कानुनको पालना गरी खरिद कार्य मितव्ययी र औचित्य पूर्ण हुनुपर्दछ ।

२०. **पदाधिकारी सुविधा -** प्रदेश कानुन नबनेसम्म प्रदेश सभाका सभामुख, उप सभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा तोक्नेसम्बन्धी प्रदेश मन्त्रिपरिषद्को आदेश, २०७५ एवं सम्बन्धित प्रदेशले निर्माण

गरेको कानुनबमोजिम सेवा सुविधा प्रदान गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२०.१. पदाधिकारीहरुलाई प्रदान गर्ने पारिश्रमिक र आवास सुविधा प्रदेशगत रुपमा बनेका कानुनमा देहायबमोजिम रहेको देखिन्छ:

प्रदेश नं.	सुविधाको किसिम	इकाई दर	सभामुख	उप सभामुख/प्रतिपक्ष दलको नेता	मुख्य सचेतक/प्रमुख सचेतक/सभापति	प्रदेश सभा सदस्य
१	पारिश्रमिक	मासिक रु.	५३,०००/-	५०,०००/-	४९,०००/-	४५,०००/-
२		मासिक रु.	५९,०००/-	५७,७८०/-	५६,४९०/-	५२,६००/-
३		मासिक रु.	५३,०००/-	५०,०००/-	४९,०००/-	४५,०००/-
गण्डकी		मासिक रु.	५३,०००/-	५०,०००/-	४९,०००/-	४५,०००/-
५		मासिक रु.	५३,०००/-	५०,०००/-	४८,०००/-	४५,०००/-
कर्णाली		मासिक रु.	५३,०००/-	५०,०००/-	४८,०००/-	४५,०००/-
सुदूरपश्चिम		मासिक रु.	५३,०००/-	५०,०००/-	४८,०००/-	४५,०००/-
१	आवास सुविधा	मासिक रु.	आवास	आवास/२५,०००/-	२५,०००/-	१५,०००/-
२		मासिक रु.	आवास	आवास/२०,०००/-	१८,०००/-	१६,०००/-
३		मासिक रु.	आवास	आवास/२५,०००/-	२५,०००/-	१५,०००/-
गण्डकी		मासिक रु.	आवास	आवास	१५,०००/-	१५,०००/-
५		मासिक रु.	आवास	आवास	१५,०००/-	१५,०००/-
कर्णाली		मासिक रु.	आवास	आवास/२५,०००/-	१५,०००/-	१५,०००/-
सुदूरपश्चिम		मासिक रु.	आवास	१२,०००/-	१२,०००/-	१२,०००/-

२०.२. फर्निचर र निजी सचिवालय बस्तोवस्तको लागि देहायबमोजिम सुविधा प्रदान गर्न कानुन निर्माण भएको देखिन्छ:

प्रदेश नं.	सुविधाको किसिम	इकाई दर	सभामुख	उप सभामुख/प्रतिपक्ष दलको नेता	मुख्य सचेतक/प्रमुख सचेतक/सभापति	प्रदेश सभा सदस्य
१	फर्निचर	एकमुष्ट रु.	-	१५,०००/-	१५,०००/-	१५,०००/-
२		एकमुष्ट रु.	-	८०,०००/-	७०,०००/-	५०,०००/-
३		एकमुष्ट रु.	-	१५,०००/-	१५,०००/-	१५,०००/-
गण्डकी		एकमुष्ट रु.	-	-	५०,०००/-	५०,०००/-
५		एकमुष्ट रु.	-	-	४५,०००/-	४५,०००/-
कर्णाली		एकमुष्ट रु.	६०,०००/-	५०,०००/-	४०,०००/-	४०,०००/-
सुदूरपश्चिम		एकमुष्ट रु.	१५,०००/-	१५,०००/-	१५,०००/-	१५,०००/-
१	निजी सचिवालय व्यवस्थापन	मासिक रु.	२,०००/-	१७५०/-	१७५०/-	-
२		मासिक रु.	३,०००/-	२,५००/-	२,०००/-	२,०००/-
३		मासिक रु.	२,०००/-	१,७५०/-	१,७५०/-	-
गण्डकी		मासिक रु.	२,०००/-	१,७५०/-	१,२००/-	-
५		मासिक रु.	२,०००/-	१,७५०/-	१,७५०/-	१,०००/-
कर्णाली		मासिक रु.	२,०००/-	१,७५०/-	१,५००/-	-
सुदूरपश्चिम		मासिक रु.	४,०००/-	३,२५०/-	१,७५०/-	-

२०.३. प्रदेश नं.२ ले सभामुखलाई २ सवारीसाधन र मासिक २७५ लिटर इन्धन उपलब्ध गराउने गरी कानुन बनाएकोमा अन्य प्रदेशले १ सवारीसाधन र मासिक १५० लिटर इन्धन उपलब्ध गराउने गरी कानुन बनाएको देखिन्छ । प्रदेश नं.३ ले तोकेको सञ्चार सुविधा अन्य प्रदेशको तुलनामा बढी रहेको छ । अतिथि सत्कारतर्फ सबैभन्दा बढी प्रदेश नं.२ ले सभामुखलाई मासिक रु.१८ हजार र सबैभन्दा कम प्रदेश नं.३ ले मासिक रु.३ हजार निर्धारण गरेको देखिन्छ ।

२०.४. आयकर ऐन, २०५८ मा पदाधिकारीहरुलाई नगदै प्रदान गरिने पारिश्रमिक र सुविधाबापतको रकम वार्षिक आयमा समावेश गरी पारिश्रमिक कर गणना गर्नुपर्ने व्यवस्था छ । प्रदेश नं.३ ले ७ पदाधिकारीलाई भुक्तानी

दिएको पारिश्रमिक र सुविधामा घटी कर कट्टा गरेको सम्बन्धमा औँल्याएपछि रु.२ लाख ५७ हजार असुल गरी प्रदेश बेरुजू खातामा जम्मा भएको छ । पारिश्रमिक कर संघीय सरकारको आय भएकोले संघको सम्बन्धित खातामा जम्मा गर्नुपर्दछ ।

२०.५. प्रदेश नं.१, २, ३, गण्डकी, ५, कर्णाली र सुदूरपश्चिम प्रदेशका पदाधिकारीलाई क्रमशः रु.५५ लाख ८० हजार, रु. ८५ लाख ३९ हजार, रु.९१ लाख ६ हजार, रु.३२ लाख १४ हजार, रु.७१ लाख १० हजार, रु.१६ लाख ६८ हजार र रु.३१ लाख ९२ हजार घर भाडा भुक्तानी गरेको देखिन्छ । प्रदेश राजधानीमा घर हुने र नहुनेलाई समान रुपले घरभाडा भुक्तानी दिने निर्णय उपयुक्त देखिएन ।

२१. **मुख्यमन्त्री तथा मन्त्रीको सुविधा -** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा उपलब्ध गराउन सम्बन्धित प्रदेशले निर्माण गरेको ऐनमा व्यवस्था भएबमोजिम सातै प्रदेशले मुख्यमन्त्री तथा मन्त्रीहरुलाई कानुनबमोजिम प्रदान गर्ने मासिक पारिश्रमिकलगायत सुविधाको स्थिति निम्नानुसार देखिन्छ:

२१.१. मुख्यमन्त्री र मन्त्रीहरुलाई प्रदान गर्ने मासिक पारिश्रमिकमा प्रदेशगत रुपमा देहायबमोजिम रहेको देखिन्छ:

प्रदेश नं.	मुख्य मन्त्री	मन्त्री	राज्य मन्त्री	सहायक मन्त्री
१	६०,९७०/-	५२,०००/-	४९,०००/-	४७,०००/-
२	६०,९७०/-	५७,७८०/-	५६,४९०/-	५३,०००/-
३	६०,९७०/-	५२,०००/-	४९,०००/-	४७,०००/-
गण्डकी	६०,९७०/-	५२,०००/-	४९,०००/-	४७,०००/-
५	६०,९७०/-	५२,०००/-	४९,०००/-	४८,१००/-
कर्णाली	६०,९७०/-	५२,०००/-	४९,०००/-	४७,०००/-
सुदूरपश्चिम	६०,९७०/-	५४,०००/-	५१,०००/-	५१,०००/-

२१.२. प्रदेश नं.२ ले मुख्यमन्त्रीलाई २ सवारीसाधन र मासिक ३०० लिटर इन्धन उपलब्ध गराउने गरी, प्रदेश नं. १ र कर्णाली प्रदेशले २/२ सवारीसाधन र मासिक २५० लिटर सवारी इन्धन उपलब्ध गराउने गरी, प्रदेश नं.३ र गण्डकी प्रदेशले एक-एक वटा सवारीसाधन र मासिक १५० र २५० लिटर सवारी इन्धन उपलब्ध गराउने गरी, प्रदेश नं. ५ ले सवारी साधन आवश्यकता अनुसार र इन्धन २५० लिटर तथा सुदूरपश्चिम प्रदेशले २ वटा सवारी साधन र इन्धन आवश्यकता अनुसार उपलब्ध गराउने गरी कानुन बनाएको देखिन्छ ।

२१.३. प्रदेश नं.३ ले मुख्यमन्त्रीलाई सञ्चार सुविधाबापत मासिक रु.१० हजार र प्रदेश नं. १ ले मासिक रु.३ हजार निर्धारण गरेको एवं प्रदेश नं.५ ले बिल अनुसार हुने उल्लेख गरेको छ । अतिथि सत्कारतर्फ गण्डकी प्रदेशले मुख्यमन्त्रीलाई मासिक रु.४० हजार र प्रदेश नं.१, ३ र सुदूरपश्चिम प्रदेशले मासिक रु.१० हजार निर्धारण गरेको देखिन्छ ।

२१.४. इन्धन खर्चलाई व्यवस्थित र मितव्ययी बनाउन मापदण्ड बनाउने वा कार्यालय प्रयोजनमा खर्च हुने इन्धनको सवारी लगबुक व्यवस्थित गरी राख्नुपर्दछ । मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधासम्बन्धी ऐनबमोजिम निजहरुले पाउने इन्धन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कुपनको माध्यमबाट उपलब्ध हुने र लगबुक आवश्यक नपर्ने व्यवस्था रहेको देखिन्छ । प्रदेशअन्तर्गतका विभिन्न कार्यक्रममा सहभागी हुँदा आवश्यक पर्ने इन्धन सम्बन्धित मन्त्रालयबाट उपलब्ध गराउने गरेको देखिन्छ । यसप्रकार दुई निकायबाट इन्धन उपलब्ध गराउँदा खर्चमा नियन्त्रण गर्न कठिनाइ पर्ने देखिएकोले उक्त व्यवस्थामा पुनरावलोकन गरी एकै निकायबाट इन्धन सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

२२. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश सरकारको कार्य विभाजन नियमावलीअनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । साविकमा संघीय सरकारअन्तर्गत रहेका कृषि, वन, सिँचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकारअन्तर्गत रुपान्तरण तथा समाहित भएकोमा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी व्यवस्थित गर्ने कार्य भएको देखिएन । कानुनले तोकेअनुसार मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत अद्यावधिक गरी संरक्षण गर्न उपयुक्त व्यवस्था गर्नुपर्दछ ।

२३. **प्रदेश मातहतको निकासा व्यवस्था -** संघीय सरकार मातहत सबै जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालय रहेका छन् । प्रदेश तहको कोष र अभिलेखको व्यवस्थापन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय मातहत प्रदेश राजधानीमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय स्थापना भएको छ । उक्त कार्यालयले प्रदेश मातहतका सरकारी कार्यालयको लागि प्राप्त बजेट अख्तियारी एवं रकमान्तरको अभिलेख राख्ने, राजधानी रहेको जिल्लामा रहेका प्रदेश मातहतका कार्यालयलाई निकासा प्रदान गर्ने र ती कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने कार्यको जिम्मेवारी पाएको देखिन्छ । प्रदेश राजधानी बाहिरको जिल्लामा स्थापना भएका प्रदेश मातहतका कार्यालयहरुलाई निकासा प्रदान गर्ने र ती कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने कार्य सम्बन्धित जिल्लाका संघीय सरकार मातहतको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था मिलाएको देखिन्छ । सो कार्यको लागि प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई प्रशासनिक खर्च समेत उपलब्ध गराएको छ । प्रदेश संचितकोष सम्बन्धी कार्य प्रदेश राजधानीमा प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्य जिल्लामा संघीय सरकारको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गरेको देखिँदा एउटै कार्य दुई तहको स्थायी समन्त्रबाट भएको हुँदा यसमा एकै तहबाट गरिनु पर्दछ ।

२४. **प्रतिबद्धता लेखा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा कानुनको अधीनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिबद्धता जनाएको रकमको ब्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ ।

२५. **अन्तर प्रदेश व्यापार -** संविधानको धारा २३६ मा एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न नपाइने व्यवस्था छ । प्रदेशहरुले यस सम्बन्धमा यो वर्ष कुनै कानुन र कार्यविधि निर्माण गरेको देखिएन ।

२६. **वित्तीय संस्थाहरुको सञ्चालन -** संविधानले नेपाल राष्ट्र बैङ्कको नीतिअनुरुप प्रदेश सरकारलाई वित्तीय संस्थाहरुको स्थापना गरी बैंकिङ्ग सुविधा र पहुँच पुऱ्याउन अधिकार निर्दिष्ट गरेको छ । त्यस्तै प्रदेशको आर्थिक गतिविधिमा सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत प्रदेश आर्थिक अवस्था सुदृढ गर्न, उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्न, तुलनात्मक लाभको क्षेत्र पहिचान गर्न, पुँजी तथा प्रविधि आकर्षित गर्न, यस्ता वित्तीय संस्थाहरुको सञ्चालन र व्यवस्थापन गर्ने अधिकार सुनिश्चित गरेको छ । यससम्बन्धी कार्य भएको देखिएन ।

२७. **सूचना तथा सञ्चार -** प्रदेश सरकारलाई प्रदेशका जनताबीच सूचनालाई अधिकाधिक रुपमा प्रयोग र सूचनालाई जनताबीच पुऱ्याउन प्रदेशमा रेडियो, एफ.एम. र टेलिभिजन सञ्चालन गर्ने र सूचनाको आदान प्रदान गर्ने अधिकारसमेत छ । प्रदेशअन्तर्गत २०७४।७५ मा रेडियो, एफ.एम., टेलिभिजन सञ्चालनको कार्य भएको देखिएन ।

२८. **प्रदेश स्वास्थ्य सेवा -** प्रत्येक नागरिकलाई राज्यबाट स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई समेत निर्धारण भएको छ । नागरिकलाई स्वस्थ बनाउन प्रदेशले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्ने अधिकारसमेत किटान गरेको छ । प्रदेशभित्रको स्वास्थ्य संस्थाको सञ्चालन नतिजा, औषधि वितरण, औषधि खरिद, स्वास्थ्य संस्थाहरुको न्यायोचित वितरण, निःशुल्क औषधि वितरण, स्वास्थ्य सेवाको नियमित नियमन र अनुगमन, स्वास्थ्य बीमा, सहयोगको परिचालन तथा उपयोग प्रभावकारी बनाउने लगायतका कार्य यो वर्ष भएको देखिएन ।

२९. **भूमि व्यवस्थापन -** भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त गर्ने, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भू-उपयोग नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न प्रदेश सरकारले समग्र रुपमा भूमि व्यवस्थापन तथा जग्गाको अभिलेख व्यवस्थापन गर्नुपर्ने कार्य सुरु हुन बाँकी रहेको देखिन्छ ।

३०. **खानी अन्वेषण र व्यवस्थापन -** श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापनको लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चापदार्थको व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना गर्न प्रदेशभित्र खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खनन्का कार्यक्रमहरुलाई अगाडि बढाई औद्योगिक क्षेत्र र सीपमूलक रोजगारी वृद्धि गर्ने लगायतका कार्य प्रारम्भ भएको देखिएन ।

३१. **वन तथा वातावरण संरक्षण -** प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वन पैदावारहरुको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको भूमिका उल्लेखनीय रहेको छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फँडानी, विपद जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दिगोअनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्ने वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्ने लगायतका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

३२. **सहकारी -** आर्थिक र समाजिक विकासमा सहकारी क्षेत्रको योगदान उल्लेख्य रहेको छ । प्रदेशभित्र छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई सहकारीमार्फत एकत्रित गरी सहकारीले सङ्कलन गरेको पुँजीलाई कृषि, पर्यटन, उद्योग र ऊर्जा जस्ता क्षेत्रमा परिचालन गरी उत्पादन र उत्पाकत्व वृद्धिमा सहयोग पुऱ्याउन आवश्यक देखिन्छ । पुँजीको परिचालन, बचत सुरक्षण, बीमा र सीपमूलक तालिम, सहुलियत कर्जा, सामूहिक खेतीमाफर्त स्वरोजगारीको सिर्जना गर्ने आदि कार्यक्रमलाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ ।

३३. **कृषि तथा पशु विकास** - प्रदेशको जनसंख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा आधारभूत आवश्यकता पूरा गर्न प्रदेशले आफ्नो क्षेत्रभित्र कृषि तथा पशुसम्बन्धी उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति रहेको छ । अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण एवं जग्गा प्लटिङ, जग्गा बाँझो राख्ने प्रवृत्ति कृषि क्षेत्रका प्रमुख समस्या हुन् । माछा, मासु, अण्डा र दूधको आपूर्तिमा आत्मनिर्भर हुने गरी व्यवसायीकरण गर्ने लगायतका कार्यक्रम तय गरी कार्यान्वयन हुनु आवश्यक छ ।

३४. **सेवा प्रवाह -** प्रदेश तहमा न्यून मात्रामा कानुन निर्माण (१६ देखि ४१) भएको, स्वीकृत दरबन्दीबमोजिम पदपूर्ति नभएको, वार्षिक बजेट न्यून मात्रामा (१८.६९ देखि ६३.९८ प्रतिशत) खर्च भएको, वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर रहेको, प्रदेशस्तरमा सार्वजनिक सेवा सुविधासम्बन्धी न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको लगायतको कारण प्रदेश सरकारबाट अपेक्षित रुपमा सेवा प्रवाह हुन सकेको पाइएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

३५. **आन्तरिक नियन्त्रण -** आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरी लागू गर्नुपर्दछ ।

३६. **वित्तीय जवाफदेहिता -** प्रभावकारी वित्तीय व्यवस्थापनमार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउन सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउन आवश्यक छ । बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक बनाउनुपर्ने देखिन्छ । समयमै प्रदेशस्तरको कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गरी, समयमा ठेक्का बन्दोबस्त, चालु खर्चमा कमी, आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढीकरण गर्नु, बेरुजू नै हुन नदिने गरी आर्थिक कारोबार गर्ने जस्ता पक्षमा ध्यान दिनुपर्ने देखिएको छ ।

३७. **योजनाको खाका -** प्रदेशको नीति तथा योजना आयोग सात वटै प्रदेशमा स्थापना भएको छ । प्रदेशको पूर्वाधार विकास तथा आर्थिक सामाजिक क्रियाकलापको आवश्यकता र प्राथमिकता निर्धारण गरी दीर्घकालीन तथा अल्पकालीन उद्देश्य, रणनीति, नीति तथा कार्यक्रमसहितको विस्तृत योजना बनाई कार्यन्वयनमा ल्याउन आयोगको सक्रियता बढाउन आवश्यक देखिन्छ ।

३८. **लेखापरीक्षण रकम र बेरुजू -** प्रदेश सरकार मातहतका कार्यालयको लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छ:

(रु. हजारमा)

प्रदेश नं.	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	पेस्की समेत बेरुजू रकम	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षण रकमको तुलनामा बेरुजू प्रतिशत	पेस्कीबाहेक बेरुजू प्रतिशत
१	१०	६५,६८,९५	२,२३,४२	१,१६	३.४०	३.३८
२	१०	६९,४३,९५	१६,४६,०९	१०,७१,००	२३.७१	८.२८
३	९	२७,४६,२९	९,७२	-	०.३५	०.३५
गण्डकी	१०	२९,६३,७७	५,४०	४,५२	०.१८	०.०३
५	९	२०,३५,४०	५,०८	-	०.२५	०.२५
कर्णाली	१०	२३,७७,६७	१,७७	-	०.०७	०.०७
सुदूरपश्चिम	१०	२६,१९,०५	५९,५९	-	२.२८	२.२८
जम्मा	**६८**	**२,६२,५५,०८**	**१९,५१,०७**	**१०,७६,६८**	**७.४३**	**३.३३**

खण्ड - ३
स्थानीय तह

स्थानीय तह

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ ।

२. **काम, कर्तव्य र अधिकार** - स्थानीय तहको अधिकार संविधानको अनुसूची-८ मा उल्लेख छ । स्थानीय तहको अधिकारमा नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनलगायतका अधिकार उल्लेख छ ।

सो बाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा समेत उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय गाउँ वा नगरपालिकालाई कानुन बनाई निक्षेपण गर्न सक्ने व्यवस्था छ ।

३. **संरचना** - कुल स्थानीय तहमध्ये प्रदेश नं.१ मा १३७, प्रदेश नं.२ मा १३६, प्रदेश नं.३ मा ११९, गण्डकी प्रदेशमा ८५, प्रदेश नं.५ मा १०९, कर्णाली प्रदेशमा ७९ र सुदूरपश्चिम प्रदेशमा ८८ रहेका छन् । गाउँपालिकामा कम्तीमा ५ र बढीमा २१ वडा तथा नगरपालिकामा कम्तीमा ९ र बढीमा ३५ वडा रहने गरी स्थानीय तहको गठन भई कार्यान्वयनमा आएको छ । स्थानीय तहको संख्या वा सीमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनौटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका समेत ७५३ स्थानीय तह रहेका छन् ।

४. **वार्षिक योजना तथा बजेट तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । सोही कानुनी व्यवस्थाबमोजिम सबै स्थानीय तहले गाउँ वा नगर सभाबाट योजना तथा बजेट पारित गराई कार्यान्वयन गरेका छन् ।

५. **कानुन र सञ्चालन स्थिति** - स्थानीय तहको सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू भई कार्यान्वयनमा आएको छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानुनहरु बनाई उपलब्ध गराएको र अन्य आवश्यक कानुनहरु निर्माणको क्रममा रहेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ र स्थानीय तहहरुले संविधान तथा अन्य प्रचलित कानुनको अधिकार क्षेत्रभित्र रही निर्माण गरेका ऐन नियम अनुसार कार्यसञ्चालन हुँदै आएको अवस्था छ ।

६. **आर्थिक कार्य प्रणाली** - संविधानको धारा २२८ देखि २३० सम्म स्थानीय तहको आर्थिक कार्य प्रणाली सम्बन्धी व्यवस्था छ । कानुनबमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, पुँजी र श्रमबजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउने व्यवस्था छ ।

स्थानीय तह अन्तर्गत प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने उल्लेख छ । कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने र स्थानीय कानुनबमोजिम खर्च गर्ने उल्लेख छ । स्थानीय तहले प्रत्येक

आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुनबमोजिम गाउँ सभा वा नगर सभामा पेस गरी पारित गराउनु पर्ने र राजस्व तथा व्ययको अनुमान पेस गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्ने उल्लेख छ ।

७. **स्थानीय तहको लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने व्यवस्था छ । लेखापरीक्षण गरिने निकायको लेखा संघीय कानुनबमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राख्ने व्यवस्था छ । यस्तै धारा २९४ मा महालेखापरीक्षक आफूले गरेको काम, कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेस गर्ने उल्लेख छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० बमोजिम स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अलग अलग जारी गर्न सक्ने र जारी गरेको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँ सभा वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ ।

८. **वित्तीय जवाफदेहिता** - सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न र वित्तीय जोखिम कम गर्न संलग्न पक्ष जवाफदेही रहनुपर्ने हुन्छ । यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४७ स्थानीय तहमध्ये ५५७ तहको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन तथा विकास निर्माणका पक्षलाई जवाफदेहिताको मापनमा मुख्य ५ र सहायक २० सूचकको आधारमा वित्तीय जवाफदेहिता मूल्याङ्कनमा न्यून स्तरमा वर्गीकरण भएका स्थानीय तहले वित्तीय जवाफदेहितामा सुधार गर्नुपर्दछ ।

९. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय तहको कार्यसञ्चालन भित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्न विषयगत क्षेत्र समेटिएको वित्तीय समानीकरण अनुदान, सशर्त तथा विशेष अनुदान प्रदान भएको छ । स्थानीय तहका लागि ६६ हजार ९०८ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७५।१२।१४ सम्म ४३ हजार ८०७ जनाको समायोजन भएको अवस्था छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

१०. **आर्थिक कारोबार र लेखापरीक्षण** - कुल ७५३ स्थानीय तहमध्ये यो वर्ष ७४७ स्थानीय तहको रु.५ खर्ब ७१ अर्ब ५१ करोड ३५ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो रकममा वित्तीय समानीकरण र अन्य अनुदान रु.१ खर्ब ५२ अर्ब ५७ करोड ६ लाख ७५ हजार, सशर्त अनुदान रु.१ खर्ब ११ अर्ब ६९ करोड ८६ लाख ७१ हजार र अन्य आय रु.४० अर्ब ८७ करोड ५२ लाख ७१ हजारसमेत रहेको छ । प्रदेशगत रुपमा विस्तृत विवरण अनुसूची १४ मा छ ।

११. **लेखापरीक्षण नगराउने स्थानीय तह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्ने उल्लेख छ । सर्लाहीको विष्णु गाउँपालिका, रामनगर गाउँपालिका, बलरा नगरपालिका, महोत्तरीको सम्सी गाउँपालिका, धनुषाको हंसपुर नगरपालिका र बर्फाङ्गको बुङ्गल नगरपालिका समेत ६ स्थानीय तहले यो वर्ष अनुदान रु.१ अर्ब ६७ करोड ५० लाखसमेत आय-व्ययको लेखापरीक्षण गराएका छैनन् ।

गत वर्ष महोत्तरी जिल्ला अन्तर्गत गौशाला, पिपरा, सम्सी, लोहारपट्टी र मनहरा सिसवा सहित १२७ साविक गाउँ विकास समितिले लेखापरीक्षण नगराई बक्यौता रहेकोमा मनहरा सिसवा नगरपालिका बाहेक अन्यले यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन् । कानुनमा भएको व्यवस्थाको पालना नगर्ने र लेखापरीक्षण समेत नगराउने स्थितिले आर्थिक अनुशासनको पालना हुने अवस्था नदेखिएकोले लेखापरीक्षण नगराउने स्थानीय तहको अनुदान रोक्का गर्नेसम्मको कारबाही अगाडि बढाउनु पर्ने देखिन्छ ।

१२. **असुली तथा दाखिला** - स्थानीय तह ३२५ बाट लेखापरीक्षणको क्रममा रु.६० करोड ६२ लाख ७ हजार र १७६ स्थानीय तहबाट प्रतिक्रिया एवं सम्परीक्षणबाट फछ्यौंट भई रु.२४ करोड ५८ लाख २२ हजार समेत कुल रु.८५ करोड २० लाख २९ हजार असुल भएको छ । सोमध्ये ८२ स्थानीय तहबाट सशर्त अनुदानतर्फ बचत रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमध्ये रु.६८ करोड ६ लाख १८ हजार दाखिला भएको छ ।

लेखापरीक्षणबाट देखिएको उल्लेखनीय व्यहोरा निम्नानुसार छन्:

१३. **बजेट पेस र पारित** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण हरेक वर्षको आषाढ १० भित्र सभामा पेस गर्नुपर्ने व्यवस्था छ । साथै दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह ३१९ ले निर्धारित समयमा अख्तियारी उपलब्ध नगराएको र ६८ स्थानीय तहले समयभित्र बजेट पारित नगरेकोले समयको पालना गर्नुपर्ने देखिन्छ ।

१४. **योजना तर्जुमा** - स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । बजेटको पूर्व तयारी, सीमा, विषयगत क्षेत्र, स्रोत अनुमान र आयोजना प्राथमिकीकरणका आधारमा बजेट तर्जुमा गर्दा प्राथमिकताक्रम निर्धारण गरेको देखिँदैन । वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधारलगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (स्थानीय तहको प्रोफाइल) तयार गरेको र सार्वजनिक गरेको देखिँदैन । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीय समुदायको सहभागिता सुनिश्चित हुने गरी योजना तर्जुमा प्रणाली सुदृढ हुन सकेको छैन ।

यो वर्ष लेखापरीक्षणबाट मूलतः स्थानीय तहको बजेट अनुमान तथा कार्यक्रम, कार्यक्रम स्वीकृति, वार्षिक खरिद योजना र गुरुयोजना, खर्च व्यवस्थापन, सोझै खरिद, कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण, ठेक्का बन्दोवस्त, उपभोक्ता समिति मार्फत सामान खरिद, सब-कन्ट्र्याक्ट, पदाधिकारी पेस्की, असम्बन्धित कार्यमा भुक्तानी, बिल भरपाई बेगर खर्च, सशर्त अनुदान संघीय सञ्चित कोषमा दाखिला, अबण्डा रकम विनियोजन, दोहोरो खर्च भुक्तानी, निर्माण कार्यको अधुरोपना, वितरणमुखी खर्च, आनुपातिक कट्टी, अग्रिम कर तथा दाखिला, जटिल प्रकृतिको कार्य र उपभोक्ता समिति, थप व्ययभार र नोक्सानी, आन्तरिक आय तथा राजस्व, आयोजना हस्तान्तरण, बैठक भत्ता, प्रोत्साहन पारिश्रमिक, पदाधिकारी सुविधा, बढी निकासा, कर्मचारी कल्याण कोष, सवारीसाधन खरिद, गत वर्षको भुक्तानी, रकमान्तर, मूल्य अभिवृद्धि कर, डोजर भाडा तथा ईन्धन, अनुदान, उठ्न बाँकी रकम, खर्च तथा वितरण, लगानी, घटी जिम्मेवारी, स्रोतको सुनिश्चितता, नर्म्स तथा नापी, पूर्वनिर्धारित क्षतिपूर्ति, आन्तरिक ऋण, नीति कार्यान्वयनको अवस्था, ठेक्का बापत असुली, बहाल रकम असुली, लगायतका विषयमा सुधार हुनुपर्ने देखिएको छ ।

१५. **आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा अधिकांश स्थानीय तहले कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको तथा आन्तरिक लेखापरीक्षणसमेत नगराएको अवस्था छ । केही स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराए तापनि प्रभावकारी र विश्वसनीय देखिएन । सबै स्थानीय तहले जोखिम क्षेत्रको पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने तथा तोकिएबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

१६. **सेवा प्रवाह** - स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवा प्रवाहमा समस्या रहेको छ ।

स्थानीय तहले सेवाग्राहीबाट सेवा सन्तुष्टि मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरेका छैनन् । भौगोलिक कठिनाईले समेत सेवा प्रवाहमा असर परेको अवस्था छ । कार्यको प्राथमिकीकरण हुन नसकेको तथा स्थानीय तह आफैँले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्था मार्फत गराउने कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह अपेक्षा अनुरुप हुन सकेको छैन ।

१७. **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम चौमासिक कार्य लक्ष्य तथा बजेटबमोजिम तोकिएको अवधिमा कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण सम्पन्न भएका ७४७ स्थानीय तहको पुँजीगत खर्च रु.१ खर्ब १५ अर्ब ४७ करोड ३६ लाख ६५ हजार रहेको छ । उक्त पुँजीगत खर्चमध्ये तेस्रो चौमासिक चैत्रदेखि आषाढसम्म औषत ४६ प्रतिशतदेखि ६२ प्रतिशतसम्म खर्च भएको छ । उक्त खर्चमध्ये आषाढ महिनामा मात्र कुल खर्चको औषत प्रतिशत ५३ देखिएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१८. **सामाजिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको स्थिति छ । नियममा भएको व्यवस्था कडाईकासाथ पालना गर्नुपर्दछ ।

१९. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्बन्धमा अवधि किटान गरेको छैन । स्थानीय तह ५५७ को नमूना परीक्षण गर्दा ३ हजार ९२६ संख्याको उजुरी परेकोमा २ हजार ३५३ फछ्यौंट भई १ हजार ५७३ फछ्यौंट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२०. **लेखा प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न एकीकृत आर्थिक संकेतको वर्गीकरण र व्याख्या, २०७४ अनुरुप विकास गरी महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको लेखा प्रणालीको सफ्टवेयर प्रयोग गरी प्रतिवेदन गर्नुपर्नेमा नमूना परीक्षण गर्दा १६५ स्थानीय तहले मात्र सफ्टवेयर प्रणाली प्रयोगमा ल्याएका छन् । नेपालको संविधान र प्रचलित कानुनबमोजिम लेखा ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागू गर्नुपर्दछ ।

२१. **स्थानीय तहमा लेखा कर्मचारी व्यवस्थापन -** स्थानीय तहको आर्थिक प्रशासनको कार्य सञ्चालन गर्न प्रत्येक तहको दरबन्दीबमोजिम लेखा समूहका कर्मचारी अनिवार्य पदपूर्ति भई कार्य सञ्चालन सुचारु हुनुपर्दछ । स्थानीय तहको गठनसँगै प्रत्येक तहमा लेखा समूहका कर्मचारी रहनुपर्नेमा करिब ३५० स्थानीय तहमा लेखा समूहका कर्मचारीको अभाव भई बजेट तर्जुमा, विकास निर्माण तथा दैनिक कारोबार, लेखापालन, प्रतिवेदन र लेखापरीक्षणसम्बन्धी कार्यमा बाधा पुग्न गएको छ । तत्काल लेखा कर्मचारी अभाव हुँदा पाँचथर, भोजपुर, खोटाङ, बारा, रौतहट, मनाङ, मुस्ताङ, गुल्मी, सल्यान, रुकुम पूर्व, रोल्पा, हुम्ला, कालीकोट, मुगु, बझाङ र बाजुरालगायतका जिल्लामा आर्थिक प्रशासनसम्बन्धी कार्य अवरुद्ध रहेको पाइयो । केही स्थानीय तहमा केन्द्रबाट खटाइएका कर्मचारीलाई हाजिर नगराई फिर्ता पठाएको अवस्थासमेत रहेको छ । साथै कतिपय लेखाका कर्मचारीलाई एक निकायभन्दा बढीको जिम्मेवारी दिइएकोले स्वार्थको विवाद र जिम्मेवारी जवाफदेहिताको अभाव रहेको छ । अतः प्रत्येक स्थानीय तहमा अनिवार्य रुपमा दरबन्दीअनुसार लेखाका कर्मचारी खटाई कामकारबाही सुचारु गर्नुपर्दछ ।

२२. **हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप-नियम १२ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्यसम्पन्न भएपछि सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी निर्माण कार्यको अपनत्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा अधिकांश स्थानीय

तहले निर्माण कार्यको हस्तान्तरण गर्ने प्रक्रिया अपनाएका छैनन् । कानुनको पालना गरी सम्पन्न योजना हस्तान्तरण गर्नुपर्दछ ।

२३. **कर शुल्क तथा दस्तुर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ बमोजिम स्थानीय तहको वित्तीय अधिकार क्षेत्रमा कानुनबमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने र दफा १०२ मा स्थानीय तहले ऐन बनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागू नहुने उल्लेख छ । घर जग्गा कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, सेवा शुल्क लगायतमा आयको दर तोकेकोमा राजपत्रमा प्रकाशन नगरी अधिकांश स्थानीय तहले कर दस्तुर असुल गरेका छन् । स्थानीय तहमा कर असुलीको विषयमा विवादसमेत सिर्जना भएको पाइएकोले यसतर्फ ध्यान दिई आफ्नो कार्यक्षेत्रमा पर्ने विषयमा न्यायोचित ढङ्गले कानुनबमोजिम कर असुल गर्नुपर्दछ ।

२४. **आन्तरिक ऋण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई ऋण लिन सक्ने व्यवस्था छ । नगर विकास कोषबाट ५७ नगरपालिकाले सिटी हल, सडक बत्ती, सडक निर्माण, बस टर्मिनल, खानेपानी, सपिङ कम्प्लेक्स, ढल व्यवस्थापन तथा सरसफाई लगायत कार्य गर्न लिएको कर्जामध्ये वर्षान्तमा रु.१ अर्ब ९७ करोड ४७ लाख ५४ हजार चुक्ता गर्न बाँकी छ । यसै गरी कोषले ५७ नगरपालिका अन्तर्गतका ९७ उपभोक्ता समितिलाई ऋण लगानी गरेकोमध्ये रु.४ अर्ब ९७ करोड ४७ लाख ९४ हजार उठ्न बाँकी ऋणमा देखाएको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

२४.१. राज्यको पुनरसंरचना हुनुअघि गठन भएका नगरपालिकाहरुले नगर विकास कोषबाट पुँजीगत कार्यमा लिएको ऋणमध्ये विराटनगर महानगरपालिकाको रु.३७ करोड ९६ लाख २० हजार, वीरगन्ज महानगरपालिकाको रु.३८ करोड ३६ लाख ९८ हजार, पोखरा महानगरपालिकाको रु.९ करोड २४ लाख ६० हजार, भरतपुर महानगरपालिकाको रु.४ करोड ४९ लाख ५९ हजार, बुटवल उप-महानगरपालिकाको रु.५ करोड ४० लाख ९५ हजार, जनकपुर उप-महानगरपालिकाको रु.८ करोड ७५ लाख २८ हजार, पनौती नगरपालिकाको रु.३ करोड ४ लाख ८३ हजार, सिद्धार्थनगर नगरपालिकाको रु.१३ करोड ८६ लाख ६७ हजार, भीमदत्त नगरपालिकाको रु.५ करोड ६२ लाख २९ हजार बाँकी देखिन्छ । लेखापरीक्षणमा नगरपालिकाहरुले लिएको ऋणलाई सञ्चित कोष हिसाबमा नदेखाएको, साँवा ब्याज भुक्तानीको तालिका तयार नगरेको र ऋण सम्झौता पेस नगरेको अवस्था छ ।

२४.२. काठमाडौं महानगरपालिकाले विगतमा एशियाली विकास बैङ्क लगायतबाट प्राप्त दीर्घकालीन ऋण रु.४६ करोड १६ लाख १२ हजार दायित्वमा देखाएको छ । उक्त रकम विगत वर्षदेखि जिम्मेवारी देखाउँदै आएकोमा त्यस सम्बन्धमा लेखा नीतिमा कुनै व्यहोरा उल्लेख नगरेको र अन्य सम्झौता लेखापरीक्षणमा पेस नगरेकोले उक्त ऋण सम्बन्धमा विश्लेषण गर्न सकिएन ।

तिर्नुपर्ने ऋण दायित्वको लेखाङ्कन, भुक्तानीको समय तालिका, साँवा ब्याज, ऋण रकमको अवस्था सम्बन्धी लेखानीतिमा खुलासा गरी सञ्चित कोषको आय-व्ययमा देखाउनुपर्दछ । ऋण दायित्वको व्यवस्थित अभिलेख राख्नुपर्दछ । कानुनबमोजिम आयोगबाट ऋण दायित्वको सीमा तोकी समर्थन समेत प्राप्त गर्नुपर्दछ ।

२५. **जनसहभागिता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक प्रविधिमा आधारित भएर जनसहभागिता जुटाउनुपर्ने व्यवस्था छ । विकासमा जनसहभागिता वृद्धि गर्न लाभग्राही सहभागितामा योजना तथा कार्यक्रम सञ्चालन गर्दा लागत सहभागिता समेत जुटाउनु पर्नेमा पूर्वाधार विकासको लागि वडाहरुमा छुट्याएको योजना कार्यान्वयन गर्न लाभग्राही समुदाय सम्झौता गर्न नआएको समेत देखिएकोले बजेट कार्यान्वयन हुन नसकेको स्थिति छ । अधिकांश स्थानीय तहले लाभग्राही समूहले गर्नुपर्ने योगदानको प्रतिशत निर्धारण गरेका छैनन् । उपभोक्ता समिति मार्फत पूर्वाधार निर्माणमा जुटाउनु पर्ने सहभागिता न्यून हुँदा अनुदान खर्चमा भार परेको छ । तसर्थ स्थानीय तहमा सञ्चालन हुने निर्माण कार्यमा योजना छनौटदेखि कार्यान्वयन अनुगमन र मूल्याङ्कन चरणसम्म लाभग्राही समुदायलाई सहभागिता गराउनु पर्दछ ।

२६. **नीति कार्यान्वयनको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषय तथा क्षेत्रमा आवश्यक पर्ने नीति, कानुन,

मापदण्डको निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था छ । महानगरपालिकाहरुले कार्यक्रम कार्यान्वयन गर्न दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति अन्तर्गत शहरलाई बस्न लायक बनाउने, स्थानीय सरकार र जनताबीच सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानद्वारा उत्तर आधुनिक विकासको खाका कोर्ने र पूर्वाधारहरु निर्माण गरी शहरलाई सुन्दर बनाउने प्रमुख नीतिगत व्यवस्था तयार गरेको देखिन्छ । काठमाडौं महानगरपालिकाले २०७४।७५ मा सम्पन्न गर्ने गरी लक्ष्य निर्धारण गरेको स्मार्ट कार्ड पेट्रोल पम्प, कार्यालय व्यवस्थापन सर्भे, मेट्रिक ठेगाना प्रणाली, काठमाडौं स्मार्ट ट्याक्स पेयर कार्ड लगायतका योजना कार्यान्वयन अपेक्षाअनुरुप देखिएन । त्यस्तै पोखरा महानगरपालिकाले यो वर्ष अधिकार सम्पन्न युटिलिटी सर्भिस अथोरिटी गठन गरी सञ्चालनमा ल्याउने, मेट्रो एफ.एम.सञ्चालन, महानगर मुखपत्र निश्कासन, साप्ताहिक हाटबजारको व्यवस्था गर्ने र ५ स्थानमा आधुनिक सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन गर्ने नीतिगत निर्णय गरेकोमा कार्यान्वयन नभएको अवस्था छ । दुवै महानगरपालिकाको दीर्घकालीन नीतिमा च्यापिड ट्रान्जिट, सिटी केबलकार, ट्राम, मेट्रोरेल, मोनोरेल, पोखरा लुम्बिनी फाष्ट ट्याक जस्ता गौरवपूर्ण पूर्वाधारको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम रहेकोमा कार्यान्वयन शुरु गरेका छैनन् । नीति तथा कार्यक्रमबमोजिम कार्यान्वयन प्रक्रियालाई प्राथमिकतामा राख्नुपर्दछ ।

२७. **राष्ट्रिय भवन संहिता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरेअनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधीनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई अधिकांश स्थानीय तहले कार्यान्वयनमा ल्याएका छैनन् । भवन संहिता कार्यान्वयन गर्न स्थानीय तहमा साधन र स्रोत नरहेको, शहरी विकास मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको र संहिता पालना हुन नसकेको, भवन डिजाइन र निर्माणमा प्रभावकारी जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ ।

२८. **जग्गा उपयोग मापदण्ड** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।

२९. **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च समावेश** - स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट गरी ती योजना कार्यान्वयन गर्न आवश्यक बजेट पुँजीगत शीर्षकमा समावेश गर्नुपर्दछ । तर अधिकांश स्थानीय तहले पुँजीगत शीर्षकबाट धार्मिक, सामाजिक, सांस्कृतिक प्रकृतिका खर्च देखाउने गरेको पाइएकोले प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

३०. **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । कञ्चनपुर जिल्लाका शुक्लाफाँटा, कृष्णपुर, बेलौरी नगरपालिका र लालझण्डी गाउँपालिकाले रु.२० करोड ६६ लाख ६३ हजार, जाजरकोट जिल्लाका भेरी नगरपालिका, बारेकोट गाउँपालिका र कुशे गाउँपालिकाले रु.४ करोड, अछामका पञ्चदेवल विनायक नगरपालिका र बान्नीगढी जयगढ गाउँपालिकाले रु.२ करोड ११ लाख ४० हजार, एकडारा गाउँपालिका महोत्तरीले रु.२ करोड ७९ लाख, मनहरा सिसवा नगरपालिका महोत्तरीले रु.२ करोड २९ लाख ३५ हजार र पनौती नगरपालिका काभ्रेपलाञ्चोकले रु.१ करोड २० लाख अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डामा रकम विनियोजन गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

३१. **बैठक भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनहरुमा प्रदेश अनुरुप बैठक भत्ता सम्बन्धी छुट्टाछुट्टै व्यवस्था छ । सो अनुरुप प्रदेश ऐनमा व्यवस्था नभएका स्थानीय तहहरुमा बैठक भत्ता खर्च लेख्न मिल्दैन । अतः सुविधा सम्बन्धी ऐनले नतोकेको अवस्थामा वडा बैठक, कार्यपालिका बैठक, विशेष बैठक, सभा बैठक लगायत खर्च लेखेको छ । मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सदस्यले मात्र भत्ता पाउने व्यवस्था रहेकोमा जितपुर सिमरा उप-महानगरपालिका, बाराले यस वर्ष विभिन्न बैठक बसेको जनाई पदाधिकारीहरुलाई रु.१ करोड ८७ लाख ३९ हजार बैठक भत्ता भुक्तानी दिएको छ । सो बाहेक कानुनमा व्यवस्था नभएको यस्तो बैठक भत्ता बापत विभिन्न स्थानीय तहले रु.४९ करोड ७५ लाख ५९ हजार खर्च लेखेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा भुक्तानी गर्नु नियमसम्मत् देखिएन ।

३२. **प्रोत्साहन सुविधा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ बमोजिम स्थानीय तहको सेवा सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा संघीय कानुनबमोजिम हुने व्यवस्था छ । स्थानीय तहहरुले परिषद्, सभा, बोर्ड बैठक आदिबाट कर्मचारीले पाइरहेको सुविधाका अतिरिक्त सञ्चार सुविधा, खाजा खर्च, मासिक भत्ता, सभा भत्ता, अतिरिक्त समय भत्ता, प्रोत्साहन भत्ता लगायतका सुविधा दिने निर्णय गरेको देखिन्छ । सुविधा प्राप्तिको मापदण्ड तथा सूचक समेत नबनाई भुक्तानी दिएको देखिन्छ । यस्ता सुविधा बापत स्थानीय तह ३६७ ले संघीय कानुनले तोकेको पारिश्रमिकका अतिरिक्त प्रोत्साहन बापत रु.३६ करोड ८३ लाख १५ हजार भुक्तानी गरेका छन् । मापदण्ड बेगर पटक पटक निर्णय गरी अतिरिक्त सुविधा उपलब्ध गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

३३. **पदाधिकारी सुविधा** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनहरुमा निर्धारण गरेको बाहेक अन्य सुविधा भुक्तानी गर्न मिल्दैन । स्थानीय तह २०१ ले तोकिएकोभन्दा बढी पारिश्रमिक, दशैं खर्च, सञ्चार खर्च एवं अन्य सुविधा बापत रु.२२ करोड ३७ लाख ३० हजार भुक्तानी दिएका छन् । ऐन, नियममा व्यवस्था नगरेको उक्त सुविधा बापतको रकम असुल गर्नुपर्दछ ।

३४. **स्वकीय सचिव र सल्लाहकार** - स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐनहरुमा पदाधिकारीहरुको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन । यो वर्ष प्रदेश नम्बर २, ३, ५ र कर्णाली प्रदेश अन्तर्गतका महोत्तरी, रामेछाप, बाँके र जाजरकोट जिल्लाका १० स्थानीय तहले सोबापत रु.३५ लाख ३० हजार पारिश्रमिक भुक्तानी गरेका छन् । ऐनमा व्यवस्था नभएको सुविधा खर्च लेख्नु कानुनसम्मत देखिएन ।

३५. **निवृत्तभरण** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनहरुमा निवृत्तभरण पाउनेको हकमा मासिक सुविधा वा निवृत्तिभरणमध्ये कुनै एक मात्र पाउने व्यवस्था छ । स्थानीय तहको स्रोत तथा क्षमताको आधारमा ऐनभन्दा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्ने, ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने र सुविधाहरु सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । प्यूठान जिल्लाका प्यूठान नगरपालिका र गौमुखी गाउँपालिकाले निवृत्तभरण लिएको अवस्थामा पारिश्रमिक बापत रु.१४ लाख १६ हजार, पाल्पाका माथागढी, रम्भा, पूर्वखोला र तिनाउ गाउँपालिकाले रु.१५ लाख ९ हजार, सिन्धुलीको दुधौली नगरपालिका र तीनपाटन गाउँपालिकाले रु.८ लाख ५ हजार र भक्तपुरको चाँगुनारायण नगरपालिकाले रु.५ लाख ७६ हजार समेत रु.४३ लाख ६ हजार भुक्तानी गरेका छन् । दोहोरो रुपमा भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । साथै अन्य स्थानीय तहमा समेत यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा गराई भुक्तानी हुनुपर्दछ ।

३६. **तिहार खर्च** - कर्मचारीलाई प्राप्त हुने सुविधा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ बमोजिम संघीय कानुनबमोजिम हुने उल्लेख छ । वीरगन्ज महानगरपालिकाले कार्यरत कर्मचारीलाई एक महिनाको चाडपर्व खर्च उपलब्ध गराई सकेपछि साविकमा खाईपाई आएको उल्लेख गरी थप रु.९५ लाख २५ हजार र काठमाडौंको चन्द्रागिरी नगरपालिकाले ५१ कर्मचारीलाई रु.९ लाख ९० हजार तिहार खर्च भुक्तानी गरेको छ । चाडपर्व खर्च दोहोरो भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

३७. **समारोह तथा महोत्सव खर्च** - सार्वजनिक निकायले खर्च गर्दा मितव्ययिता र उपलब्धितर्फ ध्यान दिनुपर्दछ । जनकपुर उप-महानगरपालिकाले २०७५।१।२८ मा आयोजना गरेको एक स्वागत समारोह तयारीका लागि नागरिक अभिनन्दन, सौन्दर्यकरण, प्रचार प्रसार लगायतका कार्यमा रु.४२ लाख ५३ हजार समेत रु.१ करोड

८४ लाख ९९ हजार खर्च गरेको छ । कालीकोट जिल्लाको पाचालझर्ना गाउँपालिकाले ५ दिने गाउँ महोत्सव बापत रु.४५ लाख ३३ हजार खर्च गरेको छ । अन्य निकायबाट पनि यस्ता प्रकृतिका खर्च गरेको हुँदा खर्चमा मितव्ययिता तथा प्रभावकारितातर्फ ध्यान दिएको पाइएन । यस किसिमका खर्चलाई निश्चित सीमाभित्र राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

३८. **पोशाक खर्च** - स्थानीय तहका पदाधिकारीले पाउने सेवा तथा सुविधा सम्बन्धी ऐनमा तोकेको बाहेक अन्य सुविधा भुक्तानी गर्न मिल्दैन । उक्त ऐनमा उल्लेख नभएको पोशाक खर्च काठमाडौं महानगरपालिकाले रु.१९ लाख ४४ हजार, अछामको ढकारी गाउँपालिकाले रु.१० लाख, कीर्तिपुर नगरपालिकाले रु.६ लाख ४१ हजार, रामेछापको मन्थली नगरपालिकाले रु.५ लाख ४० हजार, दोलखाको बैतेश्वर गाउँपालिकाले रु.४ लाख ४१ हजार, काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिकाले रु.४ लाख २७ हजार, संखुवासभाको सिलिचोङ गाउँपालिकाले रु.४ लाख ३५ हजार, उदयपुरको त्रियुगा र कटारी नगरपालिकाले रु.६ लाख ८८ हजार, डोटीको पूर्वीचौकी गाउँपालिकाले रु.५ लाख ३२ हजार, कैलालीको टीकापुर र जोशीपुर नगरपालिकाले रु.१० लाख १ हजार, वैतडीका पुचौडी र सिगास गाउँपालिकाले रु.६ लाख ८५ हजार, ललितपुरको महालक्ष्मी नगरपालिकाले रु.४ लाख १२ हजार खर्च लेखेका छन् । ऐनमा उल्लेख नभएको पोशाक सुविधा खर्च कानुनसम्मत् एवं औचित्यपूर्ण देखिएन ।

३९. **संघीय सञ्चित कोष दाखिला** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) मा खर्च हुन नसकी बाँकी रहेको सशर्त अनुदानको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालयमा आर्थिक विवरण पेस गर्दा निकासा पुरै खर्च देखाउने, बढी खर्च देखाई मौज्दात फिर्ता नगर्ने, रकम फिर्ता गर्न कारबाही अगाडि नबढाउने, निकासा तथा खर्चको लेजर प्रविष्टि नगर्ने र बचत रकम स्थानीय सञ्चित कोषमा राख्ने लगायतका कारण १३६ स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सशर्त अनुदान निकासा रु.७१ करोड १८ लाख ५१ हजार फिर्ता गरेका छैनन् । सो रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४०. **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पहिले नै निकासा दिएकोमा जाँच नगरी दोहोरो निकासा दिने, पुनः थप निकासा प्रदान गर्ने, अवकाश प्राप्त शिक्षकलाई पनि निकासा दिने र दरबन्दीभन्दा बढी निकासा दिने गरेकोले २६७ स्थानीय तहका ५६५ विद्यालयलाई दिनुपर्नेभन्दा रु.१२ करोड ३१ लाख २५ हजार बढी निकासा दिएका छन् । निकासा प्रक्रियामा संलग्नलाई जिम्मेवार बनाउनुपर्ने र जाँच नगरी बढी निकासा दिनेलाई कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

४१. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको देखियो । दार्चुलाको शैल्य शिखर नगरपालिकाले रु.९४ लाख ८९ हजार, बैतडीको पाटन नगरपालिकाले रु.९७ लाख ७२ हजार, दैलेखको दुल्लु नगरपालिकाले रु.३४ लाख २० हजार, आठबीस नगरपालिकाले रु.४४ लाख २४ हजार, नौमूले गाउँपालिकाले रु.६० लाख ६० हजार, ठाँटीकाँध गाउँपालिकाले रु.७८ लाख ३० हजार र रौतहटको पर्रोहा नगरपालिकाले रु.१७ लाख ८१ हजार वित्तीय समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताको लागि निकासा गरेका छन् । स्वीकृत दरबन्दी बाहिरको तलब भत्ता बापत अनुदानबाट खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४२. **मौज्दात परिचालन** - गरिबी न्यूनीकरणका लागि साझेदारी विकास कोषमा रहेको रकम उद्देश्य अनुसार प्रतिफल प्राप्त गर्ने क्षेत्रमा परिचालन गर्नुपर्दछ । पोखरा महानगरपालिकाले साझेदारी विकास कोषमा रु.१ करोड ३७ लाख उद्देश्य अनुसार परिचालन नगरी मौज्दात राखेको छ । उक्त रकम सम्बन्धित कार्यमा परिचालन गर्नुपर्दछ ।

सिरहाको बरियारपट्टी गाउँपालिकाले बाढी पीडितको लागि जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गरेको राहत रु.१३ लाख २५ हजार लक्षित वर्गमा वितरण नगरी मौज्दातमा राखेको छ । उद्देश्य अनुसार लक्षित वर्गमा मौज्दात रकम परिचालन गर्नुपर्दछ ।

४३. **पुरानो मौज्दात फिर्ता** - राज्यको संघीय पुनःसंरचनाबमोजिम साविकका गाउँ विकास समिति तथा नगरपालिकाहरु हालका गाउँपालिका तथा नगरपालिकामा समाहित भएको अवस्थामा साविकका स्थानीय निकायमा रहेको मौज्दात सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोष हिसाबमा सार्नुपर्नेमा वीरगन्ज महानगरपालिकामा समाहित भएका ११ गाउँ विकास समिति र बेलवा गाउँपालिकाको बैङ्क खातामा मौज्दात रहेको रु.७३ लाख ७२ हजार फिर्ता ल्याई आय लेखाङ्कन गरेको छैन । रकम फिर्ता लिई स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्दछ ।

४४. **सामाजिक सुरक्षा कार्यक्रम** - नेपाल सरकारले ज्येष्ठ नागरिक, विधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिवासी जनजाति समेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । मन्त्रालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार सामाजिक सुरक्षा भत्तामा यो वर्ष रु.३७ अर्ब ४५ करोड ३३ लाख ९२ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

४४.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ अनुसार अन्तिम किस्ताको पेस्की आषाढ २५ गतेभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.२० लाखभन्दा बढी पेस्की बाँकी रही फछ्यौंट नभएको सम्बन्धमा नमूना परीक्षण गर्दा प्रदेश नं.२ का ४० स्थानीय तहले रु.८४ करोड १४ लाख ६२ हजार, प्रदेश नं.५ का १३ स्थानीय तहले रु.२४ करोड २४ लाख ९२ हजार र प्रदेश नम्बर १ का १४ स्थानीय तहले रु.१५ करोड ४३ लाख २६ हजार पेस्की फछ्यौंट गरेका छैनन् । सो बाहेक मुगुको सारु गाउँपालिकाले रु.३ करोड ९४ लाख ६८ हजार, बाग्लुङ्गको निसीखोला गाउँपालिकाले रु.१ करोड ३८ लाख ३७ हजार, सल्यानको बागचौर नगरपालिकाले रु.८८ लाख १४ हजार, जाजरकोटको भेरी नगरपालिकाले रु.३५ लाख १६ हजार र भक्तपुरको सूर्यविनायक नगरपालिकाले रु.२९ लाख ४६ हजार फछ्यौंट गरेका छैनन् । तोकिएको समयमा फाँटवारी पेस गरी फछ्यौंट नगराउनेलाई कारबाही गर्नुपर्दछ ।

४४.२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको मूल अभिलेख र भरपाई परीक्षण गर्दा लगतमा नाम नभएको, मूल लगतमा संख्या नभिडेको, ५ वर्ष उमेर पुगिसकेका दलित बालबालिकाको नाममा भत्ता वितरण भएको, अभिलेखसँग भिडान गर्न नसकिने गरी भरपाई प्राप्त भएको, दोहोरो भुक्तानी भएको समेत ४ स्थानीय तहले रु.२४ लाख ८६ हजार र सामाजिक सुरक्षा कार्यक्रमतर्फ लगत नभएका, मृत्यु भइसकेका, बसाई सरेका, पेस्की लगी वर्षान्तमा खर्च नभई बाँकी रहेका, बढी भुक्तानी भएको समेत स्थानीय तह १५ ले असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.८८ लाख ४० हजार रहेको देखिन्छ । अभिलेख भिडान नभएकोमा वास्तविक खर्च यकिन गर्नुपर्दछ । बढी भुक्तानी भएको उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

४४.३. सामाजिक सुरक्षा भत्ता वितरण गर्न लाभग्राहीको नामनामेसी सहितको विवरण र आदेश जारी गरी चेक सम्बन्धित बैङ्कलाई उपलब्ध गराएकोमा सम्बन्धित बैङ्कहरुले नामनामेसी, भत्ता रकम तत्काल लाभग्राहीको खातामा जम्मा नगरी लाभग्राही बैङ्कमा उपस्थित भएपछि मात्र जम्मा गर्ने गरेको देखिएको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि अनुसार लाभग्राही किस्ताको रकम लिन नआई बाँकी भएको रकम बैङ्कले स्थानीय तहलाई फिर्ता गर्नुपर्नेमा नगरेको समेत लेखापरीक्षणको क्रममा देखिएको छ । सो अनुसार ४ स्थानीय तहमा फिर्ता गर्नुपर्ने रु.१ करोड ९९ लाख ४१ हजार फिर्ता लिई संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

४५. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । स्थानीय तह ६९ ले यो वर्ष रु.६ करोड ३१ लाख २५ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४६. **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय तहले उठाउन पाउने राजस्व तथा आयबाट प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

४६.१. बाग्लुङ्गको बडीगार्ड गाउँपालिकाले जरिवाना समेत रु.६२ लाख, धादिङ्गको त्रिपुरासुन्दरी गाउँपालिकाले रु.११ लाख ५७ हजार र रुबि भ्याली गाउँपालिकाले रु.१ लाख १७ हजार, बैतडीको भेलौली नगरपालिकाले रु.३

लाख २८ हजार समेत रु.७८ लाख २ हजार स्थानीय सञ्चित कोषमा दाखिला नगरी राजस्व सङ्कलन गर्ने कर्मचारीको जिम्मा रहेको छ । उक्त रकम अविलम्ब दाखिला गराउनु पर्दछ ।

४६.२. काठमाडौं महानगरपालिकाले हनुमान ढोका दरबार क्षेत्र प्रवेश गर्ने सार्क राष्ट्रका पर्यटकबाट २०७४।७५ मा प्रतिव्यक्ति रु.५००।- का दरले प्रवेश शुल्क लिने आर्थिक ऐनमा व्यवस्था गरेकोमा प्रतिव्यक्ति रु.१५०।- मात्र प्रवेश शुल्क असुल गरेको छ । यो वर्ष उक्त क्षेत्रमा प्रवेश गरेका २६ हजार ६३२ पर्यटकबाट रु.९३ लाख २१ हजार राजस्व घटी असुल भएको छ । त्यस्तै काठमाडौं महानगरपालिका र एक निर्माण व्यवसायीबीच टावर परियोजना निर्माण तथा सञ्चालन गर्न २०७१।११।२२ मा सम्झौता भए अनुरुप निर्माण व्यवसायीलाई २०७३।४।३० देखि ५ वर्षभित्र निर्माण सम्पन्न गरी ३० वर्ष सञ्चालन गर्न लिजमा दिएको छ । सो सम्बन्धी सम्झौता लगायतका कागजात लेखापरीक्षणमा पेस भएन । निर्माण व्यवसायीले सम्झौताको शर्तबमोजिम २०७४।७५ मा प्रिमियमका रुपमा रु.९८ लाख ३३ हजार र लिज जग्गा बापत रु.७० लाख समेत रु.१ करोड ६८ लाख ३३ हजार राजस्व दाखिला गर्नुपर्नेमा गरेको छैन ।

४६.३. महानगरपालिकाले आकाशेपुल १२, गोंगबुँ बसपार्क, भोटाहीटी सब-वेको बक्यौता कर रु.२ करोड ८१ लाख असुल गर्न बाँकी छ । सोमध्ये २०७४।७५ को रु.१ करोड ३१ लाख ६० हजार रहेको छ । घर बहालतर्फ लगतमा रहेका ३५ कर दाताले २०७४।७५ मा रु.५१ लाख १९ हजार र घर जग्गा करतर्फ २ संस्था एवं २४ करदाताले रु.१ करोड ७६ लाख ३९ हजार राजस्व दाखिला गरेका छैनन् ।

४६.४. कलैया उप-महानगरपालिका, बाराले आन्तरिक आयतर्फ २० व्यवसायीबाट असुल गर्नुपर्ने रु.१ करोड ११ लाख २२ हजार असुल गरेको छैन ।

राजस्वको लगत अद्यावधिक नगरेको तथा बक्यौता कर असुलीतर्फ पर्याप्त ध्यान नदिएको आदि कारणबाट स्थानीय तहको आन्तरिक आय अपेक्षित रुपमा बढ्न सकेको देखिएन । लगत अद्यावधिक गरी सङ्कलन गर्नुपर्ने तथा असुल भइसकेको राजस्व स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

४७. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम अवकाश कोष सम्बन्धी व्यवस्था छ । स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । वित्तीय समानीकरण अनुदानबाट ५३ स्थानीय तहले रु.१२ करोड २७ लाख ९ हजार कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेका छन् । सप्तरीको राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको एकल निर्णयद्वारा वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड ४० लाख कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको छ । ऐनमा व्यवस्था नगरी अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

४८. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद प्रतिस्पर्धा सिमित हुने गरी पटक पटक सोझै खरिद गर्न मिल्दैन । चालु तथा पुँजीगत सम्पत्ति खरिद कार्यमा ३०२ स्थानीय तहले प्रतिस्पर्धा नगराई सोझै खरिद कार्यमा रु.२ अर्ब ५ करोड ८४ लाख ५२ हजार खर्च लेखेका छन् । यसरी ऐन नियम विपरीतको खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४९. **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० अनुसार स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा मात्र भुक्तानी दिन बाँकीको कच्चावारीमा रहेको खर्च भुक्तानी गर्न सकिनेमा कार्यक्रममा समावेश नभएका र भुक्तानी दिन बाँकीको विवरण बेगर गत वर्षको दायित्व १०० स्थानीय तहले रु.१५ करोड ८६ लाख ५४ हजार भुक्तानी गरेका छन् । भुक्तानी दिने आधार बेगर खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५०. **सवारीसाधन खरिद** - स्थानीय तहले खरिद गरेका सवारीसाधन तथा मोटरसाइकल सम्बन्धमा लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा १७२ स्थानीय तहले २१० चार पाङ्ग्रे सवारीसाधन खरिद गरी रु.९० करोड २६ लाख ५३ हजार र २२१ स्थानीय तहले १ हजार ११८ मोटरसाइकल खरिद गरी रु.२९ करोड १३ लाख ८५ हजार समेत रु.१ अर्ब १९ करोड ४० लाख ३८ हजार खर्च गरेका छन् । सवारीसाधन खरिद नगरेका स्थानीय तहले भाडामा लिई सवारीसाधन प्रयोग गरेको देखिन्छ । केही स्थानीय तहले आन्तरिक आयबाट सवारीसाधन खरिद गरे तापनि अधिकांशले वित्तीय समानीकरण अनुदान रकमबाट खरिद गरेकोले

विकास निर्माण कार्यमा खर्च गर्नुपर्नेमा सुविधा तथा उपभोगसम्बन्धी कार्यमा खर्च गरेको सम्बन्धमा ध्यान दिनुपर्दछ ।

५१. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले ८ वडामा विकास निर्माणको लागि छुट्याएको रु.४० लाख, सवारीसाधन, कम्प्युटर खरिद, ज्येष्ठ नागरिक कार्यक्रम, विविध एवं भवन निर्माणमा छुट्याएको रु.९० लाख समेत रु.१ करोड ३० लाख रकमान्तर गरी डोजर खरिद गरेको छ । त्यस्तै बाग्लुङको ताराखोला गाउँपालिकाले पुस्तकालय स्थापनाको लागि छुट्याएको रु.५ लाख रकमान्तर गरी भर्ना अभियान, शैक्षिक क्यालेण्डर तथा बैठक भत्तामा खर्च लेखेको छ । बाराको सुवर्ण गाउँपालिकाले रु.६९ लाख ८० हजार, वीरगन्ज महानगरपालिकाले रु.१ करोड ५० लाख अन्य कार्यक्रममा रकमान्तर गरेका छन् । कानुन विपरीत रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५२. **निष्क्रिय मौज्दात** - विनियोजित रकम खर्च हुने गरी बजेट तथा कार्यक्रम निश्चित गर्नुपर्नेमा योजना तथा कार्यक्रम छनौट गरे तापनि खर्च नहुने, सम्झौता भए तापनि कार्य अगाडि नबढ्ने, पुँजीगत खर्चलाई प्राथमिकता नदिने लगायतका कारणबाट हेटौँडा उप-महानगरपालिकाले रु.२७ करोड १ लाख, काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाले रु.२७ करोड ५० लाख र गोकर्णेश्वर नगरपालिकाले रु.१४ करोड ८ लाख खर्च नगरी मौज्दात राखेका छन् । निष्क्रिय मौज्दात रकम पुँजीगत कार्यमा परिचालन गर्नुपर्दछ ।

५३. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

५३.१. स्थानीय तहहरुले आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा असुल गरेका छैनन् । हेटौंडा उप-महानगरपालिकाले सवारी तथा फोहोर सङ्कलन ठेक्कामा रु.४६ लाख २ हजार असुल गरेको छैन । काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिकाले एक ठेक्कामा रु.४२ लाख २१ हजार असुल गरेको छैन भने अन्य आय ठेक्काबाट सङ्कलन गरी स्थानीय सञ्चित कोषमा रहेको मूल्य अभिवृद्धि कर रु.८ लाख ८१ हजार संघीय सञ्चित कोषमा फिर्ता गरेको छैन । मूल्य अभिवृद्धि कर रकम असुल तथा फिर्ता दाखिला हुनुपर्दछ ।

५३.२. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । कर वीजक बेगर सामान खरिद गरी १३४ स्थानीय तहले रु.६ करोड ८८ लाख ७ हजार भुक्तानी गरेको र मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मबाट १४५ स्थानीय तहले रु.८ करोड ५९ लाख ६० हजारको खरिद गरेका छन् । कानुनको पालना नगरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५३.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माणको काम दिँदा लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । विभिन्न सडक निर्माण कार्य उपभोक्ता समिति मार्फत काम गराउँदा तेह्रथुमको आठराई गाउँपालिकाले विभिन्न उपभोक्ता समितिलाई लागत अनुमानमा १४.९५ प्रतिशतले मूल्य अभिवृद्धि कर रु.६५ लाख ६६ हजार थप गरी रु.५५ लाख ८१ हजार, मेन्छयायम गाउँपालिकाले रु.१० लाख ३८ हजार, फेदाप गाउँपालिकाले रु.३० लाख ६० हजार, म्याङ्गलुङ नगरपालिकाले रु.१५ लाख ६६ हजार तथा प्यूठानको ऐरावती गाउँपालिकाले रु.२२ लाख ३७ हजार समेत रु.१ करोड ३४ लाख ८२ हजार भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

५४. **जनश्रमदान** - उपभोक्ता समिति मार्फत कार्य गराउँदा जनसहभागिताको योगदान समेत गणना गरी लागत अनुमान तयार गर्नुपर्ने र सोहीबमोजिम उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गर्नुपर्ने व्यवस्था छ । दोलखाको बिगु गाउँपालिकाले रु.४८ लाख ४१ हजारको कार्यमा मेशिन प्रयोग भएको अवस्थामा जनश्रमदान गर्न नपर्ने उल्लेख गरी जनसहभागिता बेगर कार्य गराएको छ । काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले जनश्रमदानको अंश ५ प्रतिशत मात्र हुने गरी निर्णय गरेको कारण २०७५ जेठ २८ पछिको करिब रु.२० करोडको निर्माणमा रु.३ करोड बराबर जनश्रमदान प्राप्त नगरेको अवस्था छ । अन्य ८६ स्थानीय तहले रु.४० करोड ८९ लाख ९४ हजार बराबरको कार्यमा जनसहभागिता नजुटाई खर्च लेखेका छन् । निर्माण

कार्यमा न्यूनतम २० प्रतिशत जनसहभागिता जुटाउनु पर्नेमा जनश्रमदान नजुट्नु र स्थानीय तहको निर्णयबाट घटी जुटाउनुले संघीय सरकारबाट प्राप्त अनुदानमा भार परेको छ ।

५५. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्था छ । उपभोक्ता समितिले आफूले जिम्मा लिएको कार्य ठेक्काबाट गराउन मिल्दैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

५५.१. चितवनको माडी नगरपालिकाले सडक कालोपत्रे गर्ने कार्यमा रु.१ करोड ६८ लाख ९२ हजार विभिन्न उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । भवन निर्माण कार्यको लागि दोलखाको वैतेश्वर गाउँपालिकाले रु.८० लाख ६९ हजार र विगु गाउँपालिकाले रु.६१ लाख ३ हजार उपभोक्ता समितिलाई भुक्तानी गरेका छन् । रामेछापको सुनापती गाउँपालिकाले रु.९९ लाखको विद्युतीकरणको कार्यलाई ३ प्याकेज बनाई उपभोक्ता समिति मार्फत गराएको छ । सो कार्यको लागि उपभोक्ता समितिले ठेक्का लगाई एक निर्माण व्यवसायीलाई रु.६४ लाख ७२ हजार भुक्तानी गरेको छ । दैलेखको महाबु गाउँपालिकाले विद्युतीकरण जस्तो जटिल प्राविधिक कार्य समेत उपभोक्ता समितिलाई जिम्मा दिई रु.६० लाख भुक्तानी गरेको छ । इलामको सन्दकपुर गाउँपालिकाले ३ वटा वडा भवन र कार्यालय भवन निर्माण गर्न उपभोक्ता समितिहरुलाई रु.१ करोड ५० लाख ८८ हजार भुक्तानी गरेको छ । जटिल निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराउनु नियमसम्मत् देखिएन ।

५५.२. पर्साको ठोरी गाउँपालिकाले ३ स्थानमा डीप बोरिङ्ग कार्य गर्न रु.५७ लाख ९८ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिलाई रु.५१ लाख ४५ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले उक्त कार्य एक निर्माण व्यवसायीबाट गराएको छ । जटिल प्रकृतिको काम उपभोक्ता समितिलाई दिएको र उपभोक्ता समितिले ठेक्का मार्फत काम गराएको नियमसम्मत् देखिएन ।

५५.३. कास्कीको अन्नपूर्ण गाउँपालिका र रुपा गाउँपालिकाले ५ उपभोक्ता समितिलाई कामको जिम्मेवारी दिएकोमा ती समितिले ठेक्का लगाई ५ निर्माण व्यवसायीलाई रु.७५ लाख २३ हजार भुक्तानी गरेका छन् । विराटनगर महानगरपालिकाले उपभोक्ता समितिसँग गरेका सम्झौतामध्ये ९ उपभोक्ता समितिले रु.५१ लाख ४४ हजारको कार्य निर्माण व्यवसायीबाट गराएका छन् । त्यस्तै तेह्रथुमको छथर गाउँपालिकाका २१ उपभोक्ता समितिले रु.१ करोड ५४ लाखको कार्य निर्माण व्यवसायीबाट गराएका छन् । बाराको सिम्रौनगढ नगरपालिकाले उपभोक्ता समितिसँग ८१६ मिटर सडक कालोपत्रे गर्न रु.२५ लाख ४८ हजारमा सम्झौता गरेकोमा १ हजार २०० मिटर ग्राभेल विछ्याई रु.२१ लाख ७३ हजार भुक्तानी दिएको छ । उपभोक्ता समितिले आफूले प्राप्त गरेको काम खरिद नियमावली विपरीत ठेक्का मार्फत गराएकोमा नियमावली अनुसार कारबाही गर्नुपर्दछ ।

५५.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सोसँग सम्बन्धित सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । गढीचौर गाउँपालिका, जुम्लाले विद्यालय भवन निर्माणमा रु.१ करोड ९९ लाख ६९ हजार, बुटवल उप-महानगरपालिकाले रु.१ करोड माथिका २ भवन निर्माण कार्य, विराटनगर महानगरपालिकाले एक वाचनालय निर्माण कार्यमा रु.१ करोड १७ लाख ६० हजार, भक्तपुर नगरपालिकाले एक पुल, एक बहुउद्देश्यीय भवन र एक मन्दिर मर्मत तथा निर्माणको लागि रु.१ करोड माथिको लागतका ३ कार्यको लागि रु.१० करोड ५३ लाख ७० हजार, तातोपानी गाउँपालिका, जुम्लाले १ खानेपानी योजनामा रु.१ करोड १० लाख ८५ हजार र एक ग्रामीण सडक योजनामा रु.१ करोड २० लाख ७२ हजारको लागत अनुमान भएका कार्य समेत उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएका छन् । गौरादह नगरपालिका, झापाले रु.१ करोड १० लाख, विर्तामोड नगरपालिकाले रु.१ करोड ३ लाख, साल्पासिलिछो गाउँपालिका, भोजपुरले रु.१ करोड १२ लाखको लागत अनुमान भएका भवन तथा सडक निर्माणको कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता गरेका छन् । उपभोक्ता समितिसँग रु.१ करोडभन्दा बढीको लागत अनुमान गरी सम्झौता गर्नेलाई जवाफदेही बनाउनुपर्दछ ।

५५.५. उक्त नियमावलीमा उपभोक्ता समितिले जिम्मा लिएको काममा ठूला भारी मेशिन प्रयोग गर्नु परेमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले गरेका निर्माण कार्यमा भारी मेशिन प्रयोग गरी ७७

स्थानीय तहले रु.५९ करोड ५७ लाख ७८ हजार खर्च गरेका छन् । कानुनको व्यवस्थाबमोजिम कार्य गराउन सम्बन्धित कर्मचारी तथा उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्दछ ।

५५.६. उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरुमा सम्झौताभन्दा घटी काम भएकोमा अनुपातिक हिसाबले गणना गरी उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिहरुले गरेको कामको अनुपातभन्दा बढी हुने गरी ११ स्थानीय तहले रु.८० लाख ७५ हजार बढी भुक्तानी गरेका छन् । बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

५५.७. स्थानीय स्तरमा रोजगारी सृजना हुने र लाभग्राही समुदाय सहभागी हुने कार्य मात्र उपभोक्ता समितिलाई जिम्मा दिन सकिने व्यवस्था छ । उपभोक्ताको योगदान नरहने र रोजगारी समेत सृजना नहुने सोलार बत्ती जडान जस्तो कार्य उपभोक्ता समितिबाट गराई धनुषा जिल्लाको मुखियापट्टी मुसर्निया गाउँपालिकाले रु.७८ लाख ६५ हजार, रौतहट जिल्लाको देवही गोनाही नगरपालिकाले रु.३८ लाख ८० हजार, महोत्तरी जिल्लाका जलेश्वर, मनरासिसवा, मटिहानी, भंगाहा, बलरा, औरही र गौशाला नगरपालिकाले रु.४ करोड ५३ लाख ४ हजार, सप्तरीको तिरहुत गाउँपालिकाले रु.२२ लाख २३ हजार, बाराको देवताल गाउँपालिकाले रु.५५ लाख २८ हजार, सिन्धुलीको फिक्कल गाउँपालिकाले रु.१८ लाख २५ हजार, बुढानीलकण्ठ नगरपालिका काठमाडौंले रु.७७ लाख, नवलपरासीको सुनवल र रामग्राम नगरपालिकाले रु.९५ लाख ४१ हजार समेत रु.८ करोड ३८ लाख ६६ हजार भुक्तानी गरेका छन् । स्थानीय स्तरमा रोजगारी सृजना नहुने र लाभग्राही समुदाय सहभागी नहुने कार्यको लागि उपभोक्ता समितिलाई भुक्तानी गरेको कानुनसम्मत् नदेखिएकोले नियन्त्रण हुनुपर्दछ ।

५५.८. उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा ओभरहेड समावेश गरी भुक्तानी दिन नमिल्नेमा रुकुमको मुसीकोट नगरपालिकाले रु.८ लाख ६४ हजार, पाल्पाको रैनादेवी छहरा गाउँपालिकाले रु.१५ लाख ८५ हजार, डडेल्धुराको भागेश्वर गाउँपालिकाले रु.९ लाख ८६ हजार र प्यूठानको सरुमारानी गाउँपालिकाले रु.१३ लाख ४४ हजार समेत रु.४७ लाख ७९ हजार ओभरहेड समेत थप गरी भुक्तानी गरेका छन् । नियम विपरीत भुक्तानी भएको ओभरहेड रकम असुल हुनुपर्दछ ।

५५.९. महाकाली नगरपालिका, कञ्चनपुरका १० वडामा विद्युतीकरणको लागि आवश्यक ट्रान्सफरमर खरिद कार्य उपभोक्ता समितिबाट गराई रु.१ करोड २८ लाख ५२ हजार खर्च गरेको छ । समिति मार्फत खरिद भएका ३० थान ट्रान्सफरमरहरुमध्ये वडा नं.७ र ८ मा ४ थान बाहेक अन्य ८ वडामा जडान हुनुपर्ने २६ थान ट्रान्सफरमर २०७५।९।१० सम्म जडान भएको छैन ।

५५.१०. पासाङ ल्हामु गाउँपालिका, सोलुखुम्बुले ३ उपभोक्ता समितिलाई बाटो तथा गुम्बा निर्माणमा बिल भरपाईभन्दा रु.१७ लाख ६२ हजार बढी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

५६. **नर्म्सभन्दा बढी भुक्तानी** - निर्माण कार्यमा प्रयोग भएको एक्साभेटरको भाडा तथा इन्धनको रकम भुक्तानी गर्दा नर्म्सबमोजिम भुक्तानी गर्नुपर्दछ । विन्दासैनी नगरपालिका दैलेखले माटो खन्ने कार्यमा प्रयोग भएको एक्साभेटरको भाडा प्रतिघण्टा तोकेको दरभन्दा रु.३८ लाख ४४ हजार बढी भुक्तानी गरेको छ । रुकुम पश्चिमका ३ नगरपालिका र २ गाउँपालिकाले एक्साभेटर प्रयोग गरी माटो काट्ने कार्यमा नर्म्सले तोकेको दरभन्दा रु.१ करोड ७७ लाख ६४ हजार बढी इन्धन खर्च भुक्तानी गरेका छन् । नर्म्सभन्दा बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।

त्यस्तै ताप्लेजुङका ९ र मुस्ताङका ५ स्थानीय तहले विभिन्न योजनाको निर्माण कार्यको लागत अनुमान तयार गर्दा कंक्रिट ढलान (पी.सी.सी. १:२:४) कार्य तथा ढुङ्गाको गारो लगाउने कार्यमा अदक्ष कामदारको संख्या बढी राखेको, फर्मा टेकाको कार्यमा प्रयोग हुने काठ ६ पटक प्रयोग गर्नुपर्नेमा ३ पटक मात्र प्रयोग गरेको, स्टोन सोलिङ कार्यमा फरक नर्म्सको प्रयोग गरेको लगायतका कारणबाट क्रमशः रु.५५ लाख ६५ हजार र रु.१९ लाख १३ हजार थप व्ययभार पारेका छन् ।

५७. **प्रतिफलविहीन खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा प्रतिफल समेतको विचार गरी योजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ । काठमाडौं महानगरपालिकाले एक निर्माण व्यवसायीसँग रानीपोखरीको पुनःनिर्माण गर्न रु.६ करोड २९ लाखको सम्झौता गरी कंक्रिट संरचना निर्माण गर्न एक निर्माण व्यवसायीलाई रु.२ करोड ३ लाख ८८ हजार भुक्तानी गरेपछि उक्त संरचना भत्काउने निर्णय

भएकोले सो खर्च प्रतिफलविहीन बन्न पुगेको छ । त्यस्तै भूकम्पबाट क्षतिग्रस्त बागदरबार भवन प्रबलीकरण (रेट्रोफिटिङ्गस) गर्न एक परामर्शदातासँग रु.१२ लाख ९५ हजारमा सम्झौता भई रु.४ लाख ३९ हजार भुक्तानी गरेपछि भवन भत्काई नयाँ निर्माण गर्ने निर्णय गरी ठेक्कापट्टा प्रक्रिया शुरु गरेकोले परामर्श सेवामा गरेको खर्च प्रतिफलविहीन बन्न पुगेको छ । योजना छनौट गर्दा पर्याप्त पूर्व अध्ययन गरी प्रतिफल प्राप्त हुने कार्यमा खर्च गर्नुपर्दछ ।

५८. **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । ललितपुर महानगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७४।७५ सम्मका खानेपानी तथा सरसफाई, सडक, ढल, सिँचाइ, भवन मर्मत, शौचालय निर्माण, पूर्वाधार मर्मत लगायतका ४१३ निर्माण कार्यका रु.५४ करोड ६१ लाख ३७ हजारका आयोजना सम्पन्न हुन नसकी अधुरो रहेको छ ।

काठमाडौं महानगरपालिकाले २०७३।७४ सम्मका पूर्वाधार, सोलार र सडक विस्तारतर्फ ४३१ योजना जिम्मेवारी सारेकोमा यो वर्ष २१७ सम्पन्न भई २१४ बाँकी रहेको छ । सम्पन्न हुन बाँकी योजनामा सम्झौता अनुसार रु.५७ करोड ३४ लाख ९८ हजार भुक्तानी गर्न बाँकी छ । योजना सम्पन्न गर्ने अवधिमा कार्यसम्पन्न नगरी यस्ता योजना आगामी वर्षको लागि सार्ने गरेकोले कार्य प्रगति कमजोर रहेका छन् । समयमा प्रगति कम हुनुको कारण पहिचान गरी र जिम्मेवार व्यक्ति उपर कारबाही समेत गरी योजना सम्पन्न गर्नुपर्दछ ।

५९. **निर्माण स्थल परिवर्तन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) र (२) मा भेरिएसन गर्दा सम्बन्धित कामको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन नहुने गरी गर्नुपर्ने व्यवस्था छ । काठमाडौं महानगरपालिकाले वडा नं.३४ को बागधारा-ढुङ्गेधारा सडक र वडा नं.३५ को शुभकामना मार्गको सडक निर्माण कार्य गर्न रु.८९ लाख ७४ हजारमा सम्झौता गरेकोमा उक्त स्थानमा अन्य निकायबाट कार्य गरेकोले सो सम्झौताको कार्य अन्य स्थानमा गराई रु.८९ लाख ७० हजार भुक्तानी भएको छ । यसरी अन्य स्थानमा कार्य गराउँदा उक्त स्थानको आवश्यकता पहिचान, सम्भाव्यता अध्ययन, विस्तृत सर्भेक्षण, डिजाईन तथा लागत अनुमान स्वीकृत गरेको देखिंदैन । निर्माण स्थल परिवर्तन गर्ने कार्य कानुनसम्मत् देखिएन ।

६०. **फेवाताल संरक्षण** - पोखरा महानगरपालिकाले उपलब्ध गराएको विवरणमा सन् १९५७ को नापीमा फेवातालको क्षेत्रफल २२ हजार रोपनी भएकोमा सन् २००० मा ९ हजार ९५५ रोपनी रहेको थियो । भूमिसुधार तथा व्यवस्था विभागले प्रकाशन गरेको विवरण अनुसार महानगरपालिकाको वडा नं.६ कित्ता नं.२९७ मा फेवातालको क्षेत्रफल ८ हजार ७०८ रोपनी रहेको उल्लेख छ । फेवातालको क्षेत्रफल पचास वर्षमा ६० प्रतिशतले घटेको अवस्था छ । फेवाताल अतिक्रमण भएको सम्बन्धमा गत वर्ष कार्यमूलक लेखापरीक्षण गरी विस्तृत रुपमा उल्लेख गरिएकोमा हालसम्म सुधार भएको देखिएन ।

६१. **घटी असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम पर्यटन शुल्कको दर प्रदेश कानुनबमोजिम निर्धारण र सङ्कलन गर्ने व्यवस्था छ । पर्यटन शुल्क उठाउने सम्बन्धमा प्रदेशबाट कानुनी व्यवस्था भइसकेको छैन । आर्थिक ऐन, २०७४ अनुसार खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बुले प्रतिपर्यटक प्रवेश शुल्क रु.२ हजारका दरले यो वर्ष रु.९ करोड ८४ लाख ५५ हजार आम्दानी गरेको छ । प्रदेश कानुनको आधारमा पर्यटन प्रवेश शुल्क निर्धारण गर्नुपर्दछ ।

शुक्लागण्डकी नगरपालिका तनहुँको आर्थिक ऐन, २०७४ अनुसार प्राकृतिक साधनको उपयोगको कर अन्तर्गत ढुङ्गा, गिट्टी, बालुवा प्रतिघनमिटर रु.१२०।- का दरले लगाउनु पर्नेमा नगर कार्यपालिकाको २०७४।७।१० को निर्णयबाट प्रतिघनमिटर रु.१००।- का दरले राजस्व असुल गरेकोले रु.३९ लाख २२ हजार नोक्सानी परेको देखियो । आर्थिक ऐनमा उल्लिखित दररेट कार्यपालिकाले संशोधन गर्न मिल्ने नदेखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

६२. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष विभिन्न स्थानीय तहले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर र बहाल कर रु.१८ करोड ६ लाख ६ हजार कट्टी नगरेकोले उक्त कर असुल गर्नुपर्दछ ।

६३. **बढी तलब** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७०।३।१९ को परिपत्रबमोजिम स्थानीय तहका कर्मचारीको सुविधा नेपाल सरकारले तोकेबमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ । ऐन तथा परिपत्र विपरीत काठमाडौं महानगरपालिकाले ६० कर्मचारीलाई रु.२० लाख १५ हजार, ललितपुर महानगरपालिकाले १५ कर्मचारीलाई रु.६ लाख ५६ हजार, पोखरा महानगरपालिकाले ७ कर्मचारीलाई १ लाख ८४ हजार र कीर्तिपुर नगरपालिकाले २ कर्मचारीलाई रु.५५ हजार समेत बढी तलब रु.२९ लाख १० हजार खर्च लेखेका छन् । उक्त रकम असुल गर्नुपर्दछ ।

६४. **अनुदान** - स्थानीय तहहरुले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपुँजी तथा अनुदान उपलब्ध गराएका छन् । अनुदान सम्बन्धमा प्रत्येक तहले अनुदान नीति तय गरेका छैनन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

६४.१. गल्याङ नगरपालिका, स्याङ्गजाले ११ दुग्ध उत्पादन सहकारी संस्थालाई मेशिनरी औजार र एक सहकारी संस्थालाई मेशिनरी तथा वीमा समेतको लागि रु.१ करोड १० लाख अनुदान उपलब्ध गराएको छ । उक्त कार्यमा लागत साझेदारी अपनाएको छैन । खरिद भएका सम्पत्तिको अपनत्व, लागत साझेदारी र दूधको मूल्य निर्धारण समेत नगरेको अवस्थामा ती संस्थाबाट उपभोक्ता प्रतिको जवाफदेहिता मूल्याङ्कन गर्न सूचक तयार गर्नुपर्दछ । त्यस्तै रम्भा गाउँपालिका, पाल्पाले एक सहकारीलाई रु.७ लाख र वैजनाथ गाउँपालिका बाँकेले ५ सहकारी संस्थालाई रु.२५ लाख अनुदान दिएकोमा अनुदानको अनुगमन र उपलब्धि विश्लेषण गरेका छैनन् ।

६४.२. शिखरपुर नगरपालिका, डोटीले निजी तथा नाफामूलक दुई निजी कम्पनीलाई च्याफ्टिङ्ग बोट खरिद तथा शैक्षिक सेवा बापत रु.८ लाख अनुदान दिएको छ । नाफामूलक निजी संस्थालाई दिएको अनुदान फिर्ता गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

६४.३. नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । इलामको सन्दकपुर गाउँपालिकाले सिद्धपोखरी चिया उत्पादन सहकारी संस्थालाई चिया प्रशोधन कारखाना निमार्णको लागि रु.१० लाख, रोङ्ग गाउँपालिकाले ३ सहकारी संस्थाको भवन निर्माण, फर्निचर खरिद तथा घेराबारा निर्माण गर्न रु.८ लाख ४५ हजार र सूर्योदय नगरपालिकाले २ महिला सहकारी संस्थाको भवन निर्माण गर्न रु.२ लाख ५० हजार, फेदाप गाउँपालिका तेह्रथुमले २ सहकारीको भवन निर्माण तथा फर्निचर खरिद गर्न रु.१२ लाख ३५ हजार र उदयपुरको त्रियुगा नगरपालिकाले १० सहकारी संस्थालाई कार्यालय व्यवस्थापनका लागि रु.९ लाख अनुदान उपलब्ध गराएका छन् । नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गरी सञ्चालन गर्नुपर्नेमा सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको नियमसम्मत् देखिएन ।

६४.४. वालिङ्ग नगरपालिका, स्याङ्जाले कृषि तथा पशु व्यवसाय प्रबर्द्धन गरी आय आर्जन गर्ने उद्देश्यले ७५ किसानलाई रु.५३ लाख ५० हजार बीउ पुँजीको लागि रकम उपलब्ध गराएको छ । आय आर्जनमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी ३ किस्तामा रकम फिर्ता लिने गरी पुँजी उपलब्ध गराएकोमा फिर्ता गर्ने अवधि निश्चित गरेको छैन । त्यस्तै वैजनाथ गाउँपालिका, बाँकेले युवा स्वरोजगार घुम्ती कोष सञ्चालन बापत एक सहकारी संस्थालाई ६ महिनामा ४० प्रतिशत र १ वर्षमा ६० प्रतिशतले हुने साँवा फिर्ता हुने गरी रु.४० लाख उपलब्ध गराएको छ । रकम उपलब्ध गराउने नीति, मापदण्ड, कार्यविधि र लाभग्राही छनौटको आधार नखुलाई रकम उपलब्ध गराएको उचित देखिएन ।

६५. **उठ्न बाँकी राजस्व** - निर्धारण भएका र सम्झौतामा तय गरेका उठ्न बाँकी रकमहरु सम्झौताको शर्तअनुसार समयभित्र प्राप्त गर्नुपर्दछ । यस सम्बन्धी व्यहोरा निम्न छन् :

६५.१. काठमाडौं महानगरपालिकाले फिर्ता हुन बाँकी धरौटीबाट विभिन्न व्यक्ति तथा संस्थालाई दिएको सापटी रु.२ करोड ११ लाख, विराटनगर महानगरपालिकाले शुल्क, कर, भाडा लगायत रु.७ करोड ५३ लाख ९७ हजार, ललितपुर महानगरपालिकाले शुल्क, कर, भाडा आदिमा रु.५ करोड ११ लाख २६ हजार, र पोखरा महानगरपालिकाले सवारी पार्किङ्ग शुल्क, सटर भाडा, एकीकृत सम्पत्ति कर, निकासी कर आदि रु.३ करोड ७१ लाख ४६ हजार असुल गर्न बाँकी रहेको छ ।

६५.२. भरतपुर महानगरपालिकाले गत वर्षसम्मको बक्यौता राजस्व रु.४० लाख ३७ हजार, वीरगन्ज महानगरपालिकाले, आय ठेक्का, सम्पत्ति कर, पसल कवल बहाल आदि रु.२५ करोड ९१ लाख १७ हजार,

जनकपुर महानगरपालिका, धनुषाले आय ठेक्काको रु.५२ लाख, हेटौंडा नगरपालिकाले भवन तथा शौचालय ठेक्का भाडा र फोहोरजन्य पदार्थ ठेक्काको रु.४३ लाख ७५ हजार, कञ्चनपुरको बेलौरी नगरपालिकाले रु.२४ लाख १२ हजार, भिमदत्त नगरपालिकाले आय ठेक्का रु.१२ लाख २२ हजार र गौशाला नगरपालिका, महोत्तरीले आय ठेक्काको रु.२१ लाख ७७ हजार असुल गरेका छैनन् ।

उल्लिखित उठ्न बाँकी रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

६६. **काम सम्पन्न नगरी छाडेको** - राक्सिराङ गाउँपालिका, मकवानपुरले २ उपभोक्ता समितिसँग सडक निर्माण गर्न रु.१ करोड ४० लाख ४९ हजारमा २०७४।१२।३० भित्र सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा रु.८१ लाख ५० हजार भुक्तानी भएपछि उपभोक्ताले बीचैमा छाडेकोले सम्झौता तोडेको छ । बाँकी कार्यको अवस्था निश्चित नगरेको र उपभोक्ता समितिलाई कारबाही गरेको पनि देखिएन ।

६७. **हिसाब मिलान** - काठमाडौं महानगरपालिकाले अन्तर विभाग हिसाब मिलानको अभिलेख दुरुस्त नगरी वर्षौदेखि ऋणात्मक मौज्दात देखाउँदै आएको छ । मिलान नगरेको अन्तर विभाग हिसाबमा ज्येष्ठ नागरिक, पुँजीगत र मर्मत कोषतर्फ रु.५५ करोड ३० लाख ६० हजार ऋणात्मक मौज्दात वासलातमा देखाएको छ । हिसाब मिलान गर्न बाँकी रकम रु.२ अर्ब ४६ करोड ४९ लाख ५२ हजार रहेको छ । उक्त रकमको हिसाब मिलान हुनुपर्दछ ।

६८. **ऋणात्मक हिसाब** - काठमाडौं महानगरपालिकाले क्रेडिटमा रहनु पर्ने जगेडा कोष रु.६ करोड ८७ लाख ११ हजार डेविट मौज्दात देखाएको, साधारण स्टोर्सतर्फ रु.१ करोड ७४ लाख ५३ हजार ऋणात्मक मौज्दात देखाएको, बैङ्क मौज्दाततर्फ ६ खाताको रु.२ करोड ३५ लाख ७३ हजार ऋणात्मक देखाएकोले महानगरपालिकाले पेस गरेको वित्तीय विवरणले यथार्थ नतिजा प्रस्तुत गरेको छैन । ऋणात्मक हिसाब सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

६९. **अनुत्पादक एवं वितरणमुखी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम खर्चको वर्गीकरणबमोजिम नोक्सानी, व्ययभार, अनुत्पादक र वितरणमुखी खर्चलाई नियन्त्रण गरी आय-व्यय सम्बन्धी कारोबारको लेखा जिम्मेवारीपूर्वक राख्नुपर्ने व्यवस्था छ । खर्चको वर्गीकरण तथा व्याख्या विपरीत २२ स्थानीय तहले होम ट्यूशन, निजी आवास मर्मत, सरकारी सामान निजी आवासमा प्रयोग, व्यक्तिगत क्षतिको अनुदान, अधिक मर्मत, असम्बन्धित आर्थिक सहायता, सडक नपुगेको स्थानमा सवारी खरिद, अनुदानबाट बाह्य भ्रमण, मोटरसाइकल चालक खर्च, इन्धनको निजी प्रयोग, बजेट भाषणमा पारिश्रमिक, पिकनिक लगायतका वितरणमुखी तथा अनुत्पादक खर्च बापत रु.१ करोड ५१ लाख ८३ हजार भुक्तानी गरेका छन् । वितरणमुखी तथा अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्दछ ।

७०. **नगद तथा घटी बैङ्क मौज्दात** - आर्थिक कार्यविधि ऐन, २०५५ मा लेखा दाखिला, जिम्मेवारी तथा जवाफदेहिताको पालना नगर्नेलाई कारबाही गर्ने उल्लेख छ । ललितपुर महानगरपालिकाले आर्थिक वर्षको अन्त्यसम्म बैङ्क दाखिला नगरी रु.७ करोड ६४ लाख १८ हजार नगद मौज्दात देखाएको छ । त्यस्तै कार्यालयको स्रेस्ता अनुसार देखिएको बैङ्क मौज्दातभन्दा रु.६ करोड ७ लाख ५१ हजार बैङ्कमा घटी मौज्दात रहेको छ । त्यस्तै ८२ स्थानीय तहले रु.४९ करोड ९२ लाख ८४ हजार हिसाबमा घटी जिम्मेवारी सारेका छन् । बैङ्क मौज्दात घटी रहेको तथा नगद रकम समयमा बैङ्क दाखिला नगरेको सम्बन्धमा छानबिन गरी जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ । ऐनको पालना नगर्नेलाई कारबाही समेत गर्नुपर्दछ ।

७१. **लगानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, वितरण प्रणाली, अनुगमन र नियमन गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

७१.१. खुम्बु पासाङ ल्हामु गाउँपालिका, सोलुखुम्बुले २०० किलोवाट क्षमताको एक जलविद्युत आयोजनाको संस्थापक सेयरमा रु.९५ लाख लगानी गरेको छ । लगानीको लागत लाभको विश्लेषण नगरेको र सेयर प्रमाणपत्रसमेत प्राप्त गरेको छैन ।

७१.२. लिखु पिके गाउँपालिका, सोलुखुम्बुले इनर्जी सम्बन्धी कारोबार गर्ने एक निजी कम्पनीले बिक्रेताको दस्तखत नभएको ढुवानी समेतको विद्युतीय सामान खरिदको बिल रु.२४ लाखमध्ये रु.२२ लाख एक हाइड्रोपावर

कम्पनीलाई भुक्तानी गरेको छ । सोही गाउँपालिकाले विगतमा गाउँ विकास समितिबाट उक्त कम्पनीलाई गरेको लगानी हिसाबलाई सञ्चित कोषको आय-व्ययमा समावेश समेत गरेको छैन । उक्त बिलको सम्बन्धमा छानबिन हुनुपर्ने र लगानीलाई सञ्चित कोषको हिसाबमा अद्यावधिक गर्नुपर्दछ ।

७१.३. तिप्ली गाउँपालिका, उदयपुर अन्तर्गत रु.५० लाख ९३ हजारको लागत अनुमानमा १५ किलोवाट क्षमताको विद्युत उत्पादन गर्न नुनेख खोला लघु उद्यम उपभोक्ता समिति र एक निजी इनर्जी कम्पनीबीच भएको सम्झौतामा कुल लागतमध्ये वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रले ३८.९० प्रतिशत, कम्पनीको इक्विटी ४१.१० प्रतिशत, जिल्ला समन्वय समिति उदयपुरले १० प्रतिशत र तिप्ली गाउँपालिकाले १० प्रतिशत व्यहोर्ने उल्लेख छ । सम्झौता अनुसार गाउँपालिकाले रु.५ लाख ९ हजार व्यहोर्नु पर्नेमा रु.१० लाख २० हजार भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.५ लाख ११ हजार फिर्ता लिई स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

७१.४. खत्याड गाउँपालिका, मुगुले एक सहकारी संस्थामार्फत एक जलविद्युत आयोजनामा रु.२ करोड लगानी गरेकोमा प्रतिफल प्राप्तिको आधार खुलाएको छैन । काठमाडौं महानगरपालिकाले रु.१५ करोड र ललितपुरको गोदावरी नगरपालिकाले रु.१० लाख साझा यातायातमा लगानी गरेका छन् । लगानीबाट प्रतिफल प्राप्त गरेको देखिएन । काठमाडौं उपत्यका अन्तर्गतका स्थानीय तहहरुले १ हजार ८ सय ७० कित्ता सेयर प्रतिकित्ता रु.१००।- ले रु.१ लाख ८७ हजार काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा लगानी गरेकोमा सोको सेयर प्रमाण पत्र प्राप्त गरेका छैनन् ।

दीर्घकालसम्म कायम रहने लगानीलाई सञ्चित कोषमा नदेखाउने, लागत लाभको विश्लेषण नगर्ने, लाभको हिस्सेदारीलाई सम्झौतामा उल्लेख नगर्ने, सम्झौताका कागजात सुरक्षित र भरपर्दो नराख्ने, सेयर प्रमाण पत्र नलिने, लगानी सम्बन्धमा स्थानीय मापदण्ड, नीति र कानुन नबनाउने आदि व्यहोरा देखिएकोमा यसमा सुधार हुनुपर्दछ ।

७२. **केबुलकार सञ्चालन अनुमति -** ताप्लेजुङको फुङलिङ नगरपालिकाको २०७४।४।१६ र १७ गतेको प्रथम नगरसभाबाट वडा नं. ११ मा पर्ने काफ्लेपाटी देखि पाथीभरा मन्दिरसम्म केबुलकार निर्माण तथा सञ्चालन गर्न एक निजी केबुलकार कम्पनीलाई अनुमति दिने निर्णय गरेको करिब १० महिनापछि । नगर कार्यपालिकाले २०७५।२।६ मा केबुलकार सञ्चालन अनुमतिसम्बन्धी निर्देशिका, २०७५ पारित गरेको देखियो । उक्त कम्पनीले २०७५।२।९ मा अनुमति माग गरेकोमा कार्यपालिकाले २०७५।२।१३ को निर्णयअनुसार सञ्चालन दस्तुर रु.१२ लाख प्राप्त गरी २०७५।२।१४ मा निर्माण तथा सञ्चालनको अनुमतिपत्र जारी गरेको छ । केबुलकार सञ्चालन कार्यविधि अनुसार शुरुमा ४० वर्षको लागि र नवीकरण गरी थप ४० वर्षसमेत ८० वर्षका लागि अनुमति प्रदान गरे तापनि विधिवत् सम्झौता गरेको देखिएन । उक्त कार्यविधि स्थानीय राजपत्रमा प्रकाशनसमेत भएको देखिएन ।

योजना सञ्चालनको प्रक्रिया, व्यवस्थापन र नियमनको क्षेत्राधिकार, पुँजी लगानी संरचना र यसको मोडेल, वातावरणीय, धार्मिक तथा सांस्कृतिक पक्ष र त्यसको संरक्षण तथा योजना सञ्चालनबाट नेपाल सरकार तथा नगरपालिकालाई प्राप्त हुने रोयल्टी तथा अन्य लाभको बाँडफाँडलगायत अन्तर निकाय समन्वय समेतका विषयमा निर्णय र विश्लेषणसमेत नगरी अनुमति दिएको छ । केबुलकार निर्माण र सञ्चालन अनुमतिपत्रको प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी देखिएन ।

७३. **रकम मस्यौट** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २६ बमोजिम सरकारी रकम दुरुपयोग एवं मस्यौट भएमा मस्यौट गर्ने उपर प्रचलित कानुनबमोजिम कारबाही गरी सरकारी बाँकी सरह असुल उपर गर्ने तथा विभागीय कारबाही समेत गर्ने उल्लेख छ । कटारी नगरपालिका, उदयपुरका लेखा अधिकृतले सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैङ्क खातामा स्थानीय सञ्चित कोषबाट रु.६६ करोड २८ लाख ३७ हजार ट्रान्सफर गर्ने सिलसिलामा दुई चेकबाट रु.३ करोड ९८ लाख ३७ हजार आफ्नो बैङ्क खातामा ट्रान्सफर गरेको देखियो । मस्यौट गरेको उक्त रकमलाई कार्यालयले आर्थिक अनियमितता खर्च शीर्षक कायम गरी खर्च लेखाङ्कन गरेको छ । आर्थिक अनियमितता एवं मस्यौट गरेको रकम प्रचलित कानुनबमोजिम विभागीय कारबाही समेत गरी निजबाट असुल गर्नुपर्दछ ।

७४. **कार्य क्षेत्र बाहिरको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आफ्नो भौगोलिक क्षेत्रभित्र रहेको चार किल्लाको आधारमा विकास निर्माण तथा सेवा प्रवाहलाई सबल, चुस्त एवं वार्षिक कार्यक्रम

अनुसार बजेटको व्यवस्थापन गरी खर्च गर्नुपर्दछ । महाकुलुङ गाउँपालिका, सोलुखुम्बुले काठमाडौंको गोकर्णेश्वर नगरपालिका वडा नं.३ स्थित कुलुङ गुसखय भवन निर्माण गर्न रु.११ लाख ९१ हजारमा सम्झौता गरी रु.९ लाख ६० हजार भुक्तानी दिएको देखियो । गाउँपालिकाको भौगोलिक क्षेत्र बाहिर खर्च गर्न मिल्ने देखिएन ।

७५. **स्रोत सुनिश्चितता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा बजेटको सुनिश्चितता नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । धरान उप-महानगरपालिका, सुनसरीले २०७४।७५ मा सम्झौता भएका योजनामध्ये ७० योजनाको लागि आगामी वर्ष रु.१३ करोड दायित्व सर्ने गरी खरिद सम्झौता गरेको छ । हरिनगरा गाउँपालिका, सुनसरीले ७ स्थानको २७ किलोमिटर सडक अस्फाल्ट विधिबाट कालोपत्रे कार्य गर्न रु.५६ करोड ३९ लाख ६३ हजारको २५ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेको छ । गाउँपालिकाले यातायात गुरुयोजना तयार नगरेको र ३ वर्षभित्र खर्च गर्न तयार गरेको खाकाबमोजिम रु.१० करोड बजेट न्यून हुने आंकलन गरेको छ । बजेट सुनिश्चितता बेगर योजना छनौट र सम्झौता गर्न कार्यमा सुधार हुनुपर्दछ ।

७६. **सी.एफ.एल. चिम खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम खरिद गर्ने सामानको स्पेशिफिकेशन अनुसार लागत अनुमान तयार गर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढीको खरिद कार्य गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । इटहरी नगरपालिकाले लागत अनुमान तयार नगरी रु.५ लाख रुपैयाँभन्दा घटीका २० थान बिलबाट यो वर्ष रु.९७ लाख ३० हजारको सी.एफ.एल. चीम खरिद गरेको छ । गत वर्ष बोलपत्रको माध्यम एवं सोझै खरिद गरेको सी.एफ.एल.चीमको भुक्तानी गर्न बाँकी रु.९१ लाख ५७ हजार समेत रु.१ करोड ८८ लाख ८७ हजार यो वर्ष भुक्तानी गरेको छ । लागत अनुमान र प्रतिस्पर्धात्मक खरिद प्रक्रिया अवलम्बन नगरी खरिद गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

७७. **खर्च पुष्ट्याईं** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । दूधपोखरी गाउँपालिका, लम्जुङअन्तर्गत एक उपभोक्ता समितिले खरिद गरेको रु.३६ लाख १ हजारका प्लाष्टिक पोखरी निर्माण एवं गोठ सुधारका सामान उपयोग नभएको, कटहरिया नगरपालिका, रौतहटले रु.११ लाख २५ हजारमा खरिद गरेको सिरक वितरण गरेको अभिलेख राखेको छैन । दुर्गा भगवती गाउँपालिका, रौतहटले रु.१३ लाख ९८ हजार मूल्यका २०० थान साइकल खरिद गरी मौज्दातमा राखेको छ । मुखियापट्टी मुसर्नीया गाउँपालिका, धनुषाले डुङ्गा निर्माण गर्न एक सःमिलबाट रु.४ लाख ९६ हजारको काठ खरिद गरेकोमा डुङ्गा तयार भएको देखिएन ।

त्यस्तै सुखीपुर नगरपालिका, सिरहाले ५५ पानी तान्ने मोटर पम्प रु.२८ लाख ८१ हजारमा खरिद गरी वडा अध्यक्षलाई बुझाएकोमा किसानलाई बुझाएको अभिलेख पेस नगरेको, कलैया उप-महानगरपालिका, बारालेे दैवी प्रकोपको कारण जनाई रु.३७ लाख ८५ हजार मूल्यका कम्बल खरिद गरेकोमा वितरणको प्रमाण पेस गरेको छैन । खोटाङको हलेसी तुवाचुङ नगरपालिकाले विद्युतीय सामान खरिद गरी एक आपूर्तकलाई रु.१ करोड ९० लाख भुक्तानी गरेकोमा ठेक्कासम्बन्धी बोलपत्र मूल्याङ्कन, छनौट, दर विश्लेषण, लागत अनुमान, डिजाइन, कार्यसम्पन्न प्रतिवेदन, सामान प्राप्ति तथा जडान सम्बन्धी अभिलेख पेस गरेको छैन । अतः खर्च गर्दा आवश्यक बिल भरपाई संलग्न नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

७८. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको दर विश्लेषण सहित लागत अनुमान तयार गर्नुपर्दछ । सो कार्यको लागि स्वीकृत गरेको हिमाली गाउँपालिका, बाजुराले कर्णाली रोजगार कार्यक्रम अन्तर्गत भेडेमूलदेखि शिवम् खानेपानी आयोजना निर्माण उपभोक्ता समितिसँग रु.१ करोड २५ लाख ६८ हजार लागत अनुमानको कार्य गर्न सम्झौता गरेको छ । उक्त सम्झौता नियमावलीको नियम ९७ विपरीत रहेको छ । दररेट विश्लेषण अनुसार कोल्टीदेखि साइटसम्म मानिस, खच्चरबाट ढुवानी गर्दा प्रति के.जी. रु.२५।- उल्लेख गरेकोमा नापी तथा कार्यसम्पन्नमा प्रति के.जी. रु.१००।- ढुवानी खर्च राखी कार्यसम्पन्न तयार गरेकोले ३० हजार १६० के.जी.को ढुवानी खर्च रु.२२ लाख ६२ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

त्यस्तै ताप्लेजुङ जिल्लाका ९ स्थानीय तहले विभिन्न आइटमको स्वीकृत जिल्ला दरभन्दा बढी तथा दर विश्लेषणबाट कायम भएभन्दा बढी दरबाट उपभोक्ता समितिलाई रु.७० लाख २ हजार बढी भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

७९. **भुक्तानी रोक्का** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा प्रमाणित बिल भरपाईको आधारमा खर्च गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा रनिङ बिल तथा वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । बझाङको तलकोट गाउँपालिकाले ५ निर्माण कार्यमा निर्माण सम्पन्न हुनुपूर्व नापी किताब तथा रनिङ्ग बिल तयार गरी आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको कार्य समेत समावेश गरी रु.३२ लाख ५५ हजार भुक्तानी गरेको छ । कार्य सम्पन्न नहुँदै भुक्तानी दिएको रकम असुल गरी जिम्मेवार पदाधिकारीलाई कारबाही हुनुपर्दछ ।

८०. **मूल्य समायोजन** - खरिद सम्झौताको शर्तभन्दा बढी हुने गरी मूल्य समायोजन भुक्तानी दिन मिल्दैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८०.१. विराटनगर महानगरपालिकाबाट शहरी वातावरण सुधार परियोजनाको काम गर्न सम्झौता भएका एक निर्माण व्यवसायीसँग सम्झौताको शर्तमा प्रतिआइटमको परिमाणमा २५ प्रतिशतभन्दा बढीको भेरिएसन भई सो भेरिएसन मूल्य कुल सम्झौता मूल्यको १ प्रतिशतभन्दा बढी भएमा सो आइटममा नयाँ दररेट कायम हुने व्यवस्था छ । प्रावधान अनुसार नयाँ दररेट तय भएको र ठेक्काको शुरु सम्झौतामा नभएका नयाँ आइटमको समेत नयाँ दररेट तय गरेको छ । भेरिएसनबाट नयाँ दररेट कायम भएका र थप भएका आइटमको मूल्य समायोजन भुक्तानी गर्दा भेरिएसन स्वीकृत गरेको निर्णयको ३० दिन अगाडिको मूल्य सूचीलाई आधार लिनुपर्नेमा २०७०।३।१९ को मूल्यलाई आधार लिई मूल्य समायोजन गणना गरी अन्तरिम भुक्तानी प्रमाण पत्र नं.२६ देखि ३० सम्मको भुक्तानीमा रु.२ करोड ४४ लाख ८४ हजार मूल्य समायोजन भुक्तानी दिएको छ । यस सम्बन्धमा पुनः गणना गरी बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।

८०.२. धरान उप-महानगरपालिकाले एक खानेपानी आयोजनाको वैदेशिक मुद्रा भुक्तानीतर्फको मूल्य समायोजनको गणना गर्दा सम्झौताको शर्तबमोजिम प्रत्येक आइटमको भार अनुसार गणना गर्नुपर्नेमा कुल बिल रकमको आधारमा गणना गरेकोले १३ औं बिल अमेरिकी डलर १९ हजार ३२०.२३ को विनिमय दर रु.९९.२६ का दरले हुने रु.१९ लाख १८ हजार भुक्तानी हुनुपर्नेमा अमेरिकी डलर ३ लाख २२ हजार १७२.४९ को ९९.२६ को दरले रु.३ करोड १९ लाख ७९ हजार भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.३ करोड ६१ हजार पछिल्ला बिलमा समायोजन गर्नुपर्दछ ।

८०.३. सिद्धार्थनगर नगरपालिका, रुपन्देहीले एक निर्माण व्यवसायीसँग सडक निर्माण कार्यमा सम्झौतामा उल्लेख नभएको अवस्थामा मोविलाइजेशन पेस्की तथा प्रोभिजनल सम नघटाई कुल बिलको रकम गणना गरेको कारण बढी भएको मूल्य समायोजन रु.८८ लाख ४० हजार असुल हुनुपर्दछ ।

८१. **भेरिएसन** - सार्वजनिक खरिद ऐनको दफा ५४(१)(घ) मा १५ प्रतिशतभन्दा माथि २५ प्रतिशतसम्मको भेरिएसन आदेश सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको निकाय प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

८१.१. धरान उप-महानगरपालिकाबाट खानेपानी व्यवस्थाको लागि रु.१ अर्ब ३३ करोड १० लाख ४ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.१ अर्ब ३१ करोड ६२ लाख १० हजारमा सम्झौता भएकोमा पाईप लाइन, एभिआर खरिद, अस्फाल्ट कालोपत्रे, पावर केबुल लगायतका कार्यमा परिमाण वृद्धिको कारण जनाई दुई पटक भेरिएसन आदेश जारी गरी कायम लागत अनुमान रु.१ अर्ब ६६ करोड २ लाख ८३ हजार र सम्झौता रकम रु.१ अर्ब ५७ करोड ११ लाख ८५ हजार कायम हुन गएकोले शुरु सम्झौता मूल्यमा १९ प्रतिशत भेरिएसन भएको छ ।

८१.२. विराटनगर महानगरपालिकाले पूर्वाधार निर्माण सम्बन्धी कार्यको कूल लागत अनुमान रु.२ अर्ब ९७ करोड ६९ लाख २६ हजारमा एक संयुक्त उपक्रमसँग रु.२ अर्ब ३९ करोड १३ लाख ३२ हजारमा सम्झौता गरेकोमा पुराना खानेपानी लाइनको रिलोकेशन, विद्युत पोलहरुको पुनःस्थापना, ढल निर्माणमा इँटाको बदला आर.सी.सी.ढल निर्माण जस्ता कारण देखाई चार पटक भेरिएसन आदेश जारी गरी सम्झौता मूल्य रु.२ अर्ब ९५ करोड ६२ लाख ९० हजार (२३.६३ प्रतिशतले बढी) कायम भएको छ । सोही निर्माण कार्यमा शुरुमा ९०० दिन समयावधि रहेकोमा विद्युत पोल सार्न नसकेको, बन्द हड्ताल, वर्षा, बाढी, साइटमा अवरोध आदि कारणले ९११ दिन म्याद थप भएको छ ।

निर्माण कार्यको म्याद थप भएकोले लागत बढेको र आयोजनाबाट प्राप्त गर्ने प्रतिफल समेत प्राप्त नभएको अवस्था छ । आयोजनाको लागत अनुमान तयारीमा पर्याप्त ध्यान नदिएको कारणले भेरिएसन हुन गएकोले सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

८२. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ र सम्झौताको शर्तबमोजिम कार्य नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । इटहरी नगरपालिकाले दुमकट्टा ल्याण्डफिल्ड साइडमा कल्भर्ट तथा बाटो निर्माण र ल्याण्डफिल्ड साईट पहुँचमार्ग कालोपत्रे कार्य र टेङ्गाखोला पुल निर्माणको लागि १२ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी रु.१५ करोड ३३ लाख ५६ हजारमा ३ निर्माण व्यवसायीसँग सम्झौता भई रु.१० करोड ३८ लाख ४६ हजार भुक्तानी गरेको छ । सम्झौता तथा कार्यतालिकाबमोजिम निर्धारित समयमा कार्य सम्पन्न नगरेको, निर्माण व्यवसायीबाट म्याद थप माग नभएकोले सम्झौताको शर्तबमोजिम रु.९९ लाख ७ हजार पूर्वनिर्धारत क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

८३. **बढी दरमा सम्झौता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सबमोजिम दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा निर्माण कार्यको वास्तविक लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला दररेट निर्धारण समिति मोरङ्गले सडक निर्माण कार्यमा मेशिनबाट सडक खन्ने कार्यको साधारण माटो, कडा माटो, साधारण चट्टान, मध्यम चट्टान र कडा चट्टानमा वर्गीकरण गरी प्रतिघनमिटर दर निर्धारण गरेको छ । जिल्ला दररेट निर्धारण समिति, तेह्रथुमले निर्धारण गरेको दररेट मोरङ्गको भन्दा घटी भएको जनाई मोरङको दरले लागत अनुमान तयार गरेको छ । तेह्रथुम जिल्लाको आठराई गाउँपालिकाले ९५ उपभोक्ता समितिलाई रु.२ करोड ५१ लाख ८४ हजार, मेन्छयायम गाउँपालिकाले ३१ उपभोक्तालाई रु.४८ लाख ३६ हजार, फेदाप गाउँपालिकाले ५५ उपभोक्ता समितिलाई रु.१ करोड ३८ लाख १६ हजार र छथर गाउँपालिकाले ७७ उपभोक्ता समितिलाई १ करोड ७७ लाख ९ हजार समेत रु.६ करोड १५ लाख ४५ हजार बढी भुक्तानी गरेको छ । जिल्ला दररेटभन्दा बढी दरमा लागत अनुमान तयार गरी भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ ।

८४. **नर्म्स तथा नापी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था छ । छथर गाउँपालिका, तेह्रथुमले विभिन्न सडक निर्माण कार्य अन्तर्गत भारी मेशिन प्रयोग गर्ने नर्म्समा डिजेल र एक्साभेटरको परिमाण मात्र समावेश गरी दररेट तयार गर्नुपर्नेमा लुब्रिकेन्ट्स समेत थप गरी माटो खन्ने कार्यलाई ५ प्रकारमा वर्गीकरण गरी लागत अनुमान तयार गरेको कारण ७७ उपभोक्ता समितिलाई नर्म्सभन्दा रु.१ करोड ७७ लाख ९ हजार, मादी नगरपालिका संखुवासभाले सडक निर्माणमा दोहोरो नापी गरी भुक्तानी गरेको रु.४० लाख, ठोरी गाउँपालिका, पर्साले ढुङ्गा खरिदमा फरक दरले भुक्तानी गर्दा बढी दिएको रु.११ लाख ३६ हजार, बंगलाचुली गाउँपालिका दाडले सडक निर्माणमा ६ उपभोक्ता समितिबाट माटो काट्ने कार्यमा रु.२४ लाख ७१ हजार र अन्य ९ स्थानीय तहले नापी परिमाणभन्दा बढी रु.५८ लाख २ हजार समेत रु.३ करोड ११ लाख १८ हजार बढी भुक्तानी गरेका छन् । बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

त्यस्तै गरी सुर्खेत जिल्लाका गुर्भाकोट नगरपालिकाले बढी दरमा लागत अनुमान तयार गरी निर्धारित नर्म्सभन्दा रु.१ करोड २४ लाख ३५ हजार, चौकुने गाउँपालिकाले रु.३८ लाख १ हजार र बराहताल गाउँपालिकाले रु.३२ लाख ६४ हजार समेत रु.१ करोड ९५ लाख बढी भुक्तानी गरेका छन् । बढी दरमा लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

८५. **बोरिङ्ग खर्च** - सर्भे तथा डिजाइन नगरी दुधौली नगरपालिका, सिन्धुलीले २ बोरिङ्ग कार्य गरी सञ्चालन गर्ने खानेपानीको लागि २ उपभोक्ता समितिसँग सम्झौता गरेको र उपभोक्ताले एक ड्रिलिङ्ग कम्पनीलाई ठेक्का दिई काम गराएको छ । सो कार्यमा उपभोक्ता समितिलाई रु.२५ लाख १६ हजार भुक्तानी दिएको सम्बन्धमा स्थलगत अवलोकन गर्दा बोरिङ्गबाट पानी नआई उक्त खर्च प्रतिफलविहीन हुन पुगेको छ । सर्भे तथा डिजाइनबाट प्रतिफल प्राप्त हुने गरी योजना स्वीकृत गर्नुपर्दछ । ठेक्काबाट काम गराएको सम्बन्धमा उपभोक्ता समितिलाई जिम्मेवार समेत बनाउनुपर्दछ ।

८६. **सर्वेक्षण खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्न छन् :

८६.१. जोरायल गाउँपालिका, डोटीले २७ किलोमिटर सडक तथा १४ खानेपानी योजनाको विस्तृत सर्भेक्षण गराई कार्यालयका प्राविधिकलाई रु.४० लाख भुक्तानी दिएको छ । योजना सञ्चालनको स्रोत र कार्यान्वयनमा आउने सुनिश्चितता बेगर खर्च गरेको रकम नियमसम्मत् देखिएन ।

८६.२. जाजरकोट जिल्लाका ६ स्थानीय तहले हालको भौगोलिक सुगमता र प्रविधि विकासको अवस्थामा १९ वर्ष पुरानो सर्भे नर्म्सको आधारमा डोर हाजिर तथा बिल भरपाई संलग्न गरी विभिन्न योजनाको सर्भेक्षण बापत कार्यालयकै कर्मचारी तथा अन्यलाई रु.१ करोड १७ लाख ४० हजार खर्च गरेका छन् । विशेषज्ञ आवश्यक भए प्रतिस्पर्धात्मक तरिकाबाट कार्य विवरण तयार गरी सेवा लिनुपर्दछ । यसरी स्पष्ट आधार, मापदण्ड र विश्वसनीय प्रक्रियाबेगर गरेको सर्वेक्षण खर्च नियमसम्मत देखिएन ।

८६.३. भोजपुर जिल्लाका ९ स्थानीय तहले १९६ योजनामा कार्यालयका प्राविधिकबाट सर्भेक्षण गराई रु.२ करोड ४४ लाख ३१ हजार खर्च लेखेका छन् । कार्यालयकै जनशक्तिबाट भएको कार्यमा यस्तो खर्च भुक्तानी गर्नु उचित देखिएन ।

८७. **मूल्य अभिवृद्धि कर विवरण** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम खरिदमा तिरेको र बिक्रीमा सङ्कलन गरेको कर समायोजन गरी तोकिएको समयमा विवरण सहित कर बुझाउनु पर्दछ । मूल्य अभिवृद्धि कर विवरण दाखिला नगरेको अवस्थामा मूल्य अभिवृद्धि कर भुक्तानी गर्न मिल्ने देखिदैन । दोलखा जिल्लाको गौरीशंकर र बिगु गाउँपालिकाले वर्षौदेखि ननफाईलर रहेका व्यवसायीलाई रु.२९ लाख ९२ हजार, धनगढी उप-महानगरपालिकाले २०७३ आषाढदेखि ननफाइलर भएको एक निर्माण व्यवसायीलाई रु.२८ लाख ६९ हजार समेत रु.५८ लाख ६१ हजार मूल्य अभिवृद्धि कर भुक्तानी भएकोमा सोको समायोजन प्रमाण पेस गर्नुपर्दछ ।

८८. **ऋण तथा सापटी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा लागतको तुलनामा प्राप्त हुने प्रतिफलमा ध्यान दिनुपर्ने उल्लेख छ । यो वर्ष सन्दकपुर गाउँपालिका, इलामले ८ विद्यालयलाई शैक्षिक गुणस्तर वृद्धि गर्ने प्रयोजनको लागि २ वर्षमा फिर्ता गर्ने गरी रु.२० लाख निर्व्याजी ऋण र गुराँस गाउँपालिका, दैलेखले एक क्याम्पस सञ्चालनको लागि रु.२० लाख सापटी उपलब्ध गराएको छ । त्यस्तै बर्दघाट नगरपालिका, नवलपरासीले एक सहकारी संस्थालाई ३ वर्षभित्र लगानी फिर्ता हुने गरी रु.२८ लाख ५० हजार ऋण उपलब्ध गराएको छ । उक्त रकम लगानीमा नदेखाई बजेट खर्चमा समावेश गरेको छ । स्थानीय तहले प्रतिफल बेगर ऋण तथा सापटी प्रवाह गर्ने आधार नरहेकोले रकम फिर्ता लिई स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

८९. **पेस्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्यौंट गर्ने व्यवस्था छ । भक्तपुरको सुर्यविनायक नगरपालिकाले चरखण्डी खोला, चफुखोला, बुढी गण्डकी खोलामा सडक पुल निर्माण गर्न उपभोक्ता समितिलाई रु.३० लाखका दरले ३ समितिलाई दिएको रु.९० लाख, उपभोक्ता समितिलाई एक तिहाईसम्म पेस्की दिन सक्ने व्यवस्था विपरीत कोल्हवी नगरपालिका, बाराले दिएको थप पेस्की रु.१२ करोड ३४ लाख ६३ हजार र कैलालीको मोहन्याल गाउँपालिकाले १४ उपभोक्ता समितिलाई थप दिएको पेस्की रु.१ करोड ७ लाख ८६ हजार पेस्की फछ्यौंट भएको छैन । लिम्चुङ्गबुङ्ग गाउँपालिका, उदयपुरले विभिन्न कार्यक्रम सञ्चालन गर्न लेखापाल र कृषि संयोजकलाई दिएको पेस्की रु.५९ लाख १९ हजारसमेत पेस्की फछ्यौंट भएको छैन । त्यस्तै शहीद नगरपालिका, धनुषाले ९ वडाअध्यक्षलाई कार्यालय व्यवस्थापन, माटोको काम र बाटो सुधार कार्य गर्न दिएको पेस्की रु.७० लाख ५७ हजार, गौशाला नगरपालिका, महोत्तरीले नगर प्रमुख र वडा अध्यक्षलाई दिएको पेस्की रु.३२ लाख ९० हजार, कालिन्चोक गाउँपालिका, दोलखाले चौंरी महोत्सव सञ्चालन गर्न वडा अध्यक्षलाई दिएको पेस्की रु.४६ लाख फछ्यौंट भएको छैन । अतः नियमानुसार पेस्की दिई समयमा फछ्यौंट गर्नुपर्दछ ।

९०. **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारीसाधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

९१. **लेखापरीक्षण रकम र बेरुजू** - स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छ:

(रु. हजारमा)

प्रदेश नं.	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्की समेत बेरुजू रकम	बेरुजूमध्ये पेस्की रकम	लेखापरीक्षण रकमको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	१३७	१०६९७२८१२	४३०३२८३	७६३८९४	४.०२	३.३१
२	१३१	९१९४२३९७	६३९४४९१	२३२६४२३	६.९५	४.४२
३	११९	१०२५८८४०५	३८२८०८८	११२२६३६	३.७३	२.६४
गण्डकी	८५	६५७६११६०	१७७४२९६	३६८५३५	२.७०	२.१४
५	१०९	९३१२१९८९	३२८८१२४	१०८३६५२	३.५३	२.३७
कर्णाली	७९	४८४१३९०२	२५७१६००	४७२०१४	५.३१	४.३४
सुदूरपश्चिम	८७	६२७१२८७२	१९८१६९२	४६६८९४	३.१६	२.४२
जम्मा	७४७	५७१५१३५३७	२४१४१५७४	६६०४०४८	४.२२	३.०७

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४७ स्थानीय तहको रु.५ खर्ब ७१ अर्ब ५१ करोड ३५ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट रु.२६ अर्ब ३६ करोड ३१ लाख ४६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ७२ करोड १५ लाख ७२ हजार फछ्यौंट गरेकोले रु.२४ अर्ब १४ करोड १५ लाख ७४ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ अर्ब ७२ करोड १५ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु.१४ अर्ब ८१ करोड ५९ लाख ५८ हजार र पेस्की रु.६ अर्ब ६० करोड ४० लाख ४८ हजार बाँकी छ ।

गत वर्ष सम्पन्न ७३८ स्थानीय तहको कूल बेरुजू रु.१४ अर्ब २४ करोड ५९ लाख ५९ हजार रहेकोमा यो वर्ष समायोजनबाट रु.१० लाख ४५ हजार थप र सम्परीक्षणबाट रु.२ अर्ब ३९ करोड ६१ लाख ५७ हजार फछ्यौंट भई रु.११ अर्ब ८५ करोड ८ लाख ४७ हजारमा यो वर्ष ७४७ स्थानीय तहको लेखापरीक्षणबाट थप रु.२४ अर्ब १४ करोड १५ लाख ७४ हजारसमेत रु.३५ अर्ब ९९ करोड २४ लाख २१ हजार अद्यावधिक बेरुजू रहेको छ ।

परिच्छेद – ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

१. **लेखापरीक्षण कानुनी व्यवस्था -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजू फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी प्रचलित कानुनबमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखाउत्तरदायी अधिकृतको हुने व्यबस्था गरेको छ । सोही ऐनको दफा १९ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्यौंट गर्ने र फछ्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ ।

१.१ यो बर्ष सरकारी कार्यालय, प्रदेश तथा स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति तथा संस्था एवं कार्यमूलक र विषेश लेखापरीक्षण समेत ६ हजार ६४४ इकाई/बिषयको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएकोमा विभिन्न २२ मन्त्रालय अन्तर्गतका बेरुजू भएका ४ हजार ३१७ निकाय मध्ये २ हजार २२५ (५१.५४ प्रतिशत) ले मात्र जवाफ दिएको देखिन्छ ।

१.२ संघीय कानूनको उल्लिखित व्यबस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७४।७५ को बेरुजू फछ्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची २.१ मा समावेश गरिएको छ ।

१.३ सरकारी कार्यालय, प्रदेश तथा स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति तथा संस्थासमेतको यो वर्षको लेखापरीक्षणबाट रु.१ खर्ब ५१ अर्ब ३१ करोड सुरु बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१० अर्व २६ करोड फछ्यौंट भई रु.१ खर्ब ४१ अर्ब ५ करोड फछ्यौंट हुन बाँकी रहेको छ । यो वर्षसम्म फछ्यौंट गर्न बाँकी कुल बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोड छ । विस्तृत विवरण अनुसूची १७ र १८ मा छ ।

२. **बेरुजू फछ्यौंट** - यो वर्ष बेरुजू फछ्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छ:

(रु.लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फछ्यौंट तथा सम्परीक्षण	चालू वर्षको लेखापरीक्षण बेरुजू	अद्यावधिक बाँकी बेरुजू
संघीय सरकारी कार्यालय	२१३६६७९	१२४७६२	४६४८०८	१०६३३८०	२८६००१३
संगठित संस्था, समिति, अन्य संस्था	६२६१२८	-११९३११	५७६९८	१०३७५८	५५२८७७
प्रदेश तह	०	०	०	१९५१	१९५१
स्थानीय तह	१४२४६०	१०	२३९६२	२४१४१६	३५९९२४
जम्मा	**२९०५२६७**	**५४६१**	**५४६४६८**	**१४१०५०४**	**३७७४७६५**

यो वर्ष फछ्यौंट तथा सम्परीक्षण भएको संघीय सरकारी कार्यालयको रु.४६ अर्ब ४८ करोड ८ लाखमध्ये खानेपानी, शहरी विकास, सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सम्परीक्षण भएको बेरुजू रु.१५ अर्ब ९२ करोड ८७ लाख रहेको छ । उक्त बेरुजू सम्परीक्षणको ५८.४३ प्रतिशत हिस्सा अर्थात् रु.९ अर्ब ३० करोड ७४ लाख मोबिलाइजेसन पेस्की रहेको छ । त्यस्तो पेस्की निर्माण कार्यको रनिङ बिल भुक्तानी गर्दा कट्टा भई स्वत: फछ्यौंट हुने र सोबाहेकका अन्य बेरुजू असुल फछ्यौंट गर्न सम्बन्धित निकायहरुले पर्याप्त ध्यान दिने गरेको पाइएन । बेरुजू फछ्यौंट र सम्परीक्षणको स्थिति अनुसूची १७ र १८ मा समावेश छ ।

मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९/६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भई गएकोमध्ये रु.१० करोड १५ लाख फछ्यौंट भएको छ ।

३. **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका प्रयास** - यो वर्ष लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन बेरुजू फछ्यौंट गरी वित्तीय अनुशासनको प्रवर्द्धन गर्न भएका प्रयासहरु देहायबमोजिम छ:

३.१ सम्माननीय प्रधानमन्त्रीको समुपस्थितिमा नेपाल सरकारका मुख्य सचिव, संघीय संसद सचिवालयका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लगायत नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरुको

सहभागितामा आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण, बेरुजू फछ्यौंट र आर्थिक अनुशासनका विविध पक्ष बारे २०७५ श्रावण १५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार छलफल तथा अन्तरक्रिया गरिएको छ ।

३.२ यस वर्ष सरकारी तथा सार्वजनिक निकायसँग सम्बन्धित वित्तीय अनुशासन, लेखापरीक्षण, बेरुजू लगायतका विविध पक्षमा संघीय संसदको सार्वजनिक लेखा समितिले आयोजना गरेको ३, र अर्थ समितिले आयोजना गरेको २ छलफलमा महालेखापरीक्षकको सहभागिता भएको थियो ।

३.३ संघीय संसदको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन छलफल हुने व्यवस्थाअनुरुप सो समितिबाट उप-समिति गठन गरी केही मन्त्रालयको वार्षिक प्रतिवेदन २०७४ र सोभन्दा अघिका प्रतिवेदनमा समावेश भएको व्यहोरामा छलफल प्रारम्भ भएको छ । उक्त छलफलमा उप-समितिको नियमित बैठकमा कार्यालयका तर्फबाट विभिन्न पदाधिकारीहरु सहभागी हुने गरेका छन् ।

३.४ महालेखापरीक्षकको कार्यालयको आयोजनामा २०७५ मंसिर र माघ महिनामा संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था तथा प्रतिवेदन प्रणाली लगायत वित्तीय अनुशासनका विविध पक्षमा सम्बन्धित महालेखापरीक्षकको उपस्थितिमा ७ वटा प्रदेश सहित १५ जिल्लामा अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिएको छ ।

३.५ यस वर्षको लेखापरीक्षण, सोबाट देखिएका व्यहोरा, सम्बन्धित निकायको प्रतिक्रिया र प्रतिवेदन तयारीको क्रममा नेपाल सरकार र सार्वजनिक संस्थाका जिम्मेवार पदाधिकारीको उपस्थितिमा कार्यक्रम आयोजना गरी लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन सम्बन्धमा छलफल गरिएको छ ।

३.६ स्थलगत रुपमा टोली खटिएको अवस्थामा सोही टोलीबाट सम्परीक्षण गरी स्थलगत रुपमै जानकारी दिने व्यवस्था गरिएको छ । सम्परीक्षण गरिएकोमा सोको अङ्क र सम्परीक्षणको लागि पेश नभएको अवस्थामा सोही व्यहोरा प्रारम्भिक प्रतिवेदनमा खुलाउनुपर्ने व्यवस्था गरिएको छ ।

३.७ सम्परीक्षणको लागि अनुरोध भएकोमा निर्देशनालयहरुले १० देखि १५ दिनभित्र किनारा लगाई मासिकरुपमा प्रतिवेदन पेस गर्ने र निर्देशनालय, महानिर्देशनालय, विभाग तथा महालेखापरीक्षकको उपस्थितिमा हुने नियमित बैठकमा समेत सम्परीक्षण एवं लेखापरीक्षण सम्बन्धमा मूल्याङ्कन एवं समीक्षा गर्ने गरिएको छ ।

३.८ लेखापरीक्षण योजना, २०७५ मा सम्परीक्षण गर्ने समय सीमा २०७५ फागुनसम्म तोकिएको भए तापनि वर्षै भरी सम्परीक्षण कार्य गरिएको छ ।

३.९ आर्थिक कार्य विधि ऐन, २०५५ को दफा २० को उपदफा (४) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (१०१) ले वेरुजू फछ्यौंट र सम्बन्धमा अनुगमन मुल्याङ्कन गरी बेरुजू फछ्यौंट सम्बन्धी काम कारवाहीमा प्रभावकारीता ल्याउन नेपाल सरकारले मूख्य सचिवको संयोजकत्वमा बेरुजू फछ्यौंट मुल्याङ्कन तथा अनुगमन समिति गठन गरिएको छ । उक्त समितिले संघीय मन्त्रालयगत बेरुजू प्रगति लिई समीक्षा गर्ने गरेको छ । समितिले लक्ष्य निर्धारण गर्ने निश्चित प्रतिशत भन्दा वढि फछ्यौंट गर्नेलाई पुरस्कृत गर्ने गरेको छ । तर बेरुजू लक्ष्य तोक्दा केवल लगती वेरुजूलाई मात्र लिने गरेको देखिन्छ । सैद्धान्तिक बेरुजू पनि उत्तिकै महत्वपुर्ण हुने भएता पनि समितिले प्रयाप्त ध्यान दिने गरेको छैन ।

परिच्छेद ५
भविष्यमा गर्नुपर्ने सुधार

राज्यको स्रोत र साधनको प्राप्ति तथा उपयोगमा जवाफदेहिता, पारदर्शिता, वित्तीय अनुशासनको पालना गरी आर्थिक कारोबारमा नियमितता, मितव्ययिता, कार्यदक्षता एवं प्रभावकारिता प्रवर्द्धनको माध्यमबाट नतिजामा आधारित कार्य सम्पादन आजको आवश्यकता हो । मुलुक संघीय संचरनामा रुपान्तरित भई संघ, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिको उपस्थिति भइसकेको अवस्थामा जनचाहनाअनुसार राजस्व संकलन, विकास निर्माण र सेवा प्रवाहमा सरकारी संयन्त्रले नतिजामा आधारित कार्यसम्पादन सम्बन्धमा निम्नानुसार सुधार गर्नुपर्ने देखिएको छ:

१. **बजेट तथा खर्चको आँकलन** - बजेट व्यवस्थापनसँग सम्बन्धित समस्या समाधानको लागि नीतिगत तथा कार्यान्वयनगत विषयमा निम्नानुसार सुधार गर्नुपर्दछ:

१.१ दीर्घकालीन योजनामा प्राथमिकतामा परेको र सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, ड्रइङ डिजाइन भइसकेका प्राथमिकता प्राप्त आयोजनालाई आवश्यक बजेट विनियोजन गर्नुपर्दछ ।

१.२ वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाको लागि सहायता प्राप्तिको सुनिश्चितता भएपछि मात्र बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१.३ संघ, प्रदेश र स्थानीय तहले आगामी त्रिवर्षीय खर्च प्रक्षेपणसहितको खर्च संरचना बजेट तर्जुमा गर्दा नै तयार गरी पेस गर्ने व्यवस्था गर्नुपर्दछ ।

१.४ विकास निर्माण र सेवा प्रवाहको आवश्यकताको आधारमा संघ, प्रदेश र स्थानीय तहले आयोजना बैङ्क तयार गरी यस्तो बैङ्कमा रहेका आयोजनामा त्रिवर्षीय खर्च प्रक्षेपणको आधारमा बजेट विनियोजन गर्ने, आयोजना वा कार्यक्रम बाहिर विनियोजन गर्ने पद्धतिमा नियन्त्रण गर्ने, शुरुमा बजेट विनियोजन नगरी रकमान्तर तथा गैरबजेटरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१.५ बजेट विनियोजन गर्दा सालबसाली रुपमा सञ्चालन हुने, स-साना आयोजनामा उपलब्धि नहुने गरी विनियोजन गर्नेभन्दा उपलब्धिमूलक र प्रतिफलमुखी क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ ।

१.६ बजेट सिद्धान्त विपरीत कोष प्रणालीबाट खर्च गर्ने, सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजननै नगर्ने वा न्यून विनियोजन गरी अर्थ विविध शीर्षकबाट अर्थ मन्त्रालयको निर्णयले रकमान्तर गरी ठूलो रकम निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१.७ बजेट तर्जुमा गर्दा गरिबी निवारण, लैङ्गिक र दिगो विकास लक्ष्यका सूचकाङ्कका आधारमा विश्लेषण गर्नुपर्दछ । दिगो विकास लक्ष्यअनुसारको संकेत राखी बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्दछ ।

१.८ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट निर्धारण भएको विस्तृत ढाँचाअनुसार संघ, प्रदेश र स्थानीय तह बीच राजस्व बाँडफाँड गर्ने एवं समानीकरण अनुदान प्रदान गर्ने व्यवस्था बजेटमा सुनिश्चित हुनुपर्दछ ।

२. **खर्च व्यवस्थापन -** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहायबमोजिम गर्नुपर्ने देखिन्छ :

२.१ अनुत्पादक खर्च नियन्त्रण गर्न तर्जुमा गरेको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ अनुसार उच्च पदस्थ पदाधिकारीहरु आफैँ मितव्ययी, मर्यादित र उदाहरणीय रुपमा प्रस्तुत हुने, समान कार्यक्रममा बेग्लाबेग्लै निकायबाट स्रोत जुटाउने कार्यमा नियन्त्रण गर्ने र खर्चको उपादेयता स्थापित नगरी बजेट उपयोगको कार्यारम्भ नगर्ने लगायतका व्यवस्था प्रभावकारी रुपमा पालना गरी बजेट खर्च गर्नुपर्दछ ।

२.२ मन्त्रालय/विभागका शाखा महाशाखाहरु अनुगमन, निर्देशन र प्रतिवेदनमा केन्द्रित हुनुपर्नेमा ती निकायबाटै कार्यक्रमनै सञ्चालन गर्ने गरी बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२.३ पटक पटक रकमान्तरको निर्णय गरी ठूलो रकम निकासा दिने, बजेट खर्च हुन नसक्ने अवस्थामा खर्चको आकार मात्र बढाउन विविध खातामा राख्ने वा संघसंस्थाको खातामा ट्रान्सफर गर्ने, वैदेशिक स्रोतको ऋण तथा अनुदान खर्चको तोकिएको समयमा शोधभर्ना नलिने सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउने र बजेट सिद्धान्त विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२.४ सञ्चित कोषबाट प्रदान गरेका अनुदानमध्ये खर्च नभएको सशर्त अनुदान रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

२.५ मन्त्रालयगत बजेट सूचना प्रणाली (एल.एम.बी.आई.एस) लाई एकल कोष तथा खातासँग आवद्ध गरी बजेटभन्दा बढी निकासा नहुने व्यवस्था मिलाउनुपर्दछ ।

२.६ कार्यतालिकाअनुसार सार्वजनिक निर्माणको काम गराउने पद्धति विकास गरी वर्षान्तमा रकमान्तर एवं अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२.७ बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कन एवं सम्बन्धित कर्मचारीको वृत्ति विकाससँग आवद्ध गरी उपलब्धिअनुसार दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।

२.८ आयोजना व्यवस्थापनमा सुधार गरी पूंजीगत खर्चमा वृद्धि गर्नुपर्दछ ।

३. **वैदेशिक सहायता -** पेरिस तथा आक्रा घोषणाअनुसार वैदेशिक सहायतालाई सम्बन्धित राष्ट्रको अपनत्वका लागि राष्ट्रिय बजेट, समान प्रतिबेदन प्रणाली तथा नतिजामा आधारित मूल्याङ्कन र राष्ट्रिय नीतिको परिपालना सम्बन्धमा अध्ययन गर्दा सुधार गर्नुपर्ने व्यहोरा निम्न छन्:

३.१ सबै वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा आवद्ध गर्नुपर्नेमा २२ प्रतिशत सहायता राष्ट्रिय बजेट बाहिर रहेकोले सम्झौता गर्दा राष्ट्रिय बजेटमा समावेश हुने गरी सहायता परिचालन गर्ने एवं नेपालको संवैधानिक व्यवस्था अनुरुप लेखापरीक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३.२ नेपाल सरकारलाई उपलब्ध गराउने घोषणा भएको रकम अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३.३ प्राविधिक सहायतालाई प्रविधि हस्तान्तरणसँग सम्बन्धित तथा पुँजी निर्माणमा प्रयोग गर्ने कार्यमा परिचालन गर्नुपर्दछ ।

३.४ सहायताको स्वीकृति वा सम्झौता गर्दा निश्चित वर्ग र धार्मिक समुदायमा केन्द्रित भएका, धार्मिक तथा सांस्कृतिक सद्भावमा असर पर्ने कार्यमा नियन्त्रण गरी स्वीकृति एवं सम्झौता गर्नुपर्दछ ।

३.५ वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने अनुदान गुमाउनु परेको अवस्था छ । यस्तो पद्धतिमा नियन्त्रण गरी शोधभर्ना प्रक्रियामा कडाई गर्नु जरुरी छ ।

३.६ वैदेशिक सहायता परिचालनको क्षमताका कारणले दाताले प्रतिवद्धता व्यक्त गरी सम्झौता गरेको रकम कार्य योजनाअनुसार खर्च हुन नसक्दा सहायताको न्यून उपयोग भएकोले कार्यसम्पादन क्षमतामा अभिवृद्धि गरी सहायताको प्रभावकारी परिचालन गर्नुपर्दछ ।

४. **आयोजना व्यवस्थापन -** लक्ष्यअनुरुपको लागत र समयमा आयोजना सम्पन्न हुन नसकी अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्नु आयोजना व्यवस्थापनको मुख्य समस्याको रुपमा रहेको देखिन्छ । आयोजना व्यवस्थापनमा सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

४.१ राष्ट्रिय गौरवका आयोजना लगायत सरकारका प्राथमिकता प्राप्त आयोजनाको छनौटसम्बन्धी नीति एवं मापदण्ड तयार नगरी आयोजना छनौट गर्ने गरेको देखिएकोले मापदण्ड तयार गरी आयोजनाको छनौट गर्नुपर्दछ ।

४.२ सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन, ड्रइङ, डिजाइन तथा लागत अनुमान जस्ता आयोजना तयारी जस्ता प्रक्रियाहरु पूरा गरी आयोजना स्वीकृति तथा बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्नेमा कतिपय योजना बजेट विनियोजन भएपछि ती प्रक्रिया शुरु गर्ने अभ्यास देखिएकोले यसलाई नियन्त्रण गर्नुपर्दछ ।

४.३ विस्तृत सर्वेक्षण गरी कार्यस्थलको अवस्थालाई ध्यान दिई यथार्थपरक ढङ्गले ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार गर्नुपर्ने र ड्रइङ डिजाइनमा त्रुटि भई आयोजना समयमा कार्यान्वयन हुननसकी आयोजनाको व्ययभार बढ्न गएमा त्रुटिपूर्ण ड्रइङ डिजाइन तयार गर्ने परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारी समेतलाई जिम्मेवार बनाउनुपर्दछ । यसका लागि ड्रइङ डिजाइन कार्यको परामर्शदातासँगको सम्झौतामा त्रुटि सच्याउने अवधि राख्ने र धरौटी समेत कट्टी गरी आयोजना निर्माण पश्चात फिर्ता गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.४ वातावरणीय प्रभाव अध्ययन नगरी कार्यस्थलको छनौट गर्ने, मुआवजा क्षतिपूर्ति र जग्गा प्राप्तिसम्बन्धी अवरोध जस्ता विषयको टुङ्गो नलगाई खरिद कार्य अगाडि बनाउने एवं आयोजना कार्यान्वयन गर्न उपलब्ध गराउनुपर्ने सेवा सुविधाको व्यवस्था नगरी आयोजना कार्यान्वयन गरिँदा सम्पन्न गर्न ढिलाइ भइरहेकोले कानुन सुधारलगायनका प्रक्रिया पूरा भएपछि मात्र कार्यान्वयन गर्नुपर्दछ । एकीकृत वस्ती विकासको अवधारणा कार्यान्वयन गर्दा जग्गा विवादको समस्या निराकरण हुने देखिन्छ ।

४.५ आयोजनाको छनौट गर्दा खुद वर्तमान मूल्य, लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत पूर्ति हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने र आयोजना सम्पन्न भएपछि ती प्रतिफल दरहरुको अवस्था मूल्याङ्कन एवं अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।

४.६ आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी पदस्थापन गर्ने र कार्य प्रगति तथा लक्ष्य प्राप्ति प्रति जिम्मेवार बनाउने, कार्यसम्पादन करार गरी निश्चित अवधिसम्म सरुवा नगर्ने व्यवस्था मिलाउनुपर्दछ । आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने र ठूला आयोजनाको त्रुटि सच्याउने अवधि कम्तीमा ३ वर्ष वा सोभन्दा बढी राखी उक्त अवधिसम्म हुने त्रुटिका लागि निर्माण व्यवसायीका साथ साथै आयोजना प्रमुख समेतलाई जिम्मेवार बनाउने गरी कानुनी व्यवस्था गर्नुपर्दछ ।

४.७ ठूला आयोजना निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन उपकरणहरु, निर्माण सामग्रीको उपलब्धता र निर्माण व्यवसायीको व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता (National Construction Capacity) विश्लेषण गरी राष्ट्रको आवश्यकतासँग निर्माण क्षमताको तादात्म्यता हुने गरी क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

४.८ विकास निर्माणका कार्यक्रममा निर्माण खर्चको तुलनामा परामर्श सेवामा अत्यधिक खर्च गर्ने परिपाटीलाई न्यूनीकरण गरी विभागीय जनशक्तिको क्षमता अभिवृद्धि गरी ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता परामर्शदाताबाट हुँदै आएका कार्य विभागीय जनशक्तिबाट गराउने र निर्माण खर्चको तुलनामा परामर्श खर्चको सीमा निर्धारण गर्नुपर्दछ ।

४.९ संघीयता कार्यान्वयनमा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाको वर्गीकरण गरी दोहोरोपना, खप्टने र टुक्रिने पद्धति अन्त्य एवं समन्वय र सामन्जस्यता कायम गर्नुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा पर्ने आयोजनाहरु हस्तान्तरण गर्ने र सम्बन्धित सरकारको कार्य क्षेत्रमा नपर्ने आयोजनाको लागि बजेट विनियोजन नगर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४.१० अन्तरसम्बन्धित निकायमा रहेका सूचनाहरु र अन्य निकायको कार्यमा सहयोग पुग्ने सूचनाहरु सम्बन्धित निकायलाई जानकारी गराउनुका साथै सडक, विद्युत, टेलिफोन, खानेपानी, काठमाडौँ उपत्यका विकास प्राधिकरण, महानगर/नगरपालिका जस्ता निकायसँग सरोकार भएका सार्वजनिक निर्माण गर्दा स्पष्ट मापदण्ड र कार्यविधि तयार गरी आपसी समन्वयका आधारमा कार्य सञ्चालन गर्नुपर्दछ ।

५. **सार्वजनिक खरिद व्यवस्थापन -** ठेक्का व्यवस्थापन, कार्यान्वयन, कार्यतालिका, म्याद थप, भेरिएसन, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर र कार्य सम्पन्न गरी आयोजना हस्तान्तरण लगायतका विषयमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

५.१ विकास निर्माणका समान क्रियाकलाप सञ्चालन गर्ने निकायका निर्माण सम्बन्धी अलग अलग दरका नर्म्स भएकोले नर्म्सको यथार्थता यकिन हुन सक्ने अवस्था रहेको छैन । यस्ता विभागीय नर्म्स् यथार्थपरक नहुँदा लागत अनुमानभन्दा उल्लेख्य घटीमा समेत निर्माण व्यवसायीले कार्य सकार गर्ने गरेको देखिएकोले वैज्ञानिक आधारमा नर्म्स पुनरावलोकन गरी एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

५.२ सार्वजनिक खरिद व्यवस्थापनमा निर्माण सक्षमताको मूल्याङ्कन गरी एउटा निर्माण व्यवसायीसँग रहेको स्रोत साधनको आधारमा एकै समयमा जिम्मा लिन दिन सक्ने निर्माण कार्यको सीमा सम्बन्धी मापदण्ड तयार गर्नुपर्ने र क्षमता बाहिरको निर्माण कार्यको सम्झौता गरी समयमा निर्माण कार्य गर्न नसक्ने अवस्थामा परिवर्तन गर्न प्रभावकारी व्यवस्था हुनुपर्दछ ।

५.३ प्रचलित कानुनमा ठेक्का सम्झौताको म्याद थप अवधि सम्बन्धमा कुनै सीमितता नरहेका कारण लामो अवधिसम्म म्याद थप गर्ने गरेको पाइन्छ । ठेक्का व्यवस्थापन तथा अभिलेख सुधार गरी कार्यालय वा निर्माण व्यवसायीमध्ये जसको कारणले ढिलाइ भएको हो यकिन गरेर मात्र म्याद थप गर्नुपर्ने र व्यवसायीको ढिलाइबाट कार्य भएकोमा पूर्व निर्धारित क्षतिपूर्ति तथा कालोसूचीको व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

५.४ हेभी मेसिन तथा उपकरण आवश्यक पर्ने, जटिल प्रकृतिका र योजनाको ठूलो अंश बजारबाट सामान खरिद गरी सम्पन्न गर्ने तथा उपभोक्ताको संलग्नता नरहने जस्ता काम उपभोक्ता समितिबाट गराउन नमिल्ने र उपभोक्ता समितिले काम लिई निर्माण व्यवसायीमार्फत गराउन नमिल्ने व्यवस्थाको पालना गराउनुपर्दछ ।

५.५ विद्युतीय प्रणालीबाट बोलपत्र पेस गर्ने व्यवस्था लागू भइसकेको अवस्थामा गैरविद्युतीय बोलपत्रसमेत पेस गर्न सक्ने व्यवस्थाबाट विद्युतीय खरिद प्रणाली पूर्णरुपमा लागू नभएकोले विद्युतीय खरिद प्रक्रियालाई अनिवार्य गर्नुपर्दछ । विद्युतीय खरिद प्रणाली सम्बन्धमा संलग्न कर्मचारी एवं अन्य सम्बन्धितको क्षमता विकास गर्नुपर्दछ ।

५.६ गुणस्तर परीक्षण एवं अनुगमन व्यवस्थामा कडाई गरी आयोजना तथा समग्र गुणस्तर व्यवस्थापन नगरी काम गराउने र भुक्तानी दिने आयोजना प्रमुखलाई जिम्मेवार बनाई कारबाही गर्नुपर्दछ ।

५.७ सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुन तथा सम्झौताअनुसार समयमा काम शुरु नगर्ने, ठेक्काको प्रगति सन्तोषजनक रुपले नगर्ने, बीचमा ठेक्का छोड्ने र तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का तोड्ने, कार्य सम्पादन जमानत जफत गर्ने, कालोसूचीमा राख्ने र अधुरो कार्य सम्पन्न गर्न आवश्यक रकम असुल गर्ने लगायतका व्यवस्थाको अनिवार्य कार्यान्वयन गर्नुपर्दछ ।

५.८ निर्माण कार्य गराउँदा निर्माण सामग्रीको व्यवस्थापन, निर्माणस्थलको सुरक्षा व्यवस्थापन सम्बन्धमा उचित सतर्कता अपनाउन, कुल निर्माण कार्यको जोखिम वहन गर्न अनिवार्य बीमा गर्ने जस्ता व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

५.९ मूल्य समायोजनसम्बन्धी सूत्रको संरचना, आधारमूल्यको सूचकाङ्क, पेस्की कट्टा गर्ने व्यवस्था, ठेक्काको काम समयमा सम्पादन नहुँदाको मूल्य समायोजन, डिजाइन एण्ड बिल्टलगायत एकमुष्ट रकम भुक्तानी हुने ठेक्काको मूल्य समायोजन सम्बन्धमा स्पष्टता नभएकोले स्पष्ट निर्देशिका तयार पारी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

५.१० स्पेसिफिकेसन तथा बोलपत्र मूल्याङ्कनका आधार तय गर्दा केही निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने ढङ्गले तयार गरेका कारण प्रतिस्पर्धा सीमित भई खर्चमा मितव्ययिता आउन नसकेको अवस्था छ । यसलाई निराकरण गर्न कानुनको पालनामा ध्यान दिनुपर्ने र त्यसरी सीमित आपूर्तक, निर्माण व्यवसायी, परामर्शदाता छनौट हुने गरी कागजात तयार गर्ने पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ ।

५.११ अधिकांश पुल डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट ठेक्का व्यवस्थापन गरेपनि यस्तो खरिद प्रक्रिया सम्बन्धमा सार्वजनिक खरिद ऐन नियमावलीमा स्पष्टता रहेको छैन । यो व्यवस्थाअर्न्तगत खरिद सम्झौता भएपछि डिजाइन तयारी तथा स्वीकृतिको काम हुने र निर्माण व्यवसायीको मुनाफालाई ध्यान दिई कम लागत तथा

आयु हुने गरी डिजाइन पेस गर्ने जोखिम रहन्छ । डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

५.१२ ठेक्का प्याकेजिङ्ग गर्ने निश्चित आधार र मापदण्ड तयार गरी पर्याप्त प्रतिस्पर्धा हुने व्यवस्था मिलाउनुपर्दछ ।

५.१३ सार्वजनिक निकायले खरिद गुरुयोजना तयार गर्ने नगरेको र वार्षिक खरिद योजना तयार गरेतापनि पालना गरेको देखिँदैन । पटक पटक सोझै खरिद गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्ने एवं खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ ।

५.१४ सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बूट), इन्जिनियरिङ्ग प्रोक्योरमेण्ट कन्ट्रयाक्ट एवं सञ्चालन तथा वित्तीय लिजका प्रस्ताव आव्हान एवं मूल्याङ्कन गर्न मार्गदर्शन, निर्देशिका, मूल्याङ्कनको आधार तय नभएकोले यथाशीघ्र तयार गर्नुपर्दछ ।

६. **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण -** संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायसमेतको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छ :

६.१ अतिक्रमणमा परेका सरकारी तथा सार्वजनिक र गुठी जग्गाहरुबाट अतिक्रमण हटाई सम्बन्धित निकायको अधीनमा ल्याउनुपर्दछ ।

६.२ सवारीसाधनको निकायगत एवं केन्द्रीय एकीकृत लगत राख्ने र केही संघीय मन्त्रालय तथा कार्यालयमा जनशक्तिको अनुपातमा सवारीसाधन बढी देखिएकोले उक्त सवारीसाधनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी नयाँ सवारीसाधन खरिद गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

६.३ सरकारी तथा सार्वजनिक घरजग्गा, भवनको केन्द्रीय अभिलेख राख्नुपर्ने र जिल्ला सदरमुकाममा सरकारी भवनहरु आवश्यकताभन्दा बढी भएका र स्थानीय तहमा आवश्यकतानुसार उपलब्ध नभएकोले आगामी दिनमा जिल्ला सदरमुकाममा नयाँ संरचना निर्माण नगरी भएका संरचनाको उचित व्यवस्थापन गर्नुपर्ने र हाल खारेज भएका जिल्लास्तरीय कार्यालयका फर्निचर तथा कम्प्युटर उपकरणहरु सम्बन्धित प्रदेश कार्यालय तथा स्थानीय तहमा हस्तान्तरण गरी उपयोग गर्नुपर्दछ ।

६.४ आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खर्च भएर नजाने सम्पत्तिको केन्द्रीय तथा विभागीय अभिलेख राखी संरक्षण र उपयोग गर्ने एवं मर्मत सम्भार र लिलाम बिक्रीको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ । लिलामी गर्नुपर्ने सामानहरुको जिल्लागत विवरण एकीकृत गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लिलाम बिक्रीसम्बन्धी कारबाही हुनुपर्दछ ।

६.५ सरकारको सेयर ऋणको अभिलेख व्यवस्थित राखी त्यसको प्रतिफल तथा साँवा ब्याज असुलीमा पर्याप्त ध्यान दिनुपर्दछ ।

६.६ सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहनलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।

६.७ विद्युत उत्पादनको अनुमति, नवीकरण एवं उत्पादन अनुगमनको व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.८ सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थललगायतमा दर्शनार्थीबाट चढाइने भेटीघाटी व्यवस्थापनमा समस्या देखिएकोले सबै रकम चन्दा बाकसमा सङ्कलन गरी आम्दानी जनाउने, प्राप्त हुने बहुमूल्य धातु तथा पत्थरको तौल र संख्या दुवैको आधारमा आम्दानी बाँध्ने र ती धार्मिक संस्थाको विकास निर्माण सञ्चालनमा खर्च गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

६.९ पुरातात्विक महत्वका सम्पदा तथा सँग्रहालयहरुमा रहेको बहुमूल्य वस्तुको अभिलेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्दछ ।

७. **सेवा प्रवाह -** सबै सार्वजनिक निकायले सेवाग्राहीका माग र उपलब्ध सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

७.१ प्रत्येक निकायले हाल प्रवाह गरिरहेको सेवाको तथ्याङ्कीय अभिलेख राखी निकायको कुल सेवा प्रवाह क्षमता सम्बन्धमा विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणका माध्यमबाट जनशक्ति व्यवस्थापन गर्ने तथा आवश्यक यन्त्रउपकरणको व्यवस्था मिलाई सेवा प्रवाह प्रभावकारी हुने व्यवस्था मिलाउनुपर्दछ ।

७.२ सूचना प्रविधिको प्रयोग मार्फत सेवाग्राहीको समय, दुरी र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसका लागि सार्वजनिक निकायले मोबाइल एप्लिकेशनहरु तथा वेबसाइटको विकास गर्नुका साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सुरक्षित सेवा प्रदान गर्नुपर्दछ ।

७.३ सूचना प्रविधिको पहुँच नभएको र बढी सेवाग्राहीको उपस्थिति हुने स्थानमा सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली पुनः लागु गर्नुपर्ने तथा टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।

७.४ सार्वजनिक निकायहरुले गरिरहेका सेवा प्रवाहलाई आधारभूत (Core) र गैरआधारभूत (Non Core) सेवामा छुट्याई आधारभूत कार्य जस्तै नागरिकता, जग्गाधनी प्रमाणपुर्जा, राहदानी जस्ता संवेदनशील सेवाहरु सरकारी निकायले प्रदान गर्ने र गैरआधारभूत कार्यहरु जस्तै युटिलिटी भुक्तानी जस्ता सेवाहरु बाह्य सेवा प्रदायकलाई जिम्मा दिई उक्त सेवा प्रवाहको अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

७.५ टेली हेल्थ तथा इ-हेल्थ जस्ता आधुनिक सेवा प्रवाहको व्यवस्था मिलाउनु पर्दछ । यसका लागि छुट्टै हेल्थ कार्ड जारी गरी स्वास्थ्य सेवा प्रवाहलाई छरितो, विश्वसनीय र मितव्ययी बनाउनुपर्ने देखिन्छ ।

७.६ स्वास्थ्य सेवामा सहज पहुँचका लागि जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको मापदण्ड निर्धारण तथा मागको आधारमा आवश्यकता पहिचान गरी समयमा खरिद, औषधिको आपूर्ति र वितरणको व्यवस्था मिलाउनुपर्दछ । निजी अस्पतालको सेवा र शुल्कको अनुगमन तथा नियमन व्यवस्था हुनुपर्दछ । यसको लागि स्वास्थ्य सेवाको नियमनकारी निकाय स्थापना गर्नुपर्दछ ।

७.७ सेवाग्राहीको बढी चाप रहने मालपोत, नापी, वैदेशिक रोजगार, यातायात व्यवस्था लगायतका कार्यालयले प्रदान गर्ने सेवामा मध्यस्थ वा बिचौलीयाहरुको भूमिका निरुत्साहित गर्न आवश्यक कर्मचारी व्यवस्था गरी हेल्पडेस्क सञ्चालन गर्ने तथा सेवा लिने प्रक्रिया र अवधिलाई सकेसम्म कम गरी अनावश्यक कागजी प्रक्रिया हटाउने व्यवस्था मिलाउनुपर्दछ । अध्यागमन सेवालाई सूचना प्रविधिमा आधारित बनाई ई-भिसा तथा अनुगमन प्रणाली शुरुवात गर्नुपर्दछ ।

७.८ क्षतिपूर्ति सहितको नागरिक बडापत्र राखी सो बमोजिम सार्वजनिक निकायले सेवा प्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

७.९ शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र लागतप्रभावी बनाउन निःशुल्क पाठ्यपुस्तक समयमा नै सर्वसुलभ वितरण, शिक्षकको तालिम तथा क्षमता अभिवृद्धि, पठनपाठनको गुणस्तर अनुगमन, निजी विद्यालयको शुल्क अनुगमन, प्राविधिक तथा रोजगारमूलक शिक्षालगायतका विषयमा जोड दिनुपर्दछ ।

७.१० बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभाव, कालोबजारीलगायतका समस्या रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्नुपर्दछ ।

७.११ विकास निर्माण र सेवा प्रवाह सम्बन्धी एउटै काम गर्न विभिन्न निकाय खडा भएको, विभाग र केन्द्रीय कार्यालय, क्षेत्रीय, डिभिजन, जिल्ला, इलाका कार्यालय रहेकोमा पुनरावलोकन गरी संघ, प्रदेश र स्थानीय तहको संगठन चुस्त, छरितो र काममा दोहोरोपन नहुने गरी मिलाउनुपर्दछ ।

७.१२ भुकम्पबाट क्षतिग्रस्त निजी, सार्वजनिक र पुरातात्विक संरचनाहरु पुनःनिर्माण भई नसकेको, प्रभावितको तथ्याङ्क यर्थाथपरक नभएको अवस्थालाई निराकरण गर्न अनुदानको अनुगमन, एकद्वार नीति अवलम्बन, प्राविधिक जनशक्तिको परिचालन र कार्यप्रगतिअनुसार अनुदान प्रवाहमा सरलीकरण गर्नुपर्ने देखिन्छ ।

७.१३ संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तयार भई कर्मचारी समायोजन भएपछि पनि आवश्यक कार्यालयमा कर्मचारी पदस्थापना नहुने, कतिपय कार्यालयमा बढी कर्मचारी पदस्थापना भई निष्क्रिय बस्ने र काजमा बस्ने जस्ता विषयलाई नियन्त्रण गर्नुपर्दछ ।

७.१४ विभिन्न तालिम केन्द्रको कार्य पुनर्संरचना गरी जनशक्तिलाई सक्षम बनाउन व्यावहारिक र कार्यसम्पादनमा आधारित लामो अवधिको तालिम दिने र अनुसन्धानमूलक क्रियाकलापसमेत सञ्चालन हुने गरी केन्द्रीय तालिम केन्द्रहरुलाई सेन्टर अफ एक्सिलेन्सको रुपमा रुपान्तरण गर्नु जरुरी छ ।

८. **राजस्व प्रशासनमा सुधार -** राजस्व सङ्कलन बढ्दै गएपनि राजस्वको प्रक्षेपण, कर लाग्ने कारोबार गर्ने सबै करदातालाई करको दायरामा ल्याउन, कर परिपालनाकोस्तर बढाउन, कर उपलब्धि र अनुगमन एवं कर परीक्षण सम्बन्धमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

८.१ राजस्व प्रक्षेपणलाई वैज्ञानिक एवं पारदर्शी बनाउने र कर सम्बन्धी कानुनलाई समय सापेक्ष बनाउनुपर्ने देखिन्छ ।

८.२ कूल गार्हस्थ्य उत्पादनको आधार पुनर्मूल्याङ्कन गरी नयाँ व्यवसायहरु प्रवेश भएको सन्दर्भमा समसामयिक सुधार गरी यथार्थ अवस्था यकिन गर्नुपर्दछ ।

८.३ राजस्व प्रशासनले लक्ष्य अनुसार राजस्व असुली गरेको उल्लेख गरेपनि कारोबारमा आधारित मूल्य एवं विश्व भन्सार संगठनको हार्मोनाइज्ड कोडको आधारमा माल वस्तुको घोषणा र महशुल असुलीमा थप प्रभावकारिता ल्याउन भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाई सूचना प्रविधिमार्फत सबै नियमनकारी निकायमा अन्तर आवद्धता गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्ने देखिएको छ ।

८.४ माल वस्तुको खरिद बिक्रीमा बिल लिने दिने, सोको लेखाङ्कन, विवरण र लाग्ने कर स्वयं निर्धारणको कार्यमा अझै सुधार आएको छैन । मूल्य अभिवृद्धि कर क्रेडिट तथा शून्य विवरण बुझाउने र विवरण नबुझाउने करदाताको संख्या बढेको छ भने डेबिट विवरण बुझाउनेको संख्या न्यून रहेको छ । कर परिपालना सम्बन्धी कमजोरी न्यून गर्न बजार सर्वेक्षण तथा अनुगमन, मौज्दात परीक्षण, बिलिङ इन्फोर्समेन्टलगायतका नियन्त्रणात्मक कार्यविधि अवलम्बन गर्नुपर्दछ । बिलिङ्ग सफ्टवयरको प्रभावकारी कार्यान्वयन गरी आन्तरिक राजस्व विभागसँग तथ्याङ्क आदान प्रदान (लिङ्क) हुने व्यवस्था मिलाउनुपर्दछ ।

८.५ आर्थिक ऐनमा द्रष्टव्य राखी छुट दिने कार्यमा कमी आएपनि यसलाई अझै न्यून गर्ने र राजस्व छुटको लेखाङ्कन गरी प्रतिवेदन गर्ने एवं अन्तर्राष्ट्रिय अभ्यास अनुसरण गर्नुपर्दछ । पटके निर्णयबाट राजस्व छुट दिएको रकम र सोको प्रमाण मूल्याङ्कन नभएकोले छुटको असर विश्लेषण गरी यसमा पुनरावलोकन गर्नुपर्दछ ।

८.६ सञ्चालक सापटी, असुरक्षित ऋण तथा अन्य प्रक्रियाबाट साझेदारहरुले व्यवसायमा रकम उपलब्ध गराउँदा वा लगानी गर्दा उक्त रकम वैधानिक तवरले आर्जन गरी कर तिरेको सुनिश्चित गर्न अनिवार्य रुपमा सञ्चालकले समेत स्थायी लेखा नम्बर लिई कारोबारको स्वयं कर निर्धारण गर्ने पद्धतिको थालनी गर्नुपर्दछ । सबै पेसा तथा व्यवसाय गर्नेको अन्तर निकाय सूचना लिई सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने तथा आय विवरण पेस गरेको प्रमाण पेस भएपछि मात्र स्थायी लेखा नम्बर नवीकरण गर्ने व्यवस्था गर्नुपर्दछ ।

८.७ सामाजिक संजाल, सोसियल मिडिया, अन लाईन व्यवसाय लगायत विद्युतीय कारोबारमा नेपालको कारोबार संरक्षण गर्न नेपालबाट उत्पत्ति भएको कारोबारमा कर लिने गरी कानुनी व्यवस्था मिलाई अन्तर्राष्ट्रियस्तरमा पहल गर्नुपर्दछ ।

८.८ स्थायी संस्थापन, मूल्य हस्तान्तरण, दीर्घकालीन करार, दोहोरो कर मुक्ति सम्झौता र कर मुक्तिको योजना लगायतका विषयमा थप स्पष्टता ल्याउने गरी निर्देशिका बनाउनुपर्ने, परिमार्जन एवं कार्यान्वयनको माध्यमबाट कर चुहावटको जोखिमलाई न्यूनीकरण गर्न प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।

८.९ करदाताहरुको व्यावसायिक लागत घटाई गुणात्मक सेवा प्रदान गर्ने र कर कानुनको पालना गराई कर सहभागिता वृद्धि गर्ने, करदाता वर्गीकरण गरी समान आयलाई समान करको अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

८.१० आयात, निर्यात, घरजग्गा, वस्तु तथा सेवा बिक्रीमा न्यून बीजकीकरण वा न्यून मूल्याङ्कन रहेकोले नियन्त्रण गर्न अन्तरनिकाय सूचना आदान प्रदान एवं नियमन र कर सूचना व्यवस्थापन प्रणाली स्थापना गरी चुहावट नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

८.११ कर अनुसन्धानमा कमजोरी रहेकोले जोखिम सूत्रका आधारमा करदाता छनौट गरी कर परीक्षण गर्ने गरेकोमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा प्रशस्त त्रुटि र कर छली भएको पाइएको छ । अनुसन्धान संयन्त्र विकास गरी कर छली नियन्त्रण गर्नुपर्दछ ।

८.१२ करपरीक्षण पश्चात विवादको सिर्जना हुने तथा संशोधित कर निर्धारण पश्चात् पुनः संशोधित कर निर्धारण गर्नुपर्ने अवस्थाले कर परीक्षणको गुणस्तरमा असर परेको छ । कर परीक्षणको गुणस्तर अभिवृद्धि गर्न कर प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास, जोखिम सूचकको आवधिक पुनरावलोकन गरी निश्चित अवधिमा सबै जोखिमयुक्त करदाता छनौट हुने पद्धतिको अवलम्बन एवं अनुगमन गरी सही कर निर्धारण (Right Taxation) को अवधारण कार्यान्वयनमा ल्याउनुपर्दछ ।

८.१३ कर निर्धारणपश्चात् लामो समय बक्यौता रहने, विवाद सिर्जना भई मुद्दा मामिला हुँदा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ । विवादलाई समयमा नै निरुपण गर्ने एवं विवाद सिर्जना हुने विषयहरुलाई कानुनी रुपमा स्पष्ट गर्ने र सबै कानुनी उपाय अवलम्बन गदै कडाइका साथ राजस्व बक्यौता असुली गर्नुपर्दछ ।

८.१४ कर लेखापरीक्षकले न्यूनतम रुपमा भिडान गर्नुपर्ने, यकिन गर्नुपर्ने र प्रमाणित गर्नुपर्ने विषय नतोकेकोले लेखापरीक्षकले प्रमाणित लेखा सम्बन्धमा अनुगमन गरी पेसागत दायित्व पालना नगर्ने कर लेखापरीक्षकलाई जिम्मेवार बनाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।

८.१५ कर परीक्षण गरी कर दायित्व कायम गर्दा करदाताले पेस गरेको विवरणको आधारमा कर निर्धारण गरेको, सो विवरण बाहेक कुनै सूचना पाएमा जुनसुकै बखत कर निर्धारण गर्न सकिने शर्त सहित कर निर्धारण आदेश कर अधिकृतले जारी गर्ने विषयमा सुधार गरी करदाताबाट आय विवरण साथ सबै कारोबार समावेश भएको स्पष्टोक्ति घोषणा गराई कर परीक्षण पश्चात् छुटेको कर दायित्वका सम्बन्धमा छानबिन गरी कर दाता, कर लेखापरीक्षक, कर परीक्षण गर्ने पदाधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

८.१६ विशेष किसिमका वस्तु तथा सेवा, मानव स्वास्थ्य र वातावरणलाई प्रतिकूल असर पार्ने क्षेत्रमा अन्तःशुल्क लगाउने तथा अनुत्पादक तथा विलासिताका वस्तुहरुको आयात र उपभोगलाई व्यवस्थित गरी कर लगाउने सम्बन्धमा अध्ययन गर्नुपर्दछ ।

८.१७ गैरकरका दर लामो समयदेखि पुनरावलोकन नगरेकोले सेवा प्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई मध्यनजर राखी करका दरहरु समसामयिक बनाउनुपर्दछ ।

८.१८ करको दायरा विस्तार एवं आर्थिक कारोबारको क्षेत्र र प्रकृतिमा भएको परिवर्तनसमेतलाई मध्यनजनर राखी कर प्रशासनको उपस्थिति एवं संरचना निर्धारण गर्नुपर्दछ ।

९. **सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानुन -** सार्वजनिक जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गरी वित्तीय सुशासन कायम गर्न सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानुनमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

९.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६,२६ र ३३ मा रहेका जरिवाना सम्बन्धी व्यवस्था समयानुकूल परिमार्जन गर्नुपर्ने, आर्थिक विवरण तयार गर्ने समयावधि कम गर्नुपर्ने, सबै भुक्तानी चेकमार्फत गरी कर्मचारीलाई पेस्की दिने कानुनी व्यवस्था पुनरावलोकन गर्नुपर्दछ ।

९.२ नियन्त्रित निकाय र नियन्त्रक निकायको परिभाषा र जिम्मेवारी तोकी संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ल्याउनुपर्दछ ।

९.३ प्रत्येक मन्त्रालयमा लेखापरीक्षण समिति गठन गर्ने, सम्परीक्षण सम्बन्धमा कानुनी रुपमा स्पष्ट गर्नुपर्ने, निर्माण कार्य शुरु भएको प्रमाणको आधारमा पेस्की प्रदान गर्ने विषयमा सुधार हुनुपर्दछ ।

९.४ निर्माण कार्यको पेस्कीको सीमा घटाउने, पेस्कीमा व्याज लिने व्यवस्था गर्ने र परामर्श सेवामा कार्यसम्पादन जमानतको व्यवस्था गर्नुपर्दछ ।

९.५ सबै कार्यालयले प्रयोग गर्ने मसलन्द लगायतका सामग्रीमा एकीकृत ठेक्का व्यवस्थापनबाट दर निर्धारण गर्ने र बोलपत्र पेस गर्ने समयावधि कम गर्ने व्यवस्था गर्ने कानुनमा सुधार गर्नुपर्दछ ।

९.६ आयोजना व्यवस्थापन गर्दा आयोजना सम्पन्न भएपछि निश्चित अवधिसम्म निर्माण व्यवसायीलाई मर्मत कार्यको जिम्मा दिँदा निर्माण कार्य गुणस्तरीय र कम्तीमा उक्त अवधिसम्म संरचना दिगो हुन जाने देखिएकोले निर्माण र मर्मत विधि अवलम्बन गर्न खरिद कानुनमा आवश्यक संशोधन गर्नुपर्दछ ।

९.७ सम्झौताबमोजिम समयमा काम सम्पन्न नभएमा कार्य सम्पन्न हुन नसक्नाको कारण र जिम्मेवार पक्ष स्पष्ट उल्लेख गरी सुरु सम्झौता अवधिको निश्चित समयभन्दा बढी म्याद थप नगर्ने, ढिलाइको जिम्मेवारी पहिचान गर्ने आधार र लागत अनुमानबमोजिमको काम सम्पन्न गर्ने समयावधि तोक्ने सूत्र/विधि सार्वजनिक खरिद नियमावलीमा राख्नुपर्दछ । साथै ठेक्का सम्झौता अन्त्य गर्न सकिने व्यवस्थालाई थप स्पष्ट र व्यावहारिक बनाउनुपर्ने देखिन्छ ।

९.८ सार्वजनिक खरिद नियमावलीमा निर्माण कार्यको त्रुटिपूर्ण ड्राइङ, डिजाइन वा लागत अनुमान तयार गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाउने भनिए पनि स्पष्ट आधार र मापदण्ड निर्धारण गर्न नसक्दा सो परिपाटी नियन्त्रण हुन नसकेकोले स्पष्ट जिम्मेवारी तोकी कडा कानुनी व्यवस्था गर्नुपर्दछ ।

९.९ न्यून कबोल गरी कार्य नगर्ने जोखिमलाई न्यून गर्न थप जमानत राख्ने व्यवस्था गरे पनि न्यून कबोल गर्ने प्रचलनमा सुधार भएको छैन । यसबाट कामको गुणस्तरमा समेत असर पर्ने स्थिति छ । लागत अनुमानभन्दा अत्यधिक न्यून कबोल गर्ने प्रचलनलाई नियन्त्रण गर्न सबै प्रभावग्राही बोलपत्रदातामध्ये लागत अनुमानभन्दा अत्यधिक, सबैभन्दा उच्च र अत्यधिक न्यून कबोल गर्नेलाई हटाई बाँकी बोलपत्रदाताका औसत कबोल अङ्कको नजिक हुने बोलपत्रदाताको बोलपत्र स्वीकृत हुने व्यवस्था गर्नुपर्दछ । यस प्रयोजनको लागि नियमावलीमा नै सूत्र राख्ने व्यवस्था हुनुपर्दछ ।

९.१० एउटै निर्माण व्यवसायीले क्षमताभन्दा धेरै काम लिई समयमा कार्य सम्पन्न नगर्ने अवस्थालाई निराकरण गर्न बोलपत्रको मूल्याङ्कनको क्रममा निर्माण व्यवसायीको कुल क्षमता मूल्याङ्कन गरी विगतमा सम्झौता गरी कार्यान्वयन चरणमा रहेका ठेक्काको परिमाणको आधारमा निश्चित अङ्क कट्टा गर्ने वा निर्माण व्यवसायीले आफ्नो पुँजी, उपकरण, जनशक्तिको आधारमा लिनसक्ने अधिकतम कामको परिमाण तोक्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

९.११ ठूला सार्वजनिक निर्माणको कार्यस्थलमा सो काम जिम्मा लिने निर्माण व्यवसायी, सोको ठेक्का अङ्क, सम्पन्न गर्नुपर्ने समयावधिको अलावा सो कामको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, कामको रेखदेख गर्ने र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने पदाधिकारीको विवरण उल्लेख गर्नुपर्ने व्यवस्था नियमावलीमा गर्नुपर्ने देखिन्छ ।

१०. **वित्तीय उत्तरदायित्व पालना :** प्रचलित कानुनी व्यवस्था अनुसार जिम्मेवार पदाधिकारीले तोकिए बमोजिमको जिम्मेवारी पूरा नगरेको कारण वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्न तथा सार्वजनिक खर्चको उचित प्रतिफल प्राप्त गर्न समस्या देखिएको छ । यस सम्बन्धमा देहाय बमोजिमका सुधार गर्नुपर्ने देखिन्छ ।

१०.१ संघ, प्रदेश र स्थानीय तहबाट सम्पादित कार्यको सम्पूर्ण जिम्मेवारी र उत्तरदायित्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृत हुने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१०.२ निकायले गरेको सार्वजनिक खर्च र सम्पादित कार्यको नतिजा मूल्याङ्कन गर्ने तथा देखिएका कमी-कमजोरी प्रति जिम्मेवार पदाधिकारी सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०.३ निर्वाचित/मनोनित पदाधिकारीबाट भएको निर्णय प्रति उत्तरदायी बनाई उक्त निर्णयबाट कुनै सरकारी हानि-नोक्सानी हुन गएमा कारबाही हुने गरी कानुनी व्यवस्थामा सुधार गर्नुपर्दछ ।

१०.४ सार्वजनिक संस्थान र निश्चित रकमभन्दा माथिका आयोजना कार्यान्वयनका सूचकहरु तयार गरी सोका आधारमा कार्यसम्पादन सम्झौता गरी संस्थान प्रमुख तथा आयोजना प्रमुखको नियुक्ति गर्नुपर्ने, साथै संस्थान वा आयोजनाको आवधिक मूल्याङ्कन गरी सम्पादित कार्य प्रति निजलाई जिम्मेवार बनाउने पद्धतिको अवलम्बन गर्नुपर्दछ । सार्वजनिक संस्थान प्रमुखहरुको अभिलेख राखी जिम्मेवारी निर्वाहमा उदासीनलाई पुनः नियुक्ति नगर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१०.५ निश्चित तह भन्दा माथि कार्यरत कर्मचारी तथा राजनैतिक पदाधिकारीको वित्तीय उत्तरदायित्व पालना स्थितिको मूल्याङ्कन गर्ने र सोका आधारमा मात्र अन्य सार्वजनिक पद धारण गर्न सक्ने व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

१०.६ तोकिएको समयमा लेखा विवरण पेस नगर्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण नगराउने, सरकारी तथा सार्वजनिक सम्पत्ति, नगदी तथा जिन्सी सामानको दुरुपयोग गर्ने लगायत सार्वजनिक हित विपरीत कार्य गर्ने कर्मचारी/पदाधिकारीलाई विभागीय कारबाही हुने अवस्थालाई सुनिश्चित गर्नुपर्दछ ।

१०.७ प्रचलित कानुनको परिपालनामा अभिवृद्धि ल्याउने, उत्तरदायी हुने संस्कृतिको विकास गरी दण्डविहीनताको अन्त्य हुनुपर्दछ । निर्वाचित तथा सार्वजनिक पदमा नियुक्त पदाधिकारी, कर्मचारी तथा सेवा प्रवाहमा संलग्न व्यक्ति, संस्था आफूले गरेको निर्णय तथा कार्यको जवाफदेहिता र जिम्मेवारी वहन गर्ने सम्बन्धमा कानुनमा व्यवस्था गर्नुपर्दछ ।

१०.८ बेरुजू फछ्यौंट सम्बन्धमा अनुगमन एवं मूल्याङ्कनका लागि समिति गठन भई साविकको बेरुजू फछ्यौंट गर्न लक्ष्य निर्धारण गरी लक्ष्यअनुसार प्रगति हासिल भए नभएको अनुगमन गर्ने गरेको छ । हाल बेरुजू फछ्यौंटको अनुगमन गर्दा बेरुजू अङ्कलाई मात्र आधार मान्ने गरेको छ । साविकको बेरुजू फछ्यौंट गर्ने तर पुनः सोही प्रकृतिको घटना वा व्यवहारमा सुधार नगर्ने अवस्था छ । जसले गर्दा एउटै प्रकृतिको बेरुजू बारम्बार दोहोरिरहेको देखिन्छ । सम्बन्धित जिम्मेवार पदाधिकारीले तोकेको समयभित्रै सुझाव कार्यान्वयन गर्ने, बेरुजू फछ्यौंट गर्ने र यस सम्बन्धमा तालुक निकायले अनुगमन गर्नुपर्दछ ।

१०.९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ ले अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमित, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र गरेका कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भने कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ । उक्त कानुनी व्यवस्था पालना नभएको कारणले नै बेरुजू हुने गरेको छ । अतः बेरुजू कायम भएपछि फछ्यौंट गर्नेतर्फ भन्दा बेरुजू आउनै नदिने व्यवस्था गरिनुपर्छ ।

१०.१० सार्वजनिक लेखा समितिले गरेका निर्णय कार्यान्वयन नगर्ने, लेखापरीक्षण नै नगराउने, कार्यसम्पादन सम्झौता गरे पनि सो अनुरुप काम कारबाही नहुने अवस्थालाई न्यून गर्न कर्मचारी एवं निर्वाचित पदाधिकारीले गरेको निर्णयमा जवाफदेहिता लिनुपर्ने र दुरुपयोग भएमा कारबाही हुने व्यवस्थासहित वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन तर्जुमा गर्नुपर्दछ ।

१०.११ वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महालेखापरीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय सतकर्ता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, केन्द्रीय तथ्याङ्क विभाग, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल राष्ट्र बैङ्क जस्ता नियमनकारी निकायबीच सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

११. **सूचना प्रविधिको उपयोग -** परिवर्तित सन्दर्भमा सूचना प्रविधिको उपयोग मार्फत् सूचना आदान प्रदान, सङ्कलन, सेवा प्रवाह, पारदर्शिता र निर्णय प्रक्रिया लगायतका विषयलाई समय र लागत प्रभावी बनाउन ध्यान दिनुपर्दछ । यस सम्बन्धमा देहाय बमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

११.१ अन्तरसम्बन्धित निकायको कार्य सम्पादनमा सहयोग पुग्ने महत्वपूर्ण सूचनाहरु आदान-प्रदान र उपयोग गर्ने पद्धतिको विकास गरी निकायको कार्य प्रक्रियासँग आवद्ध गरी कार्यसम्पादन क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।

११.२ सरकारी निकायमा प्रयोग भइरहेका सूचना प्रविधि सफ्टवेयरहरुमा एकरुपता ल्याउन उपयुक्त सरकारी सूचना प्रविधि आर्किटेक्चर तयार गरी सबै सफ्टवेयर सोही आर्किटेक्चरमा तयार गर्ने र सूचना प्रविधि विभागबाट स्वीकृत गर्ने व्यवस्था गरिनुपर्दछ ।

११.३ सरकारी निकायमा प्रयोग भइरहेको सफ्टवेयरहरुको सूचना प्रविधि लेखापरीक्षण गरी इन्पुट, प्रोसेस र आउटपुट सुरक्षित र भरपर्दो रहेको सुनिश्चित हुनुपर्दछ । सूचना प्रविधिको माध्यमबाट सूचनाहरु सार्वजनिक गरी निकायसँग सम्बन्धित कार्यमा पारदर्शिता र जवाफदेहिता सिर्जना गर्ने तथा सुशासन प्रबर्द्धनमा सहयोगी हुने गरी प्रभावकारी र बाध्यात्मक बनाउनुपर्दछ ।

११.४ नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने तथा सार्वजनिक सरोकारका विषयमा नागरिक सचेतना अभिवृद्धि गर्न उपयुक्त सूचना प्रणालीको विकास र कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

११.५ सार्वजनिक निकायको कार्य प्रकृति अनुसार सेवा प्रवाहसँग सम्बन्धित उपयुक्त सूचना प्रविधिको विकास गरी समान कार्य प्रकृति भएका निकायले एउटै सूचना प्रविधि प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

१२.१ नेपाल सरकारबाट २०६६।५।३० मा सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को कार्यान्वयन गर्ने निर्णय भएको छ । उक्त मानदण्ड लागू गर्ने कार्यमा ढिलाई भएकोले कार्य योजना बनाई लागू गनूपर्दछ । अन्तर्राष्ट्रियस्तरमा नगदमा आधारित लेखामान (इप्सास) लागू भैसकेकोले सोको आधारमा लेखा तथा लेखाङ्कन प्रणाली अद्यावधिक गर्नुपर्दछ । यो लेखा तथा लेखाङ्कन प्रणाली संघ, प्रदेश र स्थानीय तहमा समेत कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

१२.२ नेपालको संविधानले महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने सबै निकायको लेखाको ढाँचा महालेखापरीक्षकले तोक्ने व्यवस्था गरे तापनि महालेखापरीक्षकको सेवकृति नलिई विभिन्न निकायले छुट्टा-छुट्टै लेखासम्बन्धी सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याएका छन् । त्यस्ता सफ्टवेयरको प्रयोग सम्बन्धमा पूर्व स्वीकृति लिनुपर्दछ ।

१२.३ लेखाङ्कनका लागि प्रयोगमा रहेको कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई पूर्ण कार्यान्वयनमा ल्याई लेखाका गोश्वारा भौचर, खाता र वार्षिक आर्थिक विवरण स्वचालित रुपमा तयार हुने तथा न्यूनतम आधारभूत लेखासम्बन्धी कागजात अपलोड हुने व्यवस्थासमेत मिलाउनुपर्दछ । यस प्रणालीको अतिरिक्त प्रदेश तथा स्थानीय तहको कारोबार समेतलाई समेट्ने एकीकृत प्रतिवेदनको सफ्टवेयर लागू गरी वित्तीय प्रतिवेदन प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१२.४ महालेखा नियन्त्रकबाट स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को कार्यान्वयन नगरेकोले संघ, प्रदेश र स्थानीय तहले तत्काल प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२.५ नगदमा आधारित वित्तीय प्रतिवेदन प्रणालीबाट प्रोदभावी (एक्रुअल) लेखा प्रणालीमा आधारित वित्तीय प्रतिवेदन प्रणालीमा रुपान्तरण गर्ने सम्बन्धमा आवश्यक पहल गर्नुपर्दछ ।

१२.६ स्थानीय तहले समेत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राखी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

१२.७ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँड हुने राजस्वको लागि संघ, प्रदेश र स्थानीय तहमा विभाज्य कोष खडा गर्ने, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा बाँडफाँड गर्ने र विभाज्य कोषलाई दायित्वको रुपमा लेखाङ्कन गरी वर्षान्तमा शून्य मौज्दात हुने व्यवस्था मिलाउनुपर्दछ ।

१२.८ प्रदेश तथा स्थानीय तहको आम्दानी र खर्चलाई संघीय वित्तीय प्रतिवेदनमा एकीकृत हुने व्यवस्था मिलाई एकीकृत वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

१३. **आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षण -** सार्वजनिक स्रोत साधनको अधिकतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण बनाई आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन एवं आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

१३.१ संघ, प्रदेश तथा स्थानीय तहले क्षेत्रगत रुपमा आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विकास निर्माण, कार्यक्रम कार्यान्वयन, प्रशासनिक खर्च व्यवस्थापन सम्बन्धमा पुनरावलोकन गरी मापदण्ड निर्धारण गर्नुपर्दछ ।

१३.२ संघ, प्रदेश तथा स्थानीय तहका सार्वजनिक निकाय र संगठित संस्थाहरुले सम्बन्धित कानुन, आवधिक तथा वार्षिक नीति तथा कार्यक्रम बमोजिम हासिल गर्नुपर्ने संस्थागत उद्देश्य प्राप्त गर्ने क्रममा आईपर्न सक्ने जोखिमको पहिचान गर्ने, आँकलन गर्ने, तिनको विश्लेषण गरी तीव्रता र परिमाणको आधारमा प्राथमिकता निर्धारण गरी ती विषयलाई व्यवस्थापन गर्न आवश्यक रणनीति वा कार्यनीति सहितको जोखिम व्यवस्थापन प्रणालीको विकास गर्नुपर्दछ ।

१३.३ सार्वजनिक निकाय र संगठित संस्थाहरुले आर्थिक कार्यविधि ऐन, नियम तथा अन्य विषयगत तथा क्षेत्रगत कानुन र आवधिक तथा वार्षिक नीति तथा कार्यक्रममा भएका व्यवस्था बमोजिम सेवा प्रवाह, कार्यक्रम सञ्चालन, आयोजना व्यवस्थापन र आर्थिक कारोबार गर्दा पालना गर्नुपर्ने नियन्त्रण व्यवस्था र विषयगत तथा क्षेत्रगत सार्वजनिक निकायहरुलाई लागू हुने नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्दछ । यसरी स्थापित नियन्त्रण प्रणालीको कार्यान्वयनको निरन्तर तथा आवधिक अनुगमन मूल्याङ्कन गर्ने र प्राप्त पृष्ठपोषणको आधारमा जिम्मेवार व्यक्तिलाई आवश्यकताअनुसार दण्ड, पुरस्कार तथा क्षमता अभिवृद्धिको व्यवस्था गर्दै जाने प्रणाली विकास गर्नुपर्दछ ।

१३.४ सार्वजनिक निकाय र संगठित संस्थाहरुले जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न काम, कर्तव्य, जिम्मेवारी, प्रतिवेदन गर्नुपर्ने तह, समय, तरिका, स्वरुप र उपलब्ध हुने भौतिक स्रोत साधन सहित स्पष्ट कार्यक्षेत्रगत अधिकार निश्चित गरेको संस्थागत संरचना तयार गर्नुपर्दछ ।

१३.५ आन्तरिक लेखापरीक्षणको प्रभावकारिता, आन्तरिक लेखापरीक्षणको कार्यात्मक स्वतन्त्रता कायम राख्न तयार गरेको संगठनात्मक व्यवस्था, पेसागत सक्षमता, मार्गदर्शन, मानदण्ड, निर्देशिकाको उपलब्धता र क्षमता अभिवृद्धि कार्यक्रम, कार्यविधि तथा सुपरिवेक्षणका तरिकाहरु र आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनमा भरपर्दछ । आन्तरिक लेखापरीक्षणको अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा नेपालको वर्तमान आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र र सक्षम बनाउने, मापदण्ड र निर्देशिकाको प्रभावकारी कार्यान्वयन एवं कर्मचारीको क्षमता विकास, लेखापरीक्षण कार्यको अनुगमन निरीक्षण एवं सुपरभिजन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयको समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३.६ विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक संस्थामध्ये केहीको आफ्नै आन्तरिक लेखापरीक्षण इकाई मार्फत र केहीले इजाजत प्राप्त लेखा व्यवसायी नियुक्त गरी आन्तरिक लेखापरीक्षण गराउने गरेका छन् । ती निकायको आन्तरिक लेखापरीक्षण स्वतन्त्र एवं गुणस्तरीय रुपमा समयमा सम्पन्न गर्न आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

१३.७ आन्तरिक लेखापरीक्षणले नियमितता एवं आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धमा ध्यान दिने गरी आन्तरिक लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, सुपरीवेक्षण, गुणस्तर, पुनरावलोकन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३.८ सरकारी र अन्य क्षेत्रका सबै सार्वजनिक निकायहरुको आन्तरिक लेखापरीक्षणलाई सञ्चालन र व्यवस्थापकीय जिम्मेवारीवाट अलग गरी स्वतन्त्र र पेसागत बनाउन संगठनात्मक संरचनामा समेत सुधार गर्नुपर्दछ ।

१३.९ चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था कार्यान्वयन हुन नसकेको सन्दर्भमा आन्तरिक लेखापरीक्षण निर्देशिकाले तोकेको समयमा लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ ।

१३.१० आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेका कारण महालेखापरीक्षकको कार्यालयबाट नियमितताको परीक्षणमा बढी स्रोत र समय खर्चिनु परेको छ । आन्तरिक लेखापरीक्षण प्रभावकारी भएमा नियमितताको

परीक्षण महालेखा नियन्त्रक कार्यालयबाट गर्न सकिने हुँदा महालेखापरीक्षकको कार्यालय कार्यमूलक लगायत विशेष लेखापरीक्षणमा केन्द्रित रहन सक्नेछ ।

१४. **अन्तिम लेखापरीक्षण -** वित्तीय व्यवस्थापन पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धन गर्न अन्तिम लेखापरीक्षणमा देहायको सुधार गर्नुपर्ने देखिन्छ :

१४.१ सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्र संघको महासभाले पारित गरेका प्रस्तावहरुले सम्बोधन गरे बमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक र कार्यात्मक स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन उपलब्ध हुने अवस्था सिर्जना गर्नुपर्दछ । लेखापरीक्षणको प्रभावकारिता बढाउन कार्य वातावरणमा सुधार ल्याउन आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था मिलाई यस्ता पूर्वाधारलाई सूचना प्रविधिमैत्री बनाउनुपर्दछ ।

१४.२ कार्यमूलक लेखापरीक्षणमा नागरिक समाज, सरोकारवाला वा सम्बद्ध पक्षलाई संलग्न गराइएको छ । कार्यमूलक लेखापरीक्षण गरिने विषयको छनौट र सोको लागि आवश्यक पर्ने सूचना प्राप्ति गर्ने, लेखापरीक्षणमा प्रमाण प्राप्त गर्ने, लेखापरीक्षणका व्यहोरालाई आम जनताको तहमा सञ्चार गर्ने र लेखापरीक्षण कैफियतहरुको समयमै सुधार गर्न नागरिक तहबाट दवाव सिर्जना गर्ने जस्ता कार्यहरुमा सरोकारवाला पक्षहरुको महत्वपूर्ण भूमिका हुने भएकोले यस किसिमको नागरिक समाज र सरोकारवालाको संलग्नतालाई लेखापरीक्षणको सबै प्रक्रियामा अभ्यास गर्दै विस्तार गर्नुपर्दछ ।

१४.३ कार्यालयले अंगीकार गरेको लेखापरीक्षणको नीति, मानदण्ड र कार्यविधिलाई अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा अद्यावधिक गरी लेखापरीक्षण प्रक्रियामा सुधार गर्ने र लेखापरीक्षणमा उच्च नैतिकता एवं सदाचारितामा ह्रास आउन नदिई लेखापरीक्षणको गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

१४.४ हालको सबै खर्च इकाईको स्थलगत लेखापरीक्षण गर्ने प्रणालीलाई पुनरावलोकन गरी लेखापरीक्षण गर्नुपर्ने निकायहरुलाई नियन्त्रक निकाय र नियन्त्रित निकायमा वर्गीकरण गरी नियन्त्रक निकायअन्तर्गत रहेका कार्यालयहरुको लेखापरीक्षण जोखिममा आधारित भई नियन्त्रक निकायको लेखापरीक्षण गर्दा समावेश गर्ने र नियन्त्रित निकायको जिम्मेवारी नियन्त्रक निकायले लिनुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१४.५ लेखापरीक्षणको गुणस्तर नियन्त्रण व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा सुपरीवेक्षकीय भूमिकालाई सुदृढ गर्दै लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने कार्यको संगठनात्मक क्षमता र दायरालाई बढाउनुपर्दछ । बाह्य लेखापरीक्षकहरुमार्फत गराइने लेखापरीक्षणको समेत नजिकबाट सुपरिवेक्षण गरिनुपर्दछ ।

१४.६ लेखापरीक्षणमा प्राविधिक विशेषज्ञहरुको संलग्नता बढाउने, सूचना प्रविधिको प्रयोगबाट लेखापरीक्षण प्रक्रिया सरल, मितव्ययी र छरितो बनाउने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१४.७ लेखापरीक्षणको गुणस्तर लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको पेसागत ज्ञान, सीप र अनुभवमा भरपर्ने भएकोले कर्मचारी क्षमता विकास कार्यलाई उच्च महत्व दिँदै आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका लागि लेखापरीक्षण उत्कृष्टता केन्द्रको स्थापना गर्नुपर्ने देखिन्छ ।

१४.८ अन्तिम लेखापरीक्षण वित्तीय तथा नियमितताको लेखापरीक्षणमा मात्र सीमित नरही आई पर्नसक्ने आपतकालीन अवस्था र नव विकसित घटनाक्रमहरुको लेखापरीक्षणमा केन्द्रित हुनुपर्दछ । कार्यमूलक लेखापरीक्षण लगायत दिगो विकास लक्ष्य कार्यान्वयन, वातावरणीय, सूचना प्रविधि, फरेन्सिक, सामयिकजस्ता विषयको लेखापरीक्षणमा जनशक्ति परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

१४.९ विद्यमान संघीय संरचनाअनुरुप प्रदेश तहसम्म कार्यालयको भौगोलिक उपस्थितिको लागि कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्नुपर्ने देखिन्छ ।

१४.१० लेखापरीक्षणलाई पारदर्शी, खुला र समावेशी बनाउन वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित सरकारी निकाय, नियामक निकाय, पेसागत संघ संगठनहरु, नागरिक समाज, विषयगत क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरु, आम सञ्चारजगतसँग नियमित अन्तर्क्रिया गर्ने, सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

१४.११ व्यवस्थापिका र संसदीय समितिसँगको सम्बन्ध प्रभावकारी बनाउने, आम नागरिकमा लेखापरीक्षण नतिजाको पहुँच बढाउन सार्वजनिक सञ्चार माध्यमको प्रयोग एवं सरोकारवालासँग नियमित अन्तर्क्रिया र समन्वय कायम गर्नुपर्दछ ।

१५. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार एवं स्रोत साधनको उपयोगलाई प्रभावकारी बनाउन देहाय बमोजिम सुधार गर्नुपर्दछ :

१५.१ बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गरी अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागु गर्नुपर्दछ ।

१५.२ दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी सो लक्ष्य प्राप्तिका लागि मध्यकालीन प्रदेशस्तरीय लक्ष्य सूचक निर्धारण गरी संघीय सरकारसँग समन्वयात्मक ढङ्गले काम गर्नुपर्दछ ।

१५.३ प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा प्रवाहित गर्नुपर्ने, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्ने र सो अनुरुप खरिद कारबाहीलाई प्रतिस्पर्धी एवं मितव्ययी बनाई बजेट कार्यान्वयन, त्रिवर्षीय खर्च प्रक्षेपणको आधारमा बजेट विनियोजन गरी विकास आयोजना सञ्चालन गर्ने, विकास निर्माण र सेवा प्रवाहमा अनुगमन गर्न प्रभावकारी अनुगमन संयन्त्रको विकास गर्नुपर्दछ ।

१५.४ नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै प्रदेशका पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गर्नुपर्दछ ।

१५.५ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तह समेतको चौमासिक आय व्यय विवरण सङ्कलन गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्दछ ।

१५.६ प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ ।

१५.७ महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५.८ प्रदेश तहको वार्षिक प्रतिवेदन प्रदेश सभामार्फत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१६. **स्थानीय तहको वित्तीय व्यवस्थापन -** स्थानीय तहको वित्तीय व्यवस्थापन तथा स्रोत साधनको उपयोगलाई प्रभावकारी बनाउन देहाय बमोजिम सुधार गर्नुपर्दछ :

१६.१ तोकिए बमोजिम ऐन तथा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउनुको अतिरिक्त सार्वजनिक खरिद कानुनको परिपालना गर्नुपर्दछ ।

१६.२ आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित क्षेत्रमा राजस्व संकलन गर्ने सम्बन्धमा राष्ट्रिय मापदण्ड तयार गरी सबै स्थानीय तहले एकरुपता हुने गरी आन्तरिक आय संकलनलाई व्यवस्थित, प्रभावकारी र विश्वसनीय बनाउनुपर्दछ ।

१६.३ स्थानीय तहको कार्य सञ्चालनसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणाली तयार गरी त्यसको कार्यान्वयन, स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन राजनैतिक पदाधिकारी र कर्मचारी बीचको जिम्मेवारी र जवाफदेहिता स्पष्ट पारी निजहरुको कार्य/निर्णय प्रति जिम्मेवार र जवाफदेही बनाउनुपर्दछ ।

१६.४ स्थानीय तहको बजेट तर्जुमा, निर्माण र कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाई स्थानीय तहका प्राथमिकता प्राप्त क्षेत्र पहिचान गरी सोका आधारमा निश्चित रकम भन्दा माथिका योजना छनौट र

सञ्चालनमा ध्यान दिनुपर्दछ । कार्यक्रम तथा योजना सञ्चालन गर्दा दिगोपना एंव उपलब्धि हासिल हुने क्षेत्रमा मात्र लगानी गर्नुपर्दछ ।

१६.५ आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य, शिक्षा, कृषि, पशु लगायतका क्षेत्रगत विषयका सेवा प्रवाहलाई श्रम, समय र लागत प्रभावी बनाउने उपाय अवलम्बन गर्नुपर्दछ ।

१६.६ स्थानीय तहबाट निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत हुने गरेको अवस्था छ । उपभोक्ता समितिबाट भएको कार्य, त्यसको गुणस्तर तथा लागत सहभागिता सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ । साथै जनसहभागिता आवश्यक नपर्ने जटिल प्रकृतिको मेसिनरी तथा प्रविधिको प्रयोग गर्नुपर्ने कार्य र सामान खरिद केन्द्रित योजनामा उपभोक्ता समितिको प्रयोग न्यून गर्नुपर्दछ ।

१६.७ सञ्चालित योजनाको प्रभावकारी अनुगमन गरी त्यसको गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो चौमासिक र असार महिनामा अत्याधिक खर्च गर्ने एवं अनुत्पादक खर्च तथा निजी प्रकृतिका संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१६.८ स्थानीय तहमा बढ्दो चालु खर्च र पदाधिकारी सुविधा तथा अन्य भुक्तानीमा मितव्ययिता कायम गर्न पदाधिकारी एवं कर्मचारीले प्राप्त गर्ने सुविधा सम्बन्धमा राष्ट्रिय रुपमा नै मापदण्ड तयार गरी सबै स्थानीय तहले एकरुपता हुने गरी प्रयोगमा ल्याउनुपर्दछ ।

१६.९ स्थानीय तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्न अधिकांश सेवा वडा कार्यालयबाट प्रवाह गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवासम्बन्धी मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था तथा आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ । जिल्ला समन्वय समितिले स्थानीय तहले प्रदान गर्ने सेवाको गुणस्तर, सेवाशुल्क, सेवा प्रवाहको प्रक्रिया सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

१६.१० स्थानीय तहको न्यायिक समितिमा दर्ता भएका विवादहरु तोकिएको समयमा फछ्यौंट गरी विवाद समाधान कार्यलाई नतिजामुखी बनाउनुपर्दछ ।

१६.११ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेख अद्यावधिक र लगत कट्टा गर्ने पद्धतिलाई व्यवस्थित र विश्वसनीय बनाउनुपर्दछ ।

१६.१२ स्थानीय तहको आन्तरिक लेखापरीक्षण व्यवस्थालाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणको स्वतन्त्रताको लागि सबै स्थानीय तहको लेखापरीक्षण गर्न प्रदेश वा जिल्ला तहमा स्वतन्त्र आन्तरिक लेखापरीक्षण निकायको व्यवस्था हुनुपर्दछ ।

१६.१३ स्थानीय तहको बेरुजू फछ्यौंट गर्ने प्रयोजनको लागि स्वार्थ बाझिने व्यवहार हुन नदिने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

१७. **संगठित संस्थाको व्यवस्थापन** : संगठित संस्थाको समग्र वित्तीय व्यवस्थापनमा सुधार गर्न देहाय बमोजिम गर्नुपर्ने देखिन्छ :

१७.१ सार्वजनिक संगठित संस्था तथा समितिले नियमित रुपमा लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ । तोकिए बमोजिम समयमै लेखापरीक्षण नगराउने सार्वजनिक संगठित संस्था तथा समितिका जिम्मेवार व्यक्ति र शासकीय भूमिकामा रहेका व्यक्तिलाई आवश्यक कारबाही गर्न सम्वन्धित मन्त्रालयले विशेष भूमिका खेल्नुपर्दछ ।

१७.२ सार्वजनिक संगठित संस्था तथा समितिले नेपालमा लेखा व्यवसाय नियमन गर्ने अधिकार प्राप्त निकायले तोकेको वित्तीय प्रतिवेदन प्रणाली अनुरुप वित्तीय विवरण तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१७.३ सरकारले सार्वजनिक संगठित संस्था तथा समिति स्थापनाको उद्देश्य अनुरुप त्यस्ता निकायहरु सञ्चालन भएका छन छैनन्, वर्तमान अवस्थामा ती संस्थाको सान्दर्भिकता छ छैन, त्यस्ता संस्थाले प्रवाह गर्ने सेवाको उपलब्धता र गुणस्तर, ती संस्थाको व्यावसायिक सफलता जस्ता विषयहरुको नियमित अनुगमन मूल्याङ्कन गर्नुपर्दछ ।

१७.४ संगठित संस्थामा सरकारले ठूलो रकम लगानी गरेकोमा ती संस्थाबाट सरकारलाई प्राप्त हुने प्रतिफल न्यून देखिएको छ । त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्याङ्कन एवं लगानीको समीक्षा गरी व्यवस्थापनमा सुधार गर्ने वा अन्य उपयुक्त विकल्प अवलम्बन गर्नु जरुरी छ ।

१७.५ अधिकांश स्वामित्व भएका संस्थाहरुको अभिलेख अद्यावधिक गरी महालेखापरीक्षकको कार्यालयलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्न महालेखापरीक्षकको परामर्श लिनुपर्ने कानुनी व्यवस्था भएतापनि केही संस्थाले मात्र यस्तो परामर्श लिएका छन् भने अधिकांश संस्थाले परामर्श माग गर्ने गरेका छैनन् । अतः कानुनबमोजिम लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्ने र लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

१८. **अनुगमन, संपरीक्षण र निर्णय कार्यान्वयन -** आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १९ अनुसार अन्तिम लेखापरीक्षण हुँदा कायम भएको बेरुजूको जवाफ पेस गर्ने, नियमित गर्ने वा असुल गरी फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने, सोअनुसार गरे नगरेको सम्बन्धमा अनुगमन गरी फछ्यौंट गर्न लगाउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ ।

१८.१ लेखापरीक्षणबाट कायम भएको बेरुजू ३५ दिनभित्र प्रतिक्रिया साथ प्रमाण जुटाई फछ्यौंट गराउने, उक्त अवधिमा फछ्यौंट नभएमा म्याद थपको लागी माग गर्ने र थप अवधिमा फछ्यौंट गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१८.२ लेखापरीक्षणबाट औल्याएको बेरुजूको लगत राखी समयमा फछ्यौंट गराउने र एक वर्षभित्र फछ्यौंट हुन नसकेका बेरुजूलाई केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाई सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१८.३ आर्थिक कार्यविधि ऐन, नियमावलीमा अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजू एक वर्षपश्चात् सम्परीक्षण गर्ने नगर्ने सम्बन्धमा स्पष्ट नभएकोले स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०० बमोजिम लेखा उत्तरदायी अधिकृतले बेरुजू नियमित गर्न सक्ने व्यवस्था छ । बेरुजू नियमित गर्दा सो सम्बन्धमा सुधार भएनभएको समेत यकिन गर्नुपर्ने र एक पटक नियमित गरेको व्यहोरा पुनः दोहोरिएमा कारबाही गर्ने व्यवस्था थप गर्नुपर्दछ ।

१८.४ बेरुजू फछ्यौंटको लागि मुख्य सचिवको अध्यक्षतामा बेरुजू फछ्यौंट अनुगमन समितिको गठन हुने व्यवस्था भए तापनि उक्त समितिले अनुगमनको अतिरिक्त बेरुजू फछ्यौंटको लक्ष्य तय गरेको छ । एक वर्षभित्र राफसाफ गर्नुपर्ने विषयलाई प्रत्येक वर्ष लक्ष्य तोकी फछ्यौंटको अनुगमन गर्ने कार्यले बेरुजू फछ्यौंटमा अपेक्षाकृत सुधार भएको देखिदैंन । कानुनको व्यवस्थाको कार्यान्वयन गरी १ वर्षभित्र सबै बेरुजू फछ्यौंट गर्ने व्यवस्था गर्नुपर्दछ । बेरुजू फछ्यौंटको लक्ष्य तोक्दा लगती बेरुजूलाई मात्र लिने गरेको देखिन्छ । सबै बेरुजूको उत्तिकै महत्व हुने भएकोले सैद्धान्तिक बेरुजूको समेत अनुगमन गर्नुपर्दछ ।

१८.५ सार्वजनिक लेखा समितिले गरेका निर्णय तथा निर्देशनको अभिलेख तयार गर्ने र कार्यान्वयन सम्बन्धमा आवधिक रुपमा सम्बन्धित मन्त्रालय/निकायबाट प्रतिवेदन लिने व्यवस्था गरी अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

अनुसूची – १
(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१	**राष्ट्रपतिको कार्यालय**	**१**	**१**	**०**
१.१	राष्ट्रपतिको कार्यालय	१	१	०
२	**उपराष्ट्रपतिको कार्यालय**	**१**	**१**	**१००**
२.१	उपराष्ट्रपतिको कार्यालय	१	१	१००
३	**व्यवस्थापिका संसद**	**१**	**१**	**७४०९०**
३.१	व्यवस्थापिका–संसद सचिवालय	१	१	७४०९०
४	**सर्वोच्च अदालत**	**१०७**	**७२**	**५३०५६**
४.१	सर्वोच्च अदालत	१	१	१०८८७
४.२	उच्च अदालत	१९	१५	६२४७
४.३	जिल्ला अदालत	७७	४९	३५५४१
४.४	राजस्व न्यायधिकरण	४	१	०
४.५	प्रशासकीय अदालत	१	१	०
४.६	श्रम अदालत	१	१	०
४.७	विशेष अदालत	१	१	०
४.८	राष्ट्रिय न्यायिक प्रशिक्षण प्रतिष्ठान	१	१	१५०
४.९	फैसला कार्यान्वयन निर्देशनालय	१	१	२३१
४.१०	मेलमिलाप परिषद्	१	१	०
५	**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**	**११**	**५**	**३०६६२**
५.१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१	१	०
५.२	क्षेत्रीय कार्यालयहरु	१०	४	३०६६२
६	**महालेखा परीक्षकको कार्यालय**	**१**	**१**	**०**
६.१	महालेखापरीक्षकको कार्यालय	१	१	०
७	**लोक सेवा आयोग**	**१६**	**६**	**६७८६**
७.१	केन्द्रीय कार्यालय	१	१	०
७.२	क्षेत्रीय कार्यालय	५	२	०
७.३	अञ्चल कार्यालय	९	३	६७८६
७.४	उपत्यका दरखास्त सङ्कलन केन्द्र	१	०	०
८	**निर्वाचन आयोग**	**५४६**	**४९०**	**१६८३६५**
८.१	निर्वाचन आयोग	१	१	६२०६०
८.२	जिल्ला निर्वाचन कार्यालय	७७	६१	१७८७९
८.३	मुख्य निर्वाचन अधिकृतर निर्वाचन अधिकृतको कार्यालय	४६८	४२८	८८४२६
९	**महान्यायाधिवक्ताको कार्यालय**	**९७**	**३२**	**२९०९७**

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
९.१	महान्यायाधिवक्ताको कार्यालय	१	१	२१
९.२	उच्च सरकारी वकिल कार्यालय	१८	६	२४८५
ढाघ	जिल्ला सरकारी वकिल कार्यालय	७७	२५	२६५९१
९.४	विशेष सरकारी वकिल कार्यालय	१	०	०
१०	**न्यायपरिषद्**	**१**	**१**	**१५१**
१०.१	न्यायपरिषद्	१	१	१५१
११	**राष्ट्रिय मानव अधिकार आयोग**	**१०**	**३**	**१९३**
११.१	केन्द्रीय कार्यालय	१	१	०
११.२	क्षेत्रीय कार्यालय	४	२	१९३
११.३	उप–क्षेत्रीय कार्यालय	५	०	०
१२	**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**	**१**	**१**	**०**
१२.१	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	१	१	०
१३.	**राष्ट्रिय महिला आयोग**	**१**	**१**	**१३१०**
१३.१	राष्ट्रिय महिला आयोग	१	१	१३१०
१४	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१९०**	**१०८**	**३७३२६१२**
१४.१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	११५
१४.२	सार्वजनिक खरिद अनुगमन कार्यालय	१	१	०
१४.३	राष्ट्रिय सतर्कता केन्द्र	१	१	५४
१४.४	गरिबी निवारण कोष	१	१	५०५५५२
१४.५	लगानी बोर्डको कार्यालय	१	१	०
१४.६	क्षेत्रीय प्रशासन कार्यालय	५	२	२
१४.७	कर्णाली विकास आयोग	१	१	६२९
१४.८	सुदूर पश्चिमाञ्चल विकास आयोग	१	१	६०
१४.९	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	८८	७८	३०४३८३२
१४.१०	राजस्व अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयहरु	५	५	१६६६०५
१४.११	सम्पत्ती शुद्धीकरण विभाग	१	१	०
१४.१२	राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गतका कार्यालयहरु	८४	१५	१५७६३
१५	**अर्थ मन्त्रालय**	**१७३**	**१०४**	**३१५३८५२२**
१५.१	मन्त्रालय	१	१	१२०२८१
१५.२	महालेखा नियन्त्रक कार्यालय	१	१	२६३६०
१५.३	विभागहरु	२	२	५५१३३४
१५.४	ऋण असुली र पुनरावेदन न्यायाधिकरण	२	०	०
१५.५	मिलेनियम च्यालेन्ज नेपालको कार्यालय	१	१	०
१५.६	निवृत्तभरण व्यवस्थापन कार्यालय	१	१	१०५५
१५.७	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	१	१	०
१५.८	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	१	१	३०
१५.९	कोष तथा लेखा नियन्त्रक कार्यालय र भुक्तानी केन्द्रहरु	८१	३१	७३८५

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१५.१०	आन्तरिक राजस्व कार्यालय तथा कर दाता सेवा कार्यालयहरु	५१	४२	२९८५८४०४
१५.११	भन्सार कार्यालय	३१	२३	९७३६७३
१६	**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**	**१०९**	**६७**	**२३५९५८**
१६.१	मन्त्रालय	१	१	३२१९२
१६.२	विभाग	६	६	२६६८५
१६.३	गुणस्तर तथा नापतौल कार्यालय	८	३	०
१६.४	घरेलु तथा साना उद्योग कार्यालय	२७	१५	१२३४५
१६.५	पेट्रोलियम अन्वेषण परियोजना	१	१	०
१६.६	घरेलु तथा साना उद्योग विकास समिति(केन्द्र)	१	१	१७०
१६.७	घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र	१	१	०
१६.८	औद्योगिक ऊर्जा व्यवस्थापन	१	१	०
१६.९	भूकम्प मापन केन्द्र सुर्खेत	१	०	०
१६.१०	घरेलु तथा साना उद्योग विकास समिति	४८	३१	३४६१३
१६.११	कम्पनी रजिष्ट्रारको कार्यालय	१	१	७३०९
१६.१२	केन्द्रीय कारागार कारखाना	१	१	०
१६.१३	विशेष आर्थिक क्षेत्र विकास समिति	१	१	९४१५१
१६.१४	ट्याक्सी टेम्पो इकाई	१	१	०
१६.१५	ग्रामीण उद्यम तथा विप्रेषण आयोजना	१	१	५३७३
१६.१६	वाणिज्य कायांलयहरु	५	०	०
१६.१७	व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रहरु	३	१	२३१२०
१६.१८	नेपाल भारत क्षेत्रीय व्यापार आयोजना	१	१	०
१७	**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**	**१९८**	**१८०**	**५९०७१६०**
१७.१	मन्त्रालय	२	२	६६६०५१
१७.२	विभागहरु	४	४	२८९२७८
१७.३	क्षेत्रीय निर्देशनालय	७	७	४९०४१
१७.४	सिंचाई विकास डिभिजन र सवडिभिजन	७३	७३	७५४७०३
१७.५	सिंचाइ व्यवस्थापन डिभिजन	११	११	१५३११७
१७.६	यान्त्रिक व्यवस्थापन डिभिजन कार्यालयहरु	३	२	१६२०
१७.७	भूमिगत जलस्रोत विकास समिति र शाखा कार्यालयहरु	१०	१	८०
१७.८	सिचाई विभाग अर्न्तगतका योजनारआयोजना	२५	२१	२५८०८१२
१७.९	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन तथा सव–डिभिजन	२६	२६	२८६९३३
१७.१०	जनताको तटवन्ध कार्यक्रम, फिल्ड कार्यालयहरु	६	६	३१२२९७
१७.११	सम्पर्क सह भू–आर्जन कार्यालय	१	०	०
१७.१२	जलस्रोत अनुसन्धान तथा विकास केन्द्र	१	१	१२१९
१७.१३	जलविद्युत आयोजनाहरु	४	४	९०१३८
१७.१४	नदी नियन्त्रण तथा ताल व्यवस्थापन आयोजनाहरु	६	६	५९५८०२
१७.१५	भुमिगत जल सिंचाई विकास डिभिजन	११	११	१५४८०

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१७.१६	वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र	१	१	९१६८६
१७.१७	जल तथा ऊर्जा आयोगको सचिवालय	१	१	१३८७७
१७.१८	हावापानी तथा वेशिन कार्यालयहरु	६	३	५०२६
१८	**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**	**१२**	**७**	**२७९४**
१८.१	मन्त्रालय	१	१	०
१८.२	न्याय सेवा तालिम केन्द्र	१	१	१८
१८.३	नेपाल कानुन सुधार आयोग	१	१	०
१८.४	बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र अन्तर्गत	९	४	२७७६
१९	**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**	**४०२**	**३३५**	**१२६२४३३**
१९.१	मन्त्रालय	२	२	२७२८१९
१९.२	विभाग	२	२	८८३७
१९.३	व्यावसायिक कृषि तथा व्यापार आयोजना	६	६	६७५९७
१९.४	उच्चमूल्य कृषि बस्तु विकास आयोजना	१	१	३३१६३
१९.५	राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष	१	१	१२४८४
१९.६	बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र	१	१	०
१९.७	कृषि सूचना तथा सञ्चार केन्द्र	१	१	७०७६
१९.८	कृषि तथा पशुसेवा निर्देशनालय (क्षेत्रीयसमेत)	१४	१२	५८३८५
१९.९	किसानका लागि उत्नत विउ विजन कार्यक्रम	१	१	१५९४७९
१९.१	कृषि विकास योजना	१	१	३००
१९.११	सिङ्चाइ तथा जलस्रोत व्यवस्थापन आयोजना	१	१	१४४४
१९.१२	साना तथा मझ्यौला कृषक आयस्तर वृद्धि आयोजना	१	१	१०६६१
१९.१३	खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग	१	१	८८१४
१९.१४	क्षेत्रिय खाद्य प्रविधि तथा गुणनियन्त्रण कार्यालयहरु	५	४	३१७६
१९.१५	लाण्ट, खाद्य क्वारेन्टाइन तथा चेकपोष्ट कार्यालयहरु	२०	६	३७७
१९.१६	कृषि तथा क्षेत्रीय पशु तालिम, निर्देशनालय र केन्द्रहरु	१२	१०	२७२९
१९.१७	राष्ट्रिय तथा क्षेत्रिय प्रयोगशालाहरु	१८	७	१३
१९.१८	मौरी विकास शाखा	२	१	०
१९.१९	कृषि इन्जिनियरिङ निर्देशनालय	१	१	१५४
१९.२	विषादी पञ्जिकरण व्यवस्थापन शाखा	१	१	०
१९.२१	बाली, माटो, प्रसार , पोष्ट हार्भेष्ट, कृषि व्यवसाय प्रबर्द्धन निर्देशनालय र विकास केन्द्र	७	७	१२९९५
१९.२२	कृषि प्रबर्द्धन कार्यक्रमहरु	५	५	११००
१९.२३	आलु विकास कार्यक्रम	३	१	४११
१९.२४	फलफुल विकास निर्देशनालय र बागबानी विकास केन्द्रहरु	१८	१५	३३८६७
१९.२५	तरकारी विकास निर्देशनालय र विकास केन्द्रहरु	४	२	११४९
१९.२६	मत्स्य विकास निर्देशनालय र केन्द्रहरु	१२	९	११५७
१९.२७	अलैची विकास केन्द्र	१	१	०
१९.२८	जोन कार्यालयहरु	४९	४६	६५८१४

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१९.२९	रेशम खेती विकास कार्यक्रम	७	१	०
१९.३	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	१	१	६९६६१
१९.३१	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	१	१	२११०२
१९.३२	कृषि तथा खाद्य सुरक्षा र रानी जमरा आयोजना	२	२	१७२५२३
१९.३३	जिल्ला कृषि विकास कार्यालयहरु	७५	७२	११२६२०
१९.३४	चिया तथा कफी विकास केन्द्र	२	२	११२०
१९.३५	राष्ट्रिय किसान आयोग	१	१	२६३
१९.३६	व्यावसायिक किट विकास निर्देशनालय	१	१	६६१
१९.३७	बीउ विजन कार्यालयहरु	२	०	०
१९.३८	राष्ट्रिय केन्द्रीय कार्यालय	५	५	६१८३
१९.३९	पशु क्वारेन्टाइन कार्यालयरचेकपोष्ट	८	४	७९८
१९.४	क्षेत्रिय पशु रोग अन्वेषण प्रयोगशालाहरु	५	५	३५३८
१९.४१	भेटेरिनरी कार्यालयहरु	३	१	०
१९.४२	जिल्ला पशुसेवा कार्यालयहरु	७५	७१	२८५२५
१९.४३	पशु प्रजनन् कार्यालय	४	४	१६७
१९.४४	पशु विकास फार्म	७	६	३३६३
१९.४५	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	१	१	१४५६३
१९.४६	उच्च पहाड कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार आयोजना	१	१	९९७
१९.४७	पशुपन्छी कार्यक्रम निर्देशनालयहरु	१०	९	६२३४८
२०	**गृह मन्त्रालय**	**८१०**	**२३०**	**११४१०५९**
२०.१	मन्त्रालय	१	१	२७४६३
२०.२	प्रहरी प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	४४७	९३	७६३०६९
२०.३	सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	१११	२२	११६४
२०.४	जिल्ला प्रशासन कार्यालय	७७	६४	३२५५२६
२०.५	कारागार विभाग र अन्तर्गत कार्यालय	७७	३३	१९२३०
२०.६	अध्यागमन विभाग र अन्तर्गत कार्यालय	११	४	१३
२०.७	इलाका प्रशासन कार्यालय	७०	९	३३५८
२०.८	सीमा प्रशासन कार्यालय	७	०	०
२०.९	शान्ति तथा पुननिर्माण मन्त्रालय सिहदरवार(साविक)	१	१	०
२०.१	लागू औषध नियन्त्रण कार्यक्रम	१	१	१३६
२०.११	प्रहरी किताबखाना	१	०	०
२०.१२	समरजंग कम्पनी	१	०	०
२०.१३	राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र	१	१	१०००
२०.१४	एकीकृत सेवा केन्द्र	४	१	१००
२१	**परराष्ट्र मन्त्रालय**	**४५**	**४४**	**६६४६९१**
२१.१	मन्त्रालय	१	१	६१५२२
२१.२	विभाग	२	२	९५०७

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
२१.३	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	१	१	२३५
२१.४	स्थायी नियोग र नेपाली राजदूतावासहरु	३९	३९	५९३१५०
२१.५	सीमा नापी टोली र सम्पर्क कार्यालय	२	१	२७७
२२	**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**३२**	**२१**	**३२७३२८**
२२.१	मन्त्रालय	१	१	६३०५
२२.२	विभाग	२	२	२९६८५५
२२.३	पर्यटन कार्यालय	७	५	५८०६
२२.४	राष्ट्रिय अभिलेखालय	१	१	४४१
२२.५	संग्रहालयहरु	११	४	३६५०
२२.६	स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय	६	४	३१
२२.७	दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना	१	१	१३७५९
२२.८	भाषा आयोग	१	१	४६१
२२.९	केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला	१	१	०
२२.१०	नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय	१	१	२०
२३	**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**	**३३८**	**२०६**	**२३२७१९५**
२३.१	मन्त्रालय	१	१	६०७०३
२३.२	विभाग	४	३	४३८७३
२३.३	मालपोत कार्यालय	१२८	९९	२१६९१५४
२३.४	नापी कार्यालय	१३०	६०	३६८३५
२३.५	भूमिसुधार कार्यालय	२१	८	१३२८
२३.६	भू-उपयोगको आयोजना	१	१	११३४
२३.७	महाशाखा	४	४	१३३७८
२३.८	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	१	१	८४
२३.९	एस्ट्रोनोमिकल नापी कार्यालय	१	०	०
२३.१०	समन्वय बोर्ड	१	१	१३६
२३.११	विशेष नापी कार्यालय	५	०	०
२३.१२	डिजिटल नापी कार्यालय	१	०	०
२३.१३	सहकारी प्रशिक्षण केन्द्र	१	१	४३१
२३.१४	भू-मापन केन्द्र	१	०	०
२३.१५	सहकारी कार्यालय	३८	२७	१३९
२४	**भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय**	**१६५**	**१४८**	**२०६६७६४६**
२४.१	मन्त्रालय	१	१	६१
२४.२	विभाग	३	३	१४८२२६४
२४.३	क्षेत्रीय सडक निर्देशनालयहरु	५	२	९२५
२४.४	डिभिजन सडक कार्यालयहरु	३४	३४	४०७२१०६
२४.५	हेभी इक्यिपमेन्ट र यान्त्रिक कार्यालयहरु	१८	१३	४०१५
२४.६	केन्द्रीय सडक प्रयोगशाला	१	१	०

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
२४.७	यातायात व्यवस्था कार्यालयहरु	४०	३१	४१७८६
२४.८	सडक आयोजनाहरु	६३	६३	१५०६६४८९
२५	**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**	**८२**	**३१**	**५६३६९**
२५.१	मन्त्रालय	१	१	६०९७
२५.२	महिला तथा बालबालिका विभाग	१	१	८२६४
२५.३	महिला तथा बालबालिका कार्यालय	७४	२६	१५५१८
२५.४	समाज कल्याण केन्द्र	४	१	२४७१७
२५.५	केन्द्रीय बाल कल्याण समिति	१	१	१०५७
२५.६	बाल न्याय समन्वय समिति सचिवालय	१	१	७१६
२६	**युवा तथा खेलकुद मन्त्रालय**	**७७**	**४९**	**१८९६७२**
२६.१	मन्त्रालय	१	१	१५४८८९
२६.२	राष्ट्रिय युवा परिषद्	१	१	१६७४८
२६.३	जिल्ला युवा समन्वय समितिहरु	७५	४७	१८०३५
२७	**रक्षा मन्त्रालय**	**३०४**	**५८**	**११२३७६७७**
२७.१	मन्त्रालय	१	१	०
२७.२	सुरक्षा परिषद्	१	०	०
२७..३	विभाग	६	४	८८६२२७५
२७.४	महानिर्देशनालय	५	४	१७६२४६३
२७.५	निर्देशनालय	१२	९	५५३
२७.६	पृतना	८	३	०
२७.७	महाशाखा	४	१	५७९५५०
२७.८	बाहिनी	२५	६	०
२७.९	गण	११६	१२	३७४०
२७.१०	गुल्म	६१	४	०
२७.११	स्थपति कारखाना र व्याट्रीहरु	७	१	०
२७.१२	शिक्षालय तथा तालिम केन्द्रहरु	३३	५	०
२७.१३	अन्य कार्यालय	२२	७	२७३०८
२७.१४	अस्पतालहरु	३	१	१७८८
२८	**वन तथा वातावरण मन्त्रालय**	**१९६**	**१५१**	**६७०४९४**
२८.१	मन्त्रालय	२	२	३७८५९
२८.२	विभाग	६	६	४२१८६
२८.३	क्षेत्रीय निर्देशनालय	५	३	१५१२
२८.४	केन्द्रीयस्तरका आयोजना	१२	३	१५१३०९
२८.५	तालिम केन्दहरु	७	१	६८
२८.६	वनस्पति विभाग अन्तर्गतका जिल्ला कार्यालयहरु	७	३	४९५३
२८.७	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्यालयहरु	२२	२०	७९१५८
२८.८	जिल्ला वन कार्यालयहरु	७४	७४	३३९२८५

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
२८.९	भूतथा जलाधार संरक्षण कार्यालयहरु	६१	३९	१४१६४
२९	**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**	**१३६**	**११२**	**७१४२६९०**
२९.१	मन्त्रालय	२	२	१७८५००
२९.२	शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र	१	१	२०७७०
२९.३	क्षेत्रीय शिक्षा निर्देशनालयहरु	५	४	९३१८
२९.४	शिक्षा विकास तथा समन्वय इकाई	७५	७५	६८७३२६४
२९.५	परीक्षा नियन्त्रण कार्यालय	१	१	०
२९.६	पाठ्यक्रम विकास केन्द्र	१	१	८९७९
२९.७	शिक्षा सेवा आयोग	१	१	२१५२
२९.८	विद्यालय शिक्षक किताबखाना	१	१	१३६०
२९.९	केशर पुस्तकालय	१	१	३५६
२९.१०	राष्ट्रिय पुस्तकालय	१	१	०
२९.११	अनौपचारिक शिक्षा केन्द्र	१	१	१५२५
२९.१२	शिक्षाको लागि खाद्य कार्यक्रम (परियोजना)	१	१	२३१६
२९.१३	शिक्षाको लागि खाद्य कार्यक्रमहरु (क्षेत्र र जिल्ला)	१२	६	६८९३
२९.१४	शैक्षिक तालिम केन्द्रहरु	२९	१२	१३४२९
२९.१५	शैक्षिक जनशक्ति विकास केन्द्र	१	१	१८९६७
२९.१६	शैक्षिक गुणस्तर परीक्षण केन्द्र	१	१	६९२
२९.१७	व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना	१	१	४०९१
२९.१८	चिकित्सा शिक्षा आयोग	१	१	७८
३०	**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**	**४३**	**१६**	**७३६३३**
३०.१	मन्त्रालय	१	१	१७०३
३०.२	विभागहरु	२	२	६२३०
३०.३	सामाजिक सुरक्षा कोषको सचिवालय	१	१	०
३०.४	व्यावसायिक तथा सिप विकास तालिम केन्द्र	१६	४	२५३२०
३०.५	श्रम कार्यालयहरु	१०	१	२२
३०.६	रोजगार सुचना केन्द्र	४	०	०
३०.७	व्यवसायजन्य सुरक्षा तथा स्वास–य सम्वन्धी आयोजना	१	१	१५९
३०.८	वैदेशिक रोजगार न्यायधिकरण	१	१	०
३०.९	वैदेशिक रोजगार प्रवर्धन बोर्ड	१	१	२१७८९
३०.१०	राष्ट्रिय स्तरको कल्याणकारी कोषको सचिवालय	१	१	६८
३०.११	वैदेशिक रोजगार विभाग शाखा कार्यालयहरु	५	३	१८३४२
३१	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	**९५**	**६९**	**१४५८८७६**
३१.१	मन्त्रालय	१	१	१३९५१०९
३१.२	विभाग	४	४	१६२६३
३१.३	क्षेत्रीय निर्देशनालय	५	३	१४९
३१.४	गोश्वारा हुलाक कार्यालय	१	१	५९

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३१.५	जिल्ला हुलाक कार्यालय	७०	५१	४१५३८
३१.६	सञ्चार केन्द्र	५	१	२५
३१.७	नेपाल फिलाटेलिक व्यूरो	१	१	०
३१.८	केन्द्रीय धनादेश कार्यालय	१	१	३७७६
३१.९	केन्द्रीय टिकट भण्डार	१	१	२००
३१.१०	हुलाक प्रशिक्षण केन्द्र	१	०	०
३१.११	सुरक्षण मुद्रण केन्द्र	१	१	११०
३१.१२	राष्ट्रिय सूचना आयोग	१	१	०
३१.१३	न्यूनतम पारिश्रमिक निर्धारण समिति	१	१	०
३१.१४	प्रमाणिकरण नियन्त्रकको कार्यालय	१	१	०
३१.१५	राष्ट्रिय सूचना प्रविधि केन्द्र	१	१	१६४७
३२	**सहरी विकास मन्त्रालय**	**५८**	**५८**	**५६३७२३२**
३२.१	मन्त्रालय	१	१	३४१२
३२.२	विभागहरु	१	१	५०१
३२.३	शहरी विकास तथा भवन निर्माण डिभिजन	३४	३४	५१४९२४१
३२.४	भवन प्रविधी अनुसन्धान तथा तालिम केन्द्र	१	१	४४९५६
३२.५	आयोजनारकार्यक्रम	२०	२०	३८१२४३
३२.६	भवन निर्माण संभार डिभिजन	१	१	५७८७९
३३	**खानेपानी मन्त्रालय**	**८३**	**८०**	**६०४४००७**
३३.१	मन्त्रालय	१	१	१३८६०
३३.२	विभाग	१	१	१९५७९०
३३.३	खानेपानी डिभिजन र सव–डिभिजन	७०	६७	१०३०२९७
३३.४	क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालय	५	५	१९६६५२
३३.५	केन्द्रीय जनसाधन विकास इकाई	१	१	१०१०२
३३.६	आयोजना कार्यान्वयन निर्देशनालय(खानेपानी)	१	१	१५८४७३३
३३.७	मेलम्ची खानेपानी विकास समिति	१	१	२४०९०१९
३३.८	दोश्रोरतेश्रो साना शहरी खानेपानी आयोजना व्यवस्थापन कार्यालय	१	१	५५५८७५
३३.९	तेश्रो साना शहरी खानेपानी आयोजना	२	२	४७६७९
३४	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**	**१९३**	**१७३**	**४१५९९०६**
३४.१	मन्त्रालय	१	१	३१००३१
३४.२	विभागहरु	२	२	१०३७५६
३४.३	राष्ट्रिय दलित आयोग	१	१	५३८
३४.४	स्थानीय निकाय वित्तिय आयोग	१	१	१३६
३४.५	वौद्ध दर्शन प्रवर्धन तथा गुम्वा विकास समिति	१	१	१७२५३
३४.६	आदिवासी जनजाती उत्थान प्रतिष्ठान	१	१	८२२६
३४.७	उपेक्षित उत्पिडित र दलित वर्ग उत्थान विकास समिति	१	१	२०६५
३४.८	पिछडिएको समुदाय उत्थान विकास समिति	१	१	१८

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३४.९	वादी समुदाय उत्थान विकास समिति	१	१	२४५
३४.१	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	१	१	१७७६
३४.१	सस्पेन्सन ब्रिज डिभिजन	१	१	५५००७
३४.१	सामुदायिक सिचाई आयोजना	१	१	१७२६७८
३४.१	राष्ट्रिय मुस्लिम आयोग	१	१	३
३४.१	स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम	१	१	०
३४.२	फोहोर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द	१	१	१३२४५
३४.२	राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम	३	३	४२५३१७
३४.२	ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना	१	१	६
३४.२	पश्चिम नेपाल ग्रामीण खानेपानी पोखरा	१	१	०
३४.२	जिल्ला समन्वय समिति	७७	७७	१४३००७३
३४.२	जिल्ला प्राविधिक कार्यालय	७१	७१	९१५०८९
३४.२	दुर्गम क्षेत्र विकास समिति	२२	२	२६
३४.२	निजामती किताबखाना	१	१	४३३९
३४.२	ग्रामीण सडक सन्जाल सुधार आयोजना	१	१	७०००७९
३५	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**१८६**	**१११**	**१४९४४१२**
३५.१	मन्त्रालय	१	१	१६१०३०
३५.२	विभाग	३	३	१०३७००५
३५.३	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र	१	१	४६८८
३५.४	राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला	१	१	१७१०४
३५.५	राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र	२	१	५१५६९
३५.६	राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र	१	१	४५०४
३५.७	पशुपति होमियो चिकित्सालय	१	१	०
३५.८	राष्ट्रिय औषधि प्रयोगशाला	१	१	९७५
३५.९	क्षेत्रीय स्वास्थ्य निदेंशनालय	५	५	८५३०
३५.१	क्षेत्रीय मेडिकल स्टोर	५	५	२३१७
३५.१	केन्द्रीय, क्षेत्रीय तथा उप क्षेत्रीय तालिम केन्द्र	९	६	५२३२
३५.१	जिल्ला स्वास्थ्य तथा जनस्वास्थय कायांलय	७६	७६	२०११९१
३५.१	प्राथमिक स्वास्थ्य केन्द्र	२	०	०
३५.१	अञ्चल तथा जिल्ला आयूवेंद स्वास्थय केन्द्र	७५	६	२६७
३५.२	औषधी व्यवस्था शाखा कायांलय	३	३	०
३६	**राष्ट्रिय योजना आयोगको सचिवालय**	**११३**	**१३**	**१७७६**
३६.१	राष्ट्रिय योजना आयोगको सचिवालय	१	१	०
३६.२	केन्द्रीय तथ्याङ्क विभाग	१	१	१२५५
३६.३	राष्ट्रिय विकास स्वयंसेवक सेवा	१	०	०
३६.४	शाखा तथ्याङ्क कायांलय	३३	११	५२१
३६.५	राष्ट्रिय जनगणना कायांलय	७७	०	०

क.सं	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३७	**प्रदेश प्रमुखको कार्यालय**	**७**	**१**	**०**
३७.१	प्रदेश प्रमुखको कायांलय, प्रदेश नं. १ विराटनगर	१	०	०
३७.२	प्रदेश प्रमुखको कायांलय, प्रदेश नं. २ जनकपुर	१	१	०
३७.३	प्रदेश प्रमुखको कायांलय, प्रदेश नं. ३ हेटौडा	१	०	०
३७.४	प्रदेश प्रमुखको कायांलय, प्रदेश नं. ४ पोखरा	१	०	०
३७.५	प्रदेश प्रमुखको कायांलय, प्रदेश नं. ५ बुटवल	१	०	०
३७.६	प्रदेश प्रमुखको कायांलय, प्रदेश नं. ६ सुखेंत	१	०	०
३७.७	प्रदेश प्रमुखको कायांलय, प्रदेश नं. ७ कैलाली	१	०	०
	कुल जम्मा	**४८४१**	**२९८७**	**१०६३३७९५२**

अनुसूची – १(क)

(प्रतिवेदनको परिच्छेद १ दफा ५र ६ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला समन्वय समितिहरुको विवरण

क्र. सं.	संस्थाको नाम	संख्या
१.	**व्यवस्थापिका संसद सचिवालय**	**२**
	१.१ संसद विकास कोष	१
	१.२ शान्ति कोष	१
२.	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१२**
	२.१ नेपाल ट्रष्टको कार्यालय	१
	२.२ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	१
	२.३ प्रधानमन्त्री सहायता कोष	१
	२.४ प्रधानमन्त्री राहत कोष	१
	२.५ पुनः निर्माण कोष	१
	२.६ धरहरा पुनः निर्माण कोष	१
	२.७ शान्ति कोष सचिवालय र एडिवि	१
	२.८ क्षेत्रिय दैवि प्रकोप उद्धार कोष	५
३.	**अर्थ मन्त्रालय**	**६**
	३.१ कर्मचारी सञ्चय कोष	१
	३.२ नागरिक लगानी कोष	२
	३.३ नेपाल राष्ट्र बैंक	१
	३.४ निक्षेप तथा कर्जा सुरक्षण कोष	१
	३.५ नेपाल धितोपत्र बोर्ड	१
४.	**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**	**१६**
	४.१ जनकपुर चुरोट कारखाना	१
	४.२ औद्योगिक व्यावसाय विकास प्रतिष्ठान	१
	४.३ नेपाल औषधि लिमिटेड	३
	४.४ उदयपुर सिमेन्ट उद्योग लिमिटेड	१
	४.५ हेटौडा सिमेन्ट उद्योग लिमिटेड	१
	४.६ नेशनल ट्रेडिङ लिमिटेड	२
	४.७ नेपाल खाद्य सस्थान	३
	४.८ नेपाल इन्टर मोडल यातायात विकास समिति	३
	४.९ नेपाल इन्हान्स क्यापिटिज फर ट्रेड एण्ड डेभलपमेण्ट प्रोजेक्ट	१
५.	**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**	**६**
	५.१ तनहूं हाइड्रो पावर कम्पनी लिमिटेड	१
	५.२ तामाकोशी जलविद्युत कम्पनी लि.	१
	५.३ मोदी जलविद्युत कम्पनी लि.	२
	५.४ उत्तरगंगा हाइड्रो पावरकम्पनी लि.	१
	५.५ राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लि.	१

क्र. सं.	संस्थाको नाम	संख्या
६.	**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**	**४**
	६.१ कानून किताब व्यवस्था समिति	१
	६.२ केन्द्रीय कानून पुस्तकालय विकास समिति	१
	६.३ केन्द्रिय कानूनी सहायता समिति	१
	६.४ मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१
७.	**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**	**१४**
	७.१ कृषि सामग्री कम्पनी लिमिटेड	१
	७.२ कपास विकास समिति	१
	७.३ कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति	१
	७.४ चन्द्रडाँगी वीउ वीजन तथा दुग्ध विकास समिति	१
	७.५ नेपाल कृषि अनुसन्धान परिषद्	१
	७.६ उष्ण प्रदेशिय वागवानी विकास केन्द्र सर्लाही	१
	७.७ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
	७.८ राष्ट्रिय विउ विजन कम्पनी लिमिटेड	१
	७.९ नेपाल उखु बाली तथा चिनी विकास समिति	१
	७.१० नेपाल पशु चिकित्सा परिषद्	१
	७.११ दुग्ध विकास संस्थान	२
	७.१२ राष्ट्रिय दुग्ध विकास बोर्ड	१
	७.१३ पशु विकास फार्म, पोखरा (दोहोरो मार्ग)	१
८.	**गृह मन्त्रालय**	**३**
	८.१ केन्द्रीय हज कमिटी	१
	८.२ प्रहरी कल्याण कोष	१
	८.३ सशस्त्र प्रहरी वल कल्याण कोष	१
९.	**सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**३१**
	९.१ सास्कृतिक संस्थान	१
	९.२ नेपाल नागरिक उड्ययन प्राधिकरण	२
	९.३ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१
	९.४ नेपाल वायु सेवा निगम	२

	९.५ तारा गाउं विकास समिति	१
	९.६ पशुपति क्षेत्र विकास कोष	५
	९.७ राष्ट्रिय ताल संरक्षण विकास समिति	१
	९.८ रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति	१
	९.९ नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी	१
	९.१० नेपाल पर्वतिय प्रशिक्षण प्रतिष्ठान	१
	९.११ नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	१
	९.१२ पाटन संग्रहालय विकास समिति	१
	९.१३ पाथिभरा क्षेत्र विकास समिति	१
	९.१४ बौद्धनाथ क्षेत्र विकास समिति	१
	९.१५ मेची पहाडी पर्यटन विकास समिति इलाम	१
	९.१६ कर्णाली क्षेत्र पर्यटन प्रवर्धन विकास समिति	१
	९.१७ हनुमानढोका दरवार संग्रहालय विकास समिति	१
	९.१८ मनकामना क्षेत्र विकास समिति	१
	९.१९ देवघाट क्षेत्र विकास समिति	२
	९.२० हलेसी महादेव स्थान विकास समिति	१
	९.२१ वुढानिलकण्ठ क्षेत्र विकास समिति	१
	९.२२ लुम्विनी क्षेत्र विकास कोष	१
	९.२३ बृहत्तर जनकपुर क्षेत्र विकास समिति	१
	९.२४ नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान	१
१०.	**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**	**१**
	१०.१ राष्ट्रिय सहकारी विकास बोर्ड	१
११.	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**	**४**
	११.१ सडक बोर्ड नेपाल	१
	११.२ नेपाल रेलवे कम्पनी लि.	३
१२.	**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**	**४**
	१२.१ वृद्ध कल्याण कोष	१
	१२.२ राष्ट्रिय अपाङ्ग सहायता कोष	१
	१२.३ समाज कल्याण परिषद्	१
	१२.४ अन्तर्राष्ट्रिय धर्मपत्र धर्मपुत्री वि.स.	१
१३.	**युवा तथा खेलकुद मन्त्रालय**	**३**
	१३.१ राष्ट्रिय खेलकुद परिषद्	२
	१३.२ युवा तथा साना व्यावसायी स्वरोजगार कोष	१
१४.	**रक्षा मन्त्रालय**	**६**
	१४.१ नेपाली सैनिक, कल्याणकारी कोष	१
	१४.२ नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	१
	१४.३ बहु व्यवसाय उद्योग	१
	१४.४ बसुन्धरा क्यान्टिन	१
	१४.५ वीरेन्द्र अस्पताल, मेन्टिनेन्स फण्ड	१
	१४.६ स्वयम्भू बारुदखाना	१
१५.	**वन तथा वातावरण मन्त्रालय**	**९५**
	१५.१ कार्य सञ्चालन कोष	८३
	१५.२ वन पैदावार विकास समिति	१
	१५.३ राष्ट्पति चुरे तराई मधेश संरक्षण विकास समिति	१
	१५.४ राष्ट्रिय प्रकृति संरक्षण कोष	८
	१५.५ दि टिम्वर कर्पोरेशन अफ नेपाल	१
	१५.६ जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लि	१
१६.	**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**	**३६१**
	१६.१ राष्ट्रिय परीक्षा बोर्ड	१२
	१६.२ जनक शिक्षा सामग्री केन्द्र लि	२
	१६.३ नेपाल संस्कृत विश्वविद्यालय	२५
	१६.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	४२
	१६.५ विश्वविद्यालय अनुदान आयोग	१
	१६.६ विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१
	१६.७ सुदुरपश्चिम विश्वविद्यालय	१६
	१६.८ कृषि तथा बन विश्वविद्यालय	१०
	१६.९ स्वप्न बगैचा विकास समिति	१
	१६.१० त्रिभुवन विश्वविद्यालय	२१५
	१६.११ पोखरा विश्व विद्यालय	९
	१६.१२ मध्यपश्चिमाञ्चल विश्व विद्यालय	१४
	१६.१३ लुम्विनी बौद्ध विश्व विद्यालय	२
	१६.१४ राजर्षि जनक विश्व विद्यालय	१
	१६.१५ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१
	१६.१६ त्रि वि उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन कार्यालय	१
	१६.१७ खुला विश्व विद्यालय ललितपुर	१
	१६.१८ डिल्लीरमण पुस्तकालय	१
	१६.१९ नेपाल राष्ट्रिय इन्जिनियरिङ तथा प्रविधि प्रतिष्ठान पूर्वाधार निर्माण विकास समिति	१
	१६.२० नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान	१
	१६.२१ मेडिकल कलेज पूर्वाधार विकास समिति	१
	१६.२२ सीप विकास परियोजना काठमाण्डौ	१
	१६.२३ विपि कोइराला मेमोरियल प्लानेटरियम अव्जरभेटरी र विज्ञान सग्रहालय विकास समिति	१
	१६.२४ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला	१

१७.	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**	**८३**
	१७.१ नेपाल दूरसञ्चार प्राधिकरण	१
	१७.२ नेपाल टेलिभिजन	२
	१७.३ राष्ट्रिय समाचार समिति	१
	१७.४ चलचित्र विकास बोर्ड	१
	१७.५ प्रेस काउन्सिल	१
	१७.६ पत्रकार कल्याण कोष	१
	१७.७ धनादेश	१
	१७.८ रेडियो प्रसार सेवा विकास समिति	१०
	१७.९ हुलाक बचत बैङ्क	६३
	१७.१० कार्यसञ्चालन कोष	२
१८.	**सहरी विकास मन्त्रालय**	**३९**
	१८.१ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१
	१८.२ अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति (कोष)	१
	१८.३ जग्गा विकास चक्रकोष	१
	१८.४ दक्षिणकाली क्षेत्र प्रबन्ध विकास समिति	१
	१८.५ नगर विकास समिति	२६
	१८.६ सिंहदरबार सचिवालय पुन:निर्माण समिति	१
	१८.७ काठमाण्डौ उपत्यका विकास प्राधिकरण र जिल्ला आयुक्त कार्यालय	४
	१८.८ संयुक्त राष्ट्रसंघ पार्क विकास समिति	१
	१८.९ राष्ट्रिय आवास कम्पनी लिमिटेड	२
	१८.१० नगर विकास कोष	१
